# मानवअधिकार वर्ष पुस्तक १९९४

यस वर्षको उल्लेख्य - प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन



नेपाल

# मानवअधिकार वर्ष पुस्तक १९९४

(०५० पुस १७ गतेदेखि ०५१ पुस १६ गतेसम्मका घटनाहरूको संकलन)

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पोष्टबक्स २७२६, काठमाडौं, नेपाल
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स : २७८८७०

# इन्सेक कार्य समिति

**सल्लाहकार**

दमननाथ ढुङ्गाना
वीरेन्द्रकेशरी पोखरेल

**अध्यक्ष**

सुशील प्याकुरेल

**महासचिव**

डा. राजेश गौतम

**कोषाध्यक्ष**

सरिता काफ्ले

**सदस्य**

बद्रीप्रसाद खतिवडा
विद्यासागर घिमिरे
सुबोधराज प्याकुरेल
पवनकुमार ओझा

# मानवअधिकार वर्ष पुस्तक १९९४

**वर्ष पुस्तक समिति**
डा. राजेश गौतम
सुबोधराज प्याकुरेल
कुन्दन अर्याल

**सम्पादन**
नरनाथ लुइँटेल
शार्दूल भट्टराई

# मानवअधिकार वर्ष पुस्तक १९९४

**प्रकाशन मिति**
०५१ चैत २७ गते

संख्या : तीन हजार प्रति

**प्रकाशक :**
अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)

**सर्वाधिकार :**
इन्सेकमा सुरक्षित

*(यस पुस्तकमा प्रकाशित सामाग्री श्रोत उल्लेख गरी पुनर्मुद्रण गर्न सकिनेछ)*

**कम्प्युटर डिजाइन :**
किरण माली

**टाइप सेटिङ :**
जगदीश दाहाल

**मूल्य : रु. १५०/ -**

**मुद्रक :**
इन्द्रेणी अफसेट प्रेस
बागबजार, फोन २२५९५४

# विषय-सूचि


| | | | पृष्ठ संख्या |
|---|---|---|---|
| भूमिका | | | |
| परिच्छेद | | | |
| परिच्छेद - १ | : | मानवअधिकार आन्दोलन २०१७-२०४८ | १ |
| परिच्छेद - २ | : | न्यायपालिका र मानवअधिकार १९९४ | २१ |
| परिच्छेद - ३ | : | श्री ५ को सरकार र मानवअधिकार १९९४ | २५ |
| परिच्छेद - ४ | : | संसद् र मानवअधिकार १९९४ | ३३ |
| परिच्छेद - ५ | : | आमसंचार र मानवअधिकार १९९४ | ४१ |
| परिच्छेद - ६ | : | वर्ष पुस्तकभित्र यस्ता घटनाहरू पनि छन् | ६१ |
| परिच्छेद - ७ | : | सन् १९९४ र मानवअधिकार उल्लंघनका तथ्यहरू | |
| | | १. पूर्वाञ्चल | ८१ |
| | | २. मध्यमाञ्चल | १६३ |
| | | ३. पश्चिमाञ्चल | २६१ |
| | | ४. मध्य-पश्चिमाञ्चल | ३२७ |
| | | ५. सुदूर-पश्चिमाञ्चल | ३९१ |
| परिच्छेद - ८ | : | सन् १९९४ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन | ४२५ |
| परिच्छेद - ९ | : | निष्कर्ष र सुझाव | ४२९ |

## अनुसूचि


| | | | |
|---|---|---|---|
| अनुसूचि - १ | : | यस वर्षको उल्लेख्य - प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन | ४३५ |
| अनुसूचि - २ | : | यस वर्षको प्रमुख घटना - नेपालमा भारतीय अतिक्रमण | ४४५ |
| अनुसूचि - ३ | : | सन् १९९४ मा मानवअधिकारको स्थिति बारे राजनैतिक पार्टीका धारणा | ४६१ |
| अनुसूचि - ४ | : | क्रिया-प्रतिक्रिया | ४७१ |
| अनुसूचि - ५ | : | कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरू | ४७७ |
| अनुसूचि - ६ | : | चिठ्ठीपत्र र कागजातहरू | ४८१ |
| अनुसूचि - ७ | : | वर्ष पुस्तक तयारीका क्रममा संलग्न व्यक्तिहरू | ४८७ |
| अनुसूचि - ८ | : | मानवअधिकार उल्लंघन पात्रो - १९९४ | ४९१ |

# जिल्लागत विषय-सूचि

**१. पूर्वाञ्चल**


| | | |
|---|---|---|
| १.१ | झापा | ८१ |
| १.२ | इलाम | ८९ |
| १.३ | पाँचथर | ९३ |
| १.४ | ताप्लेजुङ्ग | ९८ |
| १.५ | मोरङ्ग | १०१ |
| १.६ | सुनसरी | १०९ |
| १.७ | धनकुटा | ११३ |
| १.८ | तेह्रथुम | ११७ |
| १.९ | भोजपुर | १२० |
| १.१० | संखुवासभा | १२४ |
| १.११ | सप्तरी | १२८ |
| १.१२ | सिराहा | १३६ |
| १.१३ | उदयपुर | १४० |
| १.१४ | खोटाङ्ग | १४५ |
| १.१५ | ओखलढुंगा | १४९ |
| १.१६ | सोलुखुम्बु | १५७ |


**२. मध्यमाञ्चल**


| | | |
|---|---|---|
| २.१ | धनुषा | १६३ |
| २.२ | महोत्तरी | १७० |
| २.३ | सर्लाही | १७४ |
| २.४ | सिन्धुली | १७८ |
| २.५ | रामेछाप | १८२ |
| २.६ | दोलखा | १८५ |
| २.७ | रौतहट | १८९ |
| २.८ | बारा | १९३ |
| २.९ | पर्सा | १९८ |
| २.१० | चितवन | २०२ |
| २.११ | मकवानपुर | २०६ |
| २.१२ | ललितपुर | २१० |
| २.१३ | काभ्रे | २१४ |
| २.१४ | भक्तपुर | २१८ |
| २.१५ | काठमाडौं | २२३ |
| २.१६ | धादिङ्ग | २४२ |
| २.१७ | सिन्धुपाल्चोक | २४५ |
| २.१८ | नुवाकोट | २४९ |
| २.१९ | रसुवा | २५६ |


**३. पश्चिमाञ्चल**


| | | |
|---|---|---|
| ३.१ | तनहुँ | २६१ |
| ३.२ | गोरखा | २६४ |
| ३.३ | लमजुङ्ग | २६७ |
| ३.४ | स्यांग्जा | २७० |
| ३.५ | कास्की | २७४ |
| ३.६ | मनाङ्ग | २७८ |
| ३.७ | नवलपरासी | २८० |
| ३.८ | रूपन्देही | २८४ |
| ३.९ | पाल्पा | २८८ |
| ३.१० | कपिलवस्तु | २९५ |
| ३.११ | अर्घाखाँची | २९९ |
| ३.१२ | गुल्मी | ३०४ |
| ३.१३ | वाग्लुङ्ग | ३०९ |
| ३.१४ | पर्वत | ३१२ |
| ३.१५ | म्याग्दी | ३१८ |
| ३.१६ | मुस्ताङ | ३२१ |


**४. मध्यपश्चिमाञ्चल**


| | | |
|---|---|---|
| ४.१ | दाङ्ग | ३२७ |
| ४.२ | प्युतान | ३३५ |
| ४.३ | रोल्पा | ३३९ |
| ४.४ | सल्यान | ३४५ |
| ४.५ | रूकुम | ३४९ |
| ४.६ | बाँके | ३५२ |
| ४.७ | बर्दिया | ३५६ |
| ४.८ | सुर्खेत | ३६० |
| ४.९ | जाजरकोट | ३६३ |
| ४.१० | दैलेख | ३६७ |
| ४.११ | डोल्पा | ३७१ |
| ४.१२ | जुम्ला | ३७४ |
| ४.१३ | कालिकोट | ३७९ |
| ४.१४ | मुगु | ३८२ |
| ४.१५ | हुम्ला | ३८७ |


**५. सुदूरपश्चिमाञ्चल**


| | | |
|---|---|---|
| ५.१ | कैलाली | ३९१ |
| ५.२ | अछाम | ३९५ |
| ५.३ | डोटी | ३९८ |
| ५.४ | बाजुरा | ४०१ |
| ५.५ | बझाङ्ग | ४०४ |
| ५.६ | कञ्चनपुर | ४०७ |
| ५.७ | डडेलधुरा | ४१३ |
| ५.८ | बैतडी | ४१६ |
| ५.९ | दार्चुला | ४२० |

## अरुको मानवअधिकार उल्लंघनमा चासो देखाए मात्र आफ्नो अधिकारको रक्षा गर्न सकिन्छ।

हामी मानवअधिकार वर्ष पुस्तकलाई मानवअधिकार उल्लंघनका सूचनाहरूको प्रामाणिक दस्तावेज बनाउन क्रियाशील छौं। तपाईंहरूलाई वर्ष पुस्तकमा अझ पनि कुनै सूचना छुटेको जस्तो लागेमा हामीलाई सूचित गरी सहयोग गरी दिनु हुन अनुरोध गर्दछौं। हामीले सबै पक्षबाट मानवअधिकार उल्लंघन सम्बन्धी जानकारीको अपेक्षा गरेका छौं। घटनाहरूको संकलनका लागि पचहत्तरै जिल्लामा हाम्रा स्वयंसेवकहरू क्रियाशील हुनुहुन्छ। मानवअधिकार उल्लंघन सम्बन्धी जानकारी लिखित वा मौखिक रूपमा हामीलाई उपलब्ध गराई सहयोग गरी दिनु भए हाम्रो अभियान अझ सशक्त बन्न सक्नेछ। याद गर्नु पर्ने कुरो हो अरूको मानवअधिकार उल्लंघनमा चासो देखाउन सकियो भने मात्र आफ्नो मानवअधिकारको पनि रक्षा गर्न सकिन्छ।

**हाम्रा ठेगानाहरू :**

**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
केन्द्रीय कार्यालय
कलंकी, स्युचाटार
पोष्ट वक्स नं. २७२६ काठमाडौं
फोन नं. २७०७७०, २७८७७०
फ्याक्स २७८८७०

पूर्वाञ्चल क्षेत्रीय कार्यालय
तीनटोलीया, विराटनगर
फोन नं. २७७२३

मध्यपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
पासाङल्हामु मार्ग, नेपालगञ्ज
फोन नं. २१९६५

पश्चिमाञ्चल क्षेत्रीय कार्यालय
पृथ्वीचोक, पोखरा
फोन नं. २१३८४

सुदूरपश्चिमाञ्चल क्षेत्रीय कार्यालय
हसनपुर, पिपलचौतारी, धनगढी
फोन नं. २१०५८

# भूमिका

मानवअधिकार वर्ष पुस्तक १९९४ लाई तपाईंहरू समक्ष प्रस्तुत गर्न पाउँदा हामीलाई सन्तोष लागेको छ। मानवअधिकार वर्ष पुस्तकको यो तेश्रो अंक हो। यस अंकका माध्यमले पनि हामीले आफ्नो उद्देश्य प्रष्ट पार्ने प्रयत्न गरेका छौं।

हाम्रो उद्देश्य मानवअधिकारहरूको हनन सम्बन्धी सूचनाहरूको संकलन गर्नु मात्र होइन। समाजमा मानवअधिकारको हनन कुन कुन क्षेत्रबाट कसरी भइराखेको छ भन्ने अध्ययन गर्नु पनि हाम्रो उद्देश्य रहेको छ। मानवअधिकार उल्लंघनलाई कसरी कम गर्न वा रोक्न सकिन्छ भन्ने देखाउने कुरालाई पनि हामीले आफ्नो उद्देश्यभित्रै राखेका छौं। हाम्रो जस्तो बहुदलीय, बहुजातीय र वर्गीय समाजमा व्यक्तिगत र सामाजिक अन्तरविरोधहरू विभिन्न रूपमा प्रकट हुने गर्दछन्। मानवअधिकारको हननमा कुनै एक पक्षलाई मात्र दोषी ठहऱ्याउन सकिँदैन। एउटा प्रजातान्त्रिक मुलुकको जननिर्वाचित सरकारको हैसियतमा मानवअधिकारको रक्षा र विकासमा राज्यले प्रमुख उत्तरदायित्व निर्वाह गर्नै पर्छ। राज्ययन्त्रका अनेक साधनको दुरूपयोग हुन थाले भने मानवअधिकारको व्यापक उल्लंघन हुन पुग्दछ।

इन्सेकको पहिलो मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दाको स्थिति र १९९४ को तेश्रो वर्ष पुस्तक प्रकाशनको स्थितिलाई मानवअधिकारको दृष्टिकोणबाट विश्लेषण गर्ने हो भने मानवअधिकार हननका स्वरूपहरूमा खासै फरक आएको देखिँदैन। यद्यपि १९९३ भन्दा १९९४ मा राज्यद्वारा गरिएका मानवअधिकार हननहरू मुख्यरूपमा प्रहरीद्वारा भएका मृत्यु वा प्रहरी हिरासतमा दिइने यातनामा केही कमी आएको देखिन्छ।

एकातिर हत्या र यातनामा केही कमी आएको छ। तर अर्कोतिर राजनीतिक दलहरूका बीचमा आएको कटुताले गर्दा धेरै मानिसहरू पीडित भएका छन्। विभिन्न राजनीतिक दलहरूबीचको मुठभेडकै कारण कतिपय नागरिकहरूले ज्यान गुमाउनु परेको छ। बहुदलीय राजनीतिक व्यवस्था भएको मुलुकमा राजनीतिक दलहरू नै हिंसामा उत्रन थाले भने राष्ट्रिय जीवनमा गम्भीर खतरा उत्पन्न हुन पुग्छ। त्यतातिर राजनीतिक दलहरूले गम्भीरतापूर्वक सोच्नु आवश्यक छ। खुसीको कुरा - यस पटक सरकारले त्यस दिशामा केही सोचेको पाइयो। १९९४ मा राज्यले मानवअधिकारको विकासका लागि केही उल्लेखनीय पाइलाहरू चालेको पनि पाइयो।

यस वर्ष छिमेकी राष्ट्र भारतबाट पटक पटक गरिएको प्रहरी अतिक्रमण अत्यन्त चर्चाको विषय बनी रह्यो। नेपाली सीमा क्षेत्रको अतिक्रमणसम्म मात्र सीमित नरहेर राजधानीका घरहरू भित्र समेत भारतीय प्रहरीहरूले खानतलासी गर्न थाले। राजधानीबाटै कथित आतंकवादीलाई अपहरण गरी नेपालपारी लैजाने काम सम्म भयो। हामीले भारतको त्यस प्रकारको व्यवहारलाई एउटा सार्वभौम राष्ट्रको राष्ट्रिय स्वतन्त्रताप्रतिको गम्भीर उल्लघंन ठान्यौ। त्यस्ता घटनाहरूलाई नेपाली जनताको मानवअधिकारको गम्भीर उल्लंघनका रूपमा लियौं। देशका पाँचवटा मानवअधिकार संस्थाहरूले भारतीय अतिक्रमण विरूद्ध हस्ताक्षर अभियान नै संचालन गरे। सर्वत्र चिन्ता र चासोको उक्त विषयलाई हामीले विशेष महत्वका साथ प्रस्तुत गरेका हौं। हामीले यो वर्षको प्रमुख घटनाका रूपमा "नेपालमा भारतीय अतिक्रमण" लाई अनुसूचिको रूपमा प्रस्तुत गरेका छौं।

१९९४ मा नेपालको प्रजातान्त्रिक र संसदीय अभ्यासमा गम्भीर असर पार्ने खालको घटना भयो। तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधिसभामा आफ्नै दलका सांसदहरूद्वारा मत नपाएपछि श्री ५ समक्ष प्रतिनिधिसभा विघटन गर्ने प्रस्ताव गर्नु भयो। त्यसपछि राजाबाट सोही प्रस्ताव अनुरूप प्रतिनिधिसभाको विघटन गरियो। उक्त घटनाले नेपालको राजनीतिमा ठूलो हलचल ल्यायो। तर प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचनले नेपालको प्रजातान्त्रिक विकासमा पारेको प्रभाव सकारात्मक वा नकारात्मक के हो भन्ने प्रश्नको अझै सर्वमान्य निष्कर्ष निस्केको छैन। यसै पृष्ठभूमिमा हामीले वर्ष पुस्तकको यस वर्षको

उल्लेख्यमा "प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन" समावेश गरेका छौं। उपरोक्त बाहेकका परिच्छेदहरूमा पहिलेकै विषय वस्तु नै समेटिएका छन्।

इन्सेकले वर्ष पुस्तक र अन्य प्रकाशनहरूद्वारा पनि आफ्नो धारणा स्पष्ट रूपमा राख्दै आएको छ - मानवअधिकारहरूको हननलाई रोक्न जनतामा चेतना र सरकारमा संयम अनि जनताप्रतिको उत्तरदायित्वको वोध हुनु आवश्यक छ। जनता र सरकार दुबैमा मानवअधिकारप्रतिको जागरूकता हुनु आवश्यक छ। त्यस्तो जागरूकताका लागि मूलतः सरकार राजनैतिक दल र मानवअधिकार संस्थाहरूका साथै अरू गैरसरकारी संस्थाहरूको इमान्दार प्रयत्नको आवश्यकता पर्दछ।

मध्यावधि निर्वाचनमा अठासी स्थानमा विजयी भएर नेपाल कम्युनिष्ट पार्टी (एमाले) संसदमा सबैभन्दा ठूलो राजनैतिक दलको रूपमा स्थापित भयो। त्यसपछि राजाद्वारा नेपाल अधिराज्यको संविधानको धारा ४२(१) अनुरूप मन्त्री मण्डल गठन गर्न दिइएको समयलाई दुई चोटी बढाउँदा पनि कोही अग्रसर नभए पश्चात सो धाराको दोश्रो उपधारा अनुरूप अल्पमतको सरकार गठन गर्न नेकपा (एमाले) का नेता मनमोहन अधिकारीलाई आव्हान भयो। जस अनुसार ०५० मंसीर १३ गते देशमा मनमोहन अधिकारीको नेतृत्वमा नेपालमा पहिलो अल्पमतको सरकार गठन भयो।

मनमोहन अधिकारीले प्रधानमन्त्री पदमा नियुक्त भएपछि दिनु भएको पहिलो वक्तव्यमा मानवअधिकारको पूर्ण सम्मान गर्ने बताउँदै मानवअधिकार आयोगको स्थापना गर्ने, क्षतिपूर्ति कानूनको निर्माण गर्ने, बाँधा श्रम प्रणाली उन्मूलन गर्ने तथा विगतमा गठन भएका मल्लिक आयोग तथा वेपत्ता पारिएका मानिसहरू पत्तो लगाउने समितिका प्रतिवेदनहरू प्रकाशित गर्ने वचनवद्धता प्रस्तुत गर्नु भएको थियो। उपरोक्त प्रतिवद्धताहरूको मानवअधिकार संस्थाहरूले स्वागत गरे। सरकारले उल्लेखित आयोगका प्रतिवेदनहरूलाई सार्वजनिक पनि तुल्यायो। तर मल्लिक आयोगको प्रतिवेदनको कार्यान्वियनको दिशामा सरकार निस्क्रिय देखियो। मानवअधिकार आयोग निर्माणका लागि भने काम भइरहेको जानकारी सरकारले दिएको छ।

मूलतः विकासोन्मुख राष्ट्र त्यसमा पनि नवोदित प्रजातन्त्रहरूमा राजनैतिक दलहरूद्वारा मानवअधिकारलाई सत्ता प्राप्तिको एउटा माध्यम बनाइएको पनि देखिएको छ। सत्ता प्राप्त भएपछि विगतका आफ्ना वचनवद्धतालाई अव्यवहारिक भएको बताउने गरेको उदाहरण खोज्न अन्त जानै पर्दैन। त्यस्तो उदाहरण हामीकहाँ नै पाइन्छ।

यस पटकको वर्ष पुस्तकको तयारीका क्रममा हामीले विराटनगर, काठमाडौं, नेपालगंज र धनगढीमा मात्र होइन जुम्ला, कालीकोट, मुगु, डोल्पा र हुम्लामा पनि स्थानीय वुद्धिजीवी र राजनीतिकर्मीहरूको सुझाव संकलन गर्‍यौं। ती ठाउँहरूमा आयोजित सभाहरूमा वर्ष पुस्तकका सम्बन्धमा महत्वपूर्ण राय प्राप्त भए। सबै ठाउँका मानिसको चिन्ता एउटै थियो - वर्ष पुस्तकका सूचनाहरूलाई कसरी अझ भरपर्दो तुल्याउने। वास्तवमा हाम्रो चिन्ता पनि त्यही थियो, आज पनि छ। त्यसै क्रममा हामीले पचहत्तरै जिल्लामा सूचना प्रेषकहरूको छनौट गरेका हौं।

मानवअधिकार आन्दोलन एउटा गतिशील र निरन्तर आन्दोलन हो। मानवअधिकार आन्दोलन समयका साथ परिष्कृत र विकसित हुँदै अगाडि बढ्दैछ। हामी नेपाली पनि हिजोभन्दा आज अझ उच्चतामा मानवअधिकार आन्दोलनलाई अगाडि बढाउँदै छौं। वर्ष पुस्तक प्रकाशन पनि त्यसैको एक कडी हो। हामीले सोचेका थियौं - हरेक वर्ष निस्कने वर्ष पुस्तकले विगतकोभन्दा मानवअधिकार हनन कम भएको देखाउने छ। तर हाम्रो चाहना कति मात्रामा पूरा हुन्छ त्यो कुरो त समयले नै देखाउने छ।

अन्त्यमा यो पुस्तकको प्रकाशनका लागि विभिन्न रूपमा संलग्न सबै व्यक्ति एवम् संस्थाहरू तथा हामीलाई सहयोग गर्ने विभिन्न सरकारी तथा गैरसरकारी नियकायहरूलाई धन्यवाद दिन चाहन्छु।

**०५१ चैत २७ गते**

सुशील प्याकुरेल
**अध्यक्ष**
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**

# परिच्छेद

# परिच्छेद १

# मानवअधिकार आन्दोलन २०१७-२०४८

आफ्ना हक अधिकारहरूको प्राप्ति, उपलब्धिको रक्षा र प्रवर्द्धनका लागि निरन्तर रूपमा संचालन भएका संघर्ष र आन्दोलन मात्र होइन विभिन्न राजनीतिक उतार चढाव, सामाजिक अन्तरक्रिया र बहुदलीय प्रजातान्त्रिक अभ्यासका सन्दर्भमा सचेत सतर्कता, जागरण, र सचेतनताको अग्रगामी बाटोमा अघि बढिरहेको नेपाली समाज ००७ सालबाट ०१७ सालसम्म आइपुग्दा निकै दृढ, सबल र मजवुत हुनु पर्ने हो। तर प्राप्त साह्रै सीमित अधिकारहरू पनि गुमाउनु पर्ने अवस्था आइपुग्यो - जनता स्वयं त्यसलाई रक्षा गर्न असमर्थ रहे। पुनरूत्थानवादी सामन्ती तत्वको प्रतिनिधित्व गर्ने, प्रतिक्रियावादी शक्तिसंगको सहचार्य र पृष्ठपोषकका रूपमा समेत राजतन्त्रको प्रस्तुत छवि र भूमिकाका सन्दर्भमा त्यही संस्थाबाट जनताका मौलिक हक अधिकार, मानवीय मूल्यको गरिमा र सम्मानको अपेक्षा गर्नु राजनीतिक रूपमा निश्चयनै परिपक्व काम हुने थिएन। नेपाली जनताको भावना र आकांक्षालाई प्रतिनिधित्व गर्ने भनिएका राजनैतिक दलहरूको प्रयास, सुझबुझ र दूरदर्शिता केही हदसम्म पछाडि धकेलिए। जनताको संविधान जनताले निर्माण गर्ने, ००७ सालको राजकीय प्रतिवद्धतालाई मूर्तरूप दिने कोसौं टाढाको कुरा छोडौं, राजाको स्वविवेकमा प्रधानमन्त्री नियुक्त हुन सक्ने, स्वविवेक प्रयोग गरेरै जुनसुकै वेला प्रतिनिधि सभा भङ्ग गर्न सक्ने र संकटकालीन अवस्था घोषणा गर्न सक्ने जस्ता निरंकुश अधिकारहरू राजामा अन्तर्निहित गरिएको संविधान स्वीकार गरेर प्रजातन्त्र र मानव अधिकारको कुरा गर्नु निकै अपरिपक्व ठहरियो। सामान्यतः जुनसुकै संविधानको निर्माण गरिदा पनि संवैधानिक विशेषता देखाउनका लागि मौलिक हक अधिकारको प्रावधान राखिने औपचारिक प्रचलनको सन्दर्भमा बोल्ने, लेख्ने, बैचारिक स्वतन्त्रता, कानूनी समानता, धार्मिक स्वतन्त्रताका धाराहरू संविधानमा व्यवस्था गरिए पनि ती कति कार्यान्वयनमा आउन सके भन्ने कुरा आखिर ०१७ साल पुस १ गतेले देखाएरै छाड्यो। ००७ सालमा प्राप्त उपलब्धिहरू पनि क्रमशः सीमित गर्दै वैधानिक रूपमै निरंकुश हुन पुगेको राजतन्त्रले ०१५ सालमा वहुमत ल्याएर गठन गरिएको जननिर्वाचित सरकार मात्र भङ्ग गरेन, जनप्रतिनिधिहरूको संस्था संसदलाई समेत खतम गर्ने षडयन्त्रपूर्ण प्रतिगामी कदम चाल्न सफल भयो।

**२०१७ साल पुस १ गते**

प्रजातान्त्रिक समाजवादलाई आफ्नो आदर्श निष्ठा र गन्तव्य ठान्ने नेपाल तरूण दलले आफ्नो ऐतिहासिक जमघटको आयोजना गरेपछि राजनीतिक - सांगठनिक परिचालनकासाथ तरूण हातहरू अघि बढ्ने ध्येय राख्नु स्वाभाविकै थियो। तर उल्टो अन्तिम जोस, उत्साह र सपना बोकेर थापाथलीको एउटा घर कम्पाउण्डमा भेला भएका तरूणहरूको हात मात्र काटिएका होइनन् - सिङ्गै मुलुक सेनाको निर्मम वुट र बारूदको फन्दामा पऱ्यो - ०१७ साल पुस १ गतेका दिन।

प्रधानमन्त्री वी.पी. कोइरालाले औपचारिक रूपमा उद्‌घाटन गर्न पानसद्वीप बालिसक्दा नसक्दै, तरूणहरूले प्रजातन्त्र र समाजवादका लागि खेल्नु पर्ने भूमिकाका बारे चर्चा गरिसक्दा नसक्दै सेनाको घेरा बन्दी भयो। स्वयं प्रधानमन्त्रीको कन्चटमा राइफल सोझ्याईंदा पनि आयोजक - सहभागीले यस प्रकारको अप्रत्याशित घटना होला भन्ने विश्वासै गर्न सकेनन्। सेनाले पूरा सम्मेलन स्थल आफ्नो कब्जामा लियो - वीपी कोइराला, गणेशमान सिंह र कृष्णप्रसाद भट्टराई सैनिक पहराकासाथ नारायणहिटी लगिए। देशको पहिलो जननिर्वाचित प्रधानमन्त्री एउटा निरीह व्यक्तिसरह सेनाको खरो आदेशमा लुरूलुरू पछि लाग्नु पर्ने बाध्यता एउटा विडम्वना नै हुन गयो। देशभरि नै कर्फ्यू लाग्यो - व्यापक धरपकड खानतलासी र गिरफ्तारी शुरू भयो।

एउटा भयानक अनिष्ट, सन्त्रास र आतंकका वीच पुस १ गतेकै दिन ३.३० बजे नारायणहिटी राजदरबारबाट राजा महेन्द्रबाट देशवासीका नाउँमा शाही घोषणा गर्दै संविधानको धारा ५५ प्रयोग गरी मन्त्रीमण्डल र संसदका दुवै सदन विघटन गरियो। पुस २२ गते सम्पूर्ण पार्टी प्रतिबन्धित भए। प्रजातन्त्र र मानवअधिकारका हिमायती नेपालीहरू कोही जेल यातना भोग्न बाध्य भए, कयौंले मुलुक नै छोडेर निर्वासनमा जान पऱ्यो - स्वाभिमान र स्वतन्त्रताको उत्कण्ठा बोकेर उड्ने पखेटाहरू काटिए। मुलुक एउटा वन्दीगृह र यातना शिविरमा परिणत भयो ।

## रोष र तीब्र विरोध

१) राजधानीको सडक र गल्लीभरि सेनाले कडा गस्ती लगाई राखेको भएता पनि प्रजातन्त्र मास्ने यस प्रतिगामी कदमको सख्त विरोध गर्दै केही युवाहरू सडकमा ओर्लिए - राजा महेन्द्रको फौजी कारवाहीको प्रतिकार गर्न माइकिङ्ग गर्ने शंकर जोशी, मार्शल जुलुम शाक्य, भरत जोशी र पिताम्बर दाहाललाई गिरफ्तार गरी निर्मम यातना दिइयो।

२)प्रजातन्त्र मास्ने राजाको प्रतिवाद गर्दै नेपाली कांग्रेसका तर्फबाट भनी पुस १४ गते लिथो गरिएको पर्चा राजधानीमा छरियो। त्यसै दिन महिलाहरूद्वारा रातो हस्तलिखित लिथो गरिएको पर्चा मौलिक हकको कुरा उठाउँदै प्र.वि. महिला समितिका नामबाट शहरमा वितरण गरियो। यो पर्चा छरेको अभियोगमा नोना कोइराला, कुन्दन पिडाली र मीरा राणा समेतलाई प्रहरीले गिरफ्तार गऱ्यो। त्यसैगरी मकरध्वज वुढाथोकी, मोहनलाल अग्रवाल, भैरवबहादुर कार्कीलाई राजनैतिक पर्चा वितरण गरेको अभियोगमा पक्राउ गरियो।

३) पुस १६ गते नयाँ सडकमा राजा महेन्द्रलाई पुस १ गतेको काण्डका लागि खलनायकका रूपमा प्रस्तुत गरेको पर्चा छरियां। जनता भड्काएको अभियोगमा सत्यनारायण प्रसाद सिंह र जगदीश प्रसाद सिंहलाई पक्राउ गरियो।

४) प्रजातन्त्र मास्ने राजा महेन्द्रको यस प्रतिगामी कदमको भण्डाफोर गर्दै पुस १७ गते राजधानीमा वेनामी पर्चा छरियो। यस्तै पर्चा विराटनगरमा पनि छरियो। युगेश्वर शर्मा, सत्य नारायण पाण्डे, जमदार सेते सिंहलाई पर्चा वितरण गरेकै आरोपमा पक्राउ गरियो।

## राजा महेन्द्रलाई कालो झण्डा

प्रजातन्त्र मासिएको लगत्तै ०१७ साल फागुन ७ गते प्रजातन्त्र दिवस मनाउने हास्यास्पद काम निरंकुश शक्तिका हिमायतीहरूले गरे। यसकै उपलक्ष्यमा सैनिक मञ्च टुँडीखेलमा राजा महेन्द्रको उपस्थिति थियो। राजा जुलुस हेरिरहेका थिए। तानाशाह राजा मूर्दावाद - पञ्चायत व्यवस्था मूर्दावाद आदि नारा लगाउँदै असिम साहसकासाथ राजालाई महिलाहरूले कालो झण्डा देखाए। प्रजातन्त्र विरोधी शक्तिका प्रतीक राजा महेन्द्रलाई कालो झण्डा देखाएको अभियोगमा सुश्री शैलजा आचार्य, उमालक्ष्मी, गौरी राणा, विजया महत, कुन्दन शर्मा आदिलाई पक्राउ गरी निर्मम यातनाकासाथ तीन वर्षको जेल सजाय दिइयो।

प्रजातन्त्र पुनर्स्थापनाका निम्ति ०१७ साल फागुन १२ गते भएको जुलुसमा भाग लिए वापत श्रीमती नोना कोइराला र कुन्दन शर्मालाई २/२ बर्ष कैद र एक/एक हजार जरिवाना तोकिएको थियो। तर नारी भएका कारण आधा सजाय पाए। टंकलाल श्रेष्ठ, जुजुभाइ प्रधान, उत्तरनारायण श्रेष्ठ, उद्धवबहादुर प्रधान, अमीरमान श्रेष्ठलाई १ वर्ष कैद र ५ सय रूपियाँ जरिवाना गरियो।

## फूलमाया तामाङ र ०१८ सालको विद्रोह

राजा महेन्द्रले ०१७ साल पुस १ गते संसद र जननिर्वाचित पहिलो प्रजातान्त्रिक सरकार भङ्ग गरेपछि मुलुक भरिका विभिन्न तह र तप्काका जनता विद्रोह र विरोधको आन्दोलित मनस्थितिमा उभिए। सेनाको वलमा देश भित्र शान्ति, सुरक्षा र अमनचैन कायम छ भन्ने प्रचार गर्न खोजे पनि यथार्थमा स्थिति त्यस्तो थिएन। वडो बुद्धिमत्तापूर्ण सुझवुझ र धैर्यकासाथ प्रजातन्त्रवादीहरूले कदम चाल्नु पर्ने अवस्था थियो - नत्र घोर दमन र नोक्सान सहनु पर्ने हुन्थ्यो। यस्तो स्थितिमा पुस १ गतेको कदमको विरोध गर्दै धादिङकी फुलमाया तामाङले महिलाहरूको नेतृत्व गरी नुवाकोटबाट ठूलो जुलुस निकाली राजा महेन्द्रको अप्रजातान्त्रिक कदमको विरूद्ध जनता रहेको कुरा देखाईदिइन्।

०१७ सालको राष्ट्रघाती कदमपछि त्यसको प्रतिरोध गर्न महिलाहरूको सहभागितामा निस्केको यो पहिलो जुलुस थियो।

## विशेष अधिकार सम्पन्न दौडाहा र राजनीतिक प्रतिशोधको शुरूवात

पुस १ गतेको काण्डपछि राजनीतिक रूपमा त्यसलाई सही सावित गर्न र प्रशासनिक हिसावले मुलुकको स्थिति, नियन्त्रण गर्न विशेष अधिकार सम्पन्न दौडाहा १४ अञ्चलमै पठाइयो - नानातरहको धाक, डर, त्रास देखाएर आतंक फैलाउने, सरकारप्रति राग, द्वेष र घृणा उत्पन्न गराउने, जनतामा फूट, वैमनस्य र शंकाको भावना पैदा गराउने समाज विरोधी तत्वहरूका नाउँमा गृह मन्त्रालयमा रिपोर्ट दिने कामको जिम्मा गृहमन्त्रालयको विज्ञप्ति अनुसार दौडाहा टोलीको थियो। त्यस टोलीको काम विज्ञप्तिले सुम्पे अनुसार नै राजनीतिक कार्यकर्ताहरूको खोजी, राजनीतिक गतिविधिको सुराक लिने काम गरी दलगत राजनीतिक क्रियाकलाप र पुस १ को कदमप्रति सख्त विरोधी मत राख्ने व्यक्तिहरू नै विज्ञप्तिले किटान गरेको समाज विरोधी तत्व थिए। त्यसैले यस दौडाहा टोलीबाट आम रूपमा गाउँका प्रतिक्रियावादीहरू सामन्तहरूलाई हात लिई तिनीहरूकै पहल र अगुवाइमा गाउँ गाउँमा एक प्रकारले "अप्रेसन" गर्ने काम शुरू भयो। जाली फटाहाले आफ्नो रिसइवी साधेर निर्दोष जनतालाई समेत प्रशासनको जिम्मा लगाउने मौका पाए। प्रजातन्त्रवादी जनता, राजनीतिक कार्यकर्ता र पुस १ को घटनाप्रति असहमति राख्नेहरूलाई त्यस टोलीबाट व्यापक दमन र धरपकड गरियो। यसै क्रममा फागुन २२ गते गृह मन्त्रालयले उर्दी जारी गऱ्यो। ०१८ साल साउन २ गते दल वा दलगत राजनीतिक उद्देश्यले प्रेरित कुनै संस्था खडा गर्न, त्यस्ता, संस्थाहरूसंग सम्पर्क राख्न, वक्तव्य, नारा, जुलुस, प्रचार-प्रसार वा सभा

समेत गर्न रोक लगाई मानिसको संगठित हुने, भेला हुने र लेख्ने, बोल्ने जस्ता मौलिक अधिकारका गतिविधिमाथि पूरै रोक लगाई मानवअधिकारको पूर्णतया हनन गरियो।

## प्रतिगामी कदमका प्रणेताप्रति तीव्र रोषः जनकपुर बम विस्फोटन

राजा महेन्द्र ०१८ साल माघ ९ गते स्वदेश भ्रमण अन्तर्गत पूर्वाञ्चल झापा मोरङ हुँदै जनकपुर आइपुगे। ठाउँठाउँमा "अराष्ट्रिय तत्वदेखि सावधान" रहन आव्हान गर्दै आफूले उठाएको क्रृदमको औचित्यको पुष्टी र त्यसको प्रतिरोध गर्नेहरूमाथि दमन गर्ने कुरा अभिनन्दनको प्रत्युत्तरका क्रममा दिएका राजाका भाषणमा अभिव्यक्त भए।

जनकपुरमा राम जानकीको दर्शनपछि नागरिक अभिनन्दनका लागि आयोजना गरिएको सभास्थल रङ्गभूमितिर राजा महेन्द्र चढेको गाडी कुदिरहेको बेला गाडीमै लक्षित गरेर प्रहार गरिएको वम विस्फोट भयो। बम प्रहारबाट गाडीको केही भाग क्षतिग्रस्त भए पनि राजा महेन्द्रलाई भने केही असर गरेन। यो वम विस्फोटनको अभियोगमा घटनास्थलमै प्रहरीले केही व्यक्तिहरूलाई गिरफ्तार गऱ्यो। फूलमाला लिएर स्वागतार्थ उभिएका १६ जना व्यक्तिहरूका वीच फूलमाला मै विस्फोटक पदार्थ वरामद गरियो। दुइटा डाइनामाइट सहित १६ वर्षीय अरविन्द कुमार ठाकुर भूमिहारलाई पक्राउ गरी काठमाण्डौ ल्याइयो। दुर्गानन्द झालाई राजाको गाथ ताकेको मुख्य अभियुक्त ठानी ०२० माघ २५ गते राती फाँसी दिइयो। राजा चढेको गाडी सार्वजनिक प्रदर्शनका लागि छाउनी म्युजियममा राखियो। अरबिन्द कुमार ठाकुर र दलसिंह थापा मगरलाई विशेष अदालत र सर्वोच्च अदालतले समेत मृत्यु दण्डको सजाय तोकेकोमा राजावाट मृत्युदण्डलाई जन्म कैदको सजायमा परिवर्तन गरियो।

## सशस्त्र संघर्ष र ०१८ साल

०१७ साल माघ १२ गते पटनामा नेपाली कांग्रेसको बैठक वसी सुवर्ण समशेरलाई पार्टीको कार्यकारी अध्यक्षका साथै संघर्ष समितिको पनि बैठक बनाइयो। ०१८ सालको मध्य समयदेखि नै सीमावर्ती क्षेत्रहरूमा संघर्षका घटनाहरू भए। ०१८ साल माघ २५ गते भरतपुर थाना कब्जा गरिएपछि सेनालाई समेत परिचालित गरेर निर्मम दमन चलाइयो। घटनामा हरिप्रसाद गुरूङ्ग, जगतप्रकाश जङ्ग शाह, बुद्धसिंह राना र खेमबहादुर गुरूङ्गको हत्या भयो।

पर्साको ट्यूकी स्थित प्रहरी चौकीमा आगो लगाइयो। यसै क्रममा वीरगञ्जको मटेहवास्थित प्रहरी चौकीमा सशस्त्र हमला भयो। पर्साको कवही भन्सार चौकीमा पनि सशस्त्र हमला गरियो।

गोरखा कब्जा गरेको कुरा सरकारी पक्षबाट खण्डन गरिएता पनि तनहूँ र गोरखामा विद्रोहीहरूका तर्फबाट व्यापक कारवाही गरियो।

कञ्चनपुरमा सशस्त्र हमलाको क्रममा ११ जना पक्राउ परे। कोइलावासमा १ सय जनाको हतियारवन्द डफ्फाले हमला गऱ्यो। चार घण्टासम्म सरकारी पक्ष र विद्रोहीहरूका वीच गोली हानाहान भयो। यस काण्डमा १ जनाको मृत्यु र ४ जना घाइते भएको तथा २ जना पक्राउ परेको कुरा प्रकाशमा आयो।

विराटनगरमा गोश्वाराका हाकिमको निवासमा विस्फोटक पदार्थ पड्काइयो। विराटनगर भन्सार अड्डा र जेलखाना नजिक पनि बम विस्फोटन गरिए। रौतहटको वंजारिया छोटी भन्सार चौकीमा आगो लगाइयो। लमजुङको देउतापानी गाउँमा जनताले राइफल र गोली वरामद गरी सरकारी अधिकारीलाई बुझाए भन्ने कुरा प्रकाशमा आयो। हातहतियार-राइफल र रिभल्वरहरू विलकुलै नयाँ भएको र हतियारमा अंकित चिन्ह र नम्वर केरमेट गरेको जस्ता जानकारी गृहमन्त्रालयका प्रवक्ताले दिए। र यसै क्रममा मर्नेहरूको संख्या ११ भनेर सरकारी आँकडामा वताइयो। सिंराहा भन्सारमा आक्रमण, गोरखामा २५ राउण्ड गोली सहित टेक बहादुर गुरूङ पक्राउ र पछि बाटैमा हत्या, रामेछापमा विस्फोटक पदार्थ वरामद, गोरखामा शाही सेना माथि आक्रमण, ठोरी प्रहरी चौकीमा हमला, माने भञ्ज्याङमा दोहरो गोली चल्दा ५ जनाको मृत्यु र ५/७ जना घाइते, महोत्तरीको मैनाथपुरमा प्रहरी चौकीमाथि हमला र ताप्लेजुङमा जेल फोड्ने क्रममा ५ सैनिकको मृत्यु आदि २०१८ सालको सशस्त्र संघर्षको क्रममा भएका घटनाहरू थिए। २०१९ सालको सशस्त्र मुठभेडमा शिवचन्द्र मिश्रको मृत्यु भयो।

## घर फर्कने र पछि सम्पत्ति जफत गर्ने गृह मन्त्रालयको विज्ञप्ति

विशेष परिस्थिति नियन्त्रण ऐन ००७ ले दिएको अधिकार प्रयोग गरिएको हवालासाथ सुवर्ण शमसेर ज.व.रा. लगायत ७५ जनालाई नेपाल गजेटमा प्रकाशित भएका मितिले २१ दिन भित्र नेपाल अधिराज्यमा प्रवेश गरी आ-आफ्नो घरद्वारमा आई बस्नु भन्ने आदेशपूर्ण विज्ञप्ति प्रकाशित गरियो। छ महिनासम्म सम्बन्धित जिल्लाका वडा हाकिम वा मेजिष्ट्रेटको लिखित अनुमति वेगर आफ्नो गाउँ वा शहर छोडी अन्यत्र जान नपाउने र सम्पति रोक्का गरिएको समेत विज्ञप्तिमा उल्लेख गरिएको थियो।

यसैगरी पुष्पलाल श्रेष्ठ लगायत ८३ जनाका नाउँमा उपरोक्त अनुसार कै विज्ञप्ति जारी गरियो। ०१८ फागुनमा विध्वंशात्मक कार्य रोक्न, विध्वंशकारीको दमन गर्ने असाधारण अधिकारको व्यवस्था गर्न आवश्यक भएको भन्दै ६ महिनासम्म मात्र लागु हुने गरी विध्वंशात्मक काम रोक्ने र विध्वंसकारीको दमन गर्ने ऐन ०१८ जारी गरी जनतालाई दमन गर्ने कामका लागि वैधानिक कानूनको पनि व्यवस्था गरियो। सुवर्ण समशेर लगायत ३० जनाको सम्पति जफत गरियो।

## श्रृंखलावद्ध राजनैतिक हत्याको सिलसिला शुरू

### योगेन्द्रमान शेरचन

पहिलो जननिर्वाचित सरकारको मन्त्री मण्डलका सदस्य रहिसक्नु भएका नेपाली कांग्रेसका वरिष्ठ नेता योगेन्द्रमान शेरचनको हत्या गरियो। ०२८ साल चैत्र ४ गते राती १० बजे काम विशेषले बाहिर निस्कन लाग्दा आफ्नै निवास अगाडि तीव्र गतिमा अघि बढेको वा.अ. २२६६ नं. को सरकारी जीपद्वारा वहाँमाथि घातक हमला भयो। सुनियोजित रूपमा सरकारद्वारा घटाइएको यस षडयन्त्रपूर्ण हत्याकाण्डमा संलग्न सवारी चालकलाई गिरफ्तार गरेको नाटक रचिए पनि यस्तो राजनैतिक हत्याको न्यायिक छानवीन गर्ने हिम्मत सरकारले गर्न सकेन। राजनीतिक विद्वान मात्र होइन संगीत एवं कलाप्रेमी समेत मानिनु भएका शेरचन ८ वर्ष नजरवन्दमा बसी रिहा हुनु भएपछि प्रजातान्त्रिक संघर्षका गतिविधि अघि बढाउन अत्यन्तै सक्रिय रहनु भएको थियो।

### दिवान सिंह राई

झोडा भनेपछि क्रान्तिकारी, विद्रोही र पञ्चायतको सरुन विरोध गर्नेहरूको अखडा हो भन्ने पूर्वाग्रह राखेर व्यवहार गर्ने प्रशासनले कयौं पटक झोडाकाण्ड मच्चाएर न्यायका पक्षपाती, प्रजातन्त्रप्रेमी सुकुम्वासी किसानहरूको दमन गर्न पछि परेन। दिवान सिंह राईको हत्याको कडी पनि प्रजातन्त्र पुनर्स्थापनाका संघर्षहरूमा सधैं अग्रपङ्तिमा रहने वहाँको जुझारू राजनीतिक व्यक्तित्व नै थियो। २०२९ साल भदौ २ गते मोरङ कसेनी स्थित काकुम झोडामा सहयोगी रामप्रसादको घरमा बसिरहेका वखत सुनियोजित रूपमा वहाँको हत्या गर्ने षडयन्त्र रचियो। ४/५ जना शुरूमा वहाँसंग निहुँ खोज्न आए - चर्काचर्की पनि भयो। यति हुँदासम्म २०/२५ जनाको उग्र जत्थाले वहाँ बस्नु भएको रामप्रसादको घर घेरी सकेको थियो। भाला, खुकुरी, खन्ती जस्ता घातक हतियारले वहाँमाथि हमला गरियो - अन्धाधुन्ध प्रहार भयो। वहाँ त्यस निर्मम प्रहारबाट वचन सक्नु भएन - रमाइलो झोडा काण्डवाट संघर्षशील - क्रान्तिकारीहरूको जमघट थलो भनेर प्रशासनको तारो वन्न पुगेको झोडा र झोडा निवासी भू.पू. सैनिक एवं किसानहरूप्रति पनि बक्रदृष्टि राख्नु अस्वभाविक भएन। त्यसैले पूर्वाञ्चलको किराती क्षेत्रका प्रभावशाली नेता दिवानसिंह राईको हत्या गरेर झोडा समस्या र प्रजातन्त्रको संघर्ष रोक्ने सरकारको सपना केवल सपनै मात्र रहन गयो।

### सरोजप्रसाद कोइराला

नेपाली कांग्रेसका प्रभावशाली नेता सरोजप्रसाद कोइरालाको ०३० साल कार्तिक २ गते रहस्यमय ढङ्गबाट हत्या गरियो। यो घटनाले राजनीतिक क्षेत्रमा निकै सनसनी मच्चिएको थियो, प्रजातन्त्रको आन्दोलनमा अपुरणीय क्षति भए पनि संघर्षको मोर्चामा डट्ने प्रजातन्त्रप्रेमीहरूको मनोवल गिराउन जुन दुस्साहसपूर्ण काम यस हत्याबाट प्रशासनले गर्न सकिन्छ भन्ने सोचेको थियो - त्यो त्यति सजिलो भने पक्कै थिएन।

मधुवनी स्टेसन नजिकै जयनगर जाने रेल यात्राको क्रममा वहाँमाथि साइलेन्सर फिट गरिएको पेस्तोलबाट ३ गोली प्रहार गरिएको थियो। तत्कालीन जनकपुर अञ्चलाधीशको सुनियोजित षडयन्त्रबाट पेशेवर अपराधी गिरोहद्वारा हत्या गरिएको भनेर चर्चित यस घटनाको प्रजातन्त्र र मानवअधिकारका हिमायती सवैबाट निन्दा गरियो।

### केशव कोइराला

नेपाली कांग्रेसले आव्हान गरेको सशस्त्र संघर्षको अग्रदस्तामा रहेर लड्ने केशव कोइरालाको ०३१ साउन ३० गते महोत्तरीको मटिहानीमा हत्या गरियो। प्रशासनले गिरफ्तार गरी हिरासतमा गोली ठोकेर मारेको वा दोहोरो सशस्त्र भिडन्तमा वहाँको मृत्यु भयो यस वारे परस्पर बाझिने विवरणहरू पनि प्रकाशित छन्।

### जेलसारी - नख्खु हत्याकाण्ड

हातमा बम बोकेर गन्तव्यमा पुग्न हिंडेका युवाहरू - लीलानाथ दाहाल र ठगीराज दाहाल जीवनमा फेरि निरंकुश दमनका विरूद्ध प्रतिकार गर्न अर्को बम बोक्ने अवसरबाट सदाका लागि वञ्चित हुन पुगे। उनीहरूलाई शुरूदेखि नै पिछा गर्दै आइरहेका प्रहरीहरूले थानकोटमै गिरफ्तार गऱ्यो र महेन्द्र पुलिस क्लव पुऱ्यायो। उनीहरूलाई चरम यातना भोग्न बाध्य पारिए पनि आफ्नो आस्थालाई किन्चित डगमगाउन नदिने प्रजातन्त्रका ती प्रखर योद्धाहरूको साथसाथै अन्य दुई राजवन्दीहरू गोकर्ण वहादुर कार्की र खगेन्द्र राज दाहालको जेल स्थानान्तर गर्ने निहुँमा ०३१ असोज १३ गते निर्जन रातमा जाउलाखेल र नखुको बीच शिव देवीको खेतमा निर्मम हत्या गरियो।

उनीहरूलाई केन्द्रीय कारागारबाट नख्खु कारागारमा जेल सार गर्ने क्रममा जीपमा राखेर रातको निस्पट अँध्यारोमा बाहिर लगिएपछि हत्या हुन्छ भन्ने अनुमान जो कोहीले पनि गर्न सक्थ्यो - आखिर ती राजवन्दीहरूको त्यसरी नै हत्या गरियो।

जाउलाखेल पुगेपछि सुरक्षा गार्डहरूबाट चारैजना बन्दीहरूलाई भाग्न उक्साइयो। नेल र हतकडीको फन्दामा परेका राजवन्दीहरू आखिर भाग्न सक्ने कुरा सम्भव पनि थिएन। बा. अ. २४४८ नम्बरको रसियन जीपमा वागमती सह अञ्चलाधीश सूर्यप्रसाद श्रेष्ठको नेतृत्वमा मध्यरातमा अर्थात रातको १२.१५ वजे कारागारबाट हिडाइएका उनीहरूलाई सुरूक्षा गार्डको हतियार खोस्न आएको र हातपात गरी भाग्ने कोशिस गरेको आरोप लगाई गोली चलाउँदा मृत्यु हुन पुगेको प्रशासनले स्पष्टीकरण दियो। स्थानीय १ नं. वडा अध्यक्ष र स्थानीय केही गाउँलेहरूको रोहवरमा टवावकासाथ त्यही मुचुल्का तयार गरियो।

राजवन्दीहरूले मध्यरातमा सुरक्षा गार्डलाई हातपात

गरे भनेर हास्यास्पद प्रचार गरे पनि त्यसलाई सहज रूपमा ग्रहण गर्न कसैले सकेनन् । अवैध हतियार ल्याएको अपराधमा ६ वर्ष भन्दा बढी सजाय नहुने तत्कालीन कानूनी प्रावधान भए पनि विशेष अदालतको इजलासले लीला र ठगीराजलाई आजीवन कारावासको कठोर सजाय सुनायो। ३ वटा ग्रिनेड बरामद भएपछि ११ दिनसम्म चरम यातना भोग्न बाध्य ती राजवन्दीहरूले क्षेत्रीय अदालतमा दिएको पुनरावेदन रिट निवेदनमाथि सुनुवाई हुनै बाँकी थियो। कानूनी उपचारका बाटाहरू बाँकी हुँदा हुँदै राजवन्दीहरूको हत्या गरिनुले प्रतिगामी निरंकुश व्यवस्थाका रूपमा पञ्चायत अझ नाङ्गिन पुग्यो।

०३० साल जेठमा ओखलढुङ्गामा सुरक्षा कानून अन्तर्गत जेल पर्दा जेल सुधारको माग राखेर अनसन बस्ने लीला मात्र होइनन् ठगी, गोकर्ण र खगेन्द्रले पनि प्रजातान्त्रिक अधिकारका लागि वरण गरेको मृत्युले उनीहरूलाई नेपालको इतिहासमा अमर बनायो।

यस्तै बम बोकेको अभियोगमा ०३१ साल पुसमा सर्वोच्च अदालतबाट माथवर सिंह वस्नेत र जानकीप्रसाद कुईंकेललाई दश वर्ष कैद र जनही १ हजार जरीवाना गर्ने फैसला गरिएको थियो।

## झापा संघर्ष

झापामा सामन्तहरूको चरम शोषण र उत्पीडनबाट मुक्ति पाउन किसानहरू छटपटाई रहेका थिए। यसै क्रममा अखिल नेपाल क्रान्तिकारी कोअर्डिनेशन कमिटी (माले) को झापा जिल्ला कमिटी गठन भयो र त्यसले ०२८ साल जेठ २ गते "वर्ग शत्रु खतम अभियान" शुरू गर्‍यो।

झापाको यस आन्दोलनलाई दमन गर्न सरकार सम्पूर्ण शक्ति लगाएर खनियो। २ हजारभन्दा बढी व्यक्तिहरू गिरफ्तार भए - धुलावारीको मंगली स्थित आदिवासी राजवंशी गाउँ नै उजाड गरियो। नेतृत्वमा रहेकाहरूलाई खोजी खोजी मारियो - कसैलाई जन्मकैद र धेरैको सर्वस्वहरण गरियो। यस आन्दोलनसंग संलग्न नेतृत्वदायी व्यक्तिहरूले जेलमा भोग्नु परेका यातना सुन्नेहरूका लागि पनि रौं ठाडा गर्ने खालका थिए। मोहनचन्द्र अधिकारी, सीपी मैनाली, राधाकृष्ण मैनाली, खड्ग ओली, दुर्गाप्रसाद अधिकारी, धनेन्द्र बस्नेत, नरेश खरेल, छविलाल राजवंशी, भोगेन्द्र राजवंशी, मंगलमणि सतार, मनकुमार तामाङ, मनकुमार गौतम, अमर कार्की, अमर अधिकारी, पानवीर विश्वकर्मा, भिष्म धिमाल, सीता खड्का, गौरा प्रसाईं आदिको यातना पूर्ण जेल जीवनले मात्र होइन नेत्र घिमिरे, कृष्ण कुइकेल, रामनाथ दाहाल, धीरेन राजवंशी, चन्द बहादुर डाँगी, नारायण श्रेष्ठ आदिको आत्मोत्सर्गले दमनका बाबजुद पनि वामपन्थी आन्दोलनले एकीकृत र व्यापकता लिदै अघि बढ्यो। आन्दोलनलाई समुल नष्ट गर्ने घोर प्रयत्न सरकारले गरे पनि त्यो उनीहरूले सोचे जस्तो भएन। आन्दोलन जनताकै माझबाट उठ्यो। जनताकै समर्थन र सहयोगमा उठ्यो - त्यसैले यसलाई बचाउन, यसका कार्यकर्ताहरूको रक्षा गर्न जस्तो सुकै कठिन र संगीन परिस्थितिमा पनि जनता हच्केनन्।

## दोस्रो सशस्त्र आन्दोलनको श्रृंखला - ०२९

आफ्ना हक अधिकारहरू प्राप्त गर्न र मानवीय मूल्य सहितको प्रजातान्त्रिक समाज स्थापना गर्ने काममा जुटेकाहरूलाई बैधानिक बाटो थुनिएपछि निश्चयनै सशस्त्र संघर्षको बाटो अख्तियार गर्नु अनिवार्य बाध्यता बन्न जान्छ। बैधानिक बाटोबाट शान्तिपूर्ण उपायद्वारा सुधारात्मक उपलब्धि जे जति प्राप्त हुन्छन् जनताका पक्षमा तिनको उपयोग पनि कम महत्वका हुँदैनन्। तर दमनको बाटो अख्तियार गरिरहेको निरंकुश शासन तन्त्रसंग जुध्नका लागि सशस्त्र संघर्ष पनि त्यत्तिकै महत्वपूर्ण हुन जान्छ। राजा वीरेन्द्रको कार्यकाल शुरू भएपछि राजनीतिक क्षेत्रमा जुन सुधार र खुकुलोपनको अपेक्षा गरिएको थियो त्यसको उल्टो दमनको बाटो नै पञ्चायती सत्ताले अख्तियार गर्‍यो। त्यस परिप्रेक्षमा ०२८ सालदेखि ०३२ साल सम्मको अवधिमा राजनीतिक क्षेत्रमा कम दीर्घ प्रभावी र चरम उत्कर्षका संघर्षहरू भएनन् - ती कतिपयमा हतियार बोकी मैदानमा उत्रनु परेका यथेष्ट उदाहरणहरू छन्।

## हरिहरपुर काण्ड

०२९ साल भदौ ९ गते राती ११ बजे नेपाली कांग्रेससंग सम्बद्ध केही वलिदानी भावनाका युवाहरूबाट सप्तरी जिल्लामा पर्ने हरिहरपुर चौकीमा सशस्त्र हमला गरियो - यस हमलाबाट एकजना प्रहरीको घटनास्थलमै मृत्यु भयो। एक जना अर्को प्रहरी जवान र हवल्दार घाइते भए।

## फुस्रे प्रहरी व्यारेक बमको निशाना

धरानको फुस्रे प्रहरी चौकीमा वम हान्न लाग्दा बम बहादुरलाई पक्राउ गरियो। यो ०३१ साल वैशाख ५ गतेको घटना थियो। यसअघि ०३० साल मंसिर ३० गते सर्लाहीको मलङ्गवामा गंगा बहादुरको नेतृत्वमा प्रहरीसंग सशस्त्र भीडन्त भयो। यसमा केही सामान्य नागरिकको निधन हुन पुग्यो। ०३० साल वैशाख २२ गते साँझ पञ्चायतका निर्माण तथा यातायात मन्त्री प्रयागराज सिंह सुवाललाई लक्षित गरी हानिएको बम विस्फोटनले राजधानीकै घना वस्तीमा पञ्चायतप्रति गरिएको प्रतीकात्मक प्रहारबाट सत्ता नायकहरू झन् दमनको बाटो अख्तियार गर्न उद्यत भैरहेका थिए। यस विस्फोटनमा लक्षित व्यक्तिलाई केही नभई सामान्य निर्दोष नागरिक घाइते भएकोलाई जनस्तरमा भने एउटा त्रास र नकारात्मक स्थितिको रूपमा लिइयो। यो ग्रिनेड नं ३६ प्रहार गर्ने नेपाली कांग्रेसका शिवप्रसाद कङ्गाला थिए। यस घटनालाई लिएर सरकारले ४ सय १ जनालाई हिरासतमा लियो।

### जलेश्वरमा सरकारी अधिकारी उपर बमको लक्षित प्रहार

राती अवेर भोजमा मस्ती लिएर फर्केका अञ्चलाधीश, प्रजिअ र उच्च प्रहरी अधिकृतहरूमाथि बज्राही मठ नाउँको ठाउँमा शक्तिशाली बम आक्रमण गरियो। अञ्चलाधिश लीलाराज विष्टमाथि लक्षित यस बम विस्फोटनबाट प्रमुख जिल्ला अधिकारी गम्भीर रूपमा घाइते भए।

### थानामाथि हमला

जलेश्वरमा प्रशासनिक उच्च अधिकारीहरूमाथि भएको बम आक्रमणको लगत्तै तराईको सचेत र प्रजातन्त्रप्रति प्रतिवद्ध ठानिएको जनकपुर शहरस्थित प्रहरी थानामाथि आक्रमण गरियो। बम विस्फोटन सहित रिभल्वर समेत प्रयोग भएको यस आक्रमणपछि प्रशासन बढी दमनकारी भएर उत्रिए पनि अन्ततोगत्वा दमनले मात्र प्रजातन्त्रका कठीन र अप्ठेरा बाटाहरू थुन्न सकिदैन भन्ने कुरा चाहि प्रशासनको लागि पनि स्पष्ट थियो। यो आक्रमण नेपाली कांग्रेससँग सम्बद्ध युवाहरूको पहलमा भएको थियो। यस घटनालाई लिएर जानकी मन्दिरका साधु योगी पनि प्रशासनको कोपभाजनबाट बच्न सकेनन् - थुप्रै विद्यार्थी र युवाहरूलाई प्रशासनले हिरासतमा लियो।

### ओखलढुङ्गाः सशस्त्र संघर्ष - ०३१

प्रजातन्त्रको पुनर्स्थापना गर्न सशस्त्र संघर्ष बाहेक अर्को विकल्प नदेखेपछि नेपाली कांग्रेसले उठाएको ०२९ सालको हतियारबन्द संघर्षकै क्रममा ठूलो संख्यामा एकै स्थलमा शाहादत प्राप्त भएको एउटा चर्चित र विख्यात काण्ड हो - ओखलढुङ्गा सशस्त्र संघर्ष। यसका परिकल्पनाकार क्याप्टेन यज्ञ बहादुर थापा, गोपाल राई, अगममणि राई, बलराज कार्की र क्षेत्रध्वज बस्नेत मध्ये यज्ञबहादुर थापाले कार्यक्रमको नेतृत्व र संचालन पनि गर्नु भयो र शाहादत पनि प्राप्त गर्नु भयो।

ओखलढुङ्गा सैनिक व्यारेक कब्जा गर्ने यस संघर्षको उद्देश्य थियो। तर ७ सय जवान सरकारी सेना र तिनको तालिम प्राप्त युद्ध कौशल एवं सरकारी खरखजनाको बलसित भिड्न केही भूतपूर्व सैनिक जवान सीमित हातहतियार बोकेर मैदानमा उत्रनु कति व्यवहारिक थियो त्यो अर्कै कुरा हो। प्रजातन्त्र प्राप्तिको उत्कण्ठा र चरम बलीदानी भावनाको उत्कर्ष भने त्यो अवश्य थियो। ओखलढुङ्गा संघर्षमा संलग्न हुने ५३ जनाको डफ्फालाई पाँच समूहमा विभाजन गरी ग्रुप कमाण्डरमा अगममणि राई, एल.वी. गुरूङ, महेश कोर्मोचा र ढाकबहादुर गुरूङ्गलाई तोकियो। गोपाल राई, राम उपाध्याय, लक्ष्मण उपाध्याय आदिको कमाण्ड क्याप्टेन यज्ञबहादुर थापा स्वयंले सम्हालेका थिए।

उनीहरू प्रत्येकसंग दुईदुई वटा ३६ नं. ग्रिनेड, एक एक स्टेनगन, केही ब्रुनाई पेस्तोल र रिभल्वर थियो। १ सय ५० देखि २ सय राउण्ड गोली समेत साथमा बोकेका ती योद्धाहरू क्याप्टेन यज्ञबहादुर थापाको नेतृत्व र अगुवाइमा कार्यक्षेत्र तर्फ बढे। कमला नदीको खोंच पार गरेर चुरे जङ्गल हुँदै ओखलढुङ्गा पुग्ने योजना भए पनि गन्तव्यमा पुग्न नपाउँदै कार्यक्रमको गोपनीयता भङ्ग भएर त्यो क्षेत्रमा पूरै सेनाको सुराक र निगरानी परिसकेको थियो। खबर र सुराक दिने र पत्राचार, सम्पर्क सूत्रको काममा पेशल दाहाल र अडिमर्दन थापा विद्रोहीहरूका पक्षमा जिउज्यानले लागे पनि ती क्रियाकलापको ताजा जानकारी प्रशासन समक्ष सबै पुगिसकेको थियो। सरकारी सेनासंग अप्रत्याशित रूपमा भिड्ने योजना बनाएका योद्धाहरू सबै आफ्ना पोलखुलेपछि पनि विचलित भएनन्। स्थानीय रूपमा सहयोग लिदै त्यहाँबाट सुरक्षितरूपमा पूर्वतर्फ हानिएर भारत पस्ने निधो गरे पनि आखिर टिमुरबोटे जङ्गलको ओडारमा शरण लिन बाध्य हुन पर्‍यो - किनभने सारा ओखलढुङ्गा र सोलुका गौंडागौंडा सशस्त्र सेनाले घेरिसकेको थियो।

पुस १ गते सल्लेरीमा हमला गर्ने तय भयो। अगममणि राई, शिवकुमार, चन्द्र बहादुर, लालबहादुर, श्याम बहादुर, पद्‍म प्रकाश र प्रभालालले थाना हमला गर्ने, यज्ञ बहादुर थापा, कृष्ण बहादुर, मानबहादुर बखीम, महेश कोइराला, माइला राई, मानबहादुर मगर, नेत्र बहादुरले जेल खाना र लोक बहादुर गुरूङ, राम उपाध्याय, लक्ष्मण उपाध्याय जसधन राईहरूले प्रमुख जिल्ला अधिकारी कहाँ आक्रमण गर्ने कार्यक्रम बन्यो।

बेलुकी ५ बजेको समयतिर सेनाले एक्कासी १५-२० वटा बम ओडारमा प्रहार गरेपछि निरकुंशताको खिलाफमा सशस्त्र संघर्ष छेडेर प्रजातन्त्रको पुनर्वहाली गराउने जुन सपना योद्धाहरू देख्दै थिए त्यो विस्मयको घेरामा वन्दी हुन पुग्यो।

त्यस सशस्त्र संघर्षको मोर्चामा आगममणि राई, श्यामकुमार गुरूङ, पदम प्रकाश पुरी, शिवकुमार राई, माहिला राई, मानबहादुर बाखिम, मानबहादुर मगर, लालबहादुर मगर, चन्द्रबहादुर तामाङ, राम उपाध्याय, लक्ष्मण उपाध्याय, प्रजालाल राई, महेश कोइराला, नेत्रबहादुर कार्की, कृष्णबहादुर लिम्बु, पेशलकुमार दाहालले शहादत प्राप्त गरे। सोलु ओखलढुङ्गा काण्डमा संलग्न भएको आरोपमा गिरफ्तार गरी जेल चलान गर्दा टोक्सेलको जङ्गलमा पुर्‍याएर गोली हानी हत्या गरिएकाहरू हर्कबहादुर कार्की, अम्वरबहादुर खड्का, भीमबहादुर कटुवाल, शम्सेरबहादुर कार्की, रामकुमार सुनुवार, टीकाराम राई, होमिशेर राई र होमिशेर राईका छोरा थिए। उनीहरूलाई भाग्न खोजेकोले प्रहरीको गोलीबाट मृत्यु भएको भनियो। जनताको पक्षमा काम गर्ने सेनाका जमदार कर्णबहादुर बस्नेत र नायक भवेन्द्रबहादुर बस्नेतलाई ओखलढुङ्गा व्यारेकबाट काठमाण्डौं झिकाई बेपत्ता पारियो। लोकबहादुर गुरूङ्ग र जसधन राई भने सशस्त्र संघर्षको यस मोर्चाबाट सकुशल उम्कन सफल भए। यज्ञबहादुर थापालाई

गिरफ्तार गरियो, तत्काल मारिएन। यसरी संघर्ष असफल भएपछि कयौं प्रजातान्त्रिक योद्धाको ज्यान त गयो गयो - गाउँका पञ्च र सामन्तहरूले रिसइवी साधेर त्रास र आतंक फैलाउने मौका पाए।

## जदुकोहामा गोली काण्ड

विद्यार्थीमाथि बढिरहेको दमनको प्रतिकार गर्दै अधिराज्य भरिका विद्यार्थीहरू संघर्षमा उत्रिरहेको बेला जदुकोहाका विद्यार्थीहरू पनि चुप लागेर बस्न सकेनन्। ०२९ साल भदौ २९ गतेका दिन त्यहाँ जुलुसको आयोजना गरियो। ३१ गते प्रशासनले विद्यार्थीमाथि धरपकड गऱ्यो र महेन्द्र नामका विद्यार्थीलाई पक्राउ गरियो। यसबाट विद्यार्थीहरू उत्तेजित हुनु स्वभाविकै थियो। गिरफ्तार छात्रलाई जनकपुर लैजान खोज्दा विद्यार्थीहरूको ठूलो भीडले विरोध गरी साथीलाई प्रहरीको पञ्जाबाट फुत्कायो। यसबाट प्रशासन बदला लिने सुरले लाग्यो। भदौ ३२ गते थप ३५ जनाको सशस्त्र प्रहरीको डफ्फा जदुकोहा पठाइयो।

असोज १ गते जोदुकुवामा विद्यार्थीहरूले संयुक्त जुलुस निकाले। विभिन्न नारा लगाउदै दुई अढाई सय विद्यार्थीको जुलुस जदुकोहा हाइस्कूलबाट बजारतिर लागेपछि प्रहरीले लाठी चार्ज गऱ्यो। यसबाट विद्यार्थीहरू उत्तेजित भएर प्रहरीमाथि जाइलागे। यो कुरा प्रहरीलाई सैह्य भएन। प्रहरी प्रशासन दमन गर्ने निहुँको ताकमा थियो - प्रहरीले गोली चलायो। जदुकोहा हाइस्कूलको नवौं कक्षामा अध्ययनरत १७ वर्षीय विद्यार्थी कामेश्वर मण्डल, गोली लागेर घाइते भएका धवौली हाइस्कूलका अर्का छात्र कन्नी गोइतको स्वास्थ चौकीमा उपचार गर्दागर्दै साँझतिर मृत्यु भयो। खुट्टामा ३ वटा गोली लागेका अर्का छात्र कुशेश्वर मण्डलको पनि त्यसै दिन बेलुकी निधन भयो। जदुकोहा गाउँका ५० वर्षीय एक महिला र माची गाउँका मक्काराज र ननुपट्टिका सवकत कवारी नामक व्यक्ति पनि गोलीको शिकार भए। प्रहरीको यो अन्यायपूर्ण दमनात्मक गोली काण्डबाट ४२ जना विद्यार्थीहरू र ७५ जना सर्वसाधारण व्यक्ति घाइते भए। यस प्रकार न्यायका पक्षमा आवाज उठाउनेहरू गोलीको शिकार हुनु परे पनि अग्रजहरू बलिदानी संघर्षको प्रेरणाबाट पछिल्लो पुस्ता सधैं कृतज्ञ रह्यो र प्रजातान्त्रिक आन्दोलनलाई अघि बढाउन निरन्तर मोर्चामा डटिरह्यो।

## सुखानीको राजनीतिक हत्याकाण्ड

झापा संघर्षको शुरूवात भएपछि सरकार व्यापक दमन गर्ने नियतबाट हिंस्रक ढंगमा उत्रियो। त्यो राजनीतिक संघर्षलाई हत्या, डकैती जस्ता आरोप लगाएर त्यसै अनुरूप राष्ट्रिय अन्तराष्ट्रिय क्षेत्रमा दुष्प्रचार गराइयो। कयौंको हत्या गरियो। हिरासत र कारागारमै पनि राजवन्दीहरूले चरम यातना भोग्नु पऱ्यो। त्यसै संघर्षका अग्रणी योद्धाहरू मध्ये, रामनाथ दाहाल ०२८ साल जेठमा पक्राउ परी ३ महिना पछि रिहा भए पनि उनीहरूलाई पुनः झापा संघर्षको दौरानमा गिरफ्तार गरियो। नेत्र घिमिरेलाई ०२९ पुस १४ गते, विरेन राजवंशीलाई ०२७ सालमा, कृष्ण कुइकेललाई ०२९ साल माघ २१ गते र नारायण श्रेष्ठलाई ०२८ सालमा पक्राउ गरी पाँच जनालाई अत्यन्त ठूलो यातनाका साथ जेलमा बन्दी बनाइयो। जनताको मुक्ति र नयाँ नेपालको निर्माण गर्ने सुन्दर सपना सहित एउटा निश्चित राजनीतिक आदर्श र निष्ठा बोकेर हिडेका क्रान्तिकारी युवाहरूमाथि राजवन्दीको व्यवहार त कता हो कता, कारागारभित्रै पनि उनीहरूको जीवनको सुरक्षा थिएन।

०२९ साल फागुन २१ गते वेलुकी झापा जेलबाट इलाम सरूवा गर्ने बहानामा रामनाथ दाहाल लगायत झापा संघर्षको क्रममा पक्राउ परेका पाँचै जनालाई वाहिर निकालियो। राती जेल सार्ने निहुँमा बाहिर निकाल्नुको अर्थ नै राजवन्दीहरूको हत्याको षडयन्त्र हो भन्ने कुरा जेलका अरू वन्दीहरूले बुझिसकेका थिए। आफूहरूलाई बाहिर निकाल्नुको मतलव अब तानाशाही शासनको गोलीको शिकार हुँदै छौ भन्ने अड्कल काट्नु स्वभाविकै थियो। तर ती सपूतहरूमा किंचित मात्र पनि आत्मग्लानी र पश्चाताप भएन। कारागारका अरू राजनीतिक बन्दीहरूले गह्रौ छाती लिएर ती क्रान्ति योद्धाहरूलाई विदाईको अभिवादन गरे - नेपालको आजादी स्वतन्त्रता र मुक्तिको लागि वलिदान हुन लागेकोमा उनीहरू पाँचै जनामा आत्मगौरव थियो।

जेलबाट कडा सशस्त्र पहरा र नेल हतकडीको जस्वडवन्दीकासाथ इलाम चलान गरिएका राजवन्दीहरू लिएर चारकोशे झाडीमा प्रवेश गरेपछि सुखानी खोलाको सुनसान र एकान्त किनारामा गाडी रोकियो। रामनाथ दाहाल, नेत्र घिमिरे, कृष्ण कुइकेल, वीरेन राजवंशी र नारायण श्रेष्ठलाई लहरै उभ्याइयो र छातीमा गोली दागियो। शहादत प्राप्त गर्नु अघि उनीहरूले - नेपाल कम्युनिष्ट पार्टी जिन्दावाद, नौलो जनवादी क्रान्ति जिन्दावाद, निरंकुश पञ्चायती व्यवस्था मूर्दावादको नारा लगाएका थिए। पाँच जना योद्धाहरूको हत्या गर्न प्रहरीले २१ राउण्ड गोली चलायो। सरकारले जङ्गलमा सशस्त्र पहराकाबीच निर्ममतापूर्वक गोली हानेर हत्या गरिएका राजवन्दीहरूले प्रहरीको हतियार खोस्ने प्रयास गरेकोले उनीहरूमाथि गोली चलाउनु सिवाय केही उपाय नरहेको भनी झूठमूठ प्रचार गऱ्यो।

## बर्रे संघर्ष

लुम्विनी अञ्चलमा ०३० सालतिर किसानहरू वीच वामपन्थी आन्दोलनको प्रभावले निकै व्यापक गति लिदै थियो। त्यसैले त्यस क्षेत्रमा सशक्त किसान आन्दोलन उठाउने प्रयन्न हुनु अस्वभाविक थिएन।

पुष्पलाल समूहसंग काम गर्दै आएका केशरमणि पोखरेल नीतिगत मत भिन्नताका वावजुद नेपाल पसे र सशस्त्र

संघर्षको नारा कार्यन्वयन गर्ने आफ्नो मनसायलाई मूर्तरूप दिने काममा अघि बढे। अर्घाखाँचीको बर्रेमा सम्पत्ति खोस्ने कार्वाहीको नेतृत्व केशरमणिबाट भयो। आन्दोलनको गति अघि बढ्न नपाउँदै उनी गिरफ्तार भए र केही दिनमै उनले आत्मसमर्पण गरे। सरकारले त्यस आन्दोलनका विरूद्ध दमनको चरम रूप अख्तियार गऱ्यो। प्रभाकर पौडेल लगायत यस संघर्षका सहभागीहरूले लामो जेलयातना भोग्नु पऱ्यो।

## विमान अपहरण - ०३०

नेपाली कांग्रेसको सशस्त्र संघर्षको घोषणा भएपछि भएका घटनाहरूमा ०३० सालको विराटनगर विमान अपहरण राजनीतिक क्षेत्रमा निकै चर्चित रह्यो। आफ्नो राजनीतिक उद्देश्य प्राप्तिका लागि निरङ्कुश शासकलाई झुकाउन संघर्षका वैध अवैध सबै उपाय प्रयोग गरिन्छन्। त्यसैले यो अपहरणलाई यस्तै घटनाका रूपमा लिइनु अस्वभाविक होइन।

विमान यात्रुहरूलाई वन्धक वनाई जेलमा बन्दी भएका कार्यकर्ताहरूको रिहाईका साथसाथ एउटा निश्चित धनराशीको समेत माग गर्ने योजना नेपाली कांग्रेसका शीर्षस्थ नेताइरूबाट अस्वीकृत भएपछि विराटनगरबाट राष्ट्र बैंकको रकम लिएर उड्ने विमानलाई अपहरण गरेर फार्वेसगञ्जमा उतार्ने योजना बन्यो। र, ०३० साल जेठ २८ गतेका दिन यसलाई कार्यान्वियन गरियो।

यस विमान अपहरणको अभियोगमा भारत सरकारले वसन्त भट्टराई र दुर्गा सुवेदीलाई गिरफ्तार गरी मुद्दा चलायो।

## विराटनगर बम विस्फोटन - ०३१

नेपाली कांग्रेसले संचालन गरेको ०१७ साल पछिको दोस्रो सशस्त्र संघर्षका विभिन्न घटना विविध रूपमा घटित भइरहेको वेला ०३१ साल फागुन ३० गते विराटनगरमा राजाको भ्रमण अवसरमा बम विस्फोटन भयो। यस विस्फोटनमा प्रहारको केन्द्रविन्दु मानिएकाहरू सकुशल बचे, सामान्य नागरिक पचासौं घाइते भए।

## नरूखु जेल विद्रोह

झापा संघर्षका दौरान नरूखु जेलमा बन्दी वनाइएका वामपन्थी नेता चन्द्रप्रकाश मैनाली लगायतका राजवन्दीहरूले जेल तोडेर असिम साहसको परिचय दिनु भयो। जेल भित्र बसिरहँदा क्रान्तिको काम पछि पर्ने हुँदा जेल तोडेर भाग्नु पर्ने परिस्थिति जन्मनु अस्वभाविक भएन। जेल तोडेर निस्कने निर्णय गरियो र ०३३ साल माघको अन्तिम हप्तातिर सुरूङ खन्ने काम प्रारम्भ भयो।

एक त कारागार, त्यसमाथि झापा संघर्षका राजवन्दीहरूदेखि शासकहरू त्यसै सतर्क थिए। तर पनि सुरूङ्गको काम आफ्नै गतिमा बढ्यो। जहाँबाट सुरूङ खन्न थालियो त्यही कोठामा खरायोहरू पालिएका थिए। कसैले माटोको शंका गऱ्यो भने खरायोले खोस्रेको भनेर टार्न यो जुक्ति गरिएको थियो। राती पालैपालो सुरूङ्ग खन्ने काम हुन्थ्यो - कोही जेल प्रशासन र चौकीदारीको निगरानी गर्थे, कोही गितार बजाएर वातावरणलाई सामान्य पार्थे। खन्ने हतियारमा खन्ती होइन पन्यौ डाडु पनि प्रयोग भए। माटो जुत्ता भित्र र पाइन्टको खल्तीमा अटे जति राखेर तरकारी बारीमा फालिन्थ्यो कि धाराको पानीसँगै बगाइन्थ्यो। त्यसरी सुरुङ खन्ने काममा अविचल लागिरहनु कम धैर्यको काम थिएन। सुरूङभित्र बत्तीको लाइन लगियो, खन्दै जाँदा बाहिर कम्पाउण्डको पर्खालको जगको ढुङ्गा फेला परेपछिको समस्या पनि सुल्झियो। जेल बाहिर पुगेपछि वाहिर निस्कन सकिने गरी सुरूङको प्वाल जमिनको सतहमा पुऱ्याइयो। यसरी ६५ हात लामो सुरूङ तयार भएपछि निस्कने समय तोक्नु जरूरी भयो। जेल भित्रैबाट विजुलीको तार छिनाउने, अन्धकार बनाउने र त्यसैबेला एकजना बाहिर निस्केर ट्रान्सफरमर नै खतम गर्ने योजना भयो। निस्कने दिन खरायो मारेर मासु खाने र सिरकलाई ओछ्यानमा मान्छे सुते जस्तै गरेर गम्से काम भयो ताकि वन्दीहरू ओछ्यानमै सुतिरहेका छन् भन्ने जेल प्रशासनलाई लागोस्। एउटा अथक परिश्रम, धैर्य, साहस र आफ्नो उद्देश्य प्रतिको अविचलित अडान बोक्दै क्रान्तिको बाटो समाएर मुलुक र जनतालाई मुक्त पार्न ०३३ चैत १२ गते राती १२ बजे चन्द्र प्रकाश मैनाली, प्रदीप नेपाल, धनेन्द्र वस्नेत, नरेश खरेल, नारद वाग्ले, भिष्म धिमाल, माधव पौडेल, वीरवहादुर लामा लगायतका राजवन्दीहरू जेलबाट फरार भए। यसले निरंकुश पञ्चायती सत्ता चलाउनेहरूलाई किंकर्तव्यविमुढ बनायो। देशभरिका नाकाहरू सेनाले कब्जा गऱ्यो - तर पछि पाँच जनालाई पुनः पक्राउ गरियो। "नरूखु जेल ब्रेक" भनेर वामपन्थी आन्दोलन भित्र अत्यन्तै चर्चित यो घटनाले मान्छेको विचार मास्न जस्तो सुकै दमन र उत्पीडन चलाए पनि त्यो संभव हुँदैन भन्ने कुरालाई पुष्टी गरेको छ।

## दमौली जेल विद्रोह

विभिन्न अभियोगमा जेल परेका वन्दीहरू वीच राजनीतिक संगठन र चेतनाको स्तर बढाउने काम समेत वन्दी अवस्थामै रहँदा वामदेव गौतमको पहलमा प्रारम्भ भएपछि दमौली जेलका वन्दीहरू रामबहादुर तिवारीको नेतृत्वमा जेल विद्रोह गर्न तयार भए - यो ०३६ साल साउन १७ गतेको घटना हो। जेल तोडेर वाहिर निस्कने काम व्यवस्थित गर्न जेल भित्र धनबहादुर गुरूङ, नारायण वास्तोला र रामबहादुर तिवारी सहित ३ जनाको संघर्ष समिति बन्यो।

धनबहादुर गुरूङ्ग र नरायण वास्तोला उपचार गर्ने वहानामा बाहिर गई फर्किंदा मुलद्वारमा पहरा दिइरहेको सुरक्षा गार्डको राइफल खोस्ने र सवै वन्दीहरूलाई मुक्त गर्ने योजना बनाएको भएता पनि योजना अनुसार राइफल खोस्न त्यति सजिलै सम्भव भएन। नारायण वास्तोला सुरक्षा गार्डसंग

भिडिरहेका वखत धनबहादुर गुरुङ्ग र रामबहादुर तिवारी भण्डारमा पसेर राइफल निकाली फायर गरे। वन्दीहरूको यस्तो अप्रत्याशित विद्रोहबाट जेल प्रशासन किंकर्तव्यविमुढ भएर ज्यान बचाउन भाग्यो। वन्दीहरू सबै गोली गठ्ठा र राइफल कब्जा गरी जेल बाहिर निस्के। जेल कब्जा गरेर वन्दीहरू भाग्नु निश्चय नै निरंकुश सत्ताका लागि चुनौती थियो। त्यसैले वन्दीहरूलाई पक्राउ गर्न सेना परिचालन गरियो। गण्डकीको किनारमा दोहरो भीडन्त भयो। सेनाको घेरामा परेर दलबहादुर थापा र दुर्गा थापा समातिए।

## भैरहवा जेल विद्रोह

निरंकुश पञ्चायत व्यवस्थाको विरोधमा बोल्दा समेत ठिंगुरामा पर्नु पर्ने संगीन स्थितिमा सामन्तवादका नायकहरूको तीव्र आलोचना, निरंकुश व्यवस्थाको उत्पीडनको विरोध र प्रतिकारकासाथ हतियार उठाउन आव्हान गर्दै विप्लवकारी परिस्थिति निर्माण गर्न भूमिगत रूपमा काम गरिरहेका राजनैतिक पार्टीहरूको मुखपत्र, दस्तावेज जस्ता सामग्री जनताका सामु पुऱ्याउने काम अत्यन्तै कठिन थियो। यस्तै स्थितिमा नेकपा मालेको पार्टी मुखपत्र र अन्य सामग्री लिएर नेपाल भित्रिनु भएका मोदनाथ प्रश्रित सहित ९ जनालाई भैरहवामा गिरफ्तार गरियो। प्रशासनले राजकाज अपराध अन्तर्गत मुद्दा चलायो। ०३७ साल असारमा वहाँहरूलाई जेल चलान गरियो।

१५ फिट भन्दा अग्लो जेलको पर्खालबाट बाहिर निस्कन झ्यालको खापा जोडेर भरेङरू र बोराको सुतलीको डोरी तयार गर्ने र आवश्यक पर्ने विभिन्न सामग्री नाटकीय ढंगबाट जेलभित्र र बाहिर आदान प्रदान गरी सबै वन्दोवस्त योजनावद्ध रूपमा गर्नु र जेल बाहिर निस्कन सफल हुनु राजवन्दीहरूको उच्च मनोवल र आफ्नो आदर्श एवं निष्ठाप्रतिको दृढ अडान नै कारण हो। त्यो घटना ०३७ साल भदौ १ गते विहान ४ वजेको हो जसमा मोदनाथ प्रश्रित सहित ६ जना राजबन्दीहरू बाहिर निस्कन सफल हुनु भयो। दमनकारी निरंकुश सत्ताको गुप्तचर, प्रहरी प्रशासनलाई समेत गम्भीर चुनौती दिदै राजवन्दीहरूबाट जेल तोडेर बाहिर आएका घटनाबाट प्रजातन्त्र एवं वामपन्थी आन्दोलन अघि बढाउन उत्सर्ग र वलिदानका दृष्टिले समेत महत्वपूर्ण भूमिका खेल्न पुगेको छ। वामपन्थी नेता मोदनाथ प्रश्रितलाई पुनः पक्राउ गरी जेल सार्ने निहुँमा पोखरा लाने क्रममा स्याङ्जाको वालिङ्गमा र पछि काठमाडौं लैजाने क्रममा चरौंडीमा मोटर दुर्घटनामा पारी झण्डै झण्डै ज्यान लिएको कुरा पनि स्मरणीय छ।

## मेलमिलापको नीति र वीपी कोइरालाको प्रत्यागमन

०१७ सालको फौजीकाण्डपछि सुन्दरीजलको सैनिक घेरावन्दीमा कठोर जेलसजाय भोगिरहनु भएका वीपी कोइराला ०२५ साल कार्तिक १३ गते कारागार मुक्त हुनु भयो। राजाको कदमलाई स्वीकार गरे मात्रै देशभित्र बस्न पाइने स्थितिमा वीपीले अत्म निर्वासन रोज्नु अस्वभाविक भएन। त्यसैले वहाँ भारतमा निर्वासनमा रहेका प्रजातन्त्रवादी नेता/कार्यकर्ताहरूलाई एकत्रित र संगठित गरी नेपालको प्रजातन्त्रको पुनर्स्थापना संघर्षलाई अघि बढाउन भारतमा निर्वासित हुनु भयो। ०२९ सालको नेपाली काग्रेसको सशस्त्र संघर्ष पनि वीपीले भारतमै बसेर संगठित र परिचालित गर्नु भएको थियो। नेपाली जनताका सामिप्यमा रहन नपाउँदा पञ्चायती शासकहरूले नेपाली कांग्रेस र त्यसका नेता/कार्यकर्ता उपर विभिन्न लाञ्छना र भ्रम फिजाउने मौका पाए - त्यसको खण्डन देश भित्रैबाट हुन सकेन। विदेशबाट सशस्त्र आन्दोलन संचालन गर्नु नै पनि त्यति उचित र व्यावहारिक ठहरिएन। नेपाली जनताको ठूलो हिस्सालाई यसतर्फ प्रवाहित गर्न नसक्दा संघर्ष र आन्दोलनका सम्वन्धमा विविध भ्रामक जाल फिजाउँदै पञ्चायती सत्ता निरन्तर लागिरह्यो। जनता पनि एक प्रकारले तटस्थ नै बसे।

पञ्चायती संविधानको दोस्रो संशोधनपछि सुधारको बदला पंचायती व्यवस्था अझै दमनकारी र निरकुंश बन्दै गयो। ०३२ सालतिर देश आँधी आउनु अघिको आकाश जस्तै शान्त देखियो। तर विभिन्न राजनैतिक शक्तिहरू पञ्चायतले अख्तियार गरेको दमनकारी नीतिको वावजुद भूमिगत र खुला क्रियाकलाप अघि बढाउँदै थिए। तथापि ०३२ सालको विद्यार्थी आन्दोलनलाई दवाइएपछि मुलुकमा एक प्रकारले राजनीतिक शून्यता देखा पऱ्यो।

राष्ट्रिय राजनीतिको यस्तो अन्योलको स्थिति र उत्तरको सानो छिमेकी मुलुक सिक्किममाथि भारतले आफ्नो हैकम कायम गरेपछि नेपाली कांग्रेसका नेताहरू राष्ट्रिय मेलमिलापको सिद्धान्त प्रतिपादित गरी स्वदेश फर्किए। राष्ट्रियता खतरामा परेको तर्क राख्दै राजतन्त्र र प्रजातन्त्रको सामन्जस्यतामा नै राष्ट्रिय अस्तित्व जोगाउन सकिने मूल नारा सहित ०३३ साल पुस १६ गते गणेशमानसित अन्य सहयोगी सहित नेपाल फर्कनु भएका वीपी कोइरालालाई विमानस्थलबाटै हिरासतमा लिई पुनः सुन्दरीजल वन्दीगृह पुऱ्याइयो। वहाँमाथि राजद्रोह एवं देशद्रोहका विभिन्न अभियोग लगाइए। सोलु, ओंखलढुङ्गाको घटनादेखि विभिन्न समयमा भएका वम विस्फोटन, मुठभेड र हत्याका ७ अभियोग लगाइएका वीपीका मुद्दाहरूको तहकिकात गर्न छुट्टै विशेष अदालत गठन गरियो। राष्ट्र विप्लवका अपराधमा वहाँमाथि फाँसीको सजाय पनि हुन सक्थ्यो।

मुद्दाहरू पुर्पक्षका क्रममा रहेकै वखत ०३४ साल जेठमा स्वास्थ्योपचारका लागि वहाँलाई रिहाई गरियो र स्वास्थ्य परीक्षणका लागि वीपी कोइराला अमेरिका जानु भयो। उपचारका लागि हिरासत मुक्त गरिएपछि नेपालको राजनीतिक अवस्था वारे अमेरिकामा रहँदा वीपीले पटक पटक व्याख्या विश्लेषण गरी अमेरिकी प्रेस मार्फत विश्वको ध्यान नेपालप्रति तान्ने प्रयास गर्नु भयो। प्रजातन्त्र र

मानवअधिकारको पुनर्वहाली बारे वीपीको अडानमा परिवर्तन भएन। ०३४ कार्तिकमा वहाँ स्वदेश फर्कनु भयो। तर प्रायोजित रूपमा सरकारबाट पञ्च र वर्गीय संगठनका सदस्यहरूको नाममा मण्डलेहरूको भीड जम्मा गराई त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा वहाँको ठूलो विरोध गरियो। विमानस्थलबाटै वहाँलाई गिरफ्तार गरियो।

वन्दी प्रत्यक्षीकरणको रिट निवेदन सर्वोच्च अदालतमा परेपछि वहाँमाथि लगाइएका अभियोग बारे तहकिकात गर्न कडा प्रहरी सुरक्षाकासाथ विशेष अदालत हाजिर गराइयो। ०३४ साल फागुनमा वीपीलाई ४ वटा मुद्दाहरूबाट सफाई दिइयो। ओखलढुङ्गा-सोलुको घटनामा वहाँको संलग्नता अदालतले प्रमाणित गर्न सकेन। ४ वटा मुद्दाबाट सफाई पाएर दोस्रो पटक उपचारका निम्ति पुनः अमेरिका गएर फर्केपछि विमानस्थलमा वहाँको भव्य स्वागत गरियो। ७ वटा मुद्दामा ५ वटाको सफाई पाइसकेको र २ वटा मुद्दामा पनि साधारण तारिखमा मात्र रहनु भएका वीपीका लागि ०३३ सालमा स्वदेश फर्कदा वखतको जस्तो सङ्गीन स्थिति थिएन। त्यसैले वहाँ मुलुकको विभिन्न भागमा घुमी राजनीतिक जागरण ल्याउने र प्रजातन्त्र पुनस्थापनाको आन्दोलन अघि बढाउने काममा लाग्नु भयो।

देशको एक भागबाट अर्को भागमा आवत जावत गर्ने अधिकार समेत पंचायती कालमा नेपाली जनताले निर्वाध रूपमा उपभोग गर्न पाएनन्। त्यस प्रकारको हक अधिकारबाट वीपीले पनि पटक पटक वञ्चित हुनु पऱ्यो। ०३५ साल मंसीर १३ गते पश्चिमाञ्चल भ्रमणको सिलसिलामा पोखरा जाँदा त्यहाँ वीपीलाई उत्रनै दिइएन। त्यसैगरी ०३५ साल चैत्र १८ गते पनि वहाँ चढ्नु भएको विमान उत्रने क्रममा रहेको बेला कालो झण्डा बोकेर विमानस्थलमा पञ्चहरूले धावनमार्ग ढाकेर बसेका कारण हवाई जहाज काठमाण्डौ नै फर्कियो। यस पछि शान्ति सुरक्षा खलल पर्ने बहाना बनाई वागमती अञ्चल प्रशासनले वीपी कोइरालालाई काठमाण्डौ उपत्यकामा मात्रै बस्ने स्थानहरूको आदेश जारी गऱ्यो।

## क्याप्टेन यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड

ओखलढुङ्गा सशस्त्र संघर्षको नेतृत्व गर्नु हुने क्याप्टेन यज्ञबहादुर थापा ०३१ पुसमा पक्राउ पर्नु भएपछि वहाँलाई गोलघरको शासनाकासाथ केन्द्रीय कारागार काठमाण्डौमा थुनियो। विराटनगरमा ०३१ सालमा राजा वीरेन्द्रको सवारीमा भएको बम काण्डका अभियुक्त भीमनारायण श्रेष्ठ पनि गोलघरको यातनाबाट बच्नु भएन। उहाँहरू दुवैजना आफूमाथि फाँसीको सजाय कार्यान्वयन गर्ने दिनको प्रतीक्षामा हुनुहुन्थ्यो। वीपी कोइराला राष्ट्रिय मेलमिलापको नीति लिएर स्वदेश फर्कनु भएपछि वहाँहरू माथिको संगीन अभियोगको सजायमा परिवर्तनको अपेक्षा गरिएको थियो। तर स्थिति उल्टो भइदियो - नेताहरूलाई सफाई दिइयो, कार्यकर्ताहरू फाँसीमा चढाइयो।

२०३५ साल माघ २४ गते विहान यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई कारागारबाट निकालेर बाहिर लगियो। सैनिक पहराकासाथ राखिएका दुवै जनालाई राजासंग भेट गर्न लान लागेको बहानामा उपत्याकाबाट निकालियो। यसै बीच गल्ती स्वीकार गर्न र माफी माग्न लगाउने जस्तो किसिमबाट सैनिक अधिकारीहरूले वहाँहरूसंग कुराकानी गरे। राजाको मुकाम पोखरा रहेकोले कडा पहराकासाथ मोटरमा राखेर वहाँहरूलाई उपत्यका बाहिर लागियो। मुग्लिङ्ग पुगुन्जेलसम्म त राजासंग भेट गराउनै लगेको हो कि भन्न सकिन्थ्यो। तर जब त्यहाँबाट दक्षिणतर्फ गाडी हानियो, त्यसपछि भने अनिष्ट शंका यथार्थमा परिवर्तन हुने स्पष्ट भयो।

यज्ञबहादुर थापालाई चुरेको जङ्गल भित्राइएपछि फाँसीदिने स्थान कमला नदीको किनार तर्फ लगियो। उता भीमनारायण श्रेष्ठ चढ्नु भएको गाडी दक्षिण पूर्व हानिदै कोशी नदीको वगरमा गएर मात्र रोकियो। प्रजातन्त्रका लागि शाहादत प्राप्त गर्ने यी दुई व्यक्तित्वहरू निरंकुश शासन समक्ष झुक्नु भएन - माफी माग्नु भएन। आखिर ०३५ साल माघमा वहाँहरूलाई मध्यरातमा जङ्गल भित्र लुकेर गोली प्रहार गरी मृत्युदण्डको सजाय कार्यान्वियन गरियो।

## जनमत संग्रहको घोषणा र त्यसको परिणाम

०३६ साल जेठ १० गते विहान जनमत संग्रहको घोषणा भएपछि राजनीतिक क्षेत्रमा विभिन्न प्रतिक्रियाहरू जन्मिए। सुधारवादी राजनीतिक बाटो समात्ने मध्यमार्गी पार्टीहरूका लागि यो चिताउँदै नचिताएको कुरा भयो। आमूल परिवर्तनकारी शक्तिहरूले यसलाई धोका भने। केही वामपन्थी पार्टीहरू सशर्त यसका पक्षमा उभिए। नेपाली कांग्रेसका नेताहरूले यस घोषणालाई हार्दिकतापूर्वक स्वागत गरे। पञ्चहरूका लागि यो निगाहपूर्वक प्राप्त अवसर भयो। आ-आफ्नै राजनीतिक आदर्श निष्ठा, बाटो र गन्तव्य अनुसार जनमत संग्रहको घोषणाको स्वागत र आलोचना भयो। झट्ट हेर्दा जनताको स्वविवेक र मतले राजनीतिक व्यवस्था छान्ने कुरो - यो ज्यादै उत्कृष्ट र प्रजातान्त्रिक अभ्यास हो। तर यो कसका मातहत कसरी संचालन गरिन्छ भन्ने कुराबाटै यसको परिणाम पनि निर्भर गर्ने हुनाले विश्वसनीय आधारविना चुनाव वा मत संग्रहको औचित्य पुष्टी गर्न गाह्रो पर्न जान्छ। त्यसबेला नेपालमा पञ्चहरूको शासन थियो। पञ्चायतका गाउँदेखि राष्ट्रिय तहसम्मका संगठित निकाय, पञ्चायतको प्रशासनिक संयन्त्र र राष्ट्रिय स्रोतको दुरूपयोग हुँदैन भन्ने कुराको कुनै आधार थिएन। स्वतन्त्र र निष्पक्ष हुनसके मात्रै जनमत संग्रह उत्कृष्ट प्रजातान्त्रिक अभ्यास ठहरिने भएकाले धाँधलीरहित होला भन्ने आशा गरे पनि आधार भने थिएन। यसको घोषणापछि मुलुकमा नयाँ वातावरणको सिर्जना भयो।

जेठ १० गतेपछि परिणामको पक्ष विपक्षमा स्वागत आलोचना गरी जनमत सिर्जना गर्न राजनीतिक पार्टीहरू,

पञ्चहरू र पत्रपत्रिकाहरू पनि कटिवद्ध भएर लागे। १६ गते १५ सदस्यीय राष्ट्रिय चुनाव आयोगको गठनबाट भने यसको संचालन कसरी होला भन्ने पूर्वाभ्यास गर्न गाह्रो नपर्ने भयो। खेल दुईपक्षका वीच भइरहेको थियो - निर्णायक मण्डल ( एम्पायर) भने निष्पक्ष होइन एक पक्षीय भयो।

अञ्चलाधीशहरूको नियुक्ति र अदलवदल गर्ने काम गरियो। नयाँ प्रधानमन्त्री नियुक्त भए जो आफूलाई उदारवादी हुँ भन्थे। नयाँ मन्त्रिमण्डल बन्यो। ०३९ जेठ १६ गते विचार अभिव्यक्तिको व्यवस्था केही खुकुलो गरिएको विज्ञप्ति प्रकाशित भए पनि राजनैतिक दल वा दलगत राजनैतिक उद्देश्यले प्रेरित भएको संगठन, संघसंस्था खोल्न नपाउने वन्देज कायमै रहेकोले राजनीतिक पार्टीहरू प्रतिवन्धित नै रहे। शिक्षकहरू र विभिन्न वैंक तथा संस्थानका कर्मचारीहरूले पेशागत हकहितको लागि उठाएका आन्दोलनहरू विना उपलब्धि दवाइए।

राष्ट्रिय पञ्चायतको अधिवेशन चल्दै थियो - त्यसले वहस गर्ने र पारित गर्ने नीतिहरूमा केही फरक आएन। पञ्चभेला गरेर दरवारबाट संरक्षित पञ्चहरू जनमत संग्रहको मुकाविला गर्न तयार थिए। निर्दलवादीहरूको सरकार भएकोले राष्ट्रिय प्रचार संयन्त्र उनीहरूकै हातमा थियो। त्यस्तो एक पक्षीय स्थितिमा वहुदलवादीहरू जनमत सिर्जना गर्न देशव्यापी दौडमा लागे। ०३६ साउन २८ गते बहुदलीय राजनैतिक सम्मेलन गर्ने भनेर इन्दचौकमा वृहत बैठक आयोजना गरियो। तर नेपाली कांग्रेसका नेताहरू विशेष कारणवस भनेर उपस्थित भएनन्। केही वामपन्थी राजनीतिक पार्टीहरूले ०३६ भाद ६ गते वक्तव्यमा वस्तुस्थितिको विश्लेषण गर्दै जनमत संग्रह निष्पक्ष गर्न ५ वटा पूर्वाधारको माग गरे। माग पूरा गराउन भाद २४ गते देशव्यापी आन्दोलनको आव्हान पनि गरियो। बहुदलको पक्षमा आयोजना गरिएका प्रचार सभाहरूमा भाषण गर्न वरिष्ठ नेताहरू वीपी कोइराला, गणेशमान सिंह, मनमोहन अधिकारी, टंकप्रसाद आचार्य, डिल्लीरमण रेग्मी आदि सक्रिय भए। यसै क्रममा स्याङ्जामा वीपी कोइराला प्रचार सभामा भाग लिन जानु हुँदा घातक हमला गरियो। गोरखाको वाहपिर्केमा केशरजङ्ग रायमाझी, कृष्णप्रसाद भण्डारीहरू ज्यान जोगाएर भाग्नु पर्‍यो। भैरहवामा रविन्द्रनाथ शर्मालाई मोसो दली जुत्ताको माला लगाएर घुमाइयो। हेटौडामा गणेशमान सिंहमाथि त्यस्तै घातक हमला भयो।

जनमत संग्रहको घोषणा भएपछि देशमा सिर्जना भएको लुट खसोट, वनजङ्गल विनास, आयात निर्यातका लाइसेन्समा घोटाला जस्ता कुराबाट निर्दलीय पक्षले मुलुकको अर्थतन्त्रको सर्वनास गरी जनमतका लागि अपार धनराशी संग्रह गर्‍यो। देशमा विद्यमान स्थितिलाई हेर्दा जनमत संग्रह गरिन्छ भन्ने कुरा नै पनि निश्चित थिएन। यस्तै अन्योलको परिस्थितिमा ०३७ वैशाख २० गते जनमत संग्रह गरिने भनेर ०३६ चैत २० गते राष्ट्रिय चुनाव आयोगले घोषणा गर्‍यो। यसैबीच फौजदारी मुद्दा लागेका बाहेकलाई आममाफी दिएको घोषणा गरियो। अधिकांश राजनैतिक नेता कार्यकर्ताहरूलाई विभिन्न फौज्दारी अभियोगमा फसाइएको स्थितिमा छुट्नु पर्ने कयौ आस्थाका वन्दीहरू जेलमै रहेका भए पनि निर्वासित नेताहरूको प्रत्यागमन र स्वदेशकै कारागारबाट निकै वन्दीहरू मुक्त भए।

वैशाख २० गते जनमत संग्रहका लागि पञ्चायत व्यवस्था कायम राखी सामयिक सुधार गर्दै जाने अथवा त्यसको वदला बहुदलीय शासन व्यवस्था स्थापना गर्ने भन्ने प्राप्त विकल्प मध्ये वहुदलीय पक्षमा मतदान जुन उत्साहकासाथ भयो ०३७ जेठ १ गते प्रकाशित नतिजा सुन्दा प्रजातन्त्रप्रेमी जनता चकित भए। निर्दलको पक्षमा ५४.७९ प्रतिशत र वहुदलीय शासन व्यवस्थाको पक्षमा ४५.२१ प्रतिशत मतदान भएको नतिजा घोषणा गरियो। बहुदलवादी सवै राजनीतिक शक्तिहरू एकतावद्ध भई जनमतमा जान सकेको भए निर्दलवादीहरुद्वारा एकपक्षीय सत्ताको दुरूपयोग गरी जुन धाँधली गरे त्यसको प्रतिकार गर्न सजिलो हुन्थ्यो। तर त्यो भन्दा पनि निरंकुश तानाशाही शासन व्यवस्था अन्तर्गत जनमत संग्रह जस्तो प्रजातान्त्रिक अभ्यास निष्पक्ष रूपमा सम्पन्न होला भन्ने आशा गर्नु नै गलत थियो। तर पनि जनमत संग्रहको दौरानमा तानाशाही निरंकुश व्यवस्थाका विरुद्ध व्यापक प्रचार आन्दालेन संचालन गरी गाउँ गाउँसम्म यसका प्रतिगामी चरित्र र काम कारवाहीलाई उदाङ्गो पार्ने जुन काम भयो, त्यसबाट प्रजातान्त्रिक आन्दोलन अघि बढाउन निकै ठूलो मद्दत पुर्‍यायो। निर्दल र बहुदल वीच ध्रुवीकरण भएको जनमत र विभाजित जनताको मनस्थिति जतिसुकै सुकिला कुरा गरे पनि, जतिसुकै दमन गरे पनि पञ्चायत उन्मुख गराउन नसक्नु र निर्णायक आन्दोलन उठाउन जनतालाई एकतावद्ध गर्ने काममा राजनैतिक शक्तिहरू सफल हुनु जनमत संग्रहको सकारात्मक पक्ष हो।

### ऋषि देवकोटा आजादको हत्या

०२८ मंसीरमा वामपन्थी एकताको दिशामा पहल गर्दै गठन भएको केन्द्रीय न्यूक्लसबाट सकारात्मक प्रभाव पार्न नसकेपछि मोहन विक्रम सिंह पक्षले ०३१ भदौंमा चौथो महाधिवेशन गरे। चौथो महाधिवेशन भनेर त्यतिखेर निकै चर्चित यो समूह त्यत्तिकै शक्तिशाली पनि ठानिन्थ्यो। तर यसले आफ्नो प्रभावलाई विस्तार र सुदृढ गर्दै एकतावद्धरूपमा अघि बढ्नुको सट्टा चरम गुटवन्दी र मतभेदबाट गुज्रनु पर्‍यो। भनिन्छ यही गुटवन्दी र मतभेदकै कारण केन्द्रीय सदस्य ऋषि देवकोटा "आजाद" ०३७ फागुन १० गते परिचित व्यक्तिकै घरबाट रहस्यमय रूपमा गिरफ्तारीमा पर्नु भयो। प्रशासनले वहाँलाई वर्वर यातनाकासाथ सिन्धुली चलान गर्‍यो। सिन्धुलीको सदरमुकाम पुर्‍याउनु अघि नै ०३७ फागुन १२ का दिन भीमानमा गोली ठोकी वहाँको हत्या गरियो। हत्या गरेपछि निरंकुश शासनले शहीदको लाश सित पनि वदला नलिई छाडेन - वहाँको मृत शरीर टुक्राटुक्रा पारेर काटियो र मट्टितेल खन्याएर आगो लगाइयो। वर्वरताको त्यो दृश्य हेरेर जनता

आतंकित बनून् भन्ने उद्देश्यले पूरा जलाउँदै नजलाई लाशलाई त्यसै छोडियो।

वहाँको हत्या गरिएको निश्चित भएपछि वहाँकी श्रीमती गोमा देवकोटाले वन्दी प्रत्यक्षीकरणको रिट निवेदन सर्वोच्च अदालतमा दर्ता गराउनु भयो। नयाँ नेपाल निर्माण गर्ने सपना बोकेर समर्पित ऋषि देवकोटा जस्ता राजनीतिक नेताको हत्या गरेको स्वीकार गर्ने कुरा परै जाओस् वन्दी प्रत्यक्षीकरणको रिटमा सर्वोच्च अदालतबाट भएको आदेशमा वहाँलाई गिरफ्तार नै गरिएको हैन भनेर प्रशासनले जवाफ दियो।

## राजनैतिक हत्याका यी केही घटनाहरू

१. ०३० साल साउन २० गते झापाको गरामुनि, नडियावाडी गाउँमा राजनैतिक संगठन कै सिसिलामा भेला भएका कोअर्डिनेशन केन्द्रसंग सम्वन्धित वामपन्थी नेताहरूलाई पक्राउ गरियो र आँगनमै गोली हानेर मारियो। यसै दिन राधाकृष्ण मैनाली, नारद वाग्ले र नरेश खरेल पक्राउ पर्नु भयो। नख्खू जेल तोडेर फरार भएपछि पुन समातिदा पथलैयाको जंगलमा नरेश खरेल झण्डै प्रहरीबाट मारिनु भएको थियो।

२. ०३० साल कार्तिक ४ गते विहान झापाको वुधवारेमा रामप्रसाद प्रधान र दुर्गाप्रसाद अधिकारीलाई एउटै ओछ्यानमा सुतिरहेका बखत पक्राउ गरी अधिकारीकै अगाडि काँचो बासको सुइराले रोपेर वर्वरतापूर्वक रामप्रसाद प्रधानको हत्या गरियो। वहाँहरू झापा आन्दोलनसंग सम्बद्ध हुनुहुन्थ्यो।

३. वामपन्थी आन्दोलन दमन गर्न झापा संघर्षपछि धनकुटाको छिन्ताङमा व्यापक रूपमा सैनिक अप्रेसन गरियो। ०३६ साल कार्तिकमा छिन्ताङ हत्याकाण्ड भनेर चिनिने यो घटनामा खास गरी तत्कालीन नेकपा मालेसंग सम्वद्ध थुप्रै कार्यकर्ताहरूले शाहादत प्राप्त गरे। जनमत संग्रहको घोषणा गरिएपछि देशभरि पञ्चायती शासकहरूले ठाउँठाउँमा वामपन्थी आन्दोलनप्रति प्रतिवद्ध कयौं कार्यकर्ताहरूको हत्या गरे। धनकुटाको छिन्ताङ, आँखिसल्ला, खोकु, वेलारा गाउँहरूमा शोषक सामन्तहरूसंग मुठभेड गर्न तत्कालीन नेकपा मालेको नेतृत्वमा पहल र अगुवाई गरिएको कारण त्यहाँ पार्टी एक्सनका काम पनि भए। छिन्ताङ र खोकुमा लुटपाट मच्चाउने काम समेत प्रहरी प्रशासनबाट भयो। यस घटनामा एउटा गर्भे बालक सहित १७ जनाको पञ्चायती शासकले पाशविक वर्वर दमनकासाथ हत्या गरे।

४.०३६ साल कार्तिकमा जनकपुर अञ्चलमा प्रशासनले संचालन गरेको अप्रेशन अन्तर्गत वामपन्थी विचार बोकेर अघि बढ्नु भएका दुर्गा सुवेदीलाई गिरफ्तार गरियो। वहाँलाई चारै हात खुट्टा काटी दाउराको खलियोमा सुताई मट्टितेल खन्याएर आगो लगाइयो। सेनाका जवानहरू वहाँको शरीर खरानी नहुन्जेल बसिरहे।

५. ०३४ सालदेखि वारेन्ट गरी भूमिगत हुन वाध्य हुनु भएका दलबहादुर रञ्जन सिन्धुलीको कमला खोंच गाउँको मडाहा जङ्गलमा बसिरहेको सुराक १५ हजारको लोभमा आफ्नै साइनो पर्ने व्यक्तिबाट प्रहरीलाई दिएपछि राती वहाँ सुतिरहेको बेला सो ठाउँमा घेरा हालियो। वहाँ घेरा तोडेर उम्कन सफल भए पनि गोली लाग्नबाट भने बच्न सक्नु भएन। पाँच राउण्डसम्म गोली चल्दा वचे पनि छैठौं राउण्ड गोली हातमा लागेपछि भूइँमा ढल्नु भयो। अरू थप २ राउण्ड गोली छातीमा हानेर वहाँको हत्या गरियो।

६. ०३६ साल कार्तिक ११ गते पूर्वाञ्चल सैनिक अप्रेसन अन्तर्गत ऐलुन पक्राउ पर्नु भयो र गोली ठोकी वहाँको हत्या गरियो। हत्यापछि वहाँको शरीर टुक्रा टुक्रा पारेर कमला नदीको वगरमा फालियो।

७. ०३६ साल कार्तिक १४ गते साँझ अपहरणबाट प्रहरीको पञ्जामा पर्नु भएका रामलखन यादवलाई फर्सा र भाला प्रहार गरी हत्या गरियो।

८. कृष्णबहादुर रानालाई ०३६ साल असोज ६ गते विहान गोली हानेर हत्या गरियो। ३ हजार भन्दा बढी जनता एकत्रित भएर वहाँको लाश खोसेर लिई कम्युनिष्ट पार्टीको रातो झण्डा ओढाएर दाहसंस्कार गरिएको थियो।

९. ०३५ साल पुस १४ गते संखुवासभामा हरि नेपाल र चन्द्रबहादुर पुरीको हत्या गरियो। वहाँहरू दुवै कोअर्डिनेशन केन्द्रको राजनीतिक संगठन निर्माण र विस्तार गर्ने कार्यमा सक्रिय हुनुहुन्थ्यो।

१०. पार्टीको कामको सिलसिलामा इलामको इभाङ गाउँको सेल्टरबाट विहान आफ्ना सहयोगी सहित रत्नकुमार वान्तवा निस्किदा प्रहरीसंग जम्काभेट भएपछि लड्दा लड्दै उहाँलाई प्रहरीले गोली प्रहार गऱ्यो। सँगै रहनु भएकी सुशीला श्रेष्ठ पक्राउ पर्नु भयो। २/३ घण्टासम्म प्राण जान नसकेर छटपटाइरहनु भएका वान्तवाको त्यो दर्दनाक दृश्य प्रहरीहरू चुपचाप हेरिरहे। देउमाई नदीको किनारमा रत्नकुमार वान्तवाले शाहादत प्राप्त गर्नु भएको यो घटनालाई वामपन्थी आन्दोलनमा संघर्ष र बलिदानको प्रतीकका रूपमा पनि लिने गरिन्छ।

११. विभिन्न समयमा संघर्षको मोर्चामा डट्दा रामप्रित यादव, बालेश्वर राय, झप्सी मण्डल, बमप्रसाद वान्तवा, मञ्जुल अहमद, भोला साह, असर्फी साह, खगेन्द्र राई, अनिल राई, अमर पौडेलले शाहादत प्राप्त गर्नु भयो।

११. झापा संघर्षको दौरान पक्राउ पर्नु भएका निम्न लिखित योद्धाहरू जेलको बर्बर यातना र औषधोपचारको अभावमा जेल भित्रै शहीद हुनु भयो :

| | | |
|---|---|---|
| १. | हरिकृष्ण चौधरी | - ०३२ साल वीरगञ्ज जेल |
| २. | विरजु चौधरी | - ०३२ साल वीरगञ्ज जेल |
| ३. | हेम बहादुर खड्का | - ०३२ साल वीरगञ्ज जेल |
| ४. | भेटला राजवंशी | - ०३५ साल केन्दीय कारागार |
| ५. | छविलाल राजवंशी | - ०४६ साल भद्रगोल जेल |

## पिस्करको जघन्य गोली काण्ड

सोझो हिसावले आफ्नो विरोध र अभिव्यक्ति गर्ने बाटो थुनिएपछि जनता घुमाउरो तरिका पनि अगाल्न पुग्छन्।

राजनीतिक, आर्थिक, सांस्कृतिक रूपले शोषित समाजलाई मुक्तिको बाटोमा अग्रसर गर्न सबै क्षेत्रमा संघर्षका आ-आफ्नै तौर तरिका अपनाउनु पर्ने हुन्छ। यस्तै राजनीतिक रूपमा सचेत गर्न र जनतालाई संगठित गर्ने अवसरलाई हरप्रयत्नले उपयोग गर्नु पनि जरूरी हुन्छ। माघे संक्रान्ति, तीज, द्यौसी जस्ता पर्वहरूमा दमन गरिएका घटना थुप्रै छन्। त्यस्तै दमनको पराकाष्ठाको एउटा उदाहरण पिस्कर हत्या काण्ड पनि एक हो।

०४० साल माघ १ गते माघे संक्रान्तिका दिन मेला भर्न सिन्धुपाल्चोकका जनता पिस्करमा भेला भए। त्यसै अवसरमा जनतालाई राजनीतिक रूपमा सचेत र जागरूक पार्ने प्रयत्न गर्नु जरूरी ठानेर नेकपा मालेसंग सम्बद्ध राजनीतिक व्यक्तिहरूको समेत संलग्नतामा जनपक्षीय सांस्कृतिक कार्यक्रमको आयोजना गरियो। यो सांस्कृतिक कार्यक्रमलाई निरंकुश सत्ताले आफ्नो गद्दी नै गुम्न जाने घटनाको रूपमा लियो। कार्यक्रम हेरिरहेका वखत प्रहरीले चारैतिरबाट घेराउ गरी अन्धाधुन्द गोली चलायो - इले थामी र वीरबहादुर थामीको घटनास्थलमै मृत्यु भयो। यसै कार्यक्रम र घटनालाई निहुँ बनाई प्रशासनले धरपकड र दमन चलायो। सरेश नेपाल, छत्रबहादुर वोहरा, सावित्री वोहरा आदिलाई राजकाज मुद्दा लगाई जेल चलान गरियो। संघर्षको यो घटनाले स्थानीय सामन्तहरू र प्रशासन पूरै नाङ्गिए। अधिक संख्यामा थामी जनजातिको बसोवास भएको यस क्षेत्रका शोषित पीडित जनतालाई प्रजातन्त्र प्राप्तिको संघर्षमा होमिन यस घटनाले अझ सशक्त र संगठित हुने प्रेरणा प्रदान गर्‍यो।

## सुरजपुराको घटना र यादवनाथ आलोकको हत्या

पञ्चायत विरोधी राजनीतिक नेता वा कार्यकर्ताको दमन र हत्याका घटनाहरूमा सरकार आफै प्रत्यक्ष रूपमा सामेल भएको नदेखाई पेशेवर अपराधी, गुण्डा र सके भीडलाई उक्साई आफ्नो मनसाय पूरा गर्ने गरेका घटनाहरू मध्येकै एक घटना सुरजपुरा घटना पनि हो। लुम्बिनी अञ्चल निरंकुश व्यवस्थाको पक्षपोषण गर्ने भनेर चिनिएका बदनाम व्यक्तिहरूको आतंकबाट भयक्रान्त थियो - त्यहाँ, हत्या लुट, डकैती जस्ता घटना सामान्य रूपमा घटिरहन्थे। जो शासनमा सामेल थिए तिनीहरू नै अपराध कर्ममा सामेल हुन्थे। यस्तै स्थितिमा नेपाली कांग्रेसको सांगठनिक कामको सिलसिलामा महामन्त्रीका रूपमा गिरिजाप्रसाद कोइराला रूपन्देहीको सुरजपुरा पुग्नु भयो। यो ०४० फागुन २० गतेको दिन थियो।

नेपाली कांग्रेस रूपन्देही जिल्लाका अध्यक्ष पुष्पानन्द गिरीका घरमा कार्यकर्ताको शान्तिपूर्ण भेलामा पार्टीको सांगठानिक र नीति कार्यक्रम बारे सामान्य छलफल चलिरहेका बखत एक्कासी ठूलो हिंस्रक भीडले चारैतिरबाट घेरेर आक्रमण गर्‍यो। बन्दुक, भाला, खुकुरी लिएको भीडको आक्रमणबाट नेपाली कांग्रेसका जिल्ला सदस्य यादवनाथ आलोक सख्त घाइते हुनु भयो। वुटवल अस्पतालमा उपचार गर्दा गर्दै ०४० फागुन २१ गते वहाँको निधन भयो।

## वामपन्थी नेता सूर्यनाथ यादवको हिरासतमा हत्या

चौथो महाधिवेशनका नाममा एकीकृत र पुनर्गठित भएको नेपाल कम्युनिष्ट आन्दोलनको एउटा समूह गुटगत मतभेद र संकीर्णताका कारण पुनः विभाजित भएपछि ०४० सालमा सिराहाको निर्दना गाउँमा परस्पर नराम्रो झडप भयो। यस घटनालाई लिएर वामपन्थी नेता सूर्यनाथ यादव पनि विवादमा पर्नु भयो। आपसको शत्रुवत अन्तरविरोध र झगडाबाट फाइदा उठाएर प्रशासन यादवलाई गिरफ्तार गर्न सफल भयो। प्रशासनको पञ्जामा पर्नु भएपछि सूर्यनाथ यादव उम्कन सक्नु भएन। वहाँ हिरासतबाटै वेपत्ता पारिनु भयो। त्यसको अर्थ वहाँ मारिनु भयो। प्रहरीको वन्दुक खोस्न आएकोले सुरक्षाको निम्ति गोलिचलाउनु पर्‍यो भनेर आम राजवन्दीहरू सरहको झूठो विज्ञप्ति भने त्यसपटक गृह मन्त्रालयले प्रसार गर्न सकेन।

## नेपाली कांग्रेसको सत्याग्रह - ०४२

जनमत संग्रहपछि नेपालको राजनीतिमा अपेक्षा गरिएको खुकुलो वातावरणको त कुरै छोडौ जनताद्वारा अनुमोदित व्यवस्थाको रूपमा पञ्चायतले झन् बढी तानाशाही चरित्र देखाउँदै गयो। यसै क्रममा नेपाली कांग्रेसले सत्याग्रह गर्ने कार्यक्रमको घोषणा गर्‍यो। मानवअधिकार र प्रजातन्त्रको पुनर्वहालीको लागि मुलुक छटपटाइरहेको अवस्थामा नेपालमा राजनीतिक दलमाथिको प्रतिवन्ध हटाई नागरिकहरूका नैसर्गिक मानवीय मौलिक हकहरू अकुण्ठित राख्ने प्रजातन्त्रको स्थापना, प्रेस स्वतन्त्रता र राजवन्दीहरूको रिहाई जस्ता कुराहरू नेपाली कांग्रेसले प्रारम्भ गर्ने सत्याग्रहका क्रममा नेपाली प्रेस र जनस्तरमा निकै चर्चामा आए।

नेपाली कांग्रेसको ०४१ सालको अधिवेशनद्वारा स्वीकृत सत्याग्रहको कार्यक्रमलाई तुरून्त कार्यान्वयन गर्ने कुरा आधिकारिक रूपमा जनाइएपछि कार्यवाहक अध्यक्ष कृष्णप्रसाद भट्टराईबाट राजनीतिक, आर्थिक, सामाजिक एवं सांस्कृतिक स्तरमा मुलुकको विग्रदो अवस्था र देशवासीले दिनप्रतिदिन भोग्नु परेका विभिन्न समस्यालाई ध्यानमा राखी यसको शान्तिपूर्ण समाधानका लागि ०४२ जेठ १० गतेदेखि देशव्यापी सत्याग्रह आन्दोलन प्रारम्भ गर्ने निश्चित गरिएको अपिल प्रकाशित गरियो। सत्याग्रहलाई सघाउन नेपाल विद्यार्थी संघका अध्यक्ष वलबहादुर के.सी. को संयोजकत्वमा १३ सदस्यीय "एक्सन कमिटी" गठन भयो।

सत्याग्रहको कार्यक्रम घोषित गरिए अनुसार जेठ १० गते ९ बजे विहान, सिंहदरवार मूल ढोका, सर्वोच्च अदालत र डिल्ली बजार चारखालमा धर्ना दिने, जेठ १२ गते आमसभा र बेलुकी बत्ती निभाउने कार्यक्रम रह्यो। सरकारले सत्याग्रह गर्ने पक्षसित सम्वाद गर्ने सामान्य राजनीतिक शिष्टाचारसम्म नदेखाई दमनमा उत्रने नीति अख्तियार गर्‍यो - जे जस्तो स्थिति अगाडि भए पनि घोषित कार्यक्रम अनुसार सत्याग्रह शुरू भयो।

जेठ १० गते सत्याग्रह प्रारम्भ हुने दिन ८ बजे नै

सम्पूर्ण कर्मचारी कार्यालय पुगिसक्नु पर्ने उर्दी सरकारले जारी गऱ्यो र कुनै विदा लिन नपाउने समेत परिपत्र गऱ्यो।

वामपन्थी समूह वीच सत्याग्रहले मिश्रित प्रतिक्रिया जन्मायो। मनमोहन अधिकारी, विष्णुबहादुर मानन्धर आदिले नेतृत्व गर्नु भएको ५ वामपन्थी समूहहरूको ०४२ वैशाख २३ गते बसेको बैठकले राजनैतिक पार्टीहरू माथिको प्रतिवन्ध फुकुवा, वहुदलीय व्यवस्थाको स्थापना, प्रेस तथा वाक स्वतन्त्रता आदि मौलिक अधिकारको स्थापना र राजनैतिक वन्दीहरूको रिहाइको माग गर्दै सत्याग्रहलाई समर्थन गरे।

९ गतेदेखि नै सत्याग्रह कार्यक्रम असफल पार्न देशव्यापी धरपकड शुरू भयो। जनकपुर, पोखरा, दमौली, वीरगञ्ज, चितवन आदि ठाउँमा सत्याग्रहमा सम्मिलित नेपाली कांग्रेसका कार्यकर्ताहरू ठूलो संख्यामा गिरफ्तार भए। धरपकड र दमनले जस्तो सुकै रूप लिए पनि आफ्नो माग पूरा नहुन्जेल लड्ने प्रतिवद्धता सत्याग्रहीहरूले पटकपटक दोहऱ्याए। काठमाण्डौ उपत्यकामा गिरफ्तार गरिएका नेपाली कांग्रेसका कार्यकर्ताहरूलाई उपत्यका बाहिरका जेलमा लगियो।

वामपन्थीहरूले आफ्नै छुट्टै कार्यक्रम प्रकाशमा ल्याएर सत्याग्रहलाई सघाउने निर्णय गरे। १४ गतेको नेपाल बन्द सफल भयो। सत्याग्रहको समर्थनमा भाषण गर्ने वामपन्थी नेताहरू धमाधम गिरफ्तार भए। नेपाली कांग्रेसले नेतृत्व गरेको यस सत्याग्रहमा आफ्ना ५ हजार भन्दा बढी सत्याग्रहीहरूले गिरफ्तारी दिएको कुरा पार्टीले प्रकाशमा ल्यायो। देशका विभिन्न भागमा बम विस्फोटन भएको कारण नेपाली कांग्रेसले असाढ ६ गते सत्याग्रह फिर्ता लियो।

## बम विस्फोटन - ०४२

नेपाली कांग्रेसले प्रजातन्त्र पुनःस्थापनाको लडाईमा सत्याग्रह जस्तो नितान्त अहिंसात्मक आन्दोलन संचालन गरिरहेका वखत शुरू भएको राष्ट्रिय पञ्चायतको अधिवेशनमा सम्वोधन गर्ने क्रममा राजाले नेपाली कांग्रेसको सत्याग्रहको प्रतिकार गर्न पञ्च कार्यकर्ताहरूलाई आव्हान गरे। व्यवस्था विरोधी भनिने राजनीतिक शक्तिसंग सम्वाद चलाउन परिष्कृत र शिष्ट प्रजातान्त्रिक आचरण पञ्चायतका नायकहरूबाट पालना नगरिनु अनौठो होइन। सत्याग्रह आन्दोलनलाई दवाउन हरहथकण्डा प्रयोग गरिरहेको स्थितिमा ०४२ साल असार ६ गते अकस्मात बम विस्फोटनको घटनाले परिस्थितिलाई गम्भीर मोडमा उभ्याइदियो।

यसरी सत्याग्रह आन्दोलन चलिरहेका वखत घटेको यस अप्रत्याशित घटनालाई दृष्टिगत गरी नेपाली कांग्रेसले आन्दोलन स्थगित गऱ्यो। राष्ट्रिय पञ्चायतको विशेष बैठक असार ८ गते राती बस्यो , पञ्चहरू वक्तव्यवाजीद्वारा यस घटनाको निन्दा गर्न थाले भने धरपकड र गिरफ्तारी पनि तीव्र पारियो। यसै वीच शुरूमा संयुक्त मुक्ति वाहिनीले पर्चा प्रकाशित गरी जिम्मेवारी लिएको भएता पनि यो घोषित कुनै राजनैतिक संगठन भएको यस अघि कसैलाई थाहा थिएन। केही दिनमै जनवादी मोर्चाले बम विस्फोटन बारे आफ्नो जिम्मेवारी लिएको जानकारी दियो। सयौं व्यक्तिहरू गिरफ्तार गरिए। यस घटनामा संलग्न रहेकाहरूलाई दमन गर्न राष्ट्रिय पञ्चायतले विध्वंशात्मक अपराध, गतिविधि नियन्त्रण गर्ने ऐन बनाई जनवादी मोर्चाका अध्यक्ष रामराजाप्रसाद सिंह, उपाध्यक्ष लक्ष्मणप्रसाद सिंह र महासचिव खेमराज मायालुलाई उहाँहरूको अनुपस्थितिमै मृत्युदण्डको सजाय घोषित गरियो। यसै घटनामा पक्राउ परेका डा. लक्ष्मीनारायण झा, ईश्वर लामा, पदम लामा, महेश्वर चौलागाई र साकेत मिश्र आदिलाई हिरासतबाटै गायव पारियो। अहिलेसम्म हिरासतबाटै हराएका ती राजवन्दीहरू वारे यकिन जानकारी लिने काममा कुनै चासो सरकारले देखाएको छैन। जनवादी मोर्चाले जिम्मेवारी स्वीकार गरेको यो बम काण्डबारे विस्फोटनको स्थान र घटनालाई समेत विश्लेषण गर्दै आन्दोलन दमन गर्न सरकारबाटै गराएको हुन सक्ने भनेर पनि भनियो।

## नेपालको शरणार्थी समस्या र लक्ष्मी पाण्डेको हत्या

८ जुलाई १९८७ देखि भारतको मेघालयमा भड्किएको उग्र जातिवादी दङ्गाको परिणाम त्यहाँ पुस्तौंपुस्तादेखि बसोवास गरिरहेका नेपाली मूलका भारतीयहरू आफ्नै देशबाट विस्थापित हुने दुःखद स्थिति आइपऱ्यो। खासगरी "नेपाली धपाउ" अभियान संचालन भएपछि १ लाख व्यक्ति घरवार विहीन भए। ६० जना महिलामाथि वलात्कार भएको, ८३ जना हराएको र १ सय २५ जना अमानुषिक यातनाद्वारा मारिएका विवरणहरू प्रकाशमा आए। घरघरमा आगो लगाइएको, गाईवस्तु गोठमा बाँधिएका बखत आगो लगाएर डढाइएको आदि कारणबाट समेत डेढ अरब भारतीय रूपियाको नोक्सानी हुन गएको आकलन चर्चामा आयो। मानवता विरोधी जातिवादी त्यस उग्र हिंसाबाट नेपालमा पनि तीव्र प्रतिक्रिया र रोष जन्मनु अस्वभाविक भएन। अन्तर्राष्ट्रिय कानून र प्रचलन अनुसार अमान्य तरिकाले नागरिकताबाट समेत वञ्चित भारतीय मूलका ती नेपालीहरू नेपालतर्फ ओइरिए। यसले गर्दा अन्तर्राष्ट्रिय कानून अनुसार समस्या सुल्झाउन भारत सरकारलाई दबाव दिन नसकेकोमा विरोध गर्दा मानवअधिकार तथा प्रजातन्त्रवादी ४ वटा संस्था पञ्चायतको विरुद्ध ओर्लिए। यसै क्रममा प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चको समेत आव्हानमा ०४४ साल मंसिर २७ गते देशव्यापी प्रदर्शनको आयोजना गरियो। नेपाली माथि गरिएको थिचिमिचो र उत्पीडनका विरूद्ध नेपाली जनता वीच एउटा लहर सिर्जना गर्न समर्थ यस प्रदर्शनको सिलसिलामा झापाको सुरुङ्गामा पनि विरोध प्रदर्शन र आमसभाको आयोजना गरियो।

सुरुङ्गाको आमसभामा भाग लिएर घर फर्किरहेका बखत माइखोलाको बगरमा आइपुगेपछि प्रहरीले केही महिला सहभागीमाथि हातपात गऱ्यो। त्यसको प्रतिकार र विरोध गर्न

लक्ष्मी पाण्डे अगाडि बढे। प्रजिअ स्वयमको आदेशमा प्रहरीले सहभागी उपर अन्धाधुन्ध गोली वर्षाउन थाल्यो। गोलीको प्रहारबाट २२ वर्षीय विद्यार्थी लक्ष्मी पाण्डेको मृत्यु भयो।

प्रशासनको यो दमन र हत्याका विरूद्ध देशभरी तीव्र विरोध भयो। यसलाई लिएर वरिष्ठ अधिवक्ता रमानन्दप्रसाद सिंहको अध्यक्षतामा गठित जनस्तरीय आयोगले घटनास्थलमा पुगी वास्तविक तथ्य संकलन गऱ्यो र लक्ष्मी पाण्डेको गैह कानूनी तवरले भएको हत्याको रिपोर्ट जनस्तरमा प्रकाशित गऱ्यो। तर सरकारले देशभक्त निर्दोष नागरिकको हत्या गर्ने दोषी माथि कुनै कारवाही गरेन।

## मानवअधिकार आन्दोलनमा बुद्धिजिवीहरूको भूमिका

### १. प्राध्यापकहरू

०३६ सालमा जनमत संग्रहको घोषणा भयो। प्राध्यापकहरू पेशागत हक र सुरक्षा र प्राज्ञिक स्वतन्त्रताको लागि संघलाई पुनर्जीवित बनाउने प्रयत्नमा लागे। प्रजातन्त्रवादी र प्रगतिशील दुवै समूहका प्राध्यापकहरूको पहल र अग्रसरतामा तदर्थ समिति बनाई ०३७ सालमा निर्वाचन सम्पन्न गरी वैधानिक नेतृत्व पनि तयार भयो। त्यसपछि प्राध्यापक संघ पेशागत हकहित र प्राज्ञिक स्वतन्त्रताका गतिविधिहरूमा क्रियाशील भयो। प्राध्यापकहरूको सम्मान, त्रिभुवन विश्वविद्यालयको स्वायत्तता र गरिमाको रक्षा, मानवीय मौलिक हकप्रति कटिवद्ध आन्दोलनहरूको समर्थन गर्दै प्राध्यापकहरू क्रियाशील रहन थाले। ०४२ सालमा डा. लोकराज बराल र आनन्ददेव भट्टले साप्ताहिक पत्रिकामा दिएको अन्तरवार्तालाई लिएर त्रि.वि. बाट स्पष्टिकरण मागेको कुरामा संघले कडा विरोध जनायो। अन्यायपूर्ण तरिकाले शान्ति सुरक्षा र राज काज मुद्दामा प्राध्यापकहरूलाई फसाएर दुःख दिने कामको पनि संघले सख्त विरोध गर्न छोडेन। पटक पटक स्मृति पत्र प्रस्तुत गरी कालो पट्टी, पेन डाउन, कक्षा स्थगन जस्ता आन्दोलनका शान्तिपूर्ण उपायहरू अपनाएर प्राध्यापकहरूले प्रजातन्त्र स्थापनाका लागि, प्राज्ञिक स्वतन्त्रताका लागि निरन्तर प्रतिवद्ध र क्रियाशील प्राध्यापकहरूको संयुक्त समन्वय समिति गठन गरी प्राध्यापकहरू मैदानमा उत्रनु पऱ्यो। आन्दोलन विधिवत शुरू हुनु अघि नै भूपति ढकाल, गेहेन्द्रेश्वर कोइराला र धर्मनाथ शाहलाई त्रि.वि.ले गैह कानूनी तवरले अवकाश दियो। प्रजातन्त्रको पुनर्वहाली र मानवअधिकारको स्थापनाका लागि दृढतापूर्वक संघर्षरत रहेका प्राध्यापकहरूको संघर्षशील छवि ०४६ सालको जन आन्दोलनको क्रममा स्मरणीय रहनुको साथै प्रजातन्त्र प्राप्तिका दौरानमा महत्वपूर्ण भूमिका खेल्न पुग्यो। फागुन १५ गते क्याम्पसमा प्राध्यापकहरूद्वारा कक्षा वहिष्कार गरी प्रोफेसनल सोलिडारिटी ग्रुपसंग संयुक्त रूपमा आयोजना गरिएको गोष्ठी माथि प्रहरी हस्तक्षेप गरी धुप्रैलाई गिरफ्तार गरियो। दमन र जेल यानता सहन उनीहरूलाई वाध्य बनाइयो। दमन, जेल यातना जे जस्तो स्थिति पनि व्यहोर्ने तयार प्राध्यापकहरूको भूमिका प्रजातान्त्रिक आन्दोलनमा महत्वपूर्ण रहेको छ।

### २. कानून व्यवसायीहरू

संविधानको तुलनात्मक अध्येयता र व्याख्याकार राजनीतिक व्यवस्थाको विश्लेषक, विधिवेत्ता कानून व्यवसायीहरूको मानवअधिकार र प्रजातन्त्रको संघर्षमा कम ठूलो योगदान रहेको छैन। राजकाज, राष्ट्र विप्लव र गाथगादी ताकने अभियोग लागेका राजवन्दीहरूलाई कानूनी सेवा उपलब्ध गराउनेदेखि लिएर अदालतबाट संविधान र नियम कानूनको व्याख्या गर्ने अवसरहरूमा कानूनवेत्ताको रूपमा सक्रिय भाग लिई जनताको पक्षमा व्याख्या विश्लेषण गरेका उदाहरणहरू प्रशस्तै रहेका छन्। नेपाल वार एशोसियसन - कानून व्यवसायीहरूको पेशागत संगठन मार्फत प्रजातान्त्रिक आन्दोलनमा सहयोग र कानून मिचिदा विरोध गर्नु उनीहरूको पेशागत धर्म पनि हो।

जनमत संग्रहमा व्यापक धाँधली भएबाट मध्यमार्गी सुधारवादीहरूका आकांक्षा र उद्देश्यमा समेत कुठराघात हुन पुगेपछि संविधानको तेस्रो संशोधनले समेत जनमत संग्रहको सार्थकता र औचित्य सावित गर्न सकेन। त्यसैले राजनीतिक समूह जस्तै कानून व्यवशायीहरू पनि यसको विरूद्धमा रहे। यसै क्रममा ०४५ साल असोजमा सम्पन्न चतुर्थ अखिल नेपाल कानून व्यवसायी सम्मेलनले पञ्चायती संविधानको तेस्रो संशोधन पूर्णतः असफल रहेकोले चौथो संशोधन तर्फ गम्भीर ध्यानाकर्षण गरेको यहाँ त्यत्तिकै महत्वपूर्ण हुन गएको छ। राजनीतिक पार्टी लगायतका सबै प्रकारका संगठन निर्माण गर्ने, शान्तिपूर्वक भेला हुने, प्रदर्शन गर्ने, वाक तथा प्रकाशन स्वतन्त्रताका साथै वालिग मताधिकारको आधारमा विधायिकाको निर्वाचन, विधायिकमा विरोधी वेञ्चको मान्यता, स्वतन्त्र र सक्षम न्यायपालिकाको स्थापना जस्ता कुराहरू चौथो संशोधनमा व्यवस्था गरिनु पर्ने माग राखियो। राजनीतिक दलहरू उपर लगाइएका कानूनी वन्देजको अन्त्य अनावश्यक रूपमा रहन गएको निर्दलीय वा दलविहीन शब्द हटाई प्रजातन्त्रको स्थापना गर्ने माग सम्मेलनमा सर्वसम्मत रूपमा पारित गरियो।

०४६ सालको जनआन्दोलन प्रारम्भ भएको लगत्तै फागुन ९ गते अदालती काम कारवाहीको वहिष्कार गर्दै पञ्चायत व्यवस्थाको अन्त्य र वहुदलीय व्यवस्थाको स्थापना गर्न वकीलहरूले माग गरे। त्यसैगरी फागुन २२ गते मानवअधिकारको उल्लंघनको विरोध गर्दै सर्वोच्च अदालतको प्राङ्गणमा हातमा कालोपट्टी बाँधी मौन विरोध प्रदर्शन गरे। चैत ७ को प्रोफेसनल सोलिडारिटी ग्रुपको कार्यक्रम होस् वा जनआन्दोलन पश्चात नयाँ संविधान निर्माण गर्ने कुरामा होस् प्रजातन्त्रका विविध संघर्ष र आन्दोलनमा वकिलहरूको भूमिका उल्लेख्य रहेको छ।

यसैगरी शिक्षकहरूले महावीर स्कूल स्थापना गरी प्रारम्भ गरेको प्रजातन्त्र प्राप्तिको संघर्षको परम्परा ००४ सालको

जयतु संस्कृतम छात्र आन्दोलन होस, ०१७ सालको काण्डपछि होस या त्यो ०३६ सालको जनमत संग्रहमा होस्, अविच्छिन्न रूपमा कायम गरे। ०४६ सालको जन आन्दोलनमा पनि शिक्षकहरूको भूमिका महत्वपूर्ण रह्यो। त्यसैगरी चिकित्साकर्मी, प्यारा मेडिकल, साहित्यकार, लेखक पत्रकार, कलाकार, रङ्गकर्मी आदि बौद्धिक क्षेत्रको प्रजातन्त्र र मानवअधिकारको आन्दोलनमा अहं भूमिका रहन गएको छ।

## मानवअधिकार आन्दोलन र विद्यार्थीहरू

संसदीय व्यवस्था बलात् खारेज गरी दलमाथि प्रतिवन्ध लगाइएपछि ०१८ सालमा आएको राष्ट्रिय निर्देशन ऐनले दलगत क्रियाकलाप नियन्त्रण गर्न राष्ट्रिय निर्देशन मन्त्रालय स्थापना गरी किसान, मजदूर, युवक, महिला, भूतपूर्व सैनिक, विद्यार्थी र बाल संगठनहरू सरकारले बनाइदिएको विधान र नियन्त्रणमा मात्र खोल्न पाइने व्यावस्था भयो। यी विभिन्न वर्गीय संगठन लगायत विद्यार्थी संगठनमा सरकारले नै सचिव र कोषाध्यक्ष मानोनित गर्ने प्रावधानका कारण कठपुतली सरहको संगठन व्यवस्था जुझारू युवा पिढीका लागि स्वीकार्य भएन। ०१७ सालमा विद्यार्थी संगठनमाथि प्रतिवन्ध लागेपछि प्रजातन्त्रप्रेमी विद्यार्थीहरूका सामु आपसमा कसरी संगठित भएर बढ्ने भन्ने जटील समस्या थियो। यसै वीच ०१९ साल वैशाख महिनामा जुद्धोदय पब्लिक हाइस्कूलको विद्यार्थी युनियनको पहलमा राजधानीका २२ हाइस्कूलका प्रतिनिधिहरूको बैठक बस्यो। यो भेलाले निर्देशन ऐनको विरोध त गऱ्यो गऱ्यो, यस ऐन अन्तर्गत कुनै पनि सभा समारोह, प्रतियोगिताहरूमा भाग नलिने पनि निर्णय गऱ्यो। यो भेलाले आफ्ना जायज माग पूरा गराउन संचालन गरिने आन्दोलन व्यवस्थित गर्न पद्मोदय हाइस्कूल यूनियनका विपिन कोइराला, रानी पोखरी प्रधान पाठशालाका रामचन्द्र पौडेल र होमनाथ दाहाल जुद्धोदय हाइस्कूलका टीकाप्रसाद पोख्रेल सहित चार जनाको "आन्दोलन संचालक प्रतिनिधि समूह" गठन गऱ्यो। तर कतिपय कारणवस आन्दोलन भने अघि बढ्न सकेन।

०२० साल वैशाखमा त्रि.वि.का विद्यार्थी डम्वरवीर थापा र भक्त गोविन्द माथिको कारवाही फिर्ता गर्ने र त्रि.वि. का जस्तै अन्य कलेजहरूमा पनि विद्यार्थी युनियन गठन गर्न पाउनु पर्ने माग सहित विद्यार्थीहरू आन्दोलनमा उत्रे। विद्यार्थीहरू माथिको कारवाही रद्द गरियो र स्कूल, कलेजमा युनियन गठन गर्न पाउने वचन सरकारले दियो।

०२२ साल वैशाखमा प्रथम अखिल नेपाल विद्यार्थी सम्मेलनको आयोजना गर्न खोजिएकोमा सरकारले त्यो सफल हुन नदिन विद्यार्थीमाथि व्यापक धरपकड गऱ्यो। स्वतन्त्र विद्यार्थी युनियनको माग गर्दै शुरू भएको विद्यार्थी आन्दोलनको सक्रिय नेतृत्वमा वामपन्थी विद्यार्थीहरू मोहनचन्द्र अधिकारी, नन्दकुमार प्रसाई, महेश्वरमान श्रेष्ठ र प्रजातन्त्रवादी विद्यार्थीहरू दमन ढुङ्गाना, रामचन्द्र पौडेल, शेरबहादुर देउवा, नूतन थपलिया आदि थिए। यस आन्दोलनको क्रममा ०२२ सालमै वामपन्थी विद्यार्थीहरूले अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी यूनियन (अनेरास्वयू) को निर्माण गरी नेतृत्व चयन पनि गरे। ०२३ साल भदौ १७ गते राष्ट्रिय नाचघरमा प्रहरी अधिकृतबाट भएको अभद्र व्यवहारले आक्रोशित विद्यार्थीहरूको आन्दोलनले डी आई जी नारायण सिंहलाई पदमुक्त गर्न सरकारलाई वाध्य गरायो। विद्यार्थीहरूको पटकपटकको आन्दोलन र आक्रोशको निशाना बनेको सरकारी विद्यार्थी संगठन निर्माण गर्ने प्रावधान खारेज गरियो। २०२६ सालमा सुस्ता र नेपालको उत्तरी सीमानामा रहेको भारतीय चेकपोष्ट हटाउने कुरालाई लिएर विद्यार्थीहरू आन्दोलित भए। ०२६ साल असार २९ गते त्रिचन्द्र कलेजमा विद्यार्थीहरूका तर्फबाट शेरबहादुर देउवाको संयोजकत्वमा पाँच सदस्यीय समिति गठन गरी विभिन्न कार्यक्रमकासाथ नेपालमा सर्वप्रथम मानवअधिकार दिवस मनायो।

यसै क्रममा प्रजातन्त्रवादी युवा विद्यार्थीहरू आपसमा संगठित भएर राष्ट्रिय स्तरको विद्यार्थी संगठन खडा गर्न अग्रसर भए। मुलुकमा जतिसुकै ठूलो दमनको स्थिति भए पनि विद्यार्थीहरूको जस्तो जुझारू र संघर्षशील शक्ति पछि हट्नै चाहँदैनथ्यो। ०२७ साल वैशाख ७-८ मा अखिल नेपाल विद्यार्थी सम्मेलन सम्पन्न गर्न आयोजक समिति गठन भई निर्धारित मितिमा स्वयम्भू, चोभार र गौशालामा गरी भूमिगत रूपमा सम्पन्न सम्मेलनले नेपाल विद्यार्थी संघको स्थापना गऱ्यो।

ने.वि. संघको स्थापना भएपछि सरकारले सम्मेलन स्थलमा पक्राउ परेका विद्यार्थीहरूमाथि संघ संस्था नियन्त्रण ऐन अन्तर्गत कानूनी कारवाही शुरू गऱ्यो। विशेष अदालतको इजलासबाट जनही ६ महिना कैद र ५ सय जरिवाना गरियो। यस कारवाहीबाट विद्यार्थीहरू हतोत्साहित भने भएनन्। संघ संस्था नियन्त्रण ऐन अन्तर्गत थुनामा परेका विद्यार्थीहरूले सर्वोच्च अदालतमा रिट दायर गरे। अदालतले सरकारको यस कारवाहीलाई गैह्र कानूनी ठहऱ्याएपछि ०२७ असार २५ गते विद्यार्थीहरूलाई रिहा गरियो।

०२७ पुसमा नेपाल भारत पारवाहन सम्बन्धमा भारतद्वारा देखाइएको हैकमवादी प्रवृत्ति थिचोमिचो विरूद्ध विद्यार्थीहरूले आवाज उठाए।

०२९ साल साउनमा नेविसंघ, अखिल र फेडरेशनको संयुक्त संघर्ष समिति निर्माण गरी आन्दोलनलाई एकतावद्ध रूपमा लैजाने पहल शुरूमै गरियो। विद्यार्थीहरूको ८ सूत्रीय मागमा राजवन्दीहरूको रिहाई, राजकाज अपराध ऐन, संघ संस्था नियन्त्रण ऐन, राष्ट्रिय निर्देशन ऐन, सुरक्षा ऐन, खारेज गर्ने जस्ता माग पनि समावेश गरियो। यो आन्दोलनले उग्ररूप लियो र देशव्यापी रूपमा फैलिँदै गयो। अनिश्चित कालका लागि त्रिभुवन विश्वविद्यालय बन्द गरी १७ जना विद्यार्थीहरूलाई त्रि.वि. प्रशासनले निलम्वन गऱ्यो। पोखरामा प्रहरी र विद्यार्थीहरू बीच भीडन्त भयो। विराटनगरमा कर्फ्यू लाग्यो। जनकपुरको यदुकोहामा गोलीकाण्डद्वारा विद्यार्थी

कामेश्वर, कुशेश्वरको ज्यान गयो।

आफ्ना संगठित हुने नैसर्गिक अधिकारलाई माग पत्रको १ नम्वरमा राखेर ११ सूत्रीय माग प्रस्तुत गरी अगाडि बढाइएको ०३२ सालको विद्यार्थी आन्दोलनको आफ्नै महत्व रहेको छ। तर उक्त आन्दोलन सफल हुन सकेन। देशव्यापी रूपमा चार महिनासम्म चलेको सो आन्दोलनलाई सरकारले व्यापक दमन गऱ्यो। दलगत राजनीति गरी विद्यार्थी आन्दोलनलाई सहयोग पुऱ्याएको आरोपमा त्रि.वि. का ३२ जना प्राध्यापकहरूमाथि अवकाश, ग्रेड रोक्का जस्ता कारवाही भयो।

नेपाली कांग्रेसका क्रान्तिकारी योद्धाहरू यज्ञबहादुर थापा र भीमनारायण श्रेष्ठलाई मृत्युदण्ड दिएपछि आक्रोशले उम्लेको युवाहरूको जोसलाई जुल्फिकर अलि भुट्टोको फाँसीले झन् उद्वेलित गराइदियो। त्यसैले भुट्टोलाई फाँसी दिइएकोमा विरोध पत्र बुझाउने तयारी भयो। पाकिस्तानी दुतावासमा विरोध पत्र बुझाउन ०३५ चैत २२ गते विद्यार्थीहरू नारा लगाउँदै लाजिम्पाट तर्फ बढे। तर उनीहरूलाई अघि बढ्न नदिई व्यापक लाठी चार्ज गरिएकोले विद्यार्थीहरू आगो भए। निर्वाचित प्रधानमन्त्रीलाई सैनिक तानाशाहले अपदस्थ गरी फाँसी दिएको घटनामा प्रतीकात्मक रूपमा नेपालका शासकहरूको पनि विरोध थियो। तथापि आन्दोलनलाई व्यवस्थित गर्दै लैजाने विचार भने २७ गतेका दिन नेविसंघ, नेपाल प्रगतिशील विद्यार्थी युनियन र नेपाल राष्ट्रिय विद्यार्थी फेडरेसनका तर्फबाट संघर्ष समितिको निर्माण गरेपछि मात्र आएको हो। त्यसपछि १७ सूत्रीय माग प्रस्तुत गरी विद्यार्थी आन्दोलनलाई अघि बढाइयो। विद्यार्थीहरूको गिरफ्तारी र दमनका कारण आन्दोलन चर्कँदै गयो। अमृत क्याम्पसमा सरकारले गरेको चरम दमनका कारण आन्दोलनले जन समर्थन पनि पाउन थाल्यो। अन्ततः विद्यार्थी आन्दोलनले राजनीतिक आन्दोलनको रूप लिन पुग्यो। यसै वीच विद्यार्थीहरूको जुलुसमाथि गोली चलाउँदा वैशाख १४ गते हेटौंडामा प्रभाकर पौडेल र रामचन्द्र अर्यालको मृत्यु भयो। यसले झन देशव्यापी आक्रोश सिर्जना गऱ्यो। त्यस घटनापछि शाही जाँच आयोग गठन गरियो तर पनि आन्दोलन रोकिएन। त्यसै क्रममा वैशाख २५ गते भरतपुरमा गोली चल्दा दुई जनाको मृत्यु भयो। संघर्ष समितिका विद्यार्थी नेता र शाही आयोग वीच वार्ता प्रारम्भ भयो। वार्ता र संघर्ष संगसंगै बढ्यो। जेठ ७ गते संघर्ष समिति र शाही आयोग वीच माग पूरा भएको सम्झौता रेडियोबाट प्रसारण गरेपछि विद्यार्थीहरू वीच मिश्रित प्रतिक्रिया जन्मायो। सम्झौतालाई मान्ने र नमान्ने कुरामा विद्यार्थीहरू विभाजित भए। विद्यार्थीहरूलाई धोका दिएको भनी अमृत क्याम्पसबाट आक्रोशित विद्यार्थी भीडले विद्यार्थी नेताहरू बलबहादुर के.सी. र शरणविक्रम मल्ललाई कालोमोसो दलेर गाडामा राखी शहर घुमाउन खोजिँदै थियो। त्यसै क्रममा नयाँ सडकमा प्रहरीले हस्तक्षेप गरी दुवै जनालाई आफ्नो सुरक्षामा लियो। त्यसपछि तोडफोड र आतंकको स्थिति सिर्जना भयो। शाही नेपाल वायु सेवा निगमको पेट्रोल पम्प र गोरखापत्र संस्थानमा आगो लगाइयो। यसै वीच शहरलाई सेनाले आफ्नो हातमा लियो। रातभर कर्फ्यू लाग्यो। स्थितिको गम्भीरतालाई दृष्टिगत गरी भोलिपल्ट विहान ६.४५ मा राजाबाट जनमत संग्रहको घोषणा भयो। जनमत संग्रहमा नेविसंघका विद्यार्थीहरू निशर्त प्रचारमा लागेप वामपन्थी विद्यार्थीहरूमा जनमत संग्रह धोका हो भन्ने र शर्त राखेर मात्रै समर्थन गर्नु पर्छ भन्ने मत देखापऱ्यो। जनमत संग्रहमा धाँधली गरी पञ्चायतलाई जिताइयो। नेपाल विद्यार्थी संघ र अनेरास्ववियु वीच भीडन्त गराएर निरंकुश शासन लम्याउन षडयन्त्र गर्ने पञ्चायतले विराटनगरमा फणिन्द्र तिमिल्सिना र भरतपुरमा मित्रमणिको हत्या गराई दुई थरि वीच झन फाटो र कटुता बढायो।

०४६ सालको ऐतिहासिक जनआन्दोलनमा नेविसंघ र अनेरास्ववियुका विभिन्न संगठनहरू वीच समझदारी कायम भयो। दुई संगठनहरूले संयुक्त वक्तव्य प्रकाशित गरी आन्दोलनमा सक्रिय सहभागी बन्ने निर्णय गरे। यसै क्रममा ०४६ साल फागुन १ गते सात विद्यार्थी समूह सम्मिलित "प्रजातान्त्रिक जन आन्दोलन विद्यार्थी समन्वय समिति" को नाममा फागुन ७ गतेदेखि प्रारम्भ हुने संयुक्त जनआन्दोलनलाई सफल पार्न आव्हान भयो। युवा विद्यार्थीहरूको अभूतपूर्व सहभागिता रहेको त्यस आन्दोलनबाट निरकुंश पञ्चायत व्यवस्था सदाका लागि धराशायी भयो।

## मानवअधिकार आन्दोलनको पछिल्लो चरण र मानवअधिकार सम्बन्धी संस्थाहरू

पंचायतकालमा संयुक्त राष्ट्र संघको घोषणा पत्र अनुसारको मानवअधिकारको कुनै पनि व्यवस्था मुलुकभित्र थिएन। त्यसबेला सरकारी तवरमा भाषण, प्रवचन, सन्देश आदि दिएर मानवअधिकारको उपहास गर्ने काम भई नै रह्यो। त्यस्तो क्रम ०४६ सालसम्म नै रह्यो। जुन देशमा आफ्नो विचार र आस्था व्यक्त गर्न संगठित हुने अधिकार छैन, निर्वाध अभिव्यक्ति र शान्तिपूर्ण भेला हुने छुट पनि छैन त्यहाँ मानवअधिकारका बारे सरकारले बखान गर्नु हास्यास्पद नै हुन्थ्यो।

०२७/०२८ सालदेखि विद्यार्थीहरूले क्याम्पस स्तरमा मानवअधिकार दिवस मनाउन शुरू गरेका थिए। वार एसोसिएसनले केहीपछि मानवअधिकार दिवस मनाउने परम्परा बसाएको थियो। तैपनि मानवअधिकारको पक्षमा संगठित रूपमा लाग्ने त्यस्तो कुनै निकाय स्थापना हुन सकेको थिएन। ०३७ तिर पद्मरत्न तुलाधरको संयोजकत्वमा वन्दी विमोचन समिति बन्यो। त्यसले राजवन्दीहरूको नाम संकलन गर्ने र रिहाईका लागि आवाज उठाउन थाल्यो। यसै क्रममा ०४१ साउन १३ गते गोपालचन्द्र गौतमको वीरगञ्ज स्थित निवासमा मानवअधिकार संरक्षण मञ्चको स्थापना भयो। वदीप्रसाद खतिवडा संयोजक रहनु भएको त्यस संगठनको संस्थापकहरूमा गोपालचन्द्र गौतम, पाण्डवराज घिमिरे,

यादवप्रसाद उपाध्याय र नन्दन अर्याल हुनु हुन्थ्यो। पछि यसलाई अझ व्यापक र विस्तृत बनाउँदै लैजाने क्रममा पाण्डवराज घिमिरेको अध्यक्षतामा बनेको तदर्थ समितिमा उपाध्यक्ष गोपालचन्द्र गौतम र सचिव प्रकाश काफ्ले रहनु भयो। यस समितिमा १८ जना पदाधिकारी रहनु भएको थियो। सल्लाहकारमा पद्मरत्न तुलाधार, वद्रीप्रसाद खतिवडा, मार्सल जुलुम शाक्य र सुशील प्याकुरेल हुनुहुन्थ्यो।

मञ्चले ०४१ मंसीर २५ गते हेटौंडामा हजारौं जनसमुदायको उपस्थितिमा विश्व मानवअधिकार दिवस मनायो। समारोहको उद्घाटन टंकप्रसाद आचार्यले गर्नु भएको थियो। ०४२ साउन १३ गते स्थापना दिवस मनाउन लाग्दा पानोरमा होटलमा प्रहरी हस्तक्षेप भयो। ०४२ साल मंसीर २५ गते विश्व मानवअधिकार दिवस मनाउन राष्ट्रिय सभागृह भाडामा लिई सकेकोमा समारोह शुरू हुने वेलामै प्रशासनले विना पूर्व सूचना रोक लगाएकोले टंकप्रसाद आचार्यको घरको प्राङ्गणमा मनाइयो। यस अवसरमा राजवन्दी रिहाई सम्बन्धी सांकेतिक फोटोहरू प्रकाशमा ल्याइएका थिए। मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणा पत्र पनि वितरण गरिएको थियो।

त्यही समारोहमा सम्पूर्ण राजवन्दीहरूको सूचि पनि प्रकाशमा ल्याइयो। राजवन्दी रिहाइको निमित्त मानवअधिकार संरक्षण मञ्च, प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च र राजवन्दी विमोचन समितिको संयुक्त तत्वावधानमा ०४३ साल असारदेखि देशव्यापी हस्ताक्षर संकलन अभियान प्रारम्भ गरियो। ०४३ भदौ २४ गते टंकप्रसाद आचार्यको संयोजकत्वमा राजवन्दी रिहाई अभियान समितिको गठन गरियो। त्यस्तै पत्रकार पदम ठकुराठीको हत्या प्रयासको जनस्तरबाट छानवीन गर्न भू.पू. महान्यायाधिवक्ता रामानन्दप्रसाद सिंहको अध्यक्षतामा ७ सदस्यीय छानवीन आयोग गठन गरियो। मानवअधिकार संरक्षण मञ्चको पहलमा उपत्यका नाघेर वनेपा, पोखरा, वुटवल र नेपालगञ्जमा पनि मानवअधिकार दिवस मनाइए। वनेपामा प्रहरी हस्तक्षेप भयो। कमान सिंह लामालाई यसै क्रममा शान्ति सुरक्षा अन्तर्गत थुनामा राखियो। ०४३ माघ १४ गते प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्च सहितको संयुक्त तत्वावधानमा शहीद दिवस मनाइयो। यसैगरी मानवअधिकारको वहाली र राजवन्दी रिहाइका सम्बन्धमा मञ्चले अविरल आवाज उठाउदै आयो। ०४६ सालको पुसमा झापा संघर्षका वन्दी मुक्त गराउन मञ्चले जनमत तयार गर्न खेलेको भूमिका उल्लेखनीय रहेको छ।

यसैगरी ०४५ साल मंसीर २५ गते विश्व मानवअधिकार दिवस कै दिन हृषिकेश शाहको अध्यक्षतामा नेपाल मानवअधिकार संगठनको स्थापना भयो। नेपालमा मानवअधिकार संगठनको कार्यालयको साइनवोर्डसम्म पनि देख्न नसक्ने प्रशासनले मानवअधिकारवादी कार्यकर्ताहरूलाई दुःखदिने र सताउने काम गरेको थियो। ०४६ सालको जनआन्दोलनलाई सफल पार्न मञ्च र संगठन दुवैले उल्लेखनीय काम गरे।

## किसान आन्दोलनका केही घटनाहरू

१. ०२३ सालमा नवलपरासीका किसानहरूले आन्दोलन चलाउँदा पञ्चायती निरंकुश सत्ताले नृसंश हत्या काण्ड मच्चायो। मालपोत, मोही समस्या, धर्मभकारी जस्ता समस्या लिएर किसानहरू उठेका थिए।

२. यसैगरी रूपन्देहीको मर्चवार नजिक कन्चकसहवामा किसानहरूमाथि हिंस्रक दमन चलाइयो।

३. ०३३ सालमा धनुषामा किसान संघर्ष भयो।

४. ०३६ साल असोज ६ गते धनुषा, महोत्तरी, सर्लाही र सिराहामा भएको किसान आन्दोलनको दमन गर्न प्रशासनले अप्रेसन गऱ्यो।

५. ०३६ साउनमा चितवनको जुटपानीमा किसानहरूले सामन्तको थिचोमिचो र शोषणबाट त्राण पाउन आन्दोलन गरे। कम्युनिष्ट पार्टीको अगुवाइमा भएको यो आन्दोलनमा रूपलाल विश्वकर्मा संलग्न थिए। ०३४ सालमा चितवन कै जुगेडी किसान संघर्षमा चेपाङहरू मारिएका थिए। ०३६ मंसीरमा चितवन भण्डाराबाट सुकुम्वासी हटाउन खोज्दा किसानहरूले विरोध गरे। गैंडा गस्तीका सिपाही लगाएर आक्रमण गरियो।

६. जनता वसोवास गरिराखेको जग्गामा राजाको हुकुम प्रमाङ्गी गराई उच्च पदस्थ सरकारी अधिकृत, राजदरवारकै सचिव समेतले उठिवास लगाउन खोजेपछि हेटौडाका किसानले त्यसको प्रतिवाद गरे। प्रशासन पूरै शक्ति लगाएर जनतामाथि खनियो। किसानहरूको संघर्षका कारण त्यो जग्गाबाट उनीहरू विस्थापित हुनु परेन। हेटौंडामा त्यसलाई अहिले पनि हुप्रको जग्गा भनिन्छ।

## संयुक्त जनआन्दोलन - ०४६

०१७ सालपछि पञ्चायती शासनले संचालन गरेका दमन अभियानबाट सयौं व्यक्ति शहीद भइसकेका थिए। जनता मुक्तिको लागि आतुर भएर परिवर्तनका लागि वलिदान हुन तयार थिए। पञ्चायतको निरंकुश शासनबाट हैरान भएका, पेलिएका जनताहरूलाई एकतावद्ध गर्दै, संगठित गर्दै आमूल परिवर्तनका लागि लड्ने राजनीतिक शक्तिहरू उदियमान थिए। ००७ सालको राजनीतिक परिवर्तनको नेतृत्व गर्ने ऐतिहासिक दायित्व निभाएको नेपाली कांग्रेसको प्रजातन्त्रवादी धार प्रजातन्त्र पुनः स्थापनाको लागि कृतसंकल्पित थियो। व्यापार तथा पारवाहन सन्धि नवीकरण हुन नसकेको स्थितिमा मुलकले एक प्रकारको भारतीय नाकावन्दी वेहोरिरहेको थियो। भूगोलको मानचित्रमा वहुदलीय व्यवस्था स्थापना गर्ने होड चलिरहेको थियो। यस्तो अन्तरविरोध वीच जनआन्दोलनको परिस्थिति तयार हुँदै थियो।

०४६ साल भदौ २४ गते ७६ औं वीपी जयन्तीका अवसरमा आयोजित समारोहमा गणेशमान सिंहले जनआन्दोलनको आव्हान गर्नु भयो। कार्तिकमा बसेको नेपाली

कांग्रेसको केन्द्रीय समितिको बैठकले यसलाई अनुमोदन गऱ्यो। यसै बैठकले राष्ट्रिय सरकारको स्थापना गरी बहुदलीय आधारमा निर्वाचन सम्पन्न गराउन पूर्ण प्रजातन्त्रको स्थापनार्थ निकट भविष्य मै शान्तिपूर्ण र अहिंसात्मक जन आन्दोलन गर्ने निर्णय गऱ्यो। कार्यगत एकताका आधारमा सहभागी हुन देशका सबै राजनीतिक समूह र आम जनसमुदायमा आव्हान गरियो।

यसै बीच ०४६ भदौमा सम्पन्न नेपाल कम्युनिष्ट पार्टी (माले)को चौथो महाधिवेशनले विभाजित कम्युनिष्टहरू बीच एकता गर्ने, आपसमा सहिष्णु हुने, वैचारिक संघर्ष चलाउने जस्ता कुराको निर्णय गऱ्यो। निरंकुश राजतन्त्र र निर्दलीय पंचायत व्यवस्था विरूद्ध लड्न सबै राजनीतिक शक्तिसँग मित्रतापूर्ण सम्बन्ध राख्नु पर्ने महाधिवेशनले निर्देशन दियो। परिणामस्वरूप सहाना प्रधानको अध्यक्षतामा सात वटा कम्युनिष्ट पार्टी बीच संयुक्त वाम मोर्चा बन्यो। नेपाली कांग्रेस र वाम मोर्चा आन्दोलनका लागि संयुक्त भए। आन्दोलनमा उत्रिनु पर्छ भन्ने अवधारणा तयार भयो। नेपाली कांग्रेसको महाधिवेशनले पार्टी स्वतन्त्रताको नीति पारित गऱ्यो।

०४६ साल माघ २ गते गठन भएको वाममोर्चाले प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको स्थापना, सम्पूर्ण मौलिक तथा मानवअधिकारको बहाली र राजवन्दीहरूको रिहाई जस्ता अठार सूत्रीय मागलाई प्रस्तुत गर्दै शान्तिपूर्ण संयुक्त आन्दोलन गर्न कटिवद्ध भएको घोषणा गऱ्यो। ०४६ माघ ५-७ मा सम्पन्न नेपाली कांग्रेसको राष्ट्रिय सम्मेलनले निरंकुश निर्दलीय व्यवस्थाको लागि एउटा अभूतपूर्व दलीय चुनौती दिँदै ०४६ फागुन ७ गतेदेखि जनआन्दोलन गर्ने घोषणा गऱ्यो।

नेपाली कांग्रेससँग कार्यगत एकता गर्दै संयुक्त नेतृत्वमा आन्दोलन संचालन गर्ने नेका र वाममोर्चा बीचको सहमतिपछि मुलुक एक प्रकारले आन्दोलित भएर जुर्मुराउदै थियो - यस्तैमा ०४६ फागुन ७ गतेको दिन आइपुग्यो।

निरंकुश पञ्चायती व्यवस्थाले सम्पूर्ण शक्ति र संयन्त्रको प्रयोग गरी आन्दोलन प्रारम्भ नै हुन नदिने किसिमबाट दमन शुरू गरे पनि प्रजातन्त्रवादी र वामपन्थी शक्तिहरू एक भएको कारण आन्दोलनको सफलताप्रति जनता निश्चिन्त थिए। त्यसैले जत्रोसुकै दमनका वावजुद फागुन ७ गते ठूलो जनसमूह आन्दोलनमा सहभागी भयो। जनताले प्रहरी बलको प्रतिकार गरे। यस आन्दोलनले पाएको जनसमर्थनबाट आत्तिएर सरकार हिंसक दमनमा उत्रियो - फागुन ८ गतेको शान्तिपूर्ण जुलुसमा गोली चलाएर भक्तपुरमा पाँच जनाको हत्या गऱ्यो। त्यसैगरी ९ गते जनकपुरको जोदुकुवामा प्रहरीको आक्रमणबाट तीन जना महिला र एक जना पुरूष शहीद भए। हत्या र दमनका वावजुद आन्दोलन अघि बढ्दै गयो - १२ गतेदेखि चिकित्साकर्मीहरू विरोधमा उत्रे, १५ गते प्राध्यापकहरूले कक्षा वहिष्कार गरे, २२ गते वकिलहरूले विरोध प्रदर्शन गरे, चैत्र २ गते शिक्षकहरू आन्दोलनमा उत्रने निर्णय गरे, चैत ३ गते देशका प्रगतिशिल साहित्यकार, लेखक, कलाकारहरू मुखमा कालो पट्टी बाँधेर अभिव्यक्ति स्वतन्त्रताको माग गरिरहेको बेला प्रहरीले त्रिचन्द्र क्याम्पस हाताबाट सामूहिक गिरफ्तार गऱ्यो। ७ गते कीर्तिपुरको अडिटोरियममा "प्रोफेसनल सोलीडारिटी" र नेपाल प्राध्यापक संघ इकाई समन्वय समितिद्वारा आयोजित विचार गोष्ठीमा प्रहरी हस्तक्षेप गरी सामूहिक गिरफ्तार गरियो। १६ गतेको बत्ती निभाउने कार्यक्रम अभूतपूर्व रूपमा सफल भएपछि भोलिपल्ट पनि यसलाई दोहऱ्याइयो। अँध्यारोमा निस्केका मसाल जुलुसमा राजा विरूद्ध नारा घन्किन थाले। पाटनमा यसै दिन दुई जनाको हत्या गरियो। तीव्र दमन र हिंसाका वावजुद पाटनका सम्पूर्ण जनता आन्दोलनमा उत्रे। शहर आन्दोलनकारीहरूको कब्जामा गयो। १९ गते विभिन्न संस्थानका कर्मचारीहरूले पेन डाउन गरी आन्दोलनको नैतिक समर्थन जनाए। २० गते कीर्तिपुरमा निस्केको जुलुसमाथि गोली चलाउँदा चार जनाको मृत्यु भयो। घरको छानामाथि बसिरहेकाहरू पनि गोलीबाट बच्न सकेनन्। यस आन्दोलनमा पाइलटहरू, इन्जिनियरहरू निजामती एवं विभिन्न संस्थानका कर्मचारीहरू लगायत विभिन्न तप्काका जनताले सक्रिय समर्थन गरे।

२४ गते घटनाले नयाँ मोड लियो - मरिचमान सिंहको मन्त्रिमण्डल भङ्ग गरी लोकेन्द्रबहादुर चन्दको प्रधानमन्त्रीत्वमा नयाँ मन्त्रिपरिषद गठन भएको घोषणा गरियो। जनताको अपार जनसमर्थन पाएर उचाइको शिखरतिर बढिरहेको जनआन्दोलन बिथोल्ने राजाको यो जालसाजीबाट जनसमुदायमा आक्रोश एवं तीव्र रोष जन्मायो। त्यसको प्रतिक्रिया स्वरूप विहानैदेखि जुलुसको बाढी आयो - टोल टोलबाट जनता सडकमा उत्रे। काठमाण्डौको सडक लाखौं जनताको जुलुसले तात्यो।

चार बजेतिर जुलुसको एउटा समूह अञ्चलाधीश अफिस नेरबाट घण्टाघर हुँदै अघि बढ्न खोज्यो। प्रहरीले घण्टाघर नजिक रोक्न खोजे पनि सम्भव भएन। जुलुस दरबारतिर बढ्ने सुरमा थियो। आन्दोलनकारीहरू थपिदै, प्रहरीको घेरालाई जवरजस्ती तोड्दै जुलुस महेन्द्रको शालिक नेर पुग्यो। आन्दोलनकारी मध्येबाट एकाएक महेन्द्रको शालिकमा झण्डा गाड्ने काम शुरू भयो - शालिक तोडेर अङ्गभङ्ग पार्ने प्रयास भयो - निरंकुश व्यवस्थाका प्रणेता प्रतिको यो आक्रोसको अभिव्यक्ति थियो। यस्तैमा उता मोर्चाबन्दी कसेर बसेको सेनाले अचानक विना चेतावनी अन्धाधुन्द गोली वर्षायो। कयौं ढले। ढलेकाहरूलाई कुन्दा, सँगिनले घोचियो - कमलादी, तीनधारा पाठशाला, असन, कमलाछी, भोटाहिटी, जमल, नयाँ सडक, ओमवहाल इन्द्रचोक जताततै जुलुसमाथि गोली चलाइयो। गोली लागेर ढलेकाहरूलाई जनताबाट जवरजस्ती खोस्ने, अस्पताल लैजान नदिने जस्ता ज्यादती प्रहरीले गऱ्यो। शहरभरि प्रजातन्त्रका लागि लड्ने थुप्रै योद्धाहरू शहीद भए। यस नरसंहारपछि शहरमा कर्फ्यू लगाएर मात्रै शासकहरूले आफूलाई सुरक्षित अनुभव गरे। जनआन्दोलन सफल पार्न भरतपुर, पोखरा, विराटनगर, झापा, बुटवल, पाल्पा, हेटौडा, दाङ, सुर्खेत आदि ठाउँको पनि महत्वपूर्ण

भूमिका रह्यो। ठूलो जन सहभागिता र समर्थन, ठूलो त्याग र वलिदानसँगै ०४६ चैत्र २६ गते राती ११ बजे दलमाथिको प्रतिवन्ध हटेको घोषणा गरियो। आन्दोलनमा राम थापा, रामनारायण यादव, जानकीदेवी यादव, सोनमती देवी यादव, मुनेश्वरी यादव, उदयशंकर मण्डल, राम विलास ठाकुर, गणेश पौडेल, राजेश बाँनिया, वलराम कँडेल, नारायणप्रसाद दाहाल, हरिभक्त भुजु, कृष्णराम दुवाल, निर्मल कुमार शाक्य, राजकुमार सुवाल, रत्नकाजी साही, सागर सिंह, टंकप्रसाद आचार्य, हीराकाजी महर्जन, लन बहादुर महर्जन, विजय महर्जन, राजमान माली, कुमार उदास, लाल बहादुर वम, पफ्फादेवी साई, निर्गुण स्थापित, सुरज शाक्य, सोभियतमान शाक्य, बुद्धिनाथ खनाल, गोपी महर्जन, कान्छा बहादुर तामाङ, महेश श्रेष्ठ, ज्ञानी शोभा वज्राचार्य, सानुराजा नकर्मी, पुष्प रत्न शाक्य, राजन रायमाझी, कृष्ण प्रसाद पौडेल, सूर्यप्रसाद घिमिरे, नवराज थापा, दिलिप कुमार श्रेष्ठ, रिचर्ड हेनरी (वेलायती नागरिक) शहीद भए।

प्रजातन्त्रवादी एवं वामपन्थी राजनीतिक शक्तिहरूको संयुक्त नेतृत्वमा संचालित जन आन्दोलनमा जनताको ठूलो त्याग र बलिदानबाट बहुदलीय प्रजातन्त्रको पुनर्स्थापना भयो।

नेपालमा मानवअधिकारकै लागि संगठित रूपमा आन्दोलन ०४२ सालमा मानवअधिकार संरक्षण मञ्चको गठन भएपछि शुरू भयो। मानवअधिकारकै बहालीको लागि प्रजातान्त्रिक आन्दोलन भने ०१७ साल पुस १ गतेपछि निरन्तर रूपमा चली राख्यो। मानवअधिकारको रक्षा र विकास प्रजातान्त्रिक समाजमा मात्र सम्भव हुने भएकोले र देशमा निरंकुश व्यवस्था कायम रहेकोले पनि यहाँ प्रजातान्त्रिक आन्दोलन तीव्रताकासाथ संचालन गर्नु पर्ने वस्तुगत यथार्थ रहेको थियो। यसैले नै नेपालका तमाम मानवअधिकारवादी संस्थाहरू तथा व्यक्तिहरू पनि देशमा बहुदलीय प्रजातन्त्रको स्थापनाको लागि संचालन गरिएको प्रजातान्त्रिक आन्दोलनमा सक्रियतापूर्वक लागे। उनीहरूले बहुदलीय संविधानको निर्माणमा पनि सक्रिय योगदान गरे। फलस्वरूप नेपाल अधिराज्यको संविधान ०४७ ले मानवअधिकारको प्रश्नलाई सर्वाधिक महत्व दिएको छ। मानवअधिकार संस्था एवम् मानवअधिकार वादीहरूको आन्दोलनमा संलग्नताकै कारण मानवअधिकार संरक्षणमञ्चका तत्कालीन अध्यक्ष

अन्तरिम सरकारमा समावेश गरिनु भयो। अन्तरिम सरकारले मानवअधिकार सम्बन्धी दुई महत्वपूर्ण संयुक्त राष्ट्र संघीय दस्तावेजहरू नागरिक तथा राजनैतिक अधिकार आर्थिक सामाजिक र सांस्कृतिक अधिकारका अभिसन्धिहरूमा हस्ताक्षर गरेर राज्यको मानवअधिकारप्रतिको संवैधानिक प्रतिवद्धतालाई व्यवहारमा उतारेको थियो।

०४७ सालमा प्रजातान्त्रिक बहुदलीय व्यवस्थाको स्थापना भएपछि नेपालको मानवअधिकार आन्दोलन संगठित रूपमा परिवर्तित स्थितिमा परिमार्जित र विकसित हुँदै अगाडि बढ्दैछ। मानवअधिकारका विभिन्न क्षेत्रहरूमा आन्दोलनहरू संगठित गरिएका छन्।

■

परिच्छेद २

# न्यायपालिका र मानवअधिकार १९९४

र सक्षम न्यायपालिका प्रजातन्त्रको आधारभूत शर्त हो। राज्य शक्तिको परिचालन गर्ने अङ्गहरूको कामलाई कानूनी सीमा भित्र रही कार्यरत गराउन तथा व्यक्तिको अधिकार र स्वतन्त्रतालाई संरक्षण गर्ने काममा न्यायपालिकाको महत्वपूर्ण भूमिका रहन्छ। सामाजिक संगठनलाई जीवन्तता प्रदान गरी प्रगतिको मार्गमा अग्रसर गराउन न्यायपूर्ण समाजको संस्थापनाद्वारा नै संभव हुने हुँदा सक्षम र स्वतन्त्र न्यायपालिकालाई राज्यको शास्वत र आवश्यक अंगको रूपमा स्वीकारिएको हुन्छ। तसर्थ नागरिकको जीउ र धनको अन्तिम संरक्षक प्रजातान्त्रिक मुलुकहरूमा अदालत रही आएको छ। नेपाल अधिराज्यको संविधान, ०४७ ले स्वतन्त्र एवं सक्षम न्याय प्रणालीलाई संविधानको आधारभूत संरचनाको रूपमा स्वीकार गरी नेपाल अधिराज्यको न्याय सम्बन्धी अधिकार संविधान, कानून तथा न्यायका मान्य सिद्धान्त अनुसार अदालत तथा न्यायिक निकायहरूबाट प्रयोग गर्ने व्यवस्था गरेको छ [१]। संविधानद्वारा प्रदत्त मौलिक हक उपर अनुचित बन्देज लगाइएको वा अन्य कुनै कारणले कुनै कानून संविधानसंग बाझिएको अवस्थामा सो कानून वा त्यसको कुनै भाग बदर घोषित गरी पाउन कुनै पनि नेपाली नागरिकले सर्वोच्च अदालतमा निवेदन दिन सक्ने र सो अनुसार कुनै कानून संविधानसित बाझिएको देखिएमा सो कानूनलाई प्रारम्भदेखि नै वा निर्णय भएको मितिदेखि नै अमान्य (Ultravires) र बदर (Void) घोषित गर्ने गरी सर्वोच्च अदालतलाई न्यायिक पुनरावलोकन (Judicial Review) शक्तिको प्रत्याभूतिद्वारा मौलिक हकको संरक्षण गर्ने व्यवस्थालाई समेत स्वीकारिएको छ [२]। यसरी मौलिक हक उपर लगाइएको कानूनी बन्देज अमान्य र बदर गर्न सक्ने असाधारण अधिकार सर्वोच्च अदालतलाई दिइएको छ भने अर्कोतिर मौलिक हकको प्रचलनको लागि वा सार्वजनिक हक वा सरोकारको कुनै विवादमा समावेश भएको कुनै संवैधानिक वा कानूनी प्रश्नको निरोपणको लागि आवश्यक र उपयुक्त आदेश जारी गरी पूर्ण रूपमा न्याय प्रदान गर्न विशेषाधिकार सम्पन्न रिटका रूपमा बन्दी प्रत्यक्षीकरण, परमादेश, उत्प्रेषण, प्रतिषेध, अधिकार पृच्छा लगायत जुनसुकै उपयुक्त आदेश जारी गर्न सक्ने व्यवस्था गरिएको छ [३]।

नेपाल अधिराज्यको संविधान, ०४७ जारी भए पश्चात संविधान प्रदत्त मानवअधिकारको संरक्षणमा सर्वोच्च अदालतले विभिन्न मुद्दाहरूमा न्यायिक निर्णय र व्याख्याहरू गरेको पाइन्छ। सन् १९९४ को वर्षमा पनि मानवअधिकारका क्षेत्रमा सर्वोच्च अदालतले विभिन्न व्याख्याहरू गरेको देखिन्छ। सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको दोश्रो सम्मेलन (०५१) ले नेपाल अधिराज्यको संविधान, ०४७ द्वारा प्रत्याभूत मौलिक हक र उक्त संविधानको मानवअधिकार प्रतिको प्रतिबद्धता अनुरूप विपन्न र अशिक्षित बहुसंख्यक जनता समेतले मानवअधिकारको निर्वाध रूपले व्यवहारमा उपभोग गर्न सक्ने अवस्था सृजना गर्नु नितान्त आवश्यक भएकोले नियमित कानूनी निकायहरूको अतिरिक्त छिटो, छरितो र सुलभ तरिकाबाट मानवअधिकारको उपभोग गर्न सक्ने कार्यकारी प्रकृतिको स्थलगत निरीक्षण समेत गरी तत्कालै उपचार प्रदान गर्न सक्ने व्यवस्था गर्नका लागि एक मानवअधिकार आयोग हुनु उपयुक्त देखिन्छ भन्दै सो आयोगको गठन, आयेगको कार्य क्षेत्र, आयोगले अपनाउने कार्यविधि, आयोगको अधिकार, आयोगको कोष व्यवस्था, लेखा परीक्षक र कर्मचारी नियुक्ति, सेवा शर्त र सुविधा सम्बन्धमा आफ्नो सुझाव प्रस्तुत गरी मानवअधिकार संरक्षण र सम्वर्द्धनको दिशामा महत्वपूर्ण पाइला चालेको छ। [४] सर्वोच्च अदालतले केशवप्रसाद प्रधान विरूद्ध मन्त्रिपरिषद् सचिवालय समेत भएको मुद्दामा आत्मनिष्ट सन्तुष्टि श्री ५ को सरकारको विषय भए पनि आत्मनिष्ट अधिकारको प्रयोग समान अवस्था र परिस्थितिका व्यक्तिहरू बीच समानरूपमा हुनु पर्छ, भेदभावपूर्ण तरिकाबाट हुनु हुँदैन। कर्मचारीलाई अवकाश दिने श्री ५ को सरकारको तजविजी अधिकार भएपनि त्यस्तो अधिकारको प्रयोग सदाशयपूर्ण तरिकाले हुनु पर्छ, अधिकारको दुरूपयोग हुनु हुँदैन, निर्णयमा बदनियत र पूर्वाग्रह रहनु हुँदैन। समर्पणको सिद्धान्त मुद्दाको तथ्य, अवस्थितिमा निर्भर गर्दछ, सैनिक एवं कानूनी प्रश्नमा यो सिद्धान्त लागू हुँदैन, संविधान र कानूनी वैद्यता एवं अधिकार क्षेत्रको प्रश्नमा यो सिद्धान्तले प्रतिरोध गर्न सक्दैन भन्दै निजामती सेवा नियमावली, २०२१ को नियम ७.१.३ अनुसार अवकाशको निर्णयमा आधार र कारण उल्लेख नभएको र निजामती सेवा ऐन २०१३ को दफा ७ (३) ले परिकल्पना गरे अनुसार उचित र न्याय संगत तरिकाबाट अवकाशको कारवाही समेत नभएकोले त्यस्तो अवकाशको निर्णय संविधानको धारा ११(१) को समानताको हकको प्रतिकूल भएको ठहर गरी श्री ५ को सरकारको मानोमानी

वर्खास्तीबाट श्री ५ को सरकारको सेवामा रहने कर्मचारीहरूको नोकरी गर्न पाउने अधिकारलाई संरक्षण प्रदान गरेको पाइन्छ [५]।

यस्तै काठमाडौं निर्वाचन क्षेत्र नं. १ मा उप निर्वाचन (०५० माघ) को सन्दर्भमा निर्वाचन अधिकृतको कार्यालयद्वारा प्रकाशित मतदाता नामावलीमा १८ वर्ष उमेर पुगेका स्थानीय व्यक्तिहरूको नाम समावेश नभई मतदान गर्ने अधिकारबाट वंचित गरिएको विषयमा परेको रिट निवेदनमा संविधानले "एक व्यक्ति एक मत र एक मूल्य"को सिद्धान्तको अवलम्वन गर्दै १८ वर्ष उमेर पूरा गरेको नागरिकलाई मताधिकार प्रदान गरेको र स्वतन्त्र र निष्पक्ष निर्वाचन नै प्रजातन्त्रको आधारभूत शर्त हो भन्ने मान्यतालाई आत्मसात गरेको संवैधानिक व्यवस्थालाई कुनै पनि किसिमले कुण्ठित गर्न सकिन्न भन्दै निवेदक समेतलाई मतदान गर्न पाउने गरी नाम समावेश गर्न मौका दिन परमादेशको आदेश जारी गरी मतदान गर्न पाउने नागरिकको राजनैतिक अधिकारलाई संरक्षण प्रदान गरेको देखिन्छ। [६] त्यस्तै राजनैतिक दलहरूको दर्ता सम्बन्धी प्रश्न उठेको प्रभुनारायण चौधरी समेतको मुद्दामा वहुदलीय प्रजातान्त्रिक व्यवस्थामा राजनैतिक संगठन वा दलको अहं भूमिका रहन्छ। राजनैतिक संगठन वा दलप्रति निर्वाचनको माध्यमबाटै जनइच्छा अभिव्यक्त हुने हुन्छ, प्रजातन्त्रलाई जागृत, संगठित र सरकालाई सचेत गराउने एवं जनमत अभिव्यक्त गर्ने सशक्त र अपरिहार्य माध्यमको रूपमा राजनैतिक दलहरूको महत्वपूर्ण भूमिका रहन्छ। नेपाल अधिराज्यको संविधान ०४७ को प्रस्तावनाले नै वहुदलीय प्रजातान्त्रिक व्यवस्थालाई अपरिहार्य एवं अवपरिवर्तनीय रूपमा स्वीकार गरी असंशोधनीय गराएको छ। देशमा संविधान र कानून सम्मत राजनैतिक दल वा संगठन रहेसम्म वहुदलियता कायम रहन्छ। वहुदलीयता संविधानको अकाट्य प्रावधान हो। त्यसलाई निरर्थक गर्ने कुनै कानून वा व्यवस्था वा निर्णय संविधान प्रतिकूल हुन्छ भन्दै नयाँ दल दर्ता हुन सक्ने व्याख्या गरी संगठन खोल्ने स्वतन्त्रताको संरक्षण गरेको छ ७। सो निर्णयको आधारमा निर्वाचन आयोगमा ६५ वटा दल दर्ता भई प्रत्येकले निर्वाचन चिन्ह समेत पाई २४ वटा दलहरूले मध्यावधि निर्वाचन (०५१) मा भाग लिएको तथ्य विदितै छ ।

राज्यका प्रत्येक क्रियाकलापहरूबाट त्यस देशका सवै नागरिक सुसूचित हुनु पाउनु पर्छ भन्ने संविधानको धारा १६ ले गरेको व्यवस्थालाई सक्रिय वनाउन सर्वोच्च अदालतले <u>डा. राजेश गौतम र गोपाल सिवाकोटी चिन्तन</u> समेतको मुद्दामा अरूण तेश्रो योजना सार्वजनिक सरोकारको विषय भएको ठहर गर्दै विचार र अभिव्यक्तिको स्वतन्त्रताको पृष्ठ पोषकका रूपमा संविधानको धारा १६ अनुसार प्रत्येक नागरिकलाई सार्वजनिक महत्वको कुनै पनि विषयको सूचना माग्ने र पाउने हक रहेको देखिन्छ। अरूण तेश्रो परियोजना सार्वजनिक महत्वको योजना हो भन्नेमा विवाद नरहेको अवस्थामा प्रस्तुत निवेदनमा उठाइएका प्रश्न सार्वजनिक सरोकारको विवाद हो। कानूनको निश्चित निर्देशनको अभावमा तर्कसंगत कार्यविधि (Logical Procedure) को अनुसरण लिनु पर्ने भनी सुसूचित गर्ने सम्बन्धमा कानूनको निर्माण संविधान अनुकूल हुने गरी गर्न श्री ५ को सरकारलाई ध्यानाकर्षण समेत गराएको देखिन्छ [१२]।

वहुदलीय व्यवस्था पुनर्स्थापित भए पछाडिको पहिलो जननिर्वाचित सरकारले नेपाल नागरिकता नियमावली, ०४९ प्रकाशित गरी नागरिकता दिने सम्बन्धमा तोकेको आधार संविधान प्रतिकूल भएको सर्वोच्च अदालतले ठहर गरेको छ। उक्त नियमावलीको नियम ३ को उप-नियम (४) मा प्रमुख जिल्ला अधिकारीले (क) संवत् ०३७ सालमा भएको जनमत संग्रहको लागि तयार गरिएको मतदाता नामावलीमा नाम समावेश भएको, (ख) संवत् ०३२ सालको नागरिकता टोलीको लगतमा नाम समोवश भएको, र (ग) नेपाल अधिराज्यको कुनै सरकारी वा सरकारी स्वामित्वमा रहेको संस्थामा अविछिन्न सेवा गरिरहेको वा सेवा गरी अवकाश प्राप्त गरेको आधारमा नागरिकता दिनेछ भन्ने व्यवस्था भएकोमा उपरोक्त प्रावधान नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ८ र ९, नागरिकता ऐन, ०२० को दफा ३ र १६ संग वाझिएकोले सो हदसम्म नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ८८ (१) अनुसार प्रारम्भ भएको मिति देखिनै अमान्य र वदर घोषित गरेको छ। स्मरणीय छ उक्त नियमावली ०४९ साल जेठ ५ देखि लागू गर्ने भनिएकोमा सर्वोच्च अदालतले उक्त प्रावधान लागू नगर्न श्री ५ को सरकार गृह मन्त्रालयका नाउँमा अन्तरीम आदेश समेत जारी गरेको थियो [९]।

"निजी क्षेत्रका विद्यालय संचालन नभएमा वा वन्द भएमा विद्यालयको सम्पत्ति सार्वजनिक हुने" भनी निजी विद्यालयमा लगानी भएको व्यक्तिगत सम्पत्तिलाई सार्वजनिक सम्पत्तिमा परिणत गर्ने गरी ल्याइएको शिक्षा नियमावली, ०४९ को नियम १२० (१) को प्रावधानलाई सम्पत्ति सम्बन्धी हक निर्वाध (Absolute) हुँदा सामान्य तरिकाले कानून वनाएर त्यस्तो हकको प्रयोगलाई व्यवस्थित वा नियन्त्रित गर्न सकिन्न भन्दै नेपाल अधिराज्यको संविधान, ०४७ को धारा ११ र १२ (२) द्वारा प्रत्याभूत मौलिक हकसंग वाझिएको भनी धारा ८८ (१) वमोजिम जारी भएको मिति देखि लागू हुने गरी उल्लेखित प्रावधानलाई अमान्य र वदर घोषित गरी दिएको छ [१०]।

सर्वोच्च अदालतले [११] नेपाली लोग्ने मानिससंग वैवाहिक सम्बन्धको दाँजोमा नेपाली स्वास्नी मानिससँगको सम्बन्ध असमान र कम सुविधायुक्त देखिने गरी विदेशीहरू सम्वन्धी नियमहरू, ०३२ को नियम १४ को उपनियम (४) मा गरिएको व्यवस्थाले लिङ्गको आधारमा भिसामा भेदभाव गरेकोले सो व्यवस्था अनुचित र अनुपयुक्त देखिएकोले संविधानको धारा ११ को उपधारा (१) को प्रतिकूल देखिएको हुँदा भिसाको सम्बन्धमा पूनर्विचार गरी समूचित व्यवस्था गरी दिनु भनी निर्णय गरी समानताको हकलाई लिङ्गको आधारमा भेदभाव गर्न नपाइने सिद्धान्तलाई स्थापित गरेको छ।

०५१ साल असार २६ गते प्रतिनिधि सभाको आठौं

अधिवेशनमा प्रस्तुत श्री ५ को सरकारको नीति तथा कार्यक्रम वहुमतले अस्वीकृत भई प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो पदको राजीनामा र प्रतिनिधि सभा विघटन गरी मध्यावधि निर्वाचन गराउन श्री ५ मा चढाउनु भएको सिफारिश वमोजिम श्री ५ बाट प्रतिनिधिसभा विघटन गरी मध्यावधि निर्वाचनको मिति समेत तोकी वक्सेको कार्य असवैधानिक भएको भनी प्रतिनिधि सभा पुनर्स्थापना गरी पाउन दायर गरिएको रिट निवेदनमा सर्वोच्च अदालतको ११ सदस्यीय विशेष इजलाशले एकमत राय दिन नसकेपनि वहुमत राय ( सात) ले विघटनको कार्य संविधान सम्मत भएको ठहर गऱ्यो। तर यस विवादमा सर्वोच्च अदालतले संविधानले अंगिकार गरेको संवैधानिक राजतन्त्रात्मक व्यवस्था र संसदीय प्रणाली अनुरूप श्री ५ बाट मन्त्रीपरिषद वा अन्य कुनै पदाधिकारी वा निकायको सल्लाह वा सिफारिशमा गरिवक्सने कार्यको उत्तरदायित्व सो सिफारिश गर्ने पदाधिकारी वा निकायले नै वेहोर्नु पर्ने हुनाले श्री ५ बाट गरी वक्सेको त्यस्ता कार्यहरूका सम्बन्धमा अदालतमा प्रश्न उठाउन सकिने सिद्धान्तलाई स्थापित गरेको छ। प्रस्तुत प्रतिनिधिसभा विघटनको विवादमा अल्पमत (४) को निर्णयमा भने संसद विघटनको कार्य संविधान सम्मत नभएको ठहर गरिएको छ [१२]। यस मुद्दामा प्रतिनिधिसभाको विघटन संविधान सम्मत भएको भन्ने वहुमतको ठहर केही आलोचनाको विषय समेत बन्न पुग्यो।

सर्वोच्च अदालतले संविधान प्रदत्त मानवअधिकारको प्रश्न समावेश भएका अदालत समक्ष परेका केही मुद्दाहरूमा सकारात्मक र उदार व्याख्या गरी मौलिक हकको संरक्षण गर्न सक्रिय रहेको तथ्यहरू देखा पर्दछ भने सार्वजनिक सरकोकारका विवादहरूमा भने अदालत अनुदार र संकुचित रहेको अभिमत रहेको छ (श्याम पोखरेल विरूद्ध श्री ५ को सरकार समेत, नि.मि. २०५०।११।१२)। ■

---

१. धारा ८४, नेपाल अधिराज्यको संविधान, ०४७।
२. धारा ८८(१), नेपाल अधिराज्यको संविधान, ०४७।
३. धारा ८८(२), नेपाल अधिराज्यको संविधान, ०४७।
४. सर्वोच्च अदालतका न्यायाधीशहरू तथा पुनरावेदन अदालतका मुख्य न्यायाधीशहरूको दोश्रो सम्मेलन, ०५१ को प्रतिवेदन, प्रकाशक-सर्वोच्च अदालत।
५. केशवप्रसाद प्रधान समेत विरूद्ध श्री ५ को सरकार मन्त्रीपरिषद सचिवालय समेत संवत ०४८ सालको रिट नं. १७५३, मुद्दा उत्प्रेषण, विशेष इजलास, नि.मि. ०५०/१२/४।
६. रिट नं. ३०१७/०५० बलराम लामा, सुमित्रा लामा विरूद्ध निर्वाचन आयोग समेत, मुद्दा परमादेश निर्णय, मिति ०५०/९/२६।
७. नेकपा (१५ से) को तर्फबाट प्रभुनारायण चौधरी विरूद्ध निर्वाचन आयोग समेत, सर्वोच्च अदालत बुलेटिन, वर्ष ३, अंक ११, पृष्ठ १।
८. डा. राजेश गौतम र गोपाल शिवाकोटी समेत विरूद्ध श्री ५ को सरकार जलश्रोत मन्त्रालय, सम्बत ०५० सालको रिट नं. ३०४९, नि.मि. ०५१/१/२५।
९. बालकृष्ण न्यौपाने विरूद्ध श्री ५ को सरकार मन्त्रीपरिषद सचिवालय समेत, रिट नं. २४८५/०४९, मुद्दा उत्प्रेषण, विशेष इजलास, फैसला मिति ०५१/३/२४।
१०. निजी तथा आवासीय विद्यालय अर्गनाइजेशन केन्द्रीय कार्य समितिको तर्फबाट ऐ. का अध्यक्ष वसन्तबहादुर श्रेष्ठ विरूद्ध श्री ५ को सरकार, मन्त्री परिषद सचिवालय समेत, रिट नं. ३२३६/०४९, विशेष इजलास, निर्णय मिति ०५१/३/३०।
११. रि.नं. १९६१/०४९ एनडी भू स्वार्जमेन समेत, विरूद्ध गृह मन्त्रालय समेत, (नि.मि. ०५०/१०/२९)।
१२. रि.नं. २३०४/०५१, हरिप्रसाद नेपाल समेत विरूद्ध प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला समेत (नि.मि. ०५१/५/२७)।

## परिच्छेद ३

# श्री ५ को सरकार र मानवअधिकार १९९४

मानवअधिकारका बारेमा मुलुक, शासन व्यवस्था र परिस्थिति अनुसार आ-आफ्नै खालको परिभाषा गरिएको पाइन्छ। अहिले विश्वका ठूला भनेर चिनिने मुलुकहरूमा पनि मानव अधिकारका आफ्नै अलग परिभाषाहरू देखिन्छन्। मानिसको न्यूनतम आधारभूत आवश्यकता भनेको गाँस, बास र कपास हो। यो न्यूनतम आवश्यकताको परिपूर्ति पछि अन्य थप आवश्यकता जन्मन्छन्। तर मानवीय आवश्यकता र मानवअधिकार दुई भिन्न विषय हुन्। मानवीय आवश्यकताको न्यूनतम आपूर्ति गर्नु सरकारको दायित्व हो। सम्पूर्ण आवश्यकताका निम्ति सर्व सुलभ व्यवस्था हुनु मानवअधिकार हो। तर आवश्यकता पूरा गर्ने नाममा अनधिकृत उपायको खोजी गर्नु मानव कर्तव्य होइन, त्यसैले यो मानवअधिकार भित्र नपर्न पनि सक्छ। यसैले राज्यले मुलुकमा शान्ति, स्थायित्व र विकासलाई अगाडि बढाउन र यी कुरामा अवरोध उत्पन्न हुन नपाओस भनेर केही कानूनी व्यवस्था गर्दछ। यी कानूनी व्यवस्था त्यतिन्जेलसम्म उचित ठानिन्छन्, जतिन्जेल यसले जनताको जीवन यापनको बाटोलाई छेकवार लगाउँदैनन्। सरसर्ती हेर्दा कतिसम्मको अधिकारलाई मानवअधिकार मान्ने र कति कतिसम्म राज्यले नियन्त्रण गर्ने ? मानवअधिकारको परिभाषा यस अर्थमा जटील हुन्छ।

यो परिस्थिति नआओस भनेर संयुक्त राष्ट्र संघले सन् १९४८ मा एउटा यस्तो दस्तावेज तयार गऱ्यो - जसलाई "मानवअधिकारको विश्वव्यापी घोषणा" भनियो। अहिले विश्वमा जति पनि मानवअधिकारका कुरा गरिन्छन्, यसै घोषणालाई आधार मानेर गर्ने गरिएका छन्। संयुक्त राष्ट्र संघले यस भन्दा अघि वा पछि, मानव हितका पक्षमा जति पनि निर्णय गर्दै आएको छ, तिनलाई मानवअधिकारको अंगको रूपमा लिइदै आएको छ। तर विश्वका सबै मुलुकहरू यी सम्पूर्ण विषयमा सहमत हुन सकेका छैनन्। आफ्नो मुलुकको राजनीतिक शासन व्यवस्था र रीतिरिवाज, परम्परा आदि थुप्रै कुराहरूलाई आधार बनाएर राष्ट्र संघबाट पारित निर्णयलाई अनुमोदन वा सम्मिलन गरिएको पाइन्छ। तसर्थ कुनै मुलुकमा मानवअधिकारको स्थिति कस्तो छ भनेर अध्ययन गर्नु अघि उसले अनुमोदन वा स्वीकृत गरेका मानवअधिकार सम्बन्धी अवधारणाका बारेमा जानकारी राख्नु जरूरी हुन्छ। यो आधार मानवअधिकारको स्थितिका बारेमा जानकारी दिने पूर्ण माप त्यति बेला मात्र हुन्छ, जब सरकारले ती प्रतिवद्धता व्यवहारमा कसरी उतारेको छ भन्ने कुराको पूर्ण अध्ययन गरिन्छ।

नेपालका सन्दर्भमा मानवअधिकारको स्थिति कस्तो छ भनेर भन्नु भन्दा पहिला यसले स्वीकार गरेका मानवअधिकार सम्बन्धी राष्ट्र संघीय अवधारणाका बारेमा जानकारी राख्नु उपयोगी हुन्छ। नेपालले मानवअधिकार सम्बन्धी विश्वव्यापी घोषणापत्र, सो घोषणाका दुई सहायक अनुवन्ध र थप प्रोटोकललाई अनुमोदन गरेको छ। मानवअधिकारको विश्वव्यापी घोषणा पत्र आफैमा सम्पूर्ण मानव अधिकारको पर्याय हो। तर यो घोषणालाई राज्यले आफ्नो स्वार्थ अनुकूल दुरूपयोग गर्न नसकोस भनेर थप अनुवन्ध र प्रोटोकलहरू परिस्थिति अनुसार थपिदै गए। नेपाल सरकारद्वारा सम्मिलन गरिएको पहिलो अनुवन्ध - आर्थिक, सामाजिक र साँस्कृतिक अधिकारहरू बारेको अन्तर्राष्ट्रिय अनुवन्ध हो। यस अनुवन्धको प्रस्तावनामा उल्लेख गरिएको -"प्रत्येकले उसका आर्थिक, समाजिक, साँस्कृतिक, नागरिक र राजनीतिक अधिकारहरू उपभोग गर्न पाउने परिस्थितिहरू सिर्जना गर्न सकियो भने मात्रै विश्व मानवअधिकारको घोषणा अनुसार डर र अभावबाट स्वतन्त्रता उपभोग गर्ने स्वाधीन मानवहरूको आदर्श प्राप्त गर्न सकिन्छ" - भन्ने कुराले नै यसको उद्देश्यलाई स्पष्ट गर्दछ। यस अनुवन्धले पारस्परिक सहयोग र प्राकृतिक स्रोत तथा सम्पदाको उपयोगका विषयमा अन्तर्राष्ट्रिय सहयोगका कुरालाई स्वीकार गरेको छ। सामाजिक र साँस्कृतिक क्षेत्रमा यो अनुवन्धले जाति, रंग, लिंग, भाषा, धर्म, राजनीति वा अरू विचार, राष्ट्रिय वा सामाजिक उत्पति, सम्पत्ति, जन्म वा अरू स्थितिमा आधारित कुनै पनि भेदभाव विना सम्पूर्ण अधिकार लागू गरिने कुराको प्रत्याभूति गरेको छ। कामदारहरूको हक, हित र मजदूर संगठनको स्वतन्त्रता पनि यसै अनुवन्धमा पर्दछन्।

नेपाल सरकारले अनुमोदन गरेको दोस्रो अनुवन्ध हो - नागरिक तथा राजनैतिक अधिकारको अन्तर्राष्ट्रिय अनुवन्ध। यस अनुवन्धसंग सम्बन्धित देहायका ऐच्छिक प्रोटोकलहरू पनि सरकारले सम्मिलन गरेको छ -

१. सबै किसिमका वर्णभेद उन्मूलन गर्ने सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धि
२. रंगभेद अपराधको दमन तथा दण्ड विषयक अभिसन्धि
३. आत्महत्या सम्बन्धी अपराधको निराकरण तथा दण्ड

विषयक अभिसन्धि

४. बाल अधिकार अभिसन्धि
५. महिला विरूद्ध सबै प्रकारको भेदभाव उन्मूलन गर्ने सम्बन्धी अभिसन्धि
६. महिलाको राजनीतिक अधिकार सम्बन्धी अभिसन्धि
७. यातना तथा अन्य क्रूर अमानवीय व्यवहार वा सजाय सम्बन्धी अभिसन्धि
८. दासत्व अभिसन्धि
९. दासत्व अभिसन्धिलाई संशोधन गर्ने प्रोटोकल
१०. दासत्व, दास व्यापार र दास सरहका संस्था वा प्रचलन उन्मूलन गर्ने सम्बन्धी अभिसन्धि।

माथि उल्लेख गरिएका जति पनि अभिसन्धि र प्रोटोकलहरू छन् – तिनलाई मुलुकमा प्रजातन्त्रको पुनर्वहाली पछि विभिन्न राजनीतिक शक्तिहरूको सहमतिले बनेको अन्तरीम सरकारले गरेको हो। यस अतिरिक्त, अन्तरीम सरकारको पालामा नेपाल अधिराज्यको संविधान २०४७ ले पनि मानवअधिकारका बारेमा थुप्रै व्यवस्था गरेको छ। यो संवैधानिक व्यवस्थाले माथि उल्लेख गरिएका अन्तर्राष्ट्रिय अभिसन्धि तथा प्रोटोकलहरूको हरसंभव सम्मान गरेको छ। नेपालको संविधान २०४७ को धारा ११ देखि २३ सम्म देहाय बमोजिमको व्यवस्था गरिएको छ –

१. समानताको हक
२. स्वतन्त्रताको हक
३. छापाखाना र पत्रिका सम्बन्धी हक
४. फौज्दारी न्याय सम्बन्धी हक
५. निवारक नजरबन्दीको हक
६. सूचनाको हक
७. सम्पत्तिको हक
८. संस्कृति तथा शिक्षा सम्बन्धी हक
९. धर्म सम्बन्धी हक
१०. शोषण विरूद्धको हक
११. देश निकाला विरूद्धको हक
१२. गोपनीयताको हक
१३. संवैधानिक उपचारको हक

यी मौलिक हक, अधिकारका अतिरिक्त संविधानले महिलाहरूका बारेमा छुट्टै व्यवस्था समेत गरेको छ। यो व्यवस्था अनुसार, महिला वर्गको सीप, स्वास्थ्य र रोजगारीको विशेष व्यवस्था गरिएको छ। समान कामका लागि महिला र पुरूष बीच भेदभाव गर्न पाइदैन। प्रतिनिधि सभाको निर्वाचनमा हरेक पार्टीले न्यूनतम ५ प्रतिशत महिला उम्मेदवारी दिनुपर्छ। विवाह भएको १५ वर्ष र ३५ वर्ष पुगेको आइमाइले अंश लिन पाउने व्यवस्था छ। आफूलाई प्राप्त स्त्री अंश धनमा आफूखुसी गर्न पाइन्छ। छोरा वा छोराको छोरा पछिको अपुतालीको हक महिलामा रहन्छ। त्यस्तै, खुशीराजीले विवाह गर्न पाउने हक पनि महिलामा सुरक्षित छ।

यिनै पृष्ठभूमिका आधारमा सन् १९९४ मा नेपालमा मानवअधिकारका सन्दर्भमा सरकारबाट भए गरेका काम कार्वाहीलाई मूल्यांकन गर्ने प्रयास गरिएको छ। सन् १९९४ मा नेपालमा भएका तीन वटा महत्वपूर्ण राजनीतिक घटनाका परिवृत्तमा मानवअधिकारका विषयहरू केन्द्रीत रहे। ती घटनाहरू थिए २०५० माघ २५ गते भएको काठमाडौं – १ र झापा – १ को उप-निर्वाचन, २०५१ असारमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिशमा संसदको विघटन र यो विघटनले निम्त्याएको कार्तिक २९ गतेको मध्यावधि निर्वाचन। यी तीनवटा घटनाको एकसाथ समीक्षा गर्ने हो भने एकै वाक्यमा निर्णयमा पुग्न सकिन्छ – सरकारले आफूलाई नै प्रजातन्त्र र प्रजातन्त्रलाई आफू भएको प्रमाणित गर्ने प्रयास गर्‍यो। यो निष्कर्षमा पुग्नु पर्दा स्वभाविक रूपमा भन्न सकिन्छ – जब कुनै व्यक्ति वा संस्थाले आफूलाई प्रजातन्त्रको एकमात्र जिम्मेवारका रूपमा उभ्याउँछ, त्यहाँ मानवअधिकारका मूल्य र मान्यताहरू स्वभाविक रुपमा कुण्ठित हुन्छन्।

यस अतिरिक्त, मुलुकमा शान्ति सुरक्षा कायम गर्ने निकायका रूपमा रहेका प्रमुख जिल्ला अधिकारीहरू र प्रहरी प्रशासनमा समयानुकूल परिवर्तन हुन सकेको छैन। मुलुकमा प्रहरी ऐन – २०१२ कायम छ। प्रमुख जिल्ला अधिकारीहरू तिनै संयन्त्रमा आधारित छन् – जसलाई निरंकुश निर्दलीय राजनीतिलाई जोगाउन प्रयोग गर्ने गरिन्थ्यो। प्रजातन्त्र पुनर्स्थापनाको लगत्तै यी दुवै निकाय आफ्ना परिवर्तित भूमिकाका बारेमा अन्योलमा थिए। अन्तरीम सरकारले मल्लिक आयोग गठन गरेर निरंकुश कालका अपराधीहरू माथि कार्वाही चलाउने अठोट गरेको थियो। तर तत्काल कार्वाही शुरू गर्दा आम निर्वाचनमा प्रतिकूल असर पर्ने संभावनालाई अघि सारेर कार्वाही थाँती राखियो। जनताबाट नयाँ निर्वाचित सरकारले अन्तरीम सरकारको यो अठोटलाई कार्यान्वयन गराएन। उल्टै आयोगले अपराधी ठहराएकाहरूलाई प्रोत्साहन दिन थाल्यो। यो क्रमले सन् १९९४ सम्म निरन्तरता मात्र पाएन – शान्ति सुरक्षाको जिम्मा दिइएको निकायलाई निरंकुश शासन कालमा झैं राजनीतिक प्रयोग गर्न थालियो। यसो हुँदा विपक्षी माथिको दमन स्वभाविक बन्यो, सत्तारूढ पार्टीकै तर सरकारको कार्य शैलीसंग असहमत हुनेहरू पनि प्रशासनिक दमनमा पर्न थाले।

सन् १९९४ मा नेपालको मानवअधिकारको स्थिति कस्तो रह्यो ? यो प्रश्नको जवाफ खोज्नु अघि मुलुकका प्रधानमन्त्रीको मानवअधिकार सम्बन्धी धारणा जान्नु राम्रो होला। "मानवअधिकारको सीमा कहाँदेखि कहाँसम्म हो, त्यो स्पष्ट हुनु आवश्यक छ। व्यक्तिको विवेकले नै मानवअधिकारको शुरू र अन्त्य छुट्याउँछ भन्ने मेरो सोचाई छ।" प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले २०५१ असोज ३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित "बदलिएको समाजमा प्रहरीको भूमिका" विषयक गोष्ठीमा उपरोक्त कुरा बताउनु भएको हो। मानवअधिकारको प्रश्नलाई प्रधानमन्त्रीले यसको व्याख्या गर्ने अधिकार प्रहरीको विवेकमा छोडि दिनु भएको छ।

सन् १९९४ को अवधिमा मुलुकमा दुई पार्टीको सरकार रहे। पहिलो एघार महिना गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा नेपाली कांग्रेस पार्टीको सरकार रह्यो भने पछिल्लो एक महिनादेखि मनमोहन अधिकारीको नेतृत्वमा नेपाल कम्युनिष्ट पार्टी (एकिकृत मार्क्सवादी लेनीनवादी) को सरकार कायम भएको छ। तसर्थ १९९४ का मानवअधिकार सम्बन्धी घटनालाई दुई भिन्न सरकारका परिवेशमा अलग अलग लिनु उपर्युक्त हुन्छ। साथै मानवअधिकार उल्लंघन र मानवअधिकारका पक्षमा भएका घटनाहरूलाई पनि दुई भिन्न चरणमा उल्लेख गरिने छ।

सबभन्दा पहिला पहिलो सरकारले गरेका मानवअधिकार उल्लंघनका घटनाहरू हेरौं।

सन् १९९४ को शुरूवात नै मानवअधिकार उल्लंघनबाट भयो। २०५० पुस १८ र पुस २७ गते अर्थात भण्डै एक हप्ताका फरकमा दुई वटा प्रहरी ज्यादतीका घटना भए। पुस १८ गतेको घटना बारा निजगढको थियो। स्थानीय प्रहरी ठानेदार स.इ. (नायव प्रहरी निरीक्षक) एक अधवैंशे महिला निर्मला आचार्यसंग अनैतिक यौन सम्बन्ध रास्दथ्यो। यसको प्रत्यक्षदर्शी महिलाको छोरा आफैं भयो। प्रहरीको यो दुराचारको बारे उजुरी गर्न गएको छोरालाई स.इ. यामबहादुर के.सी.ले यातना दियो। यो घटना थाहा पाएर अत्याचारको विरोधमा उत्रेका जनतामाथि प्रहरीले अन्धाधुन्ध गोली चलायो। ६ जना घाइते भए। अर्को घटना दमक (भापा) को हो। सानो होटल व्यवसाय गरेर बसेकी एक विधवा महिला माया गौतम पुस २४ गते राती १० बजे आफ्ना ग्राहकका लागि खाना बनाउँदै थिइन। गस्ती टोलीमा खटिएका प्रहरीले ढिलोसम्म होटल खोलेको निहुँमा ती महिला माथि दुर्व्यवहार गऱ्यो। पुस २७ गते यो घटनाको विरोधमा उत्रेका जनताको भीडमा प्रहरीले गोली चलाउँदा ३६ वर्षीय मजदूर मीनबहादुर सार्की र गीता सन्तराजको मृत्यु भयो। अन्य थुप्रै घाइते भए।

यी दुवै घटनामा प्रहरी स्वयंले अराजक स्थितिको सिर्जना गरेको देखिन्छ। यी घटनामा संलग्न प्रहरीलाई सामान्य विभागिय कार्वाही गरिएको छ।

पुस २७ गते नै सप्तरी राजविराजका पत्रकार लोकेन्द्र कुमार बुढाथोकीको रहस्यमय मृत्यु भयो। प्रतिपक्षी पार्टीको नजिक मानिने दृष्टि साप्ताहिकका प्रतिनिधि रहेका पत्रकार बुढाथोकीले आत्महत्या गरेको समाचार आए पनि अनाथ तथा अविवाहित बुढाथोकीले त्यसो गर्नु पर्ने आधारको अभै पुष्टि हुन सकेको छैन। न त उनको मृत्युको निम्ति जिम्मेवार माथि कुनै कार्वाही भएको छ।

२०५० माघ २५ गते काठमाडौं -१ र भापा -१ मा प्रतिनिधि सभा सदस्य निम्ति उप निर्वाचन भयो। यो उप निर्वाचनमा निर्वाचनको सामान्य पक्रिया अनुरूप मतदाता नामावली प्रकाशन नगर्ने निर्णय निर्वाचन आयोगले गऱ्यो। यस निर्णयको विरूद्धमा सर्वोच्च अदालतमा परेको रीटमा अदालतले पुस २६ गते निर्वाचन स्थगित नगरी मतदाता नामावली प्रकाशन गर्न आदेश दियो। यो आदेश अनुरूप माघ १ गते नामावली प्रकाशन र माघ ६गते थप नामावली प्रकाशन गरियो।

उप निर्वाचनमा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको पराजय पछि सडकमा घात अन्तर्घातको जुलुस प्रदर्शन भए। यसै सन्दर्भमा चैत १९ गते पार्टी कार्यालय, नयाँ वानेश्वरमा वैठक चली रहेका बेला बाहिर प्रदर्शन गरी रहेका दुई पक्ष बीच विवाद उत्पन्न हुँदा प्रहरीले लाठी चार्ज गऱ्यो। प्रहरी आक्रमण प्रधानमन्त्रीको विरोध गर्नेहरू प्रति लक्षित थियो। यस घटनामा केही घाइते समेत भए।

२०५० फागुन २६गते बाराको डुमरखाना -७ पानीघाटमा केही अपराधीहरूले आफ्ना क्रूर नंग्रा यसरी फिंजाए -१४ वर्षीय चित्रमाया श्रेष्ठ आफ्ना ६ र ४ बर्षका भाइ बैनीका साथ काममा गएकी थिइन। अपराधीहरूले आफ्नो कुत्सित अभिप्राय पूरा गर्ने उद्देश्यले पहिला भाइ र वैनीको हत्या गरे र चित्रमायालाई सामूहिक बलात्कार गरे। आफ्नो इच्छा तुष्टी पूरा भएपछि चित्रमायाको पनि हत्या गरियो। अपराधीहरू अहिले पनि फरार छन्।

२०५० फागुन २९ गते पर्सा जिल्ला सुगौली गाउँमा इदगाहका विषयमा दुई मुस्मिल परिवारका वीच विवाद उत्पन्न हुँदा प्रहरीले शान्ति सुरक्षा कायम गर्नका लागि ४ राउण्ड हवाइ फायर गऱ्यो र उल्टै गाउँलाई आतंकित बनायो। गाउँलेहरूको दावी अनुसार, प्रहरीले ५ राउण्ड गोली समेत चलाएको थियो।

२०५० चैत १ गते गुल्मी जिल्लाको बलेटक्सारमा बस कर्मचारीहरू र स्कूलका विद्यार्थी बीच सामान्य विवाद भएको थियो। यो विवादलाई सामान्य ढंगबाट नसुल्भाई विद्यार्थीलाई गिरफ्तार गरियो। यसको विरोधमा चैत २ गते यसको विरोधमा प्रदर्शन गरिंदा प्रहरीले लाठी चार्ज र गोली चलायो। यो घटनामा स्कूलका एक विद्यार्थी तारा बहादुर थापा सख्त घाइते भए।

सोही वर्ष चैत ११ गते प्रतिनिधि सभाको बैठकमा अप्रिय विवाद सिर्जना भयो। संसदमा सभामुखको आसनबाट उपसभामुख महन्थ ठाकुरले खानी तथा खनिज पदार्थ पहिलो संशोधन विधेयक पारित गरियोस भनी पक्ष र विपक्षसंग ध्वनीमतको माग गर्नु भयो। त्यसवेला सदनमा सत्ता पक्षका सांसदहरू प्रतिपक्षी सांसदहरू भन्दा कम थिए। तर सभामुखले "हुन्न भन्ने आवाज भन्दा भन्दा हुन्छ भन्ने आवाज बढी भएकाले" प्रस्ताव पारित भएको घोषणा गर्नु भयो। यसको विरोधमा प्रतिपक्षी सांसदहरूले पुनः मत संकलन गर्न माग गर्दा सभामुखले त्यसलाई स्वीकार गर्नु भएन र हतार हतार बैटक स्थगित गर्न खोज्नु भयो। यसपछि सदनमा हात मिसामिस भयो। यो अप्रिय स्थितिका लागि उपसभामुखको बल मिच्याइको प्रयास जिम्मेवार देखियो।

चैत १४ गते जनताको मानवअधिकारको मात्र उल्लंघन भएन - मुलुकको सार्वभौमिकतामा समेत आँच पुग्ने घटना भयो। भारतीय प्रहरीको एक सशस्त्र डफ्फाले नयाँ

वानेश्वर स्थित मदनकृष्ण श्रेष्ठ र शिवप्रसाद शर्माको घरमा एकाविहानै छापा मार्‍यो। एक भारतीय अपराधीको खोजी गर्ने क्रममा - सुपुर्दगी ऐनको व्यवस्था हुँदाहुँदै सरकारसंग अनुमति समेत नलिई यो अतिक्रमण भएको थियो। यस विषयमा चैत १५ गतेको संसदको वैठकमा व्यापक हंगामा भयो। सरकारले जवाफ दिनका लागि २४ घण्टाको समय माग्यो। चैत १६ गते काठमाडौं स्थित भारतीय दूतावासले यस घटना प्रति दुःख व्यक्त गर्‍यो। तर ती प्रहरीहरू एक साता देखि राजधानीमा घुमी रहेका समचार प्रकाशित भएका थिए।

चैत १५ गते मकवानपुर जिल्लाको मनहरी -१, लोथरमा अज्ञात ठाउँबाट ओसारिएका करीव ३०० अपराधकर्मीहरूले लूटपाट, तोडफोड र हातपात गरे। ना.अ.ख. ३१८७ नम्वरको ट्रकले यी अपराधीलाई ओसारेको थियो। यो घटना कहाँबाट किन प्रेरित थियो भन्ने यकीन हुन सकेन। राजधानीमा भएको भारतीय अतिक्रमणको घटनाले गर्दा यो घटनाका बारेमा जनताको उचित ध्यान पुग्न सकेन।

चैत २३ गते सांसद वसन्तकुमार गुरूङ्गमाथि संसद भवन सिंहदरवार अगाडि हातपात गरियो। सांसद गुरूङ्ग सत्तारूढ पार्टी नेपाली कांग्रेसको सरकार विरोधी ३६ समूहका एक सदस्य हुनुहुन्थ्यो। उहाँमाथि आक्रमण गर्ने व्यक्ति उहाँको आफ्नै निर्वाचन क्षेत्र महोत्तरी -१ को रामबाबु यादव थियो। यो आक्रमण पछि सोही दिन संसदमा शान्ति सुरक्षाको प्रश्न उठाइयो।

वानेश्वर काण्डका रूपमा चर्चित चैत १४ को घटना पछि संयुक्त जनमोर्चा नेपालले देशव्यापी विरोध कार्यक्रमहरू संचालन गर्‍यो। यस क्रममा रोल्पाको कोटगाउँमा ७० वर्षीय महिलालाई समेत गिरफ्तार गरी यातना दिएको जानकारी सांसदद्वय कृष्णबहादुर महरा र बरमन बुढाले एक वक्तव्य मार्फत गराउनुभयो।

२०५१ वैशाख १४ गते मानवअधिकारवादी संस्था एम्नेष्टी इण्टरनेशनल नेपाल शाखाको वागबजार स्थित कार्यालयमा राजश्व अनुसन्धानका मानिसहरूले छापा मारे। यस घटनालाई मानवअधिकारवादी कार्यकर्ताहरूलाई हतोत्साही पार्ने सरकारी चालका रूपमा लिइयो। यसको विरोधमा वैशाख १९ गते मानवअधिकारवादी संस्थाहरूले कालो पट्टी सहित जुलुस प्रदर्शन गरे। यो प्रदर्शनमा नेपाल मानवअघिकार संगठन, मानवअधिकार संरक्षण मंच, नेपाल वाल मजदूर सरोकार केन्द्र, यातना पीडित सरोकार केन्द्र, अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्हुरेड इन्टरनेशनल, बन्दी सहायता नियोग र परिवर्तनका लागि कार्यरत महिला समूहको सहभागिता रहेको थियो।

वैशाख २५ गते रोल्पा जिल्ला विकास समितिका सभापति कर्णध्वज के.सी. लगायत १५ जनालाई गिरफ्तार गरियो। मोती प्रस्तावित मा.वि.का प्रधानाध्यापकलाई दाम्लोले बाँधी कालोमोसो दल्ने कार्यको नेतृत्व गरेको अभियोग सभापति के.सी. माथि लगाइयो। यी दुई घटनामा दुवै पक्षको मानवअधिकारका प्रति प्रशासनले उचित प्रक्रिया अपनाएको देखिएन।

सत्तारूढ पार्टी भित्रको पक्ष र विपक्षको विवादले कीर्तिपुर छात्रावासमा नेवि संघका विद्यार्थी वीच वैशाख २६गते धारिलो हातहतियार समेत प्रयोग गरी भीडन्त भयो। यस घटनामा सरकारी गाडीको समेत प्रयोग गरी गुण्डाहरू स्थलमा पऱ्याइएको आरोप पीडित पक्षको रह्यो। यस घटनामा विद्यार्थी नेता वीरबहादुर बलायर गंभीर घाइते भए। यस्तै घटना, रामसागर रामस्वरूप क्याम्पस जनकपुरमा समेत भयो। क्याम्पस स्वतन्त्र विद्यार्थी यूनियनका सचिव अरूण यादवमाथि सांघातिक आक्रमण हुदा उनी गंभीर घाइते भए। उनको "ब्रेन हेमरेज" भएको छ।

मुलुकमा मानवअधिकारको स्थितिका बारेमा प्रधान न्यायाधीश विश्वनाथ उपाध्यायको धारणा रह्यो - "संविधानले पर्याप्ति अधिकारहरू दिएता पनि देशका बहुसंख्यक जनता अशिक्षा र गरिवीको मारबाट माथि उठ्न नसकेको अवस्था भएको हुँदा संविधान प्रदत्त मानवअधिकारको प्रत्याभूतिका कुरा केवल कागजमा सीमित रहेको छ।" प्रधान न्यायाधीश उपाध्यायले जेठ १४ गते ए.आई. स्थापना दिवसका उपलक्ष्यमा वीरगंजमा आयोजित एक समारोहमा उपरोक्त धारणा व्यक्त गर्नु भएको थियो।

तर अशिक्षित र गरीव जनता मात्र मानवअधिकार उल्लंघनको शिकार भएका छैनन भन्ने कुरा नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहको जनजागरण अभियान अन्तर्गत भएको देशव्यापी भ्रमणका क्रममा टड्कारो देखा पऱ्यो। जेठको अन्तिम साता पाँचथर फिदिमको एक कार्यक्रमलाई सिंहले संवोधन गरी रहनुभएका बेला सत्तारूढ पार्टीको भातृ संगठन नेवि संघका जिल्ला अध्यक्ष र उपाध्यक्षले माइक खोस्ने र तार काट्ने काम गरे। सिंहले आफ्नै पार्टी र सरकारको कार्यशैलीको कठोर आलोचना गर्नु भएको थियो। सरकार पक्षमा रहेका ती विद्यार्थीहरूले सिंहको आलोचनालाई पचाउन सकेनन्। असारको पहिलो सातामा चितवनमा पनि सिंहले यस्तै घटना बेहोर्नु परेको थियो।

जेठ २४ गते जनकपुरधामबाट साँझ तारापट्टी गाउँमा रहेको घर फर्कदै गर्दा रामदत्त साहको अज्ञात व्यक्तिहरूले हत्या गर्ने प्रयास गरे। धारिलो हतियार प्रयोग गरिएका कारण उनको जनकपुर अञ्चल अस्पतालमा उपचार गराउदा गराउदै मृत्यु भयो। मृतक साह नेपाली कांग्रेस समर्थक भएका र सो गाउँ वामपन्थी - खासगरी नेकपा (एमाले) को प्रभाव क्षेत्र रहेकाले यसलाई राजनीतिक हत्याका रूपमा लिइयो। सोही दिन गाउँमा लूटपाटको घटना भयो। यो घटना बारे विभिन्न मानवअधिकारवादी कार्यकर्ता र पत्रकारहरूको टोलीले छानवीन गरी प्रतिवेदन समेत दियो। तर सरकारले यस तर्फ अपराधीलाई कार्वाही चलाउन चासो देखाएन।

असार १५ गते राजधानीको मध्य शहर नयाँ सडक नजिकको गुच्चा टोलमा मखुण्डोधारीले गहना पसल चलाउने ज्ञानमान शाक्यलाई गोली हानी २० लाख रूपैया बराबरको

नगद, सुन र चाँदी लुटेर लग्यो। संसद चली रहेकै बेला भएको यो घटनाले निकै चर्चा पायो। सांसदहरूले यस घटनालाई मुलुकको शान्ति सुरक्षासंग जोडेर प्रश्न उठाउनुभयो। यस घटनामा ५ जनालाई गिरफ्तार गरी डकैती मुद्दा चलाइएको छ।

असार २७ गते मुलुकले एउटा राजनीतिक दुर्घटना बेहोर्नु पर्‍यो। राजाबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिशमा प्रतिनिधि सभा भंग गरियो। यसले मानव अधिकारको प्रश्नलाई गौण बनायो र संवैधानिक संकटका कुरा उठे। यो घटना मुलुकमा शासकीय परिवर्तनको कारण समेत बन्यो। असार २६गतेको प्रतिनिधि सभाको बैठकमा प्रस्तुत श्री ५ को सरकारको नीति तथा कार्यक्रमका लागि श्री ५ मा धन्यवाद चढाउने प्रस्ताव बहुमतबाट अस्वीकृत भयो। यो प्रस्ताव प्रस्तुत गरिदा सत्तारूढ पार्टीका ३६ समूहका नामले चिनिएका सांसदहरू अनुपस्थित हुनुहुन्थ्यो। यसको अर्थ हुन्थ्यो - सरकारले संसदको बहुमत गुमाएको छ। सोही दिन मध्यावधि निर्वाचनको सिफारिश सहित प्रधानमन्त्रीले राजीनामा गर्नु भयो। राजाबाट प्रधानमन्त्रीको राजीनामा स्वीकृत भयो, अर्को व्यवस्था नभएसम्मका लागि गिरिजाप्रसाद कोइरालालाई नै प्रधानमन्त्री भै काम गर्न र कार्तिक २७ गते आम निर्वाचन गराउने घोषणा भयो।

यस घटनालाई राजनीतिक पार्टी सवैले संविधान विपरीत भएको भनी विरोध गरे। यसले सडक राजनीतिलाई समेत ततायो। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले सर्वदलीय सरकारको माग गर्‍यो। यो मागमा अन्य राजनीतिक पार्टीको सहमति देखियो। तर राष्ट्रिय प्रजातन्त्र पार्टीले मध्यावधि निर्वाचन आफ्नो पार्टीको माग अनुरूप भएको र सर्वदलीय सरकार आवश्यक नभएको ठहर गरेको थियो।

यसपछि, प्रतिनिधि सभाको पुनर्स्थापनाका लागि सांसदहरूद्वारा राजामा बिन्ती चढाउने देखि सर्वोच्च अदालतमा रीट दायर गर्ने घटनासम्म भए। राजनीतिक पार्टीबाट विभिन्न विरोध कार्यक्रम राखियो।

साउन ५ र ९ गते ६ वाम घटकले आव्हान गरेको नेपाल बन्द कार्यक्रममा कतिपय ठाउँमा सरकारले बल प्रयोग गर्‍यो। सिन्धुपाल्चोकमा चलाइएको गोलीबाट बद्रीबहादुर केसी को गोडामा गोली लाग्यो। साउन ७ गते नेकपा (मसाल) का नेता चित्रबहादुर केसीलाई गिरफ्तार गरेर राज्य विरूद्धको अभियोग लगाइयो। साउन ८ गते प्रतिनिधि सभा विघटन गर्ने "शाही घोषणा" जलाउने क्रममा संयुक्त जनमोर्चा नेपालका थुप्रै कार्यकर्ताहरू गिरफ्तार गरिए। सोही दिन पत्रकारहरू शक्ति लम्साल, कर्ण बहादुर कार्की, विनोद पहाडी र अशोकमान श्रेष्ठ समेत गिरफ्तारीमा परे।

साउन २३ गते भएको राप्रपा काठमाडौ जिल्ला परिषदको वैठकमा पार्टी उपाध्याक्ष जोगमेहर श्रेष्ठले ४०० भन्दा बढीलाई सार्वजनिक मुद्दामा फसाइएको आरोप लगाउनुभयो। उहाँको भनाइ थियो - नेपाली कांग्रेसले कानूनी राज्यको नाममा हैकमवादी शासन चलाएको तथा पञ्चायतमा भन्दा पनि कडा कानून लगाई कर्मचारीहरूलाई अन्याय गरेको छ। राप्रपाका नेता श्रेष्ठले पञ्चायत कालमा ४ हजार धरौटी र ३५ दिन कैद गरिने सार्वजनिक अपराध ऐनमा संशोधन गरी २८ हजार धरौटी र २ वर्ष कैद गर्न सक्ने व्यवस्था गरिएको कुरा पनि बताउनु भयो।

भदौ २ गते जनकपुरमा संयुक्त जनमोर्चा नेपाल (डा. भट्टराई) का केन्द्रीय सदस्य रामवृक्ष यादवको हत्या भयो। यो हत्याका सम्बन्धमा मानवअधिकार संरक्षण मञ्च, नेपाल मानवअधिकार संगठन, अनौपचारिक क्षेत्र सेवा केन्द्र, इन्हुरेड इन्टरनेशनल र सिविनले गरेको संयुक्त अध्ययन गरी प्रकाशित प्रतिवेदनमा भनिएको छ - "यो हत्या कुनै आवेग वा उत्तेजनामा आई एक पक्षबाट भएको प्रहारबाट हुन गएको देखिएन ............ रामवृक्ष यादवलाई चिनेर नै प्रहार गरिएको देखिन आउँछ। त्यसैले पनि घटना सुनियोजित थियो भन्ने प्रष्ट हुन्छ।" यो टोलीले निष्पक्ष र सर्वसम्मत न्यायिक आयोग गठन गरी छानवीनको माग पनि गरेको थियो। यस घटनामा ५ जनालाई ज्यान सम्बन्धी मुद्दा चलाइएको छ। तर आयोग भने गठन भएन।

चैत १४ गते वानेश्वर काण्ड पछि पनि भारतीय प्रहरीको अतिक्रमण रोकिएन। साउन ५ गते परासीमा, साउन ८ र साउन २३ गते नेपालगंजमा फेरी पनि भारतीय प्रहरीले अतिक्रमण गर्न खोजे। भारतीय प्रहरीको यो मिचाहा प्रवृत्तिको विरोधमा भदौ २१ गते भारतीय दूतावासमा विरोध पत्र बुझाउन गएका ६३ जना मानवअधिकारवादी कार्यकर्ताहरूलाई गिरफ्तार गरियो।

सर्वोच्च अदालतले भदौ २७ गते प्रतिनिधि सभा विघटन सम्बन्धी रिट खारेज गरेपछि राजनीतिक पार्टीहरू चुनावी तयारीमा लागे। यसक्रममा राजनीतिक प्रतिशोध लिने केही घटनाहरू भए। यसमा सरकारी संलग्नता समेत देखा पर्‍यो।

असोज १८ गते निर्वाचनका लागि राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट उम्मेदवारी दिएका कृष्णकुमार राईलाई धरान, सुन्सरीमा गिरफ्तार गरियो। यसको विरोधमा भोलिपल्ट धरान र विराटनगरका बजार बन्द गरियो। पछि राईलाई धरौटीमा छाडियो। २०३९ सालमा नगर पञ्चायतको प्रधानपञ्च हुँदा राईले गैर नागरिकलाई नागरिकता दिन सिफारीश गरेको भनी अभियोग लगाइएको थियो।

निर्वाचनको प्रचार प्रसार क्रममा सरकारले सर्वदलीय आचार संहिता उल्लंघन गरेको कुरा उठे। प्रमुख प्रतिपक्षी दल नेकपा (एमाले) ले कार्तिक १ गते "समाचार संकलन र सम्पादन गर्दा मतदातालाई प्रभावित गर्ने किसिमबाट हुनु हुदैन" भन्ने सहमतिको सरकारी संचार साधनले उल्लंघन गरेको आरोप लगायो। कार्तिक २ गते निर्माण तथा यातायात मन्त्री खुम बहादुर खड्का र तुल्सीपुर नगरपालिकाका प्रमुख शंकर आचार्यको गाडीमा ढुंगा हानेको अभियोगमा ४ महिला सहित ७१ जनालाई पक्राउ गरियो।

निर्वाचन प्रचार प्रसारका क्रममा अधिराज्य भरि नै

साना-ठूला विवाद र भीडन्त भई नै रहे। यस्ता झडपहरूमा शान्ति कायम राख्ने नाउँमा प्रहरीले लाठी, अश्रुग्यास र गोलीको प्रयोग गर्‍यो। दैलेखमा (कार्तिक १०) २ सेल अश्रु ग्याँस प्रयोग गरियो। रौतहटमा नेपाल सद्भावना पार्टीका कार्यकर्ताहरूले गंगाप्रिया इलाका प्रहरी चौकीमा आक्रमण गरे। यस घटनामा ४ सेल अश्रुग्याँस र २१ राउण्ड हवाइ फायर गरियो। रामेछाप (कार्तिक ११), पाल्पा (कार्तिक ११), जनकपुर (कार्तिक १५) लगायतका ठाउँमा प्रहरीले बल प्रयोग गरेको पाइयो।

निर्वाचन हुनु अघि नै मुलुकका विभिन्न भागमा गरी ८ जनाको मृत्यु भयो। यी मध्ये ४ जना नेपाली कांग्रेस र ४ जना नेकपा (एमाले) समर्थक कार्यकर्ताहरू थिए। पहिलो घटना दाङमा कार्तिक ९ गते घट्यो। नेपाली कांग्रेसका हिमलाल पोखरेल मारिए। पछिल्लो घटना पनि दाङकै थियो र मारिने व्यक्ति नेपाली कांग्रेस समर्थक डम्बर खड्का थिए। यो घटना कार्तिक २६ गतेको थियो। यस बीचमा, कार्तिक १७ गते दाङमा दुःखद् घटना भयो। नेपाली कांग्रेस र नेकपा (एमाले) बीचको झगडामा प्रहरीले गोली चलाउँदा नारायण चौधरीको मृत्यु भयो। सोही घटनामा घाइते भएका पुष्प घिमिरे र कृष्ण चौधरीको काठमाडौं वीर अस्पतालमा उपचार गर्दा गर्दै कार्तिक १९ गते मृत्यु भयो। यस घटनाका सबै मृतकहरू नेकपा (एमाले) समर्थक थिए। यस घटनामा नेपाली कांग्रेसका कुमार लामिछाने, बसन्त के.सी. र मनोज रजौरे र नेकपा (एमाले) का शिवराज गौतम, श्रीमणि अर्याल, ठगेन्द्र ओली, खगेश्वर भण्डारी, मदन केसी आदि घाइते भए। यो घटनाका लागि मन्त्री खुमबहादुर खड्काको निर्देशन थियो भन्ने आरोप विपक्षीहरूले लगाएका थिए। कार्तिक १९ गते कै दिन इलाममा पञ्चकन्या गाविसका नेपाली कांग्रेसका तर्फबाट निर्वाचित अध्यक्ष अशोक श्रेष्ठको गोली हानी हत्या गरियो। यो हत्या राप्रपाका कार्यकर्ताहरूले गरेको दावी नेपाली कांग्रेसको थियो। यसैगरी, सप्तरी फत्तेपुरका नेपाली कांग्रेसका कार्यकर्ता जसबहादुर रानाको हत्या गरियो। यो हत्या कांग्रेसी विवादका कारण भएको र मृतक राना पार्टी भित्र सरकार विरोधी खेमामा हुनु हुन्थ्यो भन्ने समचार प्रकाशित भए।

कार्तिक १७ गते दाङमा भएको घटनाका बारेमा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति २०५१ - नेपालले स्थलगत निरीक्षण गरी आफ्नो प्रतिवेदन कार्तिक २५ गते सार्वजनिक गर्‍यो। प्रतिवेदनमा भनियो - "प्रशासनले मौकामा सजग भई दृढतासाथ कर्तव्य निर्वाह गरेको भए कार्तिक १७ गतेको गोलीकाण्ड टर्न सक्थ्यो तर त्यस अघि र पछिका दिनमा समेत प्रशासनको भूमिकाको निष्पक्ष छानवीनका लागि एक सर्वपक्षीय आयोगको तत्काल गठन हुनु जरूरी छ" भनिए पनि १९९४ भर आयोग बन्न सकेन।

निर्वाचनमा भारतीय सांसदहरूको खुलेआम सहभागिताले मुलुकको सार्वभौमिकताको प्रश्नलाई फेरी उठायो। रूपन्देही क्षेत्र नं. ४ का स्वतन्त्र उम्मेदवार जोतेन्द्र मोहन चौधरीका पक्षमा भारत उत्तर प्रदेशका भारतीय जनता पार्टीका लोकसभा सदस्य पंकज चौधरी र विधान सभा सदस्य पप्पु चौधरीले आमसभालाई संबोधन गर्नु भएको र विभिन्न सामाग्री - मूलतः चुनाव चिन्ह रहेको घडीको व्यापक वितरण गरिएको समाचार प्रकाशित भए। त्यस्तै भाजपा कै अर्का सांसद उमा चौधरी र विश्व हिन्दू परिषदका अशोक सिंघलको पनि जोतेन्द्र मोहन चौधरीका पक्षमा सहभागिता देखियो। उहाँहरू कार्तिक २६ गते मात्र स्वदेश फर्किनु भयो। यसैगरी, नेपाल सद्भावना पार्टीका श्याम सुन्दर गुप्ताका पक्षमा उत्तर प्रदेशका पूर्व विधान सभा सदस्य वीरेन्द्र प्रताप शाही संलग्न हुनु हुन्थ्यो। जनकपुर क्षेत्रमा अर्का भारतीय विधायक पप्पु यादवले पनि विभिन्न उम्मेदवारका पक्षमा खुलेआम काम गर्नु भयो। उहाँको प्रचार जातीय विद्वेष फैलाउने खालको थियो। पप्पु यादवको गतिविधिका बारेमा नेपाली कांग्रेस पार्टीले "यस किसिमको हस्तक्षेप नेपालीका लागि सह्य छैन। श्री ५ को सरकारले आवश्यक कार्वाही गरोस्" भन्ने माग गर्‍यो।

भारतीयहरूको चुनावी सक्रियताका बारे भूतपूर्व प्रधानमन्त्री कीर्तिनिधि विष्टको धारणा थियो -"भारतसंग राम्रो सम्बन्ध राख्नु पर्छ तर यस्तो सम्बन्ध समानता, आपसी समझदारी र मर्यादामा आधारित हुनुपर्छ।"

निर्वाचनको दिन कार्तिक २९ गते रौतहतको धरहरि मतदान केन्द्रमा दुई पक्ष बीच विवाद हुँदा गोली समेत चली पुरेन्द्र पण्डितको घटनास्थल मै मृत्यु भयो। यस्तै इलामका फिक्कल बजारमा निरोज श्रेष्ठलाई छुरा हानी हत्या गरियो। यी दुवै घटना हुँदा प्रहरी घटनास्थल अगाडि नै थिए।

यी मृत्युका घटना बाहेक त्यो दिन धेरै ठाउँमा प्रहरीले गोली चलायो। खासगरी तराईका सीमावर्ती क्षेत्रहरूमा मतदानका समय विवादहरू भए। यस बाहेक कतिपय ठाउँमा राजनीतिक दलहरूबाट आफ्नो वर्चस्व अनुरूप मतदान केन्द्र नै कब्जा भयो। निर्वाचन समाप्त भइ सकेपछि नेकपा (एमाले) ले मंसीर ६ गते निर्वाचनमा धाँधली भएको आरोपमा राजधानीमा जुलुश प्रदर्शन गराई निर्वाचन अयोगलाई विरोध पत्र समेत दियो। विरोध पत्रमा नुवाकोट, दोलखा-१, रोल्पा. सुन्सरी-२, ३, ४, ५, सप्तरी -१, चितवन-३, ४, पर्सा -३, सर्लाही -३, रौतहट, धनुषा -२, ३ धादिङ्ग र पर्वतका २५ निर्वाचन क्षेत्रका परिणामहरू प्रभावित भएको उल्लेख गरिएको थियो। यी सबै क्षेत्रमा नेकपा (एमाले) पराजीत भएको थियो।

यस अतिरिक्त, वर्षभर नै हत्या, लूटपीट र बलात्कारका घटना सामान्य प्रक्रिया झैं भइ नै रहे र माघ २ गते चितवन खैरेनीमा भएको सरकारी कर्मचारी (रेञ्जर) सुरेन्द्र नारायणको हत्या होस वा पुस १२ गते वारा जिल्लाको कर्मैया गाविस ६ की सन्तोषी बडालमाथिको बलात्कार र हत्या अथवा धरानमा माघ ३० गते भएको १० वर्षीय वालिकाको बलात्कार - यी सबै घटनाले मुलुकमा शान्ति सुरक्षाको स्थितिलाई कमजोर तुल्याएको कुराको पुष्टी गर्दछन्। जेठ २४, २०५१ का दिन धनुषाको तारापट्टीमा ९६ घर लुटिएका, २० महिला घाइते, ५ जना बतात्कृत र एक जना राममृत शाहको मृत्युले पनि त्यही कुराको पुष्टी गरेको

छ (विवरण अगाडि उल्लेख छ)।

यस अवधिमा सरकारले मानव अधिकारका पक्षमा केही कामहरू गरेको देखिन्छ। चैत २० गते सरकारले रेडियो नेपालबाट क्षेत्रीय प्रसारणको शुरूवात गर्‍यो। मुलुकका ५ ठाउँमा स्थापित्त क्षेत्रीय प्रसारण केन्द्रबाट क्षेत्रीय भाषामा गीतहरू प्रसारण गर्ने कार्यको थालनी भयो। यसै गरी हिन्दी, नेवारी, नेपाली र अंग्रेजी भाषामा मात्र समाचार प्रसारित हुँदै आएकोमा भदौ १ देखि तामाङ्ग, गुरूङ्ग, मगर, राई, बन्तवा (राई), लिम्बु, थारू, अवधि र भोजपुरी भाषामा समाचार प्रसारण गर्न थालियो।

संयुक्त राष्ट्र संघीय सामाजिक तथा आर्थिक परिषद संग सम्बद्ध मानवअधिकार आयोगमा वैशाख ८ गते नेपाल ३ वर्षका लागि निर्वाचित भयो। अन्तर्राष्ट्रिय क्षेत्रमा भएको यो एउटा उपलब्धि नै थियो। तर दुर्भाग्य, सोही दिन जेनेभामा बसेको संयुक्त राष्ट्र संघीय यातना विरूद्ध समिति समक्ष नेपालका प्रतिनिधि रामबाबु ढकालले "नेपाल संसारका सवभन्दा गरीव देशहरू मध्ये एक भएकाले मानवअधिकार सम्बन्धी अनुसन्धान गर्न साधनको अभावको कारण असमर्थ" भएको जानकारी गराउनु भयो।

जेठ २ गते चैत १४ गतेको वानेश्वर काण्डका बारे मन्त्रिपरिषद सचिवालयका सचिव बलराम सिंह मल्लको एक सदस्यीय आयोगले प्रधानमन्त्री समक्ष आफ्नो प्रतिवेदन पेश गर्‍यो। यो प्रतिवेदन अध्ययन गर्ने जिम्मा मन्त्रीहरू रामचन्द्र पौडेल, महेश्वर प्रसाद सिंह र गोविन्दराज जोशीले पाउनु भयो।

एक त, यो आयोगका बारेमा राजनीतिक पार्टीहरूले सहमति जनाउन सकेका थिएनन्। अर्को, मन्त्रीहरूको अध्ययन कहिल्यै पूरा हुन सकेन।

जेठ २५ गते सरकारले अघिल्लो वर्षको कर्मचारी आन्दोलनका सहभागी मध्ये १०८ जनाको नसिहत फुकुवा गर्‍यो। त्यसैगरी असार २७ गते विघटित पञ्चायत नीति तथा जाँचबूझ समितिका ८७ जना कर्मचारीहरू पुनर्वहाली गरिए।

असार १५ गते प्रमुख प्रतिपक्षी नेकपा (एमाले) को माग अनुरूप सरकारको सिफरिशमा राजाबाट दासढुंगा सम्बन्धी उच्च स्तरीय अयोग गठन भयो। सर्वोच्च अदालतका न्यायाधीश त्रिलोकप्रताप राणाको अध्यक्षतामा गठित यो आयोगका सदस्यमा हर्षनारायण धौभडेल र विपुलेन्द्र चक्रवर्ती रहनु भयो।

भदौ ७ गते सम्ममा निर्वाचन आयोगमा ७४ राजनीतिक दलले दर्ता पाए। बहुदलीय व्यवस्थामा दल दर्ता गर्न परेको संवैधानिक अप्ठ्यारोलाई यसले समाप्त गर्‍यो। तर निर्वाचन नहुदाका अवस्थामा दल दर्ता हुन नसक्ने अवस्था भने अद्यापि विद्यमान छ।

कार्तिक २९ गते भएको मध्यावधि निर्वाचनमा नेपाली कांग्रेस सत्ताच्यूत भयो। बहुमतमा रहेको यो पार्टी नयाँ परिणाम अनुसार संसदमा दोस्रो ठूलो पार्टी बन्न पुग्यो। यद्यपि मंसीर १३ गते नेकपा (एमाले) का संसदीय दलका नेता मनमोहन अधिकारीले प्रधानमन्त्री पदको शपथ नलिउन्जेल गिरिजाप्रसाद कोइरालाको सरकार चली रह्‌यो।

यसवीचमा, मंसीर ५ गते दाङको ढिकपुर गाविस करमटुवाका परदेशु चौधरीको थाना सारी गरिदा प्रहरी हिराशत भित्रै मृत्यु भयो। उनी डुरूवा गाविसमा भएको डम्बरबहादुर खड्काको हत्या सम्बन्धी छानवीनका क्रममा पक्राउ परेका थिए। प्रहरीको यातनाबाट उनको मृत्यु भएको विश्वास गरिएको छ।

मंसीर ७ गते साँझ विराटनगरमा आफ्नो पसल बन्द गरेर घर फर्किदै गरेका कमल कुमार अग्रवालको अज्ञात व्यक्तिले हत्या गरी उनीसंग भएको नगद लुट्यो। यो घटना प्रहरी थाना नजिकै भएको थियो।

मंसीर ९ गते रोल्पाको पाछावाङ गाविसको कालोपोखरीमा लागेको मेलामा – गृहमन्त्रालयका अनुसार "आत्म सुरक्षाका लागि प्रहरीले गोली चलाउँदा दुई जनाको मृत्यु भयो।" प्रहरीहरू एक हत्याको सम्बन्धमा छानवीन गर्न त्यहाँ गएको बताइयो। मंसीर ५ गते केही मानिसहरूले निम बहादुर खड्कालाई मरणासन्न हुनेगरी पिटेपछि उनको सोही दिन मृत्यु भएको थियो।

यस्तै मंसीर ११ गते राजधानी काठमाडौंको वटुटोलमा एक गहना व्यापारी विक्रम शाक्यलाई खुकुरी प्रहार गरी उनीसंग भएको धनमाल लुटियो।

अब प्रसंग, नयाँ सरकारको।

सरकारले कार्यभार संहालेको एक साता बित्न नपाउँदै नेपालगजमा मन्दिर निर्माणको विषयलाई लिएर हिन्दू र मुसलमान सम्प्रदाय वीच मंसीर २० गते दंगा भयो। प्रहरीले शान्ति सुरक्षाका लागि चलाइएको गोलीबाट १० जना घाइते भए। मंसीर २० र २१ गते प्रशासनले राती निषेधाज्ञा (कर्फ्यू) जारी गर्‍यो। यस घटनामा प्रहरीले ११ जनालाई पक्राउ गर्‍यो।

प्रधानमन्त्री मनमोहन अधिकारीले मानवअधिकार दिवस (डिसेम्बर १०) का अवसरमा चैत २४ गते आफ्नो सरकार मानवअधिकार प्रति प्रतिवद्ध रहने विचार व्यक्त गर्नु भयो। यसै अवसरमा आयोजित एक समारोहमा प्रधानमन्त्रीले भन्नुभयो – हाम्रो सरकारको पालामा मानवअधिकारको उल्लंघन भएछ भने त्यो कुरा मेरो जानकारीमा ल्याउनुस्, म आवश्यक कार्वाही गर्नेछु। हाम्रो सरकार मानवअधिकारको उल्लंघन सहदैन।"

कानून, न्याय तथा संसदीय व्यावस्था राज्यमन्त्री सुभाषचन्द्र नेम्वाङले भन्नुभयो – मानवअधिकारको संरक्षण गर्न नेपालमा कतिपय कानून बन्न सकेका छैनन् भने कतिपय कानूनहरू मानवअधिकारको हनन गर्ने खालका छन्। ...... बँधुवा मजदूर, निशुल्क कानूनी व्यवस्था जस्ता विषयमा कानून बन्न सकेको छैन। सार्वजनिक मुद्दा सम्बन्धमा भएका कानून अव्यवहारिक छ। कानूनमा महिला प्रतिको भेदभाव कायमै छ।

तर नेपाली कांग्रेस संसदीय दलले मंसीर २७ गते

एक वक्तव्य जारी गरी नयाँ सरकार बने पछि नेपाली कांग्रेसका ९ जनाको हत्या भई सकेको दावी गर्‍यो। वक्तव्यमा "राजनीतिक हिंसा र हत्या रोक्न र शान्ति सुरक्षा कायम गर्न सरकारको ध्यानाकर्षण गराउनुको साथै हत्यारा माथि अविलम्व कारवाहीको माग" गरियो।

सरकारले यस वीच, संसदको आठौं अधिवेशनमा आफ्नो नीति तथा कार्यक्रम प्रस्तुत गर्‍यो। यसमा श्रम अदालतको गठन, मानवअधिकार सम्बन्धी उच्चस्तरीय अयोगको गठन, कारागार सुधार, यातना विरूद्ध क्षतिपूर्तिको व्यवस्था, सार्वजनिक अपराधलाई अदालतको क्षेत्र भित्र पारिने, मतदाता परिचय पत्रका लागि थालनी गरिने जस्ता मानवअधिकारका पक्षमा प्रतिवद्धता व्यक्त गरेको छ।

यस अघि पुस १ गते दाङ र रोल्पामा "विगत केही समय यता घटेका घटनाको छानवीन र घटनाको पुनरावृत्ति हुन नदिन" एक आयोग गठन भयो। यसै गरी पुस ५ गते गत वर्षको कर्मचारी आन्दोलनमा नसिहतमा परेका १०८ जनाको नसिहत फुकुवा गरियो र गयल कट्टीमा परेका ४८२ जनाको गयलकट्टी वापत तलव भुक्तानी दिने निर्णय गरियो।

पुस ५ गते कैलाली जिल्लाको सुगुरखाल गाविस वडा नं. ७ तुलेनीमा एकै परिवारका ६ जनाको दिउँसो धारिलो हतियारको प्रयोग गरी हत्या गरियो। यसरी मारिनेमा हर्कबहादुर बगाले मगर, उनकी पत्नी र ४ देखि १७ वर्ष वीचका ४ वटा छोराहरू थिए।

पुस ८ गते सरकारले दुई महत्वपूर्ण प्रतिवेदनलाई सार्वजनिक गर्‍यो। यी प्रतिवेदन थिए - मल्लिक आयेग प्रतिवेदन र दासढुंगा आयोग प्रतिवेदन।

पुस १३ गते स्याङ्जाको अर्जुन चौपारीमा बजारमा किनमेल गरिरहेका चोकबहादुर गुरूङ माथि रीसईवी साँध्न गरिएको आक्रमणले नराम्रो रूप लिन पुग्यो। १४ गते राती यस क्षेत्रमा निषेधाज्ञा जारी गर्नु पर्‍यो।

प्रारम्भमा नै नेपाल अधिराज्यको संविधान २०४७ ले नागरिकलाई प्रदान गरेका हक अधिकार उल्लेख भई सकेको छ। तर यी अधिकारहरू कागजमा सीमित रहेको कुरालाई प्रधान न्यायाधीशको भनाइलाई पुष्टी समेत गरेको छ। यसलाई पुष्टी गर्ने थप दुई वटा उदाहरण प्रस्तुत छ -

पहिलो, सुदूर पश्चिमाञ्चल क्षेत्रमा शक्तिमातालाई कन्या चढाउने प्रचलन अद्यापि कायम छ। देउकी प्रथाका नामले चिनिने यो प्रचलन अनुसार, कन्या केटीहरूलाई माइका नाममा सुम्पिइन्छ। यसपछि उनीहरू कुनै पनि सामाजिक कार्य गर्नबाट बञ्चित हुन्छन्। तर केही थोरै देउकीहरूले आजकल विवाह गरेर घरजम बसालेको पाइन्छ। यद्यपि उनीहरू समाजका लागि स्वीकार्य छैनन्।

दोस्रो, नेपालका चेलीवेटीहरूका वेश्यालयमा हुने बेचविखन। नावालिका वा युवतीहरूलाई ललाईफकाई यसरी बेचविखन गर्नेलाई दण्ड गर्ने कानूनी व्यवस्था छ। तर यो कानूनी व्यवस्थाले यो बेचविखनमा कमी आएको छैन। अझ नुवाकोट जिल्लामा बेश्यावृत्तिका लागि भारतीय वेश्यालयमा जानुलाई प्रतिष्ठाको रूपमा लिइन्छ भन्ने समाचारहरू बारम्वार प्रकाशित हुने गरेका छन्। एक समाचार अनुसार - नुवाकोटका विभिन्न ७ वटा गाउँबाट यसरी भारतीय वेश्यालयहरूमा यस वर्ष गएकाहरूको संख्या १५०० छ। ती गाउँहरू राउतवेसी, शिखरवेसी, ध्याङफेदी, लिखु, तलाखु, छाप र सिक्रे छन्। खासगरी जनजाति समुदायका युवतीहरू यसरी जाने गरेको पाइन्छ।

उपरोक्त विभिन्न घटनाहरूबाट के कुरा स्पष्ट हुन्छ भने - संविधानले प्रत्याभूत गरेका अधिकारको सुरक्षा गर्न वा उनीहरूलाई ती अधिकार उपभोग गर्न दिन सरकारको भूमिका अत्यन्त कमजोर रह्यो। कतिपय घटनामा ती अधिकार प्रयोग गर्न दिन सरकार नै बाधक रह्यो। खासगरी शान्ति सुरक्षाको जिम्मेवारी पाएका प्रहरी र प्रशासनिक अधिकारीहरूले बारम्वार आफ्नो अधिकारको दुरूपयोग गरेको देखिन्छ। उनीहरूले गरेका अपराधिक कार्यलाई छूट ९क्ष्उगलष्तथ० दिने परम्पराले गर्दा नै मानवअधिकारको उल्लंघनका घटनाहरू बढेका हुन। उनीहरूमाथि दण्डको व्यवस्था गर्नु वर्तमान सन्दर्भमा वान्छनीय देखिन्छ।

■

# परिच्छेद ४

# संसद र मानवअधिकार १९९४

मानिसका अधिकारको संरक्षण गर्ने वैध र शक्तिशाली निकायको रूपमा संसद रहेको हुन्छ। यसका कृयाकलापबाट नै मावव अधिकारको स्थिति निर्धारण हुन्छ भन्दा पनि अत्यूक्ति हुने छैन। सरकार तथा अन्य पक्षबाट गरिने मानवअधिकारमाथि नियन्त्रण गर्ने तथा मानवअधिकार संरक्षण वा नियन्त्रण गर्ने कानूनहरूको निर्माण गर्ने काम सार्वभौमसत्ता सम्पन्न संसदबाटै हुने हुनाले पनि संसदको कृयाकलाप महत्वपूर्ण हुन जाने कुरामा मतान्तर रहँदैन। नेपालको सार्वभौमसत्ता सम्पन्न संसदको कृयाकलापलाई हेर्दा १९९४ को वर्ष महत्वपूर्ण रहन गएको छ। संसदका सवैरूपको अभ्यास तथा दोश्रो संसदका लागि समेत निर्वाचन हुन र पहिलो संसद असमयमा नै विघटन हुने काम पनि यसै वर्ष सम्पन्न भएका छन्। १९९४ को वर्षमा प्रतिनिधि सभाको विशेष वैठक, छैटौं हिउँदे अधिवेशन, सातौं वजेट अधिवेशन तथा वीचमै प्रतिनिधि सभाको विघटन, प्रतिनिधि सभाका लागि मध्यावधि निर्वाचन तथा २०४७ को संविधान अनुसार दोश्रो संसदको आठौं अधिवेशनको प्रारम्भ भएको देखिन्छ।

### प्रतिनिधि सभाको विशेष वैठक

नेकपा (एमाले) का ५२ जना प्रतिनिधि सभाका सदस्यहरूले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (३) वमोजिम "आज देशको राजनैतिक र आर्थिक स्थिति अत्यन्त गंभीर भएको र यो देश र जनताको हितसंग प्रत्यक्ष सरोकार राख्ने विषय भएको हुँदा यस विषयमा जनताका प्रतिनिधिको रूपमा रहेको प्रतिनिधि सभाले छलफल गरी एउटा टुङ्गोमा पुग्नु अपरिहार्य भएको" भनी प्रतिनिधि सभाको अधिवेशन अविलम्व वोलाई वक्सन श्री ५ मा समावेदन २०५० साल फागुन ३ गते चढाए अनुरूप श्री ५ बाट फागुन १२ गते प्रतिनिधि सभाको विशेष अधिवेशन वोलाई वक्सियो। नेकपा (एमाले) र संयुक्त जनमोर्चाका सांसदहरूले फागुन ८ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विरूद्ध अविश्वासको प्रस्ताव दर्ता गराए। यो अविश्वासको प्रस्ताव संसद विघटन नहोस् भनी ल्याईएको थियो भनियो।

प्रधानमन्त्री विरूद्ध ल्याईएको अविश्वासको प्रस्तावमा सरकारले मानवअधिकार उल्लंघन गरेको स्पष्ट आरोप लगाएको देखिन्छ। अविश्वासको प्रस्तावमा भनिएको छ "प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाको नेतृत्वमा रहेको सरकारले विगत ३३ महिनामा नेपाल अधिराज्यको संविधानको भाग ४ अन्तरगत उल्लेखित राज्यका निर्देशक सिद्धान्त तथा नीतिहरूको मर्म विपरित कृयाकलापहरूमात्र होइन संविधानका अन्य प्रावधानहरू र कानूनका विपरित भनेको कार्य गरेको छ। जनताको मौलिक हक अधिकार माथि अतिक्रमण गर्दै कानून एवं व्यवहारमा मानवअधिकार उल्लंघनको स्थितिलाई झन गंभीर तुल्याएको छ।"

प्रतिनिधि सभाको विशेष वैठक वसेको पहिलो दिन फागुन १२ गते प्रमुख प्रतिपक्षी दलका नेता मनमोहन अधिकारीले सरकारले विगत ३३ महिनामा जनहितको काम गर्न नसकेको, संविधानको मर्यादा उल्लंघन गरेको, खासगरी सम्पूर्ण प्रतिपक्षमाथि अत्याचार र दमनको नीति अपनाएको, यस अवधिमा पंचायतको तीस वर्षमा भन्दा बढी राजनीतिक कार्यकर्ताहरू मारिएको कुरामा जोड दिनु भयो। संयुक्त जनमोर्चा नेपालका संसदीय दलका नेता अमिक सेरचनले विशेष अधिवेशनको औचित्य नदेखे पनि अविश्वासको प्रस्तावमा समर्थन गरी मानवअधिकारको उल्लंघनको स्थितिलाई स्वीकार गर्नु भयो।

सांसद भिमबहादुर श्रेष्ठले सरकारप्रति लगाईएको आरोपलाई समर्थन गर्नु भयो। नेपाल मजदूर किसान पार्टीका नेता नारायणमान विजुक्छेले कांग्रेस सरकारमाथि लगाएको आरोपप्रति सहमति र विशेष अधिवेशन बोलाउनमा असहमति राख्नु भयो। नेपाल सद्भावना पार्टीका नेता गजेन्द्र नारायण सिंह वामपन्थी दृष्टिकोणसित सहमत हुनु भएन। राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता पशुपति शमशेर जवराले अविश्वासको प्रस्तावप्रति गंभीरतापूर्वक सोच्ने र समस्या समाधानको लागि मध्यावधि निर्वाचनमा जानु पर्ने धारणा व्यक्त गर्नु भएको थियो।

नेपाली कांग्रेका सांसद अर्जुन नरसिंह केसीले विशेष अधिवेशन धमिलो पानीमा माछा मार्न खोजेको र सरकार सहि दिशामा रहेको भनी आरोपको खण्डन गर्नु भयो। नेपाली कांग्रेसका तारिणीदत्त चटौतले विशेष अधिवेशनको औचित्य माथि नै प्रश्न चिन्ह लगाउनु भयो।

प्रतिनिधि सभाको १८ फागुनमा वसेको वैठकमा नेपाल कम्युनिष्ट पार्टी (एमाले) का नेता मनमोहन अधिकारीले अविश्वासको प्रस्ताव पेश गर्नु भयो। प्रस्ताव पेश गर्ने क्रममा मुलुकमा भएका मानवअधिकार उल्लंघनका घटनाहरू, गोलीकाण्ड, हत्या, गैरकानूनी जेल सजाय, झूठा मुद्धाको फेरिस्ता प्रस्तुत गर्नु भएको थियो। अविश्वासको प्रस्ताव प्रस्तुत भएपछि १८ र १९ गते छलफल भयो। २० गते प्रधानमन्त्रीले छलफलमा उठेका प्रश्नहरूको जवाफ दिदै वेहोस हुनु भएकोले फागुन २३ गते मात्र जवाफ दिने र मतदानको कार्यक्रम टुङ्गियो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले मानवअधिकारको उल्लंघन गरेको कुरा अस्वीकार गर्दै हिंसा, तोडफोड, आगजनी र सार्वजनिक सम्पत्ति जोगाउन गोली चलाउनु पर्दा व्यक्तिको ज्यान गएको हो, राज्यका निर्देशक सिद्धान्त र नीतिको मर्म विपरित काम भएको भन्ने कुरा कपोल कल्पीत मात्र हो भनी खण्डन गर्नुकां साथै जनहितका अनेक कार्य गरेको कुरामा जोड दिनु भयो। अविश्वासको प्रस्तावमा मतदान हुँदा पक्षमा ८१ मत र विपक्षमा ११३ मत परेकोले पारित हुन सकेन। यसमा वाम पक्षीय सांसदहरूले पक्षमा, नेपाली कांग्रेसका सांसदहरूले विपक्षमा मत दिए भने राप्रपा र नेपाल सद्भावना पार्टीका सांसदहरू अनुपस्थित रहन गए।

यद्यपि अविश्वासको प्रस्ताव पारित भएन र सरकारमाथि लागेका मानवअधिकार उल्लंघनको प्रस्ताव समेत वैध रूपले प्रमाणित हुन सकेन तैपनि यस अधिवेशनको मूल मुद्दाको रूपमा मानवअधिकार समेत रहेको महत्वपूर्ण पक्ष पाईन्छ। मानवअधिकार उल्लंघनको स्थितिमाथि यस अधिवेशनले मुलुक र सदन समेतको ध्यान केन्द्रित गर्ने र यस्तो कार्य गर्नेको तिव्र आलोचना भएकोले सरकारलाई सचेत गराएको देखिन्छ।

विशेष अधिवेशन संविधानको धारा ५३ (३) को विशेष अभ्यास थियो । नेपाल कम्युनिष्ट पार्टीले यस धारालाई प्रयोग गरी संसद बोलाएकोले यसको औचित्यमाथि प्रश्नचिन्ह लाग्यो। नेपाल कम्युनिष्ट पार्टी (एमाले) ले यो अधिवेशन बोलाउनुको औचित्य नेपाली कांग्रेसको आन्तरिक कलहले मध्यावधि निर्वाचन हुन सक्ने कुरालाई रोक्नका लागि गरिएको तर्क अगाडि सार्‍यो। प्रमुख विपक्षीले राजाको हातमा शक्ति पुर्‍याएको आरोप अन्य पक्षले प्रमाणित गर्न कसरत गरेर यो अविश्वासको प्रस्ताव नियमित बैठकमा पनि ल्याउन सकिने कुरा उठाए। तर कुनै पक्ष पनि आफ्नो औचित्यता सिद्ध गर्न असफल रहे। तर नेपालको संवैधानिक विकासमा संविधानको धारा ५३(३) र धारा ५९ (२) को अभ्यास आफैमा महत्वपूर्ण घटना हुन पुग्यो। प्रतिनिधि सभाको विशेष अधिवेशन २०५० फागुन १२ गते सुरू भै २३ गते समाप्त भयो। यस अवधिमा प्रतिनिधि सभाको बैठक ५ दिनमा ६ चोटी बस्यो। बैठक १९ घण्टा ४५ मिनेट चलेको थियो। बैठकमा अविश्वासको प्रस्ताव मात्र मूख्य विषय रह्यो।

### संसदको छैटौं अधिवेशन

प्रतिनिधि सभाको विशेष अधिवेशन समाप्त भएको २४ घण्टा भित्रै २०५० साल फागुन २४ गते १ बजे सुरू भएको संसदको पहिलो दिनमा नै संसदमा छलफलको विषय मानवअधिकार बन्न पुग्यो। प्रतिनिधि सभामा प्रमुख विपक्षी दलका नेता मनमोहन अधिकारीले मानवअधिकार उल्लंघन गर्नेमाथि कारवाही गर्न कानूनी व्यवस्था गर्न, भूटानी शरणार्थी समस्या सुल्झाउन, दासढुंगा जीप दुर्घटनाको छानवीन उच्च स्तरीय आयोगबाट गराउन र नागरिकताका समस्या सुल्झाउनु पर्ने कुरा प्रति सभाको ध्यानाकर्षण गराउनु भयो।

सो दिन अन्तर्राष्ट्रिय महिला दिवस समेत परेकाले महिला सांसदहरू नेकपा (एमाले) का विद्यादेवी भण्डारी, श्रीमती सहाना प्रधान, धममाया थापा, नेपाली कांग्रेसका श्रीमति लिला कोइराला, मीना पाण्डे र उमा अधिकारीले नेपाली महिलाको समस्या समाधान गर्न, देवकी प्रथाको अन्त गर्न, महिलालाई सम्पतिको हक प्रदान गराउन, नारी सम्बन्धि संविधान र कानूनद्वारा प्रदत्त अधिकार व्यवहारमा उतार्न, महिला समस्याको लागि राष्ट्रिय परिषद गठन गर्न र मुलुकी ऐनमा रहेको अंश सम्बन्धी र जबरजस्ती करणी सम्बन्धी त्रुटीपूर्ण प्रावधानको संशोधन गर्नु पर्ने तर्फ संसदको ध्यान आकर्षण गराउनु भएको थियो। वक्ता सबैजसो सांसदहरूले पनि महिला हक हितका बारेमा समस्या प्रस्तुत गर्नु भएको थियो।

सोही दिन संयुक्त जनमोर्चाका सांसद अमिक शेरचनले दासढुंगा घटनापछि भएको संघर्षमा घाइते भएका विष्णु पौडेलको उपचारका लागि कसैले ध्यान नदिएको कुरा उठाउनु भयो। राप्रपाका प्रकाश चन्द लोहनीले बेरोजगारी र नागरिकताको समस्या समाधानको लागि माग गर्नु भयो। सांसद भीमबहादुर श्रेष्ठले गरिबी, अशिक्षा र रोग जस्ता जनताका मूलभूत समस्या समाधान गर्नु पर्ने कुरामा जोड दिनु भयो भने सांसद नारायणमान विजुक्छेले देशका अनगिन्ती समस्याको समाधान प्रतिपक्षी दलहरूसँग समझदारी बढाएर गर्नेतर्फ सरकारको ध्यानाकर्षण गर्नु भएको थियो।

संसदको पहिलो बैठकमै राष्ट्रिय सभामा पनि मानवअधिकार नै मुख्यत चासोको विषय रहेको देखिन्छ। राष्ट्रिय सभामा प्रमुख विपक्षी दल नेकपा (एमाले) का माधव नेपालले महिला हक हितका कानून बनाई व्यवहारमा उतार्नु पर्ने र नेपाल सद्भावना पार्टीका रामेश्वर राय यादवले नागरिकता, तराईवासीका लागि आरक्षण र बाढी पीडितहरूको राहत बारेमा सदनको ध्यान आकर्षण गर्नु भएको थियो। संयुक्त जनमोर्चाका सिन्धुनाथ प्याकुरेलले मानवअधिकारका लागि सबै भन्दा आधारभूत आवश्यकता रोजगारीको व्यवस्था ठान्दै रोजगारीको समस्या समाधान भएमा ७५ प्रतिशत समस्या आफै समाधान हुने कुरा स्पष्ट पार्नुका साथै मूल्य वृद्धि र प्रदुषण बारेमा सरकारको ध्यान आकर्षण गराउनु भयो।

सांसद कृष्णप्रसाद घिमिरेले शान्ति सुरक्षा, मंहगी नियन्त्रण र आपूर्तिको कुरा उठाउनु भयो भने नेपाली कांग्रेसका वासुदेव रिसालले जनताका हक हितका लागि मिलेर काम गर्नु पर्ने र महिलाहरूको हक हित प्रतिस्थापित हुनु पर्ने कुरा सदनमा राख्नु भएको थियो।

प्रतिनिधि सभाको २७ र २९ फागुनमा बसेको बैठकमा फागुन २५ देखि आमरण अनसनमा बसेका आयुर्वेद क्याम्पस नरदेवीको विद्यार्थी बारेमा विपक्षी सांसदहरूले सरकारको ध्यानाकर्षण गर्नु भयो। संयुक्त जनमोर्चाका बरमन बुढा र विष्णुबहादुर तामाङले आफ्नो जिल्लामा प्रशासनले एकतर्फी रूपमा कार्यकर्तामाथि झुठा मुद्दा लगाएको विषय उठाउनु भएको थियो। एमालेका शिवराज गौतम र शिवबहादुर देउजाले शान्ति सुरक्षाको स्थिति बिग्रेको तथा स्थानीय प्रशासनले एक पक्षीय रूपमा विरोधीहरूलाई दवाउने कार्य गरेको कुरा अघि सार्नु भयो। नेकपा (संयुक्त) का बैधनाथ महतोले काठमाडौंमा फोहोर बढेको र

घरभाडा निर्धारित गरी बहालमा बस्नेको हित रक्षाको लागि आग्रह गर्नु भयो।

प्रतिनिधि सभाको फागुन २९ गते बसेको बैठकमा पनि मानवअधिकार हनन भएको विषयमा नै सदनको ध्यान केन्द्रीत रह्यो। सो दिन स्याङ्जामा दलित वर्गबाट उत्पादित दूध बहिष्कार गरिएको, जेलका बन्दीहरूको अवस्था नाजुक रहेको, जाजरकोटका प्रजिअले गाविस अध्यक्षलाई १५ दिन सम्म हतकडी लगाई धुनेको, पाँचथर जिल्लाको अस्पतालमा डाक्टरको अभावमा लाशको पोष्टमार्टम समेत हुन नसकेको प्रति सरकारको ध्यान आकर्षण गरियो।

यसको साथै प्रतिनिधि सभाको बैठकले दक्षिण एशियाली वातावरण सहयोग कार्यक्रम (सासेप) को नियमावली स्वीकृत गऱ्यो। सूचना तथा संचार राज्यमन्त्री विजयकुमार गच्छदारले श्रमजीवी पत्रकार सम्बन्धी विधेयक २०५० प्रस्तुत गर्नु भयो। सो विधेयक श्रमजीवी पत्रकारको हक, हित, सुविधा र सुरक्षा सम्बन्धि कानून बनाउन ल्याइएको थियो। यस अघि श्रमजीवी पत्रकार सम्बन्धी कुनै कानून थिएन।

सोही दिन बसेको राष्ट्रिय सभामा विशेष समय लिई डा. भरत प्रधानले नरदेवी क्याम्पसका आमरण अनसनमा बसेका विद्यार्थीको अवस्था अवगत गराउनु भयो।

चैत १ गते २०५० सालका दिन बसेको प्रतिनिधि सभाको बैठकले जलस्रोत राज्यमन्त्री लक्ष्मण प्रसाद घिमिरेले राख्नु भएको जलवायु परिवर्तन सम्बन्धी महासंधि अनुमोदन गऱ्यो। बढ्दो वातावरण प्रदुषणबाट हुन सक्ने प्रतिकूल प्रभावबाट बच्न अन्तरक्रिया गर्न, सामुहिक प्रयास गर्न र यथार्थ दिगो आर्थिक विकासतर्फ उन्मूख हुनका लागि यो महासन्धि भएको हो।

सोही दिनको प्रश्नोत्तरकालमा नागरिकता सम्बन्धी उठेका प्रश्नको जवाफ दिने क्रममा गृहमन्त्री शेरबहादुर देउवाले जिल्ला प्रशासनबाट नियमितरूपमा नागरिकता दिने काम भएको, गाउँ गाउँमा नागरिकता टोली खटाइने सोचाई नभएको जानकारी गराउनु भएको थियो। नागरिकता समस्या नेपालमा एक जटिल समस्याको रूपमा रहन गएको छ।

प्रतिनिधि सभाको चैत २ गतेको बैठकमा नेकपा (एमाले) का सांसद जागृतप्रसाद भेटवालले २०५० साल साउन महिनामा आएको बाढीद्वारा पीडित परिवारलाई बसोवास गर्न र खेती गर्न जमिनको व्यवस्था गरियोस् भनी जरूरी सार्वजनिक महत्वको प्रस्ताव राख्नु भयो। सो प्रस्ताव राख्ने क्रममा श्री भेटवालले गत वर्ष विशेषत महाभारत श्रृंखलाबाट आएको बाढीले तराई क्षेत्रका विभिन्न भागमा समेत गरी रू. २० अरब बराबरको सम्पतिको क्षति र १० हजार मानिस विस्थापित भएका छन्। तीनलाई पुनः स्थापना गर्नु पर्दछ भन्नु भयो। यस प्रस्तावको बारेमा प्रमुख विपक्षी दल एमालेका नेता मनमोहन अधिकारी, नेमकिपाका डिल्ली बहादुर महत, नेकपा (एमाले) का विरोध खतिवडा, संयुक्त जनमोर्चा नेपालका अमिक सेरचन, नेपाली कांग्रेसका नबुनी सिंह दनुवार, नेकपा एमालेका डा. बंसीधर मिश्र, नेपाली कांग्रेसका ब्रजकिशोर सिंह, नेकपा (एमाले) का मदन ढुंगेल, बसन्त नेम्वाङ्ग, हिरण्यलाल श्रेष्ठ, केशव बडाल, कृष्णप्रसाद दाहाल, डम्बरसिंह सम्बाहाम्फे, नेपाली कांग्रेसका राजदेव गोहीत र मीना पाण्डे तथा राप्रपाका अकबरे बहादुर सिंहले बाढी पीडित र अन्य दैवी प्रकोप पीडित व्यक्तिहरूको स्थिति, राहतको व्यवस्थाका विविध पक्षबारे सदनमा छलफल गर्नु भयो।

सो प्रस्तावको जवाफमा आवास तथा भौतिक योजना मन्त्री बलबहादुर राईले बाढी पीडित घरबारविहिन एक हजार चार सय परिवारलाई घरहरू बनाउन जग्गा उपलब्ध गराईसकेको, खेती बाली लगायत जीविकोपार्जनका लागि श्री ५ को सरकारले विभिन्न निकाय मार्फत खानेपानी, सिंचाई र कृषि ऋण लगायतका कार्यक्रम संचालन गैरहेको, सर्लाही, चितवन, रौतहट, मकवानपुर र सिन्धुली जिल्लालाई प्राथमिकता दिएको, सर्लाही र रौतहटका बाढी पहिरो पीडितका लागि सुकुम्वासी आयोगले एक हजार आठसय घर बनाउन जग्गा उपलब्ध गराएको र ताइवानी धार्मिक संस्थाले यस्ता परिवारको लागि तीन महिना भित्र सर्लाहीको चिताइनमा ६ सय घर, रौतहटमा ६ सय घर, पोराहीमा २ सय घर निर्माण गर्ने, चितवनमा ६०० घर निर्माण गर्ने भएको र राहतमा पक्षपात नभएको जानकारी दिनु भयो।

सोही दिन प्रतिनिधिसभा-सभ्य व्यवस्था समितिको बैठकमा यातना सम्बन्धी क्षतिपूर्ति विधेयक २०५० माथि छलफल भयो।

चैत २ गते राष्ट्रिय सभामा नेकपा (एमाले) का सांसद चन्द्रराज ढुंगेलले अवैध रूपमा दशौ करोड सुन आयात र स्पेस टाइम नेटवर्क जस्ता काण्डहरूले अर्थतन्त्रको मेरूदण्ड भन्सार प्रशासनलाई विवादास्पद बनाएको छ भन्ने ध्यानाकर्षणको प्रस्ताव प्रस्तुत गर्नु भयो। सो को जवाफमा अर्थ राज्यमन्त्री महेश आचार्यले कानूनी राज्यमा अपराधिक कार्यमा संलग्न भएको प्रमाणित भएमा जो सुकै व्यक्तिलाई पनि कारवाही गरिने भएको जानकारी गराउनु भयो।

प्रतिनिधि सभामा सूचना तथा संचार राज्यमन्त्री विजयकुमार गच्छदारले श्रमजीवी पत्रकार सम्बन्धी विधेयक २०५० माथि समान्य छलफल गरियोस् भनी राख्नु भएको प्रस्ताव बैठकले स्वीकृत गऱ्यो।

नेपाली कांग्रेसका शेख इदिश र सैयदमेराज अहमद सादले विभिन्न समुदायहरूले मान्ने चाडपर्वबारे ध्यान आकर्षण गराउनु भएको थियो। राष्ट्रिय सभाको शुन्य समयमा नेपाली कांग्रेसका सांसद श्रीमति सुसिला शर्माले सिरहा जिल्ला लाहान नगरपालिका निवासी श्रीमति इन्दिरा चौधरीलाई आफ्नै देवर पवन चौधरीले हात खुट्टा बाँधी कुटपीट गरी १० प्रति कागजमा जबरजस्ती दस्तखत गराई एक प्रति जिल्ला अदालतमा पेश गरेको भन्ने बुझिएकोले निजको सम्पत्तिको सुरक्षाको लागि माग गर्नु भयो ।

संयुक्त जनमोर्चाका सांसद सिन्धुनाथ प्याकुरेलले पोखरामा केही विद्यालयले जबरजस्ती धर्म परिवर्तन गरेको प्रति ध्यानाकर्षण गर्नु भयो।

प्रतिनिधि सभाको चैत ४ गते बसेको बैठकमा

सांसदहरूले गुल्मी जिल्लाको बलेटक्सारमा चैत १ गतेको कुटपिट र २ गते गोली चलेको सम्बन्धमा गृहमन्त्रीसंग स्पष्टीकरण माग गर्दा गृहमन्त्री शेरबहादुर देउवाले चैत १ गते यसका कर्मचारी र विद्यार्थी बीच कुटपीट भएको र २ गते वस यातायात रोक्न खोज्दा भएको विवाद नियन्त्रण गर्न गोली चलाउनु परेको कुराको जानकारी दिनु भयो।

नेकपा (एमाले) का सांसद पद्मरत्न तुलाधरले सरकारको कार्यकालमा धेरै गोली काण्ड भएकोले यो सरकारको हातमा मानवअधिकार नभएको चर्चा गर्नु भयो। नेपाली कांग्रेसका नथुनीसिंह दनुवारले प्रजातन्त्रका सेनानीहरूको लुटिएको सम्पत्ति फिर्ता गर्न माग गर्नु भयो। नेकपा (एमाले) का सांसद मदन ढुङ्गेलले सिन्धुलीमा निर्दोष मानिस उपर वनमुद्दा लागेको कुरा उठाउनु भयो।

सोही वैठकमा नेकपा (एमाले) का सांसद हिरण्यलाल श्रेष्ठले गोरखापत्र र राष्ट्रिय समाचार समितिको शेयर त्यहाँ कार्यरत कर्मचारी तथा अन्य पत्रकारिता क्षेत्रका व्यक्तिहरूमा वितरण गरी सहकारीकरण गरियोस् भन्ने ध्यानाकर्षणको प्रस्ताव पेश गर्नु भयो। यसको जवाफमा संचार राज्यमन्त्री विजयकुमार गच्छदारले यथासक्य छिटो गोरखापत्रलाई निजीकरण गरिने र राससको शेयर प्रवाह गर्न उपयुक्त नभएको संचार कार्यदलको प्रतिवेदन आएको छ भनी जानकारी गराउनु भएको थियो ।

प्रतिनिधि सभाको चैत ५ गतेको वैठकले "श्री ५ को सरकारले आगामी आम निर्वाचन अगाडि नै सम्पूर्ण मतदाताहरूलाई परिचय पत्र वितरण गर्ने व्यवस्था गरोस्" भनी नेपाली कांग्रेसका तारानाथ रानाभाटले प्रस्तुत गर्नु भएको संकल्पलाई सर्वसम्मतिले स्वीकृत गर्‍यो। सो संकल्प स्वस्फूर्त रूपमा राजनीतिक सहभागिता गर्ने अवसर नभएकोले राजनीतिक सहभागिता तल्लो तहसम्म पुग्न नसकेकोले शान्तिपूर्ण ढंगले निर्वाचन गर्ने प्रजातान्त्रिक पद्धतिलाई अनुसरण गर्न मतदाता परिचयपत्र आवश्यक भएकोले प्रस्तुत गरिएको थियो।

सोही दिनको प्रतिनिधि सभाको शून्य समयमा राप्रपाका सांसद पशुपति शमसेर जवराले नवलपरासीमा सो पार्टीका महामन्त्री रविन्दनाथ शर्मा र कोषाध्यक्ष यादवप्रसाद पन्तको नेतृत्वमा भएको शान्तिपूर्ण जुलुसमाथि लाठी चार्जको विरोध गर्नु भयो। नेकपा (एमाले) का सांसद सहाना प्रधानले मुलुकको जनसंख्याको १० प्रतिशत अपाङ्गका लागि रोजगारी दिने व्यवस्था होस् भनी माग गर्नु भएको थियो।

प्रस्नोत्तर समयमा एमालेका सांसद खगराज शर्माले विद्युत प्राधिकरणका पुराना अस्थायी कर्मचारीलाई विनाकारण निष्कासन गरी नयाँ कर्मचारी नियुक्ती गरेको प्रति ध्यानाकर्षण गराउनु भयो।

प्रतिनिधि सभाको चैत ७ गतेको वैठकमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रश्नोत्तरको क्रममा नेपाल सद्‌भावना पार्टीका हृदयस त्रिपाठीको प्रश्नको उत्तरमा भूटानबाट नेपाल आएका भूटानी शरणार्थीहरू स-सम्मान आफ्नो मुलुकमा फर्कुन् भन्ने दिशामा कुटनीतिक प्रयास केन्द्रीत रहेको कुरा बताउनु भयो। सांसदहरूले भूटानी शरणार्थी समस्याका विभिन्न पक्षको बारेमा प्रधानमन्त्रीको ध्यानाकर्षण गर्नु भयो।

सोही दिनको प्रतिनिधि सभामा कानून, न्याय तथा संसदीय व्यवस्था मन्त्री महेश्वर प्रसाद सिंहले मुलुकी ऐनबाट मृत्युदण्डको सजाय हटाउन र स्वास्नी मानिसको स्वास्थ्यमा गंभीर खतरा पुग्न सक्ने वा विकलाङ्ग बच्चा जन्मने अवस्थामा खास अवधि भित्र मान्यता प्राप्त चिकित्सकको अनुमति लिई गर्भपतन गराउनसक्ने मान्यता प्रदान गर्न मुलुकी ऐन (एघारौं संशोधन) विधेयक २०५० प्रस्तुत गर्नु भयो।

यस विधेयकमा वालिकाहरूउपर हुने बलात्कारका अपराधीलाई कडा सजायको व्यवस्था गरिएको छ, विवाहवारीको महल संशोधन गरिएको छ, बलात्कारबाट पीडित पक्षको जीवनमा पुग्न सक्ने प्रतिकूल प्रभावलाई न्यून गर्ने उद्देश्यले त्यस सम्बन्धी कारवाहीको सम्बन्धमा महिला प्रहरी कर्मचारी र सो नभएमा महिला समाजसेवीको उपस्थितिमा वयान गराउने तथा कारवाही चलाउने व्यवस्था गरिएको छ, अंश लिई वा मानो छुट्टिई भिन्न भएकी महिलाले चाहेमा कसैको मंजुरी नलिई धर्मपुत्र वा धर्मपुत्री राख्ने व्यवस्था गरिएको छ। यो संशोधनलाई सदनले आफ्नो प्रकृया पूरा गरी ऐनको रूप दिइएकोलाई यस अधिवेशनको विशेष उपलब्धी मानिएको छ।

चैत ८ गतेको राष्ट्रिय सभामा आदिवासीहरूको समस्या बारे चर्चा भयो। नेकपा एमालेका महेश चौधरीले अन्तर्राष्ट्रिय आदिवासीवर्ष समाप्त भएको सन्दर्भमा राष्ट्रिय समिति निर्माण गरेर सरकारले औपचारिकतासम्म निर्वाह गरेको, कुनै कार्यक्रम प्रकासमा नल्याएको भन्ने सम्बन्धमा ध्यानाकर्षणको प्रस्ताव प्रस्तुत गर्नु भएपछि सो सम्बन्धमा चर्चा भएको हो। यसको जवाफमा शिक्षा, संस्कृति तथा समाजकल्याण मन्त्री गोविन्दराज जोशीले अन्तर्राष्ट्रिय आदिवासीवर्षलाई महत्व दिएर नै अन्तर्राष्ट्रिय आदिवासीवर्ष राष्ट्रिय समिति १९९३ गठन भएको र त्यस समितिले आदिवासीको पहिचान गरी तिनका समस्या समाधान प्रगति र विकासका लागि कस्तो कार्यक्रम बनाउँदा लाभ पुग्छ भनी त्रिभूवन विश्वविद्यालयको एशियाली अनुशन्धान केन्द्र मार्फत सम्बन्धित विशेषज्ञहरूको गोष्ठी गराई सुझाव पेश गर्न अनुरोध गरेको कुरा बताउनु भयो। उहाँले सुझाव प्राप्त भएपछि कार्यक्रम संचालन गरिने र आदिवासीलाई उपेक्षा नगरी संरक्षण गर्ने पनि जानकारी गराउनु भयो। नेकपा (एमाले) का सुवासचन्द्र नेम्वाङ्गले पनि आदिवासीका समस्या वारेमा मन्तव्य प्रकट गर्नु भएको थियो।

राष्ट्रिय सभाको वैठकमा विशेष समितिका सभापति कृष्ण प्रसाद घिमिरेले जाँचबुझ आयोग (पहिलो संशोधन) विधेयक २०५० सम्वन्धी समितिको प्रतिवेदन पेश गर्नु भयो।

प्रतिनिधि सभाको चैत १० गतेको वैठकमा सांसद राधाकृष्ण मैनालीमाथि भएको हातपातका सम्बन्धमा विशेष चर्चा भयो। अधिकांश सांसदहरूले मैनालीमाथि भएको दुर्व्यवहारको निन्दा गर्नुका साथै दोषीमाथि कडा कारवाहीको माग राखेका थिए।

प्रतिनिधि सभा राज्य व्यवस्था समितिको वैठकमा यातना सम्बन्धी क्षतिपूर्ति विधेयक २०५० माथि छलफल भयो।

तर यो विधेयकमा निकै त्रुटी देखिएकोले त्यस पटकको सदनमा सो विधेयक आउन र पारित हुन सकेन। यसलाई फिर्ता गरी पुन सुधार गरी पेश गर्न सांसदहरूले दवाव दिएकाले सो विधेयक सरकारले फिर्ता लग्यो। छैटौ अधिवेशनमा सरकारले ल्याएको त्रुटीपूर्ण यस विधेयकलाई फिर्ता गरी नागरिकहरूको हित संरक्षण गर्ने खालको विधेयक ल्याउन वाध्य गराउन सकेकोले अर्को महत्वपूर्ण उपलब्धीको रूपमा लिईएको छ। यो विधेयकलाई समितिमा छलफल गर्दा विभिन्न मानवअधिकार संगठन तथा अन्य विशेषज्ञहरूको समेत मन्तब्य लिइएको थियो।

प्रतिनिधि सभाको सोही दिनको बैठकमा नेकपा (एमाले) का लालबाबु पण्डितले सुकुम्वासी समस्या छिटो समाधान गरियोस् भन्ने ध्यानाकर्षणको प्रस्ताव राख्नु भयो। उहाँले सुकुम्वासी समस्या समाधानको लागि सरकारले तराईलाई मात्र केन्द्रित गरेको आरोप लगाउँदै पहाडमा पनि सो समस्या बढेको कुरा अगाडि सार्नु भयो। ध्यानाकर्षणको जवाफ दिने क्रममा आवास तथा भौतिक योजना सहायक मन्त्री दिलेन्द्र प्रसाद बडुले सुकुम्वासी समस्या समाधान गर्न चुलाचुली लगायत १९ जिल्लामा कार्यालय खोली लगत लिने काम भएको र सातहजार परिवारलाई जग्गा वितरण गर्ने जानकारी गराउनु भएको थियो।

राष्ट्रिय सभाको बैठकमा विशेष समय लिएर नेकपा (एमाले) का माधवकुमार नेपालले तराई र पहाडका वीसौं वर्षदेखि बसोवास गर्दै आएका वास्तविक नागरिकले नागरिकता नपाएको, पैसा र सोर्सबाट विदेशीहरूलाई नागरिकता दिएको छ भन्दै नेपालीहरूलाई नागरिकता प्रमाणपत्र दिन तत्काल सरकारले ध्यान देओस भनी सदनको ध्यानाकर्षण गराउनु भयो। साथै शिक्षक छनौटमा भएको धाँधलीको पनि विरोध गर्नु भयो।

चैत ११ गतेको बैठकमा यस अघि नभएको घटना प्रतिनिधि सभामा भयो। खानी तथा खनिज पदार्थ (पहिलो संशोधन) विधेयक २०५० पारित गरियोस् भन्ने प्रस्तावमाथि सदनको मत विभाजनको प्रकृया पूरा भएपछि सरकार अल्पमतमा परेको हुँदा परिणाम घोषणा नगरी तत्काल अध्यक्षता गरिरहनु भएका उप-सभामूख महन्थ ठाकुरले चैत १५ गते ११ वजे सम्मका लागि बैठक स्थगित गर्ने घोषणा गर्नासाथ सांसदहरू सभामूखको माईकमा झम्टन पुग्दा हो हल्ला र मारपिट भयो। महन्थ ठाकुर र मदन ढुङ्गेललाई चोटपटक लाग्यो। कागजपत्रहरू मिल्काईए, च्यातिए, लछारपछार भयो।

यस अघि नेकपा (एमाले) का नारायणसिंह राजवंशीले चिया वगानमा काम गर्ने मजदूरहरूको समस्या प्रति ध्यानाकर्षण गर्नु भयो। त्यसको जवाफमा कृषि मन्त्री पौडेलले चिया मजदूरको हक हित सम्वर्द्धन गर्न आवश्यक व्यवस्था गरेको, मजदूर संगठनमाथि सरकारले हस्तक्षेप नगरेको, मजदूरहरूको स्थायी र अस्थायीको समस्या नभएको जानकारी गराउनु भयो।

चैत १४ गते राष्ट्रिय सभाको बैठकको शून्य समयमा मनबहादुर विश्वकर्माले प्राथमिक विद्यालयहरूमा दलित वर्गबाट पनि एक शिक्षक नियुक्ति गर्नु पर्ने माग गर्नु भयो।

सोही दिन नेकपा एमालेका सुवासचन्द नेम्वाङ्गले संसददेखि स्थानीय तहसम्म निष्पक्ष, धाँधली रहित र वैज्ञानिक तरिकाले निर्वाचन संचालन गर्न समयानुकूल आवश्यक पूर्वाधारहरू खडा गर्न कानून तर्जुमा गरियोस् भनी सार्वजनिक महत्वको प्रस्ताव राख्नु भयो। श्री नेम्वाङ्गले यस्तो चुनावको लागि मतदाताहरूको परिचयपत्रको व्यवस्था, मतदाता नामावली संकलन प्रकाशन प्रकृयामा सुधार, निर्वाचनको मुखमा निर्वाचन क्षेत्र परिवर्तन गर्ने परिपाटीको अन्त र निर्वाचन अधिकृत प्रजिअको वदलामा जिल्ला न्यायाधीशहरू राख्ने व्यवस्थाको माग गर्नु भयो। यस प्रस्तावमा नेकपा (एमाले) का प्रेमसिंह धामी, महेश चौधरी, र नेपाली कांग्रेसका जगदीश शमशेर जवरा, विदुर पौडेल र नरहरी आचार्यले पनि प्रस्तावको पक्षमा वोल्नु भयो।

प्रस्तावको जवाफमा गृहमन्त्री शेरबहादुर देउवाले निर्वाचनहरू निष्पक्ष धाँधलीरहित र वैज्ञानिक रूपले संचालन गर्नु पर्ने कुरालाई स्वीकार गरी तद्अनुरूप आवश्यक पूर्वाधारहरू र ऐन कानूनको व्यवस्था गर्ने कुरामा श्री ५ को सरकार वचनवद्ध छ भन्नु भयो।

प्रतिनिधिसभाको चैत १५ गतेको बैठक भारतीय प्रहरीद्वारा चैत १४ गते वानेश्वरमा दुई घरहरूमा भएको खानतलासीबाट नेपाली नागरिकको मानवअधिकार र राष्ट्रको अखण्डतामा आँच पुगेको सम्बन्धमा केन्द्रित रह्यो। यस घटना बारे जानकारी २४ घण्टा भित्र दिन सभामूख दमननाथ ढुङ्गानाले रूलिङ्ग दिनु भएपछि संसदको कारवाही अगाडि बढ्न सकेको थियो। यस पछि पूरै अधिवेशनमा भारतीय प्रहरीद्वारा भएको कारवाही बारे सांसदहरूले प्रनितिधि सभा र राष्ट्रिय सभामा आवाज उठाउँदै रहे।

चैत १५ गतेको प्रतिनिधि सभामा खानी तथा खनिज पदार्थ सम्बन्धी (पहिलो संशोधन) विधेयक २०५० लाई पूनः समितिमा पठाउन प्रस्ताव स्वीकृत भएपछि चैत ११ गते उत्पन्न संकट समाधान भयो। विधेयक संसदमा अस्वीकृत भएपछि समितिमा जान नसक्ने नियमावलीको व्यवस्थालाई निलम्वन गरी सो विधेयकलाई पुनः समितिमा पठाउने सहमति अनुसार नै संसदको कारवाही भएको थियो।

प्रतिनिधि सभाको चैत १६ गतेको बैठकमा भारतीय प्रहरी हस्तक्षेपको सांसदहरूबाट विरोध भएपछि सभामुखको निर्देशन अनुसार गृहमन्त्री शेरबहादुर देउवाले घटनाको विवरण सदनमा पेश गर्नु भयो। उहाँले नयाँ वानेश्वरमा हतियारयुक्त भारतीय प्रहरीले नेपालीको घरमा गरेको कारवाहीको घटनाको सम्बन्धमा यसको गाम्भिर्यतालाई दृष्टिगत गरी श्री ५ को सरकारले भारतीय राजदूतलाई वोलाई आइन्दा यस्तो हुन नदिन समेत कडा विरोधपत्र दिएको जानकारी दिनु भयो। चैत १८ गतेको प्रतिनिधि सभामा प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले वानेश्वरको घटनालाई अत्यन्त गंभीरताका साथ लिएको कुरा बताउनु भयो।

चैत १८ गते यसै घटनालाई लिएर राष्ट्रिय सभामा डेढ घण्टासम्म प्रधानमन्त्री शसरीर उपस्थित भई जवाफ दिनु पर्छ भनी आवाज उठाउँदा संसद अवरूद्ध भयो। प्रधानमन्त्रीले उपस्थित भएर वक्तब्य दिएपछि कारवाही अगाडि बढ्न सकेको थियो। वानेश्वरको यस मानवअधिकार हनन सम्बन्धी विषयलाई संसदले वडो गंभिरतापूर्वक लिएको देखिन्छ।

प्रतिनिधि सभाले ओजन तह संरक्षणका लागि व्यवस्था भएको भियना महासन्धि १९८५, सो सम्बन्धी मन्ट्रियल प्रोटोकल १९८७ र सो प्रोटोकललाई संशोधन गर्न तथा समायोजन गर्न व्यवस्था भएको लण्डन संशोधन १९९० सम्बन्धी महासंधिहरूलाई प्रकृया पूरा गरी अनुमोदन गऱ्यो।

राष्ट्रिय सभाको चैत २१ गतेको बैठकमा पनि वानेश्वर घटनाका सम्बन्धमा दुई घण्टा सम्म चर्को बहस भयो। चैत २२ गतेको प्रतिनिधि सभामा प्रमुख विपक्षी दल एमालेका नेता मनमोहन अधिकारीद्वारा प्रस्तुत स्थगन प्रस्ताव ७१ का विरूद्ध १०२ मतले अस्वीकृत भयो। चैत २३ गते राष्ट्रिय सभामा वानेश्वर काण्ड सम्बन्धमा सुवासचन्द नेम्वाङ्गद्वारा प्रस्तुत विलम्वकारी प्रस्ताव पनि १७ का विरूद्ध २५ मतले अस्वीकृत भयो।

चैत २३ गतेको प्रतिनिधि सभाको बैठकमा नेकपा (एमाले) का केशवप्रसाद वडालले प्रतिनिधि सभाको यो बैठक श्री ५ को सरकारले भूमि व्यवस्थापनमा ठोस नीति तर्जुमा गरी कार्यान्वियन गर्दछ भनि राख्नु भएको संकल्पलाई स्वीकृत गऱ्यो।

प्रतिनिधि सभामा राप्रपाका पशुपति शमशेर जबराले नेपाली किसानबाट राहत र कृषि पेशालाई प्रोत्साहन दिन श्री ५ को सरकारले केही विशेष कार्यक्रम अपनावस भनी जरूरी सार्वजनिक महत्वको प्रस्ताव राख्नु भयो। यसको जवाफमा कृषि मन्त्री रामचन्द्र पौडेलले कृषि उत्पादनलाई प्रोत्साहन दिन सकिएमा स्वभाविक रूपमा कृषकहरूलाई राहत पुग्न जाने भएकोले श्री ५ को सरकारले कृषि उत्पादनलाई विभिन्न पक्षबाट प्रोत्साहन र सहयोग पुऱ्याउँदै आएको छ भन्नु भयो।

चैत २३ गतेको प्रतिनिधि सभामा विशेष समय लिएर बोल्दै प्रमुख विपक्षी दलका नेता मनमोहन अधिकारीले सरकारसंग राजनीतिक प्रकृतिका सबै प्रकारका अभियोगहरूलाई आममाफी दिन आग्रह गर्नु भयो। नेपाली कांग्रेसका सांसद रमेश रिजालमाथि चलाइएको मुद्दा फिर्ता नलिएकोमा चिन्ता व्यक्त गर्नु भयो।

प्रतिनिधि सभाको चैत २५ गतेको बैठकमा नेकपा (एमाले) का अशोककुमार राईले निम्न माध्यमिक विद्यालयहरूमा संस्कृत भाषा अनिवार्य नगराइयोस् भनी ध्यानाकर्षण प्रस्ताव राख्नु भयो। यसको जवाफमा शिक्षा मन्त्री गोविन्द राज जोशीले नेपालको संविधानले राष्ट्रभाषा र राष्ट्रिय भाषाको स्पष्ट व्यवस्था गरेकाले त्यसलाई प्रोत्साहन गरिने र संस्कृत भाषा कुनै वर्ग र जातिको भाषा होइन र यो भाषा बोल्न र बुझ्न नसक्ने माथि जवरजस्ती लाद्ने नीति पनि होइन भनी जानकारी गराउनु भएको थियो।

संसदको छैटौं अधिवेशन २०५० फागुन २४ गते शुरू भई चैत २६ गते समाप्त भयो। यो अधिवेशन ३२ दिन रह्यो। छैटौं अधिवेशनमा प्रतिनिधि सभाको बैठक १९ दिनमा २१ पटक बस्यो। बैठकले जम्मा १०९ घण्टा ५२ मिनेटको समय लियो। प्रतिनिधि सभाले सातवटा संकल्प स्वीकृत गऱ्यो र एउटा स्थगन प्रस्ताव अस्वीकृत गऱ्यो। १४ वटा विषयमा मन्त्रीको ध्यानाकर्षण गर्नका साथै ७१० वटा मौलिक प्रश्नको जवाफ दिइएको थियो। प्रतिनिधि सभाले चार वटा विधेयक प्रस्तुत भएकोमा ३ वटा विधेयक पारित गरेको थियो।

राष्ट्रिय सभामा दुई वटा विधेयक पारित गरिए, पाँचवटा जरूरी सार्वजनिक महत्वका प्रस्ताव माथि छलफल गरियो र ६ वटा विषयमा ध्यानाकर्षण गरियो। ६१ वटा प्रश्नका जवाफ दिनुका साथै एउटा विलम्वकारी प्रस्ताव पारित भयो। एउटा गैर सरकारी विधेयक प्रस्तुत भै सैद्धान्तिक छलफलको चरणमा अस्वीकृत भयो। राष्ट्रिय सभाको कूल अवधि ३२ दिनमध्ये १४ दिनमा १६ पटक बैठक बस्यो बैठक ४२ घण्टा ४० मिनेट चलेको थियो।

छैटौं अधिवेशनमा विशेष गरी सत्तारूढ नेपाली कांग्रेस भित्रको विवाद र वानेश्वरमा भारतीय प्रहरीद्वारा भएको अतिक्रमणको विषयले नै स्थान लियो। यस अधिवेशनमा मानवअधिकार वारेमा सामान्य कुरा उद्ने गरेपनि ठोस उपलब्धि भने भएको देखिएन।

## संसदको सातौ अधिवेशन

संसदको सातौ अधिवेशन २०५० साल असार १५ गते शुरू भयो। दुवै सदनको संयुक्त सदनलाई असार १७ गते शुक्रबार श्री ५ बाट बक्सेको सम्बोधनमा शान्ति प्रजातन्त्र, मानवअधिकार तथा सामाजिक न्यायका क्षेत्रमा विगत तीन वर्षमा मूर्त उपलब्धी हासिल गरेको दावा गरेको देखिन्छ।

प्रतिनिधि सभाको असार २० गतेको बैठकमा प्रमुख विपक्षीदलका नेता मनमोहन अधिकारीले शाही सम्बोधनमा २० लाख सुकुम्वासी, कमैया र ४० लाख मोहीको समस्या समाधान गर्ने कुरामा मौन रहेको, शान्ति सुरक्षाको स्थिति नाजुक भएको तथा भूटानी शरणार्थीको कुरा उठाउनु भयो। नेपाल सद्‌भावना पार्टीका हृदयस त्रिपाठीले कमैया प्रथा, नागरिकता, मूल्य वृद्धि, मृत्युदर र वेरोजगारीको कुरा उठाउनु भयो।

राष्ट्रिय सभामा सांसद युगेश्वर वर्माले मानवअधिकार वारे सरकारको दृष्टिकोण प्रष्ट नभएको कुरामा जोड दिनु भयो। शाही सम्बोधन माथिको छलफलमा प्रधानमन्त्रीले जवाफ दिने क्रममा मानवअधिकारको स्थिति, भूटानी शरणार्थी समस्या, मोहीको समस्या, कमैया प्रथा तथा जनजातिको समस्या माथि नै ध्यान केन्द्रीत रह्यो।

असार २१ गतेको राष्ट्रिय सभाको बैठकमा सूचना तथा संचार राज्यमन्त्री विजय कुमार गच्छदारले श्रमजीवी पत्रकार सम्बन्धी विधेयक पेश गर्नु भयो। पत्रकारहरूको सम्मान र पेशागत सुरक्षा कायम गर्नका लागि यो विधेयक ल्याईएको हो। श्रमजीवी पत्रकार सम्बन्धी विधेयक छैटौं अधिवेशनमा प्रतिनिधि सभाले पारित गरेको थियो र सातौं अधिवेशनमा राष्ट्रिय सभामा पेश गरिएको हो। तर प्रतिनिधि सभाको विघटन भएकोले सो विधेयक निष्कृय हुन पुगेकोले आठौ अधिवेशनमा पुनः ल्याउनु पऱ्यो।

असार २६ गतेको प्रतिनिधि सभामा शाही सम्बोधनमा उल्लेखित श्री ५ को सरकारको नीति तथा कार्यक्रमलाई धन्यवादको प्रस्तावद्वारा पारित गरियोस् भनी नेपाली कांग्रेसका

प्रमुख सचेतक तारिणी दत्त चटौतले प्रस्तुत गर्नु भएको प्रस्ताव माथिको मतदानमा पक्षमा ७४ र विपक्षमा ८६ मत परेकोले धन्यवादको प्रस्ताव अस्वीकृत भएपछि नेपालको संसदीय इतिहासले नै नयाँ मोड लिन पुग्यो। सरकारको नीति तथा कार्यक्रममा नेपाली कांग्रेसका विद्रोही सांसदहरूको अनुपस्थितिको कारण सरकारी प्रस्ताव पराजित भएपछि प्रधानमन्त्री गिरिजा प्रसाद कोइरालाले नैतिकताको आधारमा राजिनामा दिई मध्यावधि चुनावको लागि श्री ५ मा सिफारिस चढाउनु भयो।

संसदमा ११४ को बहुमत हुँदा हुँदै नेपाली कांग्रेसका असन्तुष्ट ३५ सांसदहरू, आपूर्ति मन्त्री सुरेन्द चौधरी, महेन्द्र नारायण निधि, प्रकाश कोइराला, सभामुख दमननाथ ढुंगाना र अध्यक्षता गर्ने उपसभामुखबाट प्रस्तावमा मतदान नहुदा सरकार अल्पमतमा परेको थियो। प्रधानमन्त्रीको यसै सिफारिसको आधारमा श्री ५ बाट प्रतिनिधि सभा भङ्ग गरी कार्तिक २७ गते मध्यावधि निर्वाचनको मिति नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ को उपधारा (४) वमोजिम बक्सेको कुरा असार २७ गते श्री ५ महाराजाधिराजको प्रमुख सम्वाद सचिवालयबाट प्रकाशित विज्ञप्तीमा जनाइयो। यसरी प्रतिनिधि सभा आफ्नो कार्यकाल पूरा गर्नु अगाडि नै भङ्ग भयो। सातौं अधिवेशनमा शाही सम्बोधन माथि छलफल र जवाफ दिने कार्य मात्र भयो।

प्रतिनिधि सभा विघटन भएपछि सभाको वैठक पनि अन्त गरियो। त्यसैले संसदको सातौं अधिवेशन शुरू भएका १३ दिन भित्र सकियो।

सातौ अधिवेशन कालमा प्रतिनिधिसभा ०५१ साल असार १५ गते सुरूमै २७ गते भङ्ग भएपछि अन्त भयो। प्रतिनिधि सभाको १२ दिनमध्ये आठ दिनमा १२ पटक वैठक बस्यो। वैठक ४० घण्टा ०१ मिनेट चलेको थियो। राष्ट्रिय सभा पनि असार १५ गते सुरूमै २८ गते अन्त भयो। यस अवधिमा राष्ट्रिय सभाको वैठक ९ दिनमा ११ पटक बस्यो। वैठक १५ घण्टा ५५ मिनेट चलेको थियो।

## परिवर्तित सन्दर्भमाः आठौं अधिवेशन

प्रतिनिधि सभाको मध्यावधि निर्वाचन तोकिएको मिति २७ कार्तिकमा हरिवोधिनी एकादशी परेकोले श्री ५ बाट दुई दिन परसारी कार्तिक २९ गते २०५१ का दिन सम्पन्न भयो। यस निर्वाचनमा कसैले पनि प्रतिनिधिसभामा बहुमत प्राप्त गर्न सकेनन्। यसमा नेकपा (एमाले) ले ८८ स्थान, नेपाली कांग्रेसले ८३ स्थान, राप्रपाले २० स्थान, नेमकिपाले ४ स्थान, नेपाल सद्भावना पार्टीले ३ स्थान र स्वतन्त्रले ७ स्थान प्राप्त गरेकोले प्रतिनिधि सभाको रूप "त्रिशंकू" (Hung Parliament) हुन पुग्यो। संविधानको धारा ४२(१) अनुसार दलहरूले मिलिजुली वहुमतको सरकार गठन गर्न नसकेपछि संविधानको धारा ४२(२) अनुसार संसदमा सवै भन्दा बढी स्थान प्राप्त नेकपा एमालेले अल्पमतको सरकार गठन गऱ्यो।

प्रतिनिधि सभाको निर्वाचनको एक महिनाभित्र संसदको वैठक बोलाउनु पर्ने संवैधानिक व्यवस्था अनुसार २०५१ साल मंसीर २८ गते दिनको एक बजे संसदको आठौं अधिवेशन प्रारम्भ भयो।

संसदको आठौं अधिवेशनमा प्रतिनिधि सभाले सभामुखमा नेपाली कांग्रेसका रामचन्द्र पौडेल, उपसभामुखमा राप्रपाका रामविलास यादवलाई निर्वाचित गर्नुका साथै प्रधानमन्त्री मनमोहन अधिकारीको नेतृत्वमा गठित मन्त्री मण्डललाई विश्वासको मत दिने औपचारिक काम गऱ्यो। संसदको आठौं अधिवेशन मानवअधिकार सम्बन्धी कृयाकलापमा पहिलेका अधिवेशन भन्दा बढी सकृय रह्यो। प्रधानमन्त्री मनमोहन अधिकारीलाई विश्वासको मत दिनु अगाडि प्रमुख विपक्षी दल नेपाली कांग्रेसका संसदीय दलका नेता शेरबहादुर देउवा, राष्ट्रिय प्रजातन्त्र पार्टीका संसदीय दलका नेता लोकेन्द्रबहादुर चन्द, नेपाल सद्भावना पार्टीका अध्यक्ष गजेन्द नारायणसिंह, नेपाल मजदूर किसान पार्टीका अध्यक्ष नारायणमान विजुक्छे सांसद परी थापाले मानवअधिकारको रक्षालाई समेत विश्वासको मतको शर्तको रूपमा अगाडि सारेका थिए। यसको प्रत्युत्तरमा पौष ७ गतेको प्रतिनिधिसभाको विश्वासको मतको लागि बसेको वैठकमा प्रधानमन्त्री मनमोहन अधिकारीले देश लामो कालदेखि मानवअधिकार विहिन रहेको र प्रजातन्त्र प्राप्ति पछि पनि मानवअधिकार सुरक्षित नभएकोले त्यसको निम्ति हामीले गृहकार्य शुरू गरेको हो। यसवारे सबै पक्षसंग अन्तरकृया गर्न चाहन्छौं भनी मानवअधिकार सरकारी धारणा अगाडि सार्नु भएको थियो।

२०५१ साल पौष ८ गते संसदको दुवै सदनको संयुक्त वैठकलाई बक्सेको शाही सन्देशमा समेत मानवअधिकारलाई विशेष महत्व दिएको देखिन्छ। जसमा "संविधानद्वारा प्रत्याभूत मौलिक हक तथा मानवअधिकारको संरक्षण र सम्वर्द्धन सम्वन्धी कानून र अन्य आवश्यक कानूनहरूको निर्माण तथा संशोधनका साथै "मानवअधिकार सम्बन्धी उच्चस्तरीय आयोग गठन" गरिने जानकारि दिइएको छ। यसमा यातना सम्बन्धी क्षतिपूर्तिको कानून र सार्वजनिक अपराधलाई अदालतको क्षेत्राधिकार भित्र ल्याउने वचनवद्धता रहेको छ। सार्वजनिक अपराध सम्बन्धी क्षेत्राधिकार प्रशासनलाई दिईदा व्यापकरूपमा यसको दुरूपयोग भई मानवअधिकार समेतको हनन भएको अनुभव छ।

शाही सम्बोधनका रूपमा आएको यो सरकारको नीति तथा कार्यक्रममा वाल श्रम तथा कमैया प्रथा जस्ता समस्या सन्दर्भमा विभिन्न प्रभावकारी कार्यक्रमहरू संचालन गरी उनीहरूको मानवअधिकार संरक्षण गर्नुका साथै कृषि मजदूरको ज्याला निर्धारणका सम्बन्धमा अध्ययन गराउने, श्रम अदालत खडा गर्ने, जस्ता प्रतिवद्धता संसद समक्ष जाहेर भएका देखिन्छन्। पौष ९, १० र ११ गते संसदमा नीति तथा कार्यक्रम सम्बन्धको छलफल तथा त्यस सम्बन्धी प्रधान मन्त्रीको जवाफमा पनि मानवअधिकार विशेष चासोको विषय रहन गयो।

पौष १२ गते अर्थ मन्त्री भरतमोहन अधिकारीद्वारा प्रस्तुत ०५१/५२ को पुरक वजेटमा मानवअधिकार संरक्षण र प्रवर्द्धन गर्ने विभिन्न कार्यक्रम समाविष्ट भएको देखिन्छ। सरकारले वजेटमा देशका विपन्न, पिछडिएका जनजाति, असक्तको राहतको कार्यक्रम थालनी गरेको देखिन्छ। प्रजा एवं अन्य आदिवासीको हितमा विकास कार्यक्रम संचालन गर्न रू. दुई करोड छुट्याईएको

छ। राउटे, मुसहर, झाँगर, डोम, दुसाद, चेपाङ, सतार, धिमाल जस्ता जातिहरूको आय आर्जनमा विशेष अवसर प्रदान गरिनेछ। कमैयालाई व्यवस्थित वसोवासका लागि रू. एक करोड छुट्याएको छ। अन्धा, अपाङ्ग र मगन्तेहरूको लागि विशेष व्यवस्था गर्ने र ७५ वर्ष नाघेका वृद्धहरूको राहत समेत वजेटमा समावेश गरिएको छ। पिछडिएका एवं मजदूर महिलाहरूलाई उत्थान गर्ने योजना वजेटमा देखिन्छ।

वजेटले गरिवीका रेखामुनी रहेका जनताको पहिचान गर्ने र गरिवी निवारणका विभिन्न कार्यक्रम सञ्चालन गर्ने, रोजगारी सृजना गर्ने कार्यक्रमलाई जोड दिएको देखा पर्दछ। यो वजेटलाई राहतको पोकाको रूपमा परिभाषित गरिए पनि देशका विपन्न वर्गलाई पहिलो चोटी माथि उठाउने प्रयास भएको दावा अर्थमन्त्री भरतमोहन अधिकारीको रहेको छ। वजेट माथिको छलफलमा र त्यसको अर्थमन्त्रीद्वारा दिइएको जवाफमा मूल पक्ष मानवअधिकारसंग नै जोडिएको थियो।

प्रतिनिधि सभामा पौष १५ गते विनियोजित विधेयक माथिको छलफलमा विपक्षी सांसद मध्ये अधिकांशले मुलुकमा विग्रदै गएको शान्ति सुरक्षा र जनजीवन असुरक्षा ग्रस्त भएको कुरालाई बढी जोड दिएका थिए। यसको साथै जनजाति तथा भाषा विकासलाई ध्यान दिनु पर्ने कुरा प्रति सदनको ध्यान आकर्षित गरियो। दैनिक उपभोग्य वस्तुको आपूर्ति, कमैया प्रथा, सुरक्षा चौकी, जस्ता कुरामा ध्यान केन्द्रित रह्यो।

यो अधिवेशनको पहिलो चरण औपचारिकता निर्वाह गर्ने र वजेट पारित गर्ने काममा व्यस्त रहेकोले नीति तथा कार्यक्रममा उल्लेखित ऐन कानून पछिल्लो चरणमा आउने र छलफल हुने स्पष्ट छ। नीति र कार्यक्रम तथा वजेट व्यवस्था देख्दा यस अधिवेशनले मानवअधिकार संरक्षण र सम्बर्द्धनका पक्षमा ठोस काम गर्ने संकेत दिएको छ।

संसदको आठौं अधिवेशन ०५१ साल मंसीर २८ गते सुरू भई माघ १८ गतेसम्म ५० दिन चालु रह्यो। चालु दिनमध्ये २८ दिनमा ३२ पटक गरी जम्मा १७७ घण्टा २१ मिनेट प्रतिनिधिसभाको वैठक बसेको थियो। प्रतिनिधिसभाको वैठकले सो सभामा प्रस्तुत ६ वटा विधेयक तथा राष्ट्रिय सभामा उत्पत्ती भई प्रतिनिधिसभामा प्रस्तुत गरी ७ वटा मध्ये ६ वटा विधेयक पारित गऱ्यो। यातना सम्बन्धी विधेयक समितिमा विचाराधिन रहेको छ। एउटा संकल्प स्वीकृत गर्नुका साथै ५ वटा सार्वजनिक महत्वका प्रस्ताव स्वीकृत गऱ्यो। सातवटा ध्यानाकर्षण प्रस्तुत भए। ५४४ वटा मौखिक प्रश्न, १६ वटा अल्प सूचनाका प्रश्न र ६ वटा लिखित प्रश्नको जवाफ दिइयो। अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित महासन्धि नं १४४ (त्रिपक्षीय परामर्श) अन्तर्राष्ट्रिय श्रम कानूनको स्तर निर्धारण गर्ने (महासन्धि १९७६) लाई पनि अनुमोदन गर्ने कार्य भयो।

राष्ट्रिय सभाको आठौं अधिवेशनमा ५० दिन मध्ये २१ दिनमा २६ पटक वैठक बस्यो। वैठक ६० घण्टा ३० मिनेट बसेको थियो। राष्ट्रियसभामा ६ वटा विधेयक पारित गरिए। साथै २ वटा सार्वजनिक महत्वको प्रस्तावमाथि छलफल र एउटा ध्यानाकर्षण तथा प्रश्नहरूको जवाफ दिने काम भयो।

## संसदको कृयाकलाप र मानवअधिकार

**यो वर्षमा भएका ४ वटा अधिवेशनहरू खासै रूपले मानवअधिकारको लागि त्यति महत्वपूर्ण वर्षको रूपमा रहेनन्। खास गरी प्रतिनिधिसभाको विशेष अधिवेशन र संसदको सातौं अधिवेशन वढी राजनीतिक भएकाले यी अधिवेशनमा सन्दर्भका रूपमा मात्र मानवअधिकारको कुरा उठेको देखियो।**

संसदको छैटौं अधिवेशनमा मुलुकी ऐन (एघारौं संशोधन) २०५१ भने त्यस अधिवेशनको उपलब्धी नै मान्नु पर्दछ। यसले मुलुकी ऐनबाट मृत्युदण्ड हटाउने तथा महिलामाथि गरिने अत्याचार र उनीहरूको स्वास्थ्यमा पर्ने असरवारेको कानूनी व्यवस्था रहेको छ। त्रुटीपूर्ण यातना सम्बन्धी विधेयक फिर्ता गराउने कामलाई पनि यस अधिवेशनको उपलब्धी नै रहेको देखा परेको छ। त्यस अधिवेशनमा श्रमजीवी पत्रकार कानून ल्याइएको भएपनि पारित हुन नसक्दा अर्थहिन हुन पुग्यो।

संसदको आठौं अधिवेशनमा प्रस्तुत यातना सम्बन्धी विधेयक र श्रमजीवी पत्रकार कानून महत्वपूर्ण उपलब्धीको रूपमा रहेको छ। साथै यस अधिवेशनमा अन्तर्राष्ट्रिय श्रम संगठनबाट पारित महासन्धि नं. १४४ (त्रिपक्षीय परामर्श) अन्तर्राष्ट्रिय श्रम कानूनको स्तर निर्धारण गर्ने (महासन्धि १९७६) लाई अनुमोदन गरी यसको दायित्व स्वीकार गर्नु मानवअधिकारको क्षेत्रको लागि उपलब्धिपूर्ण मानिएको छ। तर कवूल गरिएको मानवअधिकार कानून सदनमा प्रस्तुत हुन सकेन।

सदन मानवअधिकार प्रति गंभीर हुन नसकेको निकै खड्कदो पक्ष भएको छ। मानवअधिकार वहालीको लागि वाध्य गर्न भन्दा यसलाई राजनीतिक नाराको रूपमा प्रयोग हुन गएको देखिएको छ। यो कुरा नहटेसम्म सदनबाट मानवअधिकार सम्बन्धमा ठोस काम हुन नसक्ने स्पष्ट छ।

संसदको छैटौ र सातौ अधिवेशन तथा प्रतिनिधि सभाको विशेष अधिवेशन नेपाली कांग्रेस भित्रको आन्तरिक कलहकै कारण त्यति प्रभावकारी ढंगले संचालन हुन सकेन भने आठौं अधिवेशन पनि एमालेको सरकारको अल्पमतको मानसिकताले काम गर्दा सदनको कारवाही प्रभावकारी नभएको देखियो। आठौं अधिवेशनमा त अनावश्यक रूपमा सदनको वैठक लम्याउने तथा दाशढुङ्गा र टनकपुर परियोजनामा सरकारलाई अर्घेलो देखाउने निरन्तर अभ्यास नै भएको देखिन्थ्यो।

छैटौ अधिवेशनमा उप-सभामुखमाथि हातपात गर्ने स्थिति समेत उत्पन्न भयो।

यी अधिवेशनमा मन्त्रीले जवाफ पनि झारा टार्ने किसिमले नै दिएका र आठौ अधिवेशनमा मन्त्रीहरूले सकेसम्म जवाफ दिन नपरे हुन्थ्यो भन्ने मानसिकता देखाएको बुझिन्थ्यो। यसले गर्दा सदनको गम्भीरता बढ्न सकेन।

समग्रमा भन्दा सदनमा खुल्ला छलफल गर्ने, संविधानले दिएका मौलिक अधिकारको संरक्षण गर्ने, कानून बनाउने, सरकारलाई उचित ढंगले नियन्त्रण गर्ने भन्दा पनि राजनीतिक दाउपेचमा नै १९९४ का ३ वटा संसद अधिवेशनहरू सम्पन्न भएको निष्कर्ष देखा पर्छ। ■

## परिच्छेद ५

# आमसंचार र मानवअधिकार १९९४

नेपालमा राजनैतिक आन्दोलन र पत्रकारिताको निम्ति भएका प्रयासहरू लगभग एकैसाथ देखा परेका छन्। मानवअधिकार र प्रजातन्त्र बहालीका लागि भएका तमाम आन्दोलनमा अग्रीम भूमिका निर्वाह गर्ने नेपालको आम सञ्चार जगत प्रजातन्त्र प्राप्ती पछि पनि राम्रो स्थितिमा पुग्न सकेका छैनन्। गोरखापत्र, रेडियो नेपाल र नेपाल टेलिभिजन अहिले पनि हिजो झैं पूर्णत सरकारी स्वामित्व र नियन्त्रणमा छन्। सरकारी दृष्टिकोण मात्र राख्ने र सरकारको पक्षमा जस्तो सुकै झुठको खेति गर्नेका रूपमा स्थापित उनीहरूको परिचयमा आधारभूत भिन्नता जनताले अझै महशुस गरेका छैनन्।

सर्वाधिक प्रचलनमा रहेका साप्ताहिक पत्रपत्रिकाहरूमध्ये पनि एउटा न एउटा राजनीतिक दलको पक्षका रूपमा ती चिनिन्छन्। देशमा रहेका विभिन्न राजनीतिक दलहरूको प्रतिनिधित्व गर्ने रूपमा बेग्ला बेग्लै पत्रपत्रिकाहरू छन्।

व्यावसायिक रूपमा निजी क्षेत्रबाट थालिएका केही पत्रपत्रिका र दैनिक समाचार पत्र सफल देखिएका छन्। थुप्रै पत्रिकाहरू केही दिनका लागि झुल्किने पनि गरेका छन्। मिति र पत्रिकाको नाम बाहेक हुबहु सबै सामग्रीहरू एउटै राखेर सरकारी भत्ता मात्र पचाउने उद्देश्यले निकालिएका पत्रपत्रिकाहरू पनि प्रशस्तै छन्।

पत्रपत्रिकाहरू जुन रूपमा, जसरी प्रकाशित भएता पनि मानवअधिकारको सवालमा भने नेपालको सञ्चार जगत तुलनात्मक रूपले बढी संवेदनशील भएको पाउदछौं।

गत वर्ष झैं यो वर्ष पनि हामीले केही साप्ताहिक पत्रिकाले प्रकाशन गरेका मानवअधिकारसंग सम्बन्धित विषयलाई क्रमवद्ध रूपमा उधृत गरेका छौं। ती शिर्षक अन्तरगतका व्यहोराहरू भने प्रस्तुतकर्ता समाचार पत्रको आशय यथावत रहने गरी दिइएको छ। कतै कतै समाचार अंशको वाक्यांश जस्ताको तस्तै पनि राखिएको छ। यस वर्ष हामीले समकालीन साप्ताहिक, प्रकाश साप्ताहिक, पुनर्जागरण साप्ताहिक र देशान्तर साप्ताहिक ४ वटा साप्ताहिक मानवअधिकार सम्प्रेषण प्रस्तुत गरेका छौं।

**समकालीन साप्ताहिक**

१. पुस २३ः रासरमा पाँडेपजनी - काठमाडौं। देशको प्रमुख समाचार एजेन्सी राष्ट्रिय समाचार समितिमा भएको पत्रकारप्रतिको पूर्वाग्रहपूर्ण व्यवहार र मनोमानी किसिमले दिने अवकाश बारे समाचार।

२. माघ १ः राजविराज बन्द। युवा पत्रकार लोकेन्द्र बुढाथोकीको रहस्यमय मृत्यबाट उत्पन्न आशंकालाई स्थानीय प्रशासनले बेवास्ता गरेका कारण नेपाल पत्रकार संघ सप्तरीद्वारा बन्दको आव्हान।

३. माघ १ः दमक अशान्त। प्रहरी गस्ती टोलीमा असइ लोकेन्द्रबहादुर श्रेष्ठको अत्याचार जनताबाट प्रतिरोध गर्दा प्रहरीले गोली चलाएको। ३ जनाको मृत्यु ५ जना घाइते।

४. माघ ८ः पर्यावरण पत्रकार मञ्चको माग - काठमाडौं। पत्रकार लोकेन्द्र बुढाथोकीको सन्देहास्पद मृत्युको सम्बन्धमा छानवीन गरी सत्य तथ्य प्रकाशमा ल्याउन नेपाल पर्यटन तथा पर्यावरण संरक्षण मञ्चको माग।

५. माघ १५ः सूचनाको हकको लागि सर्वोच्चमा निवेदन - काठमाडौं। भारतका जल संशाधन मन्त्रीको नेपाल भ्रमण पुस १३ गते दुई देश बीच हस्ताक्षर भएका कागजात बारे जानकारी दिइयोस् भनी अधिवक्ता बालकृष्ण न्यौपानेद्वारा सर्वोच्चमा रिट।

६. माघ २२ः मृत शहरमा निर्मम हत्या - धरान। गुडलक होटलमा वास बसेका ३ जनाको रहस्यमय हत्याको समाचार।

७. माघ २२ः मोरङमा मानवअधिकारको हनन - विराटनगर। अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) को वर्ष पुस्तक १९९३ का आधारमा मोरङमा घटेका मानवअधिकार हननका घटना बारे टिप्पणी।

८. माघ २२ः पत्रकारलाई मार्ने धम्की - नेपालगंज। निष्पक्ष ध्वनीका सम्पादक उदयसिंह श्रेष्ठलाई कृष्णसिंह परियारद्वारा बम पड्काउने धम्की।

९. माघ २२ः पत्रकारमाथि हातपात - विराटनगर। पुष्पाञ्जली साप्ताहिकका सम्पादक पुष्प गड्तौलालाई स्वस्तिक पाउडर कारखानामा मालिकद्वारा हातपात।

१०. माघ २९ः मजदूरहरू अनसनमा - विराटनगर। हंसराज हुलास चन्द जुट मिल्स लिमिटेडका दुई सय मजदूरहरूलाई निष्कासन गरेपछि त्यसको विरोधमा मजदूरहरू अनसनमा।

११. फागुन ६ः पत्रकारमाथि आक्रमण। समकालीन साप्ताहिकका पोखरा प्रतिनिधि राजेन्द्रराज तिमिल्सिनालाई पोखराको शहीद चोकमा रामराज पराजुलीद्वारा आक्रमणको असफल प्रयास। नेपाल पत्रकार संघ कास्कीका सभापतिद्वारा घटनाको भर्त्सना।

१२. फागुन १३ः वीरगंजमा बम। आदर्शनगर प्रहरी पोष्ट सँगै जोडिएको सनराइज सेन्टर नामक पसल ध्वस्त पार्ने उद्देश्यले रक्सौलबाट आएका दुइजना व्यक्तिले बम प्रहार गरेको।

१३. फागुन २०ः शिक्षकद्वारा बालिका बलात्कृत - नेपालगंज। कार्तिकस्वामी प्रा. वि गौरागाउँ जुम्लाको शिक्षक निरकराज न्यौपानेले आफ्नै स्कूलमा पढ्ने कक्षा ५ की १२ वर्षीय छात्रालाई बलात्कार।

१४. फागुन २७ः पत्रकारलाई डेथ वारेण्ट - विरगंज। रौतहट आवाज साप्ताहिकका सम्पादक पुरूषोत्तम सिंह भट्टराईलाई हुलाकबाट बेनामी धम्की पत्र प्राप्त भएको। पत्रकार लगायत ७ जनालाई असई सन्तोष खड्काद्वारा दुर्व्यवहार। पत्रकार संघ पर्साको बैठकद्वारा कारवाहीको माग।

१५. चैत ५ः अनशनकारीको हालत चिन्ताजनक - काठमाडौं। आफ्ना ४ सूत्रीय माग पूरा गराउने उद्देश्यले अनसन बस्ने नरदेवी क्याम्पसका विद्यार्थीहरूको हालत चिन्ताजनक। विद्यार्थीहरूको यस संघर्षलाई राष्ट्रिय स्तरका ५ वटा विद्यार्थी संगठनहरूको समर्थन।

१६. चैत १२ः अपहरणकारी पक्राउ - वीरगंज। पर्सा प्रहरीको टोलीद्वारा १३ वर्षे बालक प्रमोदरामलाई अपहरण गर्ने ८ जना भारतीय अपहरणकारी मध्ये एकलाई पक्रन सफल। पर्साका अमरबहादुर श्रेष्ठ अज्ञात व्यक्तिहरूद्वारा अपहरित।

१७. चैत १९ः भारतीय कमाण्डोद्वारा नेपालीहरू आतंकित - काठमाडौं। भारतीय सेनाको "ब्ल्याक क्याट" नाम गरेको कमाण्डो दस्ताका गणहरूले काठमाडौंको बानेश्वरस्थित दुईवटा घरमा पसी घरपरिवारका मानिसहरूका कञ्चटमा स्टेनगन तेर्स्याएर खानतलासी र आतंक। यस घटनाको देशव्यापी रूपमा विरोध।

१८. चैत २६ः आठ महिनामा दश हत्या - नेपालगञ्ज। शान्ति सुरक्षाको स्थिति नाजुक भएको कारण औसत प्रतिमहिना एक व्यक्तिको हत्या।

१९. बैशाख २ः अग्रवाललाई धम्की - भद्रपुर। केही समय पहिले जनमञ्चमा छापिएको नगरपालिका सम्बन्धी समाचारलाई लिएर सम्वाददाता सन्तोष अग्रवाललाई भद्रपुर नगरपालिकाले अनेक धम्की दिने र तर्साउने काम गरेको।

२०. बैशाख १६ः केटी बेच्नेलाई भगाइयो - विर्तामोड। प्रेमको नाटक रचेर विर्तामोडको गंगा भट्टराई, तुलाराम खड्का वुटवलमा पक्राउ। वुटवलबाट अड्डासार गर्दै झापा ल्याउने क्रममा उर्लावारी पुगेपछि प्रहरीद्वारा भगाएको समाचार।

२१. बैशाख २३ः कोरिया जाने नेपालीहरू ठगिंदैछन् - काठमाडौं। वैदेशिक रोजगारका नाउँमा कोरियाली र नेपाली कम्पनी तथा व्यक्तिहरूबाट नेपालीहरूमाथि भएको ठगी तथा शोषण बारे समाचार।

२२. बैशाख ३०ः पशुपतिमा आमरण अनसन - काठमाडौं। पशुपति नाथको पुजारी नेपाली नै हुनुपर्ने माग राखी प्युठान निवासी लोकनाथ अधिकारी पशुपति हाताभित्रै अनसन।

२३. बैशाख ३०ः चाँदनी गोलीकाण्डको रहस्य - काठमाडौं। महाकाली नदीको पारीपट्टि रहेको चाँदनी गाविसमा तस्करहरूसंगको मिलोमतोमा प्रहरीद्वारा सुरजा वड्वाल र मोहन वड्वालमाथि गोली प्रहार गरेको बारे खोजपूर्ण समाचार।

२४. बैशाख ३०ः वीरगञ्जमा गोली चल्यो - वीरगञ्ज। पोखरीया गाविसका रामेश्वरप्रसाद रौनियारको बन्दुकको प्रहारबाट सुरेन्द्रप्रसाद चौहान घाइते। प्रशासनले मन्त्री सुरेन्द्र चौधरीको दबावका कारण उजुरी नलिएको समाचार।

२५. जेठ ६ः मुक्ति समाजको जुलुस - चौतारा। नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजद्वारा जुलुस तथा आमसभा।

२६. जेठ १३ः अनशनकारीको अवस्था चिन्ताजनक - काठमाडौं। वागमतीको पानी शुद्धिकरण गर्ने माग राखी अनशन बस्ने लोकनाथ अधिकारीको अवस्था चिन्ताजनक भएको।

२७. जेठ २०ः अग्रवाल केटी बेच्ने गिरोहमा - भद्रपुर। दमकका महेन्द अग्रवाल जीउ मास्ने बेच्ने धन्दामा संलग्न रहेकोले पक्राउ गरी प्रहरी हिरासतमा। झापा पृथ्वीनगरको विक्रम के.सी.ले १० जनाभन्दा बढी केटीहरूलाई बम्बैमा लगी बिक्री गरेको प्रमाण फेला पारेपछि प्रहरी हिरासतमा।

२८. जेठ २७ः सर्लाहीवासीद्वारा रिले अनसन - काठमाडौं। सर्लाहीमा स्थायी बसोबास गर्दै आएका जनता आफ्नो जग्गाको लालपूर्जाको माग राखी सिंहदरवार अगाडि रिले अनसनमा।

२९. असार १०ः प्रहरीको सहयोगले युवती वेपत्ता - नेपालगंज। सामाजिक कुरीतिलाई लत्याउँदै वैवाहिक सम्बन्ध जोड्न पुगेकी मनिता रेग्मी प्रहरी, प्रशासन र गोपालराज रेग्मीको संयुक्त प्रयासमा वेपत्ता पारिएको समाचार।

३०. असार १०ः अनसनकारी पक्राउ - काठमाडौं। वागमती नदीको प्रदूषण हटाउने र पशुपति मन्दीरमा नेपाली पूजारी राख्ने माग गर्दै आमरण अनशन बसेका लोकनाथ अधिकारीलाई अनशनस्थलबाट पक्राउ गरियो।

३१. असार १०ः तीन भारतीय अपहरणकारी पक्राउ - नेपालगंज। नेपालगंजमा २ जना बालक अपहरण गर्ने प्रयास गरिएका ३ जना भारतीयहरूलाई स्थानीय बासिन्दाले पक्राउ गरी प्रहरीमा बुझाए।

३२ असार १०ः फेरी नारी अस्मिता लुटियो - त्रिभुवननगर। दाङको उद्दहरी गाविसका लालबहादुर खत्रीले

सोही ठाउँ बस्ने पाँच बच्चाकी आमालाई बलात्कार गरेको समाचार।

३३. असार १०: पत्रकार संघद्वारा माग पेश - काठमाडौं। नेपाल पत्रकार संघमा सभापति होमनाथ दाहालको नेतृत्वमा गएको प्रतिनिधि मण्डलले अर्थराज्यमन्त्री समक्ष आफ्ना मागहरू पेश गरेको समाचार।

३४. असार १०: धर्नाकारीहरूमाथि लाठी चार्ज - विराटनगर। जिल्ला प्रशासन कार्यालयमा धर्ना दिन अगाडि बढिरहेका मजदूरहरूमाथि प्रहरीले १२ सेल अश्रुग्याँस प्रहार गरी लाठी चार्ज समेत गर्‍यो।

३५. असार १६: बलात्कारपछि हत्या - सर्लाही। सर्लाहीको नवलपुर प्रहरी चौकी नजिक २२ वर्षकी लक्ष्मीमाया मोक्तानलाई सामुहिक बलात्कार गरी घाँटी च्यापेर हत्या गरी भागेका मानबहादुर घिसिङ, विष्णुबहादुर घिसिङ, चक्रबहादुर पाख्रिन, भीमबहादुर योञ्जन, मनिक गोले, कर्णबहादुर वाइवा र रङ्गलाल ब्लोनमध्ये मानबहादुर र विष्णुबहादुर पक्राउ परे।

३६. असार २३: युवती पक्राउ - वीरगञ्ज। टाँगामा बसी रक्सौल जान लागेका युवतीहरू राममाया तामाङ, पैस माया तामाङ, सुकमाया तामाङ, माया खड्का, राधिका मगर्नी, सोमारकी तामाङलाई शंका लागी सोधपुछ गर्दा केटी बेच्ने गिरोहको नाइके दुर्गाबहादुर तामाङ र पेम्बा लामाले विक्री गर्न भारत तर्फ लान लागेको पोल खुलेपछि पक्राउ गरिएको। ती सबै युवतीहरू गलैचा कारखानामा काम गर्थे।

३७. असार २३: २५ गते ब्ल्याक आउट - काठमाडौं। विद्युत महशुल वृद्धिको विरोधमा प्ररायु संघले शुरू गरेको सघर्षको कार्यक्रम अन्तरगत २५ गते साँझ ८-८.१५ सम्म ब्ल्याक आउट गर्ने।

३८. असार ३०: प्रमको पुत्ला जल्यो गाडी तोडिए - काठमाडौं। नेकपा (एमाले) काठमाडौं विशेष क्षेत्रीय कमिटिको आयोजनामा हिजो प्रधानमन्त्रीको पुत्ला जलाउने कार्यक्रममा करिव आधा दर्जन गाडीहरू तोडफोड भएको समाचार।

३९. असार ३०: तीन दिन नेपाल वन्द हुने - काडमाडौं। प्रतिनिधि सभाको विघटनको विरोध गर्दै सर्वदलीय सरकार गठनको विविध कार्यक्रम तयार गरेको समाचार।

४०. असार ३०: सर्वत्र सर्वदलीय सरकारको माग। एमालेव्दारा अल्टिमेटम जारी - यो आन्दोलन आगो सरह फैलिन सक्छ। संसद विघटन भएपछि व्यापक विरोध कार्यक्रम संचालन गरेको समाचार।

४१. साउन ६: नेपाल बन्द अभूतपूर्वकरूपमा सफल रह्यो। गोली चल्यो, अश्रुग्याँस छोडियो र लाठी प्रहार भयो - काठमाडौं। एमाले लगायत ६ वाम घटकव्दारा आव्हान गरेको नेपाल वन्द सफल रहेको समाचार।

४२. साउन ६: सशस्त्र भारतीयहरूको नेपाल प्रवेश - परासी। नेपाली प्रहरीकै अगुवाइमा विना लाइसेन्सका भारतीय हतियार र सादा पोशाकमा भारतीयहरू नेपाल प्रवेश गरेको समाचार।

४३. साउन ६: सम्पादक पिटिए - वीरगञ्ज। सत्य

४३. साउन ६: सम्पादक पिटिए - वीरगञ्ज। सत्य
सन्देश साप्ताहिकका सम्पादक अशोक तिवारी र पुनर्जागरण साप्ताहिकका प्रेस प्रतिनिधि विजय विगुल र काशिनाथ यादव वीच प्रकाशित समाचारलाई लिएर अशोक तिवारीले काशीनाथ यादवलाई हातपात गरेको समाचार।

४४. साउन १३: व्यापारीले कर्मचारी पिटे - नेपालगंज। केही व्यापारीहरूले चुङ्गीकर उठाउन बसेका कर्मचारीहरू माथि कुटपिट गर्दा स्थानीय प्रहरी प्रशासन मौन रमिते भयो।

४५. साउन १३: नेपालगंजमा नेपाल बन्द - नेपालगंज। ६ वाम समूहले संचालन गरेको १२ घण्टे नेपाल बन्दको नेपालगंजमा उल्लेखनीय असर।

४६. साउन १३: हरपतगंजमा आतंक - वीरगंज। पर्सा निर्वाचन क्षेत्र नं. २ अन्तर्गत हरपतगंजमा सर्वोच्च अदालतको फैसला वमोजिम जग्गा भोग चलन गर्ने विषयलाई लिएर उठेको विवादमा भाला हानाहान र गोली समेत चल्यो।

४७. साउन २०: लोकनाथ वेपत्ता पारिए - काठमाडौं। वागमतीको पानी र पशुपति क्षेत्रको वातावरणीय तथा व्यवस्थापन प्रदुषण विरूद्ध आमरण अनसन वसिरहनु भएका लोकनाथ अधिकारीलाई प्रहरी र शिक्षण अस्पतालको मिलोमतोमा गायव पारियो।

४८. साउन २०: प्रहरीले विष्टलाई काहाँ लग्यो - काठमाडौं। झापा, तोपगाछीका प्रेमबहादुर विष्टलाई प्रहरीले गायव गरेको समाचार।

४९. साउन २७: विहार पुलिस वीरगञ्जमा - वीरगञ्ज। तीन वटा जीपमा युनिफर्म लगाएका हात हतियार सुसज्जित भारतीय पुलिस आदर्श नगरमा।

५०. साउन २७: डी.ए.भी. स्कूल कि यातना गृह - वीरगञ्ज। देह व्यापारमा लागेका शिक्षिकाहरूको कारण बदनाम हुन पुगेको डी.ए.भी. केडिया स्कूलले एक छात्रालाई सर्वाङ्ग नाङ्गो पारेर कक्षा कोठामा राखेको समाचार।

५१. साउन २७: पत्रकार हटाइए - काठमाडौं। कान्तिपुर दैनिकको शुरूवातदेखि नै राजविराज संवाददाताको रूपमा कार्यरत लाल शाहलाई निष्काशित गरेको समाचार।

५२. साउन २७: सात भारतीय प्रहरी पुनः पक्राउ - नेपालगञ्ज। अनाधिकृत रूपमा नेपाल पसेका प्रहरीलाई नेपालगञ्ज भन्सार कार्यालयद्वारा पक्राउ गरिएको समाचार।

५३. भदौ ९: बैंक कर्मचारीहरू आन्दोलनमा - काठमाडौं। नेपाल बैंक लि.का कर्मचारीहरूले व्यवस्थापन समक्ष राखेका विभिन्न मागहरूप्रति कुनै ध्यान नदिइएकोले धर्ना कार्यक्रम सम्पन्न गरे।

५४. भदौ ९: सम्पादकको गाडीमा ढुङ्गा प्रहार - काठमाडौं। भदौ ३ गते बागबजारस्थित एमाले पार्टी कार्यालय अगाडि पुग्दा ४-५ सयको उत्तेजित भीडले आफ्नो गाडीमा ढुङ्गामुढा प्रहार गरेको कुरा दिब्यदर्शन साप्ताहिकका सम्पादक/प्रकाशक रामचन्द्र तिवारीले बताएको समाचार।

५५. भदौ १६: भारतीय प्रहरी सीमा बन्दः नेपालीहरू

कुटिए। नेपालगंज क्याम्पसमा आइ.ए. अध्ययनरत अनन्त श्रेष्ठलाई भारतीय प्रहरीले सीमा क्षेत्रमा हातपात गरे। रूपैडिहा नाकाबाट भारत पस्न दिइएन।

५६. भदौ १६: "यातना" बारे गोष्ठीको आयोजना - काठमाडौं। नेपाल वार एसोशिएसन पुनरावेदन अदालत इलामको तत्वावधानमा थुनामा रहँदा यातना दिइएको व्यक्तिलाई क्षतिपूर्ति दिने सम्बन्धमा व्यवस्था गर्न बनेको विधेयक बारे गोष्ठी आयोजना गर्ने समाचार।

५७. भदौ २३: स्मृतिपत्र पालेलाई दिनु- काठमाडौं। नेपालका ५ वटा मानवअधिकारवादी संगठनहरूले नेपाली सार्वभौममाथि भारतले बारम्बार गरेको अतिक्रमणको विरोधमा मानवअधिकार संगठनहरू स्मृतिपत्र दिन भारतीय दूतावास पुग्दा कुनै आधिकारिक व्यक्तिले भेट दिएनन् - ढोका पालेलाई स्मृतिपत्र दिनु भनियो। प्रतिनिधिहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो।

५८. भदौ २३: देवघाटमा अनसन जारी - चितवन। धार्मिक, पुरातात्विक र ऐतिहासिक दृष्टिकोणले महत्वपूर्ण देवघाट जंगल मासी विदेशीलाई मेडिकल कलेज स्थापना जग्गा उपलब्ध गराइएको विरोधमा शहीदचोकमा रिले अनशन शुरू भएको।

५९. भदौ २३: गर्भपतनको आरोपमा राप्रपाका कार्यकर्ताहरू सुर्खेत। गर्भपतन गराएको अभियोगमा राप्रपाका कार्यकर्ताहरू राज गुभाजु, खड्गबहादुर राना, नन्दराज जैशीलाई प्रशासनले लामो समयदेखि हिरासतमा लिएको।

६०. भदौ ३०: हस्ताक्षर अभियान जारी - काठमाडौं। ६ वटा मानवअधिकार संस्थाहरूको संयुक्त आयोजनामा भारतीय हस्तक्षेप र नेपाली जनताको मानवअधिकार बारे हस्ताक्षर अभियान शुरू भएको।

६१. भदौ ३०: मानवअधिकारको विजोग - महोत्तरी। महोत्तरीको हतिसर्वाको प्रहरी चौकीका प्रहरीद्वारा विना वारेन्ट महिला गिरफ्तार गरेको।

६२. भदौ ३०: हत्या कि आत्महत्या? इलाम बजारकी श्रीमती सुशीला खड्गीको कुहिएको लाश फेला परेको लाशको प्रकृति हेर्दा आत्महत्या गरेकै हो भनेर भन्न नसकिने समाचार।

६३. भदौ ३०: पीडितहरूको गुनासो - काठमाडौं। राजनीतिक पीडितहरूलाई सहयोग गर्ने सरकारी रकम नेपाली कांग्रेस र एमाले समर्थक बाहेक अन्य राजनीतिक पीडितले नपाएको गुनासो।

६४. भदौ ३०: मानवअधिकार पुरस्कार - काठमाडौं। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) को विज्ञप्ति अनुसार प्रकाश स्मृति कोषबाट मानवअधिकारको क्षेत्रमा उल्लेख्य योगदान पुऱ्याउने एकजना पत्रकारलाई २ वर्षमा रू. १५ हजार एवं कदर पत्रद्वारा सम्मान गर्ने घोषणा।

६५. आश्विन ६: ने.वि.संघका अध्यक्षद्वारा शिक्षक पिटिए - नेपालगंज। महेन्द्र बहुमुखी क्याम्पसका ने.वि.संघ इकाईमा अध्यक्षद्वारा भेरी वोर्डिङ्ग स्कूलका शिक्षक जनक सिंहमाथि साँघातिक आक्रमण गरेको।

६६. आश्विन ६: कर्मचारीहरू अनशनमा - काठमाडौं। स्वास्थ मन्त्रालय अन्तरगतका विकास तर्फका कर्मचारीहरूद्वारा स्वास्थ्य मन्त्रालयको हातामा रिले अनशन गरेको समाचार।

६७. असोज १३: महिलाहरूलाई प्रहरी अत्याचार - नेपालगंज। नेपालगंज नगर प्रहरीले १४ जना महिलाहरूलाई विना कारण गिरफ्तार गरी तीन जनालाई वेपत्ता पारियो, एघार जनालाई दिनभर यातना दिई साँझ छोडिएको समाचार।

६८. असोज १३: दमन जारी छ। भूटान, भारत र वंगलादेशमा मानवअधिकार हनन बारे एम्नेष्टी इन्टरनेशनलको समाचार साभार।

६९. असोज २०: २३ गते मतपेटीका जलाइने - काठमाडौं। संजमो (बाबुराम भट्टराई) समूहको देशव्यापी विरोध कार्यक्रम अन्तरगत निर्वाचन मतपेटीकाको पुत्ला जलाउने।

७०. असोज २०: मेयरमाथि हातपात - वीरगंज। वीरगंज नगरपालिकामा आर्थिक सहायता माग्न आएका कांग्रेसीहरूको एक जत्थाले आर्थिक सहायता दिएन भनी मेयरमाथि हातपात गरे।

७१. असोज २०: नेपाली भाषाको सम्बन्धलाई लिएर कालो दिवस र विरोध सभा। पद्मकन्या क्याम्पसका नेपाली भाषा संरक्षण समन्वय सतितिको आयोजनामा २०४९ असोज १४ गतेदेखि लोक सेवा आयोगले नेपाली भाषा अनिवार्य पत्र हटाएकोले सो दिनलाई कालो दिवसको रूपमा मनाइएको समाचार।

७२. असोज २०: मजदूर निष्काशित - वुटवल। वुटवल कपडा उद्योगबाट नियम विपरित जि.वि.टेक्सटायलमा सारिएका स्थायी मजदूरहरूलाई व्यवस्थापन पक्षले अन्यायपूर्वक अवकाश दिएको।

(२० गतेपछि दशैं विदाका कारण कार्तिक १० गते मात्र प्रकाशित)

७३. कार्तिक १०: कर्मचारीहरूमाथि लाठी र बूट - काठमाडौं। स्वास्थ्य मन्त्रालयमा विकास तर्फका अनशन बस्ने कर्मचारीहरूलाई अनशनको ३६औं दिन सरकारले अपहरण गरी मन्त्रालयहाता भित्र कसैलाई पनि पस्न नदिएको समाचार।

७४. कार्तिक १०: डिडिटीलाई कारण देखाउ - काठमाडौं। इन्डोनेशियामा प्रयोग गर्न नपाइने गरी प्रतिबन्ध लागेर सुरक्षित डम्पिङ्ग साइटको प्रतिक्षामा रहेको डीडीटी नेपाल भित्र्याउन स्वास्थ्य मन्त्रालयले गरेको निर्णयप्रति सर्वोच्च अदालतद्वारा कारण देखाउ आदेश जारी गरेको।

७५. कार्तिक २४: ओखलढुङ्गामा गोली चल्यो - ओखलढुङ्गा। नेपाली कांग्रेसका उम्मेदवारहरूको चुनावी सभामा आपसमै ढुङ्गामुढा भएपछि प्रहरीद्वारा हवाइफायर गरेको।

७६. कार्तिक २४: चार भारतीय पक्राउ - गौर। भारतीय नेताहरू युनाइटेड पिपुल्स पार्टीका उम्मेदवार श्रीमती

रामदुलारी देवी शाहको चुनाव प्रचार कार्यमा संलग्न भएको थाहा पाएपछि स्थानीय प्रशासनद्वारा निजहरू गिरफ्तार।

७७. कार्तिक २४: दाङ्ग गोली काण्डको इतिवृतान्त - काठमाडौं। नेपाली कांग्रेस र एमाले कार्यकर्ताहरू बीच दाङ्गको बिजौरी र दुदास भन्ने ठाउँमा भएको भीडन्तमा गोली लागि तीन जना एमाले कार्यकर्ता नारायण चौधरी, पुष्पकुमार घिमिरे र कृष्णबहादुर चौधरीको मृत्यु भयो।

७८. कार्तिक २४: १८ वर्ष उमेर पुगेका नागरिक र कैदीहरू मतदानबाटत बञ्चित। चुनाव पर्यवेक्षणका लागि नियोक गठन भएको सिलसिलालाई समेत लिएर निर्वाचनमा जेलमा बन्दीहरू र ५ लाख १८ वर्ष उमेर पुगेका नागरिकहरू मतदान गर्नबाट वञ्चित रहेको बारे राधेश्याम लेकालीको समाचार विश्लेषण।

७९. कार्तिक २४: भोजमा विष - काठमाडौं। विवाहको भोज खाएपछि पाल्पाका सिलुवा गाउँमा २१ जनाको मृत्यु भएको।

८०. कार्तिक २८(चुनाव अतिरिक्ताङ्क): पर्यवेक्षणको गठन - मानवअधिकार संरक्षण परिषदले मध्यावधि निर्वाचनको वैधता र नियमित एवं स्वच्छताको पर्यवेक्षण गर्न एक पर्यवेक्षण समिति गठन भएको।

८१. मंसिर ८: डा. लोहनीलाई सैनिकले बचायो - काठमाडौं। राप्रपाका महामन्त्री प्रकाशचन्द्र लोहनीले पत्रकार सम्मेलन गरी नुवाकोट क्षेत्र नं.३ मा नेकाले बुथ क्याप्चर गरी डा. लोहनी, कमानसिंह लामा र मानबहादुर लामाको हत्या गर्ने प्रयासलाई शाही सेनाको सुरक्षाद्वारा विफल पारिदिएको समाचार।

८२. मंसिर ८: सर्लाहीमा गोली चल्यो - काठमाडौं। नेपाल मानवअधिकार संगठनमा अध्यक्ष ऋषिकेश शाहद्वारा सर्लाहीको क्षेत्र नं. ३ मा चुनावको बेला गोली चलेकोमा वक्तव्य प्रकाशित गरी सरकारी संचार माध्यमले प्रचारमा नल्याएकोमा सूसुचित हुने अधिकारबाट वञ्चित रहनुपरेको आरोप।

८३. मंसिर १५: मेडिकल कलेजमा हडताल - नेपालगंज। नेपालगंजस्थित चिसापानीमा संचालित डी.वी.आई. पटिल कलेजका विद्यार्थी तथा कर्मचारीहरूद्वारा हडताल गरेको।

८४. मंसिर १५: आफ्नै कारणले डाक्टर पिटिए - धरान। आफूकहाँ जचाउन आएकी महिला विरामीमाथि अभद्र व्यवहार गरेको आरोपमा डा. चन्द्रशेखर अग्रवालले पिटाइ खाए।

८५. मंसिर२२: नेपालगंजमा कर्फ्यू जारी - नेपालगंज। स्थानीय हिन्दू तथा मुसलमानहरूबीच चर्किएको विवादले हिंसात्मक रूप लिन थालेपछि स्थानीय प्रशासनद्वारा कर्फ्यू लगाइएको समाचार।

८६. मंसिर २२: विभिन्न स्थानमा मानवअधिकार गोष्ठी - काठमाडौं। एम्नेष्टी इन्टरनेशनल नेपालको आयोजनामा विभिन्न स्थानमा गोष्ठी एवं सभाको आयोजना गरेको समाचार।

८७. मंसिर २२: एम्नेष्टी नेपालद्वारा जानकारी - काठमाडौं। विश्व मानवअधिकार दिवस १९९४ का सन्दर्भमा एम्नेष्टी इन्टरनेशनल नेपालद्वारा पत्रकार सम्मेलनको आयोजना मानवअधिकारको स्थिति अवगत गरायो।

८८. मंसिर २२: बलात्कारपछि लूट - बुटवल। कपिलवस्तुको एक महिलालाई घाँस दाउरा गर्दै गरेको अवस्थामा बलात्कार गरी लूटपिट समेत गरे। भाग्दै गरेको अवस्थामा एक भारतीयलाई प्रहरीद्वारा पक्राउ गरेको।

८९. मंसिर २९: धागो कारखानामा हडताल - बुटवल। चिनिया मोडेलको बुटवल धागो कारखानाका कर्मचारी एवं मजदूरहरूले विभिन्न माग राखी हडताल एवं विरोध प्रदर्शन गरेको।

९०. मंसिर २९: मानवअधिकार दिवस सम्पन्न - काठमाडौं। ४६औं मानवअधिकार दिवसका उपलक्ष्यमा मानवअधिकार संरक्षण मञ्च, अनौपचारिक क्षेत्र सेवा केन्द्र, यातना पीडित सरोकार केन्द्र, इन्हुरेड इन्टरनेशनल तथा सीवीनद्वारा मानवअधिकार सम्बन्धी प्रदर्शन र प्रवचन कर्यक्रम आयोजना। एम्नेष्टी इन्टरनेशनलले यस उपलक्ष्यमा छुट्टै कार्यक्रम तय गरी मनायो।

९१. मंसिर २९: भारतमा नेपाली मारिए - नेपालगंज। भारतको जमनाम भन्ने गाउँमा नेपाली हजुर खटिकलाई भाला हानी मारिएको समाचार।

९२. मंसिर २९: हत्याकाण्ड - काठमाडौं। कास्की क्षेत्र नं.३ का नेका सांसद कृष्णबहादुर गुरूङ्गले कास्की सराङकोटका सूर्य भूजेलको लाश खेतमा भेटिएकोमा वक्तव्य प्रकाशित गरी छानवीनको माग गर्नु भएको समाचार।

९३. पुस ७: अझै आस्थाका बन्दीहरू - काठमाडौं। बन्दी सूचना केन्द्रका अनुसार काल्पनिक अभियोग र राजनीतिक पूर्वाग्रहका कारण अहिलेसम्म पनि करीब २५ जना आस्थाको बन्दी रहेको जानकारी।

९४. पुस ७: दाङ्गमा ६२ जनामाथि वारेण्ट - दाङ्ग। मध्यावधि निर्वाचनताका दाङ्गको विजौरी गोलीकाण्डको विषयलाई लिएर खुमबहादुर खड्का लगायत ६२ जनालाई वारेण्ट जारी गरेको छ।

९५. पुस ७: बालविवाहको एक दुःखद गाथा - सिद्धार्थ नगरपालिकाकी १२ वर्षीया बालिका जयकला रानाको बलविवाह बारे समाचार विश्लेषण।

९६. पुस १४: सामूहिक बलात्कार - वीरगञ्ज। छपकैयास्थित मनिर आलम उर्फ बुशिम मियाको १८ वर्षीया श्रीमतीलाई ६ जनाले बलात्कार गरेको।

९७. पुस १४: नक्कली नागरिक पक्राउ - वीरगञ्ज। झुक्काई नेपाली नागरिकता लिएको अभियोगमा वीरेन्द्रकुमार संघाई र प्रभुदयाल अग्रवाललाई पक्राउ गरिएको।

**पुनर्जागरण साप्ताहिक**

१. पुस २०: हत्याराहरू एस.पी.को संरक्षणमा - सर्लाही। अर्जुनबहादुर कार्कीको हत्या गर्ने हत्याराहरूलाई प्रहरी उपरीक्षक भरत चुडालको संरक्षण प्राप्त भएकोले कुनै कारवाही नगरिएको समाचार।

२. पुस २०: निजगढमा गोली चल्यो - बारा। थानेदार यमबहादुर के.सी.लाई कारवाहीको माग गर्न गएका जनतामाथि प्रजिअको आदेशमा गोली चलाउँदा आठजना घाइते। १४ वर्षीय बालक लगायत १२ जना गिरफ्तार।

३. पुस २७: मान्छेले रक्सी खाए, रक्सीले मान्छे खायो - परासी। पातही डिष्टिलरीले अनेक घातक पदार्थहरू मिश्रण गरी बनाएको विषाक्त रक्सी खाँदा ६ जनाको ज्यान गयो। डिष्टिलरीका मालिक हिरासतमा।

४. माघ ५: प्रधानमन्त्री एमनेष्टीमा पराजित - विराटनगर। गिरिजाप्रसाद कोइरालाको प्रत्यक्ष हस्तक्षेप बीच एमनेष्टी इन्टरनेशनल नेपाल शाखाको निर्वाचन सम्पन्न।

५. माघ ५: मृत्युको रहस्य झन गहिरिँदै छ - काठमाडौं। पत्रकार लोकेन्द्र बुढाथोकी मृत्यु स्वभाविक रूपमा नभै हत्या गरिएको हुन सक्ने आशंका।

६. माघ २६: एमालेद्वारा कांग्रेसका नेताहरूमाथि आक्रमण - काठमाडौं। चुनाव सम्बन्धी कुरामा बानेश्वरमा नेकाका नेतामाथि एमालेका कार्यकर्ताहरूद्वारा आक्रमण गरेको साचार। (माघ ७ गतेदेखि काठमाडौं उपनिर्वाचन अतिरिक्तांक प्रकाशित)

७. चैत ९: छात्र अनसन - काठमाडौं। विभिन्न शैक्षिक माग राखी नरदेवी आयुर्वेद क्याम्पसका ३ जना छात्रहरूको आमरण अनसन टुङ्गिएको समाचार।

८. चैत १६: मानवअधिकार यसरी रोइरहेछ - साउदी अरेवियाका महिलाहरूमाथि भएको अत्याचार बारे टिप्पणी।

९. चैत १६: बाल अधिकार गोष्ठी - काठमाडौं। यूनिसेफ चाइल्ड एनजीओ फेडरेसन, रेडवार्ना, चिल्डरेन्स एट रिस्क नेटवर्क ग्रुप र इन्हुरेड इन्टरनेशनलद्वारा आयोजित गोष्ठीमा संयुक्त राष्ट्र संघीय बाल अधिकार महासन्धिको अनुमोदन भएको चार वर्ष बितिसक्दा पनि नेपालले संयुक्त राष्ट्र संघको प्रतिवेदन नबुझाएकोमा गोष्ठीमा चर्चा।

१०. चैत ३०: कर्मचारी निष्कासित - काठमाडौं। दरबार मार्गस्थित होटल उडल्याण्डस्ले निराधार र कपोलकल्पित आरोप लगाई त्यहाँ कार्यरत ४२ जना स्थायी कामदार निष्काशित।

११. बैशाख ६: प्रहरीको खोजखबर - काठमाडौं। प्रहरी प्रधान कार्यालयमा असई लालकाजी महर्जनको लाश झुण्डिएको अवस्थामा भेटिएको।

१२. बैशाख १३: प्राध्यापकहरू आन्दोलित - चितवन। कृषि तथा पशु विज्ञान अध्ययन संस्थानमा भएको भ्रष्ट क्रियाकलापको विरोध गर्दै प्राध्यापकहरूको हकहितका विविध ८ सूत्रीय माग प्रस्तुत।

१३. बैशाख २०: एमनेष्टीको विरोध - काठमाडौं। राजस्व अनुसन्धानको एक सशस्त्र जत्थाले बाँगबजारस्थित एमनेष्टी इन्टरनेशनल नेपाल शाखाको कार्यालयमा अवैध हस्तक्षेप गरेको कुरालाई लिएर विभिन्न मानवअधिकारवादी संस्थाहरूद्वारा विरोध जुलुस प्रदर्शन।

१४. बैशाख २०: केटीको कारणले हत्या - वीरगंज। असई रविशंकर मुडभरीको केटीका कारण हत्या गरिएको समाचार।

१५. बैशाख २७: चक्काजाम सफल - वीरगञ्ज। विभिन्न आठ सूत्रीय माग राखी नारायणी यातायात मजदूर संघर्ष समितिको आव्हानमा शुरू भएको चक्काजाम कार्यक्रम अन्तर्गत सवारी साधन ठप्प।

१६. बैशाख २७: लापरवाहीको हद भयो - हेटौंडा। डाक्टर र नर्सद्वारा मृतक घोषित बालकलाई पुर्न लग्दा आमा बाबुले जीवित पाए।

१७. बैशाख २७: नेपाल बन्दको असर - विराटनगर। संयुक्त जनमोर्चाको आव्हानमा भएको नेपालबन्द कार्यक्रम विराटनगरमा पूर्ण सफल।

१८. बैशाख २७: प्रेस स्वतन्त्रता दिवस - काठमाडौं। मे ३ तारिखका दिन नेपालमा पनि विश्व प्रेस स्वतन्त्रता दिवस विभिन्न कार्यक्रमका साथ मनाइयो।

१९. जेठ ३: त्यो ज्यानै लिने आक्रमण थियो - काठमाडौं। जनकपुर क्याम्पस स्ववियुसचिव अरूणकुमार यादवमाथि गरिएको सांघातिक हमलाबाट उहाँ जीवन मरणको दोसाँधमा।

२०. जेठ ३: प्युठान अझै अशान्त - खलङ्गा। सदरमुकाम खलङ्गामा दिनहुँ जुलुस प्रदर्शन। मसालको आव्हानमा प्युठान बन्दको आयोजना।

२१. जेठ १०: बाल श्रमको भ्रममा परेको गलैंचा उद्योग - काठमाडौं। नेपाली गलैंचा उद्योगमा बालश्रमको प्रयोग बारे चर्चा। परिचर्चाको सन्दर्भ र पत्रकार सम्मेलनको समाचार।

२२. जेठ १०: त्यो मृत्यु थियो कि हत्या ? - काठमाडौं। नील सरस्वतीका शोभाकर खनालको घरमा काम गर्ने १५ वर्षीया सीता भण्डारीको रहस्यमय तरिकाले मृत्यु भएको।

२३. जेठ १०: नेविसंघ संघर्षको मैदानमा - जनकपुर। अरूण यादवमाथि भएको सांघातिक हमलाको छानवीन र दोषी माथि कारवाहीको माग गर्दै नेविसंघ धनुषाद्वारा विरोध प्रदर्शन।

२४. जेठ १७: नेउवाम संघद्वारा ज्ञापन पत्र - काठमाडौं। उद्योग वाणिज्य, राजश्व आदि क्षेत्रका समस्याको साथै विद्युत महशुल वृद्धिलाई लिएर उद्योग वाणिज्य महासंघले प्रधानमन्त्री समक्ष ज्ञापन पत्र दिएको।

२५. जेठ २४: कोइरालामाथि दुङ्गामुढा - दार्चुला। नेपाली कांग्रेसका सांसद सुशील कोइरालामाथि स्थानीय जनताद्वारा ढुङ्गामुढा गरेपछि ज्यान जोगाएर भागेको।

२६. जेठ ३१: विराटनगरका मजदूर सडकमा - विराटनगर। विराटनगरका तीन ठूला उद्योगहरू बन्द भएका कारण उद्योगमा प्रत्यक्ष, अप्रत्यक्ष काम गर्ने झण्डै २५ हजार कर्मचारी र मजदूर विचल्लीमा परे। मजदूरहरूले कालो झण्डा सहित हजारौं संख्यामा कोइराला निवासमा जुलुस लगेको।

२७. असार ७: मुलुकी ऐन संशोधनको प्रारूप : एक छलफल। मुलुकी ऐनमा भएको महिला सम्बन्धी कानूनमा थप संशोधन गर्नु पर्ने बारे अमृता थापाकोटाको लेख।

२८. असार १४: कार्यालय घेराउ - पर्सा। नियुक्तिमा धाँधली भएको कुरालाई लिएर शिक्षकहरूद्वारा पर्सा जिल्ला शिक्षा कार्यालयमा तीन हप्तादेखि धर्ना दिएको।

२९. असार २१: एक्काइसौं शताब्दीको राजनीति र महिला शक्ति - महिला आन्दोलन बारे अमृता थापाकोटाको लेख।

३०. असार २१: नेपालका केटाकेटी भारत पुऱ्याइन्छन्। बालबालिका बेचबिखन गर्ने अमानवीय कामका बारे वात्स्यायानको लेख।

३१. असार २८: कोइराला र प्रतिगामी बीच गठबन्धन - काठमाडौं। मध्यावधि चुनावको घोषणा - कोइराला विरूद्ध आन्दोलन शुरू - संसद विघटन। कार्तिक २७ गते मध्यावधि चुनाव गराउने घोषणा। सबै राजनीतिक पार्टीहरूद्वारा विरोध।

३२. असार २८: घोषणा विरूद्ध जुलूस - काठमाडौं। संसद भङ्ग गर्ने घोषणा विरूद्ध अधिराज्यमा विभिन्न भागमा जुलुस प्रदर्शन भयो।

३३. असार २८: पत्रकारमाथि हातपात गर्ने सांसदको भर्त्सना - भरतपुर। पत्रकार होमराज रानामाथि हातपात गर्ने सांसद सूर्यभक्त अधिकारीको विरोधमा चितवनका पत्रकारहरू विष्णुढकाल, कृष्ण भण्डारी र रामबहादुर रवनालले संयुक्त प्रेस वक्तव्य प्रकाशित गरे।

३४. साउन ४: भक्तपुरमा आज जुलुस - काठमाडौं। सर्वदलीय सरकारको माग सहित नेकपा (एमाले) को आयोजनामा मसाल जुलुस निस्क्यो।

३५. साउन ११: कहाँ कति पक्राउ परे - काठमाडौं। नेकपा एमाले लगायत ६ वाम पार्टीहरूद्वारा संचालित आन्दोलनमा एकहजार आन्दोलनकारीहरू गिरफ्तार भए। मसालका नेता चित्रबहादुर के.सी. लगायत १३ जनालाई राज्य विरूद्धको अपराध तथा सजायँ ऐन अन्तरगत कारवाही शुरू गरिएको समाचार।

३६. साउन १८: भाद्र १ गते फेरि नेपाल बन्द - काठमाडौं। संयुक्त जनमोर्चा नेपाल (भट्टराई) समूहले विभिन्न माग राखी आन्दोलन गर्ने।

३७. साउन २५: कोरियाबाट फर्केका अपाङ्ग को हुन् ? काठमाडौं। रोजगारको खोजीमा विदेश गएका नेपालीहरूको व्यथा बारे समाचार विश्लेषण।

३८. साउन २५: अंग्रेजीका सम्पादकलाई जुम्ला सरूवा - काठमाडौं। सरकारप्रति आलोचनात्मक नीति अपनाएका जन्मभूमिका सम्पादक शिरिष वल्लभलाई राससमा कर्यरत सातौं तहको अंग्रेजी डेस्कबाट जुम्ला सरूवा।

३९. साउन ३२: बंगलादेशकी लेखिका तसलिमालाई कट्टरपन्थी मुसलमानहरूले ढाकामा ज्यान लिने धम्की दिएपछि उनी भागेर स्वीडेनमा शरण लिन पुगेको समाचार।

४०. भदौ ७: यादवका हत्यारा को हुन् ? जनकपुर। संजमो (भट्टराई) का केन्द्रीय सदस्य तथा पूर्वी तराइका लोकप्रिय नेता रामवृक्ष यादवलाई भारतीय नागरिक गजेन्द्र सिंहका भाई बच्चु सिंहले गोली हानेर हत्या गरेको समाचार।

४१. भदौ ७: जनमोर्चाको सफल बन्द - काठमाडौं। नेपाल बन्दको सिलसिलामा काठमाडौंमा मात्रै ६०० भन्दा बढी व्यक्ति गिरफ्तार भए पनि संजमो (भट्टराई)ले आयोजना गरेको भाद्र १ को बन्द सफल भएको।

४२. भदौ १४: चेली बेच्नेहरू पक्राउ - नवलपरासी। बम्बै वेश्यालयबाट उम्किएर आएका दुई दिदी बहिनी मीना विश्वकर्मा र अनिता विश्वकर्माको उजुरीमा कुख्यात गिरोहका नलबहादुर विश्वकर्मा र गोपालगंज तामाङ्ग पक्राउ परेको।

४३. भदौ १४: वैदेशिक रोजगारका नाउँमा ठगी - श्रम मन्त्रालय मूकदर्शक - काठमाडौं। गल्फ ओभरसिज कन्सल्ट्यान्टले कामदार बाहिर पठाउने सम्बन्धमा गरेको गैर कानूनी धन्दा बारेको समाचार।

४४. भदौ १४: मन्त्री विरूद्ध पत्रकार - काठमाडौं। सहायक मन्त्री दीनबन्धुअर्यालले सर्वोच्च अदालतका प्रधान न्यायाधीश सम्बन्धी अनौपचारिक टिप्पणी साप्ताहिक दृष्टिले छापेपछि मुद्दा दायर गरेको।

४५. भाद्र २१: शाहको हत्यामा संजमोको हात। रूकुमका कांग्रेसी नेता गणेश शाहको हत्यामा संजमोको कार्यकर्ताहरूको हात भएको आरोप। राजकुमार शर्मा, जगतप्रसाद शर्मा, प्रकाश घर्तीमगर, तीलकबहादुर बस्नेतमाथि किटानी साथ उजुरी दिएको।

४६. भाद्र २८: राप्रपाको आक्रमणबाट कांग्रेस कार्यकर्ता घाइते - बाह्रबिसे। राष्ट्रिय प्रजातन्त्र पार्टीको आम सभामा नेका र उक्त पार्टीका कार्यकर्ता बीच भएको झडपमा नेकाका कार्यकर्ता घाइते।

४७. असोज ४: मालेमाको विरोध - काठमाडौं। सर्वोच्च अदालतले दिएको प्रतिनिधि सभा पुनस्थापना सम्बन्धी रिट खारेजीको नेकपा (मालेमा) ले विरोध गरेको।

४८. असोज ११: बालबालिकाको भविष्यमाथि खेलवाड। बाल शिक्षा बारे माधवराज दाहालको लेख।

४९. असोज ११: किन ५ प्रतिशत मात्रै ? महिलाहरूलाई ५ प्रतिशत टिकट दिनुपर्ने प्रावधान र महिला आन्दोलन बारे अमृता थापाकोटाको लेख।

५०. असोज १८: नागरिक सुरक्षाको यो स्थिति - काठमाडौं। क्षेत्रपाटीमा दिउँसै अज्ञात व्यक्तिको खुकुरी प्रहारबाट खेम गुरूङ्गले ज्यान गुमाउनु पऱ्यो। वीर अस्पतालमा सिकिस्त। अपराधी पत्ता लागेन।

५१. कार्तिक ८: गोलीकाण्डपछि वीरगञ्ज बन्द - वीरगञ्ज। मध्यावधि निर्वाचनको मुखमा माध्यमिक विद्यालयमा पढ्ने विद्यार्थीहरूलाई विना कसुर गिरफ्तार गरी निर्मम पिटाई। विद्यार्थीहरूले प्रहरी थाना घेरेपछि प्रहरीद्वारा हवाईफायर गर्‍यो। मन्त्री सुरेन्द्र चौधरीमाथि आरोप।

५२. कार्तिक १५: विद्रोहीका समर्थकको हत्या - जयप्रकाशमाथि हत्याको आरोप - राजविराज। सप्तरीका नेका विद्रोही कार्यकर्ता जसबहादुर राईको बन्दुकद्वारा हत्या गरेको र विद्रोही उम्मेद्वार (लमजुङ्ग) लेखनाथ अधिकारीलाई कुटपिट गरी कालो मोसो दल्न प्रयास गरेको।

५३. कार्तिक २२: आमसंचार र महिला सहभागिता। संचार क्षेत्रमा महिला सहभागिता बारे अमृता वास्कोटाको लेख।

५४. कार्तिक २२: चुनावमाथि हिंसाको र आतंकको छायाँ - काठमाडौं। दाङ्ग, बिजौरीको गोलीकाण्डमा एमाले कार्यकर्ता नारायण चौधरीको घटनास्थलमै मृत्यु भएको। पुष्पकुमार घिमिरे र कृष्णबहादुर चौधरीको वीर अस्पतालमा उपचार भइरहेको। शिवराज गौतम, श्रीमणी आचार्य, ठगेन्द्र वली, मदन के.सी., खगेश्वर भण्डारी लगायत ५१ जना घाइते।

५५. कार्तिक २८: चुनावी हिंसा बढ्दै छ - काठमाडौं। झापा क्षेत्र नं. ४ झडप र तोडफोड भएको र सुनसरी २ लगायत देशका विभिन्न भागमा भएका चुनाव सम्बन्धी झडप बारेको समाचार।

५६. मंसिर ६: एमाले आफै विरूद्ध सडकमा - काठमाडौं। चुनावमा धाँधली भएको आरोप लगाउँदै एमालेद्वारा आज राजधानीमा विरोध प्रर्दन बारे समाचार।

५७. मंसिर १३: रोल्पा गोली काण्ड - मारिनेहरू जनमोर्चाका कार्यकर्ता थिए। रोल्पाको चप्का खोलामा भएको प्रहरी र संजमोका कार्यकर्ताहरू बीच भीडन्त हुँदा दुई जनाको मृत्यु, एकजना वेपत्ता।

५८. मंसिर २०: पत्रकार पिटिए - वीरगञ्ज। प्रभातवाणी साप्ताहिकका सम्पादक रामराज्य यादव पर्सा मालपोत कार्यालयका नासु किरण उपाध्यायको निर्देशनमा वमकाण्ड र सुधिर कुमारले आक्रमण गरेको समाचार।

५९. मंसिर २७: कास्कीमा अर्को हत्या - पोखरा। कास्कीमा अर्को हत्या - पोखरा। नेपाली कांग्रेसका सक्रिय कार्यकर्ता सूर्य भूजेलको आफ्नै गाउँमा निर्मम हत्या भयो।

६०. मंसिर २७: महिला अधिकार विषयक विचारगोष्ठी - काठमाडौं। विश्व मानवअधिकार दिवसका उपलक्ष्यमा नेपाल मानवअधिकार संगठनले महिला अधिकार बारे विचार गोष्ठीको आयोजना गर्‍यो।

६१. मंसिर २७: सती यसरी पठाइन्थ्यो। महिलाहरूलाई आफ्नो पतिको लाशसँगै चितामा जिउँदै जलाउने क्रूर परम्परा बारे भारतमा घटेको घटनाका सम्बन्धमा अमृता वास्कोटाको लेख।

६२. मंसिर २७: मानवअधिकारभित्र लुकेको ढालको पोल? नेपालमा मानवअधिकारको हनन र अवस्था बारे गोविन्द चिमौरियाको लेख।

६३. पुस ५: महिला विकासको वास्तविक सुरसार कहिले हुने ? नेपाली महिलाहरूको अवस्था र हक अधिकार बारे गोविन्द चिमौरियाको लेख।

६४. पुस ५: चौधरीलाई रिबोक मानवअधिकार पुरस्कार - काठमाडौं। पश्चिम तराईका पिछडिएका थारू जातिको उत्थानका लागि कार्यरत व्याकवार्ड सोसाइटी एजुकेशन (बेस) का संस्थापक अध्यक्ष डिल्लीबहादुर चौधरीलाई अमेरिकाको रिबोक फाउण्डेसनद्वारा मानवअधिकार पुरस्कार प्रदान गरिएकोमा एक समारोहको आयोजना गरियो।

६५. पुस ५: बाल विकासका लागि सरकार साँच्चै प्रतिवद्ध छ त ? नेपाली बालबालिकाको अवस्था र तिनका हित अधिकार सम्बन्धी अमृता वास्कोटाको लेख।

६६. पुस ५: वैदेशिक रोजगार संघको माग - काठमाडौं। नेपाल वैदेशिक रोजगार व्यवसायी संघको प्रतिनिधि मण्डलले श्रम मन्त्रीलाई भेटी अनाधिकृत रूपमा विदेशमा कामदार पठाउने र बिचल्ली पार्नेहरूलाई तुरून्त कारवाही गर्ने माग सहित आफ्ना १६ सूत्रीय मात्र पत्र प्रस्तुत गर्‍यो।

६७. पुस १२: असहाय महिलाका पक्षमा मंगला छात्रवृत्ति - काठमाडौं। नेपालका कमजोर र उपेक्षित महिला एवं बालिकाहरूलाई शिक्षा प्रदान गर्ने उद्देश्यले श्रीमती मंगला देवी सिंहको सम्मान स्वरूप उहाँकै नाउँमा छात्रवृत्तिको स्थापना गरिएको समाचार।

६८. पुस १२: यो आजको यथार्थ हो। नेपालमा बाल मजदूरको अवस्था बारे अमृता वास्कोटाको लेख।

६९. पुस १२: मानवअधिकार गोष्ठी - भरतपुर। अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्ष्यमा एमनेष्टी इन्टरनेशनल नेपाल नारायणी - ३३ र चितवन समूहको संयुक्त आयोजनामा मानवअधिकार सम्बन्धी गोष्ठी।

## देशान्तर साप्ताहिक

१. पुस १८: नियोजित हत्या नै हो - काठमाडौं। स्व. मदन-आश्रितको दासढुङ्गा दुर्घटना सम्बन्धी पद्मरत्न आयोगद्वारा एमाले नेताद्वयको नियोजित हत्या भएको निश्कर्ष सहितको प्रतिवेदन प्रकाशित।

२. पुस १८: विमर्शमा गुण्डागर्दी - काठमाडौं। साप्ताहिक विमर्शको कार्यालयमा गजेन्द्र श्रेष्ठ नाम गरेको व्यक्तिले अन्य मानिस समेत ल्याई सम्पादक हरिहर विरहीमाथि प्रहार गर्ने असफल प्रयास र तोडफोड गरेको समाचार।

३. पुस १८: नियुक्तिका लागि अनसन - सिराहा। ६महिना पहिले सिराहा शिक्षा आयोगद्वारा प्रकाशित नतिजा अनुसार उत्तीर्ण शिक्षकहरूले नियुक्तिको माग गर्दै अनशन शुरू गरेको समाचार।

४. पुस २५: दक्षिण पूर्व एशियाका गृहमन्त्री -

विराटनगर। नेपाल कानून समाजद्वारा आयोजित मानवअधिकार सम्बन्धी गोष्ठीमा गृहमन्त्री शेरबहादुर देउवाले आफूले जतिसुकै मानवअधिकारको कुरा गरे पनि कोही पत्याउन तयार नभएको विचार व्यक्त।

५. पुस २५: प्रहरीको ज्यादती - सुनसरी। आफ्नै छिमेकीको पसलबाट सुपारी चोरी गरेको अभियोगमा पक्राउ परेका मनोहर चौधरीलाई प्रहरी ठानामा अमानवीय यातना दिएको समाचार।

६. पुस २५: धुलिखेल जेल सँगै रास्वेर दयनीय बनेका पागल कैदीहरू - काठमाडौं। धुलिखेल जेलभित्र थुनिएका कैदीहरूको दयनीय अवस्था बारे विष्णु निष्ठुरीको समाचार विश्लेषण।

७. पुस २५: ईस्व नभएका शरणार्थी र दया नभएका राजा। भूटानी शरणार्थी बारे श्री आचार्यको टिप्पणी।

८. माघ १०: वादी वस्ती र देहव्यापार - राजापुर। वर्दियाको राजापुरमा देहव्यापार अपनाउन बाध्य वादी महिलाहरूको स्थिति बारे केशव अधिकारीको समाचार टिप्पणी।

९. माघ १७: डाँकाको नाउँमा निर्दोषको हत्या - भैरहवा। ठेकेदार र गाउँलेहरूको डाँका हो भनी दिएको झूठो सूचनाको आधारमा ठेकेदार कर्वराम चौधरी र डुंग्राम मेघवालको प्रहरीद्वारा गोली हानी हत्या गरेको समाचार।

१०. माघ १७: तीन सन्तानकी आमा बलात्कृत - काभ्रे। राजेश के.सी., राजेन्द्र के.सी. र प्रमोद के.सी.द्वारा स्थानीय एक महिला बलात्कृत।

११. माघ २४: अपाङ्ग संघमा तालावन्दी - जनकपुरधाम। अपाङ्गहरूले विभिन्न माग रास्वी ताला लगाइदिए।

१२. माघ २४: होटेलमा दुईको हत्या - धरान। गुडलक होटेलमा भएको रहस्यमय हत्या बारे आनन्द श्रेष्ठको रिपोर्टमा आधारित समाचार।

१३. फागुन १: निर्वाचन समितिलाई कारण देखाउ आदेश - काठमाडौं। घरेलु शिल्पकला विक्री भण्डार लि.को कर्मचारी संघको निर्वाचन समितिले विधानमा नभएको प्रावधान खडा गरी मनोनयन पत्र खारेज गरेकोमा सर्वोच्च अदालतद्वारा कारण देखाउ आदेश जारी गरेको।

१४. फागुन १: पोल खुल्यो - परासी। चुनाव हारेको कारण राम आश्रय यादवको आफ्ना प्रतिद्वन्दी राजेन्द्रकुमार साहनीको हत्या गर्ने षडयन्त्रको पोल खुल्यो।

१५. फागुन ८: तीन शरणार्थी मारिए - काकडभिट्टा। शरणार्थी शिविरबाट बाहिर जाने अनुमति पत्र बोकेर भूटान पुगेका तीन शरणार्थीको भूटानी सेनाद्वारा हत्या।

१६. फागुन ८: जुठो प्लेट र गिलास नै शिक्षालय। बालश्रमिक नवराज गौतम, शंभू गौतम र गोपाल गौतमको अवस्थालाई चिरफार गर्दै लेखिएको बालश्रम शोषण बारेको समाचार टिप्पणी।

१७. फागुन १५: सन्ते जेहन्दार छात्र हुनसक्छ। स्वाते बालक बारे कृष्ण पोखरेलको समाचार टिप्पणी।

१८. फागुन २२: मलेसियाको जेल र विवस नेपाली सरकार - काठमाडौं। मलेसियाको जेलमा १५० भन्दा बढी नेपालीहरू कैदमा परेको। दलालबाट बेचिएका - सरकार मौन रहेका।

१९. फागुन २९: आमरण अनशनः वार्ता असफल। काठमाडौं आयुर्वेद क्याम्पसका विद्यार्थीहरूबाट ४ सूत्रीय माग रास्वी अनशन प्रारम्भ। सरकारी प्रतिनिधिबाट कुनै हालतमा माग पूरा नगर्ने हठ।

२०. फागुन २९: बम्बै यात्रा असफल - जनकपुरधाम। सीता वि.के. र माया मोक्तानलाई बम्बै विक्री गर्न लैजाने ३ जना युवकहरू गोपाल लामा, ज्ञानुतामाङ र कुलमान जिम्मे प्रहरीको पञ्जामा।

२१. फागुन २९: मानवअधिकारवादीको गाडीमा ढुङ्गा प्रहार - पोखरा। वाग्लुङ जान लागेका मानवअधिकार संगठनका अध्यक्ष ऋषिकेश शाह, कृष्ण पहाडी (एमनेष्टी नेपालका अध्यक्ष) र नीलकण्ठ शर्मा (कास्की अध्यक्ष) चढेको गाडीमाथि चिनिया ठेकेदारका कारिन्दाहरूबाट ढुङ्गामुढा गरेको समाचार।

२२. फागुन २९: बालदुराचारमा बेलायतीहरू। थाइल्याण्ड, फिलिपिन्स र श्रीलंकामा बेलायतीहरूद्वारा गरिने बाल यौन दुराचार बारेको टिपोट।

२३. चैत ७: अनिवार्य संस्कृतको विरोध - काठमाडौं। संस्कृत भाषालाई विद्यालयस्तरमा अनिवार्य बनाइएकोमा आदिवासी जनजातिहरूको तर्फबाट एक स्मृति पत्र प्रधानमन्त्री समक्ष प्रस्तुत गरेको।

२४. चैत ७: गोली चलेपछि अशान्त रिडी - गुल्मी। बसवाला र विद्यार्थीहरू बीच बस भाडाको कुरालाई लिएर शुरू भएको विवादमा स्थिति नियन्त्रण गर्ने निहुँमा विना चेतावनी प्रहरीद्वारा ३६ राउण्ड हवाई फायर। ५ जना पक्राउ।

२५. चैत ७: रघुपतिमा आमरण अनशन - विराटनगर। रघुपति जुट मिलका पाँचजना मजदूरहरूद्वारा व्यवस्थापन समक्ष विभिन्न १६ सूत्रीय मागरास्वी आमरण अनशन शुरू।

२६. चैत ७: विभत्स हत्या - पाल्पा। आफ्नो मतिजासँगै तानसेन जान हिंडेका झरेवाका नन्दलाल ओझाको छुरीले हानी विभत्स हत्या गरेको समाचार।

२७. चैत ७: गाउँको इज्जतको लागि हत्या आत्महत्या बन्यो - धरान। पति लोकबहादुर महतको आफ्नै भाउजु फूलमाया महतसंगको प्रेमको कारण निजकी पत्नी मनमाया महतको हत्या गरिएको तर ढाकछोप गरी आत्महत्याको रूप दिन खोजिएको समाचार।

२८. चैत १४: धोकाधडीको आरोपमा हत्या - वीरगञ्ज। शिखहरूको स्थानीय नेता आशा सिंहले धोका दिएको आरोपमा आतंकवादी दस्ताको सदस्य अजित सिंहद्वारा निजको हत्या गरेको समाचार।

२९. चैत २१: बम्बैबाट फर्किएकी गंगामाया -

इलाम। बम्बैमा भारू ६५,०००/- मा बेचिएकी गंगामाया तामाङ भागेर आउन सफल भएको। उनलाई बम्बै पुऱ्याउने धनबहादुर पक्राउ परेको छैन।

३०. चैत २१: रिक्सा झगडा हत्यामा परिणत - चितवन। रिक्सामा ल्याएको काठको भारीले ठक्कर दिएको निहुँमा झगडा हुँदा किरण रिमाल कुटपिटबाट मरे।

३१. चैत २१: प्रहरीको लापरवाहीबाट एकको मृत्यु बुटवलमा तनाव - वुटवल। प्रहरी गस्ती टोलीको भ्यानले ठक्कर दिंदा माधव श्रेष्ठको मृत्युभयो। जल जोशी गम्भीर घाइते। स्थानीय जनता र प्रहरी बीच मुठभेड भयो - स्थिति नियन्त्रण गर्ने नाउँमा हवाई फायर गरियो।

३२. चैत २१: होलीमा गोली चल्यो - जनकपुरधाम। होलीको समयमा तुलसीमाई गाविसमा स्थानीय वासिन्दा बीच विवाद भएपछि प्रहरीद्वारा स्थिति नियन्त्रण गर्न भनी हवाई फायर गरेको।

३३. चैत २८: बानेश्वर घटनाको रहस्य - अपराधी लुकाउन प्रहरीको साँठगाँठ - काठमाडौं। काठमाडौंको बानेश्वरमा हातहतियार सुसज्जित भारतीय प्रहरीद्वारा नेपाली नागरिकहरूको घरमा आतंक र त्रासको वातावरण सिर्जना गरी छापा मारेको समाचार। सरकारको आदेशमा प्रहरीको डफ्फालाई भगाइएको।

३४. चैत २८: पत्रकार कुट्ने बहादुर प्रजिअ - नेपालगञ्ज। आफूले गरेको भ्रष्टाचारको पोल खुलेपछि बाँकेका प्रजिअ कृष्णप्रसाद गुप्ताले स्थानीय युवा पत्रकार प्रेम सागरलाई कार्यालयमै पिटाएको समाचार।

३५. बैशाख ४: देशान्तर सम्वाददातालाई कुट्ने धम्की - जनकपुर। अञ्चल यातायात व्यवसायी संघको मनपरी तन्त्र बारे प्रकाशित समाचारलाई लिएर संघका सदस्य सीताराम धिरेन्द्रद्वारा स्थानीय संवाददाता कमल शाहलाई कुट्ने धम्की।

३६. बैशाख ११: राप्रपाद्वारा धर्ना - विदुर। राष्ट्रिय प्रजातन्त्र पार्टीद्वारा जिल्ला प्रशासन कार्यालय अगाडि धर्ना। ज्ञापन पत्र प्रस्तुत गरेको।

३७. बैशाख १८: सिलगुढीमा भूटान विरोधी प्रदर्शन - सिलगुढी। पश्चिम बंगालको सिलगुढीको नवगठित मानवअधिकार सुरक्षा मञ्चको आव्हानमा भूटानी शरणार्थीहरूको पुनर्वासको माग राख्दै भूटान सरकारको विरोधमा जुलुस र आमसभाको आयोजना।

३८. बैशाख १८: संयुक्त मोर्चाका लागि भूटानीहरूको आमरण अनशन - दमक। भूटानको प्रजातान्त्रिक आन्दोलनमा सहभागी राजनैतिक पार्टी र अन्य संस्थाहरूको संयुक्त मोर्चा बनाउनुपर्ने माग राख्दै आहुरा भूटान पिपुल्स पार्टीका नेता आर.के. बुढाथोकी आमरण अनशनमा।

३९. बैशाख १८: केटी मन पर्दा ज्यानै गयो - पाल्पा। आमा र दाजुले खोजिदिएको केटी बिहे गर्न नमानेको कारण टीकाबहादुर सार्कीको निजकै आमा र दाजुको मिलोमतोमा हत्या गरिएको।

४०. बैशाख २५: दोधारमा गोली चल्यो - दुई घाइते - काठमाडौं। कञ्चनपुरको दोधारा गाउँमा प्रहरीको गोलीबाट घाइते सुरज बडवालको अवस्था चिन्ताजनक। अर्का घाइते मोहन बडवालको धनगढीमा उपचार। हत्या सम्बन्धी अभियोग लागेका मोहन बडवाललाई पक्राउ गर्न जाँदा गोलीकाण्ड घटेको।

४१. बैशाख २५: दाइजो विरूद्ध जनकपुर - जनकपुरधाम। नेपाल वैश्य युवा कल्याण संघको वार्षिकोत्सवमा दाइजो प्रथाको विरोधमा आन्दोलन गर्नुपर्ने र जातीय भिन्नता समाप्त पार्न एकजूट हुनुपर्ने विचार व्यक्त।

४२. जेठ १: नेपालका जेलमा ५३ जना नानी कैदी - काठमाडौं। जेलमा अभियुक्त बाबु आमासँगै बस्न वाध्य नाबालकहरूको दयनीय अवस्था बारे समाचार टिप्पणी।

४३. जेठ १: हत्या, आत्महत्या बनेर फाइल दब्यो - वीरगञ्ज। असई रविशंकर मुडभरीको हत्यालाई आत्महत्याको रूप दिने तरखर।

४४. जेठ ८: गलैंचाका बालबूनकर - काठमाडौं। गलैंचा उद्योगमा संलग्न बाल श्रमिक बारे राजेश घिमिरेको समाचार टिप्पणी।

४५. जेठ १५: पत्नीको हत्याको आरोपमा मार्शल आर्ट खेलाडी पक्राउ - काठमाडौं। हिन्दूधर्मावलम्बी दमन बस्नेतसंग प्रेम विवाह गरेको मुस्लिम युवती पुनम हुसेनको मृत्युका सम्बन्धमा दमन बस्नेत पक्राउ।

४६. जेठ १५: शिक्षकलाई कालोमोसो दलेपछि अशान्त प्युठान - प्युठान। प्रधानअध्यापक भवानी थापालाई स्थानीय राजनीतिक कार्यकर्ता (मशाल) बाट कालोमोसो दलेपछि उत्पन्न परिणामबाट प्युठान आतंकित रहेको समाचार।

४७. जेठ १५: पत्रकारलाई बाहिर निकाल्ने प्रहरी आदेश - प्युठान। प्युठानको डिएसपी कार्यालयमा हिरासतमा रहनुभएका जिविस सभापति कर्णध्वज के.सी.लाई भेट्न जानुभएका पत्रकार केशव अधिकारी प्रति डिएसपी विजेश्वर घिमिरेको अभद्र व्यवहार।

४८. जेठ १५: सहकारी कर्मचारी आन्दोलनमा - काठमाडौं। सहकारी विकास वोर्ड अन्तरगत कार्यरत दुईहजार कर्मचारी विभिन्न माग राखी आन्दोलनमा।

४९. जेठ २२: राप्रपाको विरोध : नेपालगञ्जमा लाठीचार्ज - काठमाडौं। राष्ट्रिय प्रजातन्त्र पार्टीले विभिन्न माग राखी ज्ञापन पत्र, विरोध प्रदर्शन र धर्ना कार्यक्रम संचालन गरेकोमा बाँकेमा लाठी चार्ज गरेको समाचार।

५०. जेठ २२: जेलको ढोका अगाडि परिवारको लाश। भूटानको जेलमा आन्दोलनकारीको आरोपमा दिइने बर्वर यातना बारे विष्णु निष्ठुरीको समाचार विश्लेषण।

५१. जेठ २९: रहस्यमय आगलागीबाट मृत्यु - काठमाडौं। श्रीमती सृजना देवकोटा आफ्नै घरको पूजा कोटामा आगो लागि रहस्यमय ढंगबाट मृत्यु भएको समाचार।

५२. असार ५: हाडनाताबाट जन्मेको बच्चाको हत्या

५२. असार ५: हाडनाताबाट जन्मेको बच्चाको हत्या – नवलपरासी। प्रेम रिजालले आफ्नी भाञ्जी दिदी सीता पौडेलसंगको सम्बन्धबाट जन्मेको बालकलाई अस्वीकार गर्ने पूर्व सूचना पाएपछि सीताले जिउँदै बच्चालाई खाल्डोमा पुरेको समाचार।

५३. असार ५: दाङमा सामाजिक आन्दोलन – दाङ। रक्सी विरोधी आन्दोलनमा उत्रेका १७ महिला र ३ पुरूषलाई सार्वजनिक मुद्दा लगाइएको समाचार।

५४. असार ५: प्रहरी हिरासतमा उत्पीडनका दुई उदाहरण – धरान। धरान इलाका प्रहरी कार्यालयमा हिरासतमा रहेका चन्द्र अग्रवाल र तिलक राईलाई कुटपिट गरेको समाचार।

५५. असार १२: स्कूलबाट निकालिएपछि छात्राको रहस्यमय मृत्यु – दमक। कविता वंशलको मृत्युपछि दमक अशान्त, उग्र साम्प्रदायिक नारा लागेको।

५६. असार १९: बालकद्वारा आत्महत्या – पाल्पा। आमा पार्वती खत्रीले छोरा श्रीधरलाई सोत्तर लिन जान अह्राएको नमानेपछि करगरेर पठाउन खोज्दा केही नलिई निक्लेको श्रीधरले बारीको अम्बाको रूखमा झुण्डिएर आत्महत्या गरेको समाचार।

५७. असार १९: हाडनाताबाट जन्मेको बच्चाको हत्या – नवलपरासी। प्रेम रिजालले आफ्नी भाञ्जी दिदी सीता पौड्यालसंगको सम्बन्धबाट जन्मेको बच्चालाई सीताले जिउँदै गाडिन्।

५८. असार १९: राजबन्दीको खोजि गर्ने भनिएको चार वर्ष भयो – जनकपुर। २०४२ सालको बमकाण्डपछि प्रहरीले घरैबाट समातेर लगेका राजबन्दीहरू सत्य नारायण शाह, ईश्वर लामा, डा. लक्ष्मी नारायण झा, पद्म लामा, साकेत चन्द्र मिश्र, दिलिप चौलागाईं र महेश्वर चौलागाईंहरूको जानकारी जनसमक्ष अविलम्ब ल्याउने जनस्तरबाट माग।

५९. असार २६: दाइजोको लोभले ज्यानै लियो – स्याङ्जा। पम्फा रानासंग बिहे गरेमा १० तोला सुन र १६ हजार नगद दिने कबुल बमोजिम नारायण रानाले निज पम्फासंग बिहे गरेको। कबुल अनुसार माग गर्दा ससुरालीद्वारा नारायण राना मारिएको समाचार।

६०. साउन २: लागूपदार्थ ओसार्ने नेपालीलाई मारियो – काठमाडौं। लागूपदार्थ ओसारपसारको अवैध धन्दामा संलग्न नेपाली नागरिक बुद्धमान गुरूङलाई सिंगापुरमा मृत्युदण्डको सजाय।

६१. साउन २: चितवनमा ११ हजार सुकुम्बासी – चितवन। चितवन जिल्लाभरका सुकुम्बासीहरूलाई पुनस्थापित गर्ने सुकुम्बासी आयोगको जानकारी।

६२. साउन २: रक्सी विरोधी आन्दोलनमा विपक्षी बनेको सरकार – दाङ। दाङमा चलेको रक्सी विरोधी आन्दोलनमा प्रहरीले सकारात्मक सहयोग नगरेको।

६३. साउन २: सिराहामा गुण्डागर्दी – सिराहा। घरमै अध्ययन गरेर बसिरहेकी चन्द्र मा.वि.की १६वर्षीय छात्रालाई स्थानीय गुण्डाहरूद्वारा बलात्कार। प्रहरी प्रशासनद्वारा गुण्डाहरूको संरक्षण।

६४. साउन २: मशाल जुलुश – नेपालगञ्ज। महंगी, विद्युत महशुलको वृद्धिको विरोधमा प्रमं गिरिजाप्रसाद कोइरालाको राजिनामाको माग गर्दै प्रजातान्त्रिक राष्ट्रिय युवा संघद्वारा मशाल जुलुस प्रदर्शन।

६५. साउन २: घोषणाको विरोधमा बजार बन्द – धरान। प्रमं गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा मध्यावधि चुनाव हुने घोषणा गरेको विरोधमा नेकपा (एमाले) धरान नगर कमिटीको आयोजनामा बजार बन्द।

६६. साउन ९: नेपालगञ्ज बन्द – नेपालगञ्ज। ६ बामपन्थी समूहको आव्हानमा साउन ५ गते नेपालगञ्ज पूर्ण बन्द भएको। १० जना गिरफ्तार भए।

६७. साउन ९: डलर कमाउन गएका हातहरू हलो समाउन नसक्ने भएर फर्कदैछन्। रोजगारको खोजिमा विदेशिनु परेका नेपालीहरू अपाङ्ग भएर फर्कनुपरेको दर्दनाक कथा बारे कृष्ण पोखरेलको समाचार विश्लेषण।

६८. साउन ९: राँके जुलुश – काठमाडौं। हातामा राँको लिएको ठूलो जुलुश निस्केको समाचार।

६९. साउन १६: छात्रालाई नाङ्गै बस्ने सजाय – वीरगञ्ज। आर.वी. केडिया स्कूलकी छात्रा सुरुती शाहलाई शिक्षक एस.पी. पाठकले कक्षा कोठामा नाङ्गै बस्न वाध्य गराए।

७०. साउन १६: मोहीयानी हक खोसियो – राजविराज। भयानक खडेरीबाट पीडित मोही किसानहरूले कूत नतिरेको आरोपमा धमाधम मोहियानी हक खोसिन थाल्यो।

७१. साउन १६: गा.वि.स. अध्यक्षले युवती अपहरण गरेर तेस्रो बिहे गरे – राजविराज। सप्तरीको मौवाहा गा.वि.स.का अध्यक्ष राम विलास यादवले आफ्नै गाउँकी विमला देवीलाई अपहरण गरेर भारत पुऱ्याई तेस्रो बिहे गरे।

७२. साउन १६: मानवअधिकार मञ्चको पुनर्गठन – इटहरी। मानवअधिकार संरक्षण मञ्च सुनसरी जिल्लाको पुनर्गठन।

७३. साउन २३: बाँझी भएको आरोपमा महिला जलाइयो। विहे गरेको १२ वर्षसम्म पनि सन्तान दिन नसक्ने आफ्नी श्रीमती खातुनलाई मोहम्मद मकसुदले बाबुआमाको समेत सहयोगमा मट्टितेल खन्याई आगो लगायो।

७४. साउन ३०: केटी बेच्ने मूली फरार – धरान। सीता तामाङ र कविता तामाङलाई भारत लगी बेच्ने राजुलामा आएको आएको रिपोर्ट प्रहरीमा गरेको भोलिपल्टै निज पक्राउ पर्नुको साटो फरार भएकोले प्रहरीमाथि शंका गर्नुपर्ने स्थिति।

७५. भदौ ५: कर्मचारीहरू हडतालमा – काठमाडौं। १७ गतेसम्म माग पूरा नभए नेपाल बैंकका कर्मचारहिरूको संघर्ष अरू चर्कने कर्मचारी संघद्वारा चेतावनी।

७६. भदौ १२: यादवको हत्यामा कांग्रेसीको हात? – काठमाडौं। संयुक्त जनमोर्चा (भट्टराई) का केन्द्रीय सदस्य

रामवृक्ष यादवको नेपाली कांग्रेसका नेताहरूको संरक्षण पाएका व्यक्तिबाट हत्या भएको आरोप।

७७. भदौ १२: आठ महिने गर्भवती महिला बलात्कृत - वीरगञ्ज। आठ महिने गर्भ बोकेकी एक महिलालाई स्थानीय दुई युवकहरू सुनील श्रेष्ठ र अनिल श्रेष्ठले पिस्तोल देखाएर बलात्कार गरेको समाचार।

७८. भदौ १९: जेलभित्रबाट प्युठानका सभापति भन्छन् - कांग्रेसले हामीलाई ठगेको छ। प्युठान जिविस सभापति सार्वजनिक अपराध ऐन अन्तरगत जेलमा परेको। झुट्ठा मुद्दामा फसाइएको आरोप।

७९. भदौ २६: तीन कांग्रेसी प्रहरी हिरासतमा - वाह्रबिसे। राप्रपा र कांग्रेस कार्यकर्ता बीच भएको झपडमा तीनजना पक्राउ परेको।

८०. भदौ २६: भूटानी शरणार्थी समस्या - वुद्धिजीवीसंग समाधानको उपाय छैन। भूटानी शरणार्थी समस्या बारे नेपाल एशियाली अध्ययन केन्द्रद्वारा विचार गोष्ठीको आयोजना।

८१. असोज २: घोषणापत्रमा बालबालिका - काठमाडौं। बालबालिकाको निमित्त गैरसरकारी संस्थाहरूको महासम्मेलन नेपालले सम्पूर्ण राजनीतिक पार्टीहरूलाई आफ्नो घोषणापत्रभा बालबालिका सम्बन्धी स्थान उल्लेख गर्न अनुरोध गरेको समाचार।

८२. असोज ९: सरकारले निर्णय बदलेपछि स्वास्थ्य कर्मचारी हडतालमा - काठमाडौं। अवकाश दिने सरकारको निर्णयका विरूद्ध स्वास्थ्य मन्त्रालय अन्तरगतका ३ हजार कर्मचारी आन्दोलित। मन्त्रालयको मूल ढोकामा धर्ना।

८३. असोज ९: लागू पदार्थ दूर्व्यशनी र नयाँ पुस्ताका लागू पदार्थतिर - काठमाडौं। नेपालमा लागू पदार्थको दूर्व्यशनबाट ग्रस्त युवाहरूको अवस्था बारे समाचार।

८४. असोज १६: धान बेच्न लालपूर्जा लिएर जानुपर्ने - बिर्तामोड। कृषकहरूलाई दिइएको दुःख बारे केशव आचार्यको समाचार टिप्पणी।

८५. असोज १६: गौ मांस सहित भूटानी पक्राउ - दमक। गाई गोरूको मासु ओसार पसारमा संलग्न भूटानी शरणार्थीहरू पक्राउ परे।

८६. असोज १६: नागरिकता काण्डः १४ पक्राउ ७ फरार - चितवन। भारतीय नागरिकलाई वंशजको आधारमा नेपालको नागरिकता दिएको आरोपमा २१ जनालाई पक्राउ गरी कारवाही गर्ने गृह मन्त्रालयको आदेश।

८७. असोज २३: काठमाडौंका खातेहरू धरानको रङ्गमञ्चमा। खातेहरूबारे आरोहण नाट्य समूहले "महानगरका अनागरिकहरू" मञ्चन गरेको।

८८. कार्तिक ६: शिक्षक छनौटमा कांग्रेसी धाँधली - इलाम। राजनीतिक पूर्वाग्रहका कारण शिक्षा क्षेत्र अस्तव्यस्त भएको समाचार।

८९. कार्तिक ६: देशभरिका डाक्टरहरूले आज राजीनामा दिने - काठमाडौं। लोकसेवा आयोगले निर्धारण गरेको मूल्यांकन सम्बन्धी नीतिका विरोध गर्दै देश भरिका डाक्टरहरूले राजीनामा दिने निर्णय गरेको समाचार।

९०. कार्तिक ६: परासीमा गोली चल्यो कारण रहस्यमय - परासी। मध्यरातमा संदिग्ध डाँकाको घरमा अर्को डाँका लुकेको आशंकामा प्रहरीद्वारा छापा मार्नु र नजिकै उखु खेतमा गोली चलेको कारण रहस्यमय भएको समाचार।

९१. कार्तिक ६: दुङ्गामुढा गर्नेहरूको चारपाटा मुडियो - दाङ। चुनावको चहलपहलसँगै बढेको तोडफोडको घटनामा ७१ जना पक्राउ परे। प्रहरी हिरासतमा यातना र कपाल चारपाटा मुडेर छोडिएको।

९२. कार्तिक १३: चुनावमा आयातित डाँकाको भिडन्तमा मृत्यु - त्रिलोकी गढरिया र अनवर अलि मुसलमानको नेतृत्वमा रहेका डाँका समूह र प्रहरी बीच मुठभेड दुई जनाको मृत्यु भयो।

९३. कार्तिक १३: चुनाव प्रचार र विरोधको शैली अपराध - राजनीतिक कार्यकर्ता ढुङ्गामुढा र हातपाइमा उत्रे : उम्मेद्वार घाइते - काठमाडौं। चुनावको सन्दर्भमा दाङमा राजनीतिक कार्यकर्ता हिमलाल पोख्रेलको संदेहत्मक मृत्यु। लमजुङमा लेखनाथ अधिकारीमाथि सांघातिक आक्रमण। परासीका विजयकुमार घाइते।

९४. कार्तिक २७: केटी बेच्ने पाँच जना पक्राउ - वुटवल। नेपाली चेलीबेटीहरूलाई भारत लगी बेच्ने सुमित्रा पन्त, दीपक उप्रेती, गणेश कार्की, विकास कुमाल र कृष्ण परियार गिरफ्तार भए।

९५. कार्तिक २७: स्कूल जाँदै गरेको बालक अपहरित - वुटवल। स्कूल जान लागेका अनिल चौधरीलाई अपहरण गरी भारत लगियो र फिरौतीका लागि ४५ हजार रूपैयाँ मागियो।

९६. कार्तिक २७: दाङमा कांग्रेसी मारिए - घोराही। नेपाली कांग्रेसका कार्यकर्ता डम्बरबहादुर खड्कालाई गोली हानी मारियो।

९७. मंसिर ४: शोषणको एउटा रूप कमैया प्रथा। नेपालको पश्चिम तराईमा प्रचलित मध्ययुगिन कमैया प्रथा बारे विष्णु घिमिरे "गगन" को समाचार/टिप्पणी।

९८. मंसिर ११: रोल्पामा प्रहरीको गोलीबाट दुईको मृत्यु - दाङ। रोल्पाको चकखोलामा प्रहरी र आक्रमणकारीहरू बीचको मुठभेडमा प्रहरीले गोली चलाउँदा दुई जनाको घटना स्थलमै मृत्यु। पाँच जना सख्त घाइते।

९९. मंसिर ११: पूर्वाञ्चलमा अपराध - विराटनगर। बितेका ६ महिनामा विभिन्न घटनाबाट पूर्वाञ्चलका ६४ जनाले ज्यान गुमाए।

१००. मंसिर ११: अर्को रहस्यमय लाश - धरान। धरानस्थित शिवधारामाथि सडकको खोल्सामा वृद्ध मानिसको लाश फेला परेको। लाशको सनाखत भएन।

१०१. मंसिर ११: विराटनगरमा सं-साँझै हत्या - विराटनगर। आदर्श किराना स्टोरका मालिक कमल अग्रवालको अज्ञात व्यक्तिहरूद्वारा गोली हानी हत्या।

१०२. मंसिर ११ः दाङमा प्रहरीको कुटपिटबाट मृत्यु - दाङ। प्रहरीको निर्मम यातना र कुटपिटबाट परदेशु चौधरीको मृत्यु।

१०३. मंसिर १८ः बालिका बलात्कृत - इलाम। पाँच वर्षकी बालिका कविता शर्मालाई २० वर्षीय हेमबहादुर गिरीले बलात्कार गरेको। अपराधी प्रहरी हिरासतमा।

१०४. मंसिर १८ः प्रहरीद्वारा कुटपिट - काठमाडौं। ललितपुर जिल्ला प्रहरी कार्यालयका स.ई. शैलेन्द्र श्रेष्ठ लगायतका ३ जना सादा पोशाकका प्रहरीहरूले चावहिलका स्वाद्य पसले सुवर्ण मालीलाई पाटन पुऱ्याएर कुटपिट गरेको।

१०५. मंसिर २५ः ६ जना मारिए - काठमाडौं। नेकपा (एमाले) को सरकार बनाए यता मुलुकका विभिन्न भागमा ६ जना मानिसको हत्या भयो।

१०६. पुस ३ः फिल्म वितरकको फिल्मी स्टाइलमा हत्या - विराटनगर। भारतीय लुटेराहरूको एउटा गिरोहले दुई जना नेपाली युवकलाई गोली हानी हत्या गऱ्यो।

१०७. पुस ३ः एक सह्रानीय व्यक्तित्व - काठमाडौं। रिबक मानवअधिकार पुरस्कार डिल्लीबहादुर चौधरीलाई प्रदान गरियो।

१०८. पुस ३ः चुनावी प्रतिशोध र हत्या - जनकपुरधाम। मध्यावधि निर्वाचनपछि विभिन्न ठाउँमा लुटपिट र हत्याका घटना बढ्दै गएको।

१०९. पुस ३ः एभरेष्ट क्यासिनोमा हडताल - काठमाडौं। एभरेष्ट क्यासिनोका कर्मचारीहरू तीन सूत्रीय माग राखी हडतालमा उत्रिए।

११०. पुस ३ः बाल विवाहको एक दुःखद गाथा। १२ वर्षे बालिका जयकला रानालाई सौतेनी आमाले विवाह गराइदिइन्।

१११. पुस १०ः भूटानी राजाबाट नेपालको अपमान। भूटानी शरणार्थी बारे भूटानका राजाले बोलेको गलत कुरालाई लिएर लेखिएको गोपाल गुरागाईंको लेख।

११२. पुस १०ः विष प्रयोग गरी हत्या - परासी। आशबहादुर थापालाई भारतका दुई व्यक्तिले विषय भएको मिठाई खुवाउँदा मृत्युभएको।

११३. पुस १०ः बाल श्रमिकहरूको व्यथा - वीरगंज। बाल श्रमको चर्को शोषण भइरहेको बारे चन्द्र किशोर झाको टिप्पणी समाचार।

११४. पुस १०ः हत्या गरिएको आशंका - विराटनगर। विराटनगरका धनीराम विश्वास वेपत्ता भएकाले मारिएको आशंका।

**प्रकाश साप्ताहिक**

१. पुस १९ः नागरिक छानवीन आयोग आफै बोल्छ - तुलाधर आयोगको प्रतिवेदनमा के छ ? नेकपा (एमाले) का महासचिव मदन भण्डरी र जीवराज आश्रितको रहस्यमय दासढुंगा दुर्घटना बारे नागरिक छानविन समितिको प्रतिवेदनका सम्बन्धमा राजेन्द्र गौतमको समाचार विशलेषण।

२. पुस १९ः पत्रकार संघको प्रेस वक्तव्य - काठमाडौं। साप्ताहिक विमर्शको कार्यालयमा तोडफोड तथा सम्पादक हरिहर विरहीमाथि भएको अभद्र व्यवहार बारे नेपाल पत्रकार संघका सभापति होमनाथ दाहालद्वारा घोर भर्त्सना।

३. पुस १९ः प्रहरी मनपरी - सुनसरी। टीका राईको होटलमा रक्सी नदिएको कारण युगराज राईलाई थानामा लगि प्रहरी इन्चार्ज शिवकुमार कर्माचार्यले मरणासन्न कुटपिट गरेको।

४. पुस १९ः मुक्ति समाजको आपत्ति। "दलित टास्क फोर्स ग्रुप"द्वारा नेपालमा दलित जातिय समस्या र समाधानका उपायहरू बारे प्रकाशित पुस्तिका पछि निर्माण गरिएका समिति र समावेश भएका व्यक्तिबारे विरोध गरेको।

५. पुस २६ः शिक्षकहरू अनसनमा - राजविराज। राजनीतिक पूर्वाग्रहका कारण शिक्षकहरूमाथि गरिएको भेदभावलाई लिएर शिक्षकहरूले अनसन गर्ने।

६. पुस २६ः कर्मचारी हड्ताल - वीरगंज। नेपाल यातायात संस्थान तथा कन्टेनर सेवाका कर्मचारीहरू १३ सूत्रिय माग राखी हड्तालमा उत्रने।

७. पुस २६ः अन्तरराष्ट्रिय आदिवासी वर्ष भव्यताका साथ सम्पन्न। अन्तरराष्ट्रिय आदिवासी वर्ष मूल समितिले नेपालका पिछडिएका आदिवासिहरूको उत्थानको पक्षमा आवाज उठाउँदै कार्यक्रमको आयोजना गऱ्यो।

८. पुस २६ः अवैध देहव्यापार बढ्दो छ - बाँके। बाँकेमा अवैध देह व्यापारमा प्रहरीको समेत मिलोमतो भएको समाचार।

९. माघ ४ः पत्रकार बुढाथोकीको मृत्युको रहस्य अझै खुलेन - राजविराज। पत्रकार लोकेन्द्र बुढाथोकीको रहस्यमय मृत्युका सम्बन्धमा निष्पक्ष अनुसन्धान गर्नु पर्ने माग सहित विस्तृत समाचार।

१०. माघ ४ दमकमा किन गोली चल्यो ? - दमक। दमक बजारमा होटेल थापेर बस्ने माया गौतममाथि प्रहरीद्वारा गरिएको अत्याचार र गोलीकाण्ड बारेको समाचार।

११. माघ ४ः गणपति खनालको हत्या कि आत्महत्या ? - फिदिम। गणपति खनाललाई हत्या गरी जङ्गलको रूखमा झुण्ड्याएको तर रूपैया पैसाको भरमा आत्महत्या गरेको वनाइएको समाचार।

१२. माघ ४ः गृहमन्त्रीलाई मानवअधिकारको कठघारामा उभ्याउनुपर्छ - काठमाडौं। महाराजगंज स्थित प्रहरी गणमा भएको प्रहरी विद्रोह र तिनको निर्मम दमन गरिएको वारे विस्तृत समाचार।

१३. माघ ४ः मजदूर संघर्ष - सर्लाही। इन्द्रशंकर चिनी मिलमा कार्यरत मजदूरहरू न्यायोजित माग पूरा गराउन हडतालमा।

१४. माघ ४ः छोराले बाबुलाई यसरी काटे - धनकुटा। भवानी दाहाललाई आफ्नै छोराहरूद्वारा छुरीप्रहार गरेको समाचार।

१५. माघ ११ः वीरगंज जेल पीडा - जेलमा

जवरजस्ती फसाइएका कैदी र ७० वर्षमाथिका कैदीहरू वारे। माघ ११ः महिला बलात्कृत - काभ्रे। काभ्रेकी एक महिलालाई राजेश, राजेन्द्र र प्रमोद भन्ने व्यक्तिहरूले वलात्कार गरेको।

१७. माघ १८ः होटल गुडलकमा दुईजनाको हत्या - धरान। होटलमा वास वसेका दुई जनाको रहस्यमय ढङ्गबाट हत्या।

१८. माघ २५ः बालिका बेच्ने गिरोह प्रहरीको पंजामा - पाल्पा। पोखराको धनेश्वर अधिकारीले तानसेनका रामबहादुर शाही र लक्ष्मीदेवी पाण्डे समेतको मिलोमतोमा १४ वर्षीय विमला कुमारी पाण्डेलाई बम्बई लगी विक्री गर्ने षडयन्त्रको पोल खुलेपछि तीनै जना पक्राउ परे।

१९. माघ २५ः कारागारको आँखीझ्यालबाट मानवअधिकारलाई नियाल्दा - कारागारभित्र बन्दी जीवन विताइरहेका थुनुवाहरूप्रति गरिनु पर्ने व्यवहार र सुधार बारे अधिवक्ता सोम लुइटेलको लेख।

२०. माघ २५ः छुवाछुत विरूद्ध संघर्ष - स्याङ्गजा। भगवति दुग्ध उत्पादन संस्थाले दलित जातिहरूको दूध खरिद गर्न नमानेपछि स्याङ्गजा जिल्ला भरीका दलितहरू संगठित हुँदै रणबहादुर वि.क.को संयोजकत्वमा ५३ सदस्यीय संघर्ष समिति निर्माण र संघर्षको चरणवद्ध कार्यक्रम शुरू।

२१. फागुन २ः प्रहरी समेत बलात्कारमा संलग्न - स्याङ्गजा। परीक्षा दिन भैरहवा जान लागेकी उषा श्रेष्ठलाई वसको कन्डक्टर लगायत अपराधी ढफ्फाले सामूहिक बलात्कार गरेपछि प्रहरीको सुरक्षामा पुगेकी निजलाई प्रहरी चौकीको हवल्दारले समेत बलात्कार गरेको समाचार।

२२. फागुन ९ः दासढुंगा घटनाको छानवीन गर्न कानून व्यवसायीहरूको माग। नेपाल वार एशोसियशनको अखिल नेपाल कानून व्यवसायी सम्मेलनमा दासढुङ्गा दुर्घटनाको तथ्य पत्ता लगाउने सहित मानवअधिकार सम्बन्धी अन्य प्रस्तावहरू पारित गरेको।

२३. फागुन ९ः स्याङ्गजा दुधकाण्डको भर्त्सना - विर्तामोड। उत्पीडित दलित किसानहरूद्वारा उत्पादित दूधका सम्बन्धमा साम्प्रदायिकरूप दिएपछि संचालित आन्दोलनलाई झापा जिल्ला समिति (ने.उ.प.द.जा.यु.स.) द्वारा एक्यबद्धता जाहेर गरेको।

२४. फागुन १६ः गोरखकाली मन्दिरमा उत्पीडित जातिको प्रवेश - गोरखा। उत्पीडित दलित जातीय मुक्ति समाज जिल्ला समितिको आयोजनामा गोरखकालीको मन्दिरमा प्रवेश गरी उत्पीडित जातिहरूले पूजा अर्चना गरे।

२५. फागुन १६ः वीरगंजका घाइते यी तीन तस्वीर - वीरगंज। डांकाहरूद्वारा फ्यांकिएको बम विस्फोटनबाट राजु शाहको शरीर क्षतविक्षत भएको। पूजाको लागि तयार गरेको मिठाई लुट्न आउने गुण्डाहरूबाट त्रसित भई गुहार माग्न जाने सुरेश झा र रमेश ठाकुरलाई उल्टै स.ई. तीर्थराम सिग्देलद्वारा थानामा थुनी यातना दिएको।

२६. फागुन १६ः आमरण अनशनको तयारीमा गणपति मिलका मजदूरहरू - विराटनगर। तलव, ज्याला भुक्तनी र भुक्तनी र अन्य समस्याहरू पूरा गराउने माग राख्दै मिलका ३०० भन्दा बढी मजदूर र कर्मचारीहरू संघर्षमा उत्रने समाचार।

२७. फागुन २३ः रामधुनीमा युवतीको हत्या - सुनसरी। रामधुनीमा पूजा पाठ गर्न आएकी एक विवाहित महिलालाई जोगीका रूपमा रहेका केही कामपिपासुहरूले बलात्कार गरी हत्या गरेको समाचार।

२८. फागुन २३ः पशुपतिका नाममा जग्गा हड्पने गिरोह अझै सक्रिय - काठमाडौं। विभिन्न जात सोधी र किर्ते कागजातहरू तयार गरी पशुपतिको गुठी जग्गा हडप्ने माधवप्रसाद, मुक्ति प्रसाद थपलिया र लिलादेवी थपलियाको जालसाँधी र कीर्ते काम बारे समाचार।

२९. फागुन २३ः अन्तर्राष्ट्रिय श्रमिक महिला दिवश सन्दर्भ विशेष - निरन्तरता दिनुपर्छ महिला मुक्तिको अभियानलाई। अष्टलक्ष्मी शाक्य, सुशीला भट्ट, दुर्गा घिमिरे, लक्ष्मी नानी श्रेष्ठ, साधना अधिकारी र सुप्रभा घिमिरेका भनाईहरू प्रश्नोत्तरका रूपमा।

३०. चैत १ः टेलिफोनबाट धम्की - जालसाजी र किर्ते गरेर सार्वजनिक जग्गा हडप्ने गिरोहको पोलखोलेको समाचार छापेपछि लिलादेवी थपलिया र मोहन थपलियाद्वारा टेलिफोनबाट प्रकाश कार्यालयमा धम्की।

३१. चैत १ः झापामा स्याङ्गजा दूध काण्डको विरोध - झापा। स्याङ्गजाका उत्पीडित दलित किसानहरूले उत्पादन गरेको दूध विक्री गर्न बन्देज लगाएपछि झापामा विभिन्न राजनीतिक पार्टी लगायत नेपाल उत्पीडित दलित संघ झापा समेतको सहभागितामा विरोध कार्यक्रम सम्पन्न।

३२. चैत ८ः प्रकाशलाई पुनः धम्की। जालसाजी र किर्ते गरी पशुपतिनाथको नाममा सार्वजनिक जग्गा हडप्ने गिरोहको भण्डाफोर गरेपछि मोहन थपलिया नाम बताउने व्यक्तिले टेलीफोन गर्दै प्रकाश साप्ताहिकका सम्पादकको ज्यान लिने धम्की।

३३. चैत ८ः गुल्मीमा गोली चल्यो - गुल्मी। बस स्टैंण्ड र विद्यार्थीहरू वीच भएको भनाभनबाट शुरू भउको घटनामा प्रशासन र प्रहरीको गैहजिम्मेवारीपनका कारण अश्रुग्याँस र गोली समेत चल्यो।

३४. चैत १५ः दुई सय नेपाली मलेशियाको जेलमा - काठमाडौं। लाखौं रूपिया कमाउने सपना बोकेर मलेशिया पुगेका नेपाली कामदारहरू मध्ये दुई सय जना जेलको यातना भोग्नुपरेको समाचार।

३५. चैत १५ः भारतीय प्रहरीद्वारा काठमाडौंमा अतिक्रमण - काठमाडौं। वानेश्वर स्थिति शिवप्रसाद शर्मा र मदनकृष्ण श्रेष्ठको घरमा भारतीय प्रहरीहरू प्रवेश गरी कतै हल्ला गरेमा रिवलभरद्वारा ज्यान लिने धम्की दिदै खानतलासी।

३६. चैत १५ः बलात्कारीलाई प्रोत्साहन - राजविराज। १६वर्षीय देवकी यादव र निजका भाईलाई राती नशालु पदार्थ खुवाइ अचेत पारिएकोले भोलीपल्ट देवकी

निर्वस्त्र फेला पारिएको। बलात्कारको यस प्रकरणमा प्रहरीको भ्रष्ट आचारणका कारण चोरीमा मात्र सीमित गरेको।

३७. चैत १५ः प्रहरीद्वारा निर्मम यातना - धरान। वन कार्यालयका कर्मचारीहरू र प्रहरी समेत मिली वनको सामान्य विवादमा हवाइ फायर र समातिएका व्यक्तिहरू माथि प्रहरी हिरासतमा यातना दिएको।

३८. चैत २२ः नेपालका आदिवासी बारे गोष्ठी - काठमाडौं। जनस्तरमा गठित विश्व आदिवासी अन्तर्राष्ट्रिय वर्ष १९९३ राष्ट्रिय समिति नेपाल र एशियन इन्डिजिनस पिपुल्स प्याडेटको एआइपीपीको संयुक्त आयोजनामा सम्पन्न गोष्ठीले नेपालको सन्दर्भमा आदिवासीको परिभाषा र उत्पादनका निम्ति संचालन गर्नु पर्ने भावी कार्यक्रम र सरकार समक्ष पेश गर्नु पर्ने मागहरू समेत तयार गरेको।

३९. चैत २२ः प्रहरी आतंक - धनुषा। सामान्य गाउँको घटनामा सत्तासीन पार्टीका नेताहरूको उक्साहटमा गोली चलाउँदा रामदेव महतो घाइते।

४१. चैत २२ः उत्पीडितहरूमाथि साघातिक आक्रमण - काभ्रे। कृष्णबहादुर रसाइलीको छोराको व्रतवन्ध सकी धनेश्वर महादेवको दर्शन लाग्दा पुजारी हरि जंगमले अछुत भएको कारण गरेको अपमानित व्यवहारबाट उठेको विवाद सांघातिक आक्रणमा परिणत।

४२. चैत २२ः शरणार्थी समस्या समाधान गर्नु पर्ने - काठमाडौं। इन्हुरेड इन्टरन्याशनलले भूटानी शरणार्थी समस्या समाधान गर्न ५ सूत्रीय फर्मूला श्री ५ को सरकार समक्ष पेश।

४४. चैत २२ः सुरक्षकर्मीद्वारा आगजनी। कोशी टप्पु वन्य जन्तु आरक्षण केन्द्रका सुरक्षाकर्मीहरूको हतियारवन्द जत्थाले सप्तरीको बैरहवा गाउँमा सुकुम्वासीहरूको आश्रमस्थल विना पूर्व सूचना भत्काएको।

४५. चैत २२ः उत्पीडितहरूमाथि साघातिक आक्रमण - काभ्रे। नाइकिन्टार गाविस वस्ने कृष्णबहादुर (माइलो) छोराहरूको व्रतबन्ध सकेर आफन्त सहित स्थानीय धनेश्वर मन्दिरमा दर्शन गर्न लाग्दा उठेको विवाद सांघातिक आक्रमणमा परिणत भएको।

४६. चैत २२ः नेपाली कांग्रेसको इशारामा प्रहरी आतंक - धनुषा। तुलसीयाहीमा सामान्य विवाद हुँदा नेकाका नेताहरूले प्रहरीसंग सांठगांठ गरी गोली चलाउँदा रामदेव महतो घाइते।

४७. वैशाख १२ः एमाले जिल्ला सदस्यको हत्या। नेकपा एमाले जिल्ला सदस्य पुरूषोत्तम पौडेलको भारत बहराइन शहरमा गोली हानी हत्या गरिएको समाचार।

४८. वैशाख १२ः शिक्षकहरू अनसनमा - काठमाडौं। भानुभक्त मेमोरियलका शिक्षकहरू रामचन्द्र पाण्डे, अजय कुमार ढकाललाई बर्खास्त गरेको विरोधमा शिक्षक समितिको आव्हानमा रिले अनशन।

४९. वैशाख १२ः प्रेस स्वतन्त्रतामाथि उपहास - पाँचथर। पाँचथर फिदिमबाट प्रकाशित हुने कावेली साप्ताहिकलाई प्रजिअले स्पष्टिकरण सोधेको।

५०. वैशाख १९ः चक्का जाम - वीरगंज। नारायणी यातायत व्यवसायी संघले ८ सूत्रीय माग पेश गरी वैशाख २६ गतेदेखि अनिश्चित कालका लागि चक्का जामको कार्यक्रम।

५१. वैशाख २६ः मानवअधिकार समितिको विस्तृत विवरण प्रकाशित - अधिकारहरूको प्रत्याभूति गरेर मात्र हुदैन। अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९३ को विमोचन गरेको।

५२. वैशाख २६ः भूटानी नागरिक अफै खेदिदैछन् - दमक। भूटानी राजाको अत्यचारबाट भाग्न बाध्य भूटानी शरणार्थीहरू नेपाल भित्रने क्रम जारी। भूटानका राजनीतिक पार्टी र संगठन मिलेर संयुक्त मोर्चा गठन गर्ने सहमति भएको।

५३. वैशाख २६ः गत वर्ष पत्रकारहरूका लागि यातना वर्ष - काठमाडौं। मे ३ लाई विश्व प्रेस स्वतन्त्रता दिवसका रूपमा मनाउने क्रममा नेपालले सुवास ढकालद्वारा तयार पारेको रिपोर्ट प्रस्तुत।

५४. जेठ ९ः भूटान नेपाल वार्ताको खाँचो - काठमाडौं। वहुआयमिक क्रियाकलाप केन्द्रद्वारा भूटानी शरणार्थी समस्या सम्बन्धी सर्वदलीय विचार गोष्ठीको आयोजना।

५५. जेठ ९ः मानवअधिकारको ग्लोवल ठेकेदार अमेरिकामा बाल अधिकारको स्थिति कस्तो छ ? नीलम कुमार शर्माको लेख।

५६. जेठ ९ः डाक्टरलाई जुत्ता र कालोमोसो - वैतडी। क्याम्पस प्रमुख मैत्रीसागर चन्द मुटुको रोगले सिकिस्त भएकोमा डा. राजकिशोर जयसवाल वोलाउँदा नआएको। विरामीको निधन भयो - यसै विषयलाई लिएर विद्यार्थी आक्रोशित भई डाक्टरलाई कालो मोसो र जुत्ताको माला लगाई बजार घुमाए।

५७. जेठ १६ः भूटानी आन्दोलन दवाउन षडयन्त्र - जिग्मे - श्यामरर्पा सांठगांठ रहस्यमय - काठमाडौं। भूटानी शरणार्थी स्वदेश फर्काउने संवेदनशिल कार्यमा अवरोध खडा गराउन श्यामरर्पा रिन्पोछे भन्ने संदिग्ध व्यक्तिको संलग्नता भएको समाचार।

५८. जेठ १६ः प्रहरी सर्वोच्चको कठघारामा - काठमाडौं। आन्दोलनको बेला प्रहरीद्वारा गिरफ्तार गरी वेपत्ता पारिएका प्रभाकर सुवेदीलाई घिसार्दै लाने प्रहरी हवल्दार श्यामलाल श्रेष्ठ सर्वोच्चमा हाजिर भए।

५९. जेठ २३ः नेपाली पत्र लगाइयो - काठमाडौं। राष्ट्रिय प्रजातन्त्र पार्टीको देशव्यापी विरोध कार्यक्रम अनुसार पोखरामा संचालित कार्यक्रम बारेको प्रकाशित समाचारलाई लिएर प्रजातान्त्रिक राष्ट्रिय विद्यार्थी संगठनले राप्रपाको पार्टि कार्यालयमा नेपाली पत्र जलाइएको समाचार।

६०. जेठ २३ः टेलिफोन लाइन काटियो - संजमोको आन्दोलन जारी - काठमाडौं। संयुक्त जनमोर्चा, नेपालको दोश्रो चरणको कार्यक्रम मध्ये भारतीय नम्वर प्लेट भएका गाडीहरू नेपाल भित्र प्रवेश गर्न रोक लगाउने कार्यक्रम शुरू भएको। यही विरोध कार्यक्रमको सिलसिलामा विलिय महर्जन

पक्राउ परेको, संजमो कार्यालयमा टेलिफोन लाइन काटी सूचना प्रवाहको हक खोसियो।

६१. जेठ २३ः राप्रपाको विरोध प्रदर्शन - काठमाडौं। कांग्रेसी सरकारको सर्वसत्तावादी क्रियाकलाप र राष्ट्रियता विरोधी काम गरेकोले विरोधस्वरूप राप्रपाद्वारा जेठ १९ गते अधिराज्यभरका जिल्ला सदरमुकामहरूमा घेराउ र धर्नाको कार्यक्रम संचालन गरेको।

६२. जेठ २३ः मुक्ति समाजको गर्जन - दमौली। नेपाल उत्पीडित दलित जातीय समाज तनहुँको जिल्ला स्तरीय आमसभामा उत्पीडन र शोषको विरोध।

६३. जेठ ३०ः तिव्वती शरणार्थिलाई गोरिल्ला तालिम - काठमाडौं। दलाई लामाका अघोषित राजदूत टासी नाम्गेलको सक्रियतामा तिव्वती शरणार्थीहरूलाई संलग्न गराई राजधानी काठमाडौंमा विभिन्न गुम्वामा गोरिल्ला तालिम दिने व्यवस्था मिलाएको समाचार।

६४. जेठ ३०ः अधिकार शिषको या सम्पत्तिको ? मुलुकी ऐनमा व्यवस्था भएको सम्पत्तिको हक सम्बन्धी शोभा गौतमको लेख।

६५. जेठ ३०ः भन्नै पर्छ "तसलिमालाई नछोऊ ऊ नयां युग हो" वंगलादेशी महिला लेखिका तसलिमा वारे देवाचार्यको लेख।

६६. जेठ ३०ः संयुक्त जनमोर्चाका कार्यकर्ता गिरफ्तार - काठमाडौं। संयुक्त जनमोर्चा (वावुराम) को विरोध कार्यक्रममा सहभागी हुने कार्यकर्ताहरू गिरफ्तार भए।

६७. असार ६ः सत्ता आतंकको चरमोत्कर्ष। प्यूठानमा अमानवीय दमन - खलंगा। प्यूठान जिविस सभापति कर्णध्वज केसी, उमाराम आचार्य लगायत १० जनालाई जेल चलान र अरू २२ जनालाई मसालका कार्यकर्तामाथि मुद्दा भिराउने षडयन्त्र भैरहेकोले विरोधमा नेकपा (एमाले) मसाल र संजमोद्वारा विरोध जुलुस प्रदर्शन गरेको।

६८. असार ६ः षडयन्त्रद्वारा हत्या ? जनकपुर। जेठ २४ मा घटेको घटनामा पिटाइखाने २ जना रामपृत शाह र दवेकिशोर शाह अस्पताल भर्ना भएकोमा रामपृतको मृत्युभएको। नेपाली कांग्रेसका मानिसहरूले पुलिस साथमा लिई असई शेष अदालतको नेतृत्वमा सयौं घरहरू लुटपिट हुँदा उक्त घटना घटेको समाचार।

६९. असार ६ः बालश्रम विरूद्ध विश्वअभियान - काठमाडौं। मजदूर वर्गको अन्तर्राष्ट्रिय श्रम आन्दोलन क्ष्क्र त ले बालश्रम विरूद्ध विश्व अभियानको घोषणा गरेको समाचार।

७०. असार ६ः अनेम संघको विरोधपत्र - काठमाडौं। महिला लेखिका तसलिमा नसरिनलाई गिरफ्तार गर्न बङ्गलादेश सरकारले दिएको आदेश र धर्माधिकारीहरूले जारी गरेको फतवाको अखिल नेपाल महिला संघद्वारा विरोध गरेको समाचार।

७१. असार २०ः रगत र आँशुमा डुवेको तारापट्टी गाउँ - धनुषा। धनुषाको तारापट्टी गाउँको लुटपाटको घटना बारे यथार्थ स्थिति बुझ्न सांसद तथा मानवअधिकार संरक्षण मञ्चका कार्यावाहक अध्यक्ष पद्मरत्न तुलाधरको नेतृत्वमा उक्त टोली घटनास्थलमा पुगी छानवीन गऱ्यो र प्रतिवेदन पेश गऱ्यो।

७२. असार २७ः बाबुको रिसले बालकको हत्या - रौतहट। भोलिदिवा गाउँका उमेश पाण्डे र रामआश्न पाण्डे वीच कोला बगानको विवादमा १८ वर्षीय बालक फेकुको हत्या।

७३. असार २७ः प्रेमीको नाउँमा हत्या नै हो त ? विर्तामोड। छोटेलाल पासवानको पंखामा झुण्डिएर रहस्यमय ढंगले मृत्यु भएको समाचार।

७४. साउन ३ः यो हत्या कि आत्महत्या ? विराटनगर। पूर्वाञ्चलका विभिन्न स्थानमा ४ जना व्यक्तिहरूले विषपानबाट आत्महत्या गरेको समाचार। मृत्यु शंकास्पद - पोष्टमार्टम प्रभावकारी नभएको जनगुनासो।

७५. साउन ३ः मन्दिर प्रवेशमा उत्पीडित जातिलाई भेदभाव - स्याङ्ग्जा। मुक्ति समाजको सक्रियतामा उत्पीडित जातिहरू जगत्देवीको मन्दिरमा प्रवेश र वनभोज गरेपछि स्थानीय हुल्लडबाजहरूद्वारा आतंकित वनाइयो।

७६. साउन ३ः सर्वदलीय सरकारको माग - विराटनगर। प्रतिनिधि सभा भङ्ग भएकै राती विराटनगरमा नेकपा (एमाले) को आव्हानमा मसाल जुलुस। वैतडी र झापामा विरोध जुलुस।

७७. साउन ३ः पाखण्डी धर्मगुरूको चर्तिकला - इलाम। सत्यहाङमा सम्प्रदायका गुरू सचितानन्दले यौन व्यभिचार गरेको समाचार।

७८. साउन ३ः दहेजले ज्यान लियो - नेपालगंज। नेपालगंज नगरपालिकाका पुनम सोनीको असारमा देहावसानादहेज कम ल्याएको कारण घरमा सधैं झगडा भइरहने भएकोले मृत्यु भएको आशंका।

७९. साउन ३ः प्रमको वद्नियतले जन्माएको आन्दोलन। असार २६ देखिको आन्दोलनका घटना बारे संक्षिप्त विश्लेषण समाचार।

८०. साउन ३ः नयां विधेयक र हालको अवस्था। मुलुक ऐनको महिला सम्बन्धी प्रावधान बारे शोभा गौतमको लेख।

८१. साउन ९ (आइतवार प्रकाशित)ः अर्को ऐतिहासिक जनआन्दोलनको घोषण - वाम-प्रजातन्त्रवादी शक्तिहरू एउटै मञ्चमा। गिरिजा सरकारको वर्खास्त र सर्वदलीय सरकारको माग राख्दै छ वामद्वारा संयुक्त रूपमा संचालित आन्दोलनमा नेपाली कांग्रेसका महामन्त्रीले समर्थन गर्दै संयुक्त प्रेस वक्तव्यमा हस्ताक्षर र आन्दोलनको आव्हान गरेको।

८२. साउन ९ः नेताहरू गिरफ्तार - काठमाडौं। एमाले सहित छ वामद्वारा आयोजित आन्दोलनमा मसालका नेता चित्र बहादुर के.सी. लगायत १८ जना कार्यकर्ताहरू

गिरफ्तार भए।

८३. साउन ९: राजधानीमा अभूतपूर्व मसाल जुलुस - काठमाडौं। छ वामको आव्हानमा ९, १० र ११ गते हुने नेपाल वन्द कार्यक्रमको पूर्व सन्ध्यामा वीसौं हजारको मसाल जुलुस निस्क्यो।

८४. साउन १७: दुई बलाकको अपहरण - गजविराज। १५ वर्षीय राजकुमार यादवलाई अपहरण गरेको। अजिमुद्दिन र अलाउद्दिन पक्राउ।

८५. साउन १७: आफ्नै श्रीमतीको हत्या - राजविराज। श्रीमती सगुनदेवी मण्डलको निजकै लाग्ने रामकिसन मण्डलले हत्या गरेको अभियोगमा पक्राउ परेको।

८६. साउन १७: मानवअधिकार योद्धाको सम्झना - काठमाडौं। मानवअधिकार आन्दोलनका अग्रणी योद्धा स्व. प्रकाश काफ्लेको दोश्रो स्मृति दिवस सम्पन्न गरेको। मानवअधिकारवादी संस्थाहरूद्वारा मानवअधिकार वारेका फोटो, पुस्तक, डकुमेन्ट, फिल्म, प्रवचन। काभ्रे र हेटौडामा पनि स्मृति दिवस सम्पन्न।

८७. साउन २४: व्यापारीहरूबाट रिले अनशन शरू - नेपालगंज। चुङ्गीकर ठेक्कामा उठाउने वारेको विवादलाई लिएर व्यापारीहरू संघर्षमा अनशन शुरू।

८८. साउन २४: यौन अपराधीलाई कारवाही - रौतहट। शनिबहादुर सोराली मगरद्वारा ६ वर्षीय सुन्तली माया मगरनीलाई बलात्कार गरेको - अपराधी पक्राउ परेको।

८९. साउन २४: अब देशभर प्रशासन ठप्प गरिने - काठमाडौं। ६ वामपन्थी समूहको संघर्षको कार्यक्र - ३० गते नेपाल वन्द भाद्र ३ गते सिंहदरवार घेरिने।

९०. साउन २४: अपराधीलाई प्रहरीको संरक्षण - ललितपुर। लक्ष्मीभक्त महर्जनको छुरा प्रहारबाट गरिएको हत्यापछि राधेश्याम महर्जन पक्राउ। प्रहरी द्वारा अपराधीको पक्ष लिएको समचार।

९१. साउन २४: रामवृक्ष यादवको १५ जना अपराधी गिरोहद्वारा संघातिका हमला - गोलीद्वारा हत्या गरेको।

९२. साउन ३१: वामशक्तिको आव्हानमा सिङ्गो राष्ट्र ठप्प। सयौं गिरफ्तार। दर्जनौं घाइते। राजधानीमा विशाल सभा - काठमाडौं। नेकपा (एमाले) लगायत ६वाम पार्टीहरूको आव्हानमा हिजो नेपाल वन्द कार्यक्रम देशव्यापीरूपमा पूर्ण सफल भयो। जुलुसमाथि लाठीचार्ज र वन्दको वेला सत्तापक्षका मान्छेद्वारा अपहरण गरियो, हातहतियार सहितका सरकार संरक्षित गुण्डाहरूले धनुषा, तनहु, धनगढी, दाङ्ग, तुलसीपुर आदि स्थानमा आतंक मच्चाएको समाचार।

९३. साउन ३१: कांग्रेसद्वारा हत्या - वुटवल। कांग्रेसी कार्यकर्ताका छोरा "भिम्के" भन्ने मुकेश श्रेष्ठले एमाले कार्यकर्ताका छोरा दीपक जीसीको हत्या गरेको समाचार।

९४. साउन ३१: गर्जदैछन् प्रवासी नेपालीहरू। प्रवासी नेपाली संघ (भारत) मध्यपूर्व - क्षेत्रीय समिति र अखिल भारतीय नेपाली स्वतन्त्र विद्यार्थी कलकत्ता नगर समितिद्वारा सर्वदलीय सरकारको माग राखि विरोध प्रदर्शन र सभा।

९५. भाद्र ६: भारतीय प्रहरी हस्तक्षेप - नेपालगंज। हातहतियार सहित नेपालगंजमा पाँचजना भारतीय प्रहरी पक्राउ परेको।

९६. भाद्र १३: कुवेतमा नेपालीहरूको विचल्ली - काठमाडौं। कुवेतमा कामको खोजीमा गएर अलपत्र परेका नेपालीहरूबारे "कुवेत प्रवासी नेपाली संघ" द्वारा प्रकाशित पर्चा सहित समाचार विश्लेषण।

९७. भाद्र १३: फेरी अर्को हत्या प्रयास - जनकपुर। हरिपुर हरबरा गाविस अध्यक्ष (एमाले कार्यकर्ता) रामनारायण मण्डललाई मार्ने प्रयास गर्ने १२ जना गुण्डाहरू पक्राउ परे।

९८. भाद्र २०: रामवृक्षको हत्या बारे मानवअधिकारवादीहरू - धनुषा। रामवृक्ष यादवको हत्या बारे यथार्थ विवरण तयार गर्न ५ वटा मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरूबाट जाँचबुझ शुरू गरेको।

९९. भाद्र २७: झापामा मुक्ति समाजको गर्जन - झापा। नेपाल उत्पीडित दलित जातीय मुक्ति समाजद्वारा जातीय भेदभाव र सार्वजनिक उत्पीडन विरूद्ध महत्वपूर्ण निर्णय गरेको।

१००. भाद्र २७: भूटानी बन्दीहरू मुक्त हुदैछन् - काठमाडौं। प्रजातन्त्रको स्थापना र मानवअधिकारको वहालीका निमित्त आन्दोलित भएर जेल पर्नेहरू मध्ये केहीलाई विभिन्न दवावका कारण थिम्पु स्थित केन्द्रीय कारागारबाट रिहाइ गरिएको।

१०१. भाद्र २७: महानगरका अनागरिकहरू - स्वाते बालक वारे आरोहणद्वारा नागक मंचन गरिएको।

१०२. भाद्र २७: व्यारेकबाटै सिपाही धनबहादुर वेपत्ता - काठमाडौं। शाही नेपाली सेना कालीबहादुर गुरूङ गत आठ वर्षदेखि रहस्यमय ढंगबाट हराएको। बाबुद्वारा रिट दायर गरेको।

१०३. असोज ३: एम्नेष्टीको सप्ताहव्यापी कार्यक्रम - हाम्रो घर हाम्रो संसारः महिला अधिकार मानवअधिकार विषयक विचार गोष्ठीको आयोजना गरेको।

१०४. असोज ३: गृहको खण्डनप्रति इन्सेकको आपत्ति। इन्सेकद्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तकका सम्बन्धलाई लिएर गृह मन्त्रालयले दुराग्रहयुक्त तथा अति रञ्जित भनेपछि इन्सेकले आपत्ति जनाएको।

१०५. असोज १०: भूटानी आन्दोलन दवाउने योजना - काठमाडौं। भूटानको प्रजातान्त्रिक आन्दोलन दवाउने षडयन्त्रकारका रूपमा श्यामरपा रिन्पो............ ??? भएको समाचार।

१०६. असोज १०: मानवअधिकार उल्लंघनको विरोध - काठमाडौं। एम्नेष्टी इन्टरनेशनलले इन्डोनेशियाको इष्ट टिमोरमा भइरहेको मानवअधिकार उल्लंघन विरूद्ध अभियान संचालन गरेको।

१०७. असोज १०: अखिल कार्यकर्ताको हत्या -

संखुवासभा। बालगंज राईको डरविन अधिकारीद्वारा खुकुरीले सेरेर हत्या गरेको समाचार।

१०८. असोज १०: रूकुम आतंकको विरोध - काडमाडौं। नेकाका गणेश शाहको हत्यापछि प्रशासनद्वारा संजमोका कार्यकर्तामाथि रूकुममा दमन गरेको।

१०९. असोज १०: जनकपुरमा किन गोलि चल्यो ? जनकपुर। गीति कार्यक्रममा गोलमाल हुँदा प्रहरीद्वारा लाठीचार्ज अश्रुग्याँस र हवाई फायर।

११०. असोज १७: झापामा एम्नेष्टी - एम्नेष्टी इन्टरनेशनल विर्तामोड समूहको आयोजनामा महिला अधिकार बारे कार्यक्रम।

१११. असोज १७: कर्मचारीहरू दशैमा पनि अनशन वस्ने - काठमाडौं। स्वास्थ्य मन्त्रालयका विकास तर्फका स्थायी तथा अस्थायी कर्मचारीद्वारा शुरू गरेको अनशन यथावत।

११२. असोज १७: सेनाको जमदारद्वारा केटी वेपत्ता - झापा। गोरखनाथ गण झापा जमदार देवीदत्त पन्तले स्थानीय महिला भारती राजवंशीलाई वेपत्ता पारेकाले स्थानीय जनताद्वारा कारवाहीको माग गरेको। स्थिति तनावग्रस्त भएको समाचार।

११३. असोज १७: महिलाहरूको आयोजनामा विचारगोष्ठी - सुनसरी। अनेरास्ववियू जिल्ला महिला विभागको आयोजनामा मूक्ति आन्दोलन बारे गोष्ठी सम्पन्न गरेको।

११४. असोज २४: लोकसेवा आयोगबाट नेपाली भाषा हटाइएको दिन कालो दिवस - काठमाडौं। नेपाली भाषा समन्वय समितिको आयोजनामा असोज १४ गते कालो दिवसका रूपमा मनाइयो।

११५. असोज २४: बहुजातिय महासंग गठन - चितवन। पिछडिएका जातिहरूको उत्थानको लागि र जातिय हक हित र सद्‌भावको लागि संस्था गठन भएको।

११६. कार्तिक ७: वीरगंजमा गोली चल्यो - सरकार हिंसा र आतंकतर्फ - वीरगंज। विद्यार्थीहरूसंग भएको सामान्य भनाभनले झगडाको रूप लिएपछि सत्ताको आडमा वाणिज्य राज्यमन्त्रीले प्रहरी प्रयोग गराई जनता र प्रहरी वीच मुठभेड गराएकोले अन्धाधुन्ध गोली चल्यो। ५ घाइते - ५ गिरफ्तार भए।

११७. कार्तिक ७: दलित वर्गको दूध विटुलो - चितवन। दूध उत्पादन संस्थाका प्रमुख हरिदास साप्कोटाले रूद्रबहादुर परियारद्वारा विक्री गर्न ल्याएको दूध नलिएवाट जातिय विवाद उत्पन्न भएको।

११८. कार्तिक १४: राप्रपाले आक्रमण गर्‍यो - मोरङ्ग। एमालेको चुनावी वालपेन्टिङ्गमा राप्रपा कार्यकर्ताहरूद्वारा आक्रमण गरिएको समाचार।

११९. कार्तिक १४: पत्रपत्रिका विक्रेता संघद्वारा विरोध - काठमाडौं। गाईजात्राको आलिङ्गन पत्रिकामाथि भैरहेको कारवाहीलाई लिएर सम्पूर्ण पत्रपत्रिका विक्रेताहरू एकतावद्ध हुन अपिल गरेको। (२१ कार्तिक तिहार ..........)

हुन अपिल गरेको। (२१ कार्तिक तिहार ..........)

१२०. कार्तिक २८: दाङमा फेरी गोली चल्यो - घोराही। एमाले कार्यालय नजिक सुष्मा शर्मा चढ्नु भएको गाडी रोकिनासाथ उद्दण्ड कांग्रेसीहरूले गोली चलाएको समाचार।

१२१. कार्तिक २८: कांग्रेसीद्वारा हमला - चरिकोट। दोलखामा चुनावको प्रचार कार्यक्रममा जनसांस्कृतिक मञ्चको कार्यक्रम हुँदा आक्रमण लुटपिट मच्याएको।

१२२. कार्तिक २८: जनकपुरमा मन्त्री आतंक - जनकपुर। चुनावमा शक्ति प्रयोग गरी भारतबाट लठैत मगाएकोले स्थानीय जनता आतंकित भएको समाचार।

१२३. मंसीर ५: बम सहित पक्राउ - धनुषा। बम विस्फोटन गराइ मत पेटिका उठाउने नियतका ३ जना गुण्डाहरूलाई जनताले बम सहित पक्राउ गरी प्रहरीलाई जिम्मा लगाए।

१२४. मंसीर ५: यातना क्रम जारी छ - संखुवासभा। तास खेलेको अभियोगमा पक्राउ परेका सुन्दर तामाङ, गोरे दोर्जे, कृष्ण विश्वकर्मा र सलिम मियालाई प्रहरी हिरासतमा यातना।

१२५. मंसीर ५: चुनाव निष्पक्ष र धाँधली रहित भएन - काठमाडौं। मध्यावधि निर्वाचनका लागि गठित राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति - २०५१ को प्रारम्भिक प्रतिवेदन प्रकाशित।

१२६. मंसीर ५: बालकको रहस्यमय मृत्यु - काठमाडौं। घरेलु नोकरका रूपमा काम गर्ने खड्ग नामको १२ वर्षे वालकको झुण्डिएर रहस्यमय ढंगबाट मृत्यु।

१२७. मंसीर १२: मानवअधिकारको साधारण सभा - काठमाडौं। अनौपचारिक क्षेत्र सेवा केन्द (इन्सेक) को साधारण सभा सम्पन्न।

१२८. मंसीर १२: गोलीबाट हत्या - विराटनगर। व्यापारी कमल अग्रवाललाई गोलि प्रहार गरी हत्या।

१२९. मंसीर १९: मानवअधिकार दिवस मनाइने - काठमाडौं। नेपालका पाँचवटा मानवअधिकारवादी संस्थाहरूद्वारा ४६ औं विश्व मानवअधिकार दिवस मनाउने निर्णय।

१३०. मंसीर १९: मानवअधिकार समिति गठन - हेटौंडा। मानवअधिकार दिवस मनाउन हेटौंडामा भरत दुलालको संयोजकत्वमा ६ सदस्यिय समिति गठन।

१३१. मंसीर १९: मानवअधिकार गोष्टी - काठमाडौं। एम्नेष्टी इन्टरनेशनल इटहरी - ६३ र दन्तकाली धरान - ५९ समूहद्वारा आमसभा र गोष्टीको आयोजना।

१३२. मंसीर १९: आस्थाका बन्दी छोड्ने तयारी - काठमाडौं। नेकपा (एमाले) को सरकार गठन भएपछि देशका विभिन्न जेलमा रहेका करिव २० जना आस्थाका बन्दीहरू रिहा गर्ने तयारी।

**१३३. मंसीर २६: मानवअधिकार गोष्ठी - काठमाडौं। ४६औं विश्व मानवअधिकार दिवसको उपलक्षमा**

नेपाल मानवअधिकार संगठनद्वारा "मानवअधिकार र नेपाली माहिला" विषयक विचार गोष्ठी सम्पन्न।।

१३४. मंसीर २६: मानवअधिकार विरोधी कानून खारेज हुने - काठमाडौं। विश्व मानवअधिकार दिवसका उपलक्षमा पाँचवटा मानवअधिकारवादी संस्थाहरूद्वारा आयोजित समारोहमा कटिवद्धता व्यक्त।

१३५. मंसीर २६: रोल्पा गोलीकाण्ड छानवीनको माग - काठमाडौं। रोल्पा गोलीकाण्डको निष्पक्ष छानवीनको लागि संयुक्त जनमोर्चा नेपाल (भट्टराई) द्वारा गृहमन्त्री समक्ष माग पत्र पेश।

१३६. मंसीर २६: मजदूर पक्षीय आन्दोलन जारी रहने - काठमाडौं। नेपाल ट्रेड युनियन महासंघद्वारा आयोजित अन्तर्राष्ट्रिय ट्रेड युनियन सम्मेलनमा मजदूर वर्गीय ट्रेड युनयिन आन्दोलनको दिशा र चरित्रमा कुनै परिवर्तन नआएकोले वर्गीय हितलाई केन्द्र विन्दु बनाउँदै मजदूर पक्षीय ट्रेड युनियन आन्दोलन यथावत जारी राख्नु पर्ने आवश्यकतामा जोड।

१३७. मंसीर २६: मानवअधिकार दिवसमा रक्तदान - राजविराज। अन्तर्राष्ट्रिय मानवअधिकार दिवसको उपलक्षमा मानवअधिकार, सामाजिक शिक्षा र विकाश केन्द्रको आयोजनामा रक्तदान कार्यक्रम सम्पन्न।

१३८. मंसीर २६: भूटानमा मानवअधिकारको उल्लंघन - काठमाडौं। मानवअधिकार मञ्च भूटानका महासचिव एस.के. प्रधामद्वारा एक वक्तव्य प्रकाशित गरी संयुक्त राष्ट्र संघीय मानवअधिकार आयोगमा भूटानी समस्या जोडदाररूपमा उठाइदिन अन्तर्राष्ट्रिय समुदायसित आग्रह।

१३९. पुस ४: दासदुङ्गा अझै रहस्यमय - काठमाडौं। दासदुङ्गा हत्याकाण्डका सम्बन्धमा गठित राणा आयोगद्वारा प्रस्तुत प्रतिवेदन बारे चर्चा।

१४०. पुस ११: मल्लिक आयोगको प्रतिवेदन सार्वजनिक - काठमाडौं। २०४६ सालको जनआन्दोलन दमन गर्न गरिएको ज्यादती बारे छानवीन गर्न गठित मल्लिक आयोगको प्रतिवेदन सरकारद्वारा सार्वजनिक।

१४१. पुस ११: भूटानः यसरी देश छोड्न वाध्य पारिन्छ। भूटानभा भइरहेको मानवअधिकारको हनन बारे जानकारी गराउको समाचार।

१४२. पुस ११: होटलभित्र हत्या - बुटवल। भु.पू. सैनिक होटल एण्ड लजमा रहस्यमय तरिकाले अर्जुनबहादुर थापा नामक व्यक्तिको हत्या।

■

मानवअधिकार उल्लंघनका घटनाहरूमध्ये तपसिलका उल्लेखित शीर्षकहरूमा प्रकाशित समाचारको तालिका बनाई प्रकाशित घटना संख्याको तालिका निम्नानुसार प्रस्तुत गरिएको छ :-

| पत्रिकाहरू | गोली र हत्या | हिरासतमा यातना | मुठभेड र गिरफ्तारी | महिला बेचबिखन र बलात्कार | वैदेशिक रोजगार र यातना | अन्य | कूल |
|---|---|---|---|---|---|---|---|
| समकालीन | ○१५<br>२-३-६-१२-१८-२३-२४-३५-४६-६२-७५-७७-९१-९२-९४ | ○ | ○१३<br>१४-१६-३४-३८-४१-५२-५५-५७-५९-६१-६७-७६-७९ | ○९<br>१३-२०-२७-२९-३२-३६-५०-८८-९६ | ○१<br>२१ | ○५९ | ○९७ |
| प्रकाश | ○१५<br>९-१०-११-१६-२६-३८-४३-४४-६५-६९-८२-८८-९०-१०४-११३ | ○१<br>३६ | ○६<br>३-७९-८९-९४-१०५-१०६ | ○५<br>८-१५-१७-२०-३५ | ○१<br>३३ | ○८६ | ○११४ |
| देशान्तर | ○२३<br>९-१२-१५-२४-२६-२७-२८-३०-३१-३२-३९-४०-४३-५२-५७-७३-७६-९०-९६-९८-१०१-१०६-११२ | ○५<br>५-५४-९१-१०२-१०४ | ○७<br>४५-६६-७९-८५-८६-९२-९३ | ○७<br>१०-२०-२९-७४-७७-९४-१०३ | ○३<br>१८-६०-६७ | ○६९ | ○११४ |
| पुनर्जागरण | ○१२<br>१-२-५-१४-२२-४०-५०-५१-५२-५४-५७-५९ | ○ | ○६<br>६-१९-३५-४१-४६-५५ | ○१<br>४२ | ○३<br>३७-४३-६६ | ○४७ | ○६९ |

○ ले कूल प्रकाशित संख्या जनाउँछ।
कोष्ठ भित्रका अंकहरूले क्रमसंख्या जनाउँछन्।

# परिच्छेद ६

# वर्ष पुस्तकभित्र यस्ता घटनाहरु पनि छन्

वर्ष पुस्तक भित्र थुप्रै घटनाहरू संकलित छन्। ती मध्ये केही घटनाहरू यस परिच्छेदमा समावेश गरिएका छन्। यी घटनाहरूले मानवअधिकार उल्लंघनका खास खास प्रवृत्तिहरूलाई संकेत गर्छन्।

## १.१ झापा

**१.१ हत्या / गोली**

दमक नपा-११ मा होटल चलाई वसेकी मैयादेवी गौतमलाई ०५० पुस २६ गते दमक थानाका सई लोकेन्द श्रेष्ठले उम्लिरहेको भातको माड खन्याइ दिंदा उनी सिकिस्त रूपमा घाइते भएकी थिइन्। सईले नौ बजे पछि पसल बन्द नगरेकोमा पक्राउ गर्न खोज्दा माड पोखिई उनको शरीरमा परेको भनेता पनि सो कुरासंग कोही सहमत भएनन्। यस घटनालाई लिएर भोलिपल्ट पुस २७ गते नगरवासीहरूले विरोध कार्यक्रमको आयोजना गरे। राजमार्गको यातायात समेत अवरूद्ध भएको थियो। भीडलाई नियन्त्रण गर्न प्रहरीले अन्धाधुन्ध गोली चलायो। प्रहरीको गोलीबाट हिमालय टी स्टेट दमकका मजदूर मानबहादुर सार्कीको घटनास्थलमै मृत्यु भयो। यस घटनाप्रति बढ्दो जन दवाव र विरोध कै कारण सई लोकेन्द्र श्रेष्ठलाई निलम्वन गरी विभागीय कारवाही चलाइएको थियो।

दमक नपा-११ दमक बजारमा ०५० पुस २७ गते प्रहरी र जनसमूह वीच भीडन्त हुँदा प्रहरीको गोलीबाट १२ वर्षीय गीता सन्तराजको मृत्यु हुनाका साथै अन्य ४ जना घाइते भए।

धुलावारी गाविस-५ का विश्वेश्वर मलाहाले आफ्नी पत्नी रूभासिनी मलाहालाई ०५१ साउन ८ गते तेजाव खन्याई हत्या गरे। मृतकले अन्य पुरूषसंग सम्बन्ध राखेको आरोप पति मलाहाले लगाएका थिए।

काकरभिट्टामा ०५१ पुस १० गते ९ वर्षीय वालिकालाई आफ्नै वावुले पाल्न नसकेर हत्या गरी रूखमा झुण्ड्याई दिए।

**१.२ जेल र बन्दीहरू**

वन्दीहरूले तुरून्तै महिलाहरूलाई पेटीकोट र पुरूषका लागि भित्री कट्टूको कपडा थप गरिनु पर्ने तथा कर्मचारीको कमीले रासन सिदा वितरणमा अप्ठेरो परेको बताएका छन्।

**२.३ राजनीतिक स्वतन्त्रताको अधिकार**

भद्रपुर नपा-२ स्थित एमाले पार्टी कार्यालय नजिक ०५० माघ १७ गते साँझ ८.३० बजे एमाले कार्यकर्ता गोरख बानियाँ र कृष्ण पाण्डेलाई कांग्रेस समर्थक मदन लिम्वु लगायतको हुलले हमला गरी घाइते तुल्याएको थियो। पीडित कार्यकर्ताहरू माघ २५ गते हुने क्षेत्र नं. १ को उपनिर्वाचनको प्रचार प्रसार कार्यमा संलग्न थिए। उक्त घटनाको विरोध गर्दै एमाले नेताहरूले प्रमुख जिल्ला अधिकारीसंग कारवाहीको माग गरेका थिए तर प्रशासनले राजनैतिक झगडा भनी कारबाही नगरेको बताइयो।

पृथ्वीनगर गाविस-५ झिलझिलेका टीका दोर्जेलाई ०५० माघ २५ गते सोही गाविसको सगरमाथा मतदान केन्द्रमा पेस्तोल सहित पक्राउ गरी जनसमूहले प्रहरीको जिम्मा लगायो। दोर्जेले वयान दिए अनुसार पृथ्वीनगर गाविस अन्तर्गतका मतदान केन्द्रहरूमा डर, त्रास र आतंक सिर्जना गर्न पेस्तोल दिई नेपाली कांग्रेसले खटाएको थियो भनिन्छ। सतासीधाम गाविस अन्तरगत लालझोडाको भानु निमाविका शिक्षक दोर्जे एमालेको भोट बैंक मानिने पृथ्वीनगर गाविसमा आतंक मच्चाउन आएका थिए।

पथरिया गाविस-८ मा ०५० माघ २५ गते सम्पन्न उपनिर्वाचनमा विजयी नेपाली कांग्रेसले विजय जुलुस निकालेको थियो। उक्त जुलुसलाई विशेष गरी एमाले समर्थकहरूलाई उत्तेजित गर्ने उद्देश्यले अराजनैतिक नारा लगाउँदै एमाले समर्थकहरू बसोबास गर्ने गाउँहरुतिर लगियो।

सो नारा नलगाउन एमाले समर्थकहरूले सम्झाए तर कुनै वास्ता गरिएन। त्यसपछि उत्पन्न विवादले चर्को रूप लिई भीडन्त शुरू भयो। भीडन्तमा कांग्रेस कार्यकर्ता गंगाप्रसाद राजवंशी, बलबहादुर थापा र श्रीप्रसाद गुरागाईं घाइते भए। सो भीडन्तमा नाम थाहा हुन नसकेका केही एमाले कार्यकर्ता पनि घाइते भएका थिए। यस घटनाको सिलसिलामा एमाले समर्थकहरू तिलबहादुर बस्नेत, शेखर कोइराला, गंगादास भट्टराई, टंकप्रसाद अधिकारी, घमबहादुर भट्टराई र मेखबहादुर भट्टराईलाई प्रहरी हिरासतमा राखिएको थियो।

पृथ्वीनगर गाविस-२ स्थित दीपक प्राथमिक विद्यालयमा ०५१ कात्तिक २९ गते मतदान भइरहेको बेला दिउँसो १ बजेतिर सोही ठाउँ बस्ने नेपाली कांग्रेस गाविस अध्यक्ष कुलप्रसाद संग्रौला र नीजका छोरा सरोज संग्रौलाले हतियार देखाई आतंक मच्चाए। उपस्थित जनसमुदायले उनीहरूलाई हतियार सहित पक्राउ गरी प्रहरीको जिम्मा लगाएका थिए।

**१.६ धुनामा मृत्यु**

वन्दी अवस्थामा जेलमा रहेका वर्ष ६० का चिल्का ताजपुरिया र वर्ष ४१ का शिविमा झगडाको विरामी भई अस्पतालमा उपचार गर्दा गर्दै क्रमश ०५१ वैशाख १६ र ०५० चैत २९ गते मृत्यु भयो।

## १.२ इलाम

**९ .४ आत्महत्या**

चिसापानी गाविस-३ की १० वर्षीय मायादेवी श्रेष्ठले ०५१ वैशाख ३ गते आत्महत्या गरिन्।

## १.५ मोरङ

**१.१ हत्या / गोली**

०५० चैत २९ गते कदमाहा-७ को कमलपुरमा एउटै रूखको हाँगामा एकै परिवारका चारजना झुण्डिई मरेको चारवटा लाश फेला परे। तर यो घटना हत्या हो भनेर चर्चित छ। मर्नेहरूमा ३० वर्षकी श्रीमती मोठादेवी चुनिया, छोराहरू क्रमश १० वर्षीय राजसिंह ६ वर्षीय भरत र छोरी १ वर्षीय मीनाकुमारी छन्। उनीहरूलाई मृतक मिठादेवीका पति रामचन्द्र सिंह र उनकी कान्छी पत्नीले हत्या गरी झुण्ड्याएको हुन सक्ने बताइन्छ। रामचन्द्रले मोठादेवी र उनी पट्टिका छोराछोरी त्यागेर ६ महिना अघि एउटी भारतीय युवतीसंग विवाह गरेका थिए। हत्याराहरू कोही पक्राउ परेका छैनन्।

ताप्लेजुङ्ग खोक्लिङ्गका छत्रबहादुर न्यौपानेले एक विश्वकर्मा जातकी श्रीमती नैनकलाबाट जन्मिएको ३६ दिनको वच्चालाई जातीय भावनाबाट प्रेरित भई मोरङ्गको बेलवारीमा ०५१ साउन ६ गते भूईमा पछारेर मारे। नैनकलालाई त्यागेर जातीय अपहेलनाबाट मुक्त हुन यसो गरेको कुरा उनले स्वीकार गरेका छन्।

**१.२ जेल र बन्दीहरू**

कुनैपनि बेला भत्कने र पानी पर्दा चुहुने कोठामा उनीहरूले निर्वाह गर्नु परेको छ। जेलभित्र वन्दीहरू आफ्नै रेडियो सुन्छन्। टि.भी. छैन।

विराटनगर जेलमा रहेका राजनीतिक वन्दी हिमलाल उप्रेती अद्यापि बन्दी अवस्थामै हुनु हुन्छ।

**४.१ बलात्कार**

बलात्कार सम्बन्धी सवैभन्दा घिन लाग्दो घटना उर्लावारीमा गत कात्तिक १७ गते राती ११ बजे घट्न गएको छ। मधुमल्ला-७ निवासी छविलाल दर्जीले आफ्नै नातिनी १० वर्षीय बालिकालाई बलात्कार गरे।

हातिमुडा गाविस निमुवा स्थित नहरको डील हुँदै लोग्नेसंगै साइकलमा घरतर्फ लागेकी एक महिला लोग्नेकै सामु सामुहिक बलात्कारको शिकार भइन्। बलात्कारीहरूले लोग्नेलाई सिसौंको रूखमा बाँधी उनलाई बलात्कार गरेका थिए। अहिले अपराधी मध्येका टंकीसिनवारी निवासी सत्यनारायण चौधरी, राजु मण्डल राजवंशी र कालुराम मण्डल जेलमा छन्।

## १.६ सुनसरी

**२.३ राजनीतिक स्वतन्त्रताको अधिकार**

मध्यावधि निर्वाचनका दिन ०५१ कात्तिक २९ गते विभिन्न ठाउँमा जनतालाई स्वतन्त्र र निष्पक्ष मतदान गर्नबाट बञ्चित गरियो। मतदाताहरूलाई पैसा बाँडेर आफ्नो प्रभावमा ल्याउने खालका घटनाहरू भए पनि यसलाई रोक्नेतर्फ कसैको प्रयास भएको पाइएन। नल्पापुर, गौतमपुर, हरिनगर, देवानगन्ज, भुटाहा, वसन्तपुर, घुस्की गाविसका मतदान केन्द्रमा सत्तापक्षले अनधिकृत हस्तक्षेप गर्‍यो। एक जनाले ५० पटकसम्म मतदान गरेको पाइयो। मतदानको दिन दिउँसो ३ बजेसम्म १० प्रतिशत मत नखसेको ठाउँमा वुथ क्याप्चर गरेर त्यसपछि ७० प्रतिशत मतदान गराउने काम समेत कतिपय ठाउँमा भएको थियो।

## १.७ धनकुटा

**९.४ आत्महत्या**

राजारानी गाविस-५ की २५ वर्षीय ताराकुमारी राई र कमलकुमार लिम्बुले ०५१ असार ५ गते राती रूखको हाँगामा झुण्डिएर संगसंगै आत्महत्या गरे। उनीहरू बीच प्रेम सम्बन्ध

कायम भई ताराकुमारी गर्भवती समेत भएकी थिइन्। उनीहरू असार ३ गते गाउँ छोडी अन्तै जान भनेर हिडेका थिए। तर आर्थिक अभावमा पुनः गाउँमै आएर आत्महत्या गरेको कुरा बताइन्छ।

## १.९ भोजपुर

**१.२ जेल र बन्दीहरू**

यस जेलमा ८ जना राजनीतिक बन्दीहरू रहेका छन्। नेकपा (एमाले) संग सम्बद्ध ती राजनीतिक बन्दीहरूलाई ज्यान मुद्दा लगाइएको छ। जसमा २७ वर्षीय सुधारमान राई ०४९ चैत ३० गतेदेखि जेल जीवन बिताई रहेका छन् भने ४२ वर्षीय राजकुमार राई, २४ वर्षीय रमनकुमार राई, ३५ वर्षीय नीरबहादुर श्रेष्ठ, २४ वर्षीय दुर्गाबहादुर श्रेष्ठ, ३० वर्षीय टेकबहादुर मगर, २३ वर्षीय सुन्दरकुमार मगर र ४२ वर्षीय कुलबहादुर मगर ०४८ असार ५ गतेदेखि बन्दी जीवन बिताई रहेका छन्।

यहाँ जन्मकैदको साजयँ भोगिरहेकी चक्रकुमारी राई र ज्यान मुद्दामा रहेका भर्जकुमार राईबीच जेल भित्रै यौन सम्बन्ध कायम हुन गई चक्रकुमारी राई गर्भवती भएकी छिन्। उनी ०५१ फागुन वा चैतमा सुत्केरी हुँदैछिन्।

**१.३ गिरफ्तारी र यातना**

तिवारी भञ्ज्याङ्ग गाविस-४ का ४९ वर्षीय भीमबहादुर खड्कालाई ०५१ असोज २७ गते गिरफ्तार गरी १५ दिनसम्म प्रहरी हिरासतमा राखेर ज्यान मुद्दा लगाई तारिखमा छाडिएको छ। आफ्नो घरमा मेला भै बसेको अवस्थामा त्यसरी पक्राउ गरी झूठो मुद्दा लगाउने कामबाट मानवअधिकार कार्यकर्ताको रूपमा काम गर्ने लालबहादुर खनाल पनि पीडित बनेका छन्।

## १.१० संखुवासभा

**१.२ जेल र बन्दीहरू**

यस जेलमा रहेका खेमराज गुरूङ्ग राजनीतिक बन्दी हुन्। नेकपा (एमाले) संग सम्बद्ध १८ वर्षीय गुरूङ्गलाई कर्तव्य ज्यान अन्तरगत ०४९ साल असार २५ गतेदेखि थुनामा राखिएको छ।

**१.६ थुनामा मृत्यु**

४० वर्षीय बन्दी नैनबहादुर लिम्बुको ०५१ साउन १७ गते जेलभित्रै मृत्यु भयो। उनी वोन क्यान्सरबाट पीडित थिए।

## १.१२ सिराहा

**४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना**

लगडीगोठ-८ का १८ वर्षीय महिलालाई पतिसँगै हिडिरहेको बखत ०५१ साउन १५ गते खेतमा लुकेका रोहित यादव, विलेक्षण यादव र वालेश्वर मण्डलले पतिलाई रूखमा बाँधेर उनकी पत्नीलाई सामुहिक बलात्कार गरे।

## १.१३ उदयपुर

**१.१ हत्या गोली**

देउरी गाविस-२ जलजलेका दुर्गानन्द चौधरीकी पत्नी भेटनीदेवी चौधरीले आफ्नै वालिका छोरीको हत्या गरिन्। दुर्गानन्दसंग विवाह भए पनि भेटनीदेवीको सम्बन्ध स्थानीय युवक दिनेशसंग पनि थियो। उनी दिनेशराजसंग पतिको नाता गाँसेर दुर्गानन्दलाई छोड्न खोज्दै थिइन्। तर दिनेशराजले बच्चाबच्ची नभएमा मात्र उनलाई स्वास्नीको रूपमा स्वीकार गर्ने बताए। यत्तिकैमा ०५१ वैशाख १६ गते भेटनीदेवीले छोरी जन्माइन्। दिनेशराजले आफूलाई छोरी सहित स्वीकार नगर्ने देखेर उनले घरमा लोग्ने नभएको मौकामा छोरीको घाँटी निमोठी हत्या गरेर इनारमा फालिन्।

## १.१४ खोटाङ्ग

**६.३ अन्य आर्थिक अधिकार**

प्रहरी चौकी छितापोखरीले जनतालाई वारम्वार दुःख दिदै आएकाले जनता प्रहरीहरूदेखि क्रुद्ध थिए। त्यसैले ०५१ मंसीर १५ गते वालाचतुर्दशीको मेलामा भेला भएका जनताले २० घण्टासम्म प्रहरी चौकी घेराउ गरे। त्यसै वखत शिक्षक रविन्द्र गिरी र वीरवल खड्कासंग लिएको रकम फिर्ता गर्दै प्रहरी हवलदार भुवन पोखरेल र पद्मबहादुर खड्काले आइन्दा त्यस्तो गर्ने छैनौ भनी माफी मागेका थिए।

## १.१५ ओखलढुङ्गा

**१.१ हत्या / गोली**

०५० चैत १३ गते पाल्ले गाविसको देराखर्ककी श्रीमती डिमा छोटिल शेर्पाले आफ्नै १२ वर्षीय छोरो रिञ्जीलाई कुटपिट गरेर हत्या गरिन्। घरमा भएको १ माना घिउ र २ माना पिठो चोरेको आरोपमा खुट्टामा नाइलनको डोरीले बाँधी फलामको चिम्टाले हिर्काउँदा पेमा रिञ्जीको मृत्यु भएको थियो।

### ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला मएकै कारणले दिइने यातना

फूलवारी गाविस-६ की सीता कार्कीले ०४९ फागुन २९ गते कालिका गाविस-८ का चेतबहादुर कार्कीसंग विवाह भएको थियो। चेतबहादुर ०५० जेठ महीनामा रोजगारीको खोजी गर्न भारतको कास्मिर गए। ०५० चैत ५ गते उनकी पत्नी सीताले बच्चा जन्माइन्। तर उनका ससुरा तीर्थबहादुर कार्कीले सीतालाई अर्कै मान्छेको पेट बोकेर बच्चा जन्माएको आरोप लगाई न्वारान गर्न इन्कार गरे। सामाजिक सेवाका कार्यहरूमा संलग्न रहँदै आएकी सीता कार्की आफू निर्दोष भएको र ससुराले भूटो आरोप लगाएको बताउँछिन्। हाल उनी वच्चाको न्वारान नगरेकी महिलालाई कसैले छुन र घरभीत्र पस्न दिन हुन्न भन्ने प्रचलनले गर्दा वेहाल अवस्थामा भैंसीको छाप्रोमा बसी रहेकी छिन्।

## २.१ धनुषा

### १.१ हत्या / गोली

नगराइन गाविस-८ की २६ वर्षीय शैलोदेवी चौधरीलाई आफ्नै लोग्ने पशुपति चौधरी लगायतका व्यक्तिहरूले ०५० फागुन १३ गते हत्या गरे। उनलाई सुनचाँदी चोरेको आरोपमा हत्या गरिएको बताइन्छ।

सिरसिया गाविस-६ तारापट्टीका काठ फर्निचर व्यवसायी रामपृत साह र देवकिशोर साह ०५१ जेठ २४ गते सार्वजनिक मुद्दाको तारीखमा उपस्थित भएर घर फर्किरहेका थिए। कचौरी भन्ने ठाउँमा निजहरूलाई केही अज्ञात व्यक्तिले कुटपीट गरी रामपृत साहसंग भएको १२ हजार नगद लुटेर लगे। घाइते रामपृत र देव किशोरलाई अस्पताल पुऱ्याइयो। सोही वेलुकी अस्पतालमा रामपृतको मृत्युभयो। यो घटनालाई नेपाली कांग्रेस पार्टीका कार्यकर्ताले एमाले कार्यकर्ताहरूले मारेको भनी राजनीतिकरण गरेपछि एमाले पक्षका जनताहरुमाथि आक्रमण गर्ने र उनीहरूका घरहरूमा लुटपाट मच्चाउने जस्ता कार्यहरू हुन थाले। लुटपाट र आक्रमणलाई रोक्नुभन्दा पनि दुवैथरी आपसी भीडन्तमा उत्रिए।

वरमभिया गाविस-१ का रामवृक्ष यादवको ०५१ भदौ २ गते हत्या गरियो। संयुक्त जनमोर्चा नेपालका केन्द्रीय सदस्य यादव धनुषा जिल्लाका लोकप्रिय वामपन्थी नेता थिए। उनी संयुक्त जनमोर्चाद्वारा जनकपुरमा आयोजित ०५१ साउन ३२ गतेको मसाल जुलुस र भदौ १ गतेको नेपाल बन्द कार्यक्रम सम्पन्न गरी भदौ २ गते आफ्नो घरतर्फ गइरहेका थिए।

### ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला मएकै कारणले दिइने यातना

कजरा रमौल गाविस-२ की विवाहित महिलालाई ०५१ पुस ६ गते राती १२ बजे स्थानीय सदीक मियाँ, हकिम नदाफ, शरीफ नदाफ, खीया कवारी, जुमराती नदाफ लगायतका १० जना सशस्त्र व्यक्तिले घरबाट घिसारेर बाहिर चउरमा ल्याई सामुहिक बलात्कार गरे। अभियुक्तहरूले उनको घरमा लुटपाट मच्चाउनुका साथै वुढावुढी र केटाकेटीलाई समेत कुटपिट गरेका थिए। अभियुक्तहरू राष्ट्रिय प्रजातन्त्र पार्टीका पक्षधरहरू भएको र हाल उनीहरू फरार रहेको बताइएको छ।

## २.२ महोत्तरी

### १.१ हत्या / गोली

नैन्ही गाविस-२ की ५४ वर्षीय रिखियादेवी यादवको ०५१ भदौ ११ गते नृशंस हत्या गरियो। आफ्नो खेतमा खातुन परिवारका महिलाहरूले घाँस काटेकोमा श्रीमती यादवले गाली गरिन्। त्यसैबेला हिटनी खातुनले उनलाई समाती भूईंमा पछारिन् र उनी बेहोश भइन्। जुलेखा खातुनले पेटमा हसियाँले रोपिन्। कुलेशा र शैरूल खातुनले पेटमा हिर्काउँदा श्रीमती यादवको पाठेघर बाहिर निस्कियो।

### १.३ गिरफ्तारी र यातना

सोनमा गाविसका ४६ वर्षीय सुरूज यादवलाई ०५१ जेठ १३ देखि १६ गतेसम्म विलास टाकुरको घरमा अन्न, पानी समेत नदिई थुनेर राखियो।

### १.६ थुनामा मृत्यु

ज्यान मुद्दाको सजाय भोगिरहेका मौलाहा कवाडीको ०५१ जेठ २५ गते मृत्यु भयो। रक्तचाप सम्बन्धी रोगबाट पीडित मौलाहाको उपचार गर्दा गर्दै मृत्यु भएको थियो।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

मटिहानी गाविस-४ की ९ वर्षकी किरण कुमारीको अतरार गाविसका १० वर्षीय लक्ष्मी खत्वेसंग सामाजिक रीतिपूर्वक ०५० माघ २९ गते विवाह गरियो।

## २.३ सर्लाही

### १.२ जेल र बन्दीहरू

६९ वर्षीय सागरदेवी यादवले १३ वर्ष जेल सजायँ काटी सक्दा पनि उनको मुद्दा अभै फैसला भएको छैन।

### ९.४ आत्महत्या

कर्मैया-१ वागमतीमा १० वर्षका नावालक सिद्धार्थ चौधरीले ०५१ असोज १ गते साँझ गम्छाले पासो लगाई आत्महत्या गरे। उनले अघिल्लो दिन हिन्दी फिल्ममा आत्महत्याको दृश्य हेरेको र पछि "हामीले त्यसो गर्‍यौं भने मर्छौं कि मर्दैनौं ?" भनी प्रश्न गरेकोले प्रयोगका रूपमा उनले

आत्महत्या गरेको हुन सक्ने कुरा छिमेकीहरूले बताएका छन्।

## २.४ सिन्धुली

**४.२ जारी / बहु विवाह / देउकी / वादी आदि समेत**

तर यस वर्ष बहुविवाहको एउटा रोचक घटना भयो – ०५० फागुन २५ गते डाँडी गुराँसे गाविस-८ बेल्टार का २५ वर्षीय जीतबहादुर बमजनले सर्लाही जिल्ला डाइनी-७ का एकै घरका दुई दिदी बहिनी २३ वर्षीय विश्वमाया र १८ वर्षीय सुन्तलीमायालाई एकै लगनमा विवाह गरे। राजधानी काठमाडौंको गुह्येश्वरी मन्दिरमा भएको यो विवाहले चर्चा मात्र पायो, कानूनी रूपमा कसैले वास्ता गरेन।

**९.४ आत्महत्या**

पुरानो झागाझोली गाविस-६ का ८५ वर्षीय ठूलो काले सार्कीले ०५१ मंसीर २ गते खुकुरीले सेरिएर आत्महत्या गरे।

## २.६ दोलखा

**२.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार**

सुनखानी गाविसले ०५१ कार्तिक ८ गते गाविस भवनमा एक सूचना टाँसी सार्वजनिक चौरमा कुनै पनि कार्यक्रम गर्न नपाइने आदेश जारी गऱ्यो। यसले संविधान प्रदत्त शान्तिपूर्ण ढंगमा भेला हुन पाउने अधिकारको ठाडो उल्लंघन गऱ्यो। नेकपा (एमाले) ले सांस्कृतिक कार्यक्रम गर्न लागेका सन्दर्भमा यो आदेश जारी भएको थियो।

**२.३ राजनैतिक स्वतन्त्रताको अधिकार**

निर्वाचन क्षेत्र नं. २ को मत गणना भइरहेका बेला सदरमुकाम जिरीमा निर्वाचन पर्यवेक्षक टोली दोलखा इकाईका पर्यवेक्षकहरू चोकबहादुर दाहाल, सरोज उप्रेती, राजेन्द्र पोखरेललाई मतगणना स्थलबाट बाहिर निकालियो।

## २.७ रौतहट

**१.४ वेपत्ता पारिएको**

औंरैया गाविसस्थित श्री जनता माविका शिक्षक वर्ष ३० का पुण्यप्रसाद शर्मालाई ०३१ असोज २८ गतेदेखि तत्कालीन सइ मोहनप्रसाद शर्माले गिरफ्तार गरी लगेकोमा हालसम्म वेपत्ता रहेको चर्चा चलेको छ। स्मरणीय छ त्यसबेला प्रजिअ चन्द्रिकानन्द खरेल थिए जसले मोहनचन्द्र अधिकारी र खड्ग ओलीलाई पनि यसै समय पक्राउ गरेका थिए।

**१.६ थुनामा मृत्यु**

कर्तव्य ज्यान मुद्दामा परेका ४२ वर्षीय योगेन्द्र सहनीको ०५१ बैशाख २३ गते जेल भित्रै मृत्यु भयो। निज सहनी मुटुको रोगी भएको र अकस्मात हर्टएटक भएकाले मृत्यु भएको थियो।

## २.१० चितवन

**७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत**

यस वर्ष दूध उत्पादन संस्थान गुञ्जनगरका प्रमुख हरिदास सापकोटाले सोही गाविस-८ का रूद्रबहादुर परियारले ल्याएको दूध खरीद गर्न इन्कार गरेको

## २.११ मकवानपुर

**१.१ हत्या / गोली**

हाडीखोला गाविस-७ का ल्याम्बा मुक्तानलाई पर्सा जिल्लाको राम भूमि हात्तीडण्डाको जङ्गलमा शिकार खेल्न जाँदा पर्सा वन्यजन्तु आरक्षणका सिपाहीहरूले ०५१ बैशाख ६ गते गोली प्रहार गरे। गोलीबाट ल्याम्बाको मृत्यु भयो। आरक्षणका सिपाहीहरूले मुक्तानसंग शिकार खेल्न गएका सोही ठाउँका बल बहादुर रूम्बा र बलबहादुर थिङ्गलाई पनि गोली हानी घाइते बनाएका थिए। आरक्षणका सिपाहीहरूले सोही बेला १८ राउण्ड गोली चलाएका थिए।

भारवा गाविस-३ बस्ने ५५ वर्षीय गणेशबहादुर लामाले ०५१ बैशाख १ गते बेलुका पत्नी धन साहिंली लामासंग बिडी पिउन माग्दा नदिएको झोकमा आगो फुक्ने ढुंग्रोले हिर्काई ६१ वर्षीय पत्नीको हत्या गरेका छन्।

## २.१३ काभ्रे

**१.६ थुनामा मृत्यु**

यस वर्ष धुलिखेल जेलमा ५ जनाको मृत्यु भयो। यी सबै पागल थिए। यी मध्ये ४ जनाको औषधोपचार भइरहेका अवस्थामा र एकजनाको जेल मै झुण्डिएर मृत्यु भएको थियो। ०५० चैत २२ गते गगनराज हाडा झुण्डिएर मरे भने ०५१ जेठ १३ गते सोमबहादुर तामाङ, जेठ १५ गते कुलमान थामी, पुस ११ गते नारायणप्रसाद पन्त र पुस १२ गते कृष्ण श्रेष्ठको औषधी खाई रहकै अवस्थामा मृत्यु भयो।

**४.२ जारी / बहु विवाह / देउकी / वादी आदि समेत**

उग्रतारा जनागाल गाविस-६ मा ६१ वर्षीय ससुरा कृष्णबहादुर बञ्जाराले आफ्नै बुहारी २३ वर्षकी सीताकुमारी बञ्जारालाई आफ्नै घरमा बलात्कार गरे। ०५१ जेठ २२ गते भएको यो घटनाका पीडकलाई पक्राउ गरी कार्वाही चलाइएको छ।

गैरी विसौना गाविस-९ देउपुरमा ०५१ मंसीर २३ गते १० वर्षकी बालिकालाई ६१ वर्षका रमानाथ पुरीले खेतमा बलात्कार गरे।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

नइकिन्टार गाविसमा रहेको धनेश्वर मन्दिरमा पस्न लाग्दा त्यहाँका पुजारी हरिजंगम र केशव अधिकारी समेतको जत्थाले कृष्णबहादुर रसाइली, सेते विश्वकर्मा, मसिने विश्वकर्मा, रत्नबहादुर रसाइली लगायतकालाई कुटपीट गरे। ०५० चैत १४ गते कृष्णबहादुर रसाइलीले आफ्नो छोराको ब्रतवन्ध सकी मन्दिरमा दर्शन गराउन लैंजादा यो घटना भएको हो।

### ९.४ आत्महत्या

नाला टुकुचा गाविस-७ का १२ वर्षीय नाबालक उद्धवप्रसाद घिमिरे ०५१ भदौ ३१ गते आफ्नै घरमा भुण्डिई मृत अवस्थामा फेला परे। घटनास्थलको प्रकृति हेर्दा यो मृत्युलाई शंकास्पद रूपा हेरियो र छानवीन भइरहेको छ।

## २.१४ भक्तपुर

### १.१ हत्या / गोली

बोडे-७ का रामबहादुर खत्रीले आफ्नै पत्नी सीता खत्रीलाई कोदालोले हानेर मारी रगत र गिदी खाए। ०५१ जेठ २७ गते बारीमा घाँस काट्न गएकी पत्नीलाई मकै गोड्ने महिलाहरूको हातबाट कोदालो खोसी हत्या गरिएको थियो।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

चाँगुनारायण-४ खोरिया गाउँका ५० वर्षीय इन्द्रबहादुर तामाङले ४२ वर्षीय जेठी पत्नी जनकमाया तामाङलाई कुटपीट गरी हसियाले गुप्ताङ्ग काटी दिए।

## २.१५ काठमाडौं

### १.१ हत्या / गोली

मेरी गोल्ड वोर्डिङ्ग स्कूल नयाँपाटीकी सुजाता गुरूङ्गले घरमा काम गर्ने सिन्धुपाल्चोककी १२ वर्षीय निर्मला रायमाझीलाई कुटपिट गरी ०५१ साउन २६ गते मारेको अभियोगमा अभियुक्त सुजातालाई प्रहरीले पक्राउ गरेको छ। गुरूङ्गले आफ्नो घरमा पालेका कुखुरा मरेको रीसमा घरमा काम गर्ने सिन्धुपाल्चोक घर भएका २ नाबालिकाहरू शर्मिला र निर्मलालाई सख्त रूपमा पिटेकी थिइन्। सोही पिटाइले निर्मलाको मृत्यु भएपछि उनले सो लाश भऱ्याङ्गबाट लडेको भनी पशुपतिमा एउटा टैक्सीमा राखी ल्याएको अवस्थामा त्यहाँ कार्यरत घाटेहरूले शरीरमा चोटपटक देखी शंका लागेकाले प्रहरीलाई खबर गरेका थिए। यसै घटनाका सम्बन्धमा सुजाताका पति प्रणय गुरूङ्गलाई पनि प्रहरीले पक्राउ गरी कारवाही चलाएको थियो। सुजाता गुरूङ्ग भारत दार्जीलिङ्ग घर भई हाल मेरीगोल्ड वोर्डिङ्ग स्कूलकी सञ्चालिका हुन्।

### १.३ गिरफ्तारी र यातना

०५१ असार १० गते रत्नपार्कमा नेकपा मसालको मुखपत्र, रक्तिम परिवारको गीति क्यासेट, पेरू कम्युनिष्ट पार्टीका बन्दी बनाइएका नेता गोञ्जालोको भाषण, कम्युनिष्ट पार्टीको लोगो आदि सामाग्री बेचेको अवस्थामा प्रहरीले केही व्यक्तिलाई गिरफ्तार गरी हिरासतमा राख्यो। विनापूर्जी पक्राउ पर्नेहरूमा पत्रकार भरत कोइराला, सुरेन्द्र खनाल, ढुण्डिराज आचार्य, बाबुराम पराजुली र १४ वर्षीय कृष्ण न्यौपानेलाई २ दिनपछि छोडियो।

यस वर्ष सबैभन्दा बढी संख्यामा नेताहरू पनि गिरफ्तार भए। ०५१ भदौ ३ गतेको सिंहदरवार घेराउ कार्यक्रममा १ सयभन्दा बढी वामपन्थी नेता र सांसदहरू पक्राउ परेका थिए भने २ हजार भन्दा बढी कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। यस दिन प्रहरीले सिंहदरवार, प्रदर्शनी मार्ग, वसपार्क, रत्नपार्क, पुतली सडक आदि ठाउँमा लाठी प्रहार गरी करीब २५-३० जना नागरिकलाई घाइते वनायो। गिरफ्तारीमा पर्नेहरूमा नेकपा एमालेका मनमोहन अधिकारी, माधव नेपाल, वामदेव गौतम, सी.पी. मैनाली, झलनाथ खनाल, भरतमोहन अधिकारी, अमृत वोहरा, राधाकृष्ण मैनाली, साहना प्रधान, ईश्वर पोख्रेल, राजेन्द्र श्रेष्ठ, के.पी. ओली, सानु श्रेष्ठ, प्रेमबहादुर सिंह आदि हुनुहुन्थ्यो। त्यस्तै अन्य वामपन्थी नेताहरूमा निर्मल लामा, निरञ्जन गोविन्द वैद्य, लिलामणी पोख्रेल, चित्रबहादुर के.सी., विष्णुवहादुर मानन्धर आदि हुनुहुन्थ्यो। गिरफ्तार हुने नेना कार्यकर्ता सबैलाई प्रहरीले अभद्र व्यवहार गरेको थियो।

### १.२ जेल र बन्दीहरू

केन्द्रीय कारागारमा रहेका केही व्यक्तिहरू राजनैतिक पूर्वाग्रहका कारण आफूलाई झुट्ठा मुद्दामा फसाइएको कुरा बताउँछन्। तर ती कैदीहरूलाई अहिलेसम्म छोडिएको छैन। यहाँ रहेका संखुवासभाका शान्ति दुंगाना ०४९ सालको स्थानीय चुनावमा घटेको एक ज्यान मुद्दाको अभियोगमा बन्दी जीवन बिताइरहेका छन्। तर उनका विरूद्ध कसैको जाहेरी पनि छैन। त्यस्तै भद्रवन्दी गृहमा रहेका झकबहादुर जि.सी., राजकुमार दंगाल र महेन्द्र राई, केन्द्रीय कारागारमा रहेका छइडुप लामा, वीरबहादुर वस्नेत पनि राजनैतिक पूर्वाग्रहका कारण झुट्ठा मुद्दामा फसाइएका वन्दीहरू हुन्।

काठमाडौंको नख्खु जेलमा प्रकाश घिमिरे र भद्रगोल जेलमा गणेशकुमार श्रेष्ठ राजनीतिक वन्दीकै रूपमा रहेका छन्।

### १.४ वेपत्ता पारिएको

विगत वर्षहरूमा वेपत्ता पारिएका केही प्रसङ्गहरू भने निकै चर्चामा आए। ०५० असार ११ गते प्रहरीद्वारा वेपत्ता

पारिएका प्रभाकर सुवेदीलाई अदालत समक्ष हाजिर गराउन अदालतले पटक पटक सम्बन्धित निकायलाई आदेश गऱ्यो। त्यस सम्बन्धमा सर्वोच्च अदालतले ०५० फागुन १ गते १५ दिने आदेश सम्बन्धित निकायका नाममा जारी गरेको थियो। यसै सम्बन्धमा अदालतले ०५१ बैशाख ५ गते अर्को आदेश जारी गरी प्रभाकर सुवेदीलाई घटना स्थलमा घिसार्दै लैजाने प्रहरीलाई अदालतमा आई बयान दिने आदेश दियो। ती प्रहरीका तर्फबाट ०५१ जेठ २९ गते प्रसनि हरिशचन्द्र खनाल र प्रहरी हवल्दार श्यामलाल श्रेष्ठले अदालत समक्ष बयान दिएका थिए।

त्यस्तै ओखलढुंगाका सकृय वामपन्थी कार्यकर्ता गणेश निधि गौतम पनि ०३८ सालदेखि हालसम्म वेपत्ता भई रहेको र हालसम्म कुनै कुरा पत्ता नलागेको कुरा पनि यस वर्ष सार्वजनिक रूपमा उठ्यो।

वानेश्वरमा वस्ने लेखबहादुर गुरूङ्गलाई ०५१ भदौ २ गते राती केही अज्ञात व्यक्तिले अपहरण गरेर लानुका साथै २० हजार नगद र १ तोला सुन लुटेको कुरा गुरूङ्गकी पत्नीले बताइन्। तर प्रहरीले भदौ ९ गतेसम्म उनका पतिको बारेमा कुनै जानकारी दिन सकेन।

शाही नेपाली सेनाको कालीबहादुर गण राजदरवारमा कार्यरत सिपाही धनबहादुर गुरूङ्ग विगत ८ वर्षदेखि वेपत्ता भएको कुरा पनि उनका परिवारले यसै वर्ष सार्वजनिक गरे। धनबहादुर ०४२ सालमा सेनामा भर्ना भएको र १ वर्ष पछि वेपत्ता भई हालसम्म कही फेला नपरेको उल्लेख गर्दै ०५१ साउनमा उनका बाबु कृष्णबहादुर गुरूङ्गले सर्वोच्च अदालतमा एक मुद्दा दायर गरे। सो मुद्दामा प्रधानमन्त्री, प्रधानसेनापति, मन्त्री परिषद, शाही नेपाली जंगी अड्डा, रक्षा र गृह मन्त्रालय, कालीबहादुर गण र प्रहरी महानिरीक्षक समेतलाई विपक्षी बनाइएको छ।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

०५० चैत १४ गते विहान ६.४५ बजे वानेश्वर स्थित सिडिओ टोलमा भारतीय प्रहरीको एक जत्थाले केही घरमा पसी स्थानीय वासिन्दाहरूलाई धम्क्याउने, कुटपिट गर्ने र पेस्तोल देखाएर तर्साउने काम गरे। सशस्त्र रूपमा आएको सो भारतीय प्रहरी जत्थाले स्थानीय मदनकृष्ण श्रेष्ठ, शिवप्रसाद शर्मा र द्वारिकाप्रसाद शर्मालाई कंचटमा पेस्तोल देखाएर बब्लु नामको व्यक्ति कहाँ छ भनी सोधेका थिए। उनीहरूले आफूलाई भारतीय डिआइजी र एसपी बताएका थिए। यस घटनालाई लिएर नेपालमा सवै क्षेत्रबाट विरोध भयो।

तत्कालीन सञ्चार राज्यमन्त्री विजयकुमार गच्छेदारका अङ्गरक्षक प्रहरी असइ शिवनारायण चौधरीले सुनसरी जिल्लाको राजनीतिक कार्यकर्ताको टोलीमा आएका डिल्लीबहादुर कार्कीलाई विभिन्न गाली र धम्की दिंदै पेस्तोल तेर्साएका थिए। ०५१ असोज १० गतेको सो घटनाका दिन गिरिराज आचार्यको नेतृत्वमा एक प्रतिनिधि मण्डल सञ्चार मन्त्रीलाई भेट्न सञ्चार मन्त्रालय सिंहदरवार गएको थियो।

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

०५० पुस २३ गते रत्नपार्कमा फोटो खिचेको निहुँमा फोटो पत्रकार उषा तिवारीलाई केही व्यक्तिले कुटपिट गरे। त्यसै घटनाका सम्बन्धमा दरवार मार्ग स्थित वडा प्रहरी कार्यालयका इन्स्पेक्टरले क्यामरा भित्रको रिल काट्न लगाए। सो विवादलाई मिलाउन वडा प्रहरी कार्यालयमा पुगेपछि त्यहाँ समातिएका व्यक्तिलाई कुटपिट गरेको फोटो खिचेकोमा प्रहरी इन्सपेक्टरले त्यसरी रिल काट्न वाध्य गराएका थिए। त्यसरी नै साउन ५ गतेको नेपाल वन्दका दिन साँझ रत्नपार्कमा फोटो पत्रकार सन्तोष पोखे्रल समेतका अन्य पत्रकारलाई प्रहरीले धम्क्याउने र फोटो नखिच्न चेतावनी दिने काम गरेका थिए।

फिल्ममा अभिनयको लागि खिचेको फोटो "आलिंगन" नामक अश्लील पत्रिकामा प्रकाशित गरेकोमा फोटो ग्राफर मदन प्रधानका विरूद्ध एलिना शाक्यले जिल्ला प्रहरी कार्यालयमा ०५१ भदौ २७ का दिन एक उजुरी दिएकी थिइन्। सो सम्बन्धमा प्रहरीले फोटो ग्राफर मदन प्रधान, पत्रिका बिक्रेता कृष्णप्रसाद गौतम (माइला दाइ) र लेखक वाअ कनकद्विपलाई गिरफ्तार गरी हिरासतमा राख्यो। पक्राउ परेका तिनै जना धरौटीमा रिहा गरिए।

"प्रधान न्यायधीश राजनीति गर्दै हुनुहुन्छ" शीर्षकको दृष्टि साप्ताहिकमा ०५१ भदौ ८ गते प्रकाशित समाचारलाई लिएर अधिवक्ता रविराज भण्डारीले दृष्टिका सम्पादक प्रकाशक र सामान्य न्याय तथा कानून मन्त्री दीनवन्धु अर्यालयका विरूद्ध अदालतमा मुद्दा दायर गर्नु भएको थियो।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

०५० माघ २५ गते काठमाडौं क्षेत्र-१ को उपचुनाव सम्पन्न भएको थियो। त्यस चुनावमा गत चुनावमा मताधिकार प्रयोग गरेका धेरै नागरिकको मतदाता नामावलीबाट नाम काटिएका कारण उनीहरूले पुनः मतदान गर्ने अवसरबाट बञ्चित हुनु पऱ्यो भने कतिपय मतदान केन्द्रहरूमा सवेरैदेखि आ-आफ्नो वाहुल्यता भएका पार्टीले प्रोक्सी मत खसालेको कारण लाइनमा घण्टौंसम्म उभिएका मतदाताहरूले भोट दिन पाएनन्। यस चुनावमा सत्तारूढ दलले राज्ययन्त्रको वल प्रयोग गरेको थियो। चुनावमा महिला मतदाताहरूको सहभागिता एकदमै कम थियो। त्यस दिन प्रहरीले विभिन्न ठाउँबाट १८ जनालाई गिरफ्तार गऱ्यो।

उपचुनावमा नेकाका अध्यक्ष कृष्णप्रसाद भट्टराईको पराजयको कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको "अर्न्तघात" भएको आरोपमा कांग्रेसकै एक पक्षले विभिन्न विरोध जुलुश प्रदर्शन गऱ्यो। त्यही समूहले माघ २९ गते साप्ताहिक विमर्श पनि जलाएको थियो।

निर्वाचनका दिन स्यूचाटार, साँखु, मीनभवन लगायत केही ठाउँमा सामान्य झडपहरू भएका थिए। स्वतन्त्र र निष्पक्ष चुनाव सम्पन्न हुन नदिन सत्तारूढ दलका पक्षबाट धेरै प्रयत्नहरू भएको भएपनि निर्वाचन सामान्यतया शान्तिपूर्ण ढंगले नै सम्पन्न भयो। मतदाता नामावलीमा रहेको त्रुटी र

प्रोक्सी मत हाल्ने धेरै घटनाहरूले वास्तविक मतदाता मतदानबाट वञ्चित हुनु परेका घटनाहरू पनि देखिए।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

०५१ साउन २४ गते निर्वाचनको मिति घोषणा भइसकेपछि सरकारका कर्मचारीहरूको सरुवा, बढुवा गरेको थाहा पाई निर्वाचन आयोगले निर्माण तथा यातायात मन्त्रालय, सडक विभाग र भवन विभागसंग स्पष्टीकरण मागेको थियो। यस अघि आयोगले कुनै पनि मन्त्रालय र विभागलाई निर्वाचन अवधिभर कर्मचारीहरूमाथि कुनै कारवाही नगर्न अनुरोध गरेको थियो।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यो वर्ष कान्तिपुर दैनिकमा कार्यरत पत्रकारहरू रघु मैनाली, दिनेश सत्याल, राजकुमार दिक्पाल, कृष्ण शर्मा, श्रीलाल शाह लगायतका पत्रकारलाई पक्षपातपूर्ण तरीकाले निष्काशन गरियो। रघु मैनालीले आफूलाई अन्यायपूर्वक गलत आरोप लगाएर निष्काशन गरेको बताउँदै अदालतमा उजुरी दिनुभएको छ। त्यस्तै श्रीलाल शाहलाई पुनर्वहाली गर्न श्रम विभागले आदेश दिइसक्दा पनि उनको पुनर्वहाली भएको छैन।

०५१ साउन १ गते "घटना र विचार" रेडियो कार्यक्रमका संचालक पुरूषोत्तम दाहाललाई रेडियो नेपालको संचालक समितिले अचानक अवकाश दियो। त्यसरी दिइएको अवकाशको धेरै पक्षबाट विरोध जनाइयो। सोही कार्यक्रमका अर्का संचालक देवप्रकाश त्रिपाठीलाई पनि ०५१ मंसीर १६ गतेदेखि अवकाश दिइएको थियो।

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

नेपालमा कार्यरत महिला सम्बन्धी गैरसरकारी संस्थाहरूका अनुसार प्रतिवर्ष ५ हजार नेपाली महिला भारतमा बेचिन्छन्। त्यसरी बेचिनेमा ५ सयभन्दा बढी १८ वर्ष मुनिका, १ सयभन्दा बढी आफन्तकै हातबाट र २० प्रतिशत फुक्याएर र बाँकी गरीबी, अशिक्षा, बेरोजगारी, महँगी र पश्चिमी संस्कृतिको कुप्रभावले त्यस पेशामा लाग्छन्। त्यसरी बेचिनेमा काठमाडौं र आसपासका जिल्लाका बढी हुने गर्दछन्।

साङ्गला गाविसका रामहरी तिम्सिना लगायतका ३ व्यक्तिले स्थानीय एक १३ वर्षीय बालिकालाई ०५१ जेठ ३ गते बाटोमा थुनछेक गरी मुखमा कपडा कोचेर बेहोश हुने इन्जेक्सन समेत लगाई बलात्कार गरे। तर प्रहरीले पीडित पक्षको जाहेरीलाई बेवास्ता गर्दै पीडकलाई कुनै कारवाही नगरेको कुरा पीडित पक्षले बताए।

भक्तपुर दत्तात्रेय घर भई काठमाडौं नयाँ बानेश्वर डेरा गरी बस्ने एक १९ वर्षीय युवतीलाई एक प्रहरी सहायक निरीक्षकले जबरजस्ती करणी गरेको कुरा ती महिलाले बताएकी छिन्। असोज १२ गतेका दिन घटेको सो घटनाका सम्बन्धमा ती महिलाले वडा प्रहरी कार्यालय नयाँ बानेश्वरका प्रहरी सहायक निरीक्षक दीपकुमार शाहले आफूलाई जबरजस्ती करणी गरी रातभरी वडा प्रहरी कार्यालयमा थुनेर राखेको उजुरी जिल्ला प्रहरी कार्यालय काठमाडौंमा दिएकी थिइन्। सो घटनाका अभियुक्त शाहलाई थुनामा राखी कारवाही शुरू गरेको कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

धरान घर भई बसबाट आफ्नै पतिसंग काठमाडौं कलंकी आइपुगेकी एक महिला मंसीर १ गते कलंकीमा ६ जनाको बलात्कारको शिकार बनिन्। पीडित महिलालाई पीडकहरूले एकान्तमा लगी बलात्कार गरेका थिए। उनीहरूले ती महिलाका पतिलाई कुटपिट गरी महिलामाथि सो कुकृत्य गरेका थिए। अभियुक्तमध्ये ३ जनालाई प्रहरीले पक्राउ गर्‍यो भने ३ जना फरार भए।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

सिन्धुली जिल्ला डाँडी गुराँसे गाविस-८ का जीतबहादुर बम्जनले फगुन २४ गतेका दिन काठमाडौं गुहेश्वरी मन्दीरमा एकै लगनमा २ युवतीसंग विवाह गरे। सो विवाहमा सर्लाही जिल्ला नारायण खोला डाइनी गाविस-७ की २३ वर्षीय विश्वमाया र १८ वर्षीय सुन्तलीमाया दुई दिदी बहिनीलाई उनीहरूकै स्वेच्छाले विवाह गरेका थिए।

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

त्यस्तै गरी नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले त्यहाँ कार्यरत कर्मचारी र पत्रकारलाई ६ महिनाभन्दा बढीको तलब नदिई काम लगाएकोमा त्यहाँ कार्यरत कर्मचारी रोशन शिवाकोटी र पत्रकार राधेश्याम लेकालीले श्रम विभागमा मुद्दा दिए। श्रम मन्त्रालयले पारिश्रमिक दिन आदेश दिंदा पनि सो महासंघले कामदारको तलब दिएन। त्यसैगरी ०५१ असोज १८ गतेदेखि नेपाल टाइम्स पत्रिकामा कार्यरत पत्रकार र कर्मचारी गरी १५ जनालाई सो पत्रिकाले विनापारिश्रमिक अवकाश दिएको थियो।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस वर्ष एकजना नेपाली नागरिकले विदेशमा मृत्यु दण्डको सजाय पाए। १९९३ को फरवरी ११ मा सिङ्गापुरमा लागु औषध कारोबारमा पक्राउ परेका गोरखाका वुद्धमान गुरुङ्गलाई १९९४ को शुरूमा नै सिङ्गापुरको अदालतले मृत्यु दण्डको फैसला सुनाएको थियो। उनलाई ०५१ असार ३१ गते सिङ्गापुरमा फाँसी दिइयो। तर वुद्धमान गुरुङ्ग गरीब परिवारका व्यक्ति भएकाले उनी स्वयं लागु औषध कारोबार गर्ने व्यक्ति नहुन सक्ने अनुमान गरिएको थियो।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

भारतीय प्रहरीको अनाधिकृत हस्तक्षेपको विरोध गर्दै प्रतिनिधिसभाको चैत १५ गतेको बैठकमा निक्कै तनाव र विवाद उत्पन्न भयो। प्रतिपक्षी सांसदहरूले घटनाका बारेमा

गृहमन्त्रीसंग तत्काल जानकारीको माग राख्दा पनि गृहमन्त्रीले तत्काल स्पष्ट जवाफ दिन सक्नुभएन। प्रमुख प्रतिपक्षी दल एमालेको तर्फबाट गृहमन्त्रीलाई २४ घण्टाभित्र सो सम्बन्धमा विस्तृत जानकारी दिन भनियो भने संजमो र नेमकिपाले सदन नै वहिष्कार गरे। सदनभित्रै राष्ट्रघाटी सरकार मूर्दावादको नारा पनि लागेको थियो।

भारतीय प्रहरीहरूको बढ्दो अवैध प्रवेश र अतिक्रमणले नेपालको सार्वभौमिकता एवं राष्ट्रिय अखण्डतामाथि आँच पुगेको ठहर गर्दै सो को रक्षार्थ ६ वटा मानवअधिकारवादी संस्थाले भदौ २२ गतेदेखि ३० गतेसम्म उपत्यकाका विभिन्न ठाउँमा सेतो कपडामा हस्ताक्षर संकलनको प्रारम्भ गरे। सो अभियान इन्सेक, इन्हुरेड, वाच, सीवीन, मासम र सीभीक्टको संयुक्त आयोजनामा गौशाला, नयाँ सडक, मंगलबजार, लगनखेल, जाउलाखेल, दरवारस्क्वायर, न्यातपोल आदि स्थानमा गरिएको थियो।

अमेरिकाबाट प्रकाशित "न्यूजवीक" अन्तर्राष्ट्रिय पत्रिकाले अगष्ट १ को अंकमा नेपाल सम्बन्धी केही चर्चा गरेको छ। सो चर्चामा नेपालको राजधानी काटमाडौंमा ५ हजार वेश्याहरू भएको, देशका विभिन्न राजमार्गका छेउमा २५ हजार भट्टीहरू भएको र त्यहाँ वेश्यावृत्ति हुने गरेको, भारतका विभिन्न वेश्यालयहरूमा २ लाख नेपाली युवतीहरू वेश्यावृत्ति गर्ने गरेको उल्लेख छ। त्यस्तै सोही पत्रिकाले नेपाल र भारत बीच ३ लाख कामदार आवत जावत गर्ने, एड्स प्रकोप बढेको कुरा लेखेको छ। त्यस्तै गरी नेपालमा १ सय ८० डलरको प्रतिव्यक्ति वार्षिक आय रहेको र यो देश विश्वकै कम आय हुने देशमध्ये पर्ने कुरा जनाइएको छ। देशका विभिन्न भागमा आफ्नै छोरीहरू आमाबाबुले दलाललाई बेच्ने र विभिन्न उद्योगमा हुने बालमजदुर पनि यौन शोषणको शिकार बन्ने कुरा सो पत्रिकाले उल्लेख गरेको छ।

यसै गरी मंसीर २४ गते विश्व मानवअधिकार दिवसका उपलक्ष्यमा आयोजित प्रवचन कार्यक्रममा बोल्दै प्र.म. अधिकारीले मानवअधिकारमा अवरोध पुऱ्याउने कानून बदल्न र संशोधन गर्न सकेसम्म आगामी सदनको अधिवेशनमा विधेयक ल्याइने बताउनु भयो। सो कार्यक्रम पनि माथि उल्लेखित संस्थाहरुकै आयोजनामा सम्पन्न भएको थियो।

नेपाल विद्यार्थी संघका महामन्त्री चन्द्र भण्डारीले एक वक्तव्य प्रकाशित गर्दै नेकपा एमालेको सरकार बने यता मुलुकका विभिन्न भागमा ६ जना मारिएको, मारिनेहरूमा रोल्पा जिल्ला कांग्रेस सदस्य नयनबहादुर खत्री, सुके बुढाथोकी, सिराहा जिल्ला सिराहा गाविस अध्यक्ष जमीन शाह र पुल्कीत यादव, दोलखाका उमेश श्रेष्ठ र कास्कीका प्रजापति तिमिल्सिना भएको बताउनु भयो। मंसीर २६ गते प्रकाशित सो वक्तव्यमा अपराधीमाथि करावाही र झूठ्ठा मुद्दामा फसाउने कार्यको बन्द र त्यस्ता मुद्दा खारेजी गरिनु पर्ने कुरा पनि उल्लेख थियो।

०५१ साउन १६ गते इन्सेकद्वारा ०५० पुस १७ देखि ०५१ असारसम्मको नेपालमा मानवअधिकार सम्बन्धी स्थिति सूचांक प्रकाशित गरियो। सो सूचांकमा अपराध कार्यको वृद्धि, कानूनको पालना सन्तोषजनक नभएको, प्रहरीले नागरिकको सुरक्षा गर्नु सट्टा यातना दिएको, अधिराज्यका विभिन्न भागमा मानवअधिकार उल्लंघनका घटनाहरू घटेको, वेपत्ता पारिएका प्रभाकर सुवेदी, विष्णुनाथ तिमिल्सिना, रवीन के.सी. आदिको पत्ता नलागेको, २३ जना आस्थाका बन्दी रहेको उल्लेख छ।

## २.१७ सिन्धुपाल्चोक

**९.४ आत्महत्या**

साँगाचोक गाविस-३ का ८२ वर्षका सेते श्रेष्टले कोशी खोलामा हाम्फाली ०५१ कात्तिक ८ गते आत्महत्या गरे।

## २.१९ रसुवा

**१.१ हत्या / गोली**

लहरेपौवा गाविस-१ वोगटीटार बस्ने वर्ष ३७ को अर्जुनबहादुर न्यौपानेले आफ्नी कान्छी पत्नी वर्ष २८ की कुमारी न्यौपानेलाई ०५१ कात्तिक २७ गते आफ्नै घरमा कोदालोको विडले कुटपिट गरी उक्त लट्ठी श्रीमतीको गुप्ताङ्गमा घुसाएर अशक्त बनाए। उपचारार्थ त्रिशुली अस्पतालमा भर्ना गरेकोमा उपचार गर्दा गर्दै मिति ०५१ मंसीर ३ गते कुमारी न्यौपानेको मृत्यु हुन गएको कुरा मृतकको छोरो वर्ष ८ को मानबहादुर न्यौपानेले जिल्ला प्रहरी कार्यालय रसुवामा गरेको जाहेरीबाट थाहा हुन आएको छ। निज अर्जुनबहादुर न्यौपानेलाई कार्यवाहीका लागि थुनमा राखिएको कुरा जिल्ला अदालत रसुवाबाट थाहा भएको छ।

## ३.१ तनहुँ

**१.६ थुनामा मृत्यु**

दुलैगौडा स्थित बेल चौतारा प्रहरी चौकीमा हिरासतमा रहेका ६० वर्षीय निलबहादुर कमरको असार २ गते मृत्यु भएको थियो। उनलाई असार १ गते चोरीको आरोपमा गिरफ्तार गरी हिरासतमा लिइएको थियो। प्रहरी चौकी नजिकै रहेको भीरमा उनको लास फेला पारिएको थियो। प्रहरी सूत्रले आत्महत्या गरी मरेको जनाए पनि हिरासतभित्र रहेको व्यक्ति भीरबाट हामफाल्न कसरी पुग्यो यो रहस्यमय घटना बनेको छ।

## ३.२ गोरखा

**१.६ थुनामा मृत्यु**

गोरखा जेलमा वन्दी बनाइएका ३४ वर्षीय टेकबहादुर गुरूङले यो वर्ष पासो लगाई आत्महत्या गरे। दिउँसो सबै वन्दीहरू बाहिर घाम तापिरहको अवस्थामा भित्र पसेका मृतकलाई झुण्डिएको देखेपछि तत्कालै फुकाई अस्पताल लगिएको थियो। अस्पताल पुऱ्याउनु अघि नै निजको मृत्यु भयो ।

## ३.७ नवलपरासी

**१.१ हत्या/गोली**

जमुवाड-१ पाडा टिकरको ०५१ जेठ ८ गतेको एक विवाह भोजमा दोहोऱ्याई तेहेऱ्याई मिठाइ खाएको भनी आयोजक पक्षले धनश्याम चौधरीलाई कुटपीट गऱ्यो। त्यहाँबाट भागेका चौधरीलाई सदानन्द पटनवार र पप्पुन पटनवारले लखेट्दै खोल्सामा लडाई तीखो सुइरोले घोचेर हत्या गरे।

सुनवल-७ गौरीघाटकी १८ वर्षीय कल्पना कुँवरलाई सोही ठाउँका मणिकुमार सुप्राई र केरवानी-९ रूपन्देहीका धनप्रसाद भूसालले सामूहिक बलात्कार गरी ०५१ जेठ २५ गते हत्या गरे। कल्पनासंग अनैतिक सम्बन्ध कायम गरी ३ महीनाको गर्भ रहेको र सो अपराध लुकाउन मणिकुमारले साथी धनप्रसादलाई साथमा लिई "विवाह गर्न दाउन्ने मन्दीर जाउँ" भनी लगे। दाउन्ने जंगलमा दुवैले बलात्कार गरेपछि हत्या गरी लासलाई कल्भर्ट मुनी फ्याँकी घर फर्किए।

रहजर की १७ वर्षीय नीरमाया आलेको ०५१ साउन २९ गते कृष्णप्रसाद पौड्यलाले हत्या गरे। नीरमाया आफू गर्भवती भएको बताएपछि आफू उम्कन उसले यो हत्या गरेका हुन्। घटना अनुसार, कृष्णप्रसादले नीरमायालाई सो दिन पहिले भेट्ने गरेको ठाउँमा साँझ बोलाए र यौन क्रिडामा समेत संलग्न रहे। त्यहीबेला कृष्णप्रसादले घाँटी थिची वेहोश गराई स्याउलाको ओछ्यान मुनी राखेको खुँडा झिकेर कृष्णप्रसादले नीरमायामाथि प्रहार गरे। त्यसपछि मृत शरीरबाट खुट्टा छुट्याए, स्तन र नाक काटे। त्यतिले पनि सन्तुष्ट नभई गुप्तांगबाट हात हाली पाठेघर बाहिर निकाली ३ महीनाको वच्चाको आकृति समेत निकालेर फाले। लासलाई कसैले नचिनून भनेर कपाल खौरी दिए र नजिकैको खोलामा गई रगत पखालेर घर फर्किए।

## ३.८ रूपन्देही

**१.२ जेल र बन्दीहरू**

सर्वोच्च अदालतले ०४८ सालमा सफाई दिएका कर्तव्य ज्यान मुद्दाका रणबहादुर पुलामी ०५१ सालमा मात्र मुक्त गरिए।

## ३.९ पाल्पा

**१.१ हत्या / गोली**

तानसेन नपा-१२, सालघारीका कुलबहादुर कार्कीले ०५१ भदौ १८ गते आफ्नै वहिनी मीनाकुमारी कार्कीको हत्या गरे। त्यस दिन विहानको खाना खाएर बाबु लेखबहादुर कार्की फापर छर्ने मेला जोत्न सार्कीडाँडातिर गए। ठूली छोरी विष्णु पनि मकै भाँच्न त्यहीं गइन्। आमा धान गोडन गइन्। घरमा बाख्रा चराउन, गोरूलाई घाँस काट्ने काम गर्न छोरा कुलबहादुर कार्की र सानी छोरी मीनाकुमारी कार्की बसेका थिए। दिउँसो कुलबहादुर कार्कीले आफ्नै बहिनी १० वर्षीय नावालिका मीनाकुमारीलाई बलात्कार गरे। त्यसपछि डोरीले घाँटी कसेर वहिनीको हत्या गरे। असोज ११ गते रूखमा झुण्डीएको अवस्थामा उनको लास पाइयो।

**१.२ जेल र बन्दीहरू**

पाल्पा जेलमा रहेका ३७ वर्षीय रामबहादुर तिवारी राजनीतिक बन्दी हुन्। उनलाई हातहतियार खरखजानाको आरोपमा ०४० वैशाख २२ गतेदेखि यो जेलमा वन्दी वनाइएको छ। उनी आफू नेकपा (एमाले) संग सम्बन्धित राजनीतिक व्यक्ति भएको दावी गरिरहेका छन्।

## ३.१० कपिलवस्तु

**१.२ जेल र बन्दीहरू**

नेकपा एमालेसंग सम्बद्ध वालकृष्ण पौडेल ०४४ चैत २ गतेदेखि राजनीतिक बन्दीको रूपमा छन्।

## ३.१२ गुल्मी

**१.२ जेल र बन्दीहरू**

यो जेलमा गोपाल थापा नामका नेकपा (एमाले) का राजनीतिक वन्दी सार्वजनिक अपराध अन्तर्गत ०५१ भदौ ६ गतेदेखि ११ महिना ५ दिनको सजाय काटी रहेका छन्।

## ३.१६ मुस्ताङ

**१.२ जेल र बन्दीहरू**

हाल यस जेलमा १ जना वन्दी दीपक वोहोरा र १ जना थुनुवा भीमबहादुर दर्जी गरी जम्मा २ जना मात्र रहेका छन्। उनीहरूलाई चौविसै घण्टा नेल लगाइन्छ।

**५.२ जारी / बहुविवाह / देउकी / देह व्यापार आदि समेत**

**छोन्हुप** गाविस-३ ढिङगरमा तेम्वे गुरूङ र **छिरियाङग्या** गुरूङ दुवै जनाकी १ पत्नी सिजी गुरूङ छिन्। यसैगरी छुसाङ-७ का भिङक्युर गुरूङ र रप्तेन गुरूङकी पत्नी छप्पे गुरूङ छिन्। उनीहरूका १ छोरा ३ छोरी छन्।

**६.१ पारिश्रमिक / सुरक्षा र संगठित हुने अधिकार**

मुस्ताङका राजा जिग्मी परवल विष्टका पुर्खा देखिनै त्यस भेगका जनताले राजाको काम सिध्याएर मात्र आफ्नो काम गर्न पाउँथे भने हाल कम ज्याला लिएर राजाको काममा खट्नु पर्छ।

## ४.१ दाङ्ग

**१.१ हत्या / गोली**

०५१ कार्तिक १७ गते साँझ करीब ४ बजे विजौरी गाविस अन्तरगत आयुर्वेद अस्पतालको नजिकै सडकमा नेकपा (एमाले) को जुलुशमाथि प्रहरी र नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरूले अन्धाधुन्ध चलाएको गोलीले दाङ ढिकपुरका नारायण चौधरीको तत्काल मृत्यु भयो। गोली लागी उपचारार्थ काठमाडौं पुऱ्याइएका सोनपुर गाविस सुन्डवरीका २७ वर्षीय पुष्प घिमिरेको कार्तिक १९ गते राती ८ बजे र त्रिभुवन नगरपालिका सेवार (बाँसवोट) का २४ वर्षीय कृष्ण चौधरीको कार्तिक २० गते विहान २ बजे वीरअस्पतालमा मृत्यु भयो।

सोही घटनामा २९ जना गोली लागी घाइते भएका थिए।

ढिकपुर गाविस कर्मटुवा बस्ने ४० वर्षीय परदेशु चौधरीलाई डम्बर खड्काको हत्याको छानवीनको लागि ०५१ मंसीर ४ गते खेतमा काम गरिरहेको समयमा पक्राउ गरियो। पक्राउ गरेर इलाका प्रहरी कार्यालय मलवारमा लगेपछि उक्त प्रहरी कार्यालयका सई अर्जुन पाण्डेले रक्सी खाई मात्तिएर डम्बरको हत्यारा तँ पनि होस् भन्दै निक्कै कुटपिट गरे। वुटले हिर्काउँदै वर्वतापूर्वक यातना दिए। ०५१ मंसीर ५ गते मुर्छित अवस्थामा नै घोराही लैजाने भनी हिंड्न नसक्ने अवस्थामा परदेशुलाई जवर्जस्ती हिंडाइयो। टरिगाउँ गाविस-३ हरिपौरी नजिकै गुहार खोलामा परदेशु चौधरीको मृत्यु भयो। सई पाण्डेलाई जिल्ला प्रहरी कार्यालयले हिरासतमा लिएको थियो।

**१.३ गिरफ्तारी र यातना**

त्रिभुवन नपा सेवार वढहरा बस्ने विरमान घर्तीमगर सोही नपा-१० बस्ने लिलाबहादुर घर्तीमगर, जीवन थकाली, सुनिल बुढामगर समेत ६५ जनालाई चारपाटे मुडी मध्ययुगीन वर्वरताको सम्झना गराइएको थियो। सोही दिन राती घोराही पुऱ्याइयो र कार्तिक ४ गते विहान ९ बजे डिएसपी कार्यालय घोराहीबाट रिहा गरियो।

इलाका प्रहरी कार्यालय इन्चार्ज उदय तामाङ र प्रहरी हवल्दार मुन्नी रावतले धिताल दम्पत्तिलाई नाङ्गै बनाई कुटपिट गरे। मतदाता क्रम संख्या नं. ४९५ मा विवाद भएका कारण प्रहरी कार्यालय नजिकैको खोल्सामा ४ सय ९५ वटा भ्यागुता छोप्न लगाउने जस्तो अमानवीय यातना दिएको कुरा पीडित बताउँछन्।

**७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत**

०५१ बैशाख ५ गते चैलाही गाविस लमही वजार नजिकै बस्ने टेकबहादुर वि.क. की १४ वर्षीय छोरी वसन्ती वि.क.ले मुछेको पीठो र आफ्नो खाट छोएको भनी सावित्री शाहले वसन्तीका बाबु टेकबहादुर वि.क.लाई समेत लठैत लगाएर पिटाउने काम गर्दा टेकवहादुरले भागेर ज्यान जोगाएका थिए।

## ४.२ प्युठान

**२.३ राजनीतिक स्वतन्त्रताको अधिकार**

निर्वाचनका दिन राती घरमा रेडियो सुनेर वसेका तिलबहादुर पुनमाथि सामूहिक आक्रमण गरी कुटपिट र तोडफोड गरियो। आक्रमणकारीहरूले पहिलादेखि तिलबहादुरलाई कांग्रेस हुन भनेका तर उनले आफू मसालकै कार्यकर्ता हुने कुरा बताएका थिए। यही राजनीतिक विचारका कारण उनीमाथि आक्रमण गरिएको हो।

**५.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत**

दाखाक्वाडी-२ का कमलप्रसाद पोखरेलले विवाह भएको ४ महिनापछि अर्को विवाह गरे। उनको पहिलो विवाह ०५० फागुन २८ गते धर्मावती जेगवाङकी सरितासंग भएको थियो। कमलले ०५१ असारमा अर्को विवाह गरे। जेठी पत्नीले बहुविवाह सम्बन्धी मुद्दा दिएकी छिन्। पति कांग्रेस समर्थक र पत्नी जनमोर्चा समर्थक भएकाले राजनीतिक धारणा भिन्न भई कमलले दोस्रो विवाह गरेको वताइएको छ।

**९.४ आत्महत्या**

भिंग्री-९ की २२ वर्षीय थुमामाया रेग्मी दलिनमा पासो लगाई ०५१ असोज २ गते मरिन्। थुममायाले बच्चा जन्माएर पनि दूध नआएकाले दिक्दार भएर आत्महत्या गरेको अनुमान गरिएको छ।

## ४.३ रोल्पा

**१.१ हत्या / गोली**

०५१ मंसीर ५ गते कालपोखरा मेलामा भएको हत्या सम्बन्धी घटनाको छानवीन गर्न जिल्ला प्रहरी कार्यालयबाट सई पूर्णबहादुर भण्डारीको नेतृत्वमा ०५१ मंसीर ९ गते घटना

स्थलतिर जाँदै गरेका प्रहरीहरू विभिन्न मुद्दा लागेका संजमो (डा. भट्टराई) का कार्यकर्ता नन्दकिशोर पुनलाई पक्राउ गर्न भनी मेलाभित्र पसेर मादल बजाउँदै नाच्दै गरेको नन्दकिशोरलाई प्रहरी जवान गोविन्दले पक्राउ गर्न खोजेका थिए। यसै बीच सई पूर्णबहादुर भण्डारीले पेस्तौल भिकी नन्दकिशोरको पाखुरामा हिर्काए। पाखुरामा गोली लागेपछि नन्द किशोरले भागेर ज्यान बचाए। त्यसपछि मेलामा प्रहरी र मेलाका सहभागीको दोहोरो भीडन्त शुरू भयो। विना चेतावनी प्रहरीले १५ राउण्ड गोली चलायो। सोही गोलीले राङसी-९ बस्ने २५ वर्षीय लोकबहादुर घर्ती र इरिवाङ-१ का २३ वर्षीय मनबहादुर पुनको घटना स्थलमै मृत्यु भयो। मनबहादुरको छातिमा राइफलको एउटा गोली र लोकबहादुरको शरीरमा पिस्तोलको तीनवटा गोली लागेको थियो। राङसी-९ बस्ने नन्दकिशोर पुनको पाखुरामा पिस्तोलको गोली लागी घाइते भएका थिए भने राङसी-६ का हेमलाल बुढालाई पनि पिंढ्युँमा गोली लागेको थियो। मृतक र घाइते सबै संजमो समर्थक व्यक्तिहरू थिए।

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

जिल्ला भू-संरक्षण कार्यालय रोल्पाका लेखापाल देवराज पोखरेललाई ०५१ भदौमा मूल्यांकन मासिक पत्रिका ल्याएर पढेको आरोपमा प्रमुख जिल्ला अधिकारी अब्दुल रईस खाँले जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराई स्पष्टीकरण लिएका थिए।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

सेरम गाविस बस्ने अछूत भनिने जातका सेरूङ कामीलाई आफ्नो घरभित्र पसेको आरोप लगाएर स्थानीय तालुकदार गंगाबहादुर रोकाले ०५० चैत १२ गते ५ सय रूपैयाँ जरिवाना गराएका थिए।

## ४.४ सल्यान

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

निगाल्चुला बस्नेउराको हर्के कामीले १४ वर्षीय पत्नी पञ्चकलीबाट शारीरिक सन्तुष्टी लिन नपाएका कारण ०५१ बैशाख २२ गते हात खम्बामा बाँधी निर्ममतापूर्वक पिट्नाले पीडितको छातीमा घाउ भएको छ। २ वर्ष घर नलैजाने शर्तमा यी दुई बीच ०५० फागुनमा विवाह भएको थियो। तर ज्वाईंले छोरी घर लैजान्छु भनेकाले पञ्चकलीका बाबुले सोही दिन छोरीलाई पठाएका थिए।

## ४.५ रूकुम

### १.२ जेल र बन्दीहरू

जेल अत्यन्त जीर्ण अवस्थामा छ। वर्षामा चुहिने पानीबाट बच्न प्लाष्टिकले छोपिएको छ।

## ४.८ सुर्खेत

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

उत्तरगंगा गाविस-८ का एकदेव गिरीले ०५१ साउन ९ गते आफ्नी पत्नीलाई हँसियाले चारपाटा मुडी दिए। उनले हँसियाले चारैतिर कपाल काटी घर परिवारबाट अलग गरिदिएका छन्। त्यसो गर्नुको कारण छोरी मात्र जन्माएको कारणले हो भन्ने पीडितको भनाइ छ।

लेखफर्सा गाविस-६ घर भएका शिवप्रसाद पौडेलले आजभन्दा करीब ६ वर्ष अगाडि सोही गाविस बस्ने अमृता सुनुवारसंग सहवास गरी एउटा सन्तान जन्मिएको थियो। अदालतबाट नाताकायम भए पनि जातपातकै कारण शिव पौडेलले अमृतालाई आफ्नो घरमा लगेनन् र सम्पत्ति पनि दिएका छैनन्।

## ४.९ जाजरकोट

### १.३ गिरफ्तारी र यातना

नेपाल मानवअधिकार संगठनका सदस्य तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला कार्य समिति जाजरकोटका आजीवन सदस्य वीरबहादुर बस्नेतलाई ०५१ असोज ३ गते खलङ्गा-२ स्थित ठाँटी दोबाटोमा गस्तीमा हिंडेका सशस्त्र प्रहरीले लछारपछार गरी करीब १ घण्टासम्म प्रहरी घेरामा राखे। उनलाई बाटोमा हिंड्दा हिंड्दै त्यसरी लछार पछार गरिएको थियो। प्रहरीहरूले पीडितलाई प्रहरी कार्यालयमा जानका लागि भन्दा उनले पूर्जी नभई नजाने कुरा गरेपछि त्यसरी यातना दिइएको थियो।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

खलंगा-१ भगवती टोलमा ०५१ मंसीर २ गते नेपाल विद्यार्थी संघका रामजंग शाहले राजुकुमार शाक्यलाई कुटपिट गरे। शाहका विरूद्ध सार्वजनिक अपराध अन्तरगत उजुरी गरिएकोमा सो फिर्ता नलिए ज्यान मार्ने धम्की समेत दिई कुटपिट गरेका थिए। पीडित शाक्य मानवअधिकार वर्ष पुस्तकका सूचना प्रेषक पनि हुन्।

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

खलंगा-८ पिपेमा ०५१ कात्तिक २२ गते कांग्रेसका क्षेत्र नं. १ का उम्मेद्वारलाई चुनाव प्रचारमा हिंडी रहेकै वेला

३०/४० जनाको जमातले आक्रमण गऱ्यो। उनीहरूले वाग्लेलाई घोडाबाट तल झारी नाङ्गो बनाए र जुत्ताको माला लगाए।

## ४.१० दैलेख

**७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत**

मालिका गाविस-२ का रामसरा शाही र कृष्णा शाहीले सोही गाविस-३ का रामकुमारी विश्वकर्मालाई "कपाल काटी मैया बनेको" आरोपमा कुटपिट गरेका छन्।

विन्ध्यवासिनी गाविस-३ का लट्टे शाहीको नेतृत्वमा आएको हुलले अम्मरसिं कामीलाई कुटपिट गऱ्यो। तल्लो जातको कामी भएर पनि बाजा र शंख बजाई काली कमिनीको लाश मसानघाट लगेको आरोपमा उनलाई पिटिएको हो। पीडकहरूले उनलाई पिटेर शंख समेत खोसी लाशलाई पनि बाटोमा अलपत्र पारिदिएका थिए।

## ४.१२ जुम्ला

**१.२ जेल र बन्दीहरू**

कारागारमा खाद्यान्न भने नियमित रूपले आइरहन्छ। तर अरूवा चामल प्रतिकिलो ४३ रूपियाँ १० पैसामा कारागारले पाउँछ भने, सोही चामल खाद्य संस्थानले कारागार बाहेकका संस्था वा व्यक्तिहरूलाई १८ रूपियाँ ४० पैसा प्रति किलोका दरले बिक्री गर्छ।

## ४.१३ कालिकोट

**१.१ हत्या / गोली**

रकु गाविस-७ का नवराज देवकोटाले ०५१ साउन १७ गते आफ्नी कान्छी पत्नी गौरी देवकोटालाई कुटपिट गर्दा उनको मृत्यु भयो। कान्छी पत्नी गौरी देवकोटा माइत गएकी साथै धेरै दिनसम्म पनि घर नफर्केकोले गर्दा जेठी पत्नी सहित अभियुक्त नवराज देवकोटा लिन भनी ससुराली गए। फर्केर आउँदा किन यति दिनसम्म घर नफर्केको भनी प्रश्न गर्दा निज गौरी देवकोटाले घर छिट्टै नै फर्कन खोजेको तर भिनाजुले आफूलाई जबरजस्ती राखेको भन्ने जवाफ दिएपछि रीस खप्न नसकी खाल्डोको पानीमा चोप्दै सिस्नुले कुटेका थिए।

## ४.१५ हुम्ला

**१.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट**

वरगाउँ गाविस-२ का चित्रबहादुर लामालाई मान्छे चिन्हमा मतदान नगरी सूर्य चिन्हमा मतदान गरेको आरोपमा ३० मिनेट जति ट्वाइलेटमा थुनिएको थियो।

## ५.१ कैलाली

**१.२ जेल र बन्दीहरू**

यहाँको जेलमा रहेका एकजना बन्दी ३० वर्षीय मोतीराम चौधरीको ०५१ जेठ २४ गते मृत्यु भयो।

**१.६ थुनामा मृत्यु**

३० वर्षीय बन्दी मोतीराम चौधरीको ०५१ जेठ २४ गते अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो।

**७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि**

०५० माघ महिनादेखि कमैया पटवारीलाल चौधरी, कलवन्त सिंहसंग ८ हजार सौंकी (ऋण) लिई कलवन्तको काम गर्न थालेका थिए। उनलाई विहान ४ बजेदेखि राती ११ बजेसम्म दैनिक काम गर्न लगाइन्थ्यो। विरामी भई काम गर्न नसकेको अवस्थामा दैनिक २ सय हर्जाना लिने गरिन्थ्यो। त्यस्तो व्यवहार गरेपछि कमैया पटवारीलाल त्यहाँबाट भागी प्रतापपुर आएका थिए। उनी भागेपछि उनकी पत्नी र बहिनीलाई बन्धक बनाइयो। कमैया पटवारीलालका अनुसार उनले लिएको रकमको दोब्बर अर्थात १७ हजार सौंकी तिर्नुपर्ने र सो नसके विहान ४ बजेदेखि राती ११ बजेसम्म काम गर्नुपर्ने शर्त राखियो। यसरी काम नगरेमा प्रतिदिन २ सय हर्जाना तिर्नुपर्ने शर्त समेत राखी पत्नी र बहिनीलाई बन्धक बनाई १ महिनाभित्र पैसा खोज्न भनिएको थियो।

## ५.६ कञ्चनपुर

**१.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट**

०५१ बैशाख १६ गते भारतीयहरूबाट नेपाली प्रहरीहरूलाई रामपुर-विशालपुरमा आक्रमण भएको थियो। सो दिन वयलगाडामा सामान राखी एक भारतीय टोली नेपालबाट भारत तर्फ गइरहेको थियो। गाडाको नेतृत्व वलवीर सिंह भनिने सरदारले गरिरहेका थिए। भुडाचौकी चौकीका प्रहरी जवान मानसिंह रावलले भन्सार महशूल बुझाउने बारे कुरा गर्दा पञ्जावी जत्थाले प्रहरी जवानलाई निर्घात पिटेका थिए।

**४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना**

श्रीपुर गाविस रिछाका नारायणदत्त भट्टको घरमा कमैयाको रूपमा बसेकी एक महिलालाई नारायणदत्तका छोरा मोहन भट्टले घरमा कोही पनि नभएको मौका पारी ०५० चैत २५ गते बलात्कार गरे। मोहन भट्टले यो कुरा अरू कसैलाई भनेमा मार्ने धम्की पनि दिएका थिए। यस सम्बन्धमा सम्बन्धित निकायमा उजुरी गर्दा पनि कुनै कारवाही गरिएको छैन।

**९.४ आत्महत्या**

महेन्द्रनगर नगरपालिका-७ का हर्कबहादुर वमका १२ वर्षीय छोरा कृष्णबहादुर वमले आफ्नो घरको गोठमा पासो लगाई आत्महत्या गरे। उनी जनसेवा माध्यमिक विद्यालयमा कक्षा ६ मा पढ्थे।

## ५.८ बैतडी

**१.१ हत्या / गोली**

गुरुखोला गाविस-४ की १६ वर्षीय भानु लोहारलाई निजकै पति नरवीरराम लोहारले ०५० चैत १४ गतेका दिन कुटपिट गरी हत्या गरे। मृतक भानु लोहार माइतबाट ढिला आएको भन्ने कुरामा झगडा हुँदा नरवीररामले हत्या गरी लाशलाई रूखमा झुण्ड्याई दिए।

**२.३ राजनीतिक स्वतन्त्रताको अधिकार**

०५१ कार्तिक २९ गते आम निर्वाचनका दिन महारूद्र गाविसमा रहेको जगदम्बा प्रा.वि. हतरङ्गाको मतदान उपकेन्द्रमा महारूद्र-७ का लाटुराम दमाईकी पत्नी गोपी दमाई भोट खसाल्न गइन्। उनी महीनावारीको अवस्थामा थिइन्। देउताको स्थानमा मतदान केन्द्र रहेको हुँदा नछुने भएकी आइमाईलाई भोट खसाल्न दिनु हुँदैन भनेर राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधि लक्ष्मणदत्त भट्ट र नेपाली कांग्रेसका प्रतिनिधि दशरथ भट्टले विरोध गरे। त्यो कुराको विरोध गर्दै गोपी दमाईले भोट हाल्न पाउनु पर्ने माग एमालेका प्रतिनिधि देवदत्त भट्टले गरे। त्यसपछि विवादले चर्को रूप लिई हातपात समेत भयो। गोपी दमाईले मताधिकार प्रयोग गर्न पाउने गरी विवाद समाप्त गर्ने काम पछि गरिएको थियो।

**४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना**

गीरेडाँडाको बलराका गोरखबहादुर चन्द भिरङ्गी रोगबाट पीडित रहेका कारण उनकी पत्नी १७ वर्षीय धना चन्दले पतिसंग नबस्ने मनसाय व्यक्त गरिन्। ०५१ असोज २५ गते उनको माइती पक्षबाट भारतीय रुपियाँ २३ हजार गोरखबहादुर चन्दलाई दिएर छोडपत्र गरियो। त्यसपछि उनी ग्वाल्लेकका शुक्र चन्दको घरमा बस्न थालिन्। त्यस बीचमा उनले थुप्रै दुःख व्यहोर्नु पर्‍यो। पहिलेको पतिका पक्षबाट धनालाई झिकाई पाउँ भनी प्रहरीमा उजुरी हालियो। उनलाई प्रहरीले लगी ३ दिनसम्म चौकीमा राख्यो। उता शुक्र चन्दले २३ हजार तिरेर त्यति महँगी महिला नराख्ने कुरा गरेपछि धनाको जीवन विचल्लीमा पर्‍यो। हाल १५ हजार भारतीय रुपियाँमा उनलाई कसैले स्वीकारेको बताइन्छ।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

वैतडीको भातेखोला गाविसमा रहेको कुलमस्ट जन माध्यमिक विद्यालयका प्र.अ. शेरबहादुर कठायतले ०५१ भदौ १५ गते कक्षा १० का छात्र देवीभक्त जोशीलाई कुटेर बेहोश बनाए। ३ दिनसम्म होश नखुलेपछि उनलाई उपचारार्थ नेपालगञ्ज हुँदै लखनऊ पुर्‍याउनु परेको थियो। भदौ १५ गते स्कूलका शिक्षकहरूको बैठक थियो। त्यस दिन पियन नआएकोले केही विद्यार्थीहरूलाई चिया पकाउन भनियो। चिया पकाउने क्रममा देवीभक्तले अलिकति चिनी र दुध खाएको कुरा प्र.अ.लाई अर्को विद्यार्थीले लगाएपछि उनलाई त्यसरी पिटिएको थियो।

## ५.९ दार्चुला

**१.१ हत्या / गोली**

दत्तु गाविस-७ का गणेशसिंह भाटले ०५० पुस २६ गतेका दिन वर्ष २४ की आफ्नी पत्नी जानकी भाटलाई हत्या गरी मारेका थिए। मादक पदार्थ सेवन गरी घर फर्किएको पीडकले पत्नीलाई पानी ल्याउन भन्दा नल्याएकोमा रिसले पिट्दा मृत्यु भएको थियो।

दत्तु गाविस-६ का मोहनसिंह धामीलाई आफ्नी पत्नीलाई "खाना नबनाएको" भनी हत्या गरेको आरोपमा ०५१ असोज ७ गते गिरफ्तार गरियो।

■

परिच्छेद ७

# सन् १९९४ र मानवअधिकार उल्लंघनका तथ्यहरु

# उल्लेख गर्न आवश्यक केही कुराहरू

- यो वर्ष पुस्तकमा सन् १९९४ भरिका अर्थात् ०५० पुस १७ गतेदेखि ०५१ पुस १६ गतेसम्मका घटनाहरू समावेश गरिएका छन्। यो वर्ष मात्र सार्वजनिक जानकारीमा आएका अघिल्ला वर्षहरूका केही घटना पनि उल्लेख गरिएका छन्।

- घटनाहरूको संकलन पश्चात यथासक्य विश्वसनीय घटनाहरू मात्रै वर्ष पुस्तकमा उल्लेख गरिएका छन्। केही घटनाहरूलाई विश्वसनीयताको अभावमा प्रकाशित गर्न सकिएन।

- मानवअधिकार उल्लंघनका घटनाहरूलाई प्रचारमा ल्याउने, त्यस्ता घटनाहरूबाट नागरिकहरूलाई सचेत गराउने, मानवअधिकार चेतनाको विकासमा सहयोग पुऱ्याउने र मानवअधिकारको स्थितिलाई सकारात्मक दिशातिर उन्मुख गराउने मनशाय वर्ष पुस्तकको हो। त्यस क्रममा उल्लेखित घटनाहरूबाट कसैको निजी जीवन, मान-सम्मान र स्वाभिमानमा आघात पर्न गएको भएमा हामी दुःखकासाथ क्षमा चाहन्छौं।

- वर्ष पुस्तक प्रकाशनका सिलसिलामा घटनाहरूको संकलन गर्न ७५ वटै जिल्लामा सूचना प्रेषकको व्यवस्था गरिएको थियो। तर जिल्लाहरूको प्रत्येक गाउँ र ठाउँमा पुगेर घटनाहरू संकलन गर्नु सम्भव भएन। त्यसकारण सार्वजनिक जानकारीमा नआएका केही घटनाहरू हाम्रा लागि अज्ञात नै रहन पुगेका पनि हुन सक्छन्। तापनि शोधका आधारमा पनि सकेसम्म हामीले भए जति घटनाहरूलाई संकलन गर्ने र उल्लेख गर्ने प्रयत्न भने गरेका छौं।

- विभिन्न पत्रपत्रिकाहरू पनि वर्ष पुस्तकको सूचना श्रोतका आधारहरू मानिएका छन्। पत्रपत्रिकामा प्रकाशित सूचनाको आधारमा सम्बन्धित पक्ष वा निकायमा सम्पर्क गरेपछि मात्र घटनाहरूलाई समावेश गर्ने काम भएको छ।

- बलात्कारका घटनाहरूमा बलात्कृत महिलाहरूको नाम दिइएको छैन। पीडित महिलाहरूको सामाजिक एवं व्यक्तिगत जीवनमा कुनै समस्या नपरोस् भन्ने धारणाले गर्दा नाम उल्लेख नगरिएको हो।

- स्थानीय बोली, भाषा र लय आदि जस्ता कारणले गर्दा कतिपय व्यक्ति र ठाउँको नाममा केही फरक पर्न गएको पनि हुनसक्छ। त्यस्तो गल्ती भेटिएको खण्डमा जानकारी दिन हामी सबैमा हार्दिक अनुरोध गर्दछौं।

- तथ्यांकका अन्य आधारहरू

  क. केन्द्रीय तथ्यांक विभागको वर्ष पुस्तक-१९९३।

  ख. स्थानीय सामाजिक संघ, संस्था, व्यक्तिहरू।

  ग. स्थानीय न्यायिक, अर्ध न्यायिक, प्रशासनिक र सुरक्षा सम्बन्धी निकायहरू।

  घ. मानवअधिकार वर्ष पुस्तक १९९२ र १९९३।



# पूर्वाञ्चल

१.१ झापा

१.२ इलाम

१.३ पाँचथर

१.४ ताप्लेजुङ्ग

१.५ मोरङ्ग

१.६ सुनसरी

१.७ धनकुटा

१.८ तेह्रथुम

१.९ भोजपुर

१.१० संखुवासभा

१.११ सप्तरी

१.१२ सिरहा

१.१३ उदयपुर

१.१४ खोटाङ्ग

१.१५ ओखलढुंगा

१.१६ सोलुखुम्बु



# १. पूर्वाञ्चल

# मेची

## १.१ झापा

जनसंख्या : ५९३७३७

साक्षरता : ५६.१ प्रतिशत

महिला साक्षरता : ४४.४ प्रतिशत

क्षेत्रफल : १६०६ वर्ग कि.मी.

नेपालको अत्यधिक चर्चामा आउने यो जिल्ला पूर्वी नेपालको राजनैतिक रूपमा सचेत जिल्ला हो। यस जिल्लाको दक्षिण र पूर्वमा भारतीय भूभाग रहेको छ भने पश्चिममा मोरङ जिल्ला र उत्तरमा इलाम पर्दछ। भारतसंगको खुला सीमाना र भूटानी शरणार्थीहरूको वसोवासका कारण चोरी, डकैती, बलात्कार र अन्य सामाजिक विकृतिहरू यस जिल्लामा फैलिएको देखिन्छ। यहाँ घटेका विविध घटनाहरूलाई हेर्दा मानवअधिकार उल्लंघन भएको प्रष्ट हुन्छ। मानवअधिकारका लागि कतिपय आन्दोलनहरूमा संलग्न यस जिल्लावासीहरू प्रजातान्त्रिक आन्दोलनहरूसँग परिचित रहेका र आफ्ना अधिकार सम्बन्धमा समेत यथेष्ट सचेत रहेका देखिन्छन्।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

दमक नपा-११ मा होटल चलाई बसेकी मैयादेवी गौतमलाई ०५० पुस २६ गते दमक थानाका सई लोकेन्द्र श्रेष्ठले उम्लिरहेको मातको माड खन्याइ दिंदा उनी सिकिस्त रूपमा घाइते भएकी थिइन्। सईले नौ बजे पछि पसल बन्द नगरेकोमा पक्राउ गर्न खोज्दा माड पोखिई उनको शरीरमा परेको भनेता पनि सो कुरासंग कोही सहमत भएनन्। यस घटनालाई लिएर भोलिपल्ट पुस २७ गते नगरवासीहरूले विरोध कार्यक्रमको आयोजना गरे। राजमार्गको यातायात समेत अवरूद्ध भएको थियो। भीडलाई नियन्त्रण गर्न प्रहरीले अन्धाधुन्ध गोली चलायो। प्रहरीको गोलीबाट हिमालय टी स्टेट दमकका मजदूर मानबहादुर सार्कीको घटनास्थलमै मृत्यु भयो। यस घटनाप्रति बढ्दो जन दबाव र विरोध कै कारण सई लोकेन्द्र श्रेष्ठलाई निलम्बन गरी विभागीय कारवाही चलाइएको थियो।

दमक नपा-११ दमक बजारमा ०५० पुस २७ गते प्रहरी र जनसमूह वीच भीडन्त हुँदा प्रहरीको गोलीबाट १२ वर्षीय गीता सन्तराजको मृत्यु हुनाका साथै अन्य ४ जना घाइते भए। घाइते हुनेहरूमा मोरङ गोविन्दपुर-१ का नागेन्द्र राजवंशी, लखनपुर-४ का जीवनकुमार बाँसकोटा, लखनपुर-३ का दुर्गाराज भण्डारी र गौरादह-४ का दीपेन्द्र थापा थिए। स्मरणीय छ २६ गते राती घटेको घटनाको विरोधमा महिलाहरूको जुलुस २७ गते निस्केको थियो।

सत्रासीधाम गाविस-९ का कर्णबहादुर राईलाई ०५० माघ १५ गते मित्रबहादुर राईले लठ्ठीले पिटी हत्या गरे। पीडक मित्रबहादुर राईलाई मृतकका परिवारको सहयोगमा ०५१ वैशाख ४ गते प्रहरीले पक्राउ गऱ्यो। अभियुक्तले हत्या गरेको स्वीकारी हत्या गरेको स्थान देखाएपछि मृतकको शवको अवशेष पाइएको थियो। धनमाल लुट्न हत्या गरिएको कुरा अभियुक्तले बताएका थिए। अदालतको निर्णय अनुसार ज्यान मारेको अभियोगमा अभियुक्त मित्रबहादुर राई सर्वस्व सहित जन्म कैद भोगिरहेका छन्।

महेशपुर गाविस-८ का १५ वर्षीय युवराज राईको ०५० फागुन २७ गते एकान्त खेतमा हत्या गरियो। मृतकको मुखबाट रगत बगेको, पेटमा नील डाम, दाहिने हातमा चोट लागेको र एकजोडी चप्पल छाती माथि रहेकाले हत्या भएको प्रष्ट हुन्छ। उनीसँगै भुस लिन गएका उनका साथी धीरेन्द्र पराजुलीलाई प्रहरीले अनुसन्धानका लागि हिरासतमा राखेको छ।

दमक नगरपालिका-१५ मा भर्खरै जन्मिएकी

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | १ | २ |
| हिरासतमा यातना | - | १ | २ |
| बलात्कृत | - | १ | ५ |
| आत्महत्या | - | १ | १६ |



*मैयादेवी गौतम : उम्लीरहेको भातको माडको शिकार*

बच्चीको हत्या गरी फालिएको शव ०५१ वैशाख २५ मा प्रहरीले फेला पारेको थियो। कसैले अनैतिक सम्बन्धबाट गर्भधारण गरी बच्ची जन्मनासाथ हत्या गरेको हुन सक्ने बताइन्छ। यस सम्बन्धमा कोही पनि पक्राउ परेको छैन।

तोपगाछी गाविस-५ का राजेन्द गुरूङलाई ०५१ वैशाख १६ गते सोही ठाउँका श्याम खड्काले छुरी प्रहार गरी हत्या गरे। मृतकले आफ्नी जेठी पत्नीसंग अनुचित सम्बन्ध राखेको शंका गरी ढुकी बसेका श्याम खड्काले जेठी पत्नीको कोठामा राजेन्द्र गुरूङ पस्ने वित्तिकै छुरा प्रहार गरेका थिए। सो थाहा पाई भागेका गुरूङलाई बाटैमा हत्या गरे। सो सम्बन्धमा श्याम खड्कालाई गिरफ्तार गरी हिरासतमा राखिएको छ।

लखनपुर गाविस-१ का तारापति गुरुङको घरमा ०५१ जेठ ३० गते राती डाँकाहरूले धनमाल लुट्नुका साथै गोली समेत चलाए। डाँकाको गोलीबाट तारापति गुरूङको मृत्यु हुनाका साथै आमा चन्द्रकला गुरूङ घाइते भइन्। घाइते चन्द्रकला गुरूङ केही महीना अघि मात्र अरबबाट नेपाल फर्केकी थिइन्। यस घटनामा कसैलाई पनि पक्राउ गरिएको छैन।

अर्जुनधारा गाविस-५ का दाउरे प्रेमलाल तामाङलाई वन रक्षकहरू ज्ञानबहादुर फुँयल, राजकुमार श्रेष्ठ, गणेशबहादुर आले र राम उद्गार यादवले ०५१ असार ३ गते काठ ल्याएकोमा कुटपिट गरे। वनरक्षकहरूले कुदन थालेपछि भाग्न खोजेका प्रेमलाल तामाङलाई बन्दूकको कुन्दाले हिर्काइयो। त्यसपछि तामाङले पनि दाउराको भारीबाट खुकुरी झिकी चलाए। त्यस खुकुरीको चोटबाट वन रक्षक ज्ञानबहादुर फुँयल र राजकुमार श्रेष्ठ घाइते भएपछि भाग्न खोजेका प्रेमलाल तामाङलाई वन रक्षक गणेशबहादुर आलेले चलाएको गोली देब्रे खुट्टाको तिघ्रमा लागी सख्त घाइते भई ढले। त्यसपछि पनि बेहोस नहुन्जेल तामाङलाई पिटियो। पीडितका दाजु प्रहरी साथमा लिई आए र एम्बुलेन्समा हाली घाइते तामाङलाई मेची अस्पताल पुन्याए। उक्त घटनाको छानवीनका लागि तीन सदस्यीय आयोग गठन गरिएको थियो।

दमक नपा-३ का कुलबहादुर विश्वकर्माको ०५१ असार ५ गते सोमबहादुर बलमपाकीको पिटाइबाट मृत्यु भयो। साधारण रीसइवी र भनाभनमा बलमपाकीले पिटेका थिए। पीडकलाई प्रहरीले हिरासतमा राखी अनुसन्धान गरिरहेको छ।

धुलाबारी गाविस-५ का विश्वेश्वर मलाहाले आफ्नी पत्नी रूमासिनी मलाहालाई ०५१ साउन ८ गते तेजाब खन्याई हत्या गरे। मृतकले अन्य पुरूषसंग सम्बन्ध राखेको आरोप पति मलाहाले लगाएका थिए। प्रहरीमा दिएको सावित्ती बयान अनुसार अन्य पुरूषसंग लागेको यकिन भएर मार्ने उद्देश्यले नै तेजाब खन्याई दिएको बयान पीडकले दिएका छन्। उनलाई ०५१ साउन १२ मा पक्राउ गरी अदालतमा पेश गर्दा थुनामा राख्ने आदेश अदालतले दिएको छ।

धरमपुर गाविस-१ मा बाभोगरा गाविस-१ का तुमुक लिम्बूलाई ०५१ साउन २७ गते मृत अवस्थामा फेला पारियो। मृतकको साथमा घडी र ४ सय २८ रूपियाँ फेला पऱ्यो। मृतकको मुख र कानबाट रगत निस्किएको थियो भने शरीरका अन्य भागहरूमा नीलडाम देखिन्थे। पोष्टमार्टम पछि दाह संस्कार गरिएको थियो। मृत्यु हुनु अघिल्लो दिनसम्म दमक बजारमा मासु बेचिरहेका लिम्बुको भोलिपल्टै त्यस अवस्थामा मृत्यु भएको पाइएकाले हत्या गरिएकै देखिन्छ तर त्यस सम्बन्धमा कुनै छानवीन भएन र कोही पनि पक्राउ परेको छैन।

खजुरगाछी गाविस-७ का अशोकप्रसाद यादवलाई ०५१ भदौ २० गते भारतीय डाँकाहरूले हत्या गरे। हातहतियार सहित आएका डाँकाहरूले ३५ हजार बराबरको धनमाल लुटेका थिए। भारतीय प्रहरीहरूसंग मिली तिनीहरूलाई पक्रने प्रयास गरिएको छ भनी जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

शनिश्चरे गाविस-७ का ६५ वर्षीय सेतु राईलाई उनकै घरमा सोही ठाउँका ३२ वर्षीय राम निरौलाले मादक



*पुस २७ गते दमकमा भएको गोली काण्डमा मरेका मानबहादुर सार्की*

पदार्थ सेवन गरी ०५१ असोज २७ गते छुरी प्रहार गरे। छुरीको प्रहारबाट घाइते भएका राईको उपचार गर्दा गर्दै मृत्यु भएको थियो। मादक पदार्थ खाई गाउँ घरमा जे पायो त्यही गर्नु हुँदैन भनी सम्झाएकोमा उनीमाथि छुरा प्रहार गरिएको थियो। अभियुक्त निरौलालाई प्रहरीले २७ गते कै दिन पक्राउ गरी कारवाही शुरू गरेको थियो।

भद्रपुर नगर पालिका-५ बस्ने मेची वहुमुखी क्याम्पस भद्रपुरका ल्याव ब्याय सिंहबहादुर वस्नेतलाई ०५१ कात्तिक ३० गते हत्या गरी लाशलाई घरको ढोका छेउमा फालियो। सो सम्बन्धमा प्रहरीले मृतककी पत्नी वर्ष ३० की विष्णुमाया तामाङ र सोही क्याम्पसका पियन वर्ष ३१ को हरि पौडेललाई ०५१ मंसीर १४ गते पक्राउ गरी कारवाही चलाएको थियो। भनिन्छ विष्णुमाया र हरि पौडेलको वीचमा अनैतिक सम्बन्ध कायम भएकोले मृतकले पत्नीलाई कुटपिट गर्ने गर्दथे। हत्या हुने दिन मृतकले मादक पदार्थ सेवन गरेका थिए र राती १० बजे टिभि हेर्दा हेर्दै हरि पौडेलसंग भनाभन भएको थियो। त्यसको केही घण्टामा नै उक्त घटना हुन गयो।

वाहुनडाँगी गाविस-३ की १६ वर्षीय देवीमाया न्यौपाने ०५१ कात्तिक ३० गते काकरभिट्टा गएकी थिइन्। सोही दिनदेखि घर नफर्केकी न्यौपानेको लाश मेची नदीको किनारमा ०५१ मंसीर ८ गते वालुवाले पुरिएको अवस्थामा फेला पर्‍यो। सो सम्बन्धमा काकरभिट्टा निवासी २२ वर्षीय राकेश राईलाई प्रहरीले ०५१ मंसीर १३ गते पक्राउ गरी अनुसन्धान गरिरहेको छ। प्रत्यक्षदर्शिले बताए अनुसार अभियुक्त राईले देवीमाया न्यौपानेलाई लिई हिंडिरहेका थिए।

अनारमुनी गाविस-३ का ४८ वर्षीय नुनु मियाँले ३ महिनाकी छोरी तेहरा खातुनलाई सारीको टुक्राले घाँटीमा बाँधी ०५१ मंसीर २१ गते रहरीको बुटामा झुण्डाई मारे। दुई पत्नी भएका मियाँका दुवै पत्नीहरूबाट धेरै छोरीहरू मात्र जन्मिएकाले दिक्क भएका थिए। परिवार ठूलो भएका मियाँ खाने लगाउने समस्याले मानसिक रूपमा समेत चिन्तित थिए। पीडक मियाँलाई मंसीर २२ गते प्रहरीले पक्राउ गरी हिरासतमा लिएको छ।

पाँचगाछी गाविस-३ का ६४ वर्षीय रविलाल राजवंशी मृत अवस्थामा कन्काई नदीको बगरमा वालुवाले पुरिएको अवस्थामा ०५१ मंसीर २२ गते फेला परे। मृतक मंसीर १८ गतेदेखि नै घरबाट हराएका थिए। यस घटनाका सम्बन्धमा प्रहरीले कसैलाई पक्राउ गरेको छैन।

काकरभिट्टामा ०५१ पुस १० गते ९ वर्षीय वालिकालाई आफ्नै वावुले पाल्न नसकेर हत्या गरी रूखमा झुण्ड्याई दिए। अभियुक्तलाई पक्राउ गरी कार्वाही चलाइएको छ।

## १.२ जेल र वन्दीहरू

झापा जेलको स्थितिमा सुधार आएको छैन। कारागारलाई मर्मत सुधार गर्नु पर्नेमा हालसम्म केही भएको पाइदैन। जेल घेरिएको पर्खालको उचाई कम भएको र पर्खाल पनि जीर्ण अवस्थामा छ। वाहिरी कम्पाउण्ड खुल्ला भएको र सुरक्षा कर्मीहरूको समेत कमी रहेको बताइन्छ।

करीव २ विघा २ कट्ठा १८ धुर क्षेत्रफल भएको झापा जिल्ला कारागारको क्षमता १ सय ७५ जनासम्म वन्दीहरू अटाउने रहेको छ। हाल यो जेलमा २ सय ४८ जना वन्दीहरू रहेका छन्। जसमा २ सय २८ जना पुरूष र २० जना महिला तथा २ जना नाबालकहरू रहेका छन्। ती मध्ये आरोपित १ सय ५१ जना र दोष प्रमाणित भएका ९७ जना वन्दीहरू छन्।

बन्दीहरूले नियमानुसार पाउनु पर्ने सुविधाहरू पाएका छैनन्। वर्षको दुई चोटी वैशाख र कात्तिकमा वन्दीहरूलाई एक एक जोर लुगा दिने गरिन्छ। लुगा बाँड्ने महिना नआउन्जेल पर्खनु पर्ने हुन्छ। खेलकूदका सामग्रीहरू र अन्य मनोरन्जनका साधनहरू उपलब्ध गराइएको छैन। बन्दीहरूका लागि डाक्टरको दरबन्दी भएता पनि डाक्टर तथा स्वास्थ्य सहायक हाल कोही पनि नभएकाले उपचार व्यवस्था छैन।

बन्दीहरूले आवश्यक उपभोग्य सामग्रीहरू जेलको मूल ढोका बाहिर किन्न पाइयोस् भनी माग राखी ०५१ साउन ५ गते भोक हड्ताल गरे। जेल भित्र चोरी गर्ने, बन्दीलाई कुटपिट गर्ने र कहिले कहीं नेल लगाउने समेत गरिन्छ। वन्दीहरूले तुरून्तै महिलाहरूलाई पेटीकोट र पुरूषका लागि भित्री कट्टूको कपडा थप गरिनु पर्ने तथा कर्मचारीको कमीले रासन सिदा वितरणमा अप्ठेरो परेको बताएका छन्।

## १.३ गिरफ्तारी र यातना

चारपाने गाविस-१ वस्ने मेची वहुमुखी क्याम्पसका सहायक क्याम्पस प्रमुख कुमार वस्नेतलाई ०५० फागुन २९ गते अमानवीय व्यवहार गर्दै सई विनोद खड्काले हिरासतमा राखे। सवारी दूर्घटना भई मेची अंचल अस्पतालमा उपचार गराइरहेका छिमेकीको तर्फबाट पीडित कुमार वस्नेतले गाडी कसको हो पत्तो लगाई दिन प्रहरीलाई अनुरोध गरेका थिए। सई खड्काले एक्कासी उत्तेजनामा आई वस्नेतलाई थुन्ने आदेश दिए। नेपाल प्राध्यापक संघ मेची क्याम्पस इकाईको प्रतिनिधि मण्डलले प्रमुख जिल्ला अधिकारी र एसएसपी संग भेटी कुरा गरे। अन्त्यमा एसएसपी र सहायक क्याम्पस प्रमुख कुमार बस्नेतसंग सईले माफी मागेका थिए।

धुलावारी गाविस-९ का गोकुल पोखरेललाई ०५० चैत १२ गते सोही ठाउँ वस्ने राजन लम्जेलले गाली वेइज्जती तथा हातपात गरे। पीडकलाई पक्राउ गरिएपछि इलाका प्रहरी कार्यालय धुलावारीमा गाविस अध्यक्ष गोविन्द पराजुली समेतका व्यक्तिहरू गएका थिए। त्यस कार्यालयका सई डिल्लीप्रसाद ढकाल मादक पदार्थ खाई नशामा मस्त थिए। कारवाहीको माग गर्न गएका व्यक्तिहरूमाथि उल्टै लाठी प्रहार गराउँदा गाविस अध्यक्षले बढी लाठी खाए तर पीडक राजन लम्जेललाई कुनै कारवाही नै नगरी सोही रात छोडिदिए। सो घटनाका सम्बन्धमा प्रजातान्त्रिक युवा संघ तथा नेकपा एमाले धुलावारीले विरोध एवं भर्त्सना गर्दै प्रेस वक्तव्य जारी गरी सइ



*भद्रपुर जेलको बाहिरी दृश्य*

डिल्लीप्रसाद दङ्गाल र राजन लम्जेललाई कारवाही गरियोस् भनी माग गरेका छन्।

दमक नपा–११ को सिद्धार्थ वोर्डिङ स्कूलका शिक्षक शाहजी वावुलाई ०५१ जेठ २८ मा शारदा दाहाल, अर्जुन दाहाल, कुन्ती वंशल, हनुमान अग्रवाल र सुनिल अग्रवाल लगायतको जमातले हातपात गर्‍यो। भोलिपल्ट पनि सो जमातले विद्यालयमा गई तोडफोड गर्नुका साथै शिक्षक शिक्षिकाहरूलाई समेत हातपात गर्‍यो। प्रहरीको उपस्थिति भएता पनि उनीहरूले नियन्त्रण गर्न सकेनन्। आक्रमणकारीहरूको दबावमा उल्टै प्रिन्सिपल तेजकुमार श्रेष्ठलाई हत्कडी लगाई डि.एस.पी. छोक्पा शेर्पा लगायतका प्रहरीले थानामा लगे। प्रिन्सिपललाई साँझमा घर फर्कन भनेता पनि हत्कडी लगाउनुको कारण नबताएसम्म घर नजाने कुरा वताए र तीन दिन पछि मात्र घर फर्केका थिए। सो विद्यालयकी छात्रा कविता वंशललाई विद्यालय प्रशासनले अमर्यादित आचरण गरे वापत सात दिनसम्म निलम्वन गरेको थियो। कविता घर फर्कने वित्तिकै विरामी भइन् र अचानक भोलिपल्ट उनको मृत्यु भएको थियो। सोही घटनालाई लिई विद्यालयले निष्काशन गरेकै कारण उनले आत्महत्या गरेकी हुन् भनी स्थानीय व्यक्तिहरूले विद्यालयमा आक्रमण गरेका थिए। कविताको मृत्यु स्वभाविक भएको कारण पोष्टमार्टम नै नगरी दाहसंस्कार गरिएको थियो।

गोलधाप स्थित भूटानी शरणार्थी शिविरमा संचालित लूमिङ लोटस इङ्गलिस स्कूलका भवानीप्रसाद आचार्य लगायतका अन्य पाँच जना शिक्षकहरूलाई ०५१ साउन १८ गते सार्वजनिक अपराध अन्तर्गत हिरासतमा लिइएको थियो। सो दिन संयुक्त राष्ट्रसंघीय मानवअधिकार आयोगका उच्चायुक्त होजे आयला लास्साले शिविर निरीक्षण गर्ने कार्यक्रम थियो। सो कार्यक्रममा उक्त स्कूल पनि निरीक्षण गरियोस् भनी शिक्षकहरूले प्रस्तावित गरेका थिए। शिविरका पिएन नारायण खतिवडाले सो कार्यक्रम राख्न मानेनन्। उच्चायुक्त लास्सो फिर्ता भएपछि विद्यार्थी र नारायण खतिवडा वीच भनाभन भएको थियो। त्यस पछिको स्थिति एकदमै शान्त थियो। नारायण खतिवडाले स्थिति खतरनाक भएको र सोका लागि दमकल, एम्वुलेन्स तथा प्रहरीहरू आवश्यक भएको भनी मगाए। सोही कुरा प्रमुख जिल्ला अधिकारी तथा एसपीले समेत सुनेकाले उनीहरू पनि फेरि गोलधाप फर्किए। शिक्षकहरूलाई बोलाइयो र वार्ता चलाइयो। छलफलको क्रममा शिक्षकहरूमाथि आपत्तिजनक शब्दहरू प्रयोग गरियो र शिक्षकहरूले सो शब्दको प्रतिवाद गर्दा उनीहरू उत्तेजित भए भन्ने आरोपमा प्रमुख जिल्ला अधिकारीले गिरफ्तार गर्न लगाउनु भएको थियो। शिक्षकसंग प्रतिव्यक्ति ३ हजार धरौटी लिई छोडियो।

इलाका प्रहरी कार्यालय विर्तामोडले प्रहरीलाई अनादर गरेको आरोपमा व्यापारी महावीर अग्रवाललाई ०५१ भाद्र ४ गते हिरासतमा राख्यो। एउटा मारूती भ्यानले रिक्सामा ठक्कर दिई चोटपटक लागेकी महिलाले उपचार खर्च दिलाई पाउँ भनी प्रहरी निरीक्षक प्रल्हाद गजुरेललाई उजुरी गरेकी थिइन्। त्यस घटनामा ठक्कर दिने मारूती भ्यान महावीर अग्रवालको हो कि भनी प्रहरी निरीक्षकले बुझ्न पटक पटक बोलाएकोमा अनादर गरी अटेर गरेका थिए। त्यसपछि प्रहरी सहित उनी चौकीमा आए तर वाद विवाद भयो र प्रहरी निरीक्षकले कुटपिट गरे। हिरासतमा रहेका पीडित अग्रवालले अव यस्तो गर्दिन भनेर कागज गरी सोही दिन छुटे।

### १.४ वेपत्ता पारिएको

यस जिल्लामा यस वर्ष कुनै पनि व्यक्तिलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

काकरभिट्टा गाविस–८ का २५ वर्षीय दीपक कार्कीलाई ०५१ असोज २५ गते सोही ठाउँका दिनेश राई, नवराज राई, वलजीत राई, वालहरि राई र हरिकुमार तामाङ समेतको जत्थाले खुकुरी प्रहार गरी सख्त घाइते बनाएको थियो। पीडित कार्कीले केही समय अगाडि उल्लेखित अभियुक्तहरूलाई ९० हजार विगो तोकी मुद्दा दायर गरेकाले प्रतिशोध स्वरूप ज्यान मार्ने उद्योग भएको थियो। पीडक दिनेश राई र नवराज राईलाई ०५१ असोज २७ गते पक्राउ गरी हिरासतमा लिएको र बाँकी पीडकहरू फरार छन्।

काकरभिट्टा गाविस–८ का ६७ वर्षीय दिलबहादुर राईलाई आफ्नै छोरा ३५ वर्षीय हीरा राईले ०५१ कात्तिक ५ गते बन्चरोले प्रहार गरी सख्त घाइते बनाए। घरायसी अंशबण्डाबाट यो घटना हुन गएको थियो। अभियुक्त हीरा राईलाई ०५१ कात्तिक ७ गते प्रहरीले पक्राउ गरी ज्यान मार्ने उद्योग अन्तरगत कारवाही चलाई रहेको छ।

### १.६ थुनामा मृत्यु

वन्दी अवस्थामा जेलमा रहेका वर्ष ६० का चिल्का ताजपुरिया र वर्ष ४१ का शिविमा झगडाको विरामी भई

अस्पतालमा उपचार गर्दा गर्दै क्रमश ०५१ वैशाख १६ र ०५० चैत २९ गते मृत्यु भयो।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

तोपगाछी गाविसको केरखा बजारमा ०५१ असोज २३ गते तात्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आउनु हुँदा जनसमुदायले कालो भण्डा देखाई विरोध प्रदर्शन गरे। प्रदर्शनकारीहरूलाई तितर वितर पार्न प्रहरीले लाठीचार्ज गऱ्यो। जनसमूहले प्रतिकारस्वरूप ढुंगामुढा गर्दा प्रहरी जवान वीरबहादुर बुढाथोकी लगायत अन्य दुई प्रहरीहरूलाई सामान्य चोट लागेको थियो। उक्त घटनाका सिलसिलामा सोही गाउँका काजीबहादुर राई, ताराप्रसाद रिजाल र दमक-४ का दुर्गाप्रसाद दाहाललाई ०५१ असोज २४ गते प्रहरीले पक्राउ गरी सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाएको थियो। उनीहरू पछि तारिखमा छुटेका थिए।

### २.२ धार्मिक स्वतन्त्रता

यो वर्ष यस जिल्लामा धर्मकै कारण कुनै उल्लेख्य घटना भएको जानकारीमा आएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

भद्रपुर नपा-२ स्थित एमाले पार्टी कार्यालय नजिक ०५० माघ १७ गते साँझ ८.३० बजे एमाले कार्यकर्ता गोरख बानियाँ र कृष्ण पाण्डेलाई कांग्रेस समर्थक मदन लिम्बु लगायतको हुलले हमला गरी घाइते तुल्याएको थियो। पीडित कार्यकर्ताहरू माघ २५ गते हुने क्षेत्र नं. १ को उपनिर्वाचनको प्रचार प्रसार कार्यमा संलग्न थिए। उक्त घटनाको विरोध गर्दै एमाले नेताहरूले प्रमुख जिल्ला अधिकारीसंग कारवाहीको माग गरेका थिए तर प्रशासनले राजनैतिक भगडा भनी कारबाही नगरेको बताइयो।

पृथ्वीनगर गाविस-५ भिलभिलेका टीका दोर्जेलाई ०५० माघ २५ गते सोही गाविसको सगरमाथा मतदान केन्द्रमा पेस्तोल सहित पक्राउ गरी जनसमूहले प्रहरीको जिम्मा लगायो। दोर्जेले बयान दिए अनुसार पृथ्वीनगर गाविस अन्तर्गतका मतदान केन्द्रहरूमा डर, त्रास र आतंक सिर्जना गर्न पेस्तोल दिई नेपाली कांग्रेसले खटाएको थियो भनिन्छ। सतासीधाम गाविस अन्तरगत लालभोडाको भानु निमाविका शिक्षक दोर्जे एमालेको भोट बैंक मानिने पृथ्वीनगर गाविसमा आतंक मच्चाउन आएका थिए।

पथरिया गाविस-८ मा ०५० माघ २५ गते सम्पन्न उपनिर्वाचनमा विजयी नेपाली कांग्रेसले विजय जुलुस निकालेको थियो। उक्त जुलुसलाई विशेष गरी एमाले समर्थकहरूलाई उत्तेजित गर्ने उद्देश्यले अराजनैतिक नारा लगाउँदै एमाले समर्थकहरू बसोबास गर्ने गाउँहरूतिर लगियो। सो नारा नलगाउन एमाले समर्थकहरूले सम्भाए तर कुनै वास्ता गरिएन। त्यसपछि उत्पन्न विवादले चर्को रूप लिई भीडन्त शुरू भयो। भीडन्तमा कांग्रेस कार्यकर्ता गंगाप्रसाद राजवंशी, बलबहादुर थापा र श्रीप्रसाद गुरागाईं घाइते भए। सो भीडन्तमा नाम थाहा हुन नसकेका केही एमाले कार्यकर्ता पनि घाइते भएका थिए। यस घटनाको सिलसिलामा एमाले समर्थकहरू तिलबहादुर बस्नेत, शेखर कोइराला, गंगादास भट्टराई, टंकप्रसाद अधिकारी, घमबहादुर भट्टराई र मेखबहादुर भट्टराईलाई प्रहरी हिरासतमा राखिएको थियो।

पृथ्वीनगर गाविस-२ स्थित दीपक प्राथमिक विद्यालयमा ०५१ कात्तिक २९ गते मतदान भइरहेको बेला दिउँसो १ बजेतिर सोही ठाउँ बस्ने नेपाली कांग्रेस गाविस अध्यक्ष कुलप्रसाद संग्रौला र नीजका छोरा सरोज संग्रौलाले हतियार देखाई आतंक मच्चाए। उपस्थित जनसमुदायले उनीहरूलाई हतियार सहित पक्राउ गरी प्रहरीको जिम्मा लगाएका थिए।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यो जिल्लाका नागरिकहरूमा न्यायालयप्रति सकारात्मक धारणा छ । तापनि ढिलासुस्तीप्रति जनताको चर्को गुनासो छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

गतवर्षको पुस्तकमा उल्लेख गरिएको स्थितिमा कुनै परिवर्तन देखिएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

पृथ्वीनगर गाविस-५ का तुलाराम खड्काले अनारमनी गाविस-३ की १८ वर्षीय सुश्री गंगा भट्टराईलाई ०५० फागुन १ गते १६ हजार भारतीय रूपैयाँ लिई बम्बैमा बिक्री गरेका थिए। यस अघि उनले सातवटी महिलालाई बिक्री गरेको बयान दिएका छन्। अभियुक्त सोही अपराधमा उदयपुरमा पक्राउ परी हिरासतमा रहेकै बखत गंगा भट्टराई घर फर्की उजुरी दिएपछि भापा प्रहरीले भिकाइ बयान लिएको थियो। अभियुक्तलाई हिरासतमा नै राखिएको छ।

राजगढ गाविस-३ की वर्ष ९ की बालिकालाई जलथल जंगलमा दाउरा लिन गएको बेला ०५० चैत्र २ गते सरणामति गाविसका ३० वर्षीय टंकप्रसाद सेढाईले जवर्जस्ती बलात्कार गरेका थिए। भापा जिल्ला अदालतले पीडक सेढाईलाई पुर्पक्षको लागि थुनामा राख्ने आदेश दिएको छ।

भापाको न्यूगिरी बन्धु चिया कमान बुटाबारीकी १४ वर्षीय सुश्री पवित्रा राईलाई बाहुनडाँगी गाविस-७ बस्ने श्रीमती

मिना थापा र दमक नपा-११ मा डेरा गरी बसेको झक्कु भन्ने महेन्द्र अग्रवाल तथा नीजकी पत्नी समेतको मिलोमतोमा ०५० चैत १९ गते बम्बई पिला हाउस स्थित कमला तामाङको कोठीमा २० हजार मा बिक्री गरेका थिए। झापा चन्द्रगढी एसपी कार्यालयमा दिएको सावित्ति बयान पछि अभियुक्तहरूलाई कानूनी कारवाहीका लागि हिरासतमा राखिएको छ। किराँतहरूको "यायोक्खा" नामक संस्थाद्वारा गृहमन्त्रालयमा कारवाही चलाए अनुसार सो मन्त्रालयले परराष्ट्र मन्त्रालयलाई जानकारी दिई सकेको छ। परराष्ट्र मन्त्रालयले भारतीय दूतावास मार्फत उद्धार कार्य अघि बढाइरहेको जानकारी पाइएको छ।

ज्यामिरगढी गाविस-९ की १७ वर्षीय एक युवतीलाई ०५१ जेठ ३ गते सोही ठाउँ बस्ने सोमनाथ खड्काले मकैबारी भित्र घाँस काटी रहेको बेला जवर्जस्ती बलात्कार गरेका थिए। पीडक खड्का हालसम्म फरार रहेको र उनका बाबु दाजुहरूले पीडित पक्षहरूलाई डर, त्रास र धम्की देखाउँदै सो घटनालाई ढाकछोप गर्न सफल भए। पीडित पक्षले हालसम्म घटनाको सम्बन्धमा कहीं पनि उजुरी गरेका छैनन्।

बनियानी गाविस-२ का २० वर्षीय शिव घिमिरे र १६ वर्षीय दुर्गादेवी थापाको वीचमा केही समयदेखि अनुचित सम्बन्ध कायम हुँदै आएको थियो। ०५१ असार महिनामा दुर्गादेवी थापाको घरमा हली बसेका जङ्गे भन्ने केटोले देखेपछि सम्बन्ध सार्वजनिक हुन गयो। केटी जिम्मा लगाउन खोज्दा नलिई राहत स्वरूप १० हजार केटीलाई दिने केटा पक्षको निर्णयलाई सबैले स्वीकार गरे तर हाल सम्म सो रकम पीडित पक्षले पाएको छैन। कानूनी कारवाही गर्न सामाजिक दबावको कारण केटी पक्ष असमर्थ देखिएको छ भने केटी अलपत्र अवस्थामा छिन् ।

धरमपुर गाविस-८ की १३ वर्षीय वालिकालाई ०५१ भाद्र २० गते सोही ठाउँका महेन्द्र चौधरी लागयत तेजबहादुर नेम्वाङ्ग, भीमबहादुर लिम्वु र शैलेन्द नेम्वाङ्गले सामूहिक बलात्कार गरेका थिए। हाल महेन्द चौधरीलाई हिरासतमा लिइएको र अन्य पीडकहरू फरार रहेका छन्।

तोपगाछी गाविस-८ की ६ वर्षीय बालिकालाई सोही स्थानमा वस्ने २० वर्षे ईश्वरी प्रसाद गौतमले ०५१ भदौ २६ गते बलात्कार गरेका थिए। वालिकाका काकाले भतिजी रोइ कराइ गरेको सुनेर घरभित्र पस्दा बलात्कारी गौतम कुकर्म गरिरहेका थिए। पीडक तत्काल भाग्न सफल भएपनि भदौ २७ गते पक्राउ गरी दमक इलाका प्रहरी कार्यालयले कानूनी कारवाही चलाउन हिरासतमा लिएको छ।

बाहुनडाँगी गाविस-२ की मानसिक असन्तुलन भएकी ४५ वर्षीय विधुवालाई सोही गाविस-४ बस्ने पुष्प पोखरेलले जबर्जस्ती बलात्कार गरेका थिए। अभियुक्त पोखरेललाई कारवाहीको लागि हिरासतमा लिइएको छ।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

हल्दीवारी गाविस-१ का ३२ वर्षीय श्रीकुमार थपलिया (सहायक प्राध्यापक मेची क्याम्पस) ले वहुविवाह गरेको भनी २५ वर्षीय पत्नी सरस्वती थपलियाले ०५१ मंसीर २१ गते उजुरी दिएकी छिन्। पीडक थपलिया फरार रहेको र दोस्री पत्नीलाई पनि अन्यत्र टाढै राखेको बताइन्छ।

भद्रपुर नपा-४ का २२ वर्षीय अरूण कुमार शर्माले १८ वर्षीय पत्नी सरिता शर्मा हुँदा हुँदै सोही ठाउँकी १९ वर्षीय परमिला सहानीसंग दोस्रो विवाह गरेका थिए। सो कुरा ०५१ मंसीर १५ गते जेठी पत्नीले थाहा पाई उजूर गर्दा प्रहरीले अभियुक्त शर्मा र सहानीलाई ०५१ मंसीर २५ गते पक्राउ गरी थुनामा राखी कारवाही चलाएको छ।

### ४.३ गर्भपतन

शनिश्चरे गाविस-५ का ईश्वर चिपालुसंगको अनैतिक सम्बन्धका कारण विधुवा इन्द्रमाया अधिकारीले गर्भधारण गरेकी थिइन्। ०५० माघ महिनामा पीडक चिपालुले अधिकारीको औषधी गर्ने बहानामा गर्भपतन गराए। त्यसपछि यो कुरो सार्वजनिक भएको र महिला जिम्मा लगाउन खोज्दा ईश्वर चिपालु भागेकाले सम्पूर्ण व्यहोरा खोली पीडित इन्द्रमाया अधिकारीले शनिश्चरे गाविसमा उजुरी दिएकी छिन्।

अर्जुनधारा गाविस-४ की ४१ वर्षीय चन्द्रकला कार्कीले ०५० चैत १ गते गर्भपतन गराइन्। सो गर्भ जनकपुर चुरोट कारखाना शाखा कार्यालय इलाममा कार्यरत भूपाल अधिकारीसंग अनैतिक संवन्ध राख्नाले रहन गएको कुरा उनले स्वीकारेकी थिइन्। कानूनी कारवाहीका लागि चन्द्रकलालाई ०५० चैत ८ गते प्रहरीले पक्राउ गरी कारवाही चलाई रहेको थियो।

धुलावारी गाविस-९ को सानो खोल्सा किनारमा ०५१ जेठ १० गते गर्भपतन गराइ फालिएको वेवारिसे शव फेला परेको थियो। यस सम्बन्धमा प्रहरीले कसैलाई पनि गिरफ्तार गरेको छैन।

वुधवारे गाविस-१ माइती वसेकी १९ वर्षीय वीरकुमारी राईलाई शहरमान सुव्वाले ०५१ भाद्र ७ गते कुटपिट गरेकाले गर्भपतन भएको थियो। पीडितको माइती घरको छिमेकमा महिलाहरूसंग खानपान गरी बसिरहेका शहरमानलाई परिवार आई सोध खोज गर्दा घर बताई दिएको कारणले रीस उठी वीरकुमारीलाई पिटेका थिए। कुटपिटकै कारण गर्भपतन भएको प्रमाणित भएपछि शहरमान सुब्बा फरार भएका छन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस सम्बन्धमा जिल्लामा उल्लेख्य घटना भएको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

जिल्लामा यो वर्ष आर्थिक अधिकार सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धमा कुनै उल्लेख्य घटना घटेको सार्वजनिक जानकारीमा आएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

वहुजातीय नागरिकहरूको वसोवास रहेको यस जिल्लामा पनि छुवाछूत सम्बन्धी कुसंस्कार रहेको छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी उल्लेख्य केही भेटिएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

धरमपुर गाविस-५ का लक्ष्मी राई र विमला स्वाती चढेको साइकल मारुती भ्यानमा ठोकिनाले ०५० पुस १६ गते लक्ष्मी राईको घटनास्थलमा नै मृत्यु भयो। उक्त दुर्घटना भिलभिले बजारदेखि ४ किलोमिटर पश्चिममा पर्ने कमल खोलाको पुलमा भएको थियो। विमला स्वातीलाई उपचारार्थ विराटनगर अस्पतालमा लगियो तर उपचारकै सिलसिलामा उनको पनि मृत्यु भयो। वावा विस्कुट फ्याक्ट्रीका मालिक सहित केही व्यक्तिहरू माई खोलामा मनोरन्जनका लागि गएका र चालक मनोज भट्टराई सहित सबैले वियर पिएका थिए। सो दिन फरार भई भागेता पनि प्रहरीको सकृयतामा ०५० फागुन १२ गते विराटनगरबाट चालक मनोजलाई गिरफ्तार गरी ल्याइयो।

लखनपुर गाविसको गौरिया खोला पुल नजिकै मोरङ जिल्ला वयरबन गाविस-५ का भोलानाथ नेपालको काठमाडौंबाट आइरहेको बसबाट खसी ०५१ वैशाख १६ मा मृत्यु भयो। बस रोक्न भन्दा भन्दै नरोकिएको र उल्टै खलासीले ठेली दिएकाले उनी लड्न पुगे। बसका खलासी फरार रहेका छन्।

महेशपुर गाविस-९ का ३ वर्षीय रूपेश राजवंशी ०५१ साउन २२ गते खाल्डोमा जमेको पानीमा डुबी मरे।

धुलाबारी गाविस-७ मा १८ महिने उन्नीमा उराङको ०५१ साउन २७ गते पैनीमा डुबेर मृत्यु भएको थियो।

ज्यामिरगढी गाविस-२ को वंशल चिया वगानका मजदूर वीरवहादुर विश्वकर्माको ०५१ भदौ १३ गते करेन्ट लागी घटनास्थलमै मृत्यु भयो। मृतकलाई कारखानामा विजुली सम्बन्धी काम गर्दा गर्दै करेन्ट लागेको थियो ।

दुवागढी गाविस-६ का दिननाथ कार्कीलाई मे.अ.ख. १८९ नं. को बसले ०५१ भदौ १७ गते ठक्कर दिंदा घटनास्थलमै मृत्यु भयो। उक्त बसले धाइजन मोडमा अर्को वसलाई उछिन्न खोज्दा दुर्घटना भएको थियो। यसै कुरालाई लिएर स्थानीय जनताले त्यस दिन राजमार्गमा गाडी अवरूद्ध गरी चालकमाथि कारवाही गर्ने माग गरेका थिए। बस चालकलाई सोही दिन प्रहरीले पक्राउ गरी आफ्नो कब्जामा लिएको थियो।

अनारमनी गाविस-३ का दिलकुमार श्रेष्ठको ०५० भदौ १९ गते आफू चढेको साइकलबाट लडी उपचारार्थ सिलगुडी लैजाँदा लैजाँदै बाटो मै मृत्यु भयो। धनराज मिनी मार्केटका पसले दिलकुमार श्रेष्ठ स्कूलमा छोरा पुऱ्याई फर्किरहेका थिए।

दुर्गापुर गाविस-१ का १९ वर्षीय कमलप्रसाद अधिकारीको वसले किचेर ०५१ असोज ३१ गते मृत्यु भयो। सो वसका चालक चाङ्गे गाविस-२, ताप्लेजुङका मानवहादुर सुब्बालाई ०५१ कात्तिक १ गते प्रहरीले पक्राउ गरी कारवाही शुरू गरेको छ।

काकडभिट्टा गाविस-८ पुरानो भन्सारमा दमक नपा-७ की राजीदेवी मलाहलाई गाडीले किची मृत्यु भयो। कुन गाडीबाट दुर्घटना भएको हो त्यसको पत्ता प्रहरीले लगाउन सकेको थिएन।

दुवागढी गाविस-५ का रिक्सा चालक बन्दा उराङलाई शनिश्चरे गाविस-६ सेती खोलाको कलभर्ट नजिकै मरेको अवस्थामा फेला पारियो। मृतकको टाउको तथा शरीरमा चोटपटक लागेको देखिन्छ। स्थानीय मानिसहरूको भनाई अनुसार अन्य सवारी साधनसँग दुर्घटना भएको हुन सक्छ। यस सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहेको छ।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

यस सम्बन्धमा कुनै घटना देखा परेन।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएन।

### ९.४ आत्महत्या

भद्रपुर नपा-९ का धनलाल राजवंशीले ०५१ वैशाख ६ गते आफ्नै घर कोठामा डोरीको पासो लगाई आत्महत्या गरे।

भद्रपुर नपा-९ की वविता घोषले साडीको पासो लगाई आफ्नै कोठा भित्र ०५१ वैशाख १६ गते आत्महत्या गरेकी थिइन्। पति नवकुमार घोषले वेलावखत झगडा गरी कुटपिट समेत गर्ने गरेकाले उनीले आत्महत्या गरेकी हुन् भनिन्छ। मृतकले कोठा भित्रबाट लगाई आत्महत्या गरेको र सो समय पति पसलमा गइसकेका थिए।

गौरादह गाविस-१ वस्ने विद्यार्थीहरू १५ वर्षीय

धनकुमारी श्रेष्ठ र १७ वर्षीय टिकाराम गौतमले ०५१ जेठ २७ गते विष सेवन गरेकाले बेहोस अवस्थामा फेला परे। दुवैलाई उपचारार्थ दमकमा लगियो तर २८ गते विहान धनकुमारी श्रेष्ठको मृत्यु भयो। टिकाराम गौतमलाई अनुसन्धानको सिलसिलामा हिरासतमा लिइएको थियो।

गौरादह गाविस-७ का चन्द्रप्रसाद ढकालले ०५ साउन १० गते आफ्नै घरमा पासो लगाई आत्महत्या गरे।

वाहुन डाँगी गाविस-८ का केशवबहादुर खड्काले ०५१ साउन १६ गते विष सेवन गरी आत्महत्या गरे।

शनिश्चरे गाविस-९ का नरेन्द्र घिमिरेले ०५१ साउन १९ गते आफ्नै घरमा भ्ुण्डिई आत्महत्या गरे।

घरमपुर गाविस-५ का मैतबहादुर लिम्वुले आफ्नै घरमा डोरीको पासो लगाई ०५१ साउन १६ गते आत्महत्या गरे। यस घटनाको अनुसन्धान भइरहेको छ।

लखनपुर गाविस-३ का पोचोलाल ताजपुरियाले ०५१ साउन २३ गते आफ्नै घरमा भ्ुण्डिई आत्महत्या गरे। सो सम्बन्धमा प्रहरीले छानवीन गरिरहेको छ।

सुरुङ्गा गाविस-८ की सुश्री नर्वदा निरौला आफ्नै घर भित्र ०५१ साउन ३० गते भ्ुण्डिएर मरिन्। सो सम्बन्धमा प्रहरीले अनुसन्धान गरिरहहेको बताइन्छ।

काकरभिट्टा गाविस-७ का ७० वर्षीय रत्नबहादुर घिमिरेले ०५१ साउन ३१ गते आफ्नै घरमा पासो लगाई आत्महत्या गरेका थिए।

धाइजन गाविस-६ की तागिनी राजवंशीले ०५१ साउन ३२ गते आफ्नै घरमा भ्ुण्डिई आत्महत्या गरेकी थिइन्। मृतकले ७ महिनाको गर्भ धारण गरेकी थिइन्। पति रिक्सा चलाउन वाहिर गएका वखत यो घटना भएको थियो। सो घटनाको सम्बन्धमा प्रहरीले अनुसन्धान गरी रहेको छ।

गोलधाप गाविस-५ का शान्तिराम थापाले ०५१ भाद्र २ गते आफ्नै घरमा भ्ुण्डिइ आत्महत्या गरेका थिए। सो घटनाको प्रहरीले अनुसन्धान गरिरहेको बताइन्छ।

वनियानी गाविस-६ का अविराम राजवंशीले ०५१ भदौ १९ गते आँपको रूखमा भ्ुण्डिई आत्महत्या गरेका थिए। मेची क्याम्पसमा स्नातक तहमा अध्ययन गरिरहेका मृतक राजवंशीको खल्तिमा एउटा चिठी फेला परेको थियो तर त्यसमा के लेखिएको छ भन्ने कुरा प्रहरी सूत्रले बताएन।

खुदुनावारी गाविस-६ का २५ वर्षीय रामवहादुर कटुवालले आफ्नी पत्नीलाई खुकुरीले हानी घाइते तुल्याएपछि ०५१ असोज २४ गते छिमेकीको इनारमा हामफाली आत्महत्या गरे। मृतक कटुवालले पत्नीको अनैतिक चरित्र थाहा पाएपछि यो घटना घटेको बताइन्छ।

राजगढ गाविस-३ की १९ वर्षीय खेमकुमारी काफ्लेले ०५१ कात्तिक ७ गते जलथल गाविसको जंगलमा गई पासो लगाई आत्महत्या गरिन्। खेमकुमारी पतिद्वारा सताइएकी बताइन्छ। उक्त घटनाका सम्बन्धमा अनुसन्धान भइरहेको छ।

पथरिया गाविस-४ की १५ वर्षीय महरवती राजवंशीले ०५१ कात्तिक १२ गते आफ्नो घरमै पासो लगाई आत्महत्या गरेकी थिइन्। मृतक आफन्त कोही नभएकी टुहुरी थिइन्। सो सम्बन्धमा कसैलाई पनि पक्राउ गरिएको छैन।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

विर्तामोड गाविसका पसले कृष्णप्रसाद चुँडाललाई सोही ठाउँका विजय न्यौपाने र धाइजन गाविस-६ का कालु मेचेले ०५१ असोज १ गते कुटपिट गरी घाइते पारे। मादक पदार्थ सेवन गरी पैसा माग्न आएका पीडकहरूले चुँडाललाई पैसा नदिएको निहुँमा कुटपिट गरेका थिए। पीडित चुँडालको मेची अञ्चल अस्पतालमा औषधी उपचार हुन नसकेकोले सिलगुढीमा लगी उपचार गरिएको थियो। अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरी सार्वजनिक अपराध ऐन अन्तर्गत कारवाही गरेकोमा हाल धरौटीमा छुटेका छन्।

■



# १. पूर्वाञ्चल

# मेची

# १.२ इलाम

जनसंख्या : २२९२१४

साक्षरता : ५२.३ प्रतिशत

महिला साक्षरता : ३८.८ प्रतिशत

क्षेत्रफल : १७०३ वर्ग कि.मी.

इलाम जिल्ला सम्पूर्ण पहाडी क्षेत्र भएको जिल्ला हो। चिया खेतीका लागि प्रसिद्ध यो जिल्ला अन्य पहाडी जिल्ला भन्दा शैक्षिक र राजनीतिक हिसावले सचेत मानिन्छ। यो जिल्लामा पुरानो नगरको नाउँमा रहेको इलाम नगरपालिका छ। यो जिल्लामा यातायातको सुगमता नै छ। भारतको प्रसिद्ध मनोरम शहर दार्जिलिङ यहाँबाट नजिकै पर्छ। त्यसो त – इलाम स्वयं नेपालको दार्जिलिङ मानिन्छ। यहाँका मानिस खेतीका अतिरिक्त पशुपालनमा लागेका छन्। गाई र खरायो प्रायः हरेक घरमा पाइन्छन्। इलाम चिया, दूधका निम्ति पनि पनि प्रसिद्ध छ।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

जीतपुर गाविस-६ लिङदिङ वस्ने २० वर्षका लेचम्वा काईलो भन्ने काशीनाथ गिरी र १८ वर्षका मनबहादुर वानियाले १७ वर्षीय युवती बुधमाया लिम्बुलाई ०५१ वैशाख १४ गते हत्या गरे। पीडक गिरी र मृतकको बीच अनैतिक सम्बन्ध रहेको र सो दिन पनि यस्तो सम्बन्ध राख्वी पीडकले सिक्किम भगाउने कुरा गर्दा मृतकले नमानेकीले खुकुरी प्रहार गरे। सँगै रहेका अर्का पीडक वानियाले पनि खुकुरी प्रहार गरेका थिए। दुवैलाई थुनामा राखिएको छ।

कन्याम गाविस-१ सिद्धि गाउँ वस्ने गौरीनारायण श्रेष्ठलाई सोही ठाउँका दिनानाथ काफ्लेले खुकुरी प्रहार गरी ०५१ जेठ ९ गते हत्या गरे। मृतककी पत्नी दुर्गाकुमारी श्रेष्ठसंग पीडकको अनैतिक सम्बन्ध थियो। सोही दिन पनि पीडकले दुर्गाकुमारीसंग अनैतिक सम्पर्क गरेको र सोही कारण पीडक र पीडित वीच कुटपीट हुँदा बाँस काट्न बोकेको खुकुरीले पीडकले प्रहार गरे। पीडक र मृतककी पत्नी दुवैलाई थुनामा राखिएको छ।

इलाम नगरपालिका-१ डेरा गरी बस्ने तीर्थमाया तामाङ्गलाई ०५१ साउन २ गते आफ्नै पति तिलकबहादुर खवासले कुटपीट गरी हत्या गरे। विरामी पत्नीलाई केटाकेटीलाई खाना नखुवाएको भनी विहान ११ बजे कुटपीट गरेकोमा सोही दिन साँझ भद्रपुर अस्पताल पुऱ्याउँदा उनको मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

पञ्चकन्या गाविसका अध्यक्ष अशोककुमार श्रेष्ठलाई ०५१ कात्तिक १९ गते गोली हानी हत्या गरियो। अध्यक्ष श्रेष्ठ नेपाली कांग्रेसका कार्यकर्ता हुन्। यस घटनामा राप्रपाका केन्द्रीय पार्षद तथा मु.पू. रापंस पासाङ्ग गोपर्मा, लाकछिरिङ शेर्पा, निङमा गोपर्मा, गणेश राई, डम्वरबहादुर तामाङ्ग, छिरिङ शेर्पा, मिङमा शेर्पा र काजी शेर्पालाई पुस ७ को अदालतको आदेश अनुसार थुनामा राखिएको छ।

कात्तिक १८ गते मृतकको घरमा नुरी शेर्पा लगायतले देउसीका नाममा झगडा गर्नु, पूर्व रापंसबाट पञ्चायतकालमा व्यक्तिगत प्रयोग गरेको २२ वण्डल कर्कटपाता मृतकले फर्काउन लगाउनु र पूर्व रापंसको डिस्टिलरीमा जाने पानीको नाला बन्द गरिएका घटनालाई यो मृत्युसंग जोडेर हेरिएको छ।

निर्वाचनको मुखैमा पञ्चकन्या गाविसका अध्यक्ष अशोककुमार श्रेष्ठको हत्या भएको थियो।

फिक्कल गाविस-५ वस्ने १७ वर्षका निरोज श्रेष्ठलाई ०५१ कात्तिक २९ गते मध्यावधि निर्वाचनका दिन साँझ फिक्कल बजारमा हत्या गरियो। मृतक नेपाली

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | १ | - | - |
| हिरासतमा यातना | - | २ | - |
| बलात्कृत | - | १ | २ |
| आत्महत्या | - | १७ | २० |



मृतक अशोक श्रेष्ठ

कांग्रेसका समर्थक थिए। यो घटना पछि नेकपा (एमाले) का स्थानीय कार्यकर्ताहरू - तोरण मुखिया, दावा छिरिङ, मोहन घिसिङ, बेलकुमार भन्ने कुमार प्रधान, पासाङ घिसिङ, चन्द्र अधिकारी, पूर्ण लामा, डम्बर बहादुर गुरूङ, शंभु गुरूङ, पुष्प मुखिया र दीपक तामाङ्ग वारेण्टेड छन्। यसै घटनामा रविधर मुखिया, इन्द्र लामा, नरेन सुव्वा र सुरेन सुन्दासलाई थुनामा राखिएको छ।

### १.२ जेल र वन्दीहरू

इलाममा ५५ जना बन्दी अटाउने क्षमताको एउटा जेल छ। तर यो जेलमा अहिले ८९ जना बन्दी राखिएका छन्। यो वर्ष यस जेलबाट ४१ थुनुवा र ११ बन्दीहरू रिहा गरिए। जेलमा सामान्य भौतिक सुविधा उपलब्ध छ। तर स्वास्थ्य उपचारका लागि स्थानीय जिल्ला अस्पतालमा संभव नभए के गर्ने भन्ने बारे कुनै नीति नभएको कुरा जेलर बताउँछन्।

### १.३ गिरफ्तारी र यातना

पञ्चकन्या गाविसका राप्रपाका १० जना कार्यकर्ताहरूलाई ०५१ कात्तिक १९ गते गिरफ्तार गरियो। यसैगरी कात्तिक २९ गते एमालेका १५ जना कार्यकर्ता गिरफ्तार गरिए। यी दुवै गिरफ्तारी ज्यान मुद्दाका सन्दर्भमा गरिएको हो।

### १.४ वेपत्ता पारिएको

यो वर्ष यस जिल्लामा वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।



इलाम जेल

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पञ्चकन्या गाविस-३ का नरहरि शर्मा रिमाललाई ०५१ कात्तिक २० गते मृतक अशोक श्रेष्ठको लाश सहितको जुलुशमा आएका नेपाली कांग्रेसका कार्यकर्ताहरूले वेहोश हुने गरी पिटे। राप्रपा समर्थक रिमाल लाश हेर्न मृतकको घरमा पुगेका थिए। उनको आँखामाथि नराम्रो चोट समेत लाग्यो।

फिक्कल बजारमा ०५१ कात्तिक २९ गते एक जत्थाले पासाङ घिसिङको घरमा ढुंगामुढा गऱ्यो। आक्रमणकारीहरूमा मोहन श्रेष्ठ, देवान गुरूङ, ज्ञानीराम श्रेष्ठ, अर्जुन गुरूङ थिए। यो घटनाबारे घिसिङकी पत्नीले प्रहरीमा जाहेरी गर्दा लिइएन। उल्टै प्रशासनले घिसिङ र उनका दुई छोराका नाममा वारेण्ट जारी गरेको छ।

### १.६ थुनामा मृत्यु

यो वर्ष यस जिल्लामा थुनिएको अवस्थामा कसैको मृत्यु भएको जानकारीमा आएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

यसवर्ष यस सम्बन्धी अधिकार कुण्ठित भएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

दानावारी गाविस-१ शुक्रवारे बजारमा ०५१ भदौ १८ गते साँझ "सत्संग" गरी रहेका ११ जना क्रिश्चियन धर्मालम्वी युवायुवतीलाई प्रहरीले पक्राउ गऱ्यो। मुलुकी ऐन अदलको १ नं. बमोजिम हिन्दु धर्ममा खलल पुऱ्याएको भनी प्रहरीले जिल्ला अदालतमा मुद्दा चलाएको छ। पक्राउ पर्ने मध्ये १० जना खुदुनावारी शिविरमा बस्ने भुटानी शरणार्थी हुन्।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

राजनीतिक स्वतन्त्रताको पूर्ण उपभोग गर्ने अवसरबाट केही ठूला राजनीतिक पार्टीले प्रत्यक्ष-अप्रत्यक्ष रूपमा जनतालाई बञ्चित गर्दै आएका छन्। निर्वाचन अगाडि भएको पञ्चकन्या गाविसका अध्यक्ष अशोककुमार श्रेष्ठको हत्यालाई राजनीतिक हत्याका रूपमा लिइएबाट यो कुराको पुष्टी हुन्छ। अशोक श्रेष्ठको हत्या बारे राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ले दिएको प्रतिवेदनमा निर्वाचन अधिकृत पोषनाथ शर्मा, सीडीओ मोदनाथ ओझा र डीएसपी नारायण बस्ताकोटीले यो राजनीतिक हत्या नभएको र यसले निष्पक्ष निर्वाचनमा कुनै असर नपार्ने कुरा बताउनु भएको छ। तर निरोज श्रेष्ठका हत्याका सिलसिलामा एमालेका मतदान प्रतिनिधि रहेका रविकर मुखिया, इन्द्रमाया लामा, नरेन सुव्वा र सुरेन सुन्दासलाई गिरफ्तार गरिएको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा न्यायिक प्रक्रियाप्रति जनधारणा नकारात्ममक पाइदैन । तर मुद्दा फैसलामा ढिलाई भई रहेको गुनासो भने प्रशस्त सुनिन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा उल्लेख्य घटना भएको पाइएन।

### ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा ७ प्रतिशत मानिस अर्थात २ हजार ८ सय ८८ परिवार भूमिहीन छन्। तर उनीहरूका बारेमा सम्वद्ध पक्षले उल्लेखनीय काम गरेको पाइएन। अघिल्लो वर्ष गठन भएको चुलाचुली आयोगले सुकुम्वासीका नाममा ९ सय २९ परिवारलाई जग्गा बाँड्यो। तर आयोगले निष्पक्ष ढंगमा काम गर्न नसकेको गुनासो प्रशस्तै रह्यो। यो आयोगमा अध्यक्ष फेरिए तर समस्या यथावत छ।

### ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

इलाम नगरिपालिका-२ स्थित नेपाल विद्युत प्राधिकरणको कार्यालय नजिकै कुमारबहादुर अधिकारीले ०५१ असार ८ गते बलात्कार गरे। कर कार्यालय इलामबाट भद्रपुर सरूवा भई सकेका ना.सु. (टाइपिष्ट) निज पीडकले आफ्नो दाजु भेट्न आएकी एक चेलीलाई जवर्जस्ती बलात्कार गरेका थिए। पीडकलाई थुनामा राखिएको छ।

इलाम नगरपालिका-२ चोक बजार की ५ वर्षीय बालिकालाई ०५१ मंसीर ७ गते घरमा काम गर्ने हेमबहादुर गिरीले घर कोठामा बलात्कार गरे। पीडकलाई थुनामा राखिएको छ।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

जारी र वहुपत्नी प्रथा यस जिल्लामा अझै पनि कायम छ। तर सामाजिक प्रतिष्ठाका कारण यस्ता घटनामा कानूनी उपचार खोज्ने प्रचलन नै छैन भन्दा पनि हुन्छ। यस जिल्लामा देउकी छैनन्। देह व्यापार धन्दा कै रूपमा गरेको पाइदैन।

### ४.३ गर्भपतन

यस जिल्लामा गर्भपतनको घटना भएको सार्वजनिक जानकारीमा आएन।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

चिया वगानहरूमा वाल मजदूरहरूको उपयोग भएको पाइन्छ। १४ वर्ष मुनीका वालवालिकालाई काम लगाउन नपाइने कानूनी व्यवस्था भए पनि गरीव परिवारका वालवालिकाहरू जीवन निर्वाह कै लागि मजदूरी गर्न वाध्य छन्।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

जिल्ला विकास समिति - इलामले स्थानीय विकास मन्त्रालयले दरवन्दी कटौती गरेको भनी ०५१ भदौ ३ गते विकास तर्फका ८ जनालाई सेवाबाट अवकाश दियो। अवकाश पाउनेहरूमा सव-ओभरसियर खगेन्द्र भट्टराई, ड्राइभर हर्कबहादुर दिपाली, सम्पादक भोजबहादुर कार्की, मिस्त्री रवीन राउत तथा खानेपानी प्राविधिकहरू हरि कार्की, लक्ष्मी रेग्मी, शिव आचार्य र कमल धतानी हुनुहुन्छ। उहाँहरूले ९ वर्षदेखि १९ वर्षसम्म सेवा गर्नु भएको थियो।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस जिल्लामा दासत्व, कमैया, हलिया जस्ता प्रथा पाइदैन। तर अझै पनि नोकर, गोठाला राख्ने चलन छ। उनीहरू त्यस्तो काम नगर्न स्वतन्त्र छन्। कतिपय व्यवहारिक कठीनाईले गर्दा नोकर बस्नु उनीहरूको वाध्यता भने हो।

### ७.१ दासत्व / कमैया / वाँधा / हलिया आदि

यस सम्बन्धी कुनै उल्लेख्य जानकारी पाइएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

जिल्लामा यो वर्ष यस सम्बन्धी कुनै घटना घटेको पाइएन।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

पञ्चकन्या गाविसका अध्यक्षको हत्याका सम्बन्धमा "इलाम जिल्लामा निर्वाचन पूर्वको अनुसन्धान प्रतिवेदन" नामको एक प्रतिवेदन राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति ( नियोक) ले प्रकाशित गर्‍यो। घटनाका वारे नियोकको भनाइ "अशोक श्रेष्ठको हत्या निर्वाचन गतिविधिका कारणले भन्दा पनि विगत देखिका व्यक्तिगत झगडाले भएको" भन्ने रह्यो। तर हत्यामा संलग्न देखिएका पासांग गोपर्मा र मृतक दुवै राजनीतिक व्यक्ति भएकाले यो हत्यामा "राजनीतिक सत्ता संघर्ष देखा परेको" कुरा पनि प्रतिवेदनमा उल्लेख छ।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

गोदक गाविस-४ सानोगोदकमा ०५१ साउन ३ गते आइन्द्र राना मगरले चलाएको मे.अ.ख. २१० नं. को ट्रकले सडकमा उभिएकी साढे तीन वर्षकी फुलमाया दर्जीलाई किच्दा घटनास्थलमा नै मृत्यु भयो। ड्राइभरलाई धरौटीमा मुक्त

गरिएको छ।

फिक्कलको सीमपानी भन्ने ठाउँमा ०५१ असोज १४ गते मे.अ.ज. ४५ नं. जीप दुर्घटना हुँदा महोत्तरी जिल्ला सकरिया गाविस-५ घर भई खानेपानी पाँचथरका कामु डीई उमेशकुमार पाण्डेको घटनास्थलमा मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

इलाम नगरपालिका-५ निगुरेमा ०५१ साउन ३० गते राती गएको पहिरोमा परी छत्रबहादुर लम्जेलको एकाघरका ७ जनाको मृत्यु भयो। घरमुली भने बाँच्न सफल भए।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यो वर्ष यस सम्बन्धमा उल्लेख्य घटना भएको पाइएन।

### ९.४ आत्महत्या

फिक्कल गाविस-५ बस्ने १७ वर्षीय छात्रा राजकुमारी भण्डारीले ०५१ असार २५ गते विष सेवन गरी आत्महत्या गरिन्।

आमचोक गाविस-६ की ४१ वर्षीय सोममाया राई ०५१ कात्तिक ८ गते हराएकीमा १० गते अलैची घारी भित्र मृत अवस्थामा फेला परिन्। पोष्ट मार्टममा विष सेवन गरेको देखियो। केही समय अघि एक छोरा मरेकाले सोही पीरले मरेको आशंका गाउँलेहरूको छ। मृतकका ४ छोरा, २ छोरी र पति छन्।

शौंटार गाविस-७ का ५२ वर्षका भुवनसिंह खत्री ०५१ पुस १२ गते रूखमा झुण्डिई मरे। आर्थिक अवस्था कमजोर भएकाले विरक्तिएर मरेको गाउँलेहरूको अनुमान छ।

बाँझो गाविस-९ की ३२ वर्षीय उमा दाहाल ०५० माघ १५ गते रूखमा झुण्डिएर मरिन्। आर्थिक कमजोरी र सौतेनी छोरा छोरीको पीरले गर्दा आत्महत्या गरेको गाउँलेहरू बताउँछन्।

पशुपतिनगर गाविस-४ का सोङवीर राई ०५१ जेठ १० गते, नयाँबजार गाविस-९ का ८१ वर्षीय छत्रबहादुर राई ०५१ भदौ ६ गते र जोगमाई गाविस-४ की कल्पना सुवेदीले ०५१ जेठ २४ गते रूखमा झुण्डिइ आत्महत्या गरे।

मानसिक असन्तुलन भएकै कारण देहायका आत्महत्याका घटना भएको पाइयो -

बाँझो गाविस-१ का ४२ वर्षीय सनमान मेयाङवो लिम्वुले ०५० माघ १९ गते,

सिद्धिथुम्का गाविस-७ की २२ वर्षीय नरकुमारी राईले ०५० फागुन २ गते,

गोदक गाविस-३ का ५७ वर्षीय कृष्णबहादुर महत क्षेत्रीले विष खाई ०५० फागुन ९ गते।

एकतप्पा गाविस-१ का १४ वर्षका रत्नबहादुर पुलामी मगरले ०५० फागुन १८ गते,

लक्ष्मीपुर गाविस-५ का २५ वर्षीय रामबहादुर तामाङ्गले ०५० चैत १९ गते,

चिसापानी गाविस-३ की १० वर्षीय मायादेवी श्रेष्ठले ०५१ वैशाख ३ गते,

शान्तिपुर गाविस-२ का ४९ वर्षीय जसमान राईले ०५१ जेठ १५ गते,

फिक्कल गाविस-१ की ७२ वर्षीय वुद्धकुमारी आचार्यले ०५१ असार ८ गते,

लक्ष्मीपुर गाविस-३ का ४१ वर्षीय आशबहादुर राईले ०५१ भदौ ७ गते,

इलाम नगरपालिका-३ की २३ वर्षीय सुशीला खड्गीले ०५१ भदौ १३ गते,

शौंटार गाविस-३ का ४० वर्षीय शेरबहादुर लेप्चाले ०५१ भदौ २४ गते,

फुँएतप्पा गाविस-५ का ३१ वर्षीय खगेन्द्र अधिकारी ०५१ मंसीर १३ गते जंगल वीच रूखमा झुण्डिएर मरे। उनको पनि मानसिक स्थिति विग्रेको थियो।

शान्तिडाडा गाविस-६ का ६५ वर्षीय रनवीर राई पनि मानसिक असन्तुलन कै कारण ०५१ मंसीर २२ गते रूखमा झुण्डिई मरे।

आमचोक गाविस-२ का ४२ वर्षका कहालसिंह रूखमा झुण्डिई मरे। उनको मानसिक स्थिति ठीक थिएन।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

फिक्कल चोकमा होटल गरी बस्ने लोकबहादुर श्रेष्ठको घरमा ०५१ कात्तिक २९ गते केही व्यक्तिहरू आई झ्याल ढोका तोडफोड र भाँडा, लत्ताकपडा फ्याङ्क्ने काम गरे। उनीहरूले "पदम भण्डारी कहाँ छ, निकाल" भनेका थिए। आक्रमणकारी जत्थामा दिनेश श्रेष्ठ, नरेश हलुवाइ, विमल श्रेष्ठ, प्रेमलाल राई आदि थिए। यसवारे प्रहरीले उजुरी समेत लिएन।

■



# १. पूर्वाञ्चल

# मेची

# १.३ पाँचथर

जनसंख्या : १७५,२०६
साक्षरता : ४३.६ प्रतिशत
महिला साक्षरता : २६.६ प्रतिशत
क्षेत्रफल : १२४१ वर्ग कि.मी.

पाँचथर - एक मध्य पहाडी जिल्ला हो। लिम्बु जातिको वाहुल्य रहेको यस जिल्लामा राई, मगर, तामाङ्ग, वाहुन, क्षेत्री आदि जाति वसोवास गर्दछन्। यहाँका ८० प्रतिशत मानिसहरूको पेशा खेती हो। शिक्षा तर्फ झण्डै ४४ प्रतिशत मानिस शिक्षित छन्। सुरक्षातर्फ जिल्ला प्रहरी कार्यालयका अतिरिक्त प्रहरी थाना ३, प्रहरी चौकी-१८, अस्थायी चौकी ६ र सीमा प्रशासन चौकी १ रहेका छन्। यातायात तर्फ मेची राजमार्गले यस जिल्लाका ८ वटा गाविसलाई छोएको छ। सदरमुकाम फिदिममा ग्रामीण दूरसञ्चार अन्तर्गतको टेलिफोन सुविधा उपलब्ध छ।

## १ सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

तेह्रथुम हुवाकु गाविस-८ घर भै अमरपुर-६ बस्ने हरिचरण डाँगी र येचम्पु-५ बस्ने रत्नबहादुर मेयाङवो ०५० फागुन ७ गते दुई पक्ष वीच भएको कुटपीटमा परी सख्त घाइते भए। घटनाको ५ दिन पछि फागुन १२ गते घाइते डाँगीको घरमै मृत्यु भयो। पोष्टमार्टम रिपोर्ट अनुसार, दाउराको चिर्पटले हिर्काउदा टाउकोमा गहिरो चोट लाग्न गई मृत्यु भएको हो। अलैंची लोड गराउने विषयमा भरिया र कुल्ली वीच विवाद हुँदा यो घटना भएको थियो। यस घटनाका सिलसिलामा गिरफ्तार गरिएका ९ जनालाई धरौटीमा रिहा गरिएको छ भने रत्नबहादुर मेयाङवो सहित १५ जना फरार रहेका छन्।

थर्पु गाविस-७ का ८४ वर्षीय पूर्ण बहादुर मावो, ५५ वर्षीय छोरा चिताहाङ मावो, २५ वर्षीय नाती रामकुमार मावो र २० वर्षीय नाती मानबहादुर मावोको विषाक्त खाना खुवाई हत्या भयो। सोही ठाउँ बस्ने ईश्वरा कोइरालाले आफ्नी बुहारीलाई मार्ने उद्देश्यले खाद्यान्न पिस्दा नै विष मिसियोस् र उनको मृत्यु होस् भनी जाँतोमा विष राखेकी थिइन्। तर मावो परिवारले पहिले मकै पिंधी त्यसको खाना खाँदा ०५० चैत ११ गते उनीहरूको मृत्यु भयो। पीडक ईश्वरालाई थुनामा राखिएको छ।

थर्पु गाविस-६ का हस्तबहादुर सेंवालाई भगिश्वर तावा लगायतको जमातले ढुंगाले कुटपीट गरी हत्या गरे। अलैंची चोरेको अभियोगमा ०५१ भदौ २५ गते यो कुटपीट भएको थियो। पीडकहरूलाई भदौ २७ गते हिरासतमा राखी कार्वाही चलाइएको छ।

प्राङबुङ गाविस-३ का ३५ वर्षीय लोकमान तामाङ्गको ०५१ कात्तिक २२ गते तर्पे जंगलका वीच लालबहादुर तामाङ्ग र नरबहादुर तामाङ्गले लट्ठी र छुरी प्रहार गरी नृशंस हत्या गरे। पीडक लालबहादुरको बयान अनुसार - जंगल वीच पुगेपछि उसले लोकमानको टाउकामा हानेर लडाएपछि नरबहादुरले पेटमा छुरी रोपे। त्यसपछि लालबहादुरले हात र गोडा काटे र पछि गर्धन छिनाले। मृतकको लाश २४ दिन पछि मंसीर १६ गते फेला परेको थियो। पीडकहरू मध्ये नरबहादुर फरार छन्।

### १.२ जेल र वन्दीहरू

यस जिल्लामा ग श्रेणीको एउटा जेल छ। जेलमा सामान्य भौतिक सुविधाका अतिरिक्त टेलिभिजन र रेडियोको समेत व्यवस्था छ। यो जेलमा एक महिला सहित ३३ जना थुनुवा र वन्दीहरू रहेका छन्। यस वर्ष यो जेलबाट ६ जना वन्दी छुटेका थिए।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | २ | ३ |
| बलात्कृत | १ | १ | - |
| आत्महत्या | - | - | १४ |



*धनकुमार भण्डारी : प्रहरी यातनाको शिकार*



*अलैंची चोरेको आरोपमा कुटेर मारिएका हस्तबहादुर सेंवा*

### १.३ गिरफ्तारी र यातना

सुभाङ गाविस-६ का नरहरि उप्रेतीलाई ०५१ भदौ ४ गते प्रहरीले हिरासतमा राख्यो। सिंचाई कुलो बनाउनका लागि ल्याएको विस्फोटक पदार्थ प्रहरीले माछा मार्न प्रयोग गरेको आरोप उप्रेतीले लगाएपछि प्रहरीसंग विवादहुँदा उनलाई थुनिएको हो। प्रहरीले विना पूर्जी भदौ ४ गते ४ बजेदेखि भोलिपल्ट ७ बजेसम्म उनलाई थुनामा राख्यो।

फलैंचा गाविस-४ का १५ वर्षीय देवीमाया चिमाईयालाई ०५१ असोज ८ गते प्रहरीले चौकीमा कुटपीट गरे। निज युवतीले पासो लगाई आत्महत्या गर्न लागेका बखत सानोबुवा मानबहादुरले देखी डोरी काटेर बचाए पछि प्रहरीमा जाहेरी दिएका थिए। आत्महत्याको कारण पत्ता लगाउन प्रहरीले यातना दिएको थियो। निज युवतीले प्रहरीद्वारा वलात्कृत भएपछि आत्महत्या गर्न खोजेको हल्ला भए पनि यसको पुष्टी हुन सकेन ।

सुभाङ गाविस-९ स्थित सुसुलिङ प्राविका शिक्षक धनकुमार भण्डारीलाई ०५१ असोज १५ गते जोरपोखरी प्रहरी चौकीका प्रहरीले गिरफ्तार गरेका थिए। उनलाई १६ गते ९:३० देखि ४ बजेसम्म लट्ठीले पिट्ने, उल्टो झुण्ड्याउने र पानी खन्याउने गरी यातना दिइयो। सोही गाउँका ५३ वर्षीय मनोरथ काफ्ले र दातारामकी पत्नी ४६ वर्षीय योगमाया अधिकारी बीच अनैतिक सम्बन्ध छ भनी निज भण्डारीले पर्चावाजी गरेर आफ्नो चरित्र हत्या गरेको भनी योगमायाले उजुरी गरेकोले उनलाई प्रहरीले गिरफ्तार गरी यो यातना दिएका हुन्। पीडित भण्डारीले असई दिनानाथ शिवाकोटी विरूद्ध मुद्दा दायर गरेका छन्।

### १.४ वेपत्ता पारिएको

यस वर्ष यस जिल्लामा वेपत्ता पारिने घटना भएनन्।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

फिदिममा ०५० पुस २६ गते मादक पदार्थले मातेका जनसम्पर्क अधिकारी र खानेपानी शाखाका लेखापाल गौतम नेपालले खानेपानी शाखाका डी.ई. उमेशकुमार पाण्डेको निवासको ढोकामा लात्तले हानी ज्यान मार्ने धम्की दिए। वरपरबाट मानिस जम्मा भई प्रहरीलाई खबर गर्दा पीडकलाई गिरफ्तार गरिएन। पछि पीडकहरूलाई प्रशासनिक कार्वाही भनी सरूवा गरियो।

सुभाङ गाविस-३, ४, ५ र ६ मा सिंचाइ सुविधा पुऱ्याउने उद्देश्यले कुलो निर्माण गर्दा वडा नं. ७ र ८ का वासिन्दाले आफ्नो सहमति वेगर निर्माण गरिएको भनी विरोध र क्षतिपूर्तिको माग गरे। यस विषयमा ०५० चैत १२ गते निर्माण शुरू भए पछि केही महिला र उपभोक्ता समतिका नरहरि उप्रेती वीच सामान्य कुटपीट भयो। यो घटनाले ठूलो रूप लियो र अन्ततः चैत १९ गते प्रजिअ, डिएसपी र स्थानीय विकास अधिकारी समेतको उपस्थितिमा सशर्त सम्झौता भएको थियो।

चोकमागु गाविस-३ बस्ने कृष्ण खालिङलाई सिवा गाविस-९ बस्ने कमल राईले ०५१ साउन १७ गते छुरी हानी घाइते बनाए। मादक पदार्थ खाएका सुरमा खैनी नदिएको निहुँ झिकी यो आक्रमण गरिएको थियो। पीडक फरार रहेका छन्।

नागी गाविस-८ परशुराम राई, पस्तमान शेर्पा, दोर्जी शेर्पा, सांगे शेर्पा, निमा शेर्पा र फुर्वा गेल्वुलाई सिक्किम बसाई सरेका तेजी शेर्पा, गेलु शेर्पा, छिरिङ शेर्पाले ०५१ असोज ३० गते घर घर लखेटी ज्यान मार्ने धम्की दिए। पीडकहरूले गरेको ढुंगामुढाबाट परशुराम र पस्तमानलाई चोट पटक लागेको थियो। यो आक्रमणमा - वामेहरू मूर्दावाद जस्ता राजनीतिक नारा लगाइएको थियो।

थर्पु गाविस-५ वस्ने दिलकुमार तावालाई महानवमी मेलामा ०५१ असोज २७ गते सामूहिक आक्रमण गरी घाइते बनाइयो। पीडकहरू मध्ये हरि काम्वाङ र सम्चु योङहाङलाई गिरफ्तार गरियो तर सम्पु योङहाङ फरार छ। पीडित तावाले राजनीतिक कारणले आफूमाथि आक्रमण भएको बताएका छन्।

नागी गाविस-४ का वीरबहादुर योङहाङलाई वडा नं. ३ मुकुबुङ गएका बेला वडा नं. ९ बस्ने गजेन्द्र योङहाङले

०५१ कात्तिक २ गते मरणासन्न हुने गरी पिटे। पीडक गाउँभरमा हुल्याहाका रूपमा चिनिन्छन्।

लुङरूपा गाविस-१ जेमालेमा ०५१ कात्तिक १९ गते होमप्रसाद रिमालले देउसी खेल्दै हिडेका राजकुमार राई, विकुलधन राई, नौरबहादुर राई र देउराज राईलाई खुकुरीले हानी घाइते बनाए। होमप्रसाद र राजकुमारका परिवार बीच जग्गा सम्बन्धी मुद्दा भएको र दुई फरक राजनीतिक विचारका भएका कारण यो घटना भएको हो। घटनाबारे छानवीन भइरहेको छ।

चोकमागू गाविस-८ की संझना राईलाई भारपा-२ खाल्डेका विष्णुकुमार राईले चिर्पटले टाउकोमा हानी घाइते बनाए। आफ्नो बाबु र पीडक राई बीच जग्गा सम्बन्धी विवाद भई कुटपीट हुँदा संझना छुट्याउन गएकी थिइन्। पीडितले अदालतमा मुद्दा दायर गरेकी छिन्।

### १.६ थुनामा मृत्यु

यो वर्ष यस जिल्लामा थुनिएको अवस्थामा कसैको मृत्यु भएको जानकारीमा आएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

सुभाङ्ग गाविसको कुलो निर्माणका सम्बन्धमा कावेली साप्ताहिकले ०५० चैत ११ गते समाचार प्रकाशन गरेकोमा प्रजिअ ज्ञानदर्शन उदासले सम्पादक/प्रकाशक चन्द्रप्रसाद पोखरेललाई चैत १८ गते कार्यालयमा बोलाई बयान दिन आदेश दिनु भयो। समाचारमा उल्लेखित "दलालका चियाको चुस्की" भन्ने वाक्यांश बारे स्पष्ट गर्न उहाँले यो आदेश दिनु भएको थियो। सम्पादक पोखरेलले बयान दिन इन्कार गरेपछि सोही दिन "स्पष्ट विवरण खोली पठाउने" भनी स्पष्टीकरण पत्र बुझाइयो।

फिदिमको खुला मञ्चमा ०५१ जेठ १७ गते आयोजित आमसभालाई नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले सम्बोधन गरी रहनु भएका बेला ढुंगामुढा गरी माइकको तार काटियो। नेविसंघका सभापति राजेन्द्र नेम्वाङ, उपसभापति त्रिभुवन घिमिरे लगायतकाले ढुंगामुढा गरी तार काटेका थिए। सम्बोधनका क्रममा सिंहले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले राजीनामा दिनु पर्ने कुरा बताउनु भएको थियो।

एकतीन गाविस-१ जोरपाटी बस्ने पहाडवीर केरूङ, उनकी पत्नी र विजय अधिकारीलाई ०५१ असोज २४ गते मध्यरातमा केरूङकै घरमा आक्रमण गरियो। आक्रमण गर्नेहरूमा पदमदेव केरूङ लगायतको एक जमात थियो। पहाड वीरले राप्रपाको गाउँ इकाईको बोर्ड फ्याँकी दिएको भनी उनीहरूले यो आक्रमण गरेका थिए। आक्रमणमा पहाड वीरको टाउकोमा २ वटा गहिरो चोट लाग्यो।

रानीटार गाविस-९ मूलडाँडा स्थित गुप्तेश्वर प्राविमा ०५१ कात्तिक १७ गते नेकपा (एमाले) का उम्मेदवार



*पाँचथर जेल*

वसन्तकुमार नेम्वाङका पक्षमा आयोजित आमसभामा ढुंगामुढा र माइक नष्ट गरी सभा विथोलियो। यस घटनामा केही व्यक्ति सामान्य घाइते भए। यो आक्रमण नेपाली कांग्रेस समर्थक प्रतिजंग राईको नेतृत्वमा आएको समूहले गरेको थियो। घटनास्थलमा हात हतियार सहितका प्रहरी भएर पनि सुरक्षा दिएनन्।

ओयाम गाविस-२ घर भै सिर्जंग मावि गोपेटारमा पढ्ने सुजन सेलिङलाई हर्कजंग लिङदेन, टिविन्द्र लिङदेन लगायतकाले नाइनचाकु र छुरी प्रहार गरी घाइते बनाए। पीडित अनेरास्ववियू पक्षका भएकाले नेपाल प्रजातान्त्रिक विद्यार्थी संगठनका पीडकहरूले यो आक्रमण गरेका हुन्। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन्।

### २.२ धार्मिक स्वतन्त्रता

यो जिल्लामा राई, लिम्बुको बाहुल्य छ तर बाहुन, क्षेत्री पनि ठूलो संख्यामा छन्। सबैले आ-आफ्नो धर्म अनुरूपका रितिरिवाज गर्दै आएका छन्। केही वर्ष यता हिन्दुहरूको महान चाड दशै मनाउने र नमनाउने विषयमा भिन्न जाति बीच विवाद हुन थालेको छ। तर यस विषयमा कुनै अप्रिय घटना भने भएको पाइएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

चुनावी नारा लेख्दै हिडेका एमालेका कार्यकर्ताहरू र कांग्रेसका कार्यकर्ता बीच ०५१ कात्तिक ३ गते विवाद भई सामान्य कुटपीट भयो। एमाले समर्थकहरूलाई प्रहरीले केही समय हिरासतमा राखेर पछि मिलापत्र गराएर छाड्यो। यस्तै घटना, सोही दिन लुम्फाबुङ-१ मा एमाले र राप्रपा समर्थक कार्यकर्ता बीच पनि भएको थियो।

मध्यावधि निर्वाचनका दिन ०५१ कात्तिक २९ गते एकतीन गाविस-१ स्थित सिद्धकाली मा.वि. मतदान केन्द्र र पौवा सर्तप-३ स्थित पद्मकन्या प्रा.वि. मतदान केन्द्रमा नेपाली कांग्रेस र नेकपा (एमाले) बीच विवाद हुँदा दुवै पक्षका केही मानिस घाइते भए। तर मतदान रोकिएन।



छुरा प्रहारद्वारा घाइते : कृष्ण स्वालिङ

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको जिल्ला अदालतप्रति आम धारणा सकारात्मक नै छ। यद्यपि यस वर्षको एउटा घटना कुटेर मारेको भन्ने प्रष्ट र यथेष्ट प्रमाण हुँदा हुँदै भवितव्य ठहऱ्याई फैसला गरेको गुनासो त्यस घटनाका पीडित पक्षको छ। यस वर्ष अदालतमा जम्मा ६६४ वटा मुद्दा दर्ता गरिए।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो जिल्लामा उल्लेख्य रूपमा यो समस्या देखिएको छैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सराङडाँडा गाविस-१ की पुष्पा भन्ने वालमती आङदेम्वे र कुमारी आङदेम्वेलाई सोही गाउँको मनबहादुर आङदेम्वेले बलात्कार गर्ने उद्देश्यले ०५१ भदौ ११ गते ढोकामा लात हान्यो। घरमा अभिभावक नभएकाले ती दिदी वहिनीले आत्म सुरक्षाका लागि खुर्पा र हँसियाँले मनबहादुर माथि प्रहार गरी लखेटे। पछि मनवहादुरले ज्यान मार्ने उद्योगमा मुद्दा हाल्यो भने दिदी बहिनीले सार्वजनिक सुरक्षा अन्तर्गत मुद्दा दिएका छन्।

अमरपुर गाविस-४ की सावित्रा सेनेहाङलाई श्रीनाथ गुल्म फिदिम व्यारेकका लेसनायक रामबहादुर राईले ०५१ असोज ६ गते बलात्कार गर्ने प्रयास गरे। त्यस दिन सावित्रा ९ दिनकी सुत्केरी थिइन्। पीडितले आत्म सुरक्षाका लागि खुकुरी प्रहार गर्दा पीडकको हातमा गम्भीर चोट लाग्यो र उनी भागे। उनको पाँचथर अस्पतालमा उपचार हुन नसके पछि हेलिकोप्टरबाट काठमाडौं लगियो। पीडितले जवर्जस्ती करणी अन्तर्गत मुद्दा दिएकी छिन्।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

एकतीन गाविस-२ बस्ने पद्मसुन्दर नेपालीले ०५१ असोज २८ गते झापा लक्ष्मीपुरकी युवतीसंग दोस्रो विवाह गरेकोमा जेठी पत्नी विष्णुमायाले जाहेरी दिएकी छिन्। पद्मसुन्दरले ०३७ सालमा पहिलो विवाह गरेका थिए।

यस बाहेक पनि वहुविवाह र जारीका घटना नभएका होइनन्। तर समाजले दण्ड जरिवाना गर्ने र आफैं भित्र मिलाउने परम्परा नै छ। देउकी, वादी जाति यस जिल्लामा छैनन्। धन्दाकै रूपमा देहव्यापार गरेको पाइदैन।

### ४.३ गर्भपतन

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइदैन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

खोटाङ्ग घर मै फिदिम-१ बस्ने १० वर्षीय अर्जुन कुमार श्रेष्ठलाई भीमकुमारी लावतीको घडी चोरेको अभियोगमा ०५१ भदौ १ गते प्रहरीले गिरफ्तार गऱ्यो। निज वालकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

यस बाहेक गरीवी र पछौटेपनले गर्दा यहाँका बालबालिका शिक्षाबाट वञ्चित छन्। आफ्नो घर र गाउँका जमिन्दारका घरमा गोठ गोवरबाटै उनीहरूको जीवन शुरू भएको हुन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा उद्योग धन्दा छैनन्। गाउँघरमा अनपढ गरीवहरूलाई झुक्याएर साहुहरूले दिएको रकम भन्दाबढी साँवा लेख्ने र व्याजको व्याज लिने परम्परा अझै कतै कतै भेटिन्छ। तर अज्ञानताकै कारण यस्ता कुरामा कानूनी उपचार खोजिएको पाइदैन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धी उल्लेखनीय घटना यस वर्ष भएनन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटनामा कसैले पनि टिप्पणी गरेको रेकर्ड पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

भारपा गाविस-७ कुपील भन्ने ठाउँमा ०५१ भदौ ३ गते बसको चक्का मुनी परी सोही ठाउँ बस्ने १७ वर्षीय पम्फा काफ्लेको मृत्यु भयो। बसमा भीड भएकोले भुण्डिएर आएकी पम्फाको हात फुस्किन गई गुडिरहेको बसबाट खस्दा पछिल्लो चक्काले किचेको थियो। मृतक नेकपा (एमाले) को धर्ना कार्यक्रममा भाग लिन फिदिम आउँदै थिइन्।

सुभाङ गाविस-३ का डम्बरबहादुर बयलकोटी, श्रीबहादुर बयलकोटी र टेकबहादुर बयलकोटी ०५१ कात्तिक

२९ गते तमोर नदीमा डुबी मरेका छन्। मतदान गर्न हिंडेका यिनीहरूले घाटमा माझी नभएकाले आफैले डुंगा चलाउँदा यो दुर्घटना भएको थियो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

झापा गाविस-८ मा डिल्लीराम विश्वकर्माको घरमा आगलागी हुँदा आगोमा परी ०५० पुस २५ गते ७ वर्षीय अम्बिका विश्वकर्माको मृत्यु भयो।

रवि गाविस-४ बस्ने ५५ वर्षीय मैयाकुमारी राईलाई ०५१ साउन ३० गते राती ९ बजे नवाँ खोलाले बगाउँदा मृत्यु भयो। काठको पुलबाट खसेर बाढीमा परी मृत्यु भएको अनुमान गरिएको छ।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धी कुनै घटना जानकारीमा आएन।

### ९.४ आत्महत्या

च्याङथापु गाविस-३ का २० वर्षका भीमप्रसाद धिमालले ०५० पुस २५ गते झुण्डिएर आत्महत्या गरे।

एकतीन गाविस-२ बस्ने खिलनाथ खतिवडा ०५० माघ १८ गते झुण्डिएर मरे। उनको मानसिक स्थिति ठीक नभएको बताइएको छ।

पञ्चमी गाविस-९ की १६ वर्षीय इन्दकुमारी विश्वकर्माले ०५० फागुन २४ गते घर मै झुण्डिइ आत्महत्या गरिन्। आत्महत्याको कारण स्पष्ट हुन सकेन।

पञ्चमी गाविस-७ की मैनादेवी गिरीले ०५० फागुन २५ गते घरको धुरीमा झुण्डिएर आत्महत्या गरिन्। मृतकको मानसिक स्थिति ठीक नभएको गाउँलेहरूले बताएका छन्।

एकतीन गाविस-७ का २५ वर्षीय भीमकुमार राईले विवाह भएको सातौ दिन ०५० चैत ५ गते चरिभञ्ज्याङ्गको जंगलमा पासो लगाई आत्महत्या गरे। विवाहमा १ लाख रूपैया भन्दा बढी खर्च भएकोले ऋणको पीरले आत्महत्या गरेको बताइन्छ।

सिवा गाविस-१ की २३ वर्षीय फूलमाया तुम्बोक ०५० चैत ८ गते झुण्डिएर मरिन्।

फिदिम गाविस-१ बजारमा होटल चलाई बसेका ५२ वर्षीय हरि कान्दुले सुत्ने कोठामा पासो लगाई ०५१ वैशाख ४ गते आत्महत्या गरे।

प्राङबुङ गाविस-२ की १८ वर्षीय जुनमति राई ०५१ वैशाख ५ गते रूखमा झुण्डिएर मरिन्।

फिदिम गाविस-७ का १३ वर्षीय रिट्ठे राई ०५१ वैशाख ९ गते झुण्डिएर मरे।

फिदिम गाविस-४ गढी बस्ने २२ वर्षीय कर्णावती लावती ०५१ वैशाख १२ गते घरको धुरीमा झुण्डिएर मरिन्।



*ओछ्यानमै मृत अवस्थामा फेला परेका हरिप्रसाद लिम्बु*

लुम्फाबुङ गाविस-४ की रामलक्ष्मी राईले ०५१ वैशाख २५ गते पासो लगाई आत्महत्या गरिन्।

याङनाम गाविस-८ की १९ वर्षीय भीमकला केरूङ ०५१ जेठ १६ गते झुण्डिएर मरिन्। घटनाको कारण स्पष्ट हुन सकेन।

अमरपुर गाविस-६ का लोकबहादुर जोगी ०५१ जेठ १८ गते झुण्डिएको थाहा पाई डोरी काटेर पाँचथर अस्पतालमा उपचार गर्न लगियो। भदौ २१ गते उनको मृत्यु भयो।

रानीगाउँ गाविस-२ मा पूर्णबहादुर सम्वाहाम्फेको घरमा गोठालो बसेका हर्कबहादुर सम्वाहाम्फे ०५१ भदौ १२ गते झुण्डिई मरे। मालिकसंग ज्याला सम्बन्धी विवाद भई रहने गरेको कुरा मृतकको दाजुले बताएका छन्। घर मालिकलाई प्रहरीले केही दिन हिरासतमा लिई छाडिदियो।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

सिवा गाविस-२ वाधपानी स्थित टीकाराम मुखियाको घरमा डाँका गर्न आएको समूहमाथि घरमुलीले तरवारले डाँकालाई हान्दा गेहनाथ गौतम र खड्गबहादुर थापा मगरको टाउकोमा चोट लागी रगत बग्नाले दुवैको घटनास्थलमा मृत्यु भयो। ०५० चैत २७ गते डाँका गर्न आएका गौतमले कटुवा पेस्तोल पड्काउन खोज्दा नपड्के पछि घरमुली प्रहार गर्न आएका थिए। यो आक्रमणमा छोरा गंगाराम मुखियाले सघाएका थिए। डाका समूहका अनारमनी-१ झापाका कालीबहादुर फियाक र घैलाडुवा-८ झापाका इन्द्रबहादुर भुजेललाई धुनामा राखी मुद्दा चलाइएको छ। घरमुलीका बाबु छोरालाई भने आत्मरक्षाका लागि हत्या गरेका भनी सफाई दिइएको छ।

■



# १. पूर्वाञ्चल

# मेची

# १.४ ताप्लेजुङ्ग

जनसंख्या : १२००५३

साक्षरता : ४६.० प्रतिशत

महिला साक्षरता : ३०.५ प्रतिशत

क्षेत्रफल : ३६४६ वर्ग कि.मी.

ताप्लेजुङ्ग पूर्वी पहाडको दुर्गम जिल्ला हो। उत्तरमा चीन र पूर्वमा भारतसंग सीमा जोडिएको यो जिल्लामा विशेष गरी लिम्बुहरूको बसोवास रहेको छ। यहाँ सानातिना कुराहरूमा पनि ठूलो झगडा भई काटमारको स्थिति उत्पन्न हुने गरेको देखिन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

थेचम्बु गाविस-४ का २२ वर्षीय वीरबहादुर नेपाली (दमाई) ०४७ चैत १२ गते रामनवमी बजारमा मृत अवस्थामा भेटिएका थिए। उनको अज्ञात व्यक्तिद्वारा हत्या गरिएको थियो। हत्याको शंकामा थेचम्बु-५ का रत्नबहादुर मेयाङ्वो लगायतका व्यक्तिहरूसंग बयान लिई छाडिएको छ। यो वर्ष पनि उनको हत्यारा पत्ता लाग्न सकेन।

खोकलिङ्ग गाविस-३ का वलबहादुर साँवाले ०५० पुस १७ गते आफ्नै पत्नी खेममायालाई कुटपिट गरे। कुटपिटबाट खेममायाको मृत्यु भयो। वलबहादुरलाई थुनामा राखी कारवाही चलाइएको छ।

लेलेप गाविस-३ का सदस्य दावा छेतेनको घरमा ०५० चैत ५ गते मिङ्मा शेर्पाले ५१ वर्षीय आङदावा शेर्पालाई छुरी हानी हत्या गरे। व्यक्तिगत रीसइवीमा त्यसरी हत्या गरिएको बताइन्छ। हाल अभियुक्तलाई थुनामा राखी कारबाही चलाइएको छ।

नाङ्खोल्याङ गाविस-६ का मेखबहादुर राईले आफ्नी पत्नी मीरा राईलाई ०५१ वैशाख ८ गते कुटपिट गरी सख्त घाइते बनाए। कुटपिटबाटै मीराको वैशाख १० गते मृत्यु भयो। पीडक मेखबहादुरलाई थुनामा राखी कारवाही चलाइएको छ।

| घटनाको प्रकृति | घटना संख्या | | |
|---|---|---|---|
| | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | - |
| बलात्कृत | - | १ | - |
| आत्महत्या | - | १ | २ |

### १.२ जेल र वन्दीहरू

यहाँको जेलमा २५ जना वन्दी अटाउने क्षमता भए पनि हाल ३० जना वन्दीहरू राखिएका छन्। जसमा १ जना महिला छिन्। महिला वन्दीका लागि अलग्गै बस्ने घर छैन। वर्षको दुई पटक दिइने लगाउने कपडा र हरेक २ वर्षमा दिइने ओढ्ने-ओछ्याउने कारागारमा कुनै वन्दी आउने वित्तिकै दिने हो वा खास अवधि पुगेपछि मात्रै दिने हो भन्ने कुरा नियममा स्पष्ट नभएको गुनासो जेलरको रहेको छ।

### १.३ गिरफ्तारी र यातना

फूलवारी गाविस-६ का वलबहादुर श्रेष्ठ र गणेशप्रसाद कँडेललाई ०५१ साउन १५ गते दोमान प्रहरी थानाद्वारा गिरफ्तार गरी कुटपिटद्वारा यातना समेत दिइयो। उनीहरूलाई स्थानीय रामकुमार चुडालको उजुरीका आधारमा गिरफ्तार गरिएको थियो। उनीहरूबीच जग्गाको सीमानामा रहेको रूखको घाँस काट्ने विषयमा झगडा भएपछि रामकुमारले प्रहरीमा उजुरी दिएका थिए। भोलिपल्ट दुई थरी बीच मिलापत्र भएपछि गिरफ्तार गरिएकाहरूलाई छोडिएको थियो।

### १.४ वेपत्ता पारिएको

पापुङ्ग गाविस-७ का १६ वर्षीय तुके लिम्बु ०५१ भदौ १७ गतेदेखि वेपत्ता भएका थिए। ०५१ असोज १ गते

मेवाखोलाको किनारमा हात र पाखुराका टुक्रा फेला परे। त्यहाँ देखिएका हात-पाखुरा तुके लिम्बुको हुन सक्ने आशंका गरिएको छ र हत्याको आशंकामा साँवा गाविस-१ का बुधराज साँवा र उनकै छोरा वीरबहादुर साँवामाथि कानूनी कारवाही शुरू गरिएको छ।

**१.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट**

साँघु गाविस-१ का नुरी शेर्पाले रक्सीले मातेको अवस्थामा ०५१ कात्तिक १३ गते स्थानीय तुलाराम राईमाथि खुकुरी प्रहार गरी घाइते बनाए। अभियुक्त फरार रहेका छन्।

मालपोत कार्यालय ताप्लेजुङ्गका अधिकृत ज्ञानेन्द्रबहादुर काफ्लेले ०५१ मंसीर २८ गते स्थानीय विकास अधिकारी रामप्रसाद निरौलालाई कुटपिट गरे। त्यसपछि निरौलाले पनि दाउराले हिर्काएर काफ्लेको खुट्टाको हड्डी फुटाइदिए। दुवै जनाको नाममा जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलेको छ र दुवैलाई विना धरौटी तारिखमा छाडिएको छ।

दुंगेसाँघु गाविस-३ का युवराज वनेम र उनका बाबु श्रीध्वज वनेम बीच ०५१ पुस ८ गते झगडा परिरहेको देखेपछि सोही गाउँका लक्ष्मी वनेम छुट्याउन भनेर गए। युवराजले लक्ष्मीमाथि खुकुरी प्रहार गरी गम्भीर घाइते बनाए। घाइतेलाई उपचारका लागि काठमाडौं ल्याउनु परेको थियो। पीडक युवराज र उनका भाइ चन्द्रप्रकाश वनेमलाई ज्यान मार्ने उद्योगमा मुद्दा चलाइएको छ।

**१.६ थुनामा मृत्यु**

यो वर्ष थुनामा कसैको मृत्यु भएको पाइएन।

**२. मौलिक अधिकार**

**२.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार**

संविधान प्रदत्त अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकारमा हनन गर्ने खालका उल्लेख्य घटना यो वर्ष देखा परेनन्।

**२.२ धार्मिक स्वतन्त्रता**

यो वर्ष धार्मिक झैझगडा भएर कुनै घटना देखा परेको पाइएन।

**२.३ राजनीतिक स्वतन्त्रताको अधिकार**

नेकपा (एमाले) ले ०५१ कात्तिक ५ गते आदर्श निम्न माध्यमिक विद्यालयमा आमसभाको आयोजना गरेको थियो। त्यहाँ अवाञ्छित प्रचार गरेको विवादमा राष्ट्रिय जनमुक्ति पार्टी र एमालेका कार्यकर्ता बीच झगडा भयो। झगडामा एमालेका नन्दकुमार अन्छङ्बो र जनमुक्तिका लक्ष्मी अन्छङ्बो घाइते भएका थिए।



खुकुरी प्रहारबाट घाइते : बञ्जावी लिम्बु

०५१ कात्तिक २९ गते मध्यावधि निर्वाचनका दिन कनका प्राथमिक विद्यालय, थिङ्लावुमा मतदानका विषयमा झगडा उत्पन्न भयो। झगडामा बञ्जावी लिम्बु र विगेन्द लिम्बु घाइते भए। थिङ्लावु गाविस-९ का मानबहादुर ओख्रावलाई दोश्रो पटक मत खसाल्न लाइनमा बसेको आरोप विगेन्द लिम्बुले लगाएपछि दुईथरीबीच झगडा भएको हो। घाइते हुने बन्जावी लिम्बु एमाले समर्थक हुन् भने विगेन्द्र लिम्बु राष्ट्रिय प्रजातन्त्र पार्टीका व्यक्ति हुन्। झगडाका क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरूले बन्जावी लिम्बुलाई घेरेर कुटपिट गर्न खोजेपछि उनले छुरी प्रहार गरी विगेन्द्रलाई घाइते बनाए। बन्जावीको पिठ्यूँमा चोट लाग्यो भने वायाँ हत्केला पनि काटियो। त्यसपछि सबैको भागाभाग भयो र मतदान नै रोकिएको थियो।

मध्यावधि निर्वाचनकै दिन साँवा माध्यमिक विद्यालयको प्राङ्गणमा भएको मतदान केन्द्रमा कांग्रेसका टेकबहादुर साँवाले एमालेका कर्णबहादुर साँवालाई खुकुरी प्रहार गरी घाइते बनाए। सोही घटनामा डम्बरबहादुर साँवाले लक्ष्मीप्रसाद साँवालाई खुकुरीले काटी घाइते बनाएका थिए। उक्त दिन कांग्रेसको तर्फबाट फर्जी भोट खसाल्न लाग्दा, रोक्ने क्रममा, विवाद उत्पन्न भई काटामारको घटना हुन पुगेको थियो। पीडक र पीडित बीच पछि मिलापत्र भएको बताइन्छ।

**२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार**

अदालतका सम्बन्धमा जनताको धारणा राम्रै रहेको छ। तर अर्ध न्यायायिक क्षेत्रहरूले सही न्याय दिने नगरेको गुनासो जनतामा छ। वन कार्यालयबाट छिटो र छरितो ढंगले न्याय सम्पादन हुने गरेको पाईंदैन। चांगे गाविसका डम्वर चुडाल लगायतका व्यक्तिहरूको वन सम्बन्धी मुद्दा करीव ९ वर्ष अघिदेखि चलिरहेको छ। उनीहरू अहिलेसम्म पनि लगातार तारिख धाइरहेका छन्।

**२.५ सरूवा / बढुवा / पक्षपात आदि**

यस सम्बन्धी कुनै घटना देखा परेन।

**३. भूमिहीन तथा सुकुम्वासी समस्या**

यहाँ भूमिहीन तथा सुकुम्वासी समस्या चर्को रूपमा रहेको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

फुङ्लिङ गाविस-३ का युवराज बरालले ०५० फागुन ७ गते आफ्नी पत्नी मीना बराललाई खानामा विष हालेर खुवाई हत्या गर्ने प्रयास गरे। तर तत्काल उपचार गराउन पीडित महिला सफल भइन् र बाँचिन्। पीडक युवराजले पत्नी मन नपरेकाले मार्न खोजेको बताइन्छ। पीडक युवराज लगायत उनका सहयोगीहरूलाई ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा चलाइएको छ।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

### ४.३ गर्भपतन

यस सम्बन्धी कुनै घटना देखा परेन।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वालवालिकाहरूको ठूलो संख्या शिक्षा आर्जनबाट बञ्चित रहेका छ। त्यस बाहेक अन्य उल्लेख्य घटना देखा परेको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ दासत्व, कमैया, बाँधा र हलिया प्रथा छैन। तर सम्पन्न परिवारले नोकर चाकर राख्ने परम्परा भने रहेको देखिन्छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

सामाजिक अन्धविश्वास, रूढी र छुवाछूतको प्रचलन रहे पनि त्यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कुनै प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

यो वर्ष यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो, आगलागी जस्ता विपत्तिका घटनाहरू भएको पाइएन।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कोही घाइते भएको र कसैको मृत्यु भएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ९.४ आत्महत्या

फुङलिङ्ग गाविस-७ स्थित आफ्नो मामाघर मुनिको जंगलमा गएर स्थानीय १७ वर्षीय पुष्पा निरौलाले ०५० फागुन १४ गते आत्महत्या गरिन्। आमाको मृत्युपछि उचित माया कसैबाट नपाएपछि उनले आत्महत्या गरेको बताइन्छ।

इखावु गाविस-२ का ३५ वर्षीय देनुबहादुर लावुङ्गले रीसको सनकमा ०५१ साउन १ गते झुण्डिएर आत्महत्या गरे।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना देखा परेको पाइएन।

■



# १. पूर्वाञ्चल

# कोशी

# १.५ मोरङ्ग

जनसंख्या : ६७४८२३

साक्षरता : ४८.६ प्रतिशत

महिला साक्षरता : ३५.० प्रतिशत

क्षेत्रफल : १८५५ वर्ग कि.मी.

कोशी अञ्चलको पूर्वी तराईको जिल्ला हो मोरङ। तराई जिल्ला भनेर चिनिए पनि यस जिल्लाका आठ वटा गाविसहरू पहाडी क्षेत्रमा पर्दछन्। तीनवटा भावर प्रदेशमा र ५४ वटा गाविसहरू तराईमा पर्दछन्। ६५ गाविस र १ नगरपालिका रहेको मोरङ जिल्ला सातवटा निर्वाचन क्षेत्र रहेको काठमाडौं पछि सबैभन्दा बढी जनसंख्या भएको जिल्ला पनि हो। विराटनगर मोरङ जिल्लाको सदरमुकाम हो। वीरगंज पछिको मुख्य नाका जोगवनी विराटनगर भएर नै खुल्दछ। यहाँ भाषा संस्कृतिमा विविधता बीच एकता कायम भएको देखिन्छ। राजनीतिक क्षेत्रमा सात साल पछि देखिनै धेरै प्रधानमन्त्री दिने मोरङ जिल्लाले प्रजातन्त्रको पुनर्स्थापना पछिका निर्वाचित दुई प्रधानमन्त्रीको गृह जिल्ला बन्ने सौभाग्य पाएको छ। यति भएर पनि मानवअधिकारको क्षेत्रमा अपेक्षित सचेतनता देखिएको छैन। मानवअधिकार उल्लंघनका घटनाहरूमा कमी आएको छैन। तथापि केही वर्ष यतादेखि शिक्षित र सचेत वर्गमा मानवअधिकारको विषयमा सकारात्मक धारणा भने विकसित भएको पाउन थालिएको छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

यस वर्ष मोरङमा १ सय ७८ जना व्यक्तिको मृत्यु भयो। यी मध्ये ३२ जना सवारी दुर्घटना परी मरे, ३९ जना भवितव्यबाट र ७९ जना विभिन्न ढंगले आत्महत्या गरी मरे। २८ जना मारिएका छन्।

### १.1 हत्या/गोली

यो वर्ष राज्य शक्तिको प्रयोगबाट प्रहरी र प्रशासनले गोली हानेको कारणबाट कसैको मृत्यु भएन। आपसी झगडामा मृत्यु भएका घटनाहरूमात्र यो वर्ष देखा परेका छन्।

पतिले पत्नीलाई मारेको घट्ना दुईवटा छन्। शनिश्चरे-६ निवासी ५१ वर्षीय धनमाया लिम्बुलाई रक्सी पिएको सुरमा बाटोमा हिड्दा हिड्दै विवादभई ०५० फागुन १५ गते आफ्नै पति अमरबहादुर लिम्बुले घचेट्दा अग्लो ठाउँबाट लडेर घाइते भई उपचारार्थ लैजादा क्षेत्रीय अस्पताल धरानमा मृत्यु भयो।

०५१ भदौ ११ गते भाथिगछ-७ निवासी ४५ वर्षीय महावीर राजवंशीले आफ्नै पत्नी दुर्गावती राजवंशीलाई मारी प्रहरी समक्ष आत्मसमर्पण गरे।

हत्याकै प्रसंगमा ०५० चैत २९ गते कद्माहा-७ को कमलपुरमा एउटै रूखको हाँगामा एकै परिवारका चारजना झुण्डिई मरेको चारवटा लाश फेला परे। तर यो घटना हत्या हो भनेर चर्चित छ। मर्नेहरूमा ३० वर्षकी श्रीमती मोठादेवी चुनिया, छोराहरू क्रमश १० वर्षीय राजसिंह ६ वर्षीय भरत र छोरी १ वर्षीय मीनाकुमारी छन्। उनीहरूलाई मृतक मिठादेवीका पति रामचन्द्र सिंह र उनकी कान्छी पत्नीले हत्या गरी झुण्ड्याएको हुन सक्ने बताइन्छ। रामचन्द्रले मोठादेवी र उनी पट्टिका छोराछोरी त्यागेर ६ महिना अघि एउटी भारतीय युवतीसंग विवाह गरेका थिए। हत्याराहरू कोही पक्राउ परेका छैनन्।

लाश भेटिने तर हत्यारा फेला नपर्ने घटनाहरू मोरङमा यसपल्ट धेरै भए। यहाँसम्म कि ०५१ असार १६ मा वेलवारीको लोहन्द्रा पुलमुनि मारेर फालिएको अवस्थामा भेटिएका भु.पू. प्रहरी हवल्दार ललितबहादुर गुरूङ र ०५१ असार १८ गते मधुमल्ला-३ स्थित आफ्नो घरबाट १३ गते हराएका प्रहरी जवान रमेश अधिकारी (झापा वनियानी

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | ३ | - | - |
| हिरासतमा यातना | - | २ | ५ |
| बलात्कृत | ३ | १ | ५ |
| आत्महत्या | - | ५० | ७९ |



*मृतक वीरबहादुर दर्नाल*

दरवन्दी भएका) जंगलको छेउमा मृत अवस्थामा भेटिए। तर यी दुवै हत्याका हत्याराहरू अभैसम्म फेला पर्न सकेका छैनन्।

त्यसैगरी टाँडीमा भएको गोपाल गौतमको हत्या, अरवमा मजदूरी गर्न जाने तयारीमा रहेका लेटाङका एकजना दर्जीको एक्कासी भएको हत्या, एवं विराटनगर-१४ का कमल अग्रवालको हत्याको गहन अनुसन्धान गरी हत्यारा पत्ता लगाउने काम यो वर्ष हुन सकेन।

असोज महिनामा टंकिसिनवारीमा एक अज्ञात व्यक्तिको लास फेला परेको थियो। असोजमै विराटनगर-१६ मा अर्को अपरिचित अधवैंशे लोग्ने मान्छेको लाश फेला परेको थियो। यो वर्ष यी दुई लाशको सनाखतसम्म हुन सकेन।

कटहरी-१ निवासी हरिलाल मण्डलको आफ्नै घरमा ०५१ असार ३० गते डाकाले हानेको गोलीबाट मृत्यु भयो। ०५१ जेठ १७ गते विराटनगर-१६ स्थित नहरको डीलमा स्थानीय रिक्सा चालक रामजी सहनीको एउटा सिटीजन घडी चोर्न राजकुमार सहनी भन्ने व्यक्तिले छुरी हानी हत्या गरे।

०५१ साउन ३ गते दिउसो इन्द्रपुर गाविस-३ का ३५ वर्षीय सुकमाया राईले घरमै आफूमाथि हातपात गर्न आउने सोही गाउँको वडा नं. ८ का ४७ वर्षीय वीरबहादुर दर्नाललाई खुकुरीले काटिन्। अदालतले सतित्व रक्षाको लागि प्रत्याक्रमण भएको ठानी सुकमायालाई तारेखमा छाडेको छ।

ताप्लेजुङ्ग स्वोक्लिङ्गका छत्रबहादुर न्यौपानेले एक विश्वकर्मा जातकी श्रीमती नैनकलाबाट जन्मिएको ३६ दिनको बच्चालाई जातीय भावनाबाट प्रेरित भई मोरङ्गको बेलवारीमा ०५१ साउन ६ गते भूईमा पछारेर मारे। नैनकलालाई त्यागेर जातीय अपहेलनाबाट मुक्त हुन यसो गरेको कुरा उनले स्वीकार गरेका छन्।

एउटा रहस्यमय घटना मोरङको सुन्दरपुरमा भएको छ। आमा अर्कोतिर पोइल गएकी कारण सौतेनी आमाको टोकसोमा परेका सुन्दरपुर-५ का २२ वर्षीय राजकुमार भन्ने योगराज गिरी मानसिक रोगको उपचार गर्न बावु मानबहादुर गिरीको साथ गएका तर फर्केर आएनन्। मानबहादुरको भनाइमा योगराजले ०५१ साउन १३ गते साँभ भारतको राँची काँके भन्ने ठाउँमा भुण्डिई आत्महत्या गरे। तर, राजकुमारकी आमा पार्वतीले अंश दिनुपर्छ भनी बावु र सौतेनी आमाले आफ्नो छोराको हत्या गरेको आरोप लगाएर जाहेरी दिएकी छन्। हाल अभियुक्तहरू तारेखमा छन्।

हत्याको सन्दर्भमा व्यक्तिले व्यक्तिलाई गोली ठोकेर हत्या गरेका दुईवटा नयाँ घटनाहरू विराटनगरमा देखिए। विराटनगर-१४ निवासी कमलप्रसाद अग्रवाल र विराटनगर-७ निवासी सौकत अहतको ०५१ पुस १६ गते दुकानबाट घर फर्कदै गर्दा अध्यारोमा गोली लागेर मृत्यु भयो। सौकतको हत्या उनकै नाता पर्ने एक भारतीय नागरिकले गरेका हुन्। कमल अग्रवालको हत्या कस्ले गऱ्यो रहस्य अभै खुलेको छैन।

मभारे-१ का बौकाइ ऋषिदेवलाई सापटी दिएको रकम फिर्ता माग्न जाँदा जिविस सदस्य बहादुर मण्डल समेत भई ०५१ पुस १३ गते पिटे। मरणासन्न भएका उनी बोकाएर अस्पताल पुग्नु अघि नै मरे। यो घटनालाई दवाउन प्रहरी समेत भई प्रयत्न गरेको कुरा प्रकाशमा आएको थियो।

मोरङ जिल्लामा यो वर्ष पाँच ठाउँमा गोली चलेका घटनाहरू प्रकाशमा आए।

०५० चैत ४ गते याङ्गशिला गाविस-८ चोक्टीमा जंगलमा गई अनौ काटेर ल्याउँदै गरेका ६० वर्षीय तिलकबहादुर कार्कीलाई वन गस्तीले निर्घात पिटेको विरोधमा आक्रोशित भई भेला भएको भीडलाई नियन्त्रण गर्न वन गार्डले ६ राउण्ड हवाई फायर गरेका थिए।

केही दिन देखिको विवादको क्रममा प्रहरी चौकी उपर भुटानी शरणार्थी शिविरका शरणार्थीहरूले ०५१ वैशाख २ गते आक्रमण गर्दा प्रहरीले २ राउण्ड हवाइफायर गऱ्यो। उक्त घटनामा तीनजना भूटानीहरू पक्राउ गरिए।

०५१ जेठ २ गते उर्लावारी क्याम्पसका विद्यार्थी र गाडी स्टाफ वीचको भगडामा गाडी मजदूरहरू कवि सम्मेलनमा जुटिरहेका कविहरूमाथि समेत जाई लागेपछि उपस्थित गाउँले र मजदूरहरू वीच भएको भीडन्त रोक्न प्रहरीले ४ राउण्ड हवाई फायर र २ सेल अश्रुग्याँस छाडेको थियो। मजदूरहरूको आक्रमणबाट शिक्षक प्रेमचन्द सापकोटाको हात भाँचिएको थियो भने एमाले कार्यकर्ता महेश

रेग्मी पनि पिटिएका थिए। केही मजदूरहरूलाई त्यसपछि गिरफ्तार गरियो।

त्यसैगरी मील चालु होस् भन्ने माग गर्दै ०५१ असार १ गते जिल्ला प्रशासन कार्यालय घेराउ गर्न गएका विराटनगर जुटमीलका मजदूरहरू र प्रहरीबीच भएको भिडन्तमा प्रहरीले १३ सेल अश्रुग्याँस छाडेको थियो। ०५१ कात्तिक २९ गते भएको मध्यावधि चुनावमा मोरङको टंकीसिनवारीमा धाँधली र होहल्ला रोक्न प्रहरीले गोली चलाएको थियो। तर कोही पनि घाइते भने भएनन्।

## १.२ जेल र बन्दीहरू

विराटनगर जेल दुई ठाउँमा रहेको छ। पुरानो भवनको आधा भाग ०४५ सालको भूकम्पले लडाएपछि पुरूष बन्दी कैदीहरूलाई हाटखोला जेलमा सारिएको छ। हाटखोला जेल ०२२ सालमा निर्माण भएको भएपनि इञ्जीनीयरहरूले यो भवन प्राविधिक दृष्टिले बन्दी राख्न योग्य नभएको भन्ने रिपोर्ट दिएकाले ०४५ सालसम्म यहाँ कैदीहरूलाई राखिदैनथ्यो। ०४२ सालको सत्याग्रहका बेला केही बन्दीहरू केही दिनका लागि राखिएका थिए।

भौतिक दृष्टिकोणले हेर्दा महिला जेलमा पानी चुहिने गरेको र चर्किएको समेत छ। चर्किएका पर्खालहरूले कुनै पनि वखत कैदीहरू किचिन सक्ने अवस्था छ भने पुरूष जेल क्षमता भन्दा बढी बन्दी कैदीहरू राखिनाले बन्दीहरू मुश्किलले बसेका छन्। यो जेल सुरक्षाको दृष्टिकोणले पनि नाजुक छ।

यस वर्ष यी दुवै जेलमा गरी १ हजार १ सय ४४ बन्दी कैदीहरू थुनिए। ६ सय ७ जना बन्दीहरू छुटे भने ५ सय ३८ जना बन्दी कैदीहरू जेलमा बाँकी छन्। त्यसमध्ये धेरैजसो अघिल्ला वर्षहरू देखिनै थुनामा थिए।

हाल ५ सय ३८ जना मध्ये ५ सय १० जना पुरूष, २५ जना महिलाहरू र आमाको साथमा रहेका ३ जना नावालक बच्चाहरू समेत जेलमा छन् ।

पुरूष जेलको क्षमता २ सय ५० बन्दीहरूको लागि मात्र हो। त्यसैले यहाँभित्र अति भिडभाड छ। यहाँ दुईवटा ट्यूबवेल, २ वटा धाराहरू छन्। भित्र ४ र बाहिर ५ वटा चर्पी छन्। पुस्तकालय सुविधा छैन। पुस्तक र पत्रिका आफैले मगाएर मात्र पढ्न पाइन्छ।

त्यस्तै महिला जेलमा दुईवटा चर्पी र २ वटा धारा छन्।

स्वास्थ्य परीक्षण हप्तामा एक पटक हुने गर्छ। तर, कुनै विशेष र तत्काल उपचारको आवश्यकता भए कोशी अञ्चल अस्पतालमा लगेर उपचार गराइन्छ। अहिले जेलमा ९ जना क्षयरोगका, ५ जना छारेरोगका, १ जना चिनीरोग र केही उच्चरक्तचापका रोगीहरू औषधि खाँदैछन्। त्यसैगरी पुरूष जेलमा ३ र महिला जेलमा ३ गरी ६ जना मानसिक रोगीहरू छन्। उनीहरूलाई विशेष उपचारको खाँचो छ। विराटनगरमै उनीहरूको उपचार गराइरहेको कुरा जेल प्रशासनले जनाएको छ।



*खुकुरी प्रहारद्वारा घाइते : सुशील खड्का*

स्वास्थ्य परीक्षणका लागि १ जना सि.अ.हे.व. बद्रीनारायण ठाकुर र अ.हे.व. अनिरूद्रप्रसाद मेहता यहाँ कार्यरत छन्। सि.अ.हे.व. ठाकुर मादक पदार्थ सेवन गरिरहने भएको गुनासो छ र औषधि ढिलो मात्र उपलब्ध हुन्छ। स्वास्थ्य परीक्षण भएको एक हप्ता पछिमात्र साझाले औषधि उपलब्ध गराउने गर्दछ, र उपलब्ध औषधिहरू पनि डाक्टरले सिफारिश गरेको औषधि भन्दा त्यसको साटोमा प्रयोग हुने अर्कै कम्पनिको औषधि उपलब्ध गराइन्छ।

जेलको सफाइ बन्दीहरू आफैले गर्छन्। सफाइको जिम्मा लिएको नगरपालिकाको ध्यान जेलभित्र अहिलेसम्म गएको छैन।

सुरक्षाकर्मीहरू बताउँछन् कारागार सुरक्षा गार्डको लागि आवास व्यवस्था राम्रो छैन। कुनैपनि बेला भत्कने र पानी पर्दा चुहुने कोठामा उनीहरूले निर्वाह गर्नु परेको छ। जेलभित्र बन्दीहरू आफ्नै रेडियो सुन्छन्। टि.भी. छैन।

विराटनगर जेलमा रहेका राजनीतिक बन्दी हिमलाल उप्रेती अद्यापि बन्दी अवस्था मै हुनुहुन्छ।

## १.३ गिरफ्तारी र यातना

यो वर्ष गिरफ्तारी र प्रहरीद्वारा यातना दिएका घटनाहरूका साथै एक व्यक्तिले अर्को व्यक्तिलाई दिएको यातनाका घटनाहरू पनि देखा परे।

०४९ सालमा आफ्नै घरमा झुण्डिई मरेकी २७ वर्षीय माण्डवी देवी भण्डारीको विषयमा मृतकका देवर यमनाथ भण्डारी र मृतककी जेठानी वेदकुमारी भण्डारीलाई इलाका प्रहरी कार्यालय बेलबारीले हिरासतमा लिई यातना दिएको थियो। यमनाथलाई हरैचा प्रहरी चौकीका स.इ. मानवहादुर गौतम र इन्सपेक्टर महमूद अन्सारीले ०५० माघ २१ गते बाँसको भाटाले पिटेका थिए। यमनाथलाई माघ १२ गते पक्राउ गरी फागुन १९ गतेमात्र अदालतमा हाजिर गराइयो। त्यस्तै वेदकुमारीलाई ०५० माघ १९ गते महिला प्रहरी शान्ती लिम्बूले विजुलीको तारले तिघ्रामा नील डाम बस्ने

गरी पिटेकी थिइन्। सो घाउको केश फारम गर्न जिल्ला प्रहरी कार्यालयले मानेन र अदालतको मद्दतबाट मात्र सो संभव भयो।

०५० फागुन २६ गते याङशिला-५ आँपटारकी श्रीमती मनमाया महतको शंकास्पद मृत्युको संदर्भमा पक्राउ गरिएका केवल राई, अमर शर्मा, भक्त ब. राना र इन्द्रबहादुर राईलाई इलाका प्रहरी कार्यालय केरावारीको हिरासतमा निर्ममतापूर्वक यातना दिइयो। भाटाले पिट्ने र प्रहरीको लुगा-फाटा धुन लगाउने जस्तो अपमानपूर्वक व्यवहार उनीहरूमाथि गरियो। तर उनीहरू निर्दोष भएको कुरा महशूस गरी प्रहरीले उनीहरूलाई अभियुक्त समेत बनाएको देखिदैन।

०५० चैत २ गते मध्ये रातमा घरमै सुतिरहेका भौंडाहा-६ का दुर्गाप्रसाद ठाकुरलाई धनिकलाल समेत १० जनाले आक्रमण गरी धारिलो हतियारले प्रहार गरे। राजनीतिक पूर्वाग्रहबाट प्रेरित भएर यो घटना भएको भनिएको छ। दुर्गाप्रसाद नेकपा (एमाले) समर्थक हुन् भने धनिकलाल नेपाली कांग्रेस समर्थक हुन्।

०५० चैत ४ गते याङशिलाको चोक्टीमा भएको वनपाले र जनता वीचको भीडन्त पछि गिरफ्तार गरिएका १४ जना व्यक्तिहरूलाई रेञ्जर कार्यालय सलकपुरको हिरासतमा निर्ममतापूर्वक यातना दिइएको थियो।

०५० चैत ३० गते वयरवन गाविस-८ निवासी छत्रबहादुर लिम्बुलाई उनका काका शुक्रराज संयोकले जग्गा हडप्ने आदेश दिदै गाई बाध्ने किलाले कुटपिट गरे।

होहल्ला सुनेर मोटरसाइकलबाट भाग्न तयार रहेका शुक्रराजलाई गाउँलेहरूले पक्रिए र घाइते छत्रबहादुरलाई झोलुंगोमा हाली एकातर्फ स्वयं शुक्रराजलाई बोक्न लगाएर अस्पताल लाँदै गर्दा विचैमा प्रहरीले रोक्यो। त्यसपछि गाउँलेले शुक्रराजलाई चौकी भित्रै जुत्ताको माला लगाए पछि सत्ताको वलबाट शुक्रराजले उल्टै स्थानीय शिक्षक भानुभक्त पाठक समेत १८ जनालाई सार्वजनिक अपराध अन्तरगत मुद्दा हाले। छत्रबहादुरले भने मुद्दा हाल्न पाएनन्।

०५१ जेठ ३० गते खेतमा पानी लगाउने निहुँमा भएको हानपातको सन्दर्भमा वेलवारी-३ मैनाबारीका गोपाल थापालाई स्थानीय दिलबहादुर, कर्णबहादुर विश्वकर्मा समेत भई खप्परमा बञ्चरोको पासोले हिर्काइ घाइते बनाए। सिलगुडी गई उनले उपचार गर्नु पर्‍यो। लामो समयको उपचारपछि पनि सो चोटको कारण दृश्य शक्ति कमजोर भएको बताइएको छ। सोही मुद्दामा पक्राउ परेका कर्णबहादुर विश्वकर्मा, सुन्दरीमाया विश्वकर्मा र लिबहादुर विश्वकर्मालाई इलाका प्रहरी कार्यालय बेलवारीको हिरासतमा यातना दिइएको थियो। उनीहरूलाई राजनैतिक दवावका कारण प्रहरीले यातना दिएको बताइएको छ।

०५१ जेठ ३० गते नेकपा एमाले समेतको आव्हानमा भएको नेपालवन्दको दिन एम.एम. प्लाष्टिक उद्योग विराटनगरमा रात्री ड्यूटी सकेर फर्कदै गरेका रविन लुईंटेल, डिल्ली अधिकारी र हर्क खड्कालाई प्रहरीले स्थानीय बसपार्क छेउबाट गिरफ्तार गरी पाँच दिन पछिमात्र छाडेको थियो। प्रहरीले उनीहरूमाथि प्रहरीउपर ढुंगा हानेको आरोप लगाएको थियो।

०५१ कात्तिक १३ गते राती १० वजेतिर विराटनगर-१५ स्थित पिछ्रामा चुनावी पोष्टर टाँस्ने सम्बन्धमा भएको विवादमा छुट्याउन पुगेका २० वर्षीय सुशील खड्कालाई सोही ठाउँ निवासी गणेश राय (वंगाली) ले छुरी प्रहार गरे। कोशी अंचल अस्पतालमा पीडितको उपचार भयो। रंगेहात पक्राउ परेका पीडक गणेश हाल तारेखमा छुटेका छन्।

## १.४ वेपत्ता पारिएको

विराटनगर-१८ का रामबावु यादवले आर्थिक रूपमा बेइमानी गरेका कारण आफ्नो सम्पत्ति फिर्ता गराउने उद्देश्यले ०५० चैत ७ गते पिश्तोल समेत देखाई विराटनगर डेरा गरी बस्ने शिव ढकाललाई मोटर साइकलबाट अपहरण गरी भारत पुर्‍याएर एक हप्ता सम्म वेपत्ता पारे। काम बन्ने भएपछि मात्र उनलाई छाडी दिएका थिए।

## १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस किसिमका घटनाहरूको सही तथ्यांक पाउनु संभव छैन। तर, प्रेस र राजनीतिक क्षेत्रसंग सम्बन्धित दुईवटा घटनाहरू चाहिं यो वर्ष प्रकाशमा आएका छन्।

०५० चैत १४ गते का दिन होली पर्व मनाउन परंपरागत रूपमा भेला भएका पाहुनाहरूकै वीच कांग्रेसका विद्रोही नेता वद्रीबहादुर वस्नेतलाई विराटनगर-११ स्थित आफ्नै घरमा केही उछृंखल व्यक्तिहरू आई घरमा ढुंगा बर्साउँदै अश्लील शब्दहरू प्रयोग गरी धम्की समेत दिएका थिए। वस्नेतले राजनीतिक पूर्वाग्रह राखेर नेका भित्रकै उछृंखल व्यक्तिहरूले त्यसो गराएको हो भनी बताए।

०५१ भदौ २४ गते रेडियो नेपालका विराटनगर स्थित प्रतिनिधि टंक खनाललाई एक जिम्मेवार कांग्रेस कार्यकर्ताले टेलिफोनबाट ज्यान मार्ने धम्की दिए। धम्की दिने व्यक्तिले उनको पार्टीको पक्षपोषण नगरी विद्रोही उम्मेदवार उमेश गिरीको समर्थन गरेको आरोप लगाएका थिए। तर पत्रकार खनालले आफू राजनीतिक कुरामा संलग्न नभएको बताएका छन्।

## १.६ थुनामा मृत्यु

यस वर्ष कसैको पनि थुनामा मृत्यु भएको सार्वजनिक जानकारीमा आएन।

# २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

अभिव्यक्ति स्वतन्त्रतामाथि कुठाराघात भएका घटनाहरू यो वर्ष त्यति देखा परेनन्।

काठमाडौं वानेश्वरमा भएको भारतीय प्रहरी हस्तक्षेप

लगायत विदेशी हस्तक्षेपको विरोध गर्दै संयुक्त जनमोर्चा नेपाल (भट्टराई समूह) को आव्हानमा ०५१ वैशाख २१ गते भएको नेपाल वन्दको कार्यक्रम असफल पार्न प्रशासन सक्रिय रह्‌यो। बजार वन्द र यातायात वन्दको आव्हान गर्दै हिडेका संजमो, नेपाल (भट्टराई समूह) का जिल्ला नेता राजन निरौला समेत ६ जना कार्यकर्तालाई सो दिन पक्राउ गरियो।

नेकपा एमाले लगायत ६ वटा वामपन्थीहरूको आव्हानमा मध्यावधि निर्वाचन असान्दर्भिक छ, संसद पुनर्स्थापना गरिनु पर्छ भन्दै संचालित आन्दोलनको क्रममा सक्रिय कार्यकर्ताहरूलाई व्यापक रूपमा गिरफ्तार गरी शान्तिपूर्ण विरोध प्रदर्शन गर्न पाउने मौलिक अधिकारको हनन गरियो।

साउन ९ गते एमाले सांसद हर्कमान तामाङ, नेकपा (मसाल) का मेघराज आचार्य तथा नेकपा एमालेका नेताहरू सुवोधराज प्याकुरेल, महेश रेग्मी, गणेश केसी, सत्यनारायण चौधरी, लोचना राई लगायत ४१ जनालाई बजारका विभिन्न भागबाट गिरफ्तार गरी साँझ ७ बजे छाडिएको थियो। साउन ५ गतेको नेपाल वन्दको सन्दर्भमा पथ्री चौकबाट गिरफ्तार गरिएका नेकपा एमालेका कार्यकर्ता पूर्ण प्रसाद चापागाईंलाई प्रहरीले सार्वजनिक अपाराध ऐन अन्तरगत मुद्दा समेत चलायो। उनलाई २५ दिनभन्दा बढी समय हिरासतमा राखिएको थियो।

## २.२ धार्मिक स्वतन्त्रता

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

०५१ कात्तिक २९ गतेको निर्वाचन सामान्यतया शान्तिपूर्वक सम्पन्न भएको कुरा राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (नियोक) ०५१ को प्रतिवेदनमा उल्लेख छ। चुनावको कारण कोही हताहत भएनन्।

तर मतदातालाई आफ्नो प्रभावमा पार्न नाजायज ढंगले मोरङ क्षेत्र नं. १ र ७ मा मत खरीद गर्ने काम गरियो। यही क्षेत्रमा पिउने पानीको लागि चापाकल प्रशस्त वितरण गरिएको थियो।

चुनाव अभियानकै वीचमा मोरङ-१ को वरडंगा गाविस क्षेत्रमा ग्रामीण खानेपानी तथा सरसफाई आयोजना विराटनगरबाट पठाइएका चापाकल निर्माण सामग्री पक्राउ गरेको साथै रंगेली, डायनिया र बरडंगामा बिना मीटरको विद्युत वितरण गरी मतदातालाई प्रभावित गर्न खोजेको कुरा उल्लेख गर्दै सो रोकी पाउन अधिवक्ता श्रीमती सुशीला कार्कीले निर्वाचन अधिकृत समक्ष दिएको निवेदनले पनि पुष्टी गर्छ कि यहाँ चुनावको अचारसंहिता पालना भएन।

सरकारी साधनको दुरूपयोग भएको कुरा पनि उत्तिकै चर्चामा आयो। यसै सन्दर्भमा कात्तिक २० गते सुकुम्वासी अयोग (मोरङ) का अध्यक्ष यादव सापकोटालाई कटहरीका जनताले लखेटेका थिए।

त्यसैगरी निर्वाचनको ठीक अघिल्लो दिन ९४ जना कराटे क्लवका व्यक्तिहरूलाई मोरङकै उर्लावारीमा प्रहरीले पक्राउ गरेको थियो। काठमाडौंदेखि हेटौडासम्म ती युवाहरू चुनावमा प्रयोग गर्न ल्याइएको बताइन्छ।

यस वाहेक चुनाव निश्पक्ष र धाँधली रहित रहेको भनी पर्यवेक्षण समितिको रिपोर्टमा उल्लेख छ।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जनताले सुगम र निश्पक्ष ढंगबाट न्याय पाउन सकुन् भनेर नै विभिन्न न्यायिक अर्धन्यायिक निकायको व्यवस्था भएको छ।

अर्धन्यायिक भनेर प्रमुख जिल्ला अधिकारीको कार्यालय र जिल्ला वन कार्यालयलाई तोकिएको छ। जिल्ला प्रशासन कार्यालयमा बढी मात्रामा सार्वजनिक अपराध सम्बन्धी मुद्दाहरू आएको देखिन्छ। यो वर्ष जम्मा २ सय ९३ वटा मुद्दाहरू मध्ये ९१ वटा सार्वजनिक अपराध सम्बन्धि मुद्दाहरू मात्र जिल्ला प्रशासन कार्यालयले छिनेको देखिन्छ। राजनीतिक प्रतिशोधको भरमा सत्ताधारी पार्टीको दबावमा समेत यस्ता मुद्दाहरू पर्ने देखिएकोले यसबाट पीडितहरूको संख्या धेरै छ। तर जेल बस्नेहरू भने थोरै छन्।

त्यस्तै वन कार्यालय मार्फत पर्ने मुद्दाहरूमा पक्षपात भएको, वनको हिरासतमा यातना दिइएको चर्चा काफी छ। हाल विराटनगर जेलमा सवैभन्दा बढी वन्दीहरू १ सय ४७ जना वन मुद्दामा छन्।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

मोरङ जिल्लामा भूमिहीनहरूको सही तथ्यांक प्रकाशमा आएको छैन। तर सुकुम्वासी समस्या भने मोरङका ७ पहाडी गाविस वाहेक ४८ गाविसहरू र एक नगरपालिकामा सवैतिर धेरथोर मात्रमा देखिएको छ। सुकुम्वासी समस्या समाधान आयोग मोरङको अभिलेख अनुसार कूल ३६ हजार २ सय ४ सुकुम्वासीहरू छन्। यी मध्ये कटहरी, मोतिपुर, थलाहा, भौडाहा, मझारे, माथिगछ, वुधनगर, पोखरिया, नोचा, बैजनाथपुर, झोराहाट, सिशवनी जहदा र विराटनगर नगरपालिका वडा नं. १८ र २२ मा गरी कूल १ हजार ७ सय ८१ जनालाई पूर्जा वितरण गर्ने निर्णय आयोगले गरिसकेको छ। हालसम्म १ हजार ३७ वटा पूर्जा वितरण भइसकेको छ र ७ सय ४४ वटा पूर्जा वितरण गर्न बाँकी छ।

यद्यपि मोरङको पथरी, शनिश्चरे (कुशेचौर), केरौन, बयरवन, डागीहाट, वेलवारी आदिमा सुकुम्वासी समस्या जटिल छ।

ईटहरा-४ डिपु टोलको सुकुम्वासीहरूको वस्तीमा आगो लगाइएको भन्ने एउटा उजुरी मुलतविमा रहेको छ। साविक राजघाट-६ (ञ) मा नापजांच गर्दा केही व्यक्तिहरूको श्रेस्ता भन्दा बढी देखिएको जग्गा करीव ३ विघा निस्कियो।

किसानहरू र गाविस समेत भएर सो जमीनमा १९ घर दमाइ, कामी, थारू, माझी आदि जातकाले सुकुम्वासी वस्ती बसाए। तर सो प्लटसंग जोडिएका एक हरि खतिवडाले सो जमीन आफै भोग चलन गर्छु भन्दै बसेका सुकुम्वासीहरूको घरमा ०५१ असार ३० गते आगो लगाइदिए। सो को विरोधमा उजुरी पनि परेको छ। घटनाले राजनीतिक रूप लिइदिनाले कुनै निर्णय भएको छैन।

## ४. महिला अधिकार

महिला भएकै कारणले दिइने यातना र अत्याचारमा यो वर्ष पनि कुनै कमी आएन। यसबाट स्पष्ट हुन्छ महिलाहरूको सुरक्षा र उनीहरूप्रतिको सामाजिक दृष्टिकोणमा कुनै परिवर्तन भएको छैन।

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यसवर्ष बलात्कार सम्बन्धी पाँचवटा घटनाहरू प्रकाशमा आए। जसमध्ये तीनवटा सामुहिक बलात्कारका घटनाहरू छन् भने दुईवटा वालिका बलात्कारका घटना छन्।

राजघाट-८ निवासी १५ वर्षीय एक वालिका ०५० चैत २१ गते एक छिमेकीको घरमा काम सघाउन गएको बेला रक्सीले झल्लु भएका स्थानीय हेमन्त पौडेल लगायत ६ जना उच्छृंखल केटाहरूबाट बलात्कृत हुन पुगिन्। अपराधीहरूले वोकेर मकैबारीमा लगि अपराध गरेका थिए। अहिले उनको स्थिति दयनीय भएको छ।

डंग्राहा-४ निवासी १७ वर्षीय विवाहित महिला ०५० माघ १७ गते राती घरमै सुतिरहेको अवस्थामा पीडकद्वारा बोकेर नदी किनारमा पुऱ्याइएपछि सामुहिक बलात्कारको शिकार बनिन्। लोग्ने घरमा नभएको र सासू समेत अर्कै कोठामा सुतेको अवस्थामा वलात्कृत महिलाको उजुरीको आधारमा डंग्राहा-४ कै रामधन धामी पक्राउ परेका छन्।

मोरङकै हातिमुडा गाविस निमुवा स्थित नहरको डील हुँदै लोग्नेसँगै साइकलमा घरतर्फ लागेकी एक महिला लोग्नेकै सामु सामुहिक वलात्कारको शिकार भइन्। बलात्कारीहरूले लोग्नेलाई सिसौंको रूखमा बाँधी उनलाई बलात्कार गरेका थिए। अहिले अपराधी मध्येका टंकीसिनवारी निवासी सत्यनारायण चौधरी, राजु मण्डल राजवंशी र कालुराम मण्डल जेलमा छन्।

यौन अपराधीहरूले १० वर्ष अवला वच्चीलाई समेत बाँकी राख्दैनन् भन्ने कुरा ०५१ वैशाख ३ गते शनिश्चरे-७ मा भएको एउटा घटनाले पुष्टी गरेको छ। श्रीमती छोराछोरी समेत भएका ४० वर्षीय पुकबहादुर देवानले छिमेककी एक १० वर्षीय वालिकालाई घरभित्र वोलाई २ रूपियाँको नोट दिएर बलात्कार गरे। वालिका चिच्याएपछि आएका गाउँलेहरूबाट वच्न उनले उल्टै शनिश्चरेका प्रहरीहरूलाई आफूमाथि आक्रमण भएको वहाना बनाए। उता गाउँलेहरू वच्ची समेतलाई लिएर उर्लावारी थानामा गए। उर्लावारी थानाले पुकबहादुरको साथमा आएका प्रहरीहरू समेतलाई पक्राउ गऱ्यो। पछि प्रहरीहरू छुटे, पुकबहादुरलाई जेल चलान गरियो।

बलात्कार सम्बन्धी सवैभन्दा घिन लाग्दो घटना उर्लावारीमा गत कात्तिक १७ गते राती ११ बजे घट्न गएको छ। मधुमल्ला-७ निवासी छविलाल दर्जीले आफ्नै नातिनी १० वर्षीय बालिकालाई बलात्कार गरे।

घरमा पाहुना आएकाले छविलाललाई वच्चीसँगै सुत्ने प्रवन्ध मिलाइएको थियो। राती खाट मच्किएको सुनेर वच्चीकी आमाले वत्ती बालेर हेर्दा छविलाल उफ्रेर भागे। होहल्ला सुनेर भाग्दै गरेका छविलाई गाउँलेहरूले पक्राउ गरे। हाल उनलाई पूर्पक्षका लागि थुनामा राखिएको छ।

विगतमा महिला विक्री गरिएका दुईवटा घटनाहरू यसवर्ष खुल्न आएका छन्।

विराटनगर-७ की रंजीता श्रेष्ठलाई तुलाराम केसीले विवाह गर्छु भनी फकाएर भारत बम्वै लगी ०४९ साउन ११ गते विक्री गर्न सफल भएको कुरा यस वर्ष खुल्न आएको छ। अपराधी पक्राउ परेका छन्।

त्यस्तै ०५० मंसीर २० गते अमरदह-४ की सीता कुमारी संजेललाई सूर्यबहादुर विश्वकर्मा नामको व्यक्तिले त्यसरी नै झुक्याएर वेचविखन गरेको कुरा उल्लेख गर्दै यसैवर्ष चैत १० गते प्रहरीमा जाहेरी परेको छ। अभियुक्त फरार छन्।

विराटनगर-१६ की सीता श्रेष्ठले आफ्नो पसलमा वेश्यावृत्ति गराउँदै गरेकोअवस्थामा उनलाई प्रहरीले पक्राउ गरेको छ।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

समाजमा वहुविवाह प्रथा अझै पनि कायम छ। धेरै यस्ता घटनाहरू प्रकाशमा आउँदैनन्। अपहेलित होइने डरले पीडित महिलाहरू लोग्नेका विरूद्ध उजुरी गर्दैनन् वरू पीर खपेर वस्न रूचाउँछन्।

ववियाविर्ता निवासी कृष्णप्रसाद भट्टराईले जेठी पत्नी दिव्यादेवीलाई त्यागेर ०५१ वैशाख १२ गते झोराटार-४ की सीतादेवी मिश्रसंग वहुविवाह गरे।

अमाही वरियाती-९ का चनरदेव शाहले आफ्नी विवाहित पत्नी कलियादेवीलाई त्यागेर विराटनगर-१९ की राधादेवी सूडीसंग ०५१ जेठ ५ गते वहुविवाह गरे। प्रहरीमा उजुरी परेपछि चनरदेव कान्छी पत्नी सहित भारत गई नोकरी गर्दैछन्।

### ४.३ गर्भपतन

यस सम्बन्धमा कुनै घटना देखा परेन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वालिवालिका उपर गरिएको अत्याचारबाट दुईवटी वालिका बलात्कारको शिकार भएका छन्।

त्यसबाहेक कुनै उल्लेख्य घटना बाहिर नआए पनि वालवाविकाउपर अत्याचार हुँदै नभएको चाहिं होइन।

निम्नस्तरको आर्थिक अवस्था भएका वर्गमा छोराछोरीहरूले शिक्षा पाउन सकेका छैनन्। अर्काको घरमा, होटलमा भाडा माझ्ने नोकरका रूपमा धेरै रहेका छन्।

मोरङमा सडक वालकहरू पनि छन्। विराटनगरमा केही भारतबाट रोजिन्दा आउने जाने गर्छन त केही यही वस्छन्।

लागु पदार्थको कुलतमा समेत वालवालिकहरू फसेका छन्। २ जना वालकहरू फेन्सिडील ओसारपसार गरेको मुद्दामा र एकजना लकडी काटेको अभियोगमा जेल परेका थिए।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक, रोजगार र ट्रेड युनियन सम्बन्धमा मोरङ जिल्लामा यस वर्ष केही घटनाहरू देखा परे।

रघुपति जुटमील यसै वर्ष वन्द भयो। ६२ प्रतिशत श्री ५ को सरकारको शेयर भएको यो मीलमा कार्यरत ६५ जना कर्मचारी र करीव १ हजार २ सय मजदूरहरूले अवकाश पाइसकेका छन्। मृत अवस्थामा रहेको सो मिल संचालनको माग गर्दै आएका मजदूर कर्मचारीहरू विचल्लिमा परेका छन्।

विराटनगर जुटमिल बन्द भएको छैन। तर चल्ने-नचल्ने कुनै टुंगो पनि छैन। हरेक पटक तलव भत्ता र रासन प्राप्त गर्न मजदूर कर्मचारीले आन्दोलन, घेराउ र रिले अनसनमा उत्रिइरहनु परेको छ।

यहाँको अर्को पुरानो गणपति कटन मिलको हालत पनि चल्ने कि वन्द हुने भन्ने अवस्थामा छ।

यी मिलहरू वन्द हुने हो भने मजदूरहरू बीच ठूलो हाहाकार र महामारी मच्चिन सक्ने संभावना छ। एकातिर यहाँका पुराना उद्योगहरूको हालत यस्तो छ अर्कोतिर मजदूरहरूमा व्यवस्थापनबाट हुने दमन र अत्याचारमा कुनै कमी आएको छैन।

०५१ असार १ गतेका दिन मिल चालु गर्नु पर्ने माग गर्दै विराटनगर जुटमिलका कर्मचारी तथा मजदूरहरूले प्रमुख जिल्ला अधिकारी कार्यालय घेराउ गर्दा प्रहरी र मजदूरहरू वीच ठेलाठेल भई भीडन्त हुन जाँदा प्रहरीले लाठी चार्ज गर्नुका साथै १३ सेल अश्रुग्याँस छाडेको थियो। सो अवसरमा भक्त गिरी, नन्दविनोद भट्टराई, श्रीमती सुमित्रा ढकाल, सीताराम दाहाल समेत प्रदर्शनकारी तर्फका २० जना र प्रहरी तर्फ प्रहरी जवान मोहनकुमार तामाङ समेत पाँचजना घाइते भएका थिए। कोही पनि पक्राउ परेनन् तर प्रहरीले प्रदर्शनकारीले प्रयोग गरेको रिक्सा, माइक र एम्प्लीफायर आदि वस्तुहरू तोडफोड गरे।

शाह उद्योग प्रा.लि. ले मजदूरहरूलाई अन्यायपूवर्क निश्कासन गरेको विरोधमा नेपाल स्वतन्त्र मजदूर युनियन जिल्ला कमिटि सदस्य जीवनकुमार घतानी ०५१ जेठ ५ देखि र उनका साथी भगवान दत्त ०५१ जेठ ८ देखि १६ गतेसम्म आमरण अनसन वसे। राजनीतिक पूर्वाग्रह राखेर गरिएको निश्काशन गैहकानूनी भएको निर्णय सहित अविलम्व वहालीको आदेश श्रम विभागले गरेपछि मात्र अनसन टुटेको थियो। तर सोही निहुँमा शाह उद्योगको व्यवस्थापनले जीवन घतानी समेत नेस्वमयू प्लान्ट इकाईका सम्पूर्ण पदाधिकारीहरूलाई जागिरबाट हटायो। यसो गर्नुका पछाडि व्यवस्थापन पक्षले राजनीतिक पूर्वाग्रह लिएको आरोप मजदूरहरूको छ।

ठीक यस्तै घटना भएको छ, अशोक टेक्सटाइलमा पनि। विद्युतको झड्काले मरेका एक कामदारको विषयमा चर्काचर्की भएको निहुँमा व्यवस्थापनमाथि हात उठाएको अभियोग लगाई नेस्वमयू जिल्ला समितिका सदस्य मेघप्रसाद चौलागाई, प्लान्ट अध्यक्ष विजयराम कार्की, सचिव विजय गुरूङ्ग र सदस्य गोकर्ण भट्टराईलाई ०५१ भदौ २० गते निष्काशन गरियो।

यातायात क्षेत्रमा श्रम ऐन लागु भएको छैन। फलतः यहाँका मजदूरहरूको जागीर सुनिश्चित छैन। अरू सुविधा माग गर्ने अधिकार पनि छैन। त्यसैले गाडी मालिकहरूको मनोमालिन्य चलिरहेको छ।

०४९ असोज मसान्तदेखि अन्नपूर्ण वस सेवा (प्रा.लि.) बाट निस्काशित मजदूर शान्तिराम कडेरियाले यो वर्ष पनि न्याय पाएनन्। हुनतः ०५१ वैशाख २५ गते श्रम सचिवले उक्त सेवालाई रू. २ हजार जरिवाना गर्दै साविक ठाउँमा शान्तिरामलाई वहाल गर्न आदेश पनि गरेको देखिन्छ। तर मिल मालिकहरू सो आदेशको विरूद्ध पुनरावेदन गएको र अदालतले हालसम्म निर्णय नगरेकोले शान्तिरामको पुनर्वहाली हुन सकेको छैन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / वाँधा / हलिया आदि

यहाँ दासत्व कमैया र वाँधा प्रथा छैन तर मोहीहरूको भने समस्या देखिन्छ। त्यसैगरी हली वा नोकर राख्ने चलन भने गाउँघर शहर सवैतिर छ। हलीमा प्रायः लोग्ने मान्छे र नोकरमा दुवै आइमाइ लोग्नेमान्छे थुवैथरी संलग्न छन्। शहरमा मान्छे, नोकरका रूपमा वालक र वालिकाहरू पनि प्रशस्त भेटिन्छन्। खास गरी संभ्रान्त वर्गले यस्ता काममा नोकर नोकर्नी राख्ने गर्दछन्। यो पनि एक समस्या हो। तर, यसवर्ष यो समस्यासंग सम्बन्धित घटनाहरू भने भएको पाइएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

कानूनले समानताको कुरा लेखे पनि व्यवहारमा मान्छेले मान्छेलाई गर्ने घृणा, होचे अर्घेल्याइ र छुवाछूत समाजमा अझै देखिन्छ। पहाडी क्षेत्रमा चुच्चे र थेप्चेको नारा अनि तराईमा मधेशे र पहाडेको नारा व्यक्त नभए पनि भेदभावको भावना व्यवहारमा पाइन्छ। त्यस्तै पहाडे मूलमा

दमाई, कामी, सार्की आदिलाई अछुत भनेर संघार नाघ्न नदिने परंपरा अझै कायम छ। तराईमा डुम, चमार र मुशहरलाई अछुत भनेर अर्घेलो व्यवहार गर्ने गरिन्छ।

यस कुराको पुष्टि ताप्लेजुङ्गका छत्रबहादुर न्यौपानेले ०५१ असार ६ गते मोरङ्ग वेलवारीको जंगलमा आफ्नो ३६ दिनको शिशुलाई भूईंमा पछारी पछारी हत्या गरेको घटना हो। उनले एक विश्वकर्मा केटीसंग विवाह गरेको कारण समाजले जातबाट काडेको थियो। यो समाचार सुन्नासाथ मानसिक रूपमा पिरोलिएर र श्रीमती नैनकला विश्वकर्मालाई छाड्ने उद्देश्यले बच्चालाई त्यसरी निर्ममतापूर्वक मार्न पुगेका थिए।

मानिसहरूलाई विदेशी रोजगारीमा लगाई दिने प्रलोभन दिई हजारौं हजार रकम झुक्याएर खाने तर उनीहरूलाई वीचैमा अलपत्र पार्ने गरेको ठगी सम्बन्धी घटनाहरू यस क्षेत्रमा बारंबार घट्ने गर्छन। यस्तो धन्दामा केही गिरोहहरू नै संलग्न भएको पाइएको छ।

यसै सन्दर्भमा मोरङ्गबाट साउदी अरबको एक कम्पनीमा जागीर लगाइदिने प्रलोभन दिई भारतीय नागरिक मो.आशिक पूर्वी मोरङ्गका ४८ जना युवकहरूबाट जनही ३१ हजार भारतीय रूपैया लिएर दिल्लिसम्म पुऱ्याई वेपत्ता भएको थियो। प्रतिव्यक्ति ५ हजार खाएर स्थानीय तीर्थ खरेल र अरूण गुरूङ्गले उनीहरूवीच सम्पर्क गराएका थिए। यो घटना यस वर्ष वैदेशिक रोजागर सम्बन्धमा भएको सवैभन्दा ठूलो घटना हो।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धमा उल्लेख्य घटना पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

०५१ साउन ५ गते नेपाल वन्दको सिलसिलामा पथ्रीमा पक्राउ परेका पूर्ण प्रसाद चापागाईको अन्यायपूर्वक गिरफ्तारी र झूठा मुद्दामा फसाउन खोजेको विरोधमा नेकपा एमालेले वक्तव्य प्रकाशित गरेको थियो।

०५१ मंसीर ७ गते विराटनगर-१४ का कमल अग्रवालको केही अज्ञात व्यक्तिहरूले गोली हानी गरेको हत्याको विरोधमा मोरङ्गबाट विजयी एमाले सांसदहरू हर्कमान तामाङ्ग, कमल कोइराला, गुरूप्रसाद वराल एवं भरतमोहन अधिकारीद्वारा अविलम्व हत्यारा पत्ता लगाउने माग गर्दै प्रेस वक्तव्य जारी गरिएको थियो।

कमल अग्रवाल र सौकत अहमदको हत्याको विरोधमा एक दिन वजार वन्द गरिएको थियो।

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

यो वर्ष ४६ वटा दुर्घटना भए। यी मध्ये ३२ वटा मानसिहरू मरेको, ९ वटा मानिसहरू घाइते भएको र ५ वटामा जनावर मरेको घटनाहरू भए। त्यस्तै भवितव्यमा परी मर्नेहरूको संख्या ३९ छ। भवितव्यलाई समेत दुर्घटना सम्झने हो भने ८५ वटा दुर्घटनाहरू हुन पुगेको देखिन्छ।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

यो वर्ष वाढी र पहिरोको समस्या यहाँ देखा परेन। आगलागीको घटना भएका छन्। त्यसमध्ये एउटा चट्याङ्ग परेर याङशिलामा आगलागी भएको थियो। कटहरीका ३० वटा घर झूपडी आगलागिबाट डढे। ईटहरा-४ मा विवादास्पद सुकुम्वासी वस्तीमा साउन ३० गते स्थानीय हरि खतिवडाको निर्देशनमा १९ घरमा आगो लगाइएको थियो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

विगत वर्षहरूमा झैं साउनको अन्त्यतिरदेखि चारकोशे झाडीमा केही हात्तीहरू निस्किएर आसपासका गाउँहरूमा आई प्रशस्त दुःख दिने काम गरे। ती हात्तीहरू सर्वप्रथम भदौ ७ गते वयरबनमा निस्किए। त्यहाँ घरमा सुतिरहेकी विष्णुमाया नामकी एक वृद्धाको खुट्टा किचेर माऱ्यो। धान र केराहरू नास भए। सोही हात्तीको जत्थाले डागीहाट, केरावारी, पानवारी, बकलौरी, लेटाङ तथा तरहरामा समेत पुगी बाली नास गर्ने गाउँलेको छाप्रा उल्टाइदिने काम गऱ्यो। त्यसरी हात्तीहरू जौ, केरा र धान खान मानिसको घर आउने गरेको बताइन्छ। धेरै ठाउँमा प्रहरी प्रयोग गरी धपाउने गरिएको पाइयो।

### ९.४ आत्महत्या

अत्महत्या गरी यो वर्ष मोरङमा मात्र ७९ जनाले जीवन त्यागे। जसमध्ये आगो लगाएर ४, विष खाएर १९ र झुण्डिएर ४६ जना मरे। आत्महत्या गर्नेहरू अधिकांश महिलाहरू छन् र त्यो पनि १६ वर्षदेखि २५ वर्ष उमेर समूहका बढी छन्।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धमा उल्लेख्य घटनाहरू पाइएनन्।

■



# १. पूर्वाञ्चल

# कोशी

# १.६ सुनसरी

जनसंख्या : ४६३४८१

साक्षरता : ४४.५ प्रतिशत

महिला साक्षरता : २९.८ प्रतिशत

क्षेत्रफल : १२५७ वर्ग कि.मी.

दक्षिणी सीमा भारतसम्म फैलिएको सुनसरी जिल्ला केही पहाडी क्षेत्र छाडेर समतल तराईमा पर्दछ। २ नगरपालिका र ५० गाविस भएको यस जिल्लाका बाराह क्षेत्र, दन्तकाली, पिण्डेश्वर, विष्णुपादुका, बुढा सुब्बा, रामधुनी आदि प्रसिद्ध धार्मिक र सांस्कृतिक स्थानहरू हुन्। प्रसिद्ध सप्तकोशीमा निर्मित चतरा नहरले यस जिल्लाका केही भागलाई उर्वरा गराएको छ। यहाँको मुख्य पेशा खेती हो र उखु, तोरी, दाल जस्ता नगदे बाली लगाइन्छ। यस जिल्लाका झण्डै ४५ प्रतिशत मानिस साक्षर छन्। यस जिल्लामा ५ वटा क्याम्पस, १ उच्च माध्यमिक, २६ माध्यमिक, ३६ निम्न माध्यमिक र १ सय ६२ प्राथमिक विद्यालय छन्। सडक यातायातको व्यवस्था समेत भएको यो जिल्लामा आधुनिक सुविधायुक्त वीपी मेमोरियल अस्पतालका अतिरिक्त स्वास्थ्य चौकी, उपचौकी गरी ३० वटा स्वास्थ्य केन्द्र छन्। जिल्लाका केही प्रमुख नगर क्षेत्रहरूमा टेलिफोनको पनि व्यवस्था छ। ५४ वटा विभिन्न हुलाक सेवाका इकाईहरू रहेका छन्। झण्डै ५० प्रतिशत मानिसलाई खानेपानीको व्यवस्था गरिएको छ।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

महेन्द्रनगर गाविस बस्ने नरबहादुर विश्वकर्माको ०५० पुस २७ गते अज्ञात व्यक्तिद्वारा हत्या गरियो। उनको लाश बाङ्गेबजार बीच पर्ने चतरा नहरमा भोलिपल्ट फेला पर्‍यो। यो घटनामा संलग्न भएको आशंकामा पक्राउ गरिएका ४ जनालाई प्रमाण नपुगेकाले अदालतले छोडी दिएको छ। तर यो घटनाको लगत्तै आफ्ना पति सहित फरार रहेकी गंगामाया नेपालीलाई घटनामा संलग्न भएको आशंकामा वारेण्ट जारी गरिएको छ।

धरान नगरपालिका भानुचौक स्थित गुडलक होटेलमा ०५० माघ १० गते रहस्यमय ढंगमा दुई जनाको मृत्यु भयो। एकजना मृतक चिया विकास निगम झापाका कर्मचारी गोपाल कटुवाल थिए र अर्काको सनाख्त हुन सकेन। माघ ९ गते राती दीपक तामाङ्गको नाम लेखाई ३ जना होटलमा बसेका थिए। ती मध्ये एक जना यी दुईको हत्या गरी "मलाई नखोज्नु" भन्ने चिट्ठी लेखेर फरार भए। यस घटनामा प्रहरीले अनावश्यक दुःख दिई आफूसंग धेरै पैसा खाएको कुरा होटल मालिककी पत्नीले बताएकी छिन्।

कुशाहा गाविस-४ स्थित मृगकुन्ज शाही सेनाका जवानसंग स्थानीय श्यामसुन्दुर सहित गाउँलेहरूको विवाद भई ०५१ कात्तिक १९ गते सैनिक जवानलाई कुटपीट समेत गरेको थाहा पाएर आएका सैनिकहरूले २ राउण्ड हवाई फायर गरे र गाउँलेहरूलाई मरणासन्न हुने गरी पिटे।

### १.२ जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन। थुनुवा र बन्दीहरूलाई विराटनगर जेलमा पठाइन्छ।

### १.३ गिरफ्तारी र यातना

पाँचकन्या गाविस-५ का सदस्य डम्बरबहादुर भण्डारी र देवीबहादुर सुनुवार लगायत १४ जनालाई सुनसरी इलाका वन कार्यालय तीनकुनेका अधिकृत बलराम पण्डित लगायतको टोलीले ०५० चैत १४ पोखरा खोलामा पक्राउ गरी

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | १ | - |
| हिरासतमा यातना | - | - | ३ |
| बलात्कृत | - | ३ | १ |
| आत्महत्या | - | - | २ |
| सैनिकहरूद्वारा आक्रमण | - | - | १ |

अमानवीय यातना दियो। उनीहरूलाई ४ दिन हिरासतमा राखेर तारेखमा छाडिएको छ।

इटहरी गाविस-५ स्थित टीका राईको पसलमा आफन्तहरू देवचन्द्र राई र राजेन्द्र राई मादक पदार्थ सेवन गरी सामान्य कुराकानी गरी बसी रहेका अवस्थामा इलाका प्रहरी चौकीका प्रहरी अशोक विक्रम शाहले कुटपीट गरी गिरफ्तार समेत गरे। प्रहरीले रक्सी माग्दा नदिएकाले यो घटना भएको थियो। पीडितहरूलाई जनही ५ हजार धरौटी राखेपछि मात्र छाडियो। प्रहरी कार्यालयले ती दुई व्यक्तिले प्रहरीमाथि हातपात गरेकाले गिरफ्तार गरेको बताएको छ।

हलोका लागि हरीस काटेर घर फर्कदै गरेका तिलकबहादुर कार्कीलाई मोरङ जिल्लामा पर्ने चोक्टी वन कार्यालयका २ वनपालेले दाउराले टाउकोमा हानी बेहोश गराएका थिए। यसको विरोध गर्दै आएको जुलुशले वनपालेहरूलाई कब्जामा लियो। उनीहरूलाई छुटाउन आएको सशस्त्र टोलीले हवाई फायर गरी जुलुसका केही सहभागीलाई गिरफ्तार गरेको थियो।

संयुक्त जनमोर्चा नेपाल (बाबुराम) ले आव्हान गरेको ०५१ भदौ १ गतेको नेपाल वन्द कार्यक्रमका सिलसिलामा बस तोडफोड गरेको भनी चारकोसे जंगलबाट इटहरी गाविसका अर्जुन गैरे शर्मा र ओम ढकाललाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूबाट गुलेली र गुच्चा बरामद गरिएको थियो। प्रहरीले उनीहरूलाई सार्वजनिक सुरक्षा ऐन अन्तर्गत १६ हजार रूपैया क्षतिपूर्ति समेत माग गरी अदालतमा बुझाएकोमा जनही १२ हजार रूपैया धरौटीमा रिहा गरिएको छ।

धरान नगरपालिका-४ लक्ष्मी सडकका चन्द्रकुमार अग्रवाललाई ०५० माघ ८ गते चोरीको सामान किनेको भनी प्रहरीले गिरफ्तार गरी यातना समेत दियो। पीडितलाई अदालतले ०५१ असार ६ गते सफाइ दियो। पीडितले आफूलाई प्रहरी कार्यालय धरानका इन्चार्ज पुष्कर कार्कीले ५ हजार रूपैया दिए छाडी दिने कुरा भनेको जानकारी दिएका छन्। पीडित रेडिमेड कपडा व्यापारी हुन्।

कुशाहा गाविस-४ घर भै मृगकुन्ज सैनिक व्यारेक नजिक पसल गरी बस्ने २२ वर्षका बुद्धिलाल सरदारले सैनिकलाई पट्का विक्री गरेका थिए। ती मध्ये केही नपड्किएको भनी साट्न खोज्दा पसलेले नमाने पछि भएको विवादमा सैनिकहरूले तथानाम गाली गरे। यसै क्रममा सैनिकहरूले स्थानीय वासिन्दा समेतलाई आक्रमण गरी राजकुमार सिंह र विजय सिंहलाई सख्त घाइते बनाए।

धरान नगरपालिका बस्ने राप्रपाका प्रतिनिधि सभाका उम्मेदवार कृष्ण कुमार राईलाई ०५१ असोज १५ गते मनोनयन गरी सकेपछि पुरानो मुद्दा लगाई गिरफ्तार गरियो। उहाँलाई नगर पञ्चायतको प्रधानपञ्च हुँदा गैर नागरिकलाई नागरिकता दिन सिफारिश गरेको अभियोग लगाइयो। पछि तारेखमा रिहा गरियो।

### १.४ बेपत्ता पारिएको

यो वर्ष बेपत्ता पारिएको घटना भएको पाइएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की/कुटपिट

हासपोसा गाविस-९ रविपुरमा पानी लगाउने विषयमा विवाद हुँदा ०५१ भदौ ८ गते ४० वर्षीय महिला गुलेठी चौधरीलाई सोनालाल चौधरीले कुटपीट गरे। सार्वजनिक अपराध ऐन अन्तर्गत जाहेरी गरिए पनि पीडकमाथि कार्वाही गरिएको छैन।

डुम्राहा गाविस-७ बस्ने महन्देनी मियालाई देवरका छोरा जुद्दिन मियाले ०५१ कात्तिक ८ मा सांघातिक आक्रमण गरे। पीडितको टाउकोमा ९ टाँका लगाउनु पऱ्यो। आफ्नो हराएको हँसिया जुद्दिन मियाँले चलाएको देखी हँसिया माग्दा यो आक्रमण भएको थियो। पीडकलाई गिरफ्तार गरिएकोमा गाविस अध्यक्षले मिलापत्र गराउँछु भनी छुटाए तर पीडित पक्षले कार्वाहीको माग गरिरहेको छ।

### १.६ थुनामा मृत्यु

यो वर्ष यस जिल्लामा थुनिएकै अवस्थामा कसैको मृत्यु भएको सार्वजनिक जानकारीमा आएन। यहाँ जेल नभएकाले यहाँका वन्दीलाई विराटनगर जेलमा राखिन्छ।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

मध्यावधि निर्वाचनको सिलसिलामा ०५१ कात्तिक २८ गते जल्पापुर-७ स्थित मन्दीर अगाडि चौरमा मेला भएका राप्रपाका कार्यकर्तामाथि गाविस अध्यक्ष जलिल मियाँ लगायतका नेपाली कांग्रेस समर्थकहरूले "कांग्रेस बाहेकको प्रचार गर्न पाइदैन" भनी सांघातिक आक्रमण गरे। यसपछि ३० गतेसम्म भएको विवादमा राप्रपा र एमालेका कार्यकर्ता घाइते भए। यस घटनामा कसैमाथि कार्वाही गरिएन ।

### २.२ धार्मिक स्वतन्त्रता

विभिन्न जातजाति, भाषाभाषी र सम्प्रदायका मानिसहरू बसोवास गर्ने यो जिल्लामा यस वर्ष धार्मिक कारणबाट कुनै घटना भएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचनका दिन ०५१ कात्तिक २९ गते विभिन्न ठाउँमा जनतालाई स्वतन्त्र र निष्पक्ष मतदान गर्नबाट वञ्चित गरियो। मतदाताहरूलाई पैसा बाँडेर आफ्नो प्रभावमा ल्याउने खालका घटनाहरू भए पनि यसलाई रोक्नेतर्फ कसैको प्रयास भएको पाइएन। नल्पापुर, गौतमपुर, हरिनगर, देवानगन्ज, भुटाहा, वसन्तपुर, घुस्की गाविसका मतदान केन्द्रमा सत्तापक्षले अनधिकृत हस्तक्षेप गऱ्यो। एक जनाले ५० पटकसम्म मतदान गरेको पाइयो। मतदानको दिन दिउँसो ३

बजेसम्म १० प्रतिशत मत नखसेको ठाउँमा बुथ क्याप्चर गरेर त्यसपछि ७० प्रतिशत मतदान गराउने काम समेत कतिपय ठाउँमा भएको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अपराधिक घटनाहरू बढ्दै गए अनुरुप न्यायिक प्रक्रिया छिटो छरितो हुन नसकेको गुनासो प्रशस्त सुन्न पाइन्छ। कतिपय घटनामा गाउँका राजनीतिक व्यक्ति र ठालूहरूले मुद्दा मिलाउने नाउँमा एकातिर पीडकबाट अनावश्यक फाइदा लिने गर्छन् भने अर्कोतिर पीडित पक्षलाई न्याय पाउनबाट बञ्चित गराउने गरेका छन्।

यस वर्ष सुनसरी जिल्ला अदालतमा ८ सय ५० वटा देवानी र ६ सय २० वटा फौजदारी मुद्दा दर्ता भए। यसै गरी अर्ध न्यायिक निकायको रूपमा रहेको प्रमुख जिल्ला अधिकारीको कार्यालयमा सार्वजनिक अपराधका ७६, हातहतियार ५ र विषालु खाद्य पदार्थ सम्बन्धी एउटा मुद्दा परेकोमा ११ वटा मुद्दाको मात्र फैसला गरियो। प्रशासनले सार्वजनिक अपराधको दुरूपयोग गर्न नछाडेको गुनासो प्रशस्त पाइयो।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लाका भूमिहीन र सुकुम्वासी भनेका कोशी कटानबाट पीडित जनता हुन्। उनीहरू पुलाहा, राजगंज, इटहरी, धरान, खैरेनी, लौकही आदि ठाउँमा छरिएर बसेका छन्। तर यस सम्वन्धी कुनै तथ्यांक फेला परेन। उनीहरूका लागि यस वर्ष कुनै उल्लेख्य काम भएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धरान नगरपालिका भानुचौकमा ०५० माघ ३० गते १० वर्षीय एक वालिकालाई १९ वर्षका दीपक जोगीले बलात्कार गरे। पीडकलाई विराटनगर जेलमा राखिएको छ।

धरान नगरपालिका-१७ मा १४ वर्षीय एक वालिकासंग त्यही डेरामा बस्ने रामबहादुर खड्काले ०५० फागुन ९ गते अनैतिक सम्बन्ध राखे। दुवैको सहमतिमा यस्तो भएको भए पनि नावालिकासंगको सम्बन्ध भनी खड्कालाई पुर्पक्षका निम्ति विरारटनगर कारागारमा राखियो।

मोरङ्ग जिल्ला इन्द्रपुर गाविस बस्ने १९ वर्षकी मञ्जुकुमारी शाहीलाई विक्री गर्ने उद्देश्यले इटहरी सुकुम्वासी टोलमा ल्याई राखिएको अवस्थामा ०५१ वैशाख १७ गते प्रहरीले एक गिरोहलाई गिरफ्तार गऱ्यो। ती युवतीलाई भारतमा सर्कसमा लगाई दिने प्रलोभन दिई विराटनगरकी खजादेवी विश्वकर्माले त्यहाँ ल्याएकी थिइन्। यो गिरोहमा सर्कसमा काम गर्ने गोविन्द थापा मगर पनि थिए। अभियुक्तहरूलाई अदालतले विना धरौटी तारेखमा छाडेको छ।

धरान नगरपालिका-११ बस्ने १४ वर्षीय एक वालिकालाई कविराज राई लगायतका ३ जनाले ०५१ असार ९ गते बलात्कार गर्ने प्रयास गरे। राती टेलिभिजन हेर्न आएकी आफ्नी साथीलाई घर पुऱ्याई डेरा फर्कन लाग्दा यो घटना भएको थियो। पीडित बालिकाले चिच्याई गुहार माग्दा पीडकहरूले छुरीले हानेकाले उनलाई चोट समेत लागेको थियो।

इटहरी गाविस-७ बस्ने १४ वर्षकी मुन्नी कुमारी राईको रगतमा एचआईभी पोजिटिभ भेटिएको छ। उनी केही समय अघि बम्वईको वेश्यालयबाट भागेर आएकी थिइन्। यी वालिकालाई २०४८ वैशाख ७ गते इटहरीमा तरकारी व्यापार गर्ने कान्छी खरेलनी नामकी आईमाईले काम लगाई दिने प्रलोभनमा वेश्यालयमा बेचेकी थिई। अभियुक्त फरार भएकी छिन्।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

यस वर्ष सुनसरी जिल्ला अदालतमा ८ वटा बहुविवाहका मुद्दा दर्ता भए। ती मध्ये मधुवन गाविस-७ का २५ वर्षीय राजन काफ्लेले जेठी पत्नी नराम्री भई भनी उदयपुरकी अर्की महिलासंग विवाह गरेका थिए। जारीका घटना गाउँ घरमा भेटिने गरे पनि अदालती कार्वाही भएको पाइएन। यस जिल्लामा देउकी, वादी प्रथा छैन।

### ४.३ गर्भपतन

यस वर्ष गर्भपतनको घटना प्रकाशमा आएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस जिल्लामा थुप्रै वालवालिकाहरू मजदूरी गर्न वाध्य छन्। यसको यकीन तथ्यांक फेला नपरे पनि धरान, इटहरी, दुहवी, झुम्का, इनरूवा र भण्टाबारीमा होटल मजदूरका रूपमा अधिकांश बालवालिकाहरू नै पाइन्छन्। उनीहरूलाई केवल दुई छाक खान दिएर १८ घण्टा भन्दा बढी समय काममा लगाइन्छ। यस अतिरिक्त यस जिल्लाबाट थुप्रै वालवालिकाहरू काठमाडौंमा गलैंचा उद्योगमा काम गर्न गएका छन्। यस्तै - खाते बालकहरूको संख्या पनि बढ्दै गएको छ। यसैगरी बालविवाह तराईका केही जातिहरूमा परम्पराका रूपमा रहेको छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा केही औद्योगिक प्रतिष्ठानहरू पनि छन्। तर यस वर्ष आर्थिक अधिकारसंग सम्बन्धित घटना

भएको पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

तराई क्षेत्रमा हरूवा चरूवाको प्रथा विद्यमान छ। तर उनीहरू आफ्नो छुट्टै घर गरेर बसेका पनि छन्। उनीहरू आफ्नो मजदूरीलाई आफ्नो मालिकको सेवामा अर्पिनु कर्तव्य ठान्दछन्। तर यस्ता व्यक्तिहरूले कानूनी हक खोजेको घटना पाइएन।

यस वाहेक, तराई क्षेत्रमा दाइजो प्रथाले गर्दा छोरीको विवाह गराउन समेत समस्या परेको पाइन्छ। खासगरी झा, कायस्थ, यादव, गुप्ता केदूरी जातिमा यो परम्परा चर्को रूपमा रहेको छ।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

उल्लेख्य केही प्राप्त भएन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लघनसंग प्रत्यक्ष असम्बन्धित)

#### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

यस सम्बन्धमा कुनै घटना भएको सार्वजनिक जानकारीमा आएन।

#### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

उल्लेख्य केही भएन।

#### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

इटहरी गाविस शान्तिझोडाका २४ वर्षीय सुरेश राईलाई जंगली हात्तीले सुँडले पछार्नाले मृत्यु भयो।

#### ९.४ आत्महत्या

धरान नगरपालिका-१० मुनालचोकका ५० वर्षीय गिरीमान गुरूङले ०५१ वैशाख २२ गते काठमाडौं स्थित ओम नर्सिङ्ग होमको ३ तला माथिबाट हाम्फाली आत्महत्या गरे। परिवारका सदस्यले क्यान्सर रोगबाट पीडित भएको र घाउ असाध्य दुख्ने गरेकाले आफूहरू कोही नभएको मौका पारी आत्महत्या गरेको बताएका छन्।

भरौल-६ का छोतीलाल चौधरीले ०५१ साउन १७ गते डोरीले पासो लगाई आत्महत्या गरे। पानी नपरेर खेत रोप्न नपाएकोले परिवारलाई कसरी पाल्ने भन्ने चिन्ताले उनले आत्महत्या गरेको बुझिएको छ।

#### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

इटहरी-७ गैसारमा ०५० फागुन १८ गते श्यामसुन्दर दुसाद लगायतको समूहले रामबाबु यादवको घरमा डकैती गरी १० हजार जिन्सी लग्यो। डकैतीको क्रममा रामबाबुको पसलमा किनमेल गर्न आएका खुनिया हरिजनलाई पेटमा र उनकी छोरीलाई हातमा गोलीका छर्राले लाग्यो। पीडक दुसाद लगायत अन्य डाँकाहरूलाई पुर्पक्षका लागि विराटनगर जेलमा राखिएको छ।

वसन्तपुर-५ स्थित मिश्रिलाल महतोको घरमा ०५० चैत २६ गते डाँका गर्न आएकाहरूले गोली चलाउँदा १४ वर्षका अर्जुनकुमार मेहतालाई छर्रा लागि उनी मरणासन्न भए। निज महतोका घरका सबै सामान उनीहरूले लगे। उनीहरू को-को थिए, पत्तो लाग्न सकेको छैन।

वसन्तपुर गाविस-५ मा डकैती गर्न आएको समूहमाथि ०५१ जेठ १५ गते प्रहरीले गोली चलाउँदा २ डाकाको मृत्यु भयो।

■



# १. पूर्वाञ्चल

## कोशी

## १.७ धनकुटा

जनसंख्या : १४६३८६

साक्षरता : ४९.० प्रतिशत

महिला साक्षरता : ३३.० प्रतिशत

क्षेत्रफल : ८९१ वर्ग कि.मी.

कोशी अञ्चलको मध्य भागमा रहेको पहाडी जिल्ला धनकुटाले आफ्नै खालको संघर्षशील इतिहासको निर्माण पनि गरेको छ। निर्दलीय निरंकुश पञ्चायती शासनका विरूद्ध यो जिल्लाका थुप्रै नागरिकले जीवन वलिदान गरेका छन्। ०३६ सालको कात्तिकमा किसानहरूले न्यायको आवाज उठाउँदा छिन्ताङ्गमा १६ जनाको हत्या गरिएको थियो। वहुदलीय व्यवस्थाको स्थापनापछि पनि यहाँ मानवअधिकार हननका घटनाहरू देखा पररिहेको पाइन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

वुढिमोरङ्ग गाविस-१ का वर्ष ३४ का राजेन्द कार्की ०५१ कात्तिक २० गतेदेखि हराई रहेका थिए। सडक विभागका सुपरभाइजर निज कार्की मृत अवस्थामा ०५१ कात्तिक २५ गते खोरखोरे खोलाको भीरमा भेटिए। हत्याको आशंका गरिएको यो घटनाका बारेमा थप अनुसन्धान भइरहेको छ।

मूर्तिढुंगा गाविस-४ का ५ वर्षीय देवराज लिम्बुलाई भरूवा बन्दुकले हानी मारेको अभियोगमा ०५१ कात्तिक २२ गते मृतकका मामा झपटबहादुरलाई गिरफ्तार गरिएको छ। झपटबहादुर आफूले जानी जानी गोली नचलाएको तर अचानक बन्दुक पड्किंदा छर्रा गोली लागी आफ्नो भानिजको मृत्यु भएको बताउँछन्।

### १.२ जेल र वन्दीहरू

४० जनासम्म वन्दी राख्न सकिने यहाँको जेलमा हाल २२ जना वन्दी राखिएका छन्। २ वर्ष कैद भुक्तान नभएकालाई विस्तरा दिने चलन छैन भनी त्यस्तालाई विस्तरा नदिएको देखिन्छ। सिमेन्टको चीसोमा वन्दीहरू आफ्नै कपडा ओछ्याएर बसेका छन्।

### १.३ गिरफ्तारी र यातना

चानुवा गाविस-१ का ४७ वर्षीय इन्द्रबहादुर बुढाथोकीलाई ०५१ साउन २८ गते बाख्राले वाली खाएको निहुँमा स्थानीय प्रहरी फणीन्दबहादुर बुढाथोकीले बोलाई कुटपिट समेत गरे। पीडितलाई भोलिपल्ट चौकीबाटै छाडिएको थियो।

धनकुटा नगरपालिका-७ का थामबहादुर राईलाई ०५१ भदौ ५ गते नेकपा (एमाले) द्वारा आव्हान गरिएको नेपाल बन्द कार्यक्रमको दिन बाटोमा हिडिरहेको अवस्थामा विनापूर्जी गिरफ्तार गरियो। उनलाई सोही दिन साँझ जिल्ला सभापति धर्म पौडेलको जमानीमा छाडिएको थियो।

नेकपा एमालेको आव्हानमा भएको ०५१ भदौ ५ गतेको नेपाल वन्दको दिन आफ्ना साथीहरूसंग हिडिरहेको बेला धनकुटा नगरिपालिका-३ का ठाकुर बरालालाई विना कारण र विना पूर्जी गिरफ्तार गरियो। निजलाई साँझ मात्र छाडिएको थियो।

मारेकटहरेबाट टंक वस्नेतलाई ०५१ असोज १८ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालयमा ल्याइरहेको बेला बाटोमा होमबहादुर रायले किन पक्रेर ल्याएको भनी सोधखोज गरेका थिए। त्यसरी बाटोमा सोधखोज गरेकै कारण होमबहादुरलाई भोलिपल्ट जिल्ला प्रहरी कार्यालयमा बोलाइयो। होमबहादुर सहित इन्द पराजुली, दीपक वस्नेत र सुरेश पराजुली पनि गएका थिए। त्यहाँ डीएसपी स्वयंले होमबहादुरलाई दुई थप्पड

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | ७ | ३ |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | ४ | ४ |



धनकुटा जेल

हिर्काएको कुरा उनीसँगै गएका उनका साथीहरू बताउँछन्। होमबहादुरलाई इन्द्र पराजुलीको जमानीमा छाडिएको थियो।

मारेकटहरे-४ का टंक वस्नेतलाई ०५१ असोज १८ गते मादक पदार्थ सेवन गरेको आरोपमा गिरफ्तार गरी ३ दिनसम्म थुनामा राखियो। प्रहरीले हिरासतमा कुटपिट समेत गरेको गुनासो पीडितको छ।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना देखा परेन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मारेकटहरे गाविस-९ स्थित धर्मोदय माध्यमिक विद्यालयको भवन निर्माण गर्ने सिलसिलामा ०५० माघ ४ गते गाउँलेहरू घडेरी सम्याउने काम गरिरहेका थिए। त्यही नै समयमा सोही गाउँका जयबहादुर रोगुको नेतृत्वमा आएको एउटा हुलले विद्यालयका प्रधानाध्यापक कुलकेशर दाहाललाई अपशब्दद्वारा गाली गर्दै घोक्र्याउने-मुन्ट्याउने काम गर्‍यो। त्यसपछि निर्माण कमिटीका अध्यक्ष भक्तमणि पौडेललाई पनि गणेश ताम्ली, तेजनारायण ताम्ली लगायतका व्यक्तिले घाइते हुने गरी कुटपिट गरे। उनीहरूले -"क्षेत्रीहरूको टाउको फोरिन्छ" भनी ज्यान मार्ने धम्की समेत दिए। पीडित भक्तमणि पौडेलले माघ ६ गते घटनाका बारेमा जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। तर पीडकहरू जिल्लाबाटै भागी सकेका थिए।

आँखीसल्ला गाविस-२ का खड्गबहादुर भण्डारीलाई ०५१ कात्तिक २१ गते स्थानीय हर्कबहादुर माझी लगायतका व्यक्तिले खुकुरी प्रहार गरी घाइते बनाए। पीडकका अन्य सहयोगीहरूमा कृष्णबहादुर माझी, वीरबहादुर माझी र रामबहादुर माझी थिए। उनीहरूले मादक पदार्थ समेत सेवन गरेका थिए। पीडित भण्डारीले प्रहरी कार्यालयमा घटनाका बारेमा जाहेरी दिएपनि पीडकहरूमाथि कुनै कारवाही गरिएन।

०५१ मंसीर ८ गते विहान इलाम बजो गाविसबाट धनकुटा मौनावुदुकतर्फ आइरहेका १८ वर्षीय रूवेन राईलाई दुई जना अज्ञात व्यक्तिले ज्यान मार्ने उद्देश्यले छुरी प्रहार गरी घाइते बनाए। पीडितले प्रहरीमा उजुरी दिएपछि अभियुक्तहरूको खोजी भइरहेको छ। तर हालसम्म अभियुक्तहरू पत्ता लाग्न सकेका छैनन्।

### १.६ थुनामा मृत्यु

यो वर्ष यस जिल्लाको कारागारमा थुनामा रहेको अवस्थामा कसैको मृत्यु भएको पाइएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यो वर्ष यस जिल्लामा एक अर्काको धार्मिक आस्थामाथि खलल पुर्‍याउने खालका घटनाहरू देखा परेनन्।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

राजरानी गाविस-६ मा रहेको मतदान केन्द्रमा ०५१ कात्तिक २९ गतेको आम निर्वाचनका दिन नेपाली कांग्रेसकी स्वयंसेविका सुश्री खगेन्द्र राईले मतदाता वेनुका चेम्जोङ्गलाई राजनीतिक प्रतिशोधका दृष्टिले घोक्र्याई जमीनमा लडाइदिइन्। वेनुका मुर्छा परिन्। भोलिपल्ट उनलाई धनकुटा अस्पतालमा पुर्‍याई उपचार गराउनु परेको थियो। पीडकउपर कुनै कारवाही भएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

आर्थिक अभाव र अशिक्षाका कारण अधिकांश नागरिकहरू न्यायालय धाउन असमर्थ रहेका छन्। न्यायालयको निर्णयप्रति जनताको सकारात्मक धारणा रहने गरेको पाइन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको देखिएन ।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्वासी समस्या उल्लेख्य रूपमा देखा परेन ।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

मारेकटहरे गाविस-८ की १७ वर्षीय खड्ग कुमारी श्रेष्ठलाई ०५१ असोज १ गते स्थानीय उदयबहादुर श्रेष्ठले

रक्सीले मातिएका केही गुण्डाहरू साथमा लिएर आई जबर्जस्ती घिच्याउन थाले। खड्गकुमारीकी आमा लीलामायाले आफ्नी छोरीलाई गुण्डाहरूले घिच्याउन लागेको देखेपछि छुट्याउन थालिन्। दुई थरी बीच निकै बेर तानातान भयो। पीडित आमा छोरी रगतपच्छे भएपछि गुण्डाहरू हिंडेका थिए। गाविस अध्यक्षले पीडकहरूलाई ५ सय रूपियाँ जरीवाना गराई घटनाको अन्त्य गराएका थिए।

महाभारा गाविस-६ की २० वर्षीय रत्नकुमारीलाई आफ्नै काका गोविन्द राईले ०५१ असोज १४ गते राजनीतिक पूर्वाग्रहका कारण राँडी, रण्डी, वेश्या, बोक्सी आदि भन्दै गाली गरे। गोविन्दले रत्नकुमारीलाई लौरोले पिट्न लाग्दा गाउँलेहरूले छुट्याएका थिए। पीडितले घटनाका बारेमा प्रहरी समक्ष उजुरी गरेपछि पीडकले अब आइन्दा त्यस्तो गर्दिन भनी माफी मागेका थिए।

### ४.२ जारी / बहुविवाह / देउकी / देह व्यापार

यहाँ देउकी र वादी छैनन्। जारी र बहुविवाहका घटना फाटफुट रूपमा देखा परे पनि यो वर्ष त्यस्ता घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

### ४.३ गर्भपतन

गर्भपतन सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको देखिएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

ग्रामीण जनता निम्न माध्यमिक विद्यालयमा अध्ययनरत १३ वर्षीय राजकुमार थापा र १५ वर्षकी लक्ष्मी थापा बीच ०५१ असोज १९ गते झगडा भयो। लक्ष्मी घाइते भइन्। उनलाई उपचार गर्न धरान लगियो। उपचार खर्च राजकुमारका बाबु आमाले व्यहोरे। त्यही घटनाका कारण लक्ष्मी थापालाई उनका आमा बाबुले विद्यालय पठाउन छोडेका छन्। एउटा सानो घटनाका कारण लक्ष्मी थापा शिक्षाबाट बञ्चित गराइएकी छिन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ दासत्व, कमैया, बाँधा र हलिया प्रथा छैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

तल्ला जातकालाई माथिल्लो जातका भनिनेहरूबाट हेप्ने प्रचलन रहे पनि यो वर्ष त्यस सम्बन्धी कुनै घटना देखा परेको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी कुनै वक्तव्य र टिप्पणी प्रकाशित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

मारेकटहरे गाविस-३ का लुमबहादुर पौडेलको ०५१ असोज १५ गते विद्युत करेन्ट लागी मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

धनकुटा नगरपालिका-२ का प्रेमबहादुर कार्कीले ०५१ कात्तिक ५ गते राती रक्सी खाएर आई आफ्नै घरमा आगो लगाए। आगलागीबाट उनको घर र घरमा भएको सम्पत्ति समेत नष्ट भएको थियो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धी कुनै घटना देखा परेन।



*पाख्रीबास कृषि केन्द्रका कर्मचारीको नाम मतदाता नामावलीमा समावेश नगरिएकोमा विरोध*



*तारा कुमारी र कमलकुमार राईद्वारा संगसँगै आत्महत्या*

### ९.४ आत्महत्या

राजारानी गाविस-५ की २५ वर्षीय ताराकुमारी राई र कमलकुमार लिम्बुले ०५१ असार ५ गते राती रूखको हाँगामा झुण्डिएर संगसँगै आत्महत्या गरे। उनीहरू बीच प्रेम सम्बन्ध कायम भई ताराकुमारी गर्भवती समेत भएकी थिइन्। उनीहरू असार ३ गते गाउँ छोडी अन्तै जान भनेर हिडेका थिए। तर आर्थिक अभावमा पुनः गाउँमै आएर आत्महत्या गरेको कुरा बताइन्छ।

राजारानी गाविस-८ की २३ वर्षकी हीरा रसाइलीले पारिवारिक बेमेलका कारण ०५१ असोज ३१ गते नास्पातीको रूखमा झुण्डिई आत्महत्या गरिन्।

धनकुटा नगरपालिका-१ का प्रकाश राईले ०५१ भदौ ३० गते झुण्डिएर आत्महत्या गरे। आत्महत्या गर्नु पर्नाको कारण भने थाहा हुन सकेन।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

वसन्तटार गाविस-३ का दिलबहादुर लिम्बुको घरमा ०५१ वैशाख १६ गते डकैती गर्ने नरध्वज लिम्बु, पद्म जोशी र रामकुमार राईलाई गिरफ्तार गरिएको छ। डकैतीमा संलग्न अन्य ७ जना फरार रहेको बताइन्छ।

घोर्ली खर्क गाविस-५ का पंखबहादुर तामाङ्गको घरमा ०५१ भदौ ११ गते डकैती गर्ने सनम तामाङ्ग, सुनील तामाङ्ग, विजयकुमार राई लगायतका व्यक्तिहरूलाई गिरफ्तार गरिएको छ।

■



# १. पूर्वाञ्चल

# कोशी

## १.८ तेह्रथुम

जनसंख्या : १०२८७०
साक्षरता : ५५.४ प्रतिशत
महिला साक्षरता : ३७.४ प्रतिशत
क्षेत्रफल : ६७९ वर्ग कि.मी.

तेह्रथुम कोशी अञ्चलको सबै भन्दा सानो पहाडी जिल्ला हो। यस जिल्लाको बसन्तपुर भन्ने बजार जुन दक्षिण पश्चिममा अवस्थित छ, त्यहाँसम्म मोटर बाटो पुगेको छ। सदरमुकाम र प्रसिद्ध स्थलको रूपमा म्याङलुङ बजार पर्छ। अहिलेसम्म सदरमुकाममा हवाई तथा सडक यातायात दुवै पुगेको छैन। नेपालको ऐतिहासिक लिम्बुवान क्षेत्रमा पर्ने यस जिल्लामा ह्यातुङ झरना पनि उल्लेख्य ठाउँ हो। यस जिल्लाको पनि मानवअधिकारको स्थिति राम्रो नरहेको महशूस हुन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

#### १.१ हत्या/गोली

इशिबु गाविस-२ की ३१ वर्षीय कृष्णमाया खड्कालाई ०५० चैत १७ गते आफ्नै सौतेलो छोरो वर्ष २२ को अम्बरबहादुर खड्काले हतियार प्रहार गरेर घाइते बनाएपछि कृष्णमायाको मृत्यु भयो। कुखुराको भाले काटेका सम्बन्धमा सौतेनी आमाले गाली गरेकोले रीसको आवेशमा आएर उनले त्यसो गरेका थिए। अभियुक्तलाई गाउँलेहरूले पक्री प्रहरीको जिम्मा लगाएका थिए। सो सम्बन्धमा अदालतमा कारवाही भइरहेको छ।

जलजले गाविस-२ की २४ वर्षीय कमला भण्डारीलाई ०५१ जेठ १२ गते पति हरिराम भण्डारी र ससुरा मोतिराम भण्डारीले कुटपिट गर्दा कमलाको मृत्यु भयो। उक्त दिन दिउँसो कमला भण्डारी माइतीलाई भेट्छु भनी घरबाट विदा लिएर म्याङलुङ बजार गएकी थिइन्। उनी बजारबाट फर्केपछि बेलुका पति, ससुरा र अन्य घर परिवारले पिटेका र नीजको मृत्यु भएपछि बिरामी भएको बहाना गरी धामी झाँक्रीलाई पक्षमा मिलाई काल गतिले मरेको हल्ला फिजाए। तमोर नदीमा लगी लाशको दाह संस्कार गर्न लाग्दा माइती पक्षले प्रहरीमा जाहेर गरे। त्यसपछि लाश जलाउन नदिई पोष्टमार्टम गरिएको थियो। सो घटनामा प्रहरी तथा प्रशासनले कारवाही गर्न ढिला गरेकाले सोवाण्डेक तेह्रथुमले घटनाको उचित छानवीन र हत्यारालाई कानूनी कारवाहीको माग गर्दै जनसभाको आयोजना गरेको थियो। त्यसपछि पीडक पक्षलाई बयान लिई कारवाही भइरहेको छ।

#### १.२ जेल र बन्दीहरू

तेह्रथुम कारागारको क्षमता ७० जना बन्दी राख्न सकिने छ। हाल यस जेलमा २९ जना बन्दीहरू छन्। जसमध्ये आरोपित पुरूष बन्दी १२, प्रमाणित पुरुष बन्दी १३ र प्रमाणित महिला बन्दी ४ तथा एउटी नाबालिका छिन्।

जेलमा पर्ने वित्तिकै लुगा कपडाहरू दिइन्न। वर्षको दुईपटक मात्र बाँडिने हुँदा त्यो बाँडिने दिनसम्म बन्दीहरूले पर्खनु पर्ने हुन्छ। सामान्य स्वास्थ्य उपचारको सुविधा प्राप्त छ। उडुस, उपियाँ, जुम्रा आदि मार्ने व्यवस्था छैन। चर्पीको ढल फुटेर दुर्गन्धित अवस्थामा छ र यसबाट रोग लाग्ने खतरा समेत छ। जेलभित्र पानी ट्याङ्की निर्माण नगरिएकाले पानीको अभाव बेला बेलामा भइ नै रहन्छ। जेलको कम्पाउण्ड व्यवस्था राम्रो नभएकाले जेल असुरक्षित भएको कुरा जेलर स्वयम् बताउँछन्।

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | ६ | - |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | ३ | ९ |

### १.३ गिरफ्तारी र यातना

सक्रान्ति गाविस-६ को शारदा माध्यमिक विद्यालयका शिक्षक रामचन्द थपलियालाई ०५० माघ १ गते झुठो अभियोग लगाई गिरफ्तार गरियो। चुहानडाँडा गाविस १ बस्ने गोमादेवी श्रेष्ठलाई बलजफ्ती बलात्कार गरेको भनी भन्न लगाई पीडित रामचन्द्र थपलियाको राजनैतिक व्यक्तित्व र छवि विगार्न विरोधीहरूले षडयन्त्र गरेको बताइन्छ। विभिन्न परीक्षण, रिपोर्ट, मुचुल्का र केटीको पटक पटकको बयानबाट अभियोग झूठो ठहऱ्याइएको थियो।

चुहानडाँडा गाविस-२ स्थित तेह्रथुम क्याम्पसमा कार्यरत सह लेखापाल ईश्वरी डाँगीलाई ०५० माघ २६ गते विद्यार्थीहरूले कालो मोसो दली बजार घुमाए। स्वतन्त्र विद्यार्थी युनियन तथा विद्यार्थी जगतलाई नै होच्याउने गरी गाली गलौज गरेकाले विद्यार्थीहरूले त्यसो गरेका हुन भनिन्छ।

चुहानडाँडा गाविस-२ को तेह्रथुम क्याम्पसमा पढ्ने विद्यार्थीहरू तथा स्वतन्त्र विद्यार्थि युनियनका पदाधिकारीहरूलाई समेत ०५० माघ २८ गते झूठो मुद्दामा वारेन्ट जारी गरी पक्राउ गरियो। सह लेखापाल ईश्वरी डाँगीलाई २ दिन अघि कालो मोसो दली घुमाउँदा निजको नगद, घडी, औंठी, ज्याकेट समेत विद्यार्थीहरूले लुटेको आरोप लगाइएको थियो। आरोपित भूपालकुमार सेन्दाङ, रमा थपलिया, गोमा चुँडाल लगायतका दश जना विद्यार्थीहरूसंग जनही १०, १० हजार गरी जम्मा १ लाख धरौटी लिई ९ दिन पछि तारिखमा छोडिएको थियो। विद्यार्थीहरूलाई अनावाश्यक दुःख दिने र सताउने कार्य प्रशासनबाट पटक पटक भइरहेको छ। सो मुद्दा समेत अझै फैसला भएको छैन।

म्याङलुङ गाविस-२ का हरिप्रसाद सिग्देललाई प्रमुख जिल्ला अधिकारीको मौखिक आदेश अनुसार ०५० चैत २१ गते गिरफ्तार गरियो। सो दिन एकादशी परेको र एकादशीका दिनमा खसी काटेको अभियोगमा उनलाई गिरफ्तार गरिएको थियो।

प्रतिनिधि सभाको पुनर्स्थापनाको माग गर्दै ६ बाम समूहद्वारा संचालित विरोध तथा नेपाल बन्दको सिलससिलामा ०५१ असार ३० गते जिल्ला सभापति खगेन्द्रराज सिटौला, पूर्व सांसद विजय सुब्बा लगायत अन्य ४ जना राजनैतिक कार्यकर्तालाई पक्राउ गरियो। पक्राउ परेका नेता तथा कार्यकर्ताहरूलाई सोही दिन साँझ छाडिएको थियो।

जिल्लाको सदरमुकाम म्याङलुङ बजारमा ०५१ साउन ९ गते विपक्षी पार्टीहरूबाट संचालित विरोध तथा नेपाल बन्द कार्यक्रमको सिलसिलामा माइकिङ गरिरहेका एमालेका कार्यकर्ताहरू गोपाल दाहाल, वेदनिधि श्रेष्ठ, रमेश भण्डारी, कृष्ण चोङवाङ लगायत १२ जनालाई विनापूर्जी पक्राउ गरियो। अन्य कार्यकर्ताहरूलाई समेत बजार प्रवेश गर्न रोकी प्रहरीले पुरै बजार कब्जामा लिएका थिए। प्रहरीबाट अश्रु ग्याँस ३ सेल हानेको र बलजफ्ती गरेमा गोली हान्ने कुरा सुनाएका थिए। प्रदर्शनकारीहरूलाई साँझ छोडिएको थियो।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना प्रकाशमा आएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

साब्ला गाविस-२ का लैनबहादुर लिम्बुलाई ०५१ कात्तिक ३ गते सोही ठाउँ बस्ने रतनबहादुर लिम्वुले टाउको तथा हातमा खुकुरी प्रहार गरी घाइते बनाए। पीडित लैनबहादुर लिम्वुको तेह्रथुम अस्पतालमा औषधी उपचार भएको थियो। पीडक रतनबहादुर लिम्वु फरार रहेको बताइन्छ।

पौठाक गाविस-६ का कमबहादुर चोङवाङलाई ०५१ पुष १४ गते सोही ठाउँका प्रेमबहादुर चोङवाङले खुकुरी प्रहार गरी हात काटी छिनाई दिए। दुई जनाको गोरू जुधी घाइते भएपछि स्थानीय भलाद्मीहरूको भेला गराई घाइते गोरूको औषधी गर्ने दाममा कुरा नमिलेपछि यी दुईको खुकुरी हानाहान भयो। सो खुकुरी हानाहानमा राजेन्द्र लिम्वु र वीरहाङ लिम्वु समेत संलग्न भएको र उनीहरूको खुकुरी प्रहारबाट प्रेमबहादुर चेङवाङ घाइते भएका थिए। प्रेमबहादुर चोङवाङ र कमबहादुर चोङवाङ दुवैको तेह्रथुम अस्पतालमा औषधी उपचार भएको थियो। यस घटनामा कोही कसैले उजुरी गरेनन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

ओख्रे गाविस-१ का नारायणप्रसाद लिम्बुको ०५१ कात्तिक २० गते नेपाली कांग्रेसका कार्यकर्ताले एमालेको आमसभामा ढुङ्गामुढा गर्दा भागाभाग भई हुलले किची टाउकोमा चोट लाग्यो। आमसभामा उम्मेदवार सुरेन्द्रकुमार फोम्बो संवोधन गर्दै हुनुहुन्थ्यो। आमसभा विथोल्न भुवनजीत लिम्बुको नेतृत्वमा ३०-४० जनाको हुलले आक्रमण गर्दा दोहोरो मुठभेड भई पिटापिट भएको थियो। उक्त घटनामा एमालेका टंक ढकाल, दुर्गा पोखरेल लगायत १३ जना घाइते भएका थिए। यस घटनालाई लिएर स्थानीय प्रशासनले एमालेका कार्यकर्ताहरूमाथि कानूनी कारवाही गरी पक्राउ गरेको थियो तर पीडक पक्षलाई कुनै कारवाही गरिएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धर्मकै कारण कुनै घटना भएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

यस सम्बन्धमा यो वर्ष कुनै घटना भएको पाइएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका जनता गरीवी, अशिक्षा र अज्ञानताकै कारण न्याय प्राप्तिमा अग्रसर हुन सकेका छैनन्।

## २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

भूमिहीन तथा सुकुम्वासी समस्या त्यति चर्को रूपमा देखा परेको पाइएन।

## ४. महिला अधिकार

महिला अधिकार हनन सम्बन्धी कुनै घटनाको जानकारी प्राप्त हुन सकेन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल अधिकार हननको उल्लेख्य घटना देखा परेन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार सम्बन्धमा कुनै घटना भएनन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

छुवाछूत प्रथा कायम रहे पनि उल्लेख्य घटना देखा परेन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कसैको प्रेस वक्तव्य/टिप्पणी देखा परेन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो, आगलागी जस्ता घटनाहरू यो वर्ष भएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

हवाकु गाविस-२ की १९ वर्षीय श्रीमती कमला गुरूङले ०५० माघ १८ गते सुतीको फित्ताको पासो लगाई आफ्नै घरमा झुण्डिई आत्महत्या गरिन्।

थोक्लुङ गाविस-६ का वर्ष ४८ का अविनारायण श्रेष्ठले ०५१ जेठ २५ गते डोरीको पासो लगाई रूखमा झुण्डिएर आत्महत्या गरे।

सिम्ले गाविस-८ का २९ वर्षीय दुर्गा वस्नेतले ०५१ जेठ ३१ गते रूखमा पासो लगाई झुण्डिई आत्महत्या गरे।

आम्बुङ गाविस-६ की २३ वर्षीय श्रीमती मैया दाहालले घर नजिकैको रूखमा डोरीको पासो लगाई ०५१ असार ३ गते आत्महत्या गरिन्। लाशको पोष्टमार्टमपछि दाहसंस्कार गरिएको थियो।

इशिवु गाविस-२ का १४ वर्षीय कुमार खरेलले ०५१ असार १३ गते रूखमा झुण्डिई आत्महत्या गरे।

आङरिम गाविस-६ की ३० वर्षीय श्रीमती पेमपुरी शेर्पाले ०५१ साउन १७ गते आफ्नै घरको सिकुवामा डोरीको पासो लगाई आत्महत्या गरिन्।

संक्रान्ति बजार गाविस-४ का ५२ वर्षीय धर्मानन्द भण्डारीले ०५१ साउन १९ गते डोरीको पासो लगाई रूखमा झुण्डिएर आत्महत्या गरे। निजको आत्महत्याको कारण थाहा पाउन सकिएन।

मोरहाङ गाविस-१ की २३ वर्षीय सुश्री भीममाया स्वापुङले ०५१ पुस १३ गते डोरीको पासो लगाई पालीको निदालमा झुण्डिई आत्महत्या गरिन्। आत्महत्या गर्नु पर्ने अवस्था र कारण थाहा हुन सकेन।

छातेढुङ्गा गाविस-२ की ७१ वर्षीय श्रीमाया कन्दङ्गवाले ०५१ पुस १९ गते पाखेवनको रूखमा डोरीको पासो लगाई आत्महत्या गरिन्।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# १. पूर्वाञ्चल

# कोशी

## १.९ भोजपुर

जनसंख्या : १९८७८४

साक्षरता : ४१.५ प्रतिशत

महिला साक्षरता : २५.९ प्रतिशत

क्षेत्रफल : १५०७ वर्ग कि.मी.

पूर्वमा धनकुटा, पश्चिममा खोटाङ्ग, उत्तरमा संखुवासभा र दक्षिणमा उदयपुर जिल्लाको सीमाभित्र पर्ने पूर्वी पहाडी जिल्ला हो भोजपुर। आर्थिक, सामाजिक, राजनीतिक र सांस्कृतिक दृष्टिले यो जिल्ला त्यति अगाडि बढ्न सकेको देखिंदैन। विकास र सामाजिक जागरणका दृष्टिले यो जिल्ला अहिले पनि कमजोर नै छ भने मानवअधिकारको स्थिति पनि नाजुक नै रहेको छ। यहाँ हत्या र कुटपिटका घटनाहरू निरन्तर देखा पर्ने गरेका छन्।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

खावा गाविस-५ का रणशुर राईलाई स्थानीय व्यक्तिहरू कहरसिंह राई, ईश्वरमान राई र विष्णु राईले ०५० चैत ३ गते रक्सी खाएर कुटपिट गर्नुका साथै हतियार प्रयोग गरेर हत्या गरे। मृतकको लाशलाई अभियुक्तहरूले सोही रात जङ्गलमा लगेर फालेका थिए। उनीहरूले सापटी पैसा नदिएकोले रणशुरको हत्या गरेको बताइन्छ। अभियुक्त तीनै जनालाई थुनामा राखी कारवाही चलाइएको छ।

देउराली गाविस-४ का २६ वर्षीय केशव भन्ने धनबहादुर कार्कीलाई ०५१ असार १० गते राती सोही ठाउँका कर्णबहादुर राई, भूपाल राई र मदन राईले कुटपिट गरी हत्या गरे। उनीहरूले कर्णबहादुर राईकी बहिनी विष्णुकुमारी राईसंग अनुचित सम्बन्ध कायम गर्न खोजेको अभियोगमा डोरीले बाँधी झुण्ड्याएर गुप्ताङ्गमा कुटपिट गरी हत्या गरेका थिए। त्यस सम्बन्धमा विष्णुकुमारी राई मृतकसंग आफ्नो कुनै पनि किसिमको सम्बन्ध नरहेको बताउँछिन्। अभियुक्तहरूलाई पूर्पक्षका लागि थुनामा राखिएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | - |
| बलात्कृत | ३ | १ | ३ |
| आत्महत्या | - | - | ५ |

वास्तीम गाविस-३ का २८ वर्षीय वलवीर राईको लाश ०५१ साउन २ गते अज्ञात व्यक्तिहरूद्वारा निर्मम ढंगले हत्या गरी जंगलको एउटा रूखमा झुण्ड्याइएको अवस्थामा फेला पर्‍यो। उनको हत्या कसले गर्‍यो र किन गर्‍यो भन्ने कुरा अहिलेसम्म अज्ञात नै रहेको छ।

तिवारी भञ्ज्याङ्ग-६ की १८ वर्षीय रेणुका राईलाई ०५१ भदौ ६ गते मन्दिरमा भेटी चढाएर जातीय परम्परा अनुसार रक्सी खाई रहेको अवस्थामा ओख्रे-३ की २३ वर्षीय शशिकला राईले आफ्नो श्रीमानसंग बसी रक्सी खाएको, अनुचित सम्बन्ध कायम गर्न खोजेको र सौता पस्न आउन लागेको आरोप लगाई तथानाम गाली गरिन्। रेणुका डराइन्। रातभर उनलाई घेरेर राखियो। भोलिपल्ट सुटुक्क आफ्नो माइतीगाउँ तर्फ जान लाग्दा दलगाउँ-४ की हीरादेवी राई र ओख्रे-३ की रहरमाया राई समेतको सहयोगमा रेणुकालाई जवर्जस्ती शशिकला राईको घरमा पुर्‍याइयो। त्यसपछि लाठी, ढुङ्गा, आगलोकासाथै घातक हतियार खुकुरी प्रयोग गरेर समेत नपुगी मट्टितेल खन्याएर आगो लगाई रेणुका राईको हत्या गरियो। रात परेपछि लाशलाई रोक्ता खोलासँगैको जङ्गलमा लगेर उत्तीसको रूखमा झुण्डाइयो। ०५१ भदौ १४ गते मात्र मृतकको लाश फेला पारिएको थियो। अभियुक्तहरूलाई प्रहरी हिरासतमा राखी घटनाका सम्बन्धमा थप अनुसन्धान भैरहेको बताइएको छ।

दोभाने गाविस-९ का २३ वर्षीय ल्हाक्पा तेम्बा शेर्पालाई सोही ठाउँका २२ वर्षीय जङमुदावा शेर्पाले कोठामा सुतिरहेको अवस्थामा ०५१ कात्तिक ९ गते खुकुरी प्रहार गरी मरणासन्न बनाए। घाइतेलाई भोजपुर अस्पताल पुर्‍याएर उपचार गर्न थालियो। तर ०५१ कात्तिक १३ गते उनको मृत्यु

भयो।

मृतक र पीडक बीच ज्वाईं र जेठानको नाता भए पनि व्यवहारिक कुरामा दुवैका बीच रीसइबी थियो। ०५१ साउन ७ गते पनि पीडक जङ्गमुदावाले ल्हाक्पा तेम्वालाई छुरी प्रहार गरी घाइते बनाएका थिए। सोही घटनामा पीडकका विरूद्ध मुद्दा हालिएकोमा नाता भित्रकै मान्छे भएकाले उपचारको लागि ५ हजार पीडकले दिने शर्तमा मुद्दा फिर्ता लिइएको थियो।

सोही रकम पीडितलाई दिनु परेको रीसमा जङ्गमु दावाले ल्हाक्पा तेम्वालाई मारेको बताइन्छ। पीडकलाई थुनामा राखी कारबाही चलाइएको छ।

### १.२ जेल र बन्दीहरू

यहाँको जेलको क्षमता २४ जनासम्म बन्दीहरू राख्न सकिने भए पनि हाल ५३ जनालाई थुनामा राखिएको छ। जसमा थुनुवा ३२ र बन्दी १४ जना रहेका छन् भने थुनुवातर्फ ७ जना महिलाहरू पनि छन्। त्यस बाहेक २ जना नावालक पनि रहेको पाइयो।

भोजपुर जेलमा ८ जना राजनीतिक बन्दीहरू रहेका छन्। नेकपा (एमाले) संग सम्बद्ध ती राजनीतिक बन्दीहरूलाई ज्यान मुद्दा लगाइएको छ। जसमा २७ वर्षीय सुधारमान राई ०४९ चैत ३० गतेदेखि जेल जीवन बिताई रहेका छन् भने ४२ वर्षीय राजकुमार राई, २४ वर्षीय रमनकुमार राई, ३५ वर्षीय नीरबहादुर श्रेष्ठ, २४ वर्षीय दुर्गाबहादुर श्रेष्ठ, ३० वर्षीय टेकबहादुर मगर, २३ वर्षीय सुन्दरकुमार मगर र ४२ वर्षीय कुलबहादुर मगर ०४८ असार ५ गतेदेखि बन्दी जीवन बिताई रहेका छन्।

यहाँ जन्मकैदको साजयँ भोगिरहेकी चक्रकुमारी राई र ज्यान मुद्दामा रहेका मर्जकुमार राईबीच जेल भित्रै यौन सम्बन्ध कायम हुन गई चक्रकुमारी राई गर्भवती भएकी छिन्। उनी ०५१ फागुन वा चैतमा सुत्केरी हुँदैछिन्। जेलभित्रै यस्तो घटना देखा पर्नु जेल व्यवस्थापनको टड्कारो कमजोरी हो।

### १.३ गिरफ्तारी र यातना

तिवारी भञ्ज्याङ्ग गाविस-४ का ४९ वर्षीय भीमबहादुर खड्कालाई ०५१ असोज २७ गते गिरफ्तार गरी १५ दिनसम्म प्रहरी हिरासतमा राखेर ज्यान मुद्दा लगाई तारिखमा छाडिएको छ। आफ्नो घरमा मेला मै बसेको अवस्थामा त्यसरी पक्राउ गरी झूठो मुद्दा लगाउने कामबाट मानवअधिकार कार्यकर्ताको रूपमा काम गर्ने लालबहादुर खनाल पनि पीडित बनेका छन्।

पीडित भीमबहादुरलाई सोहीठाउँका यज्ञबहादुर कोइराला, तीर्थबहादुर खड्का, इन्द्रबहादुर कोइराला, चन्द्रबहादुर कोइराला, कुलबहादुर खत्री र मीनबहादुर खड्काले रक्सी खाई राजनीतिक प्रतिशोधका आधारमा गालीगलौज गर्दै दाहिने हात भाँची दिएका थिए र उल्टै गिरफ्तार समेत गर्न प्रहरीलाई दबाव दिएका थिए। सोही घटनाको सूचना संकलन गर्न गएका लालबहादुर समेत झूठो मुद्दामा जवर्जस्ती फसाइएका छन्। पीडकहरूले भीमबहादुरकी पत्नी मिठीमाया खड्का, छोरा रमेश खड्का लगायत स्थानीय श्यामराज खड्का, पर्शुराम खनाल र नारायणप्रसाद श्रेष्ठलाई समेत पक्राउ गरी ज्यान मार्ने उद्योग अन्तरगत मुद्दा चलाउन दबाव दिएका थिए।



भोजपुर जेलका बन्दीहरू

पीडित भीमबहादुर खड्काले पीडकहरूमाथि ज्यान मार्ने उद्योग अन्तरगत कारवाही गरी पाउन जाहेरी दिएपछि हालसम्म पीडकहरू फरार रहेको पाइयो। प्रहरीले पीडकहरूको एकतर्फी कुरा मात्र सुनेर उल्टै पीडितहरूलाई कारबाही चलाएको गुनासो पीडितहरूको छ।

### १.४ वेपत्ता पारिएको

यहाँ कसैलाई वेपत्ता पारिएको घटना देखा परेको पाइएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यो वर्ष यस जिल्लामा एकले अर्कालाई व्यक्तिगत रीसइवीका कारण सामान्य धम्की दिने घटनाहरू थुप्रै देखा परे। तर त्यस्ता घटना सार्वजनिक जानकारीमा आउने गरी उल्लेख्य ढंगले देखा परेको पाइएन।

### १.६ थुनामा मृत्यु

यो वर्ष यहाँको जेलमा थुनामै कसैको मृत्यु भएको देखिएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

नागरिकहरूको संविधान प्रदत्त अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकारमा हनन गर्ने खालको कुनै घटना देखा परेन।

## २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरू आ-आफ्नो धर्म मान्न र तिनको प्रचार-प्रसार गर्न स्वतन्त्र छन्।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

विभिन्न राजनीतिक आस्थाका व्यक्तिहरू बीच सानातिना झगडाहरू हुने गरे पनि कुनै पनि व्यक्तिको राजनीतिक स्वतन्त्रता हनन गर्ने वा खोस्ने खालको घटना यो वर्ष देखा परेको पाइएन।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको न्यायालयप्रति कसैले प्रश्न उठाएको पाईंदैन। तर न्यायालयमा हुने गरेको ढिलासुस्तीप्रति भने जन गुनासो व्यापक रूपमा उठ्ने गरेको छ। यो वर्ष यहाँको जिल्ला अदालतमा २ सय ६० वटा मुद्दा दर्ता भएका थिए। जसमा सार्वजनिक अपराध, कर्तव्य ज्यान, जवर्जस्ती करणी आदि मुद्दाहरू रहेका छन्।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना देखा परेको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो जिल्लामा भूमिहीन तथा सुकुम्वासी समस्या उल्लेख्य रूपमा रहेको छैन।

## ४. महिला अधिकार

## ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

आखे गाविस-९ की ९ वर्षीय बालिकालाई ०५० पुस २० गते राती गोठमा सुतिरहेको अवस्थामा उदयपुर जिल्ला लामेटार गाविस-८ बस्ने १८ वर्षको पासाङ्ग तेन्जीङ्ग शेर्पाले बलात्कार गरे। पीडक भर्खरै मात्र उदयपुरबाट बसाईं सरेर त्यहाँ पुगेका थिए। पहिलेको छिमेकी भएकाले पीडितको परिवारका बारेमा उनलाई सबै कुरा थाहा थियो। त्यो रात पीडक पीडितकी दिदीलाई बलात्कार गर्न भनी रक्सी खाएर गएका थिए। तर दिदीलाई नदेखेपछि सुतिरहेकी बालिकालाई बलात्कार गरेका थिए। हाल पीडकलाई कानूनी कारबाहीका लागि थुनामा राखिएको छ।

बोखिम गाविस-१ बस्ने ११ वर्षीय बालिकालाई ०५१ बैशाख २ गते बेलुका स्थानीय राजु राईले बलात्कार गर्ने प्रयास गरे। पीडकले बलात्कार गर्ने प्रयास गर्दा पीडित बालिका कराएपछि अन्य व्यक्तिहरू घटनास्थलमा पुगेका थिए। जिल्ला अदालतले हाल पीडकलाई तारिखमा छाडेको छ।

धोदलेखानी गाविस-१ की ८ वर्ष ६ महिनाकी बालिकालाई ०५१ असोज २८ गते लकेट दिने प्रलोभन देखाई घरमुनिको बारीमा लगेर ओख्रे गाविस-९ का २४ वर्षीय काजी कटुवालले बलात्कार गरे। पीडक हालसम्म फरार रहेका छन्।

भोजपुर गाविस-५ बस्ने ११ वर्षीय बालिकालाई ०५१ कात्तिक २५ गते तिम्मा गाविस-९ का २४ वर्षीय सुवास राईले बलात्कार गर्ने प्रयास गरे। पीडकलाई गिरफ्तार गरी कारबाही चलाएकोमा हाल अदालतले तारिखमा रिहा गरेको छ।

तिम्मा गाविस-२ की ११ वर्षकी बालिकालाई सोही ठाउँका ३० वर्षीय गजबहादुर राईले ०५१ मंसीर २७ गते राती गोठमा सुतिरहेको अवस्थामा बलात्कार गरे। पीडक फरार रहेका छन्।

## ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ४.३ गर्भपतन

गर्भपतनको घटना देखा परेन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यो वर्ष यहाँका ३ जना बालिका बलात्कारमा परे भने २ वटी बालिका बलात्कारको प्रयासबाट पीडित भए। जुन महिला अधिकार अन्तरगत उल्लेख गरी सकिएको छ। त्यस बाहेक अन्य उल्लेख्य घटना देखा परेको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार हनन भएका घटना देखा परेनन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

घटनाका सम्बन्धमा कुनै प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित भएको देखिएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

## ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

भारतको दार्जिलिङ्ग बस्ने २७ वर्षीय गोकुल राईको ०५० फागुन २८ गते मामा ससुरालीबाट घरतर्फ फर्किंदै गर्दा खावा गाविसमा पर्ने शेरा खोलामा डुबी मृत्यु भयो।

कुलुङ्ग गाविस-६ की २७ वर्षीय दीलकुमारी राईको ०५० चैत १४ गते चट्याङ्गमा परी मृत्यु भयो।

कुलुङ्ग गाविस-१ का ४८ वर्षीय टेकबहादुर खत्रीको ०५० चैत १८ गते लहरेभीरबाट खसी मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

च्याङ्खे गाविस-६ की १९ वर्षीय यशोदा कोइराला सुत्केरी अवस्थामा थिइन्। ०५० माघ १४ गते उनकी आमाले औषधिको रूपमा ठूलो औषधि, पास्वनवेत आदि मिसाई पुवा बनाएर खुवाउँदा "फूड प्वाइजन" भई उनको मृत्यु भयो।

खावा गाविस-३ की ५ वर्षीय बालिका सविता राईले ०५१ बैशाख ४ गते अन्जानमा आफ्नो घरको पालीमा आगो लगाइन्। आगलागीबाट निज बालिकाको समेत मृत्यु भयो भने घर र घरमा भएको सम्पत्ति समेत नष्ट भयो।

नेपाले डाँडा गाविस-९ अन्तरगतको बाटोमा ०५१ जेठ २७ गते अन्दाजी ८५ वर्षका एक वृद्ध मृत अवस्थामा भेटिए। नाम, ठेगाना केही थाहा हुन नसकेको उक्त व्यक्तिको मृत्यु अस्वस्थ्यता र उमेरका कारण हिंड्दा हिंड्दै भएको बताइन्छ।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धमा कुनै घटना देखा परेको पाइएन।

### ९.४ आत्महत्या

खाटम्मा गाविस-२ की ३१ वर्षीय गंगाकुमारी राईले ०५१ बैशाख २२ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरिन्। उनको मानसिक स्थिति ठीक नरहेको गाउँलेहरूको भनाइ छ।

लेखर्क गाविस-४ की ३६ वर्षीय सीता राईले ०५१ जेठ १७ गते रूखमा झुण्डिएर आत्महत्या गरिन्।

देउराली गाविस-६ का ३० वर्षीय कृष्णमणि राईले ०५१ जेठ ६ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरे। उनको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

किमालुङ्ग गाविस-४ की ३६ वर्षीय मनमाया खड्काले मानसिक असन्तुलनका कारण ०५१ साउन ८ गते रूखमा झुण्डिएर आत्महत्या गरिन्।

देवान्टार गाविस-७ की २५ वर्षीय विष्णुकुमारी विश्वकर्माले ०५१ कात्तिक १ गते रूखमा झुण्डिएर आत्महत्या गरिन्।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# १. पूर्वाञ्चल

# कोशी

# १.१० संखुवासभा

जनसंख्या : १४१९०३
साक्षरता : ४८.१ प्रतिशत
महिला साक्षरता : ३२.१ प्रतिशत
क्षेत्रफल : ३४८० वर्ग कि.मी.

यो जिल्ला **कोशी** अञ्चलको सुदूर उत्तरमा पर्दछ। पहाडै पहाडले बनेको संखुवासभा प्राकृतिक रूपले पनि सुन्दर छ। प्रसिद्ध मकालु हिमालको काखमा रहेको यो जिल्लामा सभापोखरी र लालपोखरी जस्ता ताल र अरूण, बरूण जस्ता हिमनदीहरू पनि पर्दछन्। विश्वकै कम उचाईमा रहेको अरूण उपत्यका यही पर्दछ भने नेपालको विवादास्पद सबैभन्दा ठूलो विद्युत् आयोजना अरूण तेश्रो पनि यही जिल्लामा रहेको छ। तर विवादकै कारण आयोजनाको कार्य शुरू भएको छैन। यहाँ खासगरी व्यक्तिगत झैझगडा र रीसइबीका कारण मानवअधिकार उल्लंघनका घटनाहरू देखा पर्ने गरेको पाइन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

मादी राम्वेनी गाविस-६ का अन्दाजी ४० वर्षीय प्रेमबहादुर देवानको ०५० माघ २८ गते हतियार प्रयोग गरी हत्या गरियो। उनलाई स्थानीय नारायणप्रसाद दाहाल, अम्बिकाप्रसाद दाहाल, दयानन्द दाहाल, काशीनाथ दाहाल, लक्ष्मीप्रसाद दाहाल र डम्बरूप्रसाद दाहाल समेतले काटी मारेका हुन् भनी मृतकका भाई गजेन्द्रबहादुर देवानले प्रहरीसमक्ष उजुरी दिएका थिए। घटनाका सम्बन्धमा जिल्ला अदालतले नारायणप्रसाद दाहाललाई थुनामा राखी कारबाही चलाएको छ। उजुरीमा परेका केही व्यक्तिहरू घटनासंग सम्बद्ध नभएको र उनीहरू घटना हुँदा अन्यत्र आफ्नै काममा संलग्न रहेको पाइएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | ४ | - |
| बलात्कृत | - | २ | - |
| आत्महत्या | - | - | ३ |

सरस्वती माध्यमिक विद्यालयका विद्यार्थी १६ वर्षीय वालजङ्ग राईलाई सोही विद्यालयमा अध्ययनरत भक्तबहादुर भन्ने जीवनकुमार अधिकारीले ०५१ साउन ६ गते घाँटीमा हतियार प्रहार गरी हत्या गरे। पीडक जीवनकुमार पहिलेदेखि नै बदमाश व्यक्तिको रूपमा चिनिएका थिए। वालजङ्गसंग १ सय रूपियाँ सापट लिएकोमा सो रकम पचाउने उद्देश्यले निजले उनको हत्या गरेको बताइन्छ। पीडकलाई गिरफ्तार गरी कारबाही चलाइएको छ।

मनकामना गाविस-५ का २९ वर्षीय गेम्बा राई सधैं रक्सी पिएर मात्ने गर्दथे। उनको स्वभाव पनि सधैं झगडा गर्ने खालको भएकाले घरमा पनि वादविवाद भइरहन्थ्यो। ०५० चैत २८ गते उनी सदा झैं रक्सीले मातिएर आए। उनकी पत्नी इन्द्रकुमारी राईले भात खान बोलाएपछि उनी खानका लागि बसे। छोराछोरीहरू भात खाइरहेका थिए र यत्रतत्र भात छरिएको थियो। भात खाँदा पनि रिसाउने बानी भएका गेम्बाले भात छरिएको निहुँ गरेर पत्नीलाई गाली गर्न थाले। पत्नीले गालीको प्रतिवाद गर्दा गेम्वाले नजिकै रहेको दाउराले इन्द्रकुमारीको कञ्चटमा प्रहार गरे। त्यही प्रहारबाट उनको मृत्यु भएपछि झुण्डिएर आत्महत्या गरेको भन्ने देखाउन मृतककै पटुकाले कसेर झुण्ड्याइयो। त्यसपछि गेम्वा स्वयं पत्नी झुण्डिएर मरेको रिपोर्ट दिन प्रहरीकहाँ पुगे। प्रहरी अनुसन्धानपछि गेम्वालाई थुनामा राखी कारबाही चलाइएको छ।

वाना गाविस-८ की २१ वर्षीय चन्द्रमाया श्रेष्ठसंग सोही ठाउँका होमबहादुर श्रेष्ठको अनैतिक यौन सम्बन्ध कायम थियो। जसका कारण चन्द्रमाया गर्भवती भइन्। होमबहादुरले आफ्नी पत्नी धनमाया श्रेष्ठसंग कान्छी पत्नीको रूपमा चन्द्रमायालाई घरमा ल्याउने कुरा राखे। तर धनमायाले त्यो कुरालाई स्वीकार गरिनन्। ०५१ साउन १५ गते पर्म लाउन आएकी चन्द्रमाया होमबहादुरकै घरमा भात खाएर सुतेकी थिइन्। धनमायाले सौताको रूपमा आउन खोजिरहेकी चन्द्रमायालाई मार्ने नियतले नै घाँटी थिची हत्या गरिन्। त्यसपछि धनमाया र होमबहादुर दुबैजना मिलेर मृतकले आत्महत्या गरेको भन्ने पार्न लाशलाई झुण्ड्याएका थिए। हत्या प्रमाणित भएपछि दुबैजनालाई थुनामा राखी कारबाही चलाइएको छ।

### १.२ जेल र बन्दीहरू

यहाँको जेलको बन्दी क्षमता २५ जनाको रहेको छ। तर ३५ जना बन्दीहरू राखिएका छन्। जेलमा रहेका खेमराज गुरूङ्ग राजनीतिक बन्दी हुन्। नेकपा (एमाले) संग सम्बद्ध १८ वर्षीय गुरूङ्गलाई कर्तव्य ज्यान अन्तरगत ०४९ साल असार २५ गतेदेखि थुनामा राखिएको छ।

जेल साह्रै साँघुरो भएकाले बन्दीहरूले कष्टसाथ बस्नु परेको छ। राती दिसा पिसाव गर्नका लागि चर्पीको समेत व्यवस्था छैन। भात पकाएर खाने ठाउँको समेत संकट रहेको गुनासो बन्दीहरूको छ।

जेलका बन्दीहरू ०५१ बैशाख २८ गते निजी रूपमा टेलिभिजन राख्न पाउनु पर्ने, भित्रि भागमा शौचालयको प्रबन्ध हुनुपर्ने, कीटनाशक औषधि उपलब्ध गराउनु पर्ने र दीर्घ रोगीहरूका लागि छुट्टै खालको व्यवस्था गर्नुपर्ने माग राखी सिधा बहिष्कार गरी अनसन बसेका थिए। सोही दिन राती ९ बजे जेल प्रशासन र उनीहरू बीच समझदारी भएपछि अनसन तोडिएको थियो।

### १.३ गिरफ्तारी र यातना

मादी राम्वेनीका काशीनाथ दाहाल र पुण्यप्रसाद दाहाललाई स्थानीय प्रेमबहादुर देवानको हत्याको अभियोगमा ०५० माघ २८ गते केही व्यक्तिले हुलहुज्जत गरी कुटपिट समेत गरेपछि प्रहरीको जिम्मा लगाइयो। उनीहरूलाई २५ दिनसम्म प्रहरी हिरासतमा राखेर तारिखमा रिहा गरिएको थियो।

मादी राम्वेनीका ४५ वर्षीय दयानन्द दाहाललाई राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका विद्यार्थीबीच ०५० माघ २६ गते भएको वादविवादमा सार्वजनिक अपराधको घटना सिर्जना गरेको आरोप लगाइयो। उल्टो पीडितलाई नै दण्ड दिने काम भएको गुनासो दयानन्दको छ।

नेपाल शिक्षक संगठनसंग सम्बद्ध शिक्षकहरूलाई यहाँ पूर्वाग्रहपूर्ण व्यवहार गर्ने गरिन्छ। त्यस्तै व्यवहारबाट पीडित एकजना शिक्षक हुन् यदुनाथ घिमिरे। उनलाई शिक्षक भएर राजनीति गरेको आरोपमा ०५० माघ २६ गते सार्वजनिक मुद्दा लगाइयो। उनले माडी बहुमुखी क्याम्पस एक पक्षीय ढंगले संचालन गरिएकोमा त्यसको विरोध गरेका थिए।

राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता र अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनका विद्यार्थी बीच ०५१ माघ २६ गते भएको घटनामा संलग्न नभएका केही विद्यार्थीहरूलाई समेत सार्वजनिक मुद्दा लगाई २५ दिनसम्म थुनामा राखियो। पीडितहरूमा कमलराज कार्की, तेजबहादुर जिमी, बद्रीनाथ कार्की, डम्बरबहादुर कार्की, गणेश कार्की र रूद्रबहादुर पौडेल रहेका छन्। राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रकाश दाहाल, दिलकुमार दाहाल र नेपाली कांग्रेसका केही व्यक्तिहरू समेतबाट उनीहरूलाई त्यसरी झूठो मुद्दामा फसाउने काम भएको बताइन्छ।

### १.४ बेपत्ता पारिएको

यस जिल्लामा कसैलाई बेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।



*बालजङ्ग राई : हत्याको शिकार*

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पावाखोला गाविस-३ का ५० वर्षीय शेरबहादुर तामाङ्गलाई निजकै भतिजा ३९ वर्षीय डेगबहादुर तामाङ्गले ०५० माघ ११ गते टाउकामा बञ्चरो प्रहार गरी घाइते बनाए। उनीहरू बीच जग्गा सम्बन्धी झगडा थियो। उक्त दिन घाँस काट्दा जग्गा सम्बन्धमा तेरो र मेरो भन्ने विवाद उठेपछि त्यस्तो घटना हुन पुगेको थियो।

मामलिङ्ग गाविस-७ मगर गाउँकी एक बालिकालाई रगतमासीबाट सिकिस्त भएपछि स्वास्थ्य चौकीमा पुऱ्याइयो। विरामीको उपचार तुरून्तै हुनुपऱ्यो भन्दै रामकुमार सोम्महाङ्गले स्वास्थ्य चौकीका कर्मचारी वीरबहादुर लिम्वु र गजेन्द्रबहादुर सोम्यहाङ्गलाई कुटपिट गरी मार्ने धम्की समेत दिए। त्यसरी कुटपिट गरी उपचार गर्न बाधा दिएपछि भोलिपल्ट वालिकाको मृत्यु भयो। पीडकले मार्छु-काट्छु भनी धम्की दिएकाले पीडित पक्षका गजेन्द्रबहादुर सोम्महाङ्ग लगायतले सुरक्षाको लागि जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका थिए।

वाना गाविस-६ की सुशीला पोखे्रलले ०५० फागुन २८ गते धारामा पानी थापी रहेको बेला सोही ठाउँकी डेनुका पोखे्रलले धोएको पेटीकोट धारामाथि राखेका कारण झगडा शुरू भयो। डेनुकाले कुटपिट गरी घचेटेर लडाई दिदा सुशीलाको टाउको र पिठ्यूँमा चोट लाग्यो। पीडितले घाउजाँचको रिपोर्ट सहित उजुरी दिएकी थिइन्। त्यस सम्बन्धमा मुद्दा चलिरहेको छ।

त्यसरी ललित पोखे्रलकी पत्नीले मानसिंह पोखे्रलकी पत्नीलाई कुटपिट गरेकोमा केही दिनपछि वादविवाद हुँदा ललितले मानसिंहलाई चिरूवा काठले हिर्काए। पीडितको हात भाँचियो। पीडकमाथि कानूनी कारबाही चलाइएको छ।

### १.६ थुनामा मृत्यु

४० वर्षीय बन्दी नैनबहादुर लिम्बुको ०५१ साउन १७ गते जेलभित्रै मृत्यु भयो। उनी बोन क्यान्सरबाट पीडित थिए।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला ०५१ कात्तिक १३ गते नेपाली कांग्रेस पार्टीको चुनावी प्रचार-प्रसारको सिलसिलामा

चैनपुरमा भाषण गर्न जानु भएको बेला सरकारी हेलिकप्टर चढेर राष्ट्रिय सम्पत्तिको दुरूपयोग गरेको र अरूण-३ जलविद्युत आयोजनाको पूर्व निर्धारित प्रवेश मार्गलाई बन्द गरी अर्कै बाटो खन्ने निर्णय गरेको कुराप्रति विरोध जनाउँदै स्थानीय जनताले कालो झण्डा देखाए। विरोध प्रदर्शन गर्नेहरूमाथि प्रधानमन्त्रीका पक्षधरहरूले ढुङ्गा हान्न थालेपछि दुबै पक्षबीच भीडन्त शुरू भयो। घटनामा नेत्रकुमार मुखिया, शंकरमान कार्की, नारायण घिमिरे, लीलाबहादुर कटुवाल, वीरबहादुर लिम्बु, अनन्तबहादुर कार्की र प्रहरी हवल्दार शिवविक्रम ढकाल घाइते भए।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ कसैले कसैको धार्मिक आस्थामाथि हस्तक्षेप गरेको पाइएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

संविधान प्रदत्त राजनीतिक हक-अधिकारलाई कुण्ठित गर्ने अभिप्रायले कुनै घटना भएको देखिदैन। तर कात्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनमा सत्तामा रहेको नेपाली कांग्रेसका तर्फबाट मतदाता नामावलीमा धाँधली गर्ने, पैसाको प्रयोग गरेर भोट तान्न खोज्ने, राज्यस्तरबाट आतंक मच्चाउने जस्ता प्रयत्नहरू भएको आरोप अन्य पार्टीहरूले लगाएका छन्।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको न्यायालयप्रति जनताको असन्तुष्टी छैन। तर अशिक्षा र गरीबीका कारण बहुसंख्यक जनता स्वयं नै न्यायका लागि अदालत धाउन नसक्ने अवस्थामा रहेका छन्।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

भगवती निम्नमाध्यमिक विद्यालय पुलुङको व्यवस्थापन समितिका अध्यक्ष मोहनसिंह वस्नेतले शिक्षक शिवप्रसाद दाहाललाई धम्की दिँदै, जागीर खाने भए अन्तै जाउ भनेर हाजीर समेत गर्न दिएनन्। पीडित शिक्षक एक महिनासम्म विभिन्न ठाउँमा धाएर जागीरका लागि हात जोड्न विवश भए। नचाहँदा नचाहँदै पनि उनी अपायक ठाउँ वाघास्थित जनता निम्न माध्यमिक विद्यालयमा सरूवा हुन वाध्य भए।

च्याङरिङस्थित प्राथमिक विद्यालय व्यवस्थापन समितिका अध्यक्ष धान्यप्रसाद दाहालले शिक्षक डम्बरूप्रसाद दाहाललाई नेपाली कांग्रेस पार्टीमा नलागेको भनी प्रस्तावित निम्नमाध्यमिक विद्यालय पुपांगुमा सरूवा गराए।

### ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा १ हजार परिवार भूमिहीन तथा सुकुम्बासी भएको अनुमान छ। यो वर्ष त्यस सम्बन्धमा कुनै उल्लेख्य घटना देखा परेको पाइएन।

### ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

खराङ गाविस-४ की २३ वर्षीय सीतादेवी अधिकारीलाई सोही ठाउँ बस्ने पुष्पबहादुर अधिकारीले ०५१ बैशाख ७ गते तिम्रो लोग्नेले काठमाडौंमा बोलाएको छ भनी झुक्याएर भारतको उत्तरप्रदेशको सहारनपुर भन्ने ठाउँमा पुऱ्याए। सीतादेवीले आफूलाई बेच्न ल्याएको भन्ने कुरा बुझेपछि फुत्किने प्रयत्न गरिन्। चिनजानको मान्छे इन्द्रविरोध अधिकारीको सहयोगले नेपाल फर्किन सफल भएकी सीतादेवीले ०५१ बैशाख २२ गते इलाका प्रहरी कार्यालयमा उजुरी गरिन्। जीउ मास्ने बेच्ने अन्तरगत पीडक पुष्पबहादुर अधिकारीलाई कारबाही भैरहेको छ।

स्यावुन गाविस-९ की १९ वर्षीय कल्पना श्रेष्ठले ०५१ साउन २० गते छोरो जन्माइन्। साउन २३ गते छिमेकी कुनै महिलाले कल्पनाको पति विष्णुबहादुर श्रेष्ठलाई "छोरोको अनुहार त तपाईंको जस्तो रहेनछ" भनेपछि पत्नीमाथि शंका गरी कुटपिट गर्न थाले। छिमेकीहरूले पुलिस बोलाएर ल्याउँदा पीडक विष्णुबहादुर भागेका थिए। पछि दुबै बीच मेलमिलाप भएको थियो।

खराङ गाविस-१ की १८ वर्षीय सावित्रा कटुवाल ०५१ भदौ ३१ गते धारामा पानी लिन गएको बेला स्थानीय नरबहादुर कार्कीले हातपात गरे।

हाल पीडकमाथि सार्वजनिक मुद्दा चलाइएको छ।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

यो वर्ष जारी र बहुविवाहको उल्लेख्य घटना पाइएन। देउकी प्रथा यो जिल्लामा छैन। देह व्यापारको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ४.३ गर्भपतन

मकालु गाविस-८ की २६ वर्षीय सेतीमाया राईले ०५१ असार ४ गते गर्भपतन गराइन्। सिसुवा खोला गाविस-३ का ३५ वर्षीय मानबहादुर राईसंग उनको यौन सम्बन्ध रहेको थियो। सेतीमाया गर्भवती भएको थाहा पाएपछि मानबहादुर भागेका थिए। सेतीमाया कानूनी कारवाहीमा रहेकी छिन्।

सिद्धकाली गाविस-२ की ३८ वर्षीय विधवा जीवकुमारी खतिवडाले स्थानीय यामबहादुर खत्रीसंगको यौन सम्पर्कबाट अवैध गर्भधारण गरेपछि ०५१ असोज १९ गते गर्भपतन गराइन्। अदालतले उनलाई तारीखमा राखेको छ।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

दिदिङ गाविस-३ की १० वर्षकी रूपमाया राई र उनका दुईवटी बहिनीहरू, बाबुको मृत्यु भएको र आमा पनि पोइल गएकाले संरक्षकविहीन भएका छन्। पहिलेदेखि नै छुट्टै बसेका बाजे चतुरमान राईले ०५० माघ १४ मा जग्गामा नातिनीहरूको मात्र हैन मेरो पनि हक लाग्छ भन्ने दावी गरे। ०५१ भदौ ३० गते उनीहरूबीच आधा/आधा जग्गा भोग गर्न पाउने गरी मिलापत्र भयो। तर खासै संरक्षक कोही नभएकाले बालिकाहरू अलपत्रमा परेका छन्। विद्यालय जान समेत पाइरहेका छैनन्।

स्यावुन गाविस-९ का विष्णुबहादुर श्रेष्ठले ०५१ साउन २३ गते ४ दिनको नवजात छोरालाई आफ्नो अनुहारको जस्तो नभएको भन्ने छिमेकी महिलाको कुरामा विश्वास गरी, मरे मरोस् भनेर घर बाहिरको चीसोमा राखिदिए। कमिलाले टोकेपछि बच्चा कराउन

थाल्यो। त्यस्तो देखी एकजना छिमेकीले बच्चालाई त्यहाँबाट सुरक्षित ठाउँमा पुऱ्याएका थिए। हाल पीडितको सोचाईमा परिवर्तन भएको छ र बच्चाको अवस्था पनि राम्रो छ।

**६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)**

**६.१ पारिश्रमिक / सुरक्षा र संगठित हुने अधिकार**

महेन्द्र ज्योति प्रस्तावित निम्नमाध्यमिक विद्यालयमा ०४७ बैशाख २ गतेदेखि अध्यापन गराउँदै आएका शिक्षक शेरबहादुर कार्कीलाई ०५१ जेठ २९ गतेदेखि पेशाबाट बञ्चित गरियो। उनी नेपाल राष्ट्रिय शिक्षक संगठनमा लागेकोमा पूर्वाग्रह राखी पेशागत अधिकारबाट बञ्चित गरिएको बताइन्छ।

मादी बहुमुखी क्याम्पसमा अध्यापन गर्ने दयानन्द दाहाल ०५० माघ २ गते क्याम्पस गएको तर हाजीरी कापीमा दस्तखत गर्न छुट भएकोमा गैर हाजीरी जनाई जवर्जस्ती ढंगले ०५१ साउन १४ गतेदेखि अवकास दिइएको गुनासो व्यक्त गर्छन्।

**६.२ विश्रामको अधिकार**

यस सम्बन्धी कुनै घटना भएन।

**६.३ अन्य आर्थिक अधिकार**

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएको पाइएन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

**७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि**

यहाँ दासत्व, कमैया, बाँधा र हलिया जस्ता प्रथाहरू छैनन्। तर मोहियानी हकको सुरक्षा नहुनुले धुप्रै मोहीहरू जग्गा धनीबाट पीडित बनेका छन्।

**७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत**

यस सम्बन्धी उल्लेख्य घटना देखा परेको पाइएन।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि**

यस सम्बन्धी कुनै वक्तव्य वा टिप्पणी प्रसारित वा प्रकाशित भएको पाइएन।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)**

मकालु गाविस-८ का ३६ वर्षीय हर्कवीर राई०५० माघ ४ गते इरवाङ्ग खोलामा डुब्न पुग्दा उनको मृत्यु भयो।

स्यावुन गाविस-७ का ११ वर्षीय गोविन्दमान राईको ०५० माघ २४ गते रूख चढ्दा हाँगो लाछिएर लडी मृत्यु भयो।

धुपु गाविस-८ का २० वर्षीय काजीबहादुर राईको ०५० फागुन १६ गते घाँस काट्न जाँदा भीरबाट लडी मृत्यु भयो।

मादी राम्बेनी गाविस-८ का ११ वर्षीय गोकुलबहादुर देवानको ०५१ जेठ २७ गते बाढीमा परी मृत्यु भयो। त्यसरी नै सोलुखुम्बुका भोटाङ्गे राईको पनि कामना गाविसमा पर्ने खोलाले बगाई ०५१ जेठ २९ गते निधन भएको थियो।

सिद्धकाली गाविस-९ का तिलबहादुर राईको ०५१ जेठ ३१ गते भीरबाट लडेर र चैनपुर गाविस-३ की क्षेत्रिनी दिदी भन्ने महिलाको ०५१ असोज १७ गते खाडलमा पुरिएर मृत्यु भएको थियो। त्यसरी नै खोलामा परेर दिदिङ्ग गाविस-३ का बुद्धिमान तामाङ्गको ०५० माघ २३ गते मृत्यु भएको थियो भने धुपु गाविसका काजीबहादुर राईको रूखबाट खसेर ०५१ जेठ १५ गते मृत्यु भएको थियो।

**९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)**

आँखीभूईं गाविस-३ का लोकबहादुर सार्कीको घरमा ०५१ बैशाख ३० गते आगलागी हुँदा एक नाबालक छोराको मृत्यु हुनाका साथै सबै सम्पत्ति नष्ट भयो।

स्यावुन गाविस-७ की जीतमाया विश्वकर्माको घरमा ०५१ असार १० गते आगलागी हुँदा १ वर्षको छोरा सहित जीतमायाको मृत्यु भयो। आगलागीबाट घरको सबै सम्पत्ति नष्ट भएको थियो।

खराङ्ग गाविस-८ का टंकराज त्रितालको घरमा ०५१ साउन १६ गते आगलागी हुँदा करीब १ लाख २१ हजार जति सम्पत्ति नोक्सान भएको थियो भने आखीभूईं गाविस-३ का कालमान जिमीको घरमा ०५१ कात्तिक ५ गते भएको आगलागीबाट धुप्रै धनसम्पत्ति नष्ट भएको थियो।

**९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि**

यस सम्बन्धी घटना देखा परेको पाइएन।

**९.४ आत्महत्या**

वाना गाविस-२ की ३० वर्षीय मनकुमारी दाहालले स्थानीय गौरीमान श्रेष्ठसंग अन्तरजातीय विवाह गरेकी थिइन्। उनले ०५१ बैशाख ६ गते आत्महत्या गरिन्। त्यस सम्बन्धमा अनुसन्धान जारी रहेको बताइन्छ।

जलजला गाविस-५ का टेकबहादुर नेउपानेले ०५१ असार ९ गते रूखमा झुण्डिएर आत्महत्या गरे। केही समय अघि गर्भवती पत्नीको मृत्यु भएकोमा सोही पीरले उनले आत्महत्या गरेको बताइन्छ।

जलजला गाविस-४ की १९ वर्षीय रेणुका गौतम ०५१ साउन २७ गते घाँस काट्न गएकी थिइन्। तर उनी मृत अवस्थामा फेला परिन्। हत्या हो वा आत्महत्या भन्ने विषयमा अनुसन्धान भैरहेको छ।

खराङ्ग गाविस-६ का २७ वर्षीय नरेन्द्र काफ्लेले ०५१ असोज २२ गते रूखमा झुण्डिएर आत्महत्या गरे। उनी मानसिक रूपले असन्तुलित थिए भन्ने भनाई उनका आफन्तहरूको छ।

**९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती**

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# १. पूर्वाञ्चल

## सगरमाथा

## १.११ सप्तरी

जनसंख्या : ४६५६६८

साक्षरता : ३४.७ प्रतिशत

महिला साक्षरता : १७.७ प्रतिशत

क्षेत्रफल : १३६३ वर्ग कि.मी.

सप्तरी जिल्ला सगरमाथा अञ्चलका ६ जिल्ला मध्ये सबैभन्दा कम उचाइमा रहेको जिल्ला हो। सातवटा प्रमुख हिमाली नदीहरू मिली बनेको प्रसिद्ध सप्तकोशी नदी, यस जिल्लाको उत्तर पूर्वी सीमाना भएर भारत प्रवेश गरेको छ। यो जिल्ला नेपाल अधिराज्यमा सबैभन्दा बढी गाउँ विकास समितिहरू भएको जिल्ला हो। यहाँ १ नगरपालिका र ११४ गा[illegible]महरू छन्। यो जिल्ला मानवअधिकार हननका दृष्टिले पनि चर्चामा आउने गरेको छ। हत्या, लुट, कुटपिट जस्ता घटनाहरू यहाँ हरेक वर्ष देखा पर्दै आएका छन्।

### १ सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

फत्तेपुर गाविस-३ मा अस्थायी वसोवास गरी बस्ने विराटनगर नगरपालिका-४ का ५० वर्षीय खगेन्द्र बस्नेतले गैडाको खाग विक्री गरी आफ्ना साथी केशरबहादुर कार्की र गोविन्द गौतमलाई हिस्सा नदिएकोमा ती दुवै जनाले मादक पदार्थ सेवन गरी ०५० पौष २२ गते खगेन्द्रलाई कुटपिट गरे। कुटपिटबाटै उनको मृत्यु भयो। अभियुक्त दुवै जनालाई गिरफ्तार गरी कर्तव्य ज्यान अन्तर्गत मुद्दा चलाइएको छ।

देउरी गाविसकी श्रीमती लीलादेवी मण्डल ०५० फागुन २३ गते आफ्नै घर नजिक बारीमा मृत अवस्थामा फेला परिन्। लाशको पोष्टमार्टमबाट उनलाई हत्या गरी फालिएको पुष्टी भएको छ। तर हत्याराहरू भने पत्ता लागेका छैनन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | १ | - | - |
| हिरासतमा यातना | - | १ | १ |
| बलात्कृत | - | २ | ३ |
| आत्महत्या | - | - | १४ |

राजविराज नगर पालिका-१ मा डेरा गरी बसेका पत्रकार लोकेन्द्र बुढाथोकी ०५० पुस २६ गते आफ्नै कोठामा मृत अवस्थामा फेला परे। उनको हत्या गरिएको आशंका स्थानीय व्यक्ति र पत्रकारहरूले गरेका छन्। घटनास्थलको अवस्था अनुसार मृतकको कोठाको उत्तरतर्फको झ्याल ढप्क्याइएको मात्र थियो भने कोठाको ठूलो आग्लो लगाइएको थियो। ढोकाको आग्लोलाई बाहिरबाट बन्द गर्न र खोल्न सकिन्थ्यो। ओछ्यानमा झूल हालिएको थियो। लाशको पैताला बेञ्चमा अडिएको थियो भने दुवै हात आधा मुठी पारेको, आँखा अलिकति मात्र खुलेको तथा जीब्रो दाँतभन्दा भित्र रहेको थियो। घाँटीमा नीलो मफलरको सुरकनिया गाँठो र सो मफलरको अर्को छेउ छतको कडीमा एक फन्को घुमाई हलुका गाँठो पारिएको थियो। तानिएको मफलर पनि कददेखि घाँटीसम्म बटारिएको थिएन र पासो घाँटीको पछाडिपट्टि थियो। बेञ्च र टेबुलमा रहेका पत्रिका, डायरी, कलम, डटपेनहरू तल खसेका थिएनन्। एउटा मोटो किताब मात्र तल खसेको थियो। मूईमा भर्खरै प्रयोग गरिएको अवस्थामा रहेको डिस्पोजेबल सिरिन्ज र औषधिका थोपाहरू देखिन्थ्यो। मृत्युको अन्तिम संघर्षका क्रममा देखिनु पर्ने पर्याप्त दिसापिसाव र बीर्य आदि देखा परेको थिएन। सल्यान जिल्ला गाविस-३ मा घर भएका पत्रकार लोकेन्द्र बुढाथोकी राजविराजकै अनाथालयमा हुर्केर त्यही अध्ययन गरी पत्रकारको रूपमा काम गरिरहेका थिए। उनी "दृष्टि" साप्ताहिकका सगरमाथा अञ्चल प्रतिनिधि, नेपाल पत्रकार संघ सप्तरी शाखाका सदस्य र स्थानीय "सगरमाथा आवाज" का सहसम्पादक थिए।

बभनगामाकट्टि माध्यमिक विद्यालयमा ०५० माघ २० गते एस.एल.सी. परीक्षाको नेपाली विषयको प्रश्नपत्रलाई लिएर झगडा भयो। पाठ्यपुस्तकभन्दा बाहिरका प्रश्नहरू सोधिएकोले परीक्षा रद्द गरिनु पर्ने कुरा परीक्षार्थीहरूले उठाएका थिए। सोही घटनामा प्रहरीले ३ पटक फायरिङ्ग गरेको थियो। तर कसैलाई केही भएन।

सोही दिन केशोवती अनिरूद्धवती माध्यमिक विद्यालय राजविराजमा परीक्षा रद्द गरियो। परीक्षार्थीले पुनः परीक्षा लिने सम्बन्धी सूचना जारी गर्न माग गर्दा उनीहरूमाथि लाठी चार्ज गरियो। लाठीचार्जबाट वसन्त साह, विजयकुमार दास, भोलाकुमार साह र दिलीप चौधरीलाई सामान्य चोट लागेको थियो।

फत्तेपुर गाविस-७ का ३० वर्षीय घुस्का सदा ०५० फागुन १४ गते राती सुतिरहेको अवस्थामा ३ महीनाको वच्चा ऋतु सदा रोएपछि घुस्काले रिसाएर वच्चालाई फाले। वच्चाको तत्काल मृत्यु भयो। अभियुक्तलाई प्रहरीले पक्राउ गरी कर्तव्य ज्यान अन्तर्गत कारवाहीका लागि अदालतमा पेश गरेको थियो।

प्रसवनी गाविस-४ का ४० वर्षीय जामुन छिटान यादवलाई निजका अंशियारहरूले अंश सम्बन्धी विवदमा कुटपिट गर्दा ०५१ जेठ २ गते निजको मृत्यु भयो।

अभियुक्तहरूमध्ये फतुली छिटान यादवलाई इलाका प्रहरी कार्यालय कञ्चनपुरले पक्राउ गरी कारबाही चलाएको छ भने विन्देश्वरी छिटान यादव, हरिलाल छिटान यादव र वच्चालाल यादव फरार छन्।

गोवरगाढा गाविस-४ का २७ वर्षीय परमेश्वर मण्डल ०५० चैत १९ गते राती खाना खाई सुतेका थिए। उनी भोलिपल्ट मृत अवस्थामा ओछ्यानमै फेला परे। उनको घाँटीमा डोरीको डाम थियो। हत्याको आशंका गरिएको यो घटनाको अभियुक्त पनि हालसम्म फेला परेको छैन। प्रहरी अनुसन्धान पनि राम्रोसँग नगरिएको गुनासो रहेको छ।

वरमझिया गाविस-४ का व्रम्हदेव मंडलको घरमा ०५१ असार १६ गते राती ११ बजे डाकाहरू आई व्रम्हदेवलाई गोली हानी घाइते बनाउनुका साथै ४० हजारको सम्पत्ति लुटेर लगे। पीडितको राजविराज अस्पतालमा उपचार गरियो। उनको शरीरबाट एउटा गोली निकालिएको थियो।

असार १७ गते प्रहरीले साइकल सहित अलाउद्दीन भन्ने मयुद्दिन मिजा र अजमुद्दिन मिर्जा भन्ने दुई डाकालाई पक्राउ गर्न लाग्दा अनमुद्दिन नदीमा हामफालेर भाग्न सफल भएका थिए। प्रहरीले शंकामा वसमा यात्रा गरिरहेका ११ जना मजदुरलाई पनि पक्राउ गरेको थियो। तर तिनीहरूलाई साँझ छाडियो। डाँका मयुद्दिन मिर्जालाई थुनामा राखिएको छ।

घटनाको अनुसन्धानको सिलसिलामा प्रहरीले वरमझियाका प्रमील झा, मजलुम सेख, हनुमाननगरका सकील अली, बैरवाका कबीर सेख, रोजीत सेख समेतलाई गिरफ्तार गरेको थियो। मजलुम सेख, जाकीर हुसेन र कवीर सेखलाई ७ दिनसम्म यातना दिई थुनाबाट मुक्त गरियो। रोजीत सेखलाई १ महीना हिरासतमा राखी रिहा गरिएको थियो। सकील अली र प्रमील झा १० हजार धरौटी राखी तारीखमा छुटेका छन्। उनीहरूलाई प्रहरी हिरासतमा राखेको अवस्थामा एक छाक मात्र खान दिई लाठीले शरीरका विभिन्न भागमा पिट्ने गरेको कुरा प्रमील झा बताउँछन्। आफूलाई भारतबाट बच्चा अपहरण भएको घटनाका सम्बन्धमा सोधपुछ गर्ने गरेको र त्यस क्रममा भारतीय प्रहरीहरू आई आफूलाई कुटपिट समेत गरेको कुरा प्रमील झा बताउँछन्। आफूहरूलाई राजनीतिक प्रतिशोधका दृष्टिले थुनामा राखी कुटपीट गरेको गुनासो पनि पीडितहरूको रहेको छ।


लोकेन्द्र बुढाथोकी : हत्याको आशंका

राजविराज जेलमा चोरी मुद्दामा रहेका कैदी पप्पु भन्ने नदीम खाँ ०५१ साउन १३ गते जेलबाट भागे। त्यस्तै चोरी मुद्दाकै अर्का कैदी सकलदेव राम पनि भाग्न लाग्दा प्रहरीले उनीमाथि गोली प्रहार गर्‍यो। उनी पाखुरामा गोली लागी घाइते भए। उनी लगायत भाग्ने प्रयासमा लागेको भनिएका विनोद शर्मा र झग्डु नट्ट समेतलाई कुटपीट गरी घाइते बनाइएको थियो।

फर्सेठ गाविस-३ की ३५ वर्षीय सगुनदेवी मण्डललाई ०५१ असार २९ गते राती आफ्नै पति रामकृष्ण मण्डलले घाँटी थिची हत्या गरे। अभियुक्तलाई पक्राउ गरिएको छ।

मधवापुर गाविस-५ का राप्रपा कार्यकर्ता तुलानाथ झाले ०५१ साउन २४ गते स्थानीय नरेश मुसहरलाई मजदूरीको काम गर्नका लागि बोलाए। नरेशले आफूलाई फुर्सद नभएको कुरा बताएपछि तुलनाथले उनलाई गाली गर्दै दुई लात्ठी हिर्काए। दुवैजना वीच कुटपिट शुरू भयो। देवेन्द्र झा, देवेश झा, अवधेश झा आदि व्यक्तिहरू आई फायरिङ्ग गरे। जम्मा भएको भीड तितरवितर भयो। वेचन मुसहर भन्ने स्थानीय व्यक्तिलाई वन्दुकको कुन्दाले हानिएको थियो।

पिछडिएका मुसहरहरूले अन्यायपूर्वक पिटाई खाए। उनीहरू गाउँका धनीमानीहरूको विरूद्ध न्यायको लागि कतै जान पनि सकेनन्।

फत्तेपुर गाविस-३ का जसबहादुर राना मगरलाई ०५१ कात्तिक १३ गते राती १५/१६ जना डाँकाहरू आई गोलीद्वारा हत्या गरे। गोली लागी ढलेका जसबहादुर नजिक पुगेका उनका छोरा राजेश रानालाई पनि खुकुरी प्रहार गरे। राजेश थप प्रहारबाट ज्यान बचाउन छिमेकी जीवन श्रेष्ठको घरमा लुक्न पुगे। केही समयपछि डाँकाहरूले अर्को फायर गरी मृतक जसबहादुरका छिमेकी फत्तेपुर गाविस अध्यक्ष प्रेम राईका छोरा विश्वास राईको पेटमा गोली हानी मरणासन्न बनाए। बचाउका लागि गएका प्रेम राना र देवेन्द्र कार्कीलाई पनि डाँकाहरूले घाइते बनाएपछि उनीहरू सम्पत्ति लुटेर भागेका थिए। अभिभयुक्तहरू हालसम्म पक्राउ परेका छैनन्।

भारतको पटनाबाट भाडामा ल्याइएको डि एन ए

५१०६ को मारुती भ्यानका ड्राइभर ३२ वर्षीय महेश्वर सिंहलाई बेहोस बनाउने औषधि खुवाएर घाँटी थिची हत्या समेत गरेर फालेको अवस्थामा ०५१ कात्तिक १६ गते उनको लाश भंगहा गाविस अन्तरगत पाण्डे खोलाको बगरमा भेटियो। मारुती भ्यान चाहिं सोही ठाउँका वीरेन्द्रप्रसाद यादवको गोठमा लुकाएर राखिएको थियो।

उक्त गोठको रेखदेख गर्ने महावीर यादव, गोठ मालिक वीरेन्द्रप्रसाद यादव र अजयकुमार यादवलाई प्रहरीले पक्राउ गरेकोमा अजय कुमार हिरासतबाट मुक्त गरिएका छन्। अन्य दुई जनलाई कारवाही चलाइएको छ।

खोजपुर गाविस-८ की १८ वर्षीय आयसा खातुनको ०५१ मंसीर २ गते घाँटी थिचेर हत्या गरियो। अभियुक्त ठानिएका मृतकका लोग्ने र उनका दाजुभाइहरू फरार रहेका छन्। मृतकका ससुरा सैयद मिआलाई पक्राउ गरी हाल तारीखमा छाडिएको छ।

काचन गाविस-५ स्थित नहरको छेउमा ०५१ मंसीर २६ गते अन्दाजी २२ वर्षीय महिलाको लाश भेटियो। मृतकको लाशको पोष्टमार्टम राजविराज अस्पतालमा गरिएको थियो। हत्याको आशंका गरिएको उक्त लाशको सनाखत हुन सकेको थिएन।

नर्घो गाविस-२ की ५० वर्षीय दुःखनीदेवी सुतिहारलाई उनकै बुहारी अहिल्यादेवीले ०५१ मंसीर २८ गते बाँसको फट्टाले हिर्काउँदा दुःखनीदेवीको टाउको फुट्न गई उपचार गर्दागर्दै मृत्यु भयो। मृतकले आफ्नो छोरो अमीरलाललाई खाना खाँदा आफूले पकाएको तरकारी दिंदा विवाद भएपछि अहिल्यादेवीले त्यसरी हिर्काएकी थिइन्। हाल अमीरलाल र अहिल्यादेवी दुवैजना फरार रहेका छन्।

## १.२ जेल र वन्दीहरू

यहाँको जेलको क्षमता १ सय २५ जनासम्म बन्दीहरू अट्न सक्ने देखिन्छ। हाल यो जेलमा १ सय ८ जना वन्दीहरू रहेका छन्। जसमा थुनुवातर्फ पुरुष ५४ र महिला ७ तथा वन्दीतर्फ पुरुष ४६ र महिला १ रहेका छन्। त्यस बाहेक ३ जना नावालक पनि रहेको देखिन्छ।

सप्तरी जेलमा सरसफाईको कमी छ। केही समय अघि कारागारबाट एउटा वन्दी भागेको र अर्को एकजना भाग्न खोज्दा प्रहरीले गोली हानी घाइते बनायो। उक्त वन्दीलाई प्रहरी र अन्य कैदीहरूले समेत लाठीले पिटेर बेहोश बनाई दिएका थिए। भाग्न लागेको शंकामा अन्य २ जनालाई पनि यातना दिइएको बताइन्छ। विरामी भएर अस्पताल जाँदा डाक्टर र नर्सहरूले अवहेलना गर्ने गरेको गुनासो बन्दीहरूको छ। जंजीर लगाई राती झ्यालमा बाँध्ने गरेको कुरा कैदीहरू बताउँछन्।

## १.३ गिरफ्तारी र यातना

पिप्रा गाविस-९ का नेकपा (एमाले) का कार्यकर्ता कपलेश्वर मुखियालाई ०५० फागुन २६ गते विनापूर्जी गिरफ्तार गरियो। गिरफ्तार गरेर निजलाई ६/७ जना प्रहरीले शरीरका विभिन्न भागमा लाठी प्रहार गर्ने, छातीमाथि चढेर पैतालामा पिट्ने गरेर यातना दिए। साँझ ७ बजेतिर रिहाई गर्दा कपलेश्वरको अवस्था चिन्ताजनक थियो। उनलाई उपचारका लागि तत्काल कञ्चनपुर स्वास्थ चौकीमा भर्ना गरियो। भोलिपल्ट एमालेका जिल्ला कमिटी सदस्य वसन्तकुमार मिश्र र मानपुर चौधरीको नेतृत्वमा गएको जनसमूहले पीडितको घाउ जाँच गर्न प्रहरी कार्यालय कंचनपुरमा निवेदन दिंदा थाना इन्चार्ज अमृतचन्द राजवंशीले दिवेदन दर्ता गर्न इन्कार गरे। त्यसपछि जनसमूहले प्रहरी कार्यालय घेराउ गर्‍यो। चक्काजाम समेत हुन पुग्यो। पछि एमालेका जिल्ला सचिव जयकृष्ण यादव र डीएसपी समेत उपस्थित भई घाइतेलाई उपचार गर्ने र थाना इन्चार्ज अमृतचन्द राजवंशीलाई कार्वाही गर्ने निर्णय गरियो। पीडितका घाउ जाँच गरी थाना इन्चार्ज विरूद्ध मुद्दा पनि चलिरहेको छ।

०५१ साउन ५ गते वामपन्थी दलहरूले आयोजना गरेको नेपाल वन्द कार्यक्रमका सिलसिलामा एमाले कार्यकर्ताहरूले कंचनपुरको वेरियर वस चौकमा एउटा ट्रक रोक्न लाग्दा ट्रकको हेडलाइट फुट्यो। यो घटनामा अशान्ति मच्चाएको आरोप लगाई नेकपा (एमाले) जिल्ला कमिटीका सदस्य मानपुर चौधरी र जगतपुर गाविस उपाध्यक्ष आनन्दप्रसाद चौधरीलाई १० घण्टासम्म विनापूर्जी थुनामा राखियो।

भारदह गाविस-९ का नेकपा (एमाले) सप्तरी जिल्ला कमिटीका सदस्य भागवत यादव र वेचन यादवलाई ०५१ भदौ ९ गतेको नेपाल वन्द कार्यक्रमका सम्बन्धमा गाउँलेहरूसंग छलफल गरिरहेको अवस्थामा विनापूर्जी गिरफ्तार गरियो। उनीहरूलाई सार्वजनिक अपराध अन्तर्गत हनुमान नगर थानामा राखिएको थियो।

०५१ साउन ९ गते बैरवा वस चौकमा नेपाल वन्द कार्यक्रमको सिलसिलामा भेला हुन पुगेका नेकपा एमालेका कार्यकर्ताहरू मानपुर चौधरी, देवनारायण श्रेष्ठ, दयाराम साह, लालकिसोर साह र विहारीप्रसाद साहलाई विनापूर्जी गिरफ्तार गरियो।

महादेवपट्टिको वस चौकमा शम्भु कारकको पसलमा मिठाई खाई पैसा दिनलाग्दा नेपाली कांग्रेसका केही कार्यकर्ताहरूलाई कुटपिट गरी कपाल समेत लुछेका थिए। घटनाको जानकारी प्रहरीलाई गराउन खोज्दा प्रहरीले उल्टै पसल लुट्न खोजेको आरोप लगाई गिरफ्तार गरेको थियो।

## १.४ वेपत्ता पारिएको

मान्छे वेपत्ता पारिएको घटना देखिएन।

## १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मयानाकरेडी गाविस-८ की ३२ वर्षकी देवकीदेवी खंगलाई ०५१ पुस १२ गते स्थानीय अयोधी खंगले अघिल्लो



*राजविराज जेल*

दिन केटाकेटी बीच भएको झगडाको पंचायती गर्ने भनी बोलाई डोरीले बाँधेर शरीरभरि लाठीले पिट्नुका साथै हँसिया तताई दुवै गाला डामिदिए। पीडितका पति भारतको पंजावमा मजदुरी गर्छन्। देवकीदेवीले केही स्थानीय व्यक्तिको सहयोगमा घाउ जाँच गराई जिल्ला प्रहरी कार्यालयमा घटनाका बारेमा निवेदन दिएकी छिन्।

### १.६ थुनामा मृत्यु

यो वर्ष थुनामा कसैको मृत्यु भएको पाइएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

०५१ असार २१ गते दिउँसो दृष्टि साप्ताहिकका सम्वाददाता लोकेन्द्रकुमार बुढाथोकीलाई राजविराजको नेता चोक नजिक नेपाल विद्यार्थी संघका विनोद देव, ध्रुव देव, अनिल देव लगायतका १५ जना व्यक्तिले सांघातिक आक्रमण गरी मरणासन्न बनाए। घटनास्थल नजिकै रहेको मिठाई पसले रमेश साहले बुढाथोकीलाई उपचारार्थ सगरमाथा अञ्चल अस्पतालमा पुऱ्याएका थिए।

घटना भइसकेपछि स्थानीय पत्रकारहरूको टोलीले जिल्ला प्रहरी कार्यालय र जिल्ला प्रशासन कार्यालयमा गएर पीडकहरूलाई कानूनी कारवाही गर्न दवाव दिएको थियो भने स्थानीय राजनैतिक कार्यकर्ता, मानवअधिकार कार्यकर्ता र बुद्धिजीवीहरूले समेत घटनाको भर्त्सना गरेका थिए। पीडकमध्येका ध्रुवदेवलाई गिरफ्तार गरिए पनि अन्यलाई गिरफ्तार गरिएन। पत्रकारहरूले पीडकहरू सवैलाई गिरफ्तार गरी कारवाही चलाउने माग गर्दा समेत उल्टो पीडकहरूलाई संरक्षण दिने मनशाय सम्बद्ध पक्षबाट देखाएपछि मौन जुलुसको आयोजना गरियो। पत्रकार संघले स्थानीय प्रशासनप्रति खेद प्रकट समेत गरेको थियो।

०५१ असोज २७ गते भारदहमा "कांग्रेस पीडित कर्मचारी मञ्च"ले एक आमसभाको आयोजना गरेको थियो। आमसभाको प्रचार प्रसारका क्रममा पोर्ताहाका परशुराम यादव माइकिङ्ग गर्दै थिए। त्यत्तिकैमा नेपाली कांग्रेसका जगदीश मण्डल र शम्भु झाको नेतृत्वमा रहेको करवि ३० जनाको समूहले उनीमाथि आक्रमण गऱ्यो। उनीहरूले परशुराम यादव र निजको छेउमा उभिएका नेपाली कांग्रेसका विद्रोही उम्मेदवार वीरेन्द्र कुमार गुप्ता समेतलाई घाइते बनाई माइक पनि खोसेर लगे।

उक्त घटनाका अभियुक्तहरूलाई कारवाही गर्न माग गर्दा प्रशासनबाट कुनै पनि कदम चालिएन।

क्याम्पसभित्र हुने गरेका गलत क्रियाकलापहरूलाई रोक्ने उद्देश्यले राजविराज क्याम्पसमा प्रवेश गर्न ०५१ पुस ९ गतेदेखि प्रवेश पत्र देखाउनु पर्ने व्यवस्था गरियो। विद्यार्थी मेहराज अंसरीले ०५१ पुस १२ गते परिचय पत्र नल्याएकोले प्रवेश गर्न दिने वा नदिने भन्ने सम्बन्धमा विवाद भयो। निज अन्सारीले वीरेन्द्र यादव र शिवनारायण यादवलाई कुटपिट गर्नुका साथै कमीज समेत च्यातिदिए। त्यसपछि क्याम्पस प्रशासनले सवै पक्षका विद्यार्थीको भेला गरी मेहराज अन्सारीलाई ७ दिनका लागि क्याम्पसबाट निस्काशन गरेको घोषणा गऱ्यो।

निस्काशसनकै निहुँमा पुस १३ गते नेपाल विद्यार्थी संघका ध्रुव देवले वाहिरका ७/८ व्यक्तिहरू ल्याएर स्वतन्त्र विद्यार्थी युनियनको कोठा र २ वटा साइकल तोडफोड गर्दै प्राध्यापकहरूकै सामुन्नेमा विद्यार्थी युनियनका अध्यक्ष जीवछ साह, सचिव मनोहर पोखरेल, राजेश कुमार निधि र संजीतकुमार सिंहलाई कुटपीट समेत गरे।

यो घटनालाई लिएर क्याम्पस प्रशासनले सात जनामाथि सार्वजनिक मुद्दा दायर गरेको छ। तर अभियुक्तहरू फरार रहेको बताइन्छ।

### २.२ धार्मिक स्वतन्त्रता

मदरसाको छेउमा रहेको एक कठ्ठट्ठा ऐलानी पर्ती जग्गामा माटो भरी मदरसाको लागि उपयोग गर्ने उद्देश्य मुसलमानहरूको थियो तर भरेको माटो हिन्दुहरूले हटाउन थालेपछि विवाद उत्पन्न भयो। स्थानीय प्रशासनको सक्रियतामा विवादलाई सुल्झाउने काम भएको थियो। तर उनीहरू बीच भित्रि मनमुटाव कायमै थियो। परिणामस्वरूप ०५१ साउन ३१ गते बाख्रीले बाली खाएको निहुँमा पुनः झगडा भयो। कुटपिटबाट २ जना घाइते हुन पुगे। मान्छे मारेको भन्ने हल्ला



*कुटपिटद्वारा घाइते रामसेवक यादव*

फिंजाई अर्नाहा गाविस-९ का ताहीर मिञा र शत्रुल मिञाको घरमा हिन्दुहरूले मट्टीतेल छर्किएर आगो लगाई नष्ट पारिदिए। पछि पीडितहरूलाई केही सहयोग दिई र गिरफ्तार गरिएकालाई रिहा गरी स्थानीय राजनीतिक कार्यकर्ताहरूको सहयोगमा दुवै पक्षवीच सम्झौता गराइएको थियो।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

०५१ कात्तिक ६ गते साँझ चुनावको प्रचार-प्रसारको सिलसिलामा मोटरसाइकलमा गइरहेको अवस्थामा एमालेका उम्मेदवार हीरालाल चौधरी र पूर्व राष्ट्रिय सभा सदस्य सत्यनारायण मण्डललाई कंचनपुर बजारमा पप्पु गुप्ता लगायतका हुल्याहा व्यक्तिहरूले बाटोमा अवरोध खडा गरी गाली गलौजकासाथ आक्रमण समेत गरे।

प्रमुख जिल्ला अधिकारी समक्ष भएको सर्वदलीय वैठकमा उक्त घटनाका सम्बन्धमा कुरा उठाउँदा हुल्याहा व्यक्तिहरूलाई कारवाही गर्ने तर्फ प्रशासनले समेत चासो नराखेको पीडितहरूको गुनासो छ।

०५१ कात्तिक २६ गते कंचनपुरमा नेपाली कांग्रेसद्वारा चुनावी आमसभाको आयोजना गरिएको थियो। आमसभालाई सम्बोधन गर्न तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला पुग्नु भएको थियो। सभामा नेकपा (एमाले) का कार्यकर्ताहरूले प्रधानमन्त्रीले सरकारी साधनको दुरूपयोग गरी निर्वाचन आचार संहिता उल्लंघन गरेको आरोपमा शान्तिपूर्ण रूपमा कालो झण्डा देखाएर विरोध प्रदर्शन गरे। विरोध प्रदर्शन गरेकै निहुँमा नेपाली कांग्रेसका रामभरोसी गुप्ताको नेतृत्वमा रहेको समूहले नेकपा (एमाले) का कार्यकर्ताहरू सूर्यनाथ यादव, रामसेवक यादव, मानपुर चौधरी, विश्वनाथ न्यौपाने लगायतलाई सख्त घाइते बनाउने गरी कुटपिट गरे। निज घाइतेहरूलाई राजविराज अस्पताल र वीर अस्पतालमा उपचार गराइएको थियो।

घटना हुँदा प्रशासन र प्रहरी मूक दर्शक बनेर रहेका थिए। पीडितहरूको तर्फबाट मुद्दा दर्ता गराउन लाग्दा समेत प्रशासनले मुद्दा दर्ता गर्न चाहेन। जन दवाव बढ्न थालेपछि मात्र मुद्दा दर्ता गरिएको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँ पुनरावेदन अदालत र जिल्ला अदालत गरी दुई तहका अदालत छन्। जिल्ला अदालतमा ०५१ मंसीर मसान्त सम्ममा ३ हजार ८ सय १९ वटा मुद्दाहरू दर्ता भएका थिए। जसमा सरकारवादी फौजदारी मुद्दा १ सय ४३ वटा, सरकारवादी देवानी मुद्दा १ वटा, दुनियाँवादी देवानी मुद्दा २ हजार ५ सय ४१ वटा, दुनियाँवादी फौजदारी मुद्दा १ हजार १ सय ९ र अन्य २५ वटा मुद्दाहरू रहेका छन्।

जनतामा मुद्दा लड्नु भनेको झन्झटमा फस्नु हो भन्ने धारणा रहेको छ। न्याय भन्ने कुरा ढिलो र महंगो हुँदै गएको गुनासो अधिकांश नागरिकमा रहेको पाइन्छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना देखा परेको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

वैरवा गाविस अन्तर्गत कोशी टप्पु क्षेत्रमा ५ वर्षदेखि वसोवास गर्दै आएका सुकुम्वासीका छाप्राहरू ०५० चैत १७ गते कोशी टप्पु आरक्ष केन्द्रका सुरक्षाकर्मीहरूले जवर्जस्ती आगो लगाई नष्ट पारिदिए। साथै सूर्यबहादुर मगर, दुर्गा मगर र गंगाराम मगरको घरलाई तोडफोड गरी भत्काइएको थियो। पीडित पक्षलाई न्याय दिलाउने उद्देश्यले नेकपा (एमाले) का स्थानीय नेता वसन्तकुमार मिश्र र मानपुर चौधरीको नेतृत्वमा पीडितहरूको समूह गई आरक्षका प्रमुखसंग कुराकानी गरेपछि पुनः उनीहरूलाई वस्ने ठाउँ उपलब्ध गराउने निर्णय गरियो। तर क्षतिपूर्ति भने कसैलाई पनि दिइएन।

पोर्ताहा गाविस-८ मा महेन्द्र राजमार्गदेखि पूर्वपट्टि ऐलानी पर्ति जग्गामा धेरै वर्षदेखि वसोवास गर्दै आएका मुसहर जातका सुकुम्वासीहरूको ११ परिवारलाई त्यहाबाट हटाइयो। उक्त ऐलानी जग्गालाई आफ्नो नम्वरी दर्ता जग्गामा परिणत गर्ने उद्देश्यले स्थानीय जगदेव भदेशवार यादव, सल्देन भदेशवार यादव र रामनारायण भदेशवार यादव समेतले सुकुम्वासीहरूलाई दुःख दिन थालेपछि उनीहरू त्यहाँबाट सर्न बाध्य भएका थिए।

सुकुम्वासीहरू सरेपछि निजहरूले ऐलानी जग्गालाई आफ्नो जमीनको रूपमा प्रयोग गर्दै आएका छन्। ०५१ जेठ १५ गते त्यहाँबाट हट्न विवश बनेका सुकुम्वासीहरू महुली नदीको छेउमा महेन्द्र राजमार्गको पश्चिम पट्टिको ऐलानी जग्गामा छाप्राहरू बनाई कठीन जीवन विताइरहेका छन्। त्यहाँ खानेपानीसम्म पनि छैन। ती सुकुम्वासीहरूले पहिलेको ठाउँबाट सर्दा छाप्राहरू भत्काएको क्षतिपूर्ति पनि पाएनन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / वलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

०५० फागुन ७ गते साँझपख विसहरिया गाविस-५ का सन्तोषकुमार यादव र निजका काका गुलट यादवकी १६ वर्षीय छोरी राजविराज स्थित कोशी प्रोजेक्टको केलोनी तर्फ साइकलमा आउँदै गर्दा बाटोमा अज्ञात २ जना व्यक्तिले लड्डु खुवाई बेहोश बनाए। भोलिपल्ट सन्तोषलाई कुनौली राजमार्गको पुल नजिक र युवतीलाई गोरगामा स्कूलमा वेहोश र निर्वस्त्र अवस्थामा फेला पारिएको थियो। केही गुण्डाहरूले युवतीलाई बलात्कार गरी छाडेर हिडेको बताइन्छ। दुवैजनालाई उपचारार्थ राजविराज अस्पतालमा भर्ना गर्नु परेको थियो। जिल्ला प्रहरी कार्यालयले घटनाको छानवीन गर्न मलेठ गाविस-४ का रेशम यादवलाई ०५० फागुन १६ गते पक्राउ गरेको थियो भने प्रहरीको आशंकामा रहेका सोही ठाउँका जोगदन यादव भन्ने व्यक्ति हाल फरार रहेको बताइएको छ।

कल्याणपुर गाविस-७ की महिलालाई ०५० चैत २४ गते साँझ ७ बजेतिर खेतमा दिसा बस्न गएको अवस्थामा मैनासहस्रवाहु गाविस-३ का जमालुद्दीन मियाँले बलात्कार गरे। अभियुक्तलाई कानूनी कारवाही चलाइएको छ।

जगतपुर गाविस-४ की अविवाहित १६ वर्षीय युवतीलाई ०५० चैत २७ गते निग्रो साग टिप्न कोशी टप्पु वन्यजन्तु आरक्षको जंगलमा गएको बेला वदगामा गाविस-४ का ३० वर्षीय अजुवा भन्ने अजव मुसकुलिया यादवले बलात्कार गरे। घटनाका सम्बन्धमा जिल्ला अदालतमा जवरजस्ती करणी अन्तर्गत मुद्दा चलिरहेको छ। तर अभियुक्त अहिलेसम्म फरार रहेका छन्।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

ठेलीया गाविस-३ का बमबहादुर साहले श्रीमती पवित्रादेवी हुँदाहुँदै उदयपुर जिल्ला, ठोक्साली गाविस-२ की गीतादेवीसंग ०५१ वैशाख ५ गते दोश्रो विवाह गरे। पवित्रादेवीले वहुविवाह अन्तर्गत कारबाही गरी पाउँ भनी इलाका प्रहरी कार्यालयमा निवेदन दिएकी छिन्। तर पीडक फरार रहेको बताइन्छ।

मधुपट्टि गाविस-६ का राजेन्द्र चौधरी र उनकी पत्नी सञ्जु चौधरी बीच वादविवाद भई झगडा हुँदा सञ्जु चौधरी आफ्नो माइतीबाट प्राप्त दाइजोका सबै सामानहरू लिई माइती घरमा गएर बसिन्। त्यसैको रीसले राजेन्द्र चौधरीले ०५१ वैशाख २५ गते कुनीता चौधरीसंग दोश्रो विवाह गरे। जेठी पत्नी सञ्जुले राजेन्दमाथि वहुविवाहको कारवाहीको माग गर्दै मुद्दा दर्ता गराएकी छिन्।

### ४.३ गर्भपतन

खोक्सर प्रवाट गाविस-७ बस्ने नजीवन खातुनको ०५१ जेठ २९ गते लालमहमद समेत ५ जनासंग गाईवस्तुले वाली खाएकोमा झगडा हुँदा गर्भपतन भयो। अभियुक्तहरू कानूनी कारवाहीमा रहेका छन्।

## ५ बाल अधिकार (वालवालिका उपरको अत्याचार)

वहुसंख्यक वालवालिकाहरू पढ्न लेख्न पाउने अधिकारबाट बञ्चित छन्। सानैदेखि वालवालिकालाई श्रममा लगाउने गरेको पाइन्छ।

## ६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ हलिया प्रथा भएपनि उल्लेख्य घटना देखा परेको पाइएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

इटहरी विसनपुर गाविस- ८ का श्रीलाल सरदारको ५ वर्षको छोरा मरेको र एक जना महिलाको गर्भ तुहिन गएकोमा गाउँमा बोक्सी रहेको भन्ने हल्ला फैलाइयो। गाउँमा दैनिक झगडा पनि हुन थाल्यो। बोक्सीको शंकाको निवारणको लागि गाविस अध्यक्ष भोला साह समेतको वैठकले धामी (झाँक्री) बोलाई बोक्सी पत्ता लगाउने निर्णय गऱ्यो। सोही निर्णय अनुसार ०५१ असोज ९ गते रामविलास मुसहर भन्ने व्यक्तिलाई धामीको रूपमा सुनसरीदेखि बोलाइयो र मुसहर र बाँतर जातिका पिछडिएका ७०/८० जना महिलाहरूलाई विहान ८ बजेदेखि बेलुका ४ बजेसम्म पिपलको बोट मुनि बस्न लगाइयो। प्रतिघर १ सयका दरले उठाइएको रकम मध्येबाट करीव २ हजारको पूजा सामग्री पनि किनिएको थियो। तर धामीले बोक्सी पत्ता लगाउन नसकेपछि जनता आक्रोशित भए। धामीलाई प्रहरीले गिरफ्तार गऱ्यो।

गाउँका अध्यक्ष समेतले बोक्सीको अन्धविश्वास फैलाई पिछडिएको समुदायका महिलाहरूको अपमान गरेको गुनासो पीडितहरूको रहेको छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

पत्रकार लोकेन्द्र बुढाथोकीलाई स्थानीय विनोद देवले सांघातिक आक्रमण गरेकोमा ०५० असार २१ गते नेपाल पत्रकार संघ, जिल्ला कार्य समितिले आक्रमणको घटनाप्रति क्षोभ व्यक्त गर्दै अपराधकर्मीमाथि कारबाही गर्ने माग गरेको थियो।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

पन्सेरा गाविस-२ का ४० वर्षीय हानिफ मियाँको ०५१ असोज ६ गते र कुसहा गाविस-२ का २१ वर्षीय रामनारायण भगतको ०५१ जेठ १८ गते सवारी दुर्घटनामा मृत्यु भयो।

फत्तेपुर गाविस-३ का ३५ वर्षीय सानुराम चौधरीको ०५१ असार ३ गते घरको छानाबाट खसेर र वरमझिया-५ का ४५ वर्षीय नुनु पण्डितको ०५१ असार २१ गते विजुलीको करेण्ट लागेर मृत्यु भयो।

वरही वीरपुर गाविस-५ का बुद्धिलाल यादवको ०५१ असार ७ गते ट्रक दुर्घटनामा परी निधन भयो। त्यसैगरी ०५० चैत ११ गते भारदह चोक नजिक वसले ठक्कर दिंदा सुनसरी जिल्लाका हुविलाल यादवको मृत्यु भएको थियो।

वदगामा-२ का ओमप्रकाश गुप्ताको ०५१ असोज ७ गते सवारी दुर्घटनामा परी मृत्यु भयो। त्यसरी नै भारदह गाविस-९ का विजुली यादवको ०५१ असार २७ गते दुर्घटनामा परी निधन भएको थियो।

दौलतपुर गाविस अन्तर्गतको लक्ष्मीपुर डाडामा ०५१ असोज ३० गते गाईघाटतर्फ गइरहेको ना.अ.ख. ३३७९ को ट्रक दुर्घटना हुँदा ४० वर्षीय अलिसेर मिआको घटनास्थलमै मृत्यु भयो। घाइते शंकरीया देवी प्रणामी र छोटकैन साहको अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भएको थियो।

बकधुंवा गाविस अन्तर्गत पर्ने महेन्द्र राजमार्गको महुलीमा ०५१ असोज ३० गते काठमाडौंबाट धरानतर्फ गईरहेको ना.अ.ख. ५४७८ को रात्रिवस दुर्घटनाग्रस्त हुँदा ३३ जना यात्रुहरू घाइते भए। त्यसैगरी टिकुलिया गाविस-७ का ५५ वर्षीय सुलेमान मिआलाई ०५१ मंसीर २६ गते जीपले ठक्कर दिंदा उनको मृत्यु भएको थियो भने वरमझिया-१ का वुधु महतोको ०५१ असोज १३ गते विराटनगर गैरहेको बसबाट खस्दा उपचार गर्दागर्दा मृत्यु भएको थियो।

फत्तेपुर गाविस-३ का ९ वर्षीय गोरेबहादुर कार्कीको ०५१ असोज १७ गते पानीमा डुवी मृत्यु भयो। त्यसरी नै वैरबा गाविस अन्तर्गत महेन्द्र राजमार्गमा वसले ठक्कर दिंदा समसाद सेखको मृत्यु भएको थियो भने सीतादेवी घाइते भएकी थिइन्।

रामपुर जमुवा गाविस-४ का ३ वर्षीय रामप्रकाश यादवको ०५१ भदौ २७ गते पोखरीमा डुवी मृत्यु भयो।

पोर्ताहा गाविस-१ की ८ वर्षीय ललिता कुमारी सिंहको ०५० फागुन २५ गते वसले ठक्कर दिंदा मृत्यु भयो।

मधुपट्टी गाविस-९ का डेढ वर्षीय संजय मण्डलको ०५१ असार २३ गते, खोजपुर गाविस-१ का ४ वर्षीय ताराकान्त चौधरीको ०५० फागुन २५ गते, हनुमाननगर गाविस-६ का ५ वर्षीय दिनेश कुमार यादवको ०५१ असार ८ गते, भारदह गाविस-१ की ३० वर्षीय दुर्गादेवी इसरको ०५१ भदौ १७ गते, इनरूवा गाविस-८ का अढाई वर्षीय अशोककुमार मण्डलको ०५१ जेठ १९ गते, मधवापुर गाविस-५ का ५ वर्षीय रीता सदा तथा ४३ वर्षीय कल्पना सदाको ०५१ जेठ ८ गते, फत्तेपुर गाविस-३ की मनमाया गुरूङ्गको ०५१ भदौ ११ गते, बैरवा गाविस-७ की ३ वर्षीय पुनमकुमारी साहको ०५० माघ ६ गते, फत्तेपुर गाविस-१ की ४ वर्षीय उर्मिला कुमारी चौधरीको ०५१ असार २१ गते, ठेलीया गाविस-१ की ३ वर्षीय तारानन्द चौधरीको ०५१ असार २४ गते र पिप्रा गाविस-३ का ९ वर्षीय महिन कुमार चौधरीको ०५१ भदौ १५ गते पानीको पोखरीमा डुबी मृत्यु भयो।

नर्घो गाविस-३ की ७ वर्षीय रीताकुमारी यादवको ०५१ जेठ ७ गते इनारमा डुबेर मृत्यु भयो।

रामपुर जमुवा गाविस-३ का २ वर्षीय वविताारामको ०५१ साउन ३० गते खाल्डोमा जमेको पानीमा डुबी मृत्यु भयो।

रूपनगर चौक महेन्द्र राजमार्गमा ०५१ वैशाख २८ गते वसको ठक्करले ६५ वर्षीय भट्टन साह घाइते भए। उपचार गर्दागर्दै उनको मृत्यु भएको थियो।

०५१ असार ६ गते अमहा चौकदेखि पश्चिम पुलमा वयलगाडीलाई ट्रकले ठक्कर दिंदा पनियादेवी चौधरी र कजियादेवी चौधरीको मृत्यु भयो भने अन्य ३ जना घाइते भएका थिए। त्यसरी नै कदमहाबाट गाईघाट जाने मार्गमा ०५१ असार ३ गते वसको ठक्करबाट उदयपुर जिल्लाका ज्ञानेन्द्रबहादुर खड्काको मृत्यु भएको थियो।

## ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

कमलपुर गाविस-७ इनर खड्गाको घरमा ०५१ पुस १३ गते आगलागीहुँदा ६ महीनाकी बालिका फुसीयाहीको मृत्यु भयो भने ३ वर्षकी अर्की बालिका फुसम कुमारी घाइते भइन्। आगलागीबाट इनर खड्गा र भुवनेश्वर खड्गाको २/२ वटा घर तथा घरमा भएको सम्पत्ति समेत नष्ट भएको थियो।

राजविराज नगरपालिका-३ का सदानन्द साहका २ वर्ष ६ महीनाका नाती अशोक साहको सुपाडीको टुक्रा स्वासनलीमा अड्किई ०५१ मंसीर ९ गते मृत्यु भयो।

पातो गाविसको पाते बजारमा इकवाल मियाँको घरमा ०५१ कात्तिक २४ गते आगलागी हुँदा वास वसेका वालकृष्ण यादव र शोभाकान्त यादव घाइते भए। धरान अस्पताल पुऱ्याएर उपचार गर्दागर्दै निजहरूको मृत्यु भएको थियो। मृतकहरूले फालेको चुरोटको ठुटो कोठामा रहेको पेट्रोलमा परी आगलागी भएको बताइन्छ।

## ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

वरमझिया गाविस-७ का ४० वर्षीय सुदीलाल तत्मा ०५१ कात्तिक २३ गते रूपनगर जंगल नजिक भालुको आक्रमणबाट घाइते भए।

## ९.४ आत्महत्या

हर्दिया गाविस-१ की १९ वर्षीय फुलेश्वरी देवी यादवले ०५१ भदौ ७ गते झुण्डिएर आत्महत्या गरिन्। ससुराको खल्तीबाट रूपियाँ चोरेको कुरामा सधैं अपमान गर्ने गरेको कारणबाट उनले आत्महत्या गरेको बताइन्छ।

हरिपुर गाविस-५ का २६ वर्षीय वन्धुलाल चौधरीले ०५० फागुन १५ गते आत्महत्या गरे। घरायसी परिस्थिति तनावग्रस्त भएको कारणले उनले आत्महत्या गरेको बताइन्छ।

हरिपुर गाविस-५ का ३२ वर्षीय रौदी मण्डलले ०५१ जेठ ३० गते घरमा झुण्डिएर आत्महत्या गरे। घरमा आर्थिक स्थिति कमजोर भएकाले उनले आत्महत्या गरेको बताइन्छ।

हनुमाननगर गाविस-३ का दीपेन्द्र विक्रम शाहले ०५० माघ ४ गते आत्महत्या गरे। उनको मानसिक सन्तुलन ठीक थिएन। त्यसरी नै महादेवा गाविस-९ का नरेश राउतले ०५१ वैशाख १० गते, मैनाकरेडी-६ की नवोदा खातुनले ०५१ असोज १८ गते, गोइठी गाविस-१ का निरंजनदेवले ०५० चैत १२ गते र जगतपुर गाविस-८ का इन्द्रकुमारी साहले ०५१ वैशाख ३१ गते आत्महत्या गरिन्।

पत्थडगादा गाविस-३ का १८ वर्षीय खलील मिआले ०५० चैत ३१ गते डोरीको पासो लगाई आत्महत्या गरे।

निजको आर्थिक अवस्था कमजोर थियो।

लौनिया गाविस-१ का १२ वर्षीय प्रमोद कुमार मण्डलले ०५० चैत २० गते चप्पा फूलको बोटमा झुण्डिएर आत्महत्या गरे।

कोचाबखारी गाविस-७ का ३८ वर्षीय कारी भन्ने वालकुमार साहले ०५१ वैशाख १७ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरे।

लौनियाँ गाविस-६ की ४० वर्षीय भुट्टी खत्वेनीले ०५१ जेठ २६ गते विष सेवन गरी आत्महत्या गरेको वताइन्छ।

पथरगाडा गाविस-३ की लालोदेवी रामले ०५१ कात्तिक २ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरिन्।

दिघवा गाविस-७ की २५ वर्षकी तेतरी चामरले ०५१ मंसीर २६ गते विषाक्त वस्तु चम्पाफल भित्रको दाना खाएर आत्महत्या गरिन्। पति कासीरामले उनीबाट सन्तान नभएपछि दोश्रो विवाह गरेका थिए।

फत्तेपुर गाविस-३ की ५० वर्षकी चन्दादेवी दाहालले ०५१ मंसीर १४ गते घरमै झुण्डिएर आत्महत्या गरिन्। उनी मानसिक रूपले असन्तुलित रहेको बताइन्छ।

**९.५ अपराधिक घटना- आतंक / ब्ल्याकमेल / डकैती**

त्यसरी नै वेल्ही चपेना गाविस-८ का वेचन ठाकुर, शत्रुधन ठाकुर र रेशम ठाकुर समेतको घरमा ०५० माघ २५ गते राती डाकाहरूको हुल प्रवेश गरी करीव ७७ लाखको धनमाल लुटेर लगे। प्रहरीले लखन मण्डल भन्ने डाकालाई थुनामा राखेको छ।

पातो गाविस-१ का वद्रीनारायण मण्डलको घरमा ०५० चैत ४ गते राती १ बजेतिर करीव १५ जनाजति डाका आई निजलाई कुटपिट समेत गरेर ६६ हजार जतिको सम्पत्ति लुटेर लगे। अपराधीहरू अहिलेसम्म पत्ता लगेका छैनन्।

०५१ जेठ १० गते नेपाल रेडक्रस सोसाइटी, सप्तरी शाखाका सभापति जोगेन्द्र भगत मोटर साइकल चढेर रूपनी तर्फबाट आइरहेको अवस्थामा डाकाहरूले आक्रमण गरी मोटरसाइकल सहित नगद १ लाख लुटेर लगे। अभियुक्त मध्ये त्रिपुरारी शुक्लालाई मोटर साइकल सहित पक्राउ गरिएको छ भने अर्का अभियुक्त परमानन्द मेहता फरार रहेको बताइएको छ।

लौनिया गविस- १ का ५१ वर्षीय हरिलाल मण्डलको घरमा ०५१ जेठ २७ गते केही डाकाहरू आई निजलाई कुटपिट समेत गरेर १ लाख ६४ हजार बरावरको सम्पत्ति लुटेर लगे। अपराधीहरू पत्ता लाग्न सकेका छैनन्। मलेकपुर गाविस-२ का मुक्तिदास कथवनियाँको घरमा ०५० माघ १० गते डाँकाहरूको हुल आई करीव ७३ हजारको धनमाल लुट्नुका साथै उनलाई कुटपिट समेत गरे। डाकाहरू फरार रहेका छन्।

शम्भुनाथ गाविस-८ का विजय नारायण साहलाई ०५१ पुस ४ गते साँझ मोटरसाइकलमा घरतर्फ आउँदै गर्दा सीतापुर नजिक महेन्द्र राजमार्गमा ३ जना अज्ञात व्यक्तिले छुरा प्रहार गरेर घाइते बनाई उनको मोटरसाइकल समेत लुटेर लगे। अपराधीहरू अहिलेसम्म पक्राउ पर्न नसकेको बताइन्छ।

■



# १. पूर्वाञ्चल

# सगरमाथा

# १.१२ सिराहा

जनसंख्या : ४६०७४६

साक्षरता : २८.७ प्रतिशत

महिला साक्षरता : १३.३ प्रतिशत

क्षेत्रफल : ११८८ वर्ग कि.मी.

सगरमाथा अञ्चलको दक्षिणमा अवस्थित सिराहा जिल्लाको उत्तरमा उदयपुर जिल्ला, पूर्वमा वलान खोला, पश्चिममा कमला नदी र दक्षिणमा भारतको विहार राज्य पर्दछ। जिल्लाको उत्तरी भागको वीचमा पूर्व-पश्चिम राजमार्ग रहेको छ भने राजमार्गको पनि उत्तरी क्षेत्रमा चुरे पहाड पर्दछ। यहाँ ००४ सालदेखि नै राजनीतिक सक्रियता रहेको पाइन्छ। राणा शासन विरूद्ध यहाँका मित्रलाल गिरी, माधव रेग्मी, कृष्णप्रसाद अधिकारी आदिले महत्वपूर्ण भूमिका खेलेका थिए भने ०१२/१३ सालमा भएको किसान आन्दोलनमा जयगोविन्द साह, कृष्णप्रसाद अधिकारी, वालकृष्ण श्रेष्ठ, श्रीराम शर्मा आदिले नेतृत्व गरेका थिए। त्यसपछिको पंचायती व्यवस्था विरूद्ध वहुदलीय व्यवस्थाको स्थापनाका लागि पनि यहाँका नागरिकहरूको भूमिका महत्वपूर्ण रहेको थियो। मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि चर्चामा रहँदै आएको छ।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

सीतापुर गाविस-२ का नेपाली कांग्रेस पार्टीको तर्फबाट निर्वाचित गाविस अध्यक्ष बौयेलाल साह ०५० माघ २३ गते उखु वारीमा मृत अवस्थामा फेला परे। तास जुवा खेल्न रूचाउने साह सोही सिलसिलामा ५ दिन अघि धनुषातिर गएको वताइन्छ। उनको हत्या कसले गऱ्यो भन्ने सम्वन्धमा हालसम्म पत्ता लाग्न सकेको छैन।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | १ | - | - |
| हिरासतमा यातना | - | १ | - |
| बलात्कृत | - | १ | २ |
| आत्महत्या | - | - | २ |

०५१ वैशाख ३ गते लक्ष्मीपुर गाविसको धन्छवारको भागवत यादवको बोका हराएकोमा छलफल गर्न स्थानीय पुरूषोत्तम यादवको घरमा बैठक डाकिएको थियो। उक्त बैठकमा भाग लिन मनी दिगम यादव, रामेश्वर यादव, जुगुतलाल, हरिहर यादव लगायतका व्यक्तिहरू गैरहेको बेला उनीहरूमाथि पृतलाल यादव, विशेश्वर यादव, बुद्धिनाथ यादव, विश्वनाथ यादव, देव यादव, रामु यादव आदिले आक्रमण गर्दा दिगम यादव गम्भीर रूपमा घाइते भए। अस्पताल पुऱ्याई उपचार गराउँदा पनि उनलाई ठीक हुन सकेन। कुटपिटकै कारण ०५१ जेठ ८ गते दिगम यादवको मृत्यु भयो। कुटपिटमा संलग्न रहेकाहरू मध्ये पृतलाल यादवलाई गिरफ्तार गरिएको छ भने अन्य व्यक्तिहरू फरार छन्।

माडर गाविसमा पसल गरी बस्ने एउटी महिलामाथि ०५१ भदौ २ गते राती १० बजे केही हुल्याहा व्यक्तिहरूले गोली प्रहार गरे। गोली महिलाको टाउकामा लागेको थियो। उनको उपचार सिराहा अस्पतालमा हुन नसेकपछि उनलाई दरभंगा पुऱ्याउनु परेको थियो। गोली प्रहार गरेर भाग्नेहरू भारतीय हुल्याहाहरू भएको बताइन्छ। हालसम्म प्रहरीले अभियुक्तहरू फेला पार्न सकेको छैन।

०५१ भदौ १३ गते वर्लाही गाविस-२ मा अन्दाजी २२ वर्षीय एक महिलालाई हत्या गरी आधा टाउको खेतको आलीमा गाडिएको भेटियो। मृतक को हुन् र उनको हत्या कसले गऱ्यो भन्ने सम्बन्धमा हालसम्म कुनै पत्तो लागेको छैन।

भगवानपुर गाविस-२ का १६ वर्षीय ओमप्रकाश यादव ०५१ कर्तिक २९ गते पानीको दहमा मृत अवस्थामा फेला परे। प्रहरी अनुसन्धानबाट हत्या ठहर भएपछि सोही ठाउँका गोवर्धन यादवलाई प्रहरीले गिरफ्तार गऱ्यो। आपसी झगडाका कारण आफूले ओमप्रकाशको हत्या गरेको कुरा गोवर्धनले स्वीकारेका छन्। उता, गाविस अध्यक्ष रामशंकर यादवले राजनीतिक प्रतिशोधका दृष्टिले केही व्यक्तिको नाम किटेर झूठो जाहेरी दिएका थिए। उनको जाहेरीका आधारमा पक्राउ परेका निर्दोष व्यक्तिहरूलाई रिहा गरिएको छ। गोवर्धन यादव लगायत ७

जनामाथि मुद्दा चलाइएको छ।

सिरहा गाविस-६ का जमुनी साहको घरमा ०५१ मंसीर १४ गते राती करीव १५ जना डाँकाहरू प्रवेश गरे। डाँकाहरूले घरका सबैलाई एउटा कोठामा थुने भने जमुनी साह घरबाट भाग्न लाग्दा डाँकाहरूले फर्सा, चुपी आदि हतियार प्रहार गरी हत्या गरे। गाउँलेहरूले थाहा पाएर मृतक जमुनीको घरतिर आउन लाग्दा बन्दुक पड्काएर अगाडि बढेमा मारी दिने धम्की डाँकाहरूले दिए। उनीहरूले २ लाख नगदका साथै अन्य सम्पत्ति समेत लुटेर लगेको बताइन्छ। घटनाका अभियुक्त मध्ये सिरिया राय कुर्मीलाई मात्र गिरफ्तार गरिएको छ। यस सम्बन्धमा राम्रो अनुसन्धान नगरेको भनी जनताले एसपीको क्वार्टर घेराउ गर्दा प्रहरीले दुई पटक हवाइ फायर गरेको थियो।

सिक्रौन गाविस-३ का भुल्ना भन्ने विल्लु यादव र रासलाल यादवको ०५१ मंसीर २० गतेका दिन कुटपिटका कारण मृत्यु भयो। सार्वजनिक बाटो बन्द गरिएको विषयलाई लिएर सो दिन पंचायत बसेको थियो। पंचायतमा दुई थरीबीच झगडा भई कुटपिट हुँदा उनीहरूको मृत्यु भएको हो। मृतक विल्लु यादव पक्षका व्यक्तिहरूले मृतक रासलाल पक्षका मानिसको घरको सामान समेत लुटेका थिए। घटनाका अभियुक्त ४ जनालाई पक्राउ गरी कारवाही चलाइएको छ।

## १.२ जेल र वन्दीहरू

यहाँको जेलको क्षमता ७५ जनासम्म वन्दीहरू राख्न सकिने रहेको छ। तर हाल यहाँ १ सय २६ जना वन्दीहरू राखिएका छन्। जसमा ५४ जना महिला र ७२ जना पुरूष छन्। त्यस बाहेक २ जना नावालक पनि थुनामा रहेका छन्। वन्दीहरूलाई वकील राख्ने सुविधा छैन।

सिराहा कारागारमा रहेका वन्दीहरूमध्ये रामदयाल महतो, रामवावु गडेरी, विनोद ठकुरी, सैनै लम्साल, रामदयाल मुखिया, शंकर ठकुरी र मो. हजरत मियाँले ०५० चैत २५ गते कारागार भित्रका समस्याहरू सम्बन्धी १३ वटा मागहरू राखी आमरण अनसन शुरू गरे। प्रमुख जिल्ला अधिकारीले मागहरू पूरा गरिदिने मौखिक आश्वासन दिएपछि अनसन तोडियो। तर कारागारभित्र टेलिभिजनको व्यवस्था गर्ने एउटा माग बाहेक अन्य मागहरू हालसम्म पूरा गरिएका छैनन्।

## १.३ गिरफ्तारी र यातना

०५१ साउन ११ गते ६ वटा वामपन्थी दलहरूद्वारा सर्वदलीय सरकारको माग गर्दै आयोजित शान्तिपूर्ण नेपालवन्द कार्यक्रमका सिलसिलामा विनापूर्जी राजनीतिक कार्यकर्ताहरूलाई गिरफ्तार गरियो। उक्त दिन लाहान बजारबाट नेकपा (एमाले) का जिल्ला सचिव हीरा सुनुवार, राष्ट्रिय पार्षद राजेन्द्र चौधरी, जिल्ला विकास समितिका सदस्य शुकदेव यादव लगायत २५ जनालाई विहान ८ बजे गिरफ्तार गरी साँझ ५.३० बजे छाडिएको थियो।

सोही सन्दर्भमा सिराहा बजारबाट नेकपा (एमाले) का जयप्रसाद उपध्याय, धर्मनाथ यादव, मोहन महतो, नारायण यादव, रामनारायण महतो लगायत १० जनालाई विहान गिरफ्तार गरी साँझपख छाडिएको थियो।

यसै सिसिलामा संयुक्त जनमोर्चा (वैद्य समूह) का कार्यकर्ताहरूले विहान ९ बजेतिर गोलबजारमा पश्चिमतिरबाट आइरहेको वसलाई रोक्न खोज्दा ४ जनालाई लछारपछार पार्दै प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेमा मोर्चाका केन्द्रीय सदस्य विश्वनाथ साह र जिल्ला विकास समितिका सदस्य एमकुमार लामा पनि हुनुहुन्थ्यो। वहाँहरूलाई साँझपख छाडिएको थियो।

## १.४ वेपत्ता पारिएको

यो वर्ष वेपत्ता पारिएको घटना देखा परेन।

## १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ जेठ ३ गते वस्तीपुर गाविसका कार्यवाहक अध्यक्ष रामेश्वर महतोका छोरा समेत अन्य व्यक्तिहरूको गाईवस्तुले स्थानीय हनुमानी यादवको तिल खेतमा नोक्सान पुऱ्याएपछि विवाद उत्पन्न भई कुटाकुट समेत भयो। वालीनाली नोक्सान गर्ने गाईवस्तु ल्याएर हनुमानीकै घरमा बाँधियो। त्यसको १० दिनपछि रामेश्वर महतो र गंगाप्रसाद यादवको अगुवाईमा ७०/८० जनाको हुल आई हनुमानी यादव, कपिलदेव यादव लगायत घरका वालवच्चालाई समेत कुटपिट गरी गाईवस्तु लिएर गए। हनुमानी यादव टाउकामा चोट लागी घाइते भए।

घटनाका सम्बन्धमा इलाका प्रहरी कार्यालयमा उजुरी गरेपछि केहीलाई पक्राउ गरी सार्वजनिक अपराध अन्तर्गत तारिखमा छोडिएको छ भने रामेश्वर महतो र गंगाप्रसाद यादव फरार रहेका छन्।

इनरूवा गाविस-३ विसौल टोलका विर्सुखन खत्वे, हलखोरी खत्वे र परमेश्वर रवन खत्वेलाई ०५१ कात्तिक १७ गते राजलाल यादवको नेतृत्वमा आएको एउटा हुलले सख्त घाइते बनाउने गरी कुटपिट गरे। पीडितहरूले अवैध मदिरा बिक्री वितरणमा रोक लगाउने प्रयास गर्दा पीडकहरूले त्यसरी कुटपिट गरेको बताइन्छ।

सिराहा गाविसका शिक्षक रामकुमार साहुलाई ०५१ कात्तिक २८ गते औषधि किन्न गैरहेको समयमा जिल्ला उपसभापति इन्दजीत साहुको नेतृत्वमा रहेको एउटा हुलले आक्रमण गऱ्यो। ज्यान जोगाउन रामकुमार पोखरीमा हाम फाले। पीडकहरूले पोखरीमा पनि छेकेर १ घण्टासम्म ढुंगामुढा गरे। त्यहाँबाट भाग्न लाग्दा कोठामा लगी त्यहाँ पनि कुटपिट गरे। पीडकहरूकै षडयन्त्रबाट रामकुमारलाई उल्टै मुद्दा चलाई थुनामा राखियो। कात्तिक २९ गतेको निर्वाचनमा मतदान गर्नबाट समेत उनलाई बञ्चित गराइयो।

## १.६ थुनामा मृत्यु

यो वर्ष थुनामा कसैको पनि मृत्यु भएन।

# २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

संविधान प्रदत्त अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारमा हनन पुऱ्याउने उद्देश्यले कुनै घटना देखा नपरे पनि



*कुटपिटद्वारा घाइते विर्सुस्वन खत्वे*

एक पक्षले अर्को पक्षको अधिकारमाथि बाधा पुऱ्याउने खालका घटनाहरू यहाँ प्रशस्तै हुने गरेका छन्। तर यो वर्ष त्यस सम्बन्धी उल्लेख्य घटना प्राप्त भएन।

## २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम रहेको छ।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

चुनाव प्रचारका सिलसिलामा इनर्वा गाविसमा पुगेका राजलाल यादवको नेतृत्वमा रहेका नेपाली कांग्रेस पक्षका व्यक्तिहरूले ०५१ कात्तिक १५ गते एमाले कार्यकर्ता धनेश्वर यादव र प्रहरी नेत्रबहादुर भट्टराईलाई कुटपिट गरे। पीडकहरूले धनेश्वरको मोटरसाइकल पनि तोडफोड गरेका थिए। पीडक र पीडित बीच भोलिपल्ट मिलापत्र भएको थियो।

नहरा गाविस स्थित नहरा मतदान केन्द्रमा ०५१ कात्तिक २९ गते मतदानको समय समाप्त हुन लागेपछि भगवानपुर गाविसतिरबाट केही व्यक्तिहरूको ठूलो हुल आयो। त्यहाँ जिल्ला विकास समितिका सदस्य रामशंकर यादव पनि थिए। त्यति ठूलो हुल किन आयो भनेर वरपरका मान्छेहरू झुम्मिदा हुलबाट गोली चलाइयो। त्यसमा एकजना विद्यार्थी सरुत घाइते भए। सो घटनामा ज्यान मार्ने प्रयासमा मुद्दा चलिरहेको बताइन्छ।

०५१ कात्तिक २९ गते सम्पन्न चुनावमा यहाँका केही ठाउँमा मतदान केन्द्र कब्जा गर्ने प्रयत्नहरू भएका थिए। झैझगडाका घटनाहरू भने प्रशस्तै भए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति जनताको सकारात्मक धारणा रहेको पाइन्छ। तर न्याय पाउनका लागि धेरै समय कुर्नु पर्ने र न्याय पनि खर्चिलो बन्दै गएको गुनासो जनतामा छ। यहाँको जिल्ला अदालतमा यो वर्ष ०५१/०५२ को पुस मसान्सम्ममा २ हजार ५ सय १७ वटा मुद्दा दर्ता भएकामा ३ सय ८४ वटा मुद्दा फैसला भए। त्यस्तै वन कार्यालयमा यो वर्ष १ सयवटा मुद्दा दर्ता गरिए। त्यसमा १ सय ६३ जना व्यक्तिलाई गिरफ्तार गरी जेल चलान गरिएको छ। १ सय २५ जना वन सम्वन्धी मुद्दाको तारिखमा रहेका छन्। गत वर्षहरूको समेत १ सय ९८ वटा मुद्दा फैसला हुन बाँकी रहेको देखिन्छ।

## २.५ सरुवा / बढुवा / पक्षपात आदि

यस सम्वन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्वासी सम्बन्धी समस्या त्यति चर्को रूपमा देखा परेको पाइएन।

## ४. महिला अधिकार

## ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

सीतापुर गाविसकी १६ वर्षीय युवती ०५१ साउन १ गते स्थानीय रामविलास उरावबाट बलात्कृत भइन्। बलात्कारी पक्षबाट १ हजार ५ सय जरीवाना लिई मिलापत्र गर्ने निर्णय गरिएको बताइन्छ। पीडक रामविलास फरार रहेको थाहा भएको छ।

सिराहाको श्री चन्द्र माध्यमिक विद्यालयको कक्षा १० मा अध्ययनरत एक छात्रालाई ०५१ साउन १ गते राती स्थानीय व्यक्तिहरू काशीन्दर तीर्थवार र सुनिल साहले उनको घरभित्र पसी बलात्कार गर्ने प्रयास गरे। निज छात्रा चिच्याएर हल्लाखल्ला गरेपछि अभियुक्तहरू भागेका थिए।

लगडीगोठ-८ का १८ वर्षीय महिलालाई पतिसँगै हिँडिरहेको बखत ०५१ साउन १५ गते खेतमा लुकेका रोहित यादव, विलेक्षण यादव र वालेश्वर मण्डलले पतिलाई रूखमा बाँधेर उनकी पत्नीलाई सामुहिक बलात्कार गरे। घटनाका सम्बन्धमा अदालतमा मुद्दा चलिरहेको छ।

## ४.२ जारी / बहुविवाह / देउकी / देह व्यापार

यस सम्वन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ४.३ गर्भपतन

गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँ पनि अधिकांश वालवालिकाहरू शिक्षा पाउनबाट बञ्चित छन्। वाल श्रमको प्रचलन यहाँ पनि भेटिन्छ।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)**

यस सम्बन्धी कुनै घटना देखा परेन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

यस सम्बन्धमा पनि कुनै घटना देखा परेन।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि**

प्रेस वक्तव्य र टिप्पणी प्रकाशित/प्रसारित भएको देखिएन।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंधनसंग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)**

यो वर्ष दुर्घटना सम्बन्धी जानकारी प्राप्त भएन।

**९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)**

पारियारपट्टि गाविसको वडा - २, ३ र ४ मा ०५१ वैशाख १ गते भएको आगलागीबाट करीव ४ सयवटा घर ध्वस्त भए। यसबाट थुप्रै परिवार पीडित बने।

**९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि**

यस सम्बन्धी कुनै घटना भएन।

**९.४ आत्महत्या**

असनपुरका कामेश्वर नायककी पत्नी ३१ वर्षीय उषा नायकको ०५१ असार १७ गते मृत्यु भयो। उनी मानसिक रोगका कारण पागल बनेकी थिइन्।

मृतकका पति पखाला लागेका कारण उनको मृत्यु भएको बताउँछन भने केही व्यक्तिहरू विष खुवाई हत्या गरिएको आशंका व्यक्त गर्छन्। उषाका वावुले ४ जनामाथि छोरीको हत्या गरेको आरोप लगाई जाहेरी दिएको बताइन्छ।

सिराहा, लालपुर-३ का फुटुकलाल राईकी ३२ वर्षीय पत्नी चन्दमाया राईले ०५१ असार २१ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरिन्। उनी बढी मात्रामा रक्सी सेवन गर्ने गर्दथिन्।

विष्णुपुरकट्टि गाविस-३ की शुभसरी भुजेलले ०५१ साउन ७ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरिन्। उनले किन आत्महत्या गरिन् भन्ने कारण भने थाहा हुन सकेको छैन।

**९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती**

०५० चैत ५ गते साँझतिर लाहान नगरपालिकाको पुरानो बजारमा रहेको हरि किसुन सारडाको सुनचाँदी पसलमा ५/६ जना डाकाहरू प्रवेश गरी चौकीदारलाई लछारपछार पार्दै र पसलमा बसेका व्यापारी एस.एन. सारडालाई खुकुरी प्रहार गरेर घाइते बनाई करीव १२ लाख बरावरको सुनचाँदी लुटेर लगे। घटनाका बारेमा तत्काल प्रहरीलाई खबर गर्दा धेरै वेरपछि मात्र प्रहरीले सक्रियतासाथ डाकाहरूको खोजी गर्न थाल्यो। घटना भएको भोलिपल्टै फूलवारी छेउको चउरमा करीब ३ लाख बरावरको चाँदी फेला परेको बताइन्छ।

उक्त घटनामा संलग्न ६ जना डाँकाहरूलाई केही समयपछि प्रहरीले गिरफ्तार गरेको बताइए पनि नाम भने प्राप्त हुन सकेन।

■



# १. पूर्वाञ्चल

# सगरमाथा

# १.१३ उदयपुर

जनसंख्या : २२१२५६

साक्षरता : ३८.० प्रतिशत

महिला साक्षरता : २१.४ प्रतिशत

क्षेत्रफल : २०६३ वर्ग कि.मी.

यो जिल्ला भित्रि मधेशमा पर्दछ। यसको उत्तरमा महाभारत पर्वतको श्रृखला पर्दछ भने दक्षिणमा चुरे पर्दछ। जिल्लाको केही भाग पहाडी क्षेत्रमा पनि पर्दछ। भौगोलिक विकटताले गर्दा पहाडी प्रदेश उत्पादनको दृष्टिले उपयुक्त मानिदैन।

मानवअधिकारको हननका प्रसङ्गमा यो जिल्ला पनि परिचित रहँदै आएको छ। यद्यपि त्यस्ता घटनाहरूको प्रचार भने हुने गरेको पाईदैन।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

वेल्टार गाविस-६ भुल्केका २४ वर्षीय ठगराज सुवेदीले भोजपुर जिल्ला पाञ्चान गाविसकी २० वर्षीय लक्ष्मीकुमारी घिमिरेसंग ०५० फागुनमा विवाह गरेका थिए। एक दिन दाजु नाता पर्ने सानी आमाको छोराले लक्ष्मीकुमारीलाई लेखेको चिठी उनका ससुरा सूर्यप्रसाद सुवेदीको हातमा पर्‍यो। चिठीमा नराम्रो कुरा केही पनि थिएन। तर सासु कल्पना सुवेदीले अर्कासँग लागेको आरोप लक्ष्मीकुमारीलाई लगाइन्। त्यसपछि उनीप्रति घरमा सबैले उपेक्षा गर्ने, गाली गर्ने, खान समेत नदिई थुनेर राख्ने जस्ता दुर्व्यवहारहरू गरिए। ०५१ असोज २० गते लक्ष्मीकुमारीको लाश घर नजिकै ग्वालीमा भुण्डिएको भेटियो। लाशको घुँडाले जमीन छोएको थियो। प्राकृतिक मुचुल्कामा आत्महत्या जस्तो नदेखिएपछि मृतकका बाबु तारानाथ घिमिरेले प्रहरीमा जाहेरी दिए। अनुसन्धानका लागि सूर्यप्रसाद सुवेदी, कल्पना सुवेदी, कुमार सुवेदी, ठगराज सुवेदी र दिलमाया सुवेदीलाई हिरासतमा लिइएको छ।

| घटनाको प्रकृति | घटना संख्या | | |
|---|---|---|---|
| | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | २ |
| बलात्कृत | २ | २ | २ |
| आत्महत्या | - | - | १ |

देउरी गाविस-२ जलजलेका दुर्गानन्द चौधरीकी पत्नी भेटनीदेवी चौधरीले आफ्नै बालिका छोरीको हत्या गरिन्। दुर्गानन्दसंग विवाह भए पनि भेटनीदेवीको सम्बन्ध स्थानीय युवक दिनेशसंग पनि थियो। उनी दिनेशराजसंग पतिको नाता गाँसेर दुर्गानन्दलाई छोड्न खोज्दै थिइन्। तर दिनेशराजले बच्चाबच्ची नभएमा मात्र उनलाई स्वास्नीको रूपमा स्वीकार गर्ने बताए। यत्तिकैमा ०५१ वैशाख १६ गते भेटनीदेवीले छोरी जन्माइन्। दिनेशराजले आफूलाई छोरी सहित स्वीकार नगर्ने देखेर उनले घरमा लोग्ने नभएको मौकामा छोरीको घाँटी निमोठी हत्या गरेर इनारमा फालिन्। हाल उनी थुनामा रहेकी छिन्।

लाफागाउँ गाविस-६ को विमिरे भन्ने ठाउँमा हरेक वर्ष झैं यो वर्ष पनि ०५१ मंसीर १६ गते वाला चतुर्दशीको मेला लागेको थियो। मेलामा रक्सी सेवन गरेपछि झगडा भयो। झगडाकै क्रममा लाँकू बस्ने चतुरमान राई, हेमबहादुर राई लगायतका ४ जनाले लाफागाउँ गाविस-५ का भक्तबहादुर राईलाई टाउको र पेटमा छुरी हाने। उनको तत्काल मृत्यु भयो भने लाफागाउँ गाविस-३ बस्ने भक्तबहादुर राई र वडा-५ वस्ने डिकबहादुर राई घाइते भए।

### १.२ जेल र वन्दीहरू

यस जिल्लाको सदरमुकाम गाईघाटमा रहेको जेलको क्षमता ५० जनासम्म बन्दीहरू रहन सक्ने देखिन्छ। तर यहाँ यदाकदा १ सय ५० जनासम्म वन्दीहरू राख्ने गरेको पनि पाइन्छ। हाल यो जेलमा ६२ जना बन्दीहरू रहेका छन् भने २ जना नावालक पनि रहेको पाइयो।

जेलमा पिउने पानीको ठूलो समस्या रहेको छ।

वन्दीहरूलाई औषधि उपचारको उचित प्रबन्ध छैन। तास जुवा खेल्न र रक्सी सेवन गर्न समेत केही वन्दीहरूलाई छुट दिइएको बताइन्छ। शौचालय सधैंभरि दुर्गन्धपूर्ण रहने गरेको देखिन्छ।

### १.३ गिरफ्तारी र यातना

गाईघाट गाविस-२ का कृषक भुवनेश्वर चौधरीलाई ०५१ भदौ १४ गते स्थानीय प्रहरी चौकीका असई चन्द्रबहादुर घले मगर लगायतले अमानवीय ढंगले कुटपिट गरे। कुटपिटबाट उनी बेहोस भए। अदालतको निर्णय अनुसार तिर्नु पर्ने जरीवाना नतिरेवापत उनलाई प्रहरीले यसरी कुटपिट गरेको बताइन्छ। स्थानीय एक किसानसंग पोखरीको माछा सम्बन्धमा झगडा परी मुद्दा पर्दा अदालतले उनको विपक्षमा निर्णय गरेको थियो।

प्रहरीले भुवनेश्वरमाथि गरेको अत्याचारबाट आक्रोशित व्यक्तिहरूले घटनाका बारेमा स्थानीय प्रशासनलाई जानकारी गराउँदा उल्टै त्यस्तो जानकारी गराउने व्यक्तिहरूलाई प्रहरीले भुवनेश्वरलाई गिरफ्तार गरी ल्याउन लाग्दा खोस्ने प्रयत्न गरेको आरोप लगायो। सार्वजनिक अपराधको आरोपमा सीताराम कटुवाल, जग्गु बस्नेत, रविया चौधरी र रंगिलाल साहलाई गिरफ्तार गरी अन्य केहीलाई वारेन्ट जारी गरियो। उनीहरूलाई ०५१ भदौ १७ गते राती हिरासतमै कुटपिट समेत गरिएको थियो। १८ गते स्थानीय राजनीतिक व्यक्तिहरूको पहलमा कागज गराई उनीहरूलाई छाडिएको थियो।

गाईघाट बजारमा होटल व्यवसाय गरी बस्ने इन्द्रमान थिंले एकादशीका दिन खसी काटेको निहुँमा बजारका केही व्यक्तिहरू र उनीबीच केही भनाभन भयो। सामान्य भनाभनलाई लिएर स्थानीय रविया चौधरीले इन्द्रमानले आफ्नो ज्यान लिने प्रयत्न गरेको उजुरी प्रहरीमा दिएपछि इन्द्रमानलाई ०५१ असार १२ गते गिरफ्तार गरियो। उनलाई ०५१ असार १५ गते ज्यान मार्ने उद्योग अन्तर्गत मुद्दा लगाइयो। असार १६ गते उनले आफ्नो पक्षको कानून व्यवसायी राख्ने माग गर्दा दिइएन। १९ दिनसम्म प्रहरी हिरासतमा राखेपछि मात्र उनलाई तारीखमा छाडिएको थियो।

०५१ भदौ १ गते संयुक्त जनमोर्चा नेपाल (डा. बाबुराम समूह) ले नेपाल बन्द कार्यक्रम राखेको थियो। उक्त दिन मोर्चाका कार्यकर्ताहरू पसलहरू वन्द गराउन हिडिरहेको वेला जलजले, गाईघाट र देउरीबाट करीव ३० जनालाई गिरफ्तार गरियो। गिरफ्तार हुनेहरूमा वैकुण्ठनाथ दाहाल, शारदा दाहाल, कृष्णप्रसाद बराल, विष्णुप्रसाद पौडेल, मदनबहादुर प्रधान लगायतका व्यक्तिहरू हुनुहुन्थ्यो।

सुन्दरपुरका जसमान राई र कविरमान राईलाई ०५० फागुन ७ गते काठ चिरान गरेको आरोपमा गिरफ्तार गरी मुद्दा चलाइएको छ। पीडितहरू निष्पक्ष छानवीन नगरी आफूहरूलाई फसाइएको बताउँछन्।

गाईघाटका कृषक इन्द्रबहादुर थापा र जोगेश्वर



*उदयपुर जेलको अग्र भाग*

साहलाई ०५० फागुन ७ गते काठ चिरान गरेको आरोपमा गिरफ्तार गरी मुद्दा चलाइएको छ। हाल उनिहरू तारिखमा छुटेका छन्। निर्दोष व्यक्तिहरूलाई फसाउने नीति लिई कारबाही चलाइएको आरोप पीडितहरूको रहेको छ।

सुन्दरपुरका कृषक फुदन चौधरी, कमल नारायण चौधरी, सत्यनारायण चौधरी र मानपुर चौधरीलाई लकडी काटेको आरोपमा ०५० पौष २३ गते थुनामा राखी कारबाही चलाइएको छ। निष्पक्ष अनुसन्धान नगरी एक पक्षीय ढंगले कारबाही गरिएको गुनासो पीडितहरूको रहेको छ ।

गाईघाटका कृषकहरू उत्तिमलाल साह, रामविलास चौधरी, रामदेव साह, बच्चु साह असर्फी चमार र झुर्लडा चमारलाई काठ काटेर विक्री गरेको आरोपमा ०५० पौष १९ गते गिरफ्तार गरी कारबाही चलाइयो। हाल उनीहरू तारेखमा छुटेका छन्। रीसइविका कारण फसाइएको गुनासो पीडितहरूको रहेको छ। काठ चिरान सम्बन्धी घटनामै कटारीका कृषक पद्मबहादुर राई र टीकारम विश्वकर्मालाई ०५० पुस १९ गते गिरफ्तार गरी तारिखमा छाडिएकोमा पुनः गिरफ्तार गरिएको छ।

गाईघाटका गणेशबहादुर भुजेल, सोठा चौधरी र खुशीलाल चौधरीलाई खाम काटी घर बनाएको आरोपमा ०५१ असार २९ गते वन कर्मचारीद्वारा गिरफ्तार गरी थुनामा राखिएको छ। पीडितहरू आफूहरूलाई फसाउने उद्देश्यले कारवाही चलाएको बताउँछन्।

गाईघाटका कुलप्रसाद निरौला र लक्ष्मीप्रसाद निरौलालाई काठ चिरान गरेको आरोपमा ०५१ जेठ २२ गते

गिरफ्तार गरी मुद्दा चलाएर तारिखमा छोडिएको छ। पीडितहरू आफूहरूमाथि एकपक्षीय कारबाही चलाइएको बताउँछन्।

गाईघाटकै जीतुदास चौधरी र लालबहादुर बस्नेतलाई ०५१ जेठ ५ गते घरायसी प्रयोगका लागि काठ चिरान गरिएको आरोपमा गिरफ्तार गरी तारिखमा छोडिएको छ। घटनाका बारेमा निष्पक्ष छानवीन नभएको गुनासो पीडितहरूको रहेको छ। त्यस्तै घटनामा निस्कुका धनजीत सादा, वन्द सदा र भोलु सदालाई ०५१ वैशाख २८ गते थुनामा राखी मुद्दा चलाइएको छ।

०५० फागुन २१ गते गाईघाटका भगवती चौधरी, रामकुमार चौधरी, हंशराज चौधरी र हरि चौधरीलाई थुनामा राखी मुद्दा चलाइएको छ।

काठ चिरानकै घटनामा ०५१ वैशाख १८ गते कटारीका नमस कार्की, अजिवुल शेख र प्रले महरालाई समेत थुनामा राखिएको छ।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना भएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

वेल्टार गाविस-१ का शालिकराम कटुवाल, गीता कटुवाल र वीरबहादुर खड्काको बीचमा जग्गाको सीमाना र निकासालाई लिएर पहिलेदेखि नै झगडा थियो। ०५० माघ ८ गते पुरानो झगडामै भनाभन हुँदा वीरबहादुरलाई शालिकराम र गीताले सख्त घाइते हुने गरी कुटपिट गरे। पीडकहरूलाई कानूनी कारवाही चलाइएको छ।

देउरी गाविस-२ का सुरेन्द्र पन्तसंग सोही गाउँका जीतबहादुर बुढाथोकीका छोराले ०५० साउन २४ गते ४ हजार ७ सय रूपियाँ सापट लिएका थिए। ऋण असुल गर्न भनी सुरेन्द्र पन्तकी पत्नी सरस्वती पन्त ऋणी बुढाथोकी कहाँ गइन्। ऋणीले धान वेचेर ऋण तिर्ने कुरा गर्दागर्दै सरस्वतीले जथाभावी गाली गर्दै कुटपिट समेत गरिन्। त्यसपछि सुरेन्द्रले अन्य २/३ जना व्यक्ति समेत साथ लिएर गई ०५१ मंसीर ७ गतेका दिन ऋणीलाई तुरून्तै ऋण तिर्न भने। ऋणी बुढाथोकी आवेशमा आई सुरेन्द्रको कम्मरमा भिरेको खुकुरीले उनीलाई प्रहार गरे। घाइते सुरेन्द्रलाई अस्पताल भर्ना गरियो भने बुढाथोकीलाई हिरासतमा लिइएको छ। दुईथरी बीच मिलापत्र गर्ने प्रयत्न पनि भइरहेको बताइन्छ ।

तावाश्री गाविस-१ का २४ वर्षीय भरतसिंह थापाले सोही ठाउँका ३२ वर्षीय मधुरा राममगरलाई ०५१ असोज १८ गते कुटेर मारी फालिदिने धम्की दिए। पीडक भरतसिंहले उक्त दिन मधुराको होटलमा खानपीन गरेपछि मधुराले पैसा माग्दा त्यसरी धम्की दिएका थिए।

जोगीदह गाविसका वासिन्दाहरू बीच कात्तिक २९ गतेको आम निर्वाचनमा उम्मेदवार बनेका राप्रपाका हरिबहादुर बस्नेत, नेपाली कांग्रेसका अशोकचन्द्र राई र नेकपा (एमाले) का लक्ष्मी चौधरीको योग्यता र क्षमतालाई लिएर विवाद चल्यो। विवादकै क्रममा ज्यानमार्ने धम्की दिंदै हातपात गर्ने काम समेत भयो। शिवप्रसाद वास्तोला, रत्नमाया अधिकारी, रामानन्द चौधरी आदिलाई जनार्दन रेग्मी, अमरबहादुर राई, मधु राई, रामबहादुर राई, डम्वरबहादुर राई समेतले हातपात गरी ज्यानमार्ने धम्की समेत दिएका थिए।

पीडित पक्षले प्रहरीमा उजुरी गरेपछि जनार्दन रेग्मीलाई गिरफ्तार गरी धरौटीमा रिहा गरियो भने अरू फरार रहेका छन्।

ठानागाउँ गाविस-३ का मीनसेर राई, डिल्लीशेर राई र चक्रबहादुर सार्कीले सोही ठाउँका दुर्गाप्रसाद पोखरेललाई पानीको धाराको झगडामा ०५१ मंसीर २३ गते मार्ने धम्की दिए। पीडिकहरू राष्ट्रिय प्रजातन्त्र पार्टीसंग सम्बन्धित रहेका छन्। पीडितहरूले आफ्नो ज्यानको सुरक्षा गरी पाउँ भनी जिल्ला प्रशासन कार्यालयमा निवेदन दिएका छन्। तर प्रशासनले त्यसप्रति वास्ता नराखेको पीडितको गुनासो छ।

देउरी गाविसका शारदाप्रसाद दाहाललाई सोही ठाउँका महेन्द्रबहादुर राउत, छत्रबहादुर राउत र भीमबहादुर राउतले ०५१ मंसीर १६ गते ज्यान मार्ने धम्की दिए। पीडितलाई पीडकहरूले सुकुम्वासीको पक्ष लिएको र जातपात एवं छुवाछूत मान्ने कुराको विरोध गरेको आरोपमा त्यसरी धम्की दिएका थिए।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यो वर्ष अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकारलाई कुण्ठित गर्ने घटनाहरू भएनन्।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम रहेको छ।

### २.३ राजनीतिक स्वतन्त्रता को अधिकार

राजनीतिक स्वतन्त्रताको अधिकारमा बाधा पुऱ्याउने घटना पनि यो वर्ष देखिएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँ न्यायिक एवं अर्ध न्यायिक निकायप्रति जन विश्वास बढ्न सकेको छैन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

वस्ती बसाएको आरोपमा कटारीका लोकबहादुर तामाङ्ग र चन्द्रबहादुर तामाङ्गलाई ०५० चैत ८ गते वन कार्यालयका कर्मचारीहरूद्वारा निष्पक्ष अनुसन्धान नगरी कारबाही चलाइयो। उनीहरूलाई मुद्दा लगाई तारिखमा राखिएको छ।

ऐलानी पर्ती जग्गामा वस्ती बसाएको आरोपमा सुन्दरपुरका मानबहादुर थापा, नीरबहादुर थापा, जमानसिंह थापा र गोपालबहादुर थापालाई ०५१ असार १७ गते वन कार्यालयका कर्मचारीहरूद्वारा एक पक्षीय रूपमा धरपकड गरी कारबाही चलाइयो। पीडितहरू अहिले तारिखमा रहेका छन्।

चौरी आवाद गरी वस्ती वसाएको आरोपमा सुन्दरपुरका नेत्रबहादुर आले, कटकबहादुर आले, जीतबहादुर बुढाथोकी र कृष्णबहादुर थापालाई ०५१ साउन ५ गते वन कार्यालयका कर्मचारीहरूद्वारा एक निष्पक्ष अनुसन्धान नगरी कारबाही चलाइयो। पीडित भूमिहीन किसानहरूलाई मुद्दा चलाई तारेखमा छाडिएको छ।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

त्रिवेणी-७ की विमलाकुमारी सिंहलाई झापा पृथिवी नगर-५ का रमेश र कटारी बजारका धनराज लामाले ०५० माघ ९ गते काठमाडौंमा काम दिलाउने प्रलोभन देखाई झुक्याएर वम्बईको कुमारीपुर वेश्यालयमा लगेर बिक्री गरे। छोरी हराएको जानकारी विमलाका बाबु रामप्रबोध सिंहले प्रहरीमा दिएपछि शंकामा धनराज लामा लगायत केही व्यक्तिलाई गिरफ्तार गरियो। धनराजले साबिती वयान दिएपछि निजलाई थुनामा राखिएको छ भने मुख्य अभियुक्त रमेश खड्का फरार रहेका छन्।

तपेश्वरी गाविस-८ का ११ वर्षीय बालिकालाई जंगलमा घाँस दाउरा गर्न गएको अवस्थामा ०५० फागुन १७ गते सोही गाविसका मेघनाथ चौधरी र शंकर चौधरीले बलात्कार गरे। अभियुक्त मध्ये शंकर चौधरीलाई कानूनी कारवाही चलाइएको छ भने मेघनाथ चौधरी फरार रहेको हुँदा प्रहरीले खोजी गरिरहेको छ।

लाफागाउँ-१ की गीताकुमारी राईलाई ०५० फागुन १९ गते उदयपुर सिमेण्ट उद्योगमा सुरक्षा गार्डको रूपमा कार्यरत मानबहादुर तामाङ्गले जागीर लगाई दिने प्रलोभनमा फसाएर ४/५ दिन आफ्नै डेरामा राखे। त्यसपछि उनलाई सर्लाहीमा मानबहादुर कै नाता पर्ने व्यक्तिको घरमा ल्याएर राखियो। गीतालाई त्यहाँ मोक्तान भन्ने व्यक्तिको जिम्मामा छोडियो। त्यो घरमा विभिन्न खालका व्यक्तिहरू आउने जाने गर्दथे। गीतालाई कोठामा मात्रै थुनी राख्ने, लुगाहरू ल्याएर लाउन दिने र हिन्दी वोल्न सिकाउने गर्न थालियो। त्यसपछि उनले पनि आफू बिक्री भैसकेको थाहा पाइन् र त्यहाँबाट भागिन्। अनेकौ दुःखकष्ट सहँदै उनी आफ्नो गाउँमा आई पुगिन्। तर प्रशासनले फितलो प्रमाण भनी कारबाही चलाउने काम गरेन।

तावाश्री गाविस-१ का २४ वर्षीय भरतसिंह थापा मगरले ०५१ असोज ८ गते सोही ठाउँकी १७ वर्षीय शान्ता केपाछाकी मगरलाई स्कूलबाट आइरहेको बेला खाडी खोप भन्ने ठाउँमा हातपात गरी नाकको फुली समेत खोसेर बलात्कार गर्ने प्रयास गरेपछि शान्ता चिच्याइन्। उनी चिच्याएपछि त्यहाँ गाउँलेहरू पनि भेला भए। अभियुक्त त्यहाँबाट भाग्न सफल भए पनि शान्ताले कारबाहीका लागि गाविसमा निवेदन दिइन्। तर गाविसले अभियुक्तलाई कारवाही गर्न कुनै कदम चालेन।

पोखरी गाविस-२ की १३ वर्षीय बालिकालाई ०५१ असोज ११ गते डोकामा रातो माटो बोकेर आइरहेको अवस्थामा जंगलको बाटोमा भेटी स्थानीय शुकराम भन्ने होमबहादुर दाहालले बलात्कार गरे। बलात्कारीलाई गिरफ्तार गरी कारबाही चलाइएको छ।

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

सिरिसे गाविस-८ का ३८ वर्षीय मानबहादुर तामाङ्गले घरमा पत्नी शुकमाया र छोरी हुँदाहुँदै ०५० माघ २२ गते सुनमाया नामकी महिलासंग दोश्रो विवाह गरे। हाल उनी कानूनी कारवाहीमा रहेका छन्।

पोखरी गाविस-५ घर भई गाईघाट, मोतीगडामा वसोवास गर्ने वर्ष ४२ का डिकबहादुर मगरले आफ्ना दुई पत्नीहरू ३९ वर्षकी धनमाया मगर र वर्ष ३२ की मनमाया मगर तथा ५ जना छोराछोरी हुँदाहुँदै ०५१ असोज २९ गते भुटार गाविस-४ का ३६ वर्षीय रणबहादुर ठकुरीकी पत्नी ३२ वर्षीय जीतकुमारीसंग तेश्रो विवाह गरे। ९ र ११ वर्षका दुई जना नावालक छोरालाई छाडी जीतकुमारी डिकबहादुर मगरकी तेश्रो पत्नी भएकी छिन्।

स्थानीय व्यक्तिहरूको रोहवरमा रणबहादुर ठकुरीले पूर्व पत्नी जीतकुमारीलाई दिएको गहना ०५१ मंसीर ३ गते फिर्ता लिएका छन् भने डिकबहादुरका पूर्व पत्नीहरूले कानूनी उपचारको कुनै बाटो खोजेका छैनन्।

### ४.३ गर्भपतन

गर्भपतनका घटनाहरू प्रकाशमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका बहुसंख्यक वालवालिकाहरू पढ्न र लेख्न पाउने अधिकारबाट बञ्चित रहेका छन्। बालश्रमका घटनाहरू पनि जिल्लाका विभिन्न भागहरूमा रहेको पाइन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

हडिया गाविस-६ स्थित प्राथमिक विद्यालय भवन निर्माणको लागि ईंटा बनाउन गाईघाटका हरि सदा र वोकाई

सदालाई ०५० फागुन १६ गते ३० हजारमा जिम्मा दिइयो। ईंटा २ महीनाभित्र बुझाउनु पर्नेमा ४५ दिनभित्रै बुझाउँदा पनि पूरा पैसा दिइएन। उल्टै कामबाट समेत हटाइयो। पीडितहरूले प्रशासन समक्ष उजुरी गर्दा समेत न्याय पाउन सकेनन्। पीडकहरू जगतबहादुर खड्का र लोकनाथ राउतकै पक्षमा लागेर प्रशासनले समेत आफ्ना कुराहरू नसुनेको अरोप पीडितहरूको छ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यस सम्बन्धी उल्लेख्य घटना देखा परेको पाइएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

मयन्खु गाविस-५ का रत्नबहादुर सुनुवार र धनबहादुर सुनुवारले गाउँलेहरूलाई कुट्ने, गाई, गोरू, भैसी, खसी काट्ने गरेर दुःख दिएपछि ०५० फागुन १९ गते गाउँलेहरूले प्रशासनमा उजुरी दिए। ज्यादै निर्दयी चरीत्रका निजहरूलाई मुद्दा लगाई कारबाही चलाइको छ।

०५० चैत २४ गते विहान ७ बजे कटारीबाट विराटनगर जान लागेको बसमा केही उपद्रवी व्यक्तिहरू पनि चढेका थिए। तिनीहरू थिए - उपेन्द्र ठकुरी, पुस्कल ठकुरी, देवेन्द्र ठकुरी, देवी हमाल र जितेन्द्र ठकुरी। उनीहरूसंग बसको भाडा माग्दा कण्डक्टर नन्द खड्कालाई सांघातिक हमला गरी घाइते बनाए। उनीहरू अहिले सार्वजनिक मुद्दामा रहेका छन्।

देउरी गाविस-१ को लालपत्ता भन्ने ठाउँमा ०५१ वैशाख ७ गते जातीय समता समाजले सवै जातका मान्छे भेला गरेर सहभोजको आयोजना गरेको थियो। भोजमा स्थानीय कामी, दमाई, सार्की, क्षेत्री, वाहुन, मगर आदि सहभागी भएका थिए। तर त्यो भोजमा संलग्न हुनेहरू वाहेककाले उनीहरूलाई समाजबाट बहिष्कार गर्ने जस्ता कामहरू गरे।

०५१ जेठ १२ गते स्थानीय महिला प्रेमकुमारी कार्की सार्वजनिक इनारमा पानी भर्न जाँदा उनलाई अछूतहरूसँगै बसेर भोज खाएको आरोपमा पानी भर्न नदिई देउरी गाविस-१ कै मेघबहादुर राउत, यशोदा राउत, भीमबहादुर राउतले तथानाम गाली गरे। त्यसपछि प्रेमकुमारीले आफ्नो अपमानको विरूद्ध अदालतमा मुद्दा दायर गरेकी छिन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्वन्धी कुनै टिप्पणी वा विज्ञप्ति प्रकाशित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएको पाइएन।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू पनि यो वर्ष प्रकाशमा आएको देखिएन ।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

देउरी गाविस-५ की ४ वर्षीय कालीमाया परिवारको ०५० मंसीर १८ गते जंगली हात्तीले कुल्चेका कारण मृत्यु भयो भने ३२ वर्षीय भीमकुमारी परियार घाइते भइन्।

### ९.४ आत्महत्या

गाईघाट गाविस-७ का पतिपत्नी २१ वर्षीय शम्भु चौधरी र १९ वर्षीय गीता चौधरीले ०५१ असोज २६ गते एकै ठाउँमा सारीको पासो लगाई आत्महत्या गरे।

देउरी गाविस-८ का हर्कनारायण श्रेष्ठले ०५१ कात्तिक २१ गते घर नजिकको ग्वालीमा झुण्डिएर आत्महत्या गरे। आर्थिक अभावले ग्रस्त श्रेष्ठ रक्सी सेवन गर्ने गर्दथे।

मृतककी पत्नीको जाहेरी अनुसार घटनाका सम्बन्धमा अनुसन्धान भई रहेको छ।

■



# १. पूर्वाञ्चल

# सगरमाथा

## १.१४ खोटाङ्ग

जनसंख्या : २१५९६५
साक्षरता : ३९.९ प्रतिशत
महिला साक्षरता : २३.३ प्रतिशत
क्षेत्रफल : १५९१ वर्ग कि.मी.

यो जिल्ला पहाडै पहाडले बनेको छ। यसको पूर्वमा भोजपुर, पश्चिममा ओखलढुंगा, उत्तरमा सोलुखुम्वु र दक्षिणमा उदयपुर जिल्लाहरू रहेका छन्। यहाँका वहुसंख्यक नागरिकहरू अशिक्षा, अज्ञानता र गरीवीले पिल्सिएका छन्। त्यस बाहेक अन्धविश्वास र रूढीवादले पनि यो जिल्लामा त्यतिकै जरा गाडेको पाइन्छ। यहाँ मानवअधिकार उल्लंघनका जति घटना देखा पर्छन्, तिनको खासै प्रचार नहुने गरेको देखिन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

०५० माघ १७ गते फेदी गाविस-५ का १४ वर्षीय पवित्र राईको गोलीबाट मृत्यु भयो। घरको दलिनमा राखेको भरूवा बन्दुकमा मृतकका दाजु रामकुमार राईले हिड्दाहिड्दै ठक्कर दिएपछि गोली उछिट्टिन पुगेको थियो।

चन्द किरौंतीले ०५० माघ १८ गते जाहेरी दिएपछि रामकुमारलाई बन्दुक बरामद गरी पक्राउ गरियो। जिल्ला अदालत खोटाङ्गले भवितव्य पर्न गई पवित्र राईको मृत्यु भएको भनी फैसला गरेको छ। तर १८ हजार धरौटी राख्न नसकेकाले उनी १ वर्षका लागि थुनामा राखिएका छन्।

०५१ असोज २६ गते निर्मलीडाँडा गाविस-६ का जीतबहादुर राईले आफ्नो दाजु विरामी परेकाले फुक्न भनी जीराधन राईलाई बोलाएर ल्याए। साथमा स्थानीय वीरधन राई पनि आएका थिए। फुकफाकको काम सकिएपछि जीतबहादुरकी पत्नी जसकुमारीले दशैंलाई तयार पारेको जाँड जीराधन र वीरधनलाई खान दिइन्। जीराधन मात्तै गएपछि जाँड मागी नै रहेकोले छानेको (कोदोको) जाँड दिइयो। त्यो रीसले उनले डबका नै मिल्काई दिए। जीराधन र वीरधनले कुराकानीमा जीतबहादुरलाई रूखमा भोट हाल्न कर गरेका थिए।

राती जीराधन जसकुमारी सुतेको ठाउँमा गएपछि जीतबहादुर पनि त्यही नै पुगे। उल्टै जीराधनले जीतबहादुरलाई हिर्काएर एउटा दाँत झारेपछि रीसको झोकमा जीतबहादुरले खुकुरी प्रहार गरी जीराधनको हत्या गरे। त्यो घटना वीरधनले पनि चाल पाएको हुनसक्छ भनी उनको पनि हत्या गरियो।

पीडक जीतबहादुरलाई भोलिपल्ट गिरफ्तार गरिएपछि र मृतकहरूको दाहसंस्कारका लागि ०५१ असोज २८ गते लास उठाएपछि जीतबहादुरको घरमा आगलागी भएको थियो।

### १.२ जेल र वन्दीहरू

खोटाङ्ग जेलको निर्माण २०३३ सालमा भएको थियो। करीव ३० जना वन्दीहरू राख्न सकिने यो जेलमा हाल थुनुवा ६ र वन्दी २१ जना गरी जम्मा २७ जना रहेका छन्। जसमा ५ जना महिला छन्। त्यसवाहेक १ जना नावालक पनि थुनामा रहेको देखिन्छ। जेलमा ५ वटा चर्पी भएकोमा हाल एउटा चर्पीको अवस्था नराम्रो भई बन्द गरिएको छ। वन्दीहरूले व्यक्तिगत रूपमा रेडियो राखेका छन्। जेल प्रशासनका तर्फबाट अन्य पत्रपत्रिका उपलब्ध गराउने गरेको देखिँदैन।

### १.३ गिरफ्तारी र यातना

सप्तेश्वर छितापोखरी-९ का पद्मबहादुर थापाले ०५१ मंसीर १२ गते वदुवाहरूसँगै सुतेर एमालेले सरकार बनाउने भयो भन्ने कुरा गरिरहेका थिए। त्यति नै वेला प्रहरी जवान सन्तोष ढकाल आई "यसरी बोल्छस् साले कम्युनिष्ट !" भन्दै कुट्दै बाहिर निकाले। त्यहाँ अर्का प्रहरी जवान चित्रबहादुर वस्नेत पनि थपिए। त्यसपछि प्रहरी जवान सन्तोष ढकाल पद्मबहादुर

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | १ |
| बलात्कृत | - | - | १ |
| आत्महत्या | - | - | ५ |



*खोटाङ्ग कारागारको मूल द्वार*

थापामाथि चढे भने चित्रबहादुरले पद्मबहादुरलाई बाटोमा घिसार्दै प्रहरी चौकीमा पुऱ्याए। बाटोमा घिसार्दा उनको शरीरको छाला खुत्लिसकेको थियो। चौकीमा पुऱ्याएपछि हवलदार भुवन पोखरेलले अझै कुटपिट गर्ने आदेश दिए र आफै पनि कुटपिटमा सघाउन थाले। नेलकडी लगाएर पद्मबहादुरलाई रातभरि राख्दा भोलिपल्ट उनी बोल्न नसक्ने भएका थिए। त्यसमाथि पनि पिट्दै मिलापत्रको कागजमा दस्तखत गर्न उनलाई बाध्य बनाइएको थियो। घटनाका सम्बन्धमा पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दिएका छन्। त्यस सम्बन्धी छानवीन कार्य भइरहेको बताइन्छ।

## १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना भएन।

## १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ वैशाख २४ गते राती स्थानीय लालबहादुर खड्काको घरमा बस्ने सिम्पानी माध्यमिक विद्यालयका शिक्षक केशवराज कार्की एक अपरिचित महिलासंग निर्लज्ज ढंगले सुतिरहेको भेटियो। लालबहादुरकी पत्नी र वडा सदस्य नारायण खड्काले शिक्षक भएर त्यस्तो काम गर्न लाज लाग्दैन भनी गाली गरेपछि केशवराजले नारायणलाई पिट्न थाले। दुबै पक्षबीच झगडा भयो। भोलिपल्ट कुरा मिलाउने गरी त्यो रात झगडालाई साम्य पारियो।

भोलिपल्टदेखि शिक्षक केशवराज समाजका अगाडि देखा परेनन्। शिक्षक लुकीछिपी बसेपछि पीडित पक्षले ३० गतेका दिन इलाका प्रहरी कार्यालय खोटाङ्गमा निवेदन दिए। प्रहरीको सक्रियतामा शिक्षकलाई झिकाई मिलापत्र गर्ने निर्णय भयो। पीडित पक्षसंग शिक्षकले माफी मागेपछि ०५१ जेठ ३ गते मिलापत्र गरिएको थियो।

खिदिम्मा गाविस-२ सोल्माका ज्ञानमणि राईको घरमा ०५१ जेठ १६ गते राती केही गाउँलेहरू बसी रक्सी खाए। रक्सी खाँदै जाँदा एक अर्कामा धम्की दिने र गाली गर्ने काम शुरू भयो। भनाभन मै मानदेव राई र ज्ञानमणि राईले शिवध्वज राईलाई चिरूवा दाउराले हिर्काए। शिवध्वजको खुट्टा ३ ठाउँमा भाँचियो। उनको टाउको फुट्नुको साथै दुवै कानबाट रगत बगेको थियो। उनको उपचार काठमाडौं ल्याएर गरिएको थियो।

पीडक मानदेव राई र ज्ञानमणि राई भोलिपल्ट आफैं जिल्ला प्रहरी कार्यालयमा हाजिर हुन गएका थिए। जाहेरीमा १३ जनाको नाम दिइए पनि उनीहरू आफू दुई जना मात्र घटनामा संलग्न रहेको बताउँछन्। जाहेरीमा परेका मध्ये ९ जना फरार छन् भने मनकुमार राई र सागर राई तारेखमा छुटेका छन्।

०५१ साउन १५ गते सप्तेश्वर छितापोखरी गाविस-९ को छितापोखरी बजारमा दुई थरी राजनीतिक आस्थाका व्यक्तिहरू बीच झगडा भयो। रक्सी खाई झुलेर बसेका सीताराम कटुवाल, वीरबल खड्का र चित्रकुमार कार्कीले गाविसको बैठक सकेर घर फर्केका बबरबहादुर थापा, तिलक बहादुर थापा र विष्णुबहादुर थापालाई धम्की दिंदै गाली बेइज्जती गरे।

जिल्ला प्रशासन कार्यालयले ०५१ साउन २७ गते दुवै थरीलाई छानवीनका लागि झिकाई कुरा मिलाएको बताइन्छ।

याम्खा गाविस-५ का राजेन्द्र राई र विद्याचन्द्र राईलाई सोही गाउँका वीरेन्द्र राई र अशोक राईले ०५१ मंसीर २७ गते ढुंगा र खुकुरी प्रहारद्वारा घाइते बनाए। राजेन्द्रको देब्रेपट्टिको गालाको हड्डी नै फुटेको थियो। पीडित र पीडक बीच राजनीतिक विवाद हुँदा त्यसरी घाइते बनाइएको थियो। पीडकहरू हालसम्म फेला नपरेको बताइन्छ।

## १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

## २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

बम्लुखा गाविसको सुम्लिखामा ०५१ कात्तिक १७ गते नेपाली कांग्रेसले आमसभाको आयोजना गरेको थियो। आमसभा सकिएपछि नेपाली कांग्रेसका कार्यकर्ताहरूले नेकपा (एमाले) विरूद्ध विभिन्न नाराहरू लगाउन थाले। एमालेका कार्यकर्ताहरूले त्यस्तो नारा नलगाउन अनुरोध गर्दा कांग्रेसका कार्यकर्ताहरूले नमानेपछि दुवैपक्ष आक्रोशित भए। दुई थरी बीच कुटपिट शुरू भयो। नेपाली कांग्रेसका उम्मेदवार शिवकुमार बस्नेत लगायत हरिबहादुर कार्की, केशवराज कार्कीमाथि हातपात गरियो भने कविराज कार्कीको टाउकामा चोट लाग्यो। घटनास्थलमा उपस्थित नरहेका एमालेका कार्यकर्ताहरू वृषबहादुर राई, बालजीत राई, रिठे राई, देउमान राई, उत्तरमान राई लगायत १० जना विरूद्ध जाहेरी दिइएको थियो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

कहिले काहीं अदालतबाट मुद्दाको फैसला ढिलो हुने गरेकाले पीडितहरू निराश हुने गरेका छन्। तर न्यायालयप्रति आम जनताको विश्वास भने रहेकै देखिन्छ।

यो वर्ष यहाँको जिल्ला अदालतमा जवर्जस्ती करणी -१, ज्यानमार्ने उद्योग -३, चोरी -१, साधारण कुटपिट -३७, भ्रष्टाचार -१ गरी जम्मा ४३ वटा मुद्दा दर्ता भएको बताइन्छ।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना भएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस सम्बन्धी उल्लेख्य घटना यो वर्ष देखा परेन।

## ४. महिला अधिकार

## ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

बाँजे च्यानडाँडा गाविस-८ की २१ वर्षीय एक युवतीलाई एस.एल.सी. जाँच दिन दिक्तेल सल्लेरीटोलमा बसेको र ०५० माघ १० गते राती स्थानीय वद्री श्रेष्ठको घरमा भिडियो हेर्न गएको बेला ३ जना व्यक्तिहरूले बलात्कार गरे। बलात्कारीहरू नवजराज सत्याल, सन्त राई र नरेश श्रेष्ठ रहेका छन् भनिन्छ। तर उनीहरू यो घटनालाई आफ्नो चरीत्र हत्या गर्न चलाएको हल्ला बताउँछन्।

यो घटनामा पीडित युवतीलाई चिन्ने गाउँलेहरू युवतीको पनि कमजोरी रहेको र प्रशासनले घटनाको राम्रो छानवीन नगरेको बताउँछन् ।

डाँडागाउँ गाविस-१ मजौ बस्ने २१ वर्षीय तिलकबहादुर विश्वकर्मा र सोही ठाउँकी २५ वर्षीय दैया विश्वकर्मा बीच अनैतिक यौन सम्बन्ध कामय हुँदै आएको थियो। ०५१ साउन २४ गते दैयाले छोरा जन्माइन्। तिलक र दैयाबीच काका र भतिजीको नाता भएकाले तिलक दैयालाई अस्वीकार गरी घर छोडेर भागे।

०५१ साउन २६ गते प्रहरी चौकी छितापोखरीका इन्चार्ज भुवन पोखरेल र नेपाली कांग्रेसका कार्यकर्ता पद्मबहादुर खड्का हाडनाता भनी दोषीहरूलाई पक्राउ गर्न गएका थिए। भनिन्छ अन्य प्रलोभनमा परी उनीहरू त्यसै फर्किए।

भोजपुर गाविस औराङ्ग बस्ने दैयाकै फुपाज्यू काले विश्वकर्माका छोरा सुरेन्द विश्वकर्माले ०५१ साउन २९ गते दैयालाई स्वीकार गर्छु भनी घरमा भित्र्याए। त्यस वापत उनले ३ हजार र दैयाले १ हजार ५ सय पाएका थिए। सम्पूर्ण खर्च तिलकबहादुरले गरेका थिए र दोहोरो भूमिका पूरा गर्ने स्थानीय नारायण खत्रीले पनि १ हजार रूपियाँ पाएको बताइन्छ ।

## ४.२ जारी / बहुविवाह / देउकी / देह व्यापार

यस सम्बन्धी कुनै घटना भएन।

## ४.३ गर्भपतन

गर्भपतनका घटनाहरू जानकारीमा आएन्।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका थुप्रै वालवालिकाहरू गलैंचा बुन्ने काममा संलग्न हुन काठमाडौं आउने गरेका छन्। गरीवीका कारण कतिपय अभिभावकहरू नै पनि आफ्ना केटाकेटीलाई शिक्षादीक्षा दिन असमर्थ रहेका देखिन्छन्।

## ६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

## ६.१ पारिश्रमिक / सुरक्षा र संगठित हुने अधिकार

यस सम्बन्धमा कुनै घटना भएन।

## ६.२ विश्रामको अधिकार

विश्रामको अधिकारमा हनन पुऱ्याउने खालका घटना पनि देखा परेको पाइएन।

## ६.३ अन्य आर्थिक अधिकार

छितापोखरी गाविस स्थित जनसेवा प्राथमिक विद्यालयका शिक्षक वीरवल खड्का र सरस्वती निम्नमाद्यमिक विद्यालयका शिक्षक रविन्द गिरीलाई ०५१ असोज १ गतेका दिन रक्सी खाइरहेको अवस्थामा प्रहरीले फेला पाऱ्यो। उनीहरूलाई हतकडी समेत लगाई ओखेको स्वास्थ्य चौकीमा पुऱ्याएर रक्सी खाएको प्रमाणित गरियो। त्यसपछि जिल्ला प्रहरी कार्यालयमा पुऱ्याएर जागीर समेत खाइदिने धम्की प्रहरीले दिए। शिक्षकहरूले जागीर बचाई दिन अनुरोध गरे। त्यतिकैमा इलाका हुलाक कार्यालयका वहिदार पद्मबहादुर खड्काले प्रहरीलाई घुस खाएर कुरा मिलाउन सकिने बताए। शिक्षकहरूले डरले गर्दा घडी बन्दकी राखी २ हजार रूपियाँ दिए। उक्त रकम पद्मबहादुर र प्रहरी हवलदार भुवन पोखरेलले आधा-आधा लिएको पीडितहरूको भनाइ थियो।

प्रहरी चौकी छितापोखरीले जनतालाई वारम्वार दुःख दिदै आएकाले जनता प्रहरीहरूदेखि क्रुद्ध थिए। त्यसैले ०५१ मंसीर १५ गते वालाचतुर्दशीको मेलामा भेला भएका जनताले २० घण्टासम्म प्रहरी चौकी घेराउ गरे। त्यसै वखत शिक्षक रविन्द गिरी र वीरवल खड्कासंग लिएको रकम फिर्ता गर्दै प्रहरी हवलदार भुवन पोखरेल र पद्मबहादुर खड्काले आइन्दा त्यस्तो गर्ने छैनौ भनी माफी मागेका थिए।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धी उल्लेख्य घटना देखा परेको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै वक्तव्य र टिप्पणी प्रकाशित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

यो वर्ष दुर्घटनाहरू देखा परेनन्।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू भएको पाइएन।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कोही घाइते भएको र कसैको मृत्यु भएको पाइएन।

### ९.४ आत्महत्या

वतासे गाविस-२ का १४ वर्षीय अर्जुन श्रेष्ठले ०५१ असार ४ गते राती बारीको एउटा रूखमा झुण्डेर आत्महत्या गरे। छोराको लाश रूखमा भुण्डिरहेको देखेपछि बाबु पंचबहादुर श्रेष्ठले डोरीबाट लाश झारी गाउँलेलाई बोलाए।

जिल्ला प्रहरी कार्यालयबाट अनुसन्धान टोली पुग्दा शवको छेउमा डोरी थिएन। डोरीको खोजी हुँदा पंचबहादुरले दुई पटक फरक-फरक डोरी ल्याएका थिए।

बाबु छोरा बीच झैझगडा भैरहने हुँदा हत्या भएको पनि हुन सक्ने शंका गाउँलेहरूको रहेको छ। त्यस सम्बन्धमा अनुसन्धान नभएकामा पनि गाउँलेहरूको गुनासो रहेको बुझिएको छ।

वारा-१ का २६ वर्षीय लीलाप्रसाद प्याकुरेलले ०५० चैत ४ गते आत्महत्या गरे। उनको मानसिक सन्तुलन ठीक नभएको बताइन्छ।

वतासे गाविस-६ की २२ वर्षीय कालीमाया खड्काले ०५० चैत १६ गते घर पछाडिको कटेरोमा झुण्डिई आत्महत्या गरिन्। उनको मृत्युलाई लिएर गाउँलेहरूले हत्याको आशंका पनि गरे। मृतककै काका र आमा पनि आत्महत्या नभएको बताउँछन्। आमाले जाहेरी दिन लाग्दा जिल्ला प्रहरी कार्यालयले दर्ता नगरी २ वर्ष सम्ममा घटनाको छानवीन हुन्छ, हतार गर्नु पर्दैन भनी सम्झाएको बुझिएको छ। हत्याको पुष्टी हुन सकेको छैन।

डाँडागाउँ गाविस-४ चुइचुम्वाका खम्बसिंह कटवालकी १७ वर्षकी छोरी गीता कटवालले ०५१ पुस १० गते जंगलमा गएर नाम्लोको पासो लगाई आत्महत्या गरिन्। उनी खेतमा पराल लिन भनेर गएकी थिइन्। उनले लगेको खाजा र भाइलाई बुनिदिदै गरेको स्वीटर पनि आत्महत्या गरेको ठाउँ नजिकै राखिएको थियो। उनकी आमा अर्को लोग्नेसंग पोइल गएकीले गीता सानै उमेरदेखि मामाघरमा बसिरहेकी थिइन्। उनका मामा ललितबहादुर खड्काको घरमा नै हुर्केर कामकाज गर्दै आएकी गीताले आत्महत्या गर्नु पर्नाको कारण भने थाहा हुन सकेको छैन।

सप्तेश्वर छितापोखरी-७ का सोमबहादुर खड्काकी १८ वर्षकी पत्नी मञ्जु खड्काले ०५१ पुस १३ गतेका दिन घरमुनिको बारीको रूखमा पटुकाको पासो लगाई आत्महत्या गरिन्। घाँस काट्न भनेर गएकी मञ्जुले आत्महत्या गर्नु पर्ने कारण भने अज्ञात नै रहेको छ। घरमा देउरानी-जेठानीबीच सधैंजसो झगडा भने भइरहन्थ्यो।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन। ■



# १. पूर्वाञ्चल

## सगरमाथा

## १.१५ ओखलढुङ्गा

जनसंख्या : १३९४५७
साक्षरता : ३८.६ प्रतिशत
महिला साक्षरता : २२.८ प्रतिशत
क्षेत्रफल : १०७४ वर्ग कि.मी.

यस जिल्लाको पूर्वमा खोटाङ्ग, पश्चिममा रामेछाप, उत्तरमा सोलुखुम्बु र दक्षिणमा उदयपुर र सिन्धुली जिल्ला पर्दछन्। दुर्गम पहाडी ठाउँ भएर पनि यो जिल्लाको छुट्टै विशेषता रहेको छ। नेपालको प्रजातान्त्रिक आन्दोलनका लागि यो जिल्लाको भूमिका महत्वपूर्ण रहँदै आएको पाइन्छ। मानवअधिकार हननका दृष्टिले यो जिल्ला राष्ट्रिय चर्चामा रहने गरेको छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

कुइभीर गाविस-१ का सान्तवीर राईका भतिजा ३२ वर्षीय रामभक्त राई ०५१ असोज १० गते राती गुणा राईको घरमा गएर ढोका खोल्न भने। गुणाले राती भएकाले ढोका नखोल्ने कुरा बताइन्। त्यसपछि रामभक्तले ढोका बाहिरैबाट भने -"मलाई अभियोग लाग्यो, गाविसमा हिंडेको, भोलि खुनको भल देख्ने छौ।" यस्तो भन्दै रामभक्त हिंडेपछि गुणा पनि रातभर डराइन्। रामभक्तका काका सान्तवीर घरमा नभई परदेश गएका थिए। भोलिपल्ट विहान पानी लिन जाँदा शंका लागी गुणा शान्तवीरको घरमा पुगिन्। शान्तवीरको घरको ढोका बन्द थियो। तर आँगनमा रगतले भिजेको बञ्चरो देखिन्। घरभित्र पस्दा सान्तवीरकी ४२ वर्षीय पत्नी च्युलीमाया राई र उनकी १४ वर्षीय छोरी चण्डीमाया राईको लाश देख्न परेको कुरा गुणा राई बताउँछिन्। हत्याराको शंका गरिएका रामभक्तले सोही रात आत्महत्या गरेका थिए। रामभक्तले च्युलीमाया र चण्डीमायाको हत्या गर्नुको कारणमा गाउँलेहरूले विभिन्न अड्कलहरू गरेको पाइन्छ। कसैको भनाइ छ - रामभक्त सान्तवीरद्वारा पालिएको टुहुरो भतिजो हो। सान्तवीरले गाउँकी एउटी केटीसंग विहे गराई अंश समेत दिएर रामभक्तलाई छुट्टै राखेका थिए। तर विवाह गरेको ५ महीना नबित्दै रामभक्तकी पत्नीले बच्चा पाइन्। त्यसपछि अर्काले पेट बोकाएकी केटी पैसा खाएर आफूलाई भिडाएको भन्ने रीस रामक्तमा रहेको थियो। त्यसैको बदला लिनका लागि उनले सन्तवीरकी पत्नी र चण्डमायाको हत्या गरेका थिए। केही गाउँलेहरूको भनाइ अर्कै छ। उनीहरूको धारणा छ - चण्डीमाया सन्तवीरकी छोरी नभएर फड्केली छोरी थिइन्। रामभक्त चण्डीमायाप्रति मोहित थिए। त्यसैका कारण उनी त्यस रात चण्डीमायासंग यौन सम्बन्ध राख्न गएको र त्यसमा जबर्जस्ती गर्नु पर्दा हत्या समेत भएको हुनु पर्छ।

च्यानाम गाविस-५ का वलबहादुर भुजेलकी छोरी १५ वर्षीय दुर्गामाया भुजेललाई ०५१ असोज ३१ गते उनको घरदेखि अन्दाजी ४ सय मीटर उत्तरपट्टि जगन्नाथ अधिकारीको कोदोवारीमा खुकुरीले काटी मारेर फालेको अभियोगमा स्थानीय १८ वर्षीय वद्रीप्रसाद अधिकारीलाई पक्राउ गरी पूर्पक्षका लागि थुनामा राखिएको छ। स्थानीय मिसन अस्पतालमा ल्याई मृतकको पोष्टमार्टम गर्दा दुर्गामायाको पेटबाट ७ महीनाको बच्चा निकालियो। अभियुक्त वद्रीप्रसादले पनि साविती बयानमा मृतकले गर्भ बोकेको र सानो जातको भएका कारण विवाह पनि गर्न नसक्ने भएकोले हत्या गरेको बताएका छन्। घटनाको दिन राती अभियुक्त वद्रीप्रसादले मृतक दुर्गामायालाई घरछोडी अन्तै जान भनी लिएर गए। एकान्तमा पुऱ्याई यौन क्रिडा समेत सम्पन्न गरेपछि अभियुक्तद्वारा खुकुरी प्रहारबाट दुर्गामायाको हत्या गरियो। त्यसपछि बाघले खाएर मारेको भन्ने पार्न मृतकको कपडा च्यात्ने र लाश फ्याँक्ने काम अभियुक्तले

| घटनाको प्रकृति | घटना संख्या | | |
|---|---|---|---|
| | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | १ | - | - |
| हिरासतमा यातना | - | - | ४ |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | १ | ९ |

गरेका थिए। हत्याको अनुसन्धानका क्रममा स्थानीय देवीप्रसाद अधिकारी, टंकनाथ अधिकारी र विष्णुप्रसाद अधिकारीलाई पनि गिरफ्तार गरिएको थियो। तर उनीहरूलाई निर्दोष ठहराई रिहा गरिएको छ।

ठूलाछाप गाविसको निसखे भञ्ज्याङ्गमा ०५१ कात्तिक २३ गते नेपाली कांग्रेसको चुनावी सभा भैरहेको थियो। नेपाली कांग्रेसका उम्मेदवार बलबहादुर राईले स्वतन्त्र उम्मेदवार गोपाल राईलाई विभिन्न लाञ्छना लगाएपछि उनका पक्षबाट कालो झण्डा देखाइयो। त्यसपछि दुवै पक्षबीच मुठभेड शुरू भयो। प्रहरीले सम्झाउने-बुझाउने प्रयास नै नगरी २ राउण्ड गोली चलायो। घटनामा तलुवा-५ का विनोद घिमिरेलाई गिरफ्तार गरी ०५१ मंसीर ५ गते मात्र १० हजार धरौटीमा रिहा गरियो। हिरासतमा राख्दा हत्कडी लगाएर मात्र दिसा पिसाव गर्न जान दिइएको, खान नदिइएको, आफन्तसंग भेटघाट गर्नबाट बञ्चित गराइएको र विरामी हुँदा उपचार नगराइएको कुरा पीडित विनोद घिमिरे बताउँछन्।

गोली गाविस-३ का २४ वर्षीय लोकबहादुर थापाको भुसिङ्गा गाविस-५ मा ०५१ कात्तिक १८ गते हत्या गरियो। उनको हत्या गरेपछि भीरबाट फालिएको अवस्थामा भेटिएको थियो।

पुरानो रीसइवि साँध्न भुसिङ्गा-५ का भुपेन्द्रबहादुर वस्नेत, पुष्पमाया वस्नेत र मानबहादुर समेतले लाठी र म्यकुरीको प्रहारबाट लोकबहादुरको हत्या गरिएको हो भनी गोली-३ का वेदबहादुर थापाले जिल्ला प्रहरी कार्ययिमा जाहेरी दिएका थिए। भुपेन्द्र र पुष्पमायालाई पुर्पक्षका लागि थुनामा राखिएको छ भने पक्राउ गरिएका मानबहादुर र कृष्णमायालाई तारेखमा छोडिएको छ।

०५० चैत १३ गते पात्ले गाविसको देराखर्कको श्रीमती डिमा छोटिल शेर्पाले आफ्नै १२ वर्षीय छोरो रिञ्जीलाई कुटपिट गरेर हत्या गरिन्। घरमा भएको १ माना घिउ र २ माना पिठो चोरेको आरोपमा खुट्टामा नाइलनको डोरीले बाँधी फलामको चिम्टाले हिर्काउँदै पेमा रिञ्जीको मृत्यु भएको थियो। अभियुक्त डिमा छोटिल थुनामा रहेकी छिन् ।

## १.२ जेल र वन्दीहरू

५० जनासम्म वन्दीहरू राख्न सकिने क्षमता भएको यहाँको जेलमा हाल थुनुवा ८ र वन्दी २६ गरी जम्मा ३४ जना रहेका छन्। त्यस बाहेक २ जना नावालक पनि रहेका छन्। जेलमा उडूस, उपियाँ र जुम्रा मार्ने प्रबन्ध छैन। स्वास्थ्य परीक्षणका लागि सामान्य व्यवस्था भए पनि निकै ठूलो विरामी परेपछि मात्र मिसन अस्पतालसम्म लगिन्छ। कुनै सवालमा चौकीदार र नाइकेले भनेको नमान्दा उनीहरूले कुटपिट गर्ने गरेको कुरा वन्दीहरू बताउँछन्।

## १.३ गिरफ्तारी र यातना

०५० भदौ २७ गते पश्चिम कालिका गाविस-८ स्थित चिप्लिङ्ग प्रा. विद्यालयको व्यवस्थापन समितिले विद्यालयमा फर्निचर निर्माण गर्न फडिर जातको रूख काट्ने निर्णय गऱ्यो। तर मौखिक समझदारी भने सालको रूख काट्ने भएको बताइन्छ। काठ काट्नलाई स्थानीय रूद्रप्रसाद घिमिरे र नारायणप्रसाद घिमिरेलाई जिम्मा दिइएकोमा निजहरूले व्यक्तिगत प्रयोजनका लागि समेत रूख काटेको थाहा पाएपछि त्यसको रिपोर्ट वन कार्यालयमा गरियो। ०५० पुस २१ गते नारायणप्रसाद र रूद्रप्रसादलाई गिरफ्तार गरियो। जसमा ७ जना निर्दोष व्यक्तिहरू गिरफ्तार गरिएका थिए र त्यसमध्ये जाहेरवाला जगतप्रसाद लुईंटेललाई समेत गिरफ्तार गरिएको थियो। प्रतिव्यक्ति ५५ हजार धरौटीमा छाडिएका नारायणप्रसाद र रूद्रप्रसाद बाहेकका व्यक्तिहरू आफूहरूलाई पूर्वाग्रह राखेर फसाएको बताउँछन्।

०५० माघ २२ गते भदौरे गाविस-३ का ३० वर्षीय ढुण्डीकुमार राईले कुटपिट गरी साथमा रहेको ११ हजार ७ सय २८ रूपियाँ समेत लुटेको आरोप लगाई जिल्ला प्रहरी कार्यालय कारागार शाखाका पियन चन्द्रबहादुर विश्वकर्माले जाहेरी दिए। त्यसपछि ढुण्डीकुमारलाई पक्राउ गरियो। ढुण्डीकुमार भने कुटपिट गरी पैसा लुटेको भन्ने आरोप झूठो भएको बताउँछन्। दुवैले रक्सी सेवन गरेको हुँदा झगडा परेको हो तर प्रहरीले पूर्वाग्रही भएर कारबाही गरेको उनी बताउँछन्। ढुण्डीकुमार भन्छन् – "२५ दिनसम्म मलाई हिरासतमा राखियो। हिरासतमा सधैं हत्कडी लगाइन्थ्यो। २ महिनासम्म जेलमा पनि नेल ठोकियो। हिरासतमा मैले पाएको यातना म बताउनसम्म पनि सक्दिन।"

०४९ माघमा पनि बलात्कारको घटनामा थुनामा परेका ढुण्डीकुमार राई ०५१ पुसमा निर्दोष सावित भई जेलमुक्त भएका थिए। ०५० भदौ १३ गते ओखलढुंगाको मालपोत कार्यालय नजिकै डाकसुन्दर ताम्राकारको पसलमा वर्दीमा काम गर्दै रहेका प्रहरी जवान फूर्वा शेर्पामाथि ढुण्डीकुमारले हातपात गरेको व्यहोराको निवेदन पनि जिल्ला प्रहरी कार्यालयमा रहेको बताइन्छ।

मेखबहादुर र जीतबहादुर नेपाल निजामती कर्मचारी संगठनसंग सम्वद्ध कर्मचारी हुन्। ०५० फागुन ५ गते पुनरावेदन अदालतका काठहरू लिलाम बढाबढमा विक्री गर्दा जीतबहादुरले आफ्नो घर बनाउन लागेको र काठ आवश्यक भएकाले आफ्ना ज्वाइँ दुर्गाबहादुर श्रेष्ठलाई लिलामी प्रक्रियामा सामेल गराएका थिए र लिलाम सकार गरेपछि काठ आफ्नो घरमा लगेर राखेका थिए। लिलाम स्वीकृत भएका ८० वटा काठ भए पनि उनको घरमा त्यो भन्दा बढी काठ भएको भनी गाविस उपाध्यक्ष हेमनारायण राजभण्डारीले जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएपछि सबै काठ फर्काइएको थियो। तर जीतबहादुर आफ्नो घर भत्काएपछि एकै ठाउँमा घरको काठ पनि राखिएकोमा प्रशासनले जवर्जस्ती आफूलाई फसाएको बताउँछन्।

घर भत्काएर थुपारेका काठ समेत उठाएर लगेपछि उनले हेमनारायण, जिल्ला कार्यालय र जिल्ला प्रहरी कार्यालय विरूद्ध पुनरावेदन र सर्वोच्च अदालतमा लुटपिटको मुद्दा

हाले। त्यसै बीच ०५१ वैशाख २३ गते साझा संस्थाको भवनमा प्रजिअ र डीएसपीले भ्रष्टाचार गरे भन्ने पोष्टर टाँसिएपछि प्रतिशोधका दृष्टिले हामीलाई गिरफ्तार गरिएको हो भन्ने कुरा पीडितहरू सबैको रहेको छ। पीडितहरूलाई हिरासतमा अमानवीय व्यवहारद्वारा यातना समेत दिइएको कुरा जीतबहादुर बताउँछन् ।

०५१ वैशाख २२ गते थाक्ले गाविस-४ का कुमार दाहालको घरको मटानमा आगलागी भई एउटा गाई सहित ठूलै नोक्सानी हुन गयो। भोलिपल्ट उनले सोही गाउँका रासधन राई, नृपलाल राई, चन्द्रमान राई लगायत ७ जना व्यक्तिले घरमा आगो लगाई १ लाख ३८ हजार धनमाल नोक्सान गराएको भन्ने किटानी जाहेरी दिए। त्यसै अनुसार प्रहरीले ७ जनालाई गिरफ्तार गऱ्यो। साविती बयान दिएर हाल जेलमा रहेकाहरू भन्छन् -"हामीलाई प्रहरीले उधोमुन्टो पारेर झुण्ड्याएर पिटे। भात खाएको हो भने कागजमा सही गर भनी हामीलाई झुक्याएर सही गराए ।"

प्रहरीको पिटाइबाट अहिलेसम्म पनि असर परिरहेको बताउने उनीहरू व्यक्तिगत रीसइविका कारण कुमार दाहालले आफैंले आफ्नो घरमा आगो लगाई आफूहरूलाई फसाएको बताउँछन्।

०५१ वैशाख २३ गते पुनरावेदन अदालतका टाइपिष्ट जीतबहादुर शाक्य र मेखबहादुर खड्का लगायत स्थानीय व्यक्तिहरू दुर्गाबहादुर श्रेष्ठ विनोद घिमिरे, चेतनारायण शाक्य र कुलबहादुर शाक्यलाई सार्वजनिक अपराध तथा भ्रष्टाचारको आरोपमा गिरफ्तार गरियो। उनीहरूलाई काठ लिलामीमा भ्रष्टाचार गरी जथाभावी पोष्टर टाँस गरेको आरोप प्रशासनले लगाएको भएता पनि पीडितहरू आफूहरूलाई झूठो आरोप लगाई पूर्वाग्रहपूर्ण ढंगले कारबाही चलाएको बताउँछन्।

०५१ जेठ १७ गते प्रबुद्ध मा.वि. च्यानममा कक्षा ९ मा अध्ययनरत विद्यार्थी भीमबहादुर तामाङ्ग र हर्कबहादुर श्रेष्ठ बीच सामान्य झगडा भएको थियो। झगडाको कुरो प्रधानाध्यापक नन्दलाल गिरीको कानमा परेपछि अन्य रीसइवि सांध्ने गरी उनले भीमबहादुरलाई शारीरिक यातना दिए। उनलाई कपालमा समातेर घिस्याउँदै एउटा कोठामा थुनियो। १७ गते ४ बजे थुनिएका भीमबहादुरलाई १८ गते ४ बजे मात्र कोठाबाट बाहिर निकाली प्रहरीको जिम्मा लगाइयो। प्रधानअध्यापकले सार्वजनिक सुरक्षा अन्तर्गत मुद्दा चलाउने प्रयत्न गरे पनि भोलिपल्ट भीमबहादुर र हर्कबहादुर बीच मिलापत्र गरी घटनालाई टुंग्याइएको थियो।

वाढी पहिरोले क्षतविक्षत हर्कपुरमा क्षतिग्रस्त बाटो मर्मत गर्न गाविसले गाउँलेहरूलाई लगाएपछि सबै मिलेर बाटो बनाउन लागे। सो कामका लागि खाद्यान्नको रूपमा चामल पनि गाविसमा पठाइएको थियो। जुन चामल श्रमदानमा संलग्न हुनेहरूलाई पारिश्रमिकको रूपमा बाँड्ने भनिएको थियो। सोही अनुरूप ०५१ जेठ १५ देखि २१ गतेसम्म मरिमेटेर गाउँलेहरूले श्रमदानद्वारा बाटो मर्मत गरेका थिए।

काम सम्पन्न भैसक्दा पनि गाविसबाट चामल उपलब्ध नगराइएपछि ०५१ असार ११ गते सबैजना गाविस अध्यक्ष कहाँ चामल माग्न पुगे। अध्यक्षले उपाध्यक्षकहाँ जान भने। उपाध्यक्षकहाँ जाँदा उनले अध्यक्षसंग नै कुरा गर्न भने। गाउँलेहरू दोश्रो पटक अध्यक्षकहाँ पुगेर चामल माग्दा उनले चामल दिन्न जे गर्नु पर्छ गर भनेपछि भरत खतिवडाले दुई मुक्का हिर्काए। त्यसपछि प्रहरीले १४ जनालाई गिरफ्तार गऱ्यो।

गिरफ्तार गरिएकाहरूलाई प्रहरीले केही खान पनि दिएन। पीडितहरूलाई कुटपीट गरेर यातना दिने काम समेत गरियो। भरत र सोमप्रसादलाई प्रहरी कार्यालयद्वारा ७ दिने तारिख धाउन बाध्य बनाइयो भने उनीहरूलाई यातना पनि अमानवीय ढंगले दिइएको थियो। भरत खतिवडा यातनाको असरबाट अहिलेसम्म पनि आफू पीडित रहेको बताउँछन्।

### १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना भएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ जेठ ३० गते भारी बोकेर सोहोरेको होटेलमा पुगेका सुरेन्द्र खतिवडा, नरेन्द्र खतिवडा, नृपलाल कटुवाल, गडुलध्वज कटुवाल लगायतका १२ जना भरियाहरूलाई गोरख वक्स गुल्मका पिपाहरूले कुटपिट गरी घाइते समेत बनाए। मादक पदार्थ समेत सेवन गरेका ती पिपाहरूले बसिरहेका भरियाहरूलाई मिच्न खोज्दा भरियाहरूले त्यसो नगर्न भनेपछि कुटपिट गरेका थिए। सुरेन्द्र खतिवडालाई त्यही नै घाइते बनाए। भाग्दै गरेका अरू भरियाहरूलाई पनि लखेट्दै पिपाहरूले कुटपिट गरेका थिए।

घटनाका सम्बन्धमा उजुरी गर्न पीडितहरू जिल्ला कार्यालयमा जाँदा दोषीहरूमाथि कारबाही गर्ने आश्वासन दिँदै लिखित उजुरी नगर्न भनियो। पछि कारबाहीको परिणाम खोज्न पीडितहरू जाँदा उल्टै गाली गरेर पठाइएको थियो।

टार केरावारी गाविस-४ का तिलकबहादुर पौड्याललाई स्थानीय रूद्रबहादुर पौड्यालले ०५१ कात्तिक २२ गते कुटपिट गरे। उनीहरू बीच जग्गा सम्बन्धी झगडा थियो। दुई थरी बीचको कुटपिटमा छुट्याउन जाँदा शिक्षक विशालकुमार पौड्याललाई पनि रद्रबहादुरले खुकुरी र ढुंगा प्रहार गरेका थिए। उता रूद्रबहादुर र तिलकबहादुर पनि घाइते भए। रूद्रबहादुरलाई तिलक बहादुरले खुकुरी प्रहारद्वारा सख्त घाइते बनाएकाले उनलाई उपचारका लागि काठमाडौं ल्याइएको थियो। घाइते विशालकुमार र तिलकबहादुरको भने मिसन अस्पतालमै उपचार गराइएको थियो। प्रहरीले तिनै जनालाई हाजीर जमानीमा छोडेको थियो। विशालकुमार र तिलकबहादुरले घटनाका सम्बन्धमा अदालतमा मुद्दा दर्ता गराएका छन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

यस जिल्लामा राजनीतिक पूर्वाग्रहका कारण शिक्षकहरूलाई पक्षपातपूर्ण ढंगले अवकास दिने, घटुवा गर्ने र अपायक सरूवा गर्ने गरेका घटना थुप्रै छन्। गएको वर्ष यहाँका शिक्षकहरू कृष्णप्रसाद वाग्ले, सुरेन्द्रप्रसाद खतिवडा, शर्मिला खतिवडा, शंकर ढुंगेल, दिनेश पौड्याल लगायतलाई अवकाश दिइएको थियो भने दिलनाथ अधिकारी, नेत्रप्रसाद कोइराला, विष्णु खनाल, तेजप्रसाद दाहाल, किरण राई, विष्णु लुईंटेलका साथै ३५ जनालाई अपायक ठाउँमा सरूवा गरिएको थियो। त्यसरी नै गुरूप्रसाद लुईंटेल, टंकहरि दाहाल, लोकराज श्रेष्ठ, केदारबहादुर बुढाथोकी, चक्रबहादुर कटुवाल वीरबहादुर पौड्याल लगायत थुप्रैलाई घटुवा गरिएको थियो।

नर्वदेश्वर गाविस-९ सत्लुङ्ग दुरागाउँका कृष्णप्रसाद वाग्ले एस.एल.सी. उत्तीर्ण गरी ०४१ माघ १० गतेदेखि दर्वदेश्वर प्राथमिक विद्यालयमा अस्थायी शिक्षकमा सेवारत थिए। ०४८ फागुन २९ गतेदेखि स्थायी भई उनी सोही स्कूलमा प्रधानाध्यापक पनि बने। तर ०४९ साल माघ ७ गते सदरमुकाम गएको मौकामा शिक्षा नियम विपरीत उनलाई अवकास दिने निर्णय संचालक समितिले गऱ्यो। ०४९ पौष १ गतेबाटै शिक्षा नियम संशोधन भई व्यवस्थापन समिति गठन भैनसकेको र संचालक समितिलाई विद्यालय संचालनमा रेखदेख पुऱ्याई सहयोग दिने मात्र अधिकार रहेको अवस्थामा शिक्षक कृष्णप्रसाद वाग्लेलाई अवकास दिने निर्णय गरिएको थियो। नेपाल राष्ट्रिय शिक्षक संगठनसंग सम्बन्धित भएकै कारण पूर्वाग्रहपूर्ण ढंगले उनलाई अवकास दिने निर्णय गरिएको थियो। उक्त निर्णय जिल्ला शिक्षा अधिकारीको कार्यालयमा बुझाएपछि पीडित शिक्षकलाई अवकास नदिई शिक्षा कार्यालयमा हाजीर हुन पठाइयो। ०४९ फागुन १८ गतेसम्म उक्त कार्यालयमा हाजीर भएपछि पुनः उनलाई विद्यालयमै हाजीर हुन पठइयो। ०५० वैशाख ३ गतेदेखि उनलाई हाजीर गर्न नदिई अवकास दिइयो। त्यसपछि ०५० वैशाख १० गते कृष्णप्रसादले जिल्ला शिक्षा समिति समक्ष उजुरी दिए। उजुरी उपर छलफल गरी कानूनी सल्लाह दिन सरकारी वकीलको कार्यालय ओखलढुंगामा पठाइयो। वकीलको कार्यालयबाट उनलाई दिइएको अवकास अवैधानिक भएको राय पठाइयो। तर उनलाई ०५१ भदौसम्म पनि पुनर्वहाली गरिएको थिएन।

### २.२ धार्मिक स्वतन्त्रता

यो वर्ष धार्मिक झै-झगडाका कारण कुनै घटना भएको पाइएन।

### २.३ राजनीतिक स्वतन्त्रता को अधिकार

रागदीप गाविस-२ का अमर राई भर्खरै नेकपा (एमाले) त्यागेर नेपाली कांग्रेसमा प्रवेश गरेका थिए। ०५१ कात्तिक १६ गते उनले एमालेका स्थानीय कार्यकर्ता भूपराज राईलाई पनि नेपाली कांग्रेसमा प्रवेश गर्न जवर्जस्ती गर्न थाले। नमानेपछि अमर राई र गाविस अध्यक्ष नरेश राईले भूपराजमाथि खुकुरी प्रहार गरी घाइते बनाए।

घाइते भूपराज न्याय खोज्न प्रहरीमा उजुरी गर्न पुगे। तर प्रहरीले मानिस हताहत नभई पीडकलाई पक्राउ गर्न नमिल्ने जवाफ दियो। त्यसपछि उनी घाउ जाँच गराएर फर्किए। यसै बीचमा दुई थरी बीच झगडा बढ्न थाल्यो।

०५१ कात्तिक २१ गते रागदीप गाविस-३ मा नेपाली कांग्रेसद्वारा चुनाव प्रचार सभाको आयोजना गरिएको थियो। त्यस दिन पनि दुई थरी बीच झगडा हुन पुग्यो। नेपाली कांग्रेसका आधिकारिक उम्मेदवार विरूद्ध विद्रोही उम्मेदवारहरू पनि झगडामा सक्रिय रहेको बताइन्छ। बाटोमा आउँदै गरेका नेपाल ट्रेड युनियन कांग्रेसका केन्द्रीय उपाध्यक्ष खिला दाहालको हातमा चोट लाग्यो भने नेपाल पत्रकार संघका सभापति होमनाथ दाहाललाई पनि सामान्य चोट लाग्यो। कसको प्रहारबाट त्यस्तो भयो भनेर सोद्धा उहाँहरूले बताउनु भएन।

घटनामा मणिराज राई, हरि राई, दिलिप राई, भैरव राई, वीरबहादुर राई लगायत ११ जनालाई विनापूर्जी गिरफ्तार गरियो भने शिव नेपाल, दुर्गा नेपाल, भीष्म दाहाल, उत्तम किराँत समेत १२ जनालाई वारेण्ट जारी गरियो। गिरफ्तार गरिएका र वारेन्ट जारी गरिएका कोही पनि घटनास्थलमा थिएनन्। ११ दिनसम्म गिरफ्तार गरिएकाहरूसंग कसैलाई भेट गर्न दिइएन। सर्जमिनको दिन पनि उनीहरूलाई उपस्थिति नगराई हिरासतमै सही गर्न लगाइयो।

गिरफ्तार गरिएकाहरू कात्तिक २९ गतेको मतदानबाट बञ्चित गराइए। उनीहरूलाई दिसा पिसाव गर्न जाँदा समेत हतकडी लगाउने गरेको, पैसा तिर्दा पानि पेटभरि खान नदिएको कुरा वीरबहादुर राई बताउँछन्। रिहा गरिएका मध्ये ७ जना जनही १० हजार धरौटीमा छुटेका छन्। उनीहरू सार्वजनिक अपराध अन्तर्गत मुद्दा खेप्दैछन्।

श्री चउरको सेलेलेमा ०५१ कात्तिक २१ गते राष्ट्रिय प्रजातन्त्र पार्टीको चुनाव प्रचार सभा सकिएपछि नेकपा (एमाले) ले सोही ठाउँमा अर्को सभा संचालन गर्न लागेको थियो। त्यति नै बेला नेपाली कांग्रेसका केही कार्यकर्ताहरू आई सभा विथोले। त्यसपछि एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरू त्यहाँबाट हिडेका थिए। तर नेपाली कांग्रेसका कार्यकर्ता टंकबहादुर थापा, झनकबहादुर थापा लगायतका व्यक्तिहरू पछिपछि गएर राष्ट्रिय प्रजातन्त्र पार्टीका गंगाबहादुर तामाङ्ग र कृष्णबहादुर कटुवाललाई कुटपिट गरी घाइते बनाए। त्यसरी कुटपिट नगर्न र सभा नविथोल्न हाम्रा सूचना प्रेशक पेशल खतिवडा, समकालीन साप्ताहिकका प्रतिनिधि बालकुमार नेपाल र नेपाल राष्ट्रिय शिक्षक संगठनका जिल्ला सदस्य शिव नेपालले नेपाली कांग्रेसका कार्यकर्तालाई सम्झाउने बुझाउने काम गर्नु भएको थियो। त्यही रीसले पीडकहरूले खिजी फलाटेको दुब्ले भन्ने टाउँमा धनबहादुर

तामाङ्गको घरभित्र बसिरहेको बेला रातको समयमा उहाँहरूलाई समेत आक्रमण गरे। लाठीको प्रहार घरवाला धनबहादुर माथि पनि भएपछि उनले गाउँलेहरूलाई गुहारे। दुई जना युवहरू आएर पीडकहरूलाई लखेटेका थिए।

यो घटनाका सम्बन्धमा पीडितहरूको तर्फबाट जिल्ला प्रहरी कार्यालयमा लिखित उजुरी दिइएको थियो। तर पीडकहरूमाथि कुनै कारबाही चलाइएन।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायपालिकाप्रति जनताको सकारात्मक धारणा रहे पनि शैक्षिक चेतनाको कमी र आर्थिक विपन्नताले गर्दा वहुसंख्यक जनता न्यायालय धाउन असमर्थ रहेका छन्। जनताको यही अवस्थाको फाइदा उठाएर अन्याय गर्ने मानिसहरू जनतालाई दुःख दिन पछि पर्दैनन्। न्याय सम्पादनमा हुने ढिलासुस्तीप्रति भुक्तभोगीहरू गुनासो गर्छन्। ०५१ कात्तिक मसान्तसम्ममा यहाँको जिल्ला अदालतमा जम्मा ३ सय ७७ वटा मुद्दाहरू रहेको पाइयो।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

भगवती मा.वि. मानेभञ्ज्याङका शिक्षक मायानाथ दाहाल ०४३ सालदेखि नै शिक्षण पेशामा संलग्न रहँदै आएका थिए। सधैँभरि पञ्चायत विरोधीका रूपमा रहेका दाहाल २०४६ सालको आन्दोलनमा पनि सक्रिय रहेका थिए। उनलाई प्रहरी हिरासतमा चर्को यातना दिएका कारण मानिसक असन्तुलन पनि देखा पऱ्यो। उनलाई पञ्चायती शासनकालभरि नै अस्थायी राखियो। २०४८ सालमा उनलाई ६ महीनाको परीक्षणकालमा रहने गरी स्थायी नियुक्ति दिइएको थियो।

नेपाल राष्ट्रिय शिक्षक संगठनप्रति प्रतिबद्ध शिक्षक मायानाथ दाहाललाई बहुदलीय व्यवस्थाको स्थापना पश्चात पनि पूर्वाग्रह राखी दुःख दिने कामहरू गरिए। ०४९ चैत १३ गते उनलाई अपायक ठाउँ सदरमुकामको सगरमाथा मा.वि.मा काजमा सरूवा गरियो। ०५० वैशाख २ गते फेरि सोही स्कूलमा पढाउन भनियो। तर रवाना पत्र भने रद्द गरिएन। यसैबीच उनी विरामी परी उपचारार्थ काठमाडौँ आए। उपचार गरिसकेर स्कूलमा हाजीर हुन जाँदा हाजीर गर्न दिइएन्। तर काम चाहिं लगाइयो। हाजीर गर्न नदिएपछि जिल्ला शिक्षा कार्यालयमा बुझ्न जाँदा खटाएको ठाउँमा नगएकोले अवकास दिएको बताइयो।

यस विषयमा शिक्षा कार्यालयसंग सम्पर्क राख्दा शिक्षक दाहालले कार्यदल र क्षेत्रीय शिक्षा निर्देशनालयमा पुनर्वहालीका लागि निवेदन दिएको र कार्यवाही चलिरहेकोले केही भन्न नसक्ने बताइयो।

०५१ वैशाख २ गतेदेखि शिक्षक मायानाथ दाहाल सोही विद्यालयमा अस्थायी शिक्षक भएर काम गर्दैछन्। उनलाई शिक्षक संगठनमा लागेकै आधारमा त्यस किसिमको दुःख दिएको बुझिन्छ।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस सम्बन्धी कुनै घटना देखा परेन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

फूलवारी गाविस-६ की सीता कार्कीले ०४९ फागुन २९ गते कालिका गाविस-८ का चेतबहादुर कार्कीसंग विवाह भएको थियो। चेतबहादुर ०५० जेठ महीनामा रोजगारीको खोजी गर्न भारतको कास्मिर गए। ०५० चैत ५ गते उनकी पत्नी सीताले बच्चा जन्माइन्। तर उनका ससुरा तीर्थबहादुर कार्कीले सीतालाई अर्कै मान्छेको पेट बोकेर बच्चा जन्माएको आरोप लगाई न्वारान गर्न इन्कार गरे। सामाजिक सेवाका कार्यहरूमा संलग्न रहँदै आएकी सीता कार्की आफू निर्दोष भएको र ससुराले झूठो आरोप लगाएको बताउँछिन्। हाल उनी वच्चाको न्वारान नगरेकी महिलालाई कसैले छुन र घरभित्र पस्न दिन हुन्न भन्ने प्रचलनले गर्दा वेहाल अवस्थामा भैंसीको छाप्रोमा बसी रहेकी छिन्।

हर्कपुर गाविस-९ तारानाथ फुयलकी १८ वर्षकी छोरी कुमारी फुयलसंग आफ्नो दाजु पर्ने प्राप्चा गाविस-२ का २७ वर्षीय ३ छोराछोरीका पिता वीरवहादुर खत्रीले यौन सम्वन्ध कायम गरे। उनीहरू वीचको सम्वन्ध सार्वजनिक भएपछि स्थानीय जनप्रतिनिधि र गाउँलेहरू जम्मा भई दुवै जनालाई ०५१ जेठ १९ गते प्रहरी कार्यालय ओखलढुंगामा बुझाए। तर बीरबहादुरको प्रलोभनमा हर्कपुर गाविस उपाध्यक्ष दुर्गाप्रसाद खतिवडाले दुवैलाई मिलाउने जिम्मामा प्रहरीबाट फिर्ता लिए। जिल्ला प्रशासन कार्यालयमा कुमारी फुयलले दाजु पर्ने वीरबहादुरसंग यौन सम्पर्क गरेको र गर्भवती समेत भएको बताइन्। जाँच गर्दा गर्भ नरहेको ठहर भएमा मात्र दुवैको सम्बन्ध विच्छेद गराउने सल्लाह जिल्ला प्रशासन कार्यालयले दिएको थियो। त्यसपछि गर्भ भएमा हाडनाता करणीमा पर्ने डरले कुमारीलाई अस्पताल लानुको सट्टा किन्ने वा किनिदिने मानिस खोजी जिम्मा लगाउने प्रयास गरियो। प्रहरीवाट फुत्केपछि कुमारीलाई आमाले घरभित्र पस्न दिइनन्। उनी वीरबहादुर कहाँ पनि बस्न पाइनन्। वीरबहादुरका सहयोगी मानिने श्यामलाल फुयलले उनलाई च्यानाम गाविस-९ बस्ने पत्नी विहीन ३ छोरीका पिता रत्नबहादुर थापालाई जिम्मा लगाए। त्यहाँबाट पनि अन्तै विवाह गरेर पठाउन लागेको कुरा बुझेपछि कुमारी भागेर कन्तादेवी पुगिन्। रत्नबहादुरले फेला पारेर उनलाई फेरि लिएर गएको भनाइ एकातिर छ भने अर्कातिर उनका सम्बन्धित व्यक्तिहरूका अनुसार कुमारी कटारी बजारमा भाँडा माझेर बसेकी थिइन्। ०५१ पुस १३ गते कुमारीलाई वीरवहादुरले ८ हजार तिरेर सिन्धुपाल्चोकका एक क्षेत्रीलाई गर्भ सहित बुझाएको कुरा छिमेकी दीपक दाहाल बताउँछन्।

फूलबारी गाविस-६ की २९ वर्षीय मीना कट्टेलको १६ वर्षकै उमेरमा ०३९ सालमा घोराखोरीका एकजना

स्त्रीसंग विवाह भएको थियो। २०४१ सालमा उनकी छोरी जन्मिइन्। त्यसपछि लोग्नेसंग खटपट परी उनी माइत गएर बसेकी थिइन्। आफ्नो दाजुको सल्लाहमा घोराखोरी प्रहरी चौकीका जवान बुद्धराज कट्टेलसंग अर्को विवाह गर्न उनी राजी भइन्। विवाह नहुँदै बुद्धराज र मीना बीच यौन सम्बन्ध कायम रहन पुग्यो। परिणाम स्वरूप ०४९ वैशाख ३ गते मीनाको छोरी जन्मियो। बुद्धराजले छोराको न्वारान पनि गरे। तर विधिवत घरमा नभित्र्याएकोले उनले थुप्रै कष्ट व्यहोर्नु परिरहेको छ। हाल बुद्धराज जिल्ला प्रहरी कार्यालय दिक्तेलमा छन्। उनले "मीनाको दाजुको अनुरोधमा न्वारानसम्म गरिदिएको मात्र हुँ, उसंग मेरो सरोकार छैन" भन्ने गरेको बताइन्छ।

मुश्मीर गाविस-६ का ३३ वर्षीय महिलालाई ०५० माघ ६ गते राती सोही ठाउँको ४३ वर्षीय विन्द्रराम राईले बलात्कार गरे। दाजुभाउजुको संरक्षणमा रहेकी उनी अविवाहित महिला हुन्। उनलाई बलात्कार गर्न पीडक विन्द्रराम स्थानीय जात्राबाट आएका थिए र उज्यालो (राँको) माग्न भनी उनको घरमा पसेका थिए। निज बलात्कारीलाई कानूनी कारबाही चलाइएको छ।

०५१ वैशाख १ गते साँझ वर्नाल गाविस-१ सानीटारकी २० वर्षीय महिलालाई आफ्नो घरको ढलानमा बसिरहेको अवस्थामा आफ्नै काकाको छोरो २२ वर्षीय दुर्गाप्रसाद दाहालले रक्सी खाएर आई जवर्जस्ती घरभित्र लगे। दुर्गाप्रसादले उनको वायाँ गाला र वायाँ स्तनमा टोकेर गम्भीर चोट पुऱ्याएपछि उनी आफ्नो अस्मिता जोगाउँदै त्यहाँबाट भागिन्। वैशाख २ गते प्रहरीमा जाहेर गरेपछि अभियुक्तलाई गिरफ्तार गरियो। हाल अभियुक्त धरौटी राखी पूर्पक्षका लागि तारिखमा रिहा भएका छन्।

च्यानम गाविस-७ का रामबहादुर कटुवाल घरमा पत्नी र छोराछोरी हुँदाहुँदै पतिसंग पारपाचुके गरी माइत बसेकी काली भन्ने वेदमाया भुजेलसंग अनैतिक यौन सम्पर्क गर्न पुगे। वेदमायाका अनुसार रामबहादुरले उनीसंग विवाह गर्ने शर्तमा पहिलो लोग्नेसंग पारपाचुके गरेकी थिइन्। तर जव आफू गर्भवती भएको कुरा वेदमायाले रामबहादुरसंग भनिन् - तव उनले दुवैजना भाग्ने आश्वासन दिएका थिए। सुत्केरी हुने बेला आउन लागेपछि ०५१ जेठमा वेदमायाले तुरून्तै विवाह गर्न भनिन्। तर रामबहादुरले "तँ रण्डीसंग मेरो कुनै सम्बन्ध छैन, जे गर्छेस् गर", भने।

त्यसपछि वेदमाया प्रहरीकहाँ उजुर गर्न गइन्। प्रहरीले कुरा मिलाउने आश्वासन दिए पनि प्रहरी चौकी रामपुरका जवान दिलिप कार्की र गाविस अध्यक्ष पनि रामबहादुरकै पक्षमा पुगेर षड्यन्त्र गर्न थाले। वेदमायाको गर्भ स्याहार्ने केटा खोजी त्यो स्याहार्नेलाई ५ हजार दिने भनियो। वरूणेश्वर-३ का प्रेमबहादुर भुजेल वेदमायाको पति बन्न पुगे। उनलाई ५ हजार हैन ५ सय मात्र दिइयो। बाँकी ४ हजार ५ सय मागी दिन प्रेमबहादुरले स्थानीय वावुराम दाहाललाई गुहारे। बाबुराम उक्त पैसा मागिदिन जाँदा ०५१ असार ९ गते प्रहरी चौकी रामपुरमा चौकी घेरेको आरोपमा उनलाई गिरफ्तार गरी कुटपिट समेत गरिएको कुरा उनी बताउँछन्। वावुरामलाई तारिखमा छाडिएको छ। वेदमाया सुत्केरी भई माइती घरमै बसेकी छिन्।

यसै घटनामा ०५१ साउन ५ गते प्रहरी दिलिप कार्कीले च्यानाम गाविस-७ का दलबहादुर कटुवाललाई कुटपिट गरेको कुरा दलबहादुर बताउँछन्।

०५१ असार १२ गते ठूलाछाप गाविस-७ का ५३ वर्षीय शान्तिराम भट्टराई र २२ वर्षीय रमेशकुमार भट्टराईले स्थानीय रूद्रमणि सुवेदीकी छोरी विमला सुवेदीले गर्भ बोकी गर्भपात गराएको आरोप लगाई एक सार्वजनिक सभामा बेइज्जती गरे। आरोप लगाउनेहरूलाई उक्त कुरा प्रमाणित गर्न गाउँलेहरूले भनेपछि ती दुवैजनाले असार १५ गते जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिए। विमलालाई प्रहरीले पक्राउ गरेपछि उनले अंग परीक्षण गरी आफूलाई झूठो आरोप लगाउनेहरूलाई कार्बाही गर्न माग गरिन्। स्थानीय मिसन अस्पतालमा उनको अंग परीक्षण गर्दा उनको अरू कसैसंग यौन सम्पर्क रही गर्भपात गराएको पाइएन। त्यसपछि विमलाको माग अनुसार शान्तिराम र रमेशलाई कार्बाही चलाइयो। जिल्ला अदालतले उनीहरू दुवैलाई प्रतिव्यक्ति २८ हजार धरौटी लिई पूर्पक्षका लागि तारिखमा छाडेको छ।

कटुञ्जे गाविस-३ का ४५ वर्षीय २ पत्नीका पति र ७ सन्तानका पिता ज्ञानबहादुर कटुवालले ०५१ भदौ ६ गते सोही गाविस-१ ह्याकुले बस्ने ३ छोरा र १ छोरीकी आमा ३५ वर्षीय विधवा बालकुमारी कार्कीसंग यौनसम्पर्क कायम गरी गर्भधारण गराए। तर बालकुमारीसंग विवाह गर्न ज्ञानबहादुरले इन्कार गरे। हालसम्म पीडित वालकुमारी आफ्नो पुरानै घरमा वसेकी छिन्। ज्ञानबहादुरले आफ्नो नाममा भएको सम्पूर्ण जग्गा जमीन छोराको नाममा पास गरेर दिइसकेको कुरा गाविसबाट थाहा भएको छ। बालकुमारीको १२ वर्षीय छोरा १६ वर्षको भई घर जिम्मा लिएपछि बालकुमारी कहाँ बस्छिन् ? यो उनका लागि पीडाको प्रश्न बनेको छ।

## ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

सल्लेरी-३ बस्ने नीरकाजी गुरूङ्गले ०५० फागुन ११ गते घरमा २३ वर्षीय गर्भवती पत्नी मनमाया गुरूङ्ग हुँदाहुँदै आर्थिक प्रलोभनमा परी २१ वर्षीय लाटी तुलसा गुरूङ्गसंग विवाह गरे। तुलसाले स्थानीय एकजना धनाढ्य व्यक्तिसंग भएको अनैतिक सम्बन्धबाट गर्भधारण समेत गरेकी थिइन्। अभियुक्तबाट केही रकम तुलसालाई दिने गरी तुलसाको लागि अर्को केटो खोज्ने क्रममा नीरकाजीले उनीसंग दोश्रो विवाह गरेका थिए।

लोग्नेले गर्भवती भएकी अर्की स्वास्नी ल्याएपछि नीरकाजीकी जेठी पत्नी मनमाया माइती घरमा गएर वस्न थालिन्। घरमा भित्र्याएको १ हप्ता पनि नवित्दै तुलसा सुत्केरी भइन्। घर व्यवहार चलाउन गाह्रो परेपछि नीरकाजी जेठी पत्नीलाई लिन गए। जेठी पत्नी मनमाया घर आउन इन्कार

गरिन्। त्यसपछि नीरकाजीले मनमायालाई लछारपछार पार्दै जबर्जस्ती घर लिएर आए। त्यसै रात मनमायाको ७ महीनको गर्भ पतन भयो।

मनमायाकी आमा धनकुमारीले ०५० फागुन २२ गते जिल्ला प्रहरी कार्यालयमा वहुविवाह गरी गर्भपतन गराएको जाहेरी दिएपछि नीरकाजीलाई गिरफ्तार गरियो। हाल उनी पुर्पक्षका लागि धरौटी राखेर तारीखमा रिहा भएका छन्।

### ४.३ गर्भपतन

ठूलाछाप गाविस-३ का कविराज कटुवाल र उनकी वुहारी धनकुमारी वीच अनैतिक सम्बन्ध कायम भयो। धनकुमारी गर्भवति भइन्। लोग्ने विदेशमा रहेको अवस्थामा उनी गर्भवती भएकी थिइन्। त्यसैले उनले ०५१ जेठ २७ गते गर्भपात गराई साल बारीमा फालिन्।

कविराज र धनकुमारीलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। धनकुमारीका साथ उनकी ३ वर्षीय छोरी समेत कैदी जीवन विताउँदै छिन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका बहुसंख्यक बालवालिकाहरू विद्यालय जानबाट बञ्चित छन्। वालवालिकालाई पढ्न पठाउनु भन्दा सानैदेखि विभिन्न श्रममूलक काममा लगाउने प्रवृत्ति रहेको छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै उल्लेख्य घटना यस वर्ष देखा परेको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यहाँ छुवाछूत र जातीय भेदभावको भावना व्यापक रूपमा रहेको पाइन्छ। तर त्यस सम्बन्धमा यो वर्ष उल्लेख्य देखा परेको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी वक्तव्य र टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

कटारीबाट भरी बोकेर आउँदा वेतिनी गाविसको पुछार, मोलाङ खोला भन्दा आन्दाजी ३ सय मीटरमाथि काउदेको थाप्लोमा तोक्मा खुस्केर भारी सहित लडी ०५१ जेठ ३१ गते सिन्धुली जिल्ला रत्नावती गाविस-१ बस्ने कुमार राईको मृत्यु भयो।

विना लाइसेन्सको वन्दुक राखेकोमा मानेभञ्ज्याङ्ग गाविस-६ का दानबहादुर राईलाई ०५१ जेठ २९ गते गिरफ्तार गरी २९ हजार धरौटीमा छाडिएको छ।

०५१ साउन ४ गते पोकली गाविस-१ का नीरबहादुर गौतम घाँस काटेर फर्किंदा तल्लो भन्याङ्गको थाप्लोमा खुट्टा चिप्लिन पुगी लडेर निधन भयो।

०५१ साउन १० गते भोली गाविस-९ का खासबहादुर राईको खेतमा गोरू जोत्दाजोत्दै मृत्यु भयो।

श्रीचउर गाविस-१ का तिलविक्रम सुनुवारलाई ०५१ साउन २० गते मोलङ्ग खोलाले बगाएपछि उनको लाश समेत फेला पर्न सकेन।

०५१ असार २४ गते परेको चट्याङ्गबाट फूलवारी गाविस-४ की कालीमाया विश्वकर्माको मृत्यु भयो।

वर्नालु गाविस-३ सानीटारका विष्णुकान्त दाहालको ०५१ साउन १७ गते वाहुनी खोलामा खसेर मृत्यु भयो।

वरूणेश्वर गाविस-७ का खड्गबहादुर वानियाँङ ०५१ साउन १८ गते टेकनपुरस्थित कोदावारीको भित्तामा मृत अवस्थामा फेला परे। उनको मृत्यु बढी मादक पदार्थ सेवनबाट भएको बताइन्छ।

वर्नालु गाविस-१ का दाताराम दाहालको ०५१ भदौ १६ गते राती वाँसको तामा चोर्न लाग्दा तिखे कान्छा भन्नेले थाहा पाई लखेटेपछि भाग्ने क्रममा खोल्सामा खसेर मृत्यु भयो।

वर्नालु गाविस-९ का ५५ वर्षीय नेत्रबहादुर गुरूङ्गको ०५१ मंसीर २० गते विहान दिसा बस्न जाँदा थलडाँडाको भीरबाट लडी मृत्यु भयो।

वरूणेश्वर गाविस-३ का डिल्लीप्रसाद अधिकारीकी १५ वर्षीय छोरी मञ्जु अधिकारीको ०५१ कात्तिक ३० गते बाख्रा गोठालो गएको वेला मोलुङ खोला तर्न लाग्दा खोलाले वगाई मृत्यु भयो।

वेतिनी गाविस-५ का ५९ वर्षीय मैत सिं मगरको ०५१ असोज २८ गते माधवपुर नजिकको भीरवाट खसी मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

मुसिङ्गा गाविसमा ०५१ मंसीर २० गतेदेखि फैलिएको इन्फ्लुञ्जा भाइरस नामको संक्रामक रोगबाट १७ जनाको मृत्यु भयो।

०५० चैत २० गते नारायणस्थान गाविस-९ का जनकबहादुर राईको घरमा आगलागी हुँदा कर्णबहादुर राईको ४ वर्षीय छोरा कालेभाइ राईको मृत्यु हुनुका साथै ५० हजार जतिको धनमाल नष्ट भयो। उद्धारमा संलग्न ज्ञानबहादुर राई, तिलक राई लगायत २० जना व्यक्तिले प्रहरीलाई थाहै नदिई मृतकको दाहसंस्कार गरेकोमा उनीहरूलाई गिरफ्तार गरी अदालतमा पेश गर्दा जनही दस रूपियाँ धरौटीमा छोडिएको थियो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

०५१ असार १५ गते विलान्दु गाविस-६ को भस्मे पास्वामा अज्ञात व्यक्तिको एउटा बेवारिस लास फेला पर्‍यो।

गाउँलेहरूका अनुसार मृतक असार १० गते त्यस गाउँमा आइपुगेका थिए। उनी रोगी थिए र माग्दै हिंडेका थिए। उनले आफ्नो घर धनुषा जिल्लाको गोदारमा र ससुराली ओखलढुङ्गाको काती गाविस-१ को चर्नालुमा भएको बताएका थिए।

स्थानीय जनप्रतिनिधि र प्रहरीको रोहबरमा मृतकको शरीर खानतलासी गर्दा निजको झोलामा १ किलो चिउरा, अलिकति कुराउनी र कमिजको खल्तीमा रू. १/१ को नेपाली नोट र रू. १/१ को भा.रू. २ रूपियाँ भेटिएको थियो। लाशको सनाखत हुन नसकेपछि जिल्ला प्रहरी कार्यालयले असार १७ गते दाहसंस्कार गराएको थियो।

०५१ जेठ ११ गते केतुके गाविस भीरपानीको बीच बाटोमा एकजना अज्ञात व्यक्तिको बेवारिसे लाश फेला परेको थियो। लाश जाँचको क्रममा निजको अण्डकोष सुन्निएको पाइएको थियो।

### ९.४ आत्महत्या

कुइभीर गाविस-१ का रामभक्त राईको लाश ०५१ असोज १२ गते रूखमा झुण्डिएको अवस्थामा फेला पर्‍यो। उनले ०५१ असोज १० गते राती स्थानीय च्युलीमाया र चण्डीमायालाई बञ्चरोले काटी हत्या गरेर आफूले पनि आत्महत्या गरेको ठहर गरिएको छ।

हर्कपुर गाविस-५ का कोमलप्रसाद खतिवडाकी २६ वर्षीय पत्नी इन्द्रकुमारी खतिवडाले ०५१ मंसीर १४ गते राती मोलङखोलामा हामफाली आत्महत्या गरिन्। आत्महत्या गर्नुको कारण अज्ञात छ।

ज्यामिरे गाविस-१ का १८ वर्षीय काजी वानियाँले गोठ नजिक पटमिराको रूखमा झुण्डिएर आत्महत्या गरेको कुरा उनकी भाउजु बताउँछिन्। उनले आत्महत्या गर्नुको कारण थाहा हुन सकेको छैन।

उबु गाविस-७ की ५८ वर्षीय सूर्यमाया राईले ०५१ बैशाख ४ गते आफ्नै घरको निदालमा डोरीको पासो लगाई आत्महत्या गरिन्। उनको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

कुइभीर गाविस-५ का ३२ वर्षीय द्रोणप्रसाद कटुवालले ०५० माघ १९ गते सिस्वानीघाटको ओखलढुङ्गा-खोटाङ्ग पुलबाट हामफाली आत्महत्या गरे।

कुन्तादेवी गाविस-५ का ३६ वर्षीय डिकबहादुर खत्रीले ०५१ बैशाख २६ गते विष खाई आत्महत्या गरे।

०५१ बैशाख ४ गते ठूलाछाप गाविस-९ की ५९ वर्षीय भद्रकुमारी वस्नेतले आफ्नै घरमा पासो लगाई आत्महत्या गरिन्। उनीमा मानसिक असन्तुलन रहेको बताइन्छ।

०५१ असार २४ गते वर्नालु गाविस-७ बस्ने ६८ वर्षीय महिला पासाङ किपु शेर्पाले ढुङ्गे पहिरोबाट हामफाली आत्महत्या गरिन्। उनको पनि दिमाग ठीक थिएन भन्ने कुरा गाउँलेहरू बताउँछन्।

वरूणेश्वर गाविस-७ का नरेन्द्रबहादुर कार्कीले ०५१ बैशाख ९ गते सुनकोशी थुल्मेघाट बलखुबाट कोशीपार गर्न लाग्दा डुंगाबाट हामफाली आत्महत्या गरे। उनी नेपाली कांग्रेस ओखलढुङ्गा जिल्ला कार्य समितिका सचिव थिए। उनको आत्महत्याको कारण भने थाहा हुन सकेको छैन।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।



# १. पूर्वाञ्चल

# सगरमाथा

# १.१६ सोलुखुम्बु

जनसंख्या : ९७२००

साक्षरता : ३८.५ प्रतिशत

महिला साक्षरता : २१.३ प्रतिशत

क्षेत्रफल : ३३१२ वर्ग कि.मी.

यो हिमाली जिल्ला हो। विश्वको सर्वोच्च शिखर सगरमाथाको काखमा अवस्थित सोलुखुम्बु जिल्लाको उत्तरमा चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ। भौगोलिक दृष्टिले यो जिल्ला सोलु र खुम्बु गरी दुई क्षेत्रमा बाँडिएको छ। पर्यटकहरूका लागि आकर्षणको एउटा केन्द्र मानिएको यो जिल्ला पनि मानवअधिकार उल्लंघनका घटनाहरूबाट मुक्त भने छैन।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

०५१ जेठ २९ गते जुभिङ्ग गाविस-३ का लाक्पा शेर्पा सोही ठाउँका डिमछिरी शेर्पाको घरमा विवाहको निम्तो मान्न गए। विवाहको भोजमा मादक पदार्थ सेवन गरेपछि लाक्पा शेर्पाले डिमछिरी शेर्पा र उनका परिवारलाई गालीगलौज गर्ने काम गरे। उनको गालीगलौजबाट डिमछिरी र उनको परिवारका मान्छेहरू क्रुद्ध भई लाक्पालाई कुटपिट गरे। कुटपिटकै कारण लाक्पा शेर्पाको ०५१ असार २ गते मृत्यु भयो। लाक्पा शेर्पाको मृत्यु भएपछि डिमछिरी शेर्पा, उनकी पत्नी पेमा किपा शेर्पा र छोरा ङिमा तेञ्जी शेर्पालाई पक्राउ गरी अदालतमा मुद्दा चलाइएको छ। साक्षी-सरजमीनका मानिसले डिमछिरी शेर्पाका अरू दुई भाइ छोरा, घटनाको समयमा काठमाडौंमा रहेका पासाङ्ग किपा शेर्पा र लाम्पा नुर्बु शेर्पा समेतलाई हत्यामा संलग्न रहेको बताएपछि उनीहरू दुईजनालाई पनि वारेण्ट जारी गरियो। पासाङ्ग किपा शेर्पा फरार छन् भने लाम्पा नुर्बु शेर्पा तारिखमा छुटेका छन्।

नेचा बतासे गाविस-६ का ४८ वर्षीय पूर्णबहादुर कामीको ०५१ मंसीर २५ गते हत्या भयो। हत्याको अभियोगमा स्थानीय दुर्गाबहादुर कामीलाई पूर्पक्षका निम्ति थुनामा राखिएको छ।

### १.२ जेल र बन्दीहरू

यहाँको जेलमा जम्मा २५ जना बन्दी राख्न सकिने क्षमता रहेको छ। हाल १४ जना बन्दी थुनामा रहेका छन्, जसमा १ जना महिला छिन्। त्यसैगरी थुनुवामा ११ जना पुरुष र ३ जना महिला गरी १४ जना रहेका छन्। यसरी यहाँ क्षमताभन्दा बढी थुनुवा तथा बन्दीलाई राखेको पाइन्छ। हाल यो जेलमा उडूस, उपियाँ, जुम्रा मार्ने प्रबन्ध नभएको गुनासो बन्दीहरूको छ। ०५१ कात्तिक २९ गते आम निर्वाचनमा भोट हाल्न पाउनु पर्छ भनेर बन्दीहरूले दिनभरि नै कालो झण्डा देखाएर विरोध प्रदर्शन गरेका थिए।

### १.३ गिरफ्तारी र यातना

यस सम्बन्धी कुनै घटना यो वर्ष देखा परेन।

### १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना प्रकाशमा आएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ भदौ २४ गते राती ११ बजेको समयमा नेचाबतासे गाविस-७ अन्तरगत केसरी भन्ने ठाउँको आफ्नो गोठमा सुतिरहेको अवस्थामा ३० वर्षीय छेडिमा शेर्पालाई चोरीको आशंकामा १२ जना व्यक्तिले कुटपिट गरी सख्त घाइते बनाए। उनलाई त्यसरी कुटपिट गर्नेहरूमा स्थानीय

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | - |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | १ | ३ |


*कुटपिटबाट घाइते पहलमान कार्की*

ङिमावाङछे शेर्पा, पासाङ्ग फुरी शेर्पा, लाक्पा तुण्डु शेर्पा, कर्मा रिञ्जी शेर्पा, ङिमा साङ्गे शेर्पा, साङ्गे छेतर शेर्पा, ङिमाडोमा शेर्पा, जाङ्वु शेर्पा, ङिमातेञ्जी शेर्पा र नेचावेतधारी प्रहरी चौकीका प्रहरी हवल्दार तथा प्रहरी जवान समेत थिए।कुटपिटबाट मरणासन्न बन्न पुगेका छेङिमा शेर्पालाई फाप्लु अस्पताल पुऱ्याई ४/५ दिनसम्म उपचार गराउनु परेको थियो।

तिङ्ला गाविस-६ की डीकुमारी खड्काको घरमा ०५१ असोज २७ गते सोही गाउँमा बस्ने पासाङ्ग शेर्पा र काजी शेर्पा आई स्थानीय व्यक्ति रामबहादुर कार्कीलाई कुटपिट गरे। जाँडरक्सी सेवन गरेर आएका निज पीडकहरूले डीकुमारीको घरमा आगो लगाई निजलाई समेत मार्ने धम्की दिएका थिए। पीडक र पीडित दुवै नेपाली कांग्रेस पार्टीका समर्थकहरू हुन्। तर पीडितहरू नेपाली कांग्रेसका आधिकारिक उम्मेद्वार पक्षका भएको र पीडकहरू विद्रोही उम्मेद्वारका समर्थक भएकाले उनीहरू बीच चुनावी विवाद कायम रहेको थियो।

तिङ्ला गाविस-९ का ३१ वर्षीय गाम्वा शेर्पालाई ०५१ कात्तिक १९ गते ससुराली गइरहेको बेला स्थानीय व्यक्ति छोप्ने शेर्पा र उनका छोरा आङबाबु शेर्पाले गुठीको पैसाको विवाद उठाई कुटपिट गरे। कुटपिटबाट गाम्वा शेर्पा बेहोस् भएर लड्न पुगे। गाउँलेहरूले थाहा पाई उनलाई तत्काल फाप्लु अस्पताल पुऱ्याइएको थियो। पीडितले अभियुक्तहरूका विरूद्ध ज्यान मार्ने उद्योगमा मुद्दा दायर गरेका छन्। अभियुक्तमध्ये आङबाबु शेर्पालाई गिरफ्तार गरिएको छ भने छोप्ने शेर्पा फरार रहेका छन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यो वर्ष अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारको हननका घटना भएनन् ।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक स्वतन्त्रता कायम रहेको छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

तिङ्ला गाविस-७ का पहलमान कार्की नेपाली कांग्रेसका कार्यकर्ता हुन्। ०५१ कात्तिक २९ गते सम्पन्न आम चुनावमा सोलुखुम्बु जिल्लामा नेपाली कांग्रेसले जित्छ भन्दै हिंडिरहेको अवस्थामा उनलाई ०५१ मंसीर १ गते राष्ट्रिय प्रजातन्त्र पार्टीका लाक्पा शेर्पाले बढी फुरफुर नगर भनी हिर्काए। कुटपिटबाट पहलमानको अनुहारमा चोट लागेको थियो भने नाथ्री पनि फुटेको थियो। पीडितले न्यायका लागि मुद्दा दायर गरे। पीडक शेर्पा तारिखमा रहेका छन्।

कात्तिक २९ गतेको निर्वाचनमा मुक्ली गाविसस्थित जुगलडाँडाको मतदान केन्द्रमा पार्टीका कार्यकर्ताबीच वादविवाद भई मतदान स्थगित गरियो र मंसीर ४ गते मात्र मतदान सम्पन्न भयो।

मंसीर ३ गते बेलुका आफ्नो काममा गएका लोदिङ्ग गाविस-५ का ज्ञानबहादुर राजभण्डारीलाई राष्ट्रिय प्रजातन्त्र पार्टीको जिल्ला कार्य समितिका सचिव आङदोर्जी शेर्पा समेतका व्यक्तिले कर्मचारी मान्छे चुनावमा हिंडेको आरोपमा कुटपिट गरे। ज्ञानबहादुर सख्त घाइते भए। उनलाई उपचारका लागि काठमाडौं ल्याउनु परेको थियो। पीडकहरू विरूद्ध ज्यानमार्ने उद्योगमा मुद्दा दर्ता गरिएको छ। तर अभियुक्तहरू फरार रहेका छन्।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अशिक्षा, अज्ञानता र भौगोलिक विकटताले जनता न्यायिक अधिकारको उपभोग गर्न आफैं अग्रसर हुन सकिरहेका छैनन्।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

पार्व गाविस स्थित हुलु निम्न माध्यमिक विद्यालयमा कार्यरत निम्न माध्यमिक स्तरका शिक्षक ओमकुमार थापालाई उक्त विद्यालयबाट वासास्थित पद्मकन्या प्राथमिक विद्यालयमा प्राथमिक विद्यालय स्तरमा सरूवा गरियो।

निम्नमाध्यमिक विद्यालय स्तरको योग्यता भएका शिक्षक ओमकुमारलाई पक्षपातपूर्ण व्यवहार गरी घटुवा गरिएको थियो।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो समस्या सम्बन्धी घटना पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

### ४.२ जारी / वहुविवाह / देउकी / देह व्यापार

तिङ्ला गाविस-३ का कुमार खड्काले घरमा पत्नी बालकुमारी खड्का हुँदाहुँदै सोही गाविस-५ च्याने टोलकी सीता कार्कीसंग ०५० माघ १२ गते अर्को विवाह गरे।

लोग्नेले अर्को पत्नी ल्याएपछि घरमा खान, लाउन र बस्न समेत नदिइएकोले आफ्नी ३ वर्षीय छोरीलाई लिएर पीडित बालकुमारी खड्का माइतीघरमा गएर बसेकी छिन्। पीडक कुमार खड्का भने हाल कान्छी पत्नी सहित काठमाडौं आएर बसेको कुरा बालकुमारी बताउँछिन्।

पीडक उपर कारवाहीका लागि मुद्दा दायर गरिए पनि सम्बन्धित ठाउँमा नभेटिएका कारण कार्वाही हुन नसकेको बताइन्छ।

**४.३ गर्भपतन**

गर्भपतनको घटना प्रकाशमा आएन।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

यस सम्बन्धी उल्लेख्य घटना जानकारीमा आएको पाइएन।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)**

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

छुवाछूतको प्रचलन यहाँ रहेको छ। तर उल्लेख्य घटना यो वर्ष देखा परेन।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि**

जिल्लाका घटनाका सम्बन्धमा सम्वन्धित निकायको कुनै प्रतिक्रिया देखा परेको पाइएन।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)**

नेचा वतासे गाविस-९ का ५६ वर्षीय मेरमान राईको ०५१ पुस ४ गते छेपाताल गाउँमुनिको भीरबाट लड्दा मृत्यु भयो।

**९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)**

बाढी, पहिरो र आगलागी आदि जस्ता घटना यो वर्ष भएनन्।

**९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि**

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

**९.४ आत्महत्या**

देउसा गाविस-६ का २५ वर्षीय वीरबहादुर राईले ०५१ पुस २ गते रूखमा झुण्डिएर आत्महत्या गरे। नजिकको नाता पर्ने युवतीसंग यौन सम्पर्क गरेको कुरा सार्वजनिक हुन थालेपछि बेइज्जतीबाट बचन उनले आत्महत्या गरेको बताइन्छ।

काकु गाविस-८ का २५ वर्षीय लक्ष्यबहादुर राईले ०५१ असोज २ गतेका दिन रूखमा झुण्डिएर आत्महत्या गरे। आत्महत्याको कारण भने थाहा हुन सकेन।

मुक्ली गाविस-८ का ४९ वर्षीय वीर्खबहादुर राईले ०५१ कात्तिक २७ गते आफ्नै घरमा झुण्डिएर आत्महत्या गरे।

**९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती**

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

■



# मध्यमाञ्चल

| | | | |
|---|---|---|---|
| २.१ | धनुषा | २.११ | मकवानपुर |
| २.२ | महोत्तरी | २.१२ | ललितपुर |
| २.३ | सर्लाही | २.१३ | काभ्रेपलान्चोक |
| २.४ | सिन्धुली | २.१४ | भक्तपुर |
| २.५ | रामेछाप | २.१५ | काठमाण्डौ |
| २.६ | दोलखा | २.१६ | धादिङ्ग |
| २.७ | रौतहट | २.१७ | सिन्धुपाल्चोक |
| २.८ | बारा | २.१८ | नुवाकोट |
| २.९ | पर्सा | २.१९ | रसुवा |
| २.१० | चितवन | | |



# २. मध्यमाञ्चल

# जनकपुर

## २.१ धनुषा

जनसंख्या : ५४३६७२

साक्षरता : २९.९ प्रतिशत

महिला साक्षरता : १६.० प्रतिशत

क्षेत्रफल : ११८० वर्ग कि.मी.

यो जिल्ला तराईको समतल भूभागमा पर्दछ। यसको दक्षिणी सीमा भारतको विहारसंग जोडिएको छ। धार्मिक रूपले पनि चर्चामा रहँदै आएको यो जिल्लामा मानवअधिकारको उपभोग निर्वाध ढंगले गर्न पाउने अवस्था भने देखिँदैन। यहाँका नागरिकहरू हत्या, आतंक, डकैती, झूठा मुद्दा, बलात्कार जस्ता घटनाहरूबाट पीडित हुने गरेका छन्।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

नगराइन गाविस-८ की २६ वर्षीय शैलोदेवी चौधरीलाई आफ्नै लोग्ने पशुपति चौधरी लगायतका व्यक्तिहरूले ०५० फागुन १३ गते हत्या गरे। उनलाई सुनचाँदी चोरेको आरोपमा हत्या गरिएको बताइन्छ। अभियुक्तमध्ये पशुपति चौधरीलाई प्रहरीले गिरफ्तार गरेको छ।

तुल्सीयाही गाविसको वडा नं. ७ र ८ अन्तरगत दुई गाउँबीच रहेको ऐलानी जग्गामा घर बनाएको सम्बन्धमा दुई गाउँका जनताबीच ०५० चैत १५ गते होलीका दिन झगडा भयो। गाउँलेहरूबीच भएको झगडा सुल्झाउन भनेर प्रहरी उपस्थित भएपछि ढुंगामुढा हुन थल्यो। प्रहरी हवल्दार राजेन्द्रप्रसाद निरौलाले अन्य उपाय नसोची गोली प्रहार गरे। गोली ३२ वर्षीय रामदेव महतोको पिँडुलामा लाग्यो र उनी बेहोश भए। उनलाई तुरुन्तै जनकपुर अञ्चल अस्पतालमा पुऱ्याइयो। त्यहाँ ५ महिनासम्म उपचार गराउँदा पनि उनको खुट्टा ठीक हुन सकेको छैन। पीडितले घटनाका सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएका छन्। तर हिँडडुल गर्न नहुने र गरीब भएका कारण उनी मुद्दा लड्न पनि सकिरहेका छैनन्। उनको उपचार भारतीय डाक्टरले गरिरहेको र खुट्टा काट्नु पर्ने भएको बताइन्छ।

इनरूवा गाविस-९ का ३५ वर्षीय रामचन्द्र दासलाई ०५० चैत ३१ गते स्थानीय महेश गिरीले कुटपिट गरेपछि सोही दिन राती उनको मृत्यु भएको कुरा मृतकको परिवारको दावी छ। पीडकलाई २५ दिनसम्म हिरासतमा राखी अहिले तारीखमा छाडिएको छ।

भरतपुर गाविस-१ की २५ वर्षीय झुलकन देवी कोइरीको ०५१ जेठ १४ गते राती १ बजे सोही ठाउँका रामचन्द्र महतोले हत्या गरे। विधवा झुलकनसंग अभियुक्तको अवैध यौन सम्पर्क रहेको र रामचन्द्रले केही दिन अघि केही गहना र पैसा माग्दा नदिएपछि यसरी हत्या गरिएको बताइन्छ। अभियुक्त फरार रहेका छन्।

सिरसिया गाविस-६ तारापट्टीका काठ फर्निचर व्यवसायी रामपृत साह र देवकिशोर साह ०५१ जेठ २४ गते सार्वजनिक मुद्दाको तारीखमा उपस्थित भएर घर फर्किरहेका थिए। कचौरी भन्ने ठाउँमा निजहरूलाई केही अज्ञात व्यक्तिले कुटपीट गरी रामपृत साहसंग भएको १२ हजार नगद लुटेर लगे। घाइते रामपृत र देव किशोरलाई अस्पताल पुऱ्याइयो। सोही बेलुकी अस्पतालमा रामपृतको मृत्युभयो। यो घटनालाई नेपाली कांग्रेस पार्टीका कार्यकर्ताले एमाले कार्यकर्ताहरूले मारेको भनी राजनीतिकरण गरेपछि एमाले पक्षका जनताहरूमाथि आक्रमण गर्ने र उनीहरूका घरहरूमा लुटपाट मच्चाउने जस्ता कार्यहरू हुन थाले। लुटपाट र आक्रमणलाई रोक्नुभन्दा पनि दुवैथरी आपसी भीडन्तमा उत्रिए। प्रहरीहरू मूकदर्शक रहे। धुप्रै महिला, केटाकेटी र वृद्ध समेत घाइते भए। एमाले पक्षकाहरू कांग्रेस पक्षकाहरूको आक्रमण सहन

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | २ | १ |
| बलात्कृत | - | १ | २ |
| आत्महत्या | - | - | ५ |



*मृतक रामवृक्ष यादव : वरमभिया गोली काण्ड*

नसकी गाउँ नै छोडेर भाग्न विवश भए। थुप्रैलाई झूठो अभियोगमा मुद्दा लगाइयो। तारापट्टीको उक्त घटना बारे जानकारी हासिल गर्न इन्सेकको आयोजनामा मानवअधिकार संरक्षण मञ्चका कार्यवाहक अध्यक्ष पद्मरत्न तुलाधरको नेतृत्वमा एक टोली ०५१ असार ८ गते घटनास्थलमा पुगेको थियो। टोलीमा मासमका महासचिव विश्वकान्त मैनाली, इन्सेकका नरनाथ लुईटेल र कुलराज घिमिरे, मासमका धनुषा जिल्ला अध्यक्ष अरूणकुमार सिंह र पत्रकारहरू लेखनाथ भण्डारी, जोशी एल्भीज, रविन्द्र भट्टराई र स्थानीय पत्रकार नवराज वस्नेत हुनुहुन्थ्यो। टोलीले स्थानीय प्रहरी चौकीका पदाधिकारी, स्थानीय जनसमुदाय, पीडित व्यक्तिहरू, प्रमुख जिल्ला अधिकारी, प्रहरी प्रमुख र राजनीतिक पार्टीका पदाधिकारीहरूसंग भेटघाट गरी जानकारी प्राप्त गरेको थियो। उक्त टोलीले आफ्नो प्रतिवेदनमा राजनीतिक संस्कारको न्यूनताका कारण तारापट्टी गाउँ तनावग्रस्त हुन पुगेको र उक्त तनाव सामान्यभन्दा सामान्य घटनालाई राजनीतिकरण गर्ने प्रवृत्तिको उपज भएको निश्कर्ष निकालेको थियो।

मधुकरही गाविस-३ का २६ वर्षीय रामवरण यादव ०५१ असार ८ गते साँझ जनकपुरबाट सामान खरीद गरी घर फर्किंदै थिए। सुगा मधुकरही नजिक आइपुगेपछि ७ जना व्यक्तिहरूद्वारा उनको हत्या गरियो। अभियुक्तहरूमा बमबहादुर पासमान, बमर पासमान, नथुनी पासमान, बुदुर पासमान, शम्भु पासमान, सूर्या पासमान र विनोद पासमान रहेको बताइन्छ। भनिन्छ गाउँमा डकैतीमा संलग्न व्यक्तिहरूको पोल खोलेका कारण उनको हत्या गरिएको हो। अभियुक्तहरू फरार रहेको बताइन्छ।

झिटकैया गाविस-९ का ३० वर्षीय सुवंच खत्वेलाई ०५१ असार ३१ गते सोही टाउँका धुरन यादव र कपुरचन यादवले कुटपिट गरे। पैनीबाट पानी बगाई खेतमा लैजाने सम्बन्धी झगडामा सुवंचलाई कुटपिट गरिएको थियो। कुटपिटकै सिलसिलामा कपुरचनले सुवंचलाई खुकुरी प्रहार गरेपछि उनको मृत्युभयो। पीडकहरूमाथि कानूनी कारवाही चलाइएको छ।

वरमझिया गाविस-१ का रामवृक्ष यादवको ०५१ भदौ २ गते हत्या गरियो। संयुक्त जनमोर्चा नेपालका केन्द्रीय सदस्य यादव धनुषा जिल्लाका लोकप्रिय वामपन्थी नेता थिए। उनी संयुक्त जनमोर्चाद्वारा जनकपुरमा आयोजित ०५१ साउन ३२ गतेको मसाल जुलुस र भदौ १ गतेको नेपाल बन्द कार्यक्रम सम्पन्न गरी भदौ २ गते आफ्नो घरतर्फ गइरहेका थिए। गाडीमा गइरहेका यादव बाटोमा पर्ने वीरेन्द्र बजारमा ओर्लिए। त्यहाँबाट उनले जनमोर्चाको केन्द्रीय कार्यालय, काठमाडौंमा फोन सम्पर्क गरे। त्यसपछि पुनः गाडी चढी बरमझिया गाविस-१ कमला नहरमा ओर्लिए। त्यहाँ चिया पिएर दक्षिणतिरको नहरको छेउ भएर अघि बढे। केही अगाडि पुगेपछि उनीमाथि एक्कासी गोली प्रहार भयो। उनी ढलेपछि कोदालो लगायतका औजारहरूले उनको शरीरमा प्रहार गरियो। त्यसपछि उनलाई पानीमा मिल्काई अभियुक्तहरू भागे। रामवृक्षलाई स्थानीय डाक्टर सकलदेव कहाँ पुऱ्याइयो। तर केही छिनमै उनको मृत्यु भयो। उनको कुममा एक गोली लागेको थियो भने टाउको र घाँटीमा गहिरा चोटहरू थिए। रामवृक्षको हत्यापछि स्थानीय जनतामा आक्रोशको लहर फैलियो। जनताको भीड र आक्रोशलाई नियन्त्रित गर्ने नाममा प्रहरीले वरमझिया प्रहरी पोष्टको प्राङ्गणमै हवाई फायर गऱ्यो। स्थानीय व्यक्तिहरूको भनाई अनुसार अभियुक्त गजेन्द्रप्रसाद सिंहले समेत प्रहरी संरक्षणमा छर्रा चलाएका थिए। हत्याको अभियोगमा नेपाली कांग्रेस गाउँ इकाईका अध्यक्ष गजेन्द्रप्रसाद सिंहलाई गिरफ्तार गरिएको छ भने हत्यामा संलग्न बच्चा सिंह, गंगाप्रसाद यादव लगायतका व्यक्तिहरू फरार छन्। पीडित पक्षबाट हत्यामा संलग्न १७ जनाको नाम किटेर जाहेरी दिइएको छ। उक्त घटनाका सम्बन्धमा यथार्थ विवरण तयार गर्न काठमाडौंबाट ५ वटा मानवअधिकार संस्थाका प्रतिनिधिहरूको एक टोली ०५१ भदौ १० गते जनकपुर पुगेको थियो। मानवअधिकार संरक्षण मञ्चका केन्द्रीय सदस्य बद्रीप्रसाद खतिवडाको नेतृत्वमा गएको उक्त टोलीमा नेपाल मानवअधिकार संगठनका केन्द्रीय सदस्य तुलसी भट्ट, इन्सेक मानवअधिकार वर्ष पुस्तकका कुन्दन अर्याल, इन्हुरेडका चन्द्रमणि अधिकारी र सीवीनका चेतमान बुढाथापा हुनुहुन्थ्यो। टोलीमा पत्रकार नवराज वस्नेत र अर्जुन क्षेत्री पनि सम्मिलित हुनुहुन्थ्यो। टोलीले घटनास्थलमा पुगेर पीडित पक्ष, विभिन्न पार्टीका स्थनीय कार्यकर्ता, प्रशासन एवं प्रहरीहरूसंग भेटघाट गरी घटनाको यथार्थ विवरण संकलन गरेको थियो। टोलीले आफ्नो प्रतिवेदनको निष्कर्षमा घटनालाई सुनियोजित राजनीतिक हत्या बताउँदै त्यस सम्बन्धमा छानवीन गर्न निष्पक्ष





*तारापट्टि लुटपिट काण्डका पीडितहरू*

बताउँदै त्यस सम्बन्धमा छानवीन गर्न निष्पक्ष र सर्वसम्मत न्यायिक आयोग गठन गर्ने माग गरेको थियो।

वरमझिया गाविस-६ का २१ वर्षीय श्रृञ्जयकुमार सिंहको ०५१ भदौ २ गते सोही गाउँका केही व्यक्तिहरूले हत्या गरे। मृतकलाई आफ्नै घरमा बसिरहेको बेला अपहरण गरी स्थानीय सोभित यादवको घरमा पुऱ्याएर खुकुरीले काटी हत्या गरिएको थियो। हत्याको घटनामा संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरू संलग्न रहेको बताइन्छ। अभियुक्तहरू सबै फरार रहेका छन्।

बहुअर्वा गाविस-८ का दुईजना काका भतिजा भलौर साह र कारी साहको हत्या गरियो। भलौर साह वडा -८ का सदस्य थिए। सम्पत्तिको झगडामा उनीहरू दुवैजनाको हत्या मुसलमान समुदायका केही राजनीतिक व्यक्तिहरूबाटै भएको बताइन्छ। उनीहरूको हत्यामा संलग्न व्यक्तिहरूमा आदम राइम कवाडी, कुरमान अंसारी, कैलु नदाब, आजिम मोमिन, हकीम मोमिन आदि रहेका थिए। त्यसमध्ये अभियुक्तहरू अदाम राइम, कुरमान अंसारी र कैलु नढाबलाई गिरफ्तार गरी कारवाही चलाइएको छ भने अन्य व्यक्तिहरू फरार छन्।

## १.२ जेल र बन्दीहरू

यहाँ जेल छैन। धनुषा जिल्लामा पूर्पक्ष र थुनाको कारवाहीमा रहेकाहरूलाई महोत्तरी जेलमा राख्ने गरिन्छ।

कारवाहीमा रहेकाहरूलाई महोत्तरी जेलमा राख्ने गरिन्छ।

## १.३ गिरफ्तारी र यातना

जनकपुर नगरपालिका-२ का २९ वर्षीय केशव ढुंगेललाई ०५१ असार २१ गते राती १० बजे प्रहरी इन्स्पेक्टर दीपक थापाले अकारण गिरफ्तार गरी १ नम्बर स्वोरमा लगेर थुने। त्यसपछि उनको शरीरमा तेजाब हाली यातना दिइयो। तेजाबको असरले उनको शरीरमा घाउ समेत भएको थियो। उक्त दिन उनी घर गइरहेको समयमा घर छेउमा रहेको विद्युत ट्रान्सफरमरमा फ्युज गएका कारण जनता र कर्मचारी बीच विवाद भइरहेको थियो। पीडित केशव ढुंगेल त्यहाँ पुगेर चाँडै समस्या समाधान गर्नु पऱ्यो भनी दबाव दिँदै थिए। त्यतिकैमा प्रहरी भ्यानमा इन्स्पेक्टर दीपक थापा आई उनलाई गिरफ्तार गरेर लगेका थिए।

जनकपुर नगरपालिकाको जनकचौकमा ०५१ असोज ५ गते राती १२ बजेतिर गणेश पूजाको अवसरमा भइरहेको अर्केष्ट्रा कार्यक्रममा होहल्ला र ढुंगामुढा हुन गई प्रहरीद्वारा लाठीचार्ज र हवाई फायर समेत गरियो। सांस्कृतिक कार्यक्रमको बीच बीचमा ध्वनि प्रणालीमा दोष उत्पन्न हुँदा केही दर्शकहरूले होहल्ला गरी चप्पल र रोडा फ्याँकेपछि प्रहरीले भीडमाथि नै लाठीचार्ज गरी हवाई फायर समेत गरेको थियो। करीब १० हजार दर्शक उपस्थित रहेको सो घटनामा



*प्रहरीले तेजाब खन्याई यातना दिइएका केशव दुङ्गेल*

थुप्रै व्यक्तिहरू घाइते भए। घाइते हुनेमा २ जना प्रहरी पनि थिए। घटना स्थलबाट प्रहरीले ५७ जनालाई गिरफ्तार गरी केही दिनपछि मात्र छोडेको थियो।

**१.४ वेपत्ता पारिएको**

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

**१.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट**

भरतपुर गाविस-२ का तेजी महासेठको घरमा ०५० पुस २४ गते राती महावीर महासेठ, शिवलाल यादव समेतका ३ जनाले आगो लगाई दिए। पीडितको घर र सम्पत्ति जलेर नष्ट भयो। पीडितले अदालतमा मुद्दा दायर गरेका छन्। तर पीडकहरू फरार रहेका छन्।

जनकपुर नगरपालिका-७ का ३१ वर्षीय विकरूदास तत्मालाई ०५० माघ २९ गते गल्लीमा ईंटा थुपारेको विषयलाई लिएर स्थानीय भरनीदेवी तत्मीनी र भगली कुमारी तत्मीनीले कुटपिट गरे। पीडितले अदालतमा मुद्दा दायर गरेका छन्।

बधचौरा गाविस-४ का नेपाली कांग्रेस पक्षका वुचन यादव र स्नेहरू यादवलाई ०५० फागुन ६ गते राष्ट्रिय प्रजातन्त्र पार्टीका समर्थकहरू रामनारायण चौधरी, सत्यनारायण चौधरी, विन्देश्वर चौधरी लगायतका व्यक्तिले अमानवीय व्यवहार गरी कुटपिट गरे। पीडितहरू १० दिनसम्म हिंडडुल गर्न नसक्ने गरी घाइते भएका थिए। घटनाका सम्बन्धमा अदालतमा मुद्दा चलिरहेको छ।

कुर्था गाविस-८ का महेन्द्र महासेठ, भोला महासेठ र तेतरी देवी महासेठलाई ०५० फागुन २० गते स्थानीय रामदेव महासेठ, विन्दे महासेठ, रिवी महासेठ लगायतका व्यक्तिहरूले कुटपिट गरे। उनीहरूले महेन्द महासेठलाई मार्ने नै गरी कुटपिट गरेका थिए। उनीहरू बीच अंश सम्बन्धी झगडा रहेको बताइन्छ।

सिग्याही मडान गाविस-३ का ३० वर्षीय उदगार महतोलाई ०५० चैत २३ गते चन्दर राउत यादव, दुःखी चौधरी कलवार, देवलाल राउत, भुल्ला यादव लगायतका व्यक्तिले लाठीले कुटपिट गरे। कुटपिटबाट पीडकको अवस्था गम्भीर बनेपछि अस्पताल लगिएको थियो। पीडकहरूलाई कानूनी कारवाही चलाइएको छ।

०५१ बैशाख २९ गते साँझ रिक्सामा गइरहेको बेला रामस्वरूप रामसागर बहुमुखी क्याम्पसको स्वतन्त्र विद्यार्थी युनियनका सचिव २४ वर्षीय अरूणकुमार यादवलाई ६ जनाले कुटपिट गरी घाइते बनाए। उनलाई रड, साइकलको चेन, हक्की व्याट र लट्ठी प्रहार गरेर मरणासन्न बनाएपछि नालामा फालिएको थियो। क्याम्पसमा राजनीतिक गुण्डागर्दीको विरोध गर्ने अरूलाई त्यसरी कुटपिट गर्नेमा शैलेन्द्र यादव, अजीत तिवारी, बल्लु खान, विमलेश झा, अनुज सिंह र सुभाष साह भएको कुरा पीडित आफैं बताउँछन्। उनको उपचार जनकपुर अञ्चल अस्पतालमा हुन नसकी काठमाडौंको वीर अस्पतालमा ल्याएर गरिएको थियो। अभियुक्तहरूलाई अहिलेसम्म पक्राउ गरिएको छैन र कुनै कारवाही पनि चलाइएको छैन।

मखनाहा गाविस-७ का नथुनी सहनी र ३२ वर्षीय विपतिया सहनीलाई ०५१ बैशाख २९ गते राती स्थानीय राजदेव साह, वेचन साह, रामनारायण साह लगायत ८ जना व्यक्तिले लाठी र भालाको प्रयोग गरी सख्त घाइते बनाए। पीडितहरूको उपचार जनकपुर अञ्चल अस्पतालमा गरिएको थियो।

पौडेश्वर गाविस-९ का ५० वर्षीय तपेश्वर पाण्डे र ४५ वर्षकी राजदेवी पाण्डेलाई ०५१ जेठ २१ गते रीसइविका कारण स्थानीय जटेश्वर झा र वीरेन्द्रकुमार गुप्ताले कुटपिट गरी सामान समेत लुटेर हिंडे। पीडितहरूले न्यायको लागि अदालतमा मुद्दा दायर गरेका छन्।

ठाडी झिंझा गाविस-५ का ७१ वर्षीय खुदानी मल्लाहलाई ०५१ जेठ २५ गते सिसौको रूख काटेको निहुँमा स्थानीय रामसागर ठाकुर र राम आशिश सहनीले कुटपिट गरे।

बफै गाविस-२ का रामदाइ मण्डललाई ०५१ जेठ २६ गते स्थानीय पलटु साह, विशेश्वर साह र विजयकुमार साहले कुटपिट गरे। रामदाइको घरमा जाने बाटो नभएकाले पीडकहरूकै जमीनबाट जानु पर्थ्यो। पीडकहरूले उनलाई हाम्रो जमीनमा टेकेर किन हिंडिस् भनी पिटेका थिए।

लोहना गाविस-५ का ५० वर्षीय रामजी मण्डल र ११ वर्षीय राकेश मण्डललाई ०५१ जेठ ३ गते स्थानीय रामप्रसाद मण्डल र मुकुल मण्डलले लाठीले कुटपिट गरे। उनीहरूबीच पहिलेदेखि नै राजनीतिक झगडा रहेको बताइन्छ। पीडितले जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

उमा प्रेमपुर गाविस-७ का ६० वर्षीय बतहु मुखियालाई ०५१ असार १३ गते फेकु मुखिया, कृष्णा मुखिया, नारायण मण्डलले कुटपिट गरे। ठेक्कामा लिएको साझा पोखरीको माछा लिएर बजारमा बेचन गइरहेको बेला पीडितहरूले माछा लुटी बतहुलाई कुटपिट गरेका थिए। पीडितले अदालतमा मुद्दा दिएका छन्।

यज्ञभूमि गाविस-८ का मोहनलाल ठाकुर र रामपुरन ठाकुरलाई ०५१ असार २५ गते जुगेश्वर मण्डल, विजयकुमार मण्डल लगायत ६ जनाले कुटपिट गरे। उनीहरूबीच खेतमा पानी लगाउने सम्बन्धमा झगडा भएको थियो। पीडितहरूले अदालतमा मुद्दा हालेका छन्। फैसला भैसकेको छैन।

लखौरी गाविस-३ का ५८ वर्षीय बलदेव साह तेलीलाई ०५१ असार ३० गते स्थानीय रामचन्द्र साह, सीतादेवी, विन्देश्वर साह र राजकुमारी देवी साहले कुटपिट

गरे। बलदेवको भैंसीले बार भत्काई बाली खान लागेको भनी बलदेवलाई पिटिएको थियो।

दुवरकोट, हथलेखा गाविस-६ का २५ वर्षीय रामदेव साहलाई ०५१ साउन २० गते स्थानीय रामवृक्ष साह, वैद्यनाथ साह र राजकुमार साहले लाठी प्रहारद्वारा कुटपिट गरी घाइते बनाए। जवर्जस्ती बाँस काटी लगेको आरोपमा रामदेवलाई त्यसरी पिटिएको थियो। पीडितले अदालतमा मुद्दा दायर गरेका छन्।

नाथपटी, विसरभोरा गाविस-९ का सत्यनारायण वुलगरिया यादवलाई ०५१ साउन २३ गते स्थानीय राजकुमार यादव, रामविलास यादव र पवनकुमार यादवले पानी सम्बन्धी झगडामा कुटपिट गरी घाइते बनाए। पीडितको टाउकोको बायाँ भाग फुटेको थियो भने शरीरभरि नीलडाम थिए। सत्यनारायणले न्यायको लागि मुद्दा दायर गरेका छन्। तर फैसला भएको छैन।

रघुनाथपुर गाविस-८ का २९ वर्षीय राजकिशोर यादवलाई ०५१ भदौ १० गते कारी यादव, रमेश यादव र दिनेश यादवले कुटपिट गरे। पीडकहरूमाथि कानूनी कारवाही चलाइएको छ।

हरिहरपुर गाविस-५ का शिवजी महतो, गौरादेवी महतो, रामसखीदेवी महतो र राम स्वाहरत महतोलाई ०५१ असोज १६ गते वौवेलाल महतो, राजकुमार महतो लगायत ७ जनाले कुटपिट गरी सख्त घाइते बनाए। पीडितहरू जनकपुर अञ्चल अस्पतालमा उपचार गराई घर फर्किएका थिए।

जनकपुर नगरपालिका-३ का ३५ वर्षीय पंचलाल दासलाई ०५१ असोज १८ गते राम सागर तत्मा र पल्ट महराले कुटपिट गरी घाइते बनाए।

दुवरकोट, हथलेखा गाविस-८ का राम सेलावन साफीलाई ०५१ असोज १९ गते स्थानीय भक्ति मण्डल र ज्ञानी मण्डलले कुटपिट गरे। उनीहरू बीच सार्वजनिक नदीमा माछा मार्ने विषयलाई लिएर झगडा भएको थियो।

नकटाझिझ गाविस-८ का २२ वर्षीय भोला महतो कोइरीलाई ०५१ असोज २३ गते राती खेतमा पानी लगाउने सम्बन्धी झगडामा स्थानीय रामधारी महतो र वीरेन्द्र महतोले कुटपिट गरी घाइते बनाए।

बलाहाकथाल गाविस-८ का ५५ वर्षीय नथुनी साह सुडी, २५ वर्षीय भरत साह सुडी, ४४ वर्षीय राजकुमार साह र ३० वर्षीय रामदयाल साहलाई ०५१ असोज ३० गते जग्गा सम्बन्धी विवादमा स्थानीय सूर्यनारायण साह, देवनारायण साह, रामनारायण पजियार लगायतकाले कुटपिट गरे। त्यसरी नै सूर्यनारायण साह र देवनारायण साहलाई नथुनी साह लगायतका व्यक्तिले बदला लिन कुटपिट गरेको बताइन्छ।

सिनुरजोडा गाविस-१ का ४५ वर्षीय भोला यादवलाई ०५१ कात्तिक ९ गते विन्देश्वर यादव, शिव यादव, नवल यादव, राजे यादव लगायतका व्यक्तिले कुटपिट गरी घाइते बनाए। जग्गा सम्बन्धी झगडामा उनलाई त्यसरी पिटिएको बताइन्छ।

जनकपुर नगरपालिका-१४ का ५८ वर्षीय बैद्दुल यादवलाई ०५१ कात्तिक १४ गते वद्री यादव, देवशरण यादव, राजकिशोर यादव र राजकुमार यादवले कुटपिट गरी घाइते बनाए।

खरहानी गाविस-७ का २६ वर्षीय महेन्द्र यादवलाई ०५१ कात्तिक १८ गते जग्गा सम्बन्धी विवादमा विरजु मण्डल, लक्ष्मण मण्डल लगायतका व्यक्तिले कुटपिट गरे।

बधचौरा गाविस-५ की २५ वर्षीय फुलोदेवी कापडीलाई ०५१ कात्तिक १७ गते स्थानीय रामदयाल कापडी, किशोर कापडी र निर्गुजा कापडीले कुटपिट गरी घाइते बनाए।

भरतपुर गाविस-३ का ४५ वर्षीय गोविन्दलाल दमाईलाई ०५१ कात्तिक २८ गते राती दानबहादुर वाडी, मानबहादुर वाडी र काबुलराज खुलालले कुटपिट गरी घाइते बनाए।

विन्धी गाविस-६ का १८ वर्षीय कैलाश राउत र २५ वर्षीय वद्रीदासमाथि ०५१ कात्तिक २९ गते विन्धी मतदान केन्द्रमा मतदान स्थगित भएपछि घर फर्किरहेको बेला अन्वर राइम, अमीर राइम, गर्भु राइम लगायतका व्यक्तिले गोली र वम प्रहार गर्न लागेपछि पीडितहरू त्यहाँबाट भागे। पीडकहरूलाई कानूनी कारवाही चलाइएको छ।

हठीपुर हडवडा गाविसका अध्यक्ष रामनारायण मण्डललाई गाउँका समस्याहरू बारे छलफल गरेर यदुकुवा प्रहरी चौकीबाट घर फर्किरहेको बेला लुकेर बसेका १२ जना गुण्डाहरूले आक्रमण गरे। भारतको मधुवनी बस्ने मोमताज फकीर, सफिया मियाँ, चन्द्रमोहन ठाकुर, स्थानीय वरूण महतो, रामलोचन महतो, रामपुलार महतो लगायतका आक्रमणकारीहरूलाई जनताले पक्रेर प्रहरी थानामा बुझाएका थिए। उनीहरूलाई धरौटी लिई तारीखमा रिहा गरिएको छ।

### १.६ थुनामा मृत्यु

यहाँ जेल नभएकोले थुनामा कसैको मृत्यु हुने अवस्था रहेन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

प्रत्यक्षतः यस सम्बन्धी अधिकारको हनन हुने खालका उल्लेख्य घटनाहरू देखा परेनन्।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ कात्तिक २९ गते मध्यावधि निर्वाचनको दिन चक्कर, सोनीगामा र इटहरा गाविसमा रूख र घडी चिन्हका उम्मेद्वार र तिनका समर्थकहरूले मतदान केन्द्रमा रहेका

जनतामाथि हमला गरी कुटपिट समेत गरे। जसका कारण उक्त ठाउँमा सो दिन चुनाव नै स्थगित गर्नु पर्‍यो।

निर्वाचनकै दिन कनकपट्टी गाविसमा भारतीय विधायक पप्पु यादवका व्यक्तिहरूले होहल्ला मच्चाई जनता तथा निर्वाचनमा खटिएका कर्मचारीलाई समेत कुटपिट गरे। कर्मचारी फारूख नदाफको टाउकामा लाठी प्रहार गरी घाइते बनाइयो। त्यसै गरी बेगाडाबर गाविसमा नेपाली कांग्रेसका कार्यकर्ताले बुथ क्याप्चर गरी मतदातामाथि हमला गर्दा विजयकुमार शर्मा घाइते भएका थिए। नेपाली कांग्रेसका कार्यकर्ताहरूले बुथ क्याप्चर गरेकै कारण मानसिंहपट्टि र लौवाखोहरमा पनि मतदान स्थगित गर्नु परेको थियो। लोहना गाविसमा कांग्रेसका कार्यकर्ताहरूले बुथ कब्जा गरेपछि उनीहरू र एमालेका कार्यकर्ता बीच भीडन्त भई चुनाव स्थगित भएको थियो।

कुर्था गाविसमा भारतीय विधायक पप्पु यादवका व्यक्तिहरूले बुथ कब्जा गरे। उनीहरूले मतदातालाई कुटपिट समेत गरे। बुथ कब्जा गर्न संलग्न रहनेहरूमध्ये भारतको पटना निवासी मनोजकुमार गोस्वामीलाई पक्राउ गरिएको थियो। त्यसरी नै रम्दैया, बनियाँ, सपही र सिनुरजोडा गाविसमा पनि भारतीय व्यक्तिहरू आई बुथ कब्जा गर्न थालेपछि होहल्ला भई मतदान स्थगित गरिएको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका नागरिकहरू हत्या, यातना, झूठामुद्दा, बलात्कार र कुटपिट जस्ता घटनाबाट पीडित हुने गरेका छन्। त्यस्ता कतिपय घटनाहरूमा निर्दोष व्यक्तिहरू कारवाहीमा पर्ने गरेको गुनासो पनि रहेको छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो जिल्लाको उत्तरी क्षेत्रमा पर्ने वेङ्गाडावर, तुलसी, ढल्केवर, पुष्पलपुर र गोदारमा सुकुम्बासी समस्याहरू रहेका छन्। यो वर्ष उनीहरूका समस्याहरू उल्लेखनीय रूपमा देखा परेको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

देवपुरा रूपैठा गाविस-९ की १० वर्षीय बालिकालाई सोही ठाउँको २४ वर्षीय भोगेन्द्र साह (हलुवाई) ले ०५१ बैशाख २३ गते बलात्कार गरे। पीडित बालिकालाई योनीबाट रगत आउन बन्द नभएका कारण अस्पताल भर्ना गरी उपचार गराउनु परेको थियो। बलात्कारी भोगेन्द्रलाई गिरफ्तार गरी कारबाही चलाइएको छ।

कजरा रमौल गाविस-२ की विवाहित महिलालाई ०५१ पुस ६ गते राती १२ बजे स्थानीय सदीक मियाँ, हकिम नदाफ, शरीफ नदाफ, खीया कवांरी, जुमराती नदाफ लगायतका १० जना सशस्त्र व्यक्तिले घरबाट घिसारेर बाहिर चउरमा ल्याई सामुहिक बलात्कार गरे। अभियुक्तहरूले उनको घरमा लुटपाट मच्चाउनुका साथै बुढाबुढी र केटाकेटीलाई समेत कुटपिट गरेका थिए। अभियुक्तहरू राष्ट्रिय प्रजातन्त्र पार्टीका पक्षधरहरू भएको र हाल उनीहरू फरार रहेको बताइएको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धमा कुनै पनि घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ४.३ गर्भ पतन

गर्भपतनका घटनाहरू प्रकाशमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका कतिपय होटेलहरूमा बालबालिकाहरू काम गरेर बसेको देखिन्छ। जमिन्दारहरूकहाँ काम गरेर बस्ने बालबालिकाहरू विशेष रूपले शोषित हुने गरेका छन्

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा कुनै उल्लेख्य घटना भएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यहाँ हलिया प्रथा रहेको पाइए पनि त्यस सम्बन्धमा उल्लेख्य घटना भएको पाइएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

जनकपुर नगरपालिका-१० का ३६ वर्षीय चन्देश्वर यादवलाई सोही टाउँका अशोक साह, महेश साह र जयनुल राइन लगायत ४ जनाले कुटपिट गरे। उनीहरू सबैजना रक्सी खाएर घरतर्फ जाँदै गरेको वेला जातीय भेदभावको कुरा उठ्न गएपछि झगडा भएको थियो। प्रशासनले पीडकहरूकै पक्ष लिएको गुनासो पीडितको छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कुनै प्रेस वक्तव्य र टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

रामानन्द चौक नजिक बस र रेल जुद्धा सर्लाही, नवलपुर-६ का सार्कीकुमार श्रेष्ठको ०५१ बैशाख २४ गते मृत्यु भयो।

जनकपुर नगरपालिका-१ का हरिकृष्ण झालाई साइकल चढेर घरतर्फ गइरहेको बेला ०५१ साउन ५ गते मुझेलिया चोक नजिक ज.अ.ख ३३१ नम्बरको ट्रकले ठक्कर दिंदा निजको मृत्यु भयो।

चीसापानी अन्तरगत पर्ने कमला खोला तर्न लाग्दा ३ जना व्यक्तिको खोलाले बगाई मृत्यु भयो। त्यसमध्ये सिन्धुली जिल्ला, खोला गाविस-३ का रामबहादुर भट्टराईको लाश ०५१ भदौ १२ गते भेटिएको थियो। अन्य २ जनाको लाश भेटिएन।

हंसपुर कठमुल्ला गाविसका दीपनारायण साहकी २ वर्षीय छोरी गोरीकुमारी साहको ०५१ असोज ४ गते पानी भरिएको खाल्डोमा डुबी मृत्यु भयो।

## ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

दिगम्बरपुर गाविस-४ का हरिबहादुर कटुवालको घरमा ०५१ भदौ ४ गते राती १० बजे चुल्होबाट आगलागी भई घर र धन सम्पत्ति सबै नष्ट भएको थियो।

विश्री गाविसकी २७ वर्षीय इन्दरदेवी यादव ०५१ भदौ २१ गते बत्तीबाट शरीरमा आगो सल्कन गई घाइते भइन्। जनकपुर अञ्चल अस्पतालमा उपचार गर्दागर्दै ०५१ भदौ २५ गते उनको मृत्यु भयो।

## ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कोही घाइते भएको र कसैको मृत्यु भएको पाइएन।

## ९.४ आत्महत्या

गोदार गाविस-६ का विनयकान्त झाले ०५१ असार १५ गते विष खाएपछि १६ गते उनको मृत्युभयो। रामस्वरूप-रामसागर बहुमुखी क्याम्पसमा बी.कम. दोश्रो वर्षमा अध्ययनरत झाले एउटी केटीसंग प्रेम गरेकोमा उक्त प्रेमिकाबाट धोका पाएकोले आत्महत्या गरेको बताइन्छ।

बाहुनडाँगी गाविस-२ का २२ वर्षीय केशवबहादुर खड्काले ०५१ साउन १० गते साँझ घरमै मेटासिड खाई आत्महत्या गरे। घरमा सधैं झगडा हुने गरेको र दाजुहरूले पनि कुट्ने गरेकोले उनले आत्महत्या गरेको चर्चा गाउँमा रहेको छ।

यज्ञभूमि गाविसकी २५ वर्षीय रामकुमारी देवी ठाकुरले ०५१ साउन १४ गते आफ्नो घरमा डोरीको पासो लगाई आत्महत्या गरिन्। घरमा हेला गरेको र लोग्नेले पनि पिटेकाले उनले आत्महत्या गरेको बताइन्छ।

तुल्सीयाही गाविस-३ की २४ वर्षीय मनितादेवी ठाकुर (हजाम) ले ०५१ साउन २३ गते घाँटीमा डोरीको पासो लगाई आत्महत्या गरिन्। उनले घरमा लोग्नेले विभिन्न आरोप लगाई गरगहना समेत लिएर घरबाट निकालेका कारण आत्महत्या गरेको बताइन्छ।

फूलगामा बहिरी गाविस-७ की ५० वर्षीय जसवा देवी महतोले ०५१ असोज २० गते राती थाइमेट विष खाई आत्महत्या गरिन्। छोराहरूले हेला गरी कुटपिट समेत गर्ने गरेकोले उनले आत्महत्या गरेको बताइन्छ।

## ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

भुतही पटेर्वा गाविस-१ का देवशरण मण्डल र शिवशरण मण्डलको घरमा ०५१ बैशाख २६ गते राती १ बजेतिर डाकाहरू प्रवेश गरी अमानवीय ढंगले कुटपिट गरे। उनीहरूले सम्पत्ति लुट्नुका साथै शिवशरणको हात समेत काटिदिएका थिए। पीडकहरूमा बद्री मण्डल, नथुनी कापड, रामप्रसाद चमार लगायतका व्यक्तिहरू रहेका छन्। पीडित पक्षबाट अदालतमा मुद्दा दायर गरिएको छ। तर फैसला भएको छैन।



# २. मध्यमाञ्चल

# जनकपुर

# २.२ महोत्तरी

जनसंख्या : ४४०१४६

साक्षरता : २५.७ प्रतिशत

महिला साक्षरता : १३.७ प्रतिशत

क्षेत्रफल : १००२ वर्ग कि.मी.

चुरे पहाड श्रृंखलाबाट दक्षिणमा फैलिएको यो जिल्लाको सम्पूर्ण भाग तराई क्षेत्रमा पर्दछ। यहाँका अधिकांश मानिसहरू खेतीमा आश्रित छन्। तर यहाँको खेत आकाशे वर्षामा निर्भर छ। यस जिल्लामा शैक्षिक चेतनाको स्तर भने अत्यन्त कम छ। राजनीतिक प्रतिशोध र व्यक्तिगत रीसईबीले गर्दा यहाँ मानवअधिकार उल्लंघनका प्रशस्त घटना हुने गरेको पाइन्छ।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

हथिसर्वा गाविस-७ संग्रामपुर बस्ने व्यापारी शंकर यादवलाई ०५० माघ ८ गते साँझ जनकपुरबाट धान बिक्री गरी गाडामा फर्की रहेका बेला डाकाहरूले पिठ्युँमा गोली हानी बेहोश बनाए। घाइते समेतलाई लोहारपट्टी चौकीमा ल्याई घटना विवरण टिपाउन खोज्दा प्रहरी इन्चार्जले लिन इन्कार गरे। घाइतेको जनकपुर अञ्चल अस्पतालमा उपचार हुन नसकी वीर अस्पताल काठमाडौं पठाइएकोमा एक्स-रे गर्दा प्रहरीले प्रयोग गर्ने गोली फेला पर्‍यो। यस घटनापछि केही प्रहरीलाई प्रशासनिक कार्वाही गरियो। दुई शंकास्पद व्यक्तिलाई थुनामा राखिएकोमा नेपाली कांग्रेसका जानकी साह र महेन्द्र मिश्रको सिफारिशमा उनीहरूलाई मुक्त गरिएको छ।

पिपरा र सहोरबा गाविसको बीचमा पर्ने सहोरबा पोखरीको छेउमा ०५१ भदौ ४ गते बेवारीसे लाश फेला परेकोमा पछि मृतक नैन्ही गाविस-७ थरूवाहीका भोगेन्द्र पाठक भएको पत्तो लाग्यो। परिवारका सदस्यले मृतकको मानसिक सन्तुलन बिग्रेको बताए। सवारी दुर्घटनामा परी निजको मृत्यु भएको अनुमान गरियो। तर घटनाका सम्बन्धमा हत्याको आशंका पनि गरिएको छ।

नैन्ही गाविस-२ की ५४ वर्षीय रिखियादेवी यादवको ०५१ भदौ ११ गते नृशंस हत्या गरियो। आफ्नो खेतमा खातुन परिवारका महिलाहरूले घाँस काटेकोमा श्रीमती यादवले गाली गरिन्। त्यसैबेला हिटनी खातुनले उनलाई समाती भूईंमा पछारिन् र उनी बेहोश भइन्। जुलेखा खातुनले पेटमा हसियाँले रोपिन्। कुलेशा र शैरूल खातुनले पेटमा हिर्काउँदा श्रीमती यादवको पाठेघर बाहिर निस्कियो। पीडित यादवको उपचार गर्न लैजाँदा मृत्यु भयो। पीडकमध्ये हिटनी खातुनलाई थुनामा राखिएको छ। मृतकका पतिलाई ३० हजार नगद दिई गाउँघरका ठूला ठालुले यो हत्या होइन, बिरामी भएर पत्नीको मृत्यु भएको हो भनी जिल्ला प्रहरी कार्यालयमा निवेदन दिन लगाएका छन्।

धमौरा गाविस-७ मा ०५१ असोज २२ गते राम आशिष महतोको खेतमा बेवारीसे लाश फेला पर्‍यो। मृतकको घाँटी आधा रेटिएको थियो।

फुल्काहा गाविसमा ०५१ असोज २६ गते आफ्नै नन्द शिवदुलारी देवीले भाउजु सुन्दरीदेवीको जीउमा तातो माड खन्याई हत्या गरिन्। तीन बच्चाकी आमा सुन्दरीदेवी अपांग थिइन्। केही दिन अघि माटोको घैंटो फुटाएकोमा उनलाई सासु र नन्दले खान नदिई राखेका थिए। भोक लागेर सुन्दरीले खान माग्दा नन्दले तातो माड खन्याई दिइन्। पीडकलाई कुनै कार्वाही गरिएको छैन।

लक्ष्मीनिया गाविस बटौवा टोलमा ०५१ कात्तिक २४ गते सिगेश्वर महतोले ६० वर्षीय नन्दलाल महतोको हत्या गरे। साँधमा रहेको सिसौको रूख बारे विवाद हुँदा सिगेश्वरले घाँटी निमोठी हत्या गरेका थिए। पीडकलाई थुनामा राखी कार्वाही गरिएको छ।

डाम्ही भडै गाविस बुधमा ०५१ कात्तिक २९ गते विजयकुमार सिंहले गोली हानी ज्यान मार्ने प्रयास गर्दा जगदीश

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | - |
| बलात्कृत | - | ५ | १ |
| आत्महत्या | - | ८ | २ |

साह र विनयकुमार साहलाई छर्रा लाग्न गई उनीहरू घाइते भए। जनतालाई आतंकित गरी बुथ कब्जा गर्ने उद्देश्यले यो घटना भएको थियो।

पर्सा पतैली गाविसको विसनपुर टोलमा पुनः मतदानका दिन ०५१ मंसीर २ गते कांग्रेसका ५ र ६ नं. इलाका अध्यक्ष मोहन मिश्र र नमोनाथ सिंहले निर्वाचन सकेर फर्किदै गरेका गाविस अध्यक्ष कृष्णमोहन शर्मा तथा अकेशकुमार शर्मालाई गोली हानी घाइते तुल्याए।

गनराकट्टी गाविसकी ४५ वर्षीय महिला पूर्णीदेवी पासवानको रमेशकुमार सिंह र रामविनय सिंहले ०५१ मंसीर १३ गते हत्या गरे। पूर्णीदेवीको नातिले भैंसी चराउँदा सिंह परिवारको बाली खाएकाले रमेशकुमार सिंहले सानो बच्चालाई नराम्ररी पिटे। यो अन्यायको विरोध गर्न गएकी गरीब महिला पूर्णीदेवीलाई ती अभियुक्तहरूले आफ्नै घरमा छुरी रोपी हत्या गरेका हुन्। हत्यापछि सिंह परिवार कै शिवशंकरप्रसाद सिंह र युगलप्रसाद सिंहले लाशलाई मोटर साइकलमा राखी भारततर्फ लैजान लाग्दा गाउँलेहरूले सीमा क्षेत्रबाट खोसेर ल्याएका थिए। पीडकहरू फरार रहेका छन्।

बतबा देवन गाविस-५ का ठूलो यादवको ०५१ पुस १० गते राती दिनेश यादव, सुरेश यादव र विनोद यादवले छुरी हानी हत्या गरे। सुरेश यादवकी पत्नीलाई स्थानीय रामस्नेही यादवले भगाई लगेकोमा ठूलो यादवले रामस्नेहीले ती महिलालाई पत्नी बनाउन पाउने कुरा गरेका थिए। यही रीसमा सुतेको अवस्थामा उनको हत्या गरियो। पीडकहरू थुनामा परेका छन्।

## १.२ जेल र बन्दीहरू

यस जिल्लाको जलेश्वरमा एउटा जेल छ। राणाकालमै निर्मित १ सय ३५ बन्दी राख्ने क्षमता भएको यो जेलमा १ सय ६१ जना बन्दी रहेका छन्। यी मध्ये ८६ पुरुष र १ महिला थुनुवा हुन्। जेलमा सामान्य उपचारको व्यवस्था छ, तर चर्को विरामी परेमा बन्दीहरू स्वयंले औषधि किन्नुपर्छ। यस जेलमा डकैतीको अभियोग लागेका खेहरू खावे, भातबर कापर र जानकी महतो अत्यन्त गरीब भएकाले उनीहरूले अदालतमा प्रतिउत्तर गर्न सकेका छैनन् र अदालतले फैसला पनि दिएको छैन। सामान्य भौतिक सुविधा उपलब्ध भएको यो जेलमा खुला ढल भएकाले दुर्गन्धित छ।

## १.३ गिरफ्तारी र यातना

सोनमा गाविसका ४६ वर्षीय सुरूज यादवलाई ०५१ जेठ १३ देखि १६ गतेसम्म विलास ठाकुरको घरमा अन्न, पानी समेत नदिई थुनेर राखियो। उनलाई थुनामा राख्नमा सत्यनारायण ठाकुर, इन्दल साह र नदाफ जिम्दार पनि संलग्न थिए। सुरूज यादवको जग्गा र सार्वजनिक जग्गा समेतमा सत्यनारायण ठाकुरले घर बनाएपछि जिल्ला अदालतमा मुद्दा परेको थियो। यसबीचमा प्रहरीसंग समेत तालमेल गरी ठाकुरले निज यादवलाई थुनेको कुरा स्थानीय वासिन्दाले बताएका छन्।

## १.४ बेपत्ता पारिएको

विसपट्टी गाविस-८ टेगर बस्ने १५ वर्षका पुपलाल दास तत्मा ०५० चैत २५ देखि बेपत्ता छन्। यी युवक विजयकुमार यादवको घरमा चरूवा बसेका थिए। मालिक यादवसंग भारत सीतामढी घुम्न गएका तत्मा फर्किएनन्। युवकको बाबुले मालिक यादवसंग सोध्दा भारतमा नोकरी लगाई दिएको बताएका छन्। तर युवकको ठेगान लाग्न नसकेपछि बाबुले जिल्ला अदालतमा मुद्दा दायर गरेका छन्।

## १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

भरतपुर गाविस-८ का ६८ वर्षीय कृष्ण भण्डारीलाई आफ्नै छोरा ध्रुव भण्डारीले ०५० चैत ४ गते कुटपिट गरे। बाबुले बाख्रालाई कुटेको र बुहारीलाई गाली गरेको भनी छोराले पिटेका थिए। औषधि खर्च छोराले बेहोरेपछि बाबु छोरामा मेल भइसकेको छ।

अंकार गाविस-२ महादेवपट्टीमा ०५१ भदौ १ गते जगतदेवीलाई छिमेकी सोनावती र गीतादेवीले कुटपीट गरे। जगतदेवीले आफ्नो घरमा हाँस्दा छिमेकी सोनावतीसंग आँखा जुध्न गयो। सोनावतीले आफ्नो कुरा काटेको भनी जगतदेवीलाई कुटपीट गरिन्।

गौशाला बजारमा रहेको सार्वजनिक जग्गा रोक्का गर्न लाग्दा ०५१ भदौ ३ गते वडा २ का सदस्य शिवरतन साह, मुमताज अनसारी र इन्द्रबहादुर भुजेललाई केही व्यक्तिहरूले फलामको रड र लाठीले कुटपीट गरे। राणाकालमा निर्मित ३ वटा भवनमा सरकारी कार्यालय राखिंदै आएकोमा ०३८ सालमा प्रधानपञ्च हुँदा देवनारायण महतोले सो जग्गा आफ्नो नाममा गरेका थिए। सो भवनको व्यक्तिगत प्रयोग रोक्का गर्न लाग्दा यो आक्रमण भएको थियो। निज महतो हाल गाविस अध्यक्ष छन्।

अंकार गाविस महादेवपट्टीमा ०५१ भदौ ५ गते रामश्रेष्ट सदा, गरमु मण्डल र सुजान देवीलाई सोही गाउँका ललित सदा, रघुनाथ मण्डल र अन्य व्यक्ति मिली घाइते बनाए। भैसीले बाली खाएको कुरामा भनाभन हुँदा घटनाले गंभीर रूप लिएको थियो।

लक्ष्मणिया गाविस-५ बटौवामा ०५१ भदौ ५ गते राती ललितलाल महतो र सौखिलाल महतोलाई सामूहिक आक्रमण गरी मरणासन्न पारियो। आक्रमणकारीहरूमा रामएकवाल यादव, रामप्रकाश महतो, धनुधारी महतो थिए। पुरानो रीसईबीका कारण यो घटना भएको हो।

बलवा गाविसमा ०५१ कात्तिक ७ गते केही अज्ञात व्यक्तिहरूद्वारा किशोर प्रितम, अतितकुमार सिंह र बच्चा सिंहलाई मरणासन्न हुने गरी पिटियो। पीडकहरू फरार भए पनि पछि राजा यादवलाई पक्राउ गरिएको थियो। सोधपुछपछि उनलाई छाडिएको छ।

मटिहानी गाविस-७ का राजकुमार मण्डलले सोही ठाउँका दिनेश महतो, सुरेश महतो र ५ वर्षे बालक अमर महतोलाई ०५१ कात्तिक १० गते राती १० बजे कुटपीट गरे। मादक पदार्थले मातेका मण्डलले बेतको लठ्ठीले उनीहरूलाई पिटेका थिए। कुटपिटको उजुरी गर्न जाँदा मटिहानी प्रहरी चौकीले

रिपोर्ट लिन इन्कार गऱ्यो।

मटिहानी गाविसमा ०५१ कात्तिक ११ गते प्रहरी चौकीमा कांग्रेस र राप्रपा कार्यकर्ताबीच भीडन्त भयो। यो घटनामा प्रहरीले हवाई फायर समेत गऱ्यो।

मटिहानी गाविसमा ०५१ कात्तिक २९ गते निर्वाचन सकिएपछि घर फर्कँदै गरेका लालबाबु मण्डललाई विल्टु कवारी, शंकर कापर, हरिप्रसाद मण्डल र रामआशीष मण्डलले संयुक्त आक्रमण गरे। पीडक राप्रपा समर्थक र पीडित कांग्रेस समर्थक हुन्। निर्वाचनका दिन भएकाले, प्रहरीले सुरक्षा दिन नसकिएको कुरा बनायो।

निगौल गाविस-१ मा ०५१ मंसीर २६ गते सोनेलाल साह र रामएकबाल साहले देवनारायण साह र जयनारायण महतोलाई मरणासन्न हुने गरी पिटे। देवनारायणको दाहिने गोडा दुई ठाउँमा भाँचियो। बच्चाहरूको झगडाले गर्दा अभिभावक बीच यो झगडा भएको थियो।

## १.६ थुनामा मृत्यु

ज्यान मुद्दाको सजाय भोगिरहेका मौलाहा कवाडीको ०५१ जठ २५ गते मृत्यु भयो। रक्तचाप सम्बन्धी रोगबाट पीडित मौलाहाको उपचार गर्दा गर्दै मृत्यु भएको थियो

## २. भौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

जलेश्वर नगरपालिकामा ०४१ साउन ९ गते एमालेले जुलुस प्रदर्शन गर्दा प्रहरीले लाठी प्रहार गऱ्यो। लाठीबाट रामदयाल मण्डलको दाहिने पिडौंला र भेषराज शर्माको देब्रे हातमा चोट लागेको थियो। जुलुश नजिकबाट गई रहेको सीडीओ र एसपीको गाडीमा ढुंगा हानेपछि प्रहरीले लाठी प्रहार गरेको थियो।

डाम्ही मडै गाविस-३ बस्ने विनय साहलाई ०५१ साउन २६ गते स्थानीय इलाका प्रहरी चौकीका प्रहरी कुश्वेश्वर साहले एमालेको प्रचार गरेको भनी कुटपीट गरे। "यो जलेश्वर होइन, गाउँघरमा राजनीतिक कुरा गर्ने होइन" प्रहरी साहको आदेश थियो। यो विवाद बढ्न गई सदरमुकामबाट डीएसपी समेत आएर विवादलाई शान्त पारे। डीएसपी जयसिंह थापाले प्रहरीले गल्ती गरेको स्वीकार गर्दै छानवीन गर्ने वचन दिएका थिए।

भंगाहा गाविस-३ विरतामा दाउरा हटाउने विषयमा भनाभन हुँदा कवारी र अनुसारी दुई जातिबीच विभाजन भई सांघातिक आक्रमण भयो। यी दुबै एकै धर्मावलम्बी भए पनि धुनिया र जोलहा जातका भएका कारण जातीय आधारमा विभाजित भई झगडा गरेका थिए। यो झगडामा जुमराती कवारी, मुसलीन कवारी, धादुन कवारी र नथुनी कवारीलाई मरणासन्न हुने गरी अन्सारीहरूले पिटेका थिए।

श्रीपुर गाविस-२ स्थित श्रीराम जानकी मन्दीरका मठाधीश रामकिशोर दास वैष्णवलाई स्थानीय विन्देश्वर यादव, रामस्नेही दास वैष्णव, परमेश्वरदास वैष्णव र महेन्द्रकुमार यादवले अनेकौं दुःख दिई रहेका छन्। यी घटना यस वर्षभित्र पटक पटक भए। तर प्रशासन पीडकहरूकै पक्षमा रह्यो। कुनै सुनुवाई भएन। मन्दीरलाई मादक पदार्थ सेवनको थलोमा प्रयोग गर्ने ती पीडकहरूले भक्तजनहरूलाई पनि दुःख दिने गरेका छन्। यस सम्बन्धमा मठाधीशले अदालतमा उजुरी दिएका छन्।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक कारणबाट मानवअधिकारको उल्लंघनका घटनाहरू भएको पाइँदैन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

राजनीतिक गतिविधिमा कुनै रोक लागेको देखिएन। तर ०५१ कात्तिक २९ गतेको मध्यावधि निर्वाचनका सन्दर्भमा ठूला राजनीतिक पार्टीले आफ्नो प्रभावको गलत उपयोग गर्न खोजेको पाइयो। चारवटा निर्वाचन क्षेत्र रहेको यो जिल्लामा ४ क्षेत्र बाहेक अरूमा केही मतदान केन्द्रहरूमा पुनः मतदान गराउनु पऱ्यो। निर्वाचनका बेला सांघातिक हतियारको प्रयोग समेत भयो।

निर्वाचन प्रचार प्रसारका क्रममा भारतीय विधायक पप्पु यादव र अर्का नागरिक छोटन शुक्ला आएर यो जिल्लाको राजनीतिलाई नै प्रभावित गर्न खोजे। पप्पु यादवले यादव उम्मेदवार भनी जातीय प्रचार समेत गरे। उनले सर्लाही क्षेत्र-३ का राप्रपाका उम्मेद्वार रामविलास यादव, धनुषा क्षेत्र-५ का कांग्रेसका उम्मेद्वार डा. रामवरण यादव र सिराहाका कांग्रेसका उम्मेद्वार उर्मिला यादवको संयुक्त प्रचार गरेका थिए। छोटन शुक्लाले यस जिल्लाको क्षेत्र-२ र ३ का कांग्रेसका उम्मेद्वार महेश्वरप्रसाद सिंह र हरिशंकर मिश्रको प्रचार गरे। शुक्ला भारत मुजफरपुरका चर्चित हुल्याहा व्यक्ति मानिन्छन्।

निर्वाचनका दिन क्षेत्र-३ मा नेकपा (एमाले) ले ससौला गाविसको बुथ कब्जा गऱ्यो भने नेपाली कांग्रेसले बथनाहा गाविस बुथ कब्जा गऱ्यो। क्षेत्र-२ मा पर्सा पतैली गाविसको विसनपुरमा नेपाली कांग्रेसले बुथ कब्जा गरेपछि विरोधीहरूले मतपेटिकामा पानी हाली दिए। वनौली गाविस बुथमा बम र पड्का पड्काई मतादातालाई आतंकित गरी कांग्रेसले बुथ कब्जा गऱ्यो। निर्वाचन पर्यवेक्षण टोली समेतको विरोधमा त्यस दिनको निर्वाचन रद्द गरियो। भमरपुरा गाविसमा पनि कांग्रेसले बुथ कब्जा गरेकोमा राप्रपाका उम्मेद्वार महेन्द्र रायले विरोध गरे। निज रायलाई घेराउ गरियो र पछि सीडीओ र डीएसपीले उनलाई छुटाउनु पऱ्यो। यसै गरी क्षेत्र-१ मा बनौटा, हरिणमरी र खुट्टा पिपराडीको मतदान केन्द्रको निर्वाचन रद्द भयो। यी सबै केन्द्रमा ०५१ मंसीर २ गते निर्वाचन गराइयो।

०५१ कात्तिक २९ गते विहान ७ बजे क्षेत्र-२ का कांग्रेसका उम्मेदवार हरिशंकर मिश्रका छोरा मनीषकुमार मिश्र हातहतियार सहित मटिहानी भन्सारमा पक्राउ परे।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति जनताको नकारात्मक भावना छैन। न्याय भन्ने कुरा सरल र छिटोछरितो ढंगबाट प्राप्त हुनु पर्ने माग आम नागरिकले गर्दै आएका छन्।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी उल्लेख्य घटना पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

एकरहिया गाविस-४ गम्हरियाका हबिब राइन कवारीले ०५० पुस २५ गते विहान स्थानीय एउटी महिलालाई बलात्कार गरे। खेतमा खरानी छरिरहेका बेला पीडकले पछाडि समाती खेतमा लडाई बलात्कार गरेका थिए। पीडकलाई कानूनी सजायँ गर्न मुद्दा चलाइएको छ।

भीठामोड प्रहरी चेकपोष्टले मकवानपुर जिल्ला व्रम्हपोखरी-४ का गोपाल स्याङतान, हेटौंडाकी माया मोक्तान, भीमफेदीका ज्ञान लामा र चितवनका कुलमान जिम्याँलाई महिला बिक्री गर्न लैजाँदै गर्दा ०५० फागुन २३ गते पक्राउ गऱ्यो। उनीहरूले नयाँ कारखानामा काम लगाई दिने प्रलोभनमा चितवन शुक्रनगर ३ की १७ वर्षीय सीता विश्वकर्मालाई लगेका थिए। यी मध्येका ज्ञान लामालाई सोधपुछपछि तारेखमा छाडियो भने अन्य तीनजनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

बहुविवाह र जारीका घटनाहरू प्रशस्त हुने गरेको पाइन्छ। तर समाज बसेर आफै मिलाउने परम्परा रहेकाले कानूनी उपचार खोज्नेतिर कमै मात्र लागेका पाइन्छन्। वादी, देउकी यस जिल्लामा छैनन्। देह व्यापार धन्दाका रूपमा चलेको पाइएको छैन।

### ४.३ गर्भ पतन

यस वर्ष गर्भपतनको घटना औपचारिक जानकारीमा आएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

मटिहानी गाविस-४ की ९ वर्षकी किरण कुमारीको अतरार गाविसका १० वर्षीय लक्ष्मी खत्वेसंग सामाजिक रीतिपूर्वक ०५० माघ २९ गते विवाह गरियो। खत्वे जातिमा ५ वर्षको उमेर देखि बालविवाह गर्ने परम्परा रही आएको छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

धेरै औद्योगिक प्रतिष्ठानहरू नभएकाले यस्तो समस्या केही देखिएन।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ६.३ अन्य आर्थिक अधिकार

नैन्ही गाविसका अबास अन्सारी र कादिर अन्सारीलाई जबर्जस्ती ७५ हजार रूपैयाँ तिर्ने कागजमा हस्ताक्षर गराइएको छ। ०५१ भदौ ११ गते हिन्दू-मुश्लिम बीच झगडा गराउन खोजेको हो भनी मिलापत्रका नाउँमा गाउँका ठालु ईश्वरनारायण पाण्डे र चन्देश्वर झाले उनीहरूलाई भदौ १३ गते यस्तो कागज गराएका हुन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यहाँ हरूवा चरूवा राख्ने परम्परा सामान्य मानिन्छ। कतिपय हरूवा चरूवाहरूको परिवार समेतको सम्पूर्ण जीवन नै "मालिक" को घरमा बित्ने गर्छ। तर उनीहरू कहिल्यै पनि कानूनी उपचार खोज्न जाँदैनन्।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस सम्बन्धमा कसैको पनि आधिकारिक भनाई आएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित तर महत्वपूर्ण घटनाहरू)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाबाट कुनै घटना भएको भेटिएन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

### ९.३ जंगली जनावरद्धारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कसैको मृत्यु हुने र कोही घाइते हुने जस्ता घटनाहरू भएनन्।

### ९.४ आत्महत्या

हथिसर्वा गाविस-६ संग्रामपुरका चन्द्रकिशोर यादवले विष सेवन गरी ०५१ असार ८ गते आत्महत्या गरे। भाइ आफूभन्दा शिक्षित भएको र उसले आफूलाई हेप्ने गरेको तथा पत्नीले पनि गाली गलौज गर्ने गरेकाले निजले आत्महत्या गरेको कुरा छिमेकीहरूले बताएका छन्।

श्रीपुर गाविस-७ शेराटोलका १५ वर्षे कौशल दास ०५१ कात्तिक ९ गते रूखमा झुण्डिई मरे। मजदूरी गर्ने यी युवक आमाबाबुका एक मात्र सन्तान थिए। आत्महत्या गर्नु पर्ने कारण थाहा भएन।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

आतंक, डकैती, ब्ल्याकमेल जस्ता घटनाहरू प्रकाशमा आएको पाइएन।



# २. मध्यमाञ्चल

# जनकपुर

# २.३ सर्लाही

जनसंख्या : ४९२७९८

साक्षरता : २५.८ प्रतिशत

महिला साक्षरता : १३.२ प्रतिशत

क्षेत्रफल : १२५९ वर्ग कि.मी.

चुरे पहाड श्रृंखलादेखि दक्षिण तर्फ फैलिएको यो जिल्लाको सम्पूर्ण भाग तराई पर्दछ। यो तराईका घना वस्ती भएका जिल्लामध्ये एक हो। यो जिल्लाको झण्डै बीच भएर महेन्द्र राजमार्ग गएको छ। १ सय वटा गाविस र १ नगरपालिका रहेको यो जिल्लामा ५ वटा संसदीय निर्वाचन क्षेत्र छन्। यहाँका जनता मूलतः खेतीमा निर्भर छन्। वागमती नहरले केही भू-भागमा सिंचाई सुविधा पुर्‍याएको भए पनि अधिकांश ठाउँहरू आकाशे वर्षामा भर परेका छन्। २ वटा क्याम्पस, २८ वटा माध्यमिक, २ सय ५५ वटा प्राथमिक र २ वटा उच्च माध्यमिक विद्यालय भए पनि यो जिल्लामा साक्षरहरू मुलुकको औसत भन्दा पनि कम अर्थात २४ प्रतिशत मात्र छन्। सञ्चार तर्फ २० वटा हुलाक र वरहथवा, हरिवन, नवलपुर, ईश्वरपुर र लालवन्दीमा गरी ५ ठाउँमा टेलिफोनको व्यवस्था छ। समग्रमा तराईको जिल्ला भएर पनि यसले खास उन्नति गर्न सकेको छैन।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

पत्थरकोट-४ बस्ने जीतबहादुर योञ्जनकी २८ वर्षीय लाटी छोरीको बलात्कार गरी हत्या गरियो। ०५० फागुन १६ गते राती छिमेकमा विवाह हेर्न गएकी कमिस्या योञ्जनमाथि अज्ञात व्यक्तिहरूले यो अपराध गरेका थिए। फागुन १८ गते पत्थरकोट-२ मा मुखमा लुगा खाँदिको, हातखुट्टा बाँधेको र छातीमा चिथोरेको अवस्थामा उनको लाश फेला परेको थियो। पीडकहरूको पत्तो लाग्न सकेको छैन।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | २ | - |
| हिरासतमा यातना | - | ३ | - |
| बलात्कृत | - | ६ | ५ |
| आत्महत्या | - | - | २१ |

सासापुर-५ मोहनपुर बस्ने लक्ष्मी मोक्तानको पनि ०५१ बैशाख २५ गते सामूहिक बलात्कारपछि हत्या गरियो। कुवेतबाट फर्किएको लाहुरे मानबहादुर घिसिङले लक्ष्मीलाई विवाह गर्न खोजेका थिए। तर लक्ष्मीले आफू गरीब भएकाले गरीब परिवारसंग विवाह गर्न लागेकी थिइन्। उनको बैशाख २९ गते विवाह हुन लागेको थियो। यो कुरा थाहा पाएपछि पीडक घिसिङले दिसा बस्न गएकी लक्ष्मीलाई समाती सामूहिक बलात्कार गरेको र पछि घाँटी थिची हत्या गरिएको थियो। पीडक मानबहादुर र विष्णु घिसिङलाई थुनामा राखिएको छ। अन्य ४ जना फरार छन्।

०५१ मंसीर २ गते मत गणना स्थलमा प्रहरीले चलाएको गोलीबाट २० जना घाइते भए, ती मध्ये ७ जना गंभीर घाइते भएका थिए। क्षेत्र-३ मा पर्ने बारा उधोरण गाविसमा सत्तापक्षले धाँधली गरेको चर्चा जनतामा छ। सो मतदान केन्द्रको मत गन्ती सकिएपछि नेपाल सद्भावना पार्टीका कार्यकर्ताहरूले जिविस कार्यालयमा ढुंगा हाने। यसपछि उत्तेजित भएको भीडलाई शान्त गर्न प्रहरीले लाठी चार्ज, अश्रुग्याँस र २५ राउण्ड हवाई फायर गर्‍यो र पनि स्थिति शान्त नभएकाले गोली प्रहार गरियो। तर गोली लाग्नेमा तरकारी बेच्ने वा बजार आएका मानिस थिए।

यस बाहेक कर्तव्य गरी ज्यान मारेका ९ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्।

### १.२ जेल र बन्दीहरू

जिल्लाको सदरमुकाम मलंगवामा विक्रम सम्वत १९९० मा बनेको यहाँको जेल अत्यन्त जीर्ण अवस्थामा छ। १ सय बन्दी राख्ने क्षमता भएको यो जेलमा अहिले ४७ थुनुवा, ३७ बन्दी र १ बालिका गरी ८५ जना छन्। यी मध्ये १० जना महिला छन्। यो जेलमा सामान्य भौतिक सुविधा छ। गंभीर

रोग लागेका विरामीलाई जेल सरूवा गरी उपचार गरिने गरेको भए पनि यस निम्ति केन्द्रको आदेश पर्खनु पर्ने भएकाले समयमा उपचार हुन नसकेका थुप्रै बन्दी छन्। जेलमा ६० वर्षभन्दा माथिका ५ बन्दीहरू छन्। ६९ वर्षीय सागरदेवी यादवले १३ वर्ष जेल सजायँ काटी सक्दा पनि उनको मुद्दा अझै फैसला भएको छैन। जेलमा खाट नहुनुले ३ वर्षमा दिइने सुकुल भुईंमा ओछ्याएर सुत्नु पर्दा सुकुलले नथेग्ने गुनासो बन्दीहरूको छ। जेल जीर्ण अवस्थामा भएकाले सुरक्षाको प्रबन्ध राम्रो छैन।

### १.३ गिरफ्तारी र यातना

यस वर्ष गिरफ्तारी र यातनाका उल्लेखनीय घटना भएनन्।

### १.४ बेपत्ता पारिएको

यस्तो घटना भएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

परवानीपुर-६ तीनघरेमा ०५० माघ १७ गते रामकुमार थापाले धनमाया बोगटीलाई खुकुरी प्रहार गरे। थापाले सो दिन रक्सी खाएर आई स्थानीय पम्पसिंह बमजनको परालमा र आफ्नो घरमा समेत आगो लगाएका थिए। पीडकले साना किसान विकास आयोजनासँग १९ हजार र पीडित धनमायासँग समेत ऋण लिएको तर भएको ५ विघा जग्गा बेची रक्सी खाएको र ३ कट्ठा मात्र जग्गा भएकाले ऋण तिर्न नसक्नेदेखि यो अपराध गरेको हो भनी गाउँलेहरू बताउँछन्। पीडकलाई थुनामा राखिएको छ।

ढुंग्रेखोला-५ को २० वर्षीय जयन्ती खनाललाई शोभा घिसिङले घरमा पुरुष अभिभावक नभएको अवस्था पारी ०५१ जेठ २४ गते कुटपीट गरिन्। आफ्नो पतिसँग जयन्तीले अनैतिक सम्बन्ध राख्ने गरेकोले पिटेको भनी पीडकले बताइन्। पीडित युवतीले उनको आरोपलाई अस्वीकार गरिन्। पछि पीडक आफूले रीसका झोकमा यस्तो आरोप लगाएको भनी माफी मागी आर्थिक दण्ड समेत तिरिन्।

वरहथवा सोल्टी बजारमा ०५१ साउन २६ गते हरिनारायण झालाई रत्नबहादुर लामा लगायतकाले मरणासन्न हुने गरी पिटे। झा-एमाले र लामा-जनमोर्चा समर्थक भएकाले यी दुई बीच राजनीतिक ईबी भएको र सोही कारणले पिटेको बताइएको छ। पीडकहरूमाथि सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा चलाइएको छ। तर उनीहरू सबै फरार छन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको पनि मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

वाम घटकहरूले सर्वदलीय सरकारको माग गरी ०५१ साउन ५ गते गरेको नेपाल बन्द कार्यक्रम सफल गर्न



मलंगवा जेल

बयलबासमा भेला भएका मोहनराज गोले र रामविनय महतोलाई सरूत घाइते बनाइयो। एमाले समर्थक यी पीडितहरूलाई गाविस अध्यक्ष, इलाका सदस्य लगायतको जमातले पिटेको थियो। १२ बजेपछि सिनेमा हल लगायत पसलहरू खुल्न लागेपछि बन्दको आयोजकका तर्फबाट हल, पसल बन्द गर्न आग्रह गर्दा यो घटना भएको थियो।

निर्वाचन प्रचारका क्रममा ०५१ कात्तिक ११ गते संयुक्त जनमोर्चा नेपालले क्षेत्र-५ मा आयोजना गरेको साइकल र्‍यालीमा राप्रपा समर्थक जमातले आक्रमण गर्‍यो। सोही दिन राप्रपाले छतौना गाविसमा आमसभा राखेको थियो। जुलुश आमसभा नेर आई पुगेपछि दुबै पक्षले गाली गलौजपूर्ण नारा लगाए। त्यसपछि राप्रपा समर्थकहरूले महिला चढेको ट्याक्टरमा आक्रमण गरेका थिए। पछि दुबै पक्षबीच मिलापत्र भयो।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न जातजाति र भाषाभाषी तथा विभिन्न धर्मावलम्बीहरू बसोबास गर्दछन्। यहाँ यस वर्ष धार्मिक वैमनस्यका कारण कुनै घटना भएन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

बरहथवा बजारमा ०५१ कात्तिक २७ गते राती सुतिरहेको अवस्थामा अज्ञात व्यक्तिहरूको जमातले गोपीकान्त झामाथि आक्रमण गर्‍यो। सो दिन दिउँसो नेकपा (एमाले) को आमसभामा भाग लिएपछि राती संयुक्त जनमोर्चा नेपालका उम्मेद्वार वैद्यनाथ महतोसँग उनी एउटै होटेलमा बसेका थिए। राती एक्कासी हमला भएपछि लुगा र नगद समेत छोडी उनी ज्यान बचाएर भागे। पछि सहयोगी सहित आउँदा त्यहाँ कोही थिएनन्। वैद्यनाथले आफूले केही थाहा नपाएको बताए। पीडित झाले वैद्यनाथले आफूलाई जनमोर्चाको प्रचारमा आउन भनेका तर आफू नगएकाले उनले यो षडयन्त्र गरेको हुन सक्ने कुरा बताएका छन्।

मध्यावधि निर्वाचनमा वारा उधोरण गाविस मतदान

केन्द्रमा सत्तापक्षले मतदातालाई आतंकित बनाएर आफ्नो पक्षमा मत खसालेको कुरा विपक्षले बताएको छ। मतदान अधिकृत बहुरीप्रसाद चौधरीले समेत यो केन्द्रमा धाँधली भएको स्वीकार्नु भयो। स्थितिलाई आतंकित बनाएका कारण थुप्रै मतदाता भोट खसाल्न गएनन्।

बलरा गाविस मतदान केन्द्रमा बम पड्किने हल्ला फिंजाएर मतदातालाई आतंकित पारेपछि सत्तापक्षले बुथ कब्जा गरेको आरोप विपक्षले लगाएको छ।

यी घटनाका अतिरिक्त मध्यावधि निर्वाचनमा कौडेना, जमुनिया, अर्ना र किसानपुर गाविसका मतदान केन्द्रमा कांग्रेस र राप्रपाले कब्जा गरेको आरोप अन्य विपक्षीहरूले लगाएका छन्।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

आम जनतामा न्यायालयप्रतिको धारणा त्यति सकारात्मक पाइँदैन। घुस दिन नसक्नेले मुद्दा जित्दैन भन्ने आमधारणा रहेको छ। न्यायिक प्रक्रिया अत्यन्त ढिलो भएकाले खर्चिलो समेत देखिन्छ। यस जिल्लामा सवभन्दा बढी मुद्दा जग्गा सम्बन्धी छन् भने दोस्रो स्थानमा लेनदेन सम्बन्धी मुद्दा रहेका छन्। यस वर्ष जम्मा ३७६ मुद्दा फछ्र्यौट भए भने १ हजार ७ सय ४० मुद्दा फछ्र्यौट हुन बाँकी छन्।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेखनीय घटना भएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो जिल्लामा गत वर्ष साउनमा आएको बाढीले सुकुम्बासीहरूको संख्या बढाई दियो। सुकुम्बासी आयोगका पूर्व अध्यक्ष अशोक खनालका अनुसार यस जिल्लामा लगभग २५ हजार सुकुम्बासी छन्। ती मध्ये ५ सयलाई घरको व्यवस्था गरिएको छ। तर उनीहरूले रोजगारी नपाएकाले जीवन गुजारा गर्नु कठीन हुँदै गएको छ। जो घरवार विहीन छन् - उनीहरू ऐलानी जग्गामा बस्छन् र जमिन्दारका दासका रूपमा काम गरी जीवन गुजारा गर्छन्। उनीहरू खासगरी वागमती किनार, कर्मैया, शंकरपुर, राजघाट, हजारिया, ढुंग्रेखोला आदि क्षेत्रमा बसेका पाइन्छन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

ढुंग्रेखोला-४ का सानु थापाले भगाएर ल्याएकी १४ वर्षीय वालिका सन्तोषी बडाललाई मानसिक रूपमा यातना दिइरहेका छन्। सन्तोषीलाई ०५० पुस २५ गते गुण्डाहरू सहितको दलवलले भगाएर लगी सानुले सिन्दूर पोते लगाइदिएका थिए। प्रहरीले ३ दिनपछि फेला पारी प्रहरी चौकीमा ल्याएकोमा दुबैले विवाहमा मञ्जुरी गरेकाले छाडिएको थियो। अहिले पनि सानुले आफ्ना साथीहरू लगाएर सन्तोषीलाई बलात्कार गराउने धम्की दिने गरेका छन्।

हरिऔन-६ सुखेपोखरी की १० वर्षीय बालिकालाई २५ वर्षीय रामविश्वास रायले ०५१ भदौ ५ गते बलात्कार गरे। पीडकले ती बालिकालाई उखुवारीमा लगेर मुखमा कपडा कोची बलात्कार गरेका थिए। पीडक फरार रहेका छन्।

कर्मैया-१ बागमती वस्ने दुई सन्तानकी आमालाई पति घरमा नभएको मौका पारी ०५१ भदौ १७ गते राती कालुमान ड्यासुर र कुमार घिसिङले बलात्कार गरे। पीडकहरूलाई थुनामा राखिएको छ।

हजारिया-९ वस्ने ३५ वर्षका शंभु बानियाले ०५१ पुस १४ गते २ बच्चाकी आमालाई बलात्कार गरे। पीडितको पति नभएको मौका पारी बलात्कार गर्न गएका पीडक घटना थाहा पाएर गाउँले आएपछि भाग्न खोज्दा अत्तालिएर खुकुरी राखेको ठाउँमा लडे। उनको छातिमा गंभीर चोट लाग्यो। पीडकलाई प्रहरीले हिरासतमा लिई उपचार गराएको थियो।

जानकीनगर-७ की महिलालाई घरमा कोही नभएको अवस्थामा केशव सिंहले बलात्कार गरे।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

भक्तिपुर-१ माभ्फीटोलका ५५ वर्षीय बाबुकाजी चौहानले घरमा ४ छोरी र १ छोराकी आमा हुँदाहुँदै दुई छोरा र एक छोरीकी आमा राममाया कुसुवारलाई विवाह गरेका छन्। राममायाको पहिलेको पतिले जारीका लागि बयलवास चौकीमा निवेदन दिएका छन् भने बाबुकाजी फरार छन्।

### ४.३ गर्भ पतन

यस वर्ष २ वटा गर्भपतनका घटना प्रहरी कार्यालयमा दर्ता भए। हजारिया-९ को एउटा घटना अवैध रूपले वोकेको गर्भ थियो भने लालवन्दीको अर्को घटनामा देवकुमारी मल्ललाई घरायसी भ्फगडामा कुटपीट गरिंदा गर्भपतन भएको थियो।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

गरीब र सुकुम्बासी परिवारका बालबालिकाहरू होटल र जमिन्दारका घरमा नोकरका रूपमा बसेका पाइन्छन्। यिनीहरूलाई दिनको १८ घण्टासम्म काम लगाइन्छ र दुई छाक खान दिएर १ सय देखि ३ सय रूपैयाँसम्म दिइने गरेको छ। अर्काथरी बाल मजदूरहरू वागमती नदीका किनारमा ढुंगा फुटाएर वा बालुवा चालेर बसेको पाइन्छ। उनीहरूले शिक्षा पाउने कुरा टाढाको कल्पना मात्र हुन्छ, एकसरो लुगा पनि राम्रोसंग लाउन पाएका हुँदैनन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

इन्दुशंकर चिनी मीलमा काम गर्ने मजदूर रामचन्द्र दास लगायत ५ जनालाई राजनीतिक कारणवाट निष्काशन गरेको २ वर्ष भइसकेको छ। उनीहरूको बहालीका लागि

पटक पटक आन्दोलन हुने गरेको छ। तर कारखानाले सधैं बेवास्ता गर्दै आइरहेको छ।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

### ६.३ अन्य आर्थिक अधिकार

अन्य आर्थिक अधिकारका सम्बन्धमा पनि कुनै घटना देखिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

"मालिक" का घरमा बस्ने हरुवा, चरुवा, दास दासीहरूको संख्या ठूलो छ। एउटा जमिन्दारका घरमा सामान्यतया ४/५ जना यस्ता मानिस राखेको पाइन्छ। कतिपय पुर्खौंदेखि बसेका छन् भने केही अस्थायी रूपमा बसेका पाइन्छन्।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

कुनै घटनाका बारेमा कसैले पनि प्रतिक्रिया व्यक्त गरेको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यस वर्ष प्रहरी कार्यालयमा १६वटा सवारी दुर्घटनाका घटना दर्ता भए र यी घटनामा १६ जनाको मृत्युभयो। सवारी दुर्घटनामा अन्य २ जना घाइते भए।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस वर्ष बाढी, पहिरो र आगलागी जस्ता विपत्तिहरू देखा परेनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

### ९.४ आत्महत्या

कमैया-१ बागमतीमा १० वर्षका नाबालक सिद्धार्थ चौधरीले ०५१ असोज १ गते साँझ गम्छाले पासो लगाई आत्महत्या गरे। उनले अघिल्लो दिन हिन्दी फिल्ममा आत्महत्याको दृश्य हेरेको र पछि "हामीले त्यसो गर्‍यौं भने मर्छौं कि मर्दैनौं ?" भनी प्रश्न गरेकोले प्रयोगका रूपमा उनले आत्महत्या गरेको हुन सक्ने कुरा छिमेकीहरूले बताएका छन्।

यस बाहेक अन्य २० वटा आत्महत्याका घटना प्रहरी कार्यालयमा दर्ता भएका छन्।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती आदि

कोडेना-१ कोडेना बजारकी रामपतिया मुखियाको घर ०५१ असार ८ गते गाविस अध्यक्ष रामस्वरूप गय यादवको नेतृत्वमा आएको हूलले लुट्यो। लुटेराहरूले मालमत्ता मात्र लगेनन्, घरका भाटा, बलो, खाँबा सबै लगे। गरीब परिवारकी भएकीले मुखियामाथि जबर्जस्ती अन्याय गरेको छिमेकीहरूको धारणा छ। पछि सीडीओले दुवै पक्ष राखी गाविसले जग्गा उपलब्ध गराउने, मौजे चौधरीले घर बनाई दिने र लुटेका सामान फिर्ता दिने कुरामा सहमति गराए। तर यो सहमति लागू भएको छैन।

यस बाहेक, यस वर्ष ५ वटा डकैतीकाण्ड भए। त्यसमध्ये हथिऔल गाविस-९ का प्रसाद लोहारको घरमा डकैती गरी रहेको एक डाँकालाई गाउँलेहरूले फेला पारी कुटपीट गर्दा निजको मृत्युभयो।

■



# २. मध्यमाञ्चल

# जनकपुर

## २.४ सिन्धुली

जनसंख्या : २२३९००
साक्षरता : ३२.६ प्रतिशत
महिला साक्षरता : १७.४ प्रतिशत
क्षेत्रफल : २४९१ वर्ग कि.मी.

जनकपुर अञ्चलको एक जिल्ला सिन्धुली झण्डै आधा भित्री मधेश र आधा पहाड मिलेर बनेको छ। महाभारत श्रृंखलाले यो जिल्लालाई स्पष्ट रूपमा दुई भागमा विभाजित गर्दछ। राजधानीबाट पूर्व एउटा जिल्ला - काभ्रेपलाञ्चोक - छाडेपछि भेटिने यो जिल्ला यातायातको दृष्टिकोणले पिछडिएको छ। जिल्लाको सदरमुकाम सिन्धुलीमाढीलाई महेन्द्र राजमार्गसँग धुले सडकले जोडेको छ। वर्षभरमा ५ महिना मात्र चालु रहने यो सडकले यस जिल्लाका थोरै मात्र बासिन्दालाई "यातायात सुविधा" प्रदान गरेको छ। यसबाट जिल्लाको भौगोलिक विकटता जान्न सकिन्छ। यस जिल्लामा २ वटा क्याम्पस, २७ वटा माध्यमिक विद्यालय, २२ वटा निम्न माध्यमिक विद्यालय र २ सय ९३ वटा प्राथमिक विद्यालय रहेका छन्। तापनि यस जिल्लाको शैक्षिक चेतनाको स्तर माथि उठ्न सकेको छैन। यस जिल्लाका मानिसहरूको मुख्य पेशा खेती नै हो। यहाँ औद्योगिक कारखाना छैन। अशिक्षित र अर्धशिक्षित अधिकांश युवा युवतीहरू राजधानीका गलैंचा उद्योगहरूमा रोजगारीका लागि गएका छन्। यस वर्ष पनि मानवअधिकार हननका दृष्टिकोणले यो जिल्ला निष्कलंक रहेन।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

काठको अवैध कटानीमा लागेको भनी कटानीमा संलग्न व्यक्तिलाई गिरफ्तार गर्ने क्रममा ०५१ भदौ ९ गते रानीवास गाविस-१ स्थित रेञ्जर पोष्टका प्रहरीले हवाई फायर गरे। यस घटनामा धर्मलाल माझी र पूर्णलाल माझीलाई गिरफ्तार गरियो। घटनामा एक पक्षले रेञ्जर सुरेन्द्र सिंहले ज्यादती गरेको आरोप लगाए। राजनीतिक पार्टीका प्रतिनिधि, सीडीओ, डीएसपी र डीएफओ समेतको छलफलपछि गिरफ्तार गरिएका दुवैजनालाई रिहा गरियो। तर रेञ्जर सुरेन्द्र सिंहले यही घटनाका सन्दर्भमा केही स्थानीय व्यक्तिका नाममा सार्वजनिक मुद्दा दायर गरे। तर यसको कुनै सुनुवाई भएन।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | १ | - |
| हिरासतमा यातना | - | ४ | २ |
| बलात्कृत | - | २ | २ |
| आत्महत्या | - | - | ६ |

मकवानपुर जिल्ला राई गाविस-६ को ५० वर्षीय रामलाल थापा मगरको ०५० फागुन २ गते सिन्धुली जिल्लाको पिपलमाढी गाविस-९ मा हत्या गरियो। इन्द्रबहादुर बलको छोरीको विवाहको निम्ता मान्न आएका थापामगरलाई घरायसी लेनदेनका विषयमा भनाभन हुँदा खुकुरी प्रहार गरी हत्या गरिएको थियो। प्रहरी चौकी महेन्द्रझाडी (सिन्धुली) र मृतकको छोरा अशोक थापा मगरको जाहेरी अनुसार, यो हत्यामा संलग्न भएको अभियोगमा मकवानपुर जिल्ला राई गाविस-६ का कृष्णबहादुर पहरी, वीरबहादुर पहरी, जुग्ते पहरी, शन्तबहादुर पहरी, धौले पहरी, उदयपुर जिल्ला रघुटार गाविस-७ घर भई सोही ठाउँ बस्ने कुमार पुलामी मगर र पिपलमाढी-९ बस्ने सार्की पहरीलाई गिरफ्तार गरी कारागार शाखा सिन्धुलीमा राखिएको छ।

हतपते गाविस-१ को कृष्णबहादुर तामाङ्गले ०५० फागुन १४ गते धनुषा यज्ञभूमि गाविस-१ बस्ने भवान सिंह लामाको हत्या गरे। विवाहको निम्ता मान्न आएका लामा र तामाङ्गबीच भनाभन हुँदा कुटपिट भएको थियो। कुटपिटमा गम्भीर घाइते भएका लामाको जनकपुर अञ्चल अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। पीडकलाई प्रहरीले थुनामा राखेको छ। सामान्य झगडा कै कारण यो घटना भएको देखिन्छ।

आफ्नै आमाले ६ महिनाकी अबोध बालिकाको निर्मम हत्या गरिन्। यो घटना ०५१ साउन १४ गतेको हो। महोत्तरी जिल्ला बेलगाछी घर भई सिन्धुलीमाढीमा डेरा गरी

बस्ने श्रीमती सन्जोतिया देवी साहले चुलेसीले छोरीको घाँटी रेटिन् र आफूले पनि आत्महत्या गरिन्। छोरीको काठमाडौं वीरअस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो।

नेत्रकाली गाविस-७ को बीजबहादुर घोलेको आफ्नै छोरा कृष्णबहादुर घोलेले राती सुतेको अवस्थामा ०५१ असोज १५ गते खुकुरी प्रहार गरी हत्या गरे। दिउँसो बाबु छोरा बीच सामान्य मनाभन भएको र सोही कारणबाट हत्या गरिएको आशंका स्थानीय बासिन्दा र प्रहरीले गरेका छन्। पीडक सिद्धेश्वर बहुमुखी क्याम्पसमा प्रमाणपत्र तह प्रथम वर्षमा अध्ययन गर्दै थिए। उनी अहिले फरार रहेका छन्।

लदाभीर गाविस-४ को पुष्पलाल राईले ०५१ असोज ३० गते राती आफ्नै २६ वर्षीय दाजु सुब्बालाल राईको खुकुरी प्रहार गरी हत्या गरे। दाजु भारतमा नोकरीका लागि गएको बेला भाउजुसंग देवरको यौन सम्बन्ध रहने गरेको थियो। यो सम्बन्ध दाजुले थाहा पाएपछि दाजुभाइबीच मनाभन भयो। यही कारण दाजुको हत्या गरेको कुरा पीडकले प्रहरी समक्ष स्वीकार गरेका छन्। पीडकलाई हिरासतमा राखिएको छ।

## १.२ जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी राख्न सकिने क्षमता भएको जेल छ। ०२८ सालमा निर्मित यो जेल - भौतिक सुविधाका हिसाबले दयनीय बन्दै गएको छ। खानेपानीको अभाव र वर्षामा पानी चुहिने - यी दुई मूल समस्या देखिन्छन्। उपचार, खेल सामाग्री, पत्रपत्रिका - यी कुरा बन्दीहरूले सुनेका छन् - तर उपभोग गर्न पाएका छैनन्। महिला बन्दीगृह तर्फ खाना पकाउने, बस्ने सुत्ने र शौचालय एकै ठाउँमा रहेको छ।

यो जेलमा यो वर्ष ७७ जना बन्दी राखिएका थिए। ती मध्ये ११ जना राजाको जन्मदिनमा छुटे भने ८ जना पुर्पक्षका क्रममा छाडिए। अहिले बाँकी रहेका ५८ जनामध्ये २ जना महिला, एक नावालिका र बाँकी पुरुषहरू छन्। यो जेलमा रहेका अधिकांशमाथि वन मुद्दा लागेको छ।

यसै वर्ष साउन १८ गते सम्पूर्ण बन्दीहरूका तर्फबाट प्रजिअलाई माग पत्र पठाई भौतिक सुविधाको व्यवस्था गर्न अनुरोध गरियो।

## १.३ गिरफ्तारी र यातना

यस जिल्लामा मुख्यतः वन मुद्दामा फसाई प्रतिशोध लिने गरेका थुप्रै घटना छन्। यस बाहेक राजनीतिक प्रतिशोधका कारण पनि गिरफ्तार गर्ने र यातना दिने गरिएको पाइन्छ।

जंगल फडानी गरेको अभियोगमा भिमान गाविस-२ का दलबहादुर तामाङ्ग र शम्भुबहादुर क्षेत्रीलाई ०५१ साउन १४ गते जिल्ला वन कार्यालयले गिरफ्तार गऱ्यो। जंगलमा गस्ती गर्न गएको टोलीले उनीहरूलाई गिरफ्तार गरेको थियो। उनीहरूले आफूलाई यातना समेत दिएको बताएका छन्।

सिद्धेश्वर आदर्श गाविस-४ का नारायण अधिकारीलाई ०५१ पुस १६ गते बजारबाट घर फर्की रहेका बेला विनापूर्जी वन कार्यालयका सुरक्षाकर्मीहरूले गिरफ्तार गरे। उनलाई वन अधिकृतको कार्यालयमा स्वयं वन अधिकृत जीवनकुमार ठाकुरले कुटपिट गरे। काठ ठेकेदार हेलकुमार प्रजापतिले काठ काट्न खोज्दा काट्न नदिएको भन्ने मौखिक उजुरीको आधारमा अधिकारीलाई कुटपिट गरिएको थियो। राजनीतिक पार्टीहरूले उनको गिरफ्तारीको विरोध गरेपछि उनलाई छाडिएको थियो।

मध्यावधि निर्वाचनका बेला नेपाल कम्युनिष्ट पार्टी (एमाले) का गंगा नेपाल, लक्ष्मण कार्की र हेमबहादुर लामालाई वारेण्ट जारी गरिएको थियो। तत्कालीन राजनीतिक विपक्षी भएका कारण प्रतिशोधका लागि यस्तो वारेण्ट जारी गरिएको भनिन्छ।

## १.४ बेपत्ता पारिएको

यो वर्ष यस जिल्लामा बेपत्ता पारिएको घटना थाहा हुन सकेन।

## १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

संयुक्त जनमोर्चा नेपालका जिल्ला सदस्य कमलजंग राईमाथि डिएसपी पोषेन्द्रध्वज खाँणले दुर्व्यवहार गरेको घटनाले पनि ज्यान मार्ने धम्कीको रूप लियो। ०५१ बैशाख २७ गते सीडीओ, डीएसपी, जिल्ला विकास समितिका सभापति, नेकपा (एमाले) का नेताहरू रमेश कार्की र शान्तिमान कार्कीको समूह महेन्द्र झ्याडी गाविस जुटपानी पुगेको थियो। जनमोर्चाका राई पनि त्यसै क्षेत्रमा हुनु हुन्थ्यो। डीएसपीको जीप फसेकाले राई पनि सहयोगका निम्ति आउनु भएको थियो। उहाँलाई देख्नासाथ डीएसपीले - "यो बामे यहाँ किन आएको - म यसलाई बन्दूकले उडाई दिन्छु" भनी लात्तीले हाने। डीएसपीले यस्तो घटना नभएको बताए पनि एमाले नेताहरूले यो घटना स्वीकार गरेका छन्। यही घटनालाई लिएर डीएसपीले माफी समेत मागेका थिए।

जिविसका उपसभापति ध्रुवप्रसाद पहाडीले जिशिअ ध्रुव जोन्छेमाथि राती सुतिरहेको अवस्थामा ०५१ असार ८ गते हातपात गरे र ज्यान मार्ने धम्की समेत दिए। उपसभापतिसँगै गएका नेपाली कांग्रेसका कार्यकर्ता विनोद गुरुङले जोन्छेकी पत्नीलाई लछार पछार गरेका थिए। शिक्षकहरूको नियुक्तिमा पहाडीले भनेका व्यक्तिहरू सबैले नियुक्ति नपाएकोमा यो आक्रमण भएको कुरा पीडित जोन्छेले बताउनु भयो। यो घटनाका पीडकमाथि कुनै कारवाही भएन।

जलकन्या गाविस-४ चपौली बस्ने रूद्रप्रसाद चौलागाईंले आफ्नी भाउज्यू नीराकुमारी चौलागाईंलाई ०५१ साउन १० गते मरणासन्न हुने गरी पिटे। आफ्नो खेतमा पानी लगाई राखेको बेला देवरले बाँसका भाटाले भाउज्यूलाई पिटेका थिए। पीडितका शरीरमा १० ठाउँमा नीलडाम थिए। दाजुभाइबीच अंशवण्डाको झगडा भएका कारण भाउजुमाथि यस्तो आक्रमण भएको कुरा दाजु कृष्णप्रसाद चौलागाईंले

बताएका छन्। दाजुभाइको अंशवण्डा मुद्दा जिल्ला अदालतमा चली रहेको छ।

### १.६ थुनामा मृत्यु

यो वर्ष कसैको पनि थुनामा मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

मध्यावधि निर्वाचनको घोषणा भएपछि वाम घटकहरूले आयोजना गरेको नेपाल बन्द र विरोध प्रदर्शनका कार्यक्रमहरू यस जिल्लामा पनि भए। साउन ५ देखि भदौ ३ गतेसम्म भएका सबै कार्यक्रम शान्तिपूर्ण तवरमा सम्पन्न भए। तर साउन ८ गतेको मशाल जुलुशमा अज्ञात व्यक्तिहरूले ढुंगा प्रहार गरे। त्यसैगरी साउन ३२ गते भएको मशाल जुलुशबाट संयुक्त जनमोर्चा नेपाल (भट्टराई) का जिल्ला संयोजक चित्रनारायण श्रेष्ठलाई गिरफ्तार गरियो। यो जुलुशमा भोलिपल्ट अर्थात भदौ १ गते नेपाल बन्दको आव्हान गरिएको थियो।

### २.२ धार्मिक स्वतन्त्रता

यो जिल्ला मूलतः हिन्दू वाहुल्य जिल्ला हो। मुश्लिम धर्मावलम्बीहरू नगण्य छन्। यहाँ सनातन देखिको धार्मिक सद्भाव छ। तर धर्मका आधारमा भन्दा पनि जातीय आधारमा छुवाछूत र भेदभाव कायम छ।

२.३ राजनैतिक स्वतन्त्रता (स्वतन्त्र, निष्पक्ष चुनाव समेत) को अधिकार

संविधान प्रदत्त राजनीतिक अधिकारमा कुनै रोक लागेको पाइएन। तर यसै वर्ष मध्यावधि निर्वाचन समेत परेकाले पार्टीहरू बीच सामान्य अप्रिय घटनाहरू भए। मतदाताहरू स्वतन्त्र र निष्पक्ष रूपमा मतदान गर्न नपाउने स्थिति केही ठाउँमा उत्पन्न भयो। ३ वटा निर्वाचन क्षेत्र रहेको यस जिल्लामा क्षेत्र-३ को निर्वाचनमा बढी टिकाटिप्पणी भए। क्यानखोला, हरिहरपुरगढी र भँगाभोली रातमाटामा तत्कालीन सत्तारूढ पार्टी नेपाली कांग्रेसले अन्य विपक्षी पार्टीका प्रतिनिधि समेत बस्न दिएनन्। मृतक र नभएका व्यक्तिका नाममा मत खसाल्ने क्रममा पार्टीहरूको वर्चश्व अनुसार कम बेसीका घटना अधिकांश वुथमा देखा पऱ्यो। सामान्य मतदातालाई पैसा दिएर मतलाई प्रभावित गरेका घटना सामान्य बने।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक अधिकारका क्षेत्रमा खास उल्लेखनीय प्रगति हुन सकेन। यस जिल्लामा वन मुद्दा सबभन्दा बढी पर्ने गर्छन्। कतिपय राजनीतिक प्रतिशोधका कारण वन मुद्दा लगाइएका हुन्छन्। यसवर्ष पुर्पक्षका लागि जेलमा राखिएका ८ जना मात्र छुट्नुले न्यायिक प्रक्रिया सरल र सुगम हुन सकेको छैन भन्ने निर्णयमा पुग्न सकिन्छ।

### २.५ सरुवा / बढुवा / पक्षपात आदि

यस जिल्लामा मूलतः शिक्षा पेशामा देखिने पक्षपातपूर्ण सरूवाका घटना यो वर्ष देखिएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो जिल्लामा सुकुम्बासी भएर नै होला - सरकारका तर्फबाट गठन गरिएको जिल्ला स्तरीय सुकुम्बासी आयोग यस जिल्लामा पनि छ। तर यो आयोगले यस वर्ष कुनै उल्लेखनीय काम गरेको देखिएन। केही सामन्तको चपेटामा परेर सुकुम्बासी हुने प्रक्रियामा कमी हुँदै आए पनि प्राकृतिक प्रकोपको कारण वर्षेनी सुकुम्बासीहरू बढ्दै गएका छन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

यस वर्ष महिला किनबेच र बलात्कारका दुई वटा घटना मात्र न्यायिक क्षेत्रमा दर्ता गरिए।

उदयपुर जिल्ला कटारी घर भै सिन्धुलीमाढी बजार बस्ने १५ वर्षीय विमला सिंहलाई ०५० पुसमा रमेश के.सी. भन्ने तुलाराम खड्काले भारतको बम्बईमा वेश्यालयमा लगेर बेचे। विवाह गर्ने प्रलोभन दिएर उनले विमलालाई बम्बई कमठापुरी गल्ली-९, घर नं. ३०७ मा पुऱ्याई २५ हजार रूपैयाँमा बेचेका थिए। पीडित महिला जेठ १६ गते नेपाल फर्केकी छिन्। पीडकलाई अन्य घटना समेतका सन्दर्भमा भापा जेलमा कारबाहीका लागि राखिएको छ।

काभ्रेपलाञ्चोक जिल्ला धुलिखेल नगरपालिका-३ की वर्ष २० की सन्जु शाहीलाई पनि विवाह गर्ने प्रलोभनमा सिन्धुली भीमथान-१ बस्ने वीरवहादुर श्रेष्ठ र काभ्रेपलाञ्चोक कात्तिके-४ का कृष्णबहादुर गिरीले ०५१ असोज १८ गते घरबाट भगाई लगे। उनीहरू दुवैले बाटोमा अनुचित सम्बन्ध राखेको भनी जिल्ला अदालत सिन्धुलीमा पीडित महिलाले बयान दिएकी छिन्। पीडकहरू दुबैलाई कारागारमा राखी छानवीन गरिंदैछ। उनीहरूले ती युवतीलाई बिक्री गर्ने उद्देश्यले सिन्धुली हुँदै लगेको आशंका गरिएको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस जिल्लामा तल्ला जातिहरूमा जारी प्रथा अझै कायम छ। बहुविवाहलाई पुरुषार्थका रूपमा लिइने प्रचलनमा कमी आउन सकेको छैन। तर कमैले कानूनी उपचार खोज्ने गरेका छन्। यस जिल्लामा देउकी छैनन्। धन्दाकै रूपमा देहव्यापार गरेको पाइँदैन।

तर यस वर्ष बहुविवाहको एउटा रोचक घटना भयो - ०५० फागुन २५ गते डाँडी गुराँसे गाविस-८ बेल्टार का २५ वर्षीय जीतबहादुर बमजनले सर्लाही जिल्ला डाइनी-७ का

एकै घरका दुई दिदी बहिनी २३ वर्षीय विश्वमाया र १८ वर्षीय सुन्तलीमायालाई एकै लगनमा विवाह गरे। राजधानी काठमाडौंको गुह्येश्वरी मन्दिरमा भएको यो विवाहले चर्चा मात्र पायो, कानूनी रूपमा कसैले वास्ता गरेन।

यसैगरी, शिक्षक छविलाल काफ्ले र खड्गप्रसाद फुयाँलले गरेको बहुविवाह जिल्लामा चर्चाको विषय बन्यो। तर कानूनी कार्वाही भएन।

**४.३ गर्भ पतन**

यस वर्ष गर्भपतनका कुनै घटना प्रकाशमा आएनन्।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

यस जिल्लाका थुप्रै बालबालिकाहरू गलैंचा कारखानामा काम गर्न काठमाडौं जाने चलन छ। साथै सदरमुकामका अधिकांश होटलमा बालबालिकाहरू नै भाडा माझ्ने काममा लागेका पाइन्छन्। उनीहरू शिक्षाबाट वञ्चित त छन्, स्वास्थ्यका दृष्टिले पनि नाजुक स्थितिमा बाँचेका हुन्छन्। अनौपचारिक शिक्षा सेवा केन्द्रले केही ठाउँमा बालकक्षा सञ्चालन गरेर शैक्षिक चेतना बढाउन थालेको छ।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)**

यस सम्बन्धी कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

घरेलु नोकरका रूपमा काम गराउने प्रचलन रहे पनि दास-दासीका अर्थमा पूर्ण रूपमा बन्देज लगाएर काम गराएको देखिँदैन।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि**

यस्तो केही पाइएन।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)**

क्यानेश्वर गाविस-२ को लम्पाते भीरबाट लडेर ०५० माघ २० गते २० वर्षीय सुकुमाया विश्वकर्माको मृत्युभयो। उनी घाँस काट्न गएकी थिइन्।

टाँडी गाविस-२ का दानबहादुर सार्कीको कमला खोलामा डुल्दै गर्दा लडेर पानीमा डुबी ०५० चैत २५ गते मृत्युभयो।

**९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)**

भिमान गाविस-४ की ८ वर्षीय विमलाकुमारी घिसिङको आगलागीमा परी ०५० माघ २० गते मृत्युभयो। लाल्टीनमा मट्टीतेल हाल्न लाग्दा अकस्मात आगलागी भएको थियो। सोही घटनामा २१ वर्षीय इन्द्रकुमारी मुजेलको पनि मृत्यु भएको थियो।

जलकन्या गाविस-४ का रूद्रप्रसाद चौलागाईंले अंशवण्डाको झगडाका कारण ०५१ साउन १२ गते मध्यरातमा दाजु कृष्णप्रसाद चौलागाईंको घरमा आगो लगाई दिए। आगलागीमा अन्न र लत्ताकपडा नष्ट भए।

रानीचुरी गाविस-५ बस्ने ५५ वर्षीय पुन्टे विश्वकर्माको ०५१ भदौ २५ गते कमला खोलाले बगाई मृत्यु भयो। सोही घटनामा पदमबहादुर विश्वकर्माको पनि मृत्यु भएको थियो।

**९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि**

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

**९.४ आत्महत्या**

तामाजोर गाविस-९ की २२ वर्षीय असलीमाया तामाङले ०५१ जेठ १४ गते आत्महत्या गरिन्। शान्तेश्वरी मा.वि. रामपुरमा कक्षा १० मा पढ्दै गरेकी ती युवतीमाथि खराब चरित्रको आरोप लगाइएपछि त्यसलाई खप्न नसकेर आत्महत्या गरेको आशंका गरिएको छ।

सिद्धेश्वर आदर्श गाविस-४ का सोमबहादुर थामीको ६ वर्षीय छोरा मंगले थामीले ०५१ असार १० गते भिटामिन भनी जुम्रा मार्न भनी ल्याइएको विषादी खाँदा उनको मृत्युभयो।

भिमान गाविस-१ ककरि बस्ने प्रेमबहादुर बुढाथोकीले आफूले लगाएको लुंगीको पासो लगाई ०५१ असार २० गते आत्महत्या गरे। मृतकको मानसिक असन्तुलन भएको बताइएको छ।

सिद्धेश्वर आदर्श गाविस-४ झोर बेसारे बस्ने २४ वर्षीय माया मोक्तानले ०५१ असोज २० गते झुण्डिई आत्महत्या गरिन्। पतिसंग झगडा भएका कारण आत्महत्या गरेको बताइयो।

सिर्थौली गाविस-४ का दिलबहादुर दमाईले जाँड रक्सी खाएको सुरमा ०५१ असोज २७ गते घरमा राखेको किटनाशक औषधि सेवन गर्दा मृत्यु भयो।

झँगाझोली रातमाटा-४ का चन्द्रबहादुर धिमालकी पत्नी चन्द्रमाया धिमालले पतिसंग भनाभन भएको कारण ०५१ असोज २९ गते झुण्डिई आत्महत्या गरिन्। तर यो आत्महत्या नभएर देवरले हत्या गरेर झुण्ड्याएको भनी देवरलाई प्रहरीले गिरफ्तार गरेको थियो। निज देवरलाई अहिले तारेखमा छाडिएको छ।

पुरानो झागाझोली गाविस-६ का ८५ वर्षीय ठूलो काले सार्कीले ०५१ मंसीर २ गते खुकुरीले सेरिएर आत्महत्या गरे।

कपुर ठाकुर गाविस-८ का रामु तामाङले ०५१ मंसीर १६ गते विष सेवन गरी आत्महत्या गरे। यसको कारण खुल्न सकेको छैन।

**९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती**

यस सम्बन्धी कुनै घटना भएको पाइएन।



# २. मध्यमाञ्चल

# जनकपुर

# २.५ रामेछाप

जनसंख्या : १८८०६४
साक्षरता : २९.९ प्रतिशत
महिला साक्षरता : १२.७ प्रतिशत
क्षेत्रफल : १५४६ वर्ग कि.मी.

पूर्व पश्चिम फैलिएको यो जिल्ला विकट पहाडी जिल्ला मध्येमा पर्दछ। मध्यमाञ्चल विकास क्षेत्रका १९ जिल्ला मध्ये यातायात नपुगेको यो एक मात्र जिल्ला हो। यहाँका ९५ प्रतिशत जनता खेती गर्दछन्। तर अधिकांश जग्गामा सिंचाई सुविधा उपलब्ध छैन। यहाँका ३० प्रतिशतमन्दा कम मानिस साक्षर छन्। यद्यपि यो जिल्लामा २ उच्च माध्यमिक, १६ माध्यमिक, ३५ निम्न माध्यमिक र २ सय ७७ वटा प्राथमिक विद्यालय छन्। उपचारको उचित व्यवस्था नभए पनि एक जिल्ला अस्पताल र २९ वटा स्वास्थ्य चौकी र उपचौकीको व्यवस्था छ। यो जिल्लामा हवाई यातायातको व्यवस्था छ। खानेपानीको अव्यवस्था यो जिल्लाको अर्को आधारभूत समस्या हो।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

ओखलढुंगा जिल्ला सिंहदेवी गाविस कुवापानीमा विवाह भएकी बिन्दा दाहालको लाश ०५० माघ ४ गते सार्धुटारको लिखुखोलामा फेला पर्‍यो। परिवारका सदस्यले यसलाई आत्महत्या भनेका छन् तर लाशको पोष्टमार्टममा मृतकले पानी खाएको नभेटिनु, पोतेको तिलहरी काटिएको हुनु, दाँत भाँचिएको, टाउकोमा चोट लागेको आदि कारण र परिवारमा बुहारीका विषयमा मनोमालिन्य हुने गरेको छिमेकीहरूको भनाइका आधारमा कर्तव्य गरी हत्या गरेको आशंका छ। रामेछाप जिल्ला अदालतमा मुद्दा चली रहेको छ।

डडुवा गाविसका वीरबहादुर थापा मगर लगायतका ३६ जनाले वीर्खबहादुर थापा मगरलाई लखेट्दै लगी भीरबाट खसाई हत्या गरे। ०५० माघ १७ गतेको घटना फागुन १५ गते मात्र प्रहरीमा दर्ता भएको थियो। पीडकहरूलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

ठोकरपुर गाविस-९ रजनीटार की चनमती सार्कीले मिश्री सार्कीको सहयोग लिई ०५१ बैशाख २७ गते आफ्नै पति गणेशबहादुर सार्कीलाई दाम्लोले कसी झुण्ड्याई हत्या गरिन्। पीडकहरूलाई थुनामा राखी कार्वाही चलाइएको छ।

दोरम्बा गाविस-४ बस्ने बुद्धिमाया विशवकर्माले आफ्नी छोरीहरू सीता र रीताको सहयोग लिई आफ्नै पतिको ०५१ साउन ३० गते हत्या गरिन्। पति र ससुरा सधैं मादक पदार्थ खाने भएकाले यो हत्या गरिएको बताइएको छ। पीडकहरू फरार रहेका छन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | - |
| बलात्कृत | - | - | २ |
| आत्महत्या | - | १२ | ११ |

### १.२ जेल र बन्दीहरू

पुरानो सदरमुकाम रामेछाप बजारस्थित जेल अत्यन्त जीर्ण अवस्थामा छ। पुरुष र महिला बन्दीहरूलाई घुलमिल हुन नदिन पुरुष बन्दीहरूलाई झ्याल समेत खोल्न दिईदैन। पानीको धारा मात्र छ, पानी आउँदैन। लत्ता कपडाहरू समयमा उपलब्ध गराईदैन। २५ जना राख्न सकिने क्षमता भएको यो जेलमा अहिले २६ बन्दी र थुनुवा तथा १ नाबालिका छन्। यस वर्ष २३ बन्दीहरू छुटे। जेलर उद्धवप्रसाद बरालका अनुसार, यस वर्ष कारागार महाशाखाबाट १० हजार ४ सय रूपैयाँ आएकोमा सो रकमले सिरक डस्ना बनाउन नपुग्ने भएको र कारागारमा बिजुली वापत छुट्टै रकम नपाएकाले लाइन काट्नु पर्ने अवस्था भएको छ।

### १.३ गिरफ्तारी र यातना

सदरमुकाम मन्थलीमा जिल्ला प्रहरी कार्यालयका जवान ज्ञानबहादुर बस्नेतले ०५१ बैशाख १५ गते विजुलीकोट-४ का टेकबहादुर खत्री, ज्ञानबहादुर तामाङ्ग र इन्द्रबहादुर महतलाई मालपोत

कार्यालयदेखि लखेट्दै नेकपा (एमाले) को कार्यालयसम्म ल्याए। जग्गा नामसारी गर्न गएका पीडितहरूलाई पीडकले "मेरो मामा, काकीको जग्गा तिमीहरूले पाउने होइनौं" भनी धम्क्याएका थिए। पीडितहरूले पीडकलाई कार्वाही गर्न प्रहरी कार्यालयमा अनुरोध गर्दा इन्सपेक्टर तेजबहादुर तामांगले पीडितहरूलाई धम्क्याएर पठाए।

सौंधुटार-७ बस्ने रूद्रकुमारी दाहालले बुहारी जानुका देवी दाहाललाई कोदालोको बीडले ०५१ जेठ २५ गते प्रहार गरिन्। बुहारीको अरूसंग अनैतिक सम्बन्ध भएको थाहा पाई रीसले हिर्काउँदा उनको मृत्यु भयो। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

हिलेदेवी-७ का चेतबहादुर तामाङ्ग लगायतका १५ जनालाई ०५१ असोज २६ गते ज्यान मार्ने उद्योग गरेको भन्ने अभियोगमा गिरफ्तार गर्न जाँदा कुटपीट गरेको भनी उनीहरूमाथि सार्वजनिक मुद्दा समेत लगाइयो।

### १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

हिलेदेवी-८ मा विवहको अवसरमा दमाई सम्बन्धी कुरा उठाई ०५० फागुन ८ गते भक्तबहादुर कार्की लगायतकाले चन्द्रबहादुर श्रेष्ठलाई कुटपीट गरे। यस सम्बन्धमा सार्वजनिक मुद्दा चलाइएकोमा पीडकहरूलाई हिरासतमा लिई तारेखमा छाडियो।

गन्सी-६ मा अन्न भर्ने मानो चोरीको विषयमा विवाद हुँदा ०५० चैत २ गते टंकप्रसाद चौलागाईं लगायतका व्यक्तिले खडानन्द गौतमलाई कुटपीट गरे। यस घटनाबारे पीडित गौतमले सार्वजनिक मुद्दा दायर गरेका छन्।

दोलखा जिल्ला स्यामा-९ का इन्द्रबहादुर कार्की लगायतकाले रामेछाप चुचुरे गाविसका चरन हाकिम, तिलकबहादुर खत्री र अन्य कर्मचारीलाई ०५१ साउन ८ गते कुटपीट गरे। पीडकहरूमाथि सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा चलाइएकोमा धरौटीमा रिहा गरिएको छ।

हिलेदेवी-७ का धनबहादुर तामाङ्गको पूर्णसिंह तामाङ्ग लगायतका ४ जनासंग ०५१ असोज २६ गते मासु लेनदेन सम्बन्धमा विवाद र झगडा भयो। ०५१ मंसीर ८ गते धनबहादुरले अरूलाई विपक्षी बनाई ज्यान मार्ने उद्योग अन्तरगत मुद्दा दायर गरेका छन्।

गुन्सी-३ का टीकाबहादुर थापामगरमाथि माकादुम-५ का केशवबहादुर केसीले ज्यान मार्ने धम्की समेत दिई सदरमुकाम मन्थलीमा ढुंगामुढा गरे। पीडितको टाउकोमा ८ वटा टाँका लगाउनु पऱ्यो। पीडक जिविस सभापतिका पीए हुन्। उनलाई सोधपूछका लागि हिरासतमा राखेर छाडियो।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

मध्यावधि निर्वाचनका सिलसिलामा ०५१ कात्तिक १६ गते विजुलीकोट गाविस धोबीमा एमालेले आमसभाको कार्यक्रम राखेको थियो। आमसभालाई भाँड्ने उद्देश्यले कांग्रेस समर्थक गाविस अध्यक्ष कृष्णबहादुर महत समेतले राप्रपाका वीरबहादुर खड्कामाथि ढुंगामुढा गरे।

### २.२ धार्मिक स्वतन्त्रता

यो जिल्लामा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरू बसोबास गर्छन्। तर धर्मका नाममा एकले अर्काको अधिकार हनन गरेका घटना भने उल्लेख्य रूपमा पाइएन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

खाम्ती भण्डारमा ०५१ कात्तिक ११ गते नेपाली कांग्रेसले निर्वाचनका सन्दर्भमा आयोजना गरेको आमसभा विथोल्न खोज्दा प्रहरीले लाठी चार्ज र हवाई फायर गऱ्यो। यस घटनालाई लिएर हिक्मतबहादुर सुनुवारले लाक्पा लामा, पेम्बा छिरिङ शेर्पा लगायतका १८ जनाका नाममा सार्वजनिक अपराध ऐन अन्तरगत ०५१ मंसीर १३ गते उजुरी गरेका छन्। यो उजुरीलाई राजनीतिक प्रतिशोधका रूपमा लिइएको छ।

रामेछाप गाविस-३ बावियाखर्कमा ०५१ कार्तिक २९ गतेको निर्वाचनमा कांग्रेसका उम्मेद्वार तथा जलस्रोत राज्यमन्त्री लक्ष्मणप्रसाद घिमिरे आफैं बसेर बुथ कब्जा गर्न लगाए। सबै मतदाताले मत खसाल्न पाउनु पर्छ भनी प्रतिवाद गर्ने तारानिधि सुवेदीलाई कुटपीट समेत गरियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतका क्रियाकलापप्रति आम धारणा नकारात्मक छैन। तर न्याय सम्पादन कार्यमा भने ढिलासुस्ती भएको गुनासो प्रशस्त सुन्न पाइन्छ। सदरमुकाममा रहेको जिल्ला अदालतमा आई पुग्न २/३ दिनसम्म लाग्ने यो जिल्लामा न्याय प्रक्रियामा ढिलाई हुँदा पीडित पक्षले थप पीडा भोग्नु पर्ने हुन्छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै घटना सार्वजनिक जानकारीमा आएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन र सुकुम्बासीका बारेमा कुनै लगत लिएको देखिँदैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

गुप्तेश्वर-३ बस्ने १६ वर्षीय एउटी युवतीलाई ०५१ भदौ १३ गते कृष्णाष्टमीको जात्राबाट टांसे गाविस-६ स्थित गोपी श्रेष्ठको

घरमा ल्याई गौतम श्रेष्ठ लगायतका व्यक्तिहरूले सामूहिक बलात्कार गरे। पीडितको भनाइ अनुसार, पहिला महेशलाल प्रधानले उनलाई फकाई त्यहाँसम्म ल्याएका थिए। पीडितको जाहेरीपछि अभियुक्तहरूलाई बयान लिई छाडिएको छ।

डडुवा गाविस अध्यक्ष यमबहादुर मोक्तानले ०५१ असोज ६ गते एउटी महिलालाई बलात्कार गरे। पीडक फरार रहेका छन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

जारी र बहुविवाह यस जिल्लाका सामान्य घटना मध्येमा पर्छन्। समाज बसेर न्याय दिने परम्पराले गर्दा कानूनी कार्वाहीतिर जाने कुरा कसैले सोचेको पाईंदैन। देउकी प्रथा यहाँ छैन, न त धन्दाका रूपमा देहव्यापार नै भएको पाइन्छ।

### ४.३ गर्भ पतन

गर्भपतनका घटना देखिएनन्।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका अधिकांश बालबालिकाहरू घरेलु काममा सानै उमेरमा लागेका पाइन्छन्। नावालिग अवस्थादेखि नै बनीबूतो गर्ने चलन प्रशस्त पाइन्छ। केही समययता काठमाडौंमा गलैंचा उद्योगमा काम गर्ने उद्देश्यले थुप्रै बालबालिकाहरू त्यस तर्फ गएको भेटिन्छ। बाल अधिकार भनेको के हो - उनीहरूका अभिभावकहरू यस्तो कुरा बुझ्न सक्दैनन्!

## ६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

गागल गाविस अन्तरगतको बुर्बुन खोला सिंचाई योजनामा कुलो निर्माणमा संलग्न मजदूर मानबहादुर तामाङ्ग लगायतकालाई ठेकेदार पुष्पबहादुर खत्रीले ज्याला दिएनन्। यस विषयमा ठेकेदारसंग भनाभन भई ०५१ मंसीर ४ गते कुटपीट समेत हुँदा ठेकेदारले उल्टै ४९ हजार १ सय ५५ रूपैयाँ बिगो बराबरको धनमाल मजदूरहरूले क्षति पुऱ्याएको भनी उनीहरूमाथि सार्वजनिक मुद्दा चलाएका छन्।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएनन्।

### ६.३ अन्य आर्थिक अधिकार

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस जिल्लाका मानिसहरूमा मानवअधिकारप्रतिको चेतना असाध्य कम छ। हली, गोठालाको परम्परा सबै ठाउँमा भेटिन्छ। वेठवेगारीको चलन भने प्रायः समाप्त भइसकेको छ। छुवाछूत प्रथा कायम रहेकाले परम्परागत मान्यता अनुरूप नै तल्लो र माथिल्लो जाति बीचको सम्बन्ध रहने गरेको पाइन्छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस वर्ष यस्तो केही विवरण पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

मन्थली-७ का १४ वर्षका कृष्णबहादुर कार्की तामाकोशीमा डुबी ०५१ जेठ २८ गते मरे। उनी पौडी खेल्न कोशीमा गएका थिए।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

रामेछाप-५ मा ०५१ बैशाख २३ गते घरमा भएको आगलागीमा परी ३ वर्षका दीपबहादुर कसाईको मृत्यु भयो।

कठजोर-३ का खड्गबहादुर बुढाथोकी ०५१ असार २८ गते रनजोर खोलामा बगी मरे।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### ९.४ आत्महत्या

कठजोर-६ की ५० वर्षीय मैया लक्ष्मी श्रेष्ठले तामाकोशीमा हामफाली ०५० पुस ९ गते आत्महत्या गरिन्।

नामाडी-२ की ३० वर्षीय भुवनेश्वरी खड्का ०५० पुस २१ गते खिम्ति खोलामा हाम्फाली मरीन्।

रस्नालु-७ की ४५ वर्षीय पेम्बा छिकी शेर्पा ०५० पुस २९ गते डोरीको पासो लगाई मरिन्।

मन्थली-२ की ३२ वर्षीय हस्तकुमारी थापा ०५० माघ ३० गते तामाकोशीमा हाम्फालेर मरिन्।

कुवुकास्थली-२ की १८ वर्षीय मैया नेपाली ०५० फागुन ३ गते जंगलमा झुण्डिई मरिन्।

पकरबास-७ की ५५ वर्षीय नन्दमाया कार्की पटुवाले पासो लगाई ०५० फागुन ११ गते मरीन्।

मन्थली-९ बस्ने ३३ वर्षीय भक्तबहादुर बस्नेत ०५० फागुन २६ गते मदिरा खाएको सुरमा विष सेवन गरी मरे।

भुजी-६ की मीनकुमारी सुनुवारले जंगलमा दाउरा लिन गएका बखत रूखमा झुण्डिई ०५० चैत ५ गते आत्महत्या गरिन्।

साँघुटार-६ का ३० वर्षीय शेरबहादुर श्रेष्ठले ०५१ बैशाख २२ गते विष सेवन गरी आत्महत्या गरे।

हिमगंगा-५ का ६५ वर्षका धनबहादुर सिंजाली मगर ०५१ जेठ ८ गते लिखु खोलामा हाम्फाली मरे।

चुचुरे-१ की ६३ वर्षीय नन्दमाया कार्की ०५१ जेठ १० गते खिम्ति खोलामा हाम्फाली मरिन्।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

पकरवास गाविस-४ का राजु भन्ने छत्रबहादुर कसाइले ०५१ मंसीर १५ गते पानी खाने निहुँ गरी उर्मा तामाङ्गको घरमा पसी ६ हजार ६ सय मूल्य पर्ने सुन चोरी गरे। उनलाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

■



# २. मध्यमाञ्चल

# जनकपुर

# २.६ दोलखा

जनसंख्या : १७३२३६

साक्षरता : ३४.४ प्रतिशत

महिला साक्षरता : १७.३ प्रतिशत

क्षेत्रफल : २१९१ वर्ग कि.मी.

जनकपुर अञ्चलको उत्तरी भेगमा रहेको यो जिल्लाको उत्तरी सीमा चीनको स्वशासित क्षेत्र तिब्वतसंग जोडिएको छ। यो मूलतः पहाडी जिल्ला हो। यो जिल्ला सडक यातायात मार्फत राजधानीसंग जोडिएको छ। गौरीशंकर हिमालको काखमा रहेको यो जिल्ला पर्यटनका हिसावले पनि महत्वपूर्ण मानिन्छ। यहाँका ९० प्रतिशत जनता कृषिमा आश्रित छन्। यस जिल्लामा कागज, चाउचाउ, फर्निचर, घरेलु कपडा, राडीपाखी, गलैचा आदि उद्योग छन्, तर सानो पूँजीमा मात्र चलेका छन्। यस जिल्लामा विभिन्न जात जाति र भाषाभाषीका मानिसहरू वसोवास गर्छन्। शिक्षाका क्षेत्रमा एउटा क्याम्पस, २६ वटा मा.वि., २३ नि.मा.वि. र २ सय ४८ प्रा.वि. भएर पनि यस जिल्लामा चेतनाको स्तरमा उल्लेख्य वृद्धि हुन सकेको छैन। हुलाक सेवा तर्फ जम्मा ४६ जना हुलाकीले ५५ वटा गाविसमा सेवा पुऱ्याउनु पर्ने हुँदा त्यति प्रभावकारी हुन सकेको देखिदैन। सुरक्षा सेवा तर्फ जिल्ला प्रहरी कार्यालय, इलाका प्रहरी कार्यालय र सीमाना प्रहरी कार्यालय बाहेक जिल्ला भरमा १० वटा चौकी छन्।

### १ सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

जिरी गाविस-७ घर भै माली गाविस बस्ने जीतबहादुर तामाङ्गले सोही ठाउँमा डेरा गरी बस्ने बाङ्कु शेर्पाको नृशंस हत्या गरे। ०५० पुस २७ गते पीडक तामाङ्गले आफै निहुँ खोजी एक्लै वसेका ७२ वर्षीय शेर्पालाई पिटी बेहोस गराए र खाटको डीलमा घाँटी राखी खुकुरीले सेरे। पीडकलाई थुनामा राखिएको छ।

मकैवारी गाविस -३ मा एक नवजात शिशुको परिवारका सदस्यले नै हत्या गरे। ०५० फागुन २४ गते छोरी पवना खत्रीको विवाह गरी माटी गाविस -५ वस्ने जसुदा थापाको छोरालाई दिइएकोमा पवनाले ०५० चैत २० गते वच्चा जन्माईन्। वच्चा जन्मने वित्तिकै पवनाकी आमाले नवजात शिशुको हत्या गरिन्। पवनाले काका पर्ने देवेन्द्रबहादुर केसीले गर्भ बोकाएको बताएकीले उ सहित ४ जनालाई पक्राउ गरी पुर्पक्षका लागि थुनामा राखिएको छ।

स्यामा गाविस-२ का रिन्जी शेर्पाले ०५० फागुन २५ गते आफ्नै पत्नी ङिमा शेर्पाको हत्या गरे। पीडकले १८ वर्षीय पत्नीलाई दाउरा खोज्न भनी जंगलमा लगी खुकुरी र ढुंगाले हानी हत्या गरेका थिए। पत्नीको हत्यापछि आफूले समेत आत्महत्या गर्ने उद्देश्यले खुकुरीले टाउकोमा हानेका थिए। उनलाई उपचारपछि थुनामा राखिएको छ।

काबे गाविस-७ का ७३ वर्षीय शिवलाल घिमिरेको ०५१ असार १२ गते सोही ठाउँका इन्द्रप्रसाद ढुंगेलले हत्या गरे। रोपाईका लागि खेतमा पानी लगाउने विषयमा झगडा हुँदा यो हत्या भएको हो। पीडक ढुंगेललाई "भवितव्य ज्यान" सम्बन्धी मुद्दामा तारेखमा छाडिएको छ।

### १.२ जेल र बन्दीहरू

यस जिल्लामा ३८ जनाको क्षमता भएको एउटा जेल छ। यस जेलमा अहिले ४० पुरूष १० महिला र १ नावालिका सहित ५१ जना बन्दी तथा थुनुवा छन्। बन्दीहरूमा खासगरी ज्याना मुद्दा, चोरी र गर्भपतनसंग सम्बन्धित बढी छन्। यो वर्ष जम्मा २ जना मात्र छुटे। क्षमता भन्दा बढी बन्दी राखिएको भएता पनि अन्य भौतिक सुविधाका दृष्टिकोणले यो जेललाई

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | ५ | १ |
| बलात्कृत | - | २ | - |
| आत्महत्या | - | - | ५ |

नराम्रो भन्न मिल्दैन। जेलर बलराम चौलागाईका अनुसार, बन्दीहरू पारिवारिक वातावरणमा बसेका छन्। तर बन्दीहरूले पानीको पर्याप्त व्यवस्था नभएको र चर्पीका कारण बन्दीहरू बिरामी पर्ने गरेको गुनासो गरेका छन्। उनीहरूको आफन्तलाई भेट्न नदिएको गुनासो छ।

### १.३ गिरफ्तारी र यातना

सातदोवाटो चौकीका इन्चार्ज हवल्दार बलबहादुर खड्काले ०५१ असार ३ गते राती ११:३० बजे चरिकोट गाविस-१ र ४ वडा बीच पर्ने सडकमा लापिलाङ गाविस-९ बस्ने पृथ्वीबहादुर थामीलाई लठ्ठी र बुटले पिटे। पीडित स्थानीय विद्यालयका पियन हुन्।

### १.४ बेपत्ता पारिएको

बेपत्ता पारिने घटना यस वर्ष भएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मध्यावधि निर्वाचनका सन्दर्भमा राजनीतिक पार्टीहरू बीच यस्ता घटना भए तर यसले गंभीर रूप लिन पाएन।

०५० चैत १२ गते चरिंगे बजारमा मेलुङ गाविस-५ का धीरबहादुर खत्रीलाई सोही गाविसका रामबहादुर खड्का र कालिका कार्कीले कुटपीट गरे। यो घटना सार्वजनिक मुद्दाका रूपमा जिल्ला प्रशासन कार्यालयमा दर्ता गरी छानबीन भई रहेको छ।

लामीडाँडा गाविस-४ स्थित संस्कृत माध्यमिक विद्यालय हिलेपानीका शिक्षक केशव कार्कीमाथि ०५१ वैशाख १६ गते स्थानीय प्राथमिक विद्यालयका शिक्षक दलबहादुर तामाङ्गले सांघातिक आक्रमण गरे। पीडकको चरित्र खराब रहेको कुरा स्थानीय वासिन्दाहरूले बताएका छन्। यो घटनालाई जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दायर गर्न जाँदा प्रशासनले मुद्दा लिएन भनी पीडित कार्कीले बताए।



*घन र खुकुरी प्रहारबाट घाइते चेतबहादुर विश्वकर्मा*

सुब्बा क्षेमावती गाविस -२ टाटी बस्ने गणेशप्रसाद शिवाकोटीलाई निज कै भाइ रामजीप्रसाद शिवाकोटीले कुटपीट गरी घाइते बनाए। ०५१ साउन १२ गते रोपाइका लागि खेतमा काम गरी रहेका दाजुभाइ बीचको कुटपीटमा भाइले कोदालीले दाजुको निधारमा हानेका थिए।

पवोटी गाविस-३ बस्ने ५९ वर्षका चेतबहादुर विश्वकर्मालाई सोही गाउँका रामबहादुर विश्वकर्माले ०५१ भदौ १० गते राती ११.३० बजे घन र खुकुरीले टाउकोमा प्रहर गरी घाइते बनाए। पीडकमाथि कार्वाही भइरहेको छ।

सुनखानी गाविस-३ रातोमाटे बजारमा स्थानीय व्यक्तिहरू - कृष्णबहादुर शिवाकोटी र सुरेन्द्र खड्का तथा उनका बाबु आमा बीच ०५१ असोज २७ गते झगडा हुँदा कृष्णबहादुर शिवाकोटी घाइते भए। यस घटनामा घर मालिक राजेन्द्र शिवाकोटीलाई सामान्य चोट लाग्यो।

सोही गाउँमा तिहारमा देउसी खेल्ने कार्यक्रममा ०५१ कार्तिक १८ गते मादक पदार्थले मातेर एक अर्का बीच कुटपीट हुँदा हरिबहादुर शिवाकोटीको हातमा र ज्ञानबहादुर खड्का र डम्बरबहादुर श्रेष्ठको छाती र टाउकोमा चोट लाग्यो।

जिरी गाविस-६ बाँधखोर नेर सोही ठाउँ बस्ने पदेमान जिरेल समेतका ५ जनाले ०५१ असोज १९ गते साँझ बाटो छेकी रामेछाप जिल्ला चुचुरे गाविस-५ बस्ने होमलाल श्रेष्ठलाई कुटपीट गरी दाँत भाँची दिए र सुनको सिक्री खोसी भागे। यस सम्बन्धमा सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाइएको छ। तर पीडकहरू फरार रहेका छन्।

सुनखानी गाविस-३ का मानबहादुर पाकुलालले सोही ठाउँका २२ वर्षीय कैलाश राना मगरलाई ०५१ कार्तिक १७ गते कुटपीट गरी घाइते बनाए। मादक पदार्थ खाएको मातमा यो घटना भएको थियो। तर यी दुई जना फरक राजनीतिक विचारका भएका कारण यसलाई राजनीतिक रूपमा लिने प्रयास भयो।

### १.६ थुनामा मृत्यु

यस वर्ष कसैको पनि थुनामा मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

सुनखानी गाविसले ०५१ कार्तिक ८ गते गाविस भवनमा एक सूचना टाँसी सार्वजनिक चौरमा कुनै पनि कार्यक्रम गर्न नपाइने आदेश जारी गऱ्यो। यसले संविधान प्रदत्त शान्तिपूर्ण ढंगमा मेला हुन पाउने अधिकारको ठाडो उल्लंघन गऱ्यो। नेकपा (एमाले) ले सांस्कृतिक कार्यक्रम गर्न लागेका सन्दर्भमा यो आदेश जारी भएको थियो।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न जातजाति र भाषाभाषी मानिस रहे पनि धार्मिक सहिष्णुता रहेको छ।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

२०५१ कार्तिक २९ गते भएको मध्यावधि निर्वाचनका क्रममा निर्वाचन क्षेत्र नं. १ मा पर्ने ध्याङसु कठोकर गाविसको ध्याङ निर्वाचन केन्द्रमा मत खसाल्न लाइनमा बसेका मतदातामाथि साँघातिक आक्रमण भयो। यो आक्रमणमा केशव कार्की, महेश कार्की, मानबहादुर भण्डारी, शिव भण्डारी, विष्णु भण्डारी, हेमबहादुर खड्का, प्रवीण कार्की घाइते भए। केशव कार्की र महेश कार्कीको टाउकोमा खुकुरीको प्रहारबाट ४ इञ्च गहिरो चोट लाग्यो। यो आक्रमणको नेतृत्व सोही गाविसका अध्यक्ष दीर्घलाल तामाङ्ग र डम्बर ठोकर लामाले गरेका थिए।

निर्वाचनकै क्रममा सुनखानी गाविस-१ स्थित कालीनाग प्रस्तावित मा.वि. मतदान केन्द्रमा नेपाली कांग्रेस र नेकपा (एमाले) बीच विवाद हुँदा केही मतदाताहरूले मत हाल्न पाएनन्।

निर्वाचन क्षेत्र नं. २ को मत गणना भइरहेका बेला सदरमुकाम जिरीमा निर्वाचन पर्यवेक्षक टोली दोलखा इकाईका पर्यवेक्षकहरू चोकबहादुर दाहाल, सरोज उप्रेती, राजेन्द्र पोखरेललाई मतगणना स्थलबाट बाहिर निकालियो।

भुले गाविसको बुथको मतगणना हुँदा मतपत्रमा मतदान अधिकृतको हस्ताक्षर नभएको र ३० वटा मतपत्रको एकै मुद्ठा पाएकाले यसलाई ढाकछोप गर्न मतगणना स्थलबाट आफूलाई निकालिएको कुरा सरोज उप्रेतीले बताए। यसै गाविसमा ०५१ कार्तिक २५ गते निर्वाचन प्रचारका क्रममा जनसांस्कृतिक मञ्चले गरेको कार्यक्रममा आक्रमण हुँदा विद्याराज शिवाकोटी र ध्रुव कार्की घाइते भए। आक्रमणकारीको नेतृत्व कुबेर काफ्लेले गरेका थिए। भुले गाविस मतदान केन्द्रमा मतदान अधिकृत छत्रबहादुर थापाले "१९ सय मतदान भएको ६ सय मत स्वतन्त्र रूपमा खसे, बाँकी मत जवर्जस्ती रूख चिन्हमा हालियो" भनी बताउनु भयो।

गैरीमुदी गाविसमा कांग्रेस र एमाले बीच झगडा हुँदा वालकुमार गिरी र उनका परिवार घरबाटै लखेटिए। यसैगरी, सोही गाविस-१ बस्ने अम्वरबहादुर तामाङ्गलाई सूर्यमा छाप नलगाएको आरोपमा कुटपीट गरी सख्त घाइते बनाइयो। पीडित तामाङ्गले आफ्नो ७ हजार रूपैया लुटिएको बताएका छन्।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायलयको निर्णय प्रक्रिया अत्यन्त सुस्त रहेको छ। यस जिल्लामा सवभन्दा बढी जग्गा विवाद मुद्दा देखा परेको छ भने लुटपीट, अंशवण्डा, कुटपीटका मुद्दा पनि थुप्रै छन्। यो वर्ष देवानी तर्फ ३६ मुद्दा फछर्यौट भए भने ५ सय ६४ मुद्दा बाँकी छन्। यसैगरी फौजदारी तर्फ २१ मुद्दाको फछौंट भयो, २ सय ६६ मुद्दा फछर्यौट हुन बाँकी छन्। हरेक वर्ष जति मुद्दा पर्छन् - ती भन्दा कम मुद्दा फछर्यौट हुनुले न्यायिक भार अझै बढ्दै गएको छ। यसले गर्दा न्याय प्रक्रिया जटिल बन्दै गएको देखिन्छ।

## २.५ सरूवा / बढुवा / पक्षपात आदि

०५१ साउन ३१ गते जिल्ला शिक्षा अधिकारी नन्दराज पन्तले दुर्गा माध्यमिक विद्यालयका स्थायी शिक्षक वालकुमार गिरीलाई अवकाश दिनु भयो। राजनीतिक विचारका आधारमा यो अवकाश दिइएको गुनासो पीडितको छ।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो जिल्लामा यस्ता समस्या देखिएका छैनन्।

## ४. महिला अधिकार

## ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

महिला किनवेच र बलात्कारका घटनाहरू हुने गरेका छन्। तर यस वर्ष यस्ता घटना औपचारिक जानकारीमा आएनन्।

## ४.२ जारी/बहुविवाह देउकी/देह व्यापार आदि समेत

यस जिल्लामा देउकी, वादी जाति पाइएका छैनन्। जारी र बहुबिवाहका घटना प्रशस्त हुने गरेको पाइन्छ। कतिपय सामाजिक मर्यादाका लागि र आपसी समझदारीका कारण यस्ता घटना कानूनी रूपमा अगाडि आउँदैनन्।

## ४.३ गर्भपतन

सोलुखुम्बु जिल्ला सोताङ्ग गाविस-२ की निर्मला विश्वकर्माले काठमाडौंबाट घर जाने क्रममा जिरीको लजमा वास बस्दा ०५० फागुन ३ गते गर्भपतन गरी चर्पीमा फ्याँकेर हिंडिन्। निज महिलासँग सोलुका ढकबहादुर मगरसँगै थिए। तर महिलाका पतिले आफ्नै गर्भ रहेको र बसमा आउँदा धेरै उफारेका कारण गर्भपतन भएको बताएकाले मुद्दा खारेज गरियो।

रामेछाप जिल्ला मेछान गाविस-६ ठोसेकी लीलामाया राउतले ४ महीनाको गर्भपतन गरेको भनी ०५१ साउन ८ मा इलाका प्रहरी कार्यालय जिरीले कार्वाही शुरू गऱ्यो। निजका पति सुरेशकुमार श्रेष्ठले आफ्नै गर्भ भएको र बसमा आउँदा आफै गर्भपतन भएको बताएपछि मुद्दा तामेलीमा राखिएको छ। यी दुई युवा युवतीवीच अनैतिक सम्बन्ध भई गर्भ भएपछि दुवैको मञ्जुरीमा विवाह भएको थियो।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्यचार)

आर्थिक विपन्नताले गर्दा वालवालिकाहरूले शिक्षाको अधिकारको समान उपयोग गर्न पाएका छैनन्। आफ्ना घरको कामका अतिरिक्त स-साना वालवालिकाहरू गाउँका ठूला

ठालुका घरमा नोकरका रूपमा बस्ने गरेको पाइन्छ। खेतीपातीमा हुने वाल मजदूरी बाहेक औद्योगिक विकास नभएका कारण अन्य खालका मजदूर देखिएका छैनन्।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यो जिल्लामा यस सम्बन्धी घटना भएको पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा उल्लेखनीय घटना भएनन्।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै घटना बारे यस्तो टिप्पणी कतैबाट आएको पाइएन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

#### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

क्षेमावती गाविस -८ ठूलो नागी बस्ने ३२ वर्षका जुठे थामी हिउँमा चिप्लेर लडी मरे। ०५० माघ ३ गते राती घर फर्कदा यो दुर्घटना भएको थियो।

स्यामा गाविस-१ बस्ने छोटे शेर्पाको माली गाविस-३ सेती भीरबाट लडेर मरेको अवस्थामा ०५० चैत १३ गते लाश फेला पऱ्यो। मृतक मनस्थिति ठीक नभएका र जिरीबाट वेपत्ता भएका थिए।

नाम्दु गाविस-१ मा २०५१ जेठ १० गते कोकाकोला कम्पनीको ट्रक दुर्घटना हुँदा टुल्कु लामाको मृत्यु भयो। मृतक ट्रकका खलासी थिए।

#### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

जिरी गाविस-१ बस्ने काले कार्कीको गाई वस्तु चराउन जाँदा विजुलीको लत्रिएको तार छुन गई ०५१ साउन ११ गते मृत्यु भयो। मृतकलाई समाउन जाँदा आमा रत्नकुमारी खड्का र बहिनी रूकु खड्का समेतको मृत्यु भयो।

जिल्ला प्रहरी कार्यालय चरिकोटमा कार्यरत हवल्दार प्रेम श्रेष्ठको आफ्नो घर रामेछाप जाँदा दोलखाको चैतेघाट बजारमा ०५१ असार १७ गते अकस्मात मृत्यु भयो।

#### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएन।

#### ९.४ आत्महत्या

गौरीशंकर गाविस-२ बस्ने पासाङ रिन्जी शेर्पाले ०५० माघ १२ गते तामाकोशीमा हामफाली आत्महत्या गरे। उनको मानसिक स्थिति ठीक नभएको कुरा परिवारका सदस्यले बताएका छन्।

भारी गाविस-१ का रामबहादुर विश्वकर्माले ०५१ वैशाख २२ गते झुण्डिएर आत्महत्या गरे। ४० वर्षको उमेरमा पनि अविवाहित रहनु परेका कारण उनले आत्महत्या गरेका हुन भनी गाउँलेहरूले बताएका छन्।

चंखु गाविस-८ का ३४ वर्षीय भोला तामाङ्गले ०५१ वैशाख ३१ गते रूखमा झुण्डिएर आत्महत्या गरे।

सुनखानी गाविस-९ बस्ने १९ वर्षकी टंकमाया दर्जीले ०५१ असोज १७ गते आफ्नै घरको बुईगलमा डोरीले पासो लगाई आत्महत्या गरिन्। सौताको पीरले उनले आत्महत्या गरेको कुरा बताइन्छ।

#### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

लादुक गाविस-५ का लीलामाया भुजेलको घरमा पसी ०५१ भदौ ५ गते बराङ गाविस-१ बस्ने टिकटिके भन्ने रत्नबहादुर ठकुरीले नगद, सुन, रेडियो, लत्ताकपडा समेत करीव १२ हजार बराबरको धनमाल चोरी गरेका थिए। निज अभियुक्तलाई प्रहरीले ०५१ असोज ७ गते पक्राउ गरी चोरीका सामान समेत बरामद गऱ्यो। अभियुक्तलाई धरौटीमा रिहा गरिएको छ।

■



# २. मध्यमाञ्चल

# नारायणी

# २.७ रौतहट

जनसंख्या : ४१४००५

साक्षरता : २३.५ प्रतिशत

महिला साक्षरता : ११.८ प्रतिशत

क्षेत्रफल : ११२६ वर्ग कि.मी.

रौतहट जिल्लाको नाम राउत र हट भन्ने दुई शब्द मिलेर बनेको छ। राउत र हटको अर्थ राउत जाति बस्ने ठाउँ भन्ने बुझिन्छ। यस जिल्लाको पूर्वमा सर्लाही, पश्चिममा बारा, उत्तरमा मकवानपुर र दक्षिणमा भारतको विहार राज्य पर्दछन्। यस जिल्लामा राजनैतिक सचेतता पाइएता पनि अन्य क्षेत्रमा रूढीगत संस्कारहरू विद्यमान रहेका छन्। खुल्ला सीमानाका कारण थुप्रै अमानवीय घटनाहरू हुने गरेका छन् र मानवअधिकार हननका थुप्रै घटनाहरू देखा पर्ने गरेका छन्।

## १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

विश्रामपुर गाविस-७ की ४५ वर्षीय सिकिलिया देवीलाई सोही ठाउँ बस्ने वर्ष ३७ को भरत राउत कुर्मीले ०५० फागुन २७ गते गोली हानी घाइते पारेका थिए। पीडितको वीरगंज अस्पतालमा लगी उपचार गर्दा गर्दै मृत्यु भयो। पीडक भरत राउतलाई पक्राउ गरी पुर्पक्षका लागि गौर कारागारमा थुनामा राखिएको छ।

गंगा पिपरा गाविस-४ की २० वर्षीय गीतादेवी झालाई ०५१ जेठ २० गते पति विष्णुकान्त झाले हत्या गरे। ०५१ जेठ २३ गते पीडकको घर छेउमा मानिस मारी खाडल खनी पुरेको प्रहरीले थाहा पाई खनखोज गर्दा मृतकको लाश फेला परेको थियो। अभियुक्त झा जेठी पत्नी र छोरा सहित फरार छन्।

भलोहिया गाविस-१ का ८ वर्षीय फेकु पाण्डेयलाई ०५१ असार ४ गते उमेश पाण्डेले घाँटी थिची हत्या गरे। यस सम्बन्धमा उजुर गरी अभियुक्तलाई ०५१ असार १२ गते पक्री कारवाही भइरहेको छ। बच्चाले गाली गलौज गरेकोले हत्या गरिएको उनले बताएका छन्।

लक्ष्मीनिया गाविस-६ का ३५ वर्षीय चनरदेव चौधरीलाई ०५१ साउन ८ गते सोही ठाउँ बस्ने संतलाल चौधरी थारू लगायत ४ जना मिली हत्या गरे। राँगी गाउँदेखि उत्तर कूलोमा झगडा हुँदा पीडकहरूले भालाले घोची घाँटीको नलीहरू समेत छिनाली हत्या गरेका थिए। यस घटनाका सम्बन्धमा ०५१ साउन १० गते अभियुक्तहरूलाई पक्राउ गरी हिरासतमा राखिएको छ।

पथरावुधराम गाविस-१ का ४८ वर्षीय हरिराम साह कलवारलाई ०५१ असोज ११ गते चन्द्र भुषण साह कल्वार सहितका व्यक्तिहरूले कुटपिट गरी हत्या गरे। भाला लगायत अन्य धारिला हतियार लिई आएका उनीहरूले खलिहानमा दाईं गरिरहेको बेलामा पीडितलाई समाती पहिले दुबै हात काटी दिई भालाले भुँडीमा रोपी हत्या गरेका थिए। सामान्य गाली गलौजका कारण उत्पन्न झगडामा हत्या गर्ने पीडकहरूमध्ये मुख्य व्यक्ति चन्द्रभुषण साहसित पैसा खाई कुनै मुद्दा नचलाएको बताइन्छ। तर अन्य व्यक्तिहरू रिमा दुस्साउद, नागेन्द्र दुस्साउद, छुठ नूनिया, अनुप नुनिया लगायत अन्य केही व्यक्तिहरूलाई पक्राउ गरी थुनामा राखिएको छ।

अकोलवा गाविस-८ का शेख सौकतलाई ०५१ असोज २५ गते सोही ठाउँ बस्ने शेख खुर्सेदले हत्या गरे। उक्त घटनाका सम्बन्धमा जाहेरी परेपछि पीडकलाई पक्राउ गरी थुनामा राखिएको छ।

विर्ति गाविस-७ का जागरनाथ साहलाई ०५१ पुस १५ गते बारा जिल्लाको जंगलमा मृत अवस्थामा फेला पारियो। मृतक ०५१ पुस ९ गते राँगी गाउँतर्फ सापट दिएको पैसा लिन

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | २ | - |
| हिरासतमा यातना | ३ | १ | १ |
| बलात्कृत | १ | १ | २ |
| आत्महत्या | - | - | १ |

लालबाबुकहाँ गएका थिए। धेरै दिनसम्म भाइ फर्की नआएपछि दाजु राम औतार साहले खोजी गर्दै जाँदा लाश फेला परेको थियो। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालय रौतहटमा जाहेरी दिइएको छ। अझैसम्म यस हत्या सम्बन्धमा केही पत्ता लागेको छैन।

### १.२ जेल र बन्दीहरू

रौतहट जेल वि.सं. १९९३ मा निर्माण गरिएको थियो। यहाँ महिला वार्डमा ३ कोठाहरू छन् भने पुरुष वार्डमा ९ कोठाहरू छन्। ७५ जनासम्म बन्दी राख्न सकिने क्षमता भएको "ग" श्रेणीको यस जेलमा हाल ३७ जनालाई राखिएको छ। यी मध्ये आरोपित ३० जना पुरुष र १ जना महिला तथा बन्दी ४ जना पुरुष र २ जना महिला छन्। यहाँ हेल्थ असिष्टेन्टबाट औषधोपचार गरिने व्यवस्था गरिएको छ। कडा रोग लागेका बन्दीलाई अन्य अस्पतालमा पठाइने गरिन्छ। यस जेलमा युनेस्कोद्वारा प्रौढ शिक्षा संचालन गरिएको छ।

### १.३ गिरफ्तारी र यातना

गौर नपा-९ का १४ वर्षीय अजय गुप्तालाई ०५१ असार २० गते असइ अजय कुशवाहले घोक्राई मुन्ट्याई गरी पिट्दै प्रहरी चौकी रहेको ट्रान्सफरमर चोकमा लगेका थिए। होटलमा खाना खाई सकेपछि हात धुँदा सामान्य निहुँमा भनाभन भएपछि गौरका भरत गोयल र पीडित बीच झगडा भएको थियो। त्यस झगडापछि होटल बाहिर बसेका असइलाई भरत गोयलले मौखिक उजुरी गरेपछि उनलाई यातना दिइएको थियो।

### १.४ बेपत्ता पारिएको

औरैया गाविसस्थित श्री जनता माविका शिक्षक वर्ष ३० का पुण्यप्रसाद शर्मालाई ०३१ असोज २८ गतेदेखि तत्कालीन सइ मोहनप्रसाद शर्माले गिरफ्तार गरी लगेकोमा हालसम्म बेपत्ता रहेको चर्चा चलेको छ। स्मरणीय छ त्यसबेला प्रजिअ चन्द्रिकानन्द खरेल थिए जसले मोहनचन्द्र अधिकारी र खड्ग ओलीलाई पनि यसै समय पक्राउ गरेका थिए।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

इनरवारी गाविस-१ का इनरदेव मिश्र, सकिचन राय यादव र धूपकली देवी यादवलाई ०५१ पुस १४ गते सत्यलाल यादव सहितको डफ्फाले कुटपिट गरी ज्यान मार्ने धम्की दिए। बाटोमा भाँडा माझ्ने र पानी फाल्ने सम्बन्धमा विवाद भएपछि झगडाको रूप लिएको र पीडक तर्फका मानिसहरूले लठ्ठी भाला सहित आक्रमण गरी सकिचन राय यादवलाई कुटपिट गरेका थिए। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराध अन्तरगत जाहेरी दिंदा एसपीले कुनै सुनवाई नगरेको बुझिएको छ।

### १.६ पुनामा मृत्यु

कर्तव्य ज्यान मुद्दामा परेका ४२ वर्षीय योगेन्द्र सहनीको ०५१ बैशाख २३ गते जेल भित्रै मृत्यु भयो। निज सहनी मुटुको रोगी भएको र अकस्मात हर्टएटक भएकाले मृत्यु भएको थियो। मृतक ०५० जेठ ४ गतेदेखि जेल सजायँ भोगिरहेका थिए।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धमा रौतहट जिल्लामा कुनै घटना भएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

हिन्दू र मुस्लिम बीच सामान्य विवादहरू हुने गरेता पनि यो वर्ष कुनै त्यस्ता घटनाहरू भएको देखिएन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यस जिल्लाको निर्वाचन क्षेत्र-३ अन्तरगतका विभिन्न मतदान केन्द्रहरूमा सत्ता पक्षका केही व्यक्तिले भारतीय दलबल सहित हातहतियार चलाई आक्रमण गरी स्वतन्त्र र निष्पक्ष निर्वाचनमा अवरोधहरू उत्पन्न गरेका थिए। ०५१ कात्तिक २९ गते यस्ता घटनाहरू फतुवा हर्षाहा, लक्ष्मीपुर, सन्तपुर, सिमरा भवानीपुर, शितलपुर वैरगानिया, कर्कच आदि गाविस अन्तरगतका मतदान केन्द्रहरूमा भएका थिए। कतै कतै एमाले कांग्रेस पक्षबीच झडप भएको थियो भने अधिकांश अशान्त क्षेत्रमा कांग्रेस समर्थक कार्यकर्ताहरूले बुथ क्याप्चर गरेका थिए। यसरी मतदान रद्द गर्नु परेका ठाउँहरूमा पुनः मंसीर २ गते मतदान भएको थियो।

यसैगरी क्षेत्र-२ को वसतपट्टी गाविसको भेडियापट्टी टोलमा ०५१ कात्तिक २९ गते कांग्रेस समर्थक २/३ हजारको जुलुसले १० परिवारको १५ घरमा पसी जथाभावी गरी आतंकित बनाएको थियो। गाउँलेहरू डराई घरबाट बाहिर निस्केपछि घरहरूमा आगो लगाइ दिई, राइसमिल, पम्पसेट आदि समेत तोडफोड गरिदिएका थिए। यसैगरी उक्त दिन राजपुर फरहवा, जटहरा, नरकरीया, फतुवा महेशपुर पिप्रा भगवानपुर, जोकाहा ध्यूरा र बन्जहरामा पनि कुटपिट गर्ने, बुथ क्याप्चर गर्ने र मतदाताहरूलाई निष्पक्ष निर्वाचनबाट वञ्चित गराउने कामहरू भएको थियो।

धरहरि गाविस मतदान केन्द्रमा ०५१ कात्तिक २९ गते नेपाली कांग्रेसका कार्यकर्ताहरूले वम वारूद पड्काई निष्पक्ष निर्वाचनमा बाधा पुऱ्याएका थिए। सो घटनामा कांग्रेस पक्षकै पुलेन्द्र पण्डितको घटनास्थलमै मृत्यु भएको थियो। यस गोली काण्डपछि नेपाली कांग्रेसले बुथ कब्जा गरी मतदान गराएको थियो। प्रत्यक्षदर्शीका अनुसार ३ नाल बन्दूक र दुई नाल कट्वा बन्दुक समेत पड्काइएको थियो। यस सम्बन्धमा कसैलाई पनि पक्राउ गरिएन।

प्रेमपुर गोनाहीको मतदान केन्द्रमा ०५१ कात्तिक २९ गते नेपाली कांग्रेसका कार्यकर्ताले गोली चलाई बुथ कब्जा गरेका थिए। उक्त गोली काण्डबाट एमाले समर्थक हरि पासवानको देब्रे आँखा फुटेको र मतदाता गजेन्द हजराको देब्रे हात भाँचिएको थियो। यस सम्बन्धमा कसैलाई कारवाही गरिएन।

गम्हारिया गाविसका एमाले कार्यकर्ता कृष्णकुमार मिश्र र गीरधर मिश्रलाई ०५१ कात्तिक २९ गते मतदान गरिरहेका बखत नेपाली कांग्रेस समर्थक कार्यकर्ताले मरणासन्न हुने गरी कुटपिट गरे। त्यसपछि बुथ एकलौटी कब्जा गरियो।

कर्कच कमैया गाविस अन्तरगत प्राथमिक विद्यालय भवनमा ०५१ मंसीर २ गते पुनः मतदान भइरहेको बेला अवैध हातहतियार लिई आएका नवीनप्रसाद यादव र चन्दशेखर यादवलाई पक्राउ गरिएको थियो। सोही जिल्लाको भर्षदेवा गाविस-३ बस्ने अभियुक्तहरूको जिउ खान तलासी गर्दा अवैध कटुवा बन्दूक एकथान सहित ग्रिनट एकथान फेला परेको थियो। प्रहरी हिरासतमा रहेका निजहरूलाई हरिहर यादवले प्रतिनिधि सभा सदस्यमा विजयी भएपछि छुटाएका थिए।

**२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार**

न्यायिक अधिकार सम्बन्धी कुनै घटनाहरू भएको पाइएन।

**२.५ सरुवा / घटुवा / पक्षपात आदि**

यस सम्बन्धमा पनि कुनै घटना पाइएन।

**३. भूमिहीन तथा सुकुम्बासी समस्या**

भूमिहीन तथा सुकुम्बासी सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेन।

**४. महिला अधिकार**

**४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना**

गौर नपा-५ का २२ वर्षीय राजु जैश्वरले ०५१ वैशाख २२ गते भारत मोतिहारी की १२ वर्षीय बालिकालाई जबर्जस्ती बलात्कार गरे। यस सम्बन्धमा पीडकले स्वीकार गरेकाले पक्राउ गरी बन्दी बनाइएको छ।

पौराह गाविस-३ की ६ वर्षीय बालिकालाई ०५१ साउन ८ गते सोही ठाउँ बस्ने वर्ष २१ को शनिबहादुर सौराली मगरले जबर्जस्ती बलात्कार गरे। पीडित बालिका रून्ने कराउने गरेपछि दाजु आई हेर्दा बहिनीलाई रक्ताम्य अवस्थामा छाडी पीडक भागेका थिए। अभियुक्तलाई ०५१ साउन १० गते पक्राउ गरी थुनामा राखिएको छ।

**४.२ जारी/बहुविवाह/देहकी/देह व्यापार आदि समेत**

यस सम्बन्धी कुनै घटनाहरू पाइएन।

**४.३ गर्भ पतन**

गर्भपतन सम्बन्धी कुनै घटना घटेको पाइएन।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

यस वर्ष बाल अधिकार हनन सम्बन्धी घटना उल्लेख रूपमा देखा परेको भेटिएन।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)**

आर्थिक अधिकार सम्बन्धी घटनाहरू भएको पाइएन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएको पाइएन।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि**

यस सम्बन्धमा सम्बन्धित निकायहरूले कुनै वक्तव्य, टिप्पणी जारी गरेको देखिएन।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)**

सन्तपुर दोस्तिया गाविस-३ की १४ वर्षीय उमेशकुमारी ०५१ भदौ २३ गते खोलामा डुबी मृत अवस्थामा फेला परिन्। प्रहरी सूत्रका अनुसार मृतक अगुवा नदीमा घाँसको भारी सहित डुबी मरेकी थिइन्।

**९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)**

बाढी, पहिरो र आगलागीका घटनाहरू यो वर्ष भएनन्।

**९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि**

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

**९.४ आत्महत्या**

चपुर गाविस-५ की १९ वर्षीय शीलादेवी बनियाहनले ०५१ असोज १ गते आफ्नै घर कोठामा भुण्डिई आत्महत्या गरिन्। पतीपत्नी बीच आफ्नो बाबुका सम्बन्धमा वादविवाद भइरहने र बेला बखत सोही निहुँमा लोग्नेले पिट्ने गरेकाले उनले आत्महत्या गरेकी थिइन्। यस सम्बन्धमा मृतकको बाबु र पति दुवैलाई हिरासतमा लिएकोमा बाबुलाई छाडी लोग्नेलाई बन्दी बनाई कानूनी कारवाही चलाइएको छ।

## ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

पिपरा भगवानपुर गाविस-७ का शेख मतिनलाई ०५० माघ १० गते अवैध हातहतियार राखेको अभियोगमा पक्राउ गरिएको छ। अभियुक्तको गतिविधि शंकास्पद भएको सुराकसाथ घर खानतलासी लिंदा नलकटुवा बन्दूक थान एक र बाह्र बोरको गोली थान एक बरामद भएको थियो। अभियुक्तले धरौटी रकम नबुझाएको हुँदा बन्दी बनाई कारवाही चलाइएको छ।

करूनिया गाविस-८ का शेख दाउदको शंकास्पद गतिविधि थाहा पाई प्रहरीले ०५० फागुन १४ गते घरको खानतलासी लिंदा अवैध हातहतियार फेला परेको थियो। एक थान नलकटुवा बन्दूक बरामद भएको र अभियुक्तलाई पक्राउ गरी कानूनी कारवाही गरिएको थियो।

वडहर्वा गाविस-७ का राम आसिस साह तेलीको घरमा पन्ध्र बीस जना डाँकाहरूले ०५० चैत २ गते डकैती गरे। डाँकाहरुले घरका मानिसहरूलाई डर त्रास देखाई रू.९४ हजार बराबरको नगद जिन्सी लुटेका थिए। डकैतीमा संलग्न सोही ठाउँका राजकिशोर सिंह र सर्लाहीका सुरेश मण्डललाई पक्राउ गरी कानूनी कारवाही चलाएको छ। अभियुक्तहरू हाल धरौटीमा अदालतबाट तारिखमा छुटेका छन्।

सरमुजवा गाविस-२ का राम आधार राय यादवको घरमा ०५१ जेठ २३ गते चौध पन्ध्र जना डाँकाहरूले डकैती गरे। यस घटनाका सन्दर्भमा बारा जिल्लाका रामबाबु राय यादव लगायत ४ जनालाई पक्राउ गरी प्रहरीले कानूनी कारवाही चलाएको छ।

करूनिया गाविस-८ का हविबु रहमानलाई ०५१ असार २७ गते डकैतीको आरोपमा पक्राउ गरिएको थियो। अभियुक्त हविबु रहमानले ०४९ मंसीर १३ गते पोठीयाही गाविस-१ का सीताराम साह कानू तथा ०५० भदौ ४ गते पतौरा गाविस-५ का इन्द्रदेव साह तेलीको घरमा डकैती गरेका थिए। यस घटनाका अन्य सम्बन्धित डाँकाहरूको खोजी भइरहेको छ।

लक्ष्मीनिया गाविस अन्तरगतको १३ कठ्ठा जग्गा कीर्ते गरी बेचबिखन गरेको अभियोगमा गौर मालपोतका नासु राम नारायण झा र पियन राम आशिष महतोलाई ०५१ साउन २३ गते पक्राउ गरी कानूनी कारवाही चलाइएको छ।

गौर नपा-६ मा भारत तर्फबाट आएका डाँका दलका सदस्य सोनेलाल महतोलाई ०५१ भदौ ९ गते प्रहरीले लखेटी पक्राउ गरे। अभियुक्तबाट बन्दूक सहित गोली एक थान बरामद गरिएको छ। अन्य डाँकाहरू भाग्न सफल भएको र पक्राउ परेका डाँका सोनेलाल महतोलाई आवश्यक अनुसन्धानका लागि कानूनी कारवाही चलाइएको छ।

महम्मदपुर गाविसस्थित रामसुगर मिल नजिकैको सडकमा पिस्तौल लिई बसेका भारतीय नागरिकहरू सुरेशप्रसाद राउत र शैयद महम्मदलाई ०५१ भदौ १८ गते प्रहरी टोलीले पक्राउ गर्‍यो। अभियुक्तहरूलाई आवश्यक कारवाहीका लागि हिरासतमा राखी अवैध हातहतियार तथा खरखजाना ऐन अन्तरगत कारवाही भइरहेको छ।

गेढही गुठी गाविसका पनिलाल राय यादव ०५१ भदौ २८ गते अवैध हातहतियार सहित पक्राउ परे। मोटरसाइकल चढी हिंडिरहेका निज यादवलाई प्रहरीले जाँचबुझ गर्दा उनको झोलाबाट नलकटुवा बन्दूक थान एक बरामद भएको थियो।

गौर नपा-७ का राम स्वरूप मलि डोमको घरमा ०५१ पुस ८ गते चौध पन्ध्र जना डाँकाको डफ्फाले आक्रमण गरी डकैती गरेका थिए। घर धनी र डाँकाहरूका बीचमा झडप भएको र घर धनीलाई हानिएको गोली डाँकादलकै भुवनेश्वर राउत कुर्मीलाई खुट्टामा लागी घाइते भए। घाइते डाँका भुवनेश्वर राउत कुर्मीलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

■



# २. मध्यमाञ्चल

# नारायणी

# २.८ बारा

जनसंख्या : ४१५७१८
साक्षरता : २७.९ प्रतिशत
महिला साक्षरता : १३.५ प्रतिशत
क्षेत्रफल : ११९० वर्ग कि.मी.

विभिन्न जनजातिहरूको बसोबास रहेके बारा जिल्ला पनि तराई क्षेत्र मै पर्ने जिल्ला हो। यो जिल्लामा सिम्रौनगढ जस्तो ऐतिहासिक ठाउँ पनि रहेको छ। यहाँका जनताको मूल पेशा कृषि नै हो। नेपालका विभिन्न पहाडी क्षेत्रबाट बसाई सरेर आउने पनि यहाँ प्रशस्तै छन्। मानवअधिकार उल्लंघनका दृष्टिले यो जिल्ला पनि चर्चामा आउने गरेको छ।

## १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

बारा, धर्मनगर-८ का शान्तिदेवी मियाँको ०५० पुस १७ गते स्थानीय प्रभु महतोले ढोकाको चुकुलले टाउकोमा हानी हत्या गरे। पीडित शान्तिदेवी महिला कैरियरको काम गर्थिन्। नागरिकता लिनका लागि माइत गएकी शान्तिदेवीलाई नाताले भाइ पर्ने पीडकले विवाद गरी मारेका थिए र घर पछाडिको बाँसको झ्याङमा लगी परालले डडाएका थिए। पीडितका बाबु निर्मल महतोले घटनाको छानवीनको लागि उजुरी गरेपछि गाउँलेहरू भरत शाह र राम अवतार शाहलाई ०५१ जेठ २१ गते गिरफ्तार गरी जिल्ला अदालत बाराले जनही ५-५ हजार रूपियाँ जरिवाना गरी तारेखमा छाडेको थियो। मुख्य पीडक प्रभु महतो फरार रहेका छन्।

०५० पुस १८ गते नीजगढ प्रहरी चौकीका सई यमबहादुर के.सी.ले कुमार आचार्यकी आमासंग अनुचित सम्बन्ध राखी रहेको कुमार आचार्यले देखे। भोलिपल्ट निज आचार्यलाई गिरफ्तार गरी चौकीमा निर्मम यातना दिइयो। यातनाको विरोध गर्दै चौकीमा जम्मा भएको भीडमाथि प्रहरीले गोली प्रहार गर्दा कुमार आचार्य, श्यामकुमार शर्मा, चुनु श्रेष्ठ र बाबु ठकुरी सख्त घाइते भए।

डुमरवाना गाविस-७ का रूदबहादुर श्रेष्ठका छोराछोरीहरू चित्रकुमारी श्रेष्ठ, दलबहादुर श्रेष्ठ र धनकुमारी श्रेष्ठ क्रमशः वर्ष १५, ७ र ५ का किशोरी तथा बच्चाहरू खोलामा नुहाएर फर्कंदा ०५० फागुन २६ गते बलात्कार तथा हत्या गरियो। पन्ध्र वर्षीय चित्रकुमारी श्रेष्ठको गुप्ताङ्गमा दुई इञ्च गहिरो घाउ भएबाट बलात्कार समेत गरिएको बुझिन्छ। सात वर्षीय बालक दलबहादुरलाई बञ्चरोको धारले टाउकोमा प्रहार गरी मारेको र पाँच वर्षीय धनकुमारीलाई ढाडमा बञ्चरोको टाउकोले हिर्काएर मारी फालेको भेटियो भने बलात्कार गरिसकेपछि पन्ध्र वर्षीय चित्रकुमारीलाई टाउको, दायाँ काँध र गालामा बञ्चरो प्रहार गरी मारेको भेटियो। सँगै नुहाउन गएका तर चाँडै नै फर्किएका जगतबहादुर लामा र पद्मा देवीको भनाई अनुसार मृतक चित्रकुमारीले आफूसंग कुनै गरगहना नभएकाले चोरले केही गर्दैन माइबहिनीसंग पछि आउँछु भनेकी थिइन्।

नीजगढ गाविस-३ का सानु मोलनको ०५१ जेठ ३ गते जंगलमा शिकार खेल्न जाँदा गोली हानी हत्या गरियो। मृतकसंग शिकार खेल्न गएका वीरबहादुर मोलन र च्यापसाङ पाख्रिन बेलुका घर फर्केका थिए तर सानुमोलन नफर्केकाले भोलिपल्ट निजलाई खोज्न गाउँलेहरू समेत गई जंगलमा खोज तलास गर्दा गोली हानी हत्या भएको अवस्थामा भेटियो। छर्राको गोलीले छातीमा दुई ठाउँमा प्वाल परेको र सो घाउमा बन्दूकको लोती समेत फेला परेको थियो। यस सम्बन्धमा सँगै जानेहरूलाई पत्री कारवाही गरिएको तर सर्जमिनमा घटनाका सम्बन्धमा निजहरूको कुनै हात नरहेको भन्ने पाइएकाले जिल्ला अदालत बाराले निजहरूलाई छोडी दिएको थियो।

भरतजंग सिंगौल गाविस-४ का बुद्धिमाया नेपालीलाई ०५१ असार २५ गते सोही ठाउँ बस्ने नारायणबहादुर नेपालीले

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | १ | - | - |
| हिरासतमा यातना | २ | २ | ४ |
| बलात्कृत | २ | ३ | ४ |
| आत्महत्या | - | - | ६ |



*चुनु श्रेष्ठ : निजगढ गोली काण्डका घाइते*



*श्यामकुमार शर्मा : निजगढ गोली काण्डका घाइते*

खुकुरी प्रहार गरी घाइते बनाएका थिए। टर्च लाइट हराइदिएको निहुँमा खुकुरीले हान्ने पीडक नारायणबहादुर नेपाली रक्सी खाई जथाभावी गरी हिंड्ने गर्दछन्। नीज उपर कारवाही गरियोस् भनी पीडित पक्षले इलाका प्रहरी कार्यालय निजगढमा उजुरी गर्दा कुनै सुनवाई भएन। राष्ट्रिय प्रजातन्त्र पार्टीका स्थानीय कार्यकर्ताहरू टेकबहादुर लामा र रामप्रसाद तिमिल्सिनासँग मिलेर प्रहरी इन्चार्जले औषधि उपचार खर्च समेत नदिलाई बलजफत मिलापत्र गराइएको भन्ने भनाई पीडितको छ।

बारा दोहोरी-७ का समिना खातुनले विष मिसाएको मासु खानाले ०५१ पुस ३ गते उनका ससुरा ५० वर्षीय मोहन मियाँ अन्सारी र जेठानी सकिला खातुनको मृत्यु भयो भने देवर चिन्ताजनक अवस्थामा पुगे। समीना खातुनको अनमेल विवाह भएका कारणले स्थानीय एकवाल मियाँसँग उनी प्रेम गर्ने गर्थिन्। प्रेमीको सल्लाह सहित उनले यो योजना तयार गरेकी थिइन्। हाल उनलाई प्रहरीले हिरासतमा लिएको छ भने प्रेमी एकवाल फरार छन्।

## १.२ जेल र बन्दीहरू

यहाँ जेल छैन। यहाँका थुनुवा र बन्दीलाई वीरगंज जेलमा राखिन्छ।

## १.३ गिरफ्तारी र यातना

गंजभवानीपुर गाविस-१ का औषधि विक्रेता डक्टर प्रेमबहादुर कुवारलाई ०५१ जेठ ९ गते डकैतीको आरोपमा गिरफ्तार गरियो। कलैया नपा३ का औषधि डिलर पुरनचन पाण्डेको निवेदन अनुसार प्रमुख जिल्ला अधिकारीको ठाडो आदेशमा पक्राउ परेका प्रेमबहादुर कुवारलाई थुनामा रहँदा निर्मम यातना दिइएको बताइन्छ। पाण्डे र कुवार बीच औषधिको खरिद बिक्री वापत कुवारको बाहहजार पाँचसय पाण्डेले फिर्ता गर्नुपर्ने थियो तर उनले सो पैसा फिर्ता नगरी उल्टै आफूले औषधिको पैसा नपाएको दाबी गरी जिल्ला प्रशासन कार्यालयमा उजुरी गरेका थिए। पाण्डे कांग्रेसका कार्यकर्ता हुन् र उनी सो पार्टीका लागि बढी भन्दा बढी चन्दा दिनेमध्ये पर्ने भएकाले प्रमुख जिल्ला अधिकारी आनन्दराज पोखरेलका साला पर्ने प्रशासकीय अधिकृतको आड भरोसामा यातना दिइएको थियो भनिन्छ। यातना दिने असइहरूको नाम स्पष्ट थाहा भएन तर त्यसमध्येका प्रहरी जवान वलराम र गार्ड कमाण्डर दिपक हुन्। पीडितले आफू छुटेपछि ०५१ जेठ ११ गते पुनरावेदन अदालत हेटौंडामा रीट निवेदन दर्ता गराएका छन्।

दोहोरी गाविस-६ का सिताराम साहनी र सोना चमारलाई चोरीको अभियोगमा ०५१ जेठ १४ गते पक्राउ गरियो। उत्तर भिट्कैया गाविस-७ की समुन्दी देवीले घर फोरी चोरी गरेको भनी जिल्ला प्रहरी कार्यालय बारामा उनीहरूको नाउँमा रिपोर्ट गरेकी थिइन्। प्रहरीले उनीहरूलाई तेइस दिनसम्म हिरासतमा लिई विना शर्त छोडेको थियो। पीडित सीताराम सहनीको बाबु र पीडक बीचको रिसइबीको कारण यो घटना भएको बताइन्छ।

रामपुर टोकनी गाविस-४ का महेन्द्र साह, प्रसाद महतो, बुधराम साहनी, हृदय साह र वाशुदेव महतोलाई ०५१ असार २२ गते जिल्ला अदालत बारा कलैयामा विना पुर्जी डकैती गरेको आरोपमा गिरफ्तार गरियो। ज्यान मुद्दाको साक्षी बक्न आएका पीडितहरूलाई अदालत भित्रैदेखि कठालो समाती घोक्रयाउँदै जिल्ला प्रहरी कार्यालय बारामा लगिएको बताइन्छ। राजनैतिक रीसइवीका कारण एक पक्षले अर्को पक्षलाई डाँका मुद्दामा फसाउने गरिन्छ। उक्त पीडित पक्षको पनि यस्तै आरोपको शिकार भएको गुनासो छ।

जीतपुर भवानीपुर गाविसका इष्टर्न टेक्सटायलका मजदूरहरू प्रभु चौधरी र रामराज चौधरीलाई ०५१ साउन ५ गते नेपाल बन्दका दिन दंगा प्रहरीहरूले अनावश्यक गाली बेइजती गरी गिरफ्तार गरे। पीडितहरूले आफूहरू प्रदर्शनकारी नभएको र चिया खान चोकमा निस्केको बताउँदा प्रहरीहरूले लछारपछार गर्दै प्रहरी भ्यानमा राखी जिल्ला प्रहरी कार्यालय, कलैयामा लगे। त्यसपछि उनीहरूलाई अमानवीय किसिमले यातना दिइयो। नेपाल स्वतन्त्र मजदूर युनियनका प्रतिनिधिहरूले दुई दिनपछि जमानतमा छुटाएको थाहा भएको छ।

सिमरा पिप्रा गाविस-१ हुलास स्टिल कारखानाका

मजदूर जुद्धबहादुर राईलाई कारखाना बन्द गराएको आरोपमा ०५१ साउन ५ गते नेपाल बन्दको सिलसिलामा गिरफ्तार गरियो। निजलाई कारखानाको गेटबाटै विनापूर्जी पक्राउ गरी गाडीमा धुङ्गा हान्ने तैं होस् भन्दै लछारपछार गरी भ्यानमा कोची लगेका थिए। उनलाई जिल्ला प्रहरी कार्यालय वारा कलैयामा लगेपछि दुई दिनसम्म थुनी यातना दिइएको थियो।

बबुआइन गाविस ३ र ४ का विन्दप्रसाद वरेल, शिवप्रसाद वरेल, महेशप्रसाद बोराह, पन्नालाल वरेल र रामाकान्त झा लगायत अन्य ५ जनालाई डाँका तथा खरखजना मुद्दामा ०५१ मदी ९ गते पक्राउ गरियो। निजहरूले डाँका मुद्दामा वारेण्ट सहित गिरफ्तार गरिएको राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता रामजनम चौरसियालाई भगाएका थिए। अपराधी भगाएको आरोपमा गाउँका जनताहरूको घर घर पसी घरको टाटी भत्काइ दिई अन्धाधुन्ध लाठी चार्ज समेत प्रहरीले गरेको बुझिएको छ।

वारा ककढी-१ का खेती मजदूर कुशमाया चौधरीलाई ०५१ पुस १३ गते जंगलको खर काटेको आरोपमा वन संरक्षक टोलीले कुटपिट गरेको थियो। उनले दिएको बयानमा अन्यत्र खेतबाट खर काटेको भनेकी छिन्। विना अपराध यातना भोग्नु परेको कुरा सो गाविसका अध्यक्षले एमाले जिल्ला पार्टी कार्यालयमा मौखिक जानकारी दिएका छन् भने कानूनी कार्यका लागि प्रयास भइरहेको बुझिएको छ।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

निजगढ गाविस-८ मा ०५० चैत १० गते चाइनिज इन्टरनेशनलको अपरेशन कम्पनीका साइड इन्चार्ज वाङ्ग मेलङ्गलाई बाबु ठकुरी लगायतका ६ जनाले पेटमा छुरी हानेको तथा प्राविधिक सुङ्ग पिङ्ग छाङ्गलाई कुटपिट गरी लछारपछार पार्दै मार्ने धम्की दिएका थिए। सोही कम्पनीका पूर्वचालक बाबु ठकुरीलाई कामबाट हटाइएको निहुँमा घटना भएको बताइन्छ। सो घटनामा संलग्न व्यक्तिहरूलाई कारवाही गरिएता पनि धरौटीमा छुटेका थिए। विदेशीहरू प्रति यस्तो घटना हुनुले गलत प्रभाव परेको महसूस गरिएको छ।

जितपुर-१ को श्री माध्यमिक विद्यालयका निमित्त प्रधानाध्यापक चन्द्रेश्वरप्रसाद यादवलाई ०५१ असोज ५ गते जितपुर गाविस-३ का राजनीतिक कार्यकर्ताको मिलोमतोमा विद्यार्थीहरू रोशन पाठक, सन्तोष प्याकुरेल र देवेन्द्र गुप्ताले गोप्य कुरा गर्नु छ भनी फुक्याई विद्यालयको एक कोठामा एक घण्टासम्म ताल्चा लगाई थुनी दिएका थिए। लेखा फाँटमा कार्यरत कर्मचारीलाई धम्क्याई बाहिर निकालेपछि शिक्षक चन्द्रेश्वरप्रसाद यादवलाई तपाईंले राम्रोसँग पढाउनु हुन्न र कक्षा खाली राख्नु हुन्छ भन्ने आरोप लगाउँदै जागिरै खाई दिने धम्की समेत दिएका थिए। नेपाली कांग्रेस गाविस अध्यक्ष कृष्णप्रसाद सिंह लगायत उनका लठैतहरूले उल्टै पीडितलाई "केटाहरूले ठीक गरे" भनी धम्क्याउन लगाए। सो को विरोधमा विद्यालय परिवारले ०५१ असोज ११ गते पेन डाउन गरी अपराधीमाथि कारवाहीको माग राखेका थिए।

वड्की फूलबारीमा-४ का शिक्षक रामविश्वास महतोलाई ०५१ पुस ४ गते सोही ठाउँका प्रधानाध्यापक रविन्द्र सिंह र उनका अन्य तीन सहयोगीहरू समेत मिली ज्यान मार्ने धम्की दिए। पीडित पक्षका रामविश्वास महतोले ज्यान सुरक्षा सम्बन्धी जाहेरी दर्खास्त जिल्ला प्रशासन कार्यालय बारामा ०५१ पुस ४ मा दिएका थिए। यस अघि शिक्षक रामविश्वास महतो घर फर्किरहेका वेलमा ०५१ मंसीर ११ गते त्यस विद्यालयबाट सरुवा भई नगएमा ज्यान मार्ने धम्की उक्त पीडकहरूले दिएका थिए। सो कुरालाई अटेर गरेकाले पुनः धम्की दिइएको बताइन्छ। पीडक रविन्द्र सिंह गत स्थानीय चुनावमा बम सहित पक्राउ परेका थिए तर कुनै कारवाही भएको देखिँदैन।

वारा वड्की फूलवरिया गाविस - ८ का किसान परमेश्वर राउत यादवलाई ०५१ मंसीर २४ गते भदुवा टोलको नजिकै खेतमा मर्माहत हुने गरी ज्यानै लिने धम्कीका साथ कुटपिट गरियो। कुटपिट गर्नेहरूमा सोही ठाउँका शिवरतन यादव र रामजनम यादव थिए। झगडाको निहुँ बाख्रा पिटेको देखिए पनि पीडकहरू भारतबाट भर्खरै आई बसोबास गरेका र मतदाता सूचीमा नाम दर्ता गराउन नदिएको कारणले पुरानो रीस पोखेको बुझिन्छ। सो सम्बन्धमा पीडित पक्षले ०५१ मंसीर २६ गते जिल्ला अदालत बारामा सार्वजनिक अपराधको जाहेरी दर्खास्त दिएका छन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

संविधान प्रदत्त यी अधिकारहरूको हनन गर्ने खालका उल्लेख्य घटनाहरू यो वर्ष देखा परेको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

चुनावका क्रममा केही घटना भए पनि राजनैतिक स्वतन्त्रताको उपभोग गर्न यहाँका जनतामा कुनै बाधा नपुगेको देखिन्छ।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति जनताको सकारात्मक धारणा रहे पनि ढीलासुस्तीप्रति जनताको ठूलो गुनासो रहेको छ।

### २.५ सरुवा / बढुवा / पक्षपात आदि

कलैया नपा-७ घर भई मुखिया पदमा जिल्ला विकास समिति बारामा ०३७ चैत ४ गतेदेखि कार्यरत प्रदीप घिमिरेलाई ०५१ जेठ २७ गतेदेखि सेवाबाट बर्खास्त गरिएको छ। उक्त अवधिमा काम काज गरी रहँदा पनि जिल्ला विकास समितिका सभापतिको अनावश्यक दबावमा अनुशासनहीन काम गरेको आरोप लगाई वोर्डले ०५१ बैशाख १८ गते स्पष्टीकरण माग

गरेको थियो।

इटाही गाविस स्थित ने.रा.नि.मा.वि.का शिक्षक वर्ष ४६ का शिवप्रसाद गुप्ताले ०५१ पुस २१ गते जिल्ला शिक्षा अधिकारीसंग भेटी आफूले स्थायी हुने प्रक्रिया पूरा गरिसकेकोले रेकर्ड हेरी स्थायी नियुक्ति पाउँ भनी निवेदन दिएका थिए। निज शिक्षकप्रति पूर्वाग्रह राखी जिल्ला शिक्षा अधिकारीले निवेदन नै दर्ता नगराएको बुझिएको छ।

पीडित शिक्षक ०३८ भदौ ५ गते प्रा.वि. शिक्षक पदमा अस्थायी नियुक्ति पाई काम काज गर्दै आएका थिए र ०४६ जेठ १२ गते निम्न माध्यमिक विद्यालयको दरबन्दीमा सोही विद्यालयमा बढुवा भएका थिए। तर विपरीत सिद्धान्त भएका कारणबाट शिक्षक संघ बाराका सचिव सचिदानन्द तिवारीले प्रशासनसंग मिली पदोन्नतिमा बाधा पुऱ्याएको भन्ने उल्लेख गरिएको छ। यसैगरी निज शिक्षकलाई ०४६ साल भन्दा अगाडि विविध आरोप लगाई पाँच महिनाको तलब रोक्का गरिएको थियो। ०४६/४७ मा शिक्षा मन्त्रालय र संगठनबीच भएको सम्झौता अनुरूप समेत स्वतः स्थायी हुनु पर्नेमा वञ्चित गराइयो।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी उल्लेख्य घटना प्रकाशनमा आएको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

भवानीपुर जीतपुर गाविस-३ की श्रीमती सीतादेवी गुरागाईंलाई सोही ठाउँका नेपाल सद्भावना पार्टीका अध्यक्ष ममताज कुराइले ०५० फागुन २७ गते शिवरात्रीमा काठ जलाई दिएको आरोपमा चुल्ठो समाती लात्ती लात्तीले पिटे। त्यसको भोलिपल्ट पनि २५-३० जनाको हूल सहित आई पीडितको पसल उखेली दिने र जलाई दिने धम्की दिए। उक्त घटनाको उजुरी गर्न स्थानीय जितपुर चौकी जाँदा साधारण कुटपिट भनी निवेदन दर्ता नगरी उल्टै पीडकलाई असइ भूपेन्द्र अधिकारीले भगाए। त्यसपछि इलाका प्रहरी कार्यालय सिमराले पनि उजुरी दर्ता गर्न नमानेकोले वुद्धिजीवीहरूले दबाव दिएपछि मात्र ०५० चैत १ गते निवेदन दर्ता भएको थियो। त्यसपछि पीडक ३५ दिनसम्म लुकी हिंडेको र प्रहरी इन्स्पेक्टर अटल लामाले ३५ दिन काटेपछि समाउन मिल्दैन भनी पीडितहरूलाई जवाफ दिएको थाहा भएको छ। अपराधीमाथि कुनै कार्यवाही नहुनाले पीडितहरू मानसिक रूपले झनै पीडित बनेका छन्।

कफडी गाविस-५ की थारू युवतीलाई सोही ठाउँका थारू कल्याण कमिटीका सचिव वीरेन्द्र चौधरी र सदस्य वैद्यनाथ चौधरी लगायत अन्य चारजना व्यक्तिहरू मिली ०५१ भदौ २० गते कुटपिट सहित बलात्कार गरेको थाहा भएको छ। त्यसदिन पीडितको घरमा मामा पर्ने मानिस आएको र सो देखि पीडकहरूले बाहिरको व्यक्तिसंग सुत्ने हामीसंग किन नसुत्ने भनी जबर्जस्ती गरेका थिए। उक्त घटनामा वीरेन्द्र चौधरीलाई मात्र गिरफ्तार गरिएको र अन्य पीडकहरूसंग २ हजार १ सय रूपियाँ लिई प्रहरी इन्सपेक्टर मिलन बस्नेतले मिलापत्र गराएको बताइन्छ।

डुमरवाना गाविस-७ की १४ वर्षीय बालिकालाई सोही गाउँका शंकर कार्कीले मिति ०५१ कात्तिक १ गते बलात्कार गरे। घाँस काट्न गएकी बालिकालाई जंगलमा जबर्जस्ती बलात्कार गर्दा पीडकका साथीहरू भीमसेन लोखन, बाबुराम फुँयाल र भैरब उप्रेती हेरी रहेका थिए। तर उनीहरूले बलात्कार नगरेको कुरा पीडितले बताएकी छिन्। घटना घटेको भोलिपल्टै इलाका प्रहरी कार्यालयमा गई पीडित पक्षले जाहेरी गरेता पनि ०५१ कात्तिक ६ गते मात्र निवेदन दर्ता गरियो। पीडकहरू फरार भएकाले प्रहरीले खोजी गर्ने काम जारी राखेको थाहा भएको छ।

हरैया गाविस-४ का चारजना केटीहरूलाई ०५१ मंसिर २४ गते राजुप्रसाद साह र कृष्ण मोहन सिंहले जबर्जस्ती गरी बलात्कार गर्न खोज्दा सनीमाया घलान र अन्य दुई केटीहरू भाग्न सफल भए भने एउटीलाई दुवैले पालैपालो बलात्कार गरेका थिए। पीडित पक्षको उजुरीपछि ०५१ मंसिर २५ गते जिल्ला प्रहरी कार्यालय बारामा बलात्कारीहरूलाई पक्राउ गरियो। बलात्कृत महिलाले मेडिकल जाँच गराई ०५१ मंसिर २७ गते जिल्ला अदालत बारामा जाहेरी दर्खास्त हालिएको बुझिएको छ। पीडक तथा पीडितका अभिभावकहरू बीच ०५१ पुस ४ गते पीडित पक्षलाई ६ हजार रूपियाँ दिई मिलापत्र भएको र सोही दिन अपराधीहरू छुटेको बताइन्छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी घटना प्रकाशमा आएको पाइएन।

### ४.३ गर्भ पतन

सिमरा गाविस-१ की काली लामासंग अनुचित सम्बन्ध भएका सिर्जना कार्पेट इण्डष्ट्रिज सिमराका मालिक सीताराम प्रसाइले ०५१ जेठ ११ गते डंकन हस्पिटल रक्सौलमा गई जबर्जस्ती गर्भपतन गराएका थिए भनिन्छ। विभिन्न महिलाहरूसंग अनुचित सम्बन्ध राखेको थुप्रै घटनासंग मुछिएका सीताराम प्रसाइले पीडित काली लामालाई गर्भपतनपछि बेपत्ता पारेको बताइन्छ। पीडितका बाबु सामाजिक डरको कारण आफ्नी छोरीको बारेमा कुरा सार्वजनिक नहोस् भन्ने चाहन्छन्।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस सम्बन्धमा कुनै उल्लेख्य घटना देखिएन।

## ६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

छात्रापिपरा गाविस-१ स्थित आरती सोप एण्ड केमिकल इण्डष्ट्रिजका मजदूरहरू भरत पासवान, सोना राउत र विश्वनाथ साह लगायतका २३ जनालाई ०५० पुस २४ गते श्रम ऐन ०४९ विपरीत हडताल गरेको आरोपमा कामबाट निकालिएको थियो।

कारखानाका प्रशासकीय अधिकृतले मजदूरहरूलाई कारखानाभित्र छिर्न नदिई ७ दिनसम्म कारखाना बन्द गरेका थिए। कारखाना खुलेपछि निष्कासित मजदूरहरू र कारखाना मालिक श्याम लोहिया बीच हात हालाहाल भएको र त्यसपछि कडा प्रहरी सुरक्षासाथ कारखाना संचालन भएको थियो।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ६.३ अन्य आर्थिक अधिकार

अन्य आर्थिक अधिकारमा हनन पुऱ्याउने कुनै घटना सार्वजनिक जानकारीमा आएको देखिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्ला शिक्षा अधिकारी महम्मद हसरत अलीलाई घूस खाई शिक्षक नियुक्त गरेको आरोप नेपाल विद्यार्थी संघ बारा जिल्ला कमिटीले लगाएको थियो। ०५१ भदौ ५ गते उक्त आरोप लगाई सार्वजनिक टिप्पणी गर्नुका साथसाथै विभागीय कारवाहीका लागि सम्बन्धित विभाग र प्रमुख राजनैतिक पार्टीहरूलाई समेत लेखिएको थियो। यसरी तथ्यहीन आरोप लगाईदा आफ्नो मानहानी भएको कुरा जिल्ला शिक्षा अधिकारीले बताएका थिए।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

कलैया नपा-१३ को सिसहनिया चोकमा ०५१ साउन २३ गते ना.अ.ख १३३७ नं.को रिजर्भ बस रोक्दा छतमाथि राखेको साइकलले ११ हजार भोल्टको विद्युत तार छुन गयो। त्यसबाट करेण्ट सट भई तीनजनाको घटना स्थलमा नै मृत्यु भयो। र अन्य २४ जना घाइते भई अस्पतालमा उपचारार्थ लगिएको थियो। मर्नेहरूमा अवधापुरका चरणकली, वोधिया देवी र देविका महरा थिए।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

रतनपुर गाविस-३ का कालीबहादुर गोलेको घरमा ०५० पुस २ गते आगलागी भयो। उक्त आगलागीमा परी ४० वर्षीय कालेबहादुर गोले र उनको ३ वर्षको छोराको घर बाहिर आउन नसक्नाले जली मृत्यु भयो। करीब ४० हजार जतिको मालसामान जलेर नष्ट भएको थियो। सो आगलागी कसैको कर्तव्यबाट नभएको बुझिएको छ।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणवाट कोही घाइते भएको र कसैको मृत्यु भएको पाइएन।

### ९.४ आत्महत्या

निजगढ गाविस-९ की लक्ष्मीमाया ०५० चैत २१ गते घरको धुरीमा पासो लगाई आत्महत्या गरिन्। परपुरूषसंग अनुचित सम्बन्ध राखेको हल्ला भएकाले रक्सी बेच्ने पेशा गरेकी मृतकले आफ्नो सामाजिक प्रतिष्ठा र इज्जत गुमाउनु परेको ठानी आत्महत्या गरेकी बताइन्छ।

निजगढ गाविस-९ का लालबहादुर सुनारले ०५० चैत २२ गते रूखको हाँगोमा झुण्डिई आत्महत्या गरे। एकदिन अघि उनको घर धुरीमा लक्ष्मीमाया झुण्डिएर मरेकी थिइन्। सो आत्महत्यामा तँ पनि पर्छस् भनी गाउँलेहरूले तर्साएकाले उनले आत्महत्या गरेका हुन् भनी बताइन्छ।

दुमरवाना गाविस-६ का दम्पति नवराज पराजुली र श्रीमती लिलाकुमारी पराजुलीले ०५१ भदौ १७ गते किटनाशक विषादी मेटासिड खाई आत्महत्या गरे। पति पत्नी बीच घर झगडा हुने गरेको र पहिले पतिले विष खाएको थाहा पाएपछि पत्नीले सोही बोतलको विषादी खाएकी थिइन्। यस आत्महत्याबाट उनीहरूका दुई छोरी र एक छोरा पीडित भएका छन्।

निजगढ गाविस-९ का १३ वर्षीय विद्यार्थी कपिल न्यौपानेले मिति ०५१ असोज १७ गते किटनाशक औषधि फरेट खाई आत्महत्या गरे। मृतकले दशैंमा बाबुआमाले नयाँ कपडा नकिनी दिएकोमा झगडा गरेको थियो।

निजगढ गाविस-८ का रामबहादुर थापाले घरायसी झगडाको कारण ०५१ असोज १९ गते मेटासिड रक्सीमा मिसाई खाएर आत्महत्या गरे। यसअघि मृतकले श्रीमती सहित दुई बच्चालाई गुन्द्रीले छोपी मट्टितेल खन्याई आगो लगाउन खोजेका थिए। सो असफल भएपछि उनले आफैं विषालु किटनाशक औषधि खाएका थिए।

कलैया नपा-५ नेपाल उद्योग वाणिज्य संघ कलैयाका अध्यक्ष सोनालाल साहकी १८ वर्षीय बुहारी ममता देवी शाहको ०५१ कात्तिक २८ गते जलेर मृत्यु भयो। निज मृतकको भान्सा कोठाको ग्यास सिलिण्डर पड्किएको तर उनले भने आफ्नो शरीरमा मट्टितेल खन्याई आत्महत्या गरेको भन्ने हल्ला चलेको थियो। लाश जलाउनुअघि पोष्टमार्टम नगरेको तथा माइतमा समेत थाहा नदिएको र मृतकका पति एवं ससुरा हालसम्म फरार रहेका छन्।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

कलैया नपा-६ का शिक्षक मोतीलाल गुप्तालाई ट्युशन नपढाई दिएको आरोपमा ०५० पुस १२ गते मोहनकुमार लामिछाने लगायत अन्य तीन जना विद्यार्थीहरूले घरको मिटर बक्समा आलुवम राखी पड्काई दिएका थिए। सो पटाका पड्काउँदा विद्युत लाइन नभएकोले अन्य धनजनको क्षति हुन पाएन। घटनाको लगत्तै प्रहरीले घटनास्थलमा गई हेरेको थियो। पीडित पक्षले ०५० पुस १५ गते प्रहरी समक्ष निवेदन दिएका थिए।

■



# २. मध्यमाञ्चल

# नारायणी

## २.१ पर्सा

जनसंख्या : ३७२५२४

साक्षरता : ३२.३ प्रतिशत

महिला साक्षरता : १७.५ प्रतिशत

क्षेत्रफल : १३५३ वर्ग कि.मी.

नेपालको तराई क्षेत्रमा महेन्द्र राजमार्गले नछोएको पर्सा जिल्ला नेपाल-भारतको प्रवेशद्वारको रूपमा पनि चिनिन्छ। यहाँको प्रमुख शहर वीरगंज हो। यहाँका करीब ७५ प्रतिशत जनता कृषि पेशामा संलग्न रहेका छन् भने व्यापारमा लाग्नेहरू करीब १७ प्रतिशत छन्। हत्या, लुट, बलात्कार जस्ता घटनाहरू यहाँ बारम्बार भइरहन्छन्। जुन घटनाहरूले यहाँको मानवअधिकार स्थिति राम्रो नरहेको देखाउँछन्।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

भिसवा गाविस-६ का अशोक साह कानूलाई ०५० माघ २२ गते सीमापारि जिल्ला पश्चिम चम्पारण शिकारपुरका राजपुत जातिका डाँकाहरू बेचु सिंह, प्रमोद सिंह र जीतेन्द्र सिंहले छातीमा गोली प्रहार गरी घाइते बनाए।

सिसवा-४ का जयमंगल राउत र वीरगंज नगरपालिका-१० का हफिज मियाँलाई ०५० माघ २२ गते छपकैयामा सलीम मियाँको विवाह हेरिरहेको अवस्थामा अज्ञात व्यक्तिले गोली प्रहार गरी घाइते बनायो। पीडितहरू भारतीय सामान ओसार-पसार गर्ने काममा संलग्न रहेको र त्यस क्रममा भारतीय डाँकाहरूसँग रीसइबी भई उक्त घटना हुन गएको बताइन्छ। अभियुक्त को हो भन्ने बारेमा केही थाहा हुन सकेन।

आदर्शनगर स्थित सनराइज सेन्टर अगाडि ०५० फागुन १० गते अज्ञात व्यक्तिहरूले वम पड्काउँदा वीरगंज नगरपालिका-१९ का राजु साह तुरजा घाइते भए। वम पड्काउनेहरू भारतीय डाँका भएको र उनीहरूले सनराइज सेन्टरका साहू रतन अग्रवाललाई तर्साउन तथा धम्की दिन वम पड्काएको बताइन्छ। अभियुक्तहरूको खोजी गरी घटनाका बारेमा छानवीन गर्न प्रहरीले पनि चासो नदेखाएको गुनासो पीडितको छ।

| घटनाको प्रकृति | घटना संख्या | | |
|---|---|---|---|
| | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | १ | २ | - |
| हिरासतमा यातना | २ | २ | २ |
| बलात्कृत | - | १ | २ |
| आत्महत्या | - | १ | १ |

वीरगंज नगरपालिका-६ जेलरोड घर भएका यातायात व्यवसायी तथा नारायणी ट्रक व्यवसायी संघका उपाध्यक्ष ५५ वर्षीय सरदार आशा सिंहको ०५० चैत १० गते नयाँ वस पार्कको उत्तर-पश्चिममा रहेको कोल्ड ड्रिंक्स पसल अगाडि गोली हानी हत्या गरियो। उनलाई गोली प्रहार गर्ने प्रमुख व्यक्तिमा मखनसिंह र अजीत सिंह थिए। उनीहरू भारतको काश्मीरका सिख उग्रवादीहरू भएको बताइन्छ। अभियुक्तहरू १५ दिन अगाडिदेखि वीरगंज आएर मृतककै घरमा बसेका थिए। धोका दिएको भन्ने रीसइबीमा उनीहरूले आशा सिंहको हत्या गरेको बताइएको छ। अभियुक्तहरूले सिखहरूको संगठन र भारतीय खुफिया एजेन्सीलाई धोका दिएको आरोपमा उनको हत्या गरेको चर्चा पनि यहाँ छ। अभियुक्तमध्ये एकजना मात्र गिरफ्तारीमा रहेको थाहा भएको छ।

जिल्ला प्रहरी कार्यालय पर्सामा कार्यरत अ.स.ई. रवि मुडभरीलाई ०५१ बैशाख ८ गते छपकैया-२ स्थित आफ्नै डेरामा मृत अवस्थामा फेला पारियो। उनलाई छुरी प्रहारबाट हत्या गरिएको आशंका छ। तर हत्यारा को हो भन्ने कुरा अहिलेसम्म अज्ञात नै रहेको छ।

लालपर्साकी देवमुनी गिरी आफ्ना पति लठेब्रो र सोझो भएको फाइदा उठाई ससुरा राजदेव गिरी र देवरले आफूमाथि अनैतिक सम्बन्ध राख्न खोजेपछि भागेर सानी आमाको घरमा पुगिन्। तर ०५१ असार ९ गते राती १२ बजे उनका ससुरा राजदेव सहित २०/२५ जनाको समूह देवमुनीकी सानी आमाको घरमा आयो र उनकी सानी आमासँग

राजदेवले "मेरी बुहारीलाई किन लुकाएकी, छिटो बाहिर निकाल" भनी गाली गलौज गर्न थाले। त्यतिकैमा भित्र पसेर राजदेवले देवमुनीलाई तान्दै बाहिर निकाले। त्यतिबेला थुप्रै गाउँलेहरू पनि जम्मा भइसकेका थिए। गाउँलेहरूले राजदेवको समूहलाई सम्झाउन लाग्दा दुईथरी बीच भीडन्त शुरू भयो। राजदेवको पक्षद्वारा हानिएको गोलीबाट जीरजोधन महराको घटनास्थलमै मृत्यु भयो भने डोमा मिया, जादो यादव, देवमुनी गिरी लगायत थुप्रै व्यक्ति घाइते भए। पीडकसंग ३ नाल बन्दुक सहित अन्य हतियारहरू पनि थिए। १ थान बन्दुक घटना स्थलमै छोडेर उनीहरू भागेका थिए। अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरी कारवाही गरिरहेको थाहा भएको छ।

वीरगंज नगरपालिका-१६ का हबिफ मियाँ अन्सारीलाई उनकै कान्छी पत्नी पट्टिका झट्केला छोराहरू हसमुद्दीन अन्सारी, नैमुद्दीन अन्सारी र मोसाफिक अन्सारीले ०५१ असार २६ गते हत्या गरे। झट्केला छोराहरूले अंश मागेकोमा नदिएकाले हत्या गरिएको बताइन्छ।

मुडली गाविस-तीनडुबियाका ४३ वर्षीय मुखलाल राउतको ०५१ असार ३१ गते हत्या भयो। पारिवारिक सूत्रका अनुसार उनको हत्या प्रहरीपक्षबाट भएको हो। तर प्रहरी पक्षको भनाई छ - मुखलाल त्यस क्षेत्रकै खुंख्वार डाँका हुन्। डाँका-डाँकाकै झगडामा उनको हत्या भएको हो। मुखलालसंग २ नाले बन्दुक, टोटा १ थान र बन्दुकको लाइसेन्स समेत रहेको कुरा प्रहरीबाट थाहा भएको छ।

पोखरियाको उच्चंगल माध्यमिक विद्यालयका कक्षा १० का विद्यार्थी सुल्तान मियाँलाई ०५१ कात्तिक ६ गते होटलमा झगडा गरेको आरोपमा इलाका प्रहरी कार्यालयद्वारा गिरफ्तार गरी निर्मम ढंगले यातना दिइयो। उक्त विद्यालयका विद्यार्थीहरूले उक्त कारवाहीको विरोध गर्दा एकैपल्ट प्रहरीले १४ राउण्ड गोली चलायो। गोलीबाट विद्यार्थीहरू राजकिशोर चौहान, उमेश महतो, मनोजप्रसाद यादव, ओमप्रसाद यादव, बृजलाल चौधरी आदि घाइते भए।

## १.२ जेल र बन्दीहरू

वि.सं. १९९३ मा निर्मित यहाँको जेल निकै जीर्ण अवस्थामा रहेको छ। १ हजार ५ सय बन्दी अटाउने क्षमता रहेको यो जेलमा हाल बन्दी २ सय ६९ र थुनुवा २ सय २२ गरी जम्मा ४ सय ९१ जना रहेका छन्। थुनुवा तर्फ पुरुष २ सय ८ र महिला १४ जना रहेका छन् भने बन्दी तर्फ महिला २२ र पुरुष २ सय ४७ जना रहेका छन्। त्यस बाहेक केटा ४ र केटी १ गरी ५ जना नाबालक पनि जेलमा छन्। बिरामी थुनुवा तथा बन्दीहरूको राम्रो उपचार हुने नगरेको गुनासो यहाँ सधैंभरि सुनिन्छ। यो वर्ष धनबहादुर श्रेष्ठ लगायतका ४ जनाले चौखण्डी कैद भुक्तान गरी सकेको हुँदा छुट्न पाउनु पर्छ भनी भोक हडताल गरेका थिए। हाल उनीहरू जेलमुक्त भइसकेका छन्।



*वीरगञ्ज जेल*

## १.३ गिरफ्तारी र यातना

शिववर्वा-२ की श्रीमती मन्तुरिया देवी गोदिन ०५० पुस १७ गते आफ्नै घरको भऱ्याङ्बाट ओर्लिंदा घाइते भइन्। तर गाविस उपाध्यक्ष शम्भु पाण्डे र उनका भाइ अवधेश पाण्डेले त्यसलाई जबर्जस्ती राजनीतिकरण गरेर बहादुर राउत कुर्मी, मिकुट राउत कुर्मी र जनक साह गोदमाथि ज्यान मार्ने उद्योग अन्तरगत झूठो मुद्दा दर्ता गराउन लगाए। त्यसमध्ये बहादुर राउतलाई ०५० माघ २४ गते गिरफ्तार गरी २५ दिनसम्म हिरासतमा राखिएको थियो।

नेपाल राष्ट्रिय प्राथमिक स्कूलका विद्यार्थीहरू सरस्वती पूजाको लागि ०५० फागुन २ गते मिठाइ बनाउने तयारीमा लागेका थिए। त्यति नै बेला केही स्थानीय हुल्याहा व्यक्तिहरू आई विद्यार्थीहरूलाई कुटपिट गरी मिठाइ समेत खान थाले। त्यसपछि शिक्षक सुरेश झा र विद्यार्थी उमेश ठाकुर प्रहरीलाई खबर गर्न गए। प्रहरीहरू आउँदा हुल्याहा व्यक्तिहरू भागी सकेका थिए। हुल्याहाहरू फेला नपरेपछि प्रहरीहरूले सुरेश झा र उमेश ठाकुरलाई भ्यानमा हाली प्रहरी कार्यालयमा ल्याएर लाठी, बुट र राइफलले कुटपिट गरे। दुवैलाई रक्ताम्य पारी रातभरि चीसो भूईंमा लडाइयो। उनीहरूलाई भोलिपल्ट अस्पताल भर्ना गरी १० वोतल स्लाइन पानी दिनु परेको थियो।

माधोपुर-६ का श्रीकिशुनराम चमारलाई ०५० चैत ४ गते जिल्ला प्रहरी कार्यालय पर्साका इन्स्पेक्टर संजयराज शर्माले सुतिरहेको अवस्थामा विना कारण र विनापूर्जी गिरफ्तार गरी २४ दिनसम्म हिरासतमा राखे। हिरासतमा उनलाई यातना समेत दिइयो। यातनाका कारण उनको खुट्टाको बुढी औंलाको नङ नै उक्किएको थियो। हिरासतमा राखिएकै बेला उनको घरमा रहेको टीभी, घडी र १२ भोल्टको व्याट्री पनि प्रहरीले लगेको र अहिलेसम्म फिर्ता नदिएको बताइन्छ।

मिनी लैण्ड स्कूल छेउ ०५१ साउन १७ गते सडकमा अवरोध पुऱ्याएको भन्ने सानो निहुँमा भएको प्रहरी र स्थानीय व्यक्तिहरूको झगडामा प्रहरीले लव गिरी, रामराज गिरी र प्रमोद घिमिरेलाई कुटपिट गरी सख्त घाइते बनाए।

### १.४ बेपत्ता पारिएको
यस सम्बन्धी कुनै घटना देखिएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट
स्थानीय "रौतहट आवाज" साप्ताहिक पत्रिकाका सम्पादक पुरूषोत्तमसिंह भट्टराईलाई लालबहादुर यादवले अज्ञात व्यक्तिद्वारा पत्र लेखाई ०५० फागुन २३ गते ज्यान मार्ने धम्की दिएका थिए। उक्त पत्रिकाको ०५० माघ २० गतेको अंकमा लालबहादुर अपहरणकारी हुन् भन्ने समाचार प्रकाशित गरिएपछि उनले त्यसरी धम्की दिएको थाहा भएको छ।

हरपतगंज-२ का रहमान मियाँ हजामलाई ०५१ साउन ८ गते स्थानीय सुरेन्द्रप्रसाद यादव, योगेन्द्रप्रसाद मिश्र, असराफ अन्सारी, मुकेशप्रसाद कब्बार र सुरेश नुनियाँ लगायतका व्यक्तिले कुटपिट गरी सख्त घाइते बनाए। जग्गाको झगडा सम्बन्धमा छलफल भइरहेको बेला बीचमा बोलेको निहुँमा त्यसरी कुटपिट गरिए पनि उनीहरू बीच पहिलेदेखि नै राजनीतिक झगडा कायम रहेको थियो। पीडितले घटनाका बारेमा जाहेरी दिएका छन्। तर पीडकहरू फरार रहेका छन्।

### १.६ थुनामा मृत्यु
यो वर्ष थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार
### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार
नेपाल अधिराज्यको संविधान २०४७ ले प्रत्येक नागरिकलाई दिएको अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकारमा प्रत्यक्षतः हनन पुऱ्याउने खालका उल्लेख्य घटनाहरू यो वर्ष देखा परेको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता
वीरगंज नगरपालिका-८ मिरहुसेन देवान, अब्दूल रसीद, जमालुदीन र वणारसीलाई ०५१ पुस १५ गते शेष नमुदीन, तैमव मौलाना लगायतका मानिसहरूले सोवरत मनाई प्रार्थना गरिरहेको समयमा कुटपिट गरे। सुनी मुस्लिम समुदाय भित्र पर्ने यी दुबै थरी व्यक्ति मध्ये प्रार्थना गर्नेहरू वरैली उपसमुदाय र पिट्नेहरू देवबन्धी उपसमुदायमा पर्दछन्। यी दुबै उपसमुदायका मानिसहरूमा आफ्नो परम्परा उच्च ठानी अर्काको धार्मिक आस्थामा चोट पुग्ने गरी विवाद भएकाले मारपीट चलेको थियो।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार
यहाँ राजनीतिक प्रतिशोधका दृष्टिले पार्टी-पार्टीका कार्यकर्ता बीचमा सामान्य झगडा र कुटपिटका असंख्य घटनाहरू हुने गरेका छन्। यो वर्ष पनि त्यस्ता थुप्रै घटनाहरू भए तर उल्लेख्य घटना प्राप्त हुन सकेन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार
०४६ सालको जनआन्दोलनमा भाग लिएको कुरामा नेपाली कांग्रेसका सांसद रमेश रिजाल लगायत १३ जनालाई ५ वर्ष ६ महिना जेल सजाय तोकियो। ०४६ फागुन ८ गते पर्सा जिल्ला प्रहरी कार्यालयले लगाएको सार्वजनिक अपराध तथा सजाय ऐन अन्तरगतको मुद्दामा पुनरावेदन अदालत हेटौंडाले यो वर्ष जेल सजाय र प्रतिव्यक्ति ५ हजार ५ सय जरीवाना तिराउने समेत फैसला गरेको पीडितहरूको भनाई छ। यसरी सजाय पाउनेहरूमा सांसद रिजाल लगायत रामज्ञप्रसाद रौनियार, जनार्दन सिंह क्षेत्री, राजकृष्ण अमात्य, महावीर शर्मा, हरिहर यादव, हीरा पटेल आदि हुनुहुन्छ। ०४६ फागुन ७ गते उहाँहरूलाई गिरफ्तार गरिएको थियो र ०४७ बैशाख ३ गते ५/५ हजार धरौटी राखेपछि मुक्त गरिएको थियो।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि
यस सम्बन्धी कुनै घटना भएको कुरा सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या
यस सम्बन्धी उल्लेख्य घटना देखा परेको पाइएन।

## ४. महिला अधिकार
### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना
वीरगंज नगरपालिका-६ की १५ वर्षीय कन्यालाई ०५० माघ ४ गते नारायणी उपक्षेत्रीय अञ्चल अस्पतालमा सुत्केरी आमालाई कुरिरहेको बेला अज्ञात व्यक्तिले बलात्कार गरेको थियो। पीडित कराएपछि लखेट्दा बलात्कारी भागेको थियो। यस्ता घटनाहरू अस्पताल भित्र भइरहने तर अस्पताल प्रशासनले चासो नदेखाएको गुनासो छ। मेडिकल सुपरिन्टेन्डेण्ट सागरमान सिंह अमात्यको भनाइमा त्यस्तो कुनै अप्रिय घटना  अस्पतालभित्र भएको छैन।

उदयपुर घुर्मी गाविसकी ३१ वर्षीय मैमुल नेशा अन्सारीनलाई ०५१ बैशाख ११ गते सोही ठाउँ बस्ने महेन्द्र महतोले बलजफ्ती गर्ने प्रयास गरेका थिए। घरमा पति नभएको मौका पारी प्रवेश गरेका पीडक होहल्ला भएपछि भागेका थिए। निजलाई प्रहरीहरूले पिछा गरी पक्राउ गरेका छन्।

वीरगंज नगरपालिका-५ का सुनिल श्रेष्ठ र अनिल श्रेष्ठले नक्कली पेस्तोल देखाई ०५१ साउन २८ गते सोही नगरपालिका-६ की १७ वर्षीय गर्भिणी महिलालाई बलात्कार गरे। सो ठाउँमा डेरा गरी बस्ने पीडितसंग रू. १ हजार सापट माग्दा नदिएकाले त्यसो गरिएको हो भनी पीडकहरूले बताएका छन्। अभियुक्त पीडकहरूलाई नक्कली पिस्तोल सहित पक्राउ गरी कानूनी कारवाही चलाइएको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

हरपुर गाविस-८ का पारस दास थारूले घरमा जेठ पत्नी हुँदा हुँदै वर्ष १७की वालकुमारी श्रेष्ठसंग प्रेम विवाह गरे। प्रेम विवाह गरेकी कान्छी पत्नीबाट ०५० चैत १७ गते एक छोरी जन्मिएकीले थारू जातिमा छोरीको विवाह गराउन सकिँदैन भनी पीडकले छोरी सहित पत्नीलाई पनि आफूले विवाह गरेको होइन भनी यातना दिई ०५१ बैशाख १५ गते घरबाट निकाली दिए। यस सम्बन्धमा पीडित पक्षले ०५१ जेठ ५ मा जिल्ला अदालतमा कानूनी कारवाहीका लागि जोहरी गरेकाले कारवाही भइरहेको छ।

वीरगंज नगरपालिका-१५ का रमेशप्रसाद साहा कानूले ०५१ जेठ २९ गते कविता शाहासंग दोस्रो विवाह गरी जेठी पत्नी पुनमदेवी साहालाई सौता हालिदिए। यस सम्बन्धमा पीडित पुनमदेवीले बहुविवाह सम्बन्धी जाहेरी ०५१ जेठ २९ गते नै जिल्ला प्रहरी कार्यालयमा गरिन्। सो कुरा थाहा पाई पीडकले जेठी पत्नीलाई कुटपिट गरी ४ तोला सुनका गहना समेत लुटी कान्छी पत्नी लिएर भारत भागेका छन्।

### ४.३ गर्भ पतन

गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस सम्बन्धमा पनि उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

वीरगंज नगरपालिका-४ का गोविन्द रिजाललाई ०५१ भदौ ८ गते देखि नारायणी यातायात वस व्यवसायी संघले सेवाबाट अवकाश दियो। पीडित गोविन्द रिजाल नेपाल यातायात स्वतन्त्र मजदूर संगठन पर्सा जिल्लाका उपाध्यक्षका नाताले काम गरिरहेका र संगठनको तर्फबाट प्रतिनिधित्व गरेर जाँदा व्यवसायी संघका सचिवले नेतागिरी गरेको आरोप लगाउँदै लोप्वा ख्वाई भ्फपारेका थिए। त्यसको लगत्तै उनलाई वस कण्डक्टरबाट खारेज गरिएको थियो।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना देखा परेन।

### ६.३ अन्य आर्थिक अधिकार

अलौ गाविस-८ का मन्तु साहाले ०५१ असोज १४ गते आफ्नो पसलमा बेच्न भनी ल्याएका सामानहरू सुगौली इलाका थानाका प्रहरीहरूले खोसी दिए। सलाई र मिठाईका सामाग्रीहरू बेची जीवीका गर्ने पीडित खुद्रा पसले आर्थिक उपार्जन गर्ने अधिकारबाट वञ्चित भएका थिए।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

वीरगंजबाट प्रकाशित हुने हिन्दी साप्ताहिक खण्डे टाइम्सका प्रधान सम्पादक गणेश सर्राफले नेपाल पत्रकार संघका सदस्यहरू भगवान त्रिपाठी, सुदर्शनराज पाण्डे लगायतका अन्य पत्रकारहरूलाई साम्प्रदायिक भावना राखी पटक पटक चरित्रहत्या हुने समाचारहरू प्रकाशित गरेका थिए। त्यस्ता समाचारहरू नछाप्न अनुरोध गर्दा समेत वास्ता नराखी यस्ता क्रियाकलापहरू जारी राखेकाले सो को विरोध गरी ०५१ भदौ ११ गते नेपाल पत्रकार संघले खेद प्रस्ताव पारित गरी मानहानी विरूद्ध मुद्दा दर्ता गरेको थियो।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यो वर्ष यहाँ थुप्रै दुर्घटनाहरू भए। तर विवरण प्राप्त हुन सकेन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो र आगलागीका उल्लेख्य घटनाहरू भएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट घाइते हुने र मृत्यु हुने जस्ता घटनाहरू भएनन्।

### ९.४ आत्महत्या

वीरगंज नगरपालिका-५ का १७ वर्षीय सन्तोषकुमार श्रेष्ठले ०५१ पुस १७ गते आफ्नै कोठामा पासो लगाई झुण्डिएर आत्महत्या गरे। मृतक रक्सी र चरेस सेवनको आदतमा परेका थिए। लाशको पोष्टमार्टम गरी दाहसंस्कार गरिएको थियो।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

वीरगंज नगरपालिका-५ का वैद्यनाथप्रसाद गुप्ताको घरमा ०५१ मंसीर १२ गते सोही ठाउँका जगतनारायण रौनियार र नारायण रौनियारले घरभित्र पसी घरका मानिसहरूलाई कुटपिट समेत गरी घर समेत भत्काई दिएका थिए। उनीहरूले जायजेथा समेत फाली दिएका थिए। यस सम्बन्धमा पीडितले डकैतीको मुद्दा प्रहरीमा दायर गर्न जाँदा जाहेरी दर्ता नगरिदिएकाले हुलाकबाट पठाएका थिए।

■



# २. मध्यमाञ्चल
# नारायणी
## २.१० चितवन

जनसंख्या : ३५४४८८
साक्षरता : ५२.९ प्रतिशत
महिला साक्षरता : ४०.७ प्रतिशत
क्षेत्रफल : २२१८ वर्ग कि.मी.

नेपालका थोरै शिक्षित र सचेत जिल्ला मध्येमा पर्ने चितवन केही पहाड र अधिकांश तराई भागमा फैलिएको छ। यस जिल्लामा पिछडिएको मानिएका प्रजा जाति देखि सम्पन्न उद्योगपतिहरू पनि छन्। पूर्व र पश्चिमका थुप्रै पहाडी जिल्लाका मानिसहरू बसाई सरेर यो जिल्लामा बसोबास गरेका छन्। यद्यपि यहाँ आदिवासी चौधरीहरू पनि छन्। यो जिल्लामा ४४ हजार ३ सय ९१ हेक्टर उर्वरभूमि छ। यसमध्ये झण्डै एक तिहाई भूमिमा सिंचाई सुविधा उपलब्ध छ। पूर्व र पश्चिम जाने यातायात साधनहरू यसै जिल्लाको नारायणगढ पुगेपछि मात्र आफ्नो गन्तव्यतिर लाग्दछन्। तसर्थ यो सम्पूर्ण जिल्लाको केन्द्र मान्न सकिन्छ। यस जिल्लामा ७ क्याम्पस, ५५ माध्यमिक, १८ निम्नमाध्यमिक, २ सय ३६ प्राथमिक र ५५ वोर्डिङ विद्यालय छन्। एक नगरपालिका र ३८ गाविस रहेको यो जिल्लामा एक जिल्ला अस्पताल, एक आँखा अस्पताल, एक जनस्वास्थ्य शाखा, ४ आयुर्वेद उपचार केन्द्र र ८ हेल्थपोष्ट छन्। यो जिल्लामा यातायातको समस्या छैन तर टेलिफोन सेवा भने पर्याप्त देखिंदैन। खानेपानीको व्यवस्था पनि पर्याप्त छैन।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

पिप्लेरेञ्जा पोष्टका रेञ्जर सुरेन्द्रनारायण सिंह ०५० माघ ३ गते मृत अवस्थामा फेला परे। उनी माघ २ गते ५ बजे सप्तरी घर जाने भनी कार्यालयबाट हिंडेका थिए। उनको टाउकोमा गंभीर चोट लागेको थियो। अपराधी फेला परेको छैन।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | २ | - |
| हिरासतमा यातना | - | ३ | १ |
| बलात्कृत | १ | ५ | १ |
| आत्महत्या | - | - | १ |



*किरण रिमाल :*
*छुरी प्रहारबाट मृत्यु*

भरतपुर-११ र १२ को बीच सडकमा सानोकान्छा भन्ने विजय कुमालले ०५० चैत १२ गते भरतपुर-१२ का किरण रिमालको छुरी हानी हत्या गरे। रिमाल परिवारको रिक्सामा चढेको पीडक कुमालले रिक्सा चालकलाई पैसा नदिई उल्टै कुटपीट गरे। यस बारे जानकारी लिन गएका किरणलाई पनि उनले छुरी हाने। पीडक हत्याहाका रूपमा चिनिन्छन्। उनी अहिले फरार छन्।

भरतपुर-८ गौरीगञ्ज बस्ने ६७ वर्षका नारायण सिंह गुरूङले ०५१ जेठ १७ गते ५० वर्षीय आफ्नी पत्नी कृष्णकुमारी गुरूङलाई गोली हानी हत्या गरे। आफ्नी पत्नीको चरित्रमा शंका लागेकाले खाना खान लागेको बेला गोली हानेको कुरा पीडकले बताएका छन्। उनलाई थुनामा राखिएको छ।

भरतपुर-१ नारायणगढ बस्ने पशुपति परियारले कान्छी पत्नी सुन्तली परियारलाई ०५१ असार १५ गते राती पिटेर मारे। पीडकले मादक पदार्थ खाएर निहुँ झिकी कुटपीट गर्दा उनको मृत्यु भएको कुरा पीडितकी छोरीले बताएकी छिन्। पीडकलाई थुनामा राखिएको छ।

भरतपुर नगरपालिका-१२ बस्ने चन्द्रबहादुर भण्डारी र उनका छोरा विश्वकुमार अधिकारीले ०५१ कात्तिक ३० गते वीरेन्द्रबहादुर शाह र किरण रञ्जितलाई छुरा प्रहार गरे। शाहको तत्कालै र किरणको काठमाडौं वीर अस्पतालमा मंसीर ३ गते मृत्यु भयो। पीडक भण्डारी साना किसान विकास

आयोजना भण्डारका प्रमुख हुन्। उनको साइकलको घण्टी वीरेन्द्रको नाबालक छोराले चोरेको भन्ने विवादमा झगडा हुँदा यो घटना भएको हो। पीडकमध्ये बाबुलाई हिरासतमा राखिएको छ भने छोरो फरार भएका छन्।

### १.२ जेल र बन्दीहरू

यस जिल्लामा ७५ जना बन्दी राख्ने क्षमता भएको जेल छ। तर अहिले यो जेलमा ३ सय ७९ बन्दीहरू राखिएका छन्। यसबाट अनुमान गर्न सकिन्छ कि यो जेलमा भौतिक सुविधा कति पर्याप्त होला ? १ विघा १२ कट्ठा क्षेत्रफलमा फैलिएको यो जेलमा फोहरको समस्या बढेको छ। मान्साको उचित व्यवस्था छैन - पर्खाल र जेल भवन बीचको साँघुरो ठाउँलाई भान्सा बनाइएको छ, जहाँबाट फोहर नाला बगेको छ। हाते तान र प्लाष्टिकका डोरीबाट नाम्लो बुन्ने काम गरेर बन्दीहरू थोरै भए पनि आर्जन गर्ने गर्छन्। यस बाहेकको सीपमूलक काममा उनीहरूलाई लगाइएको छैन।

### १.३ गिरफ्तारी र यातना

भरतपुर-२ क्षेत्रपुरका भीमार्जुन पोखरेल र रेशमबाबु श्रेष्ठले प्रहरीको सहयोग लिई सोही ठाउँका रामप्रसाद नेपाललाई ०५० फागुन २८ गते निर्मम ढंगले पिटे। इलाका प्रहरी कार्यालय नारायणगढ पुल्चोकका ठानेदार चुमबहादुर जीसीको आदेशमा नेपाललाई चोरीको अभियोग लगाई गिरफ्तार समेत गरियो र थानामा ल्याएर पनि निर्मम यातना दिइयो। पीडित नेपाल बेहोश भए र भरतपुर अस्पतालमा उपचार गराउँदा चैत १ सम्म होश नखुले पछि काठमाडौं पठाउनु परेको थियो। व्यक्तिगत रीसईबीका कारण पीडकहरूले यो यातना दिएका र प्रहरी सहयोगी बनेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्। पीडकहरूलाई कुनै कार्वाही गरिएको छैन।

खैरहनी गाविसको पर्सा बजारबाट ०५१ बैशाख १२ गते भारत कानपुरकी किरणदेवी यादव र सोही गाविसको जमौलीमा डेरा गरी बस्ने सीताराम श्रेष्ठ लगायतका स्थानीय वासिन्दालाई प्रहरीले गिरफ्तार गऱ्यो। पम्फा खोलामा खेली रहेका बच्चाहरूसंग नुहाउने ठाउँ देखाई दिन किरणदेवीले भनिन्। यसपछि स्थानीय वासिन्दाहरूले ती महिला "बच्चा चोर" भएको आरोप लगाई समातेर प्रहरीमा बुझाउन लैजाँदा ठूलो जमात जम्मा भयो। ती महिलालाई प्रहरीले आफ्नो कब्जामा राखेपछि पनि सो जमात तत्काल कार्वाहीको माग गरेर बसी रह्यो। प्रहरीले थप बल झिकाएर सो जमातलाई शान्त पार्न लाग्दा जमात उत्तेजित हुन पुग्यो। प्रहरीले हवाई फायर गऱ्यो - सो जमातले प्रहरीमाथि ढुंगा प्रहार गऱ्यो। यसपछि प्रहरीले गिरफ्तारी शुरू गऱ्यो। अरू भोलिपल्ट छुटे। तर किरणदेवी र सीताराममाथि सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाइयो। साउन १७ गते किरणदेवीलाई पति आएपछि छाडियो। सीतारामसंग १० हजार धरौटी माग गरिएकोमा तिर्न नसकेकाले थुनुवा बनाइएको छ।



भरतपुर जेल

### १.४ बेपत्ता पारिएको

यस वर्ष यस्तो घटना भएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

डेजी इंग्लिस बोर्डिङ स्कूल पर्साका सहायक प्रिन्सिपल शेखर शर्मामाथि ०५१ कात्तिक ३ गते विद्यालय हाता भित्रै सोही स्कूलका पूर्व शिक्षक दीपेन्द्र उप्रेतीले हातपात गरे। पीडकसंग सतर्क भएर हिंड्न छात्राहरूलाई शर्माले बताई आफ्नो चरित्र हत्या गरेको भनी यो आक्रमण गरिएको थियो।

रत्ननगर, सौराहचोकमा ०५१ कात्तिक ११ गते पञ्चकन्याका ध्रुव त्रिपाठीले चैनपुर-१ का गोपीप्रसाद नेपालमाथि हातपात गरे। निज त्रिपाठी नेकपा एमाले चितवन सम्पर्क मञ्चको अध्यक्ष चुनिदा नेपालले गंभीर आपत्ति जनाएको रीसमा यो आक्रमण भएको थियो।

### १.६ थुनामा मृत्यु

कसैको पनि थुनामा मृत्युभएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

भरतपुर नगरपालिकाको ०५१ मंसीर २२ गते भएको चौथो सल्लाहकार सभामा पूर्व सांसद भीमबहादुर श्रेष्ठ बोल्न लाग्दा ढुंगामुढा गरियो। यो घटनामा श्रेष्ठ र अर्का सांसद जागृतप्रसाद भेटवाललाई सामान्य चोट लाग्यो। पूर्व सांसद श्रेष्ठ नेकपा (प्रजातन्त्रवादी) बाट केही समय अघि नेपाली कांग्रेसमा प्रवेश गर्नु भएको थियो। पछि कार्यक्रमका प्रमुख अतिथि स्थानीय विकास र आपूर्ति मन्त्री सीपी मैनालीको आग्रहमा उहाँलाई बोल्न दिइएको थियो।

### २.२ धार्मिक स्वतन्त्रता

विभिन्न क्षेत्रबाट आएर बसोबास गर्ने विभिन्न जातजाति भाषाभाषी र धर्मावलम्बीहरू बीच धार्मिक सहिष्णुता रहेको छ।

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचनलाई स्वतन्त्र र निष्पक्ष बनाउन मानवअधिकार संगठनहरू, राजनीतिक पार्टीहरू र स्वयं निर्वाचन आयोगले सचेतता अपनाए पनि धाँधली रोकिन सकेन। प्रारम्भमा सत्ता पक्षले सरकारी स्रोत र साधनको दुरूपयोग गर्‍यो भने निर्वाचनका दिन बुथ कब्जा गर्ने काम समेत भए। सत्ता पक्षबाट गीतानगर, फूलवारीको गोपालगञ्ज, मंगलपुर, पार्वतीपुर र शिवनगरका मतदान केन्द्रमा कतै आंशिक र कतै पूर्ण रूपमा बुथ कब्जा गरिए।

यस अतिरिक्त, वीरेन्द्रनगर गाविस-९ रसौलीका ९ सय मतदाताको नाम छुटेको पाइयो भने कतिपय ठाउँमा मतदाताहरूको नाम दोहोर्‍याइएको थियो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयकाप्रति आमधारणा सकारात्मक नै रहेको छ। तर कतिपय न्यायिक प्रक्रियामा गुनासोहरू सुनिन्छन्। यस वर्ष चितवन जिल्ला अदालतमा महिला अधिकार सम्बन्धी-६, मानवअधिकार सम्बन्धी-१, लुटपीट-४, बलात्कार-२, लागु औषध कारोवार-५, ज्यान मार्ने उद्योग-१६, गाली बेइज्जती-१६ र जबर्जस्ती विवाह-१ मुद्दा दायर गरिए।

०५० माघ ३ गते जिल्ला अदालतले बहुचर्चित दासढुंगाका बन्दी अमर लामालाई सर्वस्व सहित जन्मकैद गर्ने फैसला गर्‍यो। तर सोही फैसलामा न्यायाधीश फणिन्द्रदत्त शर्माले प्रतिवादी लामालाई अदालती बन्दोवस्तको १८८ नं. बमोजिम पाँच वर्ष मात्र कैद गर्न राय व्यक्त गर्नु भएको छ। उक्त रायलाई सर्वोच्च अदालतले सदर वा वदर गर्न सक्छ।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी आयोग चितवनले लिएको प्रारम्भिक लगत अनुसार यहाँ करीब ११ हजार सुकुम्बासी रहेका छन्। तर यो संख्यामा केही कमी आउने सम्भावना गञ्जनगर, गीतानगर, शारदानगर, पार्वतीपुर र दिव्यनगरको छटनी कार्यले देखाएको कुरा आयोगका अध्यक्षले बताउनु भएको छ। यस जिल्लामा ०२७ सालमा नै सुकुम्बासीका निम्ति २ हजार ९० विघा जग्गा छुट्याइएको थियो। तर सो जग्गामा अहिले विद्यालय, मठमन्दीर र सामाजिक संघसंस्था बसेको कुरा पनि अध्यक्षले बताउनु भएको छ।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

खैरहनी-४ खत्रौली बस्ने ६५ वर्षीय लक्ष्मीदेवी पाठक विगत ५१ वर्षदेखि पतिको अवहेलना र बेवास्ता बीच बाँची रहेकी छिन्। आफूबाट सन्तान नभएपछि पति हेमप्रसाद पाठकले २००० सालमा अर्को विवाह गरे। अहिले निज महिला गाउँलेहरूको सहयोगमा जीविका चलाई रहेकी छिन्।

पिप्ले-७ की शारदा रूवाली आफ्नो पतिले छाडेर भागेपछि दाजुको आश्रयमा पुगेकी छिन्। पति ऋषिराज रूवाली आफ्नो भाउजुकी बहिनी लिएर फरार छन्।

शिवनगर-३ की लीला भट्टराई पति कृष्णप्रसाद भट्टराईको खराब आदत र व्यवहारका कारण माइतीमा आश्रित हुन बाध्य भएकी छिन्। पति मादक पदार्थ सेवन गर्ने कुलतमा लागेका छन्।

भरतपुर-५ लक्ष्मीपुर बस्ने शम्भु अर्यालले विदेश गएका पतिको २९ वर्षीय पत्नी गोमा गिरीसंग अनैतिक सम्बन्ध राखी गर्भधारण गराएपछि ४ महिनाको गर्भ सहित गाउँलेले ०५१ असोज २ गते शम्भुलाई जिम्मा लगाए। पछि गर्भपतन गराएको कुरा छिमेकी अरूणकान्त पोखरेलले बताएका छन्। शंभुकी अर्की पत्नी पनि छिन्।

वीरेन्द्रनगर-४ की ६ वर्षीय बालिकालाई २४ वर्षको पुरूषोत्तम पाठकले ०५१ असोज १ गते साँझ बलात्कार गरे। त्यसबेला बालिकाको घरमा कोही थिएनन्। पीडक फरार रहेका छन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

बहुविवाह र जारीका घटना समाज बसेर मिलाउने परम्परा कायम रहेकाले कानूनी रूपमा उपचार खोज्ने गरेको पाईंदैन। देउकी र वादीहरू यस जिल्लामा छैनन्। देह व्यापारका घटनाहरू कहिलेकाहीं सुनिने गरे पनि संगठित रूपमा धन्दा चलाएको पाईंदैन।

### ४.३ गर्भ पतन

यस सम्बन्धी घटनाहरू औपचारिक जानकारीमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस जिल्लाका आदिवासी चौधरी परिवारका बालबालिकाहरू बाल अधिकारबाट बढी वञ्चित छन्। शिक्षा आर्जन गर्ने कुरा उनीहरूको लागि टाढाको कुरा हो, जब एक पेट खान पनि समस्या हुन्छ, जमिन्दारका घरमा चरूवाका रूपमा बसेका थुप्रै बालबालिका भेटिन्छन्।

यस बाहेक, नगर क्षेत्रमा खोलिएका अधिकांश होटलमा बाल मजदूरहरू भेटिन्छन्। आर्थिक दुरावस्थाले गर्दा उनीहरूका अभिभावकहरू अधिकारको कुरा गर्दैनन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा केही औद्योगिक प्रतिष्टानहरू छन् तर यस वर्ष आर्थिक अधिकारसंग सम्बद्ध घटना भएको पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

#### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस जिल्लामा सामन्ती भूदासको प्रथा अझै कायम छ। उच्च र मध्यम वर्गका परिवारमा हरूवा-चरूवा राख्ने चलन आम रूपमा पाइन्छ। यसरी राखिने कामदारहरूलाई अति न्यून पारिश्रमिक दिने गरिन्छ।

#### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

छुवाछूत प्रथा यस जिल्लामा पनि कायम छ। यस वर्ष दूध उत्पादन संस्थान गुञ्जनगरका प्रमुख हरिदास सापकोटाले सोही गाविस-८ का रूद्रबहादुर परियारले ल्याएको दूध खरीद गर्न इन्कार गरेको समाचार पत्रपत्रिकामा प्रकाशित भयो। यसै घटनाको परियार परोपकार संगठनले यथार्थ छानवीन गरी कर्वाहीका लागि प्रशासनसंग माग समेत गरेको थियो।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

कुनै घटनाका बारे उल्लेख्य टिप्पणीहरू फेला परेनन्।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

#### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

०५१ असोज ३ गते मुग्लिन बजारमा साझा यातायातका दुई बस जुध्दा तुल्सी मन्ज्याङ-४ स्याङ्जाका यामबहादुर अर्यालको घटनास्थलमै मृत्यु भयो। मृतकका परिवारलाई दाहसंस्कार खर्च ७ हजार र क्रिया खर्च १० हजार रूपैयाँ दिइयो।

#### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस सम्बन्धी घटनाहरू देखा परेको पाइएन।

#### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

चैनपुर बस्ने ७० वर्षीय दुहुरी दराईलाई ०५१ बैशाख १७ गते गैंडाले हानेर अस्पताल लैजाँदा बाटैमा मृत्यु भयो।

#### ९.४ आत्महत्या

वीरेन्द्रनगर-७ की लक्ष्मी खरेलको ०५१ पुस १६ गते रहस्यमय ढंगबाट मृत्युभयो। मकवानपुर जिल्लाको सुनाचुरी गाविसमा पर्ने जंगलमा वनभोज गएका बेला उनी झुण्डिएर मरेकी थिइन्। पतिको प्रताडनाका कारण उनले आत्महत्या गरेको कुरा स्थानीय छिमेकीहरू बताउँछन्।

#### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

शाही चितवन राष्ट्रिय निकुञ्जमा ०५० चैत १५ गते राती काठ तस्करी र वन्यजन्तुको शिकार गर्न पसेको एक समूह र वन सुरक्षाकर्मी बीच मूठभेड हुँदा सुरक्षाकर्मीले १० राउण्ड गोली चलाए। यो घटनामा एकजना सुरक्षाकर्मीको हात काटियो भने भरतपुर-११ का युवराज खड्का गोली लागि घाइते भए।

गैंडा मारेर खागको चोरी निकासीमा संलग्न ९ जनालाई शाही चितवन राष्ट्रिय निकुञ्ज कसराका सुरक्षाकर्मीले गिरफ्तार गरी हिरासतमा राखेका छन्। अभियुक्तहरूमध्ये ७ जना नवलपरासी जिल्लाका हुन्। उनीहरूले विगत २ वर्षको अवधिमा ४ वटा गैंडा मारेका थिए।

■



# २. मध्यमाञ्चल

# नारायणी

# २.११ मकवानपुर

जनसंख्या : ३१४५९९

साक्षरता : ३८.३ प्रतिशत

महिला साक्षरता : २४.५ प्रतिशत

क्षेत्रफल : २४२६ वर्ग कि.मी.

४३ गाउँ विकास समिति र एक नगरपालिकामा विभाजित मकवानपुर जिल्ला औद्योगिक क्षेत्रको नामले चिनिंदै आएको छ। राजनीतिक घटनाक्रमका दृष्टिले पनि महत्वपूर्ण मानिएको यस जिल्लामा पनि मानवअधिकार हननका घटनाहरू देखा पर्ने गरेका छन्। तर गत वर्षको तुलनामा ती घटनाहरू कम रहेका छन्।

**१. सम्मानित रूपले बाँच्ने अधिकार**

**१.१ हत्या र गोली**

यो वर्ष यस जिल्लामा राजनैतिक कारणले प्रहरी प्रशासनद्वारा गोली प्रहार गर्ने र हत्या गर्ने घटनाहरू भएका छैनन्।

मारवा गाविस-३ बस्ने ५५ वर्षीय गणेशबहादुर लामाले ०५१ बैशाख १ गते बेलुका पत्नी धन साहिंली लामासंग बिडी पिउन माग्दा नदिएको झोकमा आगो फुक्ने ढुंग्रोले हिर्काई ६१ वर्षीय पत्नीको हत्या गरेका छन्।

हाडीखोला गाविस-७ का ल्याम्बा मुक्तानलाई पर्सा जिल्लाको राम भूमि हात्तीडण्डाको जङ्गलमा शिकार खेल्न जाँदा पर्सा वन्यजन्तु आरक्षणका सिपाहीहरूले ०५१ बैशाख ६ गते गोली प्रहार गरे। गोलीबाट ल्याम्बाको मृत्यु भयो। आरक्षणका सिपाहीहरूले मुक्तानसंग शिकार खेल्न गएका सोही ठाउँका बल बहादुर रूम्बा र बलबहादुर थिङ्गलाई पनि गोली हानी घाइते बनाएका थिए। आरक्षणका सिपाहीहरूले सोही बेला १८ राउण्ड गोली चलाएका थिए।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| आरक्षका सिपाहीको गोलीले मृत्यु | - | - | १ |
| हिरासतमा यातना | १ | २ | १ |
| बलात्कृत | - | ९ | २ |
| आत्महत्या | - | - | ३३ |

झापा अनारमनी-२ घर भै हेटौंडा नगरपालिका-४ मा डेरा गरी बस्ने ५० वर्षीय रिक्सा चालक भीमबहादुर राईलाई हत्या गरी फालिएको अवस्थामा ०५१ असोज ८ गते फेला पारियो। उनको हत्या गरिएको पोष्टमार्टमबाट प्रमाणित भए पनि हत्यारा पत्ता लाग्न सकेको छैन।

**१.२ जेल र बन्दीहरू**

राणकालको ग्यारेजलाई ०३२ सालदेखि कारागारको रूपमा प्रयोग गरिएको भीमफेदी कारागारको अवस्था जीर्ण र जर्जर रहेको छ। करीब साढे १ कट्ठाको जमिन कम्पाउण्ड घेरी निर्माण गरिएको उक्त कारागारको एउटा मात्र भवन रहेको छ जसमा २ कोठा छन्। महिला र पुरूष कैदी बन्दीहरू एक, एक कोठामा बस्ने गर्दछन्। जेल जीर्ण अवस्थामा रहेकोले वर्षायाममा पानी चुहिएर कोठामा सुत्न र खाना पकाउन कठिन परेको कुरा बन्दीहरू बताउँछन्। सुत्ने कोठामा नै राती दिसा पिसाब गर्नु पर्ने, कोठाबाट बाहिर निस्कनलाई अपरान्ह ६ बजे देखि नै प्रतिवन्ध लगाउने गरेको गुनासो बन्दीहरूको छ। ३३ जनासम्म अट्ने क्षमता रहेको उक्त कारागारमा अहिले ५८ जना बन्दीहरू रहेका छन्। जसमा २ जना महिला लागू औषध ओसार पसारमा परेका छन्। सात जना दोष प्रमाणित भएका व्यक्तिहरू छन् भने ५१ जना दोष प्रमाणित नभइसकेका बन्दीहरू छन्। एउटा कोठामा ५६ जना पुरूषहरू बस्छन् भने अर्को कोठामा २ जना महिलाहरू मात्र बस्छन्। महिलाहरूको भन्दा पुरूषहरूको कोठा ठूलो छ तर पनि ५६ जना सुत्दा जोडिएर सुत्नु पर्ने वाध्यता देखिन्छ।

कहिलेकाहीं एकसय भन्दा बढी व्यक्तिहरू पनि कारागारमा राखिएको कुरालाई जेलर उपेन्द्र मिश्र स्वीकार गर्छन्। पढ्न, लेख्न र स्वास्थ्य उपचार गर्नको लागि भीमफेदी कारागार उपयुक्त नभएको कुरा बन्दी अर्जुन श्रेष्ठ बताउँछन्।



*भिमबहादुर राईलाई हत्या गरी फालिएको दृश्य*

गत मध्यावधि आम निर्वाचनमा मतदान गर्नबाट वञ्चित गरेकोमा भीमफेदी जेलका सम्पूर्ण कैदी बन्दीहरू क्षुब्ध बनेका थिए।

### १.३ गिरफ्तारी र यातना

संयुक्त जनमोर्चा (भट्टराई समूह) ले आयोजना गरेको ०५१ भदौ १ गतेको नेपाल बन्दको सिलसिलामा साउन ३२ गते बेलुका कार्यालयबाट मशाल जुलुश निकाल्न खोज्दा जिल्ला विकास समिति मकवानपुरका उपसभापति भानुप्रताप विडारी, हर्नामादी गाविसका उपाध्यक्ष सिताराम वराल र जङ्गबहादुर गोपालीलाई प्रहरीले गिरफ्तार गर्नुको साथै मशाल जुलुश निकाल्न दिएन। भोलिपल्ट भदौ १ गते नेपाल बन्दकै क्रममा उद्योगहरू बन्द गर्नको लागि औद्योगिक क्षेत्रतिर जान लाग्दा गोपालकृष्ण पोखरेल लगायतलाई गिरफ्तार गरिएको थियो।

निबुवाटार गाविस-१ का २२ वर्षीय केशव योञ्जनलाई ०५१ असार २८ गते प्रहरी चौकी अगाडि रहेको सार्वजनिक ठाउँको जामुनाको रूखमा चढी जामुना खाएको निहुँमा प्रहरी जवान किशोरी कलवार साहले सख्त घाइते बनाउने गरी कुटपिट गरेपछि चौकीमा ल्याई थुने। पछि जन दबावमा पीडकले माफी माग्नुका साथै घाइतेको उपचार खर्च व्यहोर्ने भएपछि र पीडकलाई विभागीय कारवाही गरिने बताएपछि घटना टुंगिएको थियो।

### १.४ बेपत्ता पारिएको

कसैलाई पनि बेपत्ता पारिएको घटना भएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

सामान्य कुटपिटका घटना प्रशस्त भए। तर उल्लेख्य घटना जानकारीमा आएनन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

पेशागत आधारमा पेशागत संगठनमा संगठित हुँदा पनि नागरिकहरूले अनावश्यक झन्झट व्यहोर्नु परेको देखिन्छ। नेपाल राष्ट्रिय शिक्षक संगठनमा संगठित भएको कारणले गर्दा केही शिक्षकहरूलाई अपायक ठाउँमा सरूवा गरिएको र शिक्षक छनौट समितिले राजनैतिक पूर्वाग्रह राखी पक्षपातपूर्ण भेदभाव गरेको आरोप शिक्षकहरूले लगाउने गरेका छन्।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न धर्म र समुदायका मानिसहरूको बसोबास भए पनि धार्मिक सहिष्णुतामा कुनै खलल पारे परेको देखिन्न। हाल केही समय यता धर्म परिवर्तन गरी क्रिश्चियन धर्म मान्नेहरूको संख्या वृद्धि हुँदै गएको देखिन्छ। यस जिल्लामा प्रजा (चेपाङ) जातीमा क्रिश्चियन धर्म मान्नेहरूको संख्या अधिक देखिन्छ। यसरी धर्म परिवर्तनमा धार्मिक सुझबुझ र आफ्नो विवेकले भन्दा पनि प्रचारकहरूको प्रचार र अन्य सुविधाको प्रभाव परेको भेटिन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

मकवानपुर जिल्लाका अधिकांश गाविसहरू दुर्गममा पर्दछन् र केही गाविसहरू सुगम र हेटौंडा बजारसंग जोडिएका छन्। राजनैतिक चेतना पनि दुर्गम स्थानमा भन्दा सुगम स्थानका मानिसहरूमा बढी रहेको छ। राजनैतिक चेतनाको आधारले मन्ने हो भने मकवानपुर जिल्ला दुर्गम भए पनि अगाडि देखिन्छ। यो जिल्लामा जिल्ला स्तरीय नेता तथा कार्यकर्ताहरूमा राजनैतिक संस्कार देखिन्छ भने केही दुर्गम



*भिमफेदी जेल*

गाउँमा रहेका विभिन्न दलका कार्यकर्ताहरूमा संस्कार अझै हुर्किन सकेको छैन।

कात्तिक २९ गते भएको मध्यावधि आम निर्वाचन समग्र रूपले भन्दा शान्तिपूर्ण एवं निष्पक्ष तरिकाले सम्पन्न भएको छ। एउटै राजनैतिक दलको प्रभाव भएको क्षेत्रमा विपक्षी मतदाताहरूलाई भने आतंकित बनाएर मतदानबाट वञ्चित गराउने काम गरियो भने केही मृत्यु भएका मानिसको नाममा पनि मतदान गरियो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

जिल्ला न्यायाधीश सुगम र निष्पक्ष न्यायिक अधिकार प्रदान गर्नमा कुनै बाधा नआएको बताउनु हुन्छ। तर पीडित पक्षहरू भने न्याय सुलभ र सरल नभएको बताउँछन्। पुर्पक्षका लागि बन्दी बनाएकाहरू पनि मुद्दा चाँडो किनारा नलागेको कुरामा गुनासो गर्दछन्।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

विभिन्न प्राकृतिक प्रकोपबाट पीडित, पैतृक सम्पत्ति नभएको वा अन्य कारणबाट शहरी इलाकाको छेउछाउमा बसोबास गरिरहेका सुकुम्वासीहरू यस जिल्लामा उल्लेखनीय संख्यामा रहेका छन्। परम्परादेखि सुकुम्बासी बन्दै आएका व्यक्तिहरू यस जिल्लामा करीब २ हजार छन् भने ०५० सालको बाढी पहिरोले घरवार विहीन भएका २ सय ५६ जना सुकुम्बासीहरू छन्। यी सुकुम्बासीहरू खास गरी कालिकाटार, फापरबारी, छतिवन, दामन पालुङ्ग मनहरि सरिखेतमा रहेका छन्। जिल्लाका सुकुम्बासीहरू मनहरी, सुनाचुरी र पदमपोखरी १ को विन्द्रावनको चौरमा सानो सानो छाप्रो हाली आफ्नो जीवन निर्वाह गरिरहेका छन्।

०५० सालको बाढीले घरवार विहीन बनाएका २ सय ५६ परिवारको लागि ताइवानी सरकारको सहयोगमा पदमपोखरी गाविस-१ मा रहेको जडीबुटी उद्यान विन्द्रावनको २० विगाहाको जमिनमा बस्नको लागि घर बनाइ दिने सहमती बनिसकेको छ।

०३९ सालमा आएको बाढीले घरबार बगाएर सुकुम्बासी बनेका मनहरी लोथरका मानिसहरू अहिलेसम्म कुनै सरकारी सहयोग नपाएको गुनासो व्यक्त गर्दछन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

महिला किनबेचको दृष्टिकोणले यो जिल्लाले देशकै दोस्रो स्थान ओगटेको छ। खास गरी यस जिल्लाको पदमपोखरी, हाडीखोला, चुरियामाई, हर्नामाडी, छतिवन, मनहरि, सरिखेत आदि गाविसहरू महिला व्यापारको घटनाले चर्चामा रहेका छन्। बाध्यताले मात्र होइन स्वेच्छाले पनि बेचिएर बम्बैका कोठीहरूमा वेश्यावृत्तिका निम्ति जानेहरू पनि पाइएको छ। विगत समयमा विवाह गर्ने भनी फकाएर लाने प्रचलन व्यापक थियो भने अहिले सर्कसमा खेलाउन लाने भनी युवतीहरू भारतमा लगेर बेच्ने नयाँ प्रचलन शुरू भएको छ। प्रजातन्त्रको बहालीपछि पनि चेलीबेटीको यो व्यापारमा कुनै कमी आएको छैन। धेरैजसो घटनाहरू सार्वजनिक जानकारीमा आउँदैनन्।

चेलीबेटीहरू भारत लगेर बेच्ने गिरोह बढी मात्रामा पदमपोखरी गाविसमा सक्रिय रहेका देखिन्छन्। यस वर्ष मात्र उक्त गाविसबाट २१ जना युवतीहरू हराएको उजुरी जिल्ला प्रहरी कार्यालय हेटौंडामा पर्न आएको देखिन्छ।

ललितपुर भट्टेडाडा ३ का रोशन बजगाईंले मनहरी गाविस कि विमला प्रजा र भरतपुर नगरपालिका-१३ घर भई पद्मकन्या क्याम्पसमा प्रमाण पत्र तहमा अध्ययन गर्ने सरिता थापा दुबैलाई भिन्दा भिन्दै समयमा भारतको बम्बईमा लगी ३० हजार रूपैयाँमा बेचेका थिए। ती दुबै महिलाहरू भारतको कोठीबाट भारतमा बस्ने नेपालीहरूको सहायतामा उम्केर हेटौंडा आई जिल्ला प्रहरी कार्यालयमा उजुरी दिए। रोशन बजगाईंलाई गिरफ्तार गरी थुनामा राखिएको छ।

पदमपोखरी गाविस ४ बस्ने २० वर्षे साहिली तामाङ्नीलाई सोही गाविस बस्ने हिराबहादुर लामाले ०५१ बैशाख २१ गते भारततिर बेचन लैजान लाग्दा वीरगञ्जमा गिरफ्तार गरिएको छ।

यी केही प्रतिनिधि घटना मात्र हुन्। यो वर्ष मकवानपुर जिल्लाबाट ४१ जना चेलीहरू भारत लगेर बेचेको बताइन्छ। तर त्यस सम्बन्धी सम्पूर्ण जानकारी सार्वजनिक भएको पाइएन। यस जिल्लामा १२ जना एड्स रोगीहरू भेटिएको पाइएको छ। तर एड्स पीडितहरूको नाम प्रकाशनमा ल्याइएको छैन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस जिल्लाको तामाङ समाजमा जारी प्रथा अत्यधिक रूपमा प्रचलित छ। जारी लिने दिने कुरा दुबै पक्षको मञ्जुरीमा गरिने गरिएको भए पनि कतिपय गाउँहरूमा गाउँका टाठा-वाठाहरूको लहडमा मोलतोल गरिदिने पनि गरेको पाइयो। तर यस जारी सम्बन्धी कुनै मुद्दा न्यायिक निकायमा पुगेको छैन। जारी र बहुविवाहका घटनाहरू प्रकाशमा आएनन्। देउकी र वादी यो जिल्लामा छैनन्।

### ४.३ गर्भ पतन

गर्भ पतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

राजमार्गको आसपासका होटल, लज, चिया पसल उद्योगहरूमा र धनी एवं सम्पन्न व्यक्तिहरूको घरमा बाल अधिकारको हनन भएको देख्न सकिन्छ।

हेटौंडा नगरपालिका-४ मा रहेको एक होटलमा काम गर्ने सात वर्षीय हर्क तामाङ्ग ग्राहकहरूले खाएको भाडा माझ्दै स्कूल पढ्न जान मन लाग्छ तर पाइँदैन भनी आँखाबाट आँशु झार्छन्। यस्ता बालकको संख्या हेटौंडामा दिन प्रतिदिन बढ्दै गइरहेको छ। बाल विवाह र बालिकाहरूको बेचबिखन पनि समस्या कै रूपमा रहेको पाइन्छ। तर त्यस सम्बन्धी उल्लेख्य जानकारीहरू यो वर्ष प्रकाशमा आएको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यहाँ थुप्रै औद्योगिक प्रतिष्ठानहरू रहेका छन्। तर त्यस सम्बन्धमा उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

सम्पन्न परिवारका घरमा घरेलु नोकर राखिएको बाहेक दासत्व प्रथा रहेको पाइएन। यो जिल्लामा कमैया / बाँधा / हलिया प्रथा छैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

जिल्लामा अछूत भनिने जातिहरूको संख्या उल्लेख्य रहेको छ र उनीहरूमा हुने जातीय उत्पीडनको उल्लेख्य घटना विवरण प्राप्त नभए पनि छुवाछूत र उचनीचको व्यवहार यत्रतत्र हुने गरेको पाइन्छ। बोक्सी र धामी झाँक्री जस्ता अन्धविश्वासी प्रथाले पनि नागरिकहरूलाई सताएको छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

त्यस सम्बन्धी वक्तव्य र टिप्पणीहरू प्रकाशित/प्रसारित भएको भेटिएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यो वर्ष मकवानपुर जिल्लामा बस दुर्घटना भएर, सवारी साधनले किचेर र ठक्कर दिएर १३ जनाको मृत्यु भएको छ।

बसमाढी गाविसका राम न्यौपानेलाई यान्त्रिक परिवहन शाखा गुल्म, थापाथलीको लैण्डरोभर जीपले ०५१ पुस १४ गते ठक्कर दिंदा मृत्यु भयो। खोला, नदी एवं कुवा र इनारमा डुबेर ६ जनाको मृत्यु भएको पाइएको छ।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस सम्बन्धी कुनै घटना देखा परेन।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ९.४ आत्महत्या

यस जिल्लामा गत वर्षको तुलनामा आत्महत्याको घटनामा अप्रत्याशित रूपले वृद्धि भएको छ। जस अनुसार झुण्डिएर २४ जना र विष खाएर ९ जना गरी ३३ जनाले यो वर्ष आत्महत्या गरे।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस जिल्लाबाट गाँजा र चरेश भारत निकासी हुने गर्दछ। आग्रा, गोगने, डाडाखर्क, दामन पालुङ, टिष्टुङ, काकडाभार्ता, राक्सीराङ्ग गाँजा उत्पादन गर्ने र व्यापार गर्ने क्षेत्रको रूपमा चर्चित रहेका छन्। ०५१ पुस १२ गते आग्रा राक्सीराङ्ग मनुहरी हुँदै गाँजा भारत लैजान लाग्दा रमौली प्रतापपुरको जङ्गलमा गाँजा व्यापारीहरूलाई प्रहरीले गिरफ्तार गर्न खोज्यो। प्रहरी र तस्करहरूको बीच दोहरो भीडन्त परेको थियो। अन्ततः बोकेर ल्याएको गाँजाको बोरा जङ्गलमा नै छोडी ५३ जना व्यापारी र भरियाहरू भागेका थिए भने भरिया राजमान वाइवा सहित ३६ बोरा गाँजा प्रहरीले बरामद गरेको थियो।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१२ ललितपुर

जनसंख्या : २५७०८६

साक्षरता : ६२.२ प्रतिशत

महिला साक्षरता : ४७.८ प्रतिशत

क्षेत्रफल : ३८५ वर्ग कि.मी.

यहाँ १ नगरपालिका र ४० वटा गाविसहरू रहेका छन्। भौगोलिक हिसाबले ललितपुर जस्तो उपत्यकाकै ऐतिहासिक सुन्दर शहरदेखि भट्टेडाँडा, ठूला डुर्लुङ र भारदेव जस्ता अति पिछडिएका भू-भागहरू पनि यहाँ पर्दछन्। राजनीतिक घटना क्रमहरूमा उल्लेख्य चर्चा पाउँदै आएको यो जिल्ला मानवअधिकार हननका दृष्टिले पनि चर्चामा आउने गरेको छ।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

ललितपुर नपा-३ मा ०५० माघ २९ गते अन्दाजी ७ महिनाको बच्चाको टाउको नभएको लाश फेला पर्‍यो। उक्त बच्चा कसको हो र कसले किन हत्या गर्‍यो भन्ने कुरा अज्ञात नै रहेको छ।

ललितपुर नपा-८ का २५ वर्षीय जोगनारायण कुस्लेलाई ०५० फागुन २२ गते आफ्नै पत्नी सीता कुस्लेले सिलौटाले हानी हत्या गरिन्। पति पत्नी बीच पति घरमा ढिला आएको सम्बन्धमा झगडा हुँदा पीडक सीता कुस्लेले रीसको झोकमा हिर्काएको तर मार्ने उद्देश्य आफ्नो नभएको बताउँछिन्।

ठेचो गाविस-५ का ३० वर्षीय सिद्ध महर्जनले २५ वर्षीय पत्नी लालमाया महर्जनलाई ०५० चैत २५ गते कोदालीले टाउकोमा हानी हत्या गरे। पति पत्नीको बीचमा घरायसी झगडा हुँदा रीसले खप्न नसकी कोदालीले हिर्काउँदा उपचार हुन नपाउँदै लालमायाको मृत्यु भएको थियो।

ठेचो गाविस-१ का धनबहादुर तामाङले ०५० चैत २६ गते आफ्नो ४ वर्षको छोरालाई कुचोले हानी हत्या गरे। बाबु धनबहादुरले मार्ने उद्देश्यले हानेको होइन भनेता पनि कान्छी पत्नी मेरो रीसले छोरालाई हानी मारेको भन्ने बताउँछिन्।

लगनखेलस्थित भूमिसुधार कार्यालय नजिक ०५१ मंसीर १९ गते दोलखा जिल्लाका ३० वर्षे उमेश श्रेष्ठलाई अज्ञात व्यक्तिहरूले छुरा हानी हत्या गरे। यस सम्बन्धमा प्रहरीले ३ जनालाई पक्राउ गरी कारवाही गरिरहेको छ।

### १.२ जेल र बन्दीहरू

देशको सबैभन्दा चर्चित जेलको रूपमा रहेको नख्खु जेल नै यस जिल्लाको जेल हो। अन्य प्रयोजनका लागि वि.सं.१९९५/९६ तिर निर्माण गरिएको यस जेलको अवस्था दयनीय छ। जेलको मर्मत सुधार हुन सकेको छैन। त्यसैले चोरी, डकैती र ज्यान मार्ने उद्योग समेतमा रहेका विकास गुरूङ जेल बाहिर भाग्न यो वर्ष सफल भएका थिए। भौतिक व्यवस्था र साधनको अभावले बन्दीको स्वास्थ्यमा प्रतिकूल असर पर्नुका साथसाथै मनोरञ्जनका साधनहरूको समेत व्यवस्था छैन। जेल अपराधीहरूलाई सुधार्ने ठाउँ हो तर त्यसरी मानसिक परिवर्तन हुने कुनै कार्यक्रम बन्दीहरूको लागि चलाइएको पाइएन।

नख्खु जेलको क्षमता १५० जना बन्दी राख्न सकिने छ तर यहाँ १ सय ५५ जनालाई राखिएको छ। आरोपित बन्दी १ सय १ र प्रमाणित बन्दी ५४ जनाका साथमा ३ जना नाबालकहरू पनि छन्। यहाँ सबै बन्दीहरू पुरुष मात्र छन् महिला बन्दी राखिएको छैन। यस जेलमा एकजना पनि आस्थाका बन्दी छैनन्। ३ जना नाबालकहरूलाई चोरी काण्डमा बन्दी बनाइएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | २ | ४ | - |
| हिरासतमा यातना | - | १ | ३ |
| बलात्कृत | - | ६ | ४ |
| आत्महत्या | - | - | १० |

### १.३ गिरफ्तारी र यातना

०५१ बैशाख २१ गते नेपाल बन्दको सिलसिलामा संयुक्त जनमोर्चा नेपालका अष्टमान के.सी., यानप्रसाद गौतम, देवेन्द्र पराजुली, कृष्णमान महर्जन लगायतका १० जनालाई पक्राउ गरियो। बानेश्वरमा भारतीय प्रहरी हस्तक्षेपको विरोधमा गरिएको सो नेपाल बन्दको सिलसिलामा बसमा ढुङ्गा हिर्काएको आरोप लगाई उनीहरूलाई यातना समेत दिई प्रहरीले पक्राउ गरेका थिए।

पुल्चोक हरिहरभवन अगाडि ०५१ साउन ५ गते जुलुसमा हिँडिरहेका १८ जनालाई प्रहरीले पक्राउ गरी तोडफोड गरेको अभियोग लगायो। त्यस दिन नेपालका ६ वाम घटकहरूद्वारा संयुक्त कार्यक्रम राखिएको थियो। विनापूर्जी पक्राउ गरिएका कार्यकर्ताहरूलाई सो दिन थानामै राखी भोलिपल्ट विहान १० बजे मात्र छोडिएको थियो।

०५१ साउन ९ गते ६ वाम पार्टीहरूको संयुक्त नेपाल बन्द कार्यक्रममा ललितपुर नपाका धौवहाल, गणेशस्थान, मंगलबजार, पुल्चोक आदि ठाउँबाट अशान्ति मच्चाउने अभियोग लगाई रामकुमार राजथला, अर्जुन लामा, देव तामाङ लगायत ४५ जना वामपंथीहरूलाई गिरफ्तार गरियो। प्रहरीले पक्रने क्रममा कुटपिट गरी अमानवीय व्यवहार समेत गरेको थियो। प्रहरीको भनाइ अनुसार उनीहरूलाई सोही दिन ६ बजे पछि छोडिएको थियो।

जाउलाखेलको फूटपाथमा हिँडिरहेका कोटेश्वरका २९ वर्षीय मोहनलाल श्रेष्ठलाई ०५१ साउन २० गते सिविल पोशाकका प्रहरीले नेपाल बन्दका क्रममा ढुंगामुढा गरेको आरोपमा गाली गर्दै विनापूर्जी पक्राउ गऱ्यो। साँझ थानामा केरकार गर्दा उनलाई सिस्नो पानी लगाई बूट र लठ्ठीले पिटी प्रहरीले यातना दिएको थियो। प्रहरीले २ घण्टा जति खुट्टा फट्याएर हात उठाएर उभिन लगाई अमानवीय यातना दियो। ०५१ साउन २१ गते साथी इन्द्रबहादुर बोगटीको जमानतमा छोडिएका मोहनलाल श्रेष्ठलाई प्रहरीले यातना दिएर पनि अभियोग स्वीकार गराउन भने सकेन।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

ललितपुर नपा-११ का उपेन्द्र अमात्य, रत्नदेवी अमात्य र भूपेन्द्र अमात्यलाई आफ्नै भाइका छोरा २४ वर्षीय मञ्जुल अमात्यले खुकुरी प्रहार गरी ०५१ असोज ५ गते घाइते तुल्याए। दाजु भाइको जग्गाको साँध मिचिएको झगडामा खुकुरी प्रहार गरिएको थियो। यसभन्दा अघि पनि उपेन्द्रको परिवारलाई मञ्जुलको परिवारले ज्यान मार्ने धम्की सहित हमला गर्ने गरेको पीडित पक्षको भनाइ छ।

ठेचो गाविस-१ की विधुवी शोभा महर्जनलाई जिल्ला अदालतको प्राङ्गणमा ०५१ साउन २३ गते प्रेमध्वज लामा लगायतका समर्थक विद्यार्थीहरूको हूलले हातपात गऱ्यो। गत वर्ष धापाखेलको बाटोमा लक्ष्मीमान महर्जनलाई छुरा हानी हत्या गर्ने फरार अभियुक्त राधेश्याम महर्जनलाई ०५१ साउन २२ गते समातेपछि उनैका पक्षधरहरूले भोलिपल्ट शोभा महर्जन लगायत लेखराम महर्जन, तुलसीराम महर्जन, रत्नकाजी महर्जनलाई समेत कुटपिट गरी मार्ने धम्की दिएका थिए। सो सम्बन्धमा प्रहरीले कुनै कारवाही गरेन।

### १.६ धुनामा मृत्यु

धुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

ललितपुर नपा-४ का नेपाली कांग्रेसका क्षेत्रीय सदस्य उपेन्द्र भट्टराईलाई ०५१ साउन २७ गते नेपाली कांग्रेस जिल्ला कार्यसमिति ललितपुरद्वारा आयोजित भेलामा बोल्न नदिई गलहत्याई बाहिर निकालियो। काठमाडौंको उपनिर्वाचनमा कृष्णप्रसाद भट्टराईलाई हराउन अन्तरघात गरेको भन्ने आरोपमा उनी विवादमा आएका थिए। कृष्णप्रसाद भट्टराईले सबैलाई माफी दिएपछि उनी पनि निमन्त्रणा पाएर नै सो भेलामा गएका थिए। आफ्नो राजनैतिक संगठन भित्र आफ्ना विचारहरू राख्न नदिई अभिव्यक्ति स्वतन्त्रता कुण्ठित बनाइयो भन्ने भनाइ उनको छ।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

राजनीतिक स्वतन्त्रताको अधिकारबाट कसैलाई वञ्चित गराइएको पाइएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति सबैको धारणा सकारात्मक रहे पनि ढिलासुस्तीप्रति भने आम जनताको गुनासो छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै उल्लेख्य घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

धापाखेल गाविस-६ की १४ वर्षीय बालिकालाई ०५० फागुन २ गते सोही ठाउँ बस्ने वर्ष ३२ को कृष्ण गिरीले

बलात्कार गरेका थिए। उनले सो दिन घरमा कोही नभएको मौका छोपी पीडितकै घरमा गई ढोका लगाई बलात्कार गरेका थिए। सो कुरा थाहा पाई प्रहरीमा उजूर गरेपछि पीडकलाई ०५१ फागुन ३ गते पक्राउ गरी २२ हजार धरौटी लिई छोडिएको थियो। अस्मिता लुटिएकी किशोरी लज्जित जीवन बिताई रहेकी छिन्।

भट्टेडाँडा गाविस-१ का चिनबहादुर तामाङ्गले सोही ठाउँकी १२ वर्षीय एक बालिकालाई ०५० चैत १८ गते एक्लै भएको मौका पारी जबर्जस्ती बलात्कार गरे। पीडकलाई प्रहरीले पक्राउ गरी कारवाही चलाएको छ।

हरिसिद्धि ईंटा भट्टाकी १६ वर्षीय एक मजदूरलाई ०५१ जेठ ८ गते सातदोबाटोका १६ वर्षे मदन राई र १७ वर्षे कान्छा राईले छुरा देखाई जवर्जस्ती बलात्कार गरे।

ललितपुर नपा रारा गार्मेन्टका ठेकेदार ४० वर्षे दिलिप राईले सोही ठाउँमा काम गर्ने १४ वर्षीय मजदूर बालिकालाई ०५१ साउन २१ गते खाना पकाउन भनी बोलाएर कोपुण्डोल डेरामा लगी बलात्कार गरे। दिलीप राईको घरमा खाना पकाउन बसेको केटो र दिलीप राई दुबैले पालोपालो बलात्कार गरेको पीडितले बताइन्।

## ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

ललितपुर सातदोबाटो डेरा गरी बस्ने सर्लाही लालबन्दी गाविसकी २० वर्षीय उमा शर्मा ०५१ कात्तिक ७ गते आफ्नै कोठामा देह व्यापारमा संलग्न भएको अवस्थामा फेला परिन्। निज युवतीलाई वेश्यालय संचालन गर्न सहयोग गर्दै आएका काभ्रेपलान्चोक कुशादेवी गाविस घर भै हाल कोपुण्डोल डेरा गरी बस्ने शंकर लामा र मीरा लामा भएको र निजहरूलाई समेत प्रहरीले कारवाही चलाएको थाहा भएको छ।

## ४.३ गर्भ पतन

गर्भपतनका घटना प्रकाशमा आएनन्।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल अधिकार हननका उल्लेख्य घटना देखा परेनन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

## ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

ललितपुर नपा लगनखेलस्थित विशाखा कार्पेटका मजदूर शिव थापामगरलाई राती राती काम छाडी हिंडेको भनी कारखाना मालिकले ०५१ जेठ १८ गते कामबाट निकाली दिए। पीडित थापामगर नेपाल स्वतन्त्र मजदूर युनियनका सदस्य भएकाले उनी आफ्नो युनियनको जिल्ला सम्मेलनको राती राती बाल पेन्टीङ गर्न गएका थिए। उनीले बीचमा आर्थिक संकट निकै भोग्नु पर्‍यो। ०५१ साउन २० गते मात्र अन्यत्र काम पाएका थिए।

## ६.२ विश्रामको अधिकार

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

## ६.३ अन्य आर्थिक अधिकार

आर्थिक अधिकारको हनन गर्ने घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

प्रेम वक्तव्य र टिप्पणीहरू प्रकाशित/प्रसारित भएको भेटिएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

ललितपुर नपा-९ की २८ वर्षीय श्रीमती शान्ति सिंह महर्जनले ०५१ साउन २८ गते बढी रक्सी पिएकीले मृत्यु हुन गएको छ। आफ्नै घरमा बसी खानपानसँगै रक्सी पिउँदै गरेकी मृतकले बढी रक्सी पिए पछि बेहोस् भएकी र पाटन अस्पतालमा उपचार हुँदाहुँदै उनको मृत्युभएको थियो।

इन्दू कार्पेट इण्डष्ट्रिज हरिसिद्धिका २२ वर्षीय मजदूर लेखाल यादवको औषधोपचारको अभावले गर्दा टाइफाइड भई ०५१ साउन ३१ गते मृत्यु भयो। झापा घर भई मजदूरी गरी खाने मृतकको लागि उद्योगपति सरोजले समयमै हेरचाह र औषधि उपचार गरिदिएको भए मृत्यु हुने थिएन भनी बताइएको छ। निजको लाश शंखमूल लगी जलाइएको र सो का लागि आवश्यक खर्च समेत साहूले नदिएको मजदुरहरूको गुनासो छ।

## ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

ललितपुर नपा-२२ का २५ वर्षीय प्रेस मजदूर ज्ञानेन्द्र श्रेष्ठको ०५१ जेठ २६ गते मेशिनले च्यापिएर मृत्यु भयो। बिग्रिएको अवस्थामा रहेको मेशिन मर्मत गर्न प्रेस मालिकलाई भनिएको तर समयमै मर्मत नगरिएकोले यो दुर्घटना हुन गएको बताइन्छ।

ललितपुर नपा-३ का २० वर्षीय मजदूर दिलबहादुर राजवंशीको ०५१ असार ४ गते इनार सफा गर्ने काम गरिरहेको बेला अकस्मात इनारमा डुबेर मृत्युभयो।

## ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

खुमलटारस्थित अन्नपूर्ण धागो कारखानामा ०५१ साउन ७ गते आगो लागेको थियो। सो आगलागीबाट करीव रू.३ लाख २५ हजार रूपैयाँ बराबरको क्षति भएको बुझिएको छ। आगलागी के कारणले हुन गएको हो स्पष्ट भएको छैन।

ख्वोकना गाविस-४ का रविन्द्र महर्जनको घरमा विजुली सट भई ०५१ असार २६ गते आगलागी हुँदा रू.२४ हजार बराबरको धनमाल क्षति भएको थियो। गाउँलेहरूको सहयोगमा आगो निभाइएको थियो। उक्त क्षतिमा सरकार लगायत कुनै संघसंस्थाले राहत सहयोग नगरेको कुरा पीडितले गुनासो सुनाए।

ललितपुर नपा-२२ का ५३ वर्षीय सूर्य शाहीको ०५१ भदौ ३० गते अविरल वर्षाको कारण घर भत्कन गई घटना स्थलमै मृत्यु भएको थियो।

## ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी कुनै घटना यस वर्ष देखा परेन।

## ९.४ आत्महत्या

सुनाकोठी गाविस ८ का ४३ वर्षीय रामशरण महतले ०५० माघ १६ गते बकैनाको रूखमा डोरीको पासो लगाई झुण्डेर आत्महत्या गरे। आत्मग्लानीको कारणले नै आत्महत्या गरेको बताइन्छ।

देवीचौर गाविस-२ का ३६ वर्षीय जितबहादुर तामाङ्गले सल्लाको रूखमा डोरीको पासो लगाई ०५० चैत ३ गते आत्महत्या गरेका थिए। घरायसी भै झगडाको कारण आत्महत्या गरेको बताइन्छ।

लेले गाविस-७ की ३१ वर्षीय कान्छी रानाभाटले ०५० चैत ९ गते आफ्नै घरमा डोरीको पासो लगाई आत्महत्या गरेकी थिइन्। मानसिक असन्तुलनको कारण औषधोपचार गराइरहेकी मृतकको सौता पनि भएकाले घरायसी कारणले पनि आत्महत्या गरेको हुन सक्छ भनी बताइयो।

आश्राङ गाविस ६ का ५१ वर्षीय झमकनाथ संजेलले ०५० चैत १८ गते रूखमा झुण्डिई आत्महत्या गरे। आत्महत्याको कारण घरायसी समस्या भएको बुझिएको छ।

ललितपुर नपा-३ की ३६ वर्षीय चन्द्रलक्ष्मी नकर्मीले ०५१ असार ४ गते फलामे अंकुसेको पासो लगाई झुण्डिई आफ्नै घरमा आत्महत्या गरिन्।

ललितपुर नपा च्याउ कार्पेट इण्डष्ट्रिज भैंसेपाटीका मजदूर अमर थापा मगरकी १९ वर्षीय पत्नीले ०५१ असार ३१ गते शरीरमा मट्टितेल खन्याई जलेर आत्महत्या गरिन्।

ललितपुर नपा-१३ का २६ वर्षीय धर्म महर्जनले ०५१ भदौ १२ गते डोरीको पासो लगाई दलिनमा झुण्डिएर आत्महत्या गरे। पारिवारिक झगडाको कारणले नै आत्महत्या गरेको अनुमान लगाइएको छ।

ललितपुर नपा महालक्ष्मी स्थानकी १८ वर्षीय ललिता लिम्बुले ०५१ असोज १८ गते सलले घाँटीमा पासो लगाई बाथरूमभित्र झुण्डिएपछि घाइते अवस्थामै अस्पताल पुऱ्याउँदा पुऱ्याउँदै मृत्यु भयो। आत्महत्याको कारण प्रेम वियोग बताउँछन्।

इमाडोल गाविसकी २३ वर्षीय रेणु नगरकोटीले आफ्नो शरीरमा आफैँले मट्टितेल खन्याई ०५१ कात्तिक ७ गते जलेर आत्महत्या गरिन्। प्रेम विछोडको कारणले आत्महत्या गरेको अनुमान लगाइएको थियो।

बुँगमती गाविस-२ का ६२ वर्षीय जेठो भाइ बज्राचार्यले ०५१ कात्तिक ८ गते मेटासिड खाई आत्महत्या गरे। निजको उपचारार्थ पाटन अस्पताल लगिएको तर उपचार हुँदा हुँदै मृत्यु भएको थियो। आर्थिक अभाव र पारिवारिक असन्तोषका कारणले नै उनले आत्महत्या गरेका थिए।

## ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी घटनाहरू यस वर्ष देखा परेन।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१३ काभ्रे

जनसंख्या : ३२४३२९

साक्षरता : ३९.२ प्रतिशत

महिला साक्षरता : २३.४ प्रतिशत

क्षेत्रफल : १३९६ वर्ग कि.मी.

राजधानीसंग जोडिएको यो जिल्ला पूर्णतः पहाडी जिल्ला हो। उत्तरी सीमा जोड्ने कोदारी राजमार्ग बाहेक यो जिल्लामा बनेपा-पनौती पक्की सडक छ। अरू केही कच्ची सडक भए पनि अधिकांश भागमा यातायातको अभाव छ। तीन निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा २ नगरपालिका र [illegible] गाविस छन्। तिमाल नारायणथान, पलाञ्चोक भगवती र नमोबुद्ध - पर्यटन स्थलका रूपमा परिचित क्षेत्र हुन्।

यस जिल्लामा १ विश्वविद्यालय, २ क्याम्पस, २ उच्च माध्यमिक, ४० माध्यमिक, ४४ निम्न माध्यमिक र ३०३ प्राथमिक विद्यालय छन्। तर पनि शैक्षिक चेतनाको लहर ग्रामीण क्षेत्रमा पुग्न सकेको छैन। सञ्चार तर्फ नगर क्षेत्रमा ४८० लाइन र पहाडी भेगमा २ भीएचएफ लाइन टेलिफोन वितरण गरिएको छ। एक जिल्ला हुलाक, ८ इलाका हुलाक र ३२ अतिरिक्त हुलाकले सम्पूर्ण जिल्लामा हुलाक सेवा उपलब्ध गराएका छन्।

यस जिल्लाका ७८ प्रतिशत मानिस खेतीमा, २.९४ प्रतिशत व्यापारमा, ३.७७ प्रतिशत नोकरीमा र ९.०६ प्रतिशत ज्याला मजदूरी गरी जीवन निर्वाह गर्दै आएका छन्। कुल ६ प्रतिशत जनताले खानेपानीको सुविधा पाएको यो जिल्लामा ३६ शैय्याको एउटा मिशन अस्पताल छ। ८५ प्रतिशत मानिस बेरोजगार छन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | २ | - |
| बलात्कृत | २ | ५ | ६ |
| आत्महत्या | - | १५ | २७ |

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

यस वर्ष सरकारका तर्फबाट यस जिल्लामा हत्या र गोलीका घटना भएनन्। तर जिल्ला अदालतमा ३४ वटा भवितव्य ज्यान मुद्दा, ७ वटा कर्तव्य ज्यान मुद्दा र १२ वटा ज्यान मार्ने उद्योग सम्बन्धी मुद्दा दर्ता भए।

### १.२ जेल र बन्दीहरू

यस वर्ष धुलिखेलस्थित जेल राष्ट्रिय चर्चाको विषय बन्यो। राणाकालमा घोडाको तबेलाका रूपमा रहेको यो जेल मूलतः पागल बन्दी राख्ने जेलका रूपमा परिचित छ। तर उनीहरूसँगै अन्य बन्दीहरू समेत राखिने गरेका छन्। ४५ बन्दी राख्ने क्षमता भएको यो जेलमा अहिले ३४ पागल, ४ पागल मुद्दाका र २३ अन्य बन्दी गरी ६१ जना रहेका छन्। पागलहरू गंभीर अवस्थामा नपुगेसम्म उपचार गराउने व्यवस्था छैन। यो जेललाई पागलहरूलाई यातना दिने गृहका रूपमा नभई औषधोपचार गराउने अस्पतालका रूपमा विकास गरिनु पर्ने कुरा उठेको छ। तर यसतर्फ सम्बन्धित निकायले ध्यान दिएको देखिंदैन।

यस वर्ष राष्ट्रिय समाचार पत्रहरू कान्तिपुर, देशान्तर, महानगरमा यो जेलका सम्बन्धमा समाचारहरू छापिए। यी अखवारहरूमा यो जेललाई पागलखानाको संज्ञा दिइएको छ।

### १.३ गिरफ्तारी र यातना

यस वर्ष यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन। मध्यावधि निर्वाचनमा पार्टीगत झगडा भने भएको देखिन्छ।

### १.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यस सम्बन्धमा पनि कुनै उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### १.६ थुनामा मृत्यु

यस वर्ष धुलिखेल जेलमा ५ जनाको मृत्यु भयो। यी सबै पागल थिए। यी मध्ये ४ जनाको औषधोपचार भइरहेका अवस्थामा र एकजनाको जेल मै झुण्डिएर मृत्यु भएको थियो। ०५० चैत २२ गते गगनराज हाडा झुण्डिएर मरे भने ०५१ जेठ १३ गते सोमबहादुर तामाङ, जेठ १५ गते कुलमान थामी, पुस ११ गते नारायणप्रसाद पन्त र पुस १२ गते कृष्ण श्रेष्ठको औषधी खाई रहकै अवस्थामा मृत्यु भयो।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस वर्ष प्रत्यक्षतः यी अधिकार कुण्ठित भएको देखिएन। तर राजनीतिक प्रतिशोध लिने उद्देश्यले सामान्य अप्रिय घटनाहरू भएका र अन्य प्रसंगले केही व्यक्तिहरू यी अधिकारबाट बेला बखत वञ्चित भएको पाइयो।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा तामाङ जातिको बाहुल्य छ। यहाँ परम्परादेखि नै धार्मिक सद्भाव देखिएको छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यस वर्ष राजनीतिक स्वतन्त्रताको कुरा गर्दा कात्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनले नै प्राथमिकता पाएको छ। यो निर्वाचनमा केही ठाउँमा जनताले स्वतन्त्र ढंगबाट मत खसाल्न नपाए पनि समग्रमा यस जिल्लामा शान्तिपूर्ण रूपमा परिणाम आयो। यो निर्वाचनको मानवअधिकारवादी कार्यकर्ताहरूले पर्यवेक्षण गरेका थिए। ती पर्यवेक्षण टोलीका अनुसार, क्षेत्र-३ का खरेलथोक, कात्तिके देउराली, प्रभा मा.वि. - धुसेनी शिवालय, माझी फेदा र गोठपानीमा सत्तापक्षले बुथ कब्जा गर्‍यो भने क्षेत्र-१ को धर्तीछाप ठाकुर प्रेम प्रा.वि. केन्द्रमा राप्रपाले बुथ कब्जा गर्‍यो। अन्यत्र यस्ता घटना भएको पाइएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको न्यायालयप्रति आम जनतामा सकारात्मक धारणा बन्न सकेको छैन। मुद्दाको फैसलामा अनावश्यक ढिलासुस्ती भईरहेको अनुभव उनीहरूको छ। अदालतमा न्याय पाउन ठूलो रकम खर्च हुने गरेको र न्याय खर्चिलो बन्दै गएको गुनासो पनि सुनिन्छ। तापनि यो वर्ष जिल्ला अदालतले विभिन्न ७ सय ६६ मुद्दा मध्ये ५ सय ५४ मुद्दाको किनारा लगायो।



धुलिखेल जेल

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा २ हजार ६ सय ७२ जना भूमिहीन तथा सुकुम्बासी भएको देखिन्छ। यो रेकर्ड वस्ती सर्भेक्षण ०४९ सालको हो। उनीहरूको उचित व्यवस्था गर्ने तर्फ सम्बन्धित निकायको ध्यान पुगेको देखिँदैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

मल्पी गाविस-६ की एउटी महिलालाई आफ्नो पति घरमा नभएको मौका पारी ०५० माघ ८ गते सामूहिक बलात्कार गरियो। राती ९ बजे सामान राख्ने निहुँमा पीडकहरू राजेश के.सी., प्रमोद के.सी. र राजेन्द्र के.सी.ले घरभित्र पसी चिच्याएमा मार्ने धम्की दिई यो अपराध गरेका थिए। पीडक राजेश के.सी.लाई थुनामा राखिएको छ भने २ अपराधी तत्काल फरार रहेर पछि अदालतमा हाजिर भएका थिए।

उग्रतारा जनागाल गाविस-६ मा ६१ वर्षीय ससुरा कृष्णबहादुर बञ्जाराले आफ्नै बुहारी २३ वर्षकी सीताकुमारी बञ्जारालाई आफ्नै घरमा बलात्कार गरे। ०५१ जेठ २२ गते भएको यो घटनाका पीडकलाई पक्राउ गरी कार्वाही चलाइएको छ। यस अघि पनि निज पीडकले ०४८ माघ २३ गते आफ्नो घरमा काम गर्ने १२ वर्षकी मालती मानन्धरलाई बलात्कार गरेपछि उनलाई कानूनी कार्वाही गरिएको थियो।

महादेवस्थान गाविस-४ की १४ वर्षकी बालिकालाई ०५१ मंसीर ३ गते २५ वर्षको बेदबहादुर भुजेलले बलात्कार गरेको भन्ने कुरामा छानवीन भइरहेको छ।

बनेपा नगरपालिका-१ की ९ वर्षीय बालिकालाई ०५१ मंसीर ४ गते २३ वर्षीय कुमार भन्ने कान्छा तामाङले ललाई

फकाई बलात्कार गरे।

कानपुर गाविस–३ घर भई कानपुर माध्यमिक विद्यालयमा कक्षा ८ मा अध्ययनरत १४ वर्षीय बालिकालाई सोही विद्यालयमा अध्ययन गर्ने संग्राम सिंह तामाङ र सोही गाविस–४ का गणेशबहादुर तामाङले बलात्कार गरे। ०५१ मंसीर २२ गते परीक्षा दिन स्कूल गइरहेको बेला जंगलको बाटो – पात्ला डुँडी पौवामा समाती यो अपराध गरिएको थियो।

गैरी विसौना गाविस–९ देउपुरमा ०५१ मंसीर २३ गते १० वर्षकी बालिकालाई ६१ वर्षका रमानाथ पुरीले खेतमा बलात्कार गरे।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस जिल्लामा वादी, देउकी, छैनन्। जारी र बहुविवाहका घटनाहरू बाक्लै भेटिने गर्छन्। तापनि यस वर्ष बहुविवाहका ४ वटा घटनामा कानूनी उपचार खोजिएको देखिन्छ। एउटा देहव्यापार सम्बन्धी यो जिल्लाको घटना छिमेकी सिन्धुली जिल्लामा दर्ता भएको छ।

### ४.३ गर्भ पतन

गर्भ पतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यो जिल्लाको नगर क्षेत्रमा रहेका होटलहरूमा भाँडा माझ्ने काममा बाल मजदूरहरूलाई लगाइएको देखिन्छ। यस्ता बालबालिकाहरू शिक्षा आर्जन गर्नबाट पूर्णतः वञ्चित रहेका छन्। उनीहरू अभिभावकहरूको माया र दायित्वबाट मात्र टाढा रहँदैनन्, मालिकको दुर्व्यवहारको शिकार समेत हुने गर्छन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा कलकारखानाहरूको अभावले गर्दा आर्थिक अधिकारको प्रश्न उठेको पाइँदैन। तर कृषि मजदूरहरू भने गाउँका ठूला ठालुबाट शोषित हुने गरेको भेटिन्छ। त्यस बाहेक उल्लेख्य घटनाहरू प्रकाशमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

परम्परागत रूपमा नोकर बस्ने बाहेकको अन्य प्रचलन यो जिल्लामा भेटिँदैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

नइकिन्टार गाविसमा रहेको धनेश्वर मन्दिरमा पस्न लाग्दा त्यहाँका पुजारी हरिजंगम र केशव अधिकारी समेतको जत्थाले कृष्णबहादुर रसाइली, सेते विश्वकर्मा, मसिने विश्वकर्मा, रत्नबहादुर रसाइली लगायतकालाई कुटपीट गरे। ०५० चैत १४ गते कृष्णबहादुर रसाइलीले आफ्नो छोराको ब्रतवन्ध सकी मन्दिरमा दर्शन गराउन लैजादा यो घटना भएको हो।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

मानवअधिकार सम्बन्धी घटनामा केन्द्रीत रहेर कसैले आफ्नो धारणा व्यक्त गरेको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यस सम्बन्धी कुनै घटना देखा परेन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो, आगलागी जस्ता घटनाहरू यो वर्ष भएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको देखिएन।

### ९.४ आत्महत्या

भुमेडाँडा गाविस–८ बस्ने ३१ वर्षीय कान्छी श्रेष्ठ ०५० माघ १ गते रूखमा झुण्डिई मरिन्।

साठीघर भगवतीस्थान–९ की १७ वर्षीय सानुमाया श्रेष्ठले आफ्नो प्रेमीले धोका दिएकाले ०५० माघ १२ गते रूखमा झुण्डिई आत्महत्या गरिन्।

समाज कल्याण केन्द्र पाँचखालमा बस्ने १५ वर्षीय अनाथ तीर्थराज गिरीले ०५० माघ १६ गते विष सेवन गरी आत्महत्या गरे।

मल्पी गाविस–८ का नारायणप्रसाद बञ्जाराले ०५० माघ २५ गते प्रेमिकाले अर्कैसंग विवाह गरेका कारण रूखमा झुण्डिई आत्महत्या गरे।

चलाल गणेशस्थान गाविस–५ की श्रीमती विमला कार्कीले पतिसंग झगडा भएका कारण ०५० फागुन १० गते रूखमा झुण्डिई आत्महत्या गरिन्।

दोलालघाट गाविस–२ का २३ वर्षीय पम्फावती खरेलले परिवारमा झगडा भएकाले ०५० फागुन १३ गते वनमा घाँस काट्न जाँदा रूखमा झुण्डिई आत्महत्या गरिन्।

पाल्लेखेत गाविस–७ का ४१ वर्षका कर्णबहादुर तामाङ ०५० चैत ८ गते रूखमा झुण्डिई मरे। उनी मानसिक

रोगी थिए।

दुंखर्क गाविस-९ की ४२ वर्षीय हरिमाया तिमल्सिना ०५० चैत १५ गते रूखमा झुण्डिई मरीन्।

बालुवा गाविस-३ की ६० वर्षीय ठूलीकान्छी दनुवारले झिकु खोलाको दहमा हाम्फाली आत्महत्या गरिन्। ०५० चैत १७ गतेको यो घटना पारिवारिक झै-झगडाबाट भएको भनी गाउँलेहरूले बताएका छन्।

त्याले गाविस-७ का ७५ वर्षका भीमसेन सापकोटा ०५० चैत १८ गते घरको धुरीमा झुण्डिई मरे।

संखुपाटी गाविस-५ का ६२ वर्षका चाउरे परियारले ०५० चैत २६ गते रूखमा झुण्डिई आत्महत्या गरे।

सापिङ गाविस-२ का ७५ वर्षका नरबहादुर गिरीले पारिवारिक झै झगडाका कारण ०५१ जेठ ७ गते विष सेवन गरी आत्महत्या गरे।

सुनथान गाविस-८ की १८ वर्षीय विमला मिझार पतिसंग झगडा भएका कारण ०५१ जेठ १६ गते रूखमा झुण्डिई मरिन्।

कुशादेवी गाविस-३ का ३४ वर्षका रामबहादुर थापाले मुसा मार्ने विष सेवन गरी ०५१ जेठ २४ गते आत्महत्या गरे।

उग्रचण्डी गाविस-३ का ३६ वर्षीय महेन्द्र श्रेष्ठ ०५१ जेठ २४ गते रूखमा झुण्डिई मरे। उनको मानसिक स्थिति ठीक थिएन।

कलाँती भूमिडाँडा गाविस-९ का पिताम्बर हुमागाईंकी १८ वर्षीय पत्नी निर्मला हुमागाईं ०५१ असार ७ गते रूखमा झुण्डिई मरीन्। पूर्व प्रेमीसंगको सम्बन्धका कारण परिवारमा झगडा भई उनले आत्महत्या गरेको आशंका छिमेकीहरूको छ।

त्याले गाविस-२ की ५३ वर्षीय भुवनेश्वरी सापकोटा घरायसी झगडाले गर्दा ०५१ साउन १२ गते रूखमा झुण्डिई मरिन्।

धुलिखेल नगरपालिका ७ की ५० वर्षीय एककुमारी पराजुली ०५१ भदौ ५ गते घर नजिक रूखमा झुण्डिएर मरिन्।

धुलिखेल नगरपालिका-९ का ३६ वर्षका रत्नलाल मानन्धर ०५१ भदौ १४ गते रूखमा झुण्डिई मरे।

भुगदेउ महाँकाल गाविस-१ का २४ वर्षीय गोपाल तामाङ ०५१ भदौ २० गते रूखमा झुण्डिएर मरे।

नाला टुकुचा गाविस-७ का १२ वर्षीय नाबालक उद्धवप्रसाद घिमिरे ०५१ भदौ ३१ गते आफ्नै घरमा झुण्डिई मृत अवस्थामा फेला परे। घटनास्थलको प्रकृति हेर्दा यो मृत्युलाई शंकास्पद रूपा हेरियो र छानबीन भइरहेको छ।

बल्थली गाविस-४ की २४ वर्षीय कमला हुमागाईंले ०५१ असोज २२ गते आत्महत्या गरिन्।

सुनथान गाविस-९ बस्ने २५ वर्षकी भवानी बोगटीले घाँटीमा पासो लगाई ०५१ असोज २४ गते आत्महत्या गरिन्।

चयासिंखर्क गाविस-८ की १५ वर्षकी अप्सरा के.सी.ले घर नजिकै रूखमा झुण्डिई ०५१ कात्तिक ५ गते आत्महत्या गरिन्। यसको कारण स्पष्ट हुन सकेको छैन।

धुलिखेल नगरपालिका-८ का ३९ वर्षीय सीताराम श्रेष्ठ ०५१ मंसीर २६ गते घरको बुइगलमा डोरीको पासो लगाएर मरे।

बनेपा नगरपालिका-१ डेरा गरी बस्ने सप्तरी जिल्ला रूपनगर गाविस-१ की २१ वर्षीय महेश्वरी कटुवालले पतिसंग झगडा भएका कारण विष सेवन गरी आत्महत्या गरिन्।

फूलवारी गाविस-१ की १८ वर्षकी कान्छी तामाङले रूखमा झुण्डिई आत्महत्या गरिन्। लोग्नेले आफूलाई झुक्याई बहुविवाह गरेकोमा उनले आत्महत्या गरेकी हुन्।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१४ भक्तपुर

जनसंख्या : १७२९५२
साक्षरता : ५८.५ प्रतिशत
महिला साक्षरता : ४२.४ प्रतिशत
क्षेत्रफल : ११९ वर्ग कि.मी.

काठमाडौं उपत्यका भित्र पर्ने भक्तपुर पुरानो ऐतिहासिक महत्व भएको जिल्ला हो। यहाँका कलायुक्त मठमन्दीर र दरवार पर्यटकहरूका लागि आकर्षणको विषय बनेका छन्। दुई निर्वाचन क्षेत्रमा विभाजित यो जिल्लामा एक नगरपालिका र २१ गाउँ विकास समिति छन्। क्षेत्रफलका हिसाबले यो नेपालकै सबभन्दा सानो (११९ वर्ग किलोमिटर) जिल्ला हो। यहाँका पुराना वासिन्दाहरू अझै पनि काठ र माटोका कला, कौशल र खेतीमा निर्भर रहेका पाइन्छन्। विगत केही वर्ष यता थुप्रै आधुनिक उद्योगहरू यस जिल्लामा स्थापित भएका छन्। यहाँ ७ वटा क्याम्पस, ४० वटा माध्यमिक र २ सय ५ वटा प्राथमिक विद्यालय छन्; स्वास्थ्य तर्फ ५० शैय्याको एक अस्पताल, एक राष्ट्रिय क्षय रोग केन्द्र, ९ हेल्थपोष्ट र १० स्वास्थ्य उपचौकी रहेका छन्। ८ वटा गाविस बाहेक सबै ठाउँमा टेलिफोन सुविधा उपलब्ध छ। यस जिल्लामा खानेपानीको उचित प्रबन्ध हुन सकेको छैन। मानवअधिकार उल्लंघनका घटनाहरूबाट यो जिल्ला पनि अछुतो रहन सकेको छैन।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

विराटनगर बरगाछी घर भई भक्तपुर-१५ ब्याँसी टोल बस्ने किरण थापा ०५१ जेठ ५ गते आफ्नी पत्नी गीता थापाको हत्या गरी फरार भएका छन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | ६ | - |
| बलात्कृत | १ | २ | - |
| आत्महत्या | - | ४ | १६ |

बोडे-७ का रामबहादुर खत्रीले आफ्नै पत्नी सीता खत्रीलाई कोदालोले हानेर मारी रगत र गिदी खाए। ०५१ जेठ २७ गते बारीमा घाँस काट्न गएकी पत्नीलाई मकै गोड्ने महिलाहरूको हातबाट कोदालो खोसी हत्या गरिएको थियो। पीडकलाई थुनामा राखिएको छ।

भक्तपुर नगरपालिका-११ बस्ने दशबहादुर पोडेलाई भक्तपुर-७ डगाचामा ०५१ असोज ६ गते छुरा हानी हत्या गरियो। यस घटनाका सम्बन्धमा सोही ठाउँमा डेरा गरी बस्ने २ महिलालाई हिरासतमा राखी छाडियो। अहिले प्रहरीले काभ्रे जिल्ला मादनकुडारी बस्ने साजी तामाङको खोजी गरी रहेको छ।

भक्तपुर-१६ बाराही मन्दीर नजिक बस्ने गीता राईलाई आफ्नै पतिले ०५१ असोज २२ गते हत्या गरे। सोलुखुम्बु जिल्ला बुङ गाविस-४ घर भई देवीदत्तगण सूर्यविनायकमा हुद्दा पदमा कार्यरत मृतकका पति ज्ञानबहादुर राईलाई प्रहरीले थुनामा राखेको छ। जेठी पत्नीको घरमा खाना खाई कोठामा आएपछि दुई पति पत्नी बीच झगडा हुँदा यो घटना भएको बताइएको छ।

### १.२ जेल र बन्दीहरू

यस जिल्लामा जेल छैन।

### १.३ गिरफ्तारी र यातना

नगरकोट-२ का कृष्णभक्त सुवाललाई वन मासेको अभियोगमा इलाका वन कार्यालयले ०५१ मंसीर ११ गते गिरफ्तार गऱ्यो। वन कर्मचारी र स्थानीय व्यक्ति बीच झगडा हुँदा उनलाई गिरफ्तार गरिएको हो। उनलाई केही दिन थुनामा राखी रिहा गरियो।

०५१ साउन ५ को नेपाल बन्द सफल पार्न साउन ४ गते नेकपा (मसाल) का तर्फबाट मसाल जुलुस निकाल्न



गीता थापा : आफ्नै पतिद्वारा हत्या



गीता राई: आफ्नै पतिद्वारा हत्या

लाग्दा २ जना कार्यकर्तालाई सूर्यविनायक बस बिसौनीबाट गिरफ्तार गरियो। सोही दिन भक्तपुर-८ सुकुल ढोकामा कोण सभा गर्दा संयुक्त जनमोर्चा नेपाल (भट्टराई) का ७ जना कार्यकर्ता पनि गिरफ्तार गरिए। यसैगरी कमल विनायकको मसाल जुलुसबाट १ जना गिरफ्तार भए।

भक्तपुर-११ तौमढी टोलका कृष्णप्रसाद लोहलाले आफ्नै पत्नी प्रभा लोहलाको ०५१ साउन १८ गते हत्या गरेको आशंकामा निजलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। तर उनले "झुण्डिएको अवस्थामा फेला पारी डोरी काटेर अस्पताल लैजाँदा मृत्यु भएको" बताएका छन्। उनीहरू बीच ३ वर्ष अघि प्रेम विवाह भएको थियो।

### १.४ बेपत्ता पारिएको

यस वर्ष बेपत्ता पारिने घटना भएनन्।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

भक्तपुर-११ का सुवास पोडेलाई ०५० फागुन १६ गते राजेन्द्र पोडेले टाउकोमा छुरी हानी घाइते बनाए। पीडक लगायत अन्य १० जनामाथि सार्वजनिक मुद्दा चलाइएको छ।

सुडाल-४ जीतपुर कार्की गाउँमा ०५१ जेठ २२ गते सिद्धिबहादुर कार्की र माइत बसेकी सुत्केरी छोरी कविता खड्कालाई धारामा पानी थाप्ने कुरामा निहुँ खोजी उद्धव कार्कीले कुटपीट गरे।

भक्तपुर-८ चासखेल बस्ने रामबहादुर माकले कोटेश्वरमा राखेको पत्नी नानु माकलाई कुटपीट गरी निकालेपछि पीडितले ०५० फागुन २५ गते आफ्ना गर गहना र लत्ताकपडा असूल गरी पाउन जिल्ला प्रशासन कार्यालय भक्तपुरमा जाहेरी दिएकी छिन्। उनीहरू बीच प्रेम सम्बन्ध भई ०५० जेठ २५ देखि कोटेश्वरमा सँगै बस्दै आएका थिए।

झौखेल-४ न्यौपाने गाउँका तुलसीप्रसाद खनाललाई सोही ठाउँका तीर्थराम न्यौपाने र रिपुराज न्यौपानेले ०५१ जेठ २१ गते छुरी हानी घाइते बनाए। बाँस काटेको विषयमा झगडा हुँदा यो घटना भएको थियो। दुबै पक्ष बीच प्रहरी रोहवरमा मिलापत्र भयो।

सूर्यविनायक बस बिसौनीमा पशु परिवहन गुल्मका सिपाहीद्वय बद्रीबहादुर नगरकोटी र रावल बस्नेतलाई ०५१ जेठ २८ गते भक्तपुर-११ बस्ने राजन भैलले छुरा हान्ने प्रयास गरे। पीडकलाई सार्वजनिक मुद्दा चलाई हिरासतमा राखिएकोमा धरौटी जमानतमा छाडिएको छ।

चितपोल-२ जोरपाटीका बालकृष्ण भुजेललाई भतिजा उदय भुजेलले ०५१ असार ८ गते कुटपीट गरे। जग्गा किनबेचका विषयमा यो घटना भएको थियो।

बागेश्वरी-२ का केशव अधिकारीलाई भक्तपुर-११ का फसिकवाँ सहितका ३ जनाले मालपोत कार्यालय हाता भित्रै ०५१ असार १९ गते कुटपीट गरे। केशवले पीडकको जग्गा किनी उसैलाई ३ वर्षसम्म कमाउन दिन्छु भनेकोमा नदिएकाले यो कुटपीट भएको हो।

सुडाल गाविसको थाकलमाठस्थित सरस्वती माध्यमिक विद्यालयका शिक्षक भीमसेन थापालाई ०५१ साउन १९ गते काभ्रे जिल्ला दुकुचा-५ बस्ने रामबहादुर लामाले अकस्मात कक्षा कोठा भित्र आक्रमण गरी पिटे। पीडकलाई तत्काल प्रहरीमा बुझाइएको थियो।

सूर्यविनायकस्थित चण्डिका रेष्टुराँमा काम गर्ने २० वर्षकी मिश्रा गौतममाथि भक्तपुर-१६ का साधुराम लगायतका व्यक्तिले ०५१ असोज ७ गते हातपात गरे। पीडकहरूलाई हिरासतमा राखिएकोमा विना कार्वाही भोलिपल्ट छाडियो।

भक्तपुर-११ तौमढी टोलका केशव हाडालाई ०५१ असोज १६ गते सत्य सम्मेलन राजोपाध्यायले खुकुरी प्रहार गर्ने प्रयास गर्दा प्रहरीले हिरासतमा लिएकोमा पछि रिहा गरियो। पीडित र पीडक बीच आमने सामने क्यूरियो पसल छ र सामान्य भनाभनमा यो घटना भएको हो।

दधिकोट-९ दक्षिणवराही पाटीमा बस्ने महाराज भनिने बहुलदास वैरागीको परिवारलाई अज्ञात जमातले ०५१ असोज १८ गते खुकुरी देखाई कुटपीट समेत गरी केही नगद, क्यासेट र ६ वटा शालीग्राम लुटेर लगे।

दुवाकोट-९ सरस्वती टोल बस्ने गाविस उपाध्यक्ष

जगन्नाथ कार्की र ईश्वर थापा बीच ०५१ कात्तिक १६ गते झगडा हुँदा यी दुईका अतिरिक्त चन्द्रकृष्ण कार्की समेत सख्त घाइते भए। ईश्वरको भेडालाई जगन्नाथको कुकुरले टोकेको विषयमा विवाद हुँदा यो घटना भएको थियो। प्रहरी रोहवरमा दुबै पक्षबीच मिलापत्र भएको छ।

दधिकोट-६ घर भई नेपाल विद्युत प्राधिकरणमा मिटर रिडर पदमा कार्यरत नानीराम न्यौपानेलाई ०५१ कात्तिक २४ गते विजुलीको पोलमा बाँधी चोपाचो-२ का बासिन्दाले कुटपीट गरे। एक प्रजापतिको घरमा मिटर जाँच गर्न आउँदा आइमाईमाथि हातपात गरेको भनी यो कुटपीट गरिएको थियो।

दधिकोट-२ का शालिकराम न्यौपाने र पुरूषोत्तम न्यौपाने बीच ०५१ मंसीर २७ गते मनाभन भई कुटपीट समेत भएकोमा प्रहरीको रोहवरमा मिलापत्र भएको छ।

कटुन्जे-८ पाण्डु बजारमा गुण्डु-५ बस्ने महेश कार्की र गोविन्द कार्कीलाई अज्ञात व्यक्तिहरूले ०५१ मंसीर २९ गते आक्रमण गरे। राती बत्ती गएको अवस्थामा यो आक्रमण भएको थियो। यस घटनामा प्रहरीले ४ जनालाई हिरासतमा लिएकोमा छोडिएको छ। पीडकहरू पत्ता लाग्न सकेका छैनन्।

नगदेश-८ की ६० वर्षीय बाला ध्वजुलाई आफ्नो भतिजा कान्छा ध्वजुले अंश सम्बन्धी विवाद हुँदा कुटोले टाउकोमा हानी घाइते बनाए। अहिले मिलापत्र भइसकेको छ।

लोकन्थली-१ का नकुल बस्नेतलाई विनय शंशेर राणा लगायतका व्यक्तिले मादक पदार्थ सेवन गरी पिटे। मोटरको बत्ती बालेको भनी पीडक राणाले निहूँ खोजेका थिए। पीडकलाई कार्वाहीका लागि तत्काल हिरासतमा राखिएको थियो।

चाँगुनारायण-४ खोरिया गाउँका ५० वर्षीय इन्द्रबहादुर तामाङले ४२ वर्षीय जेठी पत्नी जनकमाया तामाङलाई कुटपीट गरी हसियाले गुप्ताङ्ग काटी दिए। पीडकलाई पुर्पक्षका लागि थुनामा राखिएको छ। कान्छी पत्नी ल्याएका विषयमा विवाद हुँदा यो घटना भएको हो।

### १.६ थुनामा मृत्यु

यहाँ जेल नभएकाले थुनामा कसैको मृत्यु हुने सम्भावना नै रहेन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी अधिकार कुण्ठित भएको यो वर्ष पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ कात्तिक २९ गतेको मध्यावधि निर्वाचन समग्रमा शान्तिपूर्ण रह्यो। निर्वाचनपूर्व राजनीतिक पार्टीबीच झडपहरू भए। ०५१ कात्तिक २६ गते नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीको जुलुस दत्तात्रयमा जम्काभेट हुँदा हातपात भयो। यसैगरी निर्वाचनका दिन चाँगु-४ मा कांग्रेस र राप्रपा बीच विवाद हुँदा मतदाताहरू मत खसाल्नबाट वञ्चित रहे।

यस बाहेक निर्वाचनका क्रममा सामान्य झडपहरू भए। तर तिनले गंभीर रूप लिएको पाइएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयप्रति आम धारणा सकारात्मक नै पाइन्छ। तर निर्णय प्रक्रियामा हुने ढिलाईले गर्दा वर्षेनी मुद्दा मामिला बढ्दै गएको देखिन्छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या उल्लेखनीय रूपमा पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

महिला किनबेचका घटना पाइएका छैनन्। बलात्कारका घटना छिटफुट रूपमा हुने गरे पनि समाजको संकीर्ण सोचाईले गर्दा कानूनी उपचार खोज्ने गरेको पाइँदैन। यसले गर्दा यस्ता घटना घट्नुका साटो बढ्ने गरेको पाइन्छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

नखेल-१ बस्ने सोवित महतले कार्यालयबाट नवलपरासी खटिई गएका बेला त्रिवेणी सुस्ताका शारदा कार्कीसंग दोस्रो विवाह गरेका थिए। पछि त्यहाँबाट सरूवा हुँदा उनलाई त्यहीं छाडेर आए। ०५१ बैशाख १२ गते शारदाले अंश सम्बन्धी मुद्दा दायर गरेकी छिन्। उनीसंग २ वर्षकी छोरी छ।

चितपोल-७ का २६ वर्षीय कमलप्रसाद भट्टराईले घरमा दुइवटी पत्नी हुँदा हुँदै ०५१ जेठ २६ गते अञ्जु नामकी महिलालाई विवाह गरे। उनलाई बहुविवाहको अभियोगमा हिरासतमा लिइएकोमा धरौटीमा रिहा गरिएको छ।

घरमा २ छोरी सहितकी जेठी पत्नी हुँदाहुँदै कटुन्जे-९ का दयाराम बासुले ०५१ जेठ २८ गते कटुन्जे-१ की रामेश्वरी बस्नेतसंग विवाह गरेका छन्।

भक्तपुर-३ का ४० वर्षीय रामभक्त आलुबन्जारले २ वर्षदेखि दोस्रो पत्नी बनाएर राखेकी कान्छी तामाङ ०५१ असार ५ गते घर खोज्दै आई पुगिन्। आफ्नो डेरा बालाजुमा पति रामभक्त आउन छाडेपछि उनी घर खोज्न बाध्य भएकी थिइन्। घर आई पुगेकी कान्छी पत्नीलाई रामभक्तले जेठी पत्नीसंग मिलेर पिटेका थिए।

### ४.३ गर्भ पतन

गर्भपतनका घटनाहरू जानकारीमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

खासगरी गलैंचा र ईंटा उद्योगहरूमा बाल मजदूरहरूलाई अति न्यून पारिश्रमिक दिई काम लगाएको पाइन्छ। ईंटा उद्योगहरूमा स्थानीय बालबालिकाहरू छन् भने गलैंचा उद्योगमा बाहिरबाट आएका बाल मजदूरहरू बढी छन्। उनीहरू शिक्षाबाट वञ्चित छन्। उचित पारिश्रमिकका बारेमा अभिभावकहरू समेतको ध्यान पुग्न सकेको छैन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

जिल्ला विकास समितिले ०५१ साउन १ देखि विकास कोषबाट खाईपाई आएको तलब नदिने निर्णय ०५१ जेठ ३१ को बैठकले गरेको छ। यो कोषबाट साना कर्मचारीले ३० रूपियाँ र अधिकृतले ५ सय रूपियाँ सम्म पाउने गरेका थिए। जिविसमा ३३ जना कर्मचारी छन्।

दधिकोट-२ का पुष्कर न्यौपानेले काम गरे वापतको ज्याला माग्दा ०५१ असार ५ गते उल्टै पिटाई खाई हिरासतमा बस्नु पर्‍यो। कटुन्जे बस्ने पूर्व जिल्ला सभापति तथा राप्रपाका नेता बलराम थापाले न्यौपानेलाई घरमा बोलाई पिट्नुका साथै प्रहरी लगाई २ दिन थुनाएका थिए। अहिले मिलापत्र भएको छ।

### ६.२ विश्रामको अधिकार

विश्रामको अधिकारमा हनन पुऱ्याउने खालका घटनाहरू प्रकाशमा आएको देखिएन।

### ६.३ अन्य आर्थिक अधिकार

यस सम्बन्धी घटना पनि देखा परेको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धी उल्लेखनीय घटनाहरू भएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्ला प्रशासन कार्यालयले यस वर्ष दैवी प्रकोप बाहेक अन्य राजनीतिक वा अन्य किसिमका हत्या र मानवअधिकारको हनन हुने जस्ता घटनाहरू नभएको लिखित जानकारी दिएको छ।

मध्यावधि निर्वाचनका सन्दर्भमा संयुक्त जनमोर्चा नेपालले ०५१ कात्तिक २१ गते प्रेस वक्तव्य जारी गरी नेपाल मजदूर किसान पार्टी र नेकपा (एमाले) ले आफ्नो विरूद्ध अनैतिक प्रचार गरेको र आफ्ना प्रचार सामाग्री च्यात्ने, छोपी दिने गरेको कुरा बताएको थियो।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

कटुन्जे-८ को दोबाटोमा राजु पाण्डेका २ वर्षका छोरा बाबु पाण्डेलाई निलो प्लेटको मोटरले ठक्कर दिंदा ०५१ जेठ १३ गते घटनास्थलमा नै मृत्यु भयो।

भक्तपुर-७ गोलमढीका दीपकराज पलिखेल हनुमानघाटमा पौडी खेल्दा ०५१ जेठ २२ गते डुबेर मरे।

सुडाल-९ का कोमलप्रसाद सापकोटाको रूखबाट खसी ०५१ जेठ ३१ गते मृत्यु भयो।

भक्तपुर-१७ का केशव वैष्णवलाई ०५१ असार २५ गते सूर्यविनायक बस बिसौनीनेर एक मिनी बसले ठक्कर दिंदा मृत्यु भयो।

दुवाकोट-८ सरस्वती टोलका कान्छाभाइ अवाल ०५१ असार २७ गते नीलबराही र मनोहरा खोलाको दोभानमा रहेको दहमा डुबेर मरे।

भक्तपुर-१० का शंखबहादुर सुवाललाई ०५१ असार ३१ गते सेनाको गाडीले ठक्कर दिंदा मृत्यु भयो।

नगदेश-९ का ५ वर्षीय किरण विश्वकर्मालाई टेम्पोले ठक्कर दिंदा ०५१ भदौ २८ गते मृत्यु भयो।

चली रहेको ट्रली बस रोकेको ठानी ओर्लेका एक अज्ञात व्यक्तिको बसबाट सडकमा पछारिन गई ०५१ असोज १ गते मृत्यु भयो। मृतकका कोही नातेदार नआएकाले ७ दिनपछि प्रहरीले लाश जलाएको थियो।

गुण्डु-५ का ८३ वर्षका खड्गबहादुर बुढाथोकी ०५१ कात्तिक १६ गते सूर्यविनायक जंगलमा मृत अवस्थामा फेला परे। घाँस काट्न गएका निज बुढाथोकी रूखबाट लडेको आशंका उनका छोरा अम्बरबहादुर बुढाथोकीले गरेका छन्।

झौखेल-१ का गणेशबहादुर आगन्जा ०५१ मंसीर १२ गते इनार खन्दा निसास्सिएर मरे। इनार २० फीट खनी सक्दा यो घटना भएको थियो। बेहोश भएका अर्का गंगाराम आगन्जा भने उपचार पछि बाँचेका छन्।

ठिमी नयाँबाटोमा मोटर साइकल विजुलीको पोलमा ठोकिंदा सिरूटार-९ बस्ने विदुर थापाको मृत्यु भयो। निजले मादक पदार्थ सेवन गरी सवारी साधन चलाएका थिए।

वागेश्वरी-२ बाँसघारीकी २ वर्षीय कमला लामिछानेको घट्टेखोलामा डुबेर मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

भक्तपुर-१६ तेखाचो बस्ने नारायणकुमार स्वानेपा मदिरा सेवन गरी कोष तथा लेखा नियन्त्रकको कार्यालयमा हिटर बाली सुतेकोमा हिटर जलेर आगलागीमा परी ०५० पुस २१ गते मृत्यु भयो।

भक्तपुर-१६ वंशगोपालका निर्मल श्रेष्ठको ०५१ जेठ १२ गते स्टोभ पड्केर मृत्यु भयो।

वालकोट-२ की ज्ञानलक्ष्मी श्रेष्ठ ०५१ साउन ३ गते विहान चिया पकाउन लाग्दा स्टोभ पड्किएर मरिन्।

## ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

## ९.४ आत्महत्या

दुवाकोट-८ सरस्वती टोलकी ३० वर्षीय शारदा बस्नेतले ०५० पुस २४ गते विष सेवन गरी आत्महत्या गरिन्। पतिसंग झगडा भएकाले आत्महत्या गरेको बताइन्छ।

कटुन्जे-३ की १६ वर्षीय चैत्यमाया कोइराला ०५१ जेठ ८ गते घरको बुइगलमा झुण्डिएर मरिन्। उनी अविवाहित थिइन्।

लौहकिल्थली-१ गठ्ठाघरका रामबहादुर बस्नेतले आर्थिक दुरावस्थाका कारण ०५१ जेठ १४ गते विषसेवन गरी आत्महत्या गरे। सोही ठाउँकी गीता के.सी. पनि ०५१ असोज १५ गते विष सेवन गरी मरिन्।

गुण्डु-४ की सन्तमाया फाजु ०५१ जेठ २९ गते विष सेवन गरी खेतमा मृत अवस्थामा फेला परिन्।

सिपाडोलमा डेरा गरी बस्ने अर्जुन सापकोटा (काभ्रे जिल्ला त्याली-८ का) ०५१ असार २८ गते विष सेवन गरी सूर्यविनायक जंगलमा मृत अवस्थामा फेला परे। उनी नामुद जुवाडे र जँड्याहाका रूपमा चिनिन्थे।

नगरकोट-५ का रामबहादुर तामाङ ०५१ साउन १ गते पत्नीसंगको झगडाका कारण बुइगलमा झुण्डिएर मरे।

ताथली-१ का शिवराम ढुंगाना ०५१ साउन १७ गते बुइगल्मा पासो लगाई मरे। उनको मानसिक स्थिति ठीक नभएको कुरा परिवारका सदस्यले बताएका छन्।

सिरूटार-७ का ३० वर्षीय हरि कार्की ०५१ साउन ३१ गते झुण्डिई मरे। आफूलाई पर्याप्त अंश नदिएकाले बाबुले बनाएको नयाँ घरमा गई उनी झुण्डिएको बताइएको छ।

भौखेल-२ की रूद्रकुमारी धिमाल पतिसंगको झगडाका कारण ०५१ भदौ २४ गते विष सेवन गरी मरिन्।

चितपोल-४ की गणेशकुमारी नगरकोटी पारिवारिक झगडाका कारण ०५१ असोज २ गते झुण्डिएर मरिन्।

सुडाल-५ जीतपुरकी १७ वर्षीय कविता लामिछानेले ०५१ असोज १४ गते विष सेवन गरी आत्महत्या गरिन्। २ महिना अघि आमाको मृत्यु भएकोमा सोही पीरले उनले आत्महत्या गरेको बताइएको छ।

सिपाडोल-३ की सावित्री खत्रीले ०५१ असोज १५ गते विषसेवन गरी आत्महत्या गरिन्। पतिले जुवा हारेकोले उनले आत्महत्या गरेकी हुन्।

बालकुमारी-२ का कान्छाभाइ श्रेष्ठ ०५१ असोज २५ गते झुण्डिई मरे। असाध्य मदिरा सेवन गर्ने गरेकाले उनलाई पत्नीले प्रहरीलाई भनी थुनामा समेत राख्न लगाएकी थिइन्। यसै कारणबाट उनले आत्महत्या गरेको बताइएको छ।



*कान्छा श्रेष्ठद्वारा आत्महत्या*

कटुन्जे-६ का २३ वर्षीय केशरीमाया आचाजुले ०५१ कात्तिक २ गते विष सेवन गरी आत्महत्या गरिन्। पतिले जुवा हारेको विषयमा झगडा भएर उनले आत्महत्या गरेको बताइएको छ।

बागेश्वरी-८ मा माइत बसेकी ५१ वर्षीय लक्ष्मीमाया श्रेष्ठ ०५१ मंसीर ४ गते नाइलनको डोरीले पासो लगाई मरिन्। काभ्रे जिल्ला पाँचखाल-९ घरमा बारम्बार झगडा हुने गरेकाले उनी माइत बसेकी थिइन्।

गुण्डु-७ का ज्ञानमाया कोजुले ०५१ मंसीर २० गते विष सेवन गरी आत्महत्या गरिन्। आफू विधवा भएको र ८ र ११ वर्षका नाबालक छोरा छोरी भएकाले जीविका धान्न कठीन भई उनले आत्महत्या गरेको कुरा छिमेकीहरू बताउँछन्।

## ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

भक्तपुर-१६ दशगोपाल बस्ने मधुसुदन अवाललाई ट्ली बस तोडफोड गरेकोमा ०५१ भदौ ६ गते गिरफ्तार गरियो। निजलाई १८ हजार रूपियाँ बिगो र २८ हजार २ सय रूपियाँ धरौटी लिई छाडिएको छ। सूर्यविनायक नेर ट्ली बसले एकजनालाई ठक्कर दिएकोमा त्यहाँ उपस्थित जमातले बसमाथि आक्रमण गरेको र आफूले पीडितलाई अस्पताल पुऱ्याउन मद्दत मात्र गरेको कुरा निजले अदालतमा बताएका छन्।

सल्लाघारी तीनकुने स्थित सूर्यविनायक आयल स्टोरका मालिक अन्जन प्राधानाङ्ग र दुई कामदार समेतलाई पेस्तोल र खुकुरी देखाई ०५१ कात्तिक १३ गते अज्ञात व्यक्तिहरूले २४ हजार नगद र नाडी घडी समेत लुटी लगे। पीडकहरूको पत्तो लाग्न सकेको छैन।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१५ काठमाडौं

जनसंख्या : ६७५३४१
साक्षरता : ६९.६ प्रतिशत
महिला साक्षरता : ५६.६ प्रतिशत
क्षेत्रफल : ३९५ वर्ग कि.मी.

देशको राजधानीका रूपमा रहेको काठमाडौं जिल्लामा अधिराज्यका अन्य सबै जिल्लाहरूको तुलनामा सबै प्रकारका गतिविधिहरू बढी हुने गर्छन्। जनसंख्याको दृष्टिकोणले पनि यो जिल्लामा सबैभन्दा बढी जनघनत्व रहेको छ। ऐतिहासिक र धार्मिक दृष्टिकोणले पनि निक्कै महत्वपूर्ण यो जिल्लाले राजनैतिक, आर्थिक, सामाजिक, औद्योगिक एवं प्रशासनिक क्षेत्रमा पनि त्यत्तिकै महत्वपूर्ण स्थान ओगटेको छ।

राजधानी रहेको जिल्ला भएता पनि काठमाडौंमा निक्कै दुर्गम र पहाडी ईलाकाहरू पनि छन्। जिल्लाको समग्र क्षेत्रमा विकास पुग्न नसकेकोले यहाँ पनि जनजीवनका क्षेत्रमा निक्कै कठिनाईहरू रही रहेकै छन्। राजनीतिक, आर्थिक र शैक्षिक रूपमा सचेत र सम्पन्न नै मानिएता पनि यो जिल्लामा गरीबी, अशिक्षा, रोग, भोकले पीडित मानिसहरू पनि त्यत्तिकै छन्। जिल्लामा बेघरवार र साँझ विहान खान नपुग्नेहरू सडक गल्ली र पाटीहरूमा सुतिरहेका र भीख मागिरहेका अवस्थामा भेटिन्छन्। यातायात र सडक लगायत सञ्चार, स्वास्थ आदि सेवाको लागि पनि प्रमुख केन्द्रकै रूपमा यस जिल्लालाई लिइने गरेको छ। तर वातावरणीय प्रदूषण, खानेपानीको समस्या, धुँवा, धुलो, हिलो र फोहोरको दुर्गन्धले पनि यहाँको जनजीवन त्यत्तिकै पीडित छ।

राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रको महत्वपूर्ण थलोको पमा रहेकाले यस जिल्लाले प्रजातन्त्र र मानवअधिकार क्षेत्रका हरेक आन्दोलनहरूमा महत्वपूर्ण भूमिका निर्वाह गर्दै आएको त छ तर अर्कातिर प्रजातन्त्र र मानवअधिकार उल्लंघन सबैभन्दा बढी हुने केन्द्रका रूपमा पनि यो जिल्ला रहने गर्दछ। मानवअधिकार हननका दृष्टिले हरेक वर्ष यो जिल्लामा नयाँ घटनाहरू बढ्ने गरेका छन्। राज्ययन्त्रको प्रयोग गरेर यस वर्ष यस जिल्लामा हजारौंको संख्यामा गिरफ्तार र सयौंलाई यातना दिइयो। कैयौं व्यक्ति प्रहरीको गोलीबाट घाइते हुन पुगे। सदनभित्रदेखि सडकसम्म देशका सम्मानित नागरिकहरूको सुरक्षा हुन सकेन।

### १.१ हत्या/गोली

यस वर्ष यो जिल्लामा सबैभन्दा बढी गोलीका घटनाहरू भए। राजनैतिक घटनाका अतिरिक्त अन्य केही व्यक्तिगत झै-झगडामा पनि गोलीको प्रयोग भएको पाइयो। ती घटनाहरूबाट कैयौं नागरिकहरूले ज्यान गुमाउनुका साथै त्यत्तिकै ठूलो संख्यामा घाइते भए। त्यस्तै यस वर्ष यस जिल्लामा विभिन्न घटनाका सन्दर्भमा २५ जनाभन्दा बढी नागरिकको हत्या भयो।

सुन्दरीजलमा प्रत्येक वर्ष माघे संक्रान्तिका दिन लाग्ने मेलामा यस वर्ष ०५० माघ १ गते स्थानीय जनता र सैनिकबीच झडप हुँदा ३ राउण्ड गोली चल्यो। सो घटनाका सन्दर्भमा प्रशासनले स्थानीय राजेन्द्र तामाङ्ग र दिलबहादुर तामाङ्गलाई गिरफ्तार गरी १५-१६ दिनसम्म हिरासतमा राख्यो। उक्त घटना आगो बालेको निहुँमा भएको थियो। रामबहादुर तामाङ्गको घुँडामा गोली लागेको थियो। तर सम्बन्धित पक्षले त्यसको उपचारको व्यवस्था गरेन।

चेलीबेटी बेचबिखन विरूद्ध सक्रिय सिन्धुपाल्चोक महाँकालका जुठे तामाङ्गलाई चेलीबेटी बेचबिखन गर्ने गिरोहले निर्ममतापूर्वक हत्या गरी लाश समेत वेपत्ता पारेको कुरा एड्स विरूद्ध नेटवर्क समूहले जनाएको छ। सो समूहले ०५० पुस २८ गते तत्कालीन गृहमन्त्रीलाई समेत भेटी घटनाका बारेमा अवगत गराएको भएता पनि सो घटनाका सम्बन्धमा अझै पनि

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | ९ | ९ | - |
| हिरासतमा यातना | ३ | ५ | ५ |
| बलात्कृत | १३ | १७ | ६ |
| प्रहरी कस्टडीमा बलात्कृत | १ | - | १ |
| आत्महत्या | - | १४ | १५० |



*राजकुमार खड्का : प्रहरीको गोलीद्वारा घाइते*

वास्तविकता पत्ता लाग्न सकेको छैन।

०५० फागुन ३ गते भीमसेन गोलामा डेरा गरी बस्ने ३५ वर्षीय श्रीमती जुनु ऐरले आफ्नै पति प्रेमबहादुर ऐर, छोराहरू राजेन्द्र र प्रकाशलाई खुकुरी प्रहार गरी हत्या गरिन्। जनकशिक्षा सामाग्री केन्द्रमा नासु रहेका प्रेमबहादुर ऐर डडेलधुरा घर भई हाल सपरिवार काठमाडौंमा बस्थे। श्रीमती ऐर मानसिक रूपले पनि केही असन्तुलित थिइन्।

त्रिपुरेश्वरस्थित जयन्ती आयल स्टोरमा कार्यरत २५ वर्षीय रामचन्द्र पौडेललाई ०५० फागुन २० गते एक अज्ञात व्यक्तिले राती १२ बजे छुरा प्रहार गरी भाग्यो। पौडेलको सोही दिन वीर अस्पतालमा उपचार हुँदाहुँदै मृत्यु भयो। आक्रमणकारीले पौडेललाई पैसा गन्दागन्दै गरेको अवस्थामा छुरी प्रहार गरेको थियो।

गोलढुङ्गा गाविस अर्यालटारका २८ वर्षीय रमेश नेपालीको फागुन १६ गते शंकास्पद अवस्थामा मृत्यु भयो। तर सो मृत्युलाई प्रहरी तालिम केन्द्र महाराजगञ्जमा कार्यरत दङ्गा प्रहरी राधेश्याम अर्याल र अर्जुन अर्यालले कुटपिट गरी हत्या गरेपछि दुर्घटनाको रूप दिन खोजेको बताइन्छ। यस सम्बन्धमा प्रहरीले उल्लेखित २ प्रहरीलाई पक्राउ गरी आवश्यक कारवाही शुरू गरेको छ।

प्रहरी प्रधान कार्यालय नक्सालमा काजमा कार्यरत प्रहरी नायब निरीक्षक शंकरप्रसाद सिंहलाई ०५१ असार ७ गते बेलुकीदेखि बेपत्ता पारिएकोमा ४ दिनपछि उनको लाश कीर्तिपुर सुन्दरीघाटस्थित वागमती खोलामा फेला पऱ्यो। क्षेत्रपाटीबाट राती रिक्सा चढेर आफ्नो निवास भीमसेन स्थान हिंडेका सिंहको रिक्साको भाडामा कुरा नमिलेर २ जना रिक्सा चालक मिलेर हत्या गरेको कुरा प्रहरीले जनाएको छ। यस सम्बन्धमा प्रहरीले कृष्णबहादुर थापा र निरबहादुर लामा नामका २ जना रिक्सा चालकमाथि आवश्यक कारवाही चलाउँदै छ। यो घटनाका सम्बन्धमा भदौ १५ गते प्रहरीले अदालतमा अभियुक्तहरूलाई बुझाइएको थियो।

लैनचौरस्थित होटल मल्लका सेक्युरिटी सुपरभाइजर लिलानाथ सुवेदीको ०५१ असार ११ गते राती निर्ममतापूर्वक छुरा प्रहार गरी होटलमै हत्या भयो। तर यस घटनालाई धेरै दिनसम्म होटल व्यवस्थापनले प्रकाशमा ल्याएन र कुनै कारवाही पनि भएन।

०५१ असार १५ गते न्यूरोड वटुटोलको एक गहना पसलमा केही डाँकाहरूले डकैती गर्दा २ राउण्ड गोली चलाए। गोलीले पसल धनी ज्ञानमान शाक्य घाइते भएका थिए।

०५१ असार २० गते महोत्तरी जिल्ला घर भई काठमाडौं भुवनेश्वरस्थित गार्मेण्टमा काम गर्ने २२ वर्षीय इमरान राइनलाई सोही गार्मेण्टमा काम गर्ने २५ वर्षीय मतकिन राइनको छातीमा कैंची प्रहार गरी हत्या गरेको अभियोगमा प्रहरीले गिरफ्तार गरेको छ।

०५१ साउन ५ गते नेकपा एमाले लगायतका वाम समूहको आव्हानमा भएको नेपाल बन्दका दिन रत्नपार्क, खुलामञ्च र वीर अस्पताल आसपासका क्षेत्रमा प्रहरीले दर्जनौं राउण्ड अश्रुग्यास छोड्नुका साथै केही राउण्ड गोली चलायो। प्रहरीले खुलामञ्चभित्र चलाएको गोलीबाट थानकोटका राजकुमार खड्काको घाँटीमा गोली लाग्यो भने लगनखेलका रामप्रसाद श्रेष्ठ र वद्रीबहादुर कार्कीलाई गंभीर चोट लागेको थियो।

मेरी गोल्ड वोर्डिङ्ग स्कूल नयाँपाटीकी सुजाता गुरूङ्गले घरमा काम गर्ने सिन्धुपाल्चोककी १२ वर्षीय निर्मला रायमाझीलाई कुटपिट गरी ०५१ साउन २६ गते मारेको अभियोगमा अभियुक्त सुजातालाई प्रहरीले पक्राउ गरेको छ। गुरूङ्गले आफ्नो घरमा पालेका कुखुरा मरेको रीसमा घरमा काम गर्ने सिन्धुपाल्चोक घर भएका २ नाबालिकाहरू शर्मिला र निर्मलालाई सख्त रूपमा पिटेकी थिइन्। सोही पिटाइले निर्मलाको मृत्यु भएपछि उनले सो लाश भऱ्याङ्गबाट लडेको भनी पशुपतिमा एउटा टैक्सीमा राखी ल्याएको अवस्थामा त्यहाँ कार्यरत घाटेहरूले शरीरमा चोटपटक देखी शंका लागेकाले प्रहरीलाई खबर गरेका थिए। यसै घटनाका सम्बन्धमा सुजाताका पति प्रणय गुरूङ्गलाई पनि प्रहरीले पक्राउ गरी कारवाही चलाएको थियो। सुजाता गुरूङ्ग भारत दार्जीलिङ्ग घर भई हाल मेरीगोल्ड वोर्डिङ्ग स्कूलकी सञ्चालिका हुन्।

शाही जंगी अड्डा प्रधान कार्यालय संभार रथी विभागमा कार्यरत हवल्दार शशी खड्काको ०५१ भदौ ९ गते शंकास्पद अवस्थामा मृत्यु भयो। सो विभागमा भएको आर्थिक अनियमितताका सम्बन्धमा शाही सेनाका विभिन्न तहका वरिष्ठ अधिकृतदेखि तल्लोतहका सैनिक समेत गरी ६१ जनालाई छानवीनको लागि पक्राउ गरी हुनमान ढोका स्थित ग्यारिजन गणमा राखिएको थियो। उनीहरूमध्येका शशी खड्कालाई साउन १३ गते पक्राउ गरिएको थियो। काठमाडौं मनमैजु गाविसका शशी खड्कालाई गिरफ्तार गरेपछि धेरै दिनसम्म आफन्तलाई भेट्न दिइएन भने भदौ ८ गते अन्तिम पटक उनकी पत्नी नीलमा खड्कालाई भेट दिइएको थियो। भदौ ९ गते शौचालयमा ट्राउजरको इजारको पासो लगाई आत्महत्या गरिएको भनिएता पनि घटना प्रकृति अनुसार आत्महत्या हुन सक्ने सम्भावना कम भएको बताइन्छ।

घटनापछि मृतकका परिवारले सोधखोज गर्दा पनि वास्तविक जानकारी नदिएको कुरा मृतककी पत्नी बताउँछिन्।

०५१ असोज ३ गते बागबजारमा केही अज्ञात व्यक्तिले गोली प्रहार गरी क्षेत्रपाटी बस्ने जय गुरुङलाई घाइते बनाए।

०५१ असोज १२ गते पकनाजोल पिपल्स क्याम्पसमा अध्ययनरत विद्यार्थी खेम गुरुङको एक अज्ञात व्यक्तिको खुकुरी प्रहारबाट मृत्यु भयो। सो दिन दिउँसो गुरुङ र उनका अर्का साथी विरू समेतलाई खुकुरी प्रहार गरी आक्रमणकारी व्यक्ति भागेको थियो।

०५१ कात्तिक २४ गते रामेछापका ज्ञानबहादुर तामाङले काठमाडौं चागलका दावा दोर्जेलाई छुरी हानी हत्या गरे। मृतक दावा दोर्जेले आफ्नी प्रेमिका जिस्काएकोमा रिसले छुरी हानेको कुरा ज्ञानबहादुरले प्रहरी समक्ष स्वीकारे।

०५१ कात्तिक २० गते लक्ष्मी पूजाका दिन धापासीका निरज काफ्लेलाई मैलो खेल्ने निहुँमा झगडा हुँदा हत्या गरियो। उनको हत्याका सम्बन्धमा प्रहरीले २ व्यक्तिमाथि कारवाही चलाइरहेको छ। काफ्ले स्याङजा घर भई हाल वीर अस्पताल अगाडि एक औषधी पसलमा काम गर्थे।

फर्पिङ्ग वसपार्क छेउमा मंसीर २६ गते एक ३०-३५ वर्षीय अज्ञात व्यक्तिको लाश प्रहरीले फेला पार्‍यो। घाँटीमा धारिलो हतियार प्रयोग गरी हत्या गरिएको सो लाश ठूलो बाकसभित्र राखेर फालिएको थियो।

०५१ पुस ८ गते पाँचथर घर भई भोछेंमा डेरा गरी बस्ने जीतबहादुर खत्रीले सोही ठाउँमा मिठाई पसल गरी बस्ने भारतीय नागरिक रामन नामक व्यक्तिलाई मुक्का प्रहार गरी हत्या गरे। त्यसरी हत्या गर्नुमा उनीहरू बीच सामान्य भनाभन र रीसइबी रहेको थियो। त्यस्तै पुस ११ गते जोरपाटीस्थित एक वर्कशपमा कार्यरत एकजना कामदार भारतीय नागरिकको पनि शंकास्पद अवस्थामा मृत्यु भयो। उनको मृत्यु भारतबाटै आएका अन्य कामदारको आपसी झगडाका कारण भएको आशंकामा प्रहरीले अनुसन्धानका लागि २ भारतीय नागरिकलाई पक्राउ गरी आवश्यक कारवाही चलाउँदै छ।

## १.२ जेल र बन्दीहरू

यस जिल्लामा ४ वटा जेलहरू रहेका छन्। यी ४ वटै जेलहरू नेपालका सबैभन्दा पुराना जेलमा पर्दछन्। त्यसमा पनि डिल्लीबजार चारखालभित्र रहेको सदरखोर र केन्द्रीय कारागारको अवस्था ज्यादै जीर्ण रहेको छ। यी जेलभित्र बस्ने कैदीहरू वर्षायाममा आफ्नो जेल जीवनको पीडाभन्दा पनि बढी जेलको भौतिक दूरावस्थाका कारण आतंकित मनस्थितिले बाँच्नु पर्ने बताउँछन्। त्यस्तै भद्रबन्दी गृह र महिला कारागारको अवस्था पनि त्यत्तिकै नाजुक रहेको छ।

यो वर्ष केन्द्रीय कारागारमा ६ सय ५६ जना, भद्रबन्दी गृहमा ३ सय ८५ जना, महिला कारागारमा ७२ जना र डिल्लीबजार सदरखोरमा १ सय ६५ जना पुरुष र ४५ जना



*प्रहरीको गोलीद्वारा घाइते*

महिला बन्दीहरू रहेका छन्। यस वर्ष राजाको जन्मोत्सवका दिन पुस १४ गते केन्द्रीय कारागारबाट ९९ जना, महिला कारागारबाट १ जना र सदरखोरबाट १८ जना बन्दीहरू आ-आफ्नो सजायको बाँकी कैदमाफीपछि रिहा भए। सदरखोर डिल्लीबजारमा यस वर्ष ४३ महिला र १ हजार २३ थुनुवामा परेकोमा १७ महिला र ४ सय ९० पुरुष छुटे भने ७ सय ६२ जना (३४ महिला र ६ सय ३८ पुरुष) केन्द्रीय कारागारमा सरूवा भए। त्यसरी गत वर्षका १८ महिला र १ सय ८६ पुरुष समेत गर्दा यस वर्ष सदरखोरमा १ सय १२ महिला र २ हजार २ सय ९९ पुरुष थुनुवा तथा गत वर्षका १३ महिला र २४ पुरुष बन्दी गरेर यस वर्ष यहाँ ४५ महिला र १ सय ६५ पुरुष बन्दी राखिए। बन्दीहरूमा ८ महिला र ४८ पुरुष छुटे भने १४ महिला र ४० पुरुष केन्द्रीय कारागारमा सरूवा भए। यो वर्ष ५ जना नाबालिका थुनामा रहेकोमा २ जना छुटे भने १ केन्द्रीय कारागार सरूवा भइन्। तीमध्ये २ जना बालिका गत वर्ष देखि नै थिए।

यस जिल्लाका यी ४ वटै कारगारमा पानी र सरसफाईको मुख्य समस्या रहेको पाइयो। सदरखोरको महिला कारागार शाखामा ढलको राम्रो व्यवस्था नभएकाले वर्षामा त्यहाँ निकै कठिनाई हुने गरेको बन्दीहरूले बताए। त्यस्तै केन्द्रीय कारागारमा शौचालयको अवस्था ज्यादै दयनीय रहेको छ। यी जेलहरूमध्ये केन्द्रीय कारगारमा एक माध्यमिक विद्यालय, पुस्तकालय र केही खेलकुद सामाग्रीहरू छन्। तर जेलभित्रको जनघनत्व र आवश्यकताको तुलनामा त्यो ज्यादै कम छ भने पुस्तकालयमा उल्लेख्य रूपमा पुस्तकहरू छैनन्।

केन्द्रीय कारागारसंगसंगै एक कपडा कारखाना रहेकोले काम गर्न इच्छुक कैदीहरूलाई त्यहाँ काम लगाइन्छ। तर त्यहाँ काम गर्दा पाउने ज्याला र कैदमा पाउनु पर्ने छुट सुविधा समान रूपले नपाएकोले कैदबाट छुट्नु पर्ने समयमा पनि आफू छुट्न नसकेको कतिपय बन्दीहरूको गुनासो छ।

सदरखोरको महिला कारागार शाखामा २ देखि ५ वर्षका २ नाबालक रहेका छन्। त्यस्तै महिला कारगारमा ४ जना नाबालकहरू आ-आफ्ना अभिभावकसंग रहेका छन्।



*साउन ५ गतेको नेपाल बन्द कार्यक्रममा लाठी प्रहारबाट घाइते*

केन्द्रीय कारागारमा रहेका केही व्यक्तिहरू राजनैतिक पूर्वाग्रहका कारण आफूलाई झुट्ठा मुद्दामा फसाइएको कुरा बताउँछन्। तर ती कैदीहरूलाई अहिलेसम्म छोडिएको छैन। यहाँ रहेका संखुवासभाका शान्ति ढुंगाना ०४९ सालको स्थानीय चुनावमा घटेको एक ज्यान मुद्दाको अभियोगमा बन्दी जीवन बिताइरहेका छन्। तर उनका विरूद्ध कसैको जाहेरी पनि छैन। त्यस्तै भद्रबन्दी गृहमा रहेका झकबहादुर जि.सी., राजकुमार दंगाल र महेन्द्र राई, केन्द्रीय कारागारमा रहेका छइलुप लामा, वीरबहादुर बस्नेत पनि राजनैतिक पूर्वाग्रहका कारण झुट्ठा मुद्दामा फसाइएका बन्दीहरू हुन्।

केन्द्रीय कारागारमा रहेका चोरी मुद्दामा पक्राउ परेका धुनुवा राजेन राई फागुन ८ गते जेलबाट भागेका थिए। तर उनलाई ४ दिनपछि थानकोटमा प्रहरीले फेला पार्‍यो।

यस वर्ष श्री ५ को सरकारले भद्रगोल, केन्द्रीय कारागार र महिला जेलका साथै कारखाना सहितको कम्प्लेक्स बिक्री गर्ने तयारी गरेको कुरा पनि चर्चाको विषय बन्यो।

काठमाडौंका विभिन्न जेलमा रहेका बन्दीहरूमा केन्द्रीय कारागार र भद्रबन्दी गृहमा अझै पनि आस्थाका बन्दीहरू रहिरहेका छन्। त्यस्तै त्यहाँ रहेका अधिकांश बन्दीहरू आफूले समयमा निष्पक्ष न्यायिक अधिकार नपाएको, पक्षपात र ढिलाई भएको गुनासो गर्छन्।



*भदौ ५ गतेको बन्दमा गिरफ्तारी*

## १.३ गिरफ्तारी र यातना

यस जिल्लामा गैरकानूनी ढंगले गिरफ्तार गर्ने र यातना दिने काम हरेक वर्ष घट्नुको सट्टा बढेको पाइन्छ। यस वर्ष पनि काठमाडौं जिल्लामा सैयौं नागरिकलाई प्रहरी प्रशासनले गिरफ्तार गरी हिरासतमा राख्ने र यातना दिने काम गरेको छ।

छिमेकीहरूबीच भएको साँध सीमानाको झगडालाई लिएर ०५० पुस २७ गते प्रहरीले कीर्तिपुर भाजङ्गलका ३ व्यक्तिलाई पक्राउ गर्‍यो। पक्राउ पर्नेहरूमा हीराकाजी माली, राजु कटुवाल र आशासिंह माली थिए।

०५० माघ १ गतेका दिन परम्परागत रूपमा मनाईंदै आएको माघे संक्रान्ति पर्वका दिन आगो बालेको निहुँमा सुन्दरीजलमा स्थानीय जनता र सैनिकबीच विवाद हुँदा २ व्यक्तिलाई अनाहकमा गिरफ्तार गरी १५-१६ दिनसम्म हिरासतमा राखियो। गिरफ्तार हुनेहरूमा राजेन्द्र तामाङ्ग र दिलबहादुर तामाङ्ग थिए।

दोलखा जिल्लाका ऋषिराम काफ्ले र गीता काफ्लेलाई काठमाडौं धापासीका सुरेन्द्रमान श्रेष्ठ र ज्ञानेश्वरका सूर्यबहादुर रावलको सापटी रकम फिर्ता नगरेको आरोपमा प्रहरीले ०५० माघ १६ मा पक्राउ गरी हिरासतमा राखेको थियो। पीडितहरूले आफूहरूलाई जबरजस्ती ३० हजार रूपियाँ सापटी लिएको कीर्ते कागज गराएको बताए।

०५० चैत १९ गते कांग्रेसको केन्द्रीय कार्यालय अगाडि उपस्थित सोही पार्टीका कार्यकर्तामाथि प्रहरीले लाठी चार्ज गर्‍यो। नेपाली कांग्रेस केन्द्रीय समितिको बैठकले गर्न सक्ने महत्वपूर्ण निर्णय सुन्न त्यहाँ निक्कै भीड लागेको थियो। सो घटनामा १२-१५ जना व्यक्तिहरूलाई चोटपटक लागेको थियो भने ४ जनालाई उपचारार्थ अस्पताल भर्ना गरियो।

बौद्ध प्रहरी ठानाका प्रहरीले ०५० चैत ११ का दिन सो ठाउँमा ढल सफा गर्न लागेका केही व्यक्तिलाई कुटपिट गरे। मादक पदार्थ सेवन गरी आएका प्रहरीहरूले स्थानीय तुलसी नारायण श्रेष्ठलाई हातपात गरेका थिए।

चाबहिलका छिरिङ्ग शेर्पालाई प्रहरीले ०५० माघ १७ गते पक्राउ गरी हनुमान ढोकामा राख्यो। केही दिन पहिले क्यारेमबोर्ड खेल्दा सोही ठाउँ बस्ने अर्का युवकसंगको झगडालाई लिएर प्रहरीले उनलाई पक्रेको थियो।

०५१ वैशाख १ गते रत्नपार्कमा होटलमा मम खाइरहेको अवस्थामा केही प्रहरीले बलजफ्ती कुटपिट गरेकोमा बानेश्वरका राजेश शाहीले जिल्ला प्रहरी कार्यालयमा एक उजुरी दिएका थिए।

०५१ बैशाख २१ गतेका दिन नेपालमा पटक पटक भएको भारतीय अतिक्रमणका विरूद्ध संयुक्त जनमोर्चा नेपालको आव्हानमा नेपाल बन्दको कार्यक्रम रहेको थियो।

त्यस दिन काठमाडौंमा जनमोर्चा लगायतका विभिन्न वामपन्थी समूहका १ सयभन्दा बढी कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो।

ठगी मुद्दामा अदालतले तोकेको १५ हजार रूपियाँ बिगो धरौटी राखेर हिरासतबाट छुटेका तेजबहादुर के.सी.लाई गौशाला वडा प्रहरी कार्यालयले घर नपुग्दै पुनः गिरफ्तार गऱ्यो। प्रहरीले अनाधिकृत रूपमा पक्राउ गरी कसैसंग भेट गर्न नदिएको र यातना समेत दिएको कारण उनकी पत्नी ईश्वरी के.सी.ले सोको विरूद्ध सर्वोच्च अदालतमा ०५१ जेठ १ गते बन्दी प्रत्यक्षीकरणको रिट दायर गरिन्।

त्यस्तै बौद्ध महाँकालका पासाङ्ग शेर्पालाई ०५१ जेठ १३ गते प्रहरीले पक्राउ गरी कसैसंग भेट गर्न नदिएको र यातना दिएकोमा शेर्पाकी पत्नी याङ्गजी शेर्पाले जेठ १९ गते सर्वोच्चमा बन्दी प्रत्यक्षीकरणको रिट दायर गरिन्।

संयुक्त जनमोर्चा नेपालको ०५१ जेठ २२ गते आयोजित भारतीय नम्बर प्लेटका गाडीहरू रोक्ने कार्यक्रममा थानकोटमा ३ जना, गौशालामा ३ जना, प्याफलमा २ जना र रत्नपार्कमा १ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। गिरफ्तार हुनेहरूमा दिलीप महर्जन र तोयनाथ देवकोटा लगायतका जनमोर्चाका अन्य कार्यकर्ताहरू थिए।

मैतीदेवीस्थित एक घरका ३ जना महिलालाई ०५१ जेठको अन्तिम हप्तामा कमल पोखरी प्रहरीले पक्राउ गऱ्यो। सोही घरमा डेरा गरी बस्ने एक महिला चारीत्रिक रूपमा बदनाम भएका कारण घरबाट निकालेको रीसमा ती महिलाले प्रहरी लगाएर दुःख दिएकी थिइन्। तर प्रहरीले वेश्यावृत्तिमा समेत संलग्न भएकी भनी आरोपित ती महिलालाई भने केही गरेन। पक्राउ पर्नेहरूले नाम उल्लेख गर्न चाहेनन्।

०५१ असार ७ गते रहस्यमय ढंगले वेपत्ता भएका प्रहरी नायब निरीक्षक शंकरप्रसाद सिंहको मृत्युका सम्बन्धमा आवश्यक छानवीन गर्न प्रहरीले रसुवामा कार्यरत प्रहरी सहायक निरीक्षक मिनबहादुर गुरूङ्गलाई पनि गिरफ्तार गरी हिरासतमा राख्यो।

०५१ असार १० गते रत्नपार्कमा नेकपा मसालको मुखपत्र, रक्तिम परिवारको गीति क्यासेट, पेरू कम्युनिष्ट पार्टीका बन्दी बनाइएका नेता गोञ्जालोको भाषण, कम्युनिष्ट पार्टीको लोगो आदि सामाग्री बेचेको अवस्थामा प्रहरीले केही व्यक्तिलाई गिरफ्तार गरी हिरासतमा राख्यो। बिनापूर्जी पक्राउ पर्नेहरूमा पत्रकार भरत कोइराला, सुरेन्द्र खनाल, ढुण्डिराज आचार्य, बाबुराम पराजुली र १४ वर्षीय कृष्ण न्यौपानेलाई २ दिनपछि छोडियो।

पशुपति नाथको मन्दीरमा नेपाली नागरिक मूल भट्ट राख्नु पर्ने र वागमती प्रदूषण नियन्त्रण गर्नु पर्ने माग सहित पशुपतिमा अनसन बसेका लोकनाथ अधिकारीलाई प्रहरीले बिनापूर्जी गिरफ्तार गऱ्यो। ५१ दिनसम्म अनसन बसिसकेपछि प्रहरीले ०५१ असार ७ गते गिरफ्तार गरी अधिकारीलाई शिक्षण अस्पताल पुऱ्याएको थियो। तर शिक्षण अस्पतालबाट प्रहरीकै जिम्माबाट ०५१ असार २९ गतेदेखि वेपत्ता पारिएको भनी असार १० गते पत्रकार नवराज अधिकारीले सर्वोच्च अदालतमा बन्दी प्रत्यक्षीकरणको आदेश जारी गरी पाउँ भनी दिएका थिए। अदालतले सो सम्बन्धमा ०५१ असार १३ गते सम्बन्धित निकायलाई कारण देखाउ आदेश जारी गऱ्यो तर अधिकारी करीब ८ महिनापछि एकाएक काठमाडौंको गौशालामा फेला परे।



सिंहदरवार घेराउका दिन लाठी चार्जमा घाइते

बालुवा गाविस-१ की २५ वर्षीय श्रीमती गीता कुइकेलको ०५१ असार २४ गते करेण्ट लागी मृत्यु भएको थियो। सोही ठाउँका वासुदेव कार्कीले बँदेल मार्न मनोहर कार्कीको खेतमा करेण्ट छोडेका थिए। तर प्रहरीले करेण्ट छोड्नेलाई केही नगरी खेत धनी मनोहर कार्कीलाई गिरफ्तार गरी कारवाही चलायो।

०५१ साउन ५ गतेको एमाले समेतका ६ वाम समूहको नेपाल बन्द कार्यक्रमको सन्दर्भमा प्रहरीले नेकपा मसालका केन्द्रीय सदस्य चित्रबहादुर के.सी. लगायतका विभिन्न कार्यकर्ताहरूलाई गिरफ्तार गऱ्यो। गिरफ्तारीमा पर्नेहरू परी थापा, गुणप्रसाद आचार्य, उपेन्द्र गिरी, देवेन्द्र पुन, उमेश लम्साल, खेम राना, भरत कोइराला, राजु श्रेष्ठ, भगीरथ खरेल, शम्भु पौडेल, सानो मोक्तान र रामबहादुर पुनलाई सडकमा हिँडिरहेको अवस्थामा र स्वास्थोपचारका लागि अस्पतालमा रहेका अवस्थामा बिनापूर्जी पक्राउ गरी ३-४



भदौ ३ गते सिंहदरबार घेराउमा गिरफ्तारी

दिनपछि पक्राउ पूर्जी दिइएको थियो।

पक्राउ पर्नेहरूलाई "राज्य विरूद्ध ऐन २०४६ को अपराधको सिलसिलामा हिरासतमा राखिएको" पूर्जी प्रहरी नायब उपरीक्षक विरेन्द्रबाबु श्रेष्ठले दिएका थिए। "राज्य विरूद्धको अपराध गरेको" उजुरी प्रहरी हरिदत्त पाण्डेले गरेका थिए।

पक्राउ परेका राजनैतिक कार्यकर्ताहरूलाई मानवअधिकारवादी संघ संस्थाको दबावका साथै काठमाडौं जिल्ला सरकारी वकीलको कार्यालयले मुद्दा लिन अस्वीकार गरेपछि साउन २१ गते छोडिएको थियो।

०५१ साउन ५ गतेको नेपाल बन्दका दिन काठमाडौंका धेरै ठाउँमा प्रहरी र जनताबीच मुठभेडका घटनाहरू भए। यस सन्दर्भमा प्रहरीले दशौं पटक लाठी चार्ज र दर्जनौं अश्रु ग्याँस प्रहार गऱ्यो। त्यसरी नै प्रहरीको निर्मम प्रहारबाट रामचन्द्र बराल, हरिभक्त, तारा उप्रेती, महालक्ष्मी थापा, निश्चय अधिकारी लगायतका धेरै व्यक्तिहरूलाई गंभीर चोटपटक लागी उपचारका लागि अस्पताल पुऱ्याइयो।

त्यस दिन प्रहरीले काठमाडौंमा मात्र २ सय भन्दा बढी नागरिकलाई गिरफ्तार गऱ्यो। पक्राउ पर्नेहरूमा कतिपय १०-१५ वर्षभित्रका बालकहरू थिए भने केही क्याम्पस स्तरीय परीक्षा दिनु पर्ने विद्यार्थीहरू पनि थिए। पक्राउ पर्नेहरूलाई प्रहरीले जथाभावी कुटपिट गर्ने र हिरासतमा भेडाबाख्रा राख्ने सरह राखेर खाना र पानी समेत नदिई यातना दिएको थियो। त्यस दिन ४ सय २६ जना व्यक्ति अधिराज्यभरिबाट गिरफ्तार गरिएको गृह प्रवक्ताले सार्वजनिक जानकारी गराएका थिए।

०५१ साउन ९ गतेको नेपाल बन्दका दिन पनि धेरै पटक प्रहरीले लाठी चार्ज तथा धेरैलाई गिरफ्तार गऱ्यो। यस दिनको बन्दका सन्दर्भमा पत्रकार शक्ति लम्साल, कर्णबहादुर कार्की र विनोद पहाडी लगायतका वामपन्थी कार्यकर्ताहरू विभिन्न ठाउँबाट पक्राउ परेका थिए। यस सन्दर्भमा पक्राउ परेका वामदेव देवकोटा, राजु फुँयाल र शंकर चौलागाईंलाई प्रहरी हिरासतमा २ सयदेखि ४ सय पटकसम्म उठबस गराउने र लाठीले कुटपिट गर्ने समेत गरिएको थियो।

नेपाल बन्दका यी घटनामा ७३ जना प्रहरी घाइते भएको कुरा गृह मन्त्रालयका प्रवक्ताले बताएका थिए।

०५१ साउन ३० गते पनि ६ वाम समूहको आयोजनामा नेपाल बन्द कार्यक्रम राखिएको थियो। यस दिनको बन्दमा पनि प्रहरीले ठाउँ ठाउँमा लाठी चार्ज र अश्रुग्याँस प्रहार गऱ्यो। यस दिन काठमाडौंमा ४ सयदेखि ५ सयसम्म व्यक्तिहरू गिरफ्तार भए।

०५१ भदौ १ गते संयुक्त जनमोर्चा (भट्टराई) को आयोजनामा नेपाल बन्द कार्यक्रमको आयोजना गरिएकोमा काठमाडौंका केही ठाउँमा प्रहरी र प्रदर्शनकारी बीच आपसी झडपहरू भए। संयुक्त जनमोर्चाले त्यस दिन संजमो केन्द्रीय सचिव पम्फा भुसाल लगायत १ हजार कार्यकर्तालाई गिरफ्तार गरी यातना दिएको जनाएको थियो।

यस वर्ष सबैभन्दा बढी संख्यामा नेताहरू पनि गिरफ्तार भए। ०५१ भदौ ३ गतेको सिंहदरवार घेराउ कार्यक्रममा १ सयभन्दा बढी वामपन्थी नेता र सांसदहरू पक्राउ परेका थिए भने २ हजार भन्दा बढी कार्यकर्तालाई प्रहरीले गिरफ्तार गऱ्यो। यस दिन प्रहरीले सिंहदरवार, प्रदर्शनी मार्ग, वसपार्क, रत्नपार्क, पुतली सडक आदि ठाउँमा लाठी प्रहार गरी करीब २५-३० जना नागरिकलाई घाइते बनायो। गिरफ्तारीमा पर्नेहरूमा नेकपा एमालेका मनमोहन अधिकारी, माधव नेपाल, वामदेव गौतम, सी.पी. मैनाली, झलनाथ खनाल, भरतमोहन अधिकारी, अमृत वोहरा, राधाकृष्ण मैनाली, साहना प्रधान, ईश्वर पोखरेल, राजेन्द्र श्रेष्ठ, के.पी. ओली, सानु श्रेष्ठ, प्रेमबहादुर सिंह आदि हुनुहुन्थ्यो। त्यस्तै अन्य वामपन्थी नेताहरूमा निर्मल लामा, निरञ्जन गोविन्द वैद्य, लिलामणी पोखरेल, चित्रबहादुर के.सी., विष्णुबहादुर मानन्धर आदि हुनुहुन्थ्यो। गिरफ्तार हुने नेता कार्यकर्ता सबैलाई प्रहरीले अभद्र व्यवहार गरेको थियो।

सो दिनको कार्यक्रममा प्रदर्शनी मार्गस्थित एक होटलबाट पक्राउ परेका सिन्धुपाल्चोक वलेफीका १४ वर्षीय रामकुमार खड्कालाई प्रहरी भ्यानमा ढुंगा हानेको आरोपमा गिरफ्तार गरी २० दिनसम्म हिरासतमा राखियो। सम्बन्धित निकायले २५ हजार रूपियाँ धरौटी राखी कारवाही चलाउने आदेश दिएता पनि सो धरौटी बुझाउन नसकेको कारण उनलाई ६ महिना २६ दिन डिल्लीबजार सदरखोरमा राखी हालै मात्र रिहाई गरियो। खड्काको रिहाईको सम्बन्धमा मानवअधिकारवादी संघ संस्थाहरूले सक्रिय दबाव सृजना गरेका थिए।

०५१ भदौ ७ गते प्रतिनिधि सभा पुनर्स्थापनाका सम्बन्धमा सर्वोच्च अदालतमा हुने वहस सुन्न उपस्थित जनसमूहलाई प्रहरीले लाठी प्रहार गऱ्यो। प्रहरीको प्रहारले दर्जनौं नागरिक घाइते भए।

नेपालमा पटक पटक भइरहेको भारतीय अतिक्रमणको विरोधमा ६ वटा मानवअधिकारवादी संस्थाहरूको तर्फबाट ०५१ असोज ५ गते एक मौन जुलुशको आयोजना गरियो। मौन जुलुशले भारतीय राजदुतावास पुगेर राजदूतलाई एक स्मृति पत्र दिने कार्यक्रम पूर्व निर्धारण गरेर राजदुतावास पुग्दा त्यहाँ करीब ५० जनाभन्दा बढी मानवअधिकारवादी कार्यकर्ताहरूलाई प्रहरीले गिरफ्तार गऱ्यो। पक्राउ पर्नेहरूमा मानवअधिकार संरक्षण मञ्चका अध्यक्ष डा. मथुराप्रसाद श्रेष्ठ, इन्सेकका सुशील प्याकुरेल, नेमाधिसंघका डा. राजेश गौतम, सीभीक्टका देवेन्द आले, इन्हुरेडका गोपालकृष्ण शिवाकोटी, चेतेन्दजंग हिमाली लगायतका व्यक्तिहरू हुनुहुन्थ्यो।

स्वास्थ मन्त्रालयका विभिन्न निकायमा कार्यरत करीब ३५ सय विकास तर्फका कर्मचारीले स्थायी गरिनु पर्ने लगायतका माग राखी असोज ४ गतेदेखि मन्त्रालयमा धर्ना दिएका थिए। धर्ना, घेराउ र अनसनमा वसेका ती कर्मचारीमाथि कात्तिक ८ गते प्रहरीले निर्ममतापूर्वक लाठी चार्ज गर्नुका साथै ८-१० जनालाई गिरफ्तार गरी हिरासतमा

राख्यो।

०५१ मंसीर ९ गते चावहिलमा पसल गरी बस्ने सुवर्ण मालीलाई पाटन एस.पी. कार्यालयका स.इ. शैलेन्द्र श्रेष्ठले विनापूर्जी हतकडी सहित गिरफ्तार गरी हिरासतमा राखे। उनलाई थुनामा शरीरमा नीलडाम हुने गरी कुटपिट गरियो।

गुच्चा टोलमा हिँडिरहेको अवस्थामा विना कारण प्रहरीले पक्राउ गरी ६ घण्टासम्म आफूहरूलाई थुनेको कुरा शंकर गुरूङ, राजकुमार महर्जन बताउँछन्। उनीहरूलाई मंसीर १९ गते पक्राउ गरिएको थियो।

## १.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिएका उल्लेखनीय घटनाहरू देखा नपरेता पनि वाल वालिका र केही महिलाहरू हराएका समाचारहरू भने धेरै नै प्रचारमा आए। त्यसरी वालवालिका र महिला हराएका समाचारहरू महिनामा सरदर १५-२० वटासम्म भएपनि फेला परेका समाचारहरू भने एकदमै कम प्रकाशमा आउने गरेका छन्।

विगत वर्षहरूमा वेपत्ता पारिएका केही प्रसङ्गहरू भने निकै चर्चामा आए। ०५० असार ११ गते प्रहरीद्वारा वेपत्ता पारिएका प्रभाकर सुवेदीलाई अदालत समक्ष हाजिर गराउन अदालतले पटक पटक सम्बन्धित निकायलाई आदेश गऱ्यो। त्यस सम्बन्धमा सर्वोच्च अदालतले ०५० फागुन १ गते १५ दिने आदेश सम्बन्धित निकायका नाममा जारी गरेको थियो। यसै सम्बन्धमा अदालतले ०५१ बैशाख ५ गते अर्को आदेश जारी गरी प्रभाकर सुवेदीलाई घटना स्थलमा घिसार्दै लैजाने प्रहरीलाई अदालतमा आई बयान दिने आदेश दियो। ती प्रहरीका तर्फबाट ०५१ जेठ २९ गते प्रसनि हरिशचन्द्र खनाल र प्रहरी हवल्दार श्यामलाल श्रेष्ठले अदालत समक्ष बयान दिएका थिए।

त्यस्तै ओखलढुंगाका सकृय वामपन्थी कार्यकर्ता गणेश निधि गौतम पनि ०३८ सालदेखि हालसम्म वेपत्ता भई रहेको र हालसम्म कुनै कुरा पत्ता नलागेको कुरा पनि यस वर्ष सार्वजनिक रूपमा उठ्यो।

वानेश्वरमा वस्ने लेखबहादुर गुरूङ्गलाई ०५१ भदौ २ गते राती केही अज्ञात व्यक्तिले अपहरण गरेर लानुका साथै २० हजार नगद र १ तोला सुन लुटेको कुरा गुरूङ्गकी पत्नीले बताइन्। तर प्रहरीले भदौ ९ गतेसम्म उनका पतिको बारेमा कुनै जानकारी दिन सकेन।

शाही नेपाली सेनाको कालीबहादुर गण राजदरवारमा कार्यरत सिपाही धनबहादुर गुरूङ्ग विगत ८ वर्षदेखि वेपत्ता भएको कुरा पनि उनका परिवारले यसै वर्ष सार्वजनिक गरे। धनबहादुर ०४२ सालमा सेनामा भर्ना भएको र १ वर्ष पछि वेपत्ता भई हालसम्म कही फेला नपरेको उल्लेख गर्दै ०५१ साउनमा उनका बाबु कृष्णबहादुर गुरूङ्गले सर्वोच्च अदालतमा एक मुद्दा दायर गरे। सो मुद्दामा प्रधानमन्त्री, प्रधानसेनापति, मन्त्री परिषद, शाही नेपाली जंगी अड्डा, रक्षा र गृह मन्त्रालय, कालीबहादुर गण र प्रहरी महानिरीक्षक समेतलाई विपक्षी बनाइएको छ।

## १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

विभिन्न किसिमका घटनाका विषयलाई लिएर यस जिल्लामा विभिन्न किसिमका धम्की/ज्यान मार्ने धम्कीका घटनाहरू पटक पटक दोहोरिएका छन्। विशेषगरी राजनैतिक मत भिन्नता, व्यक्तिगत रीसइवी, घर घरायसी झगडालाई लिएर त्यस्ता घटनाहरू भएका पाइन्छन्।

०५० माघ २४ गते सम्पन्न काठमाडौं क्षेत्र-१ को उपचुनावको विषयलाई लिएर माघ १३ गते वानेश्वर हजुरको पसल अगाडि नेकपा एमालेका केही कार्यकर्ताले नेकाका केही कार्यकर्तामाथि आक्रमण गरेका थिए भने १६ गते भीमसेनगोलामा कांग्रेसका ४०-५० जना व्यक्तिले एमालेका केही व्यक्तिमाथि आक्रमण गरे। यी भीडन्तमा वानेश्वरमा वासुदेव घिमिरे, सुरज लामिछाने, ताराकुमार खड्का घाइते भएका थिए भने भीमसेनगोलामा डिलबहादुर राई, योगराज गौतम र मोहन पनेरूलाई गम्भीर चोटपटक लागेको थियो।

०५० माघ ४ गते सुरूचि साप्ताहिकका सम्वाददाता सरोज शर्माले आफूलाई सांसद कृष्ण गोपाल श्रेष्ठले खुकुरी लिएर आक्रमण गर्न लखेटेको कुरा नेपाल पत्रकार संघ केन्द्रीय कार्यालयमा एक निवेदन मार्फत जानकारी गराए। शर्माले माघ २ गते राष्ट्रिय सभागृह अगाडि मतदाता नामावली दर्ता गर्ने क्रममा उक्त घटना भएको बताएता पनि सांसद श्रेष्ठले सो आरोप असत्य र अत्यन्तै झूठो भएको बताउनु भएको थियो।

वालाजु टौडलका २५ वर्षीय केशव रायमाझीलाई सोही ठाउँका माइते तामाङ्ग र उनकी पत्नी पुतली तामाङ्गले ०५० माघ २१ गते घरायसी रीसइवीका कारण सख्त रूपमा कुटपिट गरी ज्यान मार्ने धम्की दिएका थिए। घाइते रायमाझी उपचारका लागि वीर अस्पताल भर्ना भएका थिए।

अरूण तेस्रो परियोजना यो वर्षको चर्चित विषयमध्ये रह्यो। सो परियोजनाका सम्बन्धमा सर्वोच्च अदालतमा रिट हालेपछि इन्हुरेडका गोपालकृष्ण शिवाकोटी चिन्तनलाई विभिन्न अज्ञात ठाउँबाट धम्कीयुक्त फोनहरू आए। त्यस सम्बन्धमा सुरक्षा गरी पाउँ भनी उहाँले ०५० फागुन १ गते जिल्ला प्रहरी कार्यालय काठमाडौंमा निवेदन दिनु भएको थियो।

०५० चैत १४ गते विहान ६.४५ बजे वानेश्वर स्थित सिडिओ टोलमा भारतीय प्रहरीको एक जत्थाले केही घरमा पसी स्थानीय वासिन्दाहरूलाई धम्क्याउने, कुटपिट गर्ने र पेस्तोल देखाएर तर्साउने काम गरे। सशस्त्र रूपमा आएको सो भारतीय प्रहरी जत्थाले स्थानीय मदनकृष्ण श्रेष्ठ, शिवप्रसाद शर्मा र द्वारिकाप्रसाद शर्मालाई कंचटमा पेस्तोल देखाएर बब्लु नामको व्यक्ति कहाँ छ भनी सोधेका थिए। उनीहरूले आफूलाई भारतीय डिआइजी र एसपी बताएका थिए। यस घटनालाई लिएर नेपालमा सवै क्षेत्रबाट विरोध भयो।

चावहिलकी २८ वर्षीय पार्वती रिजाललाई ०५० चैत १२ गते एक अज्ञात व्यक्तिले ज्यान मार्ने धम्की सहित खुकुरीले प्रहार गरी घाइते बनायो। त्यसरी नै ०५० चैत ९ गते नेकपा एमालेका सांसद राधाकृष्ण मैनालीलाई वागबजार स्थित पार्टी कार्यालय अगाडि एक व्यक्तिले गाडी साइड गर्ने कुरामा विवाद भई एक्कासी कुटपिट गरे। कुटपिट गर्ने हिराकाजी खड्गी तत्काल भागेका थिए।

काभ्रेस्थली घट्टेकुलोमा विद्युत प्राधिकरणका ४ जना कर्मचारीलाई ०५० चैत ४ गते स्थानीय गाउँलेहरूले कुटपिट गरे। सो ठाउँका गाउँलेहरूले विजुली चोरेको आरोपमा विद्युत प्राधिकारणका शिव सापकोटा, वालकृष्ण के.सी., बसन्त पण्डित र श्याम राई विद्युत लाइन काट्न त्यहाँ गएका थिए।

०५० चैत २३ गते सिंहदरवार संसद भवन वाहिर तत्कालीन सांसद वसन्त गुरूङ्गलाई महोत्तरीका रामवावु यादवले अचानक हातपात गरे। उनलाई तत्काल प्रहरीले पक्राउ गऱ्यो।

अरूण तेस्रो जल विद्युत परियोजनाको अध्ययन गर्न गठित जनस्तरीय आयोग "अरूण सरोकार समूह" को कार्यालयमा साउन ८ गते केही उछृंखल व्यक्तिहरूले आक्रमण गरी त्यस समूहका पदाधिकारीहरूमाथि हातपात गरे।

गोंगवु वसपार्कमा कार्यरत कर्मचारीलाई ०५१ जेठ ४ गते केही अज्ञात व्यक्तिले रानीवनमा लगेर कुटपिट गरे। त्यस्तै असार २ गते अर्का कर्मचारी नारायण कार्की पनि पिटिए।

०५१ जेठ १४ गते तीनथाना गाविसमा पानीको विषयमा उत्पन्न झगडामा सोही ठाउँ बस्ने श्रीमती सुन्धरा राउतलाई स्थानीय व्यक्तिहरूले कुटपिट गर्दा कानै चिरियो। सो सम्बन्धमा पीडित राउतले जिल्ला प्रशासन कार्यालय काठमाडौंमा एक उजुरी दर्ता गराएकी थिइन्।

०५१ जेठ २० गते आलापोट गाविस-६ का साधुराम श्रेष्ठ, विष्णु श्रेष्ठ र मच्छे गाउँका लक्ष्मण नेपालीलाई राजेन्द्र परियारले आपसी विवादमा कुटपिट गरी सख्त घाइते तुल्याए। पीडित व्यक्तिहरूलाई कुनै पक्षले सहयोग गरेन। त्यस्तै जेठ २७ गते गायक भीम तुलाधरमाथि पनि केही व्यक्तिले आक्रमण गरी कुटपिट गरे। ०५१ असार १४ गते नेपाल वोटलर्सका कर्मचारी वीरेन्द्र सिंहलाई दशरथ रंगशालामा कराँते प्रशिक्षक दावा गुरूङ्ग र उनका अन्य सहयोगीहरूले मरणासन्न हुनेगरी कुटपिट गरे।

होटल मायालुका कामदार रवि थापालाई असार ८ गते होटल मालिक भारतीय नागरिक जोगा सिंहले वेहोस हुने गरी कुटेर गोदाममा थुने। प्रहरीलाई उजुरी गर्दा पनि पीडकलाई कुनै कारवाही भएन।

०५१ भदौ १९ गते दुग्ध वितरण आयोजना गौरीधारा रूटका २ कर्मचारीलाई स्थानीय जनताले पैसा भुक्तानी सम्बन्धमा उठेको विवादमा कुटपिट गरेका थिए। आयोजना प्रमुखका सामुन्ने कुटिएका ती निम्नस्तरका कर्मचारीले आफूलाई कसैले सहयोग नगरेकोमा दुःख व्यक्त गरे।

तत्कालीन सञ्चार राज्यमन्त्री विजयकुमार गच्छेदारका अङ्गरक्षक प्रहरी असइ शिवनारायण चौधरीले सुनसरी जिल्लाको राजनीतिक कार्यकर्ताको टोलीमा आएका डिल्लीबहादुर कार्कीलाई विभिन्न गाली र धम्की दिँदै पेस्तोल तेर्साएका थिए। ०५१ असोज १० गतेको सो घटनाका दिन गिरिराज आचार्यको नेतृत्वमा एक प्रतिनिधि मण्डल सञ्चार मन्त्रीलाई भेट्न सञ्चार मन्त्रालय सिंहदरवार गएको थियो।

### १.६ थुनामा मृत्यु

०५१ पुस ४ गते केन्द्रीय कारागारमा रहेका ३६ वर्षीय भलादिन मियाको ब्रेनहेमरेज भएर निधन भयो। त्यस्तै केन्द्रीय कारागारमा रहेका ६० वर्षीय दौलत तामाङ्गको ०५१ साउन ११ गते, ध्रुव श्रेष्ठको ०५१ वैशाख २४ गते, रिम्कबहादुर श्रेष्ठको ०५० चैत १२ गते र रामकुमार श्रेष्ठको ०५० मंसीर ३० गते जेलभित्रै निधन भयो।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

जालसाजी र किर्ते कागज गरी पशुपतिनाथको नामको सार्वजनिक जग्गा तथा अर्काको रैकर जमिन हडप्ने गिरोहका सम्बन्धमा समाचार प्रकाशित गरे पछि "प्रकाश" साप्ताहिकका सम्पादक, प्रकाशक र प्रेस मालिक समेतलाई ज्यान मार्ने धम्की आएको थियो। त्यस सम्बन्धी समाचार सो साप्ताहिकको ०५० चैत १ को अंकमा प्रकाशित भएको थियो।

०५० पुस २३ गते रत्नपार्कमा फोटो खिचेको निहुँमा फोटो पत्रकार उषा तिवारीलाई केही व्यक्तिले कुटपिट गरे। त्यसै घटनाका सम्बन्धमा दरवार मार्ग स्थित वडा प्रहरी कार्यालयका इन्स्पेक्टरले क्यामरा भित्रको रिल काट्न लगाए। सो विवादलाई मिलाउन वडा प्रहरी कार्यालयमा पुगेपछि त्यहाँ समातिएका व्यक्तिलाई कुटपिट गरेको फोटो खिचेकोमा प्रहरी इन्सपेक्टरले त्यसरी रिल काट्न वाध्य गराएका थिए। त्यसरी नै साउन ५ गतेको नेपाल वन्दका दिन साँझ रत्नपार्कमा फोटो पत्रकार सन्तोष गोख्रेल समेतका अन्य पत्रकारलाई प्रहरीले धम्क्याउने र फोटो नखिच्न चेतावनी दिने काम गरेका थिए।

०५० फागुन ५ गते सदनमा विचाराधीन "श्रमजीवी पत्रकार ऐन ०५०" का सम्बन्धमा काठमाडौंका ६८ जना कामदार पत्रकारले आवश्यक संशोधनका लागि १३ सूत्रीय सुझाव सम्बन्धित पक्षलाई बुझाए। सो सुझावमा लेखन र अभिव्यक्ति स्वतन्त्रताको माग तथा व्यवस्थापन र सम्पादन पक्षको कार्यमा हस्तक्षेप हुन नहुने जस्ता कुराहरू उल्लेख थिए।

नरदेवी आयुर्वेद क्याम्पसमा अध्ययनरत विद्यार्थीले सो क्याम्पसको शैक्षिक मान्यताको लागि अनसन, धर्ना आदि कार्यक्रमहरूद्वारा पटक पटक सरकारको ध्यानाकर्षण गराएका थिए।

०५० फागुन १९ गते पशुपति क्षेत्रमा गौशाला वडा प्रहरी कार्यालयका निरीक्षक विक्रमबहादुर अर्यालले महानगर

दैनिकका सम्वाददातालाई अनाहकमा थुन्ने धम्की दिएको कुरो सो पत्रिकाले जनाएको थियो।

०५० चैत २८ गते सन्त समाज नेपालले सञ्चार मन्त्रालयमा एक निवेदन दर्ता गर्दै सरकारी सञ्चार माध्यममा संस्कृत भाषामा पनि समाचार प्रसारण गर्नु पर्ने माग गऱ्यो।

०५१ पुस ७ गते सिंहदरवार भित्र राप्रपाको संसदीय दलको कार्यालयको फोन प्रयोग गरेकोमा सो पार्टीका मोहन भण्डारीले महानगर दैनिकका सम्वाददाता नरेश खतिवडालाई कुटपिट गरे।

०५१ वैशाख महिनाको अन्तिम सातामा त्रिभुवन विश्वविद्यालयको छात्रावासमा बस्ने विषयलाई लिएर ३-४ दिनसम्म नेपाल विद्यार्थी संघका विद्यार्थीहरू वीच झडपहरू भए। यस घटनामा ४ जना विद्यार्थी घाइते भएका थिए।

काठमाडौं भद्रकालीमा ०५१ जेठ २३ गतेदेखि सर्लाही जिल्लाका कृषकहरूले शुरू गरेको अनसन असार २९ गते तोडे। उनीहरूले आफूले भोग चलन गरेको जमिन आफ्नै नाममा हुनु पर्ने माग राखेका थिए।

फिल्ममा अभिनयको लागि खिचेको फोटो "आलिंगन" नामक अश्लील पत्रिकामा प्रकाशित गरेकोमा फोटो ग्राफर मदन प्रधानका विरूद्ध एलिना शाक्यले जिल्ला प्रहरी कार्यालयमा ०५१ भदौ २७ का दिन एक उजुरी दिएकी थिइन्। सो सम्बन्धमा प्रहरीले फोटो ग्राफर मदन प्रधान, पत्रिका बिक्रेता कृष्णप्रसाद गौतम (माइला दाइ) र लेखक वाअ कनकद्विपलाई गिरफ्तार गरी हिरासतमा राख्यो। पक्राउ परेका तिनै जना धरौटीमा रिहा गरिए।

"प्रधान न्यायधीश राजनीति गर्दै हुनुहुन्छ" शीर्षकको दृष्टि साप्ताहिकमा ०५१ भदौ ८ गते प्रकाशित समाचारलाई लिएर अधिवक्ता रविराज भण्डारीले दृष्टिका सम्पादक प्रकाशक र सामान्य न्याय तथा कानून मन्त्री दीनबन्धु अर्यालयका विरूद्ध अदालतमा मुद्दा दायर गर्नु भएको थियो।

यस वर्ष यस जिल्लामा भेला हुने र संगठित हुने अधिकार विरूद्धका धेरै घटनाहरू राज्यवलको प्रयोगबाट पनि भए। दर्जनौं घटनाहरूमा प्रहरी प्रशासनबाट् भएका धरपकड र गिरफ्तारी, लाठी चार्ज आदिले पनि त्यसको पुष्टी गरेको छ।

यो वर्ष स्वास्थ मन्त्रालय, नेपाल वैंक लिमिटेड, दूर सञ्चार, विद्युत प्राधिकरण, वाणिज्य वैंक लगायतका धेरै संस्थाका कर्मचारीहरूले पेशागत हकहितको माग राखी विभिन्न कार्यक्रमहरू सञ्चालन गरे। त्यस्ता कार्यक्रमहरूमा पटक पटक भएको प्रहरी प्रशासनको दमनका कारण संविधान प्रदत्त हक अधिकारबाट नागरिकहरूले वञ्चित हुनु पऱ्यो।

## २.२ धार्मिक स्वतन्त्रता

धार्मिक स्वतन्त्रताको हकको उल्लंघनका प्रत्यक्ष घटनाहरू यस जिल्लामा देखिएनन्। तर जिल्लाका पहाडी इलाका र शहरभित्र पनि यो वर्ष विगतको तुलनामा कृश्चियन धर्मावलम्वीहरूको गतिविधि केही बढी रह्यो।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

०५० माघ २५ गते काठमाडौं क्षेत्र-१ को उपचुनाव सम्पन्न भएको थियो। त्यस चुनावमा गत चुनावमा मताधिकार प्रयोग गरेका धेरै नागरिकको मतदाता नामावलीबाट नाम काटिएका कारण उनीहरूले पुनः मतदान गर्ने अवसरबाट बञ्चित हुनु पऱ्यो भने कतिपय मतदान केन्द्रहरूमा सवेरैदेखि आ-आफ्नो वाहुल्यता भएका पार्टीले प्रोक्सी मत खसालेको कारण लाइनमा घण्टौंसम्म उभिएका मतदाताहरूले भोट दिन पाएनन्। यस चुनावमा सत्तारूढ दलले राज्ययन्त्रको बल प्रयोग गरेको थियो। चुनावमा महिला मतदाताहरूको सहभागिता एकदमै कम थियो। त्यस दिन प्रहरीले विभिन्न ठाउँबाट १८ जनालाई गिरफ्तार गऱ्यो।

त्यसैदिन मीनभवन मतदान केन्द्रमा थप मतदाता नामावलीको विषयलाई लिएर उत्पन्न विवादमा छुरी हानाहान पनि भयो। सो घटनामा सोलुखुम्वुका इन्द्रबहादुर बस्नेत, रामकाजी वस्नेत र स्थानीय क्याम्पसका छात्र गुणरत्न उप्रेतीलाई उपचारार्थ वीर अस्पताल भर्ना गरियो। चुनावको विषयलाई लिएर थली गाविसमा पनि नेका र राप्रपावीच झडप भएको थियो।

उपचुनावमा नेकाका अध्यक्ष कृष्णप्रसाद भट्टराईको पराजयको कारण प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको "अर्न्तघात" भएको आरोपमा कांग्रेसकै एक पक्षले विभिन्न विरोध जुलुश प्रदर्शन गऱ्यो। त्यही समूहले माघ २९ गते साप्ताहिक विमर्श पनि जलाएको थियो।

उपचुनावमा आफूलाई ३ हजार धरौटी लिएर पनि उम्मेदवार हुनबाट बञ्चित गराइएको बताउँदै ४१ वर्षीय लोकनाथ अधिकारीले माघ १५ गते सर्वोच्च अदालतमा एक मुद्दा दायर गरे। उनले अदालत समक्ष आफ्नो उम्मेदवारीको लागि परमादेश जारी गरी पाउँ भनी माग गरेका थिए।

०५१ असार २७ गते प्रधानमन्त्रीको सिफारिशमा श्री ५ बाट प्रतिनिधि सभा भंग गरी कार्तिक २७ गतेका दिन मध्यावधि चुनावको घोषणा गरिवक्सेको थियो। तर सो दिन हिन्दूहरूको धार्मिक पर्व ठूलो एकादशी भएकाले कार्तिक २९ गते चुनाव सम्पन्न भयो। यस निर्वाचनका लागि तयार गरिएको मतदाता नामावलीमा पनि धेरै मतदाताहरूको नाम हटाइएको थियो।

यस चुनावमा भाग लिन विभिन्न ७१ वटा राजनैतिक दलले निर्वाचन आयोग समक्ष आ-आफ्नो नाम दर्ता गराए। ती मध्ये ५ वटालाई आयोगले मान्यता दिएन। चुनावको प्रयोजनका लागि "नेपाली कांग्रेस" नाम जोडेर दर्ता भएका ७ वटा पार्टीलाई दर्ता मान्यता नदिन नेपाली कांग्रेस केन्द्रीय कार्यालयले भदौ ९ गते निर्वाचन आयोगमा एक निवेदन दिएको थियो।

मध्यावधि चुनावको सन्दर्भमा वालाजु, वानेश्वर, साँखु आदि ठाउँमा विभिन्न राजनैतिक दलका वीच सभा जुलुशका विषयलाई लिएर केही झडपहरू भए। वालाजुको कांग्रेसको आमसभामा १ जना व्यक्ति ढुंगा प्रहारबाट सख्त

इते भए।

मध्यावधि निर्वाचनको पर्यवेक्षण गर्न विभिन्न मानवअधिकारवादी संघसंस्थाहरूको संलग्नता रहेको "राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति नेपाल, ०५१" को गठन भएको थियो। यस समितिले नेपाल अधिराज्यमा ७५ वटै जिल्लाहरूको निर्वाचन पर्यवेक्षण गरेको थियो। पर्यवेक्षणमा १ सय २४ जना अन्तर्राष्ट्रिय पर्यवेक्षकहरू पनि रहेका थिए।

निर्वाचनका दिन स्यूचाटार, साँखु, मीनभवन लगायत केही ठाउँमा सामान्य झडपहरू भएका थिए। स्वतन्त्र र निष्पक्ष चुनाव सम्पन्न हुन नदिन सत्तारूढ दलका पक्षबाट धेरै प्रयत्नहरू भएको भएपनि निर्वाचन सामान्यतया शान्तिपूर्ण ढंगले नै सम्पन्न भयो। मतदाता नामावलीमा रहेको त्रुटी र प्रोक्सी मत हाल्ने धेरै घटनाहरूले वास्तविक मतदाता मतदानबाट बञ्चित हुनु परेका घटनाहरू पनि देखिए।

यस मध्यावधि चुनावमा नेपाल अधिराज्यका विभिन्न जेलमा रहेका करीव ६ हजार कैदीहरू मताधिकारबाट बञ्चित भए। कैदीहरूले मतदान गर्न पाउनु पर्छ भनी सर्वोच्च अदालतमा एक मुद्दा परेको भएता पनि फैसला कैदीको पक्षमा हुन सकेन।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यो वर्ष काठमाडौं जिल्ला अदालतमा जम्मा ३ हजार ६२ वटा विभिन्न मुद्दाहरू दर्ता भएकोमा २ सय ५३ वटा मात्र मुद्दा फैसला भए। जस अनुसार संक्षिप्त फौजदारी मुद्दा १ सय ७९ दर्ता भएकोमा ५६ वटा फैसला, फौजदारी मुद्दा ५ सय १२ दर्ता भएकोमा १८ वटा फैसला, देवानी मुद्दा १ हजार ६ सय १७ दर्ता भएकोमा ८७ वटा फैसला, संक्षिप्त देवानी ७३ वटा दर्ता भएकोमा १० वटा फैसला, सरकारवादी फौजदारी मुद्दा ६ सय ६१ वटा दर्ता भएकोमा ७२ वटा फैसला र संक्षिप्त सरकारवादी फौजदारी मुद्दा २० वटा दर्ता भएकोमा १० वटा फैसला भएको पाइयो।

सर्वोच्च अदालतमा यस वर्ष मात्र २ हजार ९ सय ७१ वटा विभिन्न मुद्दा दायर भए। ती मुद्दाहरू र विगत वर्षहरूमा दायर भई कारवाही चल्दै रहेका समेत गरी यस वर्ष जम्मा १ हजार ८ सय ५८ वटा मुद्दा मात्र फछ्र्यौट भए। जस अनुसार रिट दर्ता यस वर्ष मात्र १ हजार १ सय १९ वटा भएकोमा विगत वर्षका समेत गरी फैसला १ हजार १ सय ७ वटा भए। त्यस्तै १ हजार ८ सय १४ वटा विभिन्न मुद्दा यसै वर्ष दर्ता भएकोमा विगत वर्षका दर्ता भई कारवाही चलेका समेत गरी यस वर्ष ८ सय १० वटा फछ्यौट भए भने फूलवेञ्चमा ३८ वटा मुद्दा दर्ता भएकोमा विगत समेतका गरी ४१ वटा फछ्र्यौट भए।

सर्वोच्च अदालतमा रिट अन्तरगत बन्दी प्रत्यक्षीकरण, परमादेश, प्रतिषेध, अधिकार प्रेच्छा र उत्प्रेषण आदि मुद्दा दर्ता हुन्छन्। मुद्दा अन्तरगत जग्गा, लेनदेन, पारिवारिक, कीर्ते ठगी, लुटपिट, गाली बेइज्जती, निर्वाचन, कुटपिट, ज्यान, चोरी, करणी, भ्रष्टाचार, गर्भ पतन र विविध समेतका मुद्दा पर्छन् भने फूलवेञ्चमा यी नै मुद्दा विभिन्न कारणले दर्ता गरिन्छन्।

सदर खोर डिल्लीबजारमा रहेकी ३२ वर्षीय डोल्मा तामाङ्गले ६ वर्षमा ४० वटाभन्दा बढी पेशी अदालतमा खेपिसकिन्। तर उनको मुद्दाको फैसला भएको छैन। त्यस्तै ३२ महिनामा ८३ पटक अदालतको पेशी धाई सकेका केशरबहादुर तामाङ्ग आफूले कति सजायँ पाउने हो अदालतले नतोकेको बताउँछन्। उनीहरू दुवैले प्रचलित मुलुकी ऐनका आधारमा आफूहरूमाथि कारवाही चलाइएको तर मुलुकी ऐनमा ६ महीनामा फैसला गर्नु पर्ने हुँदाहुँदै फैसला नभएर अन्याय सहनु परिरहेको गुनासो गरे।

त्यस्तै यस वर्ष जिल्ला प्रहरी कार्यालयमा विभिन्न किसिमका १ हजार १ सय २ वटा मुद्दाहरू दर्ता भएका थिए। माथि विभिन्न शीर्षकमा केही मुद्दाहरूको उल्लेख भइसकेको छ भने त्यस अतिरिक्तमा मुद्दाहरूमा सबैभन्दा बढी केही सार्वजनिक अपराधका २ सय ६३ वटा मुद्दाहरू दर्ता भएका थिए। त्यस्तै खुन ४४, ज्यान मार्ने उद्योग २५, आत्महत्या १ सय ५०, कीर्ते जालसाज २९, जबरजस्ती करणी १४, डाँका २, चोरी १ सय १२, पुरातात्विक चोरी १, चौपाया चोरी १, लागु औषध १ सय १०, खोटा चलन ४, खर खजाना हातहतियार १, जुवा १४ छन्। त्यसरी नै अन्य मुद्दाहरूमा नागरिकता प्रमाण पत्र ३, ज्यू बेच्ने मास्ने २४, बहुविवाह ९, सडक दुर्घटना ४, सडक दुर्घटनाबाट मानिसको मृत्यु ८१ र जनावरको मृत्यु ३, भवितव्य ज्यान २ सय १, ठगी ३१, वैदेशिक रोजगार १२ र फूटकर १ छन्।

श्री ५ को सरकार गृह मन्त्रालय अन्तरगत जिल्ला प्रहरी कार्यालयले अपराध अनुसन्धान तथा कारवाहीका क्रममा विभिन्न ५५ वटा शीर्षकका मुद्दाहरूका सम्बन्धमा कारवाही गर्ने गर्दछ। तर यस वर्ष ती ५५ किसिमका मुद्दाहरूमध्ये विभिन्न २५ किसिमका मुद्दाहरू भने जिल्ला प्रहरी कार्यालय काठमाडौंमा परेनन्।

त्यस्तै ०४८ सालको कर्मचारी आन्दोलनमा विभिन्न कारवाहीमा परेका ५ सय निजामती कर्मचारीको सजाय फुकुवा गर्ने अदालतले निर्णय गरेता पनि प्रशासकीय अदालतमा कारवाही चलाइएका २ सय ३१ जना कर्मचारीका सम्बन्धमा भने यस वर्ष पनि कुनै निर्णय हुन सकेन।

यस्ता घटना बाहेक प्रत्यक्षतः सुगम र निष्पक्ष न्यायिक अधिकारबाट कुनै पनि नागरिक वञ्चित भएको घटना देखा परेन। तर अप्रत्यक्षत सुगम र निष्पक्ष न्यायिक अधिकारबाट धेरै व्यक्ति वञ्चित भएको पाइयो। विशेष गरी प्रहरी प्रशासनको तर्फबाट पक्राउ परेका व्यक्ति र जेलमा रहेका व्यक्तिहरू सो अधिकारबाट वञ्चित देखिए।

०५१ साउन २४ गते निर्वाचनको मिति घोषणा भइसकेपछि सरकारका कर्मचारीहरूको सरूवा, बढुवा गरेको थाहा पाई निर्वाचन आयोगले निर्माण तथा यातायात मन्त्रालय, सडक विभाग र भवन विभागसँग स्पष्टीकरण मागेको थियो। यस अघि आयोगले कुनै पनि मन्त्रालय र विभागलाई निर्वाचन

निर्वाचन अवधिभर कर्मचारीहरूमाथि कुनै कारवाही नगर्न अनुरोध गरेको थियो।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यो वर्ष कान्तिपुर दैनिकमा कार्यरत पत्रकारहरू रघु मैनाली, दिनेश सत्याल, राजकुमार दिक्पाल, कृष्ण शर्मा, श्रीलाल शाह लगायतका पत्रकारलाई पक्षपातपूर्ण तरीकाले निष्काशन गरियो। रघु मैनालीले आफूलाई अन्यायपूर्वक गलत आरोप लगाएर निष्काशन गरेको बताउँदै अदालतमा उजुरी दिनुभएको छ। त्यस्तै श्रीलाल शाहलाई पुनर्वहाली गर्न श्रम विभागले आदेश दिइसक्दा पनि उनको पुनर्वहाली भएको छैन।

श्री ५ को सरकरले राजस्व समूहका राजपत्रांकित तृतीय श्रेणीबाट राजपत्रांकित द्वितीय श्रेणीमा पदोन्नती पाउने २२ स्थानमा अनियमितता र पक्षपात भएको गुनासो सम्बन्धित व्यक्तिहरूले गरे। सवारी चालक अनुमति पत्रका लागि ०५१ भदौ १९ गते भएको परीक्षामा पक्षपात भएको आरोपमा १ सय ५० जना परीक्षार्थीहरूले विरोध जनाए। उनीहरूले विरोध स्वरूप जुलुस पनि प्रदर्शन गरेका थिए।

स्वास्थ मन्त्रालयका विकास तर्फका ३ हजार ५ सय कर्मचारीले पनि पक्षपातपूर्ण व्यवहार गरी साधारण तर्फ नलगिएकोमा विभिन्न विरोध कार्यक्रमहरू गरे।

त्रिभुवन विश्वविद्यालयले पनि देशका विभिन्न क्याम्पसमा करार पदमा कार्यरत प्राध्यापकहरूलाई अनियमित तरिकाले निष्काशन गरेकोमा प्राध्यापकहरूले विरोध जनाए।

०५१ साउन १ गते "घटना र विचार" रेडियो कार्यक्रमका संचालक पुरूषोत्तम दाहाललाई रेडियो नेपालको संचालक समितिले अचानक अवकाश दियो। त्यसरी दिइएको अवकाशको धेरै पक्षबाट विरोध जनाइयो। सोही कार्यक्रमका अर्का संचालक देवप्रकाश त्रिपाठीलाई पनि ०५१ मंसीर १६ गतेदेखि अवकाश दिइएको थियो।

अवकाश प्राप्त प्रहरी परिवार संघले ०५० चैत ३० गते एक पत्रकार भेलाको आयोजना गरी श्री ५ को सरकारले ३० वर्ष अवधि पुगेका ४५ प्रहरी अधिकृतलाई सेवाबाट हटाएको केही महिनामै नियम संशोधन गरी उक्त अवधि ३५ वर्ष बनाइएकोमा विरोध जनाउँदै सबैलाई समान नियम लगाइनु पर्ने बतायो।

०५१ वैशाखदेखि बालाजु औद्योगिक क्षेत्र व्यवस्थापन लिमिटेडले २५ वर्ष सेवा पुर्‍याएका र ५८ वर्ष उमेर पुगेका ३९ जना कर्मचारीलाई अनिवार्य अवकाश दियो। त्यसबाट अवकाश प्राप्त कर्मचारीले आफूमाथि अन्याय भएको बताए।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

काठमाडौं जिल्लामा विभिन्न किसिमले छरिएर रहेको जनसंख्यामा ठूलो संख्यामा नै भूमिहीन र सुकुम्बासीहरू रहेका छन्। विशेष गरी काठमाडौं जिल्लाको उपत्यकाभित्रका विभिन्न नदी किनारमा प्रशस्त सुकुम्बासी वस्तीहरू छन्। यी वस्तीहरूमा अव्यवस्थित बसोबास, फोहोर मैला र असुरक्षाका धेरै समस्याहरू छन्। त्यस अतिरिक्त यस सम्बन्धी उल्लेख्य समस्या जिल्लामा देखा परेनन्। २९५ वर्ग कि.मी. क्षेत्रफल र १२ लाखभन्दा बढी जनसंख्या भएको यस जिल्लामा ४५.५ हजार जनसंख्या खेतीमा संलग्न छन् भने १२.८ हजार हेक्टर जमिन मात्र खेती योग्य छ।

## ४. महिला अधिकार

यस वर्ष काठमाडौंमा महिला अधिकार सम्बन्धी केही विशेष कार्यक्रम र गतिविधिहरू विगत वर्षको तुलनामा केही बढी नै भए। आगामी सेप्टेम्बरमा हुने बेइजिङ्ग चौथो विश्व महिला सम्मेलनको तयारीलाई लिएर पनि यहाँ धेरै त्यस्ता कार्यक्रमहरू भए।

त्यस्तै नेपाली पुरूषसंग वैवाहिक सम्बन्ध राख्ने विदेशी महिलालाई र नेपाली महिलासंग वैवाहिक सम्बन्ध राख्ने विदेशी पुरूषलाई उपलब्ध गराउने भिसाका सम्बन्धमा अलग अलग व्यवस्था रही आएकोमा ०५१ भदौ १ गते सर्वोच्च अदालतले त्यस सम्बन्धी समान व्यवस्था गर्ने फैसला गर्‍यो। यस अघि विदेशी दुलाहाबाट मात्र मासिक २० डलर लिईंदै आएकोमा दुलाहापक्षले सो शुल्क नलिन दिइएको मुद्दामा भने अबदेखि दुलही पक्षलाई पनि सो शुल्क लाग्ने अदालतले फैसला गर्‍यो। त्यस्तै महिला अधिकार सम्बन्धी अन्य विभिन्न गतिविधि पनि भए।

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

महिला अधिकार विरूद्धका विभिन्न किसिमका घटनाहरू यस जिल्लामा देखा परे। महिला किनबेच, बलात्कार, एड्स पीडित र अन्य प्रकारका घटनाहरू पनि त्यत्तिकै रहेको पाइयो।

यो वर्ष यस जिल्लामा महिला किनबेचका २४ वटा घटनाहरू प्रहरीमा दर्ता भए। त्यस्तै बहुविवाहका ९ वटा, बलात्कारका १४ वटा र गर्भपतनका १३ वटा घटनाहरू पनि जिल्ला प्रहरी कार्यालयमा दर्ता भएका छन्।

०५० चैत ७ गते आफ्नै नातेदार १६ वर्षीय बहिनीलाई काठमाडौं वटुटोलबाट भारततर्फ लैजान लागेको अवस्थामा श्यामनाथ लोहनीलाई भैरहवामा प्रहरीले गिरफ्तार गर्‍यो। निजले पैसा कमाउने प्रलोभनमा बहिनीलाई कपडा किनी दिने निहुँमा होटलमा राखी जबरजस्ती शारीरिक सम्बन्ध पनि कायम गरेका थिए।

नेपालमा कार्यरत महिला सम्बन्धी गैरसरकारी संस्थाहरूका अनुसार प्रतिवर्ष ५ हजार नेपाली महिला भारतमा बेचिन्छन्। त्यसरी बेचिनेमा ५ सयभन्दा बढी १८ वर्ष मुनिका, १ सयभन्दा बढी आफन्तकै हातबाट र २० प्रतिशत झुक्याएर र बाँकी गरीबी, अशिक्षा, बेरोजगारी, महँगी र पश्चिमी

संस्कृतिको कुप्रभावले त्यस पेशामा लाग्छन्। त्यसरी बेचिनेमा काठमाडौं र आसपासका जिल्लाका बढी हुने गर्दछन्।

त्यस्तै महिलासंग सम्बन्धित सृजना विकास केन्द्रले ०५१ असोजमा उपत्यकामा मात्र ६ हजार महिलाहरू देह व्यापारमा संलग्न भएको तथा उपत्यकाको १२ लाख जनसंख्यामध्ये १ सय महिलामा ५ जना सो पेशामा लागेको कुरा जनाएको थियो।

नेपाली युवतीलाई विभिन्न कामको प्रलोभनमा हङकङ बैंकक लगी वेश्यावृत्तिमा लगाउने ब्रिटिश नागरिक बेनी लेभ र एकनारायण श्रेष्ठलाई ०५१ असोज ४ गते प्रहरीले २ युवतीसहित ठमेलस्थित गौरीशंकर होटलको १०५ नं. कोठाबाट पक्राउ गऱ्यो। २२ जना युवतीलाई विदेश पठाउने तयारीमा रहेको सो गिरोहले त्यस अघि ८ जनालाई विदेश पठाई सकेको थियो।

०५० फागुन १९ गते महांकाल वौद्धका अरूण सुवेदीले आफ्नै घरमा डेरा गरी बस्ने दोलखाकी एक महिलालाई बलात्कार गरेको अभियोगमा प्रहरीले पक्राउ गऱ्यो। निजले ती महिलाको पतिसंगै रक्सी खाएको र थप रक्सी लिन उनका पति बाहिर गएका बेला बलात्कार गरेको बताइएको छ।

साङ्गला गाविसका रामहरी तिम्सिना लगायतका ३ व्यक्तिले स्थानीय एक १३ वर्षीय बालिकालाई ०५१ जेठ ३ गते बाटोमा थुनछेक गरी मुखमा कपडा कोचेर बेहोश हुने इन्जेक्सन समेत लगाई बलात्कार गरे। तर प्रहरीले पीडित पक्षको जाहेरीलाई बेवास्ता गर्दै पीडकलाई कुनै कारवाही नगरेको कुरा पीडित पक्षले बताए।

वौद्धस्थित सगरमाथा रेष्टुरेण्टका साहु थुक्केन हेम्वी शेर्पाले आफ्नी पत्नी सानी शेर्पालाई अक्टुवर १ का दिन घरायसी रीसले छुरा हाने। घाइते सानी शेर्पालाई वीर अस्पतालमा भर्ना गरियो। पीडकले घरायसी झगडामा छुरा प्रहार गरेका थिए।

कैलाली गेटागाउँ घर भई गुरूजुधारा काठमाडौं डेरा गरी बस्ने शर्मिला लामा बम्बैमा बेचिएको १ वर्षपछि काठमाडौं आई पुगिन्। उनलाई गत सालको असोजमा छबी माझी नामक युवकसंग विहे गरी दिने आश्वासनमा मकवानपुर हात्तीवनका केशव तिमिल्सना र ललितपुर लेलेका सानु घिमिरेले बम्बै लगी ५० हजारमा बेचेका थिए। हाल ती दुबैलाई प्रहरीले पक्राउ गरेको छ।

भक्तपुर दत्तात्रेय घर भई काठमाडौं नयाँ बानेश्वर डेरा गरी बस्ने एक १९ वर्षीय युवतीलाई एक प्रहरी सहायक निरीक्षकले जबरजस्ती करणी गरेको कुरा ती महिलाले बताएकी छिन्। असोज १२ गतेका दिन घटेको सो घटनाका सम्बन्धमा ती महिलाले वडा प्रहरी कार्यालय नयाँ वानेश्वरका प्रहरी सहायक निरीक्षक दीपकुमार शाहले आफूलाई जबरजस्ती करणी गरी रातभरी वडा प्रहरी कार्यालयमा थुनेर राखेको उजुरी जिल्ला प्रहरी कार्यालय काठमाडौंमा दिएकी थिइन्। सो घटनाका अभियुक्त शाहलाई थुनामा राखी कारवाही शुरू गरेको कुरा जिल्ला प्रहरी कार्यालयले जनाएको छ।

धरान घर भई बसबाट आफ्नै पतिसंग काठमाडौं कलंकी आइपुगेकी एक महिला मंसीर १ गते कलंकीमा ६ जनाको बलात्कारको शिकार बनिन्। पीडित महिलालाई पीडकहरूले एकान्तमा लगी बलात्कार गरेका थिए। उनीहरूले ती महिलाका पतिलाई कुटपिट गरी महिलामाथि सो कुकृत्य गरेका थिए। अभियुक्तमध्ये ३ जनालाई प्रहरीले पक्राउ गऱ्यो भने ३ जना फरार भए।

काठमाडौं वौद्धस्थित आरूवारीका ४६ वर्षीय हरिबहादुर राउत नामक गलैंचा उद्योगका मालिकले सोही उद्योगमा काम गर्ने १४ वर्षीय बालिकाई होटलमा काम लगाई दिने बहानामा एक होटलमा राखी बलात्कार गरेका थिए। सो घटनाको उजुरी परेपछि पीडकले प्रहरी र स्थानीय केही व्यक्ति मार्फत पीडित बालिकालाई केही रकम दिएर होइन भन्न लगाएका थिए। सो घटनाको मंसीरको पहिलो हप्तातिर भएको थियो।

बाल मजदुर सरोकार केन्द्र सीवीनले अक्टुवरमा प्रकाशित गरेको एक रिपोर्ट अनुसार गत १ वर्षमा नेपाल अधिराज्यभरि १ सय १० जना महिलाहरू बलात्कृत भए। सो रिपोर्टका अनुसार ५ वर्षभन्दा कमका ८ जना, ६ देखि १६ वर्षसम्मका २८ जना र १६ देखि माथिका ७४ जना महिलाहरू गत वर्ष बलात्कृत भएका थिए। बलात्कारमा परेका १ सय १० जनामध्ये ९५ जना एक्ला एक्लै र १५ जना सामुहिक बलात्कारको शिकार भएका थिए।

काठमाडौं उपत्यका र छेउछाउका जिल्ला समेतबाट धेरै नेपाली युवती भारतका विभिन्न वेश्यालयमा लगी बिक्री गर्ने नुवाकोटका श्यामबहादुर लामालाई जिल्ला प्रहरी कार्यालय काठमाडौंले ०५१ साउन २३ गते पक्राउ गऱ्यो। निजले ०४८ साउनमा बम्बैमा लगी बेचेकी रसुवा गोलगौंडाकी २५ वर्षीय कल्पना घलेले त्यहाँबाट भागेर आई प्रहरीमा उजुरी दिएकी थिइन्।

नेपालमा हालसम्म २ सय ३० जनामा एड्स एच आई भी पोजेटिभ देखा परेको र ३२ जनामा एड्स प्रमाणित भएको कुरा एड्स नियन्त्रण तथा रोकथाम परियोजनाले कार्तिक १२ गते जनाएको थियो। यससंग सम्बन्धित संस्थाका अनुसार एड्स प्रभावित महिलाको संख्या १ सय १० रहेको छ र त्यसमा ८ जना उच्च घरानिया महिला पनि छन्। भारतका विभिन्न वेश्यालयबाट एड्स प्रभावित भई नेपाल भित्रने महिलाहरूको कारण पनि यस जिल्लामा एड्स पीडित महिलाको संख्या अझै वढी भएको अनुमान गरिन्छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस जिल्लामा जारी र देउकी सम्बन्धी समस्या सामान्यतया देखा नपरेता पनि बहुविवाह र देह व्यापरका घटनाहरू भने प्रशस्तै भएका पाइए। बहुविवाहका ९ वटा मुद्दा प्रहरीमा दर्ता भएका छन्। ती घटना मध्ये प्रहरीमा दर्ता

नभएको तर उल्लेखनीय रहेको एक बहुविवाहको घटना ०५० फागुन २४ गते घट्यो।

सिन्धुली जिल्ला डाँडी गुराँसे गाविस-८ का जीतबहादुर बम्जनले फगुन २४ गतेका दिन काठमाडौं गुहेश्वरी मन्दीरमा एकै लगनमा २ युवतीसंग विवाह गरे। सो विवाहमा सर्लाही जिल्ला नारायण खोला डाइनी गाविस-७ की २३ वर्षीय विश्वमाया र १८ वर्षीय सुन्तलीमाया दुई दिदी बहिनीलाई उनीहरूकै स्वेच्छाले विवाह गरेका थिए।

सीतापाइलाका विक्रम शाही ठकुरीले तेस्रो विवाह गरेकोमा ०५१ जेठ १० गते सानुमैया शाहीले प्रहरीमा उजुरी गरिन्। विक्रमले उनलाई बिहे गरेको छैन भनी झुक्याई विवाह गरेको तर ०३७ साल मै विवाह भई विक्रमका १ छोरा र १ छोरी भइसकेको र फेरि अर्को विवाह गर्न लागेकोले उनले सो उजुरी दिएको जनाएकी छिन्।

लगन टोलकी निर्मला थापाले आफ्ना पतिले रक्सी खाएर सँधै कुटपिट गरेको अभियोगमा ०५० फागुन २५ गते प्रहरीमा जाहेरी दिइन्। उनले प्रहरीलाई आफ्नो पतिको आदत सुधार्न पनि अनुरोध गरेकी थिइन्। प्रहरीले निर्मला थापाका पतिलाई गिरफ्तार गरी कारवाही चलाएको थियो।

महिलामाथि पतिले कुटपिट गरेका यस्ता घटना पनि पटक पटक भइरहने गरेको कुरा जिल्ला प्रहरी कार्यालयमा कार्यरत अधिकृतले बताए।

### ४.३ गर्भ पतन

यो वर्ष गर्भ पतन सम्बन्धी ३ वटा मुद्दा जिल्ला प्रहरी कार्यालयमा दर्ता भए। तर गर्भ पतन सम्बन्धी स्पष्ट कानून नभएकाले नेपालमा यसले सामाजिक विकृति र एकले अर्कोलाई दुःख दिने माध्यम पनि भएको छ। हाम्रो समाजमा गर्भ पतनलाई सामाजिक अपराधका रूपमा लिइन्छ।

०५० चैत ७ गते कानून न्याय तथा संसदीय व्यवस्था मन्त्री महेश्वरप्रसाद सिंहले मुलुकी ऐन (एघारौं संशोधन) प्रस्तुत गर्ने क्रममा नेपालमा गर्भ पतनलाई कानूनी संरक्षण दिनु पर्ने प्रस्ताव ल्याउनु भएको थियो। तर सो सम्बन्धी विवाद अझै रही रहेकै छ।

तयसरी नै यो वर्ष अविवाहित रहेर पनि सन्तान प्राप्त गर्न सकने कृतिम गर्भाधानको पक्षमा पनि केही क्षेत्रमा चर्चाहरू भए।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

देशको राजधानी भएको जिल्ला भएता पनि यस जिल्लामा बाल अधिकारको हननका सबैभन्दा बढी घटनाहरू हुने गरेको पाइन्छ। यहाँ रहेका गलैंचा कारखानामा र होटलहरूमा सयौंको संख्यामा बाल मजदुर कार्यरत रहेका छन् भने त्यतिकै संख्यामा सडक बालबालिका (खाते) पनि छन्।

बाल अधिकारसंग सम्बन्धित संस्थाहरूले जनाए अनुसार काठमाडौंमा ५ हजारभन्दा बढी खाते बालिकाहरू रहेका छन्। त्यसैगरी बाल संरक्षण केन्द्र नामक एक संस्थाले प्रकाशित गरेको एक रिपोर्टमा काठमाडौंमा मात्र ५० हजार श्रमजीवी बालिकाहरू भएको, ती मध्ये २५ हजार घरवार बिहीन भएको र ३ सयले सडकमा जीवन बिताउने गरेको जनाएको छ। ती श्रमजीवी बालिकाहरूमा अधिकांश घरभित्र, गलैंचा र होटलको काम गर्छन्। ती बालिकाहरू उचित शिक्षा, माया ममताबाट वञ्चित हुनुका साथै यौन दुर्व्यवहारबाट पनि पीडित हुने गरेका छन्। त्यस्ता बालबालिकाको संरक्षण राज्यस्तरबाट हुन सकेको छैन।

श्रम ऐन ०४८ विपरीत १४ वर्षमुनिका बाल श्रमिक लगाएकोमा विभिन्न २३ उद्योगका मालिकलाई ०५० माघ १९ गते श्रम मन्त्रालयले ५-५ हजार जरिवाना गऱ्यो। काठमाडौंका गलैंचा मजदुरमा ८ प्रतिशत १४ वर्ष मुनिका बालमजदुरलाई मासिक ८ सय रूपियाँ भन्दा कम पारिश्रमिक दिएर काममा लगाइन्छ।

नेपालबाट निर्यात गरिने गलैंचाहरूमा बालश्रम नभएको प्रमाणित गर्न श्री ५ को सरकारले यस वर्षको भदौ महिनामा एक समिति पनि गठन गरेको थियो। तर नेपाली बाल श्रमिकले बुनेको गलैंचाको गुणस्तर र आकर्षण बढी भएकाले नेपाली गलैंचामा काम गर्ने बाल मजदुरलाई नै केही उद्योगका मालिकले भारत पठाउन थालेको हुँदा अर्को समस्या उत्पन्न भएको छ।

"बाल अनाथ गृह" नामक संस्थाले विभिन्न प्रलोभनमा आर्थिक स्थिति कमजोर भएका आमाबाबुबाट बालबालिकाहरू लिएर विदेशीलाई बेच्ने गरेको गुनासो केही पीडित अभिभावकको छ। धर्म पुत्र वा धर्म पुत्रीका रूपमा राख्ने नाममा त्यसरी विदेशीलाई बच्चाहरू दिनेमा सक्रिय व्यक्ति सो संस्थाका प्रतापराम लोहार हुन्। त्यसरी आफ्नो बच्चाको भविष्य उज्वल बनाई दिने र राम्रो शिक्षादीक्षा दिने बहानामा आफ्नी छोरी विदेशीलाई प्रतापराम लोहार मार्फत बेचिएको गुनासो गर्ने धनकुटा जिल्ला वुद्धबारे-९ का इन्द्रबहादुर (मोहन) थापा हुन्।

त्यसरी विदेशीलाई बच्चा बेच्ने क्रममा शुरुदेखि यस वर्षको पछिल्लो अनुमान अनुसार त्यो संख्या ५ सय नाघिसकेको छ। गृह मन्त्रालय मार्फत ०३८ सालदेखि मुलुकी ऐनको १२ (क) अनुसार धर्मपुत्र/पुत्री पाल्न लैजाने नाममा यो काम हुँदै आएको छ। त्यसरी विदेशीलाई बेचिने बच्चामा जन्मेका १० दिनदेखि ३ वर्षसम्मका हुने गरेका छन्। ती बालबालिकाहरूमध्ये अधिकांश फ्रान्स लगिन्छन्। यस सम्बन्धमा गृह मन्त्रालयका प्रवक्ता श्रीकान्त रेग्मी र जिल्ला प्रशासन कार्यालय काठमाडौंका प्रमुख रामानन्दप्रसाद मिश्रले त्यस्तो काम कानूनत सबै प्रक्रिया मिलाएर ती निकायमा ल्याइने भएकाले केही गर्न नमिल्ने बताउनु भएको थियो।

नक्सालस्थित बालकुमारी सेकेण्डरी बोर्डिङ्ग स्कूलमा कक्षा ४ मा अध्ययनरत १० वर्षीय बालक जेठ २७ गतेदेखि बेपत्ता भए। बालाजुमा टेबुलटेनिस खेल्न गएका ती बालक हराएको ८५ दिनपछि भदौ १७ गते काठमाडौंमा आई पुगे।

अपहरित बालकले बताए अनुसार उनलाई सो दिन

एक अपरिचित व्यक्तिले बेहोश पारी उठाएर लग्यो। उनले सो घटनापछि आफूलाई अज्ञात ठाउँमा पाए। ६० दिनसम्म उनी त्यहीं थुनिए। त्यसपछि उनी भागेर रेल्वे स्टेशन हुँदै सुगौली भैरहवा आए। त्यहाँका एक नेपालीको साहारामा १० दिनसम्म एक चप्पल कारखानामा काम गरेर पैसा जम्मा गरी उनी काठमाडौं आइ पुगेका थिए।

त्यसरी एक बालकलाई अज्ञात व्यक्तिले बेहोस पारी कहाँ र किन लगेको थियो थाहा भएन।

मंसीर २६ गते कानपा-९ रातोपुल र मैतीदेवी पुलको बीचमा पर्ने एक झाडीमा प्रहरी टोलीले २ नवजात शिशुको लाश फेला पार्‍यो। ती २ नवजात शिशुको लाश कसरी एकै ठाउँमा रह्यो र कसले फाल्यो भन्ने थाहा भएन।

पालीफल गाउँस्थित चिहान डाँडामा ०५१ मंसीर १ गते १ नवजात शिशुको लाश फेला पर्‍यो। सो लाश अवैध गर्भ त्यागिएको हुनु पर्ने सम्बन्धित गाउँलेले बताए।

काठमाडौं नगरपालिका-१४ सोल्टी मोडमा ०५१ जेठ १९ गते साँझ जनप्रभात मा.वि. जाने बाटोमा १ नवजात बालक जीवित अवस्थामा फेला पर्‍यो। सो बालकलाई प्रहरीले तत्काल प्रसुति गृह थापाथलीमा बुझायो।

जोरपाटी अपाङ्ग स्कूल अगाडि ०५० चैत ३० गते बागमती किनारमा १ महिनाको नवजात शिशुको लाश बेवारिसे अवस्थामा फेला परेको थियो।

जोरपाटी अपाङ्ग संघ अगाडि खेतमा र महाराजगंज कान्ति बाल अस्पताल अगाडि फोहोर मैला फाल्ने ठाउँमा प्रहरीले ०५० पुस २० गते अलग अलग नवजात शिशु मृत अवस्थामा फेला पारेको थियो।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

यस जिल्लामा समान कामको समान ज्याला सबै क्षेत्रमा भएको पाइन्न। महिला र पुरुष बीच पनि पारिश्रमिक भिन्नता हुने, बालबालिकाहरूले दिनको १८ घण्टा काम गर्दा पनि उचित पारिश्रमिक नपाउने स्थिनि यहाँका होटल, गलैंचा र अन्य उद्योगमा छ।

होटल उडल्याण्ड यस वर्ष पारिश्रमिक, सुरक्षा र संगठित हुने अधिकारबाट मजदुरहरूलाई वञ्चित गर्ने होटलका रूपमा चर्चित रह्यो। त्यहाँ कार्यरत मजदुरहरूले दशौं पटक आन्दोलन गरे। तर होटल व्यवस्थापन पक्षले मजदुरका माग पूरा गर्नु सट्टा पटक पटक प्रहरी लगाएर मजदुरलाई यातना दिने काम गर्‍यो।

त्यस्तै गरी नेपाल राष्ट्रिय यातायात व्यवसायी महासंघले त्यहाँ कार्यरत कर्मचारी र पत्रकारलाई ६ महिनाभन्दा बढीको तलव नदिई काम लगाएकोमा त्यहाँ कार्यरत कर्मचारी रोशन शिवाकोटी र पत्रकार राधेश्याम लेकालीले श्रम विभागमा मुद्दा दिए। श्रम मन्त्रालयले पारिश्रमिक दिन आदेश दिंदा पनि सो महासंघले कामदारको तलब दिएन। त्यसैगरी ०५१ असोज १८ गतेदेखि नेपाल टाइम्स पत्रिकामा कार्यरत पत्रकार र कर्मचारी गरी १५ जनालाई सो पत्रिकाले बिनापारिश्रमिक अवकाश दिएको थियो।

गौशाला वडा प्रहरी कार्यालयले ०५१ भदौ ९ गते करीब ६०-७० जना गार्मेण्ट मजदुरलाई पक्राउ गरी एकरात हिरासतमा राख्यो। मजदुरहरूले काम नगरेकोमा गार्मेण्ट मालिकको उजुरीमा ती मजदुर पक्राउ परेका थिए।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धमा कुनै उल्लेख्य घटना भएको पाइएन। तर यस जिल्लामा विभिन्न उद्योगहरूमा दैनिक १२ घण्टाभन्दा बढी काम लगाउने र त्यसको उचित श्रम नदिने, दैनिक १८ घण्टासम्म काम गर्नु पर्ने जस्ता घटनाहरू पनि देखिएका छन्।

### ६.३ अन्य आर्थिक अधिकार

देशको राजधानी भएकाले पनि यहाँ आर्थिक गतिविधिसंग सम्बन्धित राष्ट्रिय स्तरका विभिन्न घटनाहरू हुने गरेका पाइन्छन्। आर्थिक क्षेत्रमा सकारात्मक पक्षका अतिरिक्त आर्थिक अनियमितता, भ्रष्टाचार, घुसखोरी र कमिशन जस्ता अनेकौं घटनाले यो जिल्लामा प्रत्येक वर्ष विभिन्न रूपमा चर्चा पाइरहेको हुन्छ।

विपन्न वर्गमा अनिवार्य रूपले लगानी गर्नु पर्ने कर्जा प्रवाहित गर्न नसकेकोमा राष्ट्र बैंकले नेपाल ग्रिण्डलैज बैंकलाई ३ लाख ९४ हजार, नेपाल इण्डोस्वेज बैंकलाई ७ लाख २५ हजार, हिमालयन बैंकलाई १ लाख ४४ हजार र राष्ट्रिय वाणिज्य बैंकलाई ३१ लाख ४१ हजार हर्जाना लगाउने निर्णय ०५१ भदौ २६ गते गरेको थियो।

राष्ट्रिय खेलकूद परिषदमा आर्थिक अनियमितता भएको सम्बन्धमा विभिन्न चर्चा शुरू भएपछि यस परिषदमा विशेष प्रहरीले छापा मारेको थियो।

नेपाल अधिराज्यको संविधान ०४७ को धारा ७१ (१) बमोजिम आयकर दस्तुर महसूल उठाउने अध्यादेश ०५१, पेश्की अध्यादेश ०५१ र ऋण तथा जमानत अध्यादेश ०५१ यी चारवटै अध्यादेश संविधानको धारा ८१ (१) बमोजिम प्रतिकूल हुँदा वदर गरी पाउँ भनी अधिवक्ता विष्णुप्रसाद भट्टराई र चेतेन्द्रजंग हिमालीले साउन ११ गते दिनु भएको रिट निवेदनको सर्वोच्च अदालतले ०५१ साउन २० गते कारण देखाउ आदेश जारी गर्‍यो।

जुवा मुद्दामा पक्राउ परेका भोटेवहाल निवासी पुरूषोत्तम केडियालाई छुटाउन प्रहरीलाई ५० हजार घुस दिने सुरेन्द्र जैनलाई प्रहरीले पक्राउ गर्‍यो। घुस दिने व्यक्तिलाई भ्रष्टाचार निवारण ऐन बमोजिम कारवाही गरिने प्रहरीले बताए।

त्यस्तै यो वर्ष प्रतिनिधि सभा सार्वजनिक लेखा समितिले विभिन्न संघ संस्था र व्यक्तिहरूका नाममा भएको बेरूजु, आर्थिक अनियमितता र भ्रष्टाचारहरू सार्वजनिक

गऱ्यो। शाही नेपाल वायु सेवा निगमको यूरोप उडान बारेको आर्थिक अनियमितता सबैभन्दा बढी चर्चित रह्यो। त्यस्तै यस वर्ष यस निगममा प्रधानमन्त्री कार्यालयको ५२ लाख र पर्यटन मन्त्रालयको १० लाख टिकटवापतको रकम फर्स्यौट हुन बाँकी देखियो।

काठमाडौं नगरपालिका-२४ वटुटोलस्थित वसुन्धरा स्टोर्सका मालिक राजभूषण रौनियारको पसल आय कर निर्धारण समिति बबरमहलका कर्मचारीलाई घुस नदिएको कारण ०५० सालको अन्तिम देखि बन्द गरिएको थियो भनी पीडित पक्षले गुनासो गरेको बताइन्छ।

आफ्नो हक हनन भयो भनी रौनियारले सर्वोच्च अदालतमा मुद्दा दायर गरेकोमा अदालतको अन्तरिम आदेशले सो पसल खोल्दा ३ लाख रूपियाँभन्दा बढीको सामान बिग्रेको थियो। त्यसरी आफ्नो सामान बिग्रकोमा उनले क्षतिपूर्तिका लागि दावी गर्दै सम्बन्धित निकायमा जाहेरी दिएका छन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस सम्बन्धी कुनै पनि प्रथा यहाँ कायम रहेको छैन।

नेपालमा विद्यमान बाँधा श्रम प्रणालीको अन्त्य गरी बाँधा मजदुरको हक हितको संरक्षण गरी पाउँ भनी सर्वोच्च अदालतमा ०५० चैत ५ गते अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) का अध्यक्ष सुशील प्याकुरेलले एक रिट दायर गर्नु भएको थियो।

सो रिटको सम्बन्धमा ०५० चैत ३१ गते अदालतले श्री ५ को सरकारलाई कारण देखाउ आदेश जारी गरेको थियो।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

०५० पुस १० गते केही उच्छृंखल युवकहरूले धोबीखोला किनारमा बसेका सुकुम्बासी वस्तीमा गएर त्यहाँ गलैंचा बुन्ने महिलाहरूमाथि अभद्र व्यवहार गरे। ती व्यक्तिहरू उपचुनावको सन्दर्भमा कांग्रेस पक्षको भोट माग्न गएका थिए।

काठमाडौं नगरपालिकाको फोहोर फाल्न धादिङ्ग जिल्लामा फोहोर लिएर गएका कानपाका केही कर्मचारीलाई गजुरीका स्थानीय जनताले कुटपिट गरी फर्काए। यो घटना ०५० माघको दोस्रो हप्तामा भएको थियो।

यस वर्ष एकजना नेपाली नागरिकले विदेशमा मृत्यु दण्डको सजाय पाए। १९९३ को फरवरी ११ मा सिङ्गापुरमा लागु औषध कारोवारमा पक्राउ परेका गोरखाका वुद्धमान गुरुङ्गलाई १९९४ को शुरूमा नै सिङ्गापुरको अदालतले मृत्यु दण्डको फैसला सुनाएको थियो। उनलाई ०५१ असार ३१ गते सिङ्गापुरमा फाँसी दिइयो। तर वुद्धमान गुरुङ्ग गरीब परिवारका व्यक्ति भएकाले उनी स्वयं लागु औषध कारोवार गर्ने व्यक्ति नहुन सक्ने अनुमान गरिएको थियो।

त्यस्तै भारतको पूर्वीतर मणिपुरमा रहेका १२ परिवार
त्यस्तै भारतको पूर्वीतर मणिपुरमा रहेका १२ परिवार
प्रवासी नेपालीलाई पनि स्थानीय "कुकी" जातका आदिवासीले घरबार बिहीन बनाए।

०५१ असार ३१ गतेको आइ.कम. प्रथम वर्षको परीक्षामा सम्मिलित जुद्धोदय मा.वि. केन्द्रका परीक्षार्थी सविनराज वैद्यलाई अनियमित कार्य गरेवापत उक्त परीक्षाबाट वञ्चित गराइयो। त्यस्तै सोही केन्द्रमा ०५१ भदौ १९ गतेको बी.ए. दोस्रो वर्षको परीक्षामा मर्यादा विपरीत कार्य गरेकोमा परीक्षार्थी देवेन्द्र थापा र किरण ढकाललाई उनीहरूको सो वर्षको परीक्षा रद्द गर्नुका साथै ०५३ सम्मको त्रि.वि.का कुनै परीक्षामा सम्मिलित हुन नपाउने गरी त्रि.वि. केन्द्रीय परीक्षा समितिले निष्काशन गऱ्यो।

नेपालमा पारिवारिक हिंसाका घटनाहरू धेरै हुने गरेका छन्। पारिवारिक हिंसाका घटनाहरू पनि प्रत्यक्ष मानवअधिकार हननसंग सम्बन्धित हुने गर्दछन् तर बन्द कोठाभित्र घट्ने त्यस्ता घटनाहरू सार्वजनिक हुने, सत्य तथ्य पत्ता लाग्ने र अपराधी पत्ता लगाउने जस्ता कार्य नेपालमा सरल छैन। त्यस सम्बन्धी मुद्दा हेर्ने पारिवारिक अदालत र परामर्श केन्द्रको व्यवस्था छैन। पारिवारिक हिंसाको शिकार विशेष गरी महिला, बालक र वृद्धले हुनु पर्दछ। तसर्थ पारिवारिक हिंसाका घटना हेर्ने गोप्य अनुसन्धान केन्द्र हुनु पर्ने कुरा पनि यस वर्ष केही क्षेत्रमा उठ्यो।

पारीवारिक हिंसाका मुद्दाहरू प्रहरीकहाँ आउने गरेता पनि त्यस सम्बन्धमा प्रहरी अधिकार र नियमको सीमाले केही गर्न नसकिने कुरा प्रहरी अधिकृतहरू बताउँछन्।

एमनेष्टी इन्टरनेशनल नेपाल शाखाको केन्द्रीय कार्यालयमा ०५१ बैशाख १४ गते राजस्व अनुसन्धानका अधिकृतहरूले अनाधिकृत रूपमा हतियार सहित प्रवेश गरी खानतलासी गरे। आफूलाई राजस्व अनुसन्धान शाखाको अधिकृत बताउने अमृतप्रसाद कायस्थ समेत ७ जनाको सो टोलीले आफ्नो परिचय पत्र देखाउन इन्कार गरेका थिए।

फागुन १९ गते चन्द्र गिरी पहाडमा एक लाश रूखमा झुण्डेको अवस्थामा सेनाहरूले देखे। सो लाश कसको हो भन्ने थाहा भएन।

नेपाल अधिराज्यका विभिन्न स्थान हुँदै बिना राहदानी थानकोट नाका भएर काठमाडौं प्रवेश गर्न चाहने १८ जना तिब्बती शरणार्थीलाई ०५० चैत १० का दिन प्रहरीले पक्राउ गरी श्री ५ को सरकार अध्यागमन विभागलाई बुझाएको थियो।

त्यस्तै ०५० पुस २४ गतेका दिन बिना राहदानी नेपाल प्रवेश गर्न खोजेकोमा १२ वर्षीय तिब्बती बालिका निमा छिरिङ्गलाई नेपाल प्रहरीले पक्राउ गरेकोमा माघ १० का दिन श्री ५ को सरकार अध्यागमन विभागले शरणार्थीका रूपमा संयुक्त राष्ट्र संघीय उच्च आयोगलाई बुझाएको थियो। ती बालिकालाई नेपाल प्रवेश गराउन सहयोग गर्ने दोलखाका २४ वर्षीय गोपालबहादुर बुढाथोकीलाई पनि प्रहरीले गिरफ्तार गऱ्यो। तिब्बती शरणार्थी सम्बन्धी समस्या पनि नेपालमा

क्रमशः बढ्दै गएको छ। यसले विशेष गरी काठमाडौं जिल्ला प्रभावित हुँदैछ।

त्यस्तै भूटानी शरणार्थी सम्बन्धी समस्यालाई लिएर पनि यस वर्षभरी नै यहाँ धेरै गतिविधि चर्चा परिचर्चा तथा दुई पक्षीय वार्ताहरू सम्पन्न भए।

सामाजिक विकृतिको रूपमा रहेको जातीय भेदभाव र छुवाछूत प्रथा काठमाडौंमा पनि गाउँ गाउँमा कायमै छ। तर यस घटनासंग प्रत्यक्ष सरोकार राख्ने छुवाछूत सम्बन्धी कुनै घटना यो वर्ष भएनन्। छुवाछूतका विरूद्ध अछूत भनिने जातिहरूले त्यसका विरूद्धमा समय समयमा विभिन्न आवाजहरू विभिन्न रूपमा उठाए।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस जिल्लामा राजधानी रहेका कारण जिल्ला लगायत राष्ट्रिय विभिन्न घटनाका सम्बन्धमा विभिन्न निकाय, क्षेत्र, दल, व्यक्ति र संस्था आदिले आ–आफ्नो किसिमका प्रतिक्रियाहरू व्यक्त गर्ने र प्रेस वक्तव्य आदि प्रकाशित गरेका छन्। विशेष गरी प्रमुख प्रतिपक्षी दल एमाले र मानवअधिकारवादी संस्थाहरू यस सम्बन्धमा सक्रिय रहे।

भारतीय प्रहरीको अनाधिकृत हस्तक्षेपको विरोध गर्दै प्रतिनिधिसभाको चैत १५ गतेको बैठकमा निक्कै तनाब र विवाद उत्पन्न भयो। प्रतिपक्षी सांसदहरूले घटनाका बारेमा गृहमन्त्रीसंग तत्काल जानकारीको माग राखेता पनि गृहमन्त्रीले तत्काल स्पष्ट जवाफ दिन सक्नुभएन। प्रमुख प्रतिपक्षी दल एमालेको तर्फबाट गृहमन्त्रीलाई २४ घण्टाभित्र सो सम्बन्धमा विस्तृत जानकारी दिन भनियो भने संजमो र नेमकिपाले सदन नै वहिष्कार गरे। सदनभित्रै राष्ट्घाटी सरकार मूर्दावादको नारा पनि लागेको थियो।

सो घटनाका सम्बन्धमा चैत १६ गते एक प्रेस वक्तव्य जारी गर्दै भारतीय राजदूतावासले "ठूलो दुःख" का साथ हेरेको जनायो। वक्तव्यमा सो सम्बन्धमा भारत सरकारले तत्काल छानवीन गर्ने जानकारी पनि दिएको थियो। घटनाप्रति भारत सरकारका तर्फबाट गहिरो दुःख व्यक्त गरिएको र यस घटनाले नेपालको आन्तरिक मामलामा हस्तक्षेप नगर्ने सिद्धान्त तथा नेपालको भूअखण्डता एवं सार्वभौमिकताप्रतिको आदर भाव र त्यसको हार्दिक अनुशरण गर्ने भारत सरकारको नीति कुनै हालतमा पनि विचलित नहुने कुरा पनि जनाइएको थियो। वक्तव्यमा श्री ५ को सरकारबाट उपलब्ध सूचना अनुसार दिल्ली प्रहरीको एक सानो दलले आदेश र अख्तियारभन्दा बाहिर गई केही अवाञ्छित व्यक्तिलाई खोजेको कुरा स्वीकार गरिएको थियो।

०५० चैत २४ गते वानेश्वरमा भारतीय प्रहरीले अनाधिकृत रूपमा गरेको अतिक्रमणको छानवीन गर्ने बलरामसिंह मल्ल रहनु भएको एक सदस्य आयोग श्री ५ को सरकारले गठन गरेको थियो। सो आयोगले ०५१ जेठ २ गतेका दिन आफ्नो प्रतिवेदन बुझायो। तर सो प्रतिवेदन सरकारले सार्वजनिक गर्न चाहेन भने त्यस प्रतिवेदनमा भारतीय प्रहरीहरूले नेपालमा पटक पटक त्यस्ता अतिक्रमण गरिरहेको तर त्यस्ता घटना नदोहोरियुन भनेर विगतमा कुनै सरकारले ध्यान नदिएको कुरा पनि उल्लेख भएको बताइन्छ।

०५० असार ११ गते वाम आन्दोलनका क्रममा प्रहरीद्वारा वेपत्ता पारिएका प्रभाकर सुवेदीका सम्बन्धमा सर्वोच्च अदालतले पुनः अर्को आदेश जारी गरेको थियो। यस अगाडि अदालतले सो सम्बन्धमा सम्पूर्ण जानकारी दिन १५ दिने आदेश प्रहरी प्रधान कार्यालयलाई दिएकोमा त्यस कार्यालयबाट प्रहरी महानिरीक्षक मोतिलाल बोहराले प्रहरीले पक्राउ गरेर उपचार गरेको र छुटेको उल्लेख गर्नु भएको थियो। तर सो पर्याप्त नदेखेपछि अदालतले पुनः चैत ७ गतेका दिन विपक्षका नाममा जारी गरेको आदेशमा संलग्न फोटो, त्यहाँ देखिएका प्रहरी सबैको विवरण मागेको छ।

अमेरिकी कांग्रेस, जापानी डायट, यूरोपियन संसद तथा रूसी संसद आदिको प्रतिनिधित्व भएको "सन्तुलित वातावरणको लागि विश्व विधायक संघ" ले विश्व बैंकका अध्यक्षका नाममा एक पत्र लेखी नेपालमा निर्माण गरिने भनिएको अरूण तेश्रो फाइदाजनक नभएकोले त्यसलाई रोकी पुनर्विचार गर्नका लागि अनुरोध गरेका थिए।

प्रतिनिधि सभा विघटनको विरोधमा सबै राजनीतिक पार्टीहरूले एक स्वरमा आवाज उठाएका थिए। त्यसै क्रममा ०५१ असार ३१ गते नेपाल जनवादी मोर्चाका अध्यक्ष रामराजा प्रसाद सिंहले प्रतिनिधि सभा पुनर्स्थापना हुन सक्ने आफ्नो तर्क दिनु भयो।

उहाँको सो तर्क प्रचारमा आएपछि ०५१ साउन १ गते सांसदद्वय गणेश पण्डित, हरी नेपाल र राजनैतिक कार्यकर्ता दुर्गा सुवेदी र लोककृष्ण भट्टराईले सर्वोच्च अदालतमा एक रिट दिनु भयो। सो रिटको अदालतले साउन १७ गते कारण देखाउ आदेश जारी गरेको थियो। तर अदालतले ०५१ भदौ २७ गतेको फैसलाले सो रिट खारेज गऱ्यो।

यसै क्रममा इन्सेकले ०५१ असार २८ गते एक वक्तव्य प्रकाशित गरी संसद चलिरहेको अवस्थामा संसदको विघटन तथा जनताको विश्वास गुमाई सकेको सरकारलाई नै आगामि चुनाव गराउने जिम्मा दिएकोमा विरोध प्रकट गऱ्यो। वक्तव्यमा चुनावले देश आर्थिक संकटमा फस्ने र संसद तथा राजनीतिक पार्टीको मर्यादामा आँच पुऱ्याउने कुरा उल्लेख थियो।

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा ०५१ साउन १६ गते प्रकाशित मानवअधिकार स्थिति सूचक एकाँगी, अपूर्ण, दुराग्रहयुक्त र अतिरञ्जनापूर्ण रहेको भन्दै गृहमन्त्रालयले सो प्रकाशनमा उल्लेख भएका कुराको खण्डन गऱ्यो। मन्त्रालयले त्यस प्रकाशनमा उल्लेख भएको आस्थाका बन्दीका सम्बन्धमा र झूठ्ठा मुद्दाका सम्बन्धमा प्रतिवाद गरेको थियो। भदौ २९ गते प्रकाशित खण्डनमा प्रतिवेदनमा "सडकमा आएका कुरालाई स्थान दिइएको तर राज्यका तर्फबाट व्यक्त कुराहरू समावेश नगरेको" उल्लेख थियो।

सो खण्डनको पुनः प्रतिवादमा इन्सेकले अर्को एक

वक्तव्य प्रकाशित गरी स्थिति सूचकमा उल्लेखित कुरालाई आवश्यक परे सप्रमाण पुष्टी गर्ने जानकारी दिएको थियो।

०५१ साउन २३ गते राप्रपा काठमाडौं जिल्ला परिषदको उद्घाटन गर्दै सो पार्टीका उपाध्यक्ष जोगमेहेर श्रेष्ठले पञ्चायतकालमा ४ हजार धरौटी अथवा ३५ दिन थुनामा हुने सार्वजनिक अपराध ऐनको सजाय बढाएर नेपाली कांग्रेसको सरकारले २ वर्ष कैद र २८ हजार धरौटी कायम गरिएको बताउनु भयो। उहाँले अहिले देशभरिका ४ हजार नागरिकलाई झूट्ठा सार्वजनिक मुद्दामा फसाएर दुःख दिइएको पनि जानकारी गराउनु भयो।

भारतीय प्रहरीहरूको बढ्दो अवैध प्रवेश र अतिक्रमणले नेपालको सार्वभौमिकता एवं राष्ट्रिय अखण्डतामाथि आँच पुगेको ठहर गर्दै सो को रक्षार्थ ६ वटा मानवअधिकारवादी संस्थाले भदौ २२ गतेदेखि ३० गतेसम्म उपत्यकाका विभिन्न ठाउँमा सेतो कपडामा हस्ताक्षर संकलनको प्रारम्भ गरे। सो अभियान इन्सेक, इन्हुरेड, वाच, सीवीन, मासम र सीभीक्टको संयुक्त आयोजनामा गौशाला, नयाँ सडक, मंगलबजार, लगनखेल, जाउलाखेल, दरवारस्क्वायर, न्यातपोल आदि स्थानमा गरिएको थियो।

हस्ताक्षर संकलन अभियानका क्रममा पनि त्यसमा संलग्न विभिन्न ठाउँमा मानवअधिकार कार्यकर्ताले विभिन्न अपरिचित व्यक्तिहरूको धम्की र हातपातको सामना गर्नु पऱ्यो।

संयुक्त जनमोर्चा नेपालले पनि नेपालमा घटेका विभिन्न घटनाका सन्दर्भमा पटक पटक वक्तव्यहरू प्रकाशित गऱ्यो। यसै सन्दर्भमा यस पार्टीका संयोजक डा. वावुराम भट्टराई र एकता केन्द्रका महासचिवले एक वक्तव्य प्रकाशित गर्दै ०५१ मंसीर ९ गते रोल्पामा भएको परम्परागत जात्राका दिनको घटनाको छानवीनको माग र सो पार्टीका एकहजार भन्दा बढी कार्यकर्ता विभिन्न झूट्ठा मुद्दामा फसाइएको बताउनु भयो।

नेपाल सरकार र त्यसका प्रहरीले पटक पटक नेपाली नागरिकहरूको मानवअधिकारको उल्लंघन गरेको कुरा एम्नेष्टी इन्टरनेशनलले आफ्नो प्रतिवेदनमा जनाएको छ। सो संस्थाको नेपाल शाखाले जनाए अनुसार यातना पीडित क्षतिपूर्ति विधेयक र फौजदारी अभियोग लगाइएकाहरूको सम्बन्धमा स्पष्टता नभएको र प्रतिपक्षी दलको आन्दोलनका क्रममा हजारौं कार्यकर्तालाई बिना अभियोग थुनिएको पनि उक्त प्रतिवेदनमा उल्लेख छ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रले आस्थाका बन्दीको पक्षमा आवाज उठाउने हिजोको प्रतिपक्ष आज सत्तामा पुगेको अवस्थामा पनि आवाज पूरा नगरेकोमा एक वक्तव्य प्रकाशित गर्दै दुःख प्रकट गऱ्यो। प्रधानमन्त्रीलाई विश्व मानवअधिकार दिवसको उपलक्ष्यमा दिइएको स्मृति पत्रमा त्यस सम्बन्धी कुरालाई उठाइएको तर कारवाही नगरिएकोले इन्सेकले पुनः ०५१ पुस ११ गते सो वक्तव्य प्रकाशित गरेको हो।

अमेरिकाबाट प्रकाशित "न्यूजवीक" अन्तर्राष्ट्रिय पत्रिकाले अगष्ट १ को अंकमा नेपाल सम्बन्धी केही चर्चा गरेको छ। सो चर्चामा नेपालको राजधानी काठमाडौंमा ५ हजार वेश्याहरू भएको, देशका विभिन्न राजमार्गका छेउमा २५ हजार भट्टीहरू भएको र त्यहाँ वेश्यावृत्ति हुने गरेको, भारतका विभिन्न वेश्यालयहरूमा २ लाख नेपाली युवतीहरू वेश्यावृत्ति गर्ने गरेको उल्लेख छ। त्यस्तै सोही पत्रिकाले नेपाल र भारत बीच ३ लाख कामदार आवत जावत गर्ने, एड्स प्रकोप बढेको कुरा लेखेको छ। त्यस्तै गरी नेपालमा १ सय ८० डलरको प्रतिव्यक्ति वार्षिक आय रहेको र यो देश विश्वकै कम आय हुने देशमध्ये पर्ने कुरा जनाइएको छ। देशका विभिन्न भागमा आफ्नै छोरीहरू आमाबाबुले दलाललाई बेच्ने र विभिन्न उद्योगमा हुने बालमजदुर पनि यौन शोषणको शिकार बन्ने कुरा सो पत्रिकाले उल्लेख गरेको छ।

यसै गरी मंसीर २४ गते विश्व मानवअधिकार दिवसका उपलक्ष्यमा आयोजित प्रवचन कार्यक्रममा बोल्दै प्र.म. अधिकारीले मानवअधिकारमा अवरोध पुऱ्याउने कानून बदल्न र संशोधन गर्न सकेसम्म आगामी सदनको अधिवेशनमा विधेयक ल्याइने बताउनु भयो। सो कार्यक्रम पनि माथि उल्लेखित संस्थाहरूकै आयोजनामा सम्पन्न भएको थियो।

नेपाल विद्यार्थी संघका महामन्त्री चन्द भण्डारीले एक वक्तव्य प्रकाशित गर्दै नेकपा एमालेको सरकार बने यता मुलुकका विभिन्न भागमा ६ जना मारिएको, मारिनेहरूमा रोल्पा जिल्ला कांग्रेस सदस्य नयनबहादुर खत्री, सुके बुढाथोकी, सिराहा जिल्ला सिराहा गाविस अध्यक्ष जमीन शाह र पुल्कीत यादव, दोलखाका उमेश श्रेष्ठ र कास्कीका प्रजापति तिमिल्सिना भएको बताउनु भयो। मंसीर २६ गते प्रकाशित सो वक्तव्यमा अपराधीमाथि कारवाही र झूट्ठा मुद्दामा फसाउने कार्यको बन्द र त्यस्ता मुद्दा खारेजी गरिनु पर्ने कुरा पनि उल्लेख थियो।

०५१ साउन १० गते श्री ५ को सरकार गृह मन्त्रालयका प्रवक्ताले सन् १९९३ को जुन-जुलाई महिनामा एमाले र अन्य वामपन्थी दलहरूले गरेको विरोध कार्यक्रममा २४ जना सुनियोजित ढङ्गले मारेको पनि एमनेष्टी इन्टरनेशनलद्वारा प्रकाशित गरेको प्रतिवेदनको खण्डन गर्नु भयो। गृहमन्त्रालयका प्रवक्ताले आफ्नो खण्डनमा वामपन्थी दलहरूको कार्यक्रममा सुनियोजित ढंगले कसैलाई नमारिएको तर प्रदर्शनकारीहरूबाट हिंसा, तोडफोड, आगजनी आदिको प्रयास भएको र सो हुन नदिन बल प्रयोग गर्दा १६ जना मरेका हुन्, २४ जना होइनन् भन्दै आतंक मच्चाउने भीड र समूहलाई तितरबितर पार्न दंगा प्रहरीले हवाई फायर गर्दा दुर्घटनामा परेका हुन् भनी जनाउनु भएको थियो। हिरासतमा नराखिएको पनि बताउनु भएको थियो। उहाँले जेलमा कुनै प्रकारको यातना नदिइएको र अधिराज्यका कुनै पनि जेलमा आस्थाका बन्दी नरहेको पनि उल्लेख गर्नु भएको थियो

प्रतिनिधि सभा विघटन भएपछिका प्रतिपक्षी राजनैतिक दलका विभिन्न आन्दोलनका क्रममा तथा त्यस अधिका

मानवअधिकार हननका विभिन्न घटनाका सन्दर्भमा मानवअधिकारवादी विभिन्न संघ संस्थाहरू इन्सेक, इन्हुरेड, वाच, सीवीन, मासम र सीभीक्ट लगायतका संस्थाहरूले प्रहरी प्रशासनद्वारा भएका हस्तक्षेप आदिका विरूद्ध पटक पटक वक्तव्य आदि प्रकाशित गर्दै सम्बन्धित निकायको ध्यानाकर्षण गराएका छन्। ती वक्तव्यहरूमा राज्यस्तरबाट हरेक पटक नागरिकको मानवअधिकार हनन हुने गरेका कुराहरू उल्लेख छन्।

यी संस्थाहरूले नेपालमा विगतमा झैं प्रहरीमा मानवअधिकारप्रति चेतना नभएको, मानवअधिकार हननकर्तालाई सार्वजनिक नगराउने परम्परा यथावत रहेको, संविधानमा बाझिएका कानूनहरू संशोधन हुन नसकेको, यातना नियन्त्रण नभएको, महिला, बालबालिका आदिका क्षेत्रमा कुनै सुधार नभएको, जनताको जीवीकोपार्जनका सबै पक्षीय क्षेत्र असुरक्षित रहेको आदि कुरामा जोड दिएका थिए।

०५१ साउन १६ गते इन्सेकद्वारा ०५० पुस १७ देखि ०५१ असारसम्मको नेपालमा मानवअधिकार सम्बन्धी स्थिति सूचकांक प्रकाशित गरियो। सो सूचकांकमा अपराध कार्यको वृद्धि, कानूनको पालना सन्तोषजनक नभएको, प्रहरीले नागरिकको सुरक्षा गर्नु सट्टा यातना दिएको, अधिराज्यका विभिन्न भागमा मानवअधिकार उल्लंघनका घटनाहरू घटेको, वेपत्ता पारिएका प्रभाकर सुवेदी, विष्णुनाथ तिमिल्सिना, रवीन के.सी. आदिको पत्ता नलागेको, २३ जना आस्थाका बन्दी रहेको उल्लेख छ।

०५१ भदौ ३ गते एमाले लगायतका वामपन्थी समूहहरूको आव्हानमा भएको सिंहदरवार घेराउ कार्यक्रममा एमालेका अध्यक्ष मनमोहन अधिकारी, महासचिव तथा स्थायी सदनमा प्रतिपक्षी दलका नेता माधवकुमार नेपाल लगायत हजारौं नेपालीलाई गिरफ्तार गरेर गिरिजा सरकारले आफ्नो निर्मम तानाशाही र निर्लज्ज क्रुरताको प्रदर्शन गरेको कुरा सोही दिन एमालेको केन्द्रीय प्रचार विभागका प्रमुख प्रदीप नेपालद्वारा प्रकाशित प्रेस वक्तव्यमा उल्लेख गरिएको थियो। सोही वक्तव्यमा शान्तिपूर्ण धर्नामा बसेका आन्दोलनकारीहरूलाई तितरवितर पार्न र आतंकित तुल्याउन सरकारले नागरिकहरूमाथि निर्मम लाठी प्रहार गरेको र त्यसबाट ३ जना युवा गम्भीर घाइते भएको, सरकारले शहरमा आतंक फैलाएको र सो हिंस्रक दमनको घोर विरोध र भर्त्सना गर्दै गिरफ्तारमा पर्ने सम्पूर्ण जनसमुदायलाई रिहाई गर्न माग गरिएको थियो।

नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंहले ०५१ भदौ २७ गतेदेखि नेपाली कांग्रेस त्यागेको र कांग्रेसको सर्वोच्च नेता पनि नरहेको कुरा सार्वजनिक गर्नु भयो। उहाँले आफू सदैव प्रजातन्त्र र मानवअधिकारको पक्षमा उभिने कुरा पनि सोही अवसरमा बताउनु भयो।

प्रधानमन्त्री मनमोहन अधिकारीलाई मंसीर २३ गते मानवअधिकारवादी संस्थाका प्रतिनिधिहरूको एक प्रतिनिधि मण्डलले भेटी नेपालमा मानवअधिकारको स्थिति बारे एक स्मृति पत्र प्रदान गर्‍यो। सो अवसरमा प्र.म. अधिकारीले मानवअधिकारका सम्बन्धमा कुनै पनि कदम चाल्नुअघि सम्बन्धित संस्थाहरूसंग राय सल्लाह लिने र विभिन्न गोलीकाण्डहरू तथा रहस्यमय मृत्युका सम्बन्धमा छानवीन गर्नु पर्ने कुरामा सरकार सचेत रहेको बताउनु भयो। स्मृति पत्रमा नेपालमा मानवअधिकारको स्थिति र अधिकार सम्पन्न मानवअधिकार आयोगको गठन गर्न तत्काल एक कार्यदल बताउनु पर्ने सुझाव दिइएको थियो।

प्रतिनिधि मण्डलमा मासम, इन्सेक, नेमाधिसं, इन्हुरेड, सिभिक्ट, सीवीनका प्रतिनिधिहरू हुनुहुन्थ्यो।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लघनसंग प्रत्यक्ष असम्बन्धित)

नेपालमा परिवार नियोजनका निम्ति प्रयोग गरिने बन्ध्याकरण प्रक्रियालाई पनि अहिलेसम्म कानूनी मान्यता प्राप्त छैन। यस प्रक्रियालाई अङ्गभङ्ग भनी मुद्दा लाग्न सक्छ तर यो प्रक्रिया निक्कै पुरानो भइसकेको छ र समझदारीका आधारमा काम भइरहेको छ। बन्ध्याकरण नेपालमा ०२२ देखि शुरू भएको हो।

त्यस्तै निःसन्तान दम्पत्तीको लागि पनि सन्तान प्राप्तिका सम्बन्धमा केही प्रविधि र प्रक्रिया नेपालमा उपलब्ध छ। तर यस प्रक्रियालाई पनि कानूनी मान्यता नभएकाले सो सम्बन्धी कानून हुनु पर्ने यस क्षेत्रमा सम्बन्धित चिकित्सकहरूले यस वर्ष उठाए। निःसन्तान दम्पत्तीका लागि सन्तान प्राप्तिको प्रक्रिया नेपालमा ०४० देखि शुरू भए पनि यो सुविधा सीमितले मात्र पाउने र यसलाई व्यापक गर्न नसकिएको उनीहरूको भनाई छ।

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यो वर्ष विभिन्न दुर्घटनाहरूमा परी २ सय १ जनाको ज्यान गएको छ। ४ जना सडक दुर्घटनामा परी घाइते भएका थिए। सडक दुर्घटनाबाट मात्र ८१ जना मानिस र ३ जनावरको ज्यान गएको कुरा जिल्ला प्रहरी कार्यालय हनुमान ढोकाले जनाएको छ।

मानवअधिकारवादी कार्यकर्ता रामकुमार जीवन मित्रको ०५१ साउन २३ गते बेलुकी महाराजगञ्जमा बा.अ.ह ८७७ नं.को टेम्पोले ठक्कर दिई घाइते बनाएकोमा उपचार गर्दा गर्दै उहाँको निधन भयो। यस घटनाका सम्बन्धमा साउन २५ गते प्रहरीले सो टेम्पो चालक गणेशबहादुर तण्डुकारलाई पक्राउ गर्‍यो। प्रहरीले ड्राइभरलाई भदौ १९ गते आवश्यक अनुसन्धान गरी कारवाहीका लागि अदालतमा बुझाएको थियो।

त्यस्तै कीर्तिपुर स्नोल्याण्ड कार्पेट फ्याक्ट्री पाँगाको सेफ्टी टैंकी सफा गर्न लाग्दा ०५१ बैशाख १६ गते ३० वर्षीय पूर्ण पोडे र ४५ वर्षीय ज्यापुचा पोडेको सेफ्टी टैंकीको ग्याँसबाट बेहोश भई निधन भयो। अन्य २ जनालाई उपचारका लागि अस्पताल भर्ना गर्नु परेको थियो।

०५१ असार ५ गते महाराजगंज चण्डोलमा एकै इनारमा ३ जनाको मृत्यु भयो। सो दिन विहान सो इनारको ढकनी खोलेर हेर्दा पहिले २३ वर्षीय ववी कवाडी त्यसमा परे। उनी भित्रबाट ननिस्केपछि उनका भाइ २१ वर्षीय नानी कवाडी इनारमा फेरी पसे र उनी पनि फर्केनन्। अन्त्यमा ती दुबैजनालाई खोज्न मध्यमाञ्चल क्षेत्रीय प्रहरी कार्यालयमा कार्यरत असइ कृष्णबहादुर रानामगर इनार भित्र पसे। तर उनी पनि बाहिर निस्कन सकेनन्। उनीहरूको लाश दमकल लगाएर बाहिर निकालियो। त्यहाँभित्र रहेको ग्याँसले निसासिएर उनीहरूको मृत्यु भएको थियो।

०५१ पुस १६ गते राती गोरखापत्र संस्थानको वा.अ.घ ४५४ नं. गाडीका चालक ३० वर्षीय कृष्ण वस्नेतको संस्थान भित्रै निधन भयो। सो दिन पिकनिक खाएर फर्केका वस्नेतले निक्कै नै रक्सी सेवन गरेका थिए।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस प्रकारका घटनाहरू उल्लेखनीय रूपमा देखा परेको पाइएन।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

काठमाडौं जिल्लामा यस वर्षभरीमा १ सय ५० जनाले विभिन्न किसिमले आत्महत्या गरे। आत्महत्या गर्नेहरूमा ९३ जना महिला र ५७ जना पुरूष थिए। जस अनुसार विष सेवन ६१, आगो लगाएर २३, झुण्डिएर ५६, हतियार प्रयोग गरेर १, हाम फालेर ३ र डुबेर ६ जनाले आत्महत्या गरे। जसमध्ये केहीको विस्तृत विवरण निम्नानुसार छ।

०५१ बैशाख ३ गते प्रहरी प्रधान कार्यालयको प्रशासन कक्षको बन्द कोठामा प्रहरी असइ लालकाजी महर्जन झुण्डिएको अवस्थामा फेला परे। कोठाको साँचो बन्द गरिएको तर चाबी भित्रै भएको अवस्थामा लाश झुण्डिएको भेटियो। सो घटनाको वास्तविकता प्रहरीले सार्वजनिक गरेन।

सुन्दरीजल गाविस-९ की २६ वर्षीय श्रीमती विष्णु सापकोटा र ४ वर्षीय छोरी कमलाको ०५१ जेठ ११ गते सुन्दरीजलको पोखरीमा फेला पऱ्यो। श्रीमती सापकोटाका पति विद्युत प्राधिकरणका पियन पदका कर्मचारी र अलसरका दीर्घरोगी थिए। उनलाई सुन्दरी जलबाट वुटवल र त्यसपछि पोखरा सरूवा गरिएको पिरमा श्रीमती सापकोटाले छोरी समेतलाई लिएर पोखरीमा हाम फालेकी थिइन्।

०५१ साउन २९ गते "संकल्प" चलचित्रका निर्देशक तथा निर्माता केदार श्रेष्ठले कानपा-१० विजुली बजारस्थित आफ्नै घरमा मेटासिड खाएर आत्महत्या गरे। उनले निर्माण गरेको फिल्मको लगानी उठ्न नसकेपछि उनले आत्महत्या गरेको हुनु पर्ने उनका परिवारले बताए। उनको सो चलचित्रमा ५२ लाख लगानी भएको थियो।

वीर अस्पतालले जनाए अनुसार ०५१ भदौ महिनामा मात्र ३५ जनाले आत्महत्या गरे।

प्रहरी जवान विष्णुप्रसाद दाहालले कार्तिक २ गतेका दिन मेटासिड सेवन गरे। उनको सोही कारणले सोही दिन मृत्यु भयो। आर्थिक अवस्था कमजोर भएका कारण उनले आत्महत्या गरेका थिए। मृतक दाहालको घर उदयपुर जिल्लाको गाईघाट हो।

डाछी गाविस-६ की १५ वर्षीय लक्ष्मी काफ्लेले मंसीर २६ गते घरको दलीनमा झुण्डिएर आत्महत्या गरिन्। उनका परिवारका सदस्यका अनुसार उनले आत्महत्या गर्नुको कुनै कारण थाहा भएन।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस वर्ष ०५० चैत १४ गते वानेश्वरबाट शुरू भएको भारतीय प्रहरीको आतंकपूर्ण घटना गौशाला, वानेश्वर, कुलेश्वर र गोंगबु वसपार्क लगायतका ठाउँहरूमा पटक पटक देखा परे। गोंगवुमा ५ जना भारतीयलाई ०५१ साउन ३१ गते प्रहरीले पक्राउ गरेकोमा सोही दिन नै कुनै अनुसन्धान नगरी छोडियो।

०५० चैत २३ गते त्रिभूवन अन्तर्राष्ट्रिय विमान स्थलमा भारतीय सांसद शुकदेव पासवानलाई एक पेस्तोल सहित प्रहरीले पक्राउ गऱ्यो। पक्राउ गरेका सांसदलाई भारतीय राजदूतावास मार्फत भोलिपल्ट नै दिल्ली फिर्ता पठाइयो।

त्यस्तै यस वर्ष यस जिल्लामा डकैती, चोरी र ब्लैकमेलका घटनाहरू पनि प्रशस्त भए। जिल्ला प्रहरी कार्यालय हनुमान ढोकाले जनाए अनुसार डाँका २, चोरी १ सय १२, पुरातात्विक चोरी ३, चौपाया चोरी १ र ठगीका ३१ वटा घटनाहरू सो कार्यालयमा दायर भएका थिए। गुच्चा टोल र बटु टोलको सुन पसलमा भएको डकैती घटना पनि उल्लेख्य चर्चामा रह्यो।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१६ धादिङ्ग

जनसंख्या : २७८०६८

साक्षरता : ३२.० प्रतिशत

महिला साक्षरता : १८.४ प्रतिशत

क्षेत्रफल : १९२६ वर्ग कि.मी.

बागमती अञ्चलका ८ जिल्लामध्ये एक धादिङ्ग जिल्ला सुगम र दुर्गम दुबै ढंगले चिनिन्छ। यो जिल्लाको एक चौथाई भू-भाग मात्र खेती योग्य रहेको छ। बाँकी जमीन जंगल, गौचर, सडक, भीरपखेरा र नदीको बगरले ढाकिएको छ। जिल्लाको पूर्वी क्षेत्र सुगम मानिन्छ। तर उत्तरी क्षेत्र अत्यन्तै विकट रहेको छ। समग्रमा यो जिल्ला पनि आर्थिक विपन्नता, अशिक्षा, कुसंस्कार र गलत परम्पराका कारण पछौटे अवस्थाबाट मुक्त हुन सकेको छैन। यहाँ मानवअधिकार उल्लंघनका घटनाहरू पनि धेरै नै देखा पर्ने गरेका छन्।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

०५० माघ २ गते राती खाल्टे गाविसको नेवार वस्तीमा गुहार गुहार भनेर नेवारहरू कराएको सुनियो। त्यस्तो आवाज सुनिएपछि मगरवस्तीका मगरहरू पुगे। त्यहाँ केही पनि भएको थिएन। मगरहरू पुग्ने वित्तिकै सुरबहादुर सुनारीमगरमाथि आक्रमण गरियो। चिन्ताजनक अवस्थामा अस्पताल पुऱ्याइएका सुरबहादुरको ०५० माघ १६ गते मृत्युभयो। घटनाका अभियुक्तहरू मोहनबहादुर श्रेष्ठ, रमेश श्रेष्ठ, खिलनारायण श्रेष्ठ, लालबहादुर श्रेष्ठ लगायत ११ जनालाई कानूनी कारबाही चलाइएको छ।

वैरेनी गाविस-७ का भीमबहादुर कामी र सिन्धुपाल्चोक जिल्ला आरूवोटे गाविसका माइला कामी ०५० माघ १८ गते पिडा गाउँको पोखरे खेत भन्ने ठाउँमा घर चोर्न भनेर पुगे। गाउँलेहरू चोर आएको सुनेर खोज्न थाले। राती करीब २ बजेतिर पोखरे खोलामा माइला कामी मृत अवस्थामा र भीमबहादुर कामी खेतको छेउमा हात भाँचिएको अवस्थामा सामान सहित फेला परे। माइला कामीको मृत्युको सम्बन्धमा सोही ठाउँका मंगल राई, गोपाल राई, रामे राई, सोमबहादुर राई, रामबहादुर राई आदिलाई गिरफ्तार गरिएकोमा निजहरूले ०५१ जेठ ३ गते सफाई पाए। भीमबहादुर कामीलाई चोरीको अभियोगमा थुनामा राखिएको छ।

नौविसे गाविस-४ का २७ वर्षीय राजु राईलाई ०५१ मंसीर १९ गते आफ्नै दाजु बाबुलाल राईले दाबिलोले कुटपिट गर्दा राजु राईको मृत्युभयो। उनीहरू बीच पहिलेदेखि नै झगडा भैरहन्थ्यो। उक्त दिन पनि केही भनाभन भएपछि हत्याको घटना भएको थियो। अभियुक्तलाई पक्राउ गरी कारवाही चलाइएको छ।

### १.२ जेल र बन्दीहरू

यहाँको जेलको क्षमता २५ जनासम्म बन्दीहरू अटाउने रहेको छ। तर हाल यहाँ ३० जना थुनुवाहरू राखिएका छन्। एकजना पनि बन्दी नरहेको यो जेलमा महिला थुनुवा २ जना मात्र छन्। जेलमा एउटा चर्पी र एउटा धारो छ। जेलका सम्बन्धमा अन्य कुनै नकारात्मक कुराहरू रहेको पाइएन।

### १.३ गिरफ्तारी र यातना

बेनीघाट गाविस-८ का किसान डिल्लीप्रसाद कँडेल ०५१ बैशाख ३ गते आफ्नो बारी छेउको लडेको रूख बोकी आउँदै गर्दा वन कार्यालयका केही कर्मचारी र गार्ड गाडीमा चढेर आइपुगे। उनीहरूले डिल्लीप्रसादलाई गिरफ्तार गरी प्रहरी थानामा लैजान लाग्दा स्थानीय जनता भेला भई प्रतिवाद गर्न थाले। गाविस उपाध्यक्ष शिवराज कडेलले समेत पीडितले नियम विपरीत ढंगले रूख नकाटेको कुरा बताए। वन कार्यालयका गार्डहरूले अपशब्द प्रयोग गरी गाउँलेहरूलाई गाली गर्न थालेपछि झगडा

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | ३ | - | २ |
| बलात्कृत | - | - | १ |
| आत्महत्या | - | - | ९ |

हुने सम्भावना देखेर गाविस उपाध्यक्षले गाडी लिएर जान वन कार्यालयका कर्मचारीलाई भने। तर उनीहरूले डिल्लीप्रसादलाई पनि लिएर गए। त्यही नै घटनालाई आधार बनाएर राजनीतिक प्रतिशोध लिने उद्देश्यले गाविस उपाध्यक्ष लगायत थुप्रै जनालाई वारेण्ट जारी गरिएको थियो। यहाँ वन गस्तीको नाममा आउने व्यक्तिहरूले आतंकित बनाउने गरेको जन गुनासो छ।

संयुक्त जनमोर्चा नेपाल (बाबुराम भट्टराई) ले आव्हान गरेको नेपाल बन्द कार्यक्रमको दिन ०५१ बैशाख २१ गते पिंडा गाविस-२ का एमाले कार्यकर्ता कृष्णप्रसाद अर्याललाई गिरफ्तार गरी पिट्दै धादिङ्ग बेसी पुऱ्याइयो। नेपाल बन्द कार्यक्रमसँग सम्बद्ध नरहेका पीडित अर्याललाई ०५१ बैशाख २६ गते तारेखमा छोडियो। उनलाई सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाउने प्रयत्न पनि गरिएको बताइन्छ।

पिंडा गाविसका शिवबहादुर सुवेदी र रेशम पण्डितलाई ०५१ बैशाख २१ गते नेपाल बन्दका सिलसिलामा बसमा ढुंगा हानेको आरोप लगाई गिरफ्तार गर्न वारेण्ट जारी गरियो। गिरफ्तार गर्न नसकेपछि जिल्ला प्रशासन कार्यालयमा हाजीर हुन भनिएको उनीहरूको नामको सूचना घर घरमा टाँसेर जनतालाई नै आतंकित बनाइएको थियो।

घुमेस्थान गाविस-६ का ध्रुव रिजाललाई ०५१ मंसीर २५ गते जिल्ला प्रहरी कार्यालयले गिरफ्तार गरी कुटपिटद्वारा यातना समेत दिइएको कुरा पीडित बताउँछन्। उनलाई डाङडुङ्गे खोलामा पल्टिएको एउटा ट्रकमा रहेको गार्मेन्ट्सका सामानहरूमा आगो लगाएको आरोपमा गिरफ्तार गरी त्यसरी यातना दिइएको थियो। प्रहरी अनुसन्धानबाट आरोप प्रमाणित हुन नसकेपछि उनलाई ०५१ पुस ६ गते छाडिएको छ।

### १.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

बैरेनी गाविसस्थित गल्छी बजारमा ०५१ मंसीर २३ गते राती ८ बजेतिर श्री नं.६ वाहिनी अड्डाका सैनिक जवान तोपेन्द्र कार्की, कमल वानियाँ, पद्म राई लगायतका व्यक्तिहरू आई केही घरहरूमा पसेर सामानहरू फाल्ने र घरका मान्छेलाई कुटपिट गर्ने काम गरे। घरको ढोकामा लात्ताले हान्ने र छानामा ढुंगा हानी छाना नै प्वाल पारिदिने ध्वंसात्मक कामहरू समेत गरिए। निज सैनिकहरूमध्ये ३ जना मंसीर १९ गते बजारमा रक्सी खाएर मानसिक सन्तुलन ठीक नभएकी युवतीलाई जिस्क्याउँदा स्थानीय जनताहरूसँग झगडा भएको थियो। सोही झगडाको बदला लिन उनीहरूले त्यसरी आतंक मच्चाएको देखिन्छ। घटनामा धनबहादुर श्रेष्ठ, डम्बरबहादुर श्रेष्ठ, मंगलदास श्रेष्ठ, हरिलाल श्रेष्ठ लगायतका थुप्रै व्यक्तिहरूलाई कुटपिट गर्नुका साथै उनीहरूको घरका सामानहरू समेत तोडफोड गरिएको थियो। स्थानीय महिला गीता थापाका अनुसार घटना भएको दिन साँझ ५.३० बजे एकजना नाम थाहा नभएको सैनिक जवान आई "सके



*धादिङ जेल*

आफ्नो जीउधनको सुरक्षा गर, नत्र आज तिमीहरूको के के हुन्छ थाहा पाउँछौ" भनी धम्की दिएका थिए।

तसर्पु गाविस-३ का धलाल स्याङ्तानलाई ०५१ मंसीर २५ गते स्थानीय गोकुल गरम्चा र कुइरे गरम्चा लगायतका व्यक्तिले हातपात गरी मरणासन्न बनाए। बेहोश अवस्थामा रहेका स्याङ्तानलाई उपचारका लागि काठमाडौं ल्याउनु परेको थियो। राजनैतिक पूर्वाग्रहका कारण त्यसरी पिटिएको केहीको भनाइ छ।

### १.६ थुनामा मृत्यु

यस सम्बन्धी घटना देखा परेन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

०५० माघ १५ गते जिल्ला सदरमुकाम धादिङ्गमा राष्ट्रिय प्रजातन्त्र पार्टीले आमसभाको आयोजना गरेको थियो। आमसभापछि साँझ सांस्कृतिक कार्यक्रमको आयोजना गरिएको थियो। तर सांस्कृतिक कार्यक्रममा नेपाली कांग्रेसका कार्यकर्ताहरू मञ्चमा उक्ली कार्यक्रम बिथोल्नुकासाथै वाद्य सामग्री समेत तोडफोड गरेको कुरा राष्ट्रिय प्रजातन्त्र पार्टीका जिल्ला कार्यालय प्रमुख मोहन श्रेष्ठ बताउँछन्। उनका अनुसार कलाकारहरू भुवन के.सी. र निशान भट्टराईमाथि समेत हातपात भएको थियो।

जिल्लाको सदरमुकाममा रहेको नीलकण्ठ माध्यमिक विद्यालयमा ०५१ जेठ १ गते अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनले विद्यार्थी दिवस मनाइरहेको बेला नेपाल विद्यार्थी संघका विद्यार्थीहरूले बाधा पुऱ्याए। नेविसंघका अर्जुन अधिकारी, हरिकुमार श्रेष्ठ, राजु अधिकारी लगायतका व्यक्तिहरूले अनेरास्ववियूका लोकनारायण श्रेष्ठ, काशीनाथ लम्साल, केशव पोखरेल, हरि घिमिरे आदिलाई कुटपिट समेत गरेका थिए।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम रहेको छ।

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यहाँका केही गाउँहरूमा डर, धाक, धम्की र पैसाको भरमा चुनाव जित्ने परम्परा नै कायम भएको देखिन्छ। ती ठाउँहरूमा तिप्लिङ्ग, सेर्तुङ्ग, भार्लाङ्ग, लापा, सतुङ, सेम्जोङ्ग, दार्खा आदि रहेका छन्। यस्ता ठाउँहरूमा यो वर्ष पनि स्वतन्त्र र निष्पक्ष ढंगले निर्वाचन हुन सकेन।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति जनताको धारणा सकारात्मक छ। तर अदालतमा हुने ढिलाइप्रति जनताको गुनासो भने व्यापक रूपमै भेटिन्छ।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

मुरली भञ्ज्याङ्ग गाविस-५ की ११ वर्षीय बालिका ०५० पुस १८ गते औषधि किनेर घरतिर आइरहेकी थिइन्। ओख्लेपानी भन्ने ठाउँमा सोही ठाउँको रामेश्वर लम्सालले भेटी खाने कुरा दिने लोभमा एकान्त ठाउँमा लगेर बलात्कार गरे। अभियुक्त अहिलेसम्म फरार रहेका छन्।

दार्खा गाविस-७ को कर्णे भन्ने तेजबहादुर गुरूङ्गले ०५० चैत २१ गते एउटी ५ वर्षीय बालिकालाई बलात्कार गर्ने प्रयास गरे। बच्ची कराएपछि उनका दाजु घटनास्थलमा आइपुगेका थिए। पीडकमाथि कारबाही चलाइएको छ।

नीलकण्ठ गाविस-४ की २४ वर्षीय मैया भन्ने लीलामाया अधिकारीलाई खेतमा गोठालो गएको बेला ०५१ असार ३ गते आफ्नै पति नवराज अधिकारी र ससुरा वेदनिधि अधिकारीले कुटपिट गरी मरणासन्न बनाए। पीडित लीलामाया पिटाइबाट बेहोश भएपछि मरेको ठानी पीडकहरूले खेतकै छेउमा घाँसपातले छोपी हिंडे। पछि बाटो हिंड्ने मान्छेले लीलामाया छटपटाएको देखी त्यहाँबाट बोकेर अस्पताल पुऱ्याए। उनलाई अहिलेसम्म ठीक भैसकेको छैन। उनको ढाड बाङ्गिएको छ। लीलामायाका लोग्ने नवराजले अर्की पत्नी ल्याएकाले जेठी पत्नीलाई त्यसरी मार्न खोजेको बताइन्छ।

नीलकण्ठ गाविस-५ की २२ वर्षीय पार्वती श्रेष्ठ र सोही ठाउँका देवबहादुर भण्डारीबीच प्रेम सम्बन्ध कायम थियो। ०५१ साउन २ गते उनीहरू दुवै जना पोखरा घुम्न गएको बेला केटीका बाबु पोखरा नै पुगेर देवबहादुरलाई प्रहरीद्वारा गिरफ्तार गरी यातना समेत दिन लगाए। केटीलाई आफ्नो कब्जामा लिए। देवबहादुरलाई अड्डासार गरी धादिङ्ग ल्याएर साउन ६ गते मिलापत्र गराई छोडियो। पार्वतीका बाबुआमा देवबहादुरले पहिले अर्कै केटीसंग विवाह गरिसकेको बताउँदै आफ्नी छोरीको उक्त केटासंग कुनै हालतमा विवाह हुन नदिने अटोटमा रहेका छन्। उनीहरूको भनाइ अन्तरजातीय विवाह गर्न नदिने भन्ने पनि छ। तर देवबहादुर पार्वतीसंग आफ्नो ३ वर्ष अघिदेखि प्रेम सम्बन्ध कायम रहँदै आएकोले आफ्नो प्रेमलाई कसैले पनि छेक्न नसक्ने कुरा बताउँदैछन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी कुनै घटना जानकारीमा आएको पाइएन।

### ४.३ गर्भ पतन

यो वर्ष गर्भपतनको घटना देखा परेन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

नलाङ्ग गाविसस्थित मिन्दुका निम्नमाध्यमिक विद्यालयका शिक्षक कुमार सिलवालले ०५० फागुन १६ गते ११ वर्षीय विद्यार्थी भंकबहादुर दर्जीको कान समाती तानेर लोती नै छिनाली दिए। पीडितका बाबुआफ्नो छोरामाथि भएको अत्याचारमा शिक्षकलाई कारबाही गरी पाउँ भनी शिक्षा शाखासम्म पुगे। तल्लो जातको भएको कारणले पनि पीडितको कुरालाई सुनिएन। विभिन्न दबावको सिर्जना गरी कानको लोती जोड्न मिल्ने र त्यसको खर्च शिक्षकले व्यहोर्ने भन्ने कुरामा पीडित पक्षलाई विश्वस्त पारियो। तर भंकबहादुरको कानको उपचार गर्ने कुनै व्यवस्था गरिएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको देखिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै घटना देखिएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कुनै पक्षको टिप्पणी वा वक्तव्य प्रकाशित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यो वर्ष धादिङ्ग जिल्लाका विभिन्न ठाउँहरूमा २१ वटा दुर्घटनाहरू भए। ती दुर्घटनाहरूमा २६ जनाको मृत्यु भयो भने घाइतेहरूको संख्या थाहा हुन सकेन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

आगलागी, बाढी र पहिरोबाट यो वर्ष यहाँ ९ जनाको ज्यान गयो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जीवनपुर गाविस-३ का ५८ वर्षीय श्यामनाथ रूपाखेतीको ०५० माघ १० गते बाघको आक्रमणबाट मृत्यु भयो।

नौविसे गाविस-७ की २५ वर्षीय ठूली तामाङ्ग ०५१ असोज ६ गते बाघको आक्रमणबाट घाइते भइन्। ■



# २. मध्यमाञ्चल

# बागमती

## २.१७ सिन्धुपाल्चोक

जनसंख्या : २६१०२५
साक्षरता : २९.२ प्रतिशत
महिला साक्षरता : १४.७ प्रतिशत
क्षेत्रफल : २५४२ वर्ग कि.मी.

उत्तरमा जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिब्बत, पूर्वमा दोलखा, दक्षिणमा काभ्रे, भक्तपुर र काठमडौं तथा पश्चिममा नुवाकोट सिन्धुपाल्चोक जिल्लाका छिमेकी भू-भाग हुन्। बहुसंख्यक तामाङ जातिहरू बसोबास गर्ने यस जिल्लाको शैक्षिक स्तर ज्यादै निम्न रहेकाले अन्धविश्वास र रूढीगत परम्पराको मास्वे साङ्लोमा जनजीवन जेलिएको छ। चेलीबेटीको व्यापार र हत्या यस जिल्लामा धेरै पाइएका छन्।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

तालामाराङ गाविस-२ का ५९ वर्षीय आइत तामाङलाई ०५० चैत ४ गते उर्रास तामाङ लगायत ६ जनाको जत्थाले लछारपछारका साथै कुटपिट गरी हत्या गरे। उक्त घटनाका सम्बन्धमा मंगले तामाङ र सन्चमान तामाङलाई जिल्ला प्रहरी कार्यालयले बयान लिई छोडेको र अन्य ४ जना फरार छन्।

फुल्पिङ डाँडा गाविस-४ का ४१ वर्षीय देवीबहादुर गुरूङलाई सोही ठाउँका वर्ष ४३ का इन्दबहादुर ठकुरीले व्यक्तिगत रीसइवीका कारण ०५१ बैशाख १४ गते कुटपिट गर्दा उनको मृत्यु भयो।

मांखा गाविस-५ का ८० वर्षीय फूर्पा तामाङले वारीको साँधमा रहेको रूख काटेको निहुँमा सोही ठाउँ बस्ने ६९ वर्षका दलबहादुर तामाङलाई ०५१ बैशाख २७ गते ढुङ्गाले हानी घाइते बनाए। पीडितलाई बेहोस अवस्थामा नै बनेपा हेल्थपोष्टमा उपचारार्थ लगिएको र बिरामीको अवस्था चिन्ताजनक भनी हेल्थपोष्टले फिर्ता गरिदिएको थियो। ०५१ जेठ २ गते हेल्थपोष्टबाट घर ल्याउँदा ल्याउँदै फूर्पा तामाङको मृत्यु भयो। पोष्टमार्टम गर्दा करङ भाँचिई फोक्सोमा गड्न गई मृत्यु भएको उल्लेख गरिएको छ। फरार रहेका दिलबहादुर तामाङलाई निजकी छोरी माइलीको घर धुस्कोटमा ०५१ जेठ २ गते पक्राउ गरी पुर्पक्षका लागि चौतारा जेलमा राखिएको छ।

महांकाल गाविस-४ का १७ वर्षीय आसमान तामाङको ०५१ असार २४ गते सोही ठाउँ बस्ने १९ वर्षीय सार्की तामाङले खुकुरी हानी हत्या गरे। अभियुक्त अझै फरार रहेका छन्।

सिङपाल काभ्रे गाविस-१ का ३५ वर्षीय देव दोर्जे तामाङको ०५१ पुस ९ गते आफ्नै साथमा शिकार खेल्न गएका साथीले हानेको गोली लागी मृत्यु भयो। शिकारको खोजमा छरिएर शिकार खेली रहेका साथीहरू पद्याङ तामाङ, दुना तामाङ र दोर्जे तामाङमध्ये दोर्जे तामाङलाई गोली लाग्न गयो। सो सम्बन्धमा आवश्यक छानबीन भइरहेको छ। हाल पुर्पक्षका लागि दुबैजनालाई पक्राउ गरी थुनामा राखिएको छ।

### १.२ जेल र बन्दीहरू

यस जिल्लास्थित जीर्ण अवस्थामा रहेको जेलको मर्मत सुधार गरिएको छैन। यो जेलको क्षमता ३५ जना मात्रको भए पनि हाल यहाँ ४८ जना बन्दीहरू कोचिएका छन्। ती मध्ये आरोपित बन्दी संख्या ३४ रहेको छ भने प्रमाणित बन्दीहरू १३ जना मात्र छन्। ४५ जना पुरुष र ३ जना महिलाका साथसाथै १ जना नाबालक पनि यहाँ रहेका छन्। बन्दीहरूसंग कुराकानी गर्दा उनीहरूले भने - खाद्यान्न १ सय ग्राम थप्नु पर्छ, ओढ्ने ओछ्याउने समयमै पाउनु पर्छ र खाद्य संस्थाको राम्रो चामल पाउनु पर्छ। वकिल राख्न

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | २ |
| बलात्कृत | २ | ३ | - |
| आत्महत्या | - | १० | ११ |



*सिन्धुपाल्चोक जेल*

नसक्नेलाई सत्र सत्र महिना थुनेर राखी अदालतमा पेश गरिएको छैन। यसको विरोध उनीहरूले गरेका थिए। बन्दी नारायणप्रसाद तिमिल्सिनाले राजनैतिक बन्दीको रूपमा आफू परेकोमा पछि ज्यान मुद्दामा फसाइएको जानकारी दिए।

### १.३ गिरफ्तारी र यातना

किउल गाविस-१ का टीकाराम भण्डारीकी पत्नी पुतली भण्डारीको मृत्यु ०५१ जेठ २१ गते भएको थियो। उनको मृत्यु शंकास्पद रहेकाले सो सम्बन्धी पोष्टमार्टम गरी मृतकका पति टीकाराम भण्डारी लगायत भूपेन्द्रकुमारी भण्डारी र गर्भवती विमला भण्डारीलाई समेत जिल्ला प्रहरी कार्यालय सिन्धुपाल्चोकले केही बुझ्न भनी बोलाएको थियो। ०५१ असार १ गते देखि ६ गते सम्म विनापूर्जी थुनामा राखी तीनै जनालाई यातना दिइएको थियो। गर्भवती विमला भण्डारीलाई ७ गते छोडी दिएको र अन्य दुईजनालाई थुनामा राख्ने पूर्जी दिइएको थियो। सोही घटनाको सर्जमिनका लागि भनी प्रहरीले ०५१ असार १९ गते केटाकेटी र महिलाहरू समेत १७ जनालाई ४ घण्टासम्म थुनी यातना समेत दिइएको बताइन्छ। उक्त घटनामा एमाले कार्यकर्ता पिताम्बर भण्डारी र निजकी पत्नी भूपेन्द्रकुमारी भण्डारीलाई यातना दिई दोषी सावित गराउन प्रहरीले खोजेको थियो।

### १.४ वेपत्ता पारिएको

मेलम्ची गाविस-७ मित्रबहादुर दुलालका १४ वर्षीय छोरा ज्ञानबहादुर दुलाललाई ०५१ भदौ १८ गते सोही ठाउँका उमानाथ दंगालले काठमाडौंमा जागिर दिलाई दिन्छु भनी लगेको र अझैसम्म केही थाहा पत्तो नलागी बेपत्ता पारिएको छ। सो सम्बन्धमा प्रहरीमा उजुरी परेको तर अझै फेला पर्न नसकेको बताइन्छ।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

पाङताङ गाविसका २२ वर्षीय चैते विश्वकर्मालाई सोही ठाउँ बस्ने ४८ वर्षीय गुम्बा विश्वकर्माले ०५१ भदौ ४ गते ५० रूपियाँ नतिरेको भनी कुटपिट गरे। पीडित चैते विश्वकर्मालाई मार्ने धम्की समेत दिइएको थियो। सो सम्बन्धमा अभियुक्तमाथि छानवीन गरिएको र पीडितलाई उपचारको लागि काठमाडौं लगिएको थियो।

### १.६ थुनामा मृत्यु

यो वर्ष थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

०५१ साउन ९ गते बाहबिसे बजारमा ६ वाम घटकहरूको संयुक्त आमसभा एवं जुलुस राखिएको थियो। उक्त जुलुसमा नेपाली कांग्रेसका जिल्ला सचिव मोहनबहादुर बस्नेतको डफ्फाले हातहतियार सहित सांघातिक आक्रमण गऱ्यो। सो आक्रमणबाट एमाले कार्यकर्ताहरू भूपेन्द्र लामा, सुरेश नेपाल लगायत थुप्रै घाइते भएका र कार्यक्रम हेर्न गएका नेपाल उत्पीडित दलित जातीय समाजका कार्यकर्ता चरिबहादुर विश्वकर्मा समेत सांघातिक हमलाको शिकार बन्न पुगेका थिए। यस घटनामा कोही पनि पक्राउ परेनन्।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सद्भाव र सम्मान सबै समुदायमा रहेको पाइयो।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

उत्तरपुर गाविस-१ का राप्रपाका कार्यकर्ता वर्ष ४७ का कर्मवाङ्गेल लामालाई ०५१ भदौ १ गते आफ्नो पार्टीको कार्यक्रम व्यवस्थित गर्न बाहबिसे बजार गइरहेको बेला स्थानीय नेपाली कांग्रेसका कार्यकर्ताहरू भूपेन्द्र थापा र सुब्बे बस्नेतले लछारपछार र कुटपिट गरेका थिए। सो घटनाका पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी छानवीन भइरहेको छ। घटनाको मूल कारण राजनैतिक प्रतिशोध भएको थाहा भएको छ।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

कारागारमा बन्दी बनाइएका एक बन्दीले बताए अनुसार आफूले वकिल राख्न नसकेको कारण १७ महिनासम्म थुनी राखिएको छ तर मुद्दा अदालतमा पेश गरिएको छैन भन्ने पाइयो।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यो वर्ष सरूवा, घटुवा र पक्षपातका घटनाहरू देखिएनन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो जिल्लामा यस वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

तातोपानी गाविस-९ की १२ वर्षे बालिकालाई ०५१ जेठ १३ गते सोही ठाउँका २३ वर्षीय छिरिङ शेर्पाले बलजफ्ती बलात्कार गरे। निजलाई गाउँलेको सहयोगले पक्राउ गरी प्रहरीको जिम्मा लगाइएको थियो।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

साँगाचोक गाविस-५ का २८ वर्षीय कमल गिरीले जेठी पत्नी हुँदाहुँदै कुविन्डे गाविस-५ की २३ वर्षीय सावित्री गिरीलाई ०५० फागुन ११ गते प्रेम विवाह गरे। जेठी पत्नीलाई माइत पठाई कान्छी पत्नी भित्र्याएता पनि कुनै पक्षबाट कानूनी उपचार नखोजिएकाले पीडकमाथि कुनै कारवाही भएको छैन।

### ४.३ गर्भ पतन

यस जिल्लामा गर्भपतन गराएको घटना यो वर्ष प्राप्त हुन सकेन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

अधिकांश बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित छन्। बालबालिकाहरू गरीबीका कारण सानै उमेरदेखि श्रम बेच्न शहरबजारतिर आकर्षित हुने गरेको पाइयो। बालबालिकाहरू गरीबी र अशिक्षाका कारण दयनीय जीवन भोग्न वाध्य देखिन्छन्। बालिकाहरू समेत बेचिने गरेको पाइन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस अधिकार अन्तरगत कुनै जानकारी र विवरणहरू उल्लेख्य रूपमा पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यहाँ दासत्व, कमैया, बाँधा र हलिया प्रथा छैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस जिल्लाको विभिन्न क्षेत्रमा छुवाछूतको प्रचलन र जातीय भेदभाव पाइयो। तर यो वर्ष त्यस सम्बन्धी उल्लेख्य घटनाहरू भने देखा परेनन्।

## ८. जिल्लाका घटनाका सम्बन्धमा सम्बन्धित निकाय/क्षेत्र/दल/व्यक्ति/संस्था आदिको प्रेस वक्तव्य/टिप्पणी आदि

०५१ साउन ९ गते नेपाल बन्दको सिलसिलामा बाह्रबिसे बजारमा निस्केको जुलुसमाथि नेपाली कांग्रेसका कार्यकर्ताहरूले गरेको साघातिक आक्रमणको विरोधमा ०५१ साउन १२ गते नेकपा एमाले सिन्धुपाल्चोक जिल्ला कमिटीले पर्चा प्रकाशित गरी आक्रमणको भर्त्सना गऱ्यो।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

अरनिको राजमार्गमा ०५१ जेठ १ गते दोलखाबाट आएको बस र काठमाडौंबाट दोलखा गइरहेको ट्रक एक आपसमा ठोकिंदा रमादेवी नाम गरेकी महिलाको घटनास्थलमा नै मृत्यु भयो। चालकलाई जिल्ला प्रहरी कार्यालयले कार्यवाही गरी हाल हाजिर जमानीमा छोडेको छ।

फुलिङकट्टी गाविस-२ का ८ वर्षे सुन्दर शेर्पालाई सोही गाविसका खड्गबहादुर श्रेष्ठले चलाएको मिनीवसले ठक्कर दिई ०५१ जेठ ५ गते घटनास्थलमा नै मृत्यु भएको थियो। चालकलाई जिल्ला प्रहरी कार्यालय चौताराले तारिखमा छोडेको छ।

क्यूल गाविस-१ की ३३ वर्षीय पुतली भण्डारी ०५१ असार २० गते मेलंची खोलामा डुबी मृत अवस्थामा फेला परिन्। सो घटनामा मृतकका पति टीकाराम भण्डारी लगायत १९ जनालाई थुनामा राखी कारवाही चलाएकोमा चार जनालाई ४ हजार रूपियाँ धरौटी लिई रिहा गरिएको र अरू छानवीन कार्य भई नै रहेको छ।

कदमवास गाविस-७ मा ०५१ मंसीर १५ गते भोटेकोशीमा काठको डुङ्गा पल्टिंदा यमुना डाँडा गाविस-७ का ३० वर्षे प्रेमलाल तामाङको डुबेर मृत्युभयो। जिल्ला प्रहरी कार्यालयले सो सम्बन्धमा आवश्यक कारवाही गरेको थियो।

थुम्पाखर गाविस-२ का १२ वर्षीय गोपालबहादुर खड्काको ०५१ मंसीर १६ गते चप्पल चिप्लेर डुङ्गाबाट खसी भोटेकोशीमा डुबी मृत्यु भयो। निजको लाश पुस ४ गते नदी किनारमा फेला पारिएको र सो सम्बन्धमा प्रहरीले छानवीन गरिरहेको थाहा भएको छ।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

क्यूल गाविस-१ की पुतली भण्डारीको घरमा ०५१ जेठ १९ गते आगलागी भई सगैका ३ घर र १ कटेरो समेत नष्ट भयो। सो आगलागीबाट १ लाख ५० हजार जति धनमालको नोक्सान भएको थियो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस जिल्लामा जंगली जनावरद्वारा घाइते वा मृत्युभएको उल्लेखनीय घटना पाइएको छैन।

### ९.४ आत्महत्या

साँगाचोक गाविस-३ का ८२ वर्षका सेते श्रेष्ठले कोशी खोलामा हाम्फाली ०५१ कात्तिक ८ गते आत्महत्या गरे। उनी जीवनदेखि वाक्क भएकोले परिवारले थाहा नपाउने गरी घरबाट निस्केर गएका थिए। घरमा धेरै समयसम्म नफर्केपछि खोजतलास गर्दा खोलाको वगरमा लास भेटिएको थियो।

तालामाराङ गाविस-३ की ६० वर्षीय कान्छी तामाङले आफ्नै घरको धुरी बलोमा झुण्डिएर आत्महत्या गरिन्। पोष्टमार्टम गरी लाशको सदगत गरियो।

कालिका गाविस-४ को जंगलमा ०५१ कात्तिक ११ गते काभ्रे जिल्ला खोपासी बाँस डोलका २३ वर्षीय आत्माराम सत्यालले रूखमा झुण्डिई आत्महत्या गरे।

ठूलो सिरूवारी गाविस-१ का २५ वर्षे विष्णुपुरीले ०५१ भदौ १४ गते मेटासिड नामक विषादि खाई आत्महत्या गरे।

राम्चे गाविस-५ का २३ वर्षीय जंगबहादुर तामाङले डोरीको पासो लगाई आफ्नै घरमा ०५१ साउन २१ गते आत्महत्या गरे।

शिखरपुर गाविस-९ की मानसिक स्थिति ठीक नभएकी ३५ वर्षीय यमकुमारी आचार्यले ०५१ भदौ ३० गते मेलम्ची खोलामा हामफाली आत्महत्या गरिन्। आमाको पछिपछि आएकी १० वर्षीय छोरी फटिका देवी आचार्यले आमालाई समाउन भनी जाँदा उनी पनि भेलमा पसी मरेकी थिइन्। खोला वारीबाट देख्नेले होहल्ला गरी प्रहरीलाई खबर दिए तर बचाउन सकेनन्। लास करीब एक कोश तल मौवाटोट भन्ने ठाउँमा पाखा लागेको थियो।

फटकसिला गाविस-८ की ५३ वर्षीय दिलमाया दंगालले ०५१ मंसीर १३ गते झुण्डिएर आत्महत्या गरिन्। सो सम्बन्धमा बुझ्दा मृतकले आफ्नै पारिवारिक पीरले आत्महत्या गरेकी र कसैसंग कुनै रीसइबी नभएको थाहा भयो।

यमुना डाँडा गाविस-५ का २२ वर्षीय पूर्णबहादुर श्रेष्ठले ०५१ मंसीर १८ गते गोठमा डोरीको पासो लगाई आत्महत्या गरे।

बतासे गाविस-७ का मानसिक स्थिति ठीक नभएका शंकरबहादुर खत्रीले ०५१ मंसीर २५ गते मेटासिड खाई आत्महत्या गरे।

चौतारा गाविस-७ की मानसिक स्थिति ठीक नभएकी ६५ वर्षीय माइली कुसुले नजिकैको जंगलमा पटुकाको पासो लगाई ०५१ पुस १४ गते आत्महत्या गरिन्।

टेकनपुर गाविस-७ का २२ वर्षीय नेत्रबहादुर बोहराले ०५१ पुस १७ गते सुनकोशी जल विद्युत परियोजनाको नहरमा हामफाली आत्महत्या गरे।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

तातोपानी गाविस-४ का भीमलाल श्रेष्टको घर पसलमा ०५१ वैशाख ६ गते चोरी भएको थियो। अभियुक्तहरू अशोक लामा र गंगाबहादुर खड्कालाई पक्राउ गरी कारवाही चलाइएको छ।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१८ नुवाकोट

जनसंख्या : २४५२६०

साक्षरता : ३१.४ प्रतिशत

महिला साक्षरता : १७.८ प्रतिशत

क्षेत्रफल : ११२१ वर्ग कि.मी.

राजधानीसँग जोडिएर रहेको भए पनि यो जिल्ला विविध हिसाबले पिछडिएको अवस्थामा रहेको छ। जिल्लाको सदरमुकाम र आसपासका ईलाकाहरू शिक्षा र चेतनाको हिसाबले अन्य क्षेत्रको तुलनामा अगाडि रहेका छन्। यहाँ केही व्यक्तिगत रीसइबीका साथै अन्य अधिकांश झै-झगडाहरू जाँड रक्सीको अत्यधिक प्रचलन, सेवन र त्यसैसँग उत्पन्न विवादका कारण हुने गरेका छन्। जसले गर्दा यो जिल्लामा मानवअधिकार हननका घटनाहरूमा कमी आएको महशूस गर्न सकिँदैन। त्यस बाहेक राजनीतिक प्रतिशोधका घटनाहरूबाट पनि यहाँका नागरिकहरूको मानवअधिकार हनन भइरहेको देखिन्छ।

## १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

०५० पुस २० गते थानापति गाविसको कोप्चो कुलोमा कानपा-३२ का ८५ वर्षीय रूद्रप्रसाद पाण्डेको लास भेटियो। मृतक पाण्डे पुस ७ गते बाली उठाउन भनी ककनी भेटवाल हुँदै थानापति तर्फ लागेका थिए। उनले थुप्रै पैसा पनि बोकेको बताइन्छ। ककनी-७ का हरिबहादुर गुरूङ्ग उनलाई बाटो देखाउन भनी सँगै हिंडेका थिए। रूद्रप्रसाद पाण्डेको लास लिङ्ग काटिएको अवस्थामा भेटिएको थियो। पैसाको लोभमा हरिबहादुर गुरूङ्गले नै उनको हत्या गरेको आशंका गरियो। निज गुरूङ्गलाई कानूनी कारवाहीका लागि जिल्ला सरकारी वकील मार्फत नुवाकोट जिल्ला अदालतमा पेश गरिएकोमा अदालतले ६० हजार धरौटीमा तारेखमा छोडेको थियो। निज गुरूङ्ग तारेखमै पनि अनुपस्थित हुन थालेपछि र पीडित पक्षद्वारा पुनरावेदन अदालतमा रीट गरिएपछि हाल कारवाहीको सिलसिलामा निजलाई पुनः नुवाकोट जेलमा थुनामा राखिएको छ।

०५१ वैशाख ७ गते कविलास-१ का सुब्बा तामाङ्ग र साइला भन्ने दमनकुमार लामाले कविलास-१ कै महेन्द्रबहादुर भण्डारीलाई निर्घात रूपमा कुटपिट गरेपछि उनको मृत्युभयो। अभियुक्त सुब्बा तामाङ्ग र दमनकुमार लामालाई कारबाहीका लागि थुनामा राखिएको छ।

काठमाडौं जिल्ला महाकाल गाविस-५, का अर्जुनबहादुर थापाको छोरा दामोदर थापा सुनाखानी-५ का ठाना मञ्ज्याङ्गको भीरमुनि घाइते अवस्थामा ०५१ वैशाख ७ गते फेला परे। स्थानीय गाउँलेहरूले उपचारको लागि काठमाडौं लैजाँदा लैजाँदै बाटैमा निजको मृत्यु भयो। उक्त घटनाका सम्बन्धमा प्रहरीले छानबीन गर्दा नुवाकोट सुनखानी-५ का प्रकाश गुरूङ्ग, धर्म गुरूङ्ग, कृष्ण गुरूङ्ग लगायत ४ जनालाई दोषी ठहऱ्यायो। धर्म गुरूङ्ग र प्रकाश गुरूङ्गलाई हाल नुवाकोट जेलमा थुनामा राखी कारबाही चलाइएको छ।

०५१ वैशाख २६गते समुन्द्रादेवी-८ की २० वर्षीय मन्दु भन्ने मनमाया तामाङ्गले छोरी जन्माई मारेर फालेको हल्ला गाउँमा चल्यो। उक्त हल्लापछि सोही ठाउँका रत्नबहादुर तामाङ्गले प्रहरी समक्ष उजुरी दिए। ०५१ जेठ १८ गते प्रहरीले मनमायालाई अदालतमा पेश गरेकोमा हाल तारेखमा छाडिएको छ।

०५१ जेठ १७ गते ओख्खरपौवा गाविस-८ का अर्जुन वलामीको लोग्ने-स्वास्नी बीच झगडा भएको थियो। भोलिपल्ट स्वास्नी चाहिंको मृत्यु भयो। अर्जुन वलामीको

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | १ | १ |
| बलात्कृत | - | - | ३ |
| आत्महत्या | - | ८ | २८ |

स्वभाव अनुसार उनले कुटपिट गरेर श्रीमतीको हत्या गरेको हुन सक्ने आशंकाले गाउँलेहरूले उनलाई प्रहरीमा बुझाए। निजलाई प्रहरीले आवश्यक अनुसन्धानका लागि केही दिन हिरासतमा राखी पुर्पक्षका सिलसिलामा हाल नुवाकोट जेलमा थुनामा राखेको छ।

लच्याङ्ग-२ बस्ने धनबहादुर तामाङ्गका अनुसार ०५१ भदौ १० गते उनी गोठबाट जेठी आमाको घरतर्फ जानलाग्दा बाटोमा पानीको ट्यांकी नजिकै एक नवजात शिशु (छोरी) मृत अवस्थामा फालिएको देखे। सो को जानकारी उनले भदौ ११ गते प्रहरी समक्ष दिए। उक्त शिशुलाई कसले मारेर फालेको हो भन्ने कुरा हालसम्म पत्ता लाग्न सकेको छैन।

काहुले गाविस-६ का तुलबहादुर तामाङ्ग र सोही ठाउँका उर लामाबीच रक्सीले मातिएको अवस्थामा ०५१ कात्तिक ३० गते मासुको पैसाको लेनदेनलाई लिएर झगडा भयो। उर लामाले ढुंगा टिपेर तुलबहादुरलाई हान्दा सम्वेदनशील ठाउँमा लाग्न गई उनको मृत्यु भयो। पीडकलाई कानूनी कारवाही चलाइएको छ।

## १.२ जेल र बन्दीहरू

नुवाकोट जेलमा हाल ३५ जना पुरुष बन्दीहरू रहेका छन् भने यस वर्ष १९९४ मा मात्र २१ जना बन्दीहरू थपिएका हुन्। रामेछाप फुलासी-७ बस्ने रामबहादुर तामाङ्गलाई हत्या गरेको अभियोगमा थुनिएका तलाखु-४ का तेज नारायण श्रेष्ठ सफाई पाएर जेलमुक्त भएका छन् भने बहुविवाह गरेकोमा थुनिएका चारहारे-७ का रामशरण सुनार तथा विदुर नपा-२ की वदन सुनार तोकिएको कैद भुक्तान गरी जेलमुक्त भए।

यस वर्षका बन्दीहरूमा ७ कर्तव्य ज्यान, ४ जीउ मास्ने बेच्ने, २ चोरी, १ भ्रष्टाचार तथा १ अनुशासन (सैनिक) अपराध अन्तरगत छन्। थुनिएकामध्ये कसैको पनि सजायँ तोकिइसकेको छैन।

३ वर्ष अघि केटी बेच्ने अपराधमा समातिएका टेकबहादुर तामाङ्गलाई २० वर्षको कैद सजायँ तोकिएको छ।

जेलमा हाल चर्पीको व्यवस्थामा केही सुधार भएको छ। महिलाको लागि छुट्टै चर्पीको व्यवस्था गर्नुका साथै चर्पी मरम्मत गरिएको छ। अन्य कुराहरूमा भने गत सालको भन्दा कुनै सुधार भएको पाइएन। पानीको समस्या गंभीर र यथावत छँदैछ। यस बीच जेलभित्र कुनै विरोधहरू भएका छैनन्।

## १.३ गिरफ्तारी र यातना

हत्याको अभियोगमा पक्राउ परेका ककनीका हरिबहादुर गुरूङ्ग तथा जीउ मास्ने बेचने (महिला बिक्री) अपराधमा थुनामा रहेका बाबुराम तामाङ्ग आफूहरूलाई प्रहरी हिरासतमा विभिन्न यातनाहरू दिइएको बताउँछन्। यस सम्बन्धमा जिल्ला प्रहरी कार्यालयका प्रहरी इन्स्पेक्टर मोहनबहादुर खड्का भने हिरासतमा कुनै किसिमको गम्भीर यातना नदिइएको बताउनु हुन्छ।

## १.४ बेपत्ता पारिएका

यो वर्ष कसैलाई बेपत्ता पारिएको घटना देखा परेन।

## १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यहाँ एकले अर्कालाई धम्की दिने र ज्यान मार्ने उद्देश्यले समेत धम्की दिने घटना सामान्य जस्तै हुने गरेको छ। यस्ता घटना प्रशस्तै देखा पर्ने गरे पनि उल्लेख्य घटना सार्वजनिक प्रचारमा आएको पाइएन।

## १.६ थुनामा मृत्यु

यस बीच थुनामा मृत्यु भएको घटना देखिएन।

# २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

नेपाल अधिराज्यको संविधानले प्रत्येक नागरिकलाई दिएको अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारमा हनन गर्ने उद्देश्यले प्रशासनिक क्षेत्रबाट प्रत्यक्षतः कुनै कारबाही चलाइएको पाइँदैन। तर राजनीतिक प्रतिशोधका दृष्टिले एक पक्षले अर्को पक्षको अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारमा बाधा पुऱ्याउने घटना देखा पर्ने गरेका छन्। यो वर्ष त्यस सम्बन्धी घटनाहरू ०५१ कात्तिक २९ गतेको मध्यावधि निर्वाचनका सन्दर्भमा देखा परेका थिए। जसको उल्लेख राजनीतिक स्वतन्त्रता अन्तरगत गरिएको छ।

## २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लाका केही गाउँहरूमा धर्म परिवर्तन गरी क्रिश्चियन बनेकाहरू र परम्परागत धर्म मान्नेहरू बीच आपसी कटुता कायमै रहिरहेको छ। यो वर्ष धार्मिक विवाद तथा धर्मको विषयलाई लिएर कुनै किसिमका झै झगडा वा झडपहरू भएको भने जानकारीमा आएन।

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

गत मध्यावधि निर्वाचनमा सत्तापक्षबाट व्यापक धाँधली र ठाउँठाउँमा बुथ कब्जा आदि समेत भएको थियो। यस बाहेक कतिपय ठाउँहरूमा स्थानीय रूपमा शक्ति सम्पन्न व्यक्तिहरूबाट आफ्ना विरोधीहरू उपर धम्की दिने, कुटपिट गर्ने तथा अनावश्यक दबावहरू दिने जस्ता अराजनैतिक क्रियाकलापहरू भएका छन्। कतिपय जिल्ला स्तरकै नेताहरूबाट जनताको अभिमतलाई गलत ढंगले उपयोग गर्दै विकास निर्माणका कामहरूमा पक्षपात गर्ने आदि कामहरू पनि भए।

चुनाव प्रचारको क्रममा सबैभन्दा बढी निर्वाचन आचार संहिताको उल्लंघन गर्ने तथा जनताको स्वतन्त्र र निष्पक्ष चुनावको अधिकारको हनन गर्ने काम नेपाली कांग्रेस र त्यसपछि राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) ले गरे। मन्त्री परिषदको निर्णय भन्दै सभापति र एल.डि.ओ. को ठाडो

आदेशमा जिल्ला विकास समितिबाट भोट बटुल्नको लागि विभिन्न ठाउँमा पाईप, जस्ता, सिमेन्ट आदि बाँडिए। त्यस्तै उम्मेद्‌वारहरूको तर्फबाट चामल, जस्ता, सिमेन्ट, पाईप आदि बाँडिएको थियो। कांग्रेस समर्थक कर्मचारीहरूलाई अन्य जिल्लाबाट पनि काजमा झिकाई खुलेआम प्रचारमा लगाइएको थियो। हत्याको अभियोगमा पक्रिएकाहरूलाई समेत कांग्रेसलाई सघाउने कबुल गराएर छोडिएको थाहा भएको छ। ०५१ भदौ १४ गते बुधसिंह गाविसका रामबहादुर वस्तीको हत्या गरी फालेको साविती बयान दिएका बुधसिंहकै रामबहादुर वस्ती, नवराज वस्ती, विष्णुबहादुर पुडासैनी तथा रमेश वस्ती मध्ये २ जनालाई छोडिएको छ।

छोटकरीमा भन्ने हो भने कांग्रेस र राप्रपाका उम्मेद्‌वारहरू "जसरी पनि" चुनाव जित्छु भन्दै जनताको राजनैतिक अधिकारलाई चुनौती दिइरहेका थिए र त्यस्तै कसरत पनि गरिरहेका थिए।

चुनाव प्रचारको क्रममा केही अवान्छित घटनाहरू पनि भए।

०५१ कात्तिक ६ गते एमालेका केही व्यक्तिहरूद्वारा त्रिशुलीमा टाँगिएको राप्रपाको तुल च्यातिदिएको विषयलाई लिएर एमाले र राप्रपाका कार्यकर्ताहरू बीच-चर्को विवाद र तनावपूर्ण स्थितिको श्रृजना भए पनि कुनै अप्रीय घटना भने हुन पाएन।

वागेश्वरी-७ का कांग्रेसका टीकाबहादुर प्याकुरेलको नेतृत्वमा घनश्याम प्याकुरेल, कल्याणबहादुर प्याकुरेल, रामप्रसाद धमला, मानबहादुर तामाङ्ग, पूर्णबहादुर तामाङ्ग तथा तेजबहादुर तामाङ्ग सहितको एक जत्थाले वागेश्वरी गाविस फलांटे स्थिति एमाले इलाका कार्यालय तोडफोड गर्नुका साथै कार्यालयभित्र रहेका सम्पूर्ण सामग्रीहरू नष्ट गरिदिए। उनीहरूले कार्यालयका साइनबोर्ड किचेर फाले। उक्त स्थानमा रहेका एमालेका तुल तथा टाँसिएका पोष्टरहरू च्यातेर फलिदिए। एमाले कार्यकर्ताहरूलाई ज्यान मार्ने धम्की समेत उनीहरूले दिएका थिए।

०५१ कात्तिक ९ गते मानवअधिकार कार्यकर्ता तथा साल्मेका शिक्षक एकराज घलेमाथि आफूलाई कांग्रेस भन्नेहरूले हतियार सहित आक्रमण गरेका थिए।

०५१ कात्तिक १२ गते नेपाली कांग्रेसले एक जिल्ला स्तरीय आमसभाको आयोजना गरेको थियो। प्रमुख अतिथिको रूपमा गिरिजाप्रसाद कोइराला आउने क्रममा एमाले कार्यकर्ताहरूले कालो झण्डा देखाउने तयारी गरेको थाहा पाएपछि एमाले कार्यालय अगाडि कांग्रेसका केही व्यक्तिहरू आई नारा लगाउन थाले। त्यसपछि कांग्रेसका व्यक्तिहरू र एमाले कार्यकर्ताहरू बीच विवाद र भीडन्त समेत भयो।

०५१ कात्तिक २५ गते भाल्चे गाविसका कांग्रेस कार्यकर्ता मेघबहादुर तामाङ्गले एमाले कार्यकर्ता शम्भु लामामाथि हातपात गरेका थिए।

०५१ कात्तिक २९ गते निर्वाचनका दिन नेपाली कांग्रेसको पक्षमा सहयोग गर्न बाहिरबाट लगिएका व्यक्तिहरूले निष्पक्ष निर्वाचनमा बाधा पुर्‍याउने काम गरे। साल्मे, भाल्चे, सामरी, गोर्स्याङ्ग, किम्ताङ्ग, बर्सुन्चेत, कविलास, लच्याङ्ग, घ्याङफेदी, चौघडा, वागेश्वरी आदि गाउँहरूमा एमाले र राप्रपाका कार्यकर्तामाथि आक्रमण गर्ने र मतदाताहरूलाई धम्क्याउने कामहरू गरिए। नाङ्गा खुकुरीहरू नचाउँदै भाल्चे गाविसको मतदान केन्द्रमा बुथ कब्जा गरी २२५२ मतदाता रहेको उक्त मतदान केन्द्रमा २१९४ मत रूख चिन्हमा खसालिएको थियो। जम्मा २२०८ मत खसेकोमा हलोमा ५ र सूर्यमा ९ मत मात्र खसेको देखिन्छ, जसले धाँधलीलाई पुष्टी गर्छ। यस्तो धाँधली अन्य क्षेत्रमा पनि गरिएको थियो।

यसरी निर्वाचनमा धाँधली गरिएपछि भोलिपल्ट सबै प्रतिपक्षी दलहरूले पुनः निर्वाचनको माग गरे। प्रहरीले उनीहरूमाथि लाठी चार्ज गर्दा एमालेका भरत ढुंगाना, टाकुर खड्का लगायत धेरै व्यक्ति घाइते भए। एकतर्फी ढंगले मतगणना गरी परिणाम घोषित गर्ने निर्णय गरियो। त्यसपछि स्थिति झनै चर्कियो। एमाले उम्मेद्‌वार महेन्द्र पाण्डे र राप्रपा उम्मेद्‌वार डा. प्रकाशचन्द्र लोहनीमाथि समेत आक्रमण गर्ने धम्की कांग्रेसका व्यक्तिहरूले दिएपछि दबाव बढ्न थाल्यो। पछि वाध्य भएर चेन, छुरी, खुकुरी आदि हतियार बोकेका कांग्रेसका २७ जना व्यक्तिलाई सैनिकहरूले गिरफ्तार गरेका थिए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

०५१ बैशाख ११ गते त्रिशुली कलोनीस्थित त्रिशुली देवीघाट जल विद्युत सुदृढीकरण आयोजनाको कार्य संचालन गर्ने कम्पनी लार्जन एण्ड टुब्रोका कर्मचारीहरू तथा स्थानीय ज्योति युवा क्लबका युवाहरूबीच काम लिने दिने सवालमा भनाभन भई सामान्य झडप समेत भएको थियो। उक्त विषयलाई लिएर उक्त कम्पनीले दिएको उजुरी अनुसार क्लबका पदाधिकारी लगायतका ८ जनालाई सार्वजनिक मुद्दा लगाइएको छ। ठूलो मात्रामा क्षती समेत भएको भन्ने कम्पनीको दाबी छ भने सानो विषयलाई ठूलो वनाई कम्पनीले प्रशासनको आडमा प्रतिशोध साँधेको तथा अनावश्यक झमेलाहरू समेत यस क्रममा लगाइएको कुरा उक्त क्लबका युवाहरू बताउँछन्। यहाँको अदालतप्रति खासै जनगुनासो पाईँदैन।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यो समस्याबाट जिल्लाका शिक्षकहरू नै प्रमुख रूपमा पीडित रहेका छन्। खासगरी शिक्षक संगठनसंग सम्वद्ध शिक्षकहरूलाई अपायक सरूवा गर्ने तथा घटुवा समेत गर्ने कामहरू जिल्ला शिक्षा कार्यालयले गरेको छ। दरबन्दी कटौती गर्ने देखि लिएर कट्टा गरिएको दरबन्दीका शिक्षकहरूलाई सरूवा गर्ने सम्मका कामहरूमा शिक्षा कार्यालयले आफूखुशी र मनोमानीपूर्ण निर्णय लिएको देखिन्छ।

मनकामना गाविसमा कार्यरत शिवराम पाण्डे लगायत फिकुरीमा कार्यरत शिक्षकहरूलाई सामरी गाविसका विभिन्न

विद्यालयहरूमा सरूवा गरिएको छ भने शिक्षक संगठनका समर्थक शिक्षकहरू नवराज तिमिल्सिना अष्टमान डंगोल, गञ्जेश्वर चौधरी लगायत अन्य थुप्रै शिक्षकहरूलाई प्रतिशोधपूर्ण तरिकाले अपायक सरूवा गरिएको छ।

कल्याणी निम्नमाध्यमिक विद्यालय जिलिङको उच्च प्रा.शि. पदमा कार्यरत स्थायी शिक्षक श्री यमप्रसाद खतिवडालाई बदुवा समेत गरी तारूका गाविसको आधारभूत प्रा.वि.को प्राथमिक शिक्षक पदमा सरूवा गरिएकोमा जन दबावका कारण यथावत कायम गरिएको छ।

यसरी मनोमानीपूर्ण तरीकाले गरिएको दरबन्दी कटौती तथा शिक्षकहरूको अन्यायपूर्ण सरूवाको विषयलाई लिएर ठाउँ ठाउँबाट प्रतिनिधि मण्डलको रूपमा कुरा गर्न गएका जनताहरूले जिल्ला शिक्षा अधिकारीले आफूहरू उपर उपेक्षापूर्ण व्यवहार गरेको, गैह्र जिम्मेवार उत्तर दिएको तथा धम्कीको भाषा समेत बोलेको कुरा बताएका थिए।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या ठूलै रूपमा रहेको छ। खासगरी विदुर नगरपालिका क्षेत्रभित्र टोलकै रूपमा विभिन्न ठाउँमा सुकुम्बासीहरूको बसोबास छ। यस जिल्लाका सुकुम्बासीहरूको हालको स्थिति निम्नानुसार रहेको छ।

विदुर नगरपालिका-१ धोवी खोला तथा पहरा ढुङ्गेमा ०३४ सालतिर, गेर्खु, चोकदे, कल्याणपुर, समुन्द्रटार आदि ठाउँहरूबाट आएका तामाङ्ग, दमाई, नेवार र कामी जातका मानिसहरूको वस्ती छ। हाल २० परिवारमा जम्माजम्मी ९० जनाको जनसंख्या रहेको यस सुकुम्बासी टोलमा २ जना ड्राईभर, २ जना सुचिकार बाहेक अन्य सबै नै ज्याला मजदुरी गरेर गुजारा चलाउँछन्। कसैले ढुङ्गा माटोको गारो लगाएर स-साना घर बनाएका छन्। अन्य व्यक्तिहरू कच्ची भुईंतले छाप्रोमै निर्वाह गरिरहेका छन्।

विदुर नगरपालिका-४ बट्टार सुकुम्बासी टोलमा हाल ३० वटा टहराहरूमा १ सय १० जनाको वस्ती रहेको छ। ०४२ सालमा यसै जिल्लाको फिकुरी गाविसमा गएको भीषण पहिरोबाट पीडितहरूलाई तत्कालीन जिल्ला पञ्चायत सचिवालयले बसोबास गराएको भए पनि उनीहरू हाल अधिकांश गाउँ फर्किने तथा अन्यत्र लाग्ने क्रममा थोर बहुत मूल्यमा अरूलाई नै बेचेर गएका छन् भने केही टहरा खाली पनि छन्।

विदुर नगरपालिका-१० ढोडेनीमा ०२३ सालमा त्रिशुली हाईड्रोइलेक्ट्रीकल प्रोजेक्टमा रसुवा र नुवाकोट तथा धादिङ्गबाट काम गर्न आएका केही व्यक्तिहरूले बसोबास शुरू गरेकोमा हाल यो ठाउँमा १४ घर छन् भने १२ घरमा मात्र मान्छेको बसोबास छ। यहाँ जम्मा जम्मी ६८ जनाको जनसंख्या रहेको छ भने १-२ जना व्यक्तिहरूमात्र पेशामा लाग्न सकेका छन्।

विदुर नगरपालिका-६ चण्डीपोखरी भन्ने ठाउँमा ०१७ सालमा दलाई लामासँगै विदेशिएका तिब्बतीहरू शरणार्थीको रूपमा १२ वर्ष पोखरा, २ वर्ष यसै नगरपालिकाको बट्टार हुँदै ०३१ सालदेखि यस ठाउँमा बसोबास गर्दै आइरहेका छन्। यो वस्ती खम्पा क्याम्पको नामले चिनिन्छ। यहाँका अधिकांश युवा युवतीहरू रोजगारीका लागि काठमाडौंको बौद्ध स्वयम्भू तथा अन्य ठाउँहरूमा जाने गर्दछन्। १७ परिवारमा १ सयजनाको जनसंख्या रहेको यस क्याम्पमा सरदर ६०/७० जनमात्र नियमित बस्दछन्। हालसम्म पनि उनीहरू दलाई लामालाई नै देउता मानी बसिरहेका छन् भने ०३६ सालदेखि नै भोट हाल्दै आएपनि हालसम्म नागरिकता पाएका छैनन्। केहीले मात्र अंगीकृत नागरिकता लिएका छन्। खान लाउनको लागि केही जग्गा पाएका भए पनि हालसम्म दर्ता भने भएको छैन। कुनै पनि बेला यहाँबाट हद्नुपर्ने आशंकाले उनीहरू चिन्तित छन्।

यी सबै क्षेत्रका सुकुम्बासीहरूलाई चुनावका बेला राजनीतिक पार्टीहरूले अनेकौं प्रलोभनहरू देखाई सताउने गरेको पाइएको छ। चुनावका बेला सबैबाट छाप्रो दर्ता गरिदिने आश्वासन ०३२ सालदेखि नै पाउँदै आएको तर हालसम्म कसैबाट पनि त्यसतर्फ काम नभएको गुनासो व्यक्त गर्दै विदुर नगरपालिका-१ का सुकुम्बासी ललितबहादुर तामाङ्ग भन्छन् "सबै भोट माग्दा छाप्रो दर्ता गरिदिउँला भन्छन्, ३२ सालमा आएको मान्छे अहिलेसम्म कतिपल्ट भोट हालिसकियो तर खै हाम्रो लागि कसैले केही गर्दोरहेनछ"।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

चेलीबेटी बेचबिखन गर्ने जिल्लाको रूपमा बदनाम भएको यस जिल्लामा यस बीच पनि चेलीबेटी बेचबिखनका थुप्रै घटनाहरू भएका छन्। खासगरी चेलीबेटी व्यापारका समस्याले यस जिल्लाका घ्याङ्गफेदी, शिखरवेंशी, राउतवेंशी, गाउँखर्क, वेतिनी आदि गाविसहरूलाई नै आक्रान्त पारिरहेको छ। अधिकांश यी क्षेत्रहरूका चेलीहरू भारतका बम्बै लगायत विभिन्न शहरहरूमा बिक्री हुने गरेका छन्।

आफूखुशी वेश्यावृत्तीको लागि वम्बै (यहाँको भाषामा जसलाई सहज रूपमा "तल" जाने भनिन्छ) जानुमा परिवारको समेत राय सल्लाहमा जानेहरूको संख्या पनि अधिक रहने गरेको छ। त्यस्तै यस क्षेत्रमा महिलाहरू हराउँदा पनि माईत, मावल वा अन्त कतै आफन्तकहाँ गएको हो वा बेचिएकी हो ठम्याउन धेरै समयसम्म गाह्रो पर्छ। कतिपय बाबु आमाहरू आफ्नै राय सल्लाहमा पठाउने र दलालले भने जति पैसा नदिएमा मात्र उजुरीका लागि जाने गर्दछन्। जे होस् यो जिल्ला महिला व्यापारको दृष्टिले बदनाम मात्र भएको छैन, संगसँगै एड्स जस्तो प्राणघातक तथा भयानक रोग भित्र्याएर यहाँ थप डरलाग्दो समस्या समेत थपिएको छ।

०५० पुस १३ गते वेतिनी-५ का कुईत तामाङ्गकी १६ वर्षीय छोरी माया तामाङ्गनी तथा वेतिनी-५ कै शेर्पा तामाङ्गकी भाई बुहारी वर्ष २५ की कान्छी तामाङ्गलाई वेतिनी-५ का टेम

सिङ्ग तामाङ्ग तथा सोही ठाउँ बस्ने सुकुमान तामाङ्गले भारतको बम्बैमा लगी जनही भा.रू. १३ हजारमा बिक्री गरे। निजहरू मध्ये टेम सिङ्ग तामाङ्गलाई कानूनी कारवाहीको लागि थुनामा राखिएको छ।

०५० चैत १६ गते महाकाली गाविस-७ की विवाहित वर्ष १७ की अन्जीरा रानामगर र अविवाहित वर्ष १६ की जुठी भन्ने शुशिला परियारलाई महाकाली-९ का पूर्णबहादुर लामा तथा काई लामा र महाकाली-७ का कृष्णबहादुर तामाङ्ग तथा श्रीमती इन्द्रकुमारी तामाङ्ग समेतको मिलेमतोमा बिक्री गर्ने उद्देश्यले लान खोजेका थिए, तर उक्त कुराको भेद खुलेकोले लान नसके पनि निज अपराधीहरूलाई कानूनी कारवाही नभएको सम्बन्धित पीडित पक्षले बताएका छन्।

०५१ असार ४ गते खरानीटार-९ बस्ने जीतबहादुर तामाङ्ग तथा मुईलामा तामाङ्गकी छोरीहरू वर्ष १३ की पूर्णीमाया तामाङ्ग, वर्ष १६ की शिरमिन्दु तामाङ्ग तथा वर्ष १५ की साहिली तामाङ्ग समेतलाई बालकुमारी-४ बस्ने जीतबहादुर तामाङ्ग, बालकुमारी-३ का रामकुमार तामाङ्ग तथा खरानीटार-७ बस्ने बाबुराम तामाङ्गले ललाईफकाई भारत तर्फ बिक्री गर्ने उद्देश्यले लगेका थिए। उक्त कुराको बीच बाटैमा प्रहरीले सुराक पाई केरकार गर्दा निजहरू भाग्न खोजे। तर प्रहरीले पक्राउ गरी कारवाहीको सिलसिलामा हाल नुवाकोट जेलमा थुनामा राखिएको छ।

०५१ साउन २० गते शिखरबेशी-४ बस्ने वर्ष १९ की कान्छीमाया तामाङ्गलाई घ्याङ्गफेदी-२ का मानबहादुर शेर्पा, शिखरबेशी-८ का जङ्गसिङ्ग तामाङ्ग, शिखरबेशी-४ का सोमर तामाङ्ग, ठूली तामाङ्ग र मार्पेन तामाङ्ग समेतले ललाई फकाई बिक्री गर्ने उद्देश्यले भारत तर्फ लैजाँदै गरेको अवस्थामा इलाका प्रहरी कार्यालय कांकडभिट्टाले पक्राउ गऱ्यो। तर मानबहादुर शेर्पा बाहेक अन्य ४ जना हालसम्म फरार रहेका छन्। मानबहादुर शेर्पा भने कारवाहीको सिलसिलामा नुवाकोट जेलमा छन्।

०५१ कात्तिक ५ गते घ्याङ्गफेदी-५ की वर्ष १५ की ठूली तामाङ्गनी र वर्ष १४ की कान्छी तामाङ्गनी नाम गरेका दुई बालिकालाई घ्याङ्गफेदी गाविसकै कुलबहादुर तामाङ्ग र साईला भन्ने कालुलामा तामाङ्ग समेतले बिक्री गर्ने अभिप्रायले भारत तर्फ लगेका थिए। तर कांकडभिट्टा पुगेपछि ईलाका प्रहरी कार्यालयले सुराक पाई निजहरूलाई पक्रिई कानूनी कारवाहीको लागि नुवाकोट जेलमा राखिएको छ।

०५१ मंसीर २९ गते बिहान जिलिङ्ग-२ स्थित आफ्नो घरमा खाना पकाई रहेकी ९ वर्षे बालिकालाई जिलिङ्ग गाविस वडा - २ कै २३ वर्षे द्रोणबहादुर पुडासैनीले निज बालिकाकै घरको चोटामा लगी बलात्कार गरे। बलात्कारको पीडामा बालिकाले चिच्याउँदा नजिकैको घरमा दाईंमा खेलिरहेका ६ वर्षे भाई तथा ९ वर्षे बहिनीले सो घटना देखि बेलुकी बाआमासंग कुरा गरेपछि सो घटनाको रहस्य खुल्यो। पीडित पक्षले निज पीडकलाई कारवाही गरी पाउँ भनी जिल्ला प्रहरी कार्यालय नुवाकोटमा उजुरी दिएका थिए। कारवाहीकै क्रममा निज द्रोणबहादुर पुडासैनी हाल नुवाकोट जेलमा छन्।

त्रिशुली अस्पतालमा टि.वी. रोगका कारण भर्ना भई उपचार गराइरहेकी एक महिलाको ०५१ भदौ ९ गते मृत्यु भएको छ। त्रिशुली अस्पतालका डाक्टरहरूका अनुसार उनको टि.वी. रोग निको नहुने अवस्थामा पुगिसकेको थियो। रालुका-९ चिलाउनेगाउँ नुवाकोटकी २६ वर्षीय निज महिला (शोभा तामाङ्ग) लगभग ९ वर्ष बम्बईमा बसी देह व्यापारमा संलग्न भएको बुझिएको छ।

त्रिशुली अस्पतालका डाक्टरहरूले उनलाई एड्स भएको ठहर गरेका छन्। हाल त्रिशुली अस्पतालमा एच.आई.भी. परीक्षण गर्ने व्यवस्था छ र यहाँ गरिएको परिक्षणमा भने उनको रगतमा एच.आई.भी. पोजीटीभ भेटिएन र पुनः परीक्षणको लागि माथिको प्रयोगशालामा पठाइएको र रिपोर्ट प्राप्त भई नसकेको थाहा भएको छ।

स्मरणीय छ, यसअघि पनि एकजना एड्स पीडित महिलाको यसै गरी मृत्यु भइसकेको छ। हालसम्म यहाँ गरिएको जम्मा जम्मी ६ सय जति व्यक्तिहरूको रक्त परीक्षणमा ४ जनामा एच.आई.भी. पोजीटीभ भेटिएको कुरा त्रिशुली अस्पतालका मेडिकल सुपरिन्टेण्डेन्ट डा. राजेन्द्र पन्त बताउनु हुन्छ।

## ४.२ नारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

०५० माघ १३ गते चारघरे गाविस बस्ने रामशरण सुनारले घरमा १ छोरी सहित ९ महिनाकी गर्भवती पत्नी सुन्तली सुनार हुँदाहुँदै विदुर नगरपालिका-२ की बदन सुनारसंग दोश्रो विवाह गरे। निज रामशरण सुनारकी जेठी पत्नी सुन्तली सुनारको उजुरीमा निजहरू दुबैलाई नुवाकोट जिल्ला अदालतले ४५ दिन कैद र १ हजार ५ सय रूपैयाँ जरिवानाको सजाय तोकेको थियो। हाल तोकिएको जेल सजायँ भुक्तान गरी निजहरू जेल मुक्त भएका छन्।

०५१ साउन १५ गते विदुर नगरपालिका-९ का १९ वर्षीय प्रधान श्रेष्ठले घरमा गर्भवती पत्नी विमला हुँदाहुँदै अर्की पत्नी ल्याएका छन्। तर निजकी जेठी पत्नी विमला भने कुनै कानूनी कारवाहीका लागि गएकी छैनन्।

तुप्चे गाविस-१ छापथोकका कृष्णबहादुर अधिकारीले घरमा पत्नी २ छोरा तथा २ छोरी हुँदाहुँदै पत्नी अनपढ भएको र पढेकी पत्नीको आवश्यकता परेको भन्दै ०५१ भदौ २ गते अर्की पत्नी ल्याएका छन्। यसबाट निज अधिकारीकी जेठी पत्नी सीता अधिकारी बहुविवाहको सजाय भोग्न वाध्य छिन् भने निजका छोराछोरी आफ्नो बाबुको मायाबाट समेत टाढा रहनु पर्ने अवस्थामा पुगेका छन्।

सामरी-१ की अविवाहित वर्ष १७ की चमेली डंगोलले ०५१ भदौ १२ गते एक अवैध बच्चा जन्माइन्। र सो बच्चाको मृत्यु भएको कुरा गाउँलेहरूले थाहा पाए। पछि सो बच्चा स्थानीय ग्रामसेवा विद्याश्रमका का.मु. प्रधान अध्यापक रामकुमार खड्काको हो भन्ने पत्ता लागेपछि गाउँलेहरूले निज चमेली डंगोललाई रामकुमार खड्काको जिम्मा लगाएका छन्।

घटनाको प्रकृति अनुसार एकातिर सो बच्चाको मृत्युमा पनि शंका गर्ने ठाउँ रहेको कुरा गाउँलेहरू बताउँछन् भने अर्कोतिर निज रामकुमार खड्काकी जेठी पत्नी बहुविवाहको मारमा परेकी छिन्।

चौघडा-३ निवासी नवराज तिवारीले जेठी पत्नी हुँदाहुँदै ०५१ पुस ५ गते अम्बिका भन्ने अर्की पत्नी ल्याएपछि उनकी जेठी पत्नीले प्रहरीमा उजुरी दिइन्। उनीहरू दुबैलाई कानूनी कार्वाही गरिएको छ। हाल उनकी जेठी पत्नी शारदा तिवारी माईतीमै बसिरहेकी छिन्।

कुमरी-४ निवासी रमेश ढुंगानाले जेठी पत्नी पार्वती हुँदाहुँदी सरस्वती धिताललाई कान्छी पत्नीको रूपमा ०५१ पुस १० गते भित्र्याएका छन्। यस विषयलाई लिएर उनकी जेठी पत्नीले प्रहरी समक्ष उजुरी दिएपछि पीडक र उनकी कान्छी पत्नी समेतलाई कानूनी कारवाही गरिएको छ। जेठी पत्नी पार्वती हाल माइतीघरमा बसिरहेकी छिन्।

यस जिल्लामा तामाङ्ग लगायत अन्य तल्ला जातिहरूमा जारी प्रथा कायम छ। जारी लिनेदिने कुराहरू अधिकांश गाउँघरमा नै दुई थरी बीचको समझदारीमा हुने गर्छ। जारी सम्बन्धी कुनै विवाद वा मुद्दाहरू जिल्लासम्म आइपुगेको पाइएको छैन भने देउकी प्रथा यस जिल्लामा नरहेको र देह व्यापारको समस्या पनि देखा परेको पाइँदैन।

### ४.३ गर्भ पतन

गर्भ पतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस जिल्लाका सदरमुकाम तथा अन्य बजारहरूका होटेलहरूमा होटेल कान्छाको रूपमा काम गर्नेहरू अधिकांश १५ वर्ष मुनिकै बालबालिकाहरू रहेको पाइएको छ। यस मध्ये पनि घर परिवारमा उचित रेखदेखको अभावकै कारण घर छोडेर आएकाहरूको संख्या नै अधिक रहेको छ। केही मात्र अन्य कारणहरूले गर्दा आउने गरेका छन्। यस बाहेक जिल्लाका ग्रामीण क्षेत्रका बालबालिकाहरू कलिलै उमेरदेखि घरायसी श्रम गर्नुपर्ने वाध्यता भोगिरहेका छन्। होटेल कान्छाको रूपमा काम गर्ने वाल श्रमिकहरूले ज्यादै न्यून ( नगण्य) ज्याला पाउने गरेका छन्। जिल्लाका तामाङ्ग, राई, कुमाल जातिका तथा सुकुम्बासी क्षेत्रका वा अन्य सुदूर ग्रामीण क्षेत्रका बालबालिकाहरूको उल्लेखनीय प्रतिशत शिक्षाको अधिकारबाट वञ्चित रहेको छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

जिल्लामा संगठित पेशागत संगठनहरूले निर्वाध रूपमा पेशागत स्वतन्त्रताको उपभोग गर्न पाएको पाईंदैन। हिजोको दिनमा खासगरी सत्तापक्षको चाकरी नगर्ने पेशागत संगठनहरू र उक्त संगठनहरूमा संगठित पेशागत व्यक्तिहरूमाथि सम्बन्धित कार्यालयको वक्र दृष्टि पर्ने गरेको थियो। यस्तो वक्र दृष्टि खासगरी शिक्षक संगठन र कर्मचारी संगठन उपर पर्ने गर्थ्यो।

यस जिल्लामा संगठित ट्रेड यूनियन गतिविधि देखिएको छैन। श्रमिकहरूलाई अनियमित ढंगले कामबाट वञ्चित गराइएका आदि घटनाहरू पनि प्रकाशमा आएका पाइएनन्।

बेरोजगारीको समस्याले यस जिल्लालाई पनि नराम्ररी प्रभावित तुल्याएको छ। अधिकांश कृषकहरू नै रहेको यस जिल्लामा खेतीयोग्य जमीनको कमीले गर्दा खेतीबाट खान नपुग्नेहरूकै संख्या बढी छ। खेतीमा परम्परागत पद्धति नै कायम छ भने सिंचाइको अभावमा केही टारहरू सुख्खा छन्। विहान बेलुका हातमुख जोर्न कै समस्याले गर्दा यहाँका मानिसहरू कुल्ली तथा ज्यालादारी काम गर्नकै लागि पनि काठमाडौं लगायत भारतको विभिन्न ठाउँहरूमा समेत पुगेका छन्। खासगरी तामाङ्गहरू आर्थिक रूपमा साह्रै पिछडिएका छन्।

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

यो वर्ष यस जिल्लामा कार्यरत श्रमिक तथा कर्मचारीहरूलाई असुरक्षित अवस्थामा काम गर्न परेको तथा संगठित हुनमा बन्देज नै लगाइएको घटनाहरू पाइएन।

### ६.२ विश्रामको अधिकार

त्रिशुली देवीघाट जलविद्युत सुदृढीकरण आयोजनामा कार्यरत मजदूरहरूले गत ०५० पुस, फागुन तथा ०५१ असार महिनामा तलब सुविधा वृद्धिका मागहरू राखी पटक पटक हडताल गरेका थिए। उक्त आयोजनाको कार्य संचालन गरिरहेको कम्पनी लार्जन एण्ड टुब्रोले हाल मजदूरहरूको तलब सुविधामा २० प्रतिशतले वृद्धि गरेको थाहा भएको छ। होटेलमा काम गर्नेहरूले भने विश्रामको अधिकार उपभोग गर्न पाएको देखिंदैन।

### ६.३ अन्य आर्थिक अधिकार

यस जिल्लाका ढिकुरे, चौघडा, लब्धु, घोडगाढ, चौखुंडा, आँपचौर, गौरीगाउँ लगायत अन्य ठाउँहरूमा गरी झण्डै १ हजार २ सय परिवार राई जातिको बसोबास रहेको छ। चौघडा र आसपासका ठाउँहरू बाहेक अन्य क्षेत्रका राईहरू आर्थिक, शैक्षिक वा चेतनाको दृष्टिकोणले अत्यन्तै पिछडिएका छन्। साथै उनीहरू ज्यादै सोझा र ईमान्दार पनि छन्। उनीहरूको यस्तो सोझोपनबाट फाईदा उठाएर स्थानीय टाठाबाठाहरूले श्रम शोषण देखि लिएर राजनैतिक फाइदा समेत उठाउने गरेका छन्।

अधिकांश राईहरूको पेशा कृषि नै हो तर आफ्नो खेतीबाट खान पुग्नेहरू मुश्किलले केही प्रतिशत मात्र छन्। अन्य रोजगारीको व्यवस्था नहुँदा दोश्रो पेशाको रूपमा माछा मार्ने र अर्काको हलो जोत्ने तथा ज्याला मजदुरी गरेर उनीहरू

जीवीका चलाइरहेका छन्। एकै परिवारका ४ जनासम्म अर्काको हलो जोत्ने काममा लागेको पनि भेटियो भने वर्ष दिन भरि जोते बापत १ हजार देखि १ हजार ५ सयसम्म रूपियाँ पाउने गरेको उनीहरू बताउँछन्। त्यस्तै नुवाकोट जिल्लाको सदरमुकाम विदुर नगरपालिका भित्रै र अझ काठमाडौं त्रिशुली सडक किनारामै बसोबास गर्दै आएका (झण्डै ४ सय परिवार) कुमाल जातिको स्थिति पनि अत्यन्तै दयनीय छ। अधिकांश खेतीबाट खान नपुग्ने स्थितिका छन् भने पेशाले माटाका भाँडा बनाउने भए पनि त्यस पेशाको कुनै भर छैन। त्यसैले वैकल्पिक रोजगारीको रूपमा माछा मार्ने, अधियाँ जग्गा कमाउने, तथा अर्काको हलो जोत्ने काम उनीहरू गर्दछन्। सदरमुकाम क्षेत्रमा बसोबास गरेको भए पनि शिक्षा र चेतनाको हिसाबले अत्यन्तै पछि परेका छन्। यी सम्पूर्ण कुमाल परिवारमा हालसम्म संभवतः एक जना मात्र एस.एल.सी. उत्तीर्ण छन्।

यी दुबै जातिहरूमा ठूलो कुलतको रूपमा अत्यधिक रूपमा जाँड रक्सीको प्रचलन छ। यसले पनि उनीहरूलाई पछाडि धकेल्न थप बल पुर्‍याइरहेको छ भने जाँडरक्सीको प्रचलनलाई कम गर्ने, औपचारिक तथा अनौपचारिक शिक्षामा जोड दिनुका साथै सीपमूलक तथा आयमूलक विभिन्न व्यवसायहरू उनीहरूमाझ संचालन गरिएमा उनीहरूको जीवनस्तरमाथि उठ्न सक्ने देखिन्छ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

फाट्टफुट्ट रूपमा हुने खानेहरूका घरमा घरेलु अर्ध नोकरका रूपमा रहेका बाहेक दासत्वको समस्या यस जिल्लामा छैन। कमैया र बाँधा मजदुरी प्रथा कायम नभएको भए पनि अर्काको हलो जोतेरै निर्वाह गर्नेहरूको संख्या भने उल्लेखनीय नै रहेको छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

गाउँघरमा कतिपय ठाउँहरूमा निमुखा महिलाहरूलाई बोक्सीको आरोप लगाउने, तिनीहरूका कुरा काट्ने तथा हियाउने, खिसी ट्यूरी गर्ने कुराहरू सामान्य रूपमा देखिन्छन्। बोक्सीको आरोप लगाउँदै हातपात समेत गरेका एकाध घटनाहरू सुन्नमा आएका छन्। भूत, प्रेत, धामी, झाँक्री जस्ता अन्धविश्वासले यो समाजमा पनि जरा गाडेकै छ। पिछडिएको समाजमा अझ यस्तो अन्धविश्वास चर्को रूपमा स्थापित छ। बजारका होटेलहरूमा समेत छुवाछूत कायम छ भने गाउँघरमा यो कुन रूपमा रहेको होला, अनुमान लगाउन सकिन्छ। धार्मिक वा सार्वजनिक स्थलहरूमा अछूतहरूलाई प्रवेश वा निषेध बारे विवादहरू भएका घटनाहरू भने छैनन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

तुलबहादुर तामाङ्गको हत्याको विरूद्ध नेपाली कांग्रेस नुवाकोटले एक वक्तव्य प्रकाशित गरी हत्याराको नाइके प्रकाशचन्द्र लोहनी भएको आरोप लगाएको छ। त्यसैगरी ०५१ कात्तिक २९ गते सम्पन्न चुनावलाई लिएर एमाले, कांग्रेस र राप्रपाले काठमाडौंमा पत्रकार सम्मेलन गरी एक अर्काले धाँधली गरेको आरोप लगाए।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

त्रिशुलीबाट काठमाडौं तर्फ गइरहेको एउटा यात्रुवाहक बस ०५१ पुस २६ गते तीनपिप्ले नजिक दुर्घटनाग्रस्त हुँदा १ जनाको घटनास्थलमै र ३ जनाको उपचारको सिलसिलामा मृत्यु भएको थियो। ३३ जना गम्भीर रूपमा घाइते भएकोमा सबै नै उपचार पछि ठीक भएका थिए।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

०५१ साउन २१ र २४ गतेको भारी वर्षाको कारण पहिरो तथा बाढीबाट नुवाकोट जिल्लाका घ्याङ्गफेदी, बेतिनी, वालकुमारी, राउतबेशी, समुन्द्रटार आदि गाविसका केही क्षेत्रहरू नराम्ररी प्रभावित भएका छन्।

उक्त पहिरो तथा बाढीबाट १३ घर भत्कनु तथा बगाउनुका साथै लगभग ८० घर प्रभावित भए। २१ वटा घट्ट तथा ११ वटा झोलुङ्गे पुल समेत बाढीले बगाएको छ भने तादी खोला लगायत अन्य खोलाहरूको बाढीले कैयौं रोपनीको धानबाली पुरेको तथा बगाएको छ। करीब २ हजार ५ सय रोपनी जमीन क्षती भएको अनुमान गरिएको छ। बाढीबाट बेतिनी-४ का २२ वर्षीय बमजङ्ग तामाङ्गको लास बेपत्ता हुनुका साथै अर्को १ जनाको ज्यान गएको छ।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ९.४ आत्महत्या

यस जिल्लामा आत्महत्याका घटनाहरू अत्यधिक रहने गरेका छन्। यस वर्ष १९९४ भरिमा जम्मा २८ वटा आत्महत्याका घटनाहरू देखा परे। यस बाहेक वर्षभरिमा १५ जनाको भवितब्यबाट मृत्यु भएको छ।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती आदि

चुनावको क्रममा केही ठाउँमा जनजीवनलाई आतंकित बनाउने कामहरू भए। त्यस बाहेक अन्य उल्लेख्य घटना देखा परेको पाइएन।

■



# २. मध्यमाञ्चल

# बागमती

# २.१९ रसुवा

जनसंख्या : ३६७४४
साक्षरता : २२.९ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : १५४४ वर्ग कि.मी.

पातलो वस्ती र केही हिउँले ढाकिएको भू-भाग समेत भएको रसुवा जिल्लामा गोसाइँकुण्ड, रसुवागढी र घले दरवार जस्ता ऐतिहासिक एवं सांस्कृतिक महत्वका ठाउँहरू रहेका छन्। यो जिल्लाको पूर्वमा सिन्धुपाल्चोक, पश्चिममा धादिङ्ग, दक्षिणमा नुवाकोट जिल्ला पर्दछन् भने उत्तरमा मित्रराष्ट्र चीनको स्वाशासित क्षेत्र तिब्वत पर्दछ। यहाँको स्याफ्रुवेसी, थाम्वुचेत र टिमुरे आदि ठाउँमा तिब्वती शरणार्थीको बसोबास पाइन्छ। यो जिल्लामा धेरैजसो व्यक्तिगत रीसइबी र झैझगडामा मानवअधिकार उल्लंघनका घटनाहरू देखा पर्ने गरेका छन्।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

यो वर्ष हत्या तथा गोलीको उल्लेख्य घटना देखा परेन। तर पनि केही हत्याका घटना प्रहरीमा दर्ता भएको पाइयो।

थुमन गाविस-२ बस्ने वर्ष २५ को लाटो व्यक्ति पेम्वा ग्याम्जनले ०५१ बैशाख २० गते सोही गाविस-३ बस्ने वर्ष ६० को लाटै व्यक्ति कामी वाङ्दीलाई सामान्य झगडामा उचालेर ढुंगामा पछार्दा सोही असरको कारणले चारदिन पछि निज वाङ्दीको मृत्यु भयो।

लहरेपौवा गाविस-१ वोगटीटार बस्ने वर्ष ३७ को अर्जुनबहादुर न्यौपानेले आफ्नी कान्छी पत्नी वर्ष २८ की कुमारी न्यौपानेलाई ०५१ कात्तिक २७ गते आफ्नै घरमा कोदालोको विडले कुटपिट गरी उक्त लठ्ठी श्रीमतीको गुप्ताङ्गमा घुसाएर अशक्त बनाए। उपचारार्थ त्रिशुली अस्पतालमा भर्ना गरेकोमा उपचार गर्दा गर्दै मिति ०५१ मंसीर ३ गते कुमारी न्यौपानेको मृत्यु हुन गएको कुरा मृतकको छोरो वर्ष ८ को मानबहादुर न्यौपानेले जिल्ला प्रहरी कार्यालय रसुवामा गरेको जाहेरीबाट थाहा हुन आएको छ। निज अर्जुनबहादुर न्यौपानेलाई कार्यवाहीका लागि थुनमा राखिएको कुरा जिल्ला अदालत रसुवाबाट थाहा भएको छ।

०५१ मंसीर २ गते शुक्रवारका दिन बेलुकी ६ बजेको समयमा यार्सा गाविस-६ बस्ने वर्ष ६० को रिन्जा वाङ्दी तामाङ्ग ०५१ कात्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनको विजय जुलुसमा गएर कालीका स्थानबाट घर तर्फ गइरहेका थिए। यार्सा गाविस कै वडा नं. ६ र ७ को बीचमा पर्ने छेपारो खोलामा रिन्जा वाङ्दी मृतक अवस्थामा फेला परेका थिए। मृतकको मृत्यु माथि शंका लागेर निजकी पत्नी र छोराले ०५१ पुस २ गते जिल्ला प्रहरी कार्यालय रसुवामा यार्सा गाविस-६ बस्ने मृतकको जेठा बाबु नाता पर्ने लक्षिन लामा भन्नेले कुटपिट गरी मारेको भनी निवेदन दिएका छन्।

हाल जिल्ला प्रहरी कार्यालयबाट लक्षिन लामा र अन्य १८ जना मानिसहरूलाई अनुसन्धानको सिलसिलामा हिरासतमा राखी कारवाही भैरहेको कुरा प्रहरीबाट थाहा भएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | - |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | ४ | १ |

### १.२ जेल र बन्दीहरू

गत वर्ष मात्र निर्माण भएको रसुवा जेल भवनमा सम्पूर्ण सुविधाहरू पर्याप्त मात्रामा नभए पनि भवनलाई मात्र दृष्टिगत गर्दा दोष दिने ठाउँ छैन। हाल यस जेलमा जम्मा ९ जना बन्दीहरू भएकोमा २ जना थुनुवा र ७ जना बन्दीहरू रहेका छन्। उपचारको राम्रो व्यवस्था हुन नसकेको कुरा बन्दी उर घले बताउँछन्। निज छाती दुख्ने रोगबाट पीडित छन्।

अर्का बन्दी वुद्धिबहादुर तामाङ्ग आफू दम रोगबाट पीडित भएको तर जेलमा उपचारको राम्रो व्यवस्था नभएको बताउँछन्। १० रोपनी १२ आना क्षेत्रफल ओगटेको यस जेलको क्षमता ३६ बन्दीहरू अट्न सक्ने छ। जेलमा भित्री र बाहिरी गरी दुईवटा शौचालयहरू छन्। खानेपानीको व्यवस्था राम्रो छ। बन्दीहरू घाम ताप्न नपाइएको, सीपमूलक शिक्षा सिक्न नपाइएको, कात्तिक महिनामा नै पाउनु पर्ने ओढ्ने ओछ्याउने हालसम्म पनि नपाएको, तरकारीको लागि प्रतिव्यक्ति दिइने गरेको रकम अपर्याप्त भएको गुनासो गर्दछन्।



रसुवा जेल

### १.३ गिरफ्तारी र यातना

०५० पुस २८ गते गोल्जुङ गाविस-५ का ३२ वर्षीय सिगीबहादुर तामाङले सोही गाविस-५ का वर्ष २२ को धर्म तामाङ्गको घरमा रातको अन्दाजी १० बजेको समयमा गई घरमा ढुङ्गामुढा गरी कुटपिट समेत गरेको आरोपमा निज सिगीबहादुर तामाङ्गलाई प्रहरीले गिरफ्तार गरी सार्वजनिक अपराध ऐन अन्तरगत मुद्दा चलाइएको छ। हाल उनी ५ हजार रूपियाँ धरौटी राखी तारीखमा छुटेका छन्। आफूलाई जवर्जस्ती फसाइएको गुनासो पीडितको छ।

०५० चैत १४ गते फागु पुर्णिमाको दिन नुवाकोट जिल्ला गेर्खु गाविस-९ वेत्रावति बजारका वर्ष २३ का ईश्वरलाल श्रेष्ठ र वर्ष १८ का उद्धव थपलिया समेत मिली धैबुङ गाविस-७ का घुम्ती खुद्रा पसल गरी बस्ने अर्जुनबहादुर भण्डारी र निजकी श्रीमतीलाई फागुका दिन अविर र कालो मोसो दलेको आरोपमा निजहरू दुबैजनालाई ४ दिनसम्म प्रहरी हिरासतमा राखी करवाही चलाइयो। सोही घटनालाई लिएर ईश्वरलाल श्रेष्ठका दाजु शेखरलाल श्रेष्ठलाई पनि ४ दिनसम्म हिरासतमा राखिएको थियो।

०५० चैत १८ गतेका दिन विहान ११ बजेको समयमा धैबुङ गाविस-७ घुम्ती बजार खुद्रा पसल गरी बस्ने वर्ष ४१ को अर्जुनबहादुर भण्डारी र सोही गाविस-७ घुम्ती बस्ने वर्ष ५५ को अङ्गीरस न्यौपाने बीच फागुपूर्णिमाको दिन भनाभन हुँदा अर्जुनबहादुर भण्डारीले अङ्गीरसलाई चैँचेटेर लडाएको भन्ने आरोपमा निज भण्डारीलाई सार्वजनिक अपराध मुद्दामा गिरफ्तार गरी ४ दिनसम्म हिरासतमा राखिएको थियो।

### १.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

०५१ बैशाख ६ गते बेलुकी ४.३० बजेको समयमा गोल्जुङ गाविस-७ घर भई हाल थकाली धुन्चेमा होटल मजदूरी गरी बस्ने वर्ष २० का माइला घलेले तनहुँ जिल्ला व्यास नगरपालिका घर भै हाल होटल लामटाङमा काम गरी बस्ने ऋषिराम खनाललाई सडकमा हिंडिरहेको समयमा पछाडिबाट फलामको डण्डीले गर्दनमा हिर्काई घाइते बनाए।

चिलिने गाविस-६ का २९ वर्षीय मेरुप तामाङ्ग, सोही गाविस-४ का २६ वर्षीय गुन्दुक तामाङ्ग र अन्य नाम र ठेगाना थाहा हुन नसकेका ३ जना समेत मिली टिमुरे गाविस खैदी गाउँ बस्ने वर्ष ३२ का तिब्बतीयन शरणार्थी तेन्जेन लामाको घरमा धनमाल र मुर्ति लुट्ने उद्देश्यले गई भरुवा बन्दूकले २ राउण्ड फाएर समेत गरे। त्यसपछि घर धनी लामाले ढोका भित्रबाट भालाले हातमा घोची मेरूप तामाङ्गलाई घाइते बनाई दिए। आफूहरूलाई नाम र ठेगाना थाहा हुन नसकेका मानिसहरूले ५ हजार रूपियाँ दिन्छु सहयोग गरी देउ भनेकाले आफू संलग्न भएको कुरा मेरूप तामाङ्ग बताउँछन्।

### १.६ धुनामा मृत्यु

धुनामा मृत्युभएको घटना देखा परेन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

मौलिक अधिकार हनन भएका उल्लेख्य घटनाहरू प्रकाशमा आएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

धर्मको हिसाबले हालसम्म कुनै किसिमको झै-झगडा नभएको हुनाले यहाँ धार्मिक सहिष्णुता रहेको पुष्टी हुन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यहाँ राजनैतिक स्वतन्त्रतामा हनन पुऱ्याउने कुनै उल्लेख्य घटना पाइएन। ०५१ कात्तिक २९ गते भएको निर्वाचनमा राप्रपा र कांग्रेस दुई दलले आफ्नो उम्मेद्वार खडा गरेका थिए। निर्वाचनको सिलसिलामा केही गाविसहरूमा फर्जी मत खसालिएको कुरा जिल्लाभर चर्चामा रह्यो। हाकु गाविस अन्तरगतको गोगने मतदान केन्द्रको मत पेटीका सदरमुकाम ल्याउन लाग्दा साँझ करीब ७ बजेतिर बाटोमा मादक पदार्थ

बाटोमा मादक पदार्थ सेवन गरेका २०/२५ जना व्यक्तिहरू आएर उक्त मत पेटिका लुटे। निर्वाचनमा कांग्रेस र राप्रपा दुबै पक्षबाट मत किन्ने काम भएको पाइयो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँको अदालतप्रति जनताको धारणा सकारात्मक छ। तर अदालतले मुद्दाको फैसला गर्न ढिलासुस्ती गरेको गुनासो भने धेरैको छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

निर्कुभुमे मा.वि. सरमथलीका शिक्षक अर्जुन कार्की नेपाल रा.शि.प्रा.वि. टिमुरेका शिक्षक अभय सिंह र चिती प्रा.वि.का शिक्षक कृष्ण पौडेललाई अनियमित किसिमले जिल्ला शिक्षा कार्यालयबाट अवकास दिइएकाले मौलिक हकबाट निज शिक्षकहरू वञ्चित हुन पुगेका छन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ भूमिहीन तथा सुकुम्बासी समस्या छैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

यस जिल्लामा गत वर्ष एकाध महिलाहरूको किनबेच जिल्लाको दक्षिण-पूर्वमा रहेको यार्सा र सरमथली गाविसहरूमा भेटिएता पनि यो वर्ष महिला किनबेचका घटनाहरू भएको पाइएन। त्यस्तै बलात्कार र एड्स पीडित सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

जारी र बहुविवाहको घटना देखा परेनन्। यस जिल्लामा देउकी प्रथाको चलन छैन र देहव्यापार सम्बन्धी घटना पनि प्रचारमा आएको पाइएन।

### ४.३ गर्भ पतन

गर्भपतनको घटना देखा परेन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बालकलाई श्रममा लगाइएको, विद्यालय जानबाट वञ्चित गरिएको, खान लाउन नदिइएको जस्ता उल्लेख्य घटना देखा परेको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

यहाँ काम अनुसार पारिश्रमिक नदिइएको, पारिश्रमिक विना नै जवर्जस्ती श्रममा लगाइएको, श्रम गर्नबाट वञ्चित गरिएको, श्रम गर्न असुरक्षा खडा गर्ने गरेको र पेशा अनुसार संगठित हुनमा रोक लगाइएको जस्ता कार्यहरू भएको पाइएन।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना भएन।

### ६.३ अन्य आर्थिक अधिकार

आफ्नो सीप, योग्यता र रूची अनुसार कुनै पनि पेशा गरी जीवीकोपार्जन गर्न पाइने अवसरबाट कोही वञ्चित भएको घटना छैन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

हलीको रूपमा काम गर्ने व्यक्तिहरू यहाँ छन्। तर दासत्व, कमैया र बाँधा भने छैनन्।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

ज्यादै न्यून संख्यामा रहेका दमाई, कामी, सार्कीहरूको श्रम चले पनि सानो र अछूत जात भनी उनीहरूले छोएको नखाने, शारीरिक रूपमा पनि छोइछिटो गर्ने, तागाधारीको घरभित्र पस्न नदिने अमानवीय व्यवहार यहाँ विद्यमान छ। तल्लो जात भएकै कारण दमाई, कामी र सार्की जातका मानिसहरूलाई प्रौढ शिक्षा कार्यक्रममा सहभागी हुन समेत नदिई साक्षर बन्न समेतबाट वञ्चित गरिएको खबर हालसालै प्रकाशमा आएको छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लाका घटनाहरूका सम्बन्धमा कसैको टिप्पणी वा वक्तव्य प्रकाशित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

०५१ भदौ ६ गते काठमाडौं जिल्ला फरपिङ गाविस बस्ने वर्ष ६५ की श्रीमती गंगादेवी वस्नेत जनैपूर्णिमाको अवसरमा गोसाईंकूण्ड मेलामा स्नान गरी फर्किएर आएपछि धुन्चे गाविसको वाशुटैला होटलमा वास बसेकी थिइन्। भोलिपल्ट विहान उनी मृत अवस्थामा फेला पारिन्। निज गंगादेवी वस्नेत केही वर्ष अगाडि देखि नै क्षयरोगबाट पीडित रहेको बताइन्छ।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

गतलाङ गाविसमा ०५१ भदौ महिनामा फैलिएको झाडापखाला रोगबाट सोही गाविस-४ गत्लाङ बस्ने वर्ष १८ की श्रीमती सेल्लु धावा तामाङ्ग समेत २ जनाको भदौ १५ गते मृत्यु भयो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी कुनै घटना प्रचारमा आएको पाइएन।

### ९.४ आत्महत्या

०५१ साउन २२ गतेका दिन मोर्ले गाविस-९ का ३८ वर्षीय धनबहादुर ग्याम्दनले आफ्नो घरको मटानको पालीमा डोरीको पासो लगाई झुण्डिएर आत्महत्या गरे। निज धनबहादुर केही वर्ष अगाडिदेखि नै मानसिक रोगबाट पीडित भएको बताइन्छ।

■

# पश्चिमाञ्चल



३.१ तनहुँ

३.२ गोरखा

३.३ लमजुङ्ग

३.४ स्यांग्जा

३.५ कास्की

३.६ मनाङ्ग

३.७ नवलपरासी

३.८ रूपन्देही

३.९ पाल्पा

३.१० कपिलवस्तु

३.११ अर्घाखाँची

३.१२ गुल्मी

३.१३ बाग्लुङ्ग

३.१४ पर्वत

३.१५ म्याग्दी

३.१६ मुस्ताङ्ग



# ३. पश्चिमाञ्चल

# गण्डकी

## ३.१ तनहुँ

जनसंख्या : २६८०७३

साक्षरता : ५०.० प्रतिशत

महिला साक्षरता : ३५.८ प्रतिशत

क्षेत्रफल : १५४६ वर्ग कि.मी.

गण्डकी अञ्चलको पहाडी जिल्लाको रूपमा रहेको तनहुँ प्राकृतिक रमणीयताले ओतपोत छ। यस जिल्लाको पूर्वमा गोरखा र चितवन, पश्चिममा स्याङ्गजा, दक्षिणमा पाल्पा र उत्तरमा लमजुङ तथा कास्की जिल्ला पर्दछन्। नेपालका अन्य पहाडी जिल्लाको तुलनामा शिक्षित समुदाय बढी भएको यस जिल्लामा मानवअधिकार हननका घटनाहरू पनि कम नै भेटिएका छन्। अझै पनि साना ठूला मानवअधिकारको उल्लंघन राजनैतिक पूर्वाग्रह तथा गरिबी र अज्ञानताका कारण भइरहेको भेटिन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

#### १.१ हत्या/गोली

यस वर्ष यो जिल्लामा हत्या गरिएको र गोली चलेको घटना सार्वजनिक जानकारीमा आएन।

#### १.२ जेल र वन्दीहरू

२५ जना बन्दी अटाउन सक्ने क्षमता रहेको दमौली घ श्रेणीको जेल हो। हाल यो जेलमा २७ जना थुनुवा, ४ जना वन्दी र १ जना नावालक समेत गरी ३२ जना रहेका छन्। यिनीहरूमध्ये २ जना महिला र बाँकी ३० जना पुरुष छन्। जेल भवन पुरानो भए पनि भौतिक स्थिति त्यति नराम्रो छैन। वन्दीहरूले प्रयोग गर्ने कोठामा बत्तीको व्यवस्था छ। पानी र चर्पीको पनि व्यवस्था छ। वन्दीहरू विरामी भएका वेला स्वास्थ्य चौकीबाट अहेब बोलाई उपचार गर्ने गरिएको कुरा जेलर बताउँछन्। केही वन्दीहरूले जेल भित्रै नाम्लो बुन्ने गरेका छन्। जेलमा गोरखापत्र बाहेक अरू कुनै पत्रिपत्रिका पुग्दैनन्। रेडियो कुनै बन्दीले व्यक्तिगत रूपमा खरिद गरी उपयोग गर्दा वन्देज नलगाइएको कुरा जेलरले बताएका छन्।

#### १.३ गिरफ्तारी र यातना

व्यास नपा-२ का अजय श्रेष्ठलाई ०५१ भदौ १६ गते पक्राउ गरी जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर तथा असइ क्रमशः विनोद शर्मा र सुवास शर्माले हिरासतमा नै मरणासन्न हुने गरी पिटेका थिए। रक्सी वेचेको तथा खाएको आरोपमा बन्दी बनाइएका पीडितलाई हातमा हत्कडी लगाइएको थियो। भोलिपल्ट हिरासतबाट छुट्ने वित्तिकै पीडितको शरीर जाँचबुझ गरी ०५१ भदौ १८ गते प्रमुख जिल्ला अधिकारी र इन्स्पेक्टरसंग जनसमुदायले स्पष्टीकरण माग्दा गल्ती स्वीकार गर्दै प्रमुख जिल्ला अधिकारीले पीडकहरूलाई कारवाही गरिने प्रतिवद्धता देखाएका थिए।

मनपाङ्ग गाविस-६ का संयुक्त जनमोर्चाका कार्यकर्ता दिलिप श्रेष्ठलाई ०५१ साउन १९ गते घरैबाट पक्राउ गरी वन्दी वनाइएको थियो। नेपाल वन्दको दिन कुटनैतिक गाडी ( भारतीय) मा ढुङ्गा हानेको भनी आरोप लगाइएका पीडितलाई हिरासतमा रहँदा प्रहरीहरूले सख्त यातना दिएका थिए। पीडित ०५१ भदौ ६ गते २ हजार धरौटी राखी तारिखमा छुटेका छन्।

व्यास नपा-२ का रवि खनाल, शंकर श्रेष्ठ र विष्णु रानाभाट लगायत १८ जनालाई ०५१ साउन ३० गते प्रहरीले आक्रमण गरी पक्राउ गरेको थियो। ६ वाम घटकको आव्हानमा नेपाल वन्द कार्यक्रममा मादी पुलको मुखमा भेला भएका राजनैतिक कार्यकर्ताहरूलाई पक्री यातना समेत दिइएको थियो।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | ४ |
| बलात्कृत | - | - | १ |
| आत्महत्या | - | - | ३ |



*दमौली जेल*

किहुँ गाविस-३ का रमेश सिग्देललाई ०५१ मंसीर १५ गते सोही ठाउँका भीमबहादुर थापा लगायत अन्य २ जनाले कुटपिट गरेका थिए। पीडित रमेश सिग्देल संयुक्त जनमोर्चा समर्थक विद्यार्थी हुन् र पीडकहरू नेपाली कांग्रेस समर्थक हुन्। यस झगडामा राजनीतिक विचारधाराका साथसाथै घर घरायसी कारण समेत रहेको देखिन्छ। हातका तीन औंला पिटाइले भाँचिएका पीडितले कुनै कानूनी राहत प्राप्त गरेको देखिएन।

### १.४ वेपत्ता पारिएको

यो वर्ष तनहुँमा वेपत्ता पारिएको घटना देखिएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

दोराफिदी गाविस-४ का विष्णुप्रसाद पौडेललाई ०५१ साउन ५ गते सोही गाविस-९ का रविन्द्र पौडेलले कुटपिट गरे। रोपाईको लागि कुलो पानीको कारणबाट झगडा उत्पन्न भएपछि पीडक रविन्द्रले हँसिया र कोदालाको पासोले हान्दा पीडितको टाउकोमा घाउ चोट लागेको थियो। पीडितले ०५१ भदौ ९ गते जिल्ला अदालतमा कुटपिट गरी मार्ने धम्की दिएकोमा त्यसका विरूद्ध मुद्दा दायर गरेका छन्।



***कुटपिटबाट घाइते : रमेस सिग्देल***

### १.६ थुनामा मृत्यु

दुलैगौडा स्थित बेल चौतारा प्रहरी चौकीमा हिरासतमा रहेका ६० वर्षीय निलबहादुर कमरको असार २ गते मृत्यु भएको थियो। उनलाई असार १ गते चोरीको आरोपमा गिरफ्तार गरी हिरासतमा लिइएको थियो। प्रहरी चौकी नजिकै रहेको भीरमा उनको लास फेला पारिएको थियो। प्रहरी सूत्रले आत्महत्या गरी मरेको जनाए पनि हिरासतभित्र रहेको व्यक्ति भीरबाट हामफाल्न कसरी पुग्यो यो रहश्यमय घटना बनेको छ।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यस जिल्लामा अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार सम्बन्धी संविधानको मौलिक अधिकार यस वर्ष हनन भएको देखिएन।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक आस्थाका हिसावले विविध धर्म मान्नेहरू पाइन्छन्। तर पनि धार्मिक रूपले कुनै विवाद उत्पन्न भई अधिकार हनन भएका घटनाहरू भने पाइएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

मझकोट गाविस-७ का यमबहादुर थापा र शोभा थापाले ०५१ कार्तिक २९ गतेको मध्यावधि निर्वाचनमा सूर्यमा भोट हाले भनी सोही ठाउँका कांग्रेस समर्थक खड्गबहादुर थापा लगायतको जत्थाले घरको ढोका फोरी दुवै जनालाई कुटपिट गऱ्यो। यस घटना विरूद्ध ०५१ कार्तिक ३० गते इलाका प्रहरी कार्यालय भिमादमा उजुरी दर्खास्त दिन खोज्दा दर्खास्त लिन अस्वीकार गरिएको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

कानूनको मर्यादा र ज्ञानको त्यति धेरै जानकारी नहुनु र मानवअधिकार सम्बन्धी शिक्षाको कमीले गर्दा पनि सुगम र निष्पक्ष न्यायिक अधिकार प्राप्त गर्न जनता सचेत भइसकेका देखिदैनन्। यसकारणले गर्दा कानूनी क्षेत्र, प्रहरी र प्रशासनले सुगम र निष्पक्ष न्यायिक कार्य प्रदान गरेको देखिंदैन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यो वर्ष जिल्लामा यस सम्बन्धी कुनै घटना भेटिएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

भूमिहीन तथा सुकुम्वासी समस्याहरू यस जिल्लामा पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

घाँसीकुवा गाविस-७ की ४० वर्षीय लालमाया गैरेलाई ०५१ मंसीर २८ गते पति नरबहादुर गैरेले पिटी सख्त घाइते बनाए। जेठी पत्नीको रूपमा रहेकी पीडित सौता भित्राइएपछि पतिबाट ५ वर्ष अघिदेखि नै छुट्टै बसेकी थिइन्।

अंश माग गर्दा नदिने कुरा गर्दै पतिले शरीरको तल्लो भाग नै नचल्ने गरी पिटेका थिए। पीडित पक्षले ०५१ पुस २ गते प्रहरीमा उजुरी लेखाई कानूनी उपचार खोजेको बेलादेखि नै पीडक फरार रहेका छन्।

भानु गाविस-९ की ५ वर्षीय एक वालिकालाई ०५१ कार्तिक २९ गते सोही ठाउँ वस्ने वर्ष १६ को लुरे आलेले जवर्जस्ती वलात्कार गरे। पीडित वच्ची चिच्याएर रोएपछि आमा आई हेर्दा जवर्जस्ती गरिरहेको देखी पक्राउ गरी कानूनी कारवाही गरिएको थियो।

**४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत**

यस सम्बन्धमा यसवर्ष कुनै घटनाहरू सार्वजनिक रूपमा देखा परेनन्।

**४.३ गर्भपतन**

पुर्कोट गाविस-४ की १७ वर्षीय नीरमाया न्यौपानेले ०५१ असार १४ गते ५ महिनाको गर्भपतन गराइन्। उक्त गर्भपतन गराएको सम्बन्धमा नर्स जमुना गुरूङ र गर्भपतन गर्ने नीरमाया न्यौपानेलाई कानूनी कारवाही चलाइएको छ।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

वाल अधिकार उल्लंघन मूलतः वावु आमाको चेतनाको स्तर, आर्थिक स्थिति आदिमा निर्भर गर्दछ। यी कुराको आधारमा बाल अधिकारको समस्या हटेको होइन तर उल्लेख्यरूपमा कुनै घटना भने देखिएन।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)**

यस जिल्लामा आर्थिक अधिकार हननका घटनाहरू यो वर्ष देखिएनन् ।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

मानवअधिकारसंग सरोकार राख्ने विभिन्न प्रकारका दासत्वहरू, छुवाछूत र अमानवीय व्यवहारहरू भएको भेटिएन।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि**

यस जिल्लाको क्षेत्र नं. ३ मा राष्ट्रिय प्रजातन्त्र पार्टीका तर्फबाट ०५१ कार्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनमा नेपाली कांग्रेसका उम्मेदार गोविन्दराज जोशीले व्यापक धाँधली गरी चुनाव जितेको आरोप लगाई प्रेस वक्तव्य वितरण गरिएको थियो। उक्त वक्तव्यमा कांग्रेसले अन्य पार्टीका एजेन्टहरूलाई कुटपिट गरेको र मतदातालाई धम्क्याएको, सेनालाई चुनावमा प्रयोग गरेको, सरकारी कर्मचारीहरूलाई परिचालन गरेको, जिल्लामा गई मन्त्रालयको लेटरप्याडमा शिक्षक नियुक्तिको पत्र बाँडेको आदि आरोप लगाइएको छ। स्वच्छ, निष्पक्ष र धाँधलीरहीत निर्वाचन प्रजातन्त्रको प्राण भएकाले धाँधलीका घटनाको निष्पक्ष छानवीन गरी अपराधीहरूमाथि कडा भन्दा कडा कारवाहीको माग पनि वक्तव्यमा गरिएको थियो।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)**

व्यास नपाका ६४ वर्षीय शालिकराम बोटे ०५१ भदौ ११ गते गाई वस्तु फर्काउन जाँदा मादी नदीमा डुबी बगे। उनको लाश भदौ १६ गते सोही नदीको झोलुङ्गेपुल नजिक फेला परेको थियो।

**९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)**

यस सम्बन्धमा कुनै घटना भएको भेटिएन।

**९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि**

यस वर्ष यस सम्बन्धमा कुनै घटना भएको देखिएन।

**९.४ आत्महत्या**

व्यास नपा-९ की १७ वर्षीय दुर्गा अधिकारीले ०५१ भदौ ३१ गते विष सेवन गरी आत्महत्या गरिन्। उनी ७ महिनाकी गर्भवती थिइन्। मृतकको पोष्ट मार्टम दमौली हेल्थपोष्टमा गरी सत्‌गत् गरिएको थियो।

जामुने गाविस-७ की ३५ वर्षीय आशादेवी श्रेष्ठले ०५१ साउन ६ गते पासो लगाई घरमा झुण्डिएर आत्महत्या गरिन्। गोविन्द कामीको बात लगाई देवर जेठाजूले ०५१ असार ६ गते उनलाई घरबाट निकालेका थिए। त्यसपछि आफ्नो दाजुको साथ लागि घर फर्केका पीडितले आत्महत्या गरेको पाइयो।

व्यास नपा-१० का २१ वर्षीय मोहन पौडेलले ०५१ साउन १२ गते तन्नाको पासो लगाई कोठामा झुण्डिएर आत्महत्या गरे। प्रमाणपत्रहरू फिंजारेर खाटमा राखेका मृतकले वेरोजगारीको कारण आत्महत्या गरेको बताइन्छ। पोष्टमार्टमपछि लाशलाई अन्तिम संस्कार गरिएको थियो।

**९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती**

आंवू खैरेनी बजारमा मिठाई पसल गरी बस्ने विजयकुमार गुप्ताले प्रतिवन्धित लागू औषधी फेन्सीडिल विक्री गरिरहेको अवस्थामा प्रहरीले ०५१ मंसीर १५ गते पक्राउ गरेको थियो। प्राप्त खवरको आधारमा प्रहरीले अनुसन्धान गरी औषधी वरामद गर्नुका साथै अभियुक्तलाई कानूनी कारवाही गरिएको थियो।

■



# ३. पश्चिमाञ्चल

## गण्डकी

## ३.२ गोरखा

जनसंख्या : २५२५२४
साक्षरता : ४३.३ प्रतिशत
महिला साक्षरता : ३०.९ प्रतिशत
क्षेत्रफल : ३६१० वर्ग कि.मी.

ऐतिहासिक महत्व राख्ने गोरखा जिल्ला गण्डकी अञ्चलको विकट जिल्ला पनि हो। यहाँ अशिक्षा, अज्ञानता, गरीवी, अन्धविश्वास र शोषणका कारण अधिकांश गाउँहरू पछौटे अवस्थामा रहेका छन्। यस जिल्लाको उत्तरको विकट हिमाली भूभागले चिनको तिव्वती क्षेत्रलाई छुन पुगेको छ भने पश्चिम र दक्षिणतर्फ तनहुँ जिल्ला तथा पूर्वमा धादिङ र नुवाकोट पर्दछ। मानवअधिकार हननका घटनाहरूलाई हेर्दा यहाँ मानवअधिकारको स्थिति राम्रो नरहेको स्पष्ट हुन्छ।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

मीरकोट गाविस-३ की १६ वर्षीय पार्वती भारतीले ०५१ साउन १६ गते नवजात शिशुको घाँटी थिची हत्या गरिन्। क्रिश्चियन धर्म प्रचारक भई संगै हिड्ने हरि सुवेदीको सम्पर्कबाट गर्भधारण गरेकी पार्वतीले समाजको डरको कारण वच्चाको हत्या गरेकी थिइन्। हाल अभियुक्त पार्वती भारतीलाई वन्दी बनाई कानूनी कारवाही चलाइएको छ तर हरि सुवेदीलाई कुनै कारवाही नगरी छोडियो।

पालुङटार गाविस-९ का ६१ वर्षीय रामबहादुर रानाभाटलाई ०५१ असोज २६ गते आफ्नै छोरा ओजराज रानाभाट लगायत अन्य दुई जनाले कुटपिट गरे। उक्त कुटपिटको कारण भोलिपल्ट रामबहादुर रानाभाटको मृत्यु भयो। यस सम्बन्धमा ओजराज रानाभाटलाई पक्राउ गरी कानूनी कारवाही गरिएको छ।

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | २ | - |
| बलात्कृत | - | २ | - |
| आत्महत्या | - | - | १ |

### १.२ जेल र वन्दीहरू

यहाँको जीर्ण पुरानो जेलबाट ०५१ असार ६ गतेदेखि ११ रोपनी क्षेत्रफलमा फैलिएको नयाँ जेल निर्माण गरी वन्दीहरूलाई सारिएको छ। जेल भर्खरै बनाइएको हुँदा टेलिफोनको लाइन समेत जडान नभएको र बजारदेखि टाढा रहेकोले बजार गर्न समेत अप्ठेरो परिरहेको छ। जेलको क्षमता ५५ जनाको रहेको छ र हाल यो जेलमा २२ जना वन्दी रहेका छन्। जसमध्ये आरोपित ८ तथा वन्दी १४ जना छन्। वन्दीहरूको उपचारार्थ स्वास्थ्यकर्मीको दरबन्दी नभएकाले उपचारको व्यवस्था जेलभित्र हुन सकेको छैन। स्थानीय तहमा उपचार गर्न नसकिने रोगी बन्दीलाई अन्यत्र लग्न सकिने व्यवस्था मिलाइएको छ।

### १.३ गिरफ्तारी र यातना

यस वर्ष जिल्लामा प्रहरी तथा प्रशासनले गिरफ्तार गरी यातना दिएको घटना देखिएन।

### १.४ वेपत्ता पारिएको

कसैलाई कारवाहीको सिलसिलामा वेपत्ता पारिएका घटनाहरू यो वर्ष भएनन्।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पाँचपुवादेउराली-५ की ४५ वर्षीय रन्जानी मियालाई ०५१ असोज ९ गते पन्दुङ देउराली ५ को ध्यामु भन्ने कुमार वावु पन्तले ज्यानमार्ने प्रयास गरे। पीडितले २५ हजार वैंकबाट झिकेको थाहा पाएका अभियुक्तले राती घरमा गई चुपीले घाँटी रेटी मार्ने प्रयास गरेका थिए। रन्जानी मिया कराई

गुहार मागेपछि गाउँलेहरू आई अभियुक्तलाई पक्रन सफल भए। यस सम्बन्धमा प्रहरी कारवाही भइरहेको छ।

### १.६ थुनामा मृत्यु

गोरखा जेलमा वन्दी बनाइएका ३४ वर्षीय टेकबहादुर गुरूङले यो वर्ष पासो लगाई आत्महत्या गरे। दिउँसो सवै वन्दीहरू बाहिर घाम तापिरहको अवस्थामा भित्र पसेका मृतकलाई झुण्डिएको देखेपछि तत्कालै फुकाई अस्पताल लगिएको थियो। अस्पताल पुऱ्याउनु अघि नै निजको मृत्यु भयो ।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

हयाल्चोक गाविसमा ०५१ कार्तिक १० गते संयुक्त जनमोर्चा भट्टराई समूहले चुनाव वहिस्कारको कार्यक्रम राखेकै दिन नेपाली कांग्रेसका २०/२५ जना कार्यकर्ता सहित उम्मेदवार चिरन्जीवी वाग्ले मनि चुनाव प्रचारमा हिड्नु भएको थियो। दुईपक्ष वीच भीडन्त हुँदा कांग्रेस समर्थक डण्डपाणी धमला लगायत ४ जना घाइते भए। यस घटनामा कोही पनि पक्राउ नपरेको तर स्थिति सामान्य पार्न सैनिक तैनाथ गरिएको थियो।

### २.२ धार्मिक स्वतन्त्रता

यस सम्बन्धी घटनाहरू देखा परेनन्।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

संयुक्त जनमोर्चा भट्टराई समूहले चुनाव वहिस्कार गरेका कारण केही ठाउँहरूमा मत पेटिका फालिएको थियो। चुनाव निस्पक्ष भएको भएता पनि पुनः मतदान गर्नु परेको र मतदाताहरूमा चुनावप्रति चाख घटेको पाइयो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अज्ञानता र अशिक्षाका कारण कानूनी अधिकारको उपयोग गर्नबाट जनता बञ्चित छन्। गरीवी र दरिद्रताका कारण निष्पक्ष न्यायिक अधिकार प्राप्त गर्न समेत जनता असमर्थ रहेको देखिन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै घटनाहरू देखा परेनन्।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्वासी सम्बन्धी समस्याहरू त्यति चर्को रूपमा देखिएको छैन।

नामजुङ गाविस-८ का एकादेउ पाण्डे ०५१ पुस ४ गते भारतबाट नेपाल फर्की ३० वर्ष पछि अंश माग गरिरहेका छन्। भूमिहीन रूपमा देखिएका यी व्यक्तिलाई केही राजनीतिक कार्यकर्ताहरूले हतियार बनाई दाजुभाइहरू जगन्नाथ पाण्डे लगायतकाको वालीलुटी लगि दिने गरेका छन्। अंश सम्बन्धी मुद्दा चली नै रहेको छ।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धावा गाविस-१ की २८ वर्षीय भगिरथी भट्टलाई ०५१ वैशाख २२ गते सोही ठाउँका वुद्धिप्रसाद पन्तले घाँस काट्न सघाउँदै ललाई फकाई भगाएका थिए। यस सम्बन्धमा अभियुक्तलाई पक्राउ गरी कानूनी कारवाही चलाइएको छ।

फिनाम गाविस-९ की १४ वर्षीय शारदा खड्कालाई ०५१ मंसीर १६ गते आरूपोखरी गाविस-२ का २२ वर्षीय रमेशबहादुर श्रेष्ठले विहा गर्छु भनी ललाई फकाई ०५१ मंसीर १८ गते वीरगंज हुँदै मंसीर २० गते कलकत्ता पुऱ्याए। कलकत्तामा पीडितले चिनेका नेपालीहरूले भेटी पीडक जिउ मास्ने वेच्ने धन्दामा लागेको व्यक्ति हो भनेपछि फर्केर नेपाल आई जाहेरी दिइन्। सोही जाहेरी अनुसार अभियुक्तलाई पक्राउ गरी कानूनी कारवाही भइरहेको छ।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

पालुङटार गाविस-६ का पद्मबहादुर गिरीले ०५१ वैशाख ४ गते सोही ठाउँकी दिलुमायाँलाई कान्छी पत्नीको रूपमा दोस्रो विवाह गरे। अलीवारी प्राथमिक विद्यालयका शिक्षक समेत रहेका पीडक पद्मवहादुर गिरीले जेठी पत्नीको शारीरिक अस्वस्थताका कारण बहुविवाह गरेको भनेका छन्। अहिले अभियुक्तहरूलाई कानूनी कारवही गरिदैछ।

तारानगर गाविस-६ का सूर्यबहादुर गिरीकी ३० वर्षीय पत्नी सुभद्रा गिरी ०५१ कार्तिक ३ गते सोही ठाउँका फत्तेबहादुर सार्कीसंग पोइल गइन्। सूर्यबहादुर गिरीको उजुरीबाट दुवै पीडकहरूलाई पक्राउ गरी कानूनी कारवाही चलाइएको छ।

### ४.३ गर्भपतन

बुङकोट गाविस-३ की ४२ वर्षीय विधवा चेतमाया थापाले ०५१ मंसीर २७ गते भीमबहादुर थापाको संसर्गबाट धारण गरेको अवैध गर्भ पतन गराइन्। गाउँलेहरूले जाहेरी दिएकाले अभियुक्तलाई कानूनी कारवाही चलाइएको छ।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

गरीवी र दरिद्रताको कारण यस जिल्लाका अधिकांश वालवालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित देखिन्छन्। गोरखा जिल्लाको उत्तरी भेग अत्यन्त विकट रहेको र यहाँ

विद्यालयको समेत अभावले पढ्ने इच्छा हुँदाहुँदै पनि वालवालिकाले पढ्न पाएका छैनन्।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)**

यस सम्बन्धी केही घटना भएको देखिएन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

**७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि**

यस सम्बन्धी कुनै घटना देखा परेन।

**७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत**

यस जिल्लामा छुवाछूत तथा जातीय भेदभाव आम रूपमा रहेको पाइन्छ। यसैको एउटा उदाहरणस्वरूप गोरखा दरवारको कालिका दरवार मौलाको पटाङ्गिनी दरवारमा अछूत जाती पस्न नहुने भनी त्यहाँका कार्यालय प्रमुख गणेश विक्रम शाहले नेपाल उत्पीडित दलित जातीय मुक्ति समाज जिल्ला समिति गोरखालाई ०५० माघ २१ गते लिखित पत्र दिएका थिए। उक्त पत्रको विरोध गर्दै सो समाजको नेतृत्वमा ०५० फागुन ७ गते उत्पीडित जाति मन्दिर प्रवेश गरे। यस प्रकारको छुवाछूतको भेदभावलाई वर्तमान संविधान र मुलुकी ऐनले समेत हटाई सकेको छ। उक्त कार्यको नेतृत्व मनबहादुर विश्वकर्मा र इन्सेकका अध्यक्ष सुशील प्याकुरेलले गर्नु भएको थियो। रोटीको लागि अछूतबाट पिठो लिन नमान्ने पुजारीले त्यो दिन लिएका थिए।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि**

०५० माघ २१ गते उत्पीडित जनजातिलाई गोरखकालीको मन्दिरमा प्रवेश गर्न रोक लगाउन खोजिएकोमा मानवअधिकारको उल्लंघन भएको टिप्पणीहरू प्रकाशित भएका थिए।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)**

तारानगर गाविस-७ की ५५ वर्षीय चेर्नी कुमाल्नीको मोटर साइकल दुर्घटनामा परी मृत्यु भयो। पानी लिन गइरहेकी मृतकलाई राजेन्द्रमान जलारीको मोटरसाइकलले ठक्कर दिएको थियो।

**९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)**

यस सम्बन्धी समस्याहरू देखा परेनन्।

**९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि**

यस जिल्लामा यस सम्बन्धी घटनाहरू देखिएनन्।

**९.४ आत्महत्या**

भीरकोट गाविस-७ की ६५ वर्षीय कान्छी दवाडीले ०५१ कार्तिक १६ गते घाँटीमा पासो लगाई आत्महत्या गरिन्।

**९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती**

यस सम्बन्धमा पनि कुनै घटना पाइएन।

■



# ३. पश्चिमाञ्चल

# गण्डकी

# ३.३ लमजुङ्ग

जनसंख्या : १५३६९७

साक्षरता : ४६.८ प्रतिशत

महिला साक्षरता : ३३.८ प्रतिशत

क्षेत्रफल : १६९२ वर्ग कि.मी.

देशको मध्य पहाडी भागमा अवस्थित लमजुङ्ग जिल्लाको उत्तरमा मनाङ, पूर्वमा गोरखा, दक्षिणमा तनहुँ र पश्चिममा कास्की जिल्ला पर्दछ । मनासुली, हिमालचुली, लमजुङ्ग हिमाल र बौद्ध हिमाल जस्ता हिम पर्वत श्रृंखलाहरू यस जिल्लामा पर्दछन्। आर्थिक रूपबाट पिछडिएको यस जिल्लामा अधिकाश नागरिकहरू कृषि पेशामा संलग्न छन्। नेपाल अधिराज्यको लमजुङ्ग जिल्लामा मात्र पाइने जनजाति "दूरा" जातिहरूको सानो संख्या यहाँ बसोबास गर्छ। मानवअधिकार सम्बन्धी ज्ञान कम भएका कारण मानवअधिकार हननका घटनाहरू धेरै नै पाइन्छन्। जिल्लाका नेताहरूमा राजनैतिक संस्कारको अभावले गर्दा प्रजातान्त्रिक व्यवहारहरू भएको पाइन्न।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या-गोली

यस वर्ष यो जिल्लामा प्रशासनिक बल प्रयोग गरी गोली चलाउने र हत्या गर्ने घटना देखिएन।

### १.२ जेल र बन्दीहरू

लमजुङ्ग जेल सदरमुकाम बेंशी शहरमा रहेको छ। "घ" श्रेणीको यस जेलको क्षमता २५ जनासम्म बन्दी अट्न सक्ने रहेको छ। अहिले यो जेलमा आरोपित १८ जना र बन्दी ८ जना गरी जम्मा २६ जना रहेका छन्। जसमध्ये पुरूष बन्दी २५ जना र महिला बन्दी १ जना छिन्। बन्दीहरूलाई अहेवबाट स्वास्थ्य उपचार गर्ने गराइन्छ तर बिरामी स्याहार्ने व्यवस्था भने छैन। कारागारको व्यवस्थापन पक्ष निकै दयनिय रहेकाले बन्दीहरूले आवश्यक सुविधा प्राप्त गर्न सकेका छैनन्।

### १.३ गिरफ्तारी र यातना

यस वर्ष गिरफ्तारी र यातनाका कुनै घटनाहरू यस जिल्लामा देखा परेनन्।

### १.४ बेपत्ता पारिएको

यस वर्ष जिल्लामा कुनै व्यक्तिलाई बेपत्ता पारिएको घटना पाइएन ।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

उत्तरकन्या गाविस-२ का २१ वर्षीय एमाले कार्यकर्ता होमसागर गुरूङलाई ०५१ असोज २६ गते नेपाली कांग्रेसका भीमप्रसाद घलेले खुकुरी प्रहार गरी मार्ने धम्कीका साथ घाइते पारे। चुनावी प्रचारको सिलसिलामा हिडेका कार्यकर्ताहरूलाई घले गाउँ पुगेपछि कांग्रेसका कार्यकर्ताहरूले धम्क्याउँदै आक्रमण गरेका थिए। यस सम्बन्धमा स्थानीय पार्टी कार्यकर्ताहरू दुवै पक्षका मिली उपचार खर्च घाइतेलाई उपलब्ध गराउने गरी घटना साम्य पारियो र कानूनी कारवाही चलाइएन ।

परेवाडाँडा गाविसका एमाले समर्थक चन्द्रबहादुर कुँवर लगायत ९ परिवारको घरमा कांग्रेस समर्थक कार्यकर्ताहरूले ०५१ कार्तिक २९ गते मध्यावधि निर्वाचन समाप्त भएपछि साँझ आक्रमण गरी कुटपिट गरे। यस घटनामा कसैको घरको छाना भत्काइ दिने, खामो लडाई दिने,

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | ३ | - |
| बलात्कृत | १ | - | - |
| आत्महत्या | - | - | २ |





*धर्ना कार्यक्रममा प्रहरीद्वारा लाठी चार्ज*

केटाकेटीलाई समातेर थचार्ने, महिलाहरूलाई तर्साउने, गाइवस्तु पिट्ने र ज्यानमार्ने धम्कीका साथ कुटपिट गरेका थिए।

### १.६ थुनामा मृत्यु

यस वर्ष लमजुङ्ग जेलमा थुनामा रहेका कुनै वन्दीको मृत्यु भएको घटनाहरू छैनन्।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

वेंशीशहर गाविस-१ मा राष्ट्रिय प्रजातन्त्र पार्टीले ०५१ जेठ १९ गते वानेश्वर काण्ड लगायत भ्रष्टाचार र महंगी जस्ता विषयलाई लिएर विरोध जुलुस निकालेको थियो। उक्त जुलुस धर्ना दिन जिल्ला प्रशासन कार्यालय प्रवेश गर्न खोज्दा तैनाथ गरिएका दंगा प्रहरीलाई लाठीचार्जको आदेश प्रमुख जिल्ला अधिकारीले दिए। इन्स्पेक्टर पदम सुवेदीले स्वयम् लाठी प्रहार गर्न थालेपछि अन्धाधुन्ध लाठीचार्ज भयो। यस घटनामा महिलाहरू लगायत ४१ जना घाइते भएका थिए। घाइते हुनेहरूमा जिल्ला स्तरीय नेताहरू जगतबहादुर गुरूङ, युगेश्वर रेग्मी, गणबहादुर गुरूङ, विकाश चुँडाल, मोहनबहादुर थापा र प्रतापशाली पन्त थिए। मानवअधिकार कार्यकर्ताहरूले लाठीचार्ज भइरहेकै समयमा प्रमुख जिल्ला अधिकारीलाई भेटी यसो नगर्न दबाव दिएका थिए।

### २.२ धार्मिक स्वतन्त्रता

धार्मिक अवधारणाका हिसावले विभिन्न धर्म मान्नेहरू जिल्लामा छन्। धार्मिकरूपमा वाद विवाद उत्पन्न भई आस्था विपरीत हस्तक्षेप र झैझगडाका घटनाहरू भएनन्।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

परेवाडाँडा गाविस पूर्वाङ मतदान केन्द्रमा ०५१ कार्तिक २९ गते भएको मध्यावधि निर्वाचनमा नेकपा एमालेको एजेन्ट गोपाल सेंढाइलाई नेपाली कांग्रेसका कार्यकर्ता प्रदीप सेढाईले टाउकोमा लाठीले हानी घाइते तुल्याए। दुवै तर्फ उत्तेजना फैलियो र मतदानमा अवरोध उत्पन्न भयो। सम्झाइ बुझाई समस्या हल गरी मतपेटिका शिल गरी लगिएकोमा सुन्दरवजार पुगेपछि नेपाली कांग्रेस समर्थकहरूले मत पेटिका खोली फालि दिए। उक्त मतदान केन्द्रमा मंसीर ३ गते पुनः मतदान भयो। यस सम्बन्धमा प्रहरी प्रशासनले कसै माथि कानूनी कारवाही गरेन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा ग्रामिण जनतामा कानूनी शिक्षा मात्र होइन साधारण शिक्षाकै समेत कमी भएको देखिन्छ। गरीबी र पछौटेपनका कारण यहाँका अधिकांश जनता सुगम र निष्पक्ष न्यायिक अधिकारवाट वन्चित रहेको पाइन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटनाहरू भएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा सुकुम्वासी समस्या उल्लेखनीय रूपमा रहेको छ। ६ सय ९७ परिवार घरवार विहीन अवस्थामा छन्। यी परिवारहरू सुकुम्वासीको जीवन विताई रहेका छन्। यस समस्याको समाधानको लागि कुनै व्यवस्था गरिएको पाइदैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

वेंशीशहर गाविस-२ का नेपाली कांग्रेसका कार्यकर्ता नवराज पहाडीले ०५० माघ २८ गते जेठी पत्नी जानकी अधिकारीलाई विना कसुर कुटपिट गरे। उनी ०५० माघ ३ गते दोश्रो विवाह गरी घर छोडी डेरामा बसेका थिए। कान्छी पत्नीको कुरा सुनी छोरी आफैसंग राख्ने निहुँमा जेठी पत्नीकहाँ

गइ धम्क्याइ कुटपिट गरेका थिए। छिमेकी महिलाहरूले पीडकलाई समाती प्रहरीको जिम्मा लगाइएता पनि कुनै कारवाही गरिएन।

## ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

वेशीशहर गाविस-३ की ४३ वर्षीय मुना पौडेल ०५१ वैशाख १९ गते ५ जना छोरा छोरी छोडी हरिवहादुर वसौलासंग पोइल गइन्। पति ७१ वर्षीय हिमलाल पौडेललाई छाडी जाने मुनाले उनको नाउँमा रहेको घर जग्गा आदिको स्वामित्व फर्काएकी थिइन्। यस सम्बन्धमा कुनै कारवाही नभएको बताइन्छ। हरि वसौला जिल्ला प्रशासन कार्यालयमा खरिदारको पदमा कार्यरत छन्।

पुरानोकोट गाविस-३ की ३२ वर्षीय सरस्वती दुङ्गाना ०५१ जेठ ९ गते सोही ठाउँका ऋषिकान्त खनालसंग पोइल गइन्। माइत जान्छु भनी हिडेकी पीडकले ४ छोरा छोरी छोडी भागेकी थिइन्। पीडकका कारण वालवच्चाको विचल्ली भएको छ भने यस सम्बन्धमा कुनै कानूनी कारवाही चलाइएको छैन।

## ४.३ गर्भपतन

यस वर्ष गर्भपतन सम्बन्धी समस्याहरू देखा परेनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वाल वालिका सम्बन्धी अत्याचार शिक्षा र ज्ञानका अभावका कारणले जिल्लामा भइ रहेको पाइन्छ तर यस सम्बन्धी विवरणहरू भने पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस वर्ष यहाँ आर्थिक अधिकार हननका घटनाहरू घटेका देखिएनन् ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

छुवाछूत र जातपात सम्बन्धी भेदभाव गरिने परम्परा यस जिल्लामा विद्यमान छ। यस सम्बन्धी घटनाहरू भने घटेको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस वर्ष कुनै पनि निकायको व्यक्तव्य वा टिप्पणीहरू जिल्लाका घटना सम्बन्धमा सार्वजनिक गरिएको पाइएन।



*खुकुरी प्रहारबाट घाइते : होमसागर गुरुङ*

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

## ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

उल्लेख्य रूपमा केही पाइएन।

## ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

उल्लेख्य रूपमा केही पाइएन।

## ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

उल्लेख्य रूपमा केही पाइएन।

## ९.४ आत्महत्या

परेवा डाँडा गाविस-२ की ४५ वर्षीय माहिली खड्काले ०५१ वैशाख १ गते डोरीको पासो लगाइ कल्लेरीको जंगलमा आत्महत्या गरिन्। आत्महत्याको कारण खुलेको छैन। पोष्टमार्टम गरी लाशको सत्गत् गरिएको थियो।

भुलमुले गाविस-३ का २१ वर्षीय काशीप्रसाद तामाङ्गले ०५१ साउन १५ गते रूखमा पासो लगाइ झुण्डिएर आत्महत्या गरे। घरायसी समस्याको कारण आत्महत्या गरेको बताइन्छ। लाशको पोष्टमार्टम गरी अन्तिम संस्कार गरिएको थियो ।

## ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

उल्लेख्य रूपमा कुनै घटना भएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# गण्डकी

# ३.४ स्यांग्जा

जनसंख्या : २९३५२६
साक्षरता : ५१.१ प्रतिशत
महिला साक्षरता : ३८.२ प्रतिशत
क्षेत्रफल : ११६४ वर्ग कि.मी.

स्याङ्गजा पश्चिम नेपालको एक पहाडी जिल्ला हो। यातायातका दृष्टिकोणले तुलनात्मक रूपमा सुगम रहेको यो भौगोलिक रूपमा भने विकट जिल्ला मध्येमा नै पर्छ। यस जिल्लामा ६४ माद्यमिक, ३८ निम्न माद्यमिक र ३८८ प्राथमिक विद्यालय छन्। तर विद्यालयको संस्व्याको अनुपातमा शैक्षिक प्रगति हुन सकेको छैन। सञ्चारतर्फ ग्रामीण दूर सञ्चारको टेलिफोन सुविधा छ - साथै जिल्ला हुलाक समेत ३६ वटा हुलाक छन्। ६८ गाविस रहेको यस जिल्लामा ३ वटा निर्वाचन क्षेत्र रहेका छन्।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

तीन दोवाटे-८ का मनबहादुर विश्वकर्माको ०५१ कार्तिक १८ गते तास स्वेलेको विषयमा भनाभन हुँदा लछुमान राना लगायतका पदमबहादुर राना र मनबहादुर रानाले मनबहादुरलाई बेहोश हुने गरी पिटी हत्या समेत गरेका थिए। यस अघि असोज २७ गते दशैको स्वुशियाली मनाइरहेका मनबहादुरलाई होहल्ला गरेको भनी लछुमनले गाली गलौज गरी धम्क्याएका थिए। पीडकहरूमध्ये पदमबहादुरलाई तारेस्वमा, नरबहादुरलाई धरौटीमा रिहा गरिएको छ भने लछुमनलाई थुनामा रास्विएको छ।

एमालेका जिल्ला सदस्य एवं प्ररायुसंघका जिल्ला अध्यक्ष पुरूषोत्तम पौडेलको ०५१ वैशास्व २ गते भारतको बहराइनमा हत्या गरिएको समाचार काठमाडौंबाट प्रकाशित हुने प्रकाश साप्ताहिकले ०५१ वैशास्व १२ गते दिएको छ। पीडकहरू पत्ता लाग्न सकेनन्।

| | घटना संस्व्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | - |
| बलात्कृत | - | - | १ |
| आत्महत्या | - | - | - |

### १.२ जेल र वन्दीहरू

यस जिल्लामा ३५ जना बन्दी अट्ने एउटा जेल छ। यो जेलमा २२ वन्दी र २२ थुनुवा गरी ४४ जना रहेकोमा पुस १४ गते ५ जना छुटे। गत वर्ष भन्दा केही सुविधाहरू थपिएको छ। यसवर्ष स्वानेपानी र चर्पीमा केही सुधार ल्याइयो। पत्रपत्रिका पढ्न दिइन्छ। अन्य सामान्य भौतिक सुविधा उपलब्ध भए पनि जेल जीर्ण अवस्थामा रहेको छ।

### १.३ गिरफ्तारी र यातना

अर्जुन चौपारीमा पुस १४ गते साँझ ७ बजे देखि भोलिपल्ट विहान ६ बजेसम्म कर्फ्यू लगाइयो। लामडाँडाका सामान किन्न आएका मानिस बीच झगडा भई चोकबहादुर गुरूङ घाइते भए। यो घटनापछि लामडाँडाका मानिस हातहतियार सहित आएर बजार घेराउ गरे। यसपछि प्रशासनले कर्फ्यू आदेश जारी गऱ्यो।

### १.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिने घटना भएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जिल्ला विकास समितिका सदस्य स्व्यामनारायण देवकोटा र चिलाउनेवास गाविसका अध्यक्ष गुणास्वर सापकोटालाई ०५० फागुन १४ गते सेतीदोभान-३ मा पर्ने पुलमा रजस्थल माविका शिक्षक भवानी ढकाल र भुवराज ढकालले मरणासन्न हुने गरी पिटी घडी र नगद लुटे। पीडकहरूमाथि कानूनी कार्वाहीका लागि जिल्ला प्रहरी कार्यालयमा लिस्वित जाहेरी दिंदा कुनै कार्वाही भएन।

सिद्धार्थ मा.वि. फेदी खोलाका प्रधानाध्यापक यमबहादुर रानाभाटलाई ०५१ वैशाख ३० गते तेजबहादुर खत्रीले कुटपीट गरे। आफ्नो जग्गा विद्यालयले मिचेको भनी पीडकका वावु पूर्णबहादुर खत्रीले अदालतमा जग्गा सम्बन्धी मुद्दा दिएका आधारमा अदालतले नाप नक्सा गरी रहेका वेला एक्कासी यो आक्रमण भएको थियो। पीडकलाई हिरासतमा लिइएकोमा राजनीतिक दवावमा विना कार्वाही छाडिएको छ।

वालिङमा होटल व्यवसाय गरी वसेका मीनबहादुर भुजेललाई ०५१ असार १८ गते इन्द्रबहादुर थापा र राजु थापाले हातपात गरे। आफ्ना पतिलाई छुट्याउन गएकी गर्भवती सरीता भुजेललाई समेत पीडकहरूले वेहोश हुने गरी पिटे। होटलमा पसेर पीडकहरूले हल्ला गरेपछि मीनबहादुरले बाहिर गई दिन आग्रह गर्दा यो घटना भएको थियो। पीडकहरूमाथि प्रहरीले कार्वाही चलाएको छ।

लामचौर स्थित धवलागिरी डिस्टिलरीका रामअयोध्या प्रसाद कलवारलाई ०५१ भदौ १४ गते पूर्णबहादुर थापा लगायतका व्यक्तिले कुटपीट गरे। पीडितका अनुसार, उनीहरूले १ लाख १० हजार ५ सय ५१ रूपैया नगद लुट्नुका साथै करीव २० हजारको रक्सी नष्ट गरिदिए। घटनास्थल नजिकै पसल राख्ने रामचन्द्र खाँणलाई पनि मरणासन्न हुनेगरी पिटी करीव ८ हजार बरावरको क्षति पुऱ्याएका थिए। करेण्डाडा-२ का लीला श्रेष्ठले सो डिष्टिलरीबाट करीव ६० हजार बरावरको रक्सी लगी पैसा नदिएको र सो रकम भुक्तान नभएसम्म रक्सी नदिने भनी भट्टी मालिकले बताएका थिए। यसै कारण लीलाका छोरा रामचन्द्र श्रेष्ठले गुण्डाहरू ल्याई यो तोडफोड गरेका थिए। पीडकहरू ८ जनालाई प्रहरीले कार्वाही चलाएको छ।

सैजुल चलचित्र मन्दिर प्रगतिनगरमा टिकट जाँच गर्ने प्रदीपकुमार लिम्बुलाई ०५१ असोज २९ गते पुतलीबजार-८ मा सुकबहादुर गुरूङले सख्त घाइते हुने गरी कुटपीट गरे। जवर्जस्ती हल भित्र छिर्नबाट रोक्न खोज्दा पीडकले कोकाकोलाको बोतलले नाक र निधारमा हानेका थिए। घटनाका बारेमा कानूनी कार्वाही चलीरहेको छ।

०५१ कार्तिक २९ गते मध्यावधि निर्वाचनमा जनता मा.वि. विर्धामा शिव पाण्डेको नाममा प्रकाश पाण्डे मतदान गर्न आउँदा एमालेका वुथ प्रतिनिधि दिनेश पाण्डेले विरोध गर्दा टानप्रसाद पाण्डेले एक्कासी दिनेश पाण्डेमाथि खुकुरी प्रहार गरी सख्त घाइते वनाए। पिडकलाई आवश्यक कारवाही गर्न ०५१ मंसीर २ गते प्रहरीमा उजुर गर्दा प्रशासनले चासो नदेखाएको कुरा पीडितले बताएका छन्।

## १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

भानुभक्त माविका प्रधानाध्यापक पदमप्रसाद पाण्डे र शिक्षक मुक्ति सुवेदीमाथि नेपाल वन्दको समर्थनमा निस्किएको जुलुसले ०५१ साउन ३० गते गल्याङ बजारमा कुटपीट गऱ्यो। वन्दका समर्थकहरू विद्यालय बन्द गराउन जाँदा प्रधानाध्यापकले मान्नु भएको थिएन। बजारमा पसलहरू बन्द नगर्ने उद्योग वाणिज्य संघका अध्यक्ष राजेन्द्र श्रेष्ठ र जिविस उपसभापति लालगोपाल अर्यालसँगै हिंडी रहेका बेला यो आक्रमण भएको थियो। यस घटनालाई लिएर नेपाल शिक्षक संघ र नेपाली कांग्रेसले भदौ ४ गते विरोध कार्यक्रमको आयोजना गऱ्यो।

## २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न धर्मालम्वीहरू छन्। यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ।

नेपाल मुस्लिम सेवा समिति स्याङ्गजाको दोश्रो साधारणसभा ०५० पुस १९ गते शुरू भयो। सो सभाको उद्घाटनका क्रममा केन्द्रीय सचिव तुरूप खाँले इद र वकराइदमा सार्वजनिक विदा दिइनु पर्ने, एक महीनासम्म रोजा वस्ने संघ संस्था र सरकारी निजामती कर्मचारीलाई विदा दिइनु पर्ने, कुरानको अध्ययन अध्यापनका लागि मदरीना स्थापना गरिनु पर्ने, छापाखानाको स्थापना गरिनु पर्ने र नेपाललाई धर्म निरपेक्ष मुलुक घोषणा गरिनु पर्ने माग गर्नु भएको थियो।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

प्रधानमन्त्रीले ०५१ साउन १३ गते सम्बोधन गर्नु भएको कार्यक्रममा जनसहभागिता बढाउन जिविस उपसभापति लालगोपाल अर्यालले साउन १२ गते वाअग ११७९ को डम्फरको दुरूपयोग गर्नु भयो। तर मौसमको खरावीले कोही पनि त्यसमा चढेर आउन मानेनन्।

भारतीय सैनिक सेवाबाट पेन्सन लिनेहरूलाई ०५१ कार्तिक २ गते अतिथि गृहमा बोलाएर पेन्सन वितरण क्याम्प पोखराका मेजरले कांग्रेसको प्रचार गर्न र कांग्रेस बाहेकलाई भोट दिए पेन्सनको ग्यारेण्टी नहुने कुरा बताएको थाहा भएको छ। कांग्रेसका उम्मेदवार रूद्रमान गुरूङ पनि भूतपूर्व सैनिक हुन्।

भाटखोला गाविसमा कांग्रेसका उम्मेदवार रूद्रमान गुरूङले मतदाता खरीद गर्न रूपैयाँ बाँड्ने थाहा पाएपछि एमाले कार्यकर्ताहरूले सुराक पत्ता लगाउन पिछा गर्दै रहे। सदरमुकाम स्याङ्गजाबाट ०५१ कार्तिक २६ गते रूद्रमानबाट रूपैया लिएर गएका सुजीतबहादुर थापाले बाँड्न नपाउँदै केरकार गरेपछि मतदाता खरीद गर्न १५ हजार ल्याएको स्वीकार गरे।

कार्तिक २७ गते स्थानीय व्यक्तिहरू भेला भै सो १५ हजार रूपैयाँ स्थानीय विद्यालयको कोषमा जम्मा गर्ने निर्णय गरिएको जानकरी गाविस अध्यक्ष भीमबहादुर अधिकारीबाट थाहा हुन आएको छ।

०५१ कार्तिक २८ गते सिर्सेकोट गाविस-६ छापगाउँ बस्ने कांग्रेस समर्थक कार्यकर्ताहरू खमबहादुर गुरूङ,

पूर्णबहादुर गुरूङ र रामबहादुर गुरूङले त्यस वडाका मतदाताहरू भेला गराई "रूख चिन्ह" मा मतदान गरेमा २५ वोरा सिमेण्ट र ५ सय मिटर पाइप वा ११ हजारको खानेपानी योजना लिई दिने प्रलोभन देखाए। यदि सामानहरू मंसीरभित्र उपलब्ध गराउन नसके सुन, चाँदी, तामाको ताउलो र घरजग्गाबाट असुल उपर गराउने सर्तमा कवुलियतनामा समेत गरिदिएको कुरा सोही स्थान वस्ने वर्ष १८ का पोमकाजी गुरूङले थाहा पाएपछि अधिवक्ता विष्णुप्रसाद डुम्रेलाई जानकारी गराए। पुनः राती जनताहरू भेला गरी भीमबहादुर गुरूङको घरमा रहेको तमसुक (कवुलियतनामा) समेत विष्णुप्रसाद डुम्रेले कब्जामा लिए। सुराक पत्ता लगाउने पोमकाजी गुरूङलाई खमबहादुर, पूर्णबहादुर र रामबहादुर गूरूङले मरणासन्न हुने गरी पिटे। पीडित पोमकाजी गुरूङ ४ दिनपछि पनि राम्रोसंग वोल्न नसक्ने स्थितिमा थिए। एमालेको विजय जुलुसमा सो कवुलियतनामा पढेर सुनाइएको थियो। अधिवक्ता विष्णुप्रसाद डुम्रेलाई पनि संझौताको भण्डाफोर गरे वापत आक्रमण गरिएको थियो।

मध्यावधि निर्वाचनका दिन ०५१ कार्तिक २९ गते मतपेटिका वन्द गरी सदरमुकाम तर्फ ल्याउन लाग्दा साँझ ठाँटी मञ्ज्याङ्ग भन्ने ठाउँमा आईपुगेपछि अचानक नगेन्द्र थापा, गाविस अध्यक्ष वद्रीप्रसाद भट्टराई, शिक्षक नारायणप्रसाद श्रेष्ठ, केशव आचार्य सहितको नेतृत्वमा करीव ३० जनाको वथानले आक्रमण गऱ्यो। मतदानमा खटिएका कर्मचारी र राईफलधारीहरू जंगलतिर भागे। आक्रमणकारीहरूले एमाले कार्यकर्ताहरूलाई सख्त घाइते हुने गरी पिटे र ताजमहम्मदलाई अपहरण गरी लगेर जंगलमा पिटेर मऱ्यो भनी सेउलाले छोपेर भागे। तर खोजखवर गर्दा २४ घण्टापछि ताजमहम्दलाई जिउँदो फेला पारियो र वेहोश अवस्थामा नै पोखरा उपचारको लागी लगियो। त्यहाँ उपचार हुन नसेकपछि उनलाई काठमाडौ लगियो। विष्णु भण्डारीको गोलीगांठो खुस्किएको र शरीरमा निलडाम प्रष्टै देखिन्थ्यो र युवराज भुषालको पनि टाउकोमा चोटपटक र पिट्यूमा निलडाम देखिन्थ्यो। पिडकहरूलाई कारवाही गर्न पीडितहरूले किटानी निवेदन दिएका छन् तर अभियुक्तहरू फरार छन्। आक्रमण गर्नुको मुख्य उद्देश्य मतदान केन्द्रमा धाँधली गर्न नपाएकोमा मतपेटीका तोडफोड गर्नु रहेको थियो। आक्रमणकारीहरू कांग्रेस समर्थक थिए।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धमा कुनै घटना देखा परेन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा केही सुकुम्वासीहरू देखिन्छन् तर उनीहरूका बारे कुनै आँकडा भेटिएन। उनीहरूले बनिबूतो गरेर आफ्नो जीविका चलाउँदै आएका छन्।

### ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

ठूलाडिही-२ का ७२ वर्षीय हिमालय कार्कीले ७ वर्षीय वालिकालाई कोठामा फोटो देखाउने निहुँ पारी ०५१ मंसीर २४ गते बलात्कार गरे। वालिका चिच्याएको थाहापाई पीडकको आमाले हेर्दा वृद्ध कार्की बलात्कारमा संलग्न थिए। यो घटनालाई गाउँ मै समाज बसी मिलाइयो।

ठूलाडिही-१ की सीता पराजुलीलाई आफ्नो पति कृष्णप्रसाद पराजुली र सासु ससुरा समेतले घरमा बस्न नदिई बारम्वार सताउने गरेका छन्। उनले माइतबाट ल्याएको सामान फ्याकी दिने र वारम्वार कुटपीट गर्ने गरिएको छ। पति कृष्णप्रसाद भारतीय सेनामा रहेको र निजले अर्की पत्नी ल्याएका कारण यसो गरेको हुन सक्ने आशंका गाउँलेहरूले गरेका छन्।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

देउकी र जारी प्रथा यो जिल्लामा छैन। वहु विवाहका घटना भने प्रशस्त पाइएका छन्। बहुविवाहबाट पीडित पत्नीहरू मुद्दा मामिला गऱ्यो भने घरबाट निकालिनु पर्ला वा थप दुःख पाइएला भनेर कानूनी उपचार तर्फ नलाग्ने गरेको पाइन्छ। सौताका कारण बाँच्न गाह्रो भयो भने बरू आत्महत्या गर्ने गर्छन्। महिला अधिकार बारेमा चेतना शून्य भएकाले पनि यस्तो भएको हो।

### ४.३ गर्भपतन

यस सम्बन्धी घटना औपचारिक जानकारीमा आएन।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

अझै पनि गाउँघर तिर पढाएर के हुन्छ भन्ने धारणा बलियो रूपमा स्थापित छ। वालवालिकालाई गाई, गोठ र खेतीमा लगाउनुलाई नै अभिभावकहरू फाइदा हुने ठान्छन्। स्कूल जाने वालवालिका पनि साँझ विहान घाँस दाउरा नगरी पढ्न पाउदैनन्। अझ छोरीलाई पढाउनु हुँदैन भन्ने धारणाले गर्दा उनीहरू निरक्षर नै रहने गरेको पाइन्छ।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

गाउँघरका साहु महाजनले गरीवहरूलाई व्याज थोपर्ने प्रचलन अद्यापि कायम छ। यस वाहेक यस जिल्लामा औद्योगिक व्यवसाय नभएकाले आर्थिक अधिकार सम्बन्धी उल्लेख्य घटना भएको पाइदैन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / वाँधा / हलिया आदि

यस्तो प्रचलन उल्लेख्य रूपमा रहेको देखिएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

जगत्रदेवी मन्दीरमा अछूतहरूलाई पूजाआजा गर्न रोक लगाइएकोमा नेपाल उत्पीडित जातीय मुक्ति समाजको सकृयतामा ०५१ वैशाख १७ गतेदेखि यो रोक हटाइयो। पछि असार १३ गते सो मन्दीरमा जानु भएका प्रजिअ चीननारायण श्रेष्ठले पुजारीलाई अब आइन्दा अछूतलाई प्रवेश नदिनु भन्ने आदेश दिनु भएको छ।

उदियाचौरमा रहेको भगवती दुग्ध उत्पादन संस्थाले अछूतबाट दूध नलिने परम्परा नै रहेको छ। दलितहरूले आफ्नो वस्तुको दूध अर्कालाई दुहुन लगाई प्रतिकिलो रू. २ ज्याला दिएर पुऱ्याउन लगाउने गरेका छन् । यस सम्बन्धमा नेपाल उत्पीडित जातीय मुक्ति समाजले सम्बन्धित निकायको ध्यानाकर्षण गराएको थियो। पेलाकोट गाविसमा २२ घर दलित परिवारले दैनिक ३५ किलो दूध उत्पादन गर्ने गरेका छन्।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

नेपाल उत्पीडित जातीय मुक्ति समाजले उदियाचौरको दुधकाण्डका विषयमा ०५१ असार २४ गते वक्तव्य जारी गरी यसलाई "उत्पीडितहरूलाई उपेक्षा र दमन गर्ने सरकारी रवैया" भनी बतायो।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

०५१ असार १२ गते विहान मुस्वधुन भनी धारातर्फ आएका भानुभक्त मा.वि. गल्याङका शिक्षक केशवराज न्यौपानेलाई जगत्रदेवी गाविस–८ मुडकिल्ला भन्ने ठाउँमा एक ट्रकले ठक्कर दिएकोले निजको तत्काल मृत्यु भयो। सोही दिन स्थानीय जनताहरू मेला मै मृतकका परिवारलाई यथेष्ट क्षतिपूर्ति दिईनु पर्छ भन्ने विषयमा कुराकानी नमिल्दा स्थिति तनावग्रस्त रह्यो। क्षतिपूर्तिको टुंगो लागेपछि ०५१ असार १४ गते मृतक न्यौपानेको दाहसंस्कार गरियो। ट्रक चालक दीपेन्द्र श्रेष्ठलाई आवश्यक कागजात सहित जिल्ला अदालत स्याङ्जा चलान गरिएकोमा निजलाई धरौटी लिई तारेखमा छाडिएको छ।

स्याङ्जा पुतलीबजार–९ की समिता पोखरेलको ०५१ असार १४ गते गुडीरहेको बसबाट खसेर मृत्यु भयो। पोखरा जान हिडेकी समिता स्याङ्जा चौकीबाट चालकले पर्खन भन्दा भन्दै बस चढेकी र एक्कासी खस्न गई उपचार गराउदा गराउदै मृत्यु भएको थियो। मृतकका पति भरतमणि पोखरेलकी भाउजुले देवर र बस चालकले मिलेर समिताको हत्या गरेको भनी दिएको जाहेरीका आधारमा दुवैलाई असार १५ गते प्रहरीले पक्राउ गऱ्यो। सर्जमिनका आधारमा दुवैलाई तारिखमा छाडिएको छ।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

सदरमुकाम स्याङ्जा स्थित प्रहरी चौकी अगाडि तरकारी पसल थापी बसेका डोवानन्द रेग्मीको घर राती २ बजे पहिरोले पुरियो र डोलानन्द रेग्मी निजकी श्रीमती सरस्वति रेग्मी र २ छोराहरू समेत घरभित्र पुरिए। घटना घट्नासाथ बुटवलबाट पोखरा जान आएका बसका यात्रीहरू, डि.एस.पी. गंगाप्रसाद पाण्डे लगायतका प्रहरीहरू समेत मै उनीहरूलाई बाहिर झिकियो र पोखरामा उपचार गराइयो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

आत्महत्याका घटना प्रकाशमा आएनन्।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

थुमपोखरा गाविस–२ फोलुङ्गे बजार बस्ने वर्ष ४५ को जनार्दन पराजुली करीव १ सय ५० मन्दा बढी जनताको रकम लिएर ०५० फागुन २६ गते वेपत्ता भएका छन्। आफूले पनि व्याजमा रकम लगानी गर्ने र अरूबाट पनि आफूले लिने गरेका निज पराजुलीको आर्थिक कारोवार करीव ३ करोड भएको बताइन्छ। उक्त दिन विहानैदेखि उनी वेपत्ता भएका छन्। निज पराजुलीले असुल गर्नु पर्ने रकम करीव १ करोड २५ लाख र भूक्तानी दिनु पर्ने करीव १ करोड ७० लाख भएको अनुमान छ। जनार्दनका माइ ठगप्रसाद आफूले लिनु पर्ने रकम धमाधम उठाउँदै छन् भने तिर्ने रकम आफूलाई थाहा नभएको बताउँछन्।

पूर्व वाणिज्य मन्त्रीका मोटर चालक, र हाल सुकुम्वासी समस्या समाधान आयोगका ड्राइभर सुनबहादुर गुरूङले ०५१ असार २५ गते जिल्ला विकास समिति स्याङ्जाका ग.अ.फ. ११२ नं. को मोटरमा ढुंगाहानी सम्पूर्ण सिसाहरू फुटाए। शिशा फुटेको मोटरका चालक सिद्धबहादुर थापाले स्थानीय विकास अधिकारी तारा गौतमलाई घटनाको विवरण सहित कारवाहीको माग गरेका थिए तर जिविस सभापति शिवकुमार अधिकारीले कारवाही नगर्ने आदेश दिएपछि दोषीमाथी कुनै कारवाही गरिएन।

राङमाङ–३ की मनकुमारी सुनारलाई ०५१ असोज २६ गते पुतलीबजार–८ का लेखबहादुर कुँवर र तेजबहादुर कुँवरले बाटो ढुकी कुटपीट गरेर नगद तथा सामान लुटे। पीडित मनकुमारी स्याङ्जाबजारबाट किनमेल गरेर घर फर्कदै थिइन्। पीडकहरूलाई हाजीर जमानीमा छाडिएको छ।

करेन्टडाँडा–२ राङखोलामा बस कण्डक्टरलाई ०५१ असोज ३० गते सातु पसल–७ का तुलबहादुर थापा लगायत तीन जनाले भाडा माग्दा कुटपीट गरे। पीडकहरूलाई स्थानीय व्यक्ति तथा यात्रुहरूको सहयोगमा पुनः बसमा राखी प्रहरीमा बुझाइयो। पीडकहरूले पीडितलाई क्षतिपूर्ति दिई मिलापत्र गरे।

साँखर–७ पड्सार खलाङरीमा ०५१ कार्तिक २९ गते साँझ तुलकुमारीको घरको छाना र ढोका भत्काई हरिश्चन्द्र ढकाल लगायतको जत्थाले घरमा भएको करीव ५८ हजार ५ सय बराबरको नगद जिन्सी लुटे। पीडकहरूले प्रहरीमा उजुरी गरेमा मार्ने धम्की दिएका थिए। भोलिपल्ट चापाकोट प्रहरी चौकीमा उजुरी गर्दा प्रहरीले लिन मानेन। हुलाकबाट पठाएको उजुरी आई नपुगेको भनी प्रहरीले आलटाल गर्दै आएको छ।



# ३. पश्चिमाञ्चल

# गण्डकी

# ३.५ कास्की

जनसंख्या : २९२९४५
साक्षरता : ५६.८ प्रतिशत
महिला साक्षरता : ४४.२ प्रतिशत
क्षेत्रफल : २०१७ वर्ग कि.मी.

कास्की जिल्ला नेपालका थोरै पर्यटन केन्द्र मध्येको एक पोखरा जस्तो रमणीय र प्राकृतिक सौन्दर्य बोकेको पहाडी जिल्ला हो। लगभग जमीन मुनी भासिएर बगेको सेती नदी पर्यटनका दृष्टिले जति चर्चित छ - यही कारणले यो जिल्लाले अपराध स्थलको रूपमा पनि परिचय पाएको छ। प्रसिद्ध फेवा, वेगनास र रूपा ताल यसै जिल्लामा पर्दछन्। फेवा तालको निर्मल पानीमा देखिने माछापुच्छ्रे - यस जिल्लाको अर्को आकर्षण हो। महेन्द्र गुफा र पाताले छाँगो - अन्य पर्यटकीय आकर्षण हुन्। ३ निर्वाचन क्षेत्र भएको यो जिल्लामा एक नगरपालिका र ४७ गाउँ विकास समिति छन्। यहाँको मुख्य पेशा खेती हो - तर केही मानिसहरू पर्यटन व्यवसायमा पनि लागेका छन्। चर्चित पोखरा नगर वर्षाका हिसावले नेपालको सवैभन्दा बढी पानी पर्ने ठाउँका रूपमा समेत चिनिन्छ।

यस जिल्लामा १२ वटा क्याम्पस, ३९५ वटा सरकारी विद्यालय र ५३ वटा निजी विद्यालय छन्। साथै ३ वटा अस्पताल, ३१ वटा स्वास्थ्य चौकी र उपचौकीहरू छन्। यस जिल्लाको १ नगर र २ गाविसमा विद्युत सेवा पनि उपलब्ध छ। यहाँका मानिसहरू तुलनात्मक रूपमा सचेत मानिन्छन्। मानवअधिकार उल्लंघनको चर्चामा आउने जिल्लामा यो पनि अग्रस्थानमै देखा पर्ने गरेको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | १ |
| बलात्कृत | - | ५ | - |
| आत्महत्या | - | २५ | ८ |

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

सराङकोट-४ सिस्नेमा ०५१ मंसीर १२ गते प्रजापति तिमिल्सिनाको लाश फेला पर्‍यो। निज प्रजापति मंसीर १० गते आफ्ना साथीहरूसंग वनभोज गएका थिए। त्यस पछि उनी फर्केनन्। यस घटनामा प्रहरीले बेलबहादुर खड्का, वीरबहादुर जीसी, कालीबहादुर जीसी, डम्बरबहादुर थापा र पवित्रबहादुर थापालाई पुर्पक्षका लागि थुनामा राखेको छ।

पोखरा-६ वैदामकी एक ६५ वर्षीय महिलाको ०५१ मंसीर २० गते मुखमा कपडा कोची हत्या गरियो। मृतकका शरीरमा नीलडाम समेत थिए। प्रहरीले राम्जीप्रसाद पहारी र मोहन बहादुर अधिकारीलाई थुनामा राखेको छ।

### १.२ जेल र वन्दीहरू

यो जिल्लामा ६० बन्दी अट्ने क्षमता भएको ग श्रेणीको एउटा जेल छ। तर यो जेलमा अहिले ९७ थुनुवा २८ वन्दी र १ नावालक गरी १२६ जनालाई राखिएको छ। यस जेलमा महिला र पुरुष वीच घुलमील हुन दिइदैन। जेलमा सामान्य भौतिक सुविधाहरू उपलब्ध भए पनि जेल पुरानो र जीर्ण जस्तो देखिन्छ। ०२१ सालमा निर्मित यो जेलमा २ वटा मात्र धारो भएकोले पानीको पर्याप्ति व्यवस्था हुन सकेको छैन। सवै किसिमका विरामीहरूलाई एकै ठाउँमा राखिएकाले सद्दे बन्दीहरू पनि विरामी हुने स्थिति छ। जेलभित्र घरेलु तथा साना उद्योगमा बन्दीहरूलाई काम लगाइएको भनी अत्यन्त न्यून पारिश्रमिक दिइएको छ।

### १.३ गिरफ्तारी र यातना

औषधी विक्रेताहरूलाई प्रतिवन्धित औषधी बेचेको अभियोगमा प्रहरीले गिरफ्तार र यातना दिएको कुरा जनाई नेपाल औषधी व्यवसायी संघ गण्डकी अञ्चल शाखाले

असारको अन्तिम साता एक औषधी पसल बन्द गर्ने निर्णय गऱ्यो।

### १.४ वेपत्ता पारिएको



*वेपत्ता भएका : कृष्णबहादुर श्रेष्ठ*

गोरखा जिल्ला रानिस्वरा-३ घर भई रामबजार पोखरा स्थित वडा कार्यालयमा कार्यरत असई कृष्णबहादुर श्रेष्ठ ०५० चैत ८ गते देखि वेपत्ता भएका छन्। सो दिन निज आफ्ना काका उदय श्रेष्ठलाई भेट्न चाइनिज चोक गएका थिए। उनले प्रहरी सेवामा काम गरेको २१ वर्ष भइसकेको छ। बीचमा उनले सेवाबाट राजीनामा दिएका थिए तर स्वीकृत भएन। निज श्रेष्ठकी पत्नी सरला श्रेष्ठका अनुसार, उनको मानसिक स्थिति विग्रँदै गएको थियो। उनी बढी धार्मिक स्वभावका थिए र मठ मन्दीर जाने गर्दथे। वेपत्ता भएपछि पनि उनलाई पोखराको नारायणस्थान, गीता मन्दीर, बौद्ध विहारमा गएको माटेपानी बस्ने गंगा श्रेष्ठले देखेकी थिइन्। बौद्ध विहारकी भक्तिनी र नारायण थानका अन्धावावालाई पनि उनका वारे जानकारी छ। तर प्रहरीले खोजी कार्यमा रूचि लिएको छैन।

पोखरा वन विज्ञान क्याम्पसको छात्रावासबाट दाङ, तुलसीपुर घर भएका सुशीलकुमार पोखरेल वेपत्ता भएका छन्। उनलाई पछिल्लो पटक ०५० चैत २६ गते देखिएको थियो।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

पोखरा-८ सिर्जना चौकमा चन्द्रबहादुर कुँवर र इन्द्रबहादुर कुँवरले ०५१ साउन ३० गते रूद्रनाथ वरालको टाउकोमा चुच्चो ढुंगाले हानी घाइते बनाए। अघिल्लो दिन वैचारिक विवाद भएका कारण यो आक्रमण भएको थियो। पीडकलाई हिरासतमा लिइएको थियो।

देउराली गाविसको मतपेटिका पठाइसके पछि सिसुवा देउराली स्थित नेकपा (एमाले) को कार्यालयमा बसेका कीर्ति वाग्लेमाथि सुरेश गुरूङ लगायतका कार्यकर्ताले आक्रमण गरी घाइते बनाए। ०५१ कार्तिक २९ गतेको यो घटनामा चित्र सुवेदी, मानबहादुर जीसी, रामजी बाँस्तोला लगायतमाथि सांघातिक आक्रमण भएको थियो।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार



*घाइते रूद्रनाथ वराल*

०५१ साउन ९ गतेको शान्तिपूर्ण नेपाल वन्द कार्यक्रममा पोखरामा भरत अधिकारी, टीकाराम पञ्जेनी, मोहन रेग्मी, ईश्वर आचार्य लगायत ९५ जनालाई गिरफ्तार गरी साँझ छाडियो।

०५१ साउन ३० गते ६ वाम समूहद्वारा आयोजित नेपाल वन्द कार्यक्रम पृथ्वीचोकबाट छवि अधिकारी र माइला नामका २ जनालाई गिरफ्तार गरी साँझ छाडियो।

संयुक्त जनमोर्चा नेपाल (भट्टराई) ले आव्हान गरेको नेपाल वन्दको सिलसिलामा ०५१ साउन ३२ गते ३२ जना र भदौ १ गते १२ जनालाई गिरफ्तार गरी भदौ १ गते राती ८ बजे छाडियो।

### २.२ धार्मिक स्वतन्त्रता

हिन्दू धर्माव- लम्वीहरूको वाहुल्य रहे पनि यो जिल्लामा बौद्ध, इस्लाम, जैन र क्रिश्चियन धर्मावलम्वीहरू पनि पाइन्छन्। दोस्रो ठूलो संख्या बौद्धहरूको छ। यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

चुनावी पोष्टर टाँस्दै गरेका ८ जनालाई महेन्द पुल नेर एक जमातले ०५१ कार्तिक २४ राती १० बजे कुटपीट गऱ्यो। सो जमातमा पोखरा नपाका उपमेयर नरेश पालिखे, जिविस सभापति महादेव गुरूङको पनि संलग्नता रहेको भनाइ पीडितहरूको छ। राती ड्युटीमा रहेका प्रहरीहरू नजिकै भएर पनि मूकदर्शक बनी रहे।

रूपाकोट गाविस मतदान केन्द्रको मतपेटिका लिएर सदरमुकाम जाँदै गर्दा ०५१ कार्तिक २९ गते बाराह थोकमा मतपेटिका लुट्ने प्रयास गरियो। यो आक्रमणमा राधाकृष्ण लामिछाने, सूर्य गुरूङ, देगेन्द्र गुरूङ र टीकाराम पगेनी सख्त घाइते भए। सिसुवाको तालचोक नेर रहेको कांग्रेसको प्रचार कार्यालयबाट एमालेको आम सभा सकेर वसमा फर्कदै गरेका कार्यकर्ता माथि ०५१ कार्तिक २५ गते ढुंगामुढा गरियो। यस घटनामा राजेन्द्र पाण्डे, द्रोणप्रसाद पौडेल घाइते भए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतका प्रति आम धारणा अन्य प्रशासनिक निकायका तुलनामा सकारात्मक पाइन्छ। तर निर्णय प्रक्रियामा हुने ढिलाइले गर्दा न्याय धेरै महंगो पर्दै गएको गुनासो जनतामा छ।

## २.५ सरुवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो जिल्लामा केही भूमिहीन तथा सुकुम्वासीहरू पाइन्छन् तर उनीहरूका बारेमा सम्वद्ध पक्षले गम्भीर रूपमा सोचेको पाइएन।

## ४. महिला अधिकार

## ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

भरत पोखरी-३ कालिकास्थान घर भै सिसुवा बस्ने १४ वर्षीय खसमाया गुरूङलाई बेच्ने प्रयास गरेकोमा सोही ठाउँको एकबहादुर परियारलाई प्रहरीले कार्वाही शुरू गरेको छ। पीडित महिलालाई खुट्टा ठीक पार्ने र रमाइलो शहर घुमाउन लैजाने भनी मुङलिनमा ल्याएर राखेको कुरा उनले बताएकी छिन्।

पोखरा नगरपालिका क्षेत्रमा ४३ जनामा एड्सको जीवाणु फेला परेको कुरा सिर्जना युवा क्लवका अध्यक्ष राजकुमार गिरीले बताउनु भएको छ ।

## ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस जिल्लामा देउकी प्रथा छैन। जारी र वहुविवाहका प्रशस्त घटनाहरू हुने गरे पनि कानूनी उपचारका लागि आउने गरेको पाइँदैन। देहव्यापारका घटना खासगरी नगर क्षेत्रमा पाइन्छ। उनीहरू संगठित रूपमा धन्दा चलाएर बसेका छैनन्। तर होटल र लजहरूमा यस्ता महिलाहरू प्रशस्त भएको विश्वास गरिन्छ। यसको रोकथाम तर्फ सम्बद्ध निकायको ध्यान पुगेको देखिंदैन।

## ४.३ गर्भपतन

यस वर्ष गर्भपतनका घटनाको औपचारिक जानकारी पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वेगनास-९ लाकुँरी टोलका ८ वर्षीय वालिका सुलोनी घले, १४ वर्षीय सिर्जना घले र १३ वर्षका कुशल घलेलाई प्रहरीले ०५१ साउन १८ गते गिरफ्तार गऱ्यो। सोही दिन एकै परिवारका केटाकेटी खेली रहेका बेला सुलोनी घलेले खनामा सिउरेको भरूवा बन्दुक ल्याएर खेल्न थालिन्। अज्ञानतावश बन्दुकको घोडा तानिएर गोली पड्किनाले उनकी दिदी सितल घलेको टाउकोमा गोली लागि मृत्यु भयो। यही घटनाका सन्दर्भमा यी वालवालिकालाई गिरफ्तार गरिएको थियो। दाजु र दिदीलाई २ दिन थुनामा राखिए पनि सुलोनीलाई अदालतमा बयान नगराएसम्म नछाड्ने भनी प्रहरीले आमालाई समेत भेट्न दिएनन्। जिल्ला प्रहरी कार्यालयका एक इन्स्पेक्टरले घटना मिलाई दिने शर्त राखी घुस मागेको कुरा बाबु ताराराज घलेले बताएका छन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

## ६.१ पारिश्रमिक / सुरक्षा र संगठित हुने अधिकार

लुम्ले कृषि अनुसन्धान केन्द्रका ३८ कर्मचारीहरूलाई अवकाश दिइयो। खर्च कटौती गर्ने कार्यक्रम अनुसार, उनीहरूलाई अवकाश दिइएको कुरा केन्द्रले बताएको छ। उनीहरूलाई साढे ५ महीनाको पारिश्रमिक दिइएको थियो।

## ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

## ६.३ अन्य आर्थिक अधिकार

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको भेटिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

## ७.१ दासत्व / कमैया / वाँधा / हलिया आदि

यो जिल्लामा यस सम्बन्धी घटना पाइएन।

## ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

कुस्ती नाच्ने चौरकी काली दमिनीलाई ब्राम्हणहरूको घरमा पसेको भनी बाँधेर राखी प्रहरी कार्यालयमा शान्ति सुरक्षा कायम गरी पाउँ भनी उजुरी गरियो। ती महिलाले ब्राम्हणहरूमाथि आफूमाथि करणी गर्न खोजेको आरोप लगाइन्। दुवै पक्षलाई राखी प्रहरीले मिलापत्र गराएको छ। निज महिलाले रक्सी सेवन गरी बारम्वार ब्राम्हणहरूलाई सताउने गरेको गाउँलेहरू बताउँछन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

वामपन्थी घटकले ०५१ साउन ९ गते आव्हान गरेको नेपाल वन्दको कार्यक्रम पर्यवेक्षण गर्न पोखरा आएका ७ वटा मानवअधिकारवादी संगठनले साउन ११ गते जारी गरेको विज्ञप्तिमा "शान्तिपूर्ण जुलुस र सभा गर्न पाउने अधिकारको ठाडो हस्तक्षेप भएको" कुरा उल्लेख गरियो। तर गिरफ्तारी पछि भने कुनै अभद्र व्यवहार नगरिएका कुरा पनि ती संगठनहरूले जनाए। टोलीमा संलग्न संगठनहरूमा नेपाल

मानवअधिकार संगठन, मासम, नेपाल पत्रकार संघ, श्रमजीवी पत्रकार संघ, इन्सेक, नेपाल वुद्धिजीवी परिषद आदि थिए।

नेपाली कांग्रेसका सांसद कृष्णबहादुर गुरूङले कास्कीमा भएका केही हत्याका घटनाका सम्बन्धमा भन्नु भएको छ - मंसीर २४ गते सराङकोट-५ स्थित सूर्य तिमिल्सिनाको घरमा खानपीन गरी घर हिडेका कांग्रेसका कार्यकर्ता सूर्य भुजेलको लास भोलिपल्ट खेतमा फेला पर्‍यो। मंसीर १० गते गाउँलेहरूद्वारा आयोजित वन भोजमा गएका कांग्रेसका सक्रिय कार्यकर्ता प्रजापति पराजुलीको वनभोजमा संलग्न एमाले तथा राप्रपाका कार्यकर्ताहरूले हत्या गरे। उहाँले यी घटनाको निष्पक्ष र न्यायिक जाँच गराउन र पीडित पक्षलाई क्षतिपूर्ति दिन अपील गर्नु भएको छ।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

पोखरा-१७ की ७ वर्षीय वालिका ध्याउकी शेर्पाको पिङ वटारिएर लड्नाले ०५१ कार्तिक १० गते मृत्यु भयो।

दीपेन्द्र सभागृहको विजुलीको लाइन बनाउँदा ०५१ मंसीर २३ गते पृथ्वीचोक बस्ने कृष्णप्रसाद अधिकारी करेण्ट लागेर मरे।

हयाङजा-१ याम्दी खोला नेर ०५१ मंसीर २७ गते वस दुर्घटना हुँदा प्रहरी शिवप्रसाद अधिकारीको मृत्यु भयो।

सिसुवा-३ पटनेरीका आशेककुमार मानन्धरको ०५१ पुस ७ गते अकस्मात छतवाट खसेर मृत्यु भयो। उनी छारे रोगवाट पीडित थिए र सोही कारणबाट खसेका थिए।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

हयाङ्जा-७ मा पर्ने मर्दी खोल्याको पुल नजिकै बाटो खन्ने क्रममा रूख काट्दा रूखै सहित पहिरो खस्नाले एक जनाको ०५१ जेठ २० गते मृत्यु भयो। मृतकको नाम ठेगाना थाहा भएन।

भलाम-५ बर्छान्ने टोलमा ०५१ भदौ २४ गते पहिरो जानाले सो पहिरोमा परी ओमबहादुर दमाई, लाफा दमाई र चेतवहादुर दमाईको मृत्यु भयो। सोही दिन आर्वा विजय-६ खमछालेमा पहिरोबाट एकै घरका ३ जनाको मृत्यु भयो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

वेगनास, लामास्वारा वस्ने जगतबहादुर अधिकारीको ३ वर्षको छोरालाई भदौ ६ गते बाघले आक्रामण गरेर मारेको छ। बाघले घरबाटै बच्चालाई तानी जंगलमा लगेर खाएको थियो।

### ९.४ आत्महत्या

भरतपोखरी-७ देउरालीका धनपति पौडेल ०५० फागुन ९ गते पैसा उठाउन भनी हिडेका थिए। आर्थिक कारोवारमा फस्दै गएका कारण उनले आत्महत्या गरेको विश्वास गरिएको छ।

पोखरा-६ की १७ वर्षीय गीता परियारले ०५० फागुन १२ गते घरकै भान्सामा मट्टीतेल खन्याई आगो लगाइन्। त्यसवेला घरमा कोही थिएन। उनको अस्पतालमा उपचार गर्दागर्दै फागुन २६ गते मृत्यु भयो।

पुरूचौर गाविस चुरूङ्गामा विवाह भई माइती हयांग्जा-७ सहस्रधारमा बसेकी मन्दरी बाँस्तोलाले ०५० फागुन १६ गते सेती गण्डकीमा हाम्फालेर आत्महत्या गरिन्। उनको घरमा सौता भएको र सोही कारणले विक्षिप्त भएको बताइएको छ।

वर्मला-६ डिही वस्ने ३० वर्षकी मैमादेवी वस्नेत रूखमा पटुकाले पासो लगाएर ०५० फागुन २९ गते मरिन्। घटनाकै दिन पतिले उनले पढ्ने प्रौढ शिक्षाका किताव जलाई दिएका थिए। साथै पतिले अर्की पत्नी ल्याएकाले उनी विक्षिप्त थिइन्।

हयांग्जा-६ मैदनमा सर्लाही जिल्लाका अक्कलबहादुर गोलेले ०५१ वैशाख ६ गते रूखमा झुण्डिएर आत्महत्या गरे। उनी अघिल्लो दिन काटमाडौंबाट पोखरा आइपुगको तर आत्महत्याको कारण प्रष्ट हुन सकेन।

पोखरा-५ की कृष्णकुमारी कुँवरले मदिरा सेवनका सुरमा विष पिउन गई ०५१ असार २४ गते मृत्यु भयो।

पुनचौर, तल्लाकोटका धनसिंह परियार ०५१ साउन १० गते झुण्डिएर मरे। आफ्नो भएभरको ५ रोपनी जग्गा सार्दी खोला पुरन्चौर सिंचाई आयोजनाको नहरमा परेको र उचित मुआब्जा नपाएका कारण विरक्त भई आत्महत्या गरेको बताइएको छ।

आर्वा विजय-६ का कृष्णबहादुर अधिकारीले एसएलसीमा फेल भएका कारण विष सेवन गरी ०५१ भदौ २९ गते आत्महत्या गरे।

पोखरा-२ विन्ध्यवासिनीका कृष्ण भूषण पराजुलीले घरको दलिनमा डोरीले पासो लगाई ०५१ पुस २ गते आत्महत्या गरे। आर्थिक विपन्नताका कारण आत्महत्या गरेको बताइएको छ।

कृषि विकास बैंक केन्द्रीय कार्यालयका कार्टोग्राफर ऋषिराम पौडेलले आत्महत्या गरी आफ्नो ज्यान समेत गुमाए। उनलाई कृषि विकास बैंक व्यवस्थापन पक्षले पूर्वाग्रह राखेर उनको इच्छा विरूद्ध मात्र होइन कि प्राविधिक पदलाई प्रशासनिक पदमा सरूवा गर्न नमिल्ने हुँदाहुँदै पनि विराटनगरस्थित कार्यालयमा प्रशासनिक पदमा सरूवा गरेको थियो। सोही कारण उनले ०५० चैत १८ गते सेती नदीमा हामफाली आत्महत्या गरे।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# गण्डकी

## ३.६ मनाङ्ग

जनसंख्या : ५३६३
साक्षरता : ४२.९ प्रतिशत
महिला साक्षरता : २९.९ प्रतिशत
क्षेत्रफल : २२४६ वर्ग कि.मी.

नेपालका दुर्गम जिल्लाहरूमध्ये मनाङ्ग पनि एउटा हो। हिमालको काखमा रहेको यो जिल्लाको केही भाग बाह्रै महीना हिउँले ढाक्ने गर्दछ। नेपालको सबैभन्दा कम जनसंख्या भएको मनाङ्ग जिल्लामा मानवअधिकार हननका घटनाहरू पनि त्यति धेरै मात्रामा देखा परेको पाइँदैन।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

यो वर्ष हत्या र गोलीका घटना भएको सार्वजनिक जानकारीमा आएन।

### १.२ जेल र वन्दीहरू

यहाँको जेलको अवस्था नाजुक छ। जेलमा एक जना पनि बन्दी नरहेको पाइयो।

### १.३ गिरफ्तारी र यातना

यस सम्बन्धी घटना यो वर्ष देखिएन।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | - |
| बलात्कृत | - | १ | - |
| आत्महत्या | - | - | - |

गोरखा जिल्लाका शर्सिम, रूकुमका राजकुमार रोका र नरबहादुर रोका मनाङ्गमा मजदूरी काम गरी बस्दथे। फूर्सदका समयमा उनीहरू जडीबुटी किनबेचको काम पनि गर्दथे। ०५१ साउन ४ गते उनीहरू अवैध मानिने यार्चा गोम्पा खरीद गरी ल्याउँदै थिए। त्यो थाहा पाएर मनाङ्ग गुम्वाका करीव १० जना व्यक्तिहरूले उनीहरूलाई सख्त घाइते हुने गरी कुटपिट गरे। सीमा प्रहरी चौकीका प्रहरीले त्यसरी कुटपिट नगरी प्रहरी चौकीमा बुझाउनु पर्ने कुरा गर्दा उल्टै प्रहरीलाई समेत उनीहरूले लखेटेको बताइन्छ।

फू गाविस-६ की २५ वर्षीय पासाङ्ग टसी लामालाई खेतमा काम गर्न लागेको वेला आफ्नी पत्नीलाई राम्रो व्यवहार नगरेको भनी स्थानीय पेमा रिञ्जेन लामाले कुटपिट गरे। पीडितले आदालतमा मुद्दा दायर गरेका छन् र मुद्दा विचाराधीनमा रहेको छ।

### १.६ थुनामा मृत्यु

थुनामा एक जना पनि नरहेकोले यस सम्बन्धी घटना देखा पर्ने सम्भावनासम्म पनि रहेन।

### २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी कुनै अधिकारको हनन हुने खालका घटनाहरू देखा परेनन्।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक कुराहरूलाई लिएर भैभगडा हुने गरेको देखिँदैन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

संविधान प्रदत्त राजनीतिक स्वतन्त्रताको हनन हुने खालका घटना देखा परेनन्।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरीवी र अशिक्षाले गर्दा नागरिकहरू स्वयं नै न्यायका लागि न्यायलय धाउन सक्दैनन्। त्यसमाथि यहाँका वासिन्दा बुद्ध धर्मावलम्वी भएकाले उनीहरू आफ्नो रीतिथिति अनुसार सकेसम्म कुनै पनि घटनालाई अदालत र प्रहरी समक्ष पुग्न दिँदैनन्।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यहाँ यो वर्ष भूमिहीन तथा सुकुम्वासी समस्या त्यति चर्को रूपमा देखा परेको पाइएन।

## ४. महिला अधिक

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यहाँ बलात्कारका घटनाहरू हुने गरेका छन्। तर यो वर्ष बलात्कार सम्बन्धी घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी कुनै घटना सार्वजनिक रूपमा देखा परेन।

### ४.३ गर्भपतन

यो वर्ष गर्भपतनको घटना देखिएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका बहुसंख्यक वालवालिका पढ्ने लेख्ने अधिकारबाट बञ्चित छन्। कुपोषणका कारण उनीहरूको मृत्यु हुने गरेको पनि पाइन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यहाँ दासत्व, कमैया, बाँधा, हलिया, छुवाछूत जस्ता समस्याहरू देखिएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी कुनै प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

वाग्लुङ्ग जिल्ला तारिङ्ग गाविस वस्ने कामबहादुर गुरूङ्गको ०५१ साउन ८ गते भीरबाट खस्दा मृत्यु भयो। उनी मनाङ्ग जिल्ला अन्तर्गत नार्फू गाविस जाने घोडेटो बाटो खन्दै गर्दा एक्कासी चिप्लिएर खसेका थिए।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

यो वर्ष बाढी, पहिरो, आगलागी जस्ता घटनाहरू भएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धी कुनै घटना देखा परेन।

### ९.४ आत्महत्या

यो वर्ष आत्महत्याका घटनाहरू भएनन्।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# लुम्बिनी

# ३.७ नवलपरासी

जनसंख्या : ४३६२१७

साक्षरता : ३९.० प्रतिशत

महिला साक्षरता : २५.० प्रतिशत

क्षेत्रफल : २१६२ वर्ग कि.मी.

पहाड, भित्री मधेश र तराई तीन किसिमको भौगोलिक विभाजन भित्र परेको नवलपरासी जिल्ला दक्षिणमा भारतीय सीमासंग जोडिएको छ। मूलतः कृषि पेशामा आश्रित यस जिल्लाका झण्डै ३२ प्रतिशत मानिस साक्षर रहेका छन्। चार निर्वाचन क्षेत्रमा विभाजित यस जिल्लामा एक क्याम्पस, २ उच्च माद्यमिक, ४४ माद्यमिक, २५ निम्न माद्यमिक र २३४ प्राथमिक विद्यालय छन्। स्वास्थ्य तर्फ सरकारी जिल्ला अस्पताल एउटा मात्र छ तर निजी क्षेत्रमा अन्य ५ वटा अस्पताल खोलिएका छन्। यहाँका ७१ प्रतिशत मानिसले स्वच्छ खानेपानी पाएका छैनन्। शैक्षिक चेतनाका कमीले गर्दा मानवअधिकारकाप्रति मानिसको ध्यान पर्याप्त रूपमा पुग्न सकेको छैन।

**१. सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**१.१ हत्या/गोली**

नयाँ वेलहानी-२ की नन्दकुमारी गुरूङको ०५० पुस २५ गते, प्रतापपुर-६ का महात्मराजको ०५० फागुन ५ गते, जमुनिया-८ का दरौपति मुसहरको ०५० फागुन १ गते, शिवमन्दीर-६ का रामबहादुर गुरूङको ०५० चैत २ गते र पक्लिहवा-५ का सोमली हरिजनको चैत १२ गते हत्या भएको थाहा पाइयो। तर हत्या सम्बन्धी विवरण प्राप्त हुन सकेन।

जमुवाड-१ पाडा टिकरको ०५१ जेठ ८ गतेको एक विवाह भोजमा दोहोऱ्याई तेहेऱ्याई मिठाइ खाएको भनी आयोजक पक्षले घनश्याम चौधरीलाई कुटपीट गऱ्यो। त्यहाँबाट भागेका चौधरीलाई सदानन्द पटनवार र पप्पुन पटनवारले लखेट्दै खोल्सामा लडाई तीखो सुइरोले घोचेर हत्या गरे। पीडकहरू फरार छन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | ५ | ४ | - |
| बलात्कृत | - | १ | १ |
| आत्महत्या | - | - | ३१ |

सुनवल-७ गौरीघाटकी १८ वर्षीय कल्पना कुँवरलाई सोही ठाउँका मणिकुमार सुप्राई र केरवानी-९ रूपन्देहीका धनप्रसाद भूसालले सामूहिक बलात्कार गरी ०५१ जेठ २५ गते हत्या गरे। कल्पनासंग अनैतिक सम्बन्ध कायम गरी ३ महीनाको गर्भ रहेको र सो अपराध लुकाउन मणिकुमारले साथी धनप्रसादलाई साथमा लिई "विवाह गर्न दाउन्ने मन्दीर जाऔं" भनी लगे। दाउन्ने जंगलमा दुवैले बलात्कार गरेपछि हत्या गरी लासलाई कल्भर्ट मुनी फ्याँकी घर फर्किए। पीडक मणिकुमारले पछि आफैले गाउँलेलाई लास देखाएका थिए। उनलाई थुनामा राखिएको छ, अर्को पीडक धनप्रसाद फरार रहेका छन्।

रहजर की १७ वर्षीय नीरमाया आलेको ०५१ साउन २९ गते कृष्णप्रसाद पौड्यलाले हत्या गरे। नीरमाया आफू गर्भवती भएको बताएपछि आफू उम्कन उनले यो हत्या गरेका हुन्। घटना अनुसार, कृष्णप्रसादले नीरमायालाई सो दिन पहिले भेट्ने गरेको ठाउँमा साँझ बोलाए र यौन क्रिडामा समेत संलग्न रहे। त्यहीबेला कृष्णप्रसादले घाँटी थिची वेहोश गराई स्याउलाको ओछ्यान मुनी राखेको खुँडा झिकेर कृष्णप्रसादले नीरमायामाथि प्रहार गरे। त्यसपछि मृत शरीरबाट खुट्टा छुट्याए, स्तन र नाक काटे। त्यतिले पनि सन्तुष्ट नभई गुप्तांगबाट हात हाली पाठेघर बाहिर निकाली ३ महीनाको वच्चाको आकृति समेत निकालेर फाले। लासलाई कसैले नचिनून भनेर कपाल खौरी दिए र नजिकैको खोलामा गई रगत पखालेर घर फर्किए। केही वर्ष पहिले निरमायाको परिवारले पौडेलकै परिवारकी केटी भगाएर लगेका कारण यो बदला लिएको चर्चा छिमेकीहरू गर्दछन्। पीडक कृष्णप्रसाद सहितका सहयोगीलाई थुनामा राखिएको छ।

मुकुन्दपुर-७ का कान्छा भुजेललाई स्थानीय ध्यानबहादुर राईले ०५१ असोज १० गते लखेट्दै खेतमा पुऱ्याई खुकुरीले हानी गर्धन छिनाले। हत्याको कारण स्पष्ट भएको छैन तर पीडकले "आफ्नो छोराको भागल थियो, त्यसैले भोग दिएँ" भनेका छन्। पीडकलाई थुनामा राखिएको छ।

## १.२ जेल र वन्दीहरू

घोडाको तवेलाका लागि तयार गरिएको भवन नै यहाँको जेल हो। १९९९ मा निर्मित यो जेल अत्यन्त जीर्ण अवस्थामा रहेको छ।

## १.३ गिरफ्तारी र यातना

०५१ साउन ९ गते नेपाल वन्दका सिलसिलामा प्रहरीले जनमोर्चा र मसालसंग सम्बन्धित उत्तमकुमार श्रेष्ठ, केदार पराजुली, पुरन गिरी र दीपक थापालाई गिरफ्तार गऱ्यो। उहनीहरूलाई १० गते छाडिएको थियो।

सुनवल चौराहामा हिडिरहेका बेला ०५१ साउन १० गते डोलराज अर्याललाई प्रहरीले गिरफ्तार गऱ्यो। साउन ५ गतेको नेपाल वन्दका क्रममा भारतीय ट्रकलाई ढुंगा हानी क्षति पुऱ्याएको भनी अर्याललाई पक्रिएको हो। उनलाई दुई दिन हिरासतमा राखी सार्वजनिक अपराध सम्बन्धी मुद्दा लगाएर ११ हजार धरौटी लिई छाडिएको छ।

जमुनिया, गोपीगन्जमा ०५१ भदौ १ को नेपाल बन्दका सिलसिलामा विना स्वीकृति जुलुश प्रदर्शन गरेको भनी जनमोर्चा (भट्टराई) का गंगाप्रसाद पोखरेललाई साउन ३२ गते प्रहरीले गिरफ्तार गऱ्यो र भोलिपल्ट साँझ मात्र रिहा गऱ्यो।

परासी बजारमा ०५१ कार्तिक १५ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला आउनु हुँदा कालो झण्डा देखाउने ६ जनालाई प्रहरीले गिरफ्तार गऱ्यो। यस अघि आमसभाका स्वयंसेवकहरूले घेराउ गरी उनीहरूलाई कुटपीट समेत गरेका थिए। पीडितहरूले कुटपीट गर्ने माथि सार्वजनिक अपराध अन्तर्गत मुद्दा दायर गरेकोमा कुनै कार्वाही गरिएको छैन।

## १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना भएन।

## १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस सम्बन्धी घटनाहरूको विवरण प्राप्त हुन सकेन।

## १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार


*नवलपरासी जेलको भित्री खण्ड*

विभिन्न माग सहित राष्ट्रव्यापी प्रदर्शन र प्रजिअलाई ज्ञापन पत्र दिने राप्रपाको कार्यक्रम अनुरुप ०५० चैत ४ गते परासी बजारमा जुलुस प्रदर्शन गरी ज्ञापन दिन गएको जुलुसमाथि प्रजिअ कार्यालयको गेटमा प्रहरीले लाठी चार्ज गऱ्यो। ज्ञापन दिन प्रतिनिधिमात्र पठाउने आग्रहलाई इन्कार गरी फलामे गेट समेत तोडी जुलुस नै कार्यालयमा पस्न खोज्दा यो घटना भएको थियो। यस घटनामा राप्रपाका नेता रवीन्द्रनाथ शर्मा र डा. यादवप्रसाद पन्तलाई केही समय प्रहरी हिरासतमा समेत राखिएको थियो।

साप्ताहिक देवचुलीको वर्ष-४ अंक २, ०५१ वैशाख २७ मा प्रकाशित "मालपोतः भ्रष्टाचारको भूमरीमा" शीर्षक समाचारलाई आधार बनाएर १६ जना लेखन्दासहरूले सम्पादक / प्रकाशक भूपेन्द्र शर्मामाथि ८ वटा मुद्दा दायर गरे। यस मुद्दामा मालपोत कार्यालय प्रमुख रघुनाथ अधिकारी र मालपोत अधिकृत पदमबहादुर थापालाई पनि विपक्षी बनाइयो। समाचारमा उल्लेखित "लेखन्दासहरूको कारणबाट पनि जनताले दुःख पाएकाले हाम्रो कार्यालयको बदनाम भएको छ" भन्ने वाक्यप्रति आपत्ति जनाइएको छ।

कुस्वा-९ का अस्पाल अली अन्सारीलाई ०५१ असोज १४ गते कमल पाण्डे लगायतका व्यक्तिले राप्रपाको प्रचारमा लागेको भनी कुटपीट गरे। निज अन्सारी खेतमा काम गरी रहेका थिए। पीडकहरू कांग्रेस पक्षका थिए। उनीहरूमाथि कानूनी कार्वाही गरिएन।

माकर-२ चिसापानीमा ०५१ कार्तिक २२ गते राप्रपा र नेकपा (एमाले) का कार्यकर्ता वीच झगडा भयो। सो दिन राप्रपाको क्षेत्र-३ का तर्फबाट गरिएको साइकल ऱ्यालीको एक साइकलले स्थानीय एक वच्चीलाई ठक्कर दिदा यो घटना भएको थियो। दुई थरी वीच कुटपीट हुँदा एमालेका ३ जना र राप्रपाका १ जना घाइते हुनुका साथै केही साइकलहरू तोडफोड भए। यसै घटनाका कारण एमालेका प्रचार सामाग्री च्यातिए र कार्यालयमा तोडफोड गरियो। यस घटनामा संलग्न भएको भनी एमालेका चोकबहादुर गुरुङ र डिल्लीराम पराजुलीलाई ५ दिन प्रहरी हिरासतमा राखियो।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्वी बसोवास गर्दछन्। यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

०५१ कार्तिक २९ गते मतदान र निरीक्षण कार्य सकेर बर्दघाटतिर फर्कंदै गरेका बेला नेकपा (एमाले) का क्षेत्र नं. ३ का उम्मेदवार चढ्नु भएको गाडी माकर जंगलमा अकस्मात घेराउ गरी माकर-४ वस्ने लक्ष्मण ठकुरी, उमेश स्वान्चा मगर, अशोक थापा र बमबहादुर वि.क. ले विभिन्न धम्की दिए। प्रहरी प्रशासनलाई घटनाबारे जानकारी दिंदा स्वासै ध्यान दिइएन।

भारतीपुर गाविसको शिव प्रा.वि. मतदान केन्द्रमा कांग्रेसका कार्यकर्ताहरूले एमालेका प्रतिनिधि मानबहादुर वि.क. समेतलाई कुटपीट गरी बुथ कब्जा गरे। सोही गाविसको सनई मतदान केन्द्रमा गाविस अध्यक्ष राजेन्द्र साहनीले मत किन्ने र फर्जी मत खसाउन लगाउने काम गरिरहेका बेला रंगेहात पक्राउ गरियो।

परासी बजार मालटोलमा मतदान गर्न आएका भगवती यादव सुरक्षाकर्मीसंग बहस गरीरहेका बेला कांग्रेसका कार्यकर्ता रितेश श्रेष्ठले एक्कासी धातुको बेल्टले हिर्काइ उनलाई गंभीर घाइते बनाए।

मध्यावधि निर्वाचनका सन्दर्भमा यस जिल्लामा झण्डै २५ हजार मतदाताको नाम छुटेको पाइयो। रामनगर, परासी, वंजरिया, माकर र दाउन्नेदेवी गाविसमा ५ सय देखि २२ सयसम्म मतदाता नामावलीमा नाम छूट भएको थियो। मतदाता नामावली थप्ने म्याद ३ दिन मात्र छुट्याउनु र २ जना सिफारिशकर्ता संगै लिएर आउनु पर्ने जस्ता जटीलताले गर्दा मतदाताहरू नाम थप्ने कुरामा निरूत्साहित भए। सुनवल-३ का गाविस सदस्य कर्णबहादुर सेन र सुनवालका उपाध्यक्ष त्रिभुवन गुरूङ जस्ता जनप्रतिनिधिको नाम छुटेको थियो। ३ दिनका अवधिमा पनि झण्डै १० हजार नाम थपिएका थिए।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका जनतामा अदालतप्रात त्यति धेरै सकारात्मक धारणा पाइदैन। निर्णय प्रक्रिया ढिलो मात्र हुँदैन - न्यायिक अधिकारीहरू अन्य प्रभावमा पर्छन भन्ने धारणा प्रशस्त भेटिन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यहाँ यो समस्या जटील रूपमा रहेको छ। सम्वद्ध निकायले यसमा उचित ध्यान दिएको छैन। यद्यपि सुकुम्वासी समस्या समाधान आयोग यहाँ कार्यरत देखिन्छ।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

वंजरिया गाविसका अध्यक्ष भीमनारायण थारूले सोही गाविस-९ की १७ वर्षीय शान्तिमाया परियारलाई गर्भ बोकाई फरार भएका छन्। गत चैतमा गर्भ रहेपछि निज थारूले गर्भपतन गराउन खोजेको तर शान्तिमायाले नमानेपछि फरार भएका थिए। असोज १२ गते उनलाई महिलाहरूले फेला पारी प्रहरी समेतको सहयोगमा १० हजार नगद र खर्च गर्न तयार गराएकोमा फेरि भगाइएको छ। गर्भवती शान्तिमाया अलपत्र परेकी छिन्।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

बहुविवाहका घटना प्रशस्त हुने गरे पनि कानूनी उपचार खोजेको पाइदैन। जारी, देउकी, वादी प्रथा उल्लेख्य रूपमा देखा परेका छैनन्। धन्दाका रूपमा देहव्यापार गरेका घटना पाइएका छैनन्।

### ४.३ गर्भपतन

गर्भपतनका घटना प्रकाशमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

अधिकांश वालवालिकाहरू स्कूल जाने उमेरमा मजदूरी गर्न वाध्य छन्। आर्थिक विपन्नताले गर्दा वालअधिकारका विषयमा अभिभावकहरूको ध्यान पुग्न सकेको छैन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / वाँधा / हलिया आदि

तराई क्षेत्रमा जमिन्दारका घरमा हरूवा चरूवा बस्ने परम्परा कायमै छ। यसरी दासदासी भएर वस्नेहरू कतिपयले आफ्नै घरवार चलाएका पनि छन्। यो स्थितिबाट उनीहरू मुक्ति चाहन्छन्। तर जमिन्दारले उनीहरूमाथि लगाउने आर्थिक वोझबाट पुस्तौसम्म पनि मुक्त हुन नसकेका थुप्रै उदाहरण भेटिन्छन्।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

अर्घौली डन्ना बजार स्थित नवदुर्गा मन्दिरमा दशैंको महा अष्टमीका दिन दलित वर्गको जमातले पूजाआज गऱ्यो।

"सार्वजनिक मन्दीरमा अछूतले छोए" भनी माथिल्लो जातिका भनिनेहरू अर्कै मन्दीरमा पूजा गर्न गए। तर केही दिन अघि गाविस प्रतिनिधि लगायतको समाज बसेर अब उप्रान्त कुनै पनि मन्दीरमा दलितहरूलाई रोक नलगाइने भन्ने सहमति भयो। छुवाछूतका आधारमा भेदभाव गर्नेलाई एक हजार जरिवाना गर्ने सहमति भएको थियो।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी केही देखिएन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस शीर्षक अन्तर्गत अन्य **घटनाहरू** पाइएनन्।

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

आत्महत्या तर्फ झुण्डिएर र विष सेवन गरेर यो वर्ष ३१ जनाले ज्यान गुमाएका घटना प्रहरीमा रेकर्ड भएको देखिन्छ।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

प्रतापपुर-१ का जयकिशुल चौधरीका ८ वर्षे छोरा अमितकुमार चौधरीलाई स्कूल जान लागेका बेला सोही ठाउँको रामप्रवेश सैथवारले ०५१ कार्तिक ६ गते अपहरण गरी भारतको भैंसालेटन पुऱ्याए। अमितलाई कोठामा थुनी ३० हजार नगद माग गर्ने धूनमा रहेको बेला गाउँले, नेपाली प्रहरी र भारतीय प्रहरीको सहयोगमा रामप्रवेशलाई गिरफ्तार गरियो। अपहरण सम्बन्धी कानून नभएकाले उनमाथि जीउ मास्ने बेच्ने अपराध अन्तर्गत मुद्दा चलाइएको छ।

■



# ३. पश्चिमाञ्चल

# लुम्बिनी

# ३.८ रुपन्देही

जनसंख्या : ५२२१५०

साक्षरता : ३९.८ प्रतिशत

महिला साक्षरता : २६.१ प्रतिशत

क्षेत्रफल : १३६० वर्ग कि.मी.

बुद्धको जन्मस्थल लुम्विनी रहेको रूपन्देही जिल्ला पहाडी श्रृंखलाबाट दक्षिण भारतीय सीमासम्म फैलिएको छ। लुम्विनी यहाँको मुख्य पर्यटकीय स्थल हो तापनि यसले पर्याप्त प्रचार पाउन सकेको छैन। भारतीय सीमा क्षेत्र सुनौली पश्चिम नेपालको मुख्य व्यापार नाका यसै जिल्लामा पर्छ। २ नगरपालिका र ८४ गाविस रहेको यो जिल्ला ५ निर्वाचन क्षेत्रमा विभाजित छ। यहाँका ८० प्रतिशत जनता खेतीमा निर्भर छन् र अन्य मानिस उद्योग र व्यापार व्यवसायमा लागेका छन्। जिल्लामा झण्डै ४३ प्रतिशत मानिस साक्षर छन्। ५ वटा क्याम्पस, ३८ माध्यमिक, २७ निम्न माध्यमिक र १३९ प्राथमिक विद्यालयका अतिरिक्त छिमेकी भारतको गोरखपुरमा पढ्न जान सजिलो भएकाले पनि शैक्षिक स्तर केही माथि उठ्न सकेको वताइन्छ। यातायातका दृष्टिले यो अत्यन्त सुगम जिल्ला हो। यस जिल्लामा हवाइ यातायातको व्यवस्था पनि छ। स्वास्थ्यतर्फ अञ्चल अस्पताल, जिल्ला अस्पताल र आँखा अस्पताल समेतको व्यवस्था छ। सञ्चार क्षेत्रमा पनि टेलिफोन र आकाशवाणीको व्यवस्था छ। यस जिल्लाका झण्डै ८० प्रतिशत जनताले खानेपानीको सुविधा पाएका छन्।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

०५१ साउन २१ को नेपाल बन्दका क्रममा पाल्पाबाट वुटवल आउँदै गरेको ४ वटा बसमा वुटवल भलुहीमा केही व्यक्तिहरूले ढुंगामुढा गरेकाले प्रहरीले २ राउण्ड गोली चलायो। ती वसहरू प्रहरी सुरक्षामा चलाइएका थिए।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | २ | - | - |
| हिरासतमा यातना | - | ३ | - |
| बलात्कृत | ५ | ५ | - |
| आत्महत्या | - | ५८ | ५ |

शंकरनगर माध्यमिक विद्यालयको प्राङ्गणमा ०५१ साउन २४ गते २२ वर्षका दीपक जीसीको मुकेश श्रेष्ठले छुरी रोपी हत्या गरे। सो दिन ड्राइभर टोल टीम र शंकरनगर टीम वीच फूटवल खेल हुन लाग्दा दुई पक्षवीच भनाभन भई खेल विथोलियो। ड्राइभरटोल टीमका दीपक कपडा लगाउन लागेको बेला पीडकले पछाडिबाट छुरा रोपे। हाल पीडक फरार रहेका छन्। पीडकलाई उक्साउने मध्येका तिलक श्रेष्ठलाई थुनामा राखिएको छ भने अन्य ५ जनालाई धरौटीमा र १ जनालाई तारिखमा छाडिएको छ।

शंकरनगर-२ का ज्ञानबहादुर नेपालीको ०५१ कार्तिक १८ गते जीतबहादुर वि.क.ले कुटपीट गरी हत्या गरे। पीडकका अनुसार, मैलो खेल्न बोलाउन गएका बेला चोर आएको आशंकामा ज्ञानबहादुरले बञ्चरोले हानेपछि भएको झडपमा यो हत्या भयो। तर ज्ञानबहादुरको घरमा केही दिनदेखि वसेकी युवतीप्रति गलत नियत राखी गएका कारण यो हत्या भएको हुन सक्ने शंका छिमेकीहरूले गरेका छन्। पीडकलाई थुनामा राखिएको छ।

वुटवल स्थित भूतपूर्व सैनिक होटल एण्ड लजमा ०५१ पुस ४ गते अर्जुनबहादुर थापाको चन्द्रबहादुर जीसी लगायतका तीन जनाले हत्या गरे। पीडक र पीडित दुवै सोही दिन लजमा आई सामुन्नेको कोठामा वसेका थिए। दुवै पक्षको ठेगाना खुल्न सकेको छैन। पीडकहरू फरार छन्।

### १.२ जेल र वन्दीहरू

यस जिल्लामा १९९० सालमा बनेको ६५ बन्दी अट्ने क्षमताको एक जेल छ। जेल पुरानो र जीर्ण अवस्थामा रहेकाले पानी चुहिने र मुसाले खनेर माटो थुपारेकोले ढल्ने स्थितिमा छ। हाल यस जेलमा १ सय ५७ जना बन्दी तथा थुनुवा राखिएका छन्। यस जेलमा कर्तव्य ज्यान, लागू

औषध, वन मुद्दा, चोरी, डाँका, जीउ मास्ने बेच्ने आदि मुद्दामा बन्दीहरू छन्। कारागारमा छारे रोग, क्षयरोग, उच्च रक्तचाप आदि रोग भएका विरामी छन् र उनीहरूलाई सद्धे बन्दीसँगै राखिएको छ।

सर्वोच्च अदालतले ०४८ सालमा सफाई दिएका कर्तव्य ज्यान मुद्दाका रणबहादुर पुलामी ०५१ सालमा मात्र मुक्त गरिए।

### १.३ गिरफ्तारी र यातना

०५१ साउन २१ गतेको नेपाल बन्दका क्रममा प्रहरीले अधिवक्ता लीलाधर मरासिनी लगायतका १५ जनालाई गिरफ्तार गऱ्यो।

इलाका प्रहरी कार्यालय वुटवलले लुम्विनी दैनिकका पत्रकार विनोद पहाडीलाई ०५१ साउन ७ गते विना कारण गिरफ्तार गऱ्यो।

### १.४ वेपत्ता पारिएको

जिल्ला विकास समितिका सदस्य भरत चौधरी पुस २ गते देखि वेपत्ता भएका छन्। मैनहिया-२ गणसरीका चौधरीले सो दिन भगवानप्रसाद चौधरीको घरमा सीता पुरका पाहुना कुमालसंग वसी साँझ खाना खाएका थिए। खोजीका क्रममा उनले लगाएको चप्पल काटिएको अवस्थामा खेतमा फेला पऱ्यो। भरत चौधरीको रेडियो भगवानप्रसादको घरमा फेला परेको थियो।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

वुटवल-५ पुल्चोकका राजेशकुमार जोशीलाई ०५१ भदौ १३ गते सोही टाउँका रेसा गुरूङ्ग, ध्रुव आले र वेविन अमात्यले धारिलो हतियारले हानी गंभीर घाइते बनाए। पीडितको गर्धनमा भित्र ६ टाँका र बाहिर ५ टाँका लगाउनु परेको थियो। टोल-टोल वीचको रीसईवीका कारण यो आक्रमण भएको थियो। पीडकहरूलाई ज्यान मार्ने उद्योगमा मुद्दा चलाई थुनामा राखिएको छ।

वुटवल-३ का दीपचन्द्र भुजलाई ०५१ कार्तिक १९ गते सोही टाउँका दीपेन्द्र अमात्य, तीर्थप्रसाद श्रेष्ठ र हरिहर नेपालले सांघातिक आक्रमण गरी टाउको, हात र पीठ्यूँमा गंभीर चोट पुऱ्याए। पीडितले कानूनी कार्वाहीका लागि उजुरी दिएका छन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

कृषि विकास वैंक मुख्य शाखा कार्यालय भैरहवाका प्रवन्धक दानबहादुर कार्कीले व्यक्तिगत चरित्र हत्या हुने



*मृतक : दीपक जी.सी.*

समाचार प्रकाशित गरेको भनी काठमाडौंबाट निस्कने जनमञ्च साप्ताहिक र भैरहवाको साप्ताहिक सम्वाद पत्रिकामाथि रूपन्देही जिल्ला अदालतमा ०५१ साउनमा मुद्दा दायर गर्नु भयो।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न जातजाति र भाषाभाषीका मानिसहरू छन्। त्यसैगरी हिन्दू, वौद्ध, मुस्लिम र इसाई धर्मावलम्वी मानिस छन्। यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

तर फर्सवा टिकर-१ का कांग्रेस समर्थक चिन्तामणि गैरेले मध्यावधि निर्वाचनका सन्दर्भमा गाविस र उजुरसिंह मावि वुटवलको लेटर प्याडमा सिफारिस पत्र लेखी पचासौं व्यक्तिको नाम दर्ता गर्ने प्रयास गरे। उनलाई उपस्थित जनसमूहले प्रमाण सहित प्रहरीमा बुझाए।

वुटवल धागो कारखानामा काम गर्ने प्रकाश नेपालीलाई ०५१ कार्तिक २७ गते राती "सुकुम्वासी भएर कांग्रेस हुने" भनी केही अज्ञात व्यक्तिले धम्क्याए। उनले धम्की दिनेहरूलाई नचिनेको तर एमाले वा राप्रपा कार्यकर्ता हुनु पर्ने कुरा वताए।

०५१ कार्तिक २९ गतेको मध्यावधि निर्वाचनका सिलसिलामा मतदाता नामावलीमा धेरैको नाम छुटेको पाइयो। नाम थप गर्न असोज ७ देखि ९ गते सम्मको म्याद दिई सदरमुकाममा नामावली प्रकाशन गरियो र नागरिकताको प्रमाण पत्र समेत पेश गर्नु पर्ने गरियो। यो झन्झटतिर धेरै मतदाता लाग्न सकेनन्। यहाँको निर्वाचनमा भारतीय विधायकहरूले खुलेआम प्रचार गरेर जातीय र क्षेत्रीय रूपमा मतदातालाई प्रभावित गर्ने काम गरे।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा पुनरावेदन अदालत र जिल्ला अदालत दुवै छ। न्यायालयप्रति आम धारणा सकारात्मक नै पाइन्छ। तर निर्णय प्रक्रियामा हुने ढिलाइले गर्दा न्याय निकै महंगो पर्ने गरेको गुनासो सुन्न पाइन्छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

वुटवल नपा-५ सुकुम्वासी वस्ती हो। तर त्यहाँ सुकुम्वासीका नाममा सम्पन्न व्यक्तिहरूले पनि जग्गा लिएको पाइन्छ। उनीहरू सबैले जग्गा धनी प्रमाणपूर्जा पाएका छैनन्। यस बाहेक करैया, धुसवा, चफ्फीपुर, मक्रहर, बर्सौली आदि ठाउँमा सुकुम्वासीहरूको बसोवास रहेको पाइन्छ। सुकुम्वासी समस्या समाधान आयोग रूपन्देहीका अध्यक्ष एकनाथ भाटका अनुसार, करीव १० हजार मानिसहरू वन सीमाना क्षेत्रभित्र अव्यवस्थित रूपमा बसेको फेला परेका छन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

म्याग्दी जिल्ला जामरूक-१ का वीरवहादुर घर्तीकी पत्नी विष्णुकुमारी घर्तीलाई नारायणघाटकी एक महिलाले भारत लैजाने अभिप्रायले ल्याएकोमा ०५० पुस १७ गते विष्णुकुमारीलाई प्रहरीले समात्यो। पीडक महिला फरार भइन्।

भारत गोरखपुर घर बताइ एक युवकले भारत लैजान लागेका बेला प्रहरीले मोरङ जाँते-५ वस्ने मनबहादुर पोखरेलकी छोरी विमला पोखरेललाई ०५० माघ ११ गते प्रहरीले फेला पाऱ्यो। केटा पत्ता लाग्न सकेन।

काठमाडौं जोरपाटी वस्ने मीना कार्कीलाई भारतको बम्वईमा राम्रो नोकरी लगाई दिन्छु भनी प्रलोभन देखाई सुनौलीमा ल्याएर एक युवकले छाडेको अवस्थामा ०५० चैत २३ गते प्रहरीले फेला पाऱ्यो। निज महिलाले युवकको नाम थाहा नभएको बताइन्।

काठमाडौं-८ बौद्ध बस्ने सुरेन्द्र खड्काकी छोरी अनु खड्कालाई भारत बनारस लैजान्छु भनी फूपुले सुनौलीसम्म ल्याएर छाडेपछि ०५१ जेठ ४ गते प्रहरीले अड्डासार गरी फर्काएको थियो।

सिद्धार्थनगर-१ बेलहिया चौकीले बाग्लुङ्ग जिल्ला हुम्दीसीर गाविस-१ का लीलाबहादुर क्षेत्रीलाई स्थानीय तारादेवी क्षेत्रीलाई भारत लैजान लाग्दा ०५१ जेठ १६ गते पक्राउ गरेको छ। बाग्लुङ प्रहरीले खोज तलासका लागि खबर गरेपछि उसलाई पक्राउ गरिएको हो। सोही दिन पाल्पा खानीगाउँ-३ की १६ वर्षीय सुनिता मगरलाई भगाई भारततिर लैजान लाग्दा सोही गाउँका श्यामबहादुर मगरलाई पनि पक्राउ गरिएको थियो।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

जारी र वहुविवाहका घटना औपचारिक जानकारीमा आएनन्। वादी र देउकीहरू पनि अहिलेसम्म देखा परेका छैनन्।

### ४.३ गर्भपतन

यस सम्बन्धी घटना प्रकाशमा आएको देखिएन।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वाल अधिकार सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक / सुरक्षा र संगठित हुने अधिकार

वुटवल कपडा उद्योगका स्थायी महिला मजदूरहरूलाई ०५१ भदौ २७ गते जीवी टेक्सटायल मीलमा सरूवा गरियो। यी दुवै उद्योगका मालिक भरतकुमार प्रधान हुन्। सरूवा गरिएको मीलमा ती मजदूरलाई कहिल्यै नचलाएको मेशीन चलाउन लगाइयो। यो सरूवाको विरोधमा पीडितहरूले पुनरावेदन अदालतमा मुद्दा दायर गरेका छन्।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना देखिएन।

### ६.३ अन्य आर्थिक अधिकार

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धी उल्लेखनीय घटना भएको देखिएन। निम्न वर्गका मानिसहरू आर्थिक विपन्नताले गर्दा जमिन्दारका घरमा रहने गरे पनि उनीहरू कानूनी उपचारका लागि अघि सरेको पाइदैन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कसैले पनि कुनै घटनाका बारे आफ्ना धारणा राखेको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

वुटवल-६ सिद्धार्थ राजमार्गमा ०५० चैत १३ गते राती विपरीत दिशाबाट आएको प्रहरी भ्यानले ठक्कर दिंदा साइकलमा चढेका माधव श्रेष्ठको घटना स्थलमा मृत्यु भयो

भने लुजु श्रेष्ठ गंभीर घाइते भए। प्रहरीले दुवैलाई भ्यानमा राखी लैजान खोज्दा स्थानीय जनताले थाहा पाई भ्यान घेरी तोडफोड समेत गरे। प्रहरीले स्थिति नियन्त्रणमा लिन लाठी चार्ज र १ राउण्ड हवाई फायर गऱ्यो। यस घटनामा महेन्द्र हमाल लगायतका केही व्यक्तिलाई सामान्य चोट लाग्यो। प्रहरीले पीडित पक्षलाई ४० हजार रूपैया दिएको छ। अन्य कार्वाही भएन।

मैरहवा बर्मेली टोलमा एक ट्यांकरले १० कक्षामा पढ्ने छात्रा कविता भट्टलाई किच्नाले ०५१ भदौ ८ गते मृत्यु भयो।

कोटिहवा नेर ७४ वर्षीय मानबहादुर पुनलाई ०५१ असोज १२ गते ट्रकले ठक्कर दिंदा मृत्यु भयो। पीडित पक्षलाई १५ हजार उपचार खर्च दिएर चालक जमानतमा छुटेका छन्।

बुटवल-५ सिद्धबाबा मन्दीरको तल तिनाउ खोलामा डुबी २२ वर्षीय महेन्द्र रोक्काको मृत्यु भयो। ०५१ असोज १७ गते माछा मार्न गएका बेला ढुंगाबाट चिप्ली ठूलो दहमा परेर उनको मृत्यु भएको थियो।

बुटवल-१५ मा ०५१ असोज १७ गते पूर्व जाँदै गरेको बसले ठक्कर दिनाले हर्षराम थारूको ९ वर्षीय छोराको मृत्यु भयो।

रूद्रपुर-७ का सन्तबहादुर थापाको ०५१ असोज ३० गते बसको छतबाट खसी मृत्यु भयो।

सालझण्डी बजार नजिक ०५१ कार्तिक ३ गते दुई वटा ट्रक जुध्नाले क्याम्पस पढ्ने एक विद्यार्थी चन्द्रबहादुर छम्तेलको घटनास्थलमै मृत्यु भयो भने अन्य २० घाइते भए।

टिकुलीगढ-७ का न्यूवन सिंह गुरूङ ०५१ कार्तिक ६ गते ट्रयाक्टरबाट खसी मरे। उनी पेन्सन झिकेर घर आई पुग्न लागेका थिए।

बुटवलमा गुडिरहेको वसबाट खस्नाले मुस्ताङ लेते-१ बस्ने शैलेन्द्र गौचनको ०५१ कार्तिक १९ गते मृत्यु भयो।

देवदह गाविस शीतलनगरमा ०५१ मंसीर ८ गते सडक पार गर्न लागेकी ६ वर्षीय वालिका सीता अर्यालको ट्रकले किची मृत्यु भयो। सोही ठाउँमा ०५१ मंसीर ३ गते दुई वटा बस जुध्नाले १ वर्षीय वालिका रीता गैरेको मृत्यु भयो भने गंगा गैरेको टाउकोमा गंभीर चोट लाग्यो।

**९.२ विपतिहरू (बाढी / पहिरो / आगलागी आदि)**

यस सम्बन्धी कुनै घटना भएन।

**९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि**

परसली दीपनगर बस्ने कृष्णबहादुर अहिरका ४ वर्षीय छोरा अशोक कुमार अहिरलाई ०५१ साउन ३ गते सुतेकै ठाउँमा चितुवाले चिथोरेर माऱ्यो।

**९.४ आत्महत्या**

सिद्धार्थनगर-१३ का कल्याणबहादुर मल्लको घरमा काम गर्न वसेकी शान्ति चौधरी ०५१ भदौ २४ गते सोही घरको कोठामा झुण्डिएको अवस्थामा फेला परिन्। प्रहरीले घटनालाई आत्महत्या बताएको छ तर स्थानीय वासिन्दाहरूले यसलाई शंकास्पदरूपमा लिएका छन्।

बुटवल स्थित प्रहरी तालिम केन्द्र नजिकको जंगलमा ०५१ असोज १३ गते अदलतकुमार सुनारको लाश फेला पऱ्यो। आर्थिक विपन्नताका कारण उनले आत्महत्या गरेको बताइन्छ।

वुटवल, सुकुम्वासी टोलकी फूलमाया राम्जाली मगरलाई ०५१ कार्तिक ७ गते झुण्डिएर मरेको अवस्थामा भेटियो। मृतकको मानसिक स्थिति विग्रेको थियो।

आनन्दवन-४ की तुलसा मूसालले घरायसी झगडाका कारण ०५१ कार्तिक १६ गते पासो लगाएर आत्महत्या गरिन्।

**९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती**

सिलौतिया – छोटकी महादेही बस्ने शिवशंकर मिश्रको घरमा केही डाँकाहरूले असोज १८ गते डाँकामारी १२ वर्षीय छोरी माधुरी मिश्रको हत्या गरे। उनीहरूले सोही ठाउँका अन्य परिवारमा पनि डकैती गरेका थिएं।

बुटवल अस्पताल लाइनमा ०५१ कार्तिक ९ गते पशुपति आचार्यका पतिपत्नी रिक्सामा गई रहेका वेला अज्ञात व्यक्तिहरूले रोकी कुटपीट समेत गरी घडी र मंगलसूत्र लुटी फरार भए। पीडकहरूको पत्तो लाग्न सकेको छैन।

■



# ३. पश्चिमाञ्चल

# लुम्बिनी

## ३.१ पाल्पा

जनसंख्या : २३६३१३

साक्षरता : ४८.० प्रतिशत

महिला साक्षरता : ३४.७ प्रतिशत

क्षेत्रफल : १३७३ वर्ग कि.मी.

पाल्पा जिल्ला लुम्बिनी अञ्चलका ६ जिल्लामध्ये एक ऐतिहासिक महत्व भएको जिल्ला हो। यसको पूर्वमा तनहुँ, स्याङ्गजा र नवलपरासी जिल्ला रहेका छन् भने पश्चिममा गुल्मी र अर्घाखाँची जिल्ला पर्दछन्। त्यसरी नै उत्तरमा स्याङ्गजा र गुल्मी तथा दक्षिणमा रूपन्देही र नवलपरासी जिल्ला रहेका छन। यहाँको मुख्य पेशा कृषि र पशुपालन हो। यहाँ ढाका कपडा र धातुका भाँडा बनाउने उद्योग पनि संचालित छन्। शैक्षिक जागरण र राजनीतिक चेतनाका दृष्टिले अन्य पहाडी जिल्लाहरूको तुलनामा अगाडि रहेको मानिने यो जिल्लामा मानवअधिकार हननका घटनाहरू भने उल्लेख्य संख्यामा देखा पर्ने गरेका छन्।

**१. सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**१.१ हत्या/गोली**

०५० फागुन २९ गते झडेवा गाविस मरमराका नन्दलाल ओझाको हत्या भयो। मृतकका भतिजा ज्ञानबहादुर ओझा जग्गा किन्ने ऋण माग्न मृतकको घरमा गएका थिए। काका भतिजाको सल्लाहबाट जग्गा पास गर्न तानसेन जान भनी फागुन २९ गते दुवै जना ज्ञानबहादुरको घर भएको ठाउँ सराई आएका थिए। त्यही दिन बेलुका खानपिन गरेर काका भतिजा दमकडा जान भनी साँझपख सराईबाट हिंडेका थिए। भोलिपल्ट कसेनी गाविस-७ माडीको बुढी तिनाउ खोलाको पुलको खाँजनेर नन्दलालाको लाश भेटियो। प्रहरी अनुसन्धानबाट अभियुक्तको शंका गरिएका ज्ञानबहादुर ओझा फरार रहेका छन्।

०५१ वैशाख १० गते तेल्घा गाविस-१ का टीकाबहादुर सार्कीलाई आफ्नै आमा आइतकुमारी सर्किनी, खिमबहादुर सार्की र देवबहादुर सार्कीले कुटपिट गरी हत्या गरे। अभियुक्त मध्ये एक खिमबहादुर सार्कीको बयान अनुसार उक्त दिन आइतकुमारीको घरमा पूर्वेली देउताको पूजाको अवसरमा कुखुरा काटी जाँड र मासु खाएपछि जाँडले मात्तिएर मृतक टीकाबहादुरले खिमबहादुरकी दिदीलाई जिस्क्याउने, अङ्गमा समाउने जस्ता कामहरू गर्न थाले। टीकाबहादुरको गतिविधिबाट रीस उठेपछि खिमबहादुरले उनलाई मुड्कीले हाने। आमा आइतकुमारीले पनि थप्पड हानिन्। त्यसपछि खिमबहादुर र देवबहादुर नेपालीले कुटपिट गर्दा टीकाबहादुरको मृत्यु भयो। अभियुक्तलाई कानूनी कारबाही चलाइएको छ।

०५१ साउन ४ गते पिपलडाँडा गाविस-२ की विष्णु वस्नेतले आफ्नो नवजात शिशुको हत्या गरिन्। आफ्नो पति रामबहादुर वस्नेत विदेशमा भएको अवस्थामा छोरा नाता पर्ने प्रेमबहादुर वस्नेतसंग अनुचित सम्बन्ध रहन पुग्दा साउन ४ गते अभियुक्त विष्णु वस्नेतले छोरा जन्माएकी थिइन्। पछि विष्णु वस्नेतकै ६ वर्षको छोरा वसन्तबहादुर वस्नेतले डालाभित्र वच्चा देखी हल्ला गरे। उनको हल्ला सुनेर गाउँलेहरू जम्मा हुँदा नवजात शिशुको मृत्यु भैसकेको थियो। अभियुक्त विष्णु वस्नेतलाई ज्यान सम्बन्धी मुद्दामा कारबाही चलाइएको छ।

तानसेन नपा-१२, सालघारीका कुलबहादुर कार्कीले ०५१ भदौ १८ गते आफ्नै वहिनी मीनाकुमारी कार्कीको हत्या गरे। त्यस दिन विहानको खाना खाएर बाबु लेखबहादुर कार्की फापर छर्ने मेला जोल्न सार्कीडाँडातिर गए। ठूली छोरी विष्णु पनि मकै भाँच्न त्यहीं गइन्। आमा धान गोडन गइन्। घरमा बाख्रा चराउन, गोरूलाई घाँस काट्ने काम गर्न छोरा

| घटनाको प्रकृति | घटना संख्या | | |
|---|---|---|---|
| | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | - |
| बलात्कृत | १ | १ | १ |
| आत्महत्या | - | २ | १५ |

कुलबहादुर कार्की र सानी छोरी मीनाकुमारी कार्की वसेका थिए। दिउँसो कुलबहादुर कार्कीले आफ्नै बहिनी १० वर्षीय नावालिका मीनाकुमारीलाई बलात्कार गरे। त्यसपछि डोरीले घाँटी कसेर वहिनीको हत्या गरे। असोज ११ गते रूखमा झुण्डीएको अवस्थामा उनको लास पाइयो।

गल्धा गाविस-८ का कृष्णबहादुर वि.क.को ०५१ भदौ १५ गते हत्या भयो। निजको हत्या आफ्ना छोरा उमालाल वि.क. र सम्धी भीमबहादुर वि.क.ले गरेको शंका गरी ती अभियुक्तहरूलाई पक्राउ गरी अनुसन्धान गरिदैछ। भदौ १२ गतेका दिन आफ्नो घर सिलुवा गाविस-४ बाट उमालाल वि.क. आफ्नो ससुराली गल्धा गाविसमा गएका थिए। भोलिपल्ट बाबु कृष्णबहादुर वि.क. पनि कान्छो छोराको ससुरालीमा पुगे। त्यहाँ रक्सी खाएपछि बावु छोरा र सम्धी वीचमा झगडा भएको थियो। कृष्णबहादुर वि.क. भदौ १५ गतेसम्म घरमा नआएपछि खोज तलास गर्दा गल्धा गाविसको जंगलमा चिलाउनेको रूखमा वावियोको डोरी घाँटीमा कसी झुण्डिएको अवस्थामा फेला परे। चिलाउनेको रूखमा झुण्डिएको निज कृष्णबहादुर वि.क. को लाश त्यो रूखसंगै जोडिएको सिमलको हाँगामा घोडा चढेको अवस्थामा थियो।

रामपुर गाविस-४ वेझाँडमा ०५१ कार्तिक ११ गते भएको प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको चुनावी आम सभामा गोली चल्यो र ढुंगामुढा भयो। भीडबाट भाग्न खोज्दा ६ वर्षकी शान्ति श्रेष्ठको खुट्टा भाँचियो। अन्य धेरै व्यक्तिहरू घाइते भए। सो दिन नेपाली कांग्रेसको पक्षमा चुनावी प्रचार गर्ने सिलसिलामा प्रम कोइराला सैनिक हेलिकप्टरमा चढी रामपुरको आमसभामा पुग्नु भएको थियो। भाषणको कार्यक्रम समाप्त गरी प्रम आफैले भोट केमा भनी नरा लगाउँदा केही मानिसहरूले रूखमा र केही मानिसहरूले सूर्यमा भनी चिच्याए। त्यसबाट तनाव उत्पन्न भयो। प्रम फर्कन थाल्दा भीडबाट हेलिकप्टरमा ढुंगा हानियो। ढुंगा हान्न थालेपछि भीड हटाउन प्रहरीले एक राउण्ड ब्ल्या° फायर गऱ्यो। त्यसपछि भीड पछि हट्यो र हेलिकप्टर उड्यो। प्रधानमन्त्री प्रस्थान गरेपछि नेपाली कांग्रेसका कार्यकर्ताहरू हेलिकप्टरमा ढुंगा हान्ने नेकपा एमालेका कार्यकर्ता हुन् तिनीहरूलाई पिट्नु पर्छ भनी अग्रसर भए। बेझाँडको बजारमा एक दिन ढुंगा हानाहान भएपछि एमालेका कार्यकर्ता भागे। नेपाली कांग्रेसका कार्यकर्ताहरूले उनीहरूलाई खोजी खोजी पिट्न थाले। ढुंगा हानाहानमा केही मानिसहरू घाइते भए र घरहरू क्षत विक्षत भए।

कांग्रेसका कार्यकर्ताले हेलिकप्टरमा ढुंगा हानेको आरोप लगाई एमालेका कृष्णबहादुर रायमाझी, रामचन्द्र ज्ञवाली र लोकबहादुर नेपालीलाई मरणासन्न बनाई कुटपिट गर्न थालेकाले प्रहरीहरूले तिनीहरूलाई प्रहरी चौकीमा ल्याई सुरक्षा दियो।

कांग्रेसका कार्यकर्ताले केलिकप्टरमा ढुंगा हान्ने मान्छे लुकाएको आरोप लगाएर सागर वैद्य, राजुप्रसाद श्रेष्ठ, नित्यप्रसाद श्रेष्ठ र लक्ष्मण अधिकारीको घरमा ढुंगा र इटा बर्साए।

सागर वैद्यको औषधी पसल भएको घरको तल्लो तलाको ढोका र उपल्लो तलाको झ्यालका शिशा, ढोकाका खापा फुटेर ढुंगा भित्र पसी सुत्केरी अवस्थामा रहेकी सागर वैद्यकी पत्नी लक्ष्मी वैद्यको खुट्टामा चोट लाग्यो।

नित्यप्रसाद श्रेष्ठ, भगवान भण्डारी, राजकुमार श्रेष्ठ, श्रीमती जिता श्रेष्ठ, श्रीमती मीना श्रेष्ट र अन्य व्यक्तिहरू पनि घाइते भए।

नेपाली कांग्रेसका कार्यकर्ता ज्ञानबहादुर शाह, गोकर्ण भट्टराई, ऋषिराम भट्टराई, र नारायण भण्डारी पनि उक्त घटनामा सामान्य घाइते भए।

## १.२ जेल र वन्दीहरू

यहाँको जेलको क्षमता ३ सय ५० जना वन्दी राख्न सकिने रहेको छ। हाल पाल्पा जेलमा थुनुवा तर्फ पुरूष १४ र महिला ९ गरी जम्मा २३ जना र वन्दीतर्फ पुरूष ९१ र महिला १३ गरी जम्मा १ सय ४ जना रहेका छन्। यसप्रकार थुनुवा र वन्दी गरी यहाँको जेलमा १ सय २७ जना व्यक्तिहरू थुनिएका देखिन्छन्। त्यसबाहेक केटा ३ र केटी ४ गरी ७ जना नावालक पनि जेलभित्र रहेका छन्।

पाल्पा जेलमा रहेका ३७ वर्षीय गमबहादुर तिवारी राजनीतिक बन्दी हुन्। उनलाई हातहतियार ख्वरखजानाको आरोपमा ०५० वैशाख २२ गतेदेखि यो जेलमा वन्दी वनाइएको छ। उनी आफू नेकपा (एमाले) संग सम्बन्धित राजनीतिक व्यक्ति भएको दावी गरिरहेका छन्।

जेलमा खानीपानी पर्याप्त नपाइएको, औषधी उपचारको अभाव रहेको, आफन्तहरूसंग वाहिर निस्केर कुराकानी गर्न नपाएको, वैतनिक वकील राख्न नदिइएको, पुस्तकालय र खेलकूदका सामानहरूको अभाव रहेको जस्ता गुनासाहरू वन्दीहरूको छ। महिला र पुरूष बन्दीहरूलाई आपसी प्रेममा फसाएर जेल प्रशासनले फाइदा लिने गरेको चर्चा पनि वन्दीहरू नै गर्छन्। त्यसरी नै कारखानामा काम गर्ने कुरामा समेत जेल प्रशासनले पक्षपात गरेको गुनासो छ।

## १.३ गिरफ्तारी र यातना

०५१ साउन ८ गते संयुक्त जनमोर्चा (भट्टराई) का जिल्ला संयोजक गोवर्धन गौली लगायत रामबहादुर कुँवर, नरेन्द्रबहादुर कुँवर, अनिल न्यौपाने र चूडामणि थापा समेत ५ जनालाई विनापूर्जी गिरफ्तार गरियो। उनीहरूलाई संसद विघटन सम्बन्धी शाही विज्ञप्ति जलाउने विरोध कार्यक्रम संचालन गरिरहेको अवस्थामा तानसेन नगरपालिकाको शितलपाटीबाट गिरफ्तार गरी ९ गते वेलुका मात्र छाडिएको थियो।

०५१ भदौ १ गते संयुक्त जनमोर्चा (भट्टराई) का संयोजक गोवर्धन गौली लगायत ६ जना व्यक्तिहरू विना पूर्जी गिरफ्तार गरिए। गिरिजाप्रसाद कोइरालाको सरकारको राजीनामा माग गरी संजमोले चलाएको आन्दोलनमा ०५१ भदौ

१ गते नेपाल बन्द कार्यक्रम राखिएको थियो। त्यो कार्यक्रम सफल बनाउन बजार बन्दको आव्हान गर्दै हिंडेका उक्त पार्टीका जिल्ला संयोजक गोवर्धन गौली, कार्यकर्ताहरू प्रकाश थापा र राजु खनाललाई बसन्तपुरमा गिरफ्तार गरिएको थियो। त्यस्तै शान्ति वि.क., मीना र पार्वती वि.क.लाई टुडीखेलनेर गिरफ्तार गरियो। उनीहरूलाई त्यही दिन बेलुका ६ बजे रिहा गरियो।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना भएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यहाँ सामान्य धम्की र कुटपिटका घटनाहरू असंख्य भए। तर उल्लेख्य घटना पाइएन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

०५१ असोज २९ गते राती तानसेन नपा-१२ सेती पोखरामा साँस्कृतिक कार्यक्रमको आयोजना गरिएकोमा उक्त कार्यक्रम केही हुल्याहाहरूले विथोले। जनहित प्राथमिक विद्यालय सेती पोखरामा परम्परागत रूपमा वडा दशैंको उपलक्ष्यमा देखाउँदै आएको साँस्कृतिक कार्यक्रमको आयोजना यो वर्ष पनि गरिएको थियो। उक्त कार्यक्रम देखाउने तयारी गरिरहेको अवस्थामा तानसेन वजारबाट केही युवाहरू त्यहाँ पुगे र आफूलाई पनि उक्त कार्यक्रममा भाग लिन दिन आग्रह गरे। आयोजकहरूले वाहिरबाट आएका कलाकारलाई साँस्कृतिक कार्यक्रममा भाग लिन दिन नसकिने कुरा वताएपछि झगडा शुरू भयो। वेलुका ८ वजेतिर ती युवाहरू तानसेनतिर फर्केका थिए। तर १० वजेतिर साँस्कृतिक कार्यक्रम भैरहेको बेलामा एक्कासी १५-१६ जना सशस्त्र व्यक्तिहरू नाच देखाउने मञ्चमा उक्लेर आतंक मच्चाउन थाले। उनीहरूलाई रोक्न खोज्दा भरतवहादुर रावलको निदारमा, मीनबहादुर रावलको टाउकामा, कालीदास कार्कीको हातमा र शिवबहादुर विष्टको हात र खुट्टामा तरवारले हिर्काएर घाइते बनाए। तानसेनबाट गएका राजेन्द्र गौतम लगायतका १६ जना हुल्याहाहरूले तरवार, चक्कु, चेन आदि हातहतियार लगेका थिए। साँस्कृतिक कार्यक्रम हेर्न करीव ४ सय जति आइमाई, केटाकेटी, बुढावुढी र युवाहरू जम्मा भएका थिए। हुल्याहरूले पर्दा काट्ने, मञ्च भत्काउने आदि उपद्रव गर्न थालेपछि दर्शकहरू चिच्याउँदै कराउँदै भाग्न थाले। केही युवाहरू हुल्याहाहरूलाई रोक्ने काममा लाग्दा कुटपिट भयो। उक्त कुटपिटमा हुल्याका रूद्रबहादुर थापा र अरूण गौतम पनि घाइते भए। जिल्ला प्रहरी कार्यालय पाल्पाले उक्त घटना थाहा पाएपछि प्रहरीहरू पठायो। प्रहरी पुगेपछि हुल्याहाहरू भाग्न थाले। तर रूद्रबहादुर थापा र अरूण गौतम भाग्न सकेनन्। हाल रूद्रबहादुर थापा, अरूण गौतम, राजु गौतम, मनोज रणपाल, नारायण थापा, कुमार बुढाथोकी, सरोज गौतम र सुरेश गौतम आदि ८ जनालाई पक्राउ गरी सार्वजनिक अपराधमा कारवाही चलाइएको छ। अन्य ८ जना फरार भएका छन्।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम रहेको पाइन्छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

मित्याल गाविस-४ मा चुनाव प्रचार प्रसारको क्रममा विवाद उत्पन्न भै कुटपिटमा दुई जना घाइते भए। ०५१ कार्तिक १४ गते भएको उक्त घटनामा कुलप्रसाद सुवेदीको निदार र टाउकामा र त्यस्तै हुमबहादुर सुनारीको पनि निदार र टाउकोमा घाउचोट लाग्यो। उनीहरूलाई पाल्पा अस्पतालमा उपचार गराइएको थियो। पाल्पा निर्वाचन क्षेत्र-१ का नेपाली कांग्रेसका उम्मेदवार कालुराम राना चुनाव प्रचारका क्रममा मित्याल गाविसमा पुग्दा नेकपा एमाले समर्थक कमल ज्ञवाली लगायत केही व्यक्तिहरूसंग वादविवाद भयो। कार्तिक १३ गते सामान्य रूपमा भनाभन भएपछि कालुराम राना लगायत ६ जना प्रचारक मित्यार-४ का तासबहादुर कालुङको घरमा वसे। भोलिपल्ट कार्तिक १४ गते विहान ४.३० बजे कुलप्रसाद सुवेदी र विजय थापा आफ्नो घर फर्कन लाग्दा कमल ज्ञवाली समेतका मानिसहरूसंग भेट भयो। आफ्नै सरकार गिराउने तर वाटोघाटो बनाएको छु मलाई नै भोट दिनुस् भन्दै हिड्ने कालुरामलाई किन वोकेर हिड्छौ भनी वादविवाद चल्दा हात हालाहाल भएको थियो। पीडक उपर सार्वजनिक अपराधमा मुद्दा चल्दैछ।

दर्छा गाविस-१ राजघरामा रहेको मतदान केन्द्रमा ०५१ कार्तिक २९ गतेका दिन नेकपा (एमाले) र नेपाली कांग्रेसका कार्यकर्ता वीच ढुंगा हानाहान हुँदा प्रहरीले अश्रुग्यास प्रहार गर्नुका साथै ५ राउण्ड हवाइ फायर गर्‍यो। पाल्पाको निर्वाचन क्षेत्र-१ मा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको आगमनपछि कांग्रेस र नेकपा (एमाले) का कार्यकर्ता बीच तनाव वढ्दै गएको थियो।

मतदानका दिन कार्तिक २९ गते दर्छा गाविस-७ का सदस्य टीकाराम रानाले दर्छाको सिताकुण्ड निमाविमा रहेको २, ३, ४ र ५ नं. वडाको बुथमा अघोषित बुथ कब्जा गरी कांग्रेसको पक्षमा अत्यधिक मत खसाले। रजधराको जनविकास उच्च माविमा रहेको वडा नं. १, ६, ७, ८ र ९ को मतदान केन्द्र पनि कब्जा गरी कांग्रेसको पक्षमा फर्जी मत खसाल्ने उद्देश्यले आफ्नो साथमा ५० जना अन्य व्यक्तिहरू लिएर उनी रजघरा आएपछि नेकपा (एमाले) का कार्यकर्ताले फर्जी मत खसाल्न नदिने प्रयास गरे। त्यसले गर्दा दुवै पक्षवीच ढुंगा हानाहान भयो। ढुंगा हानाहानबाट नेकपा (

एमाले) कार्यकर्ता गोविन्द पाण्डेको टाउकामा ढुंगाले लाग्यो। स्थिति शान्त पार्न प्रहरीले अश्रुग्यास प्रहार गरेपछि दुवै पक्षमा भागाभाग चल्यो। अश्रुग्याँसको प्रहारले दिलबहादुर घर्तीको कोखमा चोट लाग्यो। प्रहरीले ५ राउण्ड हवाई फायर पनि गर्‍यो। यो घटना करीव ४.३० बजे भएको र मतदान कार्य समाप्त भै सकेकाले मतदान केन्द्रमा कुनै असर परेन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा न्यायलयप्रति जनताको गलत र नराम्रो धारण रहेको पाईदैन। सुगम र निष्पक्ष न्यायिक अधिकारबाट बञ्चित गर्ने कुनै घटना देखा परेन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्वासी सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

०५० माघ १७ गते तानसेन नपा-११ की लक्ष्मी पाण्डेले आफ्नी सौताकी छोरी विमलाकुमारी पाण्डेलाई वम्वईमा लगी बेच्ने प्रयास गरिन् । लक्ष्मी पाण्डेले पोखराका धनेश्वर अधिकारीसंग मिलेर विमलालाई वुटवल पुर्‍याएपछि गाउँलेहरूले थाहा पाए। त्यसपछि अभियुक्तहरूलाई पक्राउ गरी पाल्पा ल्याइएको थियो। लक्ष्मी पाण्डे र धनेश्वर अधिकारीलाई पुर्पक्षका लागि थुनामा राखिएकोमा हाल उनीहरू धरौटी राखी तारेखमा छुटेका छन्।

पिलडाँडा गाविस, वेलडाँडाका जगन्नाथ अर्यालले आफ्नो छिमेकी लठेब्री विधवा महिला अनकला वस्याललाई अवैध गर्भधारण गराए। यो घटनाको हल्ला हुने वित्तिकै दुवै जनालाई जिल्ला प्रहरी कार्यालयमा पुर्‍याइयो। तर जगन्नाथले स्वीकार गरेनन्। उनी छुटे तर अनकला छुटिनन्। पछि महिला पत्रकारिता प्रशिक्षक र प्रशिक्षार्थीहरूको सहयोगमा पिपलडाँडा लगी अनकलालाई जगन्नाथको पत्नीको रूपमा जिम्मा लगाइयो। तर जगन्नाथले राम्रो हेरविचार गरेनन्। अनकलाले मृत बच्चा जन्माइन्। घरमा बस्न नसकेर हाल उनी माइतमै बसेकी छिन्।

प्रहरी हिरासतमा कुटपिट गरेको कुरा अनकला बताउँछिन्। तर डी.एस.पी. भीष्म प्रसाइ भने उनलाई हिरासतमा कुनै पनि किसिमको यातना नदिएको बताउनु हुन्छ। अनकलाको शरीरमा नीलडाम भने देखिन्थ्यो।

मुभुङ गाविस-७ का सुरशेबहादुर कुँवरकी ३६ वर्षीय पत्नी सुमित्राले लोग्ने विदेशमा भएको अवस्थामा गर्भधारण गरिन्। ०५१ जेठ २७ गते सोही गाउँका २० वर्षीय मदन पौडेललाई दोषी ठहर्‍याई दुवै जनालाई जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराइयो। तर समस्या समाधान हुन सकेन। केटाको दाजु सुरेश पौडेल, तेल्धा गाविस अध्यक्ष कृष्णप्रसाद नेपाल र वसन्त अर्याल मिलेर ती महिलालाई अरू नै मान्छेको हिल्ला लगाइदिने विचारले जिल्ला प्रशासन कार्यालयबाट जिम्मा लिई रूपन्देहीको मंगलपुर पुर्‍याएर ३ दिनसम्म राखे। पाल्पाका अखिल नेपाल महिला संघ, मानवअधिकार संरक्षण मञ्च, वार एशोसियशन आदिको मौखिक दवावमा पीडित सुमित्रालाई पुनः तानसेन ल्याई नाता कायम गरी पाऊँ भनी जिल्ला अदालतमा उजुरी गर्न लगाएपछि ०५१ साउन १३ गते मदन पौडेलले अदालतमा सुमित्रा आफ्नी पत्नी भएको स्वीकार गरी घरमा लगेर राखेका छन्।

तानसेन-१२ का कुलबहादुर कार्कीले ०५१ मंदौ १८ गते आफ्नै बहिनी मीनाकुमारीलाई बलात्कार गरेर हत्या गरेको घटना माथि उल्लेख गरी सकिएको छ।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

०५० फागुनमा गाडाकोट गाविस-२ का हुमप्रसाद कँडेलकी पत्नी धर्मदेवीलाई रूपन्देही जिल्ला, बुटवल नपा-४ का मोटर चालक रामजीलाल खतिवडाले जारी गरी लगे। तिनीहरू उपर जारी खतमा कारवाही चलाउन र धनमाल भराई पाउन हुमप्रसाद कँडेलले जिल्ला अदालत पाल्पामा फिरादपत्र दायर गरेका छन्। मुद्दाको कारबाही चल्दैछ।

खस्यौली गाविस-१ सिरूवारीका हरिबहादुर खड्काले ०५० चैत २९ गते जारी खतमा सजाय गराई पाउँ भनी जिल्ला अदालत पाल्पामा फिराद पत्र दर्ता गराएका छन्।

रूपन्देही जिल्लाको सौराहा फर्सटिकट गाविस-६ बस्ने नारायण सिं कार्कीले आफ्नी विवाहिता पत्नी लक्ष्मीलाई जारी गरी लगेकाले धनमाल दिलाई पाउँ भन्ने दावी गरेका छन्।

पिपलडाँडा गाविस-२ का प्रेमबहादुर वस्नेत र विष्णु वस्नेतले प्रेमबहादुरकी विवाहिता पत्नी गंगामाया वस्नेत छँदाछँदै ०५० सालको वडा दशैमा अनुचित सम्बन्ध कायम गरी बच्चा जन्माएकाले जिल्ला प्रहरी कार्यालयले अनुसन्धान गर्दा निजहरूले बहुविवाह गरेको ठहर भएको छ। उनीहरूमाथि वहुविवाहको मुद्दा चलाइए अनुसार विष्णु वस्नेत पक्राउ परेकी छिन् भने प्रेमबहादुर वस्नेत भारतमा नोकरी गरिरहेकाले पक्राउ पर्न सकेका छैनन्।

तानसेन नपा-३ भीमसेन टोलका सरविन्दु बज्राचार्यले घरमा पत्नी तारा वज्राचार्य र दुईवटी छोरी हुँदाहुँदै अर्को विवाह गरेका छन्।

०४१ सालमा सरविन्दुले असन टोलकी नीलम भन्ने महिलासंग विवाह गरेका थिए। विवाह भएको १० महीनामै उनीसंग १० हजार रूपियाँ दिएर सम्बन्ध विच्छेद गरिएको

थियो। मानसिक असरले केही महिनापछि नीलमको निधन भयो।

०४३ सालमा तारा बज्राचार्य विवाह गरी दुईवटी छोरी जन्मिसकेपछि पनि सरविन्दु र उनका आमा बाबुले तारालाई पन्छाउन खोजे। तारालाई २० हजार रूपियाँ लिएर छोडपत्र गर्न भनियो। तर उनले नमानेपछि घरमा हेला गर्न थालियो। तारा घरमा बस्न सकिनन् र माइतीमा गएर बस्न थालिन्। ०५१ असारमा सरविन्दुले चन्द्रकुमारीसंग अर्को विवाह गरे। अहिले वहुविवाहमा जिल्ला प्रहरी कार्यालयमा उजुरी परेको छ। तर सरविन्दु र उनकी नयाँ श्रीमती चन्द्रकुमारी फरार छन्।

हुमिन गाविसका बाबुराम श्रेष्ठले घरमा जेठी पत्नी डिलकुमारी श्रेष्ठ हुँदाहुँदै विमला श्रेष्टसंग ०५१ असार २२ गते अर्को विवाह गरे।

उक्त घटनाका सम्बन्धमा जिल्ला अदालत पाल्पामा पूर्पक्ष हुँदैछ। अभियुक्त बाबुराम श्रेष्ठ र विमला श्रेष्ठ धरौटी राखी तारेखमा छुटेका छन् ।

इलाका प्रहरी कार्यालय रामपुरका इन्चार्ज मोहम्मद अली खाँले घरमा एउटी पत्नी हुँदाहुँदै ०५० फागुनमा कसीरून खाँसंग अर्को विवह गरे। २७ वर्षीय कसीरून खाँ अछाम वन कार्यालयका रेन्जर त्रिपुल चौधरीकी पत्नी थिइन्। उनका छोराछोरी समेत छन्। महोत्तरीका त्रिपुल चौधरी जागिरको सिलसिलामा पाल्पा आएपछि कसीरून खाँसंग विवाह गरेका थिए। ससुरालीमा सासु मात्रै भएकाले ससुरालीसँगै बस्ने गरी आफ्नो कमाइ समेत ससुरालीकै सम्पत्तिमा मिसाउने गरेका थिए। अहिले सम्पत्ति सासुको हातमा भएकाले उनलाई र छोराछोरीलाई निकै मर्का परेको छ। जिल्ला अदालतमा जारी र वहुविवाहको मुद्दा चल्दैछ। मोहम्मद अली खाँ प्रहरी सेवाबाट निलम्वित भएकोमा हाल निलम्वल फुकुवा भैसकेको छ। प्रहरीले वहुविवाहको जाहेरी दरखास्त दर्ता गर्न नमानेकाले हुलाकबाट पठाएको कुरा पीडित व्यक्ति त्रिपुल चौधरी बताउँछन्।

भैरवस्थान गाविस-३ का ज्ञानेन्द्र श्रेष्ठले घरमा आफ्नी जेठी पत्नी छँदाछँदै चापपानी गाविस-९ की मंजु वस्यालसंग ०५१ मंसीर १९ गते वहुविवाह गरेका छन्।

ज्ञानेन्द्र श्रेष्ठकी जेठी पत्नी मनमाया श्रेष्ठबाट २ छोरा र १ छोरी जन्मेका छन्। तापनि मंजु वस्यालसंग वहुविवाह गरेको स्वीकारेका छन्। निजहरूले धरौटी राखी पुर्पक्षमा छुट्न नसकेको हुनाले ०५१ पुस ३० गते जिल्ला अदालत पाल्पाबाट १८/१८ दिन कैद सजाय र १/१ हजार रूपैया जरीवाना गर्ने फैसला भएकाले निज ज्ञानेन्द्र श्रेष्ठ र मंजु वस्याल जिल्ला कारागार शाखा पाल्पामा थुनामा छन्। जेठी श्रीमती मनमाया श्रेष्ठ आफ्नो माइती चापपानीमा बसेकी छिन् । झडेवा गाविसका यमबहादुर रोकाहाले जेठी पत्नी गंगादेवी रोकाहा हुँदाहुँदै सोमिनार देवीसंग दोश्रो विहे गरेका छन्। लोग्नेले वहुविवाह गरी आफूलाई अन्यायमा पारेकाले गंगादेवी रोकाहाले ०५१ साउन १६ गते जिल्ला प्रहरी कार्यालय पाल्पामा लोग्ने यमबहादुर रोकाहा र सौता सोमिनार देवीका विरूद्ध मुद्दा हालेकी छिन्। यमबहादुर र सोमिनारदेवी फरार रहेका छन्।

### ४.३ गर्भपतन

यस सम्बन्धी घटना प्रचारमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

पिपलडाँडा गाविस-२ की विष्णु वस्नेतले आफ्नो लोग्ने रामबहादुर वस्नेत विदेशमा भएको अवस्थामा स्थानीय प्रेमबहादुर वस्नेतसंग अनुचित सम्बन्ध कायम गरी बच्चा जन्माइन्। समाजको डरले बच्चा लुकाउँदा राम्रो हेरविचार नपुगी बच्चा मऱ्यो। उनी ज्यान सम्बन्धी मुद्दामा जिल्ला प्रहरी कार्यालयमा हिरासतमा छिन्। विष्णु वस्नेतको ६ वर्षको वच्चा वसन्तबहादुर वस्नेत आमा बाबुको माया र पालनपोषणबाट बञ्चित भएको छ। हाल ऊ बाध्य भएर जेठा बाबु कृष्णबहादुर वस्नेतको घरमा आश्रय लिइरहेको छ। पाल्पा आवासिय माविको नौ कक्षाका चार जना विद्यार्थीहरूलाई ०५१ मंसीर ११ गते युनीफर्म नलगाएको आरोपमा लेखापाल राजीव श्रेष्ठले पिटेपछि स्थितिले गम्भीररूप लियो। जसका कारण दीपंकर कसजू वार्षिक परीक्षामा सम्मिलित हुन पाएनन्। उक्त दिन मध्यान्हको समयमा नौ कक्षाका विद्यार्थीहरू चौरमा वसिरहेको बेलामा लोखापाल राजीव श्रेष्ठले विद्यालयमा आउँदा किन जाकेट लगाएको भनी जाकेट फुकालिदिन खोज्दा विद्यार्थीहरूले अटेर गरेकाले लात्ती र मुड्कीले हिर्काए। पिटाइका कारण ललितजंग रायमाझी भाग्न खोज्दा निज राजीव श्रेष्ठले धकेलिदिएको हुनाले पल्टिन पुगे र हात भाँच्चिएको शंका गरियो। उनलाई डाक्टरकहाँ पुऱ्याएपछि विद्यार्थीहरूले प्रिन्सिपललाई आफ्नो मर्का बताए तर उनले वास्ता गरेनन्। त्यसपछि विद्यार्थीहरू विद्यालय व्यवस्थापन समितिका अध्यक्ष गणेशमान महर्जनकहाँ गए। अध्यक्षले विद्यालयमा फोन गरी विद्यार्थीहरूलाई सम्झाई वुझाई पढाउन निर्देशन दिएपछि विद्यार्थीहरू पुनः विद्यालयमा गए। तर विद्यार्थीहरू विद्यालय पुग्नासाथ राजीव श्रेष्ठ र विद्यार्थीहरू वीच कुटाकुट भयो। राजीवले वेसवलको डंडाले निर्ममतापूर्वक पिट्न थालेपछि विद्यार्थीहरू ज्यान जोगाएर भागे। अभिभावक गंगा कसजूले राजीव श्रेष्ठलाई फोन गरी घटनाबारे सोधपुछ गर्दा उल्टै मार्ने पिट्ने धम्की दिएको साथै प्रिन्सीपल राममान श्रेष्ठले पनि स्थिति शान्त पार्ने प्रयास नगरेकाले विद्यार्थीहरूको मर्कालाई ध्यानमा राखेर अभिभावक गंगा कसजूको सहयोगमा जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराधमा मुद्दा दिइयो। सार्वजनिक अपराधमा मुद्दा परेपछि राजीव श्रेष्ठ फरार भएका छन्। मुद्दा जिल्ला प्रशासन कार्यालयमा छ। आफ्नो पेशागत साथीलाई सार्वजनिक मुद्दामा फसाएको र विद्यालयको समस्या वाहिर प्रहरीमा पुऱ्याएको भनी करीव एक हप्तासम्म शिक्षकहरूले नौ कक्षामा पढाउन वहिष्कार गरे। परीक्षा नजीक आएकाले र व्यवस्थापन समितिवाट पनि खास निर्णय हुन नसकेकाले

स्थिति वल्भिन पुग्यो। नौ कक्षाका ४ जना विद्यार्थीहरूलाई कायलनामा लेखाएर मात्र परीक्षामा सम्मिलित गराउने भन्ने शिक्षकहरूको निर्णय भयो। त्यस अनुसार सुरयजंग रायमाफी, ललित जंग रायमाफी र तीर्थप्रसाद आले विद्यालयले भने जस्तै कायलनामा लेखी परीक्षामा सम्मिलित भए। तर दिपंकर कसजूले "आफैले पिटाइ खाएर मैले शिक्षकलाई पिटेकोले अवदेखि त्यो गर्दिन, गल्ती भयो" भन्ने कायलनामामा सही नगरेकाले परीक्षा दिन पाएनन्। जिल्ला शिक्षा अधिकारीको कार्यालयबाट परीक्षामा सम्मिलित गराउनु भन्ने पत्र पठाउँदा पनि प्रिन्सीपलले वास्ता नगरेपछि शिक्षा शाखामा जिल्ला शिक्षा अधिकारी, नेपाल राष्ट्रिय शिक्षक संगठन र नेपाल शिक्षक संघका अध्यक्षहरू, अभिभावक तथा पाल्पा आवसीय माविका प्रिन्सिपल तथा अध्यक्षको संयुक्त वैठक वस्यो तर खास कुनै निर्णय हुन सकेन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना भएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै घटना भएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा सम्बन्धित निकायको प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित भएको देखिएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

०५१ साउन २१ गते चिढीपानी गाविस-२ मा विद्यालय जान लागेकी १२ वर्षीय श्यामकुमारी सारूको लुअम ११ को ट्याक्टरबाट खसी मृत्यु भयो। उक्त ट्याक्टरका चालक शम्भु नारायणराम चौधरीलाई लापर्वाहीपूर्ण तरिकाले सवारी चलाई दुर्घटना गराएको आरोपमा कारबाही चलाइएको छ।

खस्यौली गाविसको हार्थोक भन्ने ठाउँमा ०५१ असोज २२ गते ट्रक दुर्घटना भयो। गुल्मीबाट आएको लुअख १३८७ नं. को ट्रकमा गुल्मी जिल्ला जुनिया गाविस-५ का वर्ष १० का टुकबहादुर थापा र उनकी आमा पनि पाल्पा मिशन अस्पताल जान भनी चढेका थिए। त्यो दुर्घटनामा टुकबहादुर थापाको मृत्यु भयो।

मस्याम गाविस-४ कालिमाटीमा ०५१ असोज २३ गते नाअख ६८०७ नं. को मिनीवस दुर्घटना भयो। उक्त दुर्घटनामा जीवन खरेलको खुट्टा भाँचिएको थियो। त्यो दुर्घटनामा ११ जना विदेशी र ८ जना नेपाली घाइते भएका थिए।

०५१ कार्तिक २ गते दिउँसो २ बजे नायरनमतलेस गाविस-१ आरे भञ्ज्याङ्गमा लुअख १४५ नं. को वसले किचेर मित्रलाल डोटेलको तत्काल देहान्त भयो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

ठिमुरे गाविस-१ बुढीचौरका दानबहादुर दर्लामीको घरमा ०५० माघ २ गते आगलागी हुँदा खाद्यान्न र लत्ता कपडा डढेको थियो।

०५० फागुन ८ गते भन्डेखा गाविसका खेमबहादुर चौहानको घरमा आगलागी हुँदा ४ महीनाकी यमकुमारी चौहानको मृत्यो भयो। सो आगलागीबाट ५० हजार बराबरको क्षति पनि भएको थियो।

खालीवन गाविस-६ को भिरुवासमा ०५१ वैशाख ६ गते भीषण आगलागी हुँदा १५ वर्षीय मेनककुमारी रामजालीको मृत्यु भयो भने १८ वटा घर आगोले डढेर पूर्ण क्षतिग्रस्त भए। उक्त आगलागीमा ५० लाख बराबरको धनमालको नोक्सानी भएको थियो।

०५१ कार्तिक १८ गते दीपावलीको उपलक्ष्यमा वत्ती वाल्दा आगलागी भै सहलकोट गाविस-६ का खोमबहादुर अस्लामी र उनकी श्रीमतीको देहान्त भयो।

सिलुवा गाविस-४ वैद्धापमा विषाक्त खानाबाट भाडावान्ताको रोग लागी २१ जनाको मृत्यु भयो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

चिढोपानी गाविस-९ का भपेन्द्रराज काफ्लेले ०५० पौष २० गते बारीको डिलमा रहेको रूखको हाँगामा डोरीको पासो लगाएर आत्महत्या गरे।

तानसेन नपा-१२ धरमपानीका वीरबहादुर वि.क.ले ०५० माघ १५ गते आफ्नो बारीको खाल्लुको रूखमा नाम्लोको पासो लगाई आत्महत्या गरे।

पालुङ मैनादी गाविस-८ का २० वर्षीय पूर्णबहादुर बगालेले ०५० माघ २८ गते रूखमा पासो लगाई आत्महत्या गरे।

०५० फागुन २ गते तानसेन नपा-१० भुसालडाँडाका मानबहादुर रानाले आफ्नै घरको चर्पीमा कपडाको पासो लगाई आत्महत्या गरे। भनिन्छ उनको दिमाग विग्रेको थियो।

०५१ जेठ १ गते नायर नमतलेस गाविस घर भै आफ्नी ठूली आमाको घर चिढीपानी गाविस-६ वस्ने भगवती पन्थीले भोर्लाको रूखमा नाम्लाको पासो लगाई आत्महत्या गरिन्। आत्महत्या गर्नुको कारण अज्ञात नै रहेको छ।

कुसुमखोला गाविसका ५१ वर्षीय रामहरि ढकालले ०५१ जेठ ७ गते मेटासिड खाएर आत्महत्या गरे। पेट सम्बन्धी दीर्घ रोगले सताईरहेको र उपचार गर्दा पनि निको नभएकाले उनले आत्महत्या गरेका बताइन्छ।

चापपानी गाविस-४ का १२ वर्षीय रामबहादुर सिंजालीले ०५१ जेठ २२ गते आफ्नै घरमुनिको चिलाउनेको रूखको हाँगामा नाम्लोको पासो लगाई आत्महत्या गरे। मृतक रामबहादुरलाई सो दिन विहान उनकी आमाले सोत्तर लिन जान कर गरेकी थिइन्।

०५१ असार २४ गते अर्गली गाविस-२ की १८ वर्षीय लक्ष्मी पाण्डे र वर्ष १७ की कमला पाण्डेले मेटासिड खाई आत्महत्या गरे। उनीहरूले कक्षा १० को अर्धवार्षिक परीक्षामा फेल भएका कारण आत्महत्या गरेको बताइन्छ।

खालीवन गाविस-६ की धनीमाया नामजालीले ०५१ भदौ १८ गते आत्महत्या गरिन्। उनी आफ्नो माइतीको वारीको वर्राको रूखमा पटुकाको पासो लगाएर झुण्डिएकी थिइन्।

०५१ भदौ १८ गते आफ्नै घरमा आफ्नी १० वर्षकी बैनी मीनाकुमारी कार्कीलाई बलात्कार गरी डोरीले घाँटीमा कसेर हत्या गरेपछि कुलबहादुर कार्की फरार भएको चर्चा थियो। घरको आसपास र जंगलमा खोज्दा फेला पार्न सकिएको थिएन। असोज ११ गते दाउरा खोज्न गएका गाउँलेहरूले चिलाउनेको रूखमा नाम्लो झुण्डिएको र भुईंमा हाडखोर देखेपछि खोजतलास शुरू भयो। निजका बाबु लेखबहादुरले कमिज र चप्पल आफ्नो छोराको हो भन्ने सनाखत गरेपछि जिल्ला प्रहरी कार्यालय पाल्पाले कुलबहादुर कार्कीले ०५१ भदौ १८ गते नै आत्महत्या गरेको ठहर गरेको छ।

सोमादी गाविस-८ का डम्वरबहादुर दर्जीकी २० वर्षकी छोरी राधिका दर्जी ०५१ भदौ २८ गते आफ्नै गोठमा नाम्लाको पासो लगाएर झुण्डिएको अवस्थामा फेला परिन्। उनको पेटमा गर्भ भएको तर विवाह नभएको हुनाले कर्तव्य गरी हत्या गरिएको हो कि भनी जिल्ला प्रहरी कार्यालय, पाल्पाबाट अनुसन्धान भैरहेको छ। तर केही कुरा पत्ता लाग्न सकेको छैन।

तानसेन नपा-१२ सालघारी बस्ने लेखबहादुर कार्कीका छोरा वर्ष २६ का कुलबहादुर कार्कीले तेल्घा गाविस-९ मा पर्ने वेलाउते चौरको सालघारी भन्ने जंगलमा रूखमा नाम्लाको पासो लगाएर आत्महत्या गरेको कुरा ०५१ असोज ११ गते थाहा भयो।

०५१ असोज १५ गते रामपुर गाविस-९ गोतैमेकी १७ वर्षीय डुमकुमारी थापा आफ्नै वारीको पाकरीको बोटमा नाम्लाको पासो लगाएर झुण्डिएर मरिन्।

०५१ असोज २८ गते भुवन पोखरी गाविस-६ की शकुन्तला श्रेष्ठले आफ्नै खोरीयाको सल्लाको रूखको हाँगामा झुण्डिएर आत्महत्या गरिन्।

देउराली गाविस-४ डम्मकका ५० वर्षका ठाकुरप्रसाद ढकालले ०५१ कार्तिक ९ गते राती १२ बजे आफ्नै वारीको फोस्राको रूखमा नाम्लाको पासो लगाएर आत्महत्या गरे।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# लुम्बिनी

# ३.१० कपिलवस्तु

जनसंख्या : ३७१७७८

साक्षरता : २३.३ प्रतिशत

महिला साक्षरता : २६.० प्रतिशत

क्षेत्रफल : १७३८ वर्ग कि.मी.

कपिलवस्तु जिल्लाको पूर्वमा रूपन्देही, पश्चिममा दाङ र भारतको गोण्डा, उत्तरमा अर्घाखाँची तथा दक्षिणमा भारतको सिद्धार्थनगर पर्दछन्। गौतम बुद्धका पिता राजा शुद्धोधनको राजधानी तिलौराकोट र शाक्य वंशीय स्तुपहरू भएका निग्लिहवा, कदान, गोटीहवा, सगरहवा आदि स्थानहरू यस जिल्लाका ऐतिहासिक र धार्मिक महत्वका स्थान मानिन्छन्। भारतसँगको खुल्ला सीमानाका कारण भारतीय अपराधीहरू निर्वाध अवात जावत गर्न सक्ने भएकाले यहाँको जनजीवन अस्तव्यस्त देखिन्छ। यस जिल्लामा मानवअधिकार उल्लंघन गरिएका थुप्रै घटना पाइएका छन्। मोहीहरूमाथि जमीन्दारी शोषणका घटनाहरू पनि यहाँ प्रशस्तै हुने गरेका छन्।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

यो वर्ष कपिलवस्तुमा कतै गोली चलेन तर व्यक्तिगत रीसइवीका कारण एउटा विभत्स घटना भेटिएको छ।

बहादुरगञ्ज-८ स्थित आफन्त रामवरण कुर्मीको घरमा सुतिरहेका सिद्धार्थनगर, भारतका श्री गिरीशचन्द्र कुर्मीलाई ०५१ जेठ २ गते ६/७ जना अज्ञात डाँकाहरूले धारिलो हतियार प्रहार गरी हत्या गरे। मृतककी पत्नी तारामती कुर्मी तथा अन्य एक व्यक्ति राजेन्द्र कुर्मी पनि उक्त आक्रमणबाट घाइते भए।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | १ | - |
| बलात्कृत | - | ३ | ५ |
| आत्महत्या | - | - | २ |

पत्थरदेश्या, देउपुराकी श्रीमती नीलमाया नेउपानेलाई आफ्नो ज्वाईं कैयुम मुसलमानले ०५१ साउन २३ गते धारिलो हतियारले जिब्रो चिरी कञ्चटमा हतियार प्रहार गरेर घाइते बनाएपछि उनको मृत्यु भयो। नीलमायाले आफ्नी छोरीलाई भारतलगी बेचेको भनी उजूरी दिएको आधारमा प्रहरी हिरासतमा बन्दी रहेका कैयुम मुसलमान प्रहरी हिरासतबाट हत्कडी सहित भागी सासूसमक्ष पुगेका थिए।

### १.२ जेल र बन्दीहरू

करीव ६० वर्ष पुरानो भत्कनै लागेको यहाँको जेलको क्षमता १ सय जनाको छ। यहाँ हाल ४४ जना आरोपित र २६ बन्दी गरी जम्मा ७० जना छन्। जसमा नेकपा एमालेसँग सम्बद्ध वालकृष्ण पौडेल ०४४ चैत २ गतेदेखि राजनीतिक बन्दीको रूपमा छन्। खेलकुद र सञ्चारको कुनै पनि व्यवस्था नभएको सो जेलमा रोगीहरूको उपचारको व्यवस्था पनि सन्तोषजनक छैन। कोठाभित्रै दिसा-पिसाव गर्ने प्रचलन भएकाले जेलको वातवरण अति दुर्गन्धित छ।

### १.३ गिरफ्तारी र यातना

यो वर्ष यहाँ राजनीतिक तथा अन्य दुवै कारणबाट प्रशस्त गिरफ्तारीका घटनाहरू भएका देखिन्छन्।

रंगपुर-७ का महारूनतिशा मालिकलाई प्रहरीले ०५० पुस १९ का दिन घर खानतलासी गरी एउटा अवैध कट्टा बन्दुक नाल र बन्दूकको १२ वोरको ७ कार्तुससहित पक्राउ गऱ्यो।

कपिलवस्तु नपाका प्रेममोहन सिंहलाई ०५१ साउन ८ का दिन प्रहरी जासूससँग सामान्य मनाभन भएको कारण बिनापूर्जी थुनामा राखियो ।

जयनगर, पुरेनाका नेकपा मसालका जिल्ला प्रवक्ता श्री इन्द्रमणि पौडेललाई गिरिजा सरकारको खारेजी र

सर्वदलीय सरकारको गठनका निम्ति आव्हान गरिएको ०५१ साउन ९ को नेपाल वन्दको सिलसिलामा स्थानीय चौकीका प्रहरीले विनापूर्जी गिरफ्तार गरी दिनभर चौकीमा थुनी साँझ ५ वजेतिर छाडिदिए।

वाणगङ्ग-८ का स्वतन्त्र वाम कार्यकर्ता मेघराज ज्ञवालीलाई गिरिजा सरकारको खारेजी र सर्वदलीय सरकारको गठनका निम्ति चलाइएको आन्दोलनको सिलसिलामा ०५१ साउन ९ को नेपाल वन्दको कार्यक्रमका दिन शान्ति सुरक्षाको पूर्जी दिई जिप्रकाबाट गिरफ्तार गरियो र सोही दिन साँझ ६ बजे अन्य आन्दोलनकारीहरूसँगै रिहाई गरियो।

कपिलवस्तु नपा गाँडी चौकबाट गिरिजा सरकारको खारेजी र सर्वदलीय सरकारको गठनका निम्ति आव्हान गरिएको सडक आन्दोलनका सिलसिलामा ०५१ साउन ९ का दिन नेकपा (एमाले) का वेदुराम भुसाल, नेकपा (मसाल) का दधिराम आचार्य लगायत अन्य ७ जनालाई विना पूर्जी जिल्ला प्रशासन कार्यालय, कपिलवस्तुका प्रमुख जिल्ला अधिकारीको निर्देशनमा गिरफ्तार गरियो र सोही दिन साँझ ६ बजे सवैको रिहाई भयो।

वीरपुर, चनरौटा बजारबाट गिरिजा सरकारको खारेजी र सर्वदलीय सरकारको गठनको निम्त सञ्चातिल आन्दोलनका सिलसिलामा ०५१ साउन ९ का दिन विभिन्न राजनीतिक पार्टीसंग सम्बद्ध नेत्रराज अधिकारी, चन्द्रबहादुर चन्द र भेषराज भुसाललाई स्थानीय चौकीका प्रहरीबाट विना पूर्जी गिरफ्तार गरी दिनभर स्थानीय चौकीमा थुनियो।

कपिलवस्तु, तौलिहवाका प्रहरी ज्यादतीको मारले पीडित बासिन्दाहरूले ०५१ साउन २६ गते राती प्रहरी असई द्वय पुस्पेन्द्र कोइराला र लक्ष्मण केसीलाई मरणासन्न हुनेगरी पिटे। आफ्नो सर्ट भूईंमा राखी पान खान उभिएका स्थानीय एक बासिन्दालाई सर्ट उठाउने आदेश दिई रक्सीले मातेका असई द्वयले अभद्र व्यवहार प्रदर्शन गर्न लागेपछि प्रहरीदेखि क्रुद्ध जमातले तिनलाई पिटेका हुन्।

०५१ भदौं १४ गते त्रिवेणी नाकाबाट जवर्जस्ती नेपाल पस्न खोज्ने सशस्त्र भारतीय प्रहरी डफ्फालाई रोकेपछि भारतीय प्रहरीहरूले गरेको नाकाबन्दीको कारण त्रिवेणी-६ रानी नगरको १५ वर्षीय होमबहादुर खड्काको उपचार गर्न नपाई मृत्यु भयो। भारतीय प्रहरीहरूले वाल्मीकी नगरमा नेपालीहरूलाई सताउँदै लूट मच्चाएका थुप्रै घटनाहरू भएका थिए ।

### १.४ वेपत्ता पारिएको

जयनगर-९ की श्रीमती लक्ष्मी थरुनीलाई महाराजगञ्ज-१ का दीर्घनारायण पाण्डेले ०५० फागुन २५ का दिन उनका पति नीरवहादुर थारूले विडी-चुरोट खाएको पैसा नतिरेको निहुँमा बाटोमा हिडिरहेको बेला अपहरण गरी बेपत्ता पारे। प्रजिअ कहाँ सोको उजुरी सुनवाइ नभएपछि पीडितका ससुरा जीतवीर थारूले मानवअधिकार संरक्षण मञ्च कपिलवस्तुमा निवेदन दिए। सो मञ्चका सचिव नारायण पौडेलले पुनरावेदन अदालतमा रिट निवेदन दिएपछि डराएर अपहरणकारीले लक्ष्मीलाई छाडिदिए।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यस सम्बन्धी उल्लेखनीय जानकारी प्राप्त भएन।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

कोपवा, वनकसियाका नेकपा (मसाल) संग सम्बद्ध रामप्रसाद न्यौपाने लगायत अन्य ९ जनालाई ०५० माघ २० गतेका दिन तिलौराकोटमा चतुर्थ वौद्ध सम्मेलनको उद्घाटन गर्न आउनु भएका प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालासंग सम्बद्ध व्यक्तिहरूले हमला गरी लखेटे।

गिरिजा सरकारको खारेजी र सर्वदलीय सरकारको गठनका निम्ति चलाइएको आन्दोलनको सिलसिलामा ०५१ भदौ ३ का दिन नेकपा (एमाले) का जिल्ला सचिव वेदुराम भुसाल, उपसचिव लक्ष्मण पोखेल लगायत अन्य ७० जना कार्यकर्ताहरूले जिल्ला प्रशासन कार्यालय घेराउ गरिरहेको बेला जिल्ला प्रहरी कार्यालय, तौलिहवाका डि.एस.पी. ज्ञानोदराज वैद्यको आदेश अनुसार लाठी चार्ज भयो।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धर्मकै कारणबाट कुनै घटना भएको पाइएन।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

वाणगंगा-१ का संजमोसंग सम्बद्ध डोलबहादुर थापा, उमाकान्त खनाल र यमा बञ्जाडेलाई ०५१ जेठ २० का दिन भारतीय प्रहरी हस्तक्षेपको विरुद्ध संजमोले आव्हान गरेको आन्दोलनको सिलसिलामा प्रजिअ वैद्यनाथ मल्लिक र डिएसपी ज्ञानोदराज वैद्यको निर्देशनमा अभद्र व्यवहार गरियो। आन्दोलनकारीहरूले वोकेका झण्डा तथा व्यानरहरू खोसिए। निजहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाइएको छ।

गणेहडा-१ मुंगाका काशिराम पौडेललाई ०५१ कार्तिक २९ गते गणेहडा गाविसको मतदान केन्द्र वाणगंगा माविको प्राङ्गणमा मतदान भइरहेको वेला स्वस्तिक छापमा स्वस्तिक चिन्ह नभएको कुरा उठाई मतदान कार्य स्थगित गर्न आवाज उठाएकोमा ०५१ मंसीर २ मा सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाई ५ दिन थुनामा राखियो। पौडेल १ हजार धरौटी राखी तारेखमा छुटेका छन्। सोही घटनामा जंगबहादुर क्षेत्री लगायतका अन्य ३ जना तारेखमा छन्।

मोतीपुर गाविसका मुन्न घिमिरे, जयलाल गिरी लगायत अन्य ९ जनालाई ०५१ कार्तिक २९ को निर्वाचनमा भएको धाँधलीको कुरा उठाएका कारण प्रहरीको घुम्ती टोलीले

गिरफ्तार गरी २ दिनसम्म वेपत्ता पारी राख्यो। झगडा भई मतदान स्थगित भएको ठाउँ जनज्योति मा.वि. मोतीपुरको पुन मतदान ०५१ मंसीर १ मा सम्पन्न भयो। त्यसको ३ दिनपछि उनीहरूलाई सार्वजनिक अपराधको मुद्दा लगाई ७ दिनसम्म थुनामा राखेपछि निजहरू मध्ये १६ वर्ष मुनिकालाई ५ सय र अरूलाई १ हजारका दरले धरौटी राख्न लगाई तारिखमा छोडिएको छ।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धमा कुनै उल्लेख्य घटना भएको पाइएन।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटना पनि सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

पकडी-२ का छविलाल विश्वकर्माले ०३२ साल देखि भोग गर्दै आएको र ०४१ मा मोही प्रमाण-पत्र समेत लिएको सोही गाविसका अध्यक्ष तथा नेपाल सद्भावना पार्टीका जिल्ला स्तरीय कार्यकर्ता दानबहादुर कुर्मीको जग्गामा निज जग्गाधनीले कौलेश्वर यादव, दयाराम वढई र सुखु चमारलाई जोतभोग गर्न लगाई छविलाललाई उनको हकबाट बञ्चित गर्ने काम गरेका छन्। आफ्नो मोहियानी हकको अपहरण भएपछि पीडित छविलालले भूमिसुधार कार्यालयमा उजुरी दिएका छन् तर सोको सुनुवाई भएको छैन।

बलुहवा-५ का मोही मदही चमारलाई सोही गाविसका जमीन्दार हरिप्रसाद उपाध्यायले दशौं वर्षदेखि जग्गा जोतभोग गरी आर्जन गरेको मोहियानी हकबाट निष्काशन गर्न जिल्ला अदालतमा मुद्दा दिएका छन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

महेन्द्रकोट-८ की ७ वर्षीय वालिकालाई सोही गाविसका वर्ष १६ का इशुप मुसलमानले ०५० माघ २६ गते मट्टीतेल किन्न दोकानमा गइरहेको वेला २ रूपियाँको नोट दिन्छु भनी आफ्नो घरको एक कोठामा लगी बलात्कार गरे। हाल पीडक इशुप थुनामा छन्।

अजमेर, गुल्मीकी १२ वर्षीय वालिकालाई मोनिपर-१ बस्ने वर्ष ५५ का हुमलाल अधिकारीले ०५१ असार १२ गते कोकाकोला खान भनी आफ्नो घरमा बोलाएर बलात्कार गरे। पीडकमाथि जवर्जस्ती करणी मुद्दा दिइएको छ तर उनी हाल फरार छन्।

महाराजगञ्ज गाविसको गैडहवा भन्ने गाउँ नजिक साँझपख सडकमा पिसाव गरिरहेका एक १२ वर्षीय बालिकालाई अज्ञात व्यक्तिले बलात्कार गरिरहेको देखी अर्की १८ वर्षीय युवती घटनास्थलमा पुग्दा उनलाई पनि उक्त व्यक्तिले बलात्कार गरी फरार भएको बताइन्छ।

शिवगडी-२ निवासी ३२ वर्षीय एक महिलालाई ०५१ मंसीर १३ गते एक अज्ञात भारतीयले घाँस-दाउरा गर्दै गरेको अवस्थामा बलात्कार गरी उनले लगाएका गरगहना, घडी र घाँस-दाउरा गर्न ल्याएका सामानहरू समेत लुट्यो। अभियुक्त भाग्दै गर्दा गाउँलेहरूको सहयोगमा प्रहरीले पक्राउ गरे ।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी कुनै घटना देखा परेनन्।

### ४.३ गर्भपतन

गर्भपतनका घटनाहरू प्रकाशमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका वहुसंख्यक वालवालिकाहरू विद्यालय जानबाट बञ्चित छन्। उनीहरूलाई सानैदेखि घरायसी काममा लगाइन्छ। सामान्य घटनामा उनीहरूलाई मरणासन्न हुने गरी वावुआमाले नै कुटपिट गर्ने प्रचलन पनि यहाँ छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा उल्लेखनीय घटना प्राप्त हुन सकेन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कसैको प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित / प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुवेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू पनि यो वर्ष देखा परेनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कोही घाइते हुने र कसैको मृत्यु हुने घटना भएन।

### ९.४ आत्महत्या

कपिलवस्तु नपा-११ का पप्पु मिश्रले ०५० चैत २९ गते कीटनाशक औषधी सेवन गरी आत्महत्या गरे। पीडितले बाबुको १ सय रुपैयाँ चोरेकोमा बाबु देवेन्द्र मिश्रले गाली गरी पिटेका थिए ।

कपिलवस्तु-४ की मानसिक स्थिति ठीक नभएकी ४० वर्षीय तारा कार्कीले इनारमा हाम फालेर आत्महत्या गरेको थाहा भएको छ।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

१६ वटा डकैती, एउटा हत्या र धेरै अवैध हातहतियारको कारोवर गरिसकेको अपराधी असगर अली मुसलमानलाई ०५१ साउन १६ का दिन शिवनगर ठेकहरीबाट गिरफ्तार गरिएको छ। ९ महिनादेखि प्रहरीले दुई जना हवल्दारलाई सादा पोशाकमा उनको पछि लगाएर गिरफ्तार गरेको हो।

सिसवा, औरहवा निवासी शाद अहमद, मोहमद जफार, अव्दूर रहमान लगायत अन्य ९ जना व्यक्तिहरू ०५० चैत १ गते सोही गाउँमा दुई जमीन्दार दाजुभाइ खालिद अहमद र समीम अहमदकोघरायसी झगडाको शिकार भएका छन्। दुई खेमामा विभाजित यी गाउँलेहरू हाल विविध मुद्दा खेपिरहेका छन्।

सिसवा गाविसको स्थानीय मस्जिदमा ०५० चैत १ गते इद गांहका लागि प्रार्थना गर्न भेला भएका जमीन्दार र मोहीवीच जमीन्दार पक्षका मान्छेले आसामी पक्ष बसेको तन्ना जवर्जस्ती उठाई लगेपछि दुवै पक्षवीच भनाभन हुँदा ठूलो झगडा भयो। जमीन्दार पक्षका नाइके खालिद अहमदका मान्छेहरूले भाला, तलवार, लाठी ढुंगा र पेस्तोल समेत चलाए। सो घटनामा ५ जनाको टाउको फुट्यो, १ जनाको हात भाँचियो, १ जना उठ्नै नसक्ने गरी पिटिए र अन्य ७ जना घाइते भएका थिए। दोश्रो दिन जमीन्दार पक्षका मान्छेहरूले आसामी पक्षका सरजवन अहमदको घरमा कोही नभएको मौका छोपी २५ हजार बराबरको सामान चोरी गरी भागे। तर प्रहरीले आपराधीहरूको घर छापामार्दा लुटिएका सामानहरू भेटियो। ३ गते जमीन्दार पक्षले आसामीहरूका ४४ वटा फुसका घरहरू आगो सल्काई खरानी बनाइदिए।

४ गते जमीन्दार पक्षकै मानिसहरूले हातेबम फ्याँकी आसामी पक्षका १० वर्षीय अर्जारमती, ६ वर्षीय मुस्तार अहमद र ४ वर्षीय तुफेल अहमदलाई सख्त घायल बनाए।

०५१ भदौ ५ गते कृष्णनगरबाट नेपाल भित्राइएको भारतीय नम्वर प्लेट यु.पि.क्यू. १९३९ जीपका चालक कल्लु मिया बर्दईलाई नाइलनको डोरीले घाँटीमा कसेर मारिएपछि कृष्णनगरका जगदम्बालाल श्रीवास्तवलाई हत्या र गाडी चोरीको अवैध व्यापारमा संलग्न रहेको आरोपमा कपिलवस्तु कृष्णनगर प्रहरीले पक्राउ गरेको छ। हत्यामा संलग्न गफ्फर मियाँ हालसम्म फरार छन्। जगदम्वा र गफ्फारसँग हालसम्म ४० वटा चोरीका भारतीय गाडीहरू विक्रीका लागि विभिन्न ठाउँमा राखिएको अनुमान छ।

अजेहाडा-५ बस्ने ३२ वर्षीय श्रीमती जानकी थारूलाई ०५१ मंसीर १४ गते हर्थोसा ९ वस्ने धनबहादुर थापा मगरको घरमा चोरी गरेपछि प्रहरीले पक्राउ गरेको छ। उनी यसभन्दा पूर्व पनि ज्यान मुद्दामा पाल्पामा थुनामा परेकी थिइन्। ■



# ३. पश्चिमाञ्चल

# लुम्बिनी

# ३.११ अर्घाखाँची

जनसंख्या : १८०८८४
साक्षरता : ४३.० प्रतिशत
महिला साक्षरता : २९.५ प्रतिशत
क्षेत्रफल : ११९३ वर्ग कि.मी.

लुम्बिनी अञ्चलको विकट पहाडी भूभाग ओगटेको अर्घाखाँची जिल्ला राजनैतिक रूपले सचेत मानिन्छ तर आर्थिक दृष्टिकोणले भने निकै पछाडि परेको छ। यस जिल्लाको उत्तरमा गुल्मी, दक्षिणमा कपिलवस्तु, पूर्वमा पाल्पा तथा गुल्मी र पश्चिममा प्यूठान जिल्ला पर्दछ। कृषि नै मूल पेशाको रूपमा रहेको अर्घाखाँची जिल्लाका बहुसंख्यक वासिन्दाहरू गरीवी, अशिक्षा र अज्ञानतामा रहन बाध्य छन्। यस जिल्लामा यिनै विवशताका कारणले गर्दा मानवअधिकार हननका थुप्रै घटनाहरू घटेका छन्।

**१. सम्मानित रूपले बाँच्न पाउने अधिकार**

**१.१ हत्या/गोली**

हंसपुर गाविस-४ का छविलाल घर्तिमगरलाई सोही ठाउँका धनबहादुर गुरूङ र मनबहादुर पुन मगरले ०५१ जेठ २७ गते चिरपट दाउराले टाउकोमा हानी घाइते पारेका थिए। औंलामा लगाएको सुनको औंठी लुट्ने अभिप्रायले यो हमला गरिएको थियो। पीडक बेहोस भएपछि औंठी लिई हिडेका अभियुक्तहरूलाई गाउँलेहरूको उजुरी अनुसार पक्राउ गर्दा निजहरूबाट दसी स्वरूप औंठी फेला पर्‍यो। घाइते छविलाल मगरको जिल्ला अस्पतालमा औषधोपचार गर्दा गर्दै ०५१ असार १ गते मृत्यु भयो। अभियुक्तहरूलाई कानूनी कारवाही गरी जेल चलान गरियो।

डिभर्ना गाविस-४ की सुमित्रा विश्वकर्माले ०५१ साउन ३० गते आफ्नै ११ वर्षीय छोरी गीता विश्वकर्माको हँसियाले घाँटी काटी हत्या गरिन्। मानसिक सन्तुलन ठीक नभएकी पीडकले लाशलाई अँगेनाको डीलोमा राखी कुरेर बसिरहेकी थिइन्। सो कुरा थाहा पाई पीडकका बाबु काशीराम सुनार आइ बच्ची मरेको थाहा पाएर जिल्ला प्रहरी कार्यलयमा उजुर गरे। प्रहरीले पीडकलाई बन्दी बनाई अनुसन्धानको कार्य गरिरहेको छ।

**१.२ जेल र बन्दीहरू**

अर्घाखाँची जिल्लामा कारागार छैन। यहाँका बन्दीहरूलाई गुल्मीको कारागारमा राख्ने गरिएको छ।

**१.३ गिरफ्तारी र यातना**

पाली गाविस-५ स्थित अस्थायी चौकीका सइ भीमबहादुर मल्ल लगायतका प्रहरीहरूले ०५० चैत ३० गते दरबार देवीस्थान गाविस-१ का भरत थापालाई विना पूर्जी पक्राउ गरे। पक्राउ गरी ल्याउने क्रममा पिट्दै चुट्दै ल्याएको र थानामा ल्याई लठ्ठीले पिट्ने र बन्चरो उज्याई शरीरका विभिन्न भागमा काटी दिने जस्ता अमानवीय यातना दिइएको थियो। प्रहरीले पीडितलाई प्रहरीहरूमाथि हातपात गरेको आरोप लगाएको थियो।

सीमलपानी गाविस स्थित प्रभाकर माध्यमिक विद्यालयका शिक्षक चन्द्रबहादुर क्षेत्रीलाई ०५१ जेठ २ गते विद्यालयबाट बाहिर निकाली नजिकैको रूखमा बाँधेर कालो मोसो दली चोलीदेवी विसी लगायतका महिलाहरूले सजाय गरे। यसरी सार्वजनिक बेइज्जत गर्नुको कारण स्कूल तोडफोड गर्ने विद्यार्थीहरूलाई शिक्षक क्षेत्रीले ०५१ वैशाख ५ गते सार्वजनिक अपराध ऐन अनुसार कारवाही चलाई पक्राउ गराएकाले अभिभावकहरू आक्रोशित भएका थिए। यस कालो मोसोको काण्डमा असंलग्न रहेका गाविस अध्यक्ष लोकनाथ खनाल लगायतका ४ जना र संलग्न चोलीदेवी लगायतका ५

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | ४ | ४ |
| बलात्कृत | २ | - | - |
| आत्महत्या | - | १ | २ |



घाइते टानप्रसाद खनाल

जनालाई शिक्षक चन्द्रबहादुर क्षेत्रीले सार्वजनिक अपराध ऐन अनुसार कारवाही गर्न प्रहरीमा जाहेरी दर्खास्त गरे। यसपछि प्रहरीहरूको ६/७ जनाको गस्ती गाउँगाउँ गई एमाले समर्थकहरूको घरमा आतंक मच्चाउँदै धम्की दिने गरियो। नेपाली कांग्रेसको दवावमा प्रधानाध्यापक कृष्णप्रसाद घिमिरेलाई जिल्ला शिक्षा शाखाले अवकाश दिई कांग्रेस पक्षकै शिक्षक नरेन्द्रलाई प्रधानाध्यापक बनाइयो। यस घटनामा थुप्रै जनप्रतिनिधिहरूलाई समेत प्रहरी प्रशासनले मुद्दा लगाई दुःख दिने र सताउने काम गरेको थियो।

सन्धिखर्क गाविसका विमल भुसाललाई ०५१ असार १२ गते असई दलबहादुर श्रेष्ठलाई पिटेको अभियोगमा पक्राउ गरियो। जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर कृष्णबहादुर घर्ति मगरले दुवै पक्षलाई बयान लिई भोलिपल्ट मेलमिलाप गराई छाडिदिएका थिए।

वाङला गाविस-३ का शेखर केसी भन्नेको घरमा खाना खाई बसेका प्रहरी हवल्दार, जवान, मालपोत कार्यालयका खरिदार र नापी शाखाका अमीनमाथि टोलीमा नै गएका सइ रामकुमार थापाले ०५१ असार १२ गते पिस्तोल झिकी गोली चलाए। रक्सीले मातेका असइले हानेको गोली कसैलाई नलागी घरको भित्तामा लागेपछि उपस्थित व्यक्तिहरूको भागाभाग भएको थियो। नजिकै रहेका प्रहरी जवानले पिस्तोल खोसी असईलाई त्यही कोठामा थुनी जिल्ला प्रहरी कार्यालयमा खवर गरेका थिए। त्यहाँ थप प्रहरीहरू गई अभियुक्तलाई पक्राउ गरी आन्तरिक कारवाही चलाइएको थियो।

धनचौर गाविस-३ का रामसिंह भट्टराईलाई ०५१ साउन ४ गते खुवीराम बंजाडेलाई हातपात गरेको आरोपमा पक्राउ गरियो। आफूलाई हातपात गरेको भन्ने मुद्दा दायर गर्ने खुवीराम बन्जाडे लगायतका नेपाली कांग्रेसका कार्यकर्ताले ०५१ असार २ गते सुबबहादुर समालको जन्तीलाई नै घेरा हाली आक्रमण गर्ने योजना गरेका थिए। सो दिन उपस्थित व्यक्तिहरूले आपसी छलफलद्वारा आक्रमण हुनबाट जोगाएका थिए। त्यसको दुई दिनपछि अज्ञात व्यक्तिले पीडक बंजाडेलाई दुई चार थप्पड हानेकोमा रामसिंहले पिट्यो भनी सार्वजनिक अपराधको मुद्दा दर्ता गराएकाले प्रमुख जिल्ला अधिकारीले कानूनी कारवाही चलाएका थिए।

वाङ्ला गाविस-१ का अब्बास मियाँलाई ०५१ मंसीर २१ गते हातपात गरेको आरोपमा सोही ठाउँका खैरे मियाँ, मक्बुल मिया र जुलकरिम मियालाई पक्राउ गरियो। सार्वजनिक अपराध ऐन अन्तर्गत पक्राउ परेका पीडितहरूले आफूहरूलाई दुःख दिने नियत राखी झूठा मुद्दा बनाई कारवाही भएको बताएका छन्।

भगवती गाविस-७ का अनन्त पाण्डेलाई ०५१ साउन ७ गते दमै खेतमा सोही गाविस-६ का भोलानाथ पाण्डेले कुटपिट गरे। कुटपिटको कारण राजनैतिक पूर्वाग्रह देखिन्छ।

०५१ साउन २७ गते राती करीव ९ वजे अर्घाखाँची जिल्लाको सदरमुकाम सन्धिखर्क स्थित माछापुछ्रे होटलमा सुतिरहेको अवस्थामा ताइक्वाण्डो प्रशिक्षक जगबहादुर नेपाली, चिरन थापा, नरेन्द्र केसीलाई गिरफ्तार गरेर जिल्ला प्रहरी कार्यालयको चौरमा लगी राइफल तेर्साइ १५/२० जना प्रहरीहरूले सामूहिक रूपले कुटपिट गरे। उनी विगत १ महिना देखि तुल्सीपुर दाङदेखि सन्धिखर्क आई जिल्ला प्रशासन कार्यालय अर्घाखाँचीको अनुमति लिई युवाहरूलाई ताइक्वाण्डो सिकाई रहेका थिए। ताइक्वाण्डो सिकिरहेका युवाहरूसंग प्रहरी हवल्दारले तिमीहरूको प्रशिक्षकलाई मैले ठिक गर्न, मार्न सक्छु भनेका थिए। प्रहरी हवल्दारको उपरोक्त धम्की सुनेपछि जगबहादुर नेपालीले अर्को दिन सोही हवल्दारलाई भेटी किन त्यस्तो कुरो गरेको भनी सोधे। हवल्दारले आफूले नभनेको तर लड्न चाहे लड्ने चुनौती दिए। जगबहादुर नेपालीले भरसक नलडौ, लड्ने नै चाहना हो भने डीएसपी र सीडिओलाई रोहवर राखी लडौला भनी हिडे। हवल्दारले जगबहादुर नेपालीको उपरोक्त भनाईलाई प्रहरी नायव उपरीक्षक र अन्य प्रहरीहरूसंग जगबहादुर नेपालीले कुटपिट गर्ने धम्की दिएको भनेर उजुर गरे। २७ गते साँझ जगबहादुर नेपाली बसेको माछापुछ्रे होटलमा आई विना पूर्जी जगबहादुर नेपाली, चिरन थापा र नरेन्द्र केसीलाई पक्राउ गरी जिल्ला प्रहरी कार्यालयको गेट भित्र लग्ने वित्तिकै राइफल छातिमा तेर्साएर अरू प्रहरीहरू समेत आई सामूहिक रूपले कुटपिट गरे। जगबहादुर नेपाली सख्त घाइते भए। राती करीव १२ बजे तिर छाया मेडिकल हलका चिकित्सक दलबहादुर थापा कहाँ लगी ४ ओटा टाँका लगाई पुनः थुनियो। अर्को दिन डीएसपीले जगबहादुर नेपाली लगायतलाई अफिसमा बोलाई अर्घाखाँचीको नेटो कटाउने, लाइसन्स खोस्ने भनेर धम्क्याए। त्यसपछि पाणीनी क्याम्पस स्ववियू सभापति रामबहादुर चौहान गई त्यस कुराको प्रतिवाद गरी छुटाएर ल्याएका थिए। स्थानीय नारायण रायमाझीलाई सोही केशकै सन्दर्भमा अन्य स्थानबाट पक्राउ गरी पिटिएको थियो।

अर्घा गाविस-४ का देवीबहादुर रायमाझी भन्ने व्यक्तिको पसलमा वागी-१ का चन्द्रबहादुर खड्काले सोही ठाउँका धनबहादुर खत्रीसंग ०५१ भदौ ८ गते कठालो समातेको निहुँमा कुटपिट गरे। शान्ति प्राथमिक विद्यालयको लागि टिनको माग गरिरहेका पीडित धनबहादुर खत्रीले रक्सी

पिएका थिए र उनी अली बढी उत्तेजनामा आएका थिए। जथाभावी मुख छोडेको भनी चन्द्रबहादुर खड्काले पिट्दा मुखमा चोट लागी घाइते भए।

खनदह गाविस-७ का एमाले कार्यकर्ताहरू टानप्रसाद खनाल, लुमाकान्त खनाल र गुनबहादुर विकलाई ०५१ भदौ २३ गते नेपाली कांग्रेसका कार्यकर्ता टेकबहादुर पोखरेल, विजय पोखरेल र फविन्द पोखरेलले विरोधी राजनीतिका कारण कुटपिट गरी घाइते बनाएका थिए। उक्त दिन तीजको गीत गाइरहेका महिला कार्यकर्ताहरूलाई कांग्रेसका कार्यकर्ताहरूले जिस्क्याउने र गीत गाउन अवरोध खडा गर्ने गरेपछि एमाले युवाहरूले त्यसो नगर्न अनुरोध गर्दा कांग्रेस पक्षले कुटेको थियो। यो कुटपिटका सम्बन्धमा पीडित पक्षका तर्फबाट टानप्रसाद खनालले कानूनी उपचारार्थ ०५१ असोज १९ गते जिल्ला अदालत अर्घाखाँचीमा कुटपिट मुद्दा दर्ता गराएका थिए।

अड्गुरी गाविस-५ का फविन्द्रबहादुर टण्डन, केशबहादुर राउल र सूर्यबहादुर राउललाई ०५१ असोज २८ गते सोही ठाउँका विष्णुबहादुर थापा लगायतको समूहले सांघातिक हमला गरी घाइते तुल्याए। सो सम्बन्धमा फविन्द्रकी पत्नीले जाहेरी दरखास्त ०५१ कार्तिक ३ गते डिएसपी कार्यालयमा दर्ता गरे अनुसार पीडकहरूलाई पक्राउ गरी कानूनी कारवाही चलाइएको छ।

सन्धिखर्क गाविस-६ का गुणनिधि भुसालको घर स्थित एमाले जिल्ला पार्टी कार्यालयमा वसेका एमाले कार्यकर्ताहरू खुवीराम आचार्य लगायतका ४ जनालाई ०५१ मंसीर ३ गते निस्केको नेपाली कांग्रेसको विजय जुलुसले आक्रमण गरी कुटपिट गऱ्यो। अमर्यादित र अशिष्ट नारा लगाई रहेको कांग्रेसको जुलुसलाई त्यस्तो नारा नलगाउन आग्रह गर्दा ढुङ्गा मुढा र कुटपिट गर्न जुलुसको जत्था उत्रियो। यस घटनाको जवाफदेही विजयी सांसदहरू ढुण्डीराज शास्त्री र रेवतीप्रसाद भुसालले लिई क्षतिपूर्ति दिने वचन दिएपछि दुई पार्टी वीच संझौता भयो।

अर्घा गाविस-५ तिर गइरहेका वखत एमाले कार्यकर्ताहरू विष्णु प्रसाद भुसाल, देवीप्रसाद भुसाल र विष्णु आचार्यलाई ०५१ कार्तिक १० गते नेपाली कांग्रेसका भोजबहादुर क्षेत्री लगायतको समूहले वाटो ढुकी घाइते हुने गरी कुटपिट गरे। एमालेको पार्टी बैठकमा जान हिंडेका पीडितहरूलाई पीडकहरूले नेपाली कांग्रेसको जिल्ला कार्य समितिको बैठकमा जासुसी गर्न आएको भनी अमानवीय ढंगले कुटपिट गरेका थिए।

सन्धिखर्क गाविस-६ स्थित जिल्ला अदालतको गेटमा ०५१ कार्तिक २९ गते मतपेटीका लिएर आइरहेका मरेङ गविसका अध्यक्ष चुडामणि भुसाल, शिक्षक फविन्द्र पाण्डे र हुमप्रसाद श्रेष्ठलाई पक्राउ गरियो। प्रहरीहरूले विना पूर्जी पक्राउ गरेका एमालेका यी कार्यकर्ताहरू विरूद्ध ०५१ मंसीर १२ गते सार्वजनिक अपराध मुद्दा हालिएको थियो। राजनैतिक आस्थाका कारण सताउने मनसाय राखी यो कारवाही गरिएको कारवाही गरिएको थियो। पीडितहरूलाई १५ दिनसम्म प्रहरी हिरासतमा राखी छोडिएको छ।

### १.४ वेपत्ता पारिएको

यस सम्बन्धी घटना यो वर्ष देखिएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

कुटपिटका घटनाहरू निकै भएको पाइए पनि धम्की वा ज्यान मार्ने धम्कीको घटना यहाँ पाइएन।

### १.६ थुनामा मृत्यु

यहाँ जेल नभएकोले थुनामा कसैको मृत्यु हुने सम्भावना रहेन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

ठाडा गाविस-७ का रामप्रसाद अधिकारीलाई ०५१ असार १८ गते जिल्ला प्रहरी कार्यालयले निजकै शान्ति सुरक्षाको लागी भनी पक्राउ गरी बन्दी बनाएको थियो। विना कारण गैर कानूनी ढंगबाट बन्दी बनाएको सम्बन्धमा मानवअधिकार कार्यकर्ताले सोधपुछ गर्दा पीडितले भारतमा नोकरी गर्दा चोरी गरी मालिकको समेत हत्या गरी भागेको र नेपालमा आएपछि प्रहरीले पक्राउ गरेको बताइयो। पहिलेको प्रहरीले निजबाट रू. ३ हजार खाई छोडिदिएकाले जनताले थुनी राख्न भनेको हुँदा बन्दी बनाइएको भनी प्रहरी इन्स्पेक्टरले वताएका थिए। पीडित १७/१८ दिनसम्म थानामा वन्दी भई छुटेका थिए।

बल्कोट गाविस-२ का हरिलाल वेलवासेको घरमा ०५१ भदौ ८ गते तीजको दिन तीजको गीती कार्यक्रम भइरहेको थियो। यस अवस्थामा नेपाली कांग्रेसका कार्यकर्ताहरू रूपलाल पन्थी लगायत १०/१२ जना आई सहभागीहरू हरिप्रसाद पन्थी, नारायण खनाल वेदलाल सुनार, युवराज पाण्डे र रामप्रसाद पाण्डेलाई घातक हतियारद्वारा आक्रमण गरी घाइते तुल्याए। सो सम्बन्धमा सार्वजनिक अपराधको मुद्दा ७ जनामाथि दर्ता गरिएको छ। हालसम्म कोही पनि पक्राउ परेको छैन।

चिदिका गाविस-२ का एमाले कार्यकर्ता लक्ष्मणप्रसाद अर्याललाई ०५१ साउन ८ गते छ वाम समूहद्वारा आयोजित विरोध कार्यक्रममा मसाल जुलुसमा भाग लिएको कारण सोही ठाउँबस्ने नेपाली कांग्रेस समर्थक कृष्ण बहादुर ज्ञवालीले हमला गरी सख्त घाइते बनाए। सो सम्बन्धमा सार्वजनिक अपराध ऐन अन्तर्गत पीडितले मुद्दा दिएको र पीडक ज्ञवाली फरार रहेका छन्।

वाङला गाविस-८ मा नेकपा एमालेले ०५१ कार्तिक २६ गते सांस्कृतिक कार्यक्रम संचालन गरेको थियो। उक्त कार्यक्रमलाई नेपाली कांग्रेसका भोजबहादुर वस्नेत लगायत

सयौंको भीडले हमला गरी मंच आगो लगाउने, मैनटोल फुटाउने, बाजा गाजा लुट्ने, कलाकारहरूलाई पिट्ने काम गरे। यस हमलाबाट एमालेका दर्जनौं कार्यकर्ता घाइते भए। प्रहरी प्रशासन जनताको मौलिक अधिकार माथि हनन हुँदा समेत मौन बसिरह्यो।

## २.२ धार्मिक स्वतन्त्रता

अर्घाखाँची पहाडी जिल्ला भएता पनि यहाँ मुसलमान, बुद्ध र हिन्दू धर्म मान्नेहरूको बसोवास रहेको छ। विविध धर्ममा आस्था राख्ने जनता बीच धार्मिक सहिष्णुता रहेको देखिन्छ।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

डिवर्ना गाविसको सल्लकोट मतदान केन्द्रमा ०५१ कार्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनमा नेपाली कांग्रेसका कार्यकर्ताहरू डा. रामबहादुर विसी लगायतका अन्य ३ जनाको नेतृत्वमा बुथ क्याप्चर गरी स्वतन्त्र निष्पक्ष निर्वाचनमा असर पारेका थिए। मतदान अधिकारबाट वंचित हुन पुगेका विपक्षी मतदाताहरूको नाउँमा आफैले भोट खसाल्ने काम गरे। यसो गर्न प्रमुख जिल्ला अधिकारी प्रेम प्रसाद सापकोटाको समेत निर्देशन थियो। १ हजार २ सय २६ मतदाता संख्या रहेको यस केन्द्रमा १ हजार १ सय ९० मत नेपाली कांग्रेसका नेता तथा कार्यकर्ताहरूले बुथ कब्जा गरी खसाएका थिए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाको शैक्षिकस्तर उच्च देखिन्न। अशिक्षा र गरीवीको कारण जनताले सुगम र निष्पक्ष न्यायिक अधिकार उपभोग गर्न पाएका देखिदैनन्। यो वर्ष जिल्ला अदालतमा २ सय २६ मुद्दा दर्ता भएकोमा ४३ वटा मुद्दा फछ्र्यौट भएका थिए।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

सीमलपानी गाविस स्थित प्रभावकर माद्यमिक विद्यालयका निम्न माद्यमिक विद्यालय स्तरको दरबन्दीमा कार्यरत शिक्षक कृष्णप्रसाद घिमिरेलाई ०५१ जेठ १० गते जिल्ला शिक्षा अधिकारीले राजनैतिक पूर्वाग्रह राखी प्राथमिक विद्यालय स्तरको दरबन्दीमा घटुवा गरेका थिए। नेपाल राष्ट्रिय शिक्षक संगठनसंग आवद्ध पीडित शिक्षकको लागि न्याय दिन कारवाही भएको देखिएन।

# ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यहाँ भूमिहीन तथा सुकुम्वासी समस्या उल्लेख्य रूपमा देखा परेको पाइएन।

# ४. महिला अधिकार

## ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धातिदाङ्ग गाविसकी २८ वर्षीय तिलोत्तमा पौडेललाई ०५१ वैशाखमा पति भीमलाल पौडेलले सख्त घाइते हुने गरी पिटे। गर्भिणी रहेकी पत्नीले चामल चोरेर खाएको भनी आमाको कुरा सुनेर दाउराको चिर्पटले पिटिएको थियो। स्थानीय जनप्रतिनिधि र छिमेकीहरूले पीडित महिलाको घेंचो र खुट्टा समेत सुनिई चलाउन नहुने अवस्थामा देखेता पनि न्याय दिलाउने काम कसैले गरेनन्।

## ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

सन्धिखर्क-९ की २७ वर्षीय निर्मला भुसालमाथि पति कमलप्रसाद भुसालले ०५१ साउन ९ गते दोस्रो विवाह गरी सौता हाले। जेठी पत्नीसंग विवाह गरेको सात आठ वर्ष भएको तर केटाकेटी हुन सकेको थिएन। आइ ए अध्ययनरत मीना शर्मा आचार्य नामकी केटीसंग पीडकले प्रेम गरी दोस्रो विवाह गरेका थिए। यस सम्बन्धमा कानूनी कारवाही भएको छैन।

किमडाँडा गाविस-४ की २४ वर्षीय मैया सिंहमाथि पति वमबहादुर शाहीले ०५० मंसीर महिनामा दोस्रो विवाह गरी सौता हाले। धारापानी गाविसकी मगर केटीसंग दोस्रो विवाह गर्ने पति विरूद्ध पीडित जेठी पत्नीले जिल्ला अदालतमा वहुविवाहको मुद्दा दायर गरिन् तर केही शर्तहरूमा मेल मिलाप गरियो।

## ४.३ गर्भपतन

यस सम्बन्धी घटना देखिएन।

# ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

अङ्गुरी गाविस-२ की १५ वर्षीय हिमा दर्लामीलाई ०५० चैत २३ गते सोही ठाउँका ३४ वर्षीय चोपबहादुर थापाले वाल विवाह गरी भारत लगेका थिए। पीडक पति बूढो भएकाले सम्बन्ध विच्छेद गरी पाउँ भनी प्रवासी नेपाली संघ भारतमा उजूर परेपछि दुवै पक्षलाई सम्बन्ध विच्छेदको लागि मन्जुर गराई नेपाल फिर्ता पठाइएको थियो।

सन्धिखर्क गाविस-६ की १४ वर्षीय मन्जु घिमिरेलाई ०४९ पुस १८ गते ४० वर्षीय भोजेन्द्र विक्रम सिंहसंग सोही ठाँउकी विद्या वीसीले ललाई फकाई वाल विवाह गराएकी थिइन्। ०५० मंसीरदेखि पढ्न भनेर माइत वसेकी पीडितले ०५१ साउन ४ गते छोरो पाइन्। त्यो वच्चा मेरो होइन र मन्जुसंग मेरो नाता छैन भनी पीडक पतिले अस्वीकार गरेका छन्। पीडित पक्षले प्रशासन सामू उजुरी गरेता पनि प्रशासनले कुनै सुनवाई गरेको छैन।

सन्धिखर्क गाविस स्थित होटलका मालिकहरूले

सस्तो श्रमदरमा काम लगाई बाल श्रमको शोषण गरेका छन्। उमेर नपुगेका बालकहरू हुमबहादुर ढेंगा मगर, युवराज श्रेष्ठ, टामबहादुर कुमाल, सूर्य कुमाल, श्यामबहादुर खत्री क्रमशः १२, १३, १३, १२ र १४ वर्षका छन्। यस बाहेक पनि यस जिल्लाका विभिन्न शहरबजारमा थुप्रै केटाकेटीहरूको शोषण भएको देखिन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक क्रियाकलापको दृष्टिकोणले पछाडि परेको जिल्ला भएकाले उद्योग, व्यापार, मजदूर र पारिश्रमिक आदि सम्बन्धमा उल्लेख्य घटना देखिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

मानवअधिकार सम्बन्धी सरोकारका क्षेत्रहरू जस्तै कमैया, बाँधा, हलिया जस्ता दासत्व प्रथा र अमानवीयकरण, छुवाछुत र भेदभाव जस्ता परम्परागत अवधाराणाको कारण हुने घटनाहरू पाइएनन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धी कुनै वक्तव्य वा टिप्पणी देखा परेन ।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

ठाडा गाविस स्थित अमराई बजार नजिकै लुअख २८३ नम्बरको बस ०५१ वैशाख ३ गते करीव २ सय मीटर तल खसी दुर्घटना ग्रस्त भयो। सो दुर्घटनामा परी १८ जनाको मृत्यु भएको थियो। ३८ जना यात्रुले यात्रा गरिरहेको उक्त बसका चालक र खलासी बाहेक सबै यात्रु घाइते भएका थिए।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

जुकेना गाविस-५ की २६ वर्षीय तुलसा पौडेलले ०५१ साउन २८ गते रूखमा पासो लगाई झुण्डिएर आत्महत्या गरिन्। पति दधिराम पौडेलले विभिन्न निहुँ झिकी बेलाबखत कुटपिट गर्ने गरेका थिए। आत्महत्या गर्नु भन्दा २ दिन अघि पनि हातखुट्टा बाँधेर पिटेका थिए। यस आत्महत्या सम्बन्धमा माइतीपक्षले मारिएको शंका गरी जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए। अनुसन्धनको कार्य छिटो छरितोरूपमा नभएकाले कुनै कारवाही गरिएको छैन।

अर्घा गाविस-५ का १८ वर्षीय भुवनसिंह ठकुरीले ०५१ साउन १९ गते शरीरमा मट्टितेल खन्याई आत्मदाह गरे। बुटवल बहुमुखी क्याम्पसमा आइएस्सीको परीक्षा बिरामी भई छुट्न गएकोले चिन्तित मृतकले सोही कारणले आत्महत्या गरेका थिए।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना भएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# लुम्बिनी

# ३.१२ गुल्मी

जनसंख्या : २६६३३१

साक्षरता : ४६.७ प्रतिशत

महिला साक्षरता : ३९ प्रतिशत

क्षेत्रफल : ११४९ वर्ग कि.मी.

पश्चिम नेपालको राजनीतिक उत्साह बोकेको पहाडी जिल्ला गुल्मी ३ निर्वाचन क्षेत्र र ७९ गाविसमा विभाजित छ। यहाँका झण्डै ९४ प्रतिशत मानिस खेतीमा संलग्न छन्। यस जिल्लाको कूल साक्षरता झण्डै ४७ प्रतिशत रहेको छ। यहाँका ४० प्रतिशत महिला साक्षर छन्। २ क्याम्पस, २ उच्च माध्यमिक, ४४ माध्यमिक, २३ निम्न माध्यमिक र ३ सय ४३ वटा प्राथमिक विद्यालय रहेको यस जिल्लामा स्वास्थ्यतर्फ १५ शैयाको एक जिल्ला अस्पताल छ। जिल्ला सदरमुकाममा टेलिफोनको सुविधा छ भने २ ठाउँमा ग्रामीण टेलिफोनको व्यवस्था छ। रिडी - यस जिल्लाको प्रसिद्ध धार्मिक तथा साँस्कृतिक क्षेत्र हो। यहाँका झण्डै ६० प्रतिशत मानिस खानेपानी सुविधाबाट बञ्चित छन्।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

बलेटक्सारको विद्यार्थी र वससंग सम्बन्धित ०५० चैतको घटनामा प्रहरीले हवाई फायर गरेको घटना बाहेक अन्य घटना भएको पाइएन।

### १.२ जेल र वन्दीहरू

यस जिल्लाको कारागारको विगत अवस्थामा कुनै सुधार भएको छैन। कूल २५ जना बन्दी राख्ने क्षमता रहेको यस कारागारमा ३७ जना बन्दीहरू रहेका छन्। जेलभित्र सीपमूलक कार्यक्रमको व्यवस्था नहुनु, पत्रपत्रिका, खेलकूदका सामानहरू, रेडियो आदिको सुविधा तथा व्यवस्था नभएकाले बन्दीहरू कुनै इलम, मनोरञ्जन, जेलबाहिरको गतिविधि तथा समाचार आदिबाट बञ्चित छन्। सुत्नेकोठामा खाट र पर्याप्त ओछ्यान नहुनाले सिमेन्टको चिसोले वन्दीहरूलाई सताएको छ। पाउनु पर्ने कपडाहरू समयमा नपाएको, नुहाउन धुनको लागि पर्याप्त भाँडाहरू नभएको, कपाल काट्ने नाउको व्यवस्था नभएको र जेलका समस्याप्रति सम्बन्धित निकायले कुनै चासो नराखेको गुनासो वन्दीहरूको रहेको छ।

गोहत्याको अपराधमा १२ वर्षको कैद सजाय भोगिरहेका ७६ वर्षीय बृद्ध वन्दी केशवराज सुवेदी पेटको र छातीको रोगबाट अत्यन्त चिन्ताजनक अवस्थामा बाँची रहेका छन्। यस जिल्लामा पुरुष ३२ र महिला ५ बन्दीहरू मध्ये कूल २५ जना आरोपित बन्दीहरू (थुनुवा) रहेका छन्। यो जेलमा गोपाल थापा नामका नेकपा (एमाले) का राजनीतिक वन्दी सार्वजनिक अपराध अन्तर्गत ०५१ भदौ ६ गतेदेखि ११ महिना ५ दिनको सजाय काटी रहेका छन्।

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | ४ | १ |
| बलात्कृत | - | २ | - |
| आत्महत्या | - | - | - |

### १.३ गिरफ्तारी र यातना

०५० माघ १७ गते नेकपा एमाले जिल्ला कमिटीका सदस्य तथा जिल्ला विकास समितिका सदस्य टंकप्रसाद पोखरेल, एमालेका इलाका कमिटीका सदस्य तथा गाविस अध्यक्ष ठाकुरप्रसाद पोखरेल र एमालेकै गाउँ कमिटी सदस्य तथा गाविस सदस्य लुमबहादुर घर्तीमगर विरूद्ध राजनीतिक प्रतिशोधका दृष्टिले नेपाली कांग्रेस पक्षका व्यक्तिहरूले वन पैदावर हटाए भन्ने आरोप लगाएर वन कार्यालयमा मुद्दा दर्ता गराए। वन अधिकृत खेमनारायण चापागाईले झूठो उजुरीकै आधारमा कारबाही अगाडि बढाए। जिल्ला वन कार्यालयबाट सम्बन्धित ठाउँमा सर्जमिन हुँदा विपक्षीहरूले कुनै कसूर नगरेको र वन पैदावर नहटाएको भन्ने बयान सबैले दिए। त्यसपछि आरोपित व्यक्तिहरूलाई वन कार्यालयमा उपस्थित

गराई बयान लिइयो। त्यहाँ उनीहरूले आफूलाई लगाएको आरोप झूठो भएको बयान दिए। तर सत्तापक्षको दवावमा सरकारी वकीलको रायमा वन अधिकृतले विपक्षीहरूलाई प्रतिव्यक्ति १० हजार नगद वा जेथा धरौटी नदिए थुन्ने निर्णय ०५० चैत ५ गते गरे। यस्तो झूठो मुद्दामा धरौटी नराख्ने कुरा विपक्षीहरूले गरेपछि उनीहरूलाई चैत ७ गते "क" श्रेणीको सिदासुकी पाउने गरी जेल चलान गरियो। भोलिपल्ट प्रमुख जिल्ला अधिकारीको आदेश अनुसार भनी "ख" श्रेणीको सिदासुकी दिइयो। त्यसपछि पीडितहरूले सिदासुकी बहिष्कार गरे। घरायशी स्थिति अस्तव्यस्त भएकाले ठाकुरप्रसाद पोखरेल र लुमबहादुर घर्तिमगर चैत १६ गते तोकिएको धरौटी राखी तारेखमा रिहा भए भने व्यापक जनविरोध र कानून व्यवसायीहरूको कानूनी प्रतिवाद पश्चात ०५१ वैशाख १५ गते टंकप्रसाद पोखरेललाई विना धरौटी तारीखमा छाडियो। हाल तिनै जना तारिखमा छन्। उनीहरूलाई जेलमा रहँदा आफन्त र पार्टीका व्यक्तिहरूसंग सुगम तरीकाले भेट्न दिइएन। पत्रपत्रिका र खेलकूदको सामानको व्यवस्था समेत गरिएन भने जेलमा पूरै समय आफ्नो खर्च खाएर बस्नु परेको थियो।

जनवोध उच्च मावि रानीवासका विद्यार्थीहरू रामप्रसाद श्रेष्ठ, माधव पन्थ, महेश ज्ञवाली, गिरबहादुर राना र तुलबहादुर रानालाई प्रहरीले सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा चलाई ०५० चैत १ गते गिरफ्तार गर्‍यो। बुटवलबाट तम्घास आउने वसमा चढेका महेश ज्ञवालीलाई बस कर्मचारी राजु के.सी.ले पिटेका विषयमा विवाद भई यो घटना शुरू भयो। तम्घास पुगेपछि बस मालिकले बलेटक्सारमा लुटपीट भएको उजुरी गरे र यसै आधारमा उनीहरू गिरफ्तार गरिए। भोलिपल्ट विद्यार्थीहरूले विरोध प्रदर्शन गरे। यसमाथि प्रहरीले लाठी चार्ज गर्दा ताराबहादुर थापाको टाउकोमा गंभीर चोट लाग्यो। लाठी चार्ज पछि स्थिति झन उत्तेजक भएकाले प्रहरीले ६० राउण्ड हवाई फायर गर्‍यो। चैत ३ गते फेरि विरोध सभा गरियो। एमालेले यो गोलीकाण्ड र दमनको विरोध गर्‍यो। ६ गतेसम्म विरोध कार्यक्रमहरू भए। ७ गते चक्काजामको तयारी भएकोमा प्रशासन, एमाले र अनेरास्ववियूका प्रतिनिधि वीच वार्ता भई - विद्यार्थी रिहा गर्ने, मुद्दा छिटो टुंग्याउने, गोली काण्डका दोषीमाथि कार्वाही गर्ने र घाइतेको खर्च दिने शर्तमा आन्दोलन फिर्ता लिइएको थियो। यस घटनामा संलग्न भएको आरोपमा शिक्षकहरू नारायण ज्ञवाली, ईश्वरी ज्ञवाली र भीमबहादुर शाहलाई सार्वजनिक मुद्दा लगाई जनही १० हजारको धरौटीमा रिहा गरिएको छ। यो मुद्दा पुनरावेदन अदालतमा चली रहेको छ।

ठूलो लुम्पेक गाविस-६ का नेपाली कांग्रेसका कार्यकर्ता नरबहादुर पुलामीले अस्लेवा गाविस-१ का एमाले कार्यकर्ता चिन्तामणि पाण्डे र युवराज पाण्डेका साथै कर्मचारी वेधनिधि पाण्डेका विरूद्ध राजनैतिक प्रतिशोधको उद्देश्यले झूठो वन मुद्दामा ०५० चैत १२ गते उजुरी हाले। वन कार्यालयले सम्बन्धित ठाउँमा गई निरीक्षण र सर्जिमिन गर्दा उनीहरूको कसुर भेटिएन। तर पनि ०५१ जेठ २६ गते तिनै जनालाई वन कार्यालयमा उपस्थित गराई बयान लिइयो। तीन जनामध्ये दुई जनालाई त्यसै छाडी चिन्तामणि पाण्डेलाई १८ हजार बराबरको जमानीमा तारीखमा छाडियो। झूठो आरोपमा उनी अनावश्यक दुःख खपिरहेका छन्।



**प्रहरीको लाठीचार्जबाट घाइते : ताराबहादुर थापा**

०५१ जेठ २० गते राती दर्लमचौर गाविस-४ की श्रीमती खिमकुमारी खत्रीको घरमा एमाले कार्यकर्ताहरू बैठक गरिरहेको वेला नेपाली कांग्रेसका जंगबहादुर महत रक्सीले मात्तिदै आएर सबैलाई मार्छु भन्न थाले। खुर्पाले खिमकुमारीको घरको ३ वटा थाम काटेपछि त्यहाँ रहेका व्यक्तिले खुर्पा खोस्न खोज्दा जंगबहादुर सामान्य घाइते भए। जेठ २१ गते जंगबहादुरले खिमकुमारी खत्री, दिलीप अर्याल, गोकुल पाण्डे र मोती अधिकारी विरूद्ध सार्वजनिक अपराधको मुद्दा हाले। प्रहरीले जेठ २२ गते चारै जनालाई गिरफ्तार गर्‍यो। प्रतिव्यक्ति २८ हजार २ सय ५० धरौटी लिई २५ दिनपछि उनीहरूलाई रिहा गरियो। उता खिमकुमारीले राती रक्सी खाएर आई आफ्नो घरमा आक्रमण गरेकोले सार्वजनिक अपराध अन्तर्गत कारबाही गरी पाउँ भनी जंगबहादुर महत विरूद्ध मुद्दा हालिन्। जंगबहादुरलाई २५ दिनसम्म थुनामा राखी ५ सय धरौटीमा रिहा गरियो। पीडकसंग न्यूनतम धरौटी लिएर आफूहरूसंग हदैसम्मको धरौटी लिई भेदभाव गरिएको भन्ने पीडित पक्षको भनाइ छ।

कुर्घा-५ बस्ने गोपाल थापालाई ०५१ भदौ ६ गते गिरफ्तार गरियो। ०४८ सालमा तीजका दिन कांग्रेस र एमाले वीच झगडा हुँदा सोही ठाउँका नरहरि सापकोटाले गोपाल थापा सहितका विरूद्ध सार्वजनिक मुद्दा दायर गरे। सोही आधारमा गोपाल थापा लगायतकालाई ०४८ असोज ३ गते गिरफ्तार गरी २४ दिन हिरासतमा राखी छाडियो। मुद्दा चली रहेको थियो। ०५० साउन १९ गते अदालतले प्रतिवादीलाई ५ महीना कैद गर्ने फैसला दिए पनि गोपाल थापा फरार रहे। गोपालका नाममा फेरि सार्वजनिक मुद्दा चल्यो र गिरफ्तार गरिए। सो मुद्दामा जिल्ला प्रशासन कार्यालयले ०५० असोज ३ गते ७ महीना कैद र १ हजार जरिवाना गर्ने फैसला गरेको थियो। गोपाल अहिले गुल्मी कारागारमा राखिएका छन्।

धुर्कोट रजस्थल-९ का खुमानन्द पन्थीलाई प्रहरीले ०५१ भदौ २८ गते गिरफ्तार गर्‍यो। उनलाई जिल्ला प्रहरी कार्यालयका इन्स्पेक्टर जनकराज सुवेदीले २९ र ३० गते नीलडाम हुने गरी हात र पैतालामा पिटे। निज पन्थीलाई

फत्ताकुमारीलाई वेपत्ता पारिएको विषयमा सोधपुछ गर्न गिरफ्तार गरिएको थियो। निजलाई २३ दिन हिरासतमा राखी नातेदार लोकहरि आचार्यको जमानतमा छाडिएको छ। हिरासतमा राखिदा निज पन्थीलाई कसैसंग भेटघाट गर्न दिइएन।

पल्लिकोट-७ का मसीना नेपाली घर आँगनमा सुती रहेको अवस्थामा ०५१ कार्तिक १९ गते छिमेकी राजु नेपालीले कानमा पानी हाली दिएको विषय सार्वजनिक मुद्दामा परिणत भएको छ। निन्द्राबाट व्युँभेर मसीनाले राजुलाई हिर्काउँदा उनी डीलमा खसे र घुँडामा चोट लाग्यो। यस घटनालाई लिएर राजुले मसीना, उनका बाबु छविलाल र भाइ विष्णुबहादुर समेतका विरूद्ध सार्वजनिक मुद्दा दिए। यसै आधारमा प्रहरीले तीनै जनालाई मंसीर ६ गते गिरफ्तार गरी ८ दिन पछि जिल्ला प्रशासन कार्यालयमा बुभ्फाएकोमा जनही २ सय रूपैया धरौटी लिई छाडिएको छ।

जुनिया-८ का बुद्धिप्रसाद भुसाल, लक्ष्मण भण्डारी र नारायण शाहीलाई ०५१ मंसीर ७ गते गिरफ्तार गरी सार्वजनिक मुद्दा चलाइएको छ। ०५१ कार्तिक २७ गते चिदापानी निमाविका शिक्षक जंगबहादुर अर्यालले रक्सी सेवन गरी एमालेको पोष्टर च्यातेको विषयमा विवाद भएको थियो। यसै घटनालाई विषय बनाई यो गिरफ्तारी भएको हो। ७ दिनको हिरासत पछि जिल्ला प्रशासन कार्यालयमा मंसीर २८ गते बुभ्फाइएका ती तीन व्यक्तिलाई जनही ५ सय रूपैया धरौटी लिई छाडिएको छ।

### १.४ वेपत्ता पारिएको

वाग्ला-१ स्थित आफ्नी छोरीको घरमा बसेकी फत्ताकुमारी पन्थी ०५१ असार २७ गतेदेखि वेपत्ता भएकी छिन्। उनलाई एक अज्ञात व्यक्तिले मुद्दा मिलाउन खुमानन्द पन्थीले लिन पठाएको भनी अपहरण गऱ्यो। सोही ठाउँका नेत्र पन्थी र तुलसी पन्थीले फत्ता कुमारीलाई लिएर हिड्ने व्यक्तिको हुलिया दिए अनुसार, त्यो व्यक्ति हाडहोड-१ का निमबहादुर जोगी कुँवर हुन सक्ने कुरा खुमानन्द र फत्ताकुमारीका छोरीहरूले बताएका छन्। फत्ताकुमारीको पत्तो नलागे पछि छोरी पार्वता पौड्यालले धुर्कोट रजस्थल-९ बस्ने रामप्रसाद पन्थी (फत्ताकुमारीको सौतका छोरा) ले आफ्नी आमा मारेको शंका लाग्छ भनी ०५१ साउन ७ गते जाहेरी दिइन्। प्रहरीले सो आधारमा रामप्रसाद सहित टुमबहादुर खवास, निमबहादुर जोगी कुँवर र पूर्णबहादुर खत्रीलाई पक्राउ पूर्जी पठाएकोमा यी चारै जना फरार रहेका छन्। फत्ताकुमारीका दुई छोरीले फेरि भदौ ९ गते फरार रहेका ४ जना सहित थप ३ जनाका नाममा किटानी जाहेरी दिएका छन्। तर फत्ताकुमारीको अभ्कै पत्तो लाग्न सकेको छैन।



*बेपत्ता पारिएकी फत्ताकुमारी पन्थी*

फत्ताकुमारी र रामप्रसाद वीच लामो समयदेखि अंश सम्बन्धी मुद्दा रहेको थियो। शुरूमा रामप्रसादले सौतेनी आमालाई अंश नदिई पत्नीका नाममा गराए। फत्ताकुमारीले मुद्दा लडी अंश लिइन् र शेषपछि खिमानन्दको नाममा गरी दिइन्। यही अंश लिन रामप्रसादले फत्ताकुमारीलाई अपहरण गरी हत्या गरेको आशंका गरिएको छ।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ जेठ २१ गते नेकपा एमाले जिल्ला कमिटीका सदस्य टोमलाल पाण्डे र अनेमसंघकी जिल्ला संयोजक सुश्री विष्णु गौतमलाई पौढी अमराईमा आयोजित बैठकमा भाग लिन गइरहेको बेलामा अर्जे चौरको बाटोमा गाविस उपाध्यक्ष रविलाल अर्याल लगायतका व्यक्तिहरूको समूहले घेरा हाली एकघण्टा सम्म रोकेर तथानाम गाली गर्दै लछारपछार पार्दै मार्ने धम्की समेत दिए। अघिल्लो दिन प्रजातान्त्रिक राष्ट्रिय युवा संघद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा बाधा पुऱ्याउन खोज्ने नेपाली कांग्रेसका केही व्यक्तिलाई कार्यक्रमस्थलबाट निकालिएको रीसमा उनीहरूले लछारपछार पार्दै मार्ने धम्की दिएका थिए।

आँपचौर-५ का टीकाराम अर्यालको घर ०५१ असोज ८ गते राती रूद्र खरेलको नेतृत्वमा आएको जमातले घेराउ गरी घरमा भएकालाई हातपात र गली वेइज्जती गरे। सो दिन केही शिक्षकहरू सहित टीकाराम मतदाता नामावली हेर्दै थिए। नेपाली कांग्रेसले एक विद्यार्थी मार्फत पठाएको मतदाता नामावली लुकाएको आशंका गरी खरेलले यो घटना गराएका हुन। तर त्यो नामावली गाविस अध्यक्षले लगेका रहेछन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएको पाइएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

०५१ जेठ २० गते साँभ्क अर्जे पोखरावारीमा प्रजातान्त्रिक राष्ट्रिय युवा संघद्वारा आयोजित सांस्कृतिक कार्यक्रममा नेपाली कांग्रेसका कार्यकर्ताहरू रेशम पराजुली, विष्णु अर्याल, खिमचन्द्र अर्याल लगायत २०/२५ जनाको समूहले आक्रमण गर्दा अमरपुर-९ की कमला पराजुली घाइते भइन्। घटनाका सम्बन्धमा जिल्ला प्रशासन कार्यालयलाई जानकारी गराउँदा दोषीहरू उपर कुनै कारबाही चलाइएन।

पिपलाधारा-४ को बेताने पिपलको रूख भन्ने चौरमा ०५१ भदौ १७ गते एमालेले आयोजना गरेको तीज गीत कार्यक्रम कांग्रेस समर्थक भीमबहादुर खड्का लगायतको जमातले हुन दिएन। उल्टै भीमबहादुरले ३ जना एमाले कार्यकर्ता विरूद्ध सार्वजनिक मुद्दा दायर गरे। सो अनुसार, जिल्ला प्रशासन कार्यालयबाट कुमार नेपालीलाई १० हजार र गीरबहादुर सुनार तथा रविलाल विश्वकर्माबाट जनही ५ सय रूपैया धरौटी लिई छाडियो।

हुंगा-१ देउराली स्थित जनजागृति माविमा ०५१ भदौ १९ गते एमाले कार्यकर्ताहरूले तीजको गीत आयोजना गरेकोमा राती १० बजेतिर सामूहिक आक्रमण गरियो। आक्रमणकारी मध्येका हर्कबहादुर राना र श्याम शेरचनले खुकुरी र शंकरबहादुर रानाले छुरी प्रहार गर्दा कुलबहादुर पल्ली मगर र बमबहादुर वि.क.लाई गहिरो चोट लाग्यो भने रणबहादुर पलीको औंलामा सामान्य चोट लाग्यो। पीडक मध्येका शंकरबहादुर रानालाई पनि औंलामा चोट लाग्यो। पीडित र पीडक दुवै पक्षले जिल्ला प्रहरी कार्यालयमा जाहेरी दिएकोमा भदौ २९ गते मिलापत्र भयो।

अमरपुर-९ मा अखिल नेपाल महिला संघले ०५१ भदौ २१ गते तीजको गीत गाउने कार्यक्रमलाई कांग्रेस समर्थक कार्यकर्ताहरूले भाँड्ने प्रयास गरे। दुई पक्षवीच हातपात हुँदा कार्यक्रम विथोलियो। यस घटनाको विरोधमा ०५१ भदौ २२ गते पीडित पक्षले रणबहादुर अर्याल लगायतका ५ जना विरूद्ध सार्वजनिक अपराध अन्तर्गत मुद्दा दायर गरेको छ।

## २.२ धार्मिक स्वतन्त्रता

यहाँ परम्परागत धर्म कार्य गर्न सवै स्वतन्त्र छन्। विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्वीहरू बसोवास गर्ने भए पनि यस जिल्लामा धार्मिक सहिष्णुता रहेको छ।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

वीरवास-१ बास्खेका गोविन्द बहादुर विश्वकर्मालाई "कामी भएर कम्युनिष्ट हुने" भनी केही व्यक्तिहरूले ०५१ कार्तिक १६ गते लछारपछार गरे। यस्तैमा चेतनारायण कडेलले विश्वकर्मामाथि छुरी प्रहार गर्दा टाउको र हातमा गहिरो चोट लाग्यो। पीडक कांग्रेस समर्थक भएको बताइएको छ। पीडकहरूका विरूद्ध सार्वजनिक अपराध मुद्दा चलाइएको छ।

पिपलधारा-५ का कुमार नेपालीको घरमा ०५१ कार्तिक १७ गते कांग्रेस समर्थक कार्यकर्ताहरूले घेराउ गरी ज्यान मार्ने धम्की समेत दिई तोडफोड गरियो। पीडित एमाले समर्थक हुन्। पीडकहरूमा भीमबहादुर खड्का लगायतका व्यक्तिहरू थिए। दुवै पक्ष वीच मिलापत्र भएको छ।

गौडाकोट-७ का टोपबहादुर के.सी.को घरमा तिहारको टीका थाप्न जम्मा भएका व्यक्तिहरूलाई "यहाँ कोही पनि एमाले बन्न पाईदैन, यो कांग्रेसको किल्ला हो" भनी ०५१ कार्तिक १९ गते एक जत्थाले धम्कायो। यो टोलीले गैडाकोट बजारमा टाँगिएको एमालेको तुल र पोष्टरहरू च्याती दिएको थियो। सो टोलीमा कांग्रेस समर्थक गोपाल कार्की लगायतका व्यक्तिहरू थिए। दोहोरे भनाभन भइरहेको स्थितिमा गस्ती प्रहरीले दुवैलाई संझाई स्थिति शान्त पारेको थियो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

## २.५ सरूवा / बदुवा / पक्षपात आदि

बालबोध प्राथमिक विद्यालय झारर्खकका प्रधान आध्यापक भानुभक्त बलाललाई ०५० चैत १२ गतेदेखि अपायक ठाउँ चोरकोटको रूद्रवती प्राविमा सरूवा गरियो। विगत २७ वर्षदेखि स्थायी शिक्षकको रूपमा अध्यापन गर्दै आएका भानुभक्तलाई नेपाल राष्ट्रिय शिक्षक संगठनमा लागेकोले अन्यायपूर्वक सरूवा गरिएको छ।

रूद्रावती प्रावि जुहाङ चोरकोटकी शिक्षिका श्रीमती मैना भण्डारीलाई ०५० चैत २२ गते ७ घण्टा टाढा पर्ने वालवोध प्रावि हर्राचौर झारखर्च सरूवा गरियो। उहाँ ६ वर्ष देखि सोही विद्यालयमा स्थायी शिक्षिकाका रूपमा कार्यरत हुनुहुन्थ्यो। शिक्षक संगठनसंग सम्बद्ध भएका कारण यो सरूवा भएको हो।

जमल पोखरा प्राथमिक विद्यालय, छापहिलेका ११ वर्षदेखिका स्थायी शिक्षक प्रेमबहादुर खड्कालाई घरबाट २ दिन पैदल हिड्नु पर्ने सरस्वती मावि लिम्छामा ०५१ वैशाख ११ गते सरूवा गरियो। तीन महीना नबित्दै फेरि च्याडाँडा प्रावि दुनाम दर्लिङमा सरूवा गरियो। नेपाल राष्ट्रिय शिक्षक संगठनको सदस्य भएका कारण उनलाई यो सरूवा गरिएको बताइएको छ।

घरपायक पर्ने बाराँझकटेरी माविका शिक्षक जयप्रकाश भुसाललाई ०५१ जेठ २५ गते जिल्ला शिक्षा कार्यालयले २ दिन पैदल हिड्नु पर्ने जनसहयोग मावि भार्सेमा सरूवा गर्‍यो। २७ वर्ष देखि स्थायी शिक्षकका रूपमा काम गरी रहनु भएको भुसाललाई सञ्चालक समतिले सरूवा नगर्न वारम्वार सिफारिश गर्दा पनि वास्ता गरिएको छैन।

भरभुङ्ग गाविसको छत्र प्राविका शिक्षक ढुण्डीराज अर्याललाई ०५१ साउन ५ गतेबाट अपायक ठाउँ वामीको देउराली प्राविमा सरूवा गरियो। नेपाल राष्ट्रिय शिक्षक संगठनको पक्षधर भएकै कारण उनलाई अपायक ठाउँमा अन्यायपूवर्क सरूवा गरिएको छ। यस अघि उनलाई ०५० भदौ ३ गते दुःख दिने उद्देश्यले नै सिर्सेनी प्रावि पोखराबाट काजमा छत्र प्रावि भरभुङ्गमा पठाइएको थियो।

हिमालय उच्च माद्यमिक विद्यालय धुर्कोटका प्रधानाध्यापक स्विमानन्द शर्मालाई पश्चिमाञ्चल क्षेत्रीय शिक्षा निर्देशनालयको ०५१ साउन ५ गतेको निर्णय अनुसार अवकाश दिइएको छ। ०३० वैशाख १० गतेदेखि स्थायी शिक्षकका रूपमा काम गर्दे आउनु भएका शर्मा नेपाल राष्ट्रिय शिक्षक संगठन जिल्ला कार्य समितिका अध्यक्ष पनि हुनुहुन्छ। उहाँलाई ०४९ भदौ २६ गते पर्वतको नव जागृति माविमा सरूवा गरिएको थियो। तर उहाँ त्यहाँ नगई धुर्कोट मै काम गरिरहनु भयो। पटक पटकको दवावलाई इन्कार गरेपछि अवकाश दिइयो। राजीतिक कारणले उहाँलाई अवकाश दिइएको हो भन्ने धारणा शिक्षकहरूको छ।

जनता मावि श्रृंगामा विगत ११ वर्षदेखि कार्यरत प्रावि शिक्षक दामोदर पौड्याललाई अपायक पर्ने रून्वादह माविमा

सरूवा गरियो। उहाँ पनि शिक्षक संगठनसंग सम्वद्ध हुनुहुन्छ।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा यस सम्बन्धी समस्या देखिएन।

## ४. महिला अधिकार

यस वर्ष महिला अधिकार हनन सम्बन्धी उल्लेखनीय घटना देखा परेनन्। तर यस जिल्लामा वहुविवाहका घटना प्रशस्त पाइने गरेका छन्। यस्ता घटनाहरूमा कानूनी उपचार खोज्ने चेतनाको विकास हुन सकेको छैन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वाल अधिकार प्रतिको सचेतता अत्यन्त कम छ। शिक्षावाट अधिकांश वालवालिका बञ्चित देखिन्छन्। आर्थिक विपन्नताले गर्दा कृषि मजदूरका रूपमा काम गर्न उनीहरू वाध्य छन्। छोरा र छोरी वीचको भेदभाव चर्को रूपमा पाइन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस जिल्लामा दासदासी र बाँधा, कमैया आदि प्रथा उल्लेख्य रूपमा पाइदैन। तर ठूला र साना जाति वीचको भेदभाववाट यहाँको समाज मुक्त हुन सकेको छैन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

तम्घासबाट काठमाडौं गइरहेको वस दुविचौरको उर्लेनी भन्ने ठाउँमा दुर्घटनाग्रस्त हुदा ५ जनाको घटनास्थलमा र ६ जनाको तम्घास अस्पतालमा मृत्यु भयो। ४२ यात्रु सख्त घाइते भए। यो यसवर्षको सवभन्दा ठूलो दुर्घटना थियो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो, आगलागी जस्ता घटनाहरू यो वर्ष भएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

०५१ साउन १६ गते वाग्ला गाविस-८ का ऋषिराम घिमिरेकी १२ वर्षीय छोरी विष्णाकुमारी घिमिरेलाई वाघले झम्टी उनको मृत्यु भयो। उक्त वाघले सो गाउँमा १ महीना बीचमा २ सय परिवारका करीब २ सय ५० गाईवस्तु मारेको बताइन्छ।

### ९.४ आत्महत्या

यो वर्ष आत्महत्याका घटना देखा परेनन्।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# धवलागिरी

# ३.१३ वाग्लुङ्ग

जनसंख्या : २३२४८६

साक्षरता : ४०.५ प्रतिशत

महिला साक्षरता : २७.१ प्रतिशत

क्षेत्रफल : १७८४ वर्ग कि.मी.

वाग्लुङ पश्चिम पहाडी जिल्ला हो। भौगोलिक रूपमा अत्यन्त विकट रहेको यो जिल्लामा राजनीतिक चेतना भने तुलनात्मक रूपमा राम्रो मान्नु पर्छ। यद्यपि अज्ञानता र अशिक्षाले गर्दा सामान्य मानिसहरू शोषणको मारबाट मुक्त हुन सकेका छैनन्। यहाँका धेरैजसो युवकहरू भारतमा लाहुरे भएर जाने प्रचलन रहेको पाइन्छ।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

बोबाङ-८ का पृथबहादुर कामी र पाल्पा तेतजा-१ का ओमबहादुर सार्कीको ०५१ साउन ४ गते तुन्डाडा-८ स्वर्वाङ नेर हत्या गरियो। यो हत्यामा दिलेछाप-९ का टेकबहादुर विष्ट, सूर्यबहादुर विष्ट र दर्लिङ-५ गुल्मीका शेरबहादुर खड्का संलग्न भएको कुरा प्रहरीले बताएको छ। भारतको जालन्धर अमृत शहरमा मोटर कम्पनीमा ५/६ वर्ष काम गरी पृथबहादुर कामी घर फर्केका थिए। पाल्पाबाट उनी ओमबहादुरलाई भरिया बनाई घर आउँदै थिए। पीडकहरूले पाल्पादेखि नै उनको पीछा गर्दै आएका थिए। स्वर्वाङ आइपुग्दा साँझ पौने आठ बजेको थियो। त्यहाँ पीडकहरूले पृथबहादुरलाई ढुंगाले हानेर निर्मम हत्या गरेर बढीघाड खोलामा लाश बगाई दिए। त्यसपछि विस्तारै आउँदै गरेका भरिया ओमबहादुरलाई पनि ढुंगाले किचिकिची मारे र खेलामा बगाए। पीडकहरू मध्ये शेरबहादुर फरार भएका छन्, अन्य दुई जनालाई थुनामा राखिएको छ।

### १.२ जेल र वन्दीहरू

यस जिल्लामा २५ वन्दी अट्ने क्षमता भएको ग श्रेणीको जेल छ। यस वर्षको अन्त्यमा वन्दीको संख्या २५ नै रहेको देखियो। सामान्य भौतिक सुविधा भएको यस जेलमा महिला र पुरूषलाई भेटघाट गर्न नदिई अलग राखिन्छ। जेलमा कुनै उद्योग छैन। तापनि बन्दीहरू स्वेटर, नाम्लो, दाम्लो बुन्ने जस्ता हाते काम गर्दछन्।

### १.३ गिरफ्तारी र यातना

यस वर्ष यस सम्बन्धी उल्लेखनीय घटना भएको पाइएन।

### १.४ वेपत्ता पारिएको

वेपत्ता पारिने घटना भएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

जैदी-८ का प्रेमप्रसाद शर्मालाई खेतमा पानी लगाउन गएको बेला ०५१ भदौ १ गते इन्द्रप्रसाद शर्मा लगायतकाले कुटपीट गरी ज्यान मार्ने धम्की दिए। पीडित पक्षको भदौ ७ को जाहेरी अनुसार प्रहरीले पीडकहरूलाई कार्तिक ७ गते गिरफ्तार गरेको थियो। हाल उनीहरू रिहा गरिएका छन्।

कालिका-३ बस्ने अर्जुन खड्का, कृष्ण बहादुर खड्का र लक्ष्मण केसीले कालिका-२ की गंगादेवी श्रेष्ठलाई ०५१ कार्तिक ३ गते राती उनकै घरमा गई अपशब्द प्रयोग गरी धम्क्याए। ती पीडकहरूको टोलीमा म्याग्दी जिल्ला भक्लिली-५ वस्ने हरिबहादुर के.सी. समेत थिए। उनीहरू गाउँका महिलाप्रति नै अपशव्द प्रयोग गर्दै थिए। उनीहरू विरूद्ध कार्तिक ६ गते सार्वजनिक अपराध ऐन अन्तर्गत मुद्दा दायर गरिएको छ।

### १.६ थुनामा मृत्यु

यो वर्ष कसैको पनि थुनामा मृत्यु भएन।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | १ | - |
| बलात्कृत | - | - | ३ |
| आत्महत्या | - | - | ४ |

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

यस वर्ष अभिव्यक्ति स्वतन्त्रता, भेला र संगठित हुने अधिकारको उल्लंघन भएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

आफूले चाहेको धर्म मान्न कसैले कसैलाई बाधा पुऱ्याएका छैनन्। विभिन्न जातजाति, भाषा भाषी र धर्मावलम्वीहरू यस जिल्लामा वस्ने गरेका भए पनि धार्मिक सहिष्णुता रहेको छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचनका सन्दर्भमा राजनीतिक पार्टीहरूले आ-आफ्नो शक्ति प्रदर्शन गरेर मतदाता प्रभावित गर्न खोजेको पाइयो। सामान्य झडपका घटनाहरू भए पनि उल्लेखनीय घटनाहरू भएनन्।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस वर्ष दुनियावादी फौज्दारी मुद्दा सम्बन्धी पुराना १ सय १ मुद्दा मध्ये ३१ मुद्दाको फैसला भयो। यसैगरी दुनियावादी देवानी तर्फ २ सय १४ वटा मुद्दा फेरि बाँकी भए, ९० वटाको मात्र फैसला भयो। सरकारवादी फौज्दारी मुद्दा तर्फ २ वटा मुद्दा फैसला भए, ३५ वटा फैसला हुन बाँकी नै छन्। समग्रमा न्याय प्रक्रिया अत्यन्त सुस्त गतिमा अगाडि बढेको छ। यसले गर्दा न्याय महंगो मात्र परेको छैन, न्यायलयकाप्रति जनधारणा विस्तारै नकारात्मक बन्न थालेको पाइन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्वासीका बारेमा छानवीन गर्ने र समाधान खोज्ने काम शुरू भएको छैन। तर केही सुकुम्वासीहरू विभिन्न ठाउँमा छरिएर बसेका पाइन्छन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

धुल्लु बास्कोट-३ की ८ वर्षीय बालिकालाई ०५० माघ ८ गते २१ वर्षका घनश्याम शर्माले बलात्कार गरे। साथीहरूसंग गुच्चा खेली रहेकी वालिकालाई ललाइफकाइ मकैको कुन्यौमा लगेर यो अपराध गरिएको थियो। बालिकाले रोईकराई गरे पछि गाउँलेहरूले पीडकलाई समाती प्रहरीमा बुझएका थिए।

हटिया-५ का दुई युवतीलाई हटिया-४ का विष्णु कुँवर, छमबहादुर कुँवर र दुर्गाबहादुर पन्तले ०५१ वैशाख १२ गते पालैपालो बलात्कार गरे। पीडित महिलाहरू सो दिन मजदूरी गरी घर फर्कदै थिए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरेकोमा दुर्गाबहादुरलाई छाडेको छ र अन्य दुई जना थुनामा राखिएका छन्।

छिस्ती-५ का सरस्वती विश्वकर्मा र भुमाकुमारी थापालाई भारतमा लगी बेच्न लागेको अभियोगमा सोही ठाउँका चन्द्रबहादुर थापा र उनकी पत्नी खगिश्वरी थापालाई प्रहरीले क्रमशः ०५१ जेठ ३१ र असार ३० गते पक्राउ गरी दुवैलाई थुनामा राखेको छ। खगिश्वरीले रीस ईवीका कारण गाउँलेहरूले फसाउन खोजेको बताएकी छिन्।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

बिहुकोट-८ का मनबहादुर दर्जीले ०५० फागुन १९ गते कला दर्जीसंग दोस्रो विवाह गरे। उनकी जेठी पत्नीले ०५१ वैशाख ५ गते बहुविवाह सम्बन्धी मुद्दा दायर गरेकी छिन्।

तित्थाङ-१ का गजेन्द्र खड्काले ०५० चैत २६ गते मनकुमारीसंग दोश्रो विवाह गरे। उनले ०४३ फागुन २४ मा वैवाहिक विधि अनुसार लक्ष्मीसंग विवाह गरेका थिए। उनको जेठी पत्नी पट्टी एक छोरी छिन्। गजेन्द्र अहिले कान्छी पत्नी सहित भारत गएका छन्।

भकुण्डे-८ का नरबहादुर रोकाले ०५१ जेठ २९ गते हेमकुमारीसंग दोस्रो विवाहर गरे। उनकी जेठी पत्नीबाट एक छोरा समेत छन्। प्रहरीले नरबहादुरलाई २ हजार धरौटी लिई छाडेको छ।

पैयुपाटा-२ का एकराज रेग्मीले जेठी पत्नी हिरादेवीलाई हेला गरी माइत पठाई मीनादेवीसंग ०५१ असार २६ गते दोश्रो विवाह गरे। पीडककी जेठी पत्नीले जिल्ला प्रहरी कार्यालयमा मुद्दा दायर गरेकी छिन्।

पैयुपाटा-८ का मनबहादुर केसीले ०५१ भदौ २२ गते सीता केसीसंग दोश्रो विवाह गरे। जेठी पत्नी देवीकलाबाट दुईवटा छोरी मात्र भएकाले छोरा पाउन भनी दोश्रो विवाह गरेको कुरा मनबहादुरले बताएका छन्। जेठी पत्नी देवीकलाले कार्तिक २० गते बहुविवाह सम्बन्धी मुद्दा दायर गरेकी छिन्।

### ४.३ गर्भपतन

लहरे पिपल-१ मिरलाखुरीमा २ वर्ष देखि माइती बस्दै आएकी मनुकुमारी सार्कीले बच्चा जन्माई ०५० पुस १९ गते गुए खोलामा फ्याँकी मारिन्। अवैध गर्भधारण गरेपछि उनले गर्भपतन गरेको बताइएको छ। आफ्नो पति तर्फबाट उनको एउटा ६ वर्षीय छोरी छ। मनकुमारीलाई अहिले थुनामा राखिएको छ।

बडहरे-४ घर भै कालिका-४ मा होटल व्यवसाय गर्दै आएकी शकुन्तला भन्ने यमकला रिजालले ०५० चैत २७ गते गर्भपतन गराइन्। गर्भ कसको हो भन्ने ठेगान नभएकाले गर्भपतन गराएको कुरा उनले बताएकी छिन्। अदालतले उनलाई तारिखमा छाडेको छ।

जैवी-८ की ४४ वर्षीय भीमादेवी जीसीले ०५१ वैशाख १३ गते बच्चा जन्माई मारिन्। आफ्नै जेठाजुको छोरा चन्द्रबहादुर जीसीसंगको अनैतिक सम्बन्धका कारण उनको गर्भ

रहन गएको थियो। उनलाई थुनामा राखिएको छ। गर्भ बोकाउने चन्द्रबहादुर जीसी भने फरार छन्। भीमाका पति भारतमा बस्छन्।

बाटाका चौर-४ तिलकबहादुर वि.क.की पत्नी तिलकुमारी वि.क.ले ०५१ भदौ ९ गते ७ महिनाको गर्भपतन गराइन्। उनले बमबहादुर श्रीसको अवैध गर्भ बोकेकी थिइन्। गर्भपतन गराउन हर्कबहादुर दर्जीले औषधि दिएका थिए। तिलकुमारी र हर्कबहादुरलाई थुनामा राखिएको छ।

सिगाना-१ बस्ने २२ वर्षीय विष्णुमाया विश्वकर्माले बच्चा जन्माई ०५१ असोज १२ गते खाल्डो खनेर पुरिन्। सिगाना-२ को कमल वि.क. ले करणी गरी आफूले गर्भ बोकेको कुरा विष्णुमायाले बताएकी छिन्। स्थानीय विद्यालयमा ८ कक्षामा पढ्ने विष्णुमायालाई अहिले थुनामा राखिएको छ। उनले पोलेको कमल विश्वकर्मा हाल बुटवल नगरपालिका जोगी कुटी घर नं. ४८ मा बसेको बताइन्छ।

पाला-५ काब्रेकी अविवाहित टीकामाया सर्किनीले ०५१ मंसीर १५ गते मृत बच्चा जन्माइन्। पाला-४ का हीराबहादुर भण्डारीसंग अनैतिक सम्बन्ध भई गर्भ रहेको कुरा टीकामायाले बताएकी छिन्। हीराबहादुर भारतमा कामका लागि गएका छन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

घरेलु काम काजमा बालबालिकाको सहभागिता यहाँको परम्परागत चलन हो। बालअधिकारका बारेमा अभिभावकहरूले कुनै चासो देखाएका छैनन्। बालबालिकाहरू शिक्षाको अधिकारबाट वञ्चित छन्। छोरा र छोरीलाई भेदभाव गर्ने चलनले छोरीहरूलाई स्कूल नपठाउने चलनमा उल्लेखनीय सुधार हुन सकेको छैन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी उल्लेखनीय घटना भएका पाइएनन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

दास दासी प्रथा उल्लेख्य रूपमा रहेको पाइदैन। तर छुवाछूतको भेदभाव अझै पनि कायम छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कुनै टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

कालिका-३ का १४ वर्षीय राजु भण्डारीलाई ०५१ भदौ १९ गते बागेचौर नेर बसले टक्कर दिनाले घटनास्थलमा नै मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

धम्जा-५ हिलखोरमा ०५१ भदौ २६ गते आगलागीमा परी गोमती सर्किनी र उनकी २ वर्षीय छोरीको मृत्यु भयो।

निसी-५ का लालबहादुर बुढालाई ०५१ साउन २३ गते गुम खोलाले बगायो र उनको मृत्यु भयो।

भीरबाट लडेर भएका मृत्युः

- कालिका-३ गुठीका रत्नबहादुर मार्कीको ०५० माघ ३० गते।
- भकुण्डे-७ का कविराज थापाको सल्लेरी भीरमा ०५१ वैशाख ५ गते।
- महथ-६ का लीलाधर सुब्बाको रिधा गाविसको मनेवा भन्ज्याङ नेर ०५१ जेठ २७ गते।
- कालिका-४ नौबीसे टोलका अयोध्याप्रसाद ओझाको ०५१ भदौ १३ गते।
- कालिका-३ गुठीका मनबहादुर चम्कारको ०५१ मंसीर १३ गते।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

पाला-१ धिमी बस्ने मती थापा ०५० चैत २४ गते पटुकाले पासो लगाई झुण्डिई मरीन्।

राङखानी-१ का रणबहादुर वि.क. ०५० चैत २७ गते झुण्डिई मरे। आर्थिक विपन्नताले गर्दा उनले आत्महत्या गरेको बताइएको छ।

कुस्मिशेरा-३ की १८ वर्षीय अमृता आचार्यले ०५१ असार १६ ते आत्महत्या गरिन्। पति र सासुले सधैं गाली र कुटपीट समेत गर्ने गरेकाले उनले आत्महत्या गरेको बताइएको छ।

पाला-६ बाटुलेका ७० वर्षीय टीकाराम गौतम डोरीको पासो लगाई मरे।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

अधिकारी चौर-४ का पूर्णबहादुर विश्वकर्मा र तीर्थमान विश्वकर्मालाई चोरीको अभियोगमा ०५० चैत १७ गते गिरफ्तार गरिएको छ। केशव बहादुर घर्ती, नरवीर भण्डारी, प्रमाण भण्डारी र तहलसिंह भण्डारी घरमा नभएको मौका पारी उनीहरूले ५१ हजार ४ सय ८३ रूपैया बराबरको धनमाल चोरेको बताइएको छ। पीडकहरूलाई थुनामा राखिएको छ।

रणसिंह किट्नी-६ का डमबहादुर घर्तीलाई ०५१ कार्तिक १२ गते प्रहरीले गाँजा जम्मा गरिरहेका बेला पक्राउ गऱ्यो। निज घर्तीलाई तारेखमा छाडिएको छ।

बोवाङ-९ ढोरपासका चाम्पा लामाको घोडा चौरमा चराउन छाडेको बेला ०५१ मंसीर १६ गते दैलेख जिल्ला खडक वडा-३ का मानबहादुर रावलले चोरी गरे। प्रहरीले घोडा सहित मानबहादुरलाई पक्राउ गरेको छ।



# ३. पश्चिमाञ्चल

# धवलागिरी

# ३.१४ पर्वत

जनसंख्या : १४३५४७
साक्षरता : ५१.७ प्रतिशत
महिला साक्षरता : ३८.० प्रतिशत
क्षेत्रफल : ४९४ वर्ग कि.मी.

नेपलका साना र पिछडिएका जिल्लाहरू मध्ये पर्वत पनि हो। आर्थिक रूपले विपन्न वर्गहरूको अधिक बसोबास भएको यो जिल्ला मानवअधिकार हननका दृष्टिले पनि चर्चामा रहने गरेको छ। यहाँ राजनीतिक सुसंस्कारको अभावले पनि विभिन्न घटनाहरू हुने गरेका छन्।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

शंकरपोखरी-४ की सीताकुमारी लंगादेले ०५० पुस ८ गते विवाह गरेको ठीक ७ दिनपछि काका नाता पर्ने गाउँकै हरिप्रसाद अधिकारीसँग यौन सम्पर्क गरी जन्मिएकी बच्चालाई घाँटी अँठ्याई मारीदिइन्। बच्चा जन्मिएपछि काका हरिसँगकै सल्लाह अनुसार मारेको कुरा पीडक सीताले बताएकी छन्। पीडक हाल थुनामा छिन्।

लिमीटाना-८ की १६ वर्षकी कमला घर्तीलाई सोही गाउँका वर्ष २४ का माधव पन्तले ०५१ साउन १९ गते कुटपिट गर्दा उनको मृत्यु भएपछि लाशलाई बारीको रूखमा झुण्ड्याए। तल्लो जातकी घर्ती केटीसँगको प्रेम प्रसंगलाई छिपाउन उनले यो हत्या गरेको बताइन्छ। अभियुक्त हाल फरार छन्। जिल्ला प्रहरी कार्यालयबाट घटनाका सम्बन्धमा खोज अनुसन्धान भइरहेको छ।

मगरा-१ की मनकुमारी घिमिरेले ०५१ भदौ १७ गते आफ्नो दाजु खेमबहादुर घिमिरेसँगको कन्या अवस्थामा भएको यौन दुराचारको परिणाम स्वरूप जन्मेकी छोरी मारेर फ्याँकेकी थिइन्। बा-आमा नभएकाले समयमा विवाह नभएको कारण यो दुर्दशा भोग्नु परेको कुरा उनी बताउँछिन्। हाल मनकुमारी अनुसन्धानका लागि जि.प्रका.मा हिरासतमा छिन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | ३ | २ |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | - | २ |

### १.२ जेल र बन्दीहरू

२५ जनाको क्षमता भएको यहाँको जेलमा हाल आरोपित ११ र दोष प्रमाणित ८ गरी २० जना बन्दीहरू छन्। जेलभित्र सरसफाई र औषधोपचारको त्यति राम्रो व्यवस्था छैन। खेलकूदका सामानहरू र पत्रपत्रिकाको कुनै सुविधा छैन।

### १.३ गिरफ्तारी र यातना

दुर्लुङ्ग-९ निवासी खड्गबहादुर गुरूङ्ग तथा आशबहादुर मगरलाई डि.एफ.ओ. को नेतृत्वमा गएको सशस्त्र प्रहरी जत्थाले बन फडानी गरेको आरोपमा ०५१ वैशाख २१ गते सार्वजनिक अपराधमा मुद्दा चलाई जिल्ला प्रशासन कार्यालयमा बुझाए। पीडितहरू हाल धरौटीमा छुटेका छन्।

ठानामौला-७ का कृष्णबहादुर गुरूङ्गलाई ०५१ वैशाख ३१ गते सोही गाउँका पूर्णबहादुर गुरूङ्ग लगायतका व्यक्तिहरूले कुटपीट गरे। राजनीतिक रिसइवीका कारण यो घटना घटेको वताइन्छ। पीडित कांग्रेस समर्थक र पीडक नेकपा एमाले समर्थक हुन्। पीडकउपर पर्वत जिल्ला अदालतमा कुटपीट मुद्दा दायर गरिएको छ।

पकुवा-४ का तीर्थबहादुर पौडेल क्षेत्रीलाई ०५१ जेठ २९ गते सोही गाउँ निवासी उनका छोरा हीराबहादुर पौडेल क्षेत्रीले स्थानीय सुनारनीहरू तथा आफ्नो मतका अन्य व्यक्तिहरू समेतको सहयोगमा कालो मोसो घसी, दिसा खुवाई गाउँ परिक्रमा गराएका थिए। छोरा रक्सी, रण्डीमा लागेको

कारण उनको नाउमा भएको जग्गा दुरूपयोग गर्ला भन्ने ठानी पीडितले पर्वत जिल्ला अदालतमा अंश मुद्दा दिएकोमा यो नियति भोग्नु परेको थियो। पीडकउपर पर्वत जिल्ला अदालतमा गाली बेइज्जती मुद्दा दायर गरिएको छ।



*यातनाबाट पीडित तीर्थबहादुर पौडेल*

लिमीठाना-६ स्थित कोपिला कवर देवीलाई ०५१ असार ७ गते सोही गाउँका अर्जुन पन्तले आफ्नो खेतको आलीमा हिंडेको आरोपमा कोदालोले पिटी घाइते बनाए। पीडक उपर पर्वत जिल्ला अदालतमा मुद्दा दायर भएको छ।

पाङराङ-७ बस्ने रञ्जीता कवर र ईन्दबहादुर कवरलाई सोही गाउँका रबिलाल कवरले ०५१ असार ९ गते पिटी घाइते बनाएका थिए। व्यक्तिगत रिसइवीका कारण यो कुटपीट भएको थियो। पीडकउपर जि.प्र.का. मार्फत कार्वाही भइरहेको छ।

सरौखोला, पर्वतका खुँडे सापकोटालाई ०५१ असार २५ गते सोही गाउँका दुर्गाबहादुर थापा लगायत १३ जनाले स्थानीय विद्यालयको कोठामा थुनी गाउँमा भएको चोरीमा संलग्न रहेको आरोप लगाई मरणासन्न हुने गरी पिटेका थिए। सो पिटाइबाट पीडकको ढाड भाँचिएको छ, गर्धनको मस्तिष्क नशा टुटेको छ र हातखुट्टा समेत चल्दैनन्। कतै उजुरी गर्दा उल्टै बास उठ्न सक्ने आशंकाले पीडितले कतै उजूरी नगरेको बताएका छन्। पीडक पीडित दुवै कांग्रेस समर्थक हुन्।

लेखफाँट-२ का टेकबहादुर वि.क., धनबहादुर विश्वकर्मा लगायतका ५ जनालाई ०५१ साउन ९ गते लेखफाँट-१ का योगेन्द्र सुवेदीको घरबाट नगद २० हजार चोरी गरेको भन्ने आरोप लगाई स्थानीय चौकीका इञ्चार्जसँग मिलोमतो गरी पक्री निर्ममतापूर्वक यातना दिइएको थियो। पीडितहरूलाई साविती बयान नदिए ज्यानै नबच्ने धम्की जिप्रकाका असइले दिएका थिए ।

पीडितहरू नेकपा एमाले समर्थक भएका कारण पीडक कांग्रेसका स्थानीय नेताको इसारामा यो प्रहरी ज्यादती भएको बताइन्छ।

मूक ताङ्गले-२ का युक्तबहादुर गुरूङ्गलाई ०५१ कार्तिक ९ गते चुनाव प्रचार-प्रसारका सन्दर्भमा आयोजित सांस्कृतिक कार्यक्रममा सामेल भइरहेको बेला कास्की सल्यान गाविसका उपाध्यक्ष नानबहादुर क्षेत्रीको इशारामा स्थानीय प्रहरीले समाती कडा यातनाका साथ राती २ बजेसम्म चौकीमा राखेका थिए। पीडित नेकपा एमालेको कार्यकर्ता भएकाले यो यातना दिइएको बताइन्छ।

पाङ्गराङ्ग-७ का कृष्णबहादुर कवरलाई ०५१ मंसीर १७ गते नुवाखर्क-८ का धनबहादुर गुरूङ्ग लगायतका व्यक्तिहरूले फलामको डण्डीले मरणासन्न हुनेगरी पिटे। पीडित नेकपा एमाले समर्थक भएकाले राजनीतिक रिसइवीका कारण यो घटना घटेको बताइन्छ। कांग्रेस समर्थक पीडकउपर जिल्ला प्रहरी कार्यालय मार्फत कार्वाही भइरहेको छ।

हुवास-६ का कर्णबहादुर थापा तथा बलीसरा कवरलाई ०५१ पुस ७ गते त्रिवेणी-३ का खेमबहादुर गुरूङ्गले रक्सी सेवन गरी कुटपीट गरे। निज पीडकले प्र.ह. क्षेत्रबहादुर रानालाई समेत पिटेका थिए। हाल पीडक उपर सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रहरी कार्यालय मार्फत कार्वाही भइरहेको छ।

### १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना प्रकाशमा आएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

०५१ कार्तिक २९ गते राम्जा गाविसको मतपेटिका फ्यौंकन नदिएको आरोपमा राम्जा-३ का शरणबहादुर थापा र सन्तोष गुरूङ्गलाई सोही गाउँका प्रद्युम्न पौडेल, पर्शुराम पुरी लगायतका व्यक्तिहरूले मरणासन्न हुने गरी पिटे। पीडितहरू एमाले समर्थक भएका कारण कांग्रेस पक्षका कार्यकर्ताले पिटेका थिए।

नालीवाङ्ग-९ का गोविन्दबहादुर खत्रीलाई सोही गाउँका उनका दाजु मीनबहादुर खत्रीले अंशवण्डाको निउमा बारीमा खनिरहेको बेला झुक्याएर ढुंगाले हानी घाइते बनाए। पीडकउपर कानूनी कार्वाही भइरहेको छ।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएको देखिएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / भेला हुने र संगठित हुने अधिकार

देउराली-१ का चंखबहादुर पुन र चुरामान पुनलाई सोही गाउँका प्रसाद पुन मगरले ०५१ कार्तिक ७ गते नेकपा एमालेलले देउराली गाविस पर्वतमा आयोजना गरेको चुनाव प्रचार सभामा जान दिएनन्। सो सभामा जानेहरूको बसोबास नै उठाई दिने धम्की पीडकले दिएका थिए। पीडितहरू धम्कीका कारण सो सभामा सामेल हुन नसकेको सूचना गर्दछन्। ०४८ को स्थानीय निर्वाचनमा निज प्रसाद पुनले एमालेको सभामा सामेल भएका कारण माइला पुनको टाउको फुटाएका थिए भने उनका विरूद्ध उम्मेदवार दिएका कारण मनबहादुर पुनको घरबास उठाइयो। प्रसाद पुन कांग्रेसका कार्यकर्ता हुन्।

पीपलटारी-४ का देवीप्रसाद शर्मालाई प्रद्युम्न शर्मा पौडेल लगायतका व्यक्तिहरूले ०५१ कार्तिक २६ गते नेकपा एमालेको चुनाव ऱ्यालीमा भाग लिएका कारण कुटपीट गरी

स्थानीय मोदी नदीमा डुबाइ मार्ने प्रयत्न गरेका थिए। स्थानीय भट्टी पसलेहरू र मछुवाका कान्छा मगरको सहायताले बल्लतल्ल ज्यानसम्म बाँचेको कुरा पीडित बताउँछन्।

## २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता छ।

## २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

पर्वत पाङ्गराङ्गका अधिकतम सर्वसाधारण मतदाताहरूलाई पर्वत-२ का कांग्रेसका सांसद उम्मेदवार उमा अधिकारी लगायत उनका सहयोगीहरूले ०५१ कार्तिक २९ गते आतंकित पारी मतदानबाट विमुख गराएका थिए।

०५१ कार्तिक २५ गते पर्वत निर्वाचन क्षेत्र-२ का अधिकांश मतदाताहरूलाई कांग्रेसका उम्मेदवारको निर्देशनमा भित्रिएका १ सय ५४ जना व्यक्तिहरूले छुरी, पेस्तोल देखाई विभिन्न ठाउँमा आतंकित पारे।

यी मध्येका १५ जनालाई ०५१ कार्तिक २७ का दिन पुलेवासका जनताले समाई प्रहरीलाई बुझाएका थिए। तिनका नेता भनिने मसाने (पदमवहादुर थापा) भने रूपन्देही जिल्ला अदालतबाट विभिन्न ५ मुद्दाका अभियोगी बनाइएका छन्।

पाङ्ग गाविसका रामप्रसाद रिजाल लगायतका विभिन्न व्यक्तिहरूलाई कांग्रेसका गाविस अध्यक्ष हेम शर्मा पौडेल लगायतका व्यक्तिहरूले कार्तिक २९ गते कुटपीट गरी पाङ्ग गाविसको वुथ समेत कब्जा गरेका थिए।

पाङ्ग ७, ८, र ९ का कुनै पनि मतदाताले आफ्नो मताधिकार प्रयोग गर्न पाएनन् भने पीडकहरू हेम पौडेल, प्रकाश श्रेष्ठ, शिवप्रसाद सुवेदी, पीताम्वर रिजाल आदिले मतदान अधिकृतलाई सही गर्न लगाई करीव २ सय एक छापे मत रूखमा खसाएका थिए।

भूकतांले-१ का भीमबहादुर वी.सी. लाई शिवालय ४ का पद्युम्न पौडेल लगायत अरू २५ जनाले ०५१ कार्तिक २९ गते साँझ नेकपा एमालेको चुनावी कार्यक्रममा सक्रियता देखाएका कारण मरणासन्न हुने गरी पिटे।

पाङ्ग गाविसमा नेपाली कांग्रेसका कार्यकर्ताहरूले वुथ कब्जागरी एकलौटी एक छापे भोट रूखमा खसाएपछि क्रुद्ध एमाले कार्यकर्ताले विभिन्न नाराकासाथ बजार परिक्रमा गर्न थाले। पीडित विसी भने आफ्ना कार्यकर्ताहरूलाई सम्झाउन भरमग्दूर प्रयासरत थिए। पीडकहरूले पीडित वीसीका आँखा झिक्न समेत प्रयास गरेका थिए।

खुर्कोटका कालीप्रसाद रिजाल लगायतका व्यक्तिहरूले ०५१ कार्तिक २९ गने सोही गाविस अन्तर्गत हिमालय मा.वि. मा मतदान भइरहेका वेला मतपत्रका प्याडहरू चोरी गरी धाँधली गरेका थिए।

देउराली-८ का दलबहादुर दर्जी, डम्बरबहादुर वि.क. लगायतका सवै मतदाताहरूलाई ०५१ कार्तिक २३ गते विभिन्न ठाउँमा चुनाव प्रचार प्रसारका क्रममा वालिङ्ग, पोष्टरिङ्ग गरेका कारण देउपुर तथा डाडाँथोकका विभिन्न वडामा वसोवास गर्ने नेपाली कांग्रेसका देवेन्द्र शर्मा, शुक्रराज शर्मा आदिले हातखुट्टा भाँचिदिने धम्की दिएका थिए। पीडकहरूले वालिङ्ग मेट्ने र पोष्टरहरू च्यात्ने काम पनि गरे।

भोग्सिङ्ग-७ का पदमबहादुर गुरूङ्ग, हर्कबहादुर गुरूङ्ग तथा केशवबहादुर गुरूङ्गलाई सोही गाउँका ईन्द्रबहादुर गुरूङ्ग लगायतका १५-२० जना व्यक्तिहरूले ०५१ कार्तिक २९ को निर्वाचनमा जवर्जस्ती नेपाली कांग्रेसको पक्षमा मत हाल्न वाध्य बनाए।

राम्जा-४ का महेशकुमार गुरूङ्गलाई पाङ्ग गाविस अध्यक्ष हेमशर्मा लगायत अरू १० जनाको हूलले ०५१ कार्तिक २९ गते एमाले मास्ने भनी मरणासन्न हुने गरी कुटेर खोलामा फ्याँकेका थिए।

प्रहरी र स्थानीय एमाले कार्यकर्ताको सहयोगमा निज गुरूङ्गको खोज गरी पश्चिमाञ्चल क्षेत्रीय अस्पताल, पोखरा लगियो। निजको ढाड निको नहुने गरी भाँचिएको कुरा डाक्टरले बताएका छन्।

पीडक नेपाली कांग्रेसका कार्यकर्ताहरू हुन्, भने पीडितहरू एमाले समर्थक हुन्।

०५१ कार्तिक २५ गते कटुवाबासी एमाले समर्थकहरूलाई कटुवा-४ का नेपाली कांग्रेसका प्रद्युम्न पौडेल लगायतका व्यक्तिहरूले नेकपा एमालेको चुनाव प्रचार प्रसार गरे वापत धम्की दिएका थिए। उनीहरूले एमालेका व्यानर र पोष्टर च्याती आगो समेत लगाएका थिए।

०५१ कार्तिक २६ गते वाजुङ्ग-१, पूर्णनगरका राप्रपा समर्थकहरूले टाँसेका व्यानर पोष्टरहरू सोही स्थानका एमाले कार्यकर्ताहरूले च्यातेका थिए।

त्रिवेणी-४ का भीमसेन गुरूङ्ग र नेत्र गुरूङ्गलाई ०५१ कार्तिक २० गते कुर्घा-९ का धनबहादुर गुरूङ्ग लगायतका व्यक्तिहरूले चुनाव प्रचार प्रसारको विषयलाई आधार बनाई कुटपीट गरेका थिए। यसका साथै पीडकहरूले पीडित पक्षका भीमसेन गुरूङ्गको घर समेत भत्काएका थिए। पीडितहरू एमाले समर्थक तथा पीडकहरू नेपाली कांग्रेसका कार्यकर्ताहरू हुन्।

पर्वत क्षेत्र नं. २ शंकर पोखरीका एमाले समर्थक मतदाताहरूलाई शंकर पोखरी-४ का ने.का. का तर्फबाट विजयी गाविस अध्यक्षको नेतृत्वमा आएका व्यक्तिहरूले ०५१ कार्तिक २९ गते मतदानमा सामेल हुन दिएनन्। वुथ कब्जा गरी पीडकहरूले रूख चिन्हमा एक छापे मत खसाए। कुल मतदाता ४ हजार १ सय ३९ भएको सो गाविसमा ४ हजार १९ एक छापे मत रूखमा खसाइयो।

एमाले समर्थक कार्यकर्ताले यो ज्यादतीको विरोध गरी मतपेटीका वन्द गरी मुचुल्काको काम सकेपछि मतपेटिका फ्याँकिदिए। तत्पश्चात मंसीर १ गते भएको मतदानमा १ हजार ८ सय ४४ मत खसेको थियो जसमध्ये, नेकपा एमालेलाई १ हजार १ सय ५ मत र नेकालाई ७ सय ३९ मत खसेको थियो।

०५१ कार्तिक २९ गतेको निर्वाचनका सन्दर्भमा देउरालीका मतदाताहरूको नामावली सुनियोजित रूपमा छुटाइएको पाइयो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

राम्जा, देउरालीका नेकपा एमालेबाट गाविस अध्यक्ष गणेशप्रसाद तिमिल्सिनालाई जिल्ला परिषद पर्वतको वैठकमा अल्पमतको वैठकले गरेको मिति ०५० पुस ३० गतेको निर्णय अवैध छ, उत्प्रेषकको आदेशले वदर गरी पाउँ भन्ने सम्मानित अदालतमा रिट दायर गरेको तथा कानूनी राज कायम गर्न दवाव दिएको कारण जिविसको माइन्यूट बुक च्यातेको आरोपमा सार्वजनिक अपराध तथा सजाय ऐन अन्तर्गत मुद्दा चलाएको छ।

पीडित हाल तारेखमा छन भने मुद्दा विचाराधीन छ। जिविसको माइन्यूट गायव गरिएको चर्चा वाहिर आएको छ।

पीडित हाल सार्वजनिक अपराध अन्तर्गत अनुसन्धानमा छन्।

शंकरपोखरी-६ का गणेशप्रसाद पगाली र डिल्लीप्रसाद पगालीलाई ०५१ साउन २५ गते सोही गाविस अध्यक्ष, कार्के भन्ने हरिदत्त तिवारी लगायतका व्यक्तिहरूले एकपक्षीय रूपमा कुलो निर्माण गर्न नदिएको रिसइवी सांघ्न प्रहरीलाई दवाव दिई पक्राउ गराएका छन्। पीडितहरूलाई सार्वजनिक अपराध अन्तर्गत मुद्दा चलाइएको छ।

पीडितहरूले नयाँ कुलोको निर्माण गरेर पुरानो प्रचलित कुलोलाई असर पार्न हुन्न भनी विभिन्न सम्वन्धित निकायमा उजुरी दिएका थिए तर कतैबाट सुनुवाइ भएन।

नांलीवाङ्ग-९ का गजाधर रेग्मी र चन्द्रदत्त रेग्मीलाई सोही गाउँका दण्डपाणीले हत्याको आरोपमा ०५१ साउन २५ गते पक्राउ गराएका छन्।

राधिका नामकी महिलाले स्थानीय काली गण्डकीमा हामफाली हात्महत्या गरेकी थिइन्। पीडकले मृतकका वावुलाई मुद्दामा लाग्ने आधा खर्च आफूले वेहोरिदिने भनी उक्साएर पीडितहरूमाथि हत्याको आरोप लगाएका छन्। हाल घटनाका बारेमा छानवीन भइरहेको छ।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

राम्जा-५ का दुर्गा गौतमलाई शिवालय-४ का मोतीप्रसाद पौडेलले ०५१ साउन २३ गते नेपाल शिक्षक संघको सदस्यता नलिएका कारण न.जा.मा.वि. तिलाहारीमा रिक्त रहेको भूगोल शिक्षक पदमा नियुक्ति दिन अस्वीकार गरे। दुर्गा गौतम भूगोलमा स्नातक हुन्। पीडक उक्त विद्यालयका प्रधानाध्यापक हुन्।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यहाँ भूमिहीन तथा सुकुम्वासी समस्या त्यति चर्को रूपमा रहेको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

शिवालय-३ की लाटी महिला सरस्वती श्रेष्ठलाई उनका पति चीरञ्जीवी श्रेष्ठ र हरिकुमार श्रेष्ठले ०५० चैत २८ गते साँझ ८ बजे निजकै घरमा बस्ने मनबहादुर सार्कीलाई सरस्वती श्रेष्ठको कोठामा जवर्जस्ती थुनी ती दुवै जना करणीमा लागेको प्रचार गरे। तत्काल कुश्मेली नेवार जातिहरू जुटी दुवै पीडितलाई एक आपसमा बिग्रिएका, पुरानो लोग्नेतिर कुनै अंशवण्डा दावी नगर्ने, र सार्कीसंग उनकी पत्नी भई जान्छु भन्ने आशयको कागज गर्न लगाइयो। लाटी श्रेष्टबाट जीरञ्जीवी श्रेष्ठको एक सन्तान भइसकेको छ। उक्त घटनाप्रति कुश्माका महिलाहरूले गाविस र जिल्ला प्रशासनमा विरोध जनाए। हाल पर्वत जिल्ला अदालतमा पीडितले गाली वेइज्जती, तथा करकापमा मुद्दा दायर गरेकी छन् भने पीडकले सार्कीमाथि जारी मुद्दा दिएका छन्। पीडित महिला हाल मगन्ते-जीवन विताइरहेकी छन्। पीडकहरू जसरी पनि लाटीलाई पन्छाउन उद्यत छन्।

शिवालय-६ का सावित्री जोशी र सुशीला रानालाई ०५१ साउन १७ गते भारत रक्सौल घर भई हाल धवलागिरी अञ्चल डिष्टीलरीका सेल्सम्यान ज्ञानकुमार गुप्ताले जागीर लगाई दिने प्रलोभनमा विक्री गर्न भारत वैरगनिया पुऱ्याएका थिए ।

प्रहरीले अभियुक्त गुप्ता र पीडितहरूलाई वैरगनिया होटलबाट समाएका थिए र बाबुआमालाई टुंकल गरी पीडितहरूलाई घर फर्कन सहयोग गरेका थिए। ०५१ साउन २८ गते पीडितहरू सकुशल घर फर्केका थिए। अभियुक्त गुप्ता हाल थुनामा छन्।

वाच्छा-५ की चित्रकुमारी कोइरालालाई ०५१ असोज १३ गते साँझपख वाच्छा-२ का प्रेमकुमार खड्काले सार्वजनिक बाटोमा हातपात गरी बलात्कार गर्ने उद्योग गरेका थिए। मिलमा धान कुट्न गएका वखत बाटामा लुकी बसेका निज खड्का पीडित कोइरालाका सहपाठी हुन्।

पीडकउपर सर्वाजनिक अपराध तथा सजाय ऐन अन्तर्गत उजूरी गर्दा कांग्रेस समर्थकहरूले मुद्दा दर्ता हुन दिएनन्। पीडक ने.वि. संघ समर्थक र पीडित अखिल समर्थक भएको थाहा भएको छ।

पीपलटारी-४ की गीता पुरीलाई ०५१ पुस १० गते सोही गाउँका उनका काका खड्ग पुरीले जवर्जस्ती बलात्कार गर्ने प्रयास गरेका थिए। पीडित गीताले हारगुहार गरेको सुनी उनका हजुरआमा आइपुगेको कारण यो प्रयास विफल भएको थियो। पीडक पुरीलाई भाग्दै गर्दा गाउँलेहरूले बाटोमा समाती कार्वाहीका लागि जिल्ला प्रहरी कार्यालयमा बुझाएका छन्।

पीडितकी आमाले मुद्दा दायर नगरेका कारण प्रहरीले विनामुद्दा राख्न नमिल्ने भनी पीडकलाई छाडिदिएको छ।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

देउराली २ का ललितबहादुर वि.क.ले आफ्ना ४ छोराछोरी छँदाछदै सोही गाउँका उनका जेठान जितमान वि.क.की पत्नी, ५ छोराछोरीकी आमा विन्दरी वि.क.लाई ०५१ वैशाख १ गते भगाई वेपत्ता पारेका छन्।

रापकोटा-२, सिस्ने खर्ककी दुपर्ता काफ्लेले ०४३ सालमा मगरा-५ का चेतप्रसाद शर्मासंग विवाह गरेकी थिइन्। निज जोडीको वर्ष ३ की छोरी पनि छन्। ०५१ वैशाख २ गते निज दुपर्ता काफ्ले आफ्नो पति र छोरी छाडी रापकोटा-२ कै दीर्घलाल काफ्लेसंग पोइल गएकी छिन्। दीर्घलाल र दपर्ताउपर हाल पर्वत जिल्ला अदालतमा जारी तथा धनमाल मुद्दा दायर भएको छ।

बाग्लुङ्ग कालीका-३ की वर्ष २० की बिनाले ०५१ वैशाख ४ गते भारत नौतनवा-१३ का ध्रुवनारायण जयसवालसँग प्रेम विवाह गरेकी थिइन्। विदेशीसँगको विवाहले आफ्नो इज्जतमा धक्का पुगेको भनी ०५१ पुस १० गते पीडितका माइतीहरूले कुश्मा प्रहरी चौकीका प्रहरीहरूको सहायतामा आफ्नो इच्छा विपरीत पति जयसवालबाट छुटाई माइतीघर पठाएका थिए। नव दाम्पत्य जीवनबाट जवर्जस्ती अलग हुनु परेको कुरा देखाई ध्रुवनारायणले विभिन्न ठाउँमा हारगुहार गरिरहेका छन् तर हालसम्म असफल छन्।

तिलाहार-८ का लालबहादुर नेपालीले १ छोरा र १ छोरी सहित पत्नी डल्ली नेपाली घरमा हुँदाहुँदै सोही गाउँकी गीता गिरीसंग अन्तर्जातीय विवाह गरी ०५१ जेठ १८ गते घरमा भित्र्याएका छन्।

लालबहादुर नेपालीमाथि जि.प्र.का. पर्वतमा मुद्दा हालिएको छ।

पाखापानी-७ का दलबहादुर क्षेत्रीले सोही गाउँका ५ छोराछोरीकी आमा कान्छी क्षेत्रिनीलाई ०५१ कार्तिक २० गते भगाई पत्नी बनाई लगेका छन्। दलबहादुरउपर प्र.जि.अ. मा अंश मुद्दा समेत दायर भएको छ।

### ४.३ गर्भपतन

गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएनन्।

## ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकारका सम्बन्धमा कुनै घटना प्रकाशमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

यहाँ दासत्व, कमैया, बाँधा र हलिया सम्बन्धी प्रथा छैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

शालिजा-७ का पर्शुराम गर्वुजा मगरलाई सोही गाउँका तीर्थबहादुर पुर्जाले ०५० चैत ९ गते धामीको तन्त्रमन्त्रको आधारमा सामान चोरेको आरोप लगाएका छन्। बसेको ठाउँबाट उठ्नै नसक्ने वृद्धलाई २ घण्टा टाढाको गाउँमा गई सामान चोरेको अभियोग लगाइएको छ। पीडितले पीडकउपर पर्वत जिल्ला अदालतमा गाली वेइज्जती मुद्दा दायर गरेका छन्। मुद्दा चालू छ।

भुडिकुवा-६ का रामप्रसाद खनाललाई सोही गाउँका टीकाराम भुसाल लगायत उनका सहयोगीहरूले ०५० चैत २९ गते सर्वाङ्ग नाङ्गै बनाई, दिसा खुवाई कालो मोसो घसेर बजार परिक्रमा गराए। पीडककी छोरी र पीडित वीच बालक कालदेखि नै प्रेम रहेको बताइन्छ। र उनीहरू चाँडै विवाह गर्ने सहमतिमा पुगेको कुरा समेत थाहा भएको छ।

पर्वत दुर्लुङ्गका खड्गबहादुर गुरूङ्ग समेत ८ जनालाई दुर्लुङ्गको कपदास भन्ने वनमा ढलेको साजको रूख उठाई वेचविखन गर्न नदिएको आरोपमा जिल्ला बन कार्यालयका डि.एफ.ओ. महेश आचार्यले सार्वजनिक अपराधमा मुद्दा हाली दुःख दिएका थिए। हाल पीडितहरू धरौटीमा तारेखमा छुटेका छन्। बनमा ढलेको साजको रूख स्थानीय जनताको हो भन्ने मनशाय राख्दै दुर्लुङ्गका जनताहरूले डि.एफ.ओ.को नेतृत्वमा गएका कर्मचारीलाई ०५१ वैशाख २१ गते रूख लान दिएनन्। पीडित र पीडकवीच हात हालाहाल समेत भएको थियो। पटकपटकको प्रयासपछि सशस्त्र प्रहरीकासाथ डिएफओले काठ लोड गरी बन कार्यालय लगी बाग्लुङ्गतिर वेचेको बताइन्छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

कुनै टिप्पणी वा प्रेस वक्तव्य देखा परेन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

वाग्लुङ्ग घुल्लु-९ का रामबहादुर थापा ०५० पुस २९ गते शिवालय-५ मा पर्ने मोदी खोलामा डुवी मृत्यु भयो। मृतक थापाको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

तिलहार काउछेका शम्भुजित लामिछानेलाई ०५० माघ २९ गते आफ्नो विहेका लागि सामान किनेर घर फर्कदा चालक विष्णु सार्कीको नं. ३६९ को ट्याक्टरले किची घटनास्थलमा उनको मृत्यु भयो।

शिवालय-६ की राधिका गिरीलाई ०५० चैत ८ गते राजु गुरूङ्ग चालक रहेको नं. २७६ को ट्याक्टरले किची घटनास्थलमा नै उनको मृत्यु भयो।

चुवा-१ पर्वतका विष्णुकुमारी सुवेदी र चन्द्रकला पाध्यालाई ०५० चैत ३१ गते ९९३ नं. को ट्रकले किच्यो। चन्द्रकलाको तत्काल मृत्यु भयो।

शिवालय-३ का जीवन गोतामेलाई ०५१ भदौ २३ गते पोखरा-१५ का महेश गुरूङ्गको ग.अ. १८०७ को मोटर साइकलले धक्का दिई घाइते बनायो।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू भएको पाइएन।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पइएन।

### ९.४ आत्महत्या

तिलहार-६ की कुन्ती गुरूङ्गले ०५१ असार २७ गते मट्टीतेल खन्याएर आगो लगाई आत्महत्या गरिन्।

नालिबाङ्ग-९ की राधिका रेग्मीले ०५१ साउन १६ गते काली गण्डकीमा हामफाली आत्महत्या गरिन्। आफ्ना ससुराले आफ्नै पतिका अगाडि गाली गलौज गरी अश्लीलता प्रदर्शन गर्दा पनि पति मुकदर्शक बसेकोले आत्मग्लानी भई उनले आत्महत्या गरेको थाहा भएको छ।

### ९.५ अपराधिक घटना - आतंक / ब्ल्याकमेल / डकैती

स्याङ्गजा चण्डीकालीकाका अलिमिया लगायतका व्यक्तिहरूले ०५० चैत २२ गते रक्सी पिई लाकुरी-५ का इन्द्रप्रसाद सुवेदी तथा गंगा सुवेदीको घरमा ढोका फोडी पसलभित्रका सामान लुटेका थिए। पीडकहरू सांघातिक हतियार सहति उपस्थित थिए। पीडकउपर पर्वत जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध तथा सजाय ऐन अन्तर्गत कार्वाही भइरहेको छ।

शिवालय-८ का असईलाई ०५१ भदौ १८ गते नेपाली कांग्रेसका तर्फबाट विजयी खुर्कोट गाविसका अध्यक्ष गंगाधर शर्मा लगायतको हूलले जाँड खाएर पसल पसलमा होहल्ला मच्चाई हिड्ने रूद्रबहादुर क्षेत्रीलाई समाएर प्रहरी चौकीमा राखेका कारण हातपात गरेका थिए। आइन्दा प्रहरीले त्यस्तो काम गरे जागीर समेत खाइदिने धम्की पनि दिइयो।

पर्वत आर्थर स्वास्थ्य चौकीका अ.हे.ब. विष्णुप्रसाद सुवेदीलाई सोही गाउँका आशबहादुर गुरूङ्गले ०५१ वैशाख २६ गते स्वास्थ्य चौकीका औषधीहरू तोडफोड गरी हातपात समेत गरेको बताइन्छ। पीडकउपर सार्वजनिक अपराध अन्तर्गत जिल्ला प्रशासन कार्यालयमा मुद्दा चलिरहेको छ।

त्रिवेणी-३ का खेमबहादुर गुरूङ्गले ०५१ पुस ७ गते त्रिवेणी चौकीका प्रहरी क्षेत्रबहादुर रानालाई हातपात गरे। पीडकले प्रहरी चौकीमा पनि आतंक मच्चाएकाले जिल्ला प्रहरी कार्यालयमा बुझाइएको छ। अभियुक्त उपर सार्वजनिक अपराध अन्तर्गत कार्वाही भइरहेको छ ।

■



# ३. पश्चिमाञ्चल

# धवलागिरी

# ३.१५ म्याग्दी

जनसंख्या : १००५५२

साक्षरता : ३९.५ प्रतिशत

महिला साक्षरता : २६.० प्रतिशत

क्षेत्रफल : २२९७ वर्ग कि.मी.

पश्चिमाञ्चलको म्याग्दी जिल्ला पनि पहाडै पहाडले बनेको छ। यहाँ पनि बहुसंख्यक जनता कृषिमै आश्रित छन्। भौगोलिक विकटता र यातायातको असुविधाका कारण यहाँका कतिपय ठाउँ निकै दुर्गम र विकट मानिन्छन्। शिक्षा र सामाजिक चेतनाको अभावमा बहुसंख्यक नागरिकले आफ्नो मौलिक अधिकारको उपभोग समेत गर्न नसकिरहेको यो ठाउँमा मानवअधिकार उल्लंघनका घटनाहरू पनि त्यति प्रचारमा आउने गरेको पाईदैन।

### १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

झिं गाविस-२ को गंग थजाली (लाटो) लाई सोही ठाउँको वाटे थजाली (लाटो) ले ०५१ भदौ २३ गते कुटपिट गरी हत्या गरे। मृतककी भाञ्जीसंग विवाह गर्ने कुरा गरी वेलावेलामा जिस्क्याउने समेत गरेपछि रीस उठेर गंग थजालीले वाटे थजालीलाई हात हाले। तर कुटपिटमा उल्टो उनकै मृत्यु भयो। अभियुक्तलाई थुनामा राखिएको छ।

सिङ्ग गाविस-१ का ५५ वर्षीय रामसिंह गुरूङ्ग ०५१ जेठ २५ गते मृत अवस्थामा फेला परे। उनी हेमेन्द्र मल्ललाई मारेको भन्ने आरोपमा थुनामा परी तारेखमा छुटेका थिए र त्यसैदिन जिल्ला अदालतबाट सफाइ पाई घर जान लागेका थिए। हेमेन्द्र मल्लको हत्याको पोल खोल्ने डरले रामसिंहको हत्या गरिएको हो भन्ने भनाई स्थानीय मान्छेहरूको छ। उनको हत्याको आशंकामा राजु मल्ल, कृष्णबहादुर भण्डारी, डम्बरबहादुर खत्री, दीपक शाही, योगेन्द्र वानियाँ र डिलबहादुर सार्कीलाई गिरफ्तार गरिएको थियो। तर वास्तविक अभियुक्त पत्ता लाग्न नसकेको वताइन्छ।

वाग्लुङ्ग जिल्ला नमान गाविस-९ का ओमबहादुर भट्टचनलाई म्याग्दी जिल्ला रूम गाविस-७ स्थित गुराँसे डाँडा जंगलमा स्थानीय शंखप्रसाद पुन लगायतका ५ जना व्यक्तिले खुकुरी प्रहार गरी ०५० पुस २९ गते हत्या गरे। ओमबहादुर र उनका एकजना साथी मिलेर गुराँसे डाँडामा चरेश बनाउने काम गरेको र उनीहरूले उत्पादन गरेको त्यही चरेश लुट्नका लागि ओमबहादुरको हत्या गरिएको हो। पछि प्रहरीले चरेश सहित चरेश बनाउन प्रयोग गरिने सामान बरामद गरेको थियो। हत्यामा संलग्न व्यक्ति र चरेश उत्पादनमा संलग्न अन्य व्यक्तिलाई गिरफ्तार गरिएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | - |
| बलात्कृत | १ | - | २ |
| आत्महत्या | - | - | १ |

### १.२ जेल र वन्दीहरू

वन्दी क्षमता २५ जना भएको यहाँको जेलमा थुनुवा मात्र रहेका छन्। हाल ३२ जना पुरुष र १ जना महिला थुनामा छन्। क्षमताभन्दा बढी बन्दीहरू राखिएकाले उनीहरूले केही कष्ट पनि व्यहोर्नु परिरहेको देखिन्छ। नव निर्मित यो जेल भौतिक रूपले राम्रो रहे पनि जेलभित्र रातीका लागि चर्पीको व्यवस्था नहुँदा वन्दीहरूले गुनासो गर्ने गरेका छन्।

### १.३ गिरफ्तारी र यातना

यो वर्ष गिरफ्तारी र यातनाका घटना देखा परेनन्।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

मुना गाविस-३ का १९ वर्षीय थरबहादुर भण्डारी र १९ वर्षकै दिनेश भण्डारी ०५१ पुस १४ गते आफ्ना साथीलाई भेटेर घरतिर फर्किरहेको बेला बाटोमा सोही गाउँका लालबहादुर भण्डारी र दुर्गबहादुर भण्डारीले प्रहार गरेको खुकुरी र छुरीबाट मरणासन्न बन्न पुगे। थरबहादुरको भूँडी र कन्परामा चोट लागेको थियो भने दिनेशको गर्धन, भूँडी र कानमा चोट लागेको थियो। पीडकहरूलाई प्रहरीले हिरासतमा लिएको छ।

हिप्तान गाविस – महभीरका ३५ वर्षीय राजबहादुर पुनः ०५१ मंसीर ६ गते बेनीबाट घर तर्फ जाँदै थिए। उनी मध्यावधि निर्वाचनमा विजयी भएपछि नेकपा (एमाले) ले निकालेको विजय जुलुसमा सहभागी भएर फर्किने क्रममा तिप्ल्याङ्गमा आइपुगेर खाना खान लागेको बेला उनीमाथि राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ता काले पुनले आक्रमण गरे। मादक पदार्थ सेवन गरेर मातेका काले पुनले प्रहार गरेको बियरको बोतलले राजबहादुरको आधा कान नै काटेको थियो। अभियुक्तलाई पक्राउ गरिएको छ।

ताकम गाविस-४ का ४५ वर्षीय यामबहादुर कार्कीलाई ०५१ मंसीर ५ गते सोही गाउँका २७ वर्षीय अर्जुन थापाले ज्याना मार्ने धम्की दिँदै कुटपिट गरे। मध्यावधि निर्वाचन सकिएको लगत्तै यामबहादुरले एमालेलाई नैतिक समर्थन गरेको रीसमा कांग्रेस सम्बद्ध अर्जुनले त्यसरी पिटेका थिए। घटनाका सम्बन्धमा प्रहरीमा उजुरी गर्दा, उजुरी दर्ता गरिएन। गाउँलेहरूले भने पीडकलाई कायलनामा गराएको बताइएको छ।

अर्मन गाविस-७ का पूर्णबहादुर छन्त्याललाई सोही गाउँका दण्डपाणि गौतम र भीमप्रसाद गौतमले ०५१ वैशाख २९ गते सख्त घाइते हुने किसिमले कुटपिट गरी भीरबाट खसाले। भीरको बीचमै आड्किएर उनी बाँच्न सकेका थिए। पूर्णबहादुरको दाहिने खुट्टा भाँचिएको छ र उनी वैशाखी टेकेर हिड्न विवश बनाइएका छन्।

पीडित पूर्णबहादुरले दण्डपाणिकी वहिनी विवाह गरेका थिए। तर श्रीमती कहिल्यै पनि घर नबस्ने र सधैंभरि माइतीमै बस्ने गर्दीथिन्। त्यसैकारण दण्डपाणिले वहिनीका लागि वारम्वार अंश दिन पूर्णबहादुरलाई भन्दै आएका थिए। पूर्णबहादुरले अंश दिन नमानेकै कारण रीसको झोंकमा त्यसरी मार्ने प्रन्यत्न गरिएको थियो।

अभियुक्तहरूलाई ज्यान मार्ने उद्योग अन्तर्गत कारवाही गरी पाउँ भनी पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी दर्ता गरे पनि अहिलेसम्म कुनै कारवाही चलाइएको छैन।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएको पाइएन।



*म्याग्दी जिल्ला कारागार*

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

बाबियाचौर गाविस-५ को बजारमा निर्वाचन प्रचार-प्रसारको क्रममा झुण्ड्याइएको नेकपा एमालेको २ वटा व्यानर र एउटा सूर्य चिन्हको झण्डा ०५१ असोज २८ गतेका दिन कांग्रेसका स्थानीय स्टालिनमान शेरचनको नेतृत्वमा रहेको समूहले आगो लगाई जलायो। रक्सीले मातेका उनीहरूले त्यसपछि एमाले विरूद्ध गाली गलौजका नारा पनि लगाए। घटनाका सम्बन्धमा सम्बन्धित निकायहरूमा जानकारी गराउँदा कुनै कारबाही चलाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम रहेको छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

रत्नेचौर गाविस-५ का वालकुमार रोका लगायतका एमाले कार्यकर्ताहरू ०५१ कार्तिक २८ गते मदतान प्रतिनिधिलाई भेटी निर्वाचन सम्बन्धी आवश्यक कार्यहरू गर्न गएको वखत कांग्रेसका गणेशबहामदुर महत, कृष्णबहादुर महत, झुपीन्द महत आदि व्यक्तिहरूले मार्ने धम्की दिँदै कुटपिट गरे। पीडकहरूले रक्सी सेवन गरेका थिए। पीडकहरूमाथि कारवाहीको माग गरी सम्बन्धित ठाउँमा उजुरी गरिएकोमा कुनै कारवाही गरिएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अशिक्षा र गरीबीका कारण नागरिकहरू आफैं नै संविधान प्रदत्त आफ्ना अधिकारहरू उपभोग गर्न सकिरहेका छैनन्। यहाँको अदालतप्रति जनताको धारणा सकारात्मक रहेको छ। तर पनि न्यायलयमा ढिलासुस्ती हुने गरेको र न्याय जस्तो कुरा पनि महँगो बन्दै गएको गुनासो जनताको छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी घटना भएन।

### ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्वासी सम्बन्धी समस्या त्यति चर्को रूपमा देखा परेको पाइएन।

### ४. महिला अधिकार

### ४.१ महिला किनबेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

अर्थुङ्गे गाविस-५ की १० वर्षीय वालिकालाई ०५१ कार्तिक १९ गते स्थानीय युवक २५ वर्षीय वावुराम वानियाँले वलात्कार गरे। तिहारको दिन राती भैली खेलेर घरतर्फ गैरहेका ७ जना वालिका मध्ये अन्य ६ जनालाई भगाएर पीडकले रेखालाई वलात्कार गरेका थिए। पीडकलाई थुनामा राखी कारवाही चलाइएको छ।

ज्यामरूककोट गाविस-१ का १८ वर्षीय नारायणबहादुर कार्कीले ०५० फागुन ४ गते राती आफ्नै काकी पर्ने ३२ वर्षीय उमामति कार्कीलाई खोसनीको धुलो आँखामा हाली दिई बलात्कार गरे। पीडकलाई पक्राउ गरी कारवाही चलाइएको छ।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धमा कुनै घटना सार्वजनिक जानकारीमा आएन।

### ४.३ गर्भपतन

गर्भपतनका घटनाहरू पनि प्रकाशमा आएको पाइएन।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

वहुसंख्यक वालवालिकाहरू पढ्न लेख्न पाउने अधिकारबाट वञ्चित छन्। श्रममा लाग्ने वालवालिकाहरू प्रशस्तै भेटिन्छन्। अभिभावकहरूले वालवालिकालाई कुट्नेपिट्ने र तर्साउने प्रचलन आम रूपमै रहेको छ।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा कुनै उल्लेख्य घटना पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यहाँ अन्धविश्वास र छुवाछूतको भावना रहे पनि त्यस सम्बन्धमा उल्लेख्य घटना भएको देखिएन।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धमा उल्लेख्य टिप्पणी वा वक्तव्य देखा परेनन्।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

दुर्घटनाबाट कसैको मृत्यु भएको देखिएन।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

आगलागी, बाढी पहिरो जस्ता विपत्तिहरू यो वर्ष देखा परेनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरको आक्रमणद्वारा कोही घाइते भएको वा कसैको मृत्यु भएको पाइएन।

### ९.४ आत्महत्या

हिस्तान गाविस-८ का ३२ वर्षीय रत्नबहादुर रन्तिजाले ०५१ पुस १२ गते भीरबाट हामफाली हात्महत्या गरे। निजले ०५१ पुस ४ गते स्थानीय खड्गबहादुर गर्बुजा र लालसिंह पुर्जाको घरबाट सामान चोरी गरेको र सो कुरा थाहा भएपछि चोरीको आरोपमा प्रहरी कारवाही हुन लागेकाले आत्महत्या गरेको बताइन्छ।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धमा कुनै घटना भएको र सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# ३. पश्चिमाञ्चल

# धवलागिरी

# ३.१६ मुस्ताङ

जनसंख्या : १४२९२

साक्षरता : ४८.४ प्रतिशत

महिला साक्षरता : ३४.७ प्रतिशत

क्षेत्रफल : ३५७३ वर्ग कि.मी.

हिन्दु तथा बौद्ध धर्मालम्बीहरूको पवित्र तीर्थस्तल मुक्ति क्षेत्रका नामले परिचित यस हिमाली जिल्लाको पूर्वमा मनाङ्ग, पश्चिममा डोल्पा, उत्तरमा जनवादी गणतन्त्र चीनको स्वशासित क्षेत्र तिव्वत र दक्षिणमा म्याग्दी जिल्ला पर्दछन्। १६ वटा गाविसमा विभाजित यस जिल्लामा ६ वटा मा.वि., ९ वटा नि.मा.वि. र ४७ वटा प्रा.वि. रहेका छन्। जनहित मा.वि. लाई उच्च मा.वि. कक्षा संचालन गर्न स्वीकृति दिइएको भए पनि कक्षा संचालन भएको छैन। मोटरबाटोले अहिलेसम्म यस जिल्लालाई छोएको छैन। मोटरबाटो भेट्नलाई २९ कोश पैदल हिंडेर वाग्लुङ पुग्नु पर्दछ। सदरमुकाम जोमसोममा एउटा एयरपोर्ट छ। पुरातन मान्यता, संस्कार र छुवाछूत प्रथाले यस जिल्लामा जरो गाडेको छ। मानवअधिकार हननका प्रत्यक्ष घटना त्यति सुनिदैनन् तर शिक्षा र चेतनाको कमीले यहाँका वहुसंख्यक नागरिकहरू आफ्नो अधिकारका बारेमा नै अनभिज्ञ रहेकोले यहाँ मानवअधिकार हनन भएर पनि खोजी भइरहेको पाईदैन।

## १. सम्मानित रूपले बाँच्न पाउने अधिकार

### १.१ हत्या/गोली

यस वर्ष यो जिल्लामा गोली चलेको कुनै घटना पाइएन तर हत्याको घटना भने देखा पऱ्यो।

चराङरू गाविस-४ का कुन्साङ गुरूङलाई ०५१ भदौ २३ गते घर्मी-६ मुस्ताङका ४० वर्षीय झुटुक विष्ट र निजको १८ वर्षीय छोरो मेमा झुटुक विष्टले भारत तर्फ जादै गर्दा चोर डाँका भनेको निहुँमा कुटपिट गरी हत्या गरे। दुवै अभियुक्त फरार छन्।

### १.२ जेल र वन्दीहरू

यस जिल्लाको जेल मार्फा-५ स्थित भाडामा लिएको भवनमा सञ्चालित छ। यो जेल नभई यातना गृह जस्तो छ। यस जेल भित्र चर्पीको व्यवस्था समेत छैन। हाल यस जेलमा १ जना वन्दी दीपक वोहोरा र १ जना थुनुवा भीमबहादुर दर्जी गरी जम्मा २ जना मात्र रहेका छन्। उनीहरूलाई चौविसै घण्टा नेल लगाइन्छ। वेलुका ६ वजेदेखि विहान ६ वजेसम्म हत्कडी पनि लगाइन्छ। विहान ८ वजेदेखि ९ वजेसम्म र वेलुका ५ वजेदेखि ६ वजेसम्म दिसा पिसाव गर्न र स्नानपिन गर्न कोठा वाहिर निकालिन्छ। सुविधाको हकमा दैनिक प्रतिव्यक्ति ७ सय ग्राम चामल र ६ रूपैंया दिइन्छ। ६ महिनाको एक पटक एक जोर कपडा दिइन्छ। जुन जाडो हुने ठाउँमा पर्याप्त हुँदैन। काभ्रे जिल्ला फूलवारी-७ घर भै चोरी गरेको अपराधमा थुनएिका २२ वर्षीय दिपक वोहोरालाई ०५० पुस २९ गते अदालतबाट फैसला हुँदा १५ महिना कैद र ८१ हजार ७ सय रकम तिर्नु पर्ने फैसला गरियो। १८ महिना अघिदेखि सोही जेलमा सजाय भोगिरहेका दीपक रकम दिन नसकी अझै २ वर्ष ६ महिना जेल वस्नु पर्ने भएकोले अन्यत्रै अलि सुविधा भएको जेलमा जान चाहन्छन्। त्यस्तै गुनासो अर्का वन्दी भीमबहादुर दर्जी व्यक्त गर्छन्।

जेलको अवस्था वारे जिल्ला प्रशासनसंग वुझ्न खोज्दा हामीले संभव भएसम्मको सुविधा दिएका छौ भन्ने जवाफ पाइयो। जेलको मर्मत सम्बन्धमा केही नसोचेको देखिन्छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | - |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | - | २ |

### १.३ गिरफ्तारी र यातना

यस सम्बन्धी कुनै घटना पाइएन।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको पाइएन।

### १.५ धम्की / ज्यानमार्ने धम्की / कुटपिट

यास सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको भेटिएन।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति / मेला हुने र संगठित हुने अधिकार

यस जिल्लामा अभिव्यक्ति स्वतन्त्रता, मेला र संगठित हुने अधिकारलाई कुण्ठित बनाउने उल्लेखनीय घटना यो वर्ष देखा परेन।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनीतिक स्वतन्त्रताको अधिकार

राजनैतिक चेतना त्यति वढी नभएको यस जिल्लामा चुनाव जित्न पैसा खर्च गर्नेलाई मात्र सजिलो देखिन्छ। मध्यावधि चुनावमा कर्मचारी खटाउँदा समेत पक्षपात पूर्ण तरिकाले खटाइएको कुरा यहाँ चर्चामा रहेको छ।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा जनता न्यायिक अधिकारबाट बञ्चित छन्। जिल्ला अदालतमा न्यायाधीशको कुर्सी छ तर न्यायाधीश छैनन्। न्यायाधीशहरू केही समयको लागि काजमा आउने अनि जाने गर्दछन्। ०५१ पुसमा एकै दिन ८ वटा मुद्दा एकै इजलाशमा फैसला गरिएका थिए। यहाँ एक जना कानून व्यवसायी समेत छैनन्।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

नेपाल राष्ट्रिय शिक्षक संगठन पक्षीय शिक्षकहरूलाई पूर्वाग्रहका कारण अपायक सरूवा गर्ने गरिएको गुनासो संगठनसंग सम्बद्ध शिक्षकहरूको छ। जि.शि.अ. नन्दप्रसाद पौडेलले जिल्ला विकास सभापतिको इशारामा शिक्षकहरूको जागिर खाइदिने धम्की समेत दिएका थिए।

## ३. भूमिहीन तथा सुकुम्वासी समस्या

यस जिल्लामा कतिपय मानिसहरू अर्काको काम गरेर हुने आम्दानीमा आश्रित भएको पाइन्छ। केही सुकुम्वासी भएपनि त्यस सम्बन्धी कुनै घटना भएको जानकारी पाइएन।

## ४. महिला अधिकार

महिलाहरूलाई आफ्नो स्वविवेकीय अधिकारबाट बञ्चित गरिएको छ। एकातिर माइली छोरीको इच्छा नहुँदा पनि भ्रुमा वस्नु पर्ने धार्मिक कुप्रथा छ भने अर्कोतिर वहुपति प्रथाले पनि महिलाहरूमाथि शोषण भइरहेको छ।

### ४.१ महिला किनवेच / बलात्कार / एड्स पीडित / महिला भएकै कारणले दिइने यातना

यस जिल्लामा महिला किनवेच तथा वलात्कारका घटना नपाइएता पनि महिलामाथि सामाजिक र धार्मिक उत्पीडन भएको पाइन्छ।

### ४.२ जारी/वहुविवाह/देउकी/देह व्यापार आदि समेत

कतिपय गाविसमा वहुपति प्रथा अर्थात एक पत्नीको धेरै पति हुने चलन कायम छ।

छोन्हुप गाविस-३ ढिङगरमा तेम्वे गुरूङ र छिरियाङग्या गुरूङ दुवै जनाकी १ पत्नी सिजी गुरूङ छिन्। यसैगरी छुसाङ-७ का भिङक्युर गुरूङ र रप्तेन गुरूङकी पत्नी छप्पे गुरूङ छिन्। उनीहरूका १ छोरा ३ छोरी छन्।

यसका अतिरिक्त गुम्वामा माइली छोरी भ्रुमा राख्नु पर्ने भ्रुमाको विवाह नहुने र आफै पोइल गए पनि माइती आउन अनुमति नदिइने चलन पनि पाइन्छ।

### ४.३ गर्भपतन

कसैले गर्भपतन गराएको पाइएन।

## ५. वाल अधिकार (बालबालिका उपरको अत्याचार)

वाल वालिकाहरू उचित शिक्षाको अवसरबाट बञ्चित छन्। पढेर केही पाइदैन भन्ने मनसायबाट प्रेरित अभिभावकहरू आफ्ना छोरा छोरीलाई सानैदेखि गोठालो पठाउने गर्छन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता / ट्रेड युनियन / श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक / सुरक्षा र संगठित हुने अधिकार

मुस्ताङका राजा जिग्मी परवल विष्टका पुर्खा देखिनै त्यस भेगका जनताले राजाको काम सित्याएर मात्र आफ्नो काम गर्न पाउँथे भने हाल कम ज्याला लिएर राजाको काममा खट्नु पर्छ।

### ६.२ विश्रामको अधिकार

विश्रामको अधिकारबाट कोही पनि बञ्चित छैनन्।

### ६.३ अन्य आर्थिक अधिकार

आफ्नो इच्छा र क्षमताले भ्याएसम्म आर्थिक लाभ गर्ने काम गर्नबाट कोही बञ्चित भएको देखिदैन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व / कमैया / बाँधा / हलिया आदि

दासत्व, कमैया, बाँधा र हलिया प्रथा यहाँ रहेको पाइएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू / छुवाछूत समेत

छुवाछूत सम्बन्धी भेदभावबाट यो जिल्ला पनि मुक्त छैन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य / टिप्पणी आदि

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेनन्।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक / डुबेर आदि)

०५० माघ १० गते मुक्तिनाथ-८ खिङ्गा गाउँमा एक अपरिचित व्यक्तिको लाश भेटिएको थियो। त्यो कसको लाश थियो अहिलेसम्म थाह हुन सकेको छैन।

०५१ साउन ३१ गते डोल्पा जिल्ला माझफाल गाविसका १२ जनालाई मुक्तिनाथ दर्शन गरी फर्किदा शान्ता खोलाले बगायो। जसमा आइतराम बुढा, डिलबहादुर बुढा, इन्द्र बुढा, तुलाराम बुढा, देवे बुढा, हीरा सिंह बुढा, लालु बुढा, धनबहादुर बुढा, रूपी बुढा, रामु बोहोरा र नर्क बुढा थिए।

### ९.२ विपत्तिहरू (बाढी / पहिरो / आगलागी आदि)

०५१ असोज ७ गते आफ्नो ओछ्यानमा आराम गरी रहेको अवस्थामा इलाका प्रहरी कार्यालयका असई कृष्णबहादुर क्षेत्रीलाई अचानक छतबाट ढुंगा खस्दा चोट लाग्यो र सोही चोटले उनको मृत्यु समेत भयो।

### ९.३ जंगली जनावरद्वारा घाइते / मृत्यु आदि

जंगली जनावरका कारण कुनै घटना भएन।

### ९.४ आत्महत्या

मार्फा-३ का लालबहादुर दर्जीले ०५१ जेठ २४ गते आफ्नो घरको भित्री कोठामा छुरीले घाँटी सेरी आत्महत्या गरे।

कोवाङ गाविस अध्यक्ष श्याम शेरचनकी पत्नी गंगादेवी शेरचन ०५१ भदौ ११ गते तरकारी टिप्न जान्छु भनी गएको तर त्यस दिन नफर्केपछि भोलिपल्ट खोजी गर्दा काली गण्डकीको तिरमा लाश भेटियो। उनका लोग्नेले भवितव्य भनेर जाहेरी गरे पनि आत्महत्या गरेको आशंका गरिएको छ।

### ९.५ अपराधिक घटना – आतंक / ब्ल्याकमेल / डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# मध्य पश्चिमाञ्चल

४.१ दाङ्ग
४.२ प्युठान
४.३ रोल्पा
४.४ सल्यान
४.५ रूकुम
४.६ बाँके
४.७ बर्दिया
४.८ सुर्खेत
४.९ जाजरकोट
४.१० दैलेख
४.११ डोल्पा
४.१२ जुम्ला
४.१३ कालिकोट
४.१४ मुगु
४.१५ हुम्ला



# ४. मध्यपश्चिमाञ्चल

## राप्ती

## ४.१ दाङ्ग

जनसंख्या : ३५४४१३
साक्षरता : ३९.७ प्रतिशत
महिला साक्षरता : २४.२ प्रतिशत
क्षेत्रफल : २९५५ वर्ग कि.मी.

राप्ती अञ्चलको दाङ्ग भित्री मधेशमा पर्ने जिल्ला हो। दाङ्ग र देउखुरी दुईवटा उपत्यका मिलेर यो जिल्ला बनेको छ। दुई वटा नगरपालिका, ३९ गाविस र ४ निर्वाचन क्षेत्रमा यो जिल्ला विभाजित छ। ०४ सालमा नै विद्यालयको स्थापना भएको यस जिल्लामा हाल एउटा विश्वविद्यालय, ४ वटा क्याम्पस, ३ वटा उच्च मा.वि., ३८ वटा मा.वि. ३० वटा नि.मा.वि. र २ सय २६ वटा प्रा.वि. सञ्चालित छन्। मानवअधिकारको चेतना भएका मानिस थोरै मात्र पाइन्छन्। यस जिल्लाको आदिवासी जाति थारू नै हो। थारू जातिका अधिकांश परिवार अहिले पनि अर्काको कमैया बसेर बाँच्नु परिरहेको छ। यहाँ छुवाछूत, अन्धविश्वास, देहव्यापार, कमैया प्रथा, दाइजो प्रथा विद्यमान रहेको पाइन्छ। हाल यस जिल्लामा बेरोजगारी समस्या निकै देखिएको छ। यो वर्ष यो जिल्ला आमचुनाव ताकाको "बिजौरी गोली काण्डले" पनि चर्चित रह्यो।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

फुलवारी गाविस-८ का ३५ वर्षीय पूर्णबहादुर अधिकारीलाई ०५० चैत २८ गते राती आफ्नो घर तर्फ गइरहेको अवस्थामा ढुंगेघाटको तुहिखोलानेर गोविन्द पौडेल समेतका व्यक्तिहरूले टाउकोमा हिर्काउँदा उनको मृत्यु भयो। मृतक आफै लडी मरेको जस्तो देखाउन उक्त लाशलाई घोप्टो पारी सुताइएको थियो। हत्याको अभियोगमा फुलवारी गाविस-९ का ४० वर्षीय गोविन्द पौडेल, निजकै छोरा १६ वर्षीय कमल पौडेल, २९ वर्षीय होमराज भन्ने होमलाल कुँवर, २५ वर्षीय गजेन्द्र भन्ने राजेन्द्र नेपाली र ३९ वर्षीय झकलाल कुँवरलाई प्रहरीले पक्राउ गरेको थियो। आफ्नी पत्नी देवा पौडेलसंग मृतक अधिकारीले अनुचित कार्य गर्ने प्रयास समेत गरेको रीसईबीबाट गोविन्द पौडेलले अन्य व्यक्तिहरूसंग छलफल गरी मार्ने योजना बनाएर उक्त घटना भएको कुरा खुल्न आएको छ।

फुलवारी गाविस-९ का युद्धबहादुर खड्कालाई ०५० चैत २८ गते राजपुर गाविस गोठुवा खोलाका भागीराम पुनले बञ्चरोले प्रहार गरी हत्या गरे। उनीहरूबीच लेनदेन सम्बन्धी विवाद थियो। हत्या गरिसकेपछि त्यहाँबाट सिधै सल्यान जिल्लाको लुहाम इलाका प्रहरी कार्यालयमा गई भागीराम उपस्थित भए।

गंगा परस्पुर गाविस-७ माघर घर भई त्रिभुवन नगरपालिका-११ गणेश चौक डेरा गरी बस्ने २८ वर्षीय देवनारायण चौधरीलाई रामपुर गाविस घर भई त्रिभुवन नगरपालिका-६ रफेनाका वमबहादुर पुनले ०५१ मदी २८ गते फलामे डण्डीले हिर्काई घाइते बनाए। महेन्द्र अस्पताल दाङमा उपचार गर्दागर्दै २९ गते चौधरीको मृत्यु भयो। आफ्नी पत्नी मिनादेवी पुनसंग शारीरिक सम्पर्क गर्न लागेको भेट्टाएपछि वमबहादुर पुनले देवनारायण चौधरीको हत्या गरेका थिए।

०५१ कार्तिक १७ गते साँझ करीब ४ बजे बिजौरी गाविस अन्तरगत आयुर्वेद अस्पतालको नजिकै सडकमा नेकपा (एमाले) को जुलुसमाथि प्रहरी र नेपाली कांग्रेसका नेता

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | ३ |
| हिरासतमा यातना | - | १ | २ |
| हिरासतमा : | | | |
| चारपाटा मुडेर यातना | - | - | १ |
| नाङ्गै पारेर यातना | - | - | १ |
| यातनाले मृत्यु | - | - | १ |
| बलात्कृत | १ | २ | ४ |
| आत्महत्या | - | १ | ४ |



*दाङ गोलीकाण्डमा मारिएका नारायण चौधरी*

तथा कार्यकर्ताहरूले अन्धाधुन्ध चलाएको गोलीले दाङ ढिकपुरका नारायण चौधरीको तत्काल मृत्यु भयो। गोली लागी उपचारार्थ काठमाडौं पुऱ्याइएका सोनपुर गाविस सुन्डवरीका २७ वर्षीय पुष्प घिमिरेको कार्तिक १९ गते राती ८ बजे र त्रिभुवन नगरपालिका सेवार (बाँसवोट) का २४ वर्षीय कृष्ण चौधरीको कार्तिक २० गते विहान २ बजे वीरअस्पतालमा मृत्यु भयो।

सोही घटनामा २९ जना गोली लागी घाइते भएका थिए। ती मध्ये नेकपा (एमाले) का दाङ क्षेत्र-२ का भू.पू. सांसद शिवराज गौतम, एमाले दाङ जिल्ला सचिव श्रीमणि आचार्य, मदन के.सी., खगेश्वर भण्डारी, ठगेन्द्र वली गम्भीर घाइते भएका थिए भने भुवन देवकोटा, मदन के.सी., देवराज एम.सी., केशवराज रोका, जोगबहादुर वि.क., शिवबहादुर डि.सी., प्रकाश रेग्मी, रेवेन्द्रबहादुर सेन, फूलमान चौधरी, सहजराम यादव, तिलकराम चौधरी, यादव चौधरी, मेघबहादुर वि.क., रिसमान चौधरी, वासुदेव चौधरी, अनन्त पाण्डे, केशव शाही, गोपाल सिलवाल, अमरबहादुर खड्का, माधव सुवेदी, नोखीराम के.सी., देवराज वि.क., छविलाल वली घाइते भएका थिए। ती सबैलाई गोली तथा छर्रा लागेको थियो। नेपाली कांग्रेसको चुनाव प्रचार कार्यालय नजिकै सडकमा जुलुश अघि बढी रहेको बेला पार्टी कार्यालय भित्रबाट र बाटो छेउ तोरीवारीबाट लुकेर बसेका व्यक्तिहरूले वारवोर तथा भरूवा बन्दुकले गोली चलाए। प्रहरीले हवाई फायर गरेको मौका पारेर ती व्यक्तिहरूले गोली चलाउन शुरू गरेका थिए।

पीडित पक्षका अनुसार गोली हान्ने व्यक्तिहरूको नेतृत्व तत्कालीन निर्माण तथा यातायात मन्त्री खुमबहादुर खड्का, दाङ क्षेत्र-३ का कांग्रेस उम्मेद्वार दीपक गिरी, कांग्रेसकै जिल्ला सभापति गेहेन्द गिरी, ध्रुव शाह, महादेव शाह र कुवेर शाहले गरेका थिए भने गोली हान्ने कार्यमा रोहित श्रेष्ठ, ज्वाला गिरी, देवबहादुर वली लगायतका व्यक्ति संलग्न भएको कुरा प्रत्यक्षदर्शी बताउँछन्।

मृतकका बाबुहरूले माथि उल्लेखित व्यक्ति लगायत ६७ जना व्यक्तिमाथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता गराइएका छन्। त्यसपछि प्रहरीले ज्वाला गिरी, रोहित श्रेष्ठ, देवबहादुर वली, राजकुमार पोखरेल र यज्ञबहादुर वस्नेतलाई पक्राउ गरेको थियो।

घटनापश्चात राष्ट्रिय निर्वाचन पर्यवेक्षण समिति (०५१) ले घटना स्थलमा पुगेर सम्बन्धित सबै पक्षलाई भेटी प्रतिवेदन तयार पारेको थियो। उक्त कार्यमा समितिका डा. राजेश गौतम, कुन्दन अर्याल र मोन्टी एम. एचेनवाक संलग्न हुनुहुन्थ्यो। उहाँहरूले यस घटना सम्बन्धमा छानवीन गर्न एक सर्व पक्षीय स्वतन्त्र न्यायिक आयोगको तत्काल गठन गर्नु जरूरी भएको प्रतिवेदन प्रस्तुत गर्नु भएको थियो।

विजौरी गाविस-७ नयाँवस्तीका २० वर्षीय ऋषिराज वस्नेतलाई आफ्नै गाउँमा ससुराली घरमा बसेको अवस्थामा ०५१ कार्तिक १९ गते सोही गाविस कै भुषण अवस्थी, छविलाल वि.क. र ओमभक्त ओली लगायतका व्यक्तिहरूले खुकुरी र वञ्चरोले प्रहार गरी सख्त घाइते बनाएपछि उनको मृत्यु भयो। मृतक एमालेका कार्यकर्ता थिए। राजनैतिक रीसइवीका कारण उनको हत्या भएको आशंका गरिएको छ।

हुरूवा गाविस-७ लुहाडवराका ५८ वर्षीय डम्बरबहादुर खड्कालाई आफ्नो मिलमा बसिरहेको अवस्थामा ०५१ कार्तिक २६ गते भजनी गाविस कैलाली बस्ने शान्तराम आचार्य र एक जना अपरिचित व्यक्तिले जग्गा देखाउन भनी बोलाई अलिक पर पुगेपछि उनीहरूले पछाडिबाट डम्बर खड्कालाई गोली हानेर हत्या गरे।

शान्तराम आचार्य र डम्बर खड्का बीच लेनदेन सम्बन्धी विवाद रहँदै आएको थियो। डम्बरबहादुर खड्का कांग्रेस समर्थक व्यक्ति थिए। उनको हत्याको अभियोगमा एमालेको प्रचारमा हिंडेका हुरूवा गाविस मलवार बस्ने प्रेमबहादुर चौधरी र दशीराम चौधरीलाई प्रहरीले गिरफ्तार गरी थुनामा राखेको थियो। शान्तराम आचार्यले हत्या गरेको कुरा स्वीकार गरिसकेका छन्। तर पनि यस हत्यामा राजनीति गर्न एमालेका सांसद शंकर पोखरेल लगायतका व्यक्तिहरूलाई प्रतिवादी बनाई अदालतमा मुद्दा दिइएको थियो।

ढिकपुर गाविस कर्मटुवा बस्ने ४० वर्षीय परदेशु चौधरीलाई डम्बर खड्काको हत्याको छानवीनको लागि ०५१ मंसीर ४ गते खेतमा काम गरिरहेको समयमा पक्राउ गरियो। पक्राउ गरेर इलाका प्रहरी कार्यालय मलवारमा लगेपछि उक्त प्रहरी कार्यालयका सई अर्जुन पाण्डेले रक्सी खाई मात्तिएर डम्बरको हत्यारा तँ पनि होस् भन्दै निक्कै कुटपिट गरे। बुटले हिर्काउँदै वर्वतापूर्वक यातना दिए। ०५१ मंसीर ५ गते मुर्छित अवस्थामा नै घोराही लैजाने भनी हिंड्न नसक्ने अवस्थामा परदेशुलाई जवर्जस्ती हिंडाइयो। टरिगाउँ गाविस-३ हरिपैरी नजिकै गुहार खोलामा परदेशु चौधरीको मृत्यु भयो। सई पाण्डेलाई जिल्ला प्रहरी कार्यालयले हिरासतमा लिएको थियो।

### १.२ जेल र बन्दीहरू

दाङ जिल्लामा दुई वटा जेल रहेका छन्।

कारागार शाखा तुल्सीपुर नामको जेल तुल्सीपुर

कारागार शाखा तुल्सीपुर नामको जेल तुल्सीपुर नगरपालिकामा छ। यस जेलमा १ सय जनासम्म बन्दी राख्न सकिन्छ। अहिले यस जेलमा ७८ जना कैदी छन् जसमध्ये ७४ जना पुरूष र ४ महिला रहेका छन्। यसैगरी १ जना युनुवा २ र केटा २ तथा केटी गरी ४ जना नावालक पनि छन्। भौतिक सुविधा ठिकै रहेको यस जेलमा प्रौढ शिक्षाको कक्षा पनि संचालन गरिएको छ।

अर्को जेल जिल्ला सदरमुकाम घोराहीमा रहेको छ। २५ जना बन्दी राख्न सकिने क्षमताको यस जेलमा अहिले ३३ जनालाई राखिएको छ। महिला बन्दी छैनन्। कार्यालय समयभित्र हप्ताको ६ पटकसम्म बन्दीहरूलाई आफन्तहरूसंग भेट गर्न दिइने गरेको कुरा जेलर बताउँछन्।



*दाङ गोलीकाण्डका एक घाइते*

### १.३ गिरफ्तारी र यातना

पवननगर गाविस-३ का लिलाराम न्यौपानेको घरमा भएको चोरीको घटनाको अभियोगमा सोही ठाउँका रिमबहादुर वस्नेतलाई ०५० फागुन २० गते विनापूर्जी तुल्सीपुरमा पक्राउ गरियो र हिरासतमा निकै यातना दिइयो।

रक्सी विरोधी अभियान चलाउने महिलाहरू र प्रहरीहरू बीच ०५१ जेठ २२ गते तुल्सीपुर नगरपालिका गोठी खोलामा भीडन्त हुँदा प्रहरीले लाठी चार्ज गर्नुका साथै १४ जना महिला र ३ जना पुरूषलाई गिरफ्तार गऱ्यो। ५ दिन हिरासतमा राखेर २७ गते मात्र ती महिला तथा पुरूषहरूलाई रिहा गरियो।

६ वटा वाम घटकहरूले राखेको आन्दोलनको क्रममा ०५१ साउन ५ र ९ गते यस जिल्लामा प्रशासनिक दमन गरी मान्छेलाई व्यापक रूपमा गिरफ्तार गरियो। साउन ९ गते विहान ४ बजे देखि नै धरपकड गर्न शुरू गरियो। यही क्रममा तुल्सीपुरको विभिन्न स्थानबाट नारायण आचार्य, वामदेव शर्मा लगायतका व्यक्तिहरूलाई गिरफ्तार गरिएको थियो।

पवन नगरबाट राममणि नेपाली, नरबहादुर के.सी. र प्रेमप्रसाद पाण्डे, उरहरीबाट डम्बरबहादुर लगायत ७ जनालाई घरबाटै गिरफ्तार गरियो। सोही दिन दिउँसो निस्किएको महिलाहरूको जुलुशमाथि तुल्सीपुर विरेन्द्रचोकनेर प्रहरीले लाठी चार्ज गरे। सो लाठी चार्जमा परी घाइते हुनेहरूमा रेखा शर्मा, नारायणी शर्मा, टिका धिताल, भगवती आचार्य र नारायणी सापकोटा हुनुहुन्थ्यो।

त्यस्तै सोही दिन घोराहीमा मेघबहादुर वि.सी., सानु नारायण अधिकारी, दामोदर अधिकारी, छविलाल वली, प्रकाश शर्मा, मधुसुधन वैद्य, जीवन शर्मा र मधुसुधन कालाथोकी लगायत ३१ जनालाई प्रहरीले पक्राउ गरी १४ घण्टा हिरासतमा राखेको थियो। लमहीमा रेवतीरमण शर्मा समेत ३ जनालाई पक्राउ गरियो। सोही क्रममा शोभाराम वस्नेत र मेघराज मुसाललाई १ जना प्रहरी र तुल्सीपुर नपा टिकरी बस्ने वेदु के.सी.ले लखेटेका थिए।

०५१ भदौ १ गते सजमो (भट्टराई) द्वारा आव्हान गरिएको नेपाल बन्दको दिन घोराहीमा निस्किएको जुलुश त्रिभुवन चौक पुग्दा प्रहरीले लाठी चार्ज गर्नुका साथै जुलुशका केही सहभागीलाई गिरफ्तार पनि गरिएको थियो।

०५१ कार्तिक २ गते मगर संघले पञ्चकुले गाविसको वाघमारेमा संघको भवन शिलान्यास गर्ने कार्यक्रम राखेको थियो। त्यस कार्यक्रममा सहभागी भएर फर्किरहेका मगर संघका युवाहरू क्षेत्र-४ का स्वतन्त्र उम्मेद्वार कुलबहादुर घर्तीको पक्षमा नारा लगाउँदै फर्किरहेका थिए। तुल्सीपुर बजारमा आइपुगेपछि कांग्रेसका उम्मेद्वार खुमबहादुर खड्का पक्षधरहरूले उनीहरूमाथि ढुङ्गा र सिसा प्रहार गरेपछि मगर संघका युवाहरू प्रतिकारमा उत्रिए। उनीहरूले उम्मेद्वार खुमबहादुर खड्काको गाडी पनि तोडफोड गर्ने प्रयास गरे। त्यसपछि रिजर्भ वसमा चढेर घोराहीतर्फ जाँदैगर्दा तुल्सीपुर हेल्थपोष्ट नजिकैबाट ७९ जनालाई प्रहरीले गिरफ्तार गरी शसस्त्र प्रहरी गुल्ममा पुऱ्यायो। ती मध्ये ४ जना महिलाहरू पनि थिए। एसएसपी बेञ्जु श्रेष्ठ समेतले पक्राउ परेका महिलाहरू १६ वर्षीय मिनुकुमारी बुढा, ११ वर्षीय अभिकुमारी बुढा, १७ वर्षीय भुल्सरा बुढा र १० वर्षीय विमला रोकालाई समेत निर्मम यातना दिए। त्रिभुवन नपा सेवार वढहरा बस्ने विरमान घर्तीमगर सोही नपा-१० बस्ने लिलाबहादुर घर्तीमगर, जीवन थकाली, सुनिल बुढामगर समेत ६५ जनालाई चारपाटे मुडी मध्ययुगीन वर्वरताको सम्झना गराइएको थियो। सोही दिन राती घोराही पुऱ्याइयो र कार्तिक ४ गते विहान ९ बजे डिएसपी कार्यालय घोराहीबाट रिहा गरियो।

०५१ कार्तिक २९ गते आमनिर्वाचनको दिन एउटाको नाममा अर्कैले मतदान गरेपछि उत्पन्न विवादमा हेकुली-३ राउत गाउँका ४५ वर्षीय गिरधारी धिताल र निजकी पत्नी ३० वर्षीय मधु धितालतलाई मतदान केन्द्र, हेकुलीबाट तोयानाथ भट्टराई समेतका केही व्यक्तिहरूले घेराबन्दी गरी घिसार्दै प्रहरी कार्यालय पुऱ्याए। इलाका प्रहरी कार्यालय इन्चार्ज उदय तामाङ र प्रहरी हवल्दार मुन्नी रावतले धिताल दम्पत्तिलाई नाङ्गै बनाई कुटपिट गरे। मतदाता क्रम संख्या नं. ४९५ मा विवाद भएका कारण प्रहरी कार्यालय नजिकैको खोल्सामा ४ सय ९५ वटा भ्यागुता छोप्न लगाउने जस्तो अमानवीय यातना दिएको कुरा पीडित बताउँछन्।

### १.४ वेपत्ता पारिएको

त्रिभुवन नगरपालिका-७ बाँसकोट की १४ वर्षीय वेलमती वि.क.लाई ०५१ मंसीरदेखि वेपत्ता पारिएको छ।

त्यस्तै चैलाही गाविस लमही बस्ने १६ वर्षीय जयन्ती वि.क. र लक्ष्मी वि.क. ०५१ असोज ९ गते देखि वेपत्ता पारिएका छन्। उनीहरूलाई वेपत्ता पार्न नेपालगंज-विरगंज रूटको वस चलाउने हेमराज ठकुरीको हात रहेको चर्चा गर्ने गरिएको छ।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

त्रिभुवन नपा-११ घोराही बजारमा राप्ती सुपर लज संचालन गरी बस्ने गोकुल खरेललाई ०५० माघ ९ गते सोही बजारका निरज शाह, प्रकाश भण्डारी, विमल कार्की र गणेश थापाले छुरी देखाउँदै धम्की दिए। गोकुल खरेलको दोष होटेलमा खाएको उधारो पैसा माग्नु नै थियो।

तुल्सीपुर नपा-८ घर भई तुल्सीपुर बजारमा होटेल गरी बस्ने टेकराम खड्का र निजकी पत्नी ज्ञानु खड्कालाई ०५० फागुन ११ गते राती टंकराम गिरीको नेतृत्वमा आएको हुल्याहा जमातले आक्रमण गर्दा ज्ञानुको हात भाँचियो। पसल तोडफोड गरियो र होटेलका कामदार लालबहादुर के.सी.लाई पनि कुटपिट गरिएको थियो। खुकुरी, छुरी, वेल्टले सु-सज्जित हुल्याहाहरूको जत्थामा किशोर खत्री, किरण खत्री, वेदप्रकाश गिरी, नेत्रमणि गिरी, कैलाश खत्री र मनोहर रजौरे सम्मिलित थिए।

त्रिभुवन नपा-१० वसपार्कमा रहेको ताजमहल होटेलका म्यानेजर ३२ वर्षीय शालिकराम घिमिरेलाई ०५० चैत २१ गते सोही बजारका प्रकाश भण्डारी समेतका व्यक्तिहरूले विभिन्न धम्की दिनुका साथै होटल तोडफोड समेत गरेका थिए। होटेल म्यानेजर घिमिरेको दोष उनीहरूले खाएको रक्सी र मासुको पैसा माग्नु नै थियो।

०५० चैत २१ गते दिउँसो त्रिभुवन नगरपालिका-११ बैंक रोड का ४२ वर्षीय रामदयाल गुप्तालाई सोही ठाउँ बस्ने निरज शाह, विमल कार्की र तुल्सीपुर-५ का प्रकाश भण्डारी समेतले घेराउ हाली धम्की दिएका थिए।

सोनपुर गाविस-५ का वृजु चौधरीलाई सोही ठाउँ बस्ने वृद्धिप्रकाश चौधरी, शारदा चौधरी र ओमप्रकाश चौधरी लगायतका व्यक्तिहरूले ०५१ बैशाख १ गते खुकुरी प्रहार गरी घाइते बनाए।

पवन नगर-३ का कमल न्यौपानेले मा.वि. भ्युडर सुनपुरमा अध्ययनरत छात्राहरूप्रति दुर्व्यवहार गर्दा ०५१ जेठ २५ गते मूठभेडको स्थिति निम्त्यायो। पवननगर-८ का देवबहादुर योगीले मेघराज भुसाललाई कुटपिट गरेपछि दोहोरो भीडन्त भएको थियो। पछि यो घटनालाई राजनैतिक रङ्ग दिई विपक्षीहरूलाई फसाइएको थियो।

०५१ भदौ ३ राती २ बजे लक्ष्मीपुर-१ कुइरेपानीका भीमबहादुर खड्काको घरमा केही अज्ञात व्यक्तिहरू भित्र पसी ६५ वर्षीय भीमबहादुर खड्का र उनकी पत्नी ६९ वर्षीय पिमाकुमारी खड्कालाई वञ्चरोले प्रहार गरी मरणासन्न अवस्थामा पुऱ्याइयो।

०५१ असार १ गते सडकमा हिंडिरहेको अवस्थामा उरहरी-३ का रामबहादुर चौधरी र शोभाराम चौधरीलाई सोही ठाउँका लालबहादुर वस्नेत र डम्बरबहादुर वस्नेत समेतका ५ जना व्यक्तिहरूले लाठी, चक्कु समेत प्रयोग गरी कुटपिट गर्दा रामबहादुर चौधरी घाइते हुन पुगे। यस घटनाका सम्बन्धमा छानवीन गर्न प्रहरीले डम्बरबहादुर वस्नेतलाई असार ३ गते पक्राउ गरिएको थियो।

०५१ असार ३० गते राती तुल्सीपुर नगरपालिका-१० पाण्डवपुरका १८ वर्षीय वीरबहादुर वि.क.लाई बाटोमा हिंडिरहेको अवस्थामा सोही ठाउँ बस्ने ३० वर्षीय देवीलाल वि.क.ले खुकुरी प्रहार गरी घाइते तुल्याए। वीरबहादुरको बाबुसंग देवीलालको अंश सम्बन्धी विवाद चलिरहेको थियो। ०५१ भदौ ९ गते पवननगर-४ बाट देवीलाल वि.क.लाई प्रहरीले पक्राउ गरे। उपचार खर्च वापत वीरबहादुरलाई २ हजार २ सय जरिवाना गरी दुबै पक्षलाई मिलापत्र गराइयो।

नेपाली कांग्रेसका जिल्ला अध्यक्ष गेहेन्द्र गिरीलाई ०५१ असोज २६ गते राती १० बजे तुल्सीपुर नगरपालिका-२ रक्षा चौरका रामप्रसाद शर्माको घर आँगनमा सोही ठाउँ बस्ने लिला पुन मगर, टिके पुन, इन्द्रबहादुर रिजाल समेतले खुकुरी देखाई धम्की दिएका थिए।

हेकुली-६ खलुवा चिसका १४ वर्षीय हेमराज लामिछानेलाई असोज १ गते कुटपिट गर्नेहरूले उल्टै हेमराजका बाबु वासुदेव लामिछानेलाई सत्ताको आडमा फसाउन खोजेका थिए।

०५१ असोज २८ गते दशैंका दिन हलवार गाविस-९ का २६ वर्षीय राजकुमार थापालाई सोही ठाउँका विजय राना र मानबहादुर राना समेतले घर बाहिर बोलाई साँघातिक हमला गर्दा राजकुमार थापा गम्भीर रूपमा घाइते भएका थिए। आफूहरूलाई मार्छु भन्दै हिंडेकोले उनीहरूले थापालाई कुटपिट गरेको बुझिएको छ।

०५१ कार्तिक १९ गते पवन नगर-४ भिडहर सुनपुर का चिजमान नेपालीले सोही गाविसका २६ वर्षीय हरिलाल भण्डारीलाई छुरी प्रहार गरी सख्त घाइते तुल्याएका थिए।

०५१ कार्तिक २६ गते साँझ ९.३० बजे घोराही महेन्द्र अस्पताल नजिकै रहेको एमालेको कार्यालयमा कांग्रेस पक्षका केही व्यक्तिहरूले ढुंगा प्रहार गर्दा ढुंगाले लागी दाङ क्षेत्र-२ की एमाले उम्मेद्‌वार सुषमा शर्मा र एमाले कार्यकर्ता अशोक चौधरी घाइते भएका थिए।

### १.६ थुनामा मृत्यु

०५१ मंसीर ५ गते पक्राउ परेका परदेशु चौधरीको इलाका प्रहरी कार्यालय भलुवरमा हिरासतमै कुटपिट र यातनाका कारण प्रहरीले घोराही लैजाँदै गर्दा बाटोमै मृत्यु भएको थियो। हिरासतभित्रै मृत्यु भएको घटना भने पाइएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

०५० माघ २७ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले तुल्सीपुर अरनीको मैदानको आमसभालाई संवोधन गर्दा कालो भण्डा देखाउने तुल्सीपुर नपा-४ का भरत भण्डारी, सोही नपा बस्ने डिल्लाराम खनाल, छवी पोखेल, दुर्गा पोखेललाई कांग्रेस कार्यकर्ताहरूले लछारपछार गर्दै कुटपिट गरे। दुर्गाप्रसाद पोखेललाई गिरफ्तार गरी २४ घण्टा हिरासतमा राखियो। सोही दिन घोराहीको आमसभामा कालो भण्डा देखाउने मदन पाण्डे र जीतबहादुर पाण्डेलाई कांग्रेसका कार्यकर्ता जानकी वस्नेत लगायतका व्यक्तिहरूले कुटपिट गरी घाइते बनाए। त्यसपछि उनीहरूलाई प्रहरीले पक्राउ समेत गरेको थियो।

०५१ साउन ३० गते नेपाल बन्दको दिन तुल्सीपुरमा निस्किएको जुलुसका सहभागी हलवार गाविस-५ घोरानेर्टा गहतेराका ३८ वर्षीय मोले रोकालाई तुल्सीपुर नपा-५ का कांग्रेस कार्यकर्ता अशोक नेपालीले खुकुरी प्रहार गरी सख्त घाइते तुल्याए। रोकाको घुँडा नेरको हड्डी समेत काटिएको थियो। सत्तापक्षको संरक्षणमा दोषीमाथि कुनै कारवाही गरिएन।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा बहुसंख्यक हिन्दु भए पनि थोरै संख्यामा बौद्ध, मुश्लीम र क्रिश्चियन धर्म मान्नेहरू पनि छन्। यस वर्ष धार्मिक स्वतन्त्रता हनन हुने कुनै घटना भएको पाइएन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचनमा विभिन्न किसिमबाट धाँधलीहरू भए। आम रूपमा सत्ताको आडमा मतदाताहरूलाई धाक, धम्की, प्रलोभन दिएर आफ्नो पक्षमा प्रभावित पार्ने काम भयो।

०५१ कार्तिक १६ गते बिजौरी गाविसको अक्कासीमा निस्किएको नेपाली कांग्रेसको जुलुशमाथि कम्युनिष्ट विरोधी नारा लगाएको भनी स्थानीय व्यक्तिहरूले प्रतिवाद गरे। र जुलुशका सहभागीलाई गाउँबाट नै लखेटियो। त्यसो गर्दा कांग्रेस कार्यकर्ता वीरेन्द्र डाँगीको हात भाँचिएको थियो।

सोही दिन नेपाली कांग्रेसका कार्यकर्ताहरूले नेकपा (एमाले) को क्षेत्र-३ को क्षेत्रीय कार्यालय तोडफोड गर्नुका साथै कार्यालय सचिव फर्साराम देवकोटालाई कुटपिट गरियो। त्यसपछि सोही जत्थाले विजौरीमा रहेको एमाले पार्टी कार्यालय तोडफोड गर्नुका साथै प्रचार सामाग्री र भण्डा फालिदियो र कार्यालयमा बसेका जनार्दन पोखेल र पद्मप्रसाद रेग्मीलाई निर्मम तरिकाले कुटपिट गऱ्यो। विजौरीकै एउटा होटेलमा चिया पिइरहेका एमाले कार्यकर्ता देवी पोखेल र शिक्षक शम्भु पोखेलमाथि आक्रमण गरी घाइते तुल्याइयो।

निर्वाचनको दिन कार्तिक २९ गते सत्तापक्षीय, व्यक्तिहरूले क्षेत्र-३ को दुरूवा गाविस कोट्टे डाँडा मतदान केन्द्र, उरहरीको पिरगाउँ मतदान केन्द्र र फूलवारी गाविसको मतदान केन्द्रहरू आफ्नो कब्जामा लिएका थिए। अन्य पार्टीका प्रतिनिधिहरूलाई बस्न समेत दिइएन।

त्यसरी नै क्षेत्र-४ को श्रीगाउँ गाविस र गोल्टाकुरी गाविस लगायतका मतदान केन्द्र कांग्रेसका कार्यकर्ताहरूले कब्जा गरेका थिए।

निर्वाचनको मुखमा आएर निर्वाचनलाई प्रभाव पार्न जिल्ला विकास समिति कोषबाट विभिन्न गाविसमा तार, जाली, सिमेन्ट वितरण गर्ने काम समेत गरियो। उक्त काम निर्वाचन आचार संहिता विरोधी थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतको फैसलामाथि कसैले प्रश्न चिन्ह लगाएका छैनन्। तर अर्धन्यायिक निकायहरूबाट भने भेदभावपूर्ण व्यवहार गर्ने काम भएका घटनाहरू पाइन्छन्।

पवननगर गाविस-४ का युवाहरूले वाचनालय बनाउँदा तत्कालीन सत्तापक्षकाहरूको विरोध भएपछि उत्पन्न समस्या समाधान गर्ने सिलसिलामा प्रजिअले भेदभावपूर्ण व्यवहार गरेका थिए।

हलवार गाविस-२ नवलपुरका २७ वर्षीय शालिकराम चौधरीले सार्वजनिक अपराध सम्बन्धी मुद्दामा अधिवक्ता दिपक रेग्मीलाई मुकरर गरेका थिए। तर प्रतिवादी चौधरीको तर्फबाट ०५१ जेठ २७ गते कानून व्यवसायी राख्न नदिई दबावकासाथ प्रजिअ कार्यालयमा बयान लिइएको थियो।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस वर्ष कसैलाई भेदभावपूर्ण तरिकाले सरूवा गरेको पाइएन। तर निर्वाचनका क्रममा भने संगठन पक्षीय कर्मचारीहरूलाई अन्य जिल्लामा खटाइएको कुरा एक पीडित कर्मचारी बताउँछन्। उनी आफूलाई अर्घाखाँची जानु परेको कुरा व्यक्त गर्छन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या टड्कारो रूपमा नै देखिन्छ। प्युठान, रोल्पा, सल्यान र रूकुमबाट बसाईं सरेर आउने क्रमले पनि सुकुम्बासी समस्या बढाएको छ।

सुकुम्बासी समस्या समाधान आयोग दाङले दिएको जानकारी अनुसार यस जिल्लामा सुकुम्बासीको संख्या १ हजार १ सय ५४ छ। यस आयोगको गत वर्षको निर्णय अनुसार हेकुली गाविसका ३१ परिवार, नारायणपुरका ३६ परिवार, रामपुर गाविस १९ परिवार र गोवर्डियामा २८ परिवार गरी जम्मा १ सय १४ परिवारलाई ११ विगाहा १० कट्ठा ९.५ धुर जग्गा वितरण गरिएको थियो।

यस जिल्लामा सामन्तहरूको शोषणबाट सुकुम्बासी बन्न पुगेका थुप्रै थारू परिवार भेटिन्छन्। त्रिभुवन नपा-११ बस्ने रामु चौधरी यसको एक उदाहरण हुन्। बाबु-बाजेको पालामा विभिन्न षडयन्त्र गरी जमिन्दारहरूले जग्गा हडपेपछि रामु चौधरीका बाबु पनि त्रिभूवन नपा-११ कटुवा खोलाको

बगरमा छाप्रो हाली बसेका छन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

सोनपुर गाविस-४ बस्ने ३१ वर्षको भगवती शुक्लाले चैलाही गाविस-२ की एक महिलालाई सुत्केरी अवस्थामा ०५० माघ ३ गते बलात्कार गरे।

उरहरी गाविस-६ का ४० वर्षीय लालबहादुर खत्रीले सोही गाविस हसनापुर बस्ने एक महिलालाई ०५१ जेठ २ गते राती १२ बजे उनको पति घरमा नभएको मौका पारी बलात्कार गरे। अभियुक्तलाई थुनामा राखिएको छ।

यस वर्ष पनि यो जिल्ला महिला किनबेचको घटनाबाट अछूतो रहन सकेन। सिसनिया गाविस-१ का नुमाकान्त खनालकी पत्नी शान्ता खनाल र प्युठान तुसारा बस्ने कुमारी पोखरेलले तुसारा कै १५ वर्षीय आशाकुमारी भट्टराईलाई ०५१ जेठ ५ गते कृष्णनगरबाट भारतको सीमा बजार बढनीमा पुऱ्याई बिक्री गरे। अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरी जिल्ला अदालतमा पेश गरेकोमा हाल तारेखमा छोडिएको छ।

दाङ लक्ष्मीपुर गाविस-२ भैसरपुरको वर्ष ३३ का डोरबहादुर सुनारले ०५१ जेठ १६गते राती १२ बजे सोही ठाउँ बस्ने २६ वर्षकी एक महिलालाई बलात्कार गरेका थिए।

उरहरी गाविस-३ कटाहाका श्याम चौधरीले तुल्सीपुर नपा-६ रजौरा वन्धु चौधरीकी छोरी जुलुशी चौधरीलाई ०५० माघमा बिहे गरे। बिहे भएको ८-९ महिनामा बच्चा जन्मियो। गाउँलेहरूले यो तेरो बच्चा होइन भनेपछि श्याम चौधरीले पत्नी जुलुशी चौधरीलाई ०५१ असोजमा घरबाट निकाली दिए। जुलुशी चौधरी हाल बाबुको घरमा आएर बसेकी छिन्।

शान्तिनगर गाविस-७ एकलीका लोकबहादुर मल्लले आफ्नी छोरी २१ वर्षीय गुणकुमारी मल्ललाई वर्दिया जिल्ला गुलरियाका ४३ वर्षीय जब्बरबहादुर मल्लसंग जवर्जस्ती यातना र धम्की दिँदै विवाह गरी पठाएका थिए।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

पवननगर गाविस-४ का सुकबहादुर वि.क.ले पत्नी सुमित्रा वि.क. हुँदा हुँदै सोही ठाउँ बस्ने वुद्धिबहादुर गरंजा मगरकी पत्नी धनसरी गरंजा मगरलाई ०५१ साउन २८ गते विवाह गरे। र जारी वापत वुद्धिबहादुर गरंजा मगरलाई १ लाख ३० हजार नगद र जिन्सी तिरे। उनले बहु विवाह पनि गरे, जारी पनि तिरे।

यस जिल्लामा विवाह खर्च वापत २ देखि ७ हजारसम्म लिने-दिने चलन रहेको छ।

यो जिल्ला देह व्यापारका लागि प्रसिद्ध छ। जिल्लाका विभिन्न ठाउँहरूमा वादी जातिहरूको वस्ती छ। श्रीगाउँ गाविसको चिरकुटी, तुल्सीपुर नगरपालिकाको हात्तीखौवा, पानुखोला र कालाखोला, त्रिभुवन नगरपालिकाको पकरैया र चौलाही गाविसको लमही (अर्जुन खोला) मा बसोबास गरेका वादी जातिका युवतीहरू यस पेशामा लागेका पाइन्छन्।

### ४.३ गर्भ पतन

गर्भ पतन गराइएका कुनै घटना सार्वजनिक भएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

गरिबी, बेरोजगारी, अशिक्षा, महंगो शिक्षा प्रणाली आदि कारणले थुप्रै बालबालिका गाउँमा गाई, वाख्रा चराउन अर्काको गोठालो बस्छन् वा शहरका होटेलमा भाँडा माझ्ने काम गर्छन्।

त्रिभुवन नगरपालिका-१० अन्तरगत एकजनाको घरमा काम गर्न बसेकी १४ वर्षकी गौरी चौधरीलाई आफ्नो ज्याला समेत थाहा छैन।

घोराही बजार अस्पताल रोडको एक होटेलमा काम गर्ने रोल्पा नुवागाउँका १३ वर्षीय वीरबहादुर थापाले मासिक १ रूपियाँ पाउने गरेको बताउँछन्।

त्रिभुवन नगरपालिका-११ स्थित नीलकण्ठ वोर्डिङ स्कूलमा कार्यरत भारत वलरामपुर निवासी शिक्षक जगदीश उपाध्यायले सोही स्कूलमा अध्ययनरत ९ वर्षीय विद्यार्थीलाई ०५१ बैशाख २२ गते ट्युसन पढाउन लागेको समयमा ढोका लगाइ यौन शोषण गरेका थिए। भोग गरेको समयमा बालक चिच्याएको अरूले पनि सुनेका थिए। पछि ती शिक्षकलाई प्रहरीले हिरासतमा राखेका थिए। हिरासतमा रहेका शिक्षक आफूले पश्चाताप गरेको बताउँछन्।

काठमाडौं घर बताउने चन्द्रिकाले ०५१ भदौ १४ गते सोनपुर सामुदायिक वनमा एक-डेढ महिनाको बच्चालाई छोडेर हिंडिन्। अहिले उक्त बच्चालाई सोही ठाउँ बस्ने मेहनीदेवी चौधरीले पालेकी छिन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

कुनै पनि पेशा अपनाई धन उपार्जन गर्ने अधिकार हाम्रो संविधान अनुसार सबैलाई भएता पनि सत्तापक्षीय नेता र कार्यालय प्रमुखको इसारामा नहिंडे विभिन्न अड्चन खडा गरिने घटना गत वर्ष जस्तो यस वर्ष पाइएन।

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

श्रम गरे वापत पाउने पारिश्रमिक यहाँका जमिन्दार, सामन्त र ठूला व्यापारीहरूमा भर पर्दछ। श्रमको उचित मूल्यांकन नभएको गुनासो श्रमजीवीहरूको छ।

यहाँका राजु चौधरीले वार्षिक ६ हजार ३ सय र जागी चौधरीले १ हजार ७ सय पारिश्रमिक पाउँछन्। यी दुवै श्रमिकहरू त्रिभुवन नगरपालिका-११ भरतपुरका गंगाप्रसाद श्रेष्ठको घरमा काम गर्छन्।

### ६.२ विश्रामको अधिकार

विश्रामको सन्दर्भमा मालिक र जमिन्दारहरूकै इच्छामा भर पर्ने कुरा श्रमजीवीहरू बताउँछन्।

### ६.३ अन्य आर्थिक अधिकार

यस जिल्लामा अन्य तरिकाबाट आर्थिक उपार्जन गर्ने पनि गरिन्छ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस जिल्लामा कमैया र हलिया राख्ने र बस्ने प्रचलन छ। वार्षिक एकमुष्ट २५-३० मुरी धानमा कमैया राख्ने गरिन्छ। माघ महिनामा कमैया राख्ने बस्ने सम्बन्धमा सम्झौता गरिन्छ। कुनै कमैया परिवारलाई पहिलाको जमिन्दारसंगको ऋण तिर्नको लागि पैसा सापटी दिएर मात्र पहिलो जमिन्दारबाट मुक्त गराइन्छ र आफूले राख्ने गरिन्छ। यो सौकी प्रथा दास प्रथा कै एक रूप हो।

त्रिभुवन नगरपालिका-७ सेवार बस्ने ४५ वर्षका सीताराम चौधरी ५ वर्ष पहिले सूर्यबहादुर बुढाथोकीको घरमा ७ वर्ष काम गरेर बसे पनि उनको नाममा ९ हजार ५ सय र ५ मुरी धान सौकी बाँकी थियो। ०४६ माघमा ५ हजार ५ सय प्रदीप बुढाथोकीबाट लिई सौकी तिरे र उनी मुक्त भए। तर फेरी प्रदीप बुढाथोकीको घरमा बस्नु परिरहेको छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

वीरेन्द्र साधारण मा.वि. भ्युडहर सुनपुरमा अध्ययनरत विद्यार्थी कमल न्यौपाने र प्रेमराज ढकाललाई कक्षा कोठा बाहिर बोलाएर सख्त घाइते हुने गरी पिटियो। तर प्रधानअध्यापक टोपबहादुर पार्धेले अब रीसइबी राख्ने छैनौं भनी कागज गराएको थाहा भएको छ।

मानिसले मानिसप्रति गरिने सद्‌भाव, सम्मान, व्यवहार यस जिल्लामा कमै पाइन्छ। रूढीबादी संस्कारले समाज ग्रस्त रहेको देखिन्छ।

जातीय छुवाछूत ग्रामीण क्षेत्रमा व्याप्त नै छ। पवननगर गाविस-४ का पुरूषोत्तम ढकालको पसलमा सोही ठाउँ बस्ने रामबहादुर सार्कीले चिया खाएको गिलास सफा नगरेकोमा अश्लील गाली गरेका थिए।

त्यस्तै सो पसलमा इन्सेक र उत्पीडित, दलित जातीय मुक्ति समाजले संयुक्त रूपले निकालेको पोष्टर समेत टाँस्न दिइएको थिएन।

०५१ बैशाख ५ गते चैलाही गाविस लमही बजार नजिकै बस्ने टेकबहादुर वि.क. की १४ वर्षीय छोरी वसन्ती वि.क.ले मुछेको पीठो र आफ्नो खाट छोएको भनी सावित्री शाहले वसन्तीका बाबु टेकबहादुर वि.क.लाई समेत लठैत लगाएर पिटाउने काम गर्दा टेकबहादुरले भागेर ज्यान जोगाएका थिए।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस जिल्लाका घटनाहरू मध्ये चर्चित घटनाहरू ०५१ कार्तिक १७ गतेको विजौरी गोलीकाण्ड र ०५१ मंसीर ५ गते पक्राउ परेका परदेशु चौधरीको हिरासतमा दिइएको यातनाका कारण भएको मृत्यु प्रमुख रहे। उपरोक्त घटनाको सन्दर्भमा दुःख व्यक्त गर्दै हत्यारालाई शीघ्र गिरफ्तार गर्न न्यायिक छानवीन आयोगको माग गर्दै मासम, माजम, नेमाधिसंघ, पत्रकारसंघ र आमनिर्वाचन पर्यवेक्षण समितिले छुट्टाछुट्टै प्रेस वक्तव्य निकालेका थिए।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यस वर्ष विभिन्न मिति र स्थानमा भएका विभिन्न सवारी दुर्घटनामा ८ जनाको ज्यान गयो।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

उल्लेखनीय विपत्ति यस वर्ष केही मात्र पाइयो।

त्रिभुवन नपा-११ भरतपुरको १७ वर्षकी चन्द्रकला श्रेष्ठ, तुल्सीपुर नपा-५ की ३० वर्षीय महिला र हापुर गाविस-१ का वर्ष ११ को जितबहादुर बुढा समेत ४ जनाको विभिन्न मिति र स्थानमा भएको आगलागीका कारण मृत्यु भयो।

सोनपुर गाविस-१ नर्तिका चित्लाङ्ग चौधरीको घरमा ०५१ मंसीर १४ गते राती १० बजे सोही ठाउँ बस्ने असलम मुसलमानले आगो लगाई दिएका थिए।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

शान्तिनगर गाविस-८ का ५७ वर्षीय धनवीर घर्ती मगरको ०५१ मंसीर १४ गते वागमारे गाविस मजुवाको जंगलमा अरिङ्गालको बच्चा निकाल्दा अरिङ्गालले टोकी मृत्यु भयो। यस्तै अन्य घटनामा पनि अरिङ्गालको टोकाइबाट दुईजनाको मृत्यु भएको थियो।

### ९.४ आत्महत्या

लक्ष्मीपुर गाविस बाहहाँगे की ४० वर्षीय चेतकुमारी पौडेलले झुण्डिएर आत्महत्या गरिन्। यसरी नै वेला-२ कटेवेरूवाको चन्द्रिका के.सी. गढवा-१ बस्ने २१ वर्षका धनेश्वर पन्थी, सिसनिया-८ का ८० वर्षीय वाधुराम चौधरी समेतले झुण्डिएर आत्महत्या गरेका थिए भने पानीमा डुबेर ४ जना मरे। यसरी नै विष सेवन गरेर पनि ३ जना मरेको पाइयो।

०५१ जेठ १७ गते देउखुरी सतवरिया गाविस-३ का फूलपत चौधरीकी १७ वर्षीय छोरी रेणु चौधरीले आत्महत्या गरिन्। उनको लास इपिलइपिलको बोटमा झुण्डिएको तर भूईमा लत्रिएको अवस्थामा फेला पऱ्यो। निज चौधरी उक्त

ठाउँका जमिन्दार दिलीपकुमार बुढाथोकीको घरमा काम गर्दै थिइन्। दिलीपका छोरा छोरी नभएकोले रेणुसंग विवाह गर्ने कुरा भएको रेणुले आफ्नो घरका परिवारलाई बताएकी थिइन्। घटनाको सम्पूर्ण प्रकृति हेर्दा आत्महत्या हुन नसक्ने यथेष्ट प्रमाणहरू हुँदाहुँदै पनि रेणुका बाबु-आमाले दिएको जाहेरी जिल्ला प्रशासन कार्यालयमा दर्ता गरिएन।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

आतंककारी घटनाहरू यस जिल्लामा प्रशस्तै घटे।

हलवार गाविस-२ नवलपुरका जोगबहादुर रानाको घरमा ०५१ असोज ४ गते राती साढे बाह्र बजे सोही गाविस-८ स्वाद्रे बस्ने लेखराज कार्की, लोकबहादुर खड्का र ईश्वरी बुढा समेतले बम प्रहार गरी आतंकित तुल्याए। उक्त बम भान्सा कोठासंग जोडिएर रहेको पानीका भाँडा राख्ने स्थानमा लाग्न गएको थियो। बमका छर्राहरू घरको भित्तामा लागेका थिए। जोगबहादुर रानालाई मार्ने उद्देश्यले नै बम प्रहार गरिएको अड्कल गरिन्छ। राना बक्सिङ खेलका प्रशिक्षक तथा एमालेका कार्यकर्ता पनि हुन्। यही घटनाबाट दाङ जिल्लामा निर्वाचनमा आतंकको श्रृंखला शुरू भएको थियो।

०५१ असोज २७ गते साँझ ४ बजे घोराही बजारमा सतवरिया-१ का २८ वर्षीय रामबहादुर बुढा, २५ वर्षीय मानबहादुर सिंह ठकुरी र ३४ वर्षीय दलबहादुर पुनलाई त्रिभुवन नगरपालिका-६ सुपैलापुरका कृष्णबहादुर शाह, सतवरिया-१ बनगाईका शेरबहादुर बुढा, शेरबहादुर चौधरी, केशव शाह, कृष्ण सिं ठकुरी र युवराज बुढा मगरले अपहरण गरेका थिए। अपहरणकारीहरूले जिविस सभापति तीर्थराज चैतुको गाडी प्रयोग गरी नेपाली कांग्रेसको जिल्ला कार्यालयमा ल्याई कुटपिट गरेका थिए। यस अघि अपहरणकारी र अपहरित दुबै पक्षका बीच ०५१ असोज २५ गते पनि भीडन्त भएको थियो।

०५१ कार्तिक १७ गते राती १० बजे तुल्सीपुर नगरपालिका अगाडि रोकी राखिएको भारतीय नम्बरको गाडीबाट ५ थान कार्तुस, २ थान खुकुरी बरामद गरिएको थियो। उक्त गाडी कांग्रेसका उम्मेद्वार खुमबहादुर खड्काको प्रचारको लागि ल्याइएको थियो। सो चर्चाले जनता आतंकित भएका थिए।

०५१ मंसीर २९ गते चैलाही गाविस-२ लमहीका मनोवर रसिद (अहमद) को घरमा भारत बलरामपुर घर भई हाल चैलाही गाविस-२ लमही बजार का ३३ वर्षीय अब्दुल रसिदले डाँका गरे। डाँका गर्दागर्दै मनोवरले थाहा पाएपछि अब्दुलले मनोवर र उनका छोरा जमाल अहमदलाई छुरा हानेका थिए। डाँका गर्ने अब्दुल रसिदलाई प्रहरीले पक्राउ गरेको छ।

■



# ४. मध्यपश्चिमाञ्चल

## राप्ती

## ४.२ प्युठान

जनसंख्या : १५८४६९

साक्षरता : ३२.५ प्रतिशत

महिला साक्षरता : १६.९ प्रतिशत

क्षेत्रफल : १३०९वर्ग कि.मी.

पश्चिम नेपालको पहाडी जिल्ला प्युठान राजनीतिक रूपमा चर्चामा आइरहने जिल्ला हो। बिजुवार गाउँ विकास समितिको वडा ४ र ६ को बीचमा पर्ने डस्ले गजुरीमा प्राचीन कालदेखि कार्तिक शुक्ल तृतीयाका दिन ठूलो मेला लाग्छ। यही मेला-राजनीतिक पार्टीहरू बीच प्रतिशोध लिने अवसरका रूपमा प्रयोग हुने गरेको छ। यहाँ राजनीतिक चेतनामन्दा पनि पूर्वाग्रही भावना बढी रहेको पाइन्छ। यस जिल्लामा एक क्याम्पस, १९ माध्यमिक, २५ निम्न माध्यमिक र १ सय ९७ प्राथमिक विद्यालय रहेका छन्। यहाँ शैक्षिक चेतनामा कमी रहेको पाइन्छ। यस जिल्लामा ठूलो जनसंख्या मगर जातिको छ, त्यसपछि क्षत्री र बाहुन पर्दछन्। सुनार जाति पनि झण्डै १३ प्रतिशत रहेका छन्। स्वास्थ्य, सञ्चार र यातायातको क्षेत्रमा यो जिल्ला निकै पछाडि परेको छ।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

#### १.१ हत्या र गोली

मरन्थना-२ का चुदरीखोलाका नमबहादुर बस्नेतले ०५० फागुन २ गते हुमाकुमारी विष्टको हत्या गरे। उनीहरू बीच नजिकको ज्वाईं सासुको साइनो पर्छ। आफ्नी पत्नीसंग हुमाकुमारीको भनाभन भएकोमा आवेशमा आई नमबहादुरले बाँसको चिर्पटले हिर्काए। हुमाकुमारीको जिल्ला अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो। पीडकलाई थुनामा राखिएको छ।

भिंग्री-५ का सुके दमाईको सोही गाविसको रावाङबाट ०५० फागुन ११ गते घर फर्किंदासँगै आएका साथीहरूले निर्मम हत्या गरे। पीडित सुके दमाईका भतिजा काले दमाई र रिखे दमाईसंग सामान्य वादविवाद हुँदा आवेशमा आई यो हत्या गरिएको थियो। पीडकहरू दुबै फरार छन्।

तिराम-७ का लोकबहादुर पुनलाई ०५१ जेठ ३ गते सोही ठाउँका विष्णुबहादुर घर्तीले घँगेरी र बाँसको लौरोले हानी मारे। हत्या गर्नुपर्ने कारण खुल्न सकेको छैन। पीडक घर्ती फरार छन्।

तिराम-२ का २७ वर्षीय भोजबहादुर दमाईले ३ वर्षीय झङ्केली छोरीलाई घरमा थुनी आगो लगाई ०५१ जेठ १ गते हत्या गरे। निज भोजबहादुरले चुनादेवी नेपालीलाई बिहा गरी ल्याउँदा छोरी समेत ल्याएका थिए। सो दिन पत्नीलाई जंगलमा गएर दाउरा काट्दै गर्न भनी आफूले घरमा उक्त दुष्कार्य गरेका थिए। पीडकलाई थुनामा राखिएको छ।

बरौला-८ का कृष्णमाया थापाको ०५१ साउन १५ गते पति भवानीबहादुर थापा र सौता देवका थापाको कुटपिटबाट मृत्यु भयो। पीडकले कृष्णमाया झुण्डिई मरेको बताएका छन्। तर मृतकको कानबाट रगत बगेको, कान च्यातिएको र घाँटीमा दायाँ बायाँ तथा पाखुरा, कम्मर आदि ठाउँमा नीलडाम थियो। कृष्णमाया १७ वर्षदेखि शिक्षण पेशा गर्दै आएकी थिइन्। उनीबाट कुनै सन्तान भएको थिएन। यसअघि पनि यी पति पत्नी बीच झगडा भइरहने गरेको थाहा भएको छ।

#### १.२ जेल र बन्दीहरू

प्युठानमा १५ जना बन्दी अट्ने "घ" श्रेणीको जेल छ। यस जेलमा अहिले १० जना पुरुष बन्दी मात्र छन्। यो जेल राणा कालमा घोडा बाँध्न बनाइएको थियो। जेल जीर्ण अवस्थामा भएकाले वर्षामा पानी चुहिन्छ। भवनलाई कोठामा विभाजित गरिएको छैन। चीसोले गर्दा बन्दीहरू बिरामी हुने

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | २ | १ |
| बलात्कार | - | १ | १ |
| आत्महत्या | - | ४ | ११ |



*प्रहरी लाठीचार्जबाट घाइते : गिरीराज पौडेल*

गरेका छन्। उपचारको राम्रो व्यवस्था छैन। २ वटा चर्पी र २ वटा धारा छन् तर पर्याप्त पानीको व्यवस्था हुन सकेको छैन। जेलभित्र कपडा बुन्ने तान र सिलाई मेशीन छ।

## १.३ गिरफ्तारी र यातना

सदरमुकाम खलंगाबाट ०५१ बैशाख २५ गते जिल्ला विकास समितिका सभापति कर्णध्वज के.सी. लगायत १७ जना विद्यार्थीलाई प्रहरीले गिरफ्तार गऱ्यो। उनीहरूलाई यातना दिइयो र उपचारका लागि कुनै व्यवस्था गरिएन। सभापति के.सी.को देब्रे खुट्टा र दाहिने पाखुरा, घुँडा र कुममा चोट लागेको थियो। उनीहरू विरूद्ध सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाइएको छ। सो दिन प्रस्तावित मोती माध्यमिक विद्यालयका कार्यवाहक प्रधानाध्यापक भवानीबहादुर थापालाई दाम्लोले बाँधी विद्यार्थी जुलुसले कालोमोसो समेत दली जिल्ला शिक्षा कार्यालयमा बुझाउन भनी ल्याउँदै थिए। सो जुलुसमाथि प्रहरीले लाठी चार्ज समेत गरेकाले आफू त्यसो नगर्न भन्न गएको भन्ने सभापति के.सी.को भनाइ छ। तर प्रहरीले सभापति के.सी.ले स्वयं जुलुसको नेतृत्व गरेको अभियोग लगाएको छ। पक्राउ परेकामध्ये ७ जनालाई केही दिनपछि छाडिएको थियो।



*मृतक कृष्णमाया थापा*

यसै घटनाका सिलसिलामा ०५१ जेठ १० गते सभापति के.सी.को रिहाइको माग गर्दै जिल्ला प्रशासन घेराउ गर्दा प्रहरीले लाठी चार्ज गऱ्यो। यसमा परी एमालेका हरिबहादुर के.सी., मसालका के.वी. गुरूङ, जनमोर्चाका बुद्धबहादुर जी.सी. लगायत थुप्रै घाइते भए। सभापति लगायतका १० जनालाई ०५१ भदौ २१ गते जनही २८ हजार २ सय धरौटी लिई रिहा गरिएको छ।

अर्घाखाँची घर भई मक्षीमा सुनका गहना बनाई बस्ने रणेन्द्र बरालीलाई प्रहरी जवान दलबहादुर अहारी समेतले ०५१ पुस १ गते गिरफ्तार गरी यातना दिए। दलबहादुरले आफ्नी पत्नीको सुन गाल्न दिएकोमा ४७ लालबाट १४ लाल भएपछि रणेन्द्रलाई गिरफ्तार गरिएको थियो। चौकीमा पुऱ्याई निज रणेन्द्रबाट ४ हजार ४ सय नगद र १४ लाल सुन असूल गराएकोमा डीएसपीले पछि फिर्ता गर्न लगाए। अनाहकमा रणेन्द्रलाई यातना दिइयो।

## १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना भएन।

## १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

मोती प्रस्तावित मा.वि.का प्रधानाध्यापक भवानीबहादुर थापालाई विद्यार्थी र गाउँले समेत मिली ०५१ बैशाख २५ गते दाम्लोले बाँधी कालोमोसो दले। निज थापाको महेन्द्र मा.वि. सरवेसीमा सरूवा भएको तर उनी सो विद्यालयमा काजमा रहेका थिए। पीडित थापाले ०४८ सालमा दोस्रो विवाह गरेको र कान्छी पत्नी देवका थापा र सञ्चालक समितिको अध्यक्षकी छोरी कमला ज्ञवालीलाई शिक्षिकामा नियुक्त गरेको विषयमा गाउँलेहरू क्रुद्ध थिए। त्यसैले उनीहरूले शिक्षक थापालाई आफ्नो नियन्त्रणमा लिई निजको सरूवाको मागमा नारा लगाएका थिए।

दाखा क्वाडी-४ का खीमबहादुर धामीलाई रजवारा घर भई सोही ठाउँ बस्ने टेकबहादुर पुनले ०५१ भदौ १३ गते खुकुरी प्रहार गरी घाइते बनाए। काम सकेर घर फर्कँदै गर्दा बाटोमा तास खेल्ने क्रममा टेकबहादुरले खीमबहादुरको पैसा खोसे। यसै विषयमा विवाद हुँदा टेकबहादुरले खुकुरीले हानेका थिए। पीडितको गोडामा गहिरो चोट लागेको थियो। भदौ ३१ गते दुबै पक्षले मिलापत्र गरेका छन्।

## १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

# २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यसको उल्लंघन सम्बन्धी उल्लेखनीय घटना यो वर्ष भएको पाइएन।

## २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न धर्मावलम्बीहरू छन्। उनीहरू बीच धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचनका क्रममा ०५१ कार्तिक २८ गते धरमपानी–८ वरबोटका वडा सदस्य तिलबहादुर खत्री र रिखबहादुर खुकुरी प्रहारबाट घाइते भए। नेकपा मसाल समर्थक यी कार्यकर्ता कांग्रेसले पैसा बाँड्दै छ भनी चियो गर्न बसेका थिए। त्यसैबेला कांग्रेसका विष्णुप्रसाद पौडेल लगायतका मानिस गार्उं छिर्न लाग्दा मसाल कार्यकर्तासंग मुठभेड भयो। तिलबहादुरको जाहेरी अनुसार विष्णुप्रसादमाथि ज्यान मार्ने उद्योगमा कार्वाही चलाइएको छ।

निर्वाचनका दिन राती घरमा रेडियो सुनेर बसेका तिलबहादुर पुनमाथि सामूहिक आक्रमण गरी कुटपिट र तोडफोड गरियो। आक्रमणकारीहरूले पहिलादेखि तिलबहादुरलाई कांग्रेस हुन भनेका तर उनले आफू मसालकै कार्यकर्ता हुने कुरा बताएका थिए। यही राजनीतिक विचारका कारण उनीमाथि आक्रमण गरिएको हो। पीडक रणबहादुर घर्ती लगायतका ७ जनाका विरूद्ध प्रहरीमा जाहेरी गरिएकोमा ०५१ मंसीर ५ गते दुबै पक्ष बीच मिलापत्र भएको छ।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

सरूवा, घटुवा, पक्षपात सम्बन्धी उल्लेख्य घटना देखा परेनन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन र सुकुम्बासीका विषयमा कुनै घटना भएको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

गोठीवाङ–६ बाँजीपुरका सुरज भन्ने लुमबहादुर खड्काले आफ्नी पत्नी मुगा खड्कालाई ०५१ असार १९ गते भारत बम्बईको भेण्डी बजारमा बिक्री गरे। उनले मुगालाई ४० हजारमा बेचेका थिए। प्रहरीको सहायतामा मुगा घर फर्केकी छिन्। उनले आफू बेचिएकै दिन उम्कन सफल भएको बताएकी छिन्। यी दुई बीच ०५० बैशाख १ गते प्रेम विवाह भएको थियो। दुबैको दोस्रो विवाह थियो।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

दाखाक्वाडी–२ का कमलप्रसाद पोखरेलले विवाह भएको ४ महिनापछि अर्को विवाह गरे। उनको पहिलो विवाह ०५० फागुन २८ गते धर्मावती जेगवाङकी सरितासंग भएको थियो। कमलले ०५१ असारमा अर्को विवाह गरे। जेठी पत्नीले बहुविवाह सम्बन्धी मुद्दा दिएकी छिन्। पति कांग्रेस समर्थक र पत्नी जनमोर्चा समर्थक भएकाले राजनीतिक धारणा भिन्न भई कमलले दोस्रो विवाह गरेको बताइएको छ।

### ४.३ गर्भ पतन

यस सम्बन्धी कुनै घटना औपचारिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

आर्थिक विपन्नताले गर्दा यहाँका मानिसले बाल अधिकार के हो भनेर बुझ्न सकेका छैनन्। यहाँका बालबालिकाहरू कृषि मजदुरका रूपमा काम गर्छन्। अधिकांश बालबालिका शिक्षा, स्वास्थ्य जस्ता आधारभूत अधिकारबाट वञ्चित छन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

उद्योग कलकारखाना नभएकाले यस सम्बन्धी कुनै उल्लेखनीय घटना भएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस जिल्लामा फाटफूट रूपमा मासिक हिसाबमा ग्वाला र नोकरका रूपमा बालबालिकाहरू ठूलाठालुका घरमा बस्ने गरेका छन्। तर उमेर पुगेपछि उनीहरू आफ्नै घरबार गरेर बस्छन्।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस बारेमा कुनै उल्लेख्य घटना देखा परेन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यो वर्ष शिक्षक भवानीबहादुर थापामाथि गरिएको दुर्व्यवहारलाई र जिविस सभापतिको गिरफ्तारीलाई अधिकांश राजनीतिक पार्टीहरूले आलोचना गरे र यो घटना वर्ष कै चर्चित घटना रह्यो।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

मिंग्री–८ की वेली आले ०५० फागुन १० गते आफ्नै घरमा आगलागीमा परी मरिन्। सामान जोगाउन आगो लागेको घरमा पस्दा उनको मृत्यु भएको थियो।

पक्लाको कुमी भन्ने ठाउँमा एउटा पहाड विस्फोट

हुँदा ३ जना पुरिएर मरे। यो विस्फोटका कारण पहिरो आउनाले १७ घर परिवार प्रभावित भएका छन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएन।

### ९.४ आत्महत्या

दुगेगढी-७ का शशीधर घर्तीले ०५० पुस २० गते पासो लगाई आत्महत्या गरे। घरायसी विवादका कारण उनले आत्महत्या गरेको बताइएको छ।

ओखरकोट-४ वादी खोलाका कोरिलबहादुर वि.क.ले ०५० पुस २२ गते पासो लगाई आत्महत्या गरे। सोही ठाउँकी १८ वर्षीय बेलौती वि.क.ले पनि ०५० चैत १ गते पासो लगाई आत्महत्या गरिन्।

ओखरकोट-७ चुँदाराका पुनाराम शर्मा ०५० चैत २२ गते आफै पासो लगाई मरे।

लिपाङ-४ का शिवलाल खत्रीले पारिवारिक झगडाका कारण ०५० चैत २५ गते रूखमा झुण्डिई आत्महत्या गरे।

रम्वी-९ का ६५ वर्षीय चन्द्रबहादुर कुमालले नाम्लोको पासो लगाई ०५० चैत २९ गते आत्महत्या गरे। आर्थिक विपन्नताका कारण उनले आत्महत्या गरेको बताइएको छ।

नारीकोट-९ की बेलकुमारीले ०५१ जेठ ३१ गते पासो लगाई आत्महत्या गरिन्। उनको मानसिक स्थिति ठीक थिएन।

मिंग्री-५ की तुकी रोका ०५१ असार २ गते पासो लगाई मरिन्। उनको मानसिक स्थिति ठीक नभएको बताइएको छ।

बिजुवार-४ बाँस खोला कुर्वाका लोकमणि पोखरेल ०५१ भदौ १२ गते रूखमा झुण्डिई मरे। मृतकले मर्नु अघि लेखेको पत्र अनुसार, परिवारले आफ्नो सम्मान नगरेकोमा उनी चिन्तित भएको देखिन्छ।

बरौला-५ देउरालीका ७१ वर्षीय वृद्ध पतिराम घर्तीले पासो लगाई ०५१ मंसीर १३ गते आत्महत्या गरे। उनी विगत १७ महिनादेखि विरामी भएका तर जति औषधि गर्दा पनि ठीक नभई थलिएका थिए।

मिंग्री-९ की २२ वर्षीय धुमामाया रेग्मी दलिनमा पासो लगाई ०५१ असोज २ गते मरिन्। धुममायाले बच्चा जन्माएर पनि दूध नआएकाले दिक्दार भएर आत्महत्या गरेको अनुमान गरिएको छ।

बिजुली-९ मन्दीपका लालबहादुर पाण्डेले घरायसी व्यवहारबाट दिक्क भएर ०५१ असोज २५ गते झुण्डिएर आत्महत्या गरे।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको पाइएन।

■



# ४. मध्यपश्चिमाञ्चल

## राप्ती

## ४.३ रोल्पा

जनसंख्या : १७९६२१
साक्षरता : २७.५ प्रतिशत
महिला साक्षरता : १०.१ प्रतिशत
क्षेत्रफल : १८७९ वर्ग कि.मी.

राप्ती अञ्चलको पहाडी भागमा रहेको यो जिल्ला पछौटे नै देखिन्छ। यो जिल्ला अन्धविश्वास र कुप्रथाहरूको बोलवाला रहेको र शैक्षिक स्थितिमा पनि बहुसंख्यक निरक्षर रहेको अवस्थामा छ। हुन त यस जिल्लामा १० वटा मा.वि., २६ वटा नि.मा.वि. र २ सय १९ वटा प्रा.वि. रहेका छन्। अर्ध बेरोजगारी अवस्थामा रहेका किसानहरू हिउँद याममा कामको खोजीमा काठमाडौं तथा भारतका विभिन्न भागमा जाने गर्दछन्। जिल्लामा मानवअधिकार सम्बन्धी चेतना ज्यादै नै न्यून रहेको छ। यहाँ राजनैतिक प्रतिशोधका कारण बढी मुद्दा चल्ने गरेको पाइन्छ। यस जिल्लामा राज्यबाट, समाजबाट र व्यक्तिबाट गरी तीन प्रकारले मानवअधिकार हनन हुने गरेको छ।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

रूकुम मोरावाङ-६ का ३५ वर्षीय जोरवबहादुर रोकालाई भारतबाट कमाई गरी फर्कीरहेको अवस्थामा रोल्पा घर्तीगाउँ-४ अन्तरगत पर्ने बाटो नजिकै भीरबाट लडाएर हत्या गरियो। भारतदेखि नै उनीसँगै फर्कि आएका एक जना व्यक्तिले उक्त भीरबाट लडाएर मारेको हुनु पर्ने कुरा इसु बुढाले जिल्ला प्रहरी कार्यालय रोल्पामा जाहेरी गरेका छन्। अभियुक्तलाई पक्राउ गरिएको छ र जिल्ला अदालत रोल्पामा मुद्दा चलिरहेको छ।

दाङ डिकपुर घर भई व्यापारको सिलसिलामा रोल्पा पुगेका थमनबहादुर डाँगीलाई ०५० चैत १२ गते माबाङ गाविस अन्तरगत पर्ने जंगलमा कुटपिट गरी हत्या गरियो। हत्या गरी सकेपछि अभियुक्तहरूले उनको लाशलाई कोर्चाबाङ गाविस लाप्चन भन्ने ठाउँमा ल्याएर फालेका थिए। उक्त हत्याको अभियोगमा माबाङ-१ का बागवीर बुढालाई पक्राउ गरेपछि हत्याको रहस्य खुल्न गएको थियो। सि.आइ.डी. भनी उनको हत्या गरिएको थियो। माबाङ-२ बस्ने राजकुमार बुढा, गुमानसिं बुढा समेत १४ जनामाथि कर्तव्य ज्यान सम्बन्धी मुद्दा जिल्ला अदालतमा चलिरहेको छ।

०५१ वैशाख ११ गते विभिन्न अपराधीलाई खोज्न गएका प्रहरी र गाउँले बीच मीडन्त हुँदा हरिवाङ गाविसमा तिलबहादुरको घर नजिकै प्रहरीले ४ राउण्ड गोली प्रहार गरेको थियो। तर यस घटनामा कोही पनि हताहत भएनन्।

०५१ जेठ १ गते माबाङ गाविस-१ मा विभिन्न अपराधका मुद्दा लागेका फरार व्यक्तिहरूलाई खोज्न गएका प्रहरी र स्थानीय जनता बीच मीडन्त हुँदा प्रहरीले गोली चलाए। उक्त घटनामा सोही ठाउँ बस्ने ५६ वर्षीय महिला मनस्वना थाठाको बायाँ पाखुरामा गोली लागेको थियो।

उवा गाविस-३ रिग बस्ने वदिम पुन मगरलाई ०५१ असार १८ गते सोही गाविस-४ अन्तरगत पर्ने बाटोमा हिँडिरहेको अवस्थामा केही व्यक्तिहरूद्वारा खुकुरी, चक्कु, लाठी समेत प्रयोग गरी सौघातिक हमला गरी हत्या गरियो। हत्या भइसकेपछि उनको लाशलाई बाटोबाट घिसार्दै खोल्सामा मिल्काएका थिए। राजनैतिक रिसइबीका कारण उक्त हत्या भएको आशंकामा १५ जनामाथि हत्याको अभियोग लगाई दिएको जाहेरी दर्खास्तको आधारमा संजमोको तर्फबाट उवा गाविस उपाध्यक्ष पदमा निर्वाचित जुनमाया थापा समेत ४ जनालाई पक्राउ गरिएको छ भने अन्य ११ जना फरार छन्। हाल जिल्ला अदालतमा मुद्दा चलिरहेको छ।

तालाबाङ-६ स्याराबाङ बस्ने ३३ वर्षीय चुनबहादुर घर्तीलाई ०५१ भदौ २१ गते दिउँसो सोही ठाउँ बस्ने कुलबीर भन्ने

| घटनाको प्रकृति | घटना संख्या | | |
|---|---|---|---|
| | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | २ |
| हिरासतमा यातना | २ | १३ | १ |
| बलात्कार | १ | १० | - |
| व्यक्तिहरूद्वारा कुटपिट | - | - | १ |
| आत्महत्या | - | १८ | ८ |




*मृतक नैनसिं खत्री*

व्यक्तिको आँगनमा इरिवाङ-३ नाफे बस्ने धनराम कामी, गजुले कामी, हरिलाल कामी, कर्णबहादुर र गनबहादुर समेतले कुटपिट गर्दा घटनास्थल मै उनको मृत्यु भयो। जग्गा सम्बन्धी विवादका कारण उक्त हत्या भएको थियो। ०५१ भदौ २७ गते जिल्ला प्रहरी कार्यालयमा घटनाको जाहेरी गरेपछि हरीलाल र धनराम कामीलाई पक्राउ गरी जिल्ला अदालत रोल्पामा उपस्थित गराई पूर्पक्षका लागि जेल चलान गरियो।

जेलवाङ-८ बस्ने ५५ वर्षीय मुटे बुढा मगरलाई ०५१ कार्तिक १० गते राती अगेनामा आगो फुकिरहेको अवस्थामा सोही ठाउँ बस्ने बहादुर बुढाले चक्कुले हानी हत्या गरे। बहादुर बुढाले प्रहरीमा दिएको साविती बयानमा मृतकसंग आफ्नो कुनै दुश्मनी नभएको तर उक्त दिन राती ढोका खोल्न आग्रह गर्दा ढोका नखोलेको आवेशमा ढोका फोडेर भित्र गई चक्कुले हिर्काएको कुरा बताएका छन्।

पाछावाङ गाविसको कालपोखरा भन्ने ठाउँमा ०५१ मंसीर ५ गते लागेको स्थानीय मेलामा रूकुम, खारावाङ-६ बस्ने निमबहादुर वाठालाई केही व्यक्तिहरूले कुटपिट गरे। सोही कुटपिटको चोटले घर पुऱ्याइएपछि उनको मृत्यु भयो। उक्त हत्याको अभियोग पाछावाङ-२ बस्ने नन्दबहादुर बुढा र धनसिं पुन समेतका व्यक्तिहरूलाई लगाइएको छ।

०५१ मंसीर ५ गते कालपोखरा मेलामा भएको हत्या सम्बन्धी घटनाको छानवीन गर्न जिल्ला प्रहरी कार्यालयबाट सई पूर्णबहादुर भण्डारीको नेतृत्वमा ०५१ मंसीर ९ गते घटना स्थलतिर जाँदै गरेका प्रहरीहरू विभिन्न मुद्दा लागेका संजमो (डा. भट्टराई) का कार्यकर्ता नन्दकिशोर पुनलाई पक्राउ गर्ने भनी मेलाभित्र पसेर मादल बजाउँदै नाच्दै गरेको नन्दकिशोरलाई प्रहरी जवान गोविन्दले पक्राउ गर्न खोजेका थिए। यसै बीच सई पूर्णबहादुर भण्डारीले पेस्तौल झिकी नन्दकिशोरको पाखुरामा हिर्काए। पाखुरामा गोली लागेपछि नन्द किशोरले भागेर ज्यान बचाए। त्यसपछि मेलामा प्रहरी र मेलाका सहभागीको दोहोरो भीडन्त शुरू भयो। विना चेतावनी प्रहरीले १५ राउण्ड गोली चलायो। सोही गोलीले राङसी-९ बस्ने २५ वर्षीय लोकबहादुर घर्ती र इरिवाङ-१ का २३ वर्षीय मनबहादुर पुनको घटना स्थलमै मृत्यु भयो। मनबहादुरको छातिमा राइफलको एउटा गोली र लोकबहादुरको शरीरमा पिस्तोलको तीनवटा गोली लागेको थियो। राङसी-९ बस्ने नन्दकिशोर पुनको पाखुरामा पिस्तोलको गोली लागी घाइते भएका थिए भने राङसी-६ का हेमलाल बुढालाई पनि पिठ्युँमा गोली लागेको थियो। मृतक र घाइते सबै संजमो समर्थक व्यक्तिहरू थिए।

उक्त घटनामा प्रहरी तर्फका ४ जना घाइते भएकोले तत्काल उपचारार्थ हेलिकोप्टरबाट काठमाडौं पठाइएको थियो। घटनाका सम्बन्धमा रोल्पाका डिएसपी लोकबहादुर कार्कीको भनाई यस्तो छ – "यस घटनामा प्रहरी तर्फबाट ज्यादती भएकै हो। ढुंगाको बदलामा प्रहरीले गोली नचलाउनु पर्ने थियो। पाछावाङ कालपोखरा पठाइएका प्रहरीहरू उक्त ठाउँमा नपुगी मेला जात्रामा पसेका थिए। उक्त घटनामा रिभल्वरको ५ राउण्ड र राइफलको १० राउण्ड गोली चलाइएको थियो। गोली नचलाइएको भए शायद प्रहरीहरू बाँच्ने पनि थिएनन् होला।"

जेलवाङ-३ पन्ध्रपोले भन्ने ठाउँबाट ०५१ मंसीर ३ गते साँझ सोही ठाउँ बस्ने ३५ वर्षीय सुके बुढालाई केही व्यक्तिहरूले कुटपिट गर्दै अन्यत्रै लगे। सोही दिन उनको हत्या गरियो र लाश गायब पारियो। मंसीर १७ गते मात्र सुके बुढाको लाश जंगलको फलाम खानी निकालेको ठाउँ बम्बे ओडारमा बोरामा बाँधेर फालिएको अवस्थामा फेला पऱ्यो। हत्या कसले गरेको हो थाहा हुन सकेको छैन। तर बुढा नेपाली कांग्रेस समर्थक व्यक्ति भएको र जेलवाङ गाविसमा संजमोको राम्रो पकड भएकोले चुनावमा भोट खसालेको प्रतिशोधका कारण उनको हत्या भएको हुनु पर्ने आशंका गरिएको बताइन्छ। स्मरणीय छ उक्त गाविसको १, २, ६ र ७ वडाहरूका बुथमा मत नै खसेन तर वडा नं. ३, ४, ५, ८ र ९ मा भने मत खसेको थियो। ५० जना सैनिक राखेर चुनाव सम्पन्न गरिएको थियो। सैनिकहरू त्यस ठाउँबाट हिंडिसकेपछि उक्त घटना भएको थियो।

०५१ मंसीर २१ गते दिउँसो धवाङ-७ बस्ने नैनसिं खत्री मिझिङ गाविसमा लाग्ने घाय मेलातर्फ जाँदै थिए। गजुल गाविस-५ मा पर्ने अँधेरी खोलाको पूर्वतर्फ पुग्दा नकावधारी जत्थाले भाला र लाठीले हानी उनलाई कुटपिट गरे। औषधि उपचारका लागि सदरमुकाम लिवाङतर्फ लाँदै गर्दा उनको मृत्यु भयो। मृतक खत्रीको लाशको पोष्टमार्टम गर्ने डा. निर्मलकुमार ज्ञवाली मृतकको टाउकोमा गहिरो चोट, मासुमा चुप्पी रोपिएको, खुट्टा २ ठाउँमा भाँचिएको, जीउभरी निलडाम रहेको बताउँछन्। नैनसिं खत्री नेपाली कांग्रेस रोल्पा जिल्ला कार्य समितिको सदस्य थिए।

## १.२ जेल र बन्दीहरू

०४४ सालमा बनाइएको कारागार भवन ५० जना बन्दी राख्न सकिने क्षमताको छ। यस वर्षको अन्तमा जम्मा ४९ जना बन्दी रहेका थिए। जसमध्ये २० जना कैदी र २९ जना थुनुवा छन्। २ जना महिला र १ नाबालिका पनि छन्। महिला बन्दी र पुरुष बन्दीलाई छुट्टै छुट्टै कोठाको व्यवस्था भए पनि छुट्टै ब्लक ( खण्ड) को व्यवस्था छैन। ७०० ग्राम चामल प्रतिदिन प्रतिव्यक्ति

दिइन्छ। रकमभने नाइकेलाई ७ रूपियाँ ५० पैसा, भाइनाइकेलाई ७ रूपियाँ २० पैसा, अन्य कैदीलाई ६ रूपियाँ ९० पैसा र थुनुवामा रहेकालाई ६ रूपियाँका दरले प्रत्येक १५ दिनमा एक मुष्ट उपलब्ध गराइन्छ। ओड्ने, ओछ्याउने विस्तारा २-२ वर्षमा मात्र वितरण गर्ने व्यवस्थाले दुई वर्षको बीचमा जेल जाने बन्दीहरूलाई अप्ठ्यारो परेको कुरा पीडितहरू बताउँछन्।

जेलमा रहेका थुनुवा र कैदीहरू बीच राजनैतिक मत भिन्नताका कारण पटक पटक फै-झगडा परिरहने गरेको पाइयो। जेलमा कार्यरत प्रशासनिक कर्मचारी र सुरक्षाकर्मी बीच सम्झदारीको अभाव रहेको छ।

यस आर्थिक वर्षमा रोल्पा जेलको लागि विभिन्न शीर्षकमा छुट्याएर ४ लाख ३१ हजार ६ सय रूपैयाँ पठाइएको कुरा जेलर हरिप्रसाद पौडेलले बताए। उनका अनुसार कतिपय शीर्षकमा छुट्टाइएको रकम अपुग हुन्छ। इन्धन शीर्षकमा ४ हजार छुट्याइएको तर भा.रू. २० हजार खर्च हुने गर्दछ। तर बन्दीहरू भने उज्यालोको लागि समेत पर्याप्त हुने गरी मट्टितेल नपाएको गुनासो गर्दछन्।

पत्रपत्रिका मध्ये गोरखापत्र मात्र जेलमा उपलब्ध हुन्छ तर बन्दीहरू भने पत्रिका पनि हेर्न नपाएको गुनासो गर्दछन्।

### १.३ गिरफ्तारी र यातना

०५१ भदौ ३ गते नेकपा एमाले लगायतका वामपार्टीहरूले राखेको अधिराज्यव्यापी जिल्ला प्रशासन कार्यालय धर्ना कार्यक्रम अन्तरगत लिवाङमा रोल्पा प्रशासन कार्यालयमा धर्नाको निम्ति बसेका एमाले कार्यकर्ता मित्रलाल घर्तीलाई प्रहरीले गिरफ्तार गरे। त्यसपछि उनलाई हिरासतमा राखियो। हिरासतभित्र भित्तामा "अजेय मार्क्सवाद-लेनिनवाद जिन्दावाद" लेखेको आरोपमा उनलाई प्रहरीले कुटपिट गरेका थिए। उक्त दिन हिरासतमा राखेर भोलिपल्ट भदौ ४ गते हिरासतबाट मुक्त गरियो।

लिवाङ गाविस-६ लिवाङ बजार बस्ने हुकुम आचार्यलाई ०५१ कार्तिक २१ गते घर बसिरहेका अवस्थामा प्रहरीले नजरबन्दमा राख्ने पक्राउ पूर्जी थमाई गिरफ्तार गर्‍यो। उनलाई १ रात प्रहरी कार्यालयमा राखेर जेलमा पठाइयो। निर्वाचनपछि ०५१ मंसीर ३ गते उनलाई रिहा गरियो। हुकुम आचार्य अनेरास्ववियू (क्रान्तिकारी) समर्थक विद्यार्थी हुन्।

नेकपा मसालका तर्फबाट रोल्पा जिल्लाका दुबै निर्वाचन क्षेत्रमा स्वतन्त्र उम्मेदवार बनेका राजकुमार कक्षपती लगायतलाई ०५१ मंसीर ३ गते मतगणना कार्यमा बाधा पुर्‍याएको भनी प्रमुख जिल्ला अधिकारी अब्दुल रईस खाँ स्वयंले कुटपिट गर्दै प्रहरी हिरासतमा राख्ने आदेश दिए। १ दिन हिरासतमा राखेर मंसीर ४ गते दिउँसो १२ बजे उनीहरूलाई रिहा गरियो। नरबहादुर चञ्चल बुढा, टेकबहादुर, मानबहादुर, उदीराम, प्रितराम, कभरा र वागविर बुढाले आफूहरूलाई यातना दिई साविती बयान गराएको कुरा अदालतमा व्यक्त गरेका थिए।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको कुनै घटना यस जिल्लामा पाइएन।



*रोल्पा कारागार भवन*

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

रोँक गाविस-३ ओखरबोट बस्ने दलबहादुर वलीलाई ०५१ साउन २० गते सोही गाविस कै जंगलमा केही व्यक्तिहरूले कुटपिट गरी मार्ने प्रयास गरेका थिए। पीडित वली सापटी लिएको पैसा तिर्न पाखापानी जाँदै थिए। बाटो कुरेर बसेका पाछावाङ-२ बस्ने गनबहादुर डाँगी, डण्डबहादुर पुन र सेमे पुन समेतले आफूलाई कुटपिट गरेको कुरा वलीले प्रहरीमा दिएको जाहेरी दर्खास्तमा उल्लेख गरेका छन्।

०५१ पुस ३ गते उवा गाविस-४ जंगी भन्ने ठाउँमा लागेको स्थानीय मेलामा थवाङ-६ बस्ने ओमप्रकाश रोकालाई उवा-२ बस्ने कमरा पुन, दिलमान पुन र दीपक पुन समेतले खुकुरी, चक्कुले हिर्काई ज्यान मार्ने प्रयास गरेका थिए। कमरा पुन र दिलमान पुनलाई हातहतियार सहित तत्काल पक्राउ गरी प्रहरीमा बुझाइएको थियो।

### १.६ थुनामा मृत्यु

यस वर्ष थुनामा कसैको पनि मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

०५१ साउन ४ गते नेकपा (एमाले) लगायतका वाम पार्टीहरूको आन्दोलनको कार्यक्रम अनुसार देशव्यापी रूपमा मशाल जुलुस निकाल्ने कार्यक्रम थियो। रोल्पा-लिवाङमा मशाल जुलुस निकाल्न खोज्दा हरिप्रसाद वस्नेत, घनश्याम आचार्य, मानसिं डाँगी, प्रेमबहादुर घर्ती, अमृतबहादुर घर्ती, दलबहादुर घर्ती तथा प्रेमबहादुर घर्ती लगायत १० जनालाई पक्राउ गरिएको थियो।

यस्तै साउन ५ गते नेपाल बन्द कार्यक्रमको दिन नेकपा एमालेको तर्फबाट जिविस रोल्पाका उपसभापति मानबहादुर वाठालाई डेराबाटै प्रहरीले बोलाएर डिएसपी कार्यालय पुर्‍यायो र उक्त दिनभरी प्रहरी कार्यालयबाट बाहिर आउन दिइएन।

साउन ५ गते बेलुका अघिल्लो दिन पक्राउ परेका १० जना र उपसभापति वाठालाई बोलाएका बखत कार्यालयमा हाजिर

गराउने छु भनी अधिवक्ता श्रीमन पोखरेलको जिम्मामा रिहा गरियो।

जिल्ला भू-संरक्षण कार्यालय रोल्पाका लेखापाल देवराज पोखरेललाई ०५१ भदौमा मूल्यांकन मासिक पत्रिका ल्याएर पढेको आरोपमा प्रमुख जिल्ला अधिकारी अब्दुल रईस खाँले जिल्ला प्रशासन कार्यालयमा उपस्थित गराई स्पष्टीकरण लिएका थिए।

## २.२ धार्मिक स्वतन्त्रता

अधिकांश जिल्लावासी हिन्दू धर्मावलम्बी भए पनि केही क्रिश्चियन धर्म मान्नेहरू पनि यस जिल्लामा छन्। उनीहरू विभिन्न पुस्तक पुस्तिका मार्फत क्रिश्चियन धर्म प्रचार गर्ने गर्दछन्। जुंगार गाविसमा "निरहकारी" अर्थात धर्म नमान्ने जमात पनि संगठित भएको पाइन्छ।

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचन ०५१ क्रममा यस जिल्लाका विभिन्न स्थानहरूमा थुप्रै घटनाहरू भएका थिए।

क्षेत्र-१ का एमाले उम्मेद्‌वार चुनाव प्रचार-प्रसारका सिलसिलामा कार्तिक १० गते गाम गाविस पुग्दा राप्रपाका कार्यकर्ताहरू खगेन्द्र बुढा समेत ३३ जनाले १२ घण्टा घेराउ गरी थुनी राखे। साँस्कृतिक कार्यक्रम सम्पन्न हुन दिएनन्। साथै एमाले कार्यकर्ता वागविर बुढालाई कुटपिट गर्नुका साथै हसियाँ हथौडा अंकित झण्डा समेत च्यातिदिएका थिए।

त्यसै गरी क्षेत्र-२ जिनावाङ खुरखा ओडारमा रहेको एमालेको पार्टी कार्यालयको वोर्ड फाल्ने र झण्डा च्याल्ने काम ०५० कार्तिक १५ गते ने.का. कार्यकर्ताहरूले गरेका थिए।

कार्तिक २० गते मिझिङ गाविस-४ दलबहादुरको घरमा रहेको नेपाली कांग्रेसको झण्डा रा.प्र.पा.का भूप नारायण घर्तीको नेतृत्वमा आएको जत्थाले च्यात्नुका साथै सोही स्थानमा बस्ने विरबहादुर घर्ती र आनन्द गिरीलाई कुटपिट गरेका थिए।

०५१ कार्तिक २० गते नै क्षेत्र-२ तालावाङ गाविसमा नेकपा एमालेको जुलुश प्रदर्शन र आमसभाको कार्यक्रम बिथोल्ने कार्य स्थानीय ने.का. कार्यकर्ता चन्द्रबहादुर, भिमबहादुर र कृष्णबहादुर डाँगीको नेतृत्वमा भएको थियो।

वहिष्कारवादी संजमोको पकड भएको यस जिल्लाका केही केन्द्रमा मतपेटिका समेत लुटिएका थिए।

क्षेत्र-२ को पाखापानी मुहाले खोला केन्द्र र जिनावाङ गाविस झाँक्रीसल्ला केन्द्रमा कार्तिक २८ गते क्रमशः बेलुका १ बजे र ८ बजे मतपत्र र मतपेटिका लुटियो। यस क्षेत्रमा सुरक्षाकर्मीहरूसंग एउटा राइफल समेत थिएन।

ती दुबै केन्द्रमा मंसीर २ गते कडा सुरक्षा व्यवस्थाका साथ पुनः मतदान कार्य सम्पन्न भयो।

निर्वाचन कार्यमा थुप्रै केन्द्रहरूमा धाँधली भएको कुरा निर्वाचन पर्यवेक्षण समिति रोल्पाको रिपोर्टमा उल्लेख छ। उक्त रिपोर्ट अनुसार कुरेली गाविस चौकावाङ मतदान केन्द्रमा खटिएका मतदान अधिकृत नापी शाखा रोल्पाका प्रमुख जगदीश पाठकले उक्त केन्द्रमा उपस्थित २ सय जनाले मात्र मतदान गरेकोमा उक्त केन्द्रको मतपेटिकामा १ हजार ६ मत खसाएका थिए। राप्रपाका पृथ्वी रोका र एमालेका प्रतिनिधि हुमबहादुर के.सी.लाई बन्दुक देखाई मतपेटिका मुचुल्कामा सही गर्न बाध्य गराइएको थियो।

त्यसैगरी राङसी गाविसको मतदान केन्द्रका मतदान अधिकृत वामदेव पौडेल १ सय ५० जना मतदाताबाट १ हजार ३ सय ५० मत खसाल्न सफल भएका थिए। त्यसमध्ये १ हजार १ सय ५३ मत ने.का.को पक्षमा थियो।

वहिष्कारवादीको अधिक प्रभाव क्षेत्र मिरूल गाविसमा १ मत थवाङ गाविसमा ५ मत जंकोट गाविसमा ११ मत मात्र खसेको थियो।

आफ्नो कार्यक्रम सफल पार्न वहिष्कारवादी संजमो कार्यकर्ताहरूले मतदाताहरूलाई मतदान केन्द्रमा जान नदिन बाटोमा रोक्न, अग्लो ठाउँबाट ढुंगा खसाल्ने कार्य गरेको कुरा मतदान गर्ने अधिकारबाट वञ्चित मतदाताहरू बताउँछन्।

घर्तीगाउँ गाविसको ठाँटीवोट केन्द्रमा पनि मतदान अधिकृत र नेपाली कांग्रेसका कार्यकर्ताहरूको मिलोमतोमा धाँधली गरेको आरोप विपक्षी पार्टीहरूको रहेको छ। यसरी विभिन्न केन्द्रमा धाँधली भएको भनी क्षेत्र-२ को मत गणनामा नेपाली कांग्रेस बाहेक एमाले, राप्रपा र स्वतन्त्र उम्मेद्‌वार वमकुमारी बुढा र राजकुमार कक्षपतीले निर्वाचन आयोगद्वारा दिएको आमन्त्रणलाई अस्वीकार गरी उक्त क्षेत्रको निर्वाचन परिणाम रद्द गरी पुनः निर्वाचनको माग आयोग समक्ष गरेका थिए।

रोल्पा क्षेत्र-२ का नेकपा एमाले उम्मेद्‌वार कुमार दशौंदीले उक्त धाँधलीपूर्ण निर्वाचन रद्द गरी पुनः निर्वाचन गरियोस् भनी पुनरावेदन अदालत सुर्खेतमा रिट जाहेर समेत गरेका थिए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अर्धन्यायिक निकायहरूले कतिपय कारवाही राजनैतिक प्रतिशोध र प्रशासनिक दबावमा गर्ने गरेको पाइए पनि जिल्ला अदालतको निर्णयप्रति भने कसैले पनि प्रश्न उठाउने गरेको पाइएन।

यस वर्ष जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक अपराध सम्बन्धी १४ वटा मुद्दामा १ सय ७१ जनालाई प्रतिवादी बनाइएको थियो। ती मध्ये २६ जनामात्र उपस्थित रहे भने १ सय ४५ जना अनुपस्थित रहेको पाइयो। यसरी नै हातहतियार खर खजाना मुद्दा-३, विस्फोटक पदार्थ मुद्दा-१ पनि दर्ता भए। मध्यावधि निर्वाचनमा व्यस्त रहनु परेकोले अधिकांश मुद्दा फैसला हुन नसकेको बताइन्छ।

०५० पुस १७ गतेदेखि यस वर्षको अन्तसम्ममा रोल्पा जिल्ला अदालतमा साधारण फौजदारी मुद्दा ७२ दर्ता मै १४ वटा फैसला, संक्षिप्त फौजदारी मुद्दा ३६ दर्ता मै ८ वटा फैसला भएका, सरकारवादी फौजदारी मुद्दा ३२ थान, प्रहरीबाट आएका दुनियावादी देवानी र सम्पत्तीहरू सम्बन्धी मुद्दा १ सय ५१ दर्ता मै १४ वटा फैसला भएका थिए। यसरी हेर्दा जम्मा २ सय ९० मुद्दा दर्ता भएको देखिन्छ।

मध्यावधि निर्वाचनमा जिल्ला न्यायाधीशलाई निर्वाचन

अधिकृत तोकिएकोले भदौ महिनादेखि न्यायाधीश उक्त काममा व्यस्त रहनु परेको हुँदा मुद्दा फैसला हुन ढिलाई भएको देखिन्छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

सत्तापक्षसंग राजनैतिक मत भिन्नता राख्ने शिक्षकहरू ( संगठन पक्षीय) र जिल्ला कांग्रेसको नेतृत्वको विरोधी शिक्षक संघकै केही शिक्षकहरूलाई तत्कालीन सत्तारूढ पार्टीका जिल्ला अध्यक्षको सिफारिशमा सरूवा गरियो।

### ३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी समस्या उल्लेख्य रूपमा यस जिल्लामा देखिदैन।

### ४. महिला अधिकार

महिलाहरूलाई वस्तु सरह किनवेच गर्ने खालका कुरीति आजसम्म पनि यस जिल्लामा देख्न पाइन्छ। "जारी प्रथा" र "माइती मान्ने" भन्ने चलन यसका उदाहरण हुन्। बहुविवाह नगर्ने लोग्ने मानिस मर्द नै हैन भन्ने खालको कु-विचारले ग्रस्त लोग्ने मानिसहरू यस जिल्लामा थुप्रै भेटिन्छन्। यस्तै खालका कुरीतिले गर्दा यस जिल्लाको अदालतमा सम्वन्ध विच्छेद सम्बन्धी मुद्दा बढी आउने गरेको पाइन्छ।

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

उपरोक्त शीर्षकका घटना यस जिल्लामा चर्चामा आएको पाइएन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

जारी र बहुविवाह सम्बन्धी थुप्रै घटना यस जिल्लामा यस वर्ष भएको भए पनि उल्लेखनीय केही घटना मात्र प्रस्तुत गरिएको छ।

मसिना-१ निवासी ओमप्रकाश पुनमगरले घरमा जेठी पत्नी लक्ष्मी पुन हुँदाहुँदै सखी गाविसकी तिलुलाई ०५० माघ २५ गते विहे गरे।

जेलवाङ-१ निवासी मोहनलाल जैसीले घरमा जेठी पत्नी डिला जैसी हुँदाहुँदै ०५० चैत १० गते कृष्णा जैसीलाई विहे गरे।

उपरोक्त दुबै बहुविवाहद्वारा पीडित बनेका जेठी पत्नीहरू अदालत पुगेका छन्।

इरिवाङ गाविस-९ ताइवाङ बस्ने २२ वर्षीय मग्दुल बुढाले, आफ्नी पत्नी पोइल गएपछि उसको दोश्रो पति सोही स्थान बस्ने भक्तबहादुर रिजालसंग ०५१ असोजमा २३ हजार जारी लिएका थिए।

भावाङ गाविस-८ सर्वा बस्ने हस्तबहादुर घर्तीकी पत्नी १८ वर्षीय जुनकुमारी घर्ती ०५१ मंसीर २५ गते राङसी गाविस राङखुङको काले घर्तीसंग पोइल गइन्। त्यसपछि २ वर्ष अगाडि आफूले बिहे गर्दा माइतीले खाएको ५ हजार केटीको बाजे डम्बरबहादुर पुन मार्फत हस्तबहादुर घर्तीले फिर्ता लिएका थिए।

### ४.३ गर्भ पतन

गर्भपतन भए गराएको कुनै घटना पाइएन।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

स्कूल जाने उमेर पुगेका बालबालिकाहरूलाई स्कूलमा नपठाएर काम मै लगाउने गरेको पाइन्छ।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

आफ्नो राजनैतिक आस्था र विचार मिल्दो पेशागत संगठनमा लाग्ने अवसर सबैले पाएका छन्।

### ६.२ विश्रामको अधिकार

विश्रामको अधिकारबाट कोही पनि वञ्चित भएको पाइएन।

### ६.३ अन्य आर्थिक अधिकार

आफ्नो व्यवसाय गरेर अर्थोपार्जन गर्न सबैलाई छुट् छ।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

दास र कमैया राख्ने चलन यस जिल्लामा पाइँदैन। आफ्नो खेतवारी जोताउनु परेमा वा खेती वाली भित्र्याउँदा काम गर्ने कामदारलाई निश्चित पारिश्रमिक दिएर काममा लगाएको पाइन्छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

छुवाछूत सम्बन्धी भेदभाव यस जिल्लामा पनि कायमै छ।

सेरम गाविस बस्ने अछूत मनिने जातका सेरूङ कामीलाई आफ्नो घरभित्र पसेको आरोप लगाएर स्थानीय तालुकदार गंगाबहादुर रोकाले ०५० चैत १२ गते ५ सय रूपैयाँ जरिवाना गराएका थिए। ०५१ जेठ २१ गते उत्पीडित दलित जातीय मुक्ति समाजका स्थानीय कार्यकर्ताहरूले गंगाबहादुरबाट ५ सय रूपैयाँ फिर्ता लिई सेरूङ्गे कामीलाई दिए।

थवाङ-७ मरन्थानका वीरबहादुर वि.क. की २३ वर्षीय छोरी भिमु वि.क.लाई रूकुम महत गाविस गुनाम बस्ने रामकृष्ण श्रेष्ठले ०४५ सालमा अर्न्तजातीय विवाह गरेका थिए। तर आफ्नो घरमा भने भित्र्याएनन्। दुइवटी छोरी भइसकेपछि ०५१ मंसीरमा अछूत जातकी केटीलाई म पत्नी मान्दिन भनेर भिमु वि.क.लाई अलपत्रमा पारेका छन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

रोल्पा जिल्लामा मंसीर महिनासम्म थुप्रै घटना घटेपछि संजमो नेपाल, राप्रपा, नेकपा एमाले, नेपाली कांग्रेस र अखिल नेपाल राष्ट्रिय जनमोर्चाको सर्वदलीय बैठक बसी एक अपिल प्रकाशित गर्दै विगतमा जे भएको भए पनि त्यो बिर्सेर एक अर्का प्रति शान्ति, स्नेह र प्रेमपूर्वक बस्न जिल्लावासीलाई आग्रह गरेका थिए।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

कुनै उल्लेखनीय दुर्घटना भएको पाइएन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

०५१ असार २७ र २८ गते परेको अविरल वर्षाले रोल्पा पाङ गाविसमा क्षति पुऱ्यायो।

वाढीमा परी घरवार क्षति भएका ११ जनालाई जिल्ला प्रशासन कार्यालयले दैवी प्रकोप सहायता कोषबाट प्रति परिवार रू. ५ सयका दरले सहायता उपलब्ध गराएको थियो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी उल्लेख्य घटना केही देखिएन।

### ९.४ आत्महत्या

आत्महत्या सम्बन्धी ८ वटा घटनामा ९ जनाको ज्यान गएको थियो।

०५० फागुन २७ गते पाखापानी गाविस बस्ने मानसिक स्थिति ठीक नभएकी इन्दुकली बुढाले आफ्नो छोरो ३ वर्षीय लठे बुढालाई काख लिएर सोही गाविस-५ पर्ने डङडङे खोलामा हाम फालेर आत्महत्या गरिन्।

गाम गाविस-२ पाङवाङ बस्ने १७ वर्षीय भानमाला बुढामगरले ०५१ जेठ १ गते जंगलको एक अस्थायी गोठमा गएर झुण्डिएर आत्महत्या गरिन्। उनको लाश सडेको अवस्थामा जेठ २१ गते मात्र आफन्तहरूले फेला पारेका थिए।

खुंग्री गाविस-६ महेन्द्री बस्ने ५१ वर्षीय गोर्खबहादुर घर्तीले ०५१ असार २२ गते राती आफ्नो घरमा आगो लगाए त्यसपछि आफ्नो शरीरमा पनि मट्टितेल खन्याएर आगो लगाई आत्महत्या गरे। रक्सी खाएर सम्पत्ति सिद्धाएको पिरमा उनले आत्महत्या गरेका थिए।

तालावाङ-२ घपु खोला बस्ने १५ वर्षीय भ्युराम खड्काले ०५१ साउन २९ गते आफ्नै गोठमा झुण्डिएर आत्महत्या गरे। अपाङ्ग भएकोले जीवनदेखि निराश भएर उनले आत्महत्या गरेको बुझिएको छ।

घर्ती गाउँ-४ लोरीवाङ बस्ने १८ वर्षीय मानसिं खड्काले ०५१ कार्तिक ११ गते गाउँ नजिकैको जंगलमा रहेको डिम्बरको रूखमा झुण्डिएर आत्महत्या गरे। भारतमा गएर पनि केही कमाइ गर्न नसकेकोले मानसिं चिन्तित थिए। सोही चिन्ताका कारण आत्महत्या गरेको हुनु पर्ने कुरा पारिवारिक सूत्रबाट बुझिएको छ।

ओत-३ का ५२ वर्षीय जोगबहादुर पुनले ०५१ कार्तिक २५ गते गाउँ नजिकै चाम्रे घर्तीको वर्षे गोठमा झुण्डिएर आत्महत्या गरे। उनका दुइवटी पत्नीहरू बीच सधैं झगडा पर्ने हुँदा सोही पिरले उनले आत्महत्या गरेका थिए।

कोटगाउँ-२ जिवाङ बस्ने २० वर्षीय दिपकला वि.क.ले ०५१ कार्तिक १८ गते झुण्डिएर आत्महत्या गरिन्। आत्महत्याको कारण थाहा हुन सकेन।

खुंग्री-५ खुंग्री चौर बस्ने अशोककुमार शाहकी कान्छी पत्नी २२ वर्षीय रमिता शाह ०५१ मंसीर १४ गते घर नजिकैको निमको रूखमा झुण्डिएर मरेको अवस्थामा फेला परिन्। मंसीर ९ गते उनी माइतीको घरमा जाने भनी हिंडेकी थिइन्। तर माइतीमा पनि गइनन्। यसरी ६ दिन अगाडि घरबाट निस्किएकी रमिताको मृत शरीर मात्र १४ गते भेटियो। उनका गाउँले-छिमेकीहरूले त्यस "आत्महत्या" लाई शंकास्पद रूपले हेरेको पाइयो।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

०५० चैत ८ गते पाछावाङका दिलबहादुर वली भारतबाट फर्केर आफ्नो घर जाँदै गर्दा उनलाई पाखापानी गाविसमा पर्ने बाटोमा बसेका इरिवाङका टीकाराम पुन र रामबहादुर पुन समेत ७ जनाले कुटपिट गरी हात भाँचिदिए। आफूसंग भएको ३४ हजार रूपैयाँ पनि लुटिएको कुरा दिलबहादुरले अदालतमा जाहेरी गरेका छन्।

दुविडाँडा-५ जस्पुर बस्ने हलेसी वि.क.लाई ०५१ असार १२ गते सोही ठाउँ बस्ने कविराम डि.सी. र उनकी छोरी समेतले कुटपिट गरेका थिए।

मसिना-५ मैचन्नी बस्ने ४५ वर्षीय तेजबहादुर चन्दलाई ०५१ मंसीर १ गते स्थानीय मेलाबाट फर्किरहेको अवस्थामा मसिना गाविस कै ज्ञानबहादुर गिरी, घनश्याम गिरी र मेघबहादुर वि.क. लगायतका व्यक्तिहरूले कुटपिट गरेका थिए।

०५१ कार्तिक २५ गते राङसी गाविस चौवाङमा ने.का.पक्ष र संजमो पक्ष बीच भीडन्त हुँदा चन्द्रमोहन घर्ती, मालबहादुर डाँगी, लालबहादुर डाँगी र नन्दकिशोर पुनलाई गम्भीर रूपमा चोट लागेको थियो।

■



# ४. मध्यपश्चिमाञ्चल

## राप्ती

## ४.४ सल्यान

जनसंख्या : १८१७८५
साक्षरता : २९.६ प्रतिशत
महिला साक्षरता : १२.४ प्रतिशत
क्षेत्रफल : १४६२ वर्ग कि.मी.

पश्चिम नेपालको पहाडी जिल्ला सल्यान विकट जिल्लामध्ये मै पर्दछ। सामाजिक तथा राजनीतिक चेतनाको पर्याप्त वृद्धि हुन नसकेको यस जिल्लाको ६६ प्रतिशत भाग जंगलले ढाकेको छ। जिल्लामा खैरावाङ भुवनेश्वरी, छायाँ क्षेत्र र लक्ष्मीपुर जस्ता ऐतिहासिक धार्मिक महत्वका मठमन्दीरहरूका अतिरिक्त पर्यटनका दृष्टिकोणले पनि महत्वपूर्ण कुपिण्डे ताल र निगाल्चुला, मोरूला, कजेरी र शंखमूल गुफाहरू छन्। तर यिनले उचित प्रचार पाउन सकेका छैनन्। यहाँका झण्डै ५२ प्रतिशत मानिस खेतीमा निर्भर छन्। किनभने यस जिल्लामा खेतीयोग्य जमीन करीब २० प्रतिशत मात्र छ। यस जिल्लामा एक क्याम्पस, १९ माध्यमिक, १७ निम्न माध्यमिक, २४ प्राथमिक र ३ वटा बोर्डिङ विद्यालय छन्। १५ शैय्याको एक अस्पतालका अतिरिक्त ३१ वटा स्वास्थ्य चौकी, उपचौकीहरू छन्। कच्ची सडकले सल्यानलाई दाङ तुल्सीपुरसंग जोडेको छ। ४७ गाविस रहेको यो जिल्लामा सञ्चार तर्फ एक जिल्ला हुलाकका अतिरिक्त १८ इलाका र अतिरिक्त हुलाक छन्। यस जिल्लामा झण्डै दुई तिहाई मानिसहरू खानेपानीबाट वञ्चित छन्।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

निगाल्चुला-३ माफर्कका टोपबहादुर खड्काले ०५१ साउन २४ गते आफ्नी पत्नी कुन्ती खड्काको हत्या गरे। आफ्नी पत्नीले विष खाई मरेको भनी गाउँलेलाई बताएकाले लाश गाडियो। पछि बलबहादुर ओलीको मौखिक उजुरीमा प्रहरीले छानवीन गर्न लाश झिकेर सदरमुकाम ल्यायो। पोष्टमार्टम रिपोर्टमा विष सेवन भएको नदेखिएपछि पीडक टोपबहादुरलाई गिरफ्तार गरियो। साविती बयान पछि पीडकलाई जेलमा थुनामा राखिएको छ।

बाँफकाडा-७ पठारेखोलामा दुई सौता बीच पति नभएका बेला झगडा हुँदा ०५१ मंसीर २६ गते दिलकुमारी वस्नेतको हत्या भयो। कालीबहादुर भन्ने गेदलाल वस्नेतकी जेठी पत्नी रूपादेवी वस्नेतले सौतालाई दाउरा र डण्डाले हिर्काउँदा यो घटना भएको थियो। पीडकलाई थुनामा राखिएको छ।

यस वर्ष हत्या सम्बन्धी ७ वटा मुद्दा जिल्ला अदालतमा परेकोमा अन्य घटनाको विवरण उपलब्ध हुन सकेन।

### १.२ जेल र बन्दीहरू

झण्डै एकशताब्दी मन्दा अघि जेठा साहेबको निजी आवासका रूपमा प्रयोग भएको एउटा जेल छ। २० जना बन्दी अटाउने क्षमता भएको यो जेलमा अहिले २९ जना बन्दी राखिएका छन्। यस जेलमा उद्योग, शिक्षा र स्वास्थ्योपचारको व्यवस्था छैन। बिरामीहरूलाई सल्यान अस्पताल लैजाने गरिन्छ। जेल जीर्ण अवस्थामा भएकोले बन्दीहरू सुरक्षित छैनन्।

### १.३ गिरफ्तारी र यातना

सेंजुवाल टाकुरा-७ रानीकोटका ८ जना महिलालाई प्रहरीले ०५१ साउन १३ गते हिरासतमा लियो। वडा नं. ७ र ८ को केही जंगल काटेर वडा नं. ४ लाई दिएकोमा हामी महिलालाई नसोधी किन जंगल दिएको भनी साउन १२ गते

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | २ |
| बलात्कृत | २ | ६ | २ |
| आत्महत्या | - | - | २ |

वन कार्यालयले गाडेको पिलर (खम्बा) उखेली दिएका थिए। साउन १७ गते अब आइन्दा यस्तो नगर्ने शर्तमा उनीहरूलाई छाडिएको थियो।

कुपिण्डे-६ तल्लो स्वाँरा बस्ने लोकबहादुर वस्नेतलाई प्रहरीले ०५१ असोज ५ गते गिरफ्तार गऱ्यो। देवी बोहराकी लाटी छोरीलाई लोकबहादुरको छोरा खिमबहादुर वस्नेतले गर्भ बोकाएको भन्ने उजुरीका आधारमा उनलाई गिरफ्तार गरी एक रात कालकोठरीमा राखेर यातना दिइयो। उनलाई ०५१ असोज १९ गते सम्ममा छोरालाई हाजीर गराउने जमानीमा छाडियो। लाटी छोरीले खिमबहादुरलाई देखाएको भन्ने आमा देवी बोहराको भनाइ छ। तर गर्भधारण गराउने नरवीर भन्ने व्यक्ति भएको र उनी भारत गएको बताइन्छ।

गर्पा-३ दानवाङमा नेकपा (एमाले) को प्रचार प्रसारमा लागेका सोही ठाउँका काइला बाठा र दाङ हलवार गाविस खादेका ध्रुव राना, प्रकाश बुढा, नन्दबहादुर राना, प्रदीप थापा र आइताराम बुढालाई ०५१ कार्तिक १० गते प्रहरीले पक्राउ गऱ्यो। हातहतियार लिई हिंडेको आरोपमा गिरफ्तार गरिएको थियो। उनीहरूलाई २० दिनसम्म थुनामा राखी कुटपिट समेत गरिएको कुरा पीडितले बताएका छन्। जिल्ला अदालतले मंसीर ७ गते जनही २० हजार रूपैयाँ धरौटीमा उनीहरूलाई छाडेको छ।

धाजरी पिपलका अध्यक्ष दीपबहादुर सिंहलाई ०५१ कार्तिक १० गते कपुरकोटबाट प्रहरीले गिरफ्तार गऱ्यो। गोरेटो बाटो निर्माणका लागि दिइएको ७५ क्वीण्टल चामल बेचेको भनी उपाध्यक्ष ललितकुमार शाहले गरेको उजुरीका आधारमा उनलाई गिरफ्तार गरिएको हो। उनलाई थुनामा राखिएको छ। चामल केही मात्रामा बाँडेको तर बाँकी चामल गोदाममा नरहेको पाइएको छ।

### १.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिने घटना भएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

लक्ष्मीपुर-९ चोत्रे भैरमेका टीकाराम खत्रीले केही सहयोगी सहित ०५१ भदौ ३ गते राती टीका खत्रीको घरमा पसी बन्दुक र छुरी समेत देखाई कुटपिट गरे। पीडित टीका खत्रीले साउन २३ गते जिल्ला वन कार्यालयमा टीकारामले बाघ मारेको भन्ने जाहेरी दिएको बदलामा यो आक्रमण गरिएको हो। पीडकहरूले टीका खत्रीलाई समाती "बाघ मारेको होइन" भनी कागज गराउने प्रयास गरेका थिए।

दमाचौर स्थित विद्यालय हातामा ०५१ भदौ २८ गते पेशल भण्डारीमाथि हरिप्रकाश बुढा र दीपक चन्दले गाला र पिठ्युँमा छुरी प्रहार गरी घाइते बनाए। राजनीतिक वादविवाद हुँदा मध्यस्थता गरिन लागेको बेला पीडकहरूले पछाडिबाट प्रहार गरेका थिए। पीडकहरू कांग्रेस समर्थक भएको बताइएको छ। उनीहरू तत्कालै फरार रहेका थिए।

मार्के-४ काटी गाउँका लोकबहादुर विष्टले ०५१ मंसीर २८ गते राती आफ्नी पत्नी हमकली विष्ट र सन्तबहादुर विष्टलाई खुकुरी प्रहार गरी घाइते बनाए। आफ्नी पत्नीको सन्तबहादुरसंग अनैतिक सम्बन्ध बढ्दै गएको आशंकामा लोकबहादुरले यो आक्रमण गरेका हुन्। उनले भोलिपल्ट आफै प्रहरीमा खबर दिए। अहिले पति पत्नी मिलेर बसेका छन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

खलंगा-६ तल्लो बजारबाट ०५१ साउन ३२ गते संयुक्त जनमोर्चा नेपालका कार्यकर्ताहरूले मशाल जुलुश प्रदर्शन गर्दा प्रहरीले प्रमोद श्रेष्ठ, टेकबहादुर वस्नेत, सुकदेव वि.क. लगायत १६ जनालाई गिरफ्तार गऱ्यो। डीएसपीले "जुलुस गर्नु एक दिन अघि सुरक्षाका लागि प्रहरीलाई खबर गर्नु पर्नेमा सो नगरेको हुँदा सुरक्षाका दृष्टिकोणले गिरफ्तार गरिएको" बताएका छन्।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरू छन्। हिनदूहरूको बाहुल्य रहेको यस जिल्लामा धार्मिक सहिष्णुता रहेको छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

स्यानीखाल-२ डाँग्री गाउँमा कांग्रेस र राप्रपा कार्यकर्ता बीच चुनाव प्रचारका क्रममा ०५१ कार्तिक १८ गते विवाद हुँदा खुकुरी प्रहारबाट राप्रपाका ढालबहादुर चलाउने, उपेन्द्रबहादुर चलाउने र केशरबहादुर चलाउने घाइते भए। पीडक थुमबहादुर विष्टले राप्रपाले ढुंगामुढा गरेकाले ज्यान बचाउन खुकुरी हानेको बताएका छन्। प्रहरीले दुबै पक्षलाई हिरासतमा लिएकोमा मंसीर २ गते मिलापत्र गरी छाडी दिएको छ।

सेंजुवाल टाकुरा-६ साहिलाकन्दमा ०५१ कार्तिक २७ गते चुनाव प्रचारा हिंडेका कांग्रेसका कार्यकर्तामाथि राप्रपाका कार्यकर्ताले आक्रमण गरे। यो आक्रमणमा कांग्रेसका वीरेन्द्रबहादुर शाहको खुकुरी प्रहारबाट राप्रपाका गुन्जमान खत्रीको टाउकोमा गंभीर चोट लाग्यो। दुबै पक्षमा भागाभाग भयो। पीडित खत्रीलाई सल्यान अस्पताल पुऱ्याई ५ टाँका लगाइयो। पीडकमाथि कुनै कारवाही गरिएको छैन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयप्रति आम धारणा सकारात्मक रहेको छ। यस वर्ष ३ सय ३० वटा मुद्दा दर्ता भए र १ सय १ मुद्दा किनारा लगाइयो। मध्यावधि निर्वाचनका कारणले पछिल्ला

तीन महिनामा भने खास काम भएको पाइएन। यस जिल्लामा खास गरी गाली बेइज्जतीका मुद्दा बढी परेको देखिन्छ। निर्णय प्रक्रियामा खासै ढिलाई भएको देखिंदैन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी परिवारको संख्या २ हजार ४ सय ५० रहेको छ। यी सुकुम्बासीहरू कालीमाटी, रामपुर, काल्चे, छायाँ क्षेत्र आदि ठाउँमा केन्द्रीत छन्। उनीहरूले साहु महाजनको भारी बोकेर वा हली गोठालो बसेर जीविकोपार्जन गर्ने गरेका छन्। यिनीहरूको बारेमा सम्बद्ध निकायले उचित ध्यान दिएको देखिंदैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

निगाल्चुला बस्नेउराको हर्के कामीले १४ वर्षीय पत्नी पञ्चकलीबाट शारीरिक सन्तुष्टी लिन नपाएका कारण ०५१ बैशाख २२ गते हात खम्बामा बाँधी निर्ममतापूर्वक पिट्नाले पीडितको छातीमा घाउ भएको छ। २ वर्ष घर नलैजाने शर्तमा यी दुई बीच ०५० फागुनमा विवाह भएको थियो। तर ज्वाईंले छोरी घर लैजान्छु भनेकाले पञ्चकलीका बाबुले सोही दिन छोरीलाई पठाएका थिए।

जाजरकोट खलंगा घर भई फुपुको घर सल्यान बजारमा पढ्न बसेकी उषा के.सी.ले ०५१ साउन ३१ गते बच्चा जन्माइन्। जनस्वास्थ्य शाखाका अनमी कमला श्रेष्ठलाई उषाले आफ्नो फूपाजुको माहिलो छोराले ०५० असोज र कार्तिकमा अनैतिक सम्पर्क गरी गर्भ बोकाएको बताएकी छिन्। उषालाई फूपाजु कालीदास राजभण्डारीले ०५१ भदौ ३ गते दाङ तुल्सीपुर लगेका छन्।

खलंगा-५ डाँडा गाउँ डेरा गरी बस्ने एक महिलालाई ०५१ भदौ १८ गते राती मदीरा सेवन गरी टोपेन्द्र के.सी.ले बलात्कार गर्ने प्रयास गरे। तर गीताले होहल्ला गरी गाउँले जम्मा गरेपछि पीडकले माफी मागेका थिए।

कोर्वाङ झिम्पे-५ की एउटी महिलालाई ०५१ मंसीर २४ गते बुद्धिराम बुढा मगरले बलात्कार गरे। पीडक फरार रहेका छन्। यी दुई बीच पहिलेदेखि सम्बन्ध रहेको तर यो पटक महिलाको बाबुले समेत देखेकाले उजुरी दिएको बताइन्छ।

धनवाङ-२ मूलपानी बस्ने हुमकुमारी थापाले ०५१ कार्तिक १५ गते छोरा पाएकोमा पति जसबहादुर थापाले आफ्नो छोरो होइन भनी पत्नीलाई घरबाट निकाली दिए। ०५० मंसीर देखि आफू भारत गएको र भर्खरै मात्र फर्केकाले आफ्नो छोरो हुन नसक्ने भनाई जसबहादुरको छ। हुमकुमारी माइतीमा बसेकी छिन्।

दमाचौर-७ की १३ वर्षीय बालिकालाई ललाई फकाई ०५१ मंसीर २६ गते राती खगेश्वर ओलीले बलात्कार गरे। पीडक शिक्षक र पीडित छात्रा हुन्। भनिन्छ पीडकले पीडितलाई ६ हजार दिई समाज भित्रै कुरा टुंग्याएका छन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

लक्ष्मीपुर-२ पोखराका योगेन्द्र ओलीले कान्छी पत्नी ल्याएको थाहा पाएपछि माइत रहेकी जेठी पत्नी फर्सिला ओलीले प्रहरीमा ०५० चैत २४ मा जाहेरी दिइन्। जाहेरी पछि पीडितका सासु ससुरालाई गिरफ्तार गरियो। तर गाविस अध्यक्षले दुबैलाई मिलाउने शर्तमा उनीहरूलाई छुटाए र पीडितलाई १० हजार दिलाई उजुर नगर्ने शर्त गराए। हाल फर्सिलाले पनि सोही ठाउँका टेकबहादुर डाँगीसंग दोस्रो विवाह गरेकी छिन्।

देवस्थल-२ माल्पेका इमबहादुर बुढाले ०५१ मंसीर ११ गते दोस्रो विवाह गरे र जेठी पत्नी पदमकलीलाई २ हजार दिई उजुरी नगर्न भनेका थिए। पत्नीले मानिनन्। यसपछि इमबहादुर कान्छी पत्नी लिई भारत गए। यता सासु ससुराले पदमकलीलाई घरबाट निकाली दिएका छन्। लगातार ३ वटा छोरी पाएका कारण इमबहादुरले दोस्रो पत्नी ल्याएको थाहा भएको छ।

यस जिल्लामा देहव्यापार गरेर जीवनयापन गर्ने वादी जातिहरू शीतलपाटी, लानती र हाड खोलामा बसोबास गरेका पाइन्छन्। बिस्तारै यो प्रथामा कमी हुँदै आएको देखिन्छ। यी जातिका महिलाहरू नाचगान र यौन क्रीडामा संलग्न पाइन्छन् भने पुरुषहरू माछा मार्ने, जाल बुन्ने गर्दछन्।

### ४.३ गर्भ पतन

गर्भपतनका घटनाहरू प्रकाशमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

आर्थिक विपन्नताले गर्दा मानिसहरू आफ्ना अधिकारका कुरामा भन्दा जीवन यापनका कुरामा बढी चिन्तित छन्। आफूले पढ्न नपाएकाले दुःख पाइएको हो भन्ने भावना भन्दा पढेर के हुन्छ भन्ने भावनाले गर्दा बालबालिकालाई पढ्न नपठाउने गरेको पाइन्छ। तर केहीमा भने बालबालिकालाई पढ्न पठाउनु पर्छ भन्ने धारणाको विकास हुँदै गएको छ। छोरा र छोरी बीचको भिन्नताले गर्दा छोरीहरू पढे भने बिग्रिन्छन् भन्ने सोचाई रहेको पाइन्छ। बालबालिकाहरू खासगरी घरेलु काम नसकी पढ्न, लेख्न वा खेल्न पाउँदैनन्।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा ठूला कलकारखाना र उद्योगहरू छैनन्। त्यसैले यहाँ रोजगारीको व्यवस्था छैन। रोजगारीका लागि अधिकांश युवा अन्यत्र जाने गर्दछन्। खासगरी भारत जाने प्रचलन बढी मात्रामा छ।

गाउँघरमा ठूला ठालुहरूले गरीब गुरूवाहरूलाई ऋण दिएर ब्याजमाथि ब्याज लिएर सताउने गरेको पाइन्छ। यस बाहेकका उल्लेखनीय घटना भएको पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

#### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस सम्बन्धमा कुनै घटना देखिएन।

#### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

अन्धविश्वासका कारणले थुप्रै अमानवीय घटनाहरू हुने गरेका छन्। खासगरी महिलाहरूलाई बोक्सी र डँकिनी भनेर लाञ्छना लगाई समाजमा बदनाम गराउने चलन आम रूपमा पाइन्छ। भूत र प्रेतका कुरामा यस जिल्लामा भैंडा, बाख्रा, कुखुरा आदिको बली दिने चलन छ। रोग लागेपछि औषधि गर्नुको साटो धामी, झाँक्री आदि लगाइने गरिन्छ।

लेखपोखरा-६ महानेटा बस्ने श्रीमती विष्णु भण्डारी आफूलाई दामाचौर-५ का पोखराज चन्द र विश्व चन्दले बोक्सी भनी गाली बेइज्जती गरेको कुरा बताउँछिन्।

छुवाछूतको प्रथा कम छ। तर आफ्नो परम्परालाई सबैले मान्दै आएका छन्।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस्तो केही पाइएन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

#### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

हिबल्चा-९ जलुके बस्ने हिमबहादुर कवरकी ७ वर्षीय छोरी खुमीकुमारी कवरलाई ०५१ जेठ ३० गते खोलाले बगाउँदा मृत्यु भयो। निज बालिका मार्के गाविसस्थित स्कूलमा पढेर घर फर्कदै थिइन्।

#### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस सम्बन्धमा कुनै घटना भएन।

#### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको देखिएन।

#### ९.४ आत्महत्या

लक्ष्मीपुर-९ चौके खोलाका पूर्णबहादुर रावतले रूखमा झुण्डिई ०५० माघ ७ गते आत्महत्या गरे। पारिवारिक बोझका कारणले उनले आत्महत्या गरेको बताइएको छ।

भिम्पे-९ खारखोलाकी १७ वर्षीय गीताकुमारी रावतले नाम्लोको बरियोले पासो लगाई ०५१ भदौ २६ गते आत्महत्या गरिन्।

#### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएको देखिएन।

■



# ४. मध्यपश्चिमाञ्चल

## राप्ती

## ४.५ रुकुम

जनसंख्या : १५५५५४
साक्षरता : २८.७ प्रतिशत
महिला साक्षरता : ११.३ प्रतिशत
क्षेत्रफल : २८७७ वर्ग कि.मी.

रुकुम जिल्ला मध्यपश्चिमाञ्चलको सबैभन्दा दुर्गम तथा पहाडी जिल्ला हो। चौरजहारी विमानस्थलबाट हवाई यातायतको सुविधा उपलब्ध भएको यस जिल्लाका केही ठाउँका जनतालाई बस यातायात सुविधा भएको दाङ जिल्लाबाट १० दिनसम्म पैदल हिंड्नु पर्छ। ४३ वटा गाउँ विकास समिति रहेको यस जिल्लामा १ क्याम्पस, १ उच्च माध्यमिक, १९ माध्यमिक, १६ निम्न माध्यमिक र १ सय ८६ प्राथमिक विद्यालय रहेका छन्। यहाँका १२ प्रतिशत महिला शिक्षित छन्। यस जिल्लामा एक अस्पताल सहित २० वटा उपचार केन्द्र छन्। सञ्चार तर्फ पीसीओ मार्फत टेलिफोन सेवा शुरू भएको छ। ४७ वटा खानेपानी आयोजना सञ्चालित भएर पनि खानेपानीको उचित प्रबन्ध भएको छैन।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

छिवाङ गाविसका उपाध्यक्ष लालबहादुर के.सी.को ०५१ बैशाख १४ गते लोरीवाङ जन प्राथमिक विद्यालयका शिक्षक लालबहादुर के.सी.ले खुकुरी हानी हत्या गरे। हत्यापछि भारत तर्फ भागेका पीडकलाई दाजु गोपाल के.सी.ले ०५१ जेठ २ गते आफै समाती प्रहरीमा बुझाएका थिए। पीडित र पीडक बीच ०५१ बैशाख १४ गते राजनीतिक कारण विवाद भएको र सोही कारण हत्या भएको बताइएको छ। यस अघि पनि यी दुई पक्ष बीच पटक पटक झगडा भएको थियो।

खोलागाउँ गाविसका अध्यक्ष तथा इलाका नं. ८ का जिल्ला विकास समितिका सदस्य तथा कांग्रेसका जिल्ला सदस्य गणेश शाहलाई सिम्ली–८ सुलीहाले भन्ने ठाउँमा अज्ञात व्यक्तिले खुकुरी प्रहार गरी हत्या गरे। पीडित शाह एक पियन साथमा लिई सदरमुकाम मुसीकोट खलंगामा हुन लागेको नेपाली कांग्रेस जिल्ला स्तरीय भेलामा भाग लिन जाँदै थिए। पियन केही अगाडि हिंडेको बेला यो आक्रमण गरिएको थियो। पीडकहरूले मखुण्डो लगाएका थिए। अनुसन्धानका क्रममा टोपबहादुर के.सी. र भूपाल ओलीलाई गिरफ्तार गरी थुनामा राखिएको थियो। गिरफ्तार गरिएकाहरू जनमोर्चा (बाबुराम) का कार्यकर्ता हुन्। यस अतिरिक्त अन्य ६ जना समेत पछि पक्राउ परेकोमा ३ जनालाई तारीखमा रिहा गरिएको छ, अन्य ५ जना फरार रहेका छन्।

### १.२ जेल र बन्दीहरू

रुकुममा १५ जना बन्दी अट्ने क्षमता भएको "घ" श्रेणीको एउटा जेल छ। अहिले यो जेलमा १६ थुनुवा र १२ बन्दी गरी २८ जनालाई राखिएको छ। जेलमा जम्मा ५ वटा कोठा छन्। तर ती मध्ये एउटा प्रहरीले प्रयोग गरेको छ, एउटा महिला बन्दीका लागि छुट्याइएको छ। एउटा कोठामा सरदर ५ जना अट्ने यी कोठामा अहिले २७ जना पुरुष बन्दी छन्। जेलको चर्पी असाध्य फोहर छ। धारामा पर्याप्त पानी नआउनाले कपडा धुन र नुहाउन समस्या भएको गुनासो बन्दीहरू गर्दछन्। यस जेलमा ४ वर्ष बसी सकेका मानिसले समेत लत्ता कपडा पाएका छैनन्। कोठामा पर्याप्त उज्यालो आउँदैन, केवल राती बिजुली बत्ती दिइन्छ। सामान्य रोग बाहेक स्थानीय तहमा उपचार नहुने रोगमा अन्यत्र पठाई उपचार गराएको पाइएन। यस वर्ष जेल तोड्न खोजेको अभियोगमा ज्यान मुद्दामा परेका कमलसिंह बुढालाई प्रहरी इन्सपेक्टरले यातना दिए। केही बन्दीहरूलाई नेल लगाएर

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | – | – | – |
| हिरासतमा यातना | १ | – | १ |
| बलात्कृत | – | – | – |
| आत्महत्या | – | – | ७ |



*मृतक गणेश शाह*

राखिएको छ।

जेल अत्यन्त जीर्ण अवस्थामा छ। वर्षामा चुहिने पानीबाट बच्न प्लाष्टिकले छोपिएको छ।

### १.३ गिरफ्तारी र यातना

नेपाली कांग्रेसका गणेश शाहको हत्यामा संलग्न भएको आशंकामा गिरफ्तार गरिएका जनमोर्चाका कार्यकर्ताहरूलाई पिट्ने, विजुलीको करेण्ट लगाउने, सिस्नो पानी लगाउने, पैतालामा पीनले घोच्ने जस्ता यातना दिइएको थियो।

### १.४ वेपत्ता पारिएको

यस्तो घटना यस वर्ष भएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

कुटपिटका घटनाहरू थुप्रै भए। तर उल्लेखनीय घटना भने रहेनन्।

### १.६ थुनामा मृत्यु

यस वर्ष थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

चौरजहारीमा ०५१ भदौ १ गते जनमोर्चाले आव्हान गरेको नेपाल बन्दका क्रमा निस्केको जुलुसमाथि प्रहरीले लाठी चार्ज गर्‍यो। जुलुसको नेतृत्व गरी रहेका जनमोर्चा (बावुराम) का जिल्ला सदस्य पूर्णप्रसाद शर्मालाई प्रहरीले घाइते समेत बनायो।

सोही दिन आमसभामा सम्बोधन गरी रहेका जनमोर्चाका प्रवक्ता जनार्दन गौतमलाई प्रहरीले लछारपछार पारी हिरासतमा लियो। सभाको अध्यक्षता गरिरहेका जनमोर्चाका अध्यक्ष विश्वेश्वर पोखरेल लगायतकालाई समेत गिरफ्तार गरी भोलिपल्ट छाडियो।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा विभिन्न जातजाति, भाषाभाषी र धर्मावलम्बीहरू बसोबास गर्छन्। यहाँ धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना प्राप्त हुन सकेन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायालयप्रति आमधारणा सकारात्मक पाइन्छ। तर न्यायिक प्रक्रियामा हुने ढिलाइले गर्दा पीडितहरूले थप पीडा भोग्नु परेको देखिन्छ। वर्षौंसम्म मुद्दा फैसला नहुनाले न्याय महँगो पर्न थालेको छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लाका विभिन्न ठाउँमा सुकुम्बासीहरू रहेको पाइन्छ। तर उनीहरूका बारे आधिकारिक आँकडा उपलब्ध छैन। सम्बद्ध निकायले यस तर्फ ध्यान दिएको देखिँदैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

खलङ्गा बजारमा होटल व्यवसाय गरी बस्ने चौसरी क्षेत्रीसंग खानेपानी शाखामा कार्यरत ओभरसियर अशोककुमार शर्माले ०५१ साउन १५ गते अनैतिक सम्बन्ध राखेकोमा गर्भ रहन गयो। आफ्नो पतिले परिवार नियोजन गरेको ४/५ वर्ष भइसकेकाले गर्भ स्वीकारी पत्नी बनाउन चौसरीले अशोकलाई भन्दा उनले मानेनन्। चौसरीले अशोकसंग नाता कायम गरी पाउँ भनी अदालतमा मुद्दा दिएकी छिन्।

छिवाङ-१ चौताराकी १९ वर्षीय धनमाया के.सी.ले वीरबहादुर के.सी.संगको अनैतिक सम्बन्धपछि ०५१ साउन १८ गते छोरो जन्माइन्। तर वीरबहादुरले धनमायालाई स्वीकार नगरेपछि नाता कायम गरी पाउँ भनी अदालतमा मुद्दा दायर गरेकी छिन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

चुनवाङ-१ का भीमबहादुर पुन मगरले घरमा पत्नी, २ छोरी र १ छोरा हुँदाहुँदै ०५० पुस २५ गते रोल्पा जिल्ला पाछावाङ-७ राहेकेटी बस्ने २२ वर्षीय पानमती बुढासंग दोस्रो

विवाह गरे। पीडित जेठी पत्नी रीताकुमारी मगरले प्रहरीमा जाहेरी दिएपछि गिरफ्तार गरिएका दुबै पीडकलाई ३ हजार ५ सय रूपैयाँ धरौटीमा मुक्त गरिएको छ।

बाफीकोट-१ खोच पनेरा बस्ने कालीबहादुर खत्रीले पत्नी र २ छोरी हुँदाहुँदै स्यालापाखा-३ की राती चन्दसंग ०५० माघ १६ गते दोस्रो विवाह गरेका छन्। पीडक कालीबहादुर कान्छी पत्नी सहित भारत गएका छन्।

**४.३ गर्भ पतन**

गर्भ पतनका घटना प्रकाशमा आएको पाइएन।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

बाल अधिकार बारे अभिभावकहरूमा चेतनाको अभाव रहेको छ। छोरा र छोरी बीचको विभेदले गर्दा छोरीलाई पढ्न पठाउने परिवार सारै कम पाइन्छन्। गाई गोठ, दाउरा, घाँस र कृषि मजदूरका रूपमा बालबालिकाहरू लागेका पाइन्छन्।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)**

कलकारखाना र उद्योग धन्दा नहुनाले आर्थिक अधिकार सम्बन्धी उल्लेखनीय घटना भएको पाइएन। तर गाउँमा सामन्ती प्रथा कायम रहेकाले साहु महाजनहरूले दिएको भन्दा बढी रकम साउँ देखाउने र ब्याजको ब्याज समत लिने गरेर गरीबहरूको आर्थिक शोषण गरेको पाइन्छ।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

दास, कमैया जस्ता प्रथा निर्मूल हुँदै गएका छन्। तर हली, गोठालाका रूपमा केही मानिसहरू बसेका देखिन्छन्। छुवाछूतको प्रथामा खासै कमी आउन सकेको छैन।

८. जिल्लाका घटनाका सम्बन्धमा सम्बन्धित निकाय/क्षेत्र/दल/व्यक्ति/संस्था आदिको प्रेस वक्तव्य/टिप्पणी आदि

यस्तो केही पाइएन।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)**

**९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)**

दुर्घटना सम्बन्धी घटनाहरू भएनन्।

**९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)**

गरायला गाविस मेघामा पर्ने सानो भेरी नदीले भण्डारखोला गाउँबाट मेघा आउन लागेका दुलाहा वीरमान के.सी., नयाँ दुलही, दुलहीका संगीनी २ जना, २ भरिया र दुलाहाका साथी २ जना सबैलाई जेठ महिनामा बगायो।

**९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि**

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएन।

**९.४ आत्महत्या**

चौखावाङ-४ की कली खड्काले ०५० पुस १९ गते आत्महत्या गरिन्। केही समयअघि छोरा, छोरी र पति समेतको क्रमशः मृत्यु भएकाले पारिवारिक पीडा खप्न नसकी उनले आत्महत्या गरेको बताइएको छ।

छिवाङ-८ की १६ वर्षीय कौमती विष्ट मानसिक असन्तुलनका कारण ०५० फागुन ४ गते झुण्डिएर मरिन्।

छिवाङ-४ भुम नयाँ गाउँकी नन्दकली खत्रीले ०५१ भदौ २१ गते विष सेवन गरी आत्महत्या गरिन्। मृतक सोझी लठेउरी खालकी भएकीले खानेकुरा भन्ने ठानी विष खाएको हुन सक्ने आशंका पति देवबहादुर खत्रीले गरेका छन्।

महत-४ धर्मशालाका पुन रोका मगर आफ्नो ससुराली कास्की-१ गंगाधारा गएका बेला ०५१ भदौ २७ गते राती झुण्डिई मरे। पत्नी र छोराछोरी तीज मनाउन माइत गएकाले उनी लिन गएका थिए। उनको मानसिक स्थिति बेलाबखत बिग्रने गरेकाले सोही कारण आत्महत्या गरेको विश्वास गरिएको छ।

शोभा-९ रूमालबारा माइती आएकी २० वर्षीय ओमकुमारी चन्द ०५१ असोज १८ गते दलिनमा झुण्डिएर मरिन्। उनको मानसिक स्थिति कमजोर भएको र यसअघि पटक पटक आत्महत्याको प्रयास गरेको कुरा परिवारका सदस्यले बताएका छन्।

विजेश्वरी-४ की देउसी वनगोसाइले ०५१ कार्तिक २८ गते आत्महत्या गरिन्। आफ्नो कोखबाट २८ वर्षको उमेरसम्म सन्तान नभएकाले उनले आत्महत्या गरेको बताइएको छ।

खलंगा-५ की १७ वर्षीय चम्फा खत्री ०५१ मंसीर १० गते झुण्डिएर मरिन्। पारिवारिक असन्तोषका कारण उनले आत्महत्या गरेको बताइएको छ।

**९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती**

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

■



# ४. मध्यपश्चिमाञ्चल

# भेरी

## ४.६ बाँके

जनसंख्या : २८५६०४
साक्षरता : ३४.३ प्रतिशत
महिला साक्षरता : २१.६ प्रतिशत
क्षेत्रफल : २३३७ वर्ग कि.मी.

बाँके भेरी अञ्चलको सुगम जिल्ला मानिन्छ। यसको पूर्वमा दाङ्ग र भारतको उत्तर प्रदेश, पश्चिममा वर्दिया, उत्तरमा सुर्खेत, सल्यान र दाङ्ग तथा दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ। अवधी, मुश्लीम, थारू तथा पहाडिया मूलका व्यक्तिहरूको बसोबास रहेको बाँके जिल्लाको जनसंख्या २ लाख ७६ हजार ५ सय छ। यस जिल्लामा १ सय ७३ वटा प्राथमिक विद्यालय, ९४ वटा निम्नमाध्यमिक विद्यालय, २५ वटा माध्यमिक विद्यालय तथा महेन्द्र बहुमुखी क्याम्पस, नर्सिङ्ग क्याम्पस, कोहलपुर निजी क्याम्पस, डी.वाइ.पाटिल मेडिकल कलेज जस्ता क्याम्पसहरू रहेका छन्। बाल विवाहका घटनाहरू प्रशस्त पाइने बाँके जिल्लामा अवस्थित प्रसिद्ध मन्दिर बागेश्वरीमा पण्डितहरू अहिले पनि हरिजन जातिलाई पस्न दिँदैनन्।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

#### १.१ हत्या र गोली

नेपालगञ्ज नगरपालिका-५ गणेशपुर बस्ने भे.अ.ख २८७ न. वसका मालिक तथा ड्राइभर घनश्याम गौतमको ०५० फागुन २९ गते राती हत्या गरियो। सोही वसका कन्डक्टर लालबहादुर वली, तेजबहादुर विश्वकर्मा तथा शशी गुरूङ्गले विष खुवाई घाँटी काटी उनको हत्या गरेका थिए। पीडकहरूले लाशलाई शौचालयको ट्याङ्गीमा हालिदिएका थिए। हाल खलासी तथा कन्डक्टरहरू जेल जीवन बिताइरहेका छन्।

बागेश्वरी गाविस "डी" गाउँमा धारिलो हतियार प्रयोग गरी ०५१ श्रावण २७ गते राजु थापाले पतिराम थारूको हत्या गरे। राती ११.४५ बजेको समयमा पतिराम थारूको देब्रे छातिमा हतियार प्रहार गरिएको थियो। सो सम्बन्धी मुद्दा हाल अदालतमा चलिरहेको छ। निज थापा फरार छन्।

उदयपुर गाविस-२ बस्ने रामेश्वर कुर्मीको ०५१ कार्तिक २८ गते तेजाव खन्याई हत्या गरिएको छ। सोही ठाउँ बस्ने त्रिभुवन कुर्मीले तेजाब खन्याएका थिए। हत्या गर्नुपर्ने कारणमा गाउँघरमा हुने सामान्य विवादले नै त्यस अवस्थामा पुऱ्याएको बताइन्छ। बाख्राले बाली खाएको घटनाले भनाभन भएपछि सो घटना हुन पुगेको हो।

वगनाह गाविस-८ का २२ वर्षीय सूर्यप्रसाद खनालको ०५१ मंसीर १८ गते रहस्यमय रूपमा मृत्यु भयो। उनको लाश तेउलापुर गाविस-७ स्थित पानी भएको खाल्डोमा फालिएको थियो। सो घटनास्थलको नजिकै एउटा रूमाल भेटिएको थियो। सो रूमालबाट शंका गरी कनैयालाल थारू, सचित गुरूङ्ग, वल्दी चौधरी, भुकलाल थारूलाई प्रहरीले अनुसन्धानको सिलसिलामा गिरफ्तार गरेको छ। सितापुर गाविसबाट भाइटिका थाप्नहिंडेका रामलाल पुनको लाश ०५१ कार्तिक २४ गते बाँके, वर्दिया खोलामा फेला परेको थियो। मृतकको च्यापुमा तिखो हतियारले घोचिएको कुरा उनका आफन्तहरूबाट थाहा भएको छ।

नरेनापुर गाविस बस्ने टेकबहादुर मुराउले आफ्नी तेस्री पत्नी तारा मुराउलाई गोली हान्दा उनको मृत्यु भयो। मादक पदार्थ सेवन गरी उनले आफ्नै पत्नीमाथि गोली चलाएका थिए। हाल जिल्ला अदालतले उनलाई थुनामा राख्ने आदेश गरेको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | ४ | १ |
| बलात्कृत | १ | ४ | ३ |
| आत्महत्या | - | ५ | ४ |

### १.२ जेल र बन्दीहरू

नेपालगञ्ज जेल राणाकालमा निर्मित मध्यपश्चिमाञ्चलको क्षेत्रीय जेल हो। जेलका पर्खाल, कोठा, झ्याल ढोकाको मर्मत सम्भार भएको छैन। झ्यालमाथि लगाइएका काठ मकिइसकेका छन्। ईंटा खस्न लागेकोछ, थोरै बल पर्दा पनि मत्किने अवस्थामा देखिन्छ। चर्पीहरू फोहर छन्। दुर्गन्ध फैलिएका कारण कैदीहरू बिरामी पर्ने गरेको पाइन्छ। कैदीहरू बस्ने कोठाका झ्यालहरूमा पल्ला नभएको र लुगाफाटोको उचित व्यवस्था नभएको कैदीहरू बताउँछन्। पत्रपत्रिका कैदीहरू पढ्न पाउँदैनन्। भूई तलामा जेलको दक्षिणपट्टि रहेको चर्पीबाट फोहर बगेको र पंखाको व्यवस्था नहुँदा गर्मी याममा कैदीहरूले आफैं पंखा मगाउने गरेका छन्।

१ सय ४४ जनामा महिला ६ जना र १ जना नाबालक आमासंग छन्। जसमध्ये ४४ जना बन्दी र अन्य थुनुवा रहेका छन्।

जेलको दक्षिण भागमा मन्दिर र उत्तर पश्चिममा भित्तामा मस्जिद बनाइएको छ।

जेलभित्र रहेका बन्दी तथा थुनुवाहरूमा घटनाको प्रकृति हेरी अलग अलग बस्ने व्यवस्था नभएका कारण बन्दी, थुनुवा बीच वादविवाद उत्पन्न हुने गरेको पाइएको छ। स्म्याक आदि लागू पदार्थ सेवन गर्नेहरूबाट तनाब उत्पन्न गर्ने खालको वातावरण बन्न गएको साथै कम उमेरका कैदी तथा थुनुवाहरू, पेशागत रूपमा अपराध गर्ने कैदीका साथमा रहँदा गलत काममा प्रभावित हुने देखिन्छ।

### १.३ गिरफ्तारी र यातना

०५० चैत १७ गते गोसाइ गाउँबाट प्रहरीले विनापूर्जी प्रेमबहादुर पौडेललाई गिरफ्तार गरे। गिरफ्तार गरेर प्रमुख जिल्ला अधिकारी समक्ष उपस्थित गराइएपछि उनलाई सो कार्यालयमा नासु विष्णु कक्षपती, खरदार इदिष वेहना तथा प्रमुख जिल्ला अधिकारीका निजी सचिव तीर्थराम यादवले कुटपिट समेत गरेका थिए। प्रेमबहादुर पौडेल स्थानीय एक साप्ताहिकका सह-सम्पादक तथा युगसम्वाद साप्ताहिकका सम्वाददाता हुन्। उनले पत्रिकामा प्रजिअको भ्रष्टाचार सम्बन्धी सूचना प्रकाशमा ल्याएको कारण यसरी पक्राउ गरी यातना दिइएको बताइन्छ।

बरसपुर गाविस-२ का नथिराम कलवारलाई चोरीको आरोपमा ०५१ बैशाख २ गते विनापूर्जी गिरफ्तार गरिएको छ। वुसरा साडी सेन्टर नेपालगञ्जमा चोरी भएकोमा प्रहरी नायव निरीक्षक विचित्र राज शाहले ६ जवान प्रहरी समेत गई घर खान तलासीमा लिई गिरफ्तार गरी ३ दिनपछि मात्र रिहा गरेका थिए। घटना बुझ्दा चोरी भएको तर गिरफ्तार निर्दोष व्यक्तिलाई गरेको देखिन्छ।

संजमो बाबुराम समूहको शाही घोषणा डढाउने कार्यक्रमको सिलसिलामा ०५१ साउन ८ गते मनोज भट्ट लगायत २३ जनालाई गिरफ्तार गरियो। विनापूर्जी गिरफ्तार गरिएका ती कार्यकर्ताहरू सोही पार्टीसंग सम्बद्ध रहेका थिए। उक्त दिन खेतमा काम गरिरहेका कृषकहरूलाई पनि प्रहरीले विनापूर्जी पक्राउ गरेको थियो।



मृतक रामेश्वर कुर्मी

मानिकापुर गाविस बस्ने सोमबहादुर थापालाई ०५१ भदौ ३ गते गिरफ्तार गरियो। बाबा वोर्डिङ्ग स्कूलका प्रिन्सिपल सुरजकुमार थापा, उनकी पत्नी र प्रहरीको मिलेमतोमा उनलाई गिरफ्तार गरिएको हो।

नेपालगञ्ज नगरपालिका-८ गगनगंज टोलबाट १४ जना वदिनीहरूलाई वेश्यावृत्ति सञ्चालन गरेको आरोपमा ०५१ असोज ५ गते गिरफ्तार गरियो। गिरफ्तारीपछि प्रदीपराज आचार्य, विचित्रबहादुर शाह लगायतका प्रहरीहरूले ती वदिनीहरूलाई पुठामा, तिघ्रामा लठ्ठीले पिटेका थिए। सुषमा नाम गरेकी एक गर्भवती वदिनीलाई १ बजेदेखि ४ बजेसम्म घाममा उभ्याइएको थियो।

### १.४ बेपत्ता पारिएको

बेपत्ता पारिएको घटना प्रकाशमा आएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

खजुराखुर्द गाविस-४ मा छब्बु पाण्डे र डल्लु धोवी बीच कुटपिट भयो। उनीहरू बीच जग्गा जमिनको विवादले कुटपिट भएको थियो।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

### २.२ धार्मिक स्वतन्त्रता

०५१ मंसीर १९ देखि २२ गतेसम्म नेपालगञ्जमा भएको साम्प्रदायिक दङ्गाले हिन्दू मुस्लिमबीच विवाद उत्पन्न गराएको थियो। फत्तेह धर्मशाला अगाडि शिवालय र इनार समेतको जिर्णोद्धार कार्यबाट उत्पन्न भएको विवादले कुटपिटको रूप लियो। मंसीर २० गते साँझ ७.३० बजेदेखि

विहान ६ बजेसम्म कर्फ्यु जारी गरिएको थियो। यस दंगामा करिब १४ जना घाइते भएका थिए।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ साउन ३२ गते नेपालगञ्ज बजारमा साँझ मसाल जुलुश निस्किएको थियो। नेकपा मसाल समर्थकहरूबाट निकालिएको सो जुलुशलाई स्थानीय प्रशासनले लाठी चार्ज गरी तितरवितर पार्न खोज्दा केही व्यक्ति घाइते भए। लाठी चार्ज गरी केहीलाई केहीलाई गिरफ्तार गरिएको थियो।

०५१ भदौ ३ गते नेपालगञ्ज नगरपालिकास्थित प्रमुख जिल्ला अधिकारीको कार्यालय अगाडि धर्ना दिइरहेका विभिन्न राजनैतिक पार्टीका नेताहरू तथा कार्यकर्ताहरूलाई प्रशासनले गिरफ्तार गऱ्यो। प्रहरी निरीक्षक भरत प्रधानको नेतृत्वमा सो गिरफ्तारी गरिएको हो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धमा कुनै घटना भएन।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि उल्लेख्य घटना देखा परेन।

### ३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी समस्या यस जिल्लामा सामान्य रूपमा रहेको पाइन्छ। नदीको किनारामा बसेका सुकुम्बासीहरू वर्षा याममा असुरक्षित देखिन्छन्।

### ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

बागेश्वरी गाविस-२ का राजेन्द्र भन्ने प्रेमबहादुर पौडेलले वर्ष १६ की एउटी युवतीलाई बलात्कार गरेका थिए। ०५१ असार १३ गते गाई भैंसी चराउन गएको मौका पारी निजले ती युवतीलाई बलात्कार गरेको बताइन्छ। उनलाई के कस्तो कारवाही भयो भन्ने कुरा थाहा हुन सकेन।

असारको अन्तिम हप्ता भवानीपुर गाविस-८ का दीपक मिश्रले सीता पौडेललाई भारतको बहराइच जिल्लामा बेचिदिएका छन्। सीता पौडेलका दाइले जिल्ला अदालतमा उजुरी गरेपछि दीपक मिश्र र उनकी पत्नी मालती लोनियालाई जिल्ला अदालतले थुनामा राख्ने आदेश दिएको छ। पीडित पुसको अन्तिम हप्ता भाग्न सफल भई नेपाल आइपुगेकी छिन्।

जमुनी गाविस-३ की ६ वर्षीय एउटी बालिकालाई भीमबहादुर रोक्काले ०५१ कार्तिक ४ गते बलात्कार गरे। बालिकाका बाबु आमा धान काट्न गएको मौका पारी यसरी बलात्कार गरिएको हो। अदालतले अभियुक्तलाई थुनामा राख्ने आदेश दिएको छ।

रनियापुर गाविस-१ का नरबहादुर खत्रीले सोही गाविस बस्ने एउटी युवतीलाई ०५१ पुस ६ गते अनुचित कार्य गर्ने विचारले हातपात गरेका थिए। साँझ परेको समयमा युवतीलाई त्यसरी हातपात गरिएको हो। जिल्ला अदालतले पीडकसँग २० हजार धरौटी मागेकोमा राख्न नसकी हाल थुनामा रहेका छन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### ४.३ गर्भ पतन

बागेश्वरी गाविस-३ का नरबहादुर पुन र योगेश्वरप्रसाद गुप्ताले गौमाया पुनको गर्भपतन गराएका छन्। नरबहादुरले ०५१ जेठ २२ गते गौमाया पुनलाई बलात्कार गरेपछि गर्भ रहन गएको थियो। आफ्नो पति सैनिक सेवामा भएकी गौमायाका दुई छोरीहरू छन्। गर्भ रहेको जानकारी गौमायाले नरबहादुरलाई दिएपछि औषधी खान थालेकी थिइन्। औषधी खाएर मात्र नभएपछि उनको पेटको अप्रेशन गरियो। योगेश्वरप्रसाद गुप्ता, गुप्ता मेडिकल हलका मालिक हुन्।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका होटलहरूमा प्रशस्त रूपमा बालकहरू काम गरिरहेको अवस्थामा पाइन्छन्। केही व्यक्तिहरूले अझै पनि बालकहरूलाई नोकर राखेका छन्।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

०५० माघ १ गते प्रहरी गुल्मका एक प्रहरीले रिक्सा चालक रसिद अहमदलाई भाडा दिनुको सट्टा उल्टै कुटपिट गरेका थिए। नेपालगञ्जको गगनगञ्ज टोलबाट १० रूपियाँ दिने शर्तमा गुल्मसम्म रिक्सामा आएका निज प्रहरीले त्यहाँ आइपुगेपछि पैसाको सट्टा उल्टै कुटपिट गरेका थिए।

पश्चिमाञ्चल ईंटा टायल उद्योग उदरापुर गाविसमा कार्यरत गणेशप्रसाद शर्मालाई ०५१ जेठ ९ गते ईंटाको पैसा उठाउन ढिलाई गरेको आरोपमा निस्काशन गरिएको छ। निस्काशन गर्नु पूर्व उनलाई गाली गलौज पनि गरिएको थियो। गणेशप्रसाद शर्माले क्षतिपूर्तिको माग गरी निवेदन दिएका छन्।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धी कुनै घटना भएन।

### ६.३ अन्य आर्थिक अधिकार

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यहाँ कमैया, बाँधा र हलिया प्रथा भए पनि उल्लेख्य घटना देखा परेन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

०५१ साउन ३२ गते नेपालगञ्जबाट कोहलपुर आउने सडकमा ट्रक भित्र वियर खाई हीमबहादुर जी.सी. र श्यामकुमार ज्ञवालीले महिलाहरूमाथि अभद्र व्यवहार प्रदर्शन गरे। नन्दकुमारी लगायत अन्य ४ जना महिलाहरू उक्त ट्रकमा थिए। उक्त २ व्यक्तिहरू ट्राफिक प्रहरी हुन्। गाउँलेहरूको मद्दत लिई हीमबहादुर जी.सी.लाई प्रहरीसमक्ष बुझाइएको थियो।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

उल्लेखनीय टिप्पणी र वक्तव्य प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो, आगलागी जस्ता घटनाहरू देखा परेनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

वागेश्वरी गाविस-२ खजुरा बस्ने चमेली सुनारले आफ्नो शरीरमा मट्टितेल खन्याई आगो लगाएर आत्महत्या गरिन्।

०५१ बैशाख २७ गते कारकादो गाविस-५ का राजेन्द्रप्रसाद शर्मा र उनकी पत्नी विन्दु शर्माले आफ्नै घरको कोठामा करेन्ट लगाई आत्महत्या गरेका छन्। तामाको तार पत्नीको खुट्टामा र दाहिने हातमा तथा पतिको पनि बायाँ हातमा र खुट्टामा लगाइएको थियो।

०५१ मंसीर १ गते सीतापुर गाविस-३ का चित्रबहादुर पुनमगरले सेल्फास चक्की खाई आत्महत्या गरे। आफ्नै घरभित्र आत्महत्या गर्ने मगरको सम्बन्धमा विभिन्न अनुमान गरिए पनि कुनै तथ्य प्रकाशमा आएका छैन। यसैगरी करमसिंह सरदारले पनि सोही औषधी खाई आत्महत्या गरे।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धमा कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# ४. मध्यपश्चिमाञ्चल

# भेरी

# ४.७ बर्दिया

जनसंख्या : २८५६०४
साक्षरता : ३४.३ प्रतिशत
महिला साक्षरता : २१.६ प्रतिशत
क्षेत्रफल : २३३७ वर्ग कि.मी.

वर्दिया नेपाल अधिराज्यको पश्चिमाञ्चल क्षेत्रको भेरी अञ्चलमा पर्ने तराईको जिल्ला हो। यसको पूर्वमा बाँके, पश्चिममा कैलाली एवं भारतको उत्तर प्रदेश, उत्तरमा सुर्खेत र दक्षिणमा भारतको उत्तर प्रदेश पर्दछ। वर्दिया जिल्ला समून्द्र सतहबाट १ सय ३८ मिटर देखि १ हजार २ सय ७९ मिटरसम्मको उचाईमा छ। शैक्षिक हिसाबले ३६ प्रतिशत जनता यहाँ साक्षर छन्। १ क्याम्पस, २ उच्च माध्यमिक विद्यालय, २६ माध्यमिक विद्यालय २२ निम्नमाध्यमिक विद्यालय तथा १ सय ३८ प्राथमिक विद्यालयहरू छन्। सुकुम्बासी समस्याको मुख्य केन्द्र वर्दिया जिल्लालाई मानिन्छ।

## १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

राष्ट्रिय निकुञ्जको क्षेत्रभित्र एकबहादुर गुरुङ्गको गस्ती टोलीले चलाएको गोलीबाट शिकार खेल्न गएका सुर्खेत जिल्ला उत्तरगंगा गाविस-३ बस्ने वर्ष २७ का नेत्रबहादुर थारूको मृत्यु भयो। घटनास्थलमा एउटा मरेको वनेल, १ बोरा सुकुटी, ५ वटा थाल, २ वटा डेक्ची, १ वटा गिलास, २० केजी चामल तथा २ सय ५० ग्राम र ५ सय ग्रामका वारूद समेत फेला पारेका छन्।

सानोश्री गाविस-७ बस्ने देउरूपा दमिनीलाई बलात्कार गरी हत्या गरिएको छ। भारतको आमा वर्दिया भन्ने जंगलमा उनीसंग भएको १ हजार १ सय रूपैयाँ र २० तोलाको चाँदीको बालाको लोभले उनको हत्या गरिएको अनुमान गरिन्छ। २५ वर्षीय देउरूपा आफ्नी छोरी भेट्न गएकी थिइन्।

घघवार गाविस-३ की टीकाराम भट्टराईकी पत्नी हिमा भट्टराईले सोही ठाउँ बस्ने वर्ष ३५ को लिलावती उपाध्यायलाई बञ्चरोले प्रहार गर्दा उनको मृत्यु भयो। आफ्नो पतिसंग अनैतिक सम्बन्धमा गाँसिन गएकी लिलावतीलाई उनले राती वञ्चरोले प्रहार गरेकी थिइन्। प्रहरीले लिलावतीकी सौता ढाकादेवीको छोरा बलरामलाई २२ दिनसम्म हिरासतमा राखेको थियो। हाल हिमा भट्टराई धुनामा रहेकी छिन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | १ |
| बलात्कृत | - | २ | ३ |
| आत्महत्या | - | - | ५ |

### १.२ जेल र बन्दीहरू

१ सय जना बन्दीहरू राख्ने क्षमता भएको कारागार शाखा वर्दिया "ख" श्रेणीको हो। हाल ३० जना थुनुवा र ४५ जना बन्दी रहेको यस कारागारमा १ नाबालक पनि रहेका छन्। अन्यत्र झैं यहाँ पनि प्रतिदिन ७ सय ग्राम चामल र ६ रूपियाँ दिइन्छ। लगाउने कपडा वर्षको दुईपटक र ओड्ने, ओछ्याउने ३ वर्षको एकपटक दिइन्छ। बन्दीको स्वास्थ्य उपचार अवस्था अनुसार जिल्ला अस्पतालमा लगी गरिन्छ। जेलभित्र बन्दीहरूले पंखा र रेडियो प्रयोग गर्न पाएका छन्। बन्दीहरूलाई आवश्यकता अनुसार आफन्तहरूलाई भेटघाट गर्न दिइन्छ। मध्यावधि आमनिर्वाचनमा भोट दिन नपाएकोमा विरोध जनाई बन्दीहरू अनसनमा बसेका थिए।

### १.३ गिरफ्तारी र यातना

वेलवा गाविस-७ का ६० वर्षीय तुलसीराम डाँगी र सोही ठाउँ बस्ने वर्ष ५५ को एमान वलीलाई वन सुरक्षाकर्मीले काठ काटेको एवं रकम चोरेको अभियोगमा गिरफ्तार गऱ्यो। उनीहरूलाई गिरफ्तारपछि कठोर यातना दिइएको थियो। जिल्ला वन कार्यालयले ०५१ साउन ५ गते तुलसीराम

डाँगीलाई २० हजार २ सय सत्तरी र ऐमान वलीलाई १९ हजार २ सय ४५ धरौटी लिई रिहा गरेको छ।

०५१ साउन ३२ गतेका दिन नेपाल बन्दको प्रचारको सिलसिलामा माइक बोकेर हिँडिरहेका संयुक्त जनमोर्चा नेपाल (बाबुराम भट्टराई) समर्थक कार्यकर्ताहरूलाई गुलरियाबाट गिरफ्तार गरियो। उनीहरूलाई साँझ ६ बजे रिहा गरिएको थियो। गिरफ्तार हुनेहरूमा बलराम काफ्ले लगायत ५ जना छन्। गिरफ्तार गरिएका व्यक्तिहरूलाई कुनै यातना भने दिइएको थिएन। त्यस्तै ०५१ बैशाख २१ गते पनि ९ जना कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो।

कालिका गाविस–२ का इन्द्र सुईटेल, तीर्थराज अधिकारी, कविराम थारू, डोलराज अर्याल लगायत ६ जनालाई नेपालगञ्जमा ०५१ भदौ ५ गते गिरफ्तार गरियो। प्रतिनिधिसभा विघटनको विरोध कार्यक्रमको सिलसिलामा गिरफ्तार गरिएका ती व्यक्तिहरू नेकपा एमाले समर्थक हुन्।

०५१ भदौ ३ गते प्रतिनिधिसभा विघटनको विरोधमा धर्ना दिने क्रममा जिल्ला प्रशासन कार्यालय घेराउ गर्दा एमालेका देवराना लगायत ३२ जनालाई गिरफ्तार गरिएको थियो।

## १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना प्रकाशमा आएन।

## १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यस सम्बन्धी उल्लेख्य घटना भएन।

## १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

०५० माघमा "मानुसी" नामको संस्थाको बोर्ड फालियो। बोर्ड फाल्नेहरूमा टीकाप्रसाद अधिकारी, लालप्रसाद घिमिरे, वुद्धिप्रसाद सापकोटा थिए। उजुरी परेपछि टीकाप्रसाद अधिकारीलाई प्रहरीले हिरासतमा लिएको थियो। १ दिनपछि बोर्ड राख्ने दिने शर्तमा उनलाई रिहा गरियो।

कालिका गाविसका अनेरास्ववियूका कार्यकर्ताहरू कृष्णबहादुर नेपाली, रमेश कार्की, शिव कार्की, आलोक शर्मा, अनन्त पराजुली लगायत १० जनालाई मध्यावधि निर्वाचनको क्रममा नेपाली कांग्रेस विरूद्ध नारा लगाएको आरोपमा गिरफ्तार गरिएको थियो। गिरफ्तार गरिएकाहरूमध्ये केही तत्काल छुटेका थिए भने केही चुनाव पछाडि मात्र छुटेका थिए।

## २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।



*कुटपिटबाट घाइते भैसरा खनाल*

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

ताराताल गाविस–२ का दिलबहादुर डाँगी लगायतका २० जनाको हुलले सानोश्री गाविस–१ का भुपेन्द्रबहादुर वि.क. लगायतका व्यक्तिहरूलाई गम्भीर घाइते हुने गरी कुटपिट गरे। कुटपिट गर्नुको कारण सानोजातका भएर पनि एमालेमा लागेको आरोप लगाइएको थियो। घटनाको उजुरी दिन जाँदा एस.पी. श्यामसुन्दर सिंहले भोलि भोलि भनी टारेको र इन्सपेक्टर जगदीशबहादुर वमले कुटपिट भएकोले अदालत जानु भनेको कुरा पीडितहरू बताउँछन्।

बेलवा गाविसका अध्यक्ष खड्गबहादुर डाँगी लगायतका व्यक्तिहरूलाई राजनैतिक प्रतिशोधका कारण वन मुद्दा लगाइएको छ। खड्गबहादुर लगायतका व्यक्तिहरू एमाले समर्थक भएको कारण उनीहरूलाई सो मुद्दा लगाइएको बताइन्छ। मुद्दा लगाउने कुलबहादुर के.सी. नेका समर्थक मानिन्छन्। भूतपूर्व सांसद कृष्णबहादुर महराले बेलवामा एउटा पुरानो घर किनी काठपात ल्याउँदा गाविस अध्यक्ष खड्गबहादुर डाँगी लगायतका व्यक्तिहरूले सहयोग पुर्‍याएका थिए। सोही विषयमा पछि वन मुद्दा स्थगित गरेर सार्वजनिक मुद्दा लगाइयो। सो मुद्दामा प्रतिव्यक्ति २९ हजार १ सय ८९ रूपैयाँ धरौटी लिई तारेखमा छोडियो भने वन मुद्दाको पनि तारीख बोक्नु परिरहेको कुरा पीडितहरू बताउँछन्।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

## २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि उल्लेख्य घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा साह्रै जटिल रूपमा रहेको समस्यामा सुकुम्बासी समस्या नै हो। यहाँ थारू जाति आदिबासीका रूपमा रहेको पाइन्छ। यस जिल्लामा ०४६ सालको

जनआन्दोलनपछि भूमिहीन सुकुम्बासी संगठित रूपमा विभिन्न फाँटाहरूमा बसेका थिए। तर त्यति बेलाको सरकारले पूर्वाग्रही दृष्टिले एमालेको रूपमा वस्ती बसेको अनुभव गरी छिन्न भिन्न गराउने काम गऱ्यो। त्यसपछि सुकुम्बासी समस्या समाधानका लागि भनी संगठित सुकुम्बासीलाई विभिन्न बोर्डर इलाकामा लगी राख्ने काम भयो। सुकुम्बासी समस्या समाधानका रूपमा हेर्दा कस्ता व्यक्तिलाई सुकुम्बासी मान्न सकिन्छ वा मान्ने भन्ने ठोस आधार केही नबनाईकन बाबु बाजेका नाममा जग्गा भएकोलाई सुकुम्बासी नमान्ने भनेर हचुवाको भरमा समाधानको बाटो खोजे जस्तो स्थिति देखा पऱ्यो। जबकि बाबु बाजेका नाममा जग्गा भएता पनि बाबु बाजेले मासेर छोरा छोरीको निम्ति केही पनि नराखेर छोरा छोरी सुकुम्बासीको रूपमा कष्टकर जीवन बिताइरहेका प्रशस्त उदाहरण पाइन्छन्। त्यस्तो समस्या भोगेको व्यक्तिलाई कुन रूपमा हेर्ने स्पष्ट दृष्टिकोण राखिनु जरूरी देखिन्छ।

कांग्रेसको सरकारले बनाएको आयोगमा सुकुम्बासीको फारम जम्मा जम्मी १९ हजार जतिले भरेको पाइन्छ। त्यसमा सोही आयोगका अनुसार ८ हजार सुकुम्बासीलाई जग्गा दिई व्यवस्था गरिएको बताइएको छ। तापनि त्यसमा केवल बास मात्र दिइएको स्पष्ट हुन्छ। यसमा केवल ५ सय जनालाई मात्र जग्गा धनी प्रमाण पूर्जा दिइएको बताइन्छ।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

नेउलापुर गाविस सिंहबाहिनी-५ बस्ने वर्ष २४ की तेप्प थरूनीलाई ४ जना प्रहरी जवानहरू कृष्णप्रसाद शर्मा, किशन सिंह, राजुसिंह ठकुरी, सिद्धबहादुर सिंहले ०५० चैत ३ गते हातपात गरे। गाउँ नजिकैको सिनेमा हलको अगाडि हातपात गरी बलात्कार गर्ने प्रयत्न गरेका थिए। उनका साथमा दाजु र आमा पनि भएकोले चिच्याएपछि फिल्म हलका व्यक्तिहरू र प्रहरी बीच भीडन्त भएको थियो। अन्तमा केही नलाग्ने देखि उनीहरू भागेका थिए। यस सम्बन्धमा प्रहरीलाई विभागीय कारवाही भएको बताइए पनि नेप्प थरूनीको २ हजार १ सय रूपैयाँ र नाकको फुली भने हराएको हरायै भयो।

सानोश्री गाविस-८ बस्ने एउटी महिलालाई आफ्नो माइतीघर जान लागेको बेलामा दोदरी गाविसको महचलदेखि १५ सय मीटर दक्षिणको खेतमा सोही गाविस बस्ने धर्मेन्द्र तिमिल्सीनाले समाती जबरजस्ती बलात्कार गरेका छन्। उनी माइतबाट फर्केपछि प्रहरीमा उजुरी गर्दा ५, ६ दिन पुरानो भएकोले केही गर्न नसक्ने बताए। अन्तमा ३ हजार ५ सय रूपैयाँ लिई कुरा मिलाइएको गाउँलेहरू बताउँछन्।

सानोश्री गाविस-२ बस्ने वर्ष १४ की बालिकालाई खैरापुर गाविस-१ बस्ने अन्दाजी वर्ष ३५ को होमबहादुर मगरले अयोध्या फाँटा भन्ने ठाउँमा बलात्कार गरे। बालिका गाई चराई रहेको अवस्थामा पछाडिबाट आई कम्मरमा समाएर नर्सरीतिर लगी बलात्कार गरेको कुरा पीडितले बताएकी छन्। बलात्कारीलाई अदालतले थुनामा राख्ने आदेश गरेको छ।

जमुनी गाविस-१ वर्दिया बस्ने वर्ष २६ को नारायणप्रसाद खनालले आफ्नी सौतेनी आमा वर्ष ६३ की मेसरा खनाललाई खेतमा राख्ने मलको विषयमा सामान्य भनाभन हुँदा निर्ममतापूर्वक पिटेका छन्। मेसरा खनालको कान्छी औंला काटिएको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### ४.३ गर्भ पतन

गर्भपतनका घटना सार्वजनिक जानकारीमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

कालिका गाविस-७ का नगेन्द्रराज पाण्डेले सोही ठाउँका सुकुम्बासीहरूका छोराछोरीलाई राम्रो लाउन, खान दिने प्रलोभनमा काठमाडौं लाने प्रयत्न गरेकोमा विफल भएका छन्। गाउँका मानिसहरूले थाहा पाई प्रहरीमा उजुरी गरेपछि प्रहरी चौकी कन्दपुरले निज पाण्डेलाई गिरफ्तार गरेको थियो। अब आइन्दा त्यस्तो नगर्ने कागज गराएर उनलाई छाडिएको छ। काठमाडौंस्थित आफ्नो सिंह कार्पेटमा काममा लगाउन खोजिएका ती बालबालिकाहरू १४ वर्ष मुनिका ९ जना थिए।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यो अधिकारको उल्लंघनका घटनाहरू प्राप्त हुन सकेनन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

दासत्व, कमैया, बाँधा, हलिया जस्ता प्रथाहरू सम्बन्धमा उल्लेख्य घटनाहरू प्राप्त हुन सकेनन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस सम्बन्धमा कुनै टिप्पणी भेटिएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

ठाकुरद्वार गाविसको सुर्तैया गाउँमा दुर्गा थारूले चलाएको लढिया गाडाले किची ७ वर्षीय पशुराम थारूको ०५० माघ २ गते मृत्यु भयो।

०५० चैत २८ गतेका दिन भारत बहराइज बस्ने वर्ष ३७ को मंगलप्रसाद गुप्ताले चलाइरहेको भारतीय प्लेट भएको गाडीले किची डेउडाकला गाविस-९ बस्ने वर्ष ३७ का रमेश

सुवेदीको मृत्यु भएको छ। राती ८ बजे गलत साइडबाट गाडी ल्याई उनलाई किचेपछि तत्काल मृत्यु भएको थियो।

कालिका गाविस-९ बस्ने वर्ष १९ को रामेश्वर क्षेत्रीलाई ना.अ.ख ६३७७ को रात्रीबसले किच्दा घटनास्थलमै मृत्यु भयो। ववर बहुमुखी क्याम्पसमा अध्ययनरत रामेश्वर सो रात्रीबसको ढोकाको छेस्कीनी समाई चढेका थिए तर गाडी गतिमा दौडन थालेपछि उनी खस्न पुगे र पछाडिको चक्काले उनलाई किचेर मार्‍यो।

## ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

सानोश्री गाविस-५ बस्ने वर्ष २५ की कुमारी सुनारको माटो लिन गएका बेला माटो खनिसकेपछि माटोको ढिस्को खसेर पुरिनगई मृत्यु भएको छ।

## ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरद्वारा घाइते भएका घटनाहरू प्रचारमा आएको देखिएन।

## ९.४ आत्महत्या

सानोश्री गाविस-६ का वर्ष १९ वर्षीय लिलबहादुर थापाले ०५१ बैशाख १७ गते विष सेवन गरी आत्महत्या गरे। खगीन्द्रा शाही नाम गरेकी युवतीलाई उनले भगाई ल्याएकोमा केटीका बाबुले केटी फिर्ता लगेपछि गाउँका साथीभाइले जिस्काउँछन् भनी उनले आत्महत्या गरेको कुरा गाउँलेहरू बताउँछन्।

वदालपुर गाविस-१ की वर्ष २२ की श्रीमती सारक्ष थरूनी आफ्नै घरमा ०५१ जेठ १ गते राती १ बजे झुण्डिई मरेकी छिन्। उनको आत्महत्याको कारण थाहा हुन सकेन।

बेलवा गाविस-३ की अन्दाजी वर्ष १६ की अस्तुरिया थरूनीले कपासमा छर्ने विष सेवन गरी आत्महत्या गरेकी छिन्। आमाले रण्डी भनेकोले सो भनाई खप्न नसकी उनले आत्महत्या गरेको बताइन्छ।

सानोश्री गाविस-५ की वर्ष ३२ की पटरानी थरूनीले आफ्नै घरमा झुण्डिई आत्महत्या गरेकी छिन्। आफ्नो पतिसंग सामान्य झगडा भएको रिसमा उनले आत्महत्या गरेको हुनसक्ने अनुमान छ।

सानोश्री गाविस-५ का वर्ष ३३ का भक्कुप्रसाद चौधरी आफूलाई क्यान्सर रोग लागेकोले उपचार गर्न पैसा छैन भन्ने हीनताबोधले आत्महत्या गर्न पुगेका छन्। भारतको निशानगाढादेखि पश्चिमको जंगलमा डोरीमा झुण्डिई उनले आत्महत्या गरेका थिए। यस अघि प्रजातान्त्रिक युवा संघले उनको उपचारमा सहयोग पुर्‍याएको थियो।

## ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

गुलरिया गाविस-२ बस्ने वर्ष ३८ का चेतन यादवलाई गुलरियादेखि ६ किलोमिटर दक्षिण भारतको उत्तर प्रदेशमा अपरिचित व्यक्तिहरूले कट्टा बन्दुक प्रहार गरी घाइते तुल्याएका छन्। गुलरिया अस्पतालमा ल्याई शरिरबाट छर्रा निकालिएको थियो। पीडकहरू डाँका हुन सक्ने बताइन्छ।

■



# ४. मध्यपश्चिमाञ्चल

## भेरी

## ४.८ सुर्खेत

जनसंख्या : २२५७६८
साक्षरता : ४२.४ प्रतिशत
महिला साक्षरता : २५.४ प्रतिशत
क्षेत्रफल : २४५१ वर्ग कि.मी.

सुर्खेत मध्यपश्चिमाञ्चल क्षेत्रको भेरी अञ्चलको एक जिल्ला हो। यसको भू वनोट चुरे, भित्री मधेश र महाभारतले बनेको छ। पश्चिमतिर कर्णाली र पूर्वतिर भेरी नदी बगेकोले यो जिल्लाको जलमार्गको भविष्य उज्वल देखिन्छ। सुर्खेत जिल्लाको क्षेत्रफल २ हजार ४ सय ५१ वर्ग किलोमिटर छ। ब्राम्हण, क्षेत्री, ठकुरी, नेवार, मगर, थारू, कामी, दमाई, सार्की र वादी जातिहरूको बसोबास रहेको यो जिल्ला समुन्द्र सतहबाट १ सय ९८ मिटर देखि २ हजार ३ सय ६७ मिटर सम्मको उचाइमा रहेको छ।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

श्री प्राथमिक विद्यालयका शिक्षक कृष्ण पौडेल हराएको ८ दिनपछि ०५१ बैशाख ७ गतेका दिन भेरी नदीको किनारमा मृत अवस्थामा फेला परे। उनको हत्या गरिएको आशंका छ।

मेहेलकुना गाविस-५ बस्ने इन्दबहादुर कामी र उनकी पत्नीले लट्ठीले हिर्काएको कारण चन्दबहादुरका भाइ हर्कबहादुर कामीको मृत्यु भएको छ। ०५१ भदौ १८ गते त्यसरी कुटपिट गरेकोमा औषधी उपचार गर्न ल्याउँदा ल्याउँदै बाटोमै उनको मृत्यु भएको थियो। खेतीमा प्रयोग हुने दाँते भाँचिदिएको कारण रीसको झोकमा उनलाई कुटपिट गरिएको हो। हाल चन्द्रबहादुर कामी र उनकी पत्नीलाई प्रहरीले हिरासतमा लिएको छ।

वीरेन्द्रनगर नगरपालिका-४ मा पर्ने जुगेपानीको जंगलमा डिल्लीराम पौडेलको हत्या गरियो। ०५० कार्तिक २१ गते विद्यालयमा पढाउन घरबाट जाँदै गरेको अवस्थामा अज्ञात व्यक्तिहरूद्वारा उनको हत्या गरिएको हो। उनको शव ०५१ मंसीर १ गते फेला परेको थियो। उनको छातीमा छुरी रोपिएको थियो। लाश पुरानो भएकोले पोष्टमार्टम हुन सकेन।

उत्तर गंगा गाविस-८ मा रहेको एउटा इनारमा श्रीमती टीका भण्डारीको लाश भेटियो। ०५१ मंसीर २० गते विहान हराएकी श्रीमती भण्डारी करिब ४८ घण्टा पछि सो इनारमा मृत अवस्थामा फेला परेकी थिइन्। प्रहरीले भण्डारीका पति प्रकाश भण्डारीलाई गिरफ्तार गरी आवश्यक अनुसन्धान गरिरहेको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | - | - |
| बलात्कृत | - | २ | - |
| आत्महत्या | - | ६ | १३ |

### १.२ जेल र बन्दीहरू

२५ जना बन्दी राख्न सकिने क्षमता भएको सुर्खेत कारागारमा हाल १४ जना थुनुवा र १५ जना बन्दी गरी जम्मा २९ जनालाई राखिएको छ। यसका साथै २ जना नाबालकहरूलाई पनि राखिएको छ। सामान्यतया वर्षमा दुईपटक लुगा कपडा दिइने यस कारागारमा राजनैतिक बन्दीहरू छैनन्। साधारण रोगीहरूलाई जेलमै स्वास्थ्यकर्मीहरू ल्याई उपचार गराइन्छ भने विशेष विरामीहरूलाई जिल्ला अस्पतालमा लगिन्छ। पंखा राखिएको छैन तर रेडियो चाहिं छ।

### १.३ गिरफ्तारी र यातना

०५१ साउन ८ गते नेपाल बन्दको सिलसिलामा अमल राज शाही र ऋषि गौतमलाई पक्राउ गरिएको थियो। नेकपा मसालसंग सम्बन्धित रहेको र सो दिन ढुङ्गामुढा गरेको आरोपमा उनीहरूलाई गिरफ्तार गरिएको हो। गिरफ्तार गर्दा पक्राउ पूर्जी दिइएको थिएन।

वीरेन्द्रनगर नगरपालिकाको तल्लो बजारमा प्रहरीले जबरजस्ती १३ जनालाई गिरफ्तार गरेको थियो। ०५१ साउन ३२ गते बेलुका ६.३० बजे विष्णुप्रसाद खनाल लगायतका ११ जना व्यक्तिहरूलाई गिरफ्तार गरिएको हो। भाद्र १ गतेको नेपाल

बन्दलाई असफल बनाउन सो गिरफ्तारी चलाइएको बताइन्छ।

०५१ असोज २८ गते बेलुका ६.४५ बजे वीरेन्द्रनगर नगरपालिका-७ स्थित जिल्ला अस्पतालको प्राङ्गणमा लाठी चार्ज गरियो। सो लाठी चार्जबाट प्रदीप राई गम्भीर घाइते भई उनलाई उपचारार्थ भारतको लखनउ लगिएको थियो। एक प्रहरीले मादक पदार्थ सेवन गरेको शंका भई केही युवाहरूले अस्पतालमा परीक्षण गर्न लगेपछि प्रहरीले लाठी चार्ज गरेको थियो। प्रहरीका अनुसार प्रहरी जवानलाई हिर्काउनेलाई कब्जामा लिन खोज्दा उल्टै प्रहरीमाथि आई लागेपछि लाठी चार्ज गर्नु परेको हो।

वीरेन्द्रनगर नगरपालिका तल्लो बजारमा अवस्थित एक होटलमा ०५१ मंसीर ८ गते एक होटलमा राजु गुभाजु लगायत ४ जना व्यक्तिहरूले मटेला गाविसका अध्यक्ष देवबहादुर चन्दलाई कुटपिट गरे। नेपाली कांग्रेसको तर्फबाट निर्वाचित देवबहादुर चन्दलाई राजनैतिक आस्थाका कारण कुटिएको बताइन्छ। कुटपिट गर्ने व्यक्तिहरूलाई प्रहरीले गिरफ्तार गरेको थियो।

०५१ मंसीर ८ गते राती वीरेन्दनगर नगरपालिका-४ स्थित खोर्के खोलामा प्रेम सिं ठकुरी र वीरबहादुर वाल्मिकीमाथि अज्ञात व्यक्तिहरूले चक्कु प्रहार गरी घाइते बनाए। कसले पिट्यो भन्ने सम्बन्धमा कुनै तथ्य प्रकाशमा नआएको कुरा प्रहरीले जनाएको छ। हालसम्म कसैलाई गिरफ्तार गरिएको छैन।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना प्रकाशमा आएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यस सम्बन्धी कुनै घटना भएन।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

बुलबुले छापाखानाका मालिक टेकप्रसाद भट्टराईले मे १ को मजदुर दिवस कार्यक्रममा भाग लिएको कारण ३ जना मजदुरहरूलाई निष्काशन गरे। सुश्री मीना शर्मा, ओमकुमारी अधिकारी र लाटामाइला नाम गरेका ३ जना मजदुरहरूलाई मजदुर कार्यक्रममा भाग लिएको आरोप लगाई सेवा मुक्त गरिएको हो। नेपाल स्वतन्त्र मजदुर युनियनले पीडितहरूको पक्षबाट दबाव दिए पनि पुनर्वहाली गरिएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

सराटानी गाविस-४ चौरासेमा प्रस्तावित माध्यमिक विद्यालय चौरासेका विद्यालय व्यवस्थापन समितिका अध्यक्ष प्रेमबहादुर नाम्जाली लगायतका ४ जनाले खगेन्द्र थापा नाम गरेका व्यक्तिमाथि तथानाम गाली गरे। गाली गर्नुको कारण थापा सूर्य चिन्हका समर्थक र नाम्जाली रूख चिन्हका समर्थक थिए।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी कुनै घटना भएन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

वर खोलीका प्रधानाध्यापक चित्रबहादुर रेग्मीलाई सरूवा गरी मेहेलकुना माध्यमिक विद्यालयमा पटाइएको थियो। विषय मिलानको नाममा राजनैतिक पूर्वाग्रह राखी रेग्मीलाई जिल्ला शिक्षा कार्यालय सुर्खेतले सरूवा गरेको हो।

जिल्ला शिक्षा कार्यालय सुर्खेतले भूपिन्द्रबहादुर खत्रीलाई घटुवा गरेको छ। प्राथमिक विद्यालय वडाखोलीमा आइ.ए सरहको तलब पाएका निजलाई एस.एल.सी. सरहको मात्र सुविधा दिई घटुवा गरिएको छ। त्यस्तै घटुवा हिक्मतबहादुर श्रीघलाई पनि गरिएको छ। उहाँहरूलाई राजनैतिक आस्थाका कारण घटुवा गरिएको बताइन्छ।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी उल्लेख्य घटना देखा परेन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

प्राथमिक विद्यालय वालमन्दीरमा कक्षा २ मा पढ्दै गरेकी ८ वर्षीय लक्ष्मी गैरलाई प्रहरी जवान दीपक गिरीले फकाएर लगी वेपत्ता बनाएका थिए। ०५० माघ १४ गते बाट हराएकी उनलाई केही समयपछि मात्र फेला पारियो। प्रहरीले उनलाई बलात्कार गर्न वा किनबेचको लागि लगेको हुनु पर्छ भन्ने स्थानीय बासिन्दाहरूको भनाइ छ।

०५१ असार १६ गते वीरेन्दनगर नगरपालिका-५ चिसापानी बस्ने चन्द्रकला गौलीले आफ्नी छोरी यामकुमारीको सहयोग लिई बुहारी लक्ष्मी गौलीलाई कुटपिट गरिन्। कुटपिटको कारण थाहा हुन सकेन।

उत्तरगंगा गाविस-८ का एकदेव गिरीले ०५१ साउन ९ गते आफ्नी पत्नीलाई हँसियाले चारपाटा मुडी दिए। उनले हँसियाले चारैतिर कपाल काटी घर परिवारबाट अलग गरिदिएका छन्। त्यसो गर्नुको कारण छोरी मात्र जन्माएको कारणले हो भन्ने पीडितको भनाइ छ।

वीरेन्द्रनगर नगरपालिका-५ बस्ने धर्म गौलीले आफ्नी पत्नी तीला गौलीलाई बेहोस् हुने गरी पिटे। आफूले भनेको नमानेको कारण पतिले उनलाई पिटेको बताइन्छ।

लेखफर्सा गाविस-६ घर भएका शिवप्रसाद पौडेलले आजभन्दा करीव ६ वर्ष अगाडि सोही गाविस बस्ने अमृता

सुनुवारसंग सहवास गरी एउटा सन्तान जन्मिएको थियो। अदालतबाट नाताकायम भए पनि जातपातकै कारण शिव पौडेलले अमृतालाई आफ्नो घरमा लगेनन् र सम्पत्ति पनि दिएका छैनन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

गुमी गाविस-५ की तीर्थकुमारीले आफ्नो पति भीमबहादुरलाई छोडेर गजबहादुर रास्कोटीसंग पुन विवाह गरेकी छिन्। यसरी ०५१ मंसीर २४ गते उनले दोश्रो विवाह गरेपछि भीमबहादुर रानाले तीर्थकुमारीबाट २ हजार जारी लिएका थिए।

### ४.३ गर्भ पतन

गर्भपतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यसवर्ष उल्लेखनीय घटना प्रकाशमा आएको पाइएन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकारको उल्लंघन भएको र त्यसको उपचार सम्बन्धमा कतै कुनै आवाज उठेको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धी उल्लेखनीय घटनाहरू जानकारीमा आएनन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

प्रहरीले मनोमानी ढंगले यातना दिने गरेको कुरा मानवअधिकारवादी कार्यकर्ता तथा अधिवक्ता भानुभक्त भारती बताउनु हुन्छ।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू प्रकाशमा आएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

साटाखानी गाविस-४ बस्ने मोती घर्ती मगर र उनकी पत्नी वसुन्धरा मगरले ०५० माघ १९ गते मेटासिड खाई दुबैजना एकै ओछ्यानमा मरेका छन्। दुबै जनाले एकैपटक आत्महत्या गर्नुको कारण थाहा हुन सकेको छैन।

०५० चैत २५ गते श्रीमती पार्वती रानाले मेटासिड खाई आत्महत्या गरेकी छिन्। वीरेन्द्रनगर नगरपालिका-४ स्थित जंगलमा उनको मृत्यु भएको थियो। सो ठाउँमा मेटासिडको बोतल फेला परेको थियो।

उत्तरगंगा गाविस-४ की श्रीमती जैका सुनारले घर नजिकैको जंगलमा ०५१ जेठ २९ गते फुण्डिएर आत्महत्या गरिन्। उनले आफ्नो पति विदेश गएका बेला गर्भधारण गरेको कारण सामाजिक मर्यादाका डरले आत्महत्या गरेको बताइन्छ।

वीरेन्द्रनगर नगरपालिका-४ बस्ने गणेश नेपालीले ०५१ भदौ १८ गते घरकै धुरी वलोमा डोरीको पासो लगाई आत्महत्या गरे। आफ्नै पत्नीसँगै सुतेका निजले कसरी आत्महत्या गरे भन्ने कुरा थाहा हुन सकेन।

श्री ने.रा.प्रा.वि.को कक्षा १ मा अध्ययनरत थिरबहादुर विश्वकर्माले ०५१ असोज ३ गते कपडाको पासो लगाई आत्महत्या गरे। सिनेमा हेर्न बाबुसंग पैसा मागेकोमा नदिएपछि आत्महत्या गरेको थाहा भएको छ।

०५१ असोज १६ गते आफ्नै घरमा डोरीको पासो लगाई कर्णबहादुर आलेले आत्महत्या गरे। आत्महत्या गर्नु अगाडि परिवारमा कटुताको वातावरण रहेको कुरा परिवारबाट थाहा भएको छ।

कल्याण गाविस-७ सुर्खेतमा जंगबहादुर कौजाले ०५१ असोज २४ गतेका दिन विष सेवन गरी आत्महत्या गरे। ससुरालीको खेतमा आत्महत्या गर्ने निज कौजाको लाश ४ दिनपछि फेला परेको थियो।

उत्तरगंगा गाविस-८ बस्ने वर्ष ४८ की सुमित्रा गिरीले ०५१ कार्तिक ११ गतेका दिन विष सेवन गरी आत्महत्या गरिन्। आत्महत्याको अनुसन्धान भइरहेको छ।

वीरेन्द्रनगर नगरपालिका-६ तल्लो बजारस्थित आफ्नै घरमा डोरीको पासो लगाएर श्रीमती हरिमाया नेपालीले आत्महत्या गरिन्।

लाटीकोइली गाविस-१ स्थित भेरी नदीको पुल नजिकै खोलामा हामफाली १८ वर्षीय श्रीमती स्वर्गीसरा वि.सी.ले आत्महत्या गरिन्।

वीरेन्द्रनगर नगरपालिका-६ स्थित तल्लोबजारमा आफ्नै घरमा पासो लगाएर श्रीमती मीना श्रेष्ठले आत्महत्या गरिन्। आत्महत्याको कारण प्रकाशमा आएको छैन।

गुमी गाविस-५ का कृष्णबहादुर श्रेष्ठले भेरी नदीमा डुबेर आत्महत्या गरेका छन्। नदीमा डुबेको लाश आजसम्म फेलापरेको छैन।

गढी गाविस-४ बस्ने गम्भर सिं मन्दीरले आफ्नै घरको आँपको रूखमा डोरीको पासो लगाएर आत्महत्या गरे। आत्महत्या गर्नु अघि उनले एकजनालाई कुटपिट गरेका थिए। सो कुटपिटको उजुरी परेपछि प्रहरीले उनलाई पक्राउ गर्न आउँदा उनी फुण्डिएर मरी सकेका थिए।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन। ■



# ४. मध्यपश्चिमाञ्चल

# भेरी

## ४.१ जाजरकोट

जनसंख्या : ११३९५८
साक्षरता : २३.५ प्रतिशत
महिला साक्षरता : ९.० प्रतिशत
क्षेत्रफल : २२३० वर्ग कि.मी.

यो जिल्ला नेपालको मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने भेरी अञ्चलको दुर्गम पहाडी जिल्ला हो। यहाँ दमाई, कामी, ब्राम्हण, ठकुरी, क्षेत्री, मगर, सुनार आदि जातिको बसोबास पाइन्छ। जिल्ला सदरमुकाम खलङ्गामा नेवारहरूको बसोबास रहेको छ। अशिक्षा, अज्ञानता र गरीबीका कारण बहुसंख्यक जनता पिछडिएको अवस्थामा रहेका छन्। मानवअधिकारप्रति जनताको चेतना ज्यादै न्यून छ। जसले गर्दा यहाँ विभिन्न किसिमका घटनाहरूबाट मानवअधिकारहरूको हनन हुने गरेको पाइन्छ।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

खगेनकोट गाविस-६ का हस्तबीर कामीको ०५० चैत ७ गते आफ्नै घरभित्र रहस्यमय ढंगले मृत्यु भयो। उनको मृत्युमा हत्याको शंका गरिएको छ। ७२ वर्षीय हस्तबीर उक्त दिन खाना खाएर सुतेका थिए। तर विहानीपख मृत अवस्थामा फेला परे। सोही रात उनका छोरा हर्कवीर र बुहारी कली कमिनी घर छोडेर हिंडेका थिए। त्यसरी छोरा बुहारी राती नै घर छोडेर हिंडेको र हस्तवीर मृत अवस्थामा फेला परेकोमा हत्याको आशंका गरी जाहेरी दिइएको छ।

पैंक गाविस-२ की ५० वर्षीय देउसरा गिरीको ०५१ असोज ८ गते रहस्यमय ढंगले मृत्यु भयो। ९ गते विहान गोठबाट बुहारी नौनकला गिरी घर आउँदा सासुलाई मृत अवस्थामा फेला पारिन्। मृतकको शरीरको माथिल्लो अङ्ग सबै नीलो थियो र मुखबाट पनि रगत आइरहेको थियो। मृतकका छोरा संजीत गिरी पनि अदालती काममा बाहिर गएका थिए र ९ गते मात्र आइपुगे। मृतक सुतेको कोठामा बाहिरबाट साङ्लो लगाइएको र अन्य केही शंकास्पद वस्तुहरू पनि फेला परेका कारण मृतकका छोरा संजीत गिरीले प्रहरीमा जाहेरी दिएका छन्। तर अभियुक्त भने पत्ता लाग्न सकेको छैन।

साल्मा गाविस-२ का ३३ वर्षीय केशवबहादुर बुढाको ०५१ असोज २३ गते स्थानीय हरिबहादुर बुढाले हँसिया प्रहार गरी हत्या गरे। उनीहरू बीच पहिलेदेखि नै साधारण रीसइबी थियो। सो दिन हरिबहादुर बुढाले केशवबहादुर बुढाकी पत्नी सुरा बुढासंग झगडा गरेको र किन यसरी झगडा गर्छस् भनी सम्झाउँदा नमानेपछि केशवबहादुरले हरिबहादुरलाई थप्पड हानेका थिए। तत्काल खेतालालाई लिएर झगडा शुरू भएको थियो। हत्याको अभियोगमा ०५१ असोज २८ गते प्रहरीले हरिबहादुर बुढालाई गिरफ्तार गरेको थियो।

### १.२ जेल र बन्दीहरू

२५ जनासम्म बन्दीहरू राख्न सकिने क्षमता भएको यहाँको जेलमा हाल ११ जना बन्दीहरू राखिएका छन्। जसमध्ये थुनुवा पुरुष ४ र महिला १ गरी ५ जना र बन्दी तर्फ महिला १ र पुरुष ५ गरी ६ जना रहेका छन्। २ वर्ष र ३ वर्षमा कैदीले पाउनु पर्ने कपडा समयमै नपाएको र उपचारको व्यवस्था राम्रो नभएको गुनासो बन्दीहरूको छ। बन्दीहरूलाई उपचारको लागि बाहिर लाने गरिएको छैन। स्वास्थ्य सहायकबाट नै उपचार गराइन्छ। पेट दुख्ने, जीउ सुन्निने जस्ता रोगबाट यहाँका बन्दीहरू पीडित छन्। यस्तो रोगबाट लामो समयदेखि पीडित महिला बन्दी हुन् - खड्गी शाही। उनलाई उपचारको लागि कुनै विशेष व्यवस्था गरिएको छैन। जसले गर्दा उनी झन् झन् पीडित हुँदै गइरहेकी छिन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | १ | १ |
| बलात्कृत | २ | ४ | - |
| आत्महत्या | - | - | १ |

### १.३ गिरफ्तारी र यातना

खलंगा-९ काले गाउँका वीरबहादुर वस्नेतको घर प्रहरीले ०५१ भदौ २ गते छापा मार्‍यो। त्यस दिन घरमुली वीरबहादुर हिरासतमा राखिएका भाइ शक्तिबहादुर वस्नेतलाई भेट गर्न गएका थिए भने पत्नी डम्बरकुमारी छोराछोरी सहित माइत गएकी थिइन्। प्रहरीले गाविस सचिव दमोदर शर्मा, कोष तथा लेखा नियन्त्रण कार्यालयका ना.सु. र एकजना खरिदारको रोहवरमा ताला फोरी छापा मारेको थियो। प्रहरीले ५० लिटर क्षमताका ६ वटा खाली प्लाष्टिकको कालो जर्कीन बरामद गरे। छापा मारेपछि घर खुलै छाडिएको थियो। घरबाट करीब १ लाख बराबरको सामान हराएको कुरा वीरबहादुरले बताएका छन्। वीरबहादुर भदौ ९ गते मात्र घर फर्किएका थिए।

नेपाल मानवअधिकार संगठनका सदस्य तथा नेपाल रेडक्रस सोसाइटी जिल्ला कार्य समिति जाजरकोटका आजीवन सदस्य वीरबहादुर वस्नेतलाई ०५१ असोज ३ गते खलङ्गा-२ स्थित ठाँटी दोबाटोमा गस्तीमा हिंडेका सशस्त्र प्रहरीले लछारपछार गरी करीब १ घण्टासम्म प्रहरी घेरामा राखे। उनलाई बाटोमा हिंड्दा हिंड्दै त्यसरी लछार पछार गरिएको थियो। प्रहरीहरूले पीडितलाई प्रहरी कार्यालयमा जानका लागि भन्दा उनले पूर्जी नभई नजाने कुरा गरेपछि त्यसरी यातना दिइएको थियो। पछि १ जना प्रहरीले पूर्जी ल्याई उनलाई दिएको थियो। पूर्जीमा कोष तथा लेखा नियन्त्रण कार्यालयमा वयान दिनका लागि उपस्थित हुन भनिएको थियो।

अर्छानी-३ घर भई गाविस सचिवमा कार्यरत पृथीबहादुर वस्नेतलाई ०५१ कात्तिक २२ गते प्रहरीले घरबाटै गिरफ्तार गरी स्वतन्त्र रूपमा हिंड्न नदिई मोबाइल प्रहरीले आफूसँगै लिएर हिंड्ने गर्‍यो। पत्नी विरामी भएकोले उनी निर्वाचनमा नखटिई घर गएका थिए। कांग्रेसका विरूद्ध प्रचार गर्ने संभावना रहेकाले उनलाई प्रहरीले आफ्नो नियन्त्रणमा राखेको बताइएको छ। निज शाहलाई कात्तिक २८ गते छाडिएको थियो। यसै गरी, दशेराको एक माध्यमिक विद्यालयका शिक्षक चौबेलाई कात्तिक २७ देखि २९ गतेसम्म हिरासतमा राखियो। उनलाई पनि राजनीतिक कारणबाटै दुःख दिइएको बताइएको छ।

खलंगा-८ पिपेका डण्डवीर राणा (शिक्षक), सुमा राणा, डण्डवीर राणा (हुलाकी), दुधवीर राणा, नन्दे राणा लगायतका १२ जनालाई ०५१ कात्तिक २३ गते गिरफ्तार गरियो। कांग्रेसका क्षेत्र नं. १ का उम्मेद्वार झलनाथ वाग्लेलाई कात्तिक २२ गते कालोमोसो दलेको सन्दर्भमा उनीहरूलाई गिरफ्तार गरिएको थियो। हिरासतमा यातना समेत दिइएको कुरा उनीहरूले बताएका छन्। गिरफ्तार गरिएकाहरू जनमोर्चा (वावुराम) समर्थक हुन्।

खलंगा-९ पिपेका ढकवीर राणाको घर ०५१ पुस ७ गते सशस्त्र प्रहरीले छापा मार्‍यो। ११ जना प्रहरीले घर घेराउ गरी एक घण्टा खानतलासी गर्दा कुनै सामान भेटिएन। विना इजाजत पत्र यो छापा मारिएको थियो।

### १.४ वेपत्ता पारिएको

यस वर्ष वेपत्ता पारिने घटना भएको पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

पैंक-९ का दलवीर घर्ती र वडा नं. ८ का उजराम रोकायालाई ०५० माघ ५ गते मानबहादुर रोकाया समेतका व्यक्तिले कुटपिट गरे। पीडकहरूले ज्यान मार्ने धम्की समेत दिएकाले उनीहरूका विरूद्ध सार्वजनिक मुद्दा दायर गरिएको छ।

गर्खाकोट-९ का परशुराम शाहलाई सोही गाविस-४ बस्ने डण्डवीर खड्काले ०५० माघ ८ गते ज्यानमार्ने धम्की दिए। निज खड्काले मादक पदार्थ सेवन गरेर शाहको घरमा आई गाली गलौज समेत गरेका थिए। यसरी नै गाउँमा होहल्ला गर्दै आएका निज खड्कालाई बारम्बार गाउँलेले सम्झाउँदै आएका थिए। यो घटनापछि निज खड्का विरूद्ध सार्वजनिक मुद्दा दायर गरिएको छ।

सक्ला-१ का गौरी खत्रीमाथि ०५१ जेठ १७ गते कुमारसिंह ठकुरीले गाली गलौज गर्नुका साथै हातपात समेत गरे। आफूमाथि सांघातिक आक्रमण गरिएको भनी गौरीले सार्वजनिक मुद्दा दायर गरेकी छिन्।

जगतीपुर-८ कुदुका गोपाल बटालालाई ०५१ साउन १९ गते जिविस सदस्य भक्तबहादुर बरालाले बन्चरोले टाउकोमा हानी घाइते बनाए। पीडित गोपालले सार्वजनिक मुद्दा दायर गर्नु अघि नै पीडकले गोपालमाथि चोरीको मुद्दा दर्ता गराएकाले दुबैलाई १६ दिनसम्म हिरासतमा राखियो। पछि सीडीओले मुद्दालाई निस्क्रिय पार्ने काम गरेका छन्।

पुर्तिम कॉडा-२ को जंगलमा जगतीपुर-५ कुदुगाउँका जीतबहादुर गिरी र हरिबहादुर शर्मालाई अनुहारमा कालोमोसो दलेका ७ जनाले मरणासन्न हुने गरी कुटपिट गरे। ०५१ साउनको यो घटना पुलका लागि टेण्डर भरेर फर्केका बेला भएको थियो।

खलंगा-१ भगवती टोलमा ०५१ मंसीर २ गते नेपाल विद्यार्थी संघका रामजंग शाहले राजुकुमार शाक्यलाई कुटपिट गरे। शाहका विरूद्ध सार्वजनिक अपराध अन्तरगत उजुरी गरिएकोमा सो फिर्ता नलिए ज्यान मार्ने धम्की समेत दिई कुटपिट गरेका थिए। पीडित शाक्य मानवअधिकार वर्ष पुस्तकका सूचना प्रेषक पनि हुन्।

सोही ठाउँमा अघिल्लो दिन मंसीर १ गते एमाले जिल्ला सचिव रत्नप्रसाद शर्मालाई हातपात गरियो। सुवानाउलीमा कांग्रेसको प्रचारमा गएकालाई कुटपिट गरी लखेटेको भनी हरिकृष्ण शाहले शर्मामाथि आक्रमण गरेका थिए। पीडितले जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेकोमा कुनै कारवाही गरिएन।

युनाइटेड मिसन टु नेपालको मुख्य कार्यालय भ्याप्रामा १ सय ३३ जनाको जमातले घेराउ गरी ०५१ मंसीर

२२ गते डाइरेक्टर लुकास रोथलिसवर्गर लगायतका कर्मचारीमाथि आक्रमण गर्‍यो। मिसनबाट डिल्लीबहादुर सिंहलाई हटाइएको विरोधमा यो आक्रमण भएको थियो। मंसीर २३ गते पीडक रोथलिसवर्गरले सुरक्षाका लागि जाहेरी दिएका छन्। आक्रमणकारी जमातमा जिविस सदस्य राजु शाहको पनि संलग्नता थियो।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

राजनीतिक विवादकै कारण लहँ-४ का खम्बलाल गौतमका विरूद्ध ०५० पुस १६ गते टोपबहादुर पन्तले सार्वजनिक मुद्दा दायर गरे।

पिन्मा-३ छिप्रेनामा जनमोर्चा (वावुराम) ले नेपाल बन्दका सिलसिलामा ०५१ बैशाख २१ गते निकालेको जुलुशमाथि प्रहरी तथा राजनीतिक कार्यकर्ताले आक्रमण गरी लाठी र गोली प्रहार गरे। यो आक्रमणमा ८ महिनाकी गर्भ बोकेकी खिमा घर्ती समेत घाइते भइन्। जुलुसमा सहभागी भएका जनमोर्चाका कालीबहादुर मल्ललाई नेविसंघ समर्थक विद्यार्थीहरूले आक्रमण गरे। यो देख्ने वित्तिकै नेपाल मानवअधिकार संगठनका सदस्य दामोदर शाहले छतमा गई बन्दुक पड्काए। यसपछि सीडीओको गार्डले २ राउण्ड हवाई फायर गर्‍यो र अन्य प्रहरीले लाठी चार्ज गरे।

विजयेश्वरी-२ का उदयराम बटालालाई विभिन्न बहानामा ०५१ भदौ १५ गते प्रजिअ नेत्रबहादुर कार्कीले ठाडो आदेश दिई थुनामा राख्न लगाए। बटालामाथि बैंकलाई ठगेको आरोप लगाइए पनि बैंकको कानूनी कारवाहीबाट यो गिरफ्तारी गरिएको होइन। प्रजिअले भनेको नटेरेकोमा राप्रपाका कार्यकर्ता निज बटालालाई गिरफ्तार गरिएको हो।

खलंगा-८ पिपेमा ०५१ कात्तिक २२ गते कांग्रेसका क्षेत्र नं. १ का उम्मेद्‌वारलाई चुनाव प्रचारमा हिंडी रहेकै बेला ३०/४० जनाको जमातले आक्रमण गर्‍यो। उनीहरूले बाग्लेलाई घोडाबाट तल झारी नाङ्गो बनाए र जुत्ताको माला लगाए। प्रचारमा सँगै हिंडेका भरत के.सी.लाई समेत पिटे। यस घटनामा १२ जनालाई गिरफ्तार गरियो।

प्रतिनिधि सभाका लागि ०५१ असोज १५ गते उम्मेद्‌वारी दर्ता गर्न गएका बलराम शाहको मनोनयन पत्र रामजंग शाहले खोसी च्याती दिए। दुबै कांग्रेस समर्थक हुन्। बलराम शाह विद्रोही उम्मेद्‌वार बन्न खोजेका थिए।

### २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा धर्मका आधारमा कसैमाथि भेदभाव गरिएको पाईदैन। धार्मिक सहिष्णुता यस जिल्लाको उल्लेखनीय पक्ष हो। सबै जात जाति आफ्ना परम्परागत धर्म र संस्कृतिको पालन गर्न स्वतन्त्र छन्।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ कात्तिक २९ गतेको मध्यावधि निर्वाचन शान्तिपूर्ण ढंगमा सम्पन्न गर्न खटिएका सैनिकहरूले जुंगाथापा चौरबाट क्षेत्र नं. २ का एमालेका उम्मेद्‌वार कृष्णबहादुर शाही, करवीर शाही र रामबहादुर शाहीलाई दिउँसभर हिरासतमा राखे। सोही दिन थालारैकर गाविसका अध्यक्ष विजुलीप्रसाद रेग्मीलाई समेत पक्राउ गरी जुंगाथापा चौर क्याम्पमा राखियो।

दह गाविसस्थित पुतली प्रा.वि. निपाने मतदान केन्द्रका एमालेका प्रतिनिधि नरबहादुर शाहीलाई कांग्रेस प्रतिनिधिले मतपेटिका लिएर जाँदा ०५१ मंसीर १ गते मछाइना जंगलमा कुटपिट गरे। निर्वाचन कार्यालयमा मतपेटिका बुझाईदा कांग्रेस बाहेकका प्रतिनिधि थिएनन्। यस अघि कात्तिक ३० गते राती एमाले र राप्रपाका प्रतिनिधिमाथि कुटपिट गरिएको थियो।

मतपेटिका सदरमुकाम ल्याउने क्रममा मजकोटको पराले मतदान केन्द्र, गर्खाकोटको दहकरूवा मतदान केन्द्रका एमाले प्रतिनिधिहरू मंसीर १ गते पिटिए।

निर्वाचनका दिन दहको लाँत प्रा.वि. र कोत्तडिको सिर्पामा कुटपिटका घटना भए। यस्तै, रग्दा गाविस मतदान केन्द्रमा हलो चिन्हमा छाप लागेका मत पत्रमा मतदान अधिकृतको सही थिएन। बैंक चौरीखेतका मेतपेटिकामा लगाइएको लाहा छाप सदरमुकाम ल्याई पुर्‍याउँदा सबै उप्काइएको थियो।

निर्वाचन कै सन्दर्भमा खलंगाका कालीबहादुर मल्ल र लहँ-३ का लक्ष्मी शर्मा लगायतका व्यक्तिलाई गिरफ्तार गरियो। यसको विरोधमा निकालिएको जुलुसलाई प्रहरीले डेढ घण्टासम्म रोकेको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक र अर्ध न्यायिक निकायप्रति आम धारणा त्यति सकारात्मक बनेको पाईदैन। न्याय प्रक्रियामा हुने ढिलाइले गर्दा मानिसहरूले अनावश्यक दुःख र झमेला बेहोर्नु परिरहेको छ। विगतका तुलनामा न्याय सम्पादन कार्य केही छिटो हुन थालेको आभाष पाइन थालेको छ। तर पनि सन्तोष गर्न सक्ने स्थिति बन्न सकेको छैन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा कुनै घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

जगतीपुर मटेला ईबरगार घर भई ०४७ सालदेखि बसोबास गर्दै आएका खलु गिरीको घर विना सूचना भत्काइएको छ। सो घर ०४७ सालमा बनाइएको थियो। मटेला इबरगारमा घर बनाई बसोबास गरेर बसेका १६ घर कुरीयाका मानिसहरूको नाउँमा छैन। सबै सार्वजनिक जग्गामा

पर्दछन्। सो ठाउँमा उनीहरू ०३५ सालदेखि घर बनाई बसोबास गरेर आएका छन्। तर ०५१ पुस ९ गते अपरान्ह ६.०० बजे खलु गिरीको घर भत्काइयो। घरधनीलाई घर छोड्ने जानकारी पनि दिइएको थिएन। कुनै पनि सूचना नदिई घर प्रहरीहरूले आफैले भत्काएका छन्। घर भत्काउनुभन्दा अगाडि घरमा बसेकी बिर्मी गिरीले आफ्नो बस्ने ठाउँ बनाउँछु दुई दिनको समय दिनोस् भन्दा पनि नमानी असई कृष्ण गोपाल श्रेष्ठ आफू समेत लागी घर भत्काएका थिए।

यस जिल्लामा सुकुम्बासीहरूको यकीन तथ्यांक प्राप्त छैन। तर केही ठाउँमा जंगल फाँडेर मानिसहरू बसोबास गर्दै आएका छन्। उनीहरूको बसोबासको उचित प्रबन्धका लागि सम्बद्ध निकायको ध्यान पुगेको देखिँदैन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

खलंगा-३ रामजानकी टोलस्थित माइती घर बसेकी २८ वर्षीय राधिका चन्दसंग सर्लाही घर भएका भवन कार्यालयका का.मु. इञ्जिनियर महेन्द्र महतोले अनैतिक सम्बन्ध राखी भागेका छन्। विवाह गर्ने प्रलोभनमा शारीरिक सम्बन्ध राख्दै आएका निज महतो ०५० माघ २९ गते राती भागेका थिए। महतो भाग्न लागेको थाहा पाएपछि राधिकाले उनलाई रोक्ने प्रयास गरिन्। तर असफल भएकीले उनले विष सेवन गरिन्। उनको उपचार गरिएको छ। हाल महतो भवन कार्यालय रौतहटमा कार्यरत रहेको थाहा भएको छ। तर उनले आफ्नो कुनै सामान लगेका छैनन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

रामीडाँडा-८ का नरबहादुर गिरीले ०५१ बैशाख ११ गते दोस्रो विवाह गरे। उनको घरमा १ पत्नी, १ छोरा र १ छोरी छन्। नरबहादुर विरूद्ध जेठी पत्नी चन्दा गिरीले बहुविवाह सम्बन्धी मुद्दा दायर गरेकी छिन्।

अर्छानी-९ काप्रीका विरछामे कामीले ०५१ असार २४ गते दोस्री पत्नी भित्र्याएकोमा हाँस कमिनीले बहुविवाह सम्बन्धी मुद्दा दायर गरेकी छिन्।

जगतीपुर-७ का गणेशबहादुर रोकायाले ०५१ साउन १० गते दोस्री पत्नी ल्याएका छन्। उनकी जेठी पत्नी धनकलीबाट सन्तान भइसकेका छन्।

### ४.३ गर्भ पतन

यस वर्ष गर्भपतनको घटना जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल अधिकार प्रतिको संचेतना असाध्य कम छ। आफ्ना बालबालिकाको पहिलो कर्तव्य - घरको काम गर्नु हो भन्ने धारणा यहाँका अभिभावकमा पाइन्छ। यसपछि मात्र दुई छाक खान पुग्ने परिवारले बच्चाहरूलाई स्कूल पठाएको पाइन्छ। कतिपय बच्चाहरू दुई छाक खान र एकसरो लगाउनबाट वञ्चित भएका पाइन्छन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

गाउँघरमा ठालुहरूको निगाहमा चाडपर्व र घर व्यवहार धान्नु पर्ने गाउँलेको संख्या ठूलो छ। यस्तो निगाहले वर्षेनी उनीहरू ऋणमा डुबेका हुन्छन्। तर वैकल्पिक व्यवस्थाको अभावमा उनीहरू केही गर्न सक्दैनन्। यस बाहेकका आर्थिक अधिकार सम्बन्धी घटना उद्योग धन्धाको अभावले गर्दा भएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

छुवाछूतको परम्पराबाट यो जिल्ला पनि मुक्त हुन सकेको छैन। दास दासी र कमैयाको प्रचलनमा धेरै कमी आइसकेको छ। घरेलु नोकरका रूपमा केही मानिसहरू भए पनि उनीहरूका बारेमा यकीन तथ्यांक उपलब्ध छैन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस्तो केही विवरण पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो, आगलागी जस्ता घटनाहरू देखा परेनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

मजकोट-७ की नन्दकली कार्की ०५१ असार १७ गते रूखमा झुण्डिई मरिन्। घरमा सौता भएको कारण उनले आत्महत्या गरेको बताइएको छ। तर घरमा कुनै विवाद नभएको कुरा परिवारका सदस्यहरू बताउँछन्।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

सीमा प्रहरी चौकीमा कार्यरत प्रहरी जवान सिद्धराज भट्ट र प्रेम दानीमाथि थाला रैकरमा गस्ती गर्न गएका बेला दलबहादुर चन्द लगायतका व्यक्तिहरूले ०५१ वैशाख २१ गते आक्रमण गरी घाइते तुल्याए। आक्रमणको कारण स्पष्ट हुन सकेन। पीडकहरू विरूद्ध सार्वजनिक अपराध अन्तरगत मुद्दा चलाइएको छ। ■



# ४. मध्यपश्चिमाञ्चल

## भेरी

## ४.१० दैलेख

जनसंख्या : १८७४००

साक्षरता : २९.५ प्रतिशत

महिला साक्षरता : ११.१ प्रतिशत

क्षेत्रफल : १५०२ वर्ग कि.मी.

दैलेख एक विकट पहाडी जिल्ला हो। यहाँका बासिन्दाहरू मध्ये धेरैलाई मानवअधिकार भनेको के हो थाहा छैन। कृषि नै मुख्य आय श्रोत भएका यहाँका जनता वर्षको आधा समय केही काम नपाएर विदेसिन पुग्छन्। अशिक्षा र पछौटेपनबाट जीवन गुजारा गरिरहेका दैलेखवासीहरूले मानवअधिकार उल्लंघनका थुप्रै घटनाहरू भोग्नु परिरहेको छ।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

कालभैरव गाविस-२ का भक्तबहादुर थापाको सोही गाविस-१ कोतिला भन्ने ठाउँमा ०५१ असोज २ गते रहस्यमय तरिकाबाट मृत्यु भएको छ। उनको लाश शरीरभरी नीलडाम, एउटा खुट्टामा जुत्ता लगाएको अवस्थामा काकलघाटमा खोलाको बीचमा असोज ३ गते फेला परेको थियो। उनी जिल्ला अदालतमा परेको मुद्दाको प्रतिउत्तर दिन सदरमुकाम आएका थिए। तर ४ दिनसम्म नफर्केकोले खोजी गर्दा मृत अवस्थामा फेला परेका थिए।

०५१ असोज ४ गते मेला हेरी फर्किरहेको अवस्थामा टीकाराम तामाङ्गले ढुङ्गाले प्रहार गरी चन्द्रबहादुर तामाङ्गको हत्या गरेका छन्। भैरीकालिका थुम गाविस-३ स्थित आँसी काट्ने ढुङ्गा भन्ने ठाउँमा झै-झगडा हुँदा एक्कासी आवेगमा आई पीडकले २ किलो जति तौल भएको ढुङ्गा उठाई प्रहार गरेका थिए। प्रहरीले टीकाराम तामाङ्गलाई हिरासतमा लिएको छ।

पादुका गाविस-५ पौवामा ०५१ असोज २७ गते साँझ नगेन्द्रबहादुर सिंहको नेतृत्वमा जम्मा भएका व्यक्तिले सोही गाउँमा ससुराल गइरहेका सुजन हमाल र ऋषिप्रसाद उपाध्यायलाई कुटपिट गरे। सोही कुटपिटको कारण असोज ३० गते जिल्ला अस्पतालमा सुजन हमालको मृत्यु भयो। ससुराल पुग्न लाग्दा नगेन्द्रबहादुर सिंह लगायतका व्यक्तिहरूले पत्नी लिन आएको होइनस् लौ खा भनी पिटेका थिए। पिट्दा पिट्दै उनीलाई इलाका प्रहरी कार्यालय दुल्लु पुऱ्याए। जहाँ मृतकलाई १० घण्टा हिरासतमा राखिएको थियो। स्थिति चिन्ताजनक देखिएपछि मात्र उनलाई अस्पताल लगिएको थियो। ऋषिप्रसाद उपाध्याय भने उपचारपछि घर फर्केका छन्। घटनामा संलग्न व्यक्तिहरूलाई कानूनी कारवाही चलाइएको छ।

०५१ मंसीर २८ गते नरबहादुर माझी र रामबहादुर शाहीको हत्या भयो। पीडितहरू सो दिन मेला हेर्न गएका थिए। कर्णालीको त्रिकला भन्ने ठाउँमा उनीहरूको हत्या गरिएको थियो। अनुसन्धानका लागि टेकनाथ लामिछाने लगायत केहीलाई थुनामा राखिएको छ।

यसैबीच प्रहरीले सरजमिन गराउँदा सरजमिनका १४ जना व्यक्तिहरूले मृतकको हत्या टीकाराम तामाङ्गबाट भएको हो भनी बयान दिएपछि प्रहरीले टीकारामलाई दैलेख जिल्ला अदालतमा बुझाएको थियो। अदालतमा उनले साविती बयान दिएपछि थुनामा राखिएको छ।

### १.२ जेल र बन्दीहरू

१६ जना बन्दीहरू राख्ने क्षमता भएको दैलेख जेल "घ" श्रेणीको हो। यहाँ यो वर्ष १७ जना थुनुवा र १ जना बन्दी राखिएको थियो। राजनैतिक बन्दीहरू यहाँ छैनन्। बन्दीहरूलाई "ख" श्रेणीको सिधा दिइन्छ। दैलेख कारागारको

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १० | २ |
| बलात्कृत | - | २ | - |
| आत्महत्या | - | - | ५ |



*मृतक सुजन हमाल*

चोक एउटै भएको कारण सबै बन्दीहरू दिनमा सँगै बस्न पाउँछन्। मट्टितेलद्वारा उज्यालोको व्यवस्था मिलाइन्छ। विरामीको साधारण प्रकारले उपचार गरिन्छ। तर रोगको अवस्था हेरी अस्पताल लाने व्यवस्था पनि गरेको पाइयो। जेलमा सिरक-डसना २ वर्षको १ पटक र लाउने लुगाफाटो १ वर्षमा २ पटक दिइन्छ। यहाँ कैदीहरूलाई वकील राख्न दिइँदैन।

### १.३ गिरफ्तारी र यातना

०५१ पुस ७ गते जिल्ला प्रहरी कार्यालयमा गमौडी-७ का भुसे सार्की आफैं उपस्थित भई आफूले केही घरमा आगो लगाएको बयान दिएका थिए। तर पनि तैँसंग अर्को को थियो भन्ने प्रश्न गर्दै प्रहरीले उनलाई त्यसपछि यातना दिएको कुरा उनी बताउँछन्।

नारायण गाविस तथा वसन्तमाला गाविसमा लाग्ने वर्षमेला हेर्न आएको बेला ०५१ भदौ १२ गते कोठामा गफ गरिरहेको अवस्थामा भगवती कुमारी बुढा र देवकुमारी तथा खड्गबहादुर रावत र दलबहादुर के.सी.लाई प्रहरीले गिरफ्तार गऱ्यो। प्रहरीले उनीहरूमाथि कोठामा गई वेश्यावृत्ति गरेको आरोप लगाएको छ। भोलिपल्ट भदौ १३ गते सार्वजनिक चौतारामा "एड्स तथा वेश्यावृत्ति" लेखिएको कागज तथा पोष्टर छातीमा टाँस्न लगाई उनीहरूको फोटो समेत लिइयो। तर सो कुरा गलत सावित भएपछि प्रहरीले माफी मागेको थियो र सो फोटो खिचिएको रिल सार्वजनिक चौतारामा ल्याई डढाइएको थियो।

### १.४ वेपत्ता पारिएको

वेपत्ता पारिएको घटना देखिएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

सरस्वती गाविस-७ का भक्तबहादुर हमालले सोही ठाउँ बस्ने बलबहादुर खत्रीलाई ०५१ भदौ १० गते नाङ्गो खुकुरी देखाई ज्यान मार्ने धम्की दिए। बलबहादुर खत्री आफ्नै घरमा बसी रहेको अवस्थामा निज भक्तबहादुरले बाहिर आइज तेरो ज्यान टुक्रा टुक्रा पारी दिन्छु भनी धम्की दिएका थिए। हालसम्म पीडितले घटना सम्बन्धी मुद्दा दायर गरेका छैनन्।



*घाइते ऋषिप्रसाद उपाध्याय*

नारायण गाविस-६ का देवेन्द्रबहादुर थापालाई बेलासपुर गाविस काँडा चौरमा तीजको मेला हेर्न गएको बेला ०५१ भदौ २३ गते राजु मल्लले चक्कु प्रहार गरे। सोही गाविस बस्ने राधा खड्कासँग उठबस गरेको आरोपमा उनलाई चक्कु प्रहार गरिएको बताइन्छ। हाल पीडितलाई औषधी उपचार खर्च दिई मिलापत्र गराइएको छ।

### १.६ धुनामा मृत्यु

धुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ जेठ १६ गते दैलेख जिल्लाको सदरमुकाममा आयोजना भएको नेपाली कांग्रेसको आमसभामा ज्ञापनपत्र दिन जाँदा चक्रनाथ योगी, किशोर के.सी. र तिलकप्रसाद रिजाललाई कुटपिट गरियो। ज्ञापनपत्र दिने व्यक्तिहरू विद्रोही कांग्रेस भएकोले पार्टीको गोपनियता भंग गरेको आरोपमा कुटपिट गरिएको हो। यातायात सहायक मन्त्री शिवराज जोशी र सांसद सुशील कोइराला सो आमसभामा उपस्थित हुनुहुन्थ्यो। यस अघि रविन्द्रराज श्रेष्ठको अध्यक्षतामा बसेको बैठकले योगीलाई पार्टीबाट निष्काशन गरेको थियो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेन।

## २.५ सख्वा / घटुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस जिल्लामा सुकुम्बासी समस्या चर्को रूपमा रहेको देखिँदैन। यो समस्या यस जिल्लामा बिलकुलै नभएको पनि होइन।

## ४. महिला अधिकार

## ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

महिलाहरूको किनबेच, बलात्कार तथा एड्स सम्बन्धी कुनै घटना जानकारीमा आएन।

## ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

डाँडा पराजुल गाविस-५ का चक्रबहादुर बुढाले आफ्नी जेठी पत्नी विनीसरा बुढा हुँदाहुँदै भैरीगोगन गाविसकी नाम थाहा नभएकी एक युवतीसंग दोश्रो विवाह गरेका छन्। ०५० चैत ८ गते जिल्ला अदालतबाट उनीहरूको सम्बन्ध पनि विच्छेद गरिएको छ। हाल विनीसरा आफ्नी २ वर्षकी छोरीसँगै माइती घरमा बसेकी छिन्।

ताउले कटुवाल गाविस-१ का डम्बरबहादुर थापाले रावतकोट गाविस-४ की सेते विष्टकी पत्नीलाई विवाह गरी लगेका छन्। सेते विष्ट ससुरालीमा पत्नी लिन जाँदा डम्बरबहादुर थापाले लगेको जानकारी ससुराले दिएका थिए। ०५१ बैशाख १८ गते सेते विष्टले यस सम्बन्धी फिरादपत्र जिल्ला अदालतमा दायर गरेका छन्।

वसन्तमाला गाविस-२ बिजौरा बस्ने भरत वस्नेतले जेठी पत्नी गीता वस्नेत घरमा छँदाछँदै सोही गाविस बस्ने नन्दकुमारी रोकायालाई ०५१ भदौ ३० गते भगाई नेपालगञ्ज लगेका छन्। पीडित गीता वस्नेतले अहिलेसम्म कुनै उजुरी गरेकी छैनन्। दोश्रो विवाहको कारण आफ्नो सन्तान नभएकोले सन्तान प्राप्तिको लागि नै हो भन्ने भनाई जेठी पत्नीको छ।

## ४.३ गर्भ पतन

ज्ञानुकुमारी महरालाई गर्भपतन गराएको आरोपमा प्रहरीले गिरफ्तार गरेको छ। प्रहरीले निजलाई ०५१ भदौ-७ गते हिरासतमा राखी सिस्नो पानी र लट्ठी प्रयोग गरी यातना दिएको थियो। पछि ज्ञानुकुमारी महराले सासु-ससुराले तथा जेठाजुले औषधी खुवाई कर्तव्यबाट गर्भपतन भएको हो मबाट होइन भनेपछि रिहा गरिएको थियो। तर पनि उनको स्वास्थ्य अवस्था चिन्ताजनक छ। ससुरा अम्मरबहादुर महरा र सासु चानी महराले अदालतमा इन्कारी बयान दिए पनि उनीहरूलाई १० हजार धरौटी लिएर छाडिएको थियो। कृष्णबहादुर महरा फरार रहेका छन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल अधिकार उल्लंघन भएको उल्लेख्य तथ्यहरू प्राप्त हुन सकेनन्। तर पनि शिक्षा स्वास्थ्यको अधिकारबाट बालबालिकाहरूले वञ्चित हुनु परिरहेको छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

आफ्नो अधिकार प्रतिको चेतना न्यून रहेकै कारण यस जिल्लामा आर्थिक अधिकारको सम्बन्धमा कुनै तथ्य प्रकाशमा आउन नसकेको देखियो।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

## ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस सम्बन्धमा कुनै घटना देखा परेको पाइएन।

## ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

मालिका गाविस-२ का रामसरा शाही र कृष्णा शाहीले सोही गाविस-३ का रामकुमारी विश्वकर्मालाई "कपाल काटी मैया बनेको" आरोपमा कुटपिट गरेका छन्। ०५१ बैशाख २१ गते राती घरमा बत्ती बालेर पढ्दा बत्तीले कपाल डढेर काटे जस्तो भएको थियो। कमिनी पनि कपाल काट्ने भनेर उनलाई पिटिएको थियो। रामकुमारीका बुबाले प्रहरी कार्यालयमा उजुरी गर्दा पनि कुनै कारवाही गरिएन। तर जेठ २ गते गाविस अध्यक्ष रामबहादुर शाहीको रोहवरमा मिलापत्र गराइएको थियो।

विन्ध्यवासिनी गाविस-३ का लट्टे शाहीको नेतृत्वमा आएको हुलले अम्मरसिं कामीलाई कुटपिट गर्‍यो। तल्लो जातको कामी भएर पनि बाजा र शंख बजाई काली कमिनीको लाश मसानघाट लगेको आरोपमा उनलाई पिटिएको हो। पीडकहरूले उनलाई पिटेर शंख समेत खोसी लाशलाई पनि बाटोमा अलपत्र पारिदिएका थिए। ०५१ जेठ ४ गते दुबै थरीलाई प्रहरीले मिलापत्र गराएको थियो।

नारायण गाविस-१ स्थित चामल गोदाममा भएको चामल सम्बन्धी विवादलाई लिएर सामान्य भनाभन भएपछि हरिप्रसाद जोशीले कविराज थापामाथि सार्वजनिक मुद्दा लगाएका छन्। चामलको असमान वितरण भएपछि वादविवाद उठेको थियो। जिल्ला प्रशासन कार्यालयले कविराज थापालाई १४ हजार धरौटी लिई छोडेको छ। पछि उनलाई पुनः झिकाई मिलापत्र गराइएको थियो।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्ला प्रहरी कार्यालयका प्रहरी निरीक्षक बलराम चन्द, प्रमुख जिल्ला अधिकारी गिरीधारी ढकालले जिल्लामा मानवअधिकारको अवस्था सामान्य रहेको बताएपनि बार एशोसियसनका सदस्य अधिवक्ता रेशमबहादुर शाही मानवअधिकारको अवस्थाप्रति सन्तुष्ट हुनु हुन्न। कुनै घटना विशेषमा उल्लेख्य टिप्पणी भने प्राप्त भएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

वसन्तमाला गाविस-८ का मोहनकुमार शाहीको छोरा १० वर्षीय किशोर शाही ०५१ असार ७ गते खोलामा पानी पिउन लाग्दा एक्कासी भेल आएर बगाई उनको मृत्यु भयो। आजसम्म उनको लाश फेला परेको छैन।

०५१ पुस ६ गते राती १० बजेको समयमा गमौडी-७ का भुसे सार्कीले जीतबहादुर शाही लगायतका व्यक्तिहरूको घरमा आगो लगाएका थिए। आगो लगाई उनी आफैं जिल्ला प्रहरी कार्यालयमा हाजिर भएका थिए। उनले आफ्नो घर जग्गाबाट आफूलाई निकाल्ने षडयन्त्रमा जीतबहादुर लगायतका व्यक्तिहरू सक्रिय छन् भन्ने लागेकोले रिसको झोंकमा आगो लगाई दिएको बताएका छन्। सो आगजनीमा करिब ९२ हजार क्षति भएको बताइन्छ।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएन।

### ९.४ आत्महत्या

वडाखोला गाविस-८ की वर्ष २९ की लक्ष्मीया गुरूङले ०५१ पुस १२ गते राती घर नजिकैको खनिउको बोटमा पटुकाको पासो लगाई आत्महत्या गरेकी छिन्। मानसिक असन्तुलनबाट उनले आत्महत्या गरेको बताइन्छ।

बेलासपुर गाविस-३ का गुरूप्रसाद धमलाको ०५१ साउन १९ गते खोलामा डुबी मृत्यु भयो। उनले छोराहरूको अंशवण्डा गर्दा कुरा नमिलेपछि निराश भई आत्महत्या गरेका हुन्।

बेलासपुर गाविस-९ घर भई आफ्नो माइती घर सरस्वती गाविस बस्ने टिकादेवी शाहीले ०५१ असोज ९ गतेका दिन रूखमा पासो लगाई आत्महत्या गरिन्। आत्महत्याको कारण हालसम्म प्रकाशमा आएको छैन।

०५१ मंसीर १३ गतेका दिन वीरकली बलीले आत्महत्या गरिन्। उनले आफ्नो घर नजिक माटे पोखरी भन्ने जंगलमा वर्योको पासो लगाई आत्महत्या गरेकी थिइन्। आत्महत्याको कारण २ महिना अगाडि जन्मिएको बच्चाको मृत्यु भएकोले पीर परी सो कार्य गरेको अनुमान गाउँलेहरूको छ।

त्रिवेणी गाविस-३ का टेकबहादुर थापा मगरले आफ्नी पत्नी पोइल गएको कारण पासो लगाई आत्महत्या गरेका छन्। टेकबहादुर अलि सुस्तमनस्थितिमा भएका कारण उनले आत्महत्या गरेको बताइन्छ।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

■



# ४. मध्यपश्चिमाञ्चल

## कर्णाली

## ४.११ डोल्पा

जनसंख्या : २५०१३
साक्षरता : २३.२ प्रतिशत
महिला साक्षरता : ८.४ प्रतिशत
क्षेत्रफल : ७८८९ वर्ग कि.मी.

डोल्पा जिल्ला क्षेत्रफलको हिसाबले नेपालको सबैभन्दा ठूलो जिल्ला हो। यसको क्षेत्रफल ७ हजार ८ सय ८९ वर्ग कि.मी. रहेको छ। विकास र चेतनाको दृष्टिकोणले निकै पिछडिएको यस हिमाली जिल्लाको पूर्वमा मुस्ताङ र चीनको तिब्बत क्षेत्र, पश्चिममा जुम्ला र मुगु, उत्तरमा चीनको तिब्बत र दक्षिणमा जाजरकोट, रूकुम, म्याग्दी एवं मुस्ताङ जिल्ला पर्दछन्।

नेपालको सबैभन्दा गहिरो फोक्सुण्डो ताल यसै जिल्लामा रहेको छ। जसको गहिराई करिब ६ सय ५० मिटर र चौडाई १.६ कि.मी. र लम्बाई ४.८ कि.मी. रहेको छ। ३ हजार ५ सय ५५ वर्ग कि.मी. क्षेत्रफल रहेको से-फोक्सुण्डो राष्ट्रिय निकुञ्जको अधिकांश क्षेत्र यसै जिल्लामा पर्दछ।

यस जिल्लामा अशिक्षा र अज्ञानताले गर्दा धेरै जनताहरू आफ्नो अधिकारको बारेमा अनभिज्ञ नै छन्। बहुविवाह, बाल विवाह, बहुपति प्रथा, झुमा प्रथा जस्ता कुरीतिहरू अहिले पनि विद्यमान छन्।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

यस वर्ष यो जिल्लामा हत्या र गोली सम्बन्धी कुनै घटना घटेको पाइएन। तर ०५१ जेठ २७ गते जिल्ला अदालत डोल्पामा एउटा कर्तव्य ज्यान सम्बन्धी मुद्दा दर्ता भएको छ। यस मुद्दाको प्रतिवादी तिन्जे गाविस बस्ने दोर्जे गुरूङ समेतका व्यक्तिलाई बनाइएको छ।

### १.२ जेल र बन्दीहरू

डोल्पा जिल्लाको जेलको अवस्था कर्णाली अञ्चलका अन्य जिल्लामा रहेका जेलहरूभन्दा राम्रो रहेको मानिन्छ। "ख" श्रेणीको यस जेलको क्षमता २५ जना बन्दी अटाउने भए पनि हाल २ जना कैदी र २ जना थुनुवा गरी जम्मा ४ जना मात्र रहेका छन्। त्रिपुराकोट गाविसका ५१ वर्षीय धनविरे दमाई ०४४ सालमा ज्यान मारेको अभियोगमा ०४५ सालदेखि उक्त जेलमा बस्दै आएका छन्। यसरी नै से-फोक्सुण्डो राष्ट्रिय निकुञ्जमा कस्तुरीको शिकार खेलेको अभियोगमा पक्राउ परेका धादिङ जिल्ला सेरतुङ गाविसका अन्दाजी ३५ वर्षीय मानबहादुर लामिछाने र सोही ठाउँ बस्ने अन्दाजी २५ वर्षका वीरबहादुर तामाङ ०५० माघ ३ गतेदेखि उक्त जेलमा थुनुवाको रूपमा रहँदै आएका छन्। अहिलेसम्म उनीहरूको मुद्दाको किनारा लगाइएको छैन। धार्का गाविसका सोनाम लामा ०३८ सालमा ज्यान मारेको अभियोगमा विगत १३ वर्ष देखि कैदी जीवन बिताइरहेका छन्।

यस वर्ष कैद मुक्त भएका दुई जना मध्ये एकजनाले सजाय कटाई छुटेको र अर्को एक जना राजाको जन्मोत्सवको उपलक्ष्यमा बाँकी कैद मिनाह पाई छुटेको कुरा जेलर मानदत्त न्यौपाने बताउनु हुन्छ।

प्रत्येक दिन प्रति बन्दी ७ सय ग्राम अरूवा चामल र ६ रूपियाँ दिइन्छ। उक्त रूपियाँले दाल, तरकारी, नून, तेल र दाउरा आदि किन्नु पर्ने हुन्छ। यसले गर्दा दैनिक समस्या टार्न साह्रै गाह्रो परेको गुनासो बन्दीहरू गर्दछन्।

### १.३ गिरफ्तारी र यातना

आम निर्वाचन ०५१ का सन्दर्भमा संयुक्त जनमोर्चा नेपालका जिल्ला अध्यक्ष नन्दप्रसाद न्यौपानेलाई प्रचार प्रसार

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | १ | १ |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | - | - |



*डोल्पा जेल*

गर्ने सिलसिलामा हिंडेका अवस्थामा पूर्जी विना नै गिरफ्तार गरियो। उनीसंग विभिन्न किसिमका आरोपहरूको खण्डन गर्न लगाई बयान लिएर मात्र छोडिएको थियो। "रूकुम जिल्लामा तिमीहरूको पार्टीद्वारा नेपाली कांग्रेसका जिल्ला सचिवलाई मार्‍यौ। यहाँ तिमीहरूले कसलाई मार्ने षडयन्त्र छ ?" तुरून्त त्यस कुराको जानकारी दिनु पर्छ भनी डीएसपीले धम्काउने र डर देखाउने गरेको कुरा नन्दप्रसाद न्यौपाने स्वयं बताउनु हुन्छ।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना पाइएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

जिल्ला विकास समिति डोल्पाका सभापति ओमबहादुर बुढा र उप-सभापति शिवानन्द बुढालाई ०५१ साउन ५ गते पर्वत जिल्ला देविस्थान गाविस घर भई मुकोटेश्वर निमावि डोल्पाका शिक्षक शिवप्रसाद श्रेष्ठले नाङ्गो खुकुरी लिई काट्छु मार्छु भन्दै धम्की दिँदै हिंडेकाले निज श्रेष्ठलाई प्रहरीले पक्राउ गरेको थियो। प्रजिअले १ हजार जरिवाना गरी निजलाई छोडिएको कुरा बताए।

०५१ असोज १५ गते राती ९ बजे दुनै गाविस-५ उपल्लो दुनै बस्ने जीतबहादुर शाहीलाई सोही ठाउँका चन्द्रबहादुर शाही र सुरेन्द्रबहादुर शाहीले कुटपिट गरी घाइते बनाएका थिए। दुबै अभियुक्तहरूलाई प्रहरीले पक्राउ गरेको थियो।

दुनै गाविस-२ बस्ने ४७ वर्षीय जगतबहादुर बुढालाई सोही ठाउँ बस्ने नरबहादुर बुढा र जनकबहादुर बुढाले ०५१ मंसीर १४ गते कुटपिट गरे।

### १.६ थुनामा मृत्यु

यसवर्ष थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

देशमा बहुदलीय प्रजातन्त्र पुर्नवहाली भएको भए पनि यस जिल्लामा व्यक्तिवादी राजनीतिले गर्दा यहाँका जनता आफूलाई परेको पीर मर्का र आफ्नो विचार खुलस्त रूपमा राख्न नसक्ने अवस्थामा छन्। यदि कसैले कुनै विचार व्यक्त गरेमा त्यसको बदला लिने प्रवृत्ति यहाँ छ। सानालाई ऐन ठूलालाई चैन भन्ने उक्ति यस जिल्लामा चरितार्थ हुन्छ।

### २.२ धार्मिक स्वतन्त्रता

धार्मिक स्वतन्त्रताको अधिकारको उपभोग गर्दै कसैले हिन्दू त कसैले बौद्ध धर्म मान्ने गरेको पाइन्छ। तर ठकुरीको मन्दीरमा कामी र कामीको मन्दीरमा ठकुरीहरू प्रवेश गर्न भने पाउँदैनन्।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

आम निर्वाचन ०५१ का क्रममा राष्ट्रिय प्रजातन्त्र पार्टीका नेता एवं कार्यकर्ताहरूले सतहरा गाविसमा पर्ने पुल भत्काउँदा शान्ति सुरक्षा कायम गर्ने कार्यमा अप्ठ्यारो परेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्। निर्वाचन अधिकृतले राप्रपाको पक्ष लिएर काम गरेको गुनासो अन्य पार्टीका नेताहरूले गरेको पाइयो।

यसरी नै तत्कालीन सत्ता पक्षीयहरूले विभिन्न प्रलोभन र धम्की दिएर मतदातालाई प्रभावित पार्न खोजेको पाइयो। स्थानीय प्रशासनले पनि राप्रपाको बाहुल्यता रहेको सहरतारा र काइगाउँ मतदान केन्द्रमा सैनिकहरूलाई परिचालन गर्‍यो भने स्वतन्त्र उम्मेद्वार मोतीप्रसाद पहाडी पक्षको बाहुल्यता रहेको रिङ्‌मु, लिंकु पाहाडा जस्ता मतदान केन्द्रमा पर्याप्त सुरक्षा व्यवस्था नगरेको र एकजनाले धेरै पटकसम्म भोट हाल्दा पनि प्रशासन मुकदर्शक नै रह्‍यो।

निर्वाचन आयोगको आचार संहिता विरूद्ध निर्वाचनको मुखैमा जिल्लावासीहरूलाई विभिन्न योजनाहरूको प्रलोभन देखाई आफ्नो पक्षमा मतदान गराउन कांग्रेसबाट निर्वाचित जिल्ला विकास समितिका सभापति र उपसभापतिहरूले प्राविधिकहरू साथै लिएर हिंडेको कुरा राप्रपाका उम्मेद्वार बताउँछन्।

नेपाली कांग्रेसका आधिकारिक उम्मेद्वार लक्ष्मीनारायण न्यौपानेलाई ०५१ असोज २४ गते उम्मेद्वारी मनोनयन पत्र दाखिला गर्नजाँदा आफ्नै पार्टीका कार्यकर्ताहरूले झण्डा च्यातचुत पार्नुका साथै ज्यान मार्ने धम्की समेत दिएका थिए भनी स्थानीय कार्यकर्ता बताउँछन्।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लाका आम जनताको गुनासो के रहेको छ भने न्याय दिने न्यायाधीश धेरै लामो समयसम्म जिल्लाबाहिर नै बस्ने गर्दछन्। जसले गर्दा मुद्दा फैसला हुन थुप्रै समय

लाग्ने गर्दछ।

यस वर्ष डोल्पा जिल्ला अदालतमा जम्मा ४२ वटा मुद्दा दर्ता भए। जसमध्ये सबैभन्दा धेरै २९ वटा मुद्दा दुनियावादी फौजदारी अन्तरगतका छन्।

प्रमुख जिल्ला अधिकारी रामकृष्ण भूर्तेलका अनुसार जिल्ला प्रशासन कार्यालयमा यस वर्ष ३ वटा सार्वजनिक अपराधका मुद्दा दर्ता भएका थिए।

### २.५ सरुवा / घटुवा / पक्षपात आदि

शिक्षा आयोग डोल्पाले राजनैतिक आस्थाका आधारमा भेदभाव गरेको गुनासो हंशबहादुर शाही व्यक्त गर्छन्। उनी भन्छन् "हामीले वाम आस्था राख्नेकाले म लगायत कैयौं युवाहरूलाई शिक्षा आयोगबाट लिइएको परीक्षामा फेल गराइयो। यदि निष्पक्षता अपनाएको भए सबै वाम विचार राख्नेहरू त फेल नहुनुपर्ने ?"

### ३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी समस्या यस जिल्लामा उल्लेखनीय देखिंदैन।

### ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

महिला किनेबच र बलात्कार गर्ने जस्ता घटनाहरू यस जिल्लामा पाइएन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

लिकु गाविसका जीतबहादुर रावलले घरमा पत्नी लक्ष्मी देवी रावल हुँदाहुँदै लालमती रावललाई बहुविवाह गरी भित्र्याए। ०५० फागुन १० गते लक्ष्मीदेवी रावलले बहुविवाह सम्बन्धी मुद्दा दिएकी थिइन्। ०५१ असार २४ गते यस सम्बन्धी मुद्दाको फैसला भएको थियो।

जिल्ला प्रहरी कार्यालय डोल्पाका असई कुमार थापाले दुनै गाविस-१ बस्ने ३५ वर्षीय जयकुमारी बुढालाई ०५१ साउन ३ गते जारी तिरी बिहे गरेका थिए। जयकुमारीलाई त्यहीं छोडी उनी हाठमाडौं सरूवा भई गए। जय कुमारी हाल गर्भवती भएको कुरा उनी स्वयं बताउँछिन्।

पर्वत जिल्ला घर भई अस्थायी प्रहरी चौकी त्रिवेणीमा कार्यरत प्रहरी जवान रामबहादुर कार्कीले सोही ठाउँ होटेल गरी बस्ने कुल्नी बुढालाई जारी तिरेर बिहे गरी गर्भवती बनाए। निज जवान रामबहादुर सरूवा भएकोले कुल्नी बुढा विचल्लीमा परेकी छिन्।

बहुविवाह गर्ने चलन नै भए पनि एउटा मात्र बहुविवाह सम्बन्धी मुद्दा अदालतमा परेको छ।

### ४.३ गर्भ पतन

गर्भपतन गरे वा गराएको कुनै घटना पाइएन।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

स्कूल जाने उमेरका धुप्रै बालबालिकालाई स्कूल नपठाई घरायसी काममा लगाउने गरेको पाइन्छ। होटेलमा काम गर्ने बालकहरूलाई पारिश्रमिक नै नदिएर पनि काम गराइन्छ।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

कसैको काम गरे वापत पाउने पारिश्रमिक निश्चित हुँदैन। सुरक्षा र संगठित हुने अधिकार भने यस जिल्लामा कसैले उपभोग गर्न पाएको पाईंदैन।

जिल्ला सरकारी वकिल कार्यालय डोल्पाका एकजना माथिल्लो तहका कर्मचारीले आमनिर्वाचन ०५१ का क्रममा सोही कार्यालयबाट खटिई गएका दुई जना पियन मानबहादुर बुढा र ज्ञानसिं बुढासंग उनीहरूले पाउने भत्ता वापतको रकम ५ हजारबाट जवर्जस्ती जनही १ हजारका दरले लिएका थिए भन्ने कुरा स्थानीय बासिन्दा दीपक श्रेष्ठ बताउँछन्।

### ६.२ विश्रामको अधिकार

विश्रामको अधिकार निर्बाध रूपमा उपभोग गर्न पाइएको देखिएन।

### ६.३ अन्य आर्थिक अधिकार

कुनै पनि व्यक्ति आफ्नो क्षमता, सीप र पैसा लगानी गरेर आर्थिक उपार्जन गर्ने अधिकारबाट वञ्चित भएको पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

दासत्व, कमैया, बाँधा र हलिया सम्बन्धी समस्या यस जिल्लामा देखिएन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस जिल्लामा अछूत भनिने जाति प्रति घृणा भावले हेर्ने र सोही अनुसार व्यवहार गर्ने प्रचलन रहेको छ। अछूत भनिने जातिका मानिसहरूलाई केही मन्दीरहरूमा पस्न समेत नदिने चलन विद्यमान छ।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

कुनै पार्टी वा संस्थाले कुनै प्रकारको प्रेस वक्तव्य वा टिप्पणी दिएको पाइएन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

यस सम्बन्धी कुनै घटना देखा परेन। ■



# ४. मध्यपश्चिमाञ्चल

## कर्णाली

## ४.१२ जुम्ला

जनसंख्या : ७५९६४
साक्षरता : २५.२ प्रतिशत
महिला साक्षरता : ८.४ प्रतिशत
क्षेत्रफल : २५३१ वर्ग कि.मी.

स्थल यातायातको अनुहारसम्म देख्न नपाएको कर्णाली अञ्चल अन्तरगतका ५ वटा जिल्लाहरूमध्ये तुलनात्मक रूपले केही राम्रो मानिएको जिल्ला जुम्ला हो। पूर्वमा डोल्पा जिल्ला, पश्चिममा कालिकोट जिल्ला, उत्तरमा मुगु र दक्षिणमा भेरी अंचलको जाजरकोट जिल्ला, यी चार किल्लाभित्र रहेको जुम्ला जिल्ला भौगोलिक विभाजन अनुसार उच्च हिमाली क्षेत्रमा पर्दछ। आर्थिक तथा सामाजिक रूपले पिछडिएको र मानसिक तवरमा परम्परागत रूढीवादी अवधारणाले ठाउँ ओगटेको यस जिल्लाको शैक्षिक स्तर ज्यादै न्यून रहेको छ। यहाँका अधिकांश मानिसहरू विभिन्न रोगहरूका कारणले वाल्यकाल र अकालमै ज्यान गुमाउन वाध्य छन्। मानवअधिकार हननका दृष्टिले यो जिल्ला पनि चर्चामा आउने गरेको छ।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

श्रीमस्त गाविस-९ की १८ वर्षीय देउरूपा तामाङ्गले ०५० चैत १८ गते खानामा विष मिलाई आफ्नै लोग्ने रामबहादुर तामाङ्गको हत्या गरिन्। लोग्नेबाट प्रेम नपाएका कारण हत्या गरेको भनाइ पीडकको छ।

### १.२ जेल र बन्दीहरू

महत गाविस अन्तरगत तीला नदीको छेउमा अवस्थित सम्पूर्ण क्षेत्रफल नौ रोपनी र कम्पाउण्ड भित्र सालाखाला २ रोपनी ओगटेको जुम्ला कारागार श्रेणी विभाजनका हिसाबले "घ" श्रेणीमा पर्दछ। कर्णाली अंचलमा भएका ५ वटा कारागारहरूमध्ये सबैभन्दा पुरानो मानिएको यो कारागार निक्कै वृद्ध अवस्थाको मानिस झैं शिथिल देखिन्छ। समस्याको कुरा उठाउँदा यहाँ काम गर्ने कर्मचारीहरूका आफ्नै किसिमका गुनासाहरू छन् भने हाल त्यहाँ रहेका २१ जना बन्दीहरूका झनै बढी गुनासाहरू छन्।

जेलमा भएका समस्याहरूको बारेमा विभागलाई समय-समयमा जानकारी गराउँदा पनि हालसम्म कुनै महत्व नदिएको कुरा का.मु. जेलर मुनबहादुर महत बताउनु हुन्छ। तत्काल देखिएका समस्याहरूमा कारागारमा पानीको उचित व्यवस्था नहुनु, ढल्न आँटेको जीर्ण अवस्थाको कारागार भवनको मर्मत नहुनु र कर्मचारीहरूको अभावलाई उल्लेख गर्न सकिन्छ। जिल्ला खनेपानी कार्यालयबाट दिएको ०.५ हर्ष पावरको पानी तान्ने मोटरले लगभग ५० मीटर तल रहेको तीला नदीबाट कारागारसम्म पानी तान्न नसकेर पर्याप्त मात्रामा खानेपानीको व्यवस्था हुन सकेको छैन। त्यस्तै जीर्ण अवस्थामा रहेको कारागारको महिला विभागको छाना भदौ २६ गते राती भत्कियो र पछि सामान्य मरम्मत गरियो। मूलतः कार्तिक महिनाको अन्त्यदेखि फागुनसम्म जुम्लामा पानी जम्छ। त्यतिबेला कारागारको महिला र पुरूष दुबै विभागको बाहिरपट्टी समेत पानी र हिउँ जम्छ। त्यस्तो बेलामा पुरूषहरूले बाहिर आएर घाम ताप्न पाउँछन् तर महिलाहरूका लागि त्यो व्यवस्था छैन। फलस्वरूप उनीहरूले घामको नाकमुख समेत देख्न पाउँदैनन्।

बन्दीहरूका अनुसार १५ जना बन्दीहरू दुई वर्ष बिताइसकेका भएता पनि, नियमानुसार दुई वर्ष बितेपछि उनीहरूले पाउनुपर्ने ओढ्ने ओछ्याउने कपडा हालसम्म पाएका छैनन्। उक्त कुरा जेलर पनि स्वीकार गर्दै भन्नु हुन्छ - त्यसको निम्ति विभागसंग २१ हजार ५ सय रूपियाँ माग गरेकोमा विभागले ९ हजार ८ सय रूपियाँ मात्र दिएको हुनाले

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | २ | २ |
| बलात्कृत | - | २ | १ |
| आत्महत्या | - | ४ | - |

कपडा उपलब्ध गराउन सकिएको छैन। माटोको छाना भएको यस कारागारको ढल्न आँटेको जीर्ण रूप देखि त्रसित जेल प्रशासन, सुरक्षाकर्मीहरू र बन्दीहरू भय व्यक्त गर्छन् - "पानी तथा हिउँ परेमा कुन दिन कारागार भत्केर मरिने हो थाह छैन।" विभागलाई विश्वास लाग्दैन भने आफै आएर निरीक्षण गरिदिए हुन्थ्यो।" साथै कारागार सुरक्षा ब्यारेकमा २० जनाको दरबन्दी भएता पनि हाल बस्ने ठाउँको अभावले गर्दा जम्मा १६ जनाको ब्यारेक मात्र त्यहाँ छ। जेलर महतका अनुसार प्रतिमहिना ३ सय रूपियाँ पारिश्रमिक दिएर डाक्टरद्वारा बन्दीहरूको स्वास्थ्य जाँच तथा उपचार गराइन्छ। पानीको अभावले चर्पीहरू फोहोर हुनु र पैसा नभएकोले दाउरा किन्न नसक्नु कारागार भित्रका अरू उल्लेख्य समस्याहरू हुन्।

कारागारमा खाद्यान्न भने नियमित रूपले आइरहन्छ। तर अरूवा चामल प्रतिकिलो ४३ रूपियाँ १० पैसामा कारागारले पाउँछ भने, सोही चामल खाद्य संस्थानले कारागार बाहेकका संस्था वा व्यक्तिहरूलाई १८ रूपियाँ ४० पैसा प्रति किलोका दरले बिक्री गर्छ।

जेलर महतको भनाइ अनुसार यस कारागारमा हाल नेल एउटा पनि छैन। पुराना हत्कडीहरू पाँच वटा छन्। भरखरै विभागले हत्कडी ५ वटा र सिक्री ५ वटा पठाई दिएको छ। जम्मा तीस जनाको क्षमता भएको जुम्ला कारागारमा हाल २१ जना बन्दीहरू रहेका छन्। जसमध्ये पुरूष-५ जना र महिला-१ जना गरी जम्मा ६ जना कैदी र पुरूष-११ जना र महिला-१ जना गरी जम्मा १२ जना थुनुवा रहेका छन् भने नाबालक-३ जना रहेका छन्।

### १.३ गिरफ्तारी र यातना

स्थानीय चन्दननाथको मन्दिरबाट असोज १७ गते बेलुका ६६ तोलाको चाँदीको धुपौरो हराउँदा अनुसन्धानका लागि असोज १८ गते महत गाविस-६ निवासी ५६ वर्षीय रत्नमान भन्ने हनुमान महतलाई हिरासतमा लिइयो। निज हनुमान महतलाई लठ्ठीले पैतालामा पिटेको र दुइवटा लठ्ठीको बीचमा हातका औंलाहरू राखेर लगाई लठ्ठीका दुबैतिरका छेउ कसेर रगड्दै यातना दिएको पाइयो। जम्मा २९ दिन हिरासतमा राखेर कार्तिक १६ गते धरौटीमा छोडिएका हनुमान महतलाई जिल्ला प्रहरी कार्यालयले असोज २७ गते मात्र पक्राउ गरिएको रेडकर्मा देखाएको छ। साथै उक्त मूर्ति चोरी मुद्दा जिल्ला अदालतमा कार्तिक १६ गतेका दिन नै दर्ता भएको पाइयो। डीएसपी मीनप्रसाद पाण्डेका अनुसार निजलाई समयमै अदालतमा पेश नगर्नुको कारण बीचमा दशैं बिदा परेकोले हो।

टेकबीर वस्ती-२, खर्साङ्ग, दार्जिलिङ्ग घर भई कर्णाली इन्स्टीच्यूट नामक गैर सरकारी संस्था मार्फत स्वयंसेवी शिक्षकको रूपमा ०४९ फागुन महिनादेखि डिल्ली चौर मा.वि. जुम्लामा कार्यरत २८ वर्षीय डोना राई र डिल्ली चौर गाविस-६ डिल्ली चौर निवासी सोही विद्यालयमा कक्षा ३ मा अध्ययनरत १५ वर्षीय पुल्ती विश्वकर्माको मिलोमतोमा आठ महिनाको गर्भ पतन गरेको भन्ने डिल्ली चौर प्रहरी चौकीको जाहेरीमा जिल्ला प्रहरी कार्यालय जुम्लाले निज पुल्ती विश्वकर्मालाई घरबाटै र डोना राईलाई जुम्ला बजारस्थित स्नो भ्याली होटेलमा बसिराखेको अवस्थामा ०५१ कार्तिक ६ गते विहान १० बजेतिर गिरफ्तार गर्‍यो। सोही राती पौने एघार बजेतिर रक्सी खाएका दुईजना प्रहरीहरू सिभिल ड्रेसमा आएर डोना राईलाई हिरासत कोठाबाट अर्कै कोठामा लगी बयानमा हस्ताक्षर गराउन थाले। तर डोना राईले बयान पढेर मात्र सही गरिदिने कुरा गर्दा फोहोर गाली गर्दै ढाडमा लठ्ठीले ३०-३५ पटक पिटेको कुरा डोना राई बताउँछन्। निजकै भनाइ अनुसार गाउँलेहरूको "गर्भपतन गरेको होइन" भन्ने एकतर्फी बयान थियो। साथै बच्चाको लाश पनि कतै भेटिएको थिएन तर पनि सरजीमीन टोली फर्किएको राती ९.०० बजेतिर केरकार गर्ने कोठामा लगी बच्चा कहाँ राखेको छस्? भन्दै नाकमा प्रहरीले मुक्काले हिर्काए। पहिलो पटकको पिटाइ खाएको भोलिपल्ट प्रमुख जिल्ला अधिकारी तथा डीएसपी आई पिट्ने प्रहरीहरू चिनेको भए आफूहरूलाई बताएमा प्रहरीहरूलाई कारबाही गर्ने आश्वासन दिए। तर राती अँध्यारोमा आफूले कसैलाई नचिनेको कुरा राई बताउँछन्। जम्मा १९ दिन हिरासतमा राखेर डोना राईबाट ७ हजार र पुल्ती विश्वकर्माबाट ३ हजार धरौटी लिई कार्तिक २५ गते दुबैलाई छोडियो। सोही दिन मात्र जिल्ला अदालतमा उक्त गर्भपतन सम्बन्धी मुद्दा दर्ता भएको पाइयो।

पत्रकार तथा तत्कालीन जिल्ला निर्वाचन पर्यवेक्षण समितिका संयोजक नवराज शाहीलाई दूरसंचार कार्यालयमा भएको सार्वजनिक टेलिफोन बुथमा कार्यरत कर्मचारीहरूसंग अनियमितता तथा ढिलासुस्तीको कुरालाई लिई सामान्य विवाद गरेको आरोपमा जिल्ला प्रशासन कार्यालयले कार्तिक २१ गते पक्राउ गर्‍यो। त्यसपछि सार्वजनिक अपराध मुद्दा लगाइयो। निज शाहीको भनाई अनुसार कर्णाली प्राविधिक शिक्षालय तथा अन्य केही कार्यालयहरूमा भएको भ्रष्टाचार, अनियमितता आदिको बारेमा पत्रपत्रिकाहरूमा समाचार प्रकाशित गराएको रिसइबीले नै स्थानीय प्रशासनले सो मुद्दामा फसाएको हो। यस विषयमा प्रमुख जिल्ला अधिकारी शंकरप्रसाद पाण्डेको भनाइ अनुसार निज शाहीले पटक पटक कर्मचारीहरूसंग झगडा गरेको र झुठा कुराहरू पत्रपत्रिकामा छपाउनुका साथै उक्त दिन कर्मचारीहरूलाई ज्यान सम्बन्धी धम्की दिएको हुनाले मुद्दा लगाइएको हो। तर तोडफोड तथा कुटपीट भने भएको होइन। नवराज शाहीलाई हिरासतमा कुनै किसिमको यातना नदिएको र कार्तिक २५ गते १५ हजार धरौटी लिई छाडिएको थियो।

### १.४ वेपत्ता पारिएको

यो वर्ष कसैलाई वेपत्ता पारिएको घटना प्रकाशमा आएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यस सम्बन्धी कुनै पनि घटना जानकारीमा आएको पाइएन।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएको घटना देखा परेन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

नवराज शाही लगायतका केही व्यक्तिलाई लगाइएको सार्वजनिक अपराध मुद्दा बाहेक अभिव्यक्ति भेला र संगठित हुन पाउने अधिकारमाथि कसैले हस्तक्षेप तथा नकारात्मक प्रभाव पार्न खोजेको घटना यस जिल्लामा देखा परेन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ बौद्ध धर्मावलम्बी ३ सय ६६, हिन्दू ७५ हजार ५ सय ५०, इस्लाम ५, जैन १४, इसाई २५ र अन्य ६ जना रहेका छन्। धर्मकै कारण कुनै घटना घटेको पाइएन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यस पटकको निर्वाचनमा प्रत्यक्ष रूपले धाँधली गरिएका उल्लेख्य घटनाहरू खासै कतै नदेखिएता पनि पैसा दिएर भोट किन्ने, आफ्नो प्रभुत्व भएको ठाउँबाट कसैले आफ्नो पार्टी बाहेक अरूलाई भोट दिएमा वा अरू पार्टीको प्रचार गरेमा सामाजिक बहिष्कार गर्ने तथा धम्की दिने जस्ता कुराले मान्छेको आफ्नो फरक मत राख्न पाउने अधिकारलाई कुण्ठित पारेको भने पाइयो। कर्णाली प्राविधिक शिक्षालय जुम्लामा अध्ययनरत लगभग २ सय जना विद्यार्थीहरू मध्ये जम्मा २३ जनाको मात्र अस्थायी मतदाता नामावलीमा नाम दर्ता भयो। जसमध्ये बहुसंख्यक विद्यार्थीहरू ०५० फागुनमा मात्र उक्त शिक्षालयमा भर्ना भएका थिए। तर मतदान गर्ने दिन दुइजना छात्राले मत खसाली सकेपछि, विद्यार्थीहरूको नाम दर्ता गराइदिने पक्ष र विपक्षहरूको बीचमा भनाभन भई वातावरण तनावपूर्ण हुँदा बाँकी २१ जना प्रशिक्षार्थी (विद्यार्थी) हरू भोट खसाल्न नपाएर फर्किए। उता कर्मचारी तथा शिक्षक आदिको निम्ति सम्बन्धित कार्यालय वा निकायले पठाएको नाम सूचीलाई जिल्ला निर्वाचन कार्यालयले मान्यता दिएन। प्रत्येक मतदाताले आफ्नो छुट नामावली दर्ता गर्नका लागि छुट्टा छुट्टै फारम भर्नुपर्ने नियमको बारेमा समयमै जानकारी नपाएको कारणले जिल्ला बाहिरबाट आएका शिक्षक, कर्मचारी, प्रहरी आदि कसैले पनि आफ्नो नाम दर्ता गर्न पाएनन्। फलस्वरूप स्थानीय शिक्षक, कर्मचारी तथा मतदानमा खटिएका कर्मचारी र सुरक्षाकर्मीहरू बाहेक अरू कुनै पनि यस जिल्लामा कार्यरत शिक्षक, कर्मचारी तथा सुरक्षा कर्मीहरूले आफ्नो मत दिन पाउने अधिकारलाई उपयोग गर्न पाएनन्। नाम छुटेका स्थानीय बासिन्दाहरूका लागि पनि थप नामावली दर्ताका निम्ति सदरमुकाममै आउनु पर्ने र प्रति व्यक्तिका लागि दुई जनाले स्वयम उपस्थित भएर सिफारिश गर्नु पर्ने प्रावधानले गर्दा सदरमुकामबाट टाढा-टाढा गाउँमा बस्ने मानिसहरूले आफ्नो छुटेको नामावली दर्ता गर्न सकेनन्। त्यस्तै जुम्ला कारागारमा रहेका बन्दीहरूले पनि भोट दिन पाउने अधिकारलाई प्रयोग गर्न पाएनन्। बरू प्रहरी हिरासतमा रहेका तर मतदाता नामावली सूचीमा नाम भएका व्यक्तिहरूलाई निर्वाचन अधिकृत र जिल्ला प्रहरी कार्यालयको सल्लाह र आदेशमा सुरक्षाकर्मीहरूले सम्बन्धित मतदान केन्द्रमा पुऱ्याई भोट खसाल्न लगाएका थिए। यस पटकको निर्वाचनमा आफ्नो मतको सदुपयोग आफ्नै विवेकले गर्न मतदाताहरूलाई अनुरोध गरिएको इन्सेकद्वारा प्रकाशित पोष्टरले पनि यस जिल्लामा राम्रो प्रभाव पाऱ्यो। ठ्यौडा लोकलयमा आवश्यक सूचनाहरू छापिएको उक्त पोष्टरमा कर्णाली अञ्चलमै बोलिने भाषाको प्रयोग भएको थियो।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस जिल्लामा रहेका केही कार्यालयहरूमा भ्रष्टाचार, अनियमितता र ढिलासुस्ती पनि भइरहेको तर स्थानीय प्रशासनलाई यी कुराहरू अवगत गराउँदा पनि मौन रहेको, बरू उल्टै कार्यालय एवं हाकिमहरूको पक्षमा कुरा गर्ने गरेको स्थानीय जनगुनासो पाइयो। अदालत र प्रहरीहरूको बारेमा भने मिश्रित प्रतिक्रियाहरू पाइए। जुम्ला जिल्ला अदालतमा ०४८ असोज १५ गते दर्ता भएको सनी गाविसका मन्बीर बुढासंग सम्बन्धित ७ नं. फारम कीर्ते सम्बन्धी मुद्दा ०४९ कार्तिक १९ गते अदनसिंह कठायतको दायरीमा र सोही पुस २९ गते गर्ज्याङ्कोट गाविसका प्रबलसिं थापाको दायरीमा दर्ता भएका गाली बेइज्जती सम्बन्धी मुद्दा, ०४९ फागुन १५ गते दर्ता भएको कर्तव्य ज्यान मुद्दा, ०५० जेठ १ गते दर्ता भएको श्रीदुस्का बस्ने उपाध्याय थरको व्यक्तिसंग सम्बन्धित चोरी मुद्दा र ०५० कार्तिक २४ गते दर्ता भएको पाण्डु गुफाकी बची कुलानीसंग सम्बन्धित बहु-विवाह मुद्दा समेत ०५१ पुस ५ गतेसम्म किनारा लागेका छैनन्। यस वर्ष जिल्ला अदालतमा संक्षिप्त फौजदारी-२० वटा, सरकारी फौजदारी-९ वटा, दुनियाँवादी फौजदारी-२१ वटा, दुनियाँवादी देवानी-६९ वटा र गाली बेइज्जती दर्ता-८ वटा गरी जम्मा १ सय २७ वटा मुद्दा दर्ता भए। जिल्ला प्रशासन कार्यालयमा हातहतियार सम्बन्धी-१ वटा र सार्वजनिक अपराध सम्बन्धी-६ वटा गरी जम्मा ७ वटा मुद्दा दर्ता भए। नेपाल बार एशोसिएसन अन्तरगत कानूनी सहायता परियोजनाको सक्रियतामा बार एसोसिएसन जुम्लाले जून महिनामा-५ वटा, जुलाईमा-२ वटा अगष्टमा २ वटा र सेप्टेम्बरमा ११ वटा गरी जम्मा २० वटा मुद्दा निःशुल्क हेरिदिएको कुरा एसोसिएसनका अध्यक्ष खेमराज न्यौपाने र कोषाध्यक्ष विष्णुप्रसाद तिमिल्सेना बताउनु हुन्छ।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

चुनावभन्दा अघि अधिकांश शिक्षकहरूलाई एकैपटक जिल्ला भित्रै सरूवा गरियो। जिल्ला शिक्षा अधिकारीका अनुसार शिक्षक संघ र संगठनसंग सरसल्लाह गरी सरूवा गरिएको हो। तर शिक्षक संगठनसंग सम्बन्धित शिक्षकहरू यो कुरालाई ठाडै अस्वीकार गर्दछन्। उनीहरूका अनुसार संगठन र संघले मिलेर तयार पारेको लिष्ट अनुसार सरूवा नगरी जिल्ला शिक्षा अधिकारीले संघसंग सम्बन्धित केही शिक्षकहरूको सल्लाह मुताविक मनपरी ढंगले सरूवा गरेको हो। त्यसै कारणले गर्दा धेरैजसो शिक्षकहरू अपायक तथा असुविधा हुने ठाउँमा परेका हुन्। यस्तो सरूवामा पर्ने धेरैजसो शिक्षकहरू शिक्षक संगठनसंग सम्बन्धित भएको कुरा पनि शिक्षकहरूले उल्लेख गरेका छन्। यसको जवाफ दिँदै जिल्ला शिक्षा अधिकारी भन्नु हुन्छ - "मैले संघ, संगठनकै प्रतिनिधिहरूको सल्लाह अनुसार नै सरूवा गरेको हुँ, तर केही शिक्षकहरूलाई मर्का परेको पक्कै छ। उनीहरूलाई फागुनको सेसनमा सरूवा मिलाइनेछ।" यो घटना बाहेक अन्य कुनै पनि सरूवा/घटुवा/पक्षपात आदिसंग सम्बन्धित घटनाहरू भएको थाहा पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

भूमिहीन तथा सुकुम्बासी समस्या यस जिल्लामा भएको जानकारी प्राप्त भएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

०५० फागुन ८ गते राती आफ्नो घरमा एक्लै भएको मौका पारी तिमीलाई पिट्ने मानिसहरू आएका छन्, सुरक्षाको लागि यहाँबाट भागौं भनी कार्तिक स्वामी गाविस गैरा गाउँकी १५ वर्षीय (उजुरीमा १३ वर्ष हालिएको) सरिता हमाललाई शुरूमा नजिकैको विद्यालय भवनमा, त्यसपछि कार्तिकस्वामीको मन्दिरमा र अन्त्यमा पोरीचौरस्थित गोठमा लगेर शिक्षक निरक न्यौपानेले बलात्कार गरे। हाल निरक न्यौपानेलाई अदालतले ७ वर्षको जेल सजाय तोकेकोले न्यौपानेले पुनरावेदन अदालतको ढोका ढकढकाई रहेका छन्। यद्यपि गाउँघरमा बलात्कार तथा पारिवारिक यातनाहरू महिलाहरूले भोग्नै नपरेका भने होइनन्। तर गाउँलेहरूकै मिलोमतोमा यी कुराहरू समाजभित्रै बिलाउँछन् र बाहिर आउने मौका नपाउने मात्र हुन्।

यहाँ प्रत्यक्ष महिला किनबेच सम्बन्धी समस्याहरू पाइँदैनन्। साथै एड्स रोगद्वारा पीडित महिलाहरू पनि हालसम्म भेटिएका छैनन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस वर्ष जिल्ला अदालतमा जारी सम्बन्धी ५ वटा मात्र मुद्दा दर्ता भएता पनि कर्णाली अञ्चलभरि नै जारी र बहुविवाह प्रथाले सामाजिक मान्यता पाएको भेटिन्छ। चलन अनुसार यहाँ कुनै महिलाले पहिलो लोग्नेलाई छोडी दोश्रो लोग्नेसंग विवाह गर्दा पहिलो लोग्नेले २०-२५ हजारसम्म रकम जारी स्वरूप लिन्छ। जारी सम्बन्धी अधिकांश समस्याहरू गाउँघरमै भएका ठूलाबडाहरूले हस्तक्षेप गरी समाधान गर्ने हुनाले घुस दिने र लिने काम पनि धेरै हुन्छ।

बहुविवाह सम्बन्धी घटनाहरू पनि न्यायिक निकायहरूसम्म सकेसम्म पुग्दैनन्। किनकि यसप्रथाले यहाँको समाजको सामाजिक स्वीकृति पाएको हुनाले बहुविवाह गर्नु सामान्य प्रकृया मानिन्छ। फलस्वरूप गाउँघरमा प्रशस्त मात्रामा बहुविवाहका घटनाहरू भइरहेका हुन्छन्। तर देउकी र देहव्यापार सम्बन्धी घटनाहरू भने हालसम्म घटेका छैनन्।

### ४.३ गर्भ पतन

डोना राई र पुल्ती विश्वकर्मासंग सम्बन्धित अदालतमा विचाराधीन गर्भपतन सम्बन्धी घटना बाहेक अन्य घटना जानकारीमा आएको छैन। तर प्रहरी रेकर्ड अनुसार ३० वर्षीय रत्ना शाही भन्ने महिला गर्भपतन गराएका कारण कारवाहीमा रहेको देखिन्छ। आफ्नो लोग्ने घरमा नरहेको अवस्थामा वीरबहादुर शाही भन्ने व्यक्तिसंग यौनसम्पर्क कायम गरेपछि उनी गर्भवती भएकी थिइन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल विवाहले सामाजिक मान्यता प्राप्त गर्नु, बालिकाहरू बलात्कृत हुनु र छोरीलाई पढ्न नपठाई घरधन्दाको काममा अल्भ्फाउनु तथा स्कूल जाने उमेरका केटाकेटीहरू गाई वस्तु चराउन र दाउरा घाँसको निम्ति दैनिक जंगल चाहारेको देखिनुले यहाँ बाल अधिकारको सम्मान हुन नसकेको पुष्टी हुन्छ। यसका अलावा जुम्लाका प्रायजसो होटेलहरूमा भाँडा माझिरहेका र बजारमा साना-साना दाउराका भारी बोकेर किनीदिने आग्रह गर्दै हिंडिरहेका केटाकेटीहरूको अवस्थाले उक्त कुरालाई पुष्टी गर्न थप प्रमाण प्रदान गर्छ। बालअधिकारसंग सरोकार राख्ने प्रख्यात संघ संस्थाहरूले यस जिल्लामा पाइलासम्म टेकेको थाहा पाइएको छैन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

यस सम्बन्धी कुनै घटना भएन।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धमा पनि कुनै घटना देखा परेन।

### ६.३ अन्य आर्थिक अधिकार

यहाँका बहुसंख्यक बासिन्दाहरूको आर्थिक स्थिति साह्रै कमजोर रहेको कारणले गर्दा नै उनीहरूको बहुपक्षीय उन्नतिमा बाधा पुगेको देखिन्छ। वर्षेनी हिउँदको शुरूवातसँगै लुगारोटीका निम्ति यहाँका लोग्ने मानिसहरू सानोतिनो ब्यापार वा कुल्ली दरवान काम गर्न भारततिर लाग्छन्। उनीहरूको श्रम तथा आयव्यय सम्बन्धी लेखाजोखा तथा अभिलेख राख्ने संस्थाहरू पनि यहाँ हालसम्म छैनन्।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस जिल्लामा कमैया, बाँधा, दासत्व प्रथा जस्ता उल्लेख्य प्रचलन तथा घटनाहरू नपाइएता पनि छुवाछूतको प्रचलन भने निक्कै जरो गाडेर बसेको छ। यहाँका अछूत भनिएका जातिहरूलाई मठ, मन्दिर, पानीका कुवा, धारा आदि जस्ता सार्वजनिक महत्वका स्थलहरूमा पस्न तथा तिनीहरूको उपभोग गर्न दिइन्न।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

मानवअधिकार वर्ष पुस्तक-१९९३ मा प्रकाशित केही घटनाहरूको सम्बन्धमा सम्बन्धित व्यक्ति तथा अन्य श्रोतहरूबाट केही टिप्पणीहरू प्राप्त भएका छन्। जसमध्ये केही मुख्य मुख्य टिप्पणीहरू निम्न प्रकार छन्।

१९९३ को वर्ष पुस्तकमा प्रकाशित रामशरण उपाध्यायलाई जयहरि आचार्यको उक्साहटमा रल्ला पछाई भन्ने रत्नलाल लगायतका व्यक्तिहरूले हत्या गरे भन्ने कुरा पूर्वाग्रही र झुठो हो, त्यसमा आफ्नो संलग्नता नरहेको भनी जयहरि आचार्यले लिखित जानकारी दिएका छन्। उता रल्ला पछाईका अनुसार प्रहरीहरूले आफ्ना पैतालामा पिटेर बेहोश पार्दै साविती बयान दिन बाध्य पारेका हुन्।

रामशरण उपाध्यायलाई मारेको अभियोगमा पूर्पक्षका लागि थुनामा राखिएका १० जनामध्ये ईश्वरानन्द उपाध्याय, नन्दलाल उपाध्याय र रल्ला पछाई भन्ने रत्नलाल बाहेक अरू व्यक्तिहरू उक्त घटना घटेको बेला जुम्लामा नभएको कुरा बन्दीहरू बताउँछन्।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यस सम्बन्धमा कुनै घटना भएन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

मुगु जिल्ला घट्टेलेक घर बताउने मगन्ते देवीभक्त सेजुवाल ०५० माघ ११ गते हिउँ परेको कारणले विराट गाविस-९ लुइकु गाउँका नन्दप्रसाद न्यौपानेको घरको गोठमा बास बसेको र चीसोले कठ्याङ्ग्रीएर सोही गोठमा मरेको कुरा जिल्ला प्रहरी कार्यालय जुम्लाबाट थाहा भएको छ।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धमा पनि कुनै घटना भएन।

### ९.४ आत्महत्या

आत्महत्याका घटनाहरू जानकारीमा आएनन्।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धमा पनि कुनै घटना भएनन्।

■



# ४. मध्यपश्चिमाञ्चल

# कर्णाली

# ४.१३ कालिकोट

जनसंख्या : ८८८०५
साक्षरता : १९.४ प्रतिशत
महिला साक्षरता : ५.१ प्रतिशत
क्षेत्रफल : १७४१ वर्ग कि.मी.

यो जिल्ला मध्यपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत कर्णाली अञ्चलको पश्चिम-दक्षिण भागमा अवस्थित छ। यसको पूर्वमा जुम्ला र जाजरकोट, पश्चिममा अछाम र बाजुरा, उत्तरमा मुगु र बाजुरा तथा दक्षिणमा अछाम र दैलेख जिल्ला पर्दछन्। यहाँ ब्राम्हण, ठकुरी, क्षेत्री, कामी, सुनार, दमाई, सार्की र मगर जातिको बसोबास रहेको छ। प्राकृतिक रूपले सुन्दर भए पनि भौतिक सुविधाका दृष्टिले यो जिल्ला निकै पछाडि रहेको छ। यहाँ प्रशासनिक निकायभन्दा पनि नागरिकहरूको आपसी झै-झगडाबाट मानवअधिकार हननका घटनाहरू देखा पर्ने गरेको पाइन्छ।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

थिर्पू गाविस-६ घर भएका कुलबहादुर वमले आफूले आफ्नै घरमा बस्ने तर अर्कै लोग्ने पट्टिबाट जन्मिएको छोरी अन्दाजी वर्ष ३ की उती विष्टलाई ०५० पुस १३ गते मारेको हो भन्ने कुरालाई स्वीकार गरेका छन्। निज कुलबहादुर वमलाई पक्राउ गरी सोधपूछ गर्दा आफ्नो मार्ने मनसाय नभएको, रीसइबी पनि नभएको तर झुक्किएर डण्डाले हिर्काउँदा मृत्यु भएको बयान दिएका छन्। हाल कुलबहादुर वमलाई थुनामा राखिएको छ।

फोईमहादेव गाविस-६ बस्ने अन्दाजी वर्ष ३ का दिपीनबहादुर हमाललाई ०५१ जेठ ३१ गते वासमती शाहीले मासुमा विष प्रयोग गरी मारेको भन्ने सोही ठाउँका राजबहादुर हमालको जाहेरी दरखास्त जिल्ला प्रहरी कार्यालयमा ०५१ असार २ गते दर्ता भएकोमा इन्स्पेक्टर निरञ्जन थापासँग सम्पर्क गर्दा मासुमा विष प्रयोग गरे नगरेको जाँच गर्न पठाइएको बताउनु भयो। हाल वासमती शाहीलाई तारीखमा र अन्य व्यक्तिलाई हाजिरी जमानीमा छोडिएको छ।

रकु गाविस-७ का नवराज देवकोटाले ०५१ साउन १७ गते आफ्नी कान्छी पत्नी गौरी देवकोटालाई कुटपिट गर्दा उनको मृत्यु भयो। कान्छी पत्नी गौरी देवकोटा माइत गएकी साथै धेरै दिनसम्म पनि घर नफर्केकोले गर्दा जेठी पत्नी सहित अभियुक्त नवराज देवकोटा लिन भनी ससुराली गए। फर्केर आउँदा किन यति दिनसम्म घर नफर्केको भनी प्रश्न गर्दा निज गौरी देवकोटाले घर छिट्टै नै फर्कन खोजेको तर भिनाजुले आफूलाई जबरजस्ती राखेको भन्ने जवाफ दिएपछि रीस खप्न नसकी खाल्डोको पानीमा चोप्दै सिस्नुले कुटेका थिए। हाल घटनासँग सम्बन्धित १४ जना हाजीर जमानीमा २ जना तारीखमा र नवराज देवकोटा पूर्पक्षको लागि थुनामा राखिएका छन्। केही व्यक्ति फरार रहेका छन्।

### १.२ जेल र बन्दीहरू

भौतिक रूपमा जीर्ण रहेको यहाँको जेलको बन्दी क्षमता २५ जनाको रहेको छ। जसमा हाल ११ बन्दीहरू रहेका छन्। जसमध्ये पुरुष १० र महिलाको संख्या १ रहेको छ। यी मध्ये कैदी संख्या २ र अन्य थुनुवा रहेका छन्।

जेलभित्र मुख्य रूपमा २ वटा भवन छन्। एउटामा पुरुष र अर्कोमा महिला बन्दीहरू राखिएका छन्। वरिपरी पर्खाल लगाएको भएता पनि उत्तर पट्टिको भाग भत्किसकेको छ। जम्मा २ वटा शौचालय छन्। धारो र कुवाको व्यवस्था छ। तर सुरक्षाकर्मीको लागि बस्ने घर र कार्यालय भवन पनि छैन। सुरक्षाकर्मीहरू बन्दीहरूसँगै सुत्नु पर्ने वाध्यता छ।

सुविधाको नाममा त्यस्तो खास केही नभएता पनि

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | ७ | - |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | - | १ |

बन्दी र सुरक्षाकर्मीका बीचको सुमधुर सम्बन्धका कारण सबै कुरा राम्रै रहेको महशूस बन्दीहरूले गरेका छन्। हप्ताको एक पटक स्वास्थ सहायकद्वारा जाँच गरी औषधि दिने व्यवस्था छ र आवश्यक परेमा बाहिर अस्पताल पनि लगिने कुरा जेलर बताउँछन्।

**१.३ गिरफ्तारी र यातना**

यो वर्ष गिरफ्तारी र यातनाका घटनाहरू भएनन्।

**१.४ वेपत्ता पारिएको**

कसैलाई वेपत्ता पारिएको घटना सार्वजनिक जानकारीमा आएन।

**१.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट**

यस सम्बन्धी सामान्य घटनाहरू भए। तर उल्लेख्य घटना देख्न परेनन्।

**१.६ थुनामा मृत्यु**

थुनामा कसैको पनि मृत्यु भएन।

**२. मौलिक अधिकार**

**२.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार**

यो अधिकारको हनन हुने काम भएको पाइएन।

**२.२ धार्मिक स्वतन्त्रता**

यहाँ धार्मिक सहिष्णुता कायम छ।

**२.३ राजनैतिक स्वतन्त्रताको अधिकार**

मध्यावधि निर्वाचनको प्रचार प्रसार गर्ने क्रममा जनतामा पैसा बाँडेको कुरा नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष पंस्वबहादुर विष्ट स्वयं स्वीकार गर्नु हुन्छ।

नेकपा (एमाले) का जिल्ला उपसचिव राजेन्द्रबहादुर थापा जिल्ला विकास समितिका सभापति नेत्रबहादुर शाहीले गैला गाविस-७ बस्ने गोकुले सुनार र गैमले दमाईलाई राँगो किनी खानु भनी एकहजार दिएको कुरा बताउँछन्।

नेपाली कांग्रेस जिल्ला समितिका कार्यवाहक अध्यक्ष पंस्वबहादुर विष्टद्वारा लालु गाविस-२ मा पैसा बाँडी रहेको बखत मजदुर किसान पार्टीका कार्यकर्ताहरूले पैसा बरामद गरेका थिए।

रा.प्र.पा.का उम्मेद्वार धर्मदत्त उपाध्यायद्वारा १ हजार ५ सय विष्णुबहादुरलाई दिइरहेको बखत नेकपा (एमाले) जिल्ला कमिटी सदस्य रत्नबहादुर मल्लले पैसा बरामद गरेका थिए।

नेपाली कांग्रेसका कार्यवाहक अध्यक्ष नेकपा (एमाले) ले ०५१ कार्तिक २९ गतेको निर्वाचनमा फूकोट गाविसमा पूरै बुथ क्याप्चार गरेको आरोप लगाउनु हुन्छ।

**२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार**

यस सम्बन्धी उल्लेख्य घटना भएन।

**२.५ सरूवा / घटुवा / पक्षपात आदि**

सरूवा, घटुवा र पक्षपात जस्ता घटनाहरू प्रकाशमा आएको देखिएन।

**३. भूमिहीन तथा सुकुम्बासी समस्या**

यस जिल्लामा भूमिहीन र सुकुम्बासी नभएता पनि भूमि सम्बन्धमा धेरै खिचलोहरू देखिने गरेका छन्। जिल्ला अदालतमा ३८ वटा जग्गा खिचलो सम्बन्धित मुद्दा दर्ता भएका छन्। हाल जग्गाको नाप नक्शाको काम भइरहेको छ। एकले अर्कोको जग्गा मेरो हो भनी नाप नक्शा गराएको घटना पनि यहाँ चर्चामा रहेको छ।

**४. महिला अधिकार**

**४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना**

अशिक्षा र अज्ञानताको कारण यहाँका महिला वर्ग बलात्कारको शिकार हुनु परेको कुरा स्थानीय बासिन्दाहरू बताउँछन्।

केटा र केटी पहिलेदेखि नै चल्दै आइरहेको परम्परा अनुसार दोहोरी गाउने गरेको र राती केटाहरूले जबरजस्ती करणी गर्ने चलन यहाँ रहेको छ। तर लाज र डरको कारण महिला पक्षले यस्ता कुरा सार्वजनिक गर्ने र प्रहरीमा जाहेर गर्ने गर्दैनन्। यो वर्ष त्यस्ता घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

प्रहरी कार्यालयमा यो वर्ष जबरजस्ती करणीको एउटा मुद्दा दर्ता हुन आएको देखिन्छ। तर त्यस सम्बन्धमा विस्तृत जानकारी लिन सकिएन।

**४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत**

जारी र बहुविवाह यो जिल्लामा प्रमुख समस्याका रूपमा रहेको देखिन्छ। यस पटक जारी सम्बन्धी अदालतमा केवल ४ वटा मुद्दा दर्ता भएता पनि सबै जारीका घटनाहरू सार्वजनिक प्रचारमा आउँदैनन्। एउटाकी पत्नी फकाएर जसले लान सक्छ र त्यस वापत हजारौं रूपैयाँ जसले तिर्छ त्यो नै यहाँ ठूलो मान्छे कहलाउने गर्छ।

जारी र बहुविवाहका घटनाहरू सार्वजनिक प्रचारमा नआएका र प्रहरी प्रशासनमा पनि दर्ता नभएकाले त्यस सम्बन्धमा जानकारी प्राप्त हुन सकेन।

**४.३ गर्भ पतन**

गर्भ पतनका घटनाहरू प्रकाशमा आएनन्।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

शिक्षाप्रतिको सकारात्मक धारणा यस जिल्लाका अभिभावकहरूमा हुन थालेको छ। तर पनि घरमा सानोतिनो काममा अल्झिएर शिक्षाबाट वञ्चित हुनु पर्ने वाध्यता यहाँका बालबालिकामा छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा कुनै उल्लेख्य घटना देखिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

तल्लो जाति मानिने कामी, दमाई, सुनारहरूबाट यहाँका जमिन्दारहरूले काम लिने गरेका छन्। यी तल्ला जातिहरूले साहु महाजनको जग्गा वर्षभरि जोत खन गरिदिने, त्यस अवधिमा केवल खान मात्र दिने र बाली भित्र्याउने बेलामा "खलाको धार" भनी दिने गरेका छन्। साहु महाजनका छोराछोरीको विवाहमा डोली बोक्ने काम तल्ला जातिकाले नै गर्नु पर्ने परम्परा पनि यहाँ छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस जिल्लामा छुवाछूत प्रथा चर्को रूपमा रहेको छ। यसभन्दा अगाडिका वर्षहरूमा भन्दा छुवाछूत प्रथा घटेको भनिए पनि व्यवहारमा त्यस किसिमको कमी भने देखिँदैन। अछूत जाति मानिनेहरूले सार्वजनिक क्षेत्रको प्रवेशमा समेत डर मान्नु पर्ने वाध्यता रहिआएको छ। होटल, घरभित्र पस्न निषेध मात्र हैन, उनीहरूले प्रयोग गरेका भाँडा समेत अछूत हुने गरेको र त्यस्ता भाँडा कसैले प्रयोग नगर्ने परम्परा छ। बाटोमा अचानक अछूत जातिसंग छोइएमा छोइएको व्यक्तिलाई घर पस्ने बेलामा पानी छम्कीदिनु पर्ने परम्परा रहेको छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस सम्बन्धमा कुनै प्रतिक्रिया वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

यस सम्बन्धमा कुनै घटना भएन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

०५१ बैशाख २५ गते परेको अविरल वर्षाको कारण ओडानाकु गाविस र तिलखाँया गाविसको साँधमा पर्ने खोलाको किनारमा घर भएका उब्जी सिं, दान सिं, शान्ती शाही, सोविता शाही, दुदा सिं र विजा सिंको बाढीले बगाई मृत्यु भयो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरद्वारा कोही घाइते हुने वा कसैको मृत्यु हुने जस्ता घटनाहरू भएनन्।

### ९.४ आत्महत्या

०५१ साउन २५ गते धौलागोह गाविस-४ बस्ने वर्ष ४६ का मनिचन्द्र प्याकुरेलकी पत्नी गोठमा गएकी थिइन्। तर ३ दिनपछि मात्र घर फर्केकीले गर्दा लोग्नेको इजाजत विना किन गोठमा बसिस् भन्ने कुरालाई लिएर झै-झगडा भयो। पत्नीले रिस खप्न नसकी पुन गोठमा नै फर्केर डोरीको पासो लगाई आत्महत्या गरिन्।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धमा कुनै घटना भएको कुरा सार्वजनिक प्रचारमा आएको देखिएन।

■



# ४. मध्यपश्चिमाञ्चल

# कर्णाली

## ४.१४ मुगु

जनसंख्या : ३६३६४
साक्षरता : २१.७ प्रतिशत
महिला साक्षरता : ५.१ प्रतिशत
क्षेत्रफल : ३५३५ वर्ग कि.मी.

कर्णाली अञ्चलका ५ वटा जिल्ला मध्येको मुगु चीनको स्वशासित क्षेत्र तिब्बतसंग जोडिएको छ। यो हिमाली जिल्ला हो। यहाँ थुप्रै हिमाली पहराहरू रहेका छन्। यहाँको रारा ताल प्राकृतिक दृष्टिले अत्यन्तै चर्चित छ। प्राकृतिक सौन्दर्यले परिचित रहेर पनि असाध्यै दुर्गम मानिने यो जिल्ला अशिक्षा, बेरोजगारी र गरीबीले पीडित ठाउँको रूपमा चिनिन्छ। यहाँका नागरिकलाई मानवअधिकार के हो भन्ने कुरा थाहा छैन। विविध ढंगबाट यहाँका बासिन्दाहरूको मानवअधिकार हनन भइरहेको देख्न सकिन्छ।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

प्रशासनिक निकायबाट गोली चलाएर हत्या भएको घटना देखिएन। यो वर्ष नागरिकहरूको आपसी भैभगडा भएर कसैको मृत्यु भएको घटना पनि सार्वजनिक जानकारीमा आएको पाइएन।

पिना गाविस-५ मा फलाम तामाका भाँडाकुँडा बनाउने काम गरी अस्थायी बसोबास गरेका नारसिंह कामीले विजयादशमी ०५१ असोज २८ गतेका दिनमा सोही गाउँका सलबहादुर भाम, श्रीनगर गाउँ निवासी सिंग मल्ल र जिल्ला अदालत मुगुका अर्दली दलबहादुर समेतसंग मिली रक्सी सेवन गरे। रक्सीकै कारणबाट त्यही रात उनको मृत्यु भयो। लिस्नुबाट लडेर मरेको भन्ने कुरा सोही गाउँका मानिस बताउँछन्। लाश र लडेको ठाउँको प्रकृति हेर्दा लडेर मरेको देखिँदैन। लडेर मरेको ठाउँमा रगत देखिन्छ। केही मानिस कुटपिट गरी मारेको हो भन्ने धारणा राख्दछन्।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | २ | २ |
| बलात्कृत | - | - | १ |
| आत्महत्या | - | - | - |

### १.२ जेल र बन्दीहरू

यस जिल्लाको जेलको अवस्था साह्रै दयनीय छ। यहाँ सरकारी भवनको जेल छैन। ०४५ सालबाट भाडामा लिएको जेलको २१ हात लम्बाई र १८ हात चौडाई छ। सो जेल भवन पनि कच्ची अवस्थामा छ। यताउता घुम्ने र घाम ताप्ने ठाउँको व्यवस्था छैन। खाली कोठाबाट ढोकासम्म मात्र घुम्ने र बस्ने ठाउँ छ। भित्रपट्टि चर्पी छैन। दिशा पिसाबको लागि बाहिरको चर्पीमा जानु पर्छ। बन्दीहरू बिरामी हुँदा स्वास्थ्य केन्द्रमा लाने गरिन्छ। यो वर्ष भरिमा यस जेलबाट ज्यान मार्ने उद्योगमा परेका ज्ञानबहादुर शाही र प्रेमबहादुर शाही ०५१ असार २ गतेबाट तारीखमा छुटेका छन् र जबरजस्ती करणीमा परेका सत्यबहादुर कार्की ९ महिना थुनामा परी ०५० चैत २२ गतेबाट सफाई पाई जेलमुक्त भएका छन्। ०५१ भदौ २३ गतेबाट जबरजस्ती करणीमा ४ जना पूर्पक्षका लागि थुनामा परेका र हाल सोही करणी मुद्दामा जेलमा तैजेल ऐडी र मिजुर ऐडी जम्मा दुई जना थुनामा छन्। यहाँको जेलको क्षमता १० जनाको छ।

### १.३ गिरफ्तारी र यातना

०५१ भदौ ४ गते पिना गाविस-३ मा धनलाल विटाल र रामदेव रावल दुई जनाको घरायसी झगडा भयो। दुबै जनाको घरायसी झगडामा रामदेव रावलले प्रहरी चौकी रैसेडी पिनामा कुटपिटको निवेदन दिए। भोलिपल्ट रामदेवको भतिजा प्रहरी गोपाल रावलले धनलाल विटाललाई गिरफ्तारी गरे। गिरफ्तारी पछि चौकी इन्चार्जलाई जानकारी नदिई चौकीको पछाडि पट्टि लगेर निज प्रहरी गोपाल रावलले नाताको विषयलाई लिएर मेरो काकालाई किन कुटपिट गरिस् भनी लठ्ठीले तिघ्रामा, पिंढ्युमा

कुटपिट गरे। टाउकोमा समेत लठ्ठी हान्दा लठ्ठी भाँचियो। टाउकोमा धेरै चोट लाग्दा धनलाल जमिनमा लडी मूर्छा परे। कुटपिटबाट सख्त घाइते भएपछि उनलाई छाडिएको थियो।

कार्तिक १० गते चुनाव प्रचारमा आउनु भएका तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई कालो झण्डा देखाउँदा एमालेका पार्टी कार्यालय सचिव तेजबहादुर शाही लगायत अन्य केही कार्यकर्तालाई गिरफ्तार गरियो। अन्य घटनामा प्रायजसो रक्सी सेवन गरी हुल दङ्गा गर्नेलाई गिरफ्तार गरेको देखिन्छ। सामान्य कारणबाट पक्राउ परेकालाई पनि यातना दिने गरिएको पाइन्छ। यस जिल्लामा जाहेरी वा अन्य अनुसन्धानको क्रममा पक्राउ परेका मानिसलाई अन्य प्रक्रिया नअपनाई कुटपिटबाटै धेरैजसो अनुसन्धान गरिन्छ। हाल पूर्पक्षमा रहेका तैजेल ऐडी र वृद्धा अवस्थाका मिजुर ऐडी आफूलाई बयान गराउँदा प्रहरीले पैताला मुनि, पिंडौलामा र कम्मरदेखि तलको भागमा हिंड्नै नसक्ने गरी लठ्ठीले कुटपिट गरेको कुरा बताउँछन्। महिलालाई पुरुष प्रहरीले नै पक्राउ गरी लठ्ठीले कुटेको कुरा ज्यान मार्ने उद्योगमा पक्राउ परेकी उब्जी शाही र नाक्च्या शाही बताउँछन्।

०५१ कार्तिक २९ गतेको निर्वाचनमा प्रेमबहादुर मल्ल नेपाल मजदुर किसान पार्टीका उम्मेद्वार थिए। सो चुनावमा भोट किन दिएनौ भनी श्रीनगर गाविसका शिक्षक रत्नसिंह मल्लसंग प्रश्न गर्दा रत्नसिंह मल्लले प्रेमबहादुरलाई कुटपिट गरे। कुटपिट पछि उल्टै रत्नसिंहले जिल्ला प्रहरी कार्यालयमा सार्वजनिक अपराध मुद्दा दिए र सोही विषयमा जिल्ला प्रहरी कार्यालयले ०५१ मंसीर १५ गते पक्राउ गरी प्रेमबहादुर मल्ललाई हिरासतमा राख्यो। केही दिनपछि उनलाई छाडिएको थियो।

### १.४ बेपत्ता पारिएको

यस जिल्लामा प्रशासन तथा अन्य किसिमबाट बेपत्ता पारिएको कुनै घटना देखिएन। गत वर्षको मानवअधिकार वर्ष पुस्तक १९९३ मा पिना ९ निवासी गाविस अध्यक्ष टक्कबहादुर मल्ल घाइते अवस्थामा हराएको र बेपत्ता भएको भनिएकोमा निज मल्ल आफू औषधि उपचार गर्न काठमाडौं गएको कुरा बताउँछन्। उनी हाल आफ्नै घरमा रहेका छन्।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

यस जिल्लामा ज्यान मार्ने धम्की वा अन्य धम्की प्रशासनको पक्षबाट प्रत्यक्ष रूपमा भएको देखिँदैन। गाउँ घरका मानिसहरू बीच राजनैतिक रीसइबी वा अन्य कुरालाई लिएर एक आपसमा धम्की/ज्यान मार्ने धम्की दिएका घटनाहरू भेटिन्छन्।

०५१ पुस ११ गतेबाट शुरू भएको जिल्ला परिषदको बैठकमा भाग लिन आएका क्षेत्र-१ का क्षेत्रीय सदस्य लालबहादुर रोकाया १३ गते बेलुका खत्री लज गमगढीमा कोठा लिएर बेडमा सुतिरहेको अवस्थामा गमगढी बजार निवासी दानबहादुर शाही र निजका भाई ज्ञानबहादुर शाहीले कुटपिट गरे। दुबैजना पीडकलाई पक्राउ गरी हिरासतमा राखियो। पछि दुबै थरी बीच मिलापत्र भयो।

०५१ जेठ २२ गते कोहडाँडा गाविस-४ रिखिया गाउँका केही मानिसले व्यक्तिगत रीसइबी लिई श्रीनगर गाविस-३ का ५१ वर्षीय भक्तबहादुर मल्ललाई भैंसी किन्न करवी जामीरतिर जाँदा बाटोमा कुटपिट गरे। उनलाई बिनबहादुर शाही समेतले कुटपिट गरी निजसंग भएको रूपैयाँ र १ तोला सुन समेत लुटपिट गरेका थिए। पीडकहरूलाई प्रहरीले गिरफ्तार गरी कारवाही गरेको बताइन्छ।

पिना गाविस अध्यक्ष टक्कबहादुर मल्ललाई ०५१ कार्तिक १२ गते साँझ कुटपिट गरी मुर्छा पारेको ज्यानमार्ने उद्योग मुद्दा जिल्ला अदालतमा रहेको छ। हाल घरसारा मिलापत्र हुँदा पनि अझै प्रतिवादी ज्ञानबहादुर शाही लगायतकाले ज्यान मार्ने धम्की दिइनै रहेको कुरा निज मल्ल बताउँछन्।

०५१ कार्तिक २९ गतेको आम निर्वाचनको समयमा नेकपा एमाले समर्थक प्रचारप्रसार समितिका सदस्य धैन गाउँका कर्णबहादुर मल्ललाई नेपाली कांग्रेसका किम्री गाविस अध्यक्ष कार्मा सोनाम लामा, उपाध्यक्ष कर्मा चुम्बा लामा लगायतकाले ज्यान मार्ने धम्की दिनुका साथै छुरी प्रहार गरी पिंडौलामा ठूलो घाउ लगाइदिए। त्यसपछि पीडकहरू ढुङ्गामुढा प्रहार गरी भागेका थिए। डोल्फु किम्री प्रहरी चौकीका प्रहरी हवल्दार गोमबहादुर रोकाया प्रहरी जवान ईश्वरी भट्ट र पुलु गाविस अध्यक्ष छुल्ढीम लामा समेत जाँदा निजहरूप्रति पनि किम्री गाविस अध्यक्ष र उपाध्यक्षको नेतृत्वमा पुनः ढुङ्गामुढा प्रहार गरी धम्की दिइयो। पुलु गाविस अध्यक्ष घुल्डीम लामालाई नेपाली कांग्रेसबाट राजिनामा दिएर एमालेको प्रचारमा लागेको भनी प्रहरीकै अगाडि समाती कुटपिट गरियो। निजका साथी कर्णबहादुर मल्ल र प्रहरी भागेर सीमा प्रहरी चौकी मुगुमा पुगे। निज घुल्डीम लामाबाट पैसा समेत लुटपिट गरी मुर्ति चोरीको अभियोग समेत लगाइयो। तर प्रहरी नायब निरीक्षक भिमबहादुरको टोली आउँदा पीडकहरू भागेर वनमा गए। पीडित कर्णबहादुर मल्लले ज्यान मार्ने उद्योग मुद्दा र घोल्डीम लामाले सार्वजनिक अपराध मुद्दा दिएका छन्। तर प्रहरी प्रशासनबाट अझसम्म निजहरूलाई कार्वाही नभएको गुनासो पीडितहरूको छ।

### १.६ थुनामा मृत्यु

जेलभित्र कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

संविधान प्रदत्त अधिकारको उपभोग गर्ने क्रममा राजनैतिक पार्टी र संघ संगठनको क्रियाकलापमाथि प्रहरी/प्रशासनबाट हस्तक्षेप भएको पाइएन। जिल्लामा रहेका पार्टीहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), नेपाल मजदुर किसान पार्टी, राष्ट्रिय प्रजातन्त्र पार्टी लगायत सबैले अभिव्यक्ति, मेला र संगठित हुने अधिकारको प्रयोग गरिरहेका छन्। तर विपक्षी संगठनमा उभिने शिक्षकलाई सत्तारूढ पार्टीका कार्यकर्ताहरूबाट भनसुन गरी सरूवा घटुवा जस्ता पक्षपातपूर्ण काम गरेको पाइन्छ।

## २.२ धार्मिक स्वतन्त्रता

यस जिल्लामा मुख्यतया बौद्धमार्गी र हिन्दू धर्मावलम्बीहरू बसोबास गर्दछन्। बौद्धमार्गीहरूले ४३ वटा भन्दा बढी गुम्बा मन्दीर स्थापना गरी लामा चुम्बाको पूजाआजा गर्ने, लोसार जस्ता चाड पर्व मनाउन भेला हुने स्वतन्त्रता पाए पनि लामा र चुम्बाबाट प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा शोषण हुने गरेको गुनासो सुनिन्छ। त्यस्तै हिन्दू धर्मावलम्बीहरूले मठ मन्दीरमा गई पूजा आजा गरी देउडा खेल, धामी नाच हेर्ने स्वतन्त्रता पाए पनि धामी झाँक्रीबाट पनि धार्मिक निहुँले शोषण गर्ने गरेको गुनासो पाइन्छ। समाजमा अन्याय पर्दा यहाँका मानिसहरूमा प्रायजसो खसी बोका लिएर मन्दीरमा फिराद हाल्ने चलन छ। धेरैजसो मुद्दाहरू न्यायालयमा भन्दा मठ मन्दिरमा पर्दछन्। धामीको आदेश अनुसार वादी प्रतिवादीले तारिख फेर्ने काम पनि हुन्छ। प्रायः जसो मुद्दा धामी, डाँग्री, लामा चुम्बाद्वारा नै फैसला गरिन्छन्।

धार्मिक कारणबाट यहाँ कुनै झैझगडा भएको र अन्य ढंगले मानवअधिकारको हनन गरिएको पाईंदैन।

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

प्रत्यक्ष रूपमा एकले अर्काको राजनैतिक स्वतन्त्रतामाथि हनन गरेको घटना पाइएन। तर गाउँका ठूला ठालुहरूले आफू लागेको दलभन्दा फरक दलको सदस्यता लिनेलाई धाक धम्की दिने काम गरेको भने भेटिन्छ। अशिक्षा र अन्धविश्वासको कारणले धेरैजसो मानिस धामी, लामा, चुम्बाको विश्वास गर्ने हुँदा केही राजनैतिक नेताले धामी झाँग्रीको आधारमा खसी बोका दिएर, मासु लगायतका अन्य चीजहरू खुवाएर र बौद्ध धर्मावलम्बीलाई लामाद्वारा पुस्तक बोकाएर धार्मिक बन्धनमा पारी बाध्यतावस जनताको भोट लिने काम गरेको पनि पाइन्छ।

०५१ कार्तिक २३ गते मुगु जिल्लाको किम्री गाविसमा नेकपा एमाले समर्थक पुलु गाविस अध्यक्ष घुल्डीम लामा र धैन गाउँ निवासी कर्णबहादुर मल्लले एमालेको चुनाव प्रचार प्रसार गर्न करान क्षेत्रमा पुगेका थिए। चुनाव प्रचार प्रसार गर्दै जाँदा नेपाली कांग्रेसबाट विजयी गाविस अध्यक्ष कामी सोनाम र उपाध्यक्षले समेत करान क्षेत्रभरी प्रचार प्रसार गर्ने अधिकार छैन भनी कर्णबहादुर मल्ललाई प्रहार गरी घाइते बनाए। त्यसपछि पनि उनीमाथि ढुङ्गामुढा समेत प्रहार गरियो। त्यसपछि भागेर डोल्फु प्रहरी चौकी पुग्दा ज्यान बचाउन सफल भएको मल्ल बताउँछन्। त्यसपछि प्रहरी लिएर जाँदा पुनः प्रहरी समेतलाई ढुङ्गामुढा प्रहार गरी सँगै गएका पुलु गाविस अध्यक्ष छोल्डीम लामालाई बाँधेर दिशा पिसाब गर्ने दुर्गन्धित ठाउँमा राखी पीडकहरूले कुटपिट गरेका थिए।

०५१ कार्तिक २९ गते सम्पन्न निर्वाचनमा हत्या र गोली चल्ने जस्ता घटना घटेनन्। यस जिल्लामा भएका नेपाली कांग्रेस, नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदुर किसान पार्टी समेतका सबै पार्टीले आमसभा जुलुस गर्ने स्वतन्त्रता पाए। प्रचार प्रसारको अभियानमा कांग्रेसका उम्मेद्वार हस्तबहादुर मल्ललाई नाथर्पु गाविसमा प्रचार गर्दा एमाले समर्थकले झगडा गर्न खोजेको र खत्याडमा कालो झण्डा समेत देखाएको कांग्रेसका कार्यकर्ता बताउँछन्। नेकपा एमाले समर्थक पुलु गाविस अध्यक्ष र प्र.रा.यु.संघका सदस्य कर्णबहादुर मल्ललाई करान क्षेत्रमा प्रचार प्रसार गर्न जाँदा निजहरूमाथि नेपाली कांग्रेस समर्थक किम्री गाविस अध्यक्ष कार्मा सोनाम लामा र उपाध्यक्ष कार्म चुम्बा लामाले निजहरूलाई हिंड्ने सार्वजनिक बाटोमै कुटपिट गरी छुरी प्रहार समेत गरे।

निर्वाचनको अवधिमा प्रशासनको भूमिका प्रत्यक्ष रूपमा नदेखिए पनि आन्तरिक रूपमा पूरै नेपाली कांग्रेस पक्षमा लागेको देखियो। कांग्रेसका उम्मेद्वार तत्कालीन शिक्षा संस्कृति तथा समाजकल्याण सहायक मन्त्री भएका हुनाले उनकै सुरक्षामा मात्र प्रहरी खटिनुका साथै जनतालाई त्रास पनि दिइयो। चुनावकै अवधिमा सहायक प्रमुख जिल्ला अधिकारीले चामल र नून वितरण गर्दा कांग्रेसलाई भोट दिनु भन्नुका साथै कांग्रेस समर्थकलाई मात्र चामल, नून वितरण गरियो। यसका साथै चुनाव सुपरीवेक्षणमा गएका सहायक प्रजिअ, इन्स्पेक्टर समेतकाले नेपाली कांग्रेसलाई भोट देउ भन्ने प्रचार प्रसार समेत गरे भने स्थानीय विकास अधिकारीले चुनावमा प्रभाव पार्नको लागि पाईप, धारा, कुलो, सिमेन्ट, जस्ता सानातिना योजना दिने काम गरे।

करान क्षेत्रका ५ वटा गाविसका अधिकांश, डोल्फु किम्री, मह, माग्री, चिसैका बुथमा एकलौटी भोट खसाल्नुका साथै मरेका मानिस, विदेशमा गएका, मतदान केन्द्रमा उपस्थित नभएका व्यक्तिका नामबाट समेत भोट खसालियो। मुगु बुथमा २९ गते आधा भोट खसालिए पछि झगडा भई चुनाव रोकियो। ३० गते पनि विरोध हुँदा मंसीर ५ गते मात्र निर्वाचन भयो।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

समाजमा घटेका घटना जनतामा व्याप्त रूढीवाढी संस्कारले गर्दा न्यायालयमा नगई धामी झाँक्री र गाउँका सामन्ती ठालुकहाँ पुग्ने र उचित न्याय निसाफ नगरी केवल घोडाभेडा प्रथाद्वारा निसाफ दिने प्रथाले गर्दा समाजका विभिन्न समुदाय उचित न्यायबाट वञ्चित देखिन्छन्। यति मात्र नभई न्यायालय समक्ष पुगेका तर दर्ता नभएका घटनालाई पनि गाउँका ठालुले देवतालाई साक्षी राखेर न्याय दिने नाममा मुद्दा फिर्ता लिन लगाउने गरेका छन्। दर्ता भएका मुद्दामा पनि बढी मात्रामा मिलापत्रबाटै फैसला गरेको देखिन्छ।

जिल्ला अदालतमा निमित्त न्यायाधीश रहनु भएका हरिबहादुर महतका अनुसार यस वर्ष जिल्ला अदालतमा जम्मा १ सय ९ वटा मुद्दा दर्ता भए। त्यसमा सरकारवादी ७ वटा छन्। यो वर्ष जम्मा २१ वटा मुद्दा मात्र किनारा लागेको, भौगोलिक कठिनाईका कारणले प्रमाण बुझ्न ढिलो हुने गरेको, जिल्लामा न्यायाधीश एकजना मात्र भएको, न्यायाधीश धेरैजसो समय जिल्लामा नरहने गरेको जस्ता कुराले जनताले न्याय ढिलो पाउने गरेको देखिन्छ। यसै सिलसिलामा गत वर्षमा जबरजस्ती करणी मुद्दामा परेका सत्यबहादुर कार्की पूर्पक्षको सिलसिलामा नै न्यायाधीश नहुनाले ९ महिनाभन्दा बढी थुनामा परी सफाई पाएको बताउँछन्।

प्रमुख जिल्ला अधिकारी काशीनाथ शर्मा जिल्लामा बलात्कार, जारी, बाल विवाह, बहुविवाह जस्ता घटना बढी घट्ने गरेको तर यस्ता घटना न्यायालयमा दर्ता नभएको दाबी गर्दै यस वर्ष प्रशासन कार्यालयमा भ्रष्टाचार सम्बन्धी ६ वटा, सार्वजनिक अपराधका २ वटा र हातहतियार खरखजाना सम्बन्धी १ वटा मुद्दा दर्ता भएको बताउनु हुन्छ।

प्रहरी अधिकृत मोहनकृष्ण जोशीका अनुसार यस वर्ष जिल्ला प्रहरी कार्यालय मुगुमा जम्मा ७ वटा घटना दर्ता भएका थिए।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस जिल्लामा प्रशासनिक निकायबाट प्रत्यक्ष रूपमा राजनैतिक आरोप लगाएर सरूवा घटुवा र पक्षपात गरेको नदेखिए पनि अप्रत्यक्ष रूपमा केही प्रशासकले तत्कालीन सत्तारूढ दल नेपाली कांग्रेसका कार्यकर्ताको दबावबाट शिक्षक कर्मचारीलाई घटुवा सरूवा र पक्षपात गरेको नेकपा एमालेका पार्टी सचिव चन्द्रबहादुर शाही बताउँछन्। नेपाली कांग्रेसका जिल्ला पार्टी अध्यक्ष तथा अन्य कार्यकर्ताका अनुसार साधरण मनसुन भए पनि प्रत्यक्ष दबाव दिइएको छैन। अपायक सरूवा, घटुवामा परेका शिक्षकहरूमा सोनाम गुरू लामा, टेकनाथ शर्मा, कृष्ण मुरारी भट्ट आदि हुनुहुन्छ। यस्तै अस्थायी तथा स्थायी शिक्षक भर्ना गर्दा नेपाली कांग्रेस समर्थकलाई मात्र रोजगारीको अवसर दिएको र शिक्षक संघको सदस्य बन्न लगाइएको कुरा पीडितहरू बताउँछन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यहाँ भूमिहीन परिवार कमै भए पनि कतिपय व्यक्तिले उब्जनी नहुने पाखो रूखो जग्गाको कारणले भारतमा गई कुल्ली काम गरी जीवनयापन गर्ने गरेको देखिन्छ। यहाँका किसानलाई बाह्र महिना काम गर्दा ६ महिना पनि खान लाउन पुग्दैन। तापनि ९८ प्रतिशत भन्दा बढी जनता पशुपालन र कृषिमा आधारित छन्। जिल्लाका विभिन्न भागमा विभाजित ६ हजार ८ सय ४४ परिवारमा जम्मा १ सय ४० परिवारका १ हजार ८ सय १६ परिवार भूमिहीन तथा सुकुम्बासी समस्याको चपेटामा पिल्सिएका छन्। केही नागरिक राष्ट्रिय निकुञ्ज राराले पाखो जग्गा अधिग्रहण गरेको र निकुञ्ज भित्रका बँदेल, भालु, बाँदर जस्ता वन्यजन्तुले किसानको बाली नोक्सान गर्ने गरेकाले त्यसबाट पनि आफूहरू पीडित रहेको बताउँछन्।

## ४. महिला अधिकार

चेतनाको कमी, गरीबी, शिक्षाको कमी लगायत महिलाप्रति हेर्ने समाजको सामन्ती दृष्टिकोणका कारण महिलाहरू धेरै नै पीडित छन्। समाजका कुचलन र कुसंस्कारले गर्दा महिला अधिकार हरण मात्र हैन पशुतुल्य जीवन बिताउन महिलाहरू विवश छन्। छोरी पढाएमा पोइल जाने, कुसंगतमा लाग्ने भन्ने चलनले छोरी पढाउने काम गरिँदैन। छोराभन्दा छोरीलाई भिन्न रूपमा हेरिन्छ।

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

यो वर्ष यस जिल्लामा विदेशमा लगेर महिला किनबेच गरेको घटना देखिएन। तर समाजका कुचलन अनुसार छोरी अर्कालाई विवाह गरी दिने, ज्वाईंबाट सो छोरीको धन रूपैयाँ खाने चलन र एउटाकी पत्नी अर्काको पोइल जाँदा जारी काटी रूपैयाँ धनमाल ल्याउने प्रथाले गर्दा महिला किनबेचको घटना यहाँ हुने गरेको मान्नु पर्ने हुन्छ।

राती गोठ तथा एकान्त ठाउँमा गई दोहरी देउडा खेल खेल्ने चलनले बलात्कारका घटना हुने गर्दछन्। हीनताको कारण वा कुलको इज्जत मान्ने चलनले गर्दा घटनाका बारेमा प्रत्यक्ष रूपमा जाहेरी गरेको भेटिँदैन। थाहा भएका केही मुद्दा पनि गाउँका ठालुले घोडाभेडा प्रथाद्वारा छिनोफानो गराउँछन्। त्यस्ता क्रियाकलापबाट पीडित महिलाले देवतासंग पुकार गरी न्याय माग्ने चलन पनि छ। यस वर्षमा यस जिल्लाको जिल्ला अदालतमा भएको जबरजस्ती करणी मुद्दा अनुसार रोवा गाविस-४ बस्ने वर्ष १३ की बालिकालाई लखु गाई स्वर्कमा ५५ वर्ष भन्दा बढी उमेरका वृद्ध मिजुर ऐडी, ३९ वर्षका तैजेल ऐडी, वर्ष १४ का शेरसिंह भग्री, वर्ष १३ को भईबहादुर भग्रीले करणी गरी योनी समेत च्याती, मुर्छा पारी दिएका थिए। निज ४ जनामा दुईजनालाई थुनी कारवाही चलाइएको छ र दुईजना धरौटीमा छुटेको थाहा भएको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

दोहरी प्रथाका कारणले जारी र बहुविवाह प्रथा कायम छ। अर्काकी पत्नीसंग खेल्न जाने, अनैतिक सम्बन्ध राखी अर्काको पोइल जाने र पुरानो पतिले केटी लिने केटाको गाउँघरमा गई दुबै पक्षका ठालुले मिलोमतो गरी सो केटीको मूल्य वापत ५/१०. हजार देखि ५० हजारसम्म जारी काटी रूपैयाँ लिने चलन छ। एउटै केटी धेरै पटक अर्कासंग पोइल जाने चलन छ तर जति बढी पोइल गयो त्यतिकै अनुसार जारीको मोल घट्ने चलन छ।

नाथपु गाविस जडेपानी गाउँका दिलबहादुर मल्लले जेठी पत्नी र केटाकेटी समेत घरमा हुँदाहुँदै ०४६ सालमा फोतु गाउँ निवासी गोरेबहादुर बुढाकी पत्नी सिंगसरा बुढालाई भित्र्याए। निज दिलबहादुर मल्ललाई मोतु गाविस-४ बस्ने सिंगबहादुर शाहीले बहुविवाह मुद्दा दिंदा निज दिलबहादुर मल्लले बहिनी नाता पर्छ, मैले लगेको हैन भनी प्रतिवादी लगाई सफाई दिए। तर हाल ती केटीलाई जैर गाविसका भीमबहादुर बुढाले लगेपछि निज दिलबहादुर लगायत कृष्णबहादुर शाही, धर्मबहादुर शाह, जनकबहादुर मल्ल समेतका व्यक्तिहरू भीमबहादुर बुढाको घरमा गई जारी दिनु पर्छ भनी धाक धम्की समेत दिए। जारी काट्ने भनी धनमाल लिएर आउँदा बीच ठाउँमा अफबहादुर बुढा र नरवीर रावत लगायतकालाई कुटपिट गरियो। उनीहरूलाई बाँधेर घरमा राखी धम्क्याइयो। सो धाक धम्कीबाटै ८० हजारको जारी तिराई निज दिलबहादुर शाहीले लगे।

पिना गाविस-२ का सिंगबहादुर मल्लकी पत्नी कोइप्या

मल्ल सोही गाउँका तिलकबहादुर शाहीसंग ५१ असोज महिनामा पोइला जाँदा निज सिंगबहादुर मल्लले हाडनाता, चोरी गहना र जारी मुद्दा जिल्ला अदालतमा दर्ता गरेका थिए। निज कोइय्या मल्लबाट ४ वटा केटाकेटी समेत भएका थिए। सो जारीमा यही ०५१ पुस १७ गतेतिर गाउँका घोडा र भेडा प्रथाबाट चिनिने ठालुहरूले दुबैथरीलाई मिलापत्र कागज जिल्ला अदालतमा दिन लगाई सो केटी लिने तिलकबहादुर शाहीबाट आधा जग्गा, भेडा बाख्रा र नगद रूपैयाँ समेत गरी ४० हजार भन्दा बढी जारी तिराएका थिए। निज तिलकबहादुर मल्ल हाल घरबार बिहीन अवस्थामा छन्।

रारा गाविस आँशिधाराका रामलाल रोकायाले ५/६ वर्ष अघि रूगा गाविस-९ की केउडा भण्डारीलाई विवाह गरेर घरमा राखेका थिए। तर रामलाल रोकायाले तराईतिर जागीरे भई गएपछि अर्की पत्नी विवाह गरे। उनका दुईवटा बच्चा भइसकेका थिए। अर्की पत्नी ल्याएको कारणबाट निज केउडा भण्डारी रूगा गाविस-८ फोइपाटा गाउँमा शुकबहादुर वडवालसंग पोइल गएकी थिइन्। हाल निज रामलालले शुकबहादुर भण्डारीसंग समय समयमा गरी ५० हजारसम्म जारी माग गरेपछि केटी केउडा भण्डारीले प्रमुख जिल्ला अधिकारीकहाँ ठाडो उजुरी निवेदन दिंदा ०५१ पुस ४ गते जारी नतिर्ने गरी कागज समेत गराएको देखिन्छ।

यस्ता घटना यो वर्ष ३० वटा भन्दा बढी भएको देखिन्छ।

### ४.३ गर्भ पतन

यस जिल्लामा गर्भपतनका घटना कानूनी निकायमा आउँदैनन्। गाउँघरमा एक अर्का बीच केटा र केटीले सम्बन्ध गरी गोप्य रूपमा गर्भपतन गर्ने चलन पनि पाइन्छ। यस्तो गर्भ पतन गर्दा प्रायजसो स्थानीय औषधी वा तरीकाबाट कसैलाई थाहा नहुने गरी गर्भपतन गरिन्छ।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल अधिकारहरूको विभिन्न दृष्टिकोणबाट हनन भइरहेको छ। बालबालिकालाई घरको काममा लगाउने, घरमा काम गर्न राख्ने प्रचलन रहेको छ। बालिकालाई पठन पाठनमा लगाइँदैन। समयमा स्वास्थ्य उपचार र पोषणयुक्त खानाको अभावले कतिपय बालबालिकाको मृत्यु समेत हुने गरेको पाइन्छ।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस जिल्लामा गरीबी र बेरोजगारीको समस्याले गर्दा कम ज्यालामा श्रमिकको श्रम लुटिएको देखिन्छ। उचित पारिश्रमिक नपाउने हुनाले भारततिर गई कुल्ली काम गर्ने प्रचलन पनि छ। यहाँ चलेको ज्यालाले यहाँको महंगी अनुसार बिहान बेलुकी खाना समेत नपुग्ने अवस्था छ।

यस सम्बन्धमा उल्लेख्य घटना भने देखिएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

कर्णाली अञ्चलमा नै प्रख्यात हलिया प्रथा यस जिल्लामा पनि कतै कतै देखिन्छ। यहाँ कमैया/बाँधा र दासत्व प्रथा नभए पनि हलिया प्रथाले केहीलाई पीडित बनाएको छ। यो प्रथा बाइसे चौबिसे टाकुरे राजाको पालादेखि चली आएको बताइन्छ। यस प्रथामा धेरैजसो तल्लो जातिका कामी जातिलाई शाही, शाहा, अन्य ठकुरी तथा ब्राम्हणबाट नै जग्गा जोत्ने काममा लगाइन्छ। हलियाले अनिवार्य रूपमा प्रत्येक वर्षको खेत पाखा जोत्ने काम गर्नु पर्ने हुन्छ। बाबुको मृत्युपछि पनि उसको छोरा हलिया लाग्ने चलन छ। प्रायः जसो यस्तो चलन पुराना सामन्ती हैकमवादी परिवारमा मात्र सीमित रहेको देखिन्छ। गरीबी र बेरोजगारी समस्याले गर्दा कुनै मानिस खान र लाउनको लागि मात्र अर्काको घरमा गई बाँधा बसेको पनि यदाकदा भेटिन्छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

छुवाछूत प्रथा कर्णाली अञ्चलभरि नै प्रचलित छ। यस जिल्लाको कुल जनसंख्या ३६ हजार ४ सय ४५ मा निम्न जातिको जनसंख्या ६ हजार ६ सय ३४ छ। यो प्रथाबाट सार्वजनिक भोज भतेर गर्दा, पानी पिउँदा देखि अन्य कुरामा पनि रोक लगाइन्छ। तल्लो जातिको मानिस संगसँगै बसेमा आफ्नो घरमा जाँदा वा केही खाने कुरा खाँदा पानीको छिटो हालेर खाने चलन छ। यस अनुसार विद्यालयका छात्राबासमा बस्दा, होटलमा खाँदा बस्दा पनि कथित अछूतहरूलाई अलग्याएको देखिन्छ। यति मात्र नभई तल्ला जाति कामी र उच्च जातिका केटाकेटी बीच वैवाहिक सम्बन्ध वा बच्चा जन्माउने जस्ता कार्य भएमा उच्च जातको समाजबाट छुट्याउने गरिन्छ भने केही यस्ता सम्बन्ध राखेका मानिसलाई पछि गएर गाउँका ठालुले घोडा भेडा प्रथाबाट समाजमा चलाउने चलन पनि रहेको पाइन्छ। यस्तै घटनामा परी मर्कामा परेका पिना गाविस होत्ला गाउँ निवासी अंकबहादुर शाही ठकुरीलाई ६, ७ वर्षसम्म समाजबाट अलग गराइयो। तर हाल गाउँका ठालुले खसी खाएर समाजमा पानी चलाएको देखिएको छ। त्यसैगरी सोही ठाउँका धिरबहादुर शाहीप्रति पनि तल्ला जातकी आईमाईसंग अनैतिक सम्बन्ध राखेको शंकाको आरोपमा समाजबाट छुट्याएको तर गाउँका ठालुले घोडा भेडा प्रथा अनुसार दुईवटा खसी काटेर खाई सकेपछि निजको पानी समाजमा चलाएको जस्ता घटनाहरू थुप्रै हुने गर्छन्।

यतिमात्र नभएर समाजमा दुई पटक पोइल गएकी (दुई पोइले) महिलाले पकाएको दालभात नखाने गरेको र जनै डोरी नफुण्ड्याएको मर्द एवं कोट टोपी जुत्ता नफुकाली खाना खानेहरूको भान्सा बहिष्कार गरेको देखिन्छ। तल्ला जातिका शिक्षक कर्मचारी तथा सिपाहीहरूलाई गाउँ घरमा गई बस्दा घुम्दा अप्ठ्यारो पर्ने गरेको केही कर्मचारी बताउँछन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लाका घटना सम्बन्धमा कुनै प्रतिक्रिया/वक्तव्य प्रकाशित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

यस सम्बन्धमा कुनै घटना देखा परेन। ■



# ४. मध्यपश्चिमाञ्चल

# कर्णाली

## ४.१५ हुम्ला

जनसंख्या : ३४३८३

साक्षरता : १९.५ प्रतिशत

महिला साक्षरता : ४.५ प्रतिशत

क्षेत्रफल : ५६५५ वर्ग कि.मी.

नेपालको उत्तर-पश्चिमी सीमानामा पर्ने हुम्ला जिल्ला ५ हजार ६ सय ५५ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको छ। प्राकृतिक सम्पदाको धनी यस जिल्लाका जनतामा राजनैतिक चेतनाको अभाव देखिन्छ। शिक्षाको उज्यालो प्रकाशबाट धेरै जनसंख्या वंञ्चित भएको कारण होला यहाँ मानवअधिकारको चेतना न्यून पाइन्छ। २७ वटा गाउँ विकास समितिमा विभाजित यो जिल्लाको जनसंख्या ३४ हजार ३ सय ८३ छ। जिल्लाभरीमा ४ वटा माध्यमिक विद्यालय, १५ वटा निम्नमाध्यमिक विद्यालय र ७० वटा प्राथमिक विद्यालयहरू छन्। हेल्थ सेन्टर, हल्थपोष्ट तथा स्वास्थ्य चौकीको संख्या जम्मा १८ छ।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

बरगाउँ गाविस-१ का ५० वर्षीय आङदोर्जे लामाको कुटपिटबाट मृत्यु भयो। मृतक लामा र नोप्चाङ्ग लामा बीच जग्गा सम्बन्धी विवाद बढेर गएको थियो। सो रीसइबीमा आङ दोर्जे पानी लिन गएको मौका पारी नोप्चाङ्ग लामा, उनका छोरा सुनाम लामा, भैरवबहादुर लामा, आङ दोर्जेकी पत्नी रगु लामा समेत भई ढुङ्गाले हानी गम्भीर घाइते बनाएका थिए। हुम्ला जिल्ला अस्पतालमा उपचार गर्दा गर्दै ०५१ मंसिर १७ गते राती उनको मृत्यु भएको थियो। अभियुक्तहरूलाई जिल्ला अदालतले पूर्पक्षका निम्ति थुनामा राख्ने आदेश गरेको छ। तर भैरवबहादुर लामालाई धरौटीमा रिहा गरिएको छ।

### १.२ जेल र बन्दीहरू

हुम्ला जेल "ष" श्रेणीको हो। अन्य जेलहरूमा झैं जेलको सम्पूर्ण जिम्मेवारी जेलरले सम्हालेका छन् भने सुरक्षा अधिकारीमा प्रहरीहरू छन्। यो वर्ष यस जेलमा ३ जना थुनुवा र २ जना बन्दीहरूलाई राखिएको थियो। यस जेलमा राजनैतिक बन्दीहरू छैनन्। बन्दीहरूले वर्षमा दुईपटक लुगाफाटो पाउँछन् भने २ वर्षको एक पटक ओढ्ने ओछ्याउने वितरण गरिन्छ। दैनिक ६ रूपियाँको दरले पैसा दिइने यस जेलमा स्थानीय तहमा उपचार नहुने भएमा कारागार व्यवस्थापन विभागको स्वीकृतिमा नेपालगञ्ज उपचार गर्न पठाइन्छ।

### १.३ गिरफ्तारी र यातना

गिरफ्तारी र यातना सम्बन्धी घटना यो जिल्लामा यस वर्ष प्रकाशमा आएन।

### १.४ बेपत्ता पारिएको

बेपत्ता पारिएको घटना जानकारीमा आएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

०५१ मंसीर ८ गते राती करिब ११ बजेको समयमा अकिलबहादुर कार्कीलाई सिमिकोटका कालीबहादुर महतको घरमा डेरा गरी राती सुतिरहेको अवस्थामा गम्भीर घाइते हुने गरी कुटपिट गरिएको थियो। कुटपिट गर्ने भनी आशंका गरिएकाहरूमा प्रेमबहादुर शाही मुख्य छन्। पीडितका अनुसार उनी कांग्रेस समर्थक भएको कारण जनमोर्चा समर्थकहरूबाट यसो गरिएको हुन सक्छ।

०५१ पुस ८ गते शुक्रबार हुम्ला जिल्ला विकास समितिका लेखापाल नरसिंह ठगुन्नाले अफिस समयमा मादक पदार्थ सेवन गरी गएका थिए। जनताले काम चाँडो गर्नु पर्‍यो भन्दा म कसैको नोकर हैन भन्दै ठाडो जवाफ दिएकोले आपसमा भनाभन भएको थियो। यस्तैमा नेपाल मजदूर किसान पार्टीका जिल्ला अध्यक्ष लोकबहादुर रोकाया बोल्न लाग्दा ठगुन्नाले हातपात गरेका थिए। त्यसपछि दोहोरो

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | - |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | - | - |

कुटपिट भएको थियो। तर भोलिपल्ट दुबैबीच मेलमिलाप भएको थियो।

बरगाउँ गाविस-२ का चित्रबहादुर लामालाई मान्छे चिन्हमा मतदान नगरी सूर्य चिन्हमा मतदान गरेको आरोपमा ३० मिनेट जति ट्वाइलेटमा थुनिएको थियो। त्यसरी थुन्नेहरूमा सिमीकोट गाविस बस्ने अदानसिं रावत र सोही ठाउँ बस्ने कृष्ण वोहरा थिए। उनलाई ट्वाइलेट भित्र थुनिएकोमा भूतपूर्व सांसद छक्कबहादुर लामाले विरोध गरेका थिए।

**१.६ थुनामा मृत्यु**

थुनामा कसैको मृत्यु भएन।

**२. मौलिक अधिकार**

**२.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार**

यस सम्बन्धमा कुनै घटना भएन।

**२.२ धार्मिक स्वतन्त्रता**

यहाँ धार्मिक सहिष्णुता कायम छ।

**२.३ राजनैतिक स्वतन्त्रताको अधिकार**

०५१ साल कार्तिक ३ गते विहीवार श्रीनगरस्थित सूर्योदय माध्यमिक विद्यालयमा मध्यावधी निर्वाचनको सिलसिलामा कांग्रेसद्वारा आमसभाको कार्यक्रम आयोजना गरिएको थियो। तर आमसभा हुन सकेन। आमसभा बिथोलेको आरोप कांग्रेसले एमालेलाई लगाएको छ तर एमाले आफूले सो आमसभा नबिथोलेको बताउँछ।

श्रीनगर गाविस बस्ने राजेन्द्र वुमीको छोरा वर्ष ३५ को भौरे वुमी र निजकी पत्नी वर्ष ३० की सुगाती वुमीलाई ०५१ कार्तिक २९ गते रूखमा भोट हाल्नु भनी गाउँका मानिसहरूलाई पैसा बाँडेको आरोपमा एमाले समर्थकहरूले कुटपिट गरे। बाहिर सबैले देख्ने गरी मतदान गर्न भनिएकोमा उनीहरूले नमानेपछि कुटपिट गरी बेहोस पारिएको थियो।

०५१ कार्तिक २९ गते भएको निर्वाचनमा ख्वार्पुनाथ गाविस बस्ने नरबहादुर शाहीले सोही ठाउँ बस्ने जीतबहादुर शाहीलाई हातपात गरी वुथबाट लखेटेका थिए। हातपात गर्ने नरबहादुर शाही त्यहाँ पर्यवेक्षकको रूपमा उपस्थित भएका थिए।

०५१ मंसीर २ गते करिब ३ बजे कालिका गाविस-२ का कलबहादुर हमाललाई सोही गाविस-४ का रावदान लामाले सिमीकोट स्थित सैपाल होटलमा पिटी घाइते बनाएका छन्। निज लामाले चिया पसलमा चिया खान जाउँ भनी होटलमा पुऱ्याएर पिटेका थिए। पीडकउपर सार्वजनिक अपराध तथा सजाय ऐन अन्तरगत कारवाही चलिरहेको छ।

**२.४ सुगम र निष्पक्ष न्यायिक अधिकार**

यस सम्बन्धमा कुनै घटना भएको देखिएन।

**२.५ सरूवा / घटुवा / पक्षपात आदि**

यस सम्बन्धी पनि कुनै घटना प्रकाशमा आएको भेटिएन।

**३. भूमिहीन तथा सुकुम्बासी समस्या**

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासीहरूको समस्या प्रत्यक्ष रूपमा देखिँदैन।

**४. महिला अधिकार**

**४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना**

महिलाहरूको किनबेच तथा बलात्कार र एड्स पीडितका घटनाहरू सार्वजनिक रूपमा देखा परेको पाइएन।

**४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत**

रारा गाविस बस्ने रामलाल रोकाले केउडा भण्डारीलाई विवाह गरी ल्याएका थिए। निज रामलालले तराईमा पुनः अर्की पत्नी विवाह गरेपछि उनी सौतामा बस्न मन नपराई रुगा गाविस बस्ने शुक्रबहादुर वडुवालसंग पोइल गएकी थिइन्। उनी पोइल गएपछि अहिले रामलाल रोका ५० हजारसम्म जारी मागी रहेका छन्। तर प्रशासनले जारी लिने छैन भनी कागज गराएपछि हाल उनी चुपचाप छन्।

**४.३ गर्भ पतन**

गर्भ पतनका घटनाहरू प्रकाशमा आएनन्।

**५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)**

शिक्षा, स्वास्थ्य जस्ता विषयहरूबाट यहाँका बालबालिकाहरू वञ्चित छन् तर पनि बाल अधिकार उल्लंघनका उल्लेख्य घटनाहरू प्रकाशमा आएका छैनन्।

**६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)**

आर्थिक अधिकार उल्लंघन भएका उल्लेख्य घटनाहरू यस वर्ष पाइएको छैन।

**७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू**

**७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि**

लुप्त रूपमा कतिपय समस्याहरू रहेका भए पनि उल्लेखनीय रूपमा कुनै घटना प्रकाशमा आएका छैनन्।

**७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत**

सर्किदेउ गाविस-५ बस्ने वर्ष २१ का चक्र रावतले सोही गाविस-८ बस्ने वर्ष १९ की जड्यानी कामीलाई विवाह गर्ने हेतुले भगाई इण्डिया तर्फ लान लाग्दा ६ दिनपछि इलाका प्रहरी चौकी कुण्डा कोल्टीले पक्राउ गरी जिल्ला प्रहरी कार्यालय सिमीकोटमा बुझाएको थियो। इण्डिया तर्फ भाग्नु पर्ने विवशता बताउँदै जड्यानी कामी भन्छिन् "हाम्रो जात मिलेन अन्तरजातिय विवाह गर्न सामाजिक मान्यता नभएकोले हामी भागेका हौं।" तर अहिले केटाकेटी आ-आफ्ना घरमा छन्। स्थिति सामसुम भएको छ तर केटा आफू ती केटीलाई उत्तिकै माया गर्ने कुरा बताउँछन्।

**८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि**

कुनै पनि घटनाको सम्बन्धमा वक्तव्य र टिप्पणीहरू उपलब्ध भएनन्।

**९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)**

मानवअधिकारसंग प्रत्यक्ष असम्बन्धित तर महत्वपूर्ण घटनाहरू यो वर्ष देखा परेको पाइएन। ■



# सुदूर पश्चिमाञ्चल

| | | | |
|---|---|---|---|
| ५.१ | कैलाली | ५.६ | कञ्चनपुर |
| ५.२ | अछाम | ५.७ | डडेलधुरा |
| ५.३ | डोटी | ५.८ | बैतडी |
| ५.४ | बाजुरा | ५.९ | दार्चुला |
| ५.५ | बझाङ्ग | | |



# ५. सुदूरपश्चिमाञ्चल

## सेती

## ५.१ कैलाली

जनसंख्या : ४१७९९१

साक्षरता : ३०.० प्रतिशत

महिला साक्षरता : १४.९ प्रतिशत

क्षेत्रफल : ३२३५ वर्ग कि.मी.

थारू जातिको बाहुल्यता रहेको सुदूरपश्चिमाञ्चलको कैलाली जिल्लामा ४४ वटा गाविसहरू छन्। यस जिल्लालाई यातायातको दृष्टिकोणले सुगम नै मान्नु पर्ने देखिन्छ। डडेलधुरा राजमार्ग यही जिल्लाबाट शुरू हुन्छ। शैक्षिक तथा सामाजिक दृष्टिकोणले निक्कै पिछडिएको मान्नु पर्ने यस जिल्लामा मानवअधिकार उल्लंघनका छिटफुट घटनाहरू भएका छन्। मानवअधिकारका दृष्टिकोणले गम्भीर उल्लंघनका रूपमा लिइने कमैया प्रथाले यो जिल्लालाई मानवअधिकारको सन्दर्भमा लज्जित बनाएको छ।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

सुगुरखाल गाविस-७ का एकै परिवारका ५५ वर्षीय हर्कबहादुर बगाले मगर, ३९ वर्षीय अम्बिका बगाले मगर, ३ वर्षीय डम्बरबहादुर बगाले मगर, ७ वर्षीय रामबहादुर बगाले मगर, १२ वर्षीय लक्ष्मण बगाले मगर र १७ वर्षीय दिलबहादुर बगाले मगरलाई स्थानीय कर्मबहादुर सिजाली मगरले ०५१ पुस ९ गते राती १२ बजे खुकुरी प्रहार गरी हत्या गरे। उक्त दिन पीडक कर्णबहादुर मध्यरातमा ऋण माग्ने नाममा आफ्नो घरमा आएको देखी पीडितहरू चोर चोर भनी कराउन थाले। त्यही नै बेला हर्कबहादुर बगाले मगरको सिरानीमुनि राखेको खुकुरी झिकी पीडकले सबैको हत्या गरेका थिए। हाल पीडकलाई थुनामा राखी कारवाही चलाइएको छ।

यस बाहेक अन्य ७ वटा हत्या सम्बन्धी घटना जिल्ला प्रशासन कार्यालयमा दर्ता भएको देखिन्छ। तर ती ७ वटा हत्या सम्बन्धी घटनाको विस्तृत जानकारी प्राप्त हुन सकेन।

### १.२ जेल र बन्दीहरू

७५ जना बन्दी अट्न सक्ने क्षमता भएको यहाँको जेलमा अहिले पनि क्षमताभन्दा बढी बन्दीहरू राखेको पाइन्छ। कहिलेकाहीं शारीरिक यातना दिने गरेको कुरा बन्दीहरू बताउँछन्। यहाँको जेलमा रहेका एकजना बन्दी ३० वर्षीय मोतीराम चौधरीको ०५१ जेठ २४ गते मृत्यु भयो। कैलालीस्थित अस्पतालमा उपचार हुँदाहुँदै उनको मृत्यु भएको थियो।

### १.३ गिरफ्तारी र यातना

चौमला गाविस-३ गुप्का घर भै हाल क्षेत्रीय बाली संरक्षण प्रयोगशाला धनगढीमा कार्यरत भद्रप्रसाद चौधरीलाई ०५० चैत १७ गते साँझ ४.३० बजे कालीचरण चौधरीको उजुरी बमोजिम गिरफ्तार गरियो। उनलाई सरजु चौधरीलाई विष खुवाएर मारेको आरोप लगाइएको थियो। गिरफ्तारीपछि उनलाई कठोर यातना दिइएको थियो। पीडितका अनुसार प्रहरी इन्सपेक्टर हरिबहादुर पाल, लगायतका अन्य प्रहरीहरूले पैताला, पिँडुलामा हिर्काउनुका साथै बुटले थिच्ने, गुदद्वारमा लठ्ठीले घोच्ने, हातका औंलाहरूमा पिनले रोप्ने जस्ता कार्यहरू गरेका थिए। २ दिनपछि उनी बल्ल होसमा आएका थिए। पुनः उनलाई यातना दिइयो। यातनाकै कारण अहिले पनि उनको दिशामा रगत आउने गर्छ।

यातना दिइए पश्चात उनलाई सरजु चौधरीलाई विष खुवाई हत्या गरेको हुँ भन्ने व्यहोरा लेखिएको कागजमा सही गराइएको थियो। उनलाई ०५१ बैशाख १३ गते अदालतमा बुझाइएकोमा १४ गते अदालतले १० हजार धरौटी लिई

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | २ | २ |
| बलात्कृत | - | ७ | २ |
| आत्महत्या | - | १ | ४ |

तारेखमा छोडेको थियो।

धनगढी नगरपालिका-१ का भीमबहादुर आउजीलाई ०५१ असार २ गतेका दिन रामचन्द्र जोशीको मौखिक उजुरीमा गिरफ्तार गरियो। भीमबहादुरलाई घरमा खाना खान लागेकै बेला लछारपछार गर्दै वडा प्रहरी कार्यालयमा पुऱ्याई पैताला, पिँडुला र हातमा कुटिएको थियो। थानेदार टेकसिङ रावल रामचन्द्र जोशीको नातेदार भएकोले त्यसरी मौखिक उजुरीकै भरमा गिरफ्तार गरी कुटपिट गरेको कुरा स्वयं पीडित बताउँछन्। तत्कालीन कैलाली जिल्ला हुलाकका ना.सु. रामचन्द्र जोशीसंग ०४३ सालमा ३ हजार कर्जा लिएकोमा महीनाको १ सय ५० का दरले ब्याज बुझाई आएको कुरा पीडित बताउँछन्। उनका अनुसार ०४७ सालमा रामचन्द्रका छोरालाई २ हजार बुझाएको तर ०५१ बैशाखमा रामचन्द्र जोशीले ३ हजारको सावाँ/ब्याज दिन बाँकी छ भनी बेइज्जतीपूर्वक पुलिस लगाएर यातना दिई कागज गराई छोडिएको थियो।

धनगढी नगरपालिका-४ का रामबहादुर सुनुवारलाई ०५१ असार २६ गते साँझ ७.३० बजे गिरफ्तार गरी १ दिन र १ रात प्रहरी कार्यालयमा अमानवीय यातना दिई छाडिएको कुरा पीडित बताउँछन्। पीडितलाई यातना दिइएको अवस्थामा उनका दाजु सिकिस्त विरामी हुँदा पनि नछाडिदिएकोले ४ नं. वडाका वडा अध्यक्ष जनमेजय भट्टको जमानतामा छाडिएको थियो।

०५१ साउन ७ गते संयुक्त जनमोर्चा (डा. वाबुराम) का केन्द्रीय सदस्य लेखराज भट्ट, जिल्ला सचिव गोकर्ण भट्ट र संयुक्त जनमोर्चा (वैद्य) का केन्द्रीय सदस्य दावबहादुर वि.क. जिल्ला सदस्य क्षेत्रबहादुर तेलरलाई गिरफ्तार गरी ३ दिनसम्म कसैसंग भेट गर्न नदिई हिरासतमा राखिएको थियो।

०५१ साउन १२ गते किसन जयसवाल नामक व्यक्तिलाई गिरफ्तार गरियो। यसको ६ दिनपछि उनका भाइहरू पवन र मनोजलाई पनि गिरफ्तार गरिएको थियो। गिरफ्तारीको कारण मनोज जयसवाल र गौरीफन्टा बस्ने प्रतिभा पुप्ता बीचको प्रेम सम्बन्धमा निज मनोजले प्रतिभालाई भगाई आफ्नो घर झापा लगेका थिए। केटीका बुबाले मनोजका दाजु किसनलाई ५ दिन भित्र बोलाउन प्रहरी चौकीमा उजुरी गरेपछि नेपाल बन्दको कारण अलि ढिलो हुने जानकारी किसनले दिन जाँदा गिरफ्तार गरियो। पछि पवन र मनोज केटी लिएर आएपछि उनीहरू दुबैलाई पनि गिरफ्तार गरिएको थियो।

## १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना देखा परेन।

## १.५ धम्की / ज्यान मार्ने धम्की

धनगढी नगरपालिका-१२ जुगेडा "वी" गाउँ बस्ने केशव पौडेललाई ०५१ साउन २९ गते राती १० बजे सोही ठाउँका कांग्रेसका कार्यकर्ता तथा वडा नं. १२ का अध्यक्ष नारायण भट्टले मार्ने नियतले कुटपिट गरी हिलोमा गाढेर छोडिदिएका थिए। पीडितको आँखामुनि नीलडाम थियो। कुटिनुपूर्व पीडित एमालेको मसाल जुलुसबाट फर्कंदै थिए।

दोधरा गाविस-७ का वीरबहादुर कुँवरलाई ०५१ असोज ८ गते राती १०.३० बजेको समयमा राजेन्द्र स्वार, रज्जु वम, वीरेन्द्र वेलले कुटपिट गरे। सो कुटपिटबाट स्वाँरको ओठ र निधारमा चोट लाग्यो। वीरबहादुरलाई गाउँमा एमालेको संगठन बनाएको आरोपमा राप्रपा समर्थकहरूले मार्ने धम्की पनि दिएका थिए। एमालेको संगठन बनाएको आरोपमा पटक पटक घरमा गुण्डाहरूबाट आक्रमण हुने गरेको कुरा पीडित बताउँछन्।

## १.६ थुनामा मृत्यु

३० वर्षीय बन्दी मोतीराम चौधरीको ०५१ जेठ २४ गते अस्पतालमा उपचार गर्दागर्दै मृत्यु भयो।

# २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

०५१ साउन ९ गते विहान ७ बजे नेपाल बन्दको सिलसिलामा भेला भएका एमालेका जिल्ला सचिव महेश्वर पाठक, जिल्ला सदस्य मोहन सिंह राठोर, भक्तमाली न्यौपाने, खड्ग साउद लगायत २७ जनालाई गिरफ्तार गरियो। गिरफ्तारीको क्रममा महेश्वर पाठकले बोकेको माइक खोसिएको थियो। गिरफ्तार गरिएकाहरू सबैलाई १२ घण्टा पछि रिहा गरिएको थियो।

०५१ साउन ३० गते एमाले लगायत ६ वामपन्थी पार्टीहरूले आयोजना गरेको कार्यक्रममा सहभागी भएको आरोपमा ४१ जनालाई गिरफ्तार गरिएको थियो। प्रहरीद्वारा माइक र झण्डा पनि खोसिएको थियो।

०५१ साउन ३० गते एमाले लगायत ६ वाम घटकहरूको आयोजना गरेको नेपाल बन्दको सिलसिलामा आन्दोलनकारीमाथि नेविसंघ केन्द्रीय सदस्य रामरमर चौधरी लगायतका व्यक्तिहरूले आक्रमण गरी कुटपिट गरेका थिए। प्रहरीले पनि आक्रमण गर्नेलाई पक्राउ नगरी आन्दोलनकारी टंक प्रसाई, दिननाथ शर्मा, शेखर कामीलाई कुटपिट गर्दै गिरफ्तार गरेको थियो। गिरफ्तारी पछि पीडित व्यक्तिहरूलाई दुङ्गामुढा गरेको आरोपमा सार्वजनिक मुद्दा लगाइ थुनिएको थियो।

०५१ भदौ १ गते नेकपा (एकता केन्द्र) को आयोजनामा भएको नेपाल बन्द कार्यक्रमको सिलसिलामा भल्का बजारमा भेला भएका सो पार्टीका १९ जनालाई करीब १२ घण्टासम्म हिरासतमा लिइएको थियो।

धनगढी नगरपालिका-२ का अक्तर हुसैनलाई ०५१ असोज १८ गते होटलमा बसिरहेको बेला प्रहरीले लाठीले हिर्काएका कारण निजको टाउको फुट्यो। सोही दिन एक वसले जनक स्वाँर नाम गरेका विद्यार्थीलाई किची निजको

घटनास्थलमै मृत्यु भएकोमा जनसमुदायले विरोध जनाएपछि प्रहरीले लाठी चार्ज गरेको थियो।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्यायिक निकायहरूमा हुने ढिलासुस्तीप्रति जनताको चर्को गुनासो छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धमा पनि कुनै घटना प्रकाशमा आएन।

### ३. भूमिहीन तथा सुकुम्बासी समस्या

कैलाली जिल्ला सुकुम्बासी समस्याले घेरिएको जिल्ला हो। यस जिल्लामा लगभग २ हजार परिवार सुकुम्बासीहरू रहेका छन्।

### ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

०५१ बैशाख १६ गते राती १०-११ बजेको समयमा आफ्ना हजुर बुबा र सानो भाइसंग सुतेकी ७ वर्षीय बालिकालाई निर्मल वि.क.ले घरभन्दा नजिकै रहेको खोलामा लगी बलात्कार गरे। निज बलात्कारीले पीडित बालिकालाई मुख छोपी बलात्कार गरेका थिए। बलात्कारपछि बालिका रगतपच्छे र बेहोस अवस्थामा थिइन्। उनलाई तत्काल अस्पताल पुऱ्याउँदा गुप्ताङ्ग च्यातिएर रगत आइरहेको थियो। सो दिन पीडितका बाबुआमा विवाहमा गएका थिए। पीडितका बाबुले राती नै प्रहरीमा उजुरी गर्दा पनि प्रहरीले पीडकलाई गिरफ्तार गरेको छैन।

हसुलिया गाविस-९ की २० वर्षीय युवतीलाई बलात्कार गरेको आरोपमा सोही ठाउँ बस्ने वर्ष २२ का सीताराम चौधरीलाई जिल्ला प्रहरी कार्यालय धनगढीले पक्राउ गरेको छ। पीडित युवतीलाई सीताराम चौधरीले गहुँकाटी फर्कन लागेको बेलामा समाई जंगलमा लगी बलात्कार गरेका थिए। तर त्यहाँका स्थानीय व्यक्तिहरू यो कार्य दुबैजनाको सहमतिमा भएको बताउँछन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धमा कुनै घटना देखा परेन।

### ४.३ गर्भ पतन

गर्भ पतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

थारू परिवारका गरीब बच्चाहरूले पढ्न पाएका छैनन्। उनीहरू अरूको घरमा भाँडा माझ्ने, बच्चा हेर्ने, काममा लागेका छन्। ७ वर्ष देखि १० वर्षसम्मका यस्ता बालकहरूको संख्या लगभग २ हजार छ।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार सम्बन्धमा कुनै उल्लेख्य घटना पाइएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

०५० माघ महिनादेखि कमैया पटवारीलाल चौधरी, कलवन्त सिंहसंग ८ हजार सौंकी (ऋण) लिई कलवन्तको काम गर्न थालेका थिए। उनलाई विहान ४ बजेदेखि राती ११ बजेसम्म दैनिक काम गर्न लगाइन्थ्यो। बिरामी भई काम गर्न नसकेको अवस्थामा दैनिक २ सय हर्जाना लिने गरिन्थ्यो। त्यस्तो व्यवहार गरेपछि कमैया पटवारीलाल त्यहाँबाट भागी प्रतापपुर आएका थिए। उनी भागेपछि उनकी पत्नी र बहिनीलाई बन्धक बनाइयो। कमैया पटवारीलालका अनुसार उनले लिएको रकमको दोब्बर अर्थात १७ हजार सौंकी तिर्नुपर्ने र सो नसके विहान ४ बजेदेखि राती ११ बजेसम्म काम गर्नुपर्ने शर्त राखियो। यसरी काम नगरेमा प्रतिदिन २ सय हर्जाना तिर्नुपर्ने शर्त समेत राखी पत्नी र बहिनीलाई बन्धक बनाई १ महिनाभित्र पैसा खोज्न भनिएको थियो।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस सम्बन्धमा कुनै घटना प्रकाशमा आएन।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस सम्बन्धमा कुनै उल्लेखनीय टिप्पणी उपलब्ध हुन सकेन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

चौमला गाविस-३ बस्ने देवबहादुर बोहराको ०५० पुस २१ गते बी.एच.आर. १६ ए १२५५ को नयाँ चेचिसले किची मृत्यु भयो।

कैलाली जिल्ला प्रहरी कार्यालयका प्रहरी नायब

निरीक्षक हिक्मतबहादुर सिंहको ०५० पुस २५ गते ट्कले किची मृत्यु भयो।

वालीया गाविस अन्तरगत महेन्द्र राजमार्गमा पर्ने लम्की बजारमा ०५० माघ ९ गते रती लोहारलाई मे.अ.ख १०७ नं. को ट्कले किच्दा उनको मृत्यु भयो।

श्रीपुर गाविस-२ का तुलाराम जिरालाई ०५० माघ १९ गते स.अ.ख १५१ को बसले किच्दा उनको मृत्यु भयो।

पवेरा गाविस-८ का वर्ष १६ को डोगालु डगौरा ०५० माघ २२ गते धानकुट्ने मिलको इञ्जीनमा बेरिएर मरे।

घनसिङपुर गाविस-३ का भोगे लोहारको ०५० माघ २४ गते मोहना नदीमा नुहाउँदा डुबी मृत्यु भयो।

धनगढी नगरपालिका-४ की छुकनी चौधरीको ०५० फागुन १२ गते नरेन्द्रप्रसाद चौधरीले चलाएको से.अ.ख २८० को ट्याक्टरले किची मृत्यु भएको छ।

फुलवारी गाविस-१ का शिव सुवेदी ०५१ भदौ १ गतेका दिन भैंसी हेर्न गएका बेला मोहता नदीमा नुहाउँदा डुबेर मरे।

०५१ भदौ १५ गते दिनको ११ बजेदेखि रक्सीले मातेर लडेका वर्मदेव शाहको सोही दिन ४.३० बजे गुल्म अगाडि मृत्यु भयो।

०५१ असोज १८ गते दिउँसो अन्दाजी १२.३० बजे जनक स्वार र मन्जु स्वार साइकल साइकलमा गइरहेको अवस्थामा मे.अ.ख ४७ नं.को वसको अगाडिको चक्काले किची जनक स्वारको मृत्यु भयो भने मन्जु स्वारलाई चोट लागेको थियो।

धनगढी नगरपालिका-३ का विष्णादेवी सार्की, पदमबहादुर सार्की र कौशिल्यादेवी सार्की मेटासिडको झोल खाई मरेका छन्। आफ्ना छोराले भोड्काको वोतलमा मेटासिड लिएर आएको र झोला झुण्ड्याएको मौका मारी चोरेर खाने हुँदा उनीहरूको मृत्यु भएको हो।

## ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

पथरैया गाविस-४ का ६० वर्षीय वुधु चौधरीको ०५० माघ २ गते आगनमा रहेको आगो ताप्ने ठाउँमा परी मृत्यु भयो। सो समयमा निजले मादक पदार्थ सेवन गरेका थिए। सो कुराको जानकारी उनका छोरा दुर्जन चौधरीले दिएका हुन्।

## ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

## ९.४ आत्महत्या

प्रतापपुर गाविस-६ बस्ने रामकिसन चौधरीले ०५० माघ ४ गते विष सेवन गरी आत्महत्या गरे।

चौमला गाविस-४ का ३२ वर्षीय नरेश सावदले ०५० माघ १८ गते जंगलको रूखमा झुण्डिई आत्महत्या गरे।

टीकापुर गाविस-१ की ललितादेवी ठकुन्नाले ०५० फागुन १ गतेका दिन मुसाको विष खाइ आत्महत्या गरिन्। उनले पारिवारिक कारणबाट विष खाई आत्महत्या गरेको बताइन्छ।

धनगढी नगरपालिका-५ तारानगर बस्ने ५५ वर्षीय सुगुनी चौधरीले ०५१ असार ५ गते राती आफ्नै वारीमा रहेको आपको रूखमा डोरीको पासो लगाई आत्महत्या गरिन्। उनले आत्महत्या गर्नुपर्ने कारणको सम्बन्धमा बुझ्दा ५ वर्ष अगाडि नै पतिको मृत्यु भएकोले जिन्दगीदेखि निराश भएर आत्महत्या गर्न पुगेको कुरा उनका छोरा बुहारीहरूबाट थाहा भएको छ।

## ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धमा कुनै घटना प्रकाशमा आएको पाइएन।

■



# ५. सुदूरपश्चिमाञ्चल

# सेती

# ५.२ अछाम

जनसंख्या : १९८१८८
साक्षरता : २३.४ प्रतिशत
महिला साक्षरता : ५.४ प्रतिशत
क्षेत्रफल : १६८० वर्ग कि.मी.

नेपालको सुदूर पश्चिममा रहेको अछाम जिल्ला पहाडै पहाडले बनेको छ। यो जिल्ला सेती अञ्चलको मध्य भागमा पर्दछ। यातायातको असुविधा त छँदैछ, शिक्षादीक्षा र सामाजिक चेतनाको अभावमा रूढी र अन्धविश्वासको बोलवाला यहाँ चर्के रूपमा रहेको छ। दुःख र सुख भन्ने कुरा दैवी भाग्यमा निर्भर रहेको ठान्ने यहाँका बहुसंख्यक जनता मानवअधिकारको उपभोग गर्ने कुरामा पनि धेरै पछाडि रहेका छन्।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

तुर्माखाँद गाविस-८ का अर्जुन बुढाको घरमा ०५१ असार १९ गते दुई जना अपरिचित व्यक्तिहरू बास बस्न आए। आमाले बास बस्ने ठाउँ छैन भन्दा भन्दै अर्जुनले पाउनाको रूपमा सत्कारकासाथ बास दिएका थिए। बाख्राको खोजीमा आएको भन्ने पाहुना र अर्जुन बुढा एकै ठाउँमा सुते। सुतेको ठाउँमा पाहुनाको खल्तीबाट केही धारिलो वस्तु बिभेको थाहा पाएपछि उनी अर्के कोठामा गएर सुते। राती टाउको दुःखेको निहुँमा एकजना पाहुना अर्जुनकी बहिनी सुतिरहेको कोठा नजिकको अगेनामा गएर आगोवाली टाउको सेकाउन थाले। टाउको सेकाइसकेपछि आगो निभाएर अर्जुनकी बहिनी भएको कोठामा गई उनीमाथि ती दुई पहुनाहरूले हातपातका साथै छुरी प्रहार गरे। अर्जुनकी बहिनी चिच्याउँदै भागिन्। बहिनीलाई के भयो भनेर हेर्न आइपुगेका अर्जुनलाई दुबै जना मिलेर घाँटी र छातीमा छुरी प्रहार गरी हत्या गरे। त्यसपछि तुरुन्तै त्यहाँबाट भागेका हत्याराहरू अहिलेसम्म पत्ता लाग्न सकेका छैनन्। प्रहरी अनुसन्धान जारी रहेको बताइन्छ।

### १.२ जेल र बन्दीहरू

इन्सेकका सूचना प्रेषक ०५१ असोज ४ गते अछाम जेलको निरीक्षण गर्न जाँदा प्रजिअ गंगाबहादुर के.सी.ले भित्र छिर्न नपाइने तर बाहिरबाट निरीक्षण गर्न दिने कुरा बताउनु भयो। ०५१ असोज १६ गते कारागार शाखाका प्रमुखसंग भेटी बन्दीहरूलाई बाहिर बोलाएर सोधपुछ गर्ने व्यवस्था मिलाई जेल सम्बन्धी समस्याहरू संकलन गरिएको थियो।

२५ जनासम्म बन्दीहरू राख्न सकिने यहाँको जेलमा हाल थुनुवा १३ जना र बन्दी १६ जना गरी जम्मा २९ जना रहेका छन्। जसमा थुनुवा तर्फ २ र बन्दी तर्फ ४ जना गरी ६ जना महिलाहरू छन्। त्यस बाहेक २ जना नाबालक पनि जेलमा छन्। बन्दीहरूलाई सामान्य औषधि उपचार गर्ने व्यवस्था छ। पत्रपत्रिका र मनोरञ्जनको सुविधा छैन। ढल निकासको राम्रो प्रबन्ध नभएकाले दुर्गन्ध फैलिने गरेको गुनासो बन्दीहरूको छ।

### १.३ गिरफ्तारी र यातना

कुइका गाविस-८ का बाबु गोरे ढकाल र छोरा खगेन्द्र ढकाललाई ०५० चैत ९ गते इलाका प्रहरी कार्यालयका इन्चार्ज देवीचन्द ठकुरीले विना कारण गिरफ्तार गरेर एकरात थुनी यातना समेत दिए। यो घटना त्यस गाविसका अध्यक्ष नरेन्द्र प्रसाद तिमिल्सिनाको आदेशमा भएको बताइन्छ। भारतमा गएर केही पैसा कमाई आएका गोरे

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | २ | १ |
| बलात्कृत | - | १ | - |
| आत्महत्या | - | - | १ |



*अछाम जेल*

र खगेन्द्रलाई चोरेर ल्याएको आरोपमा गाविस अध्यक्षले नक्कली वारेण्ट काटी प्रहरी समेतको मिलोमतोमा उक्त रकम फुत्काउन खोजे। पैसा दिए छोड्ने नत्र नछोड्ने भनेपछि गाविस अध्यक्ष र प्रहरीलाई १० हजार दिएर आफूहरू छुटेको कुरा पीडितहरू बताउँछन्। पीडितहरूले घटनाका सम्बन्धमा सम्बन्धित ठाउँमा उजुरी दिए पनि जिल्ला प्रशासन कार्यालयले कुनै कारबाही नचलाएको पीडितहरूको भनाइ छ।

नेकपा एमाले, वलीगाउँ कमिटीका कार्यकर्ता हीरासिंह बोहरालाई ०५१ साउन २२ गते विनापूर्जी घरबाटै गिरफ्तार गरी २२ गते छाडियो। नेपाली कांग्रेसका स्थानीय कार्यकर्ता कंसे बोहराले जिल्ला प्रशासन कार्यालयमा दिएको उजुरी अनुसार उनलाई गिरफ्तार गरिएको थियो। उजुरीमा जाँडरक्सी खाई गाली बेइज्जती गरेको आरोप लगाइएको थियो। तर चिकित्सकको रिपोर्टमा हीरासिंहले जाँडरक्सी खाएको नदेखिएपछि उजुरीकर्ताको अर्कै उद्देश्य रहेको थाहा भयो। नेकपा (एमाले) केन्द्रीय संघर्ष समितिको आव्हानमा ०५१ साउन २१ गते हीरासिंहले मसाल जुलुसको नेतृत्व गरेका थिए। त्यही नै कामको विरुद्ध राजनीतिक प्रतिशोधका दृष्टिले कारबाही गराउन कंसे बोहराले उजुरी दिएका थिए।

पायल गाविस-५ का शेरबहादुर कुँवरलाई ०५१ भदौ ८ गते सार्वजनिक मुद्दामा गिरफ्तार गरियो। नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य रहेका कुँवर र गाविस अध्यक्ष कुस्माखर जोशी बीच गाउँको विकास निर्माण सम्बन्धमा सामान्य विवाद भएको थियो। खानेपानी योजनामा काम गर्ने मजदुरहरूको ज्याला नदिई भ्रष्टाचार गरेको आरोपले रिसाएका गाविस अध्यक्षले शेरबहादुर कुँवरमाथि कुटपिटको आरोप लगाई जिल्ला प्रशासन कार्यालयमा सार्वजनिक मुद्दा दर्ता गराएका थिए। कुटपिटबाट गालामा चोट लागेको कुरा गाविस अध्यक्ष बताउँछन् भने शेरबहादुर त्यसलाई अस्वीकार गर्छन्। हाल शेरबहादुर धरौटीमा छुटेका छन्।

### १.४ बेपत्ता पारिएको

यस सम्बन्धी कुनै घटना देखा परेन।

### १.५ धम्की / ज्यान मार्ने धम्की

वलीगाउँ गाविस-९ का रामनाथ रावलको घरमा ०५० चैत २५ गते तिमिल्सैन गाविसका तेजबहादुर खत्री सहितका व्यक्तिहरूले आगो लगाई २० हजार नगद र १० हजार जतिको जिन्सीको नोक्सान गराए। ती व्यक्तिहरूले धौपाटा भन्ने ठाउँमा गहुँ काटिरहेका महिलाहरूमाथि पनि हातपात गरेका थिए। उनीहरूले महिलाहरूको गहना समेत लुटेको बताइन्छ। उनीहरू हातहतियार सहित आएको प्रत्यक्षदर्शीहरूको भनाइ छ।

वलीगाउँ गाविस-३ का रतन रावललाई ०५१ भदौ १० गते साँझ गोठबाट फर्किरहेको बेला स्थानीय सुरेन्द्र रावल, इन्द्रबहादुर विष्ट, गजे खड्का र शेरबहादुर खड्काले पछाडिबाट कपालमा समाई ठूलो पन्यु र स्टीलको ठूलो गिलासको धारले टाउकामा प्रहार गरी बेहोस बनाए। उनको टाउकोमा थुप्रै चोटहरू लागेका थिए। पीडकहरूले पहिलेको रीसइबीले गर्दा त्यसरी कुटपिट गरेको बताएका छन्। पीडित रतन रावल घटनाको बारेमा उजुरी गर्न जाँदा जिल्ला प्रशासन कार्यालय र प्रहरी कार्यालयले उजुरी दर्ता गर्न समेत इन्कार गरे।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी कुनै उल्लेख्य घटना देखा परेको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका जनतामा धार्मिक सहिष्णुता पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

वान्नातोली गाविस-७ का बृजे जनाला, उनका छोरा भीम जनाला, बुहारी सेतु जनाला र २ वर्षीय नाती रवि जनालालाई सोही ठाउँका शिक्षक मानबहादुर शाहीको नेतृत्वमा आएको ९ जनाको जत्थाले ०५१ कार्तिक २८ गते सांघातिक हमला गर्‍यो। पीडकहरूले बृजे जनालाको कान नै काटिदिएका थिए। चुनावको अघिल्लो दिन राजनीतिक प्रतिशोधका दृष्टिले पीडकहरूले त्यसरी हमला गरेका थिए। पीडकहरू नेपाली कांग्रेस र राष्ट्रिय प्रजातन्त्र पार्टीसंग सम्बद्ध व्यक्ति थिए भने पीडितहरू उत्पीडित दलित जातीय मुक्ति समाज तथा अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियनसंग सम्बन्धित व्यक्ति हुन्। पीडितहरूले चुनावमा एमालेको प्रचार गरेको आरोपमा त्यसरी कुटपिट गरिएको थियो। ज्यान जोगाउनका लागि पीडितहरू घरै छोडेर भागेका थिए। भीम जनालालाई त्यस अघि पनि तिनै पीडकमध्येका

केहीले हातपात गरेका थिए। पीडित पक्षबाट जिल्ला प्रहरी कार्यालयमा उजुरी गरिएपछि पीडकहरूको खोजी भएको थियो। तर त्यस सम्बन्धी अन्य जानकारी थाहा हुन सकेन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यहाँका नागरिकहरूको न्यायालयप्रति स्पष्ट धारणा छैन। अधिकांश नागरिक न्यायालयप्रति विविध कारणले गर्दा आफ्नो विश्वास जाग्न नसकेको बताउँछन्।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना देखिएन।

### ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष भूमिहीन तथा सुकुम्बासी सम्बन्धी कुनै घटना उल्लेख्य रूपमा देखा परेको पाइएन।

### ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

महिला किनबेच, बलात्कार र एड्स पीडितका घटनाहरू सार्वजनिक जानकारीमा आएको भेटिएन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी घटना पनि प्रकाशमा आएको पाइएन।

### ४.३ गर्भ पतन

मंगलसेन गाविस-६ की चन्दादेवी विश्वकर्माका पति धौलो विश्वकर्मा भारतमा काम गरी बसेको अवस्थामा गर्भवती भइन्। माइतीमा बसिरहेको बेला जिल्ला प्रशासन कार्यालयका पियन रामबहादुर खड्कासंग उनको यौन सम्बन्ध कायम भएको थियो। त्यसरी गर्भ रहेको समाजले थाहा पाउने डरले उनले गर्भपतन गराएकी थिइन्। हाल चन्दादेवी थुनामा रहेकी छिन् भने अछूत जातकी महिलालाई पत्नी बनाउन पर्ने डरले तत्काल भागेका रामबहादुर पनि हाल पक्राउ परेको बताइन्छ।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यहाँका बहुसंख्यक बालबालिकाहरू शिक्षादीक्षाबाट मात्र वञ्चित छैनन्, कुपोषणबाट पनि पीडित हुने गरेका छन्।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धी कुनै घटना देखा परेन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै उल्लेख्य घटना देखा परेन।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कुनै टिप्पणी र वक्तव्य प्रकाशित/प्रसारित भएको पाइएन।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

दुर्घटनाका घटनाहरू भएनन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बालीगाउँ र तिमिल्सैन गाविसको सीमानामा रहेको जंगललाई लिएर यी दुई गाउँका मानिसहरू बीच पहिलेदेखि नै झगडा थियो। उक्त दिन पनि त्यसैका कारण तिमिल्सैन गाविसका मानिसहरू आई उपद्रो मच्चाएका थिए। पीडकहरू तेजबहादुर खत्री, नवलसिंह साउद र दीर्घबहादुर साउद लगायत ५ जनालाई गिरफ्तार गरी १० दिनसम्म थुनामा राखेर कारवाही चलाइएको छ।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

वतदिवी गाविस-१ का भीमबहादुर ठकुल्लाको ०५१ जेठ २२ गते घर बाहिर सुतिरहेको अवस्थामा बाघले झम्टिंदा मृत्यु भयो।

### ९.४ आत्महत्या

सुतार गाविस-५ की १८ वर्षीय झिरू भण्डारीले ०५१ भदौ २० गते रूखमा झुण्डिएर आत्महत्या गरिन्। १९ गते भीमसिंगे कामी भन्ने व्यक्तिसंग यौन सम्बन्ध गरिरहेको कुरा आफ्नो भाइले थाहा पाएर हल्ला गरेपछि त्यहाँबाट भागेर उनले आत्महत्या गरेको बताइन्छ।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धमा कुनै घटना सार्वजनिक जानकारीमा आएन।

■



# ५. सुदूरपश्चिमाञ्चल

# सेती

# ५.३ डोटी

जनसंख्या : १६७१६८

साक्षरता : २८.३ प्रतिशत

महिला साक्षरता : ९.८ प्रतिशत

क्षेत्रफल : २०२५ वर्ग कि.मी.

सुदूर पश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने सेती अञ्चलको डोटी जिल्ला एक दुर्गम पहाडी हो। यसको उत्तरमा बझाङ्ग, दक्षिणमा सुर्खेत र कैलाली, पूर्वमा अछाम र पश्चिममा डडेल्धुरा र बैतडी जिल्ला पर्दछन्। यहाँका ९७ प्रतिशत जनता कृषि पेशामा संलग्न छन्। शिक्षा र सामाजिक चेतनाको अभावमा जनता आफ्नो अधिकारको उपभोग गर्न समेत सकिरहेका छैनन्। यहाँ मानवअधिकार उल्लंघनका घटनाहरू हुने गरे पनि प्रचारमा भने आउने गरेको पाईंदैन।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

०४९ असार २३ गते शिवगढी दिपायल मार्गमा पर्ने चीसापानी भन्ने ठाउँको एकान्त घरमा भएको तुलाराम भण्डारीकी पत्नी र डेढ महिनाको बच्चाको जघन्य हत्याको अनुसन्धान यो वर्ष पनि पूरा हुन सकेन। अनुसन्धानका लागि मृतकका जेठाज्यु अमरबहादुर भण्डारी र उनकी पत्नी लक्ष्मी भण्डारीलाई गिरफ्तार गरिएको थियो। तर अहिलेसम्म उक्त हत्या कसले गरेको हो भन्ने प्रमाणित हुन सकेको छैन।

वासुदेवी गाविस-८ का ६० वर्षीय धने पार्की ०५१ भदौ १५ गते सिलगढी दिपायल मार्गको बीच भागमा पर्ने सडक छेउमा मृत अवस्थामा फेला परे। सो दिन जिल्ला सदरमुकामबाट घरतर्फ आइरहेको बेलामा बाटोमा वासुदेवी गाविस अध्यक्ष रूद्रबहादुर कुँवर र गाउँले तारा सिंह कुँवरसँग पीडितको भेट भएको थियो। गाविस अध्यक्ष र मृतकका बीच चर्कै वादविवाद भएको थियो। सोही विवादका कारण हत्याको आशंकामा रूद्रबहादुर र तारा सिंहलाई गिरफ्तार गरियो। तर ०५१ असोज १६ गते धरौटी लिएर दुबै जनालाई रिहा गरिएको छ।

वर्छेन गाविस-६ का ४२ वर्षीय चन्दे लुहारको ०५१ पुस ७ गते मान्ना कापडीका ३० वर्षीय रामसिंह कामी लुहारसँग बाटोमा सामान्य विवाद भयो। रक्सी खाएर मातिएको अवस्थामा पैसा लेनदेनको विषयमा विवाद हुँदा दुई जना बीच कुटाकुट भयो। रामसिंहले धकेल्दा चन्दे लुहारको टाउको ढुंगामा ठोकिन गई मृत्यु भएको थियो। पीडकलाई कानूनी कारवाही चलाइएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | ४ | - | - |
| बलात्कृत | - | - | १ |
| आत्महत्या | - | १ | - |

### १.२ जेल र बन्दीहरू

१९९० सालतिर निर्मित यहाँको जेल जीर्ण अवस्थामा रहेको छ। हाल यहाँ २१ जना बन्दीहरू राखिएका छन्। महिला र पुरूष बन्दीलाई एउटै भवनभित्र राखिने गरेको भए पनि दुई फरक वार्डमा बस्ने व्यवस्था मिलाइएको छ। उनीहरूलाई सुत्ने खाटको प्रबन्ध छैन। चीसो भूईंमा नै सुत्नुपर्छ। छिंडीमा प्रकाशको व्यवस्था पनि छैन। जेलभित्र पानीको हाहाकार नै छ। सिकिस्त बिरामी परेपछि मात्र उपचार गराउने गरेको गुनासो केही बन्दीको छ। ज्यान मारेको अभियोगमा १३ वर्षदेखि बन्दी जीवन बिताइरहेका सर्जने सुनुवार राम्रो अस्पतालमा लगेर उपचार नगरे बाँच्न नसक्ने भएका छन्।

### १.३ गिरफ्तारी र यातना

यो वर्ष गिरफ्तारी र यातनाका घटना भएनन्।

### १.४ वेपत्ता पारिएको

कसैलाई वेपत्ता पारिएको घटना प्रकाशमा आएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

मुडेगाउँ गाविसका उपाध्यक्ष लक्ष्मी पार्कीलाई ०५१ पुस २ गतेका दिन सोही गाउँका लालबहादुर शाही, बलराम धामी र नरबहादुर शाहीहरूको समूहले आक्रमण गरी घाइते बनायो। पीडितलाई पीडकहरूले बाँधी सिलगढीसम्म पुऱ्याएका थिए। खानेपानी स्वावलम्बनका लागि गएको ५० हजार रूपियाँका सम्बन्धमा विवाद भएपछि उक्त घटना हुन पुगेको हो। पीडकहरूलाई २ दिन थुनामा राखी छाडिएको छ।

खिरसैन गाविसको फुलौट भन्ने ठाउँमा ०५० माघ १२ गते स्थानीय जनता र डोटी-साफे सडक आयोजनाको ठेक्का लिने कम्पनी गोल्डन कन्स्ट्रक्शनका कामदारहरू बीच ठूलो झगडा र मारपिट भयो।

गोल्डन कन्स्ट्रक्शनका कामदारहरूले अर्काको जमीनको रूख काटी दाउरा बनाएको भन्ने विषयबाट झगडा शुरू भएको थियो। रूख काट्ने व्यक्ति भक्तबहादुर श्रेष्ठलाई केही गाउँलेले पक्रेर कुटपिट गरे। यो कुरा ठेकेदार तथा अरू कामदारले थाहा पाए। पेटी ठेकेदार खड्गबहादुर पुन, शिव कार्की र कम्पनीका ओभरसियर घटनास्थलमा पुगे। भक्तबहादुरलाई गाउँलेहरूले बाँधेर राखेका थिए। उनको कपडा पनि च्यातिएको थियो। खड्गबहादुरले गाउँलेहरूसंग नोक्सानीको मुआब्जा लिई भक्तबहादुरलाई छोड्नका लागि अनुरोध गर्दा उल्टै उनलाई पनि गाउँलेहरूले डोरीले बाँधे। ओभरसियरले त्यो दृश्यको फोटो खिच्न खोज्दा क्यामरा पनि गाउँलेहरूले नै खोसे। घटनास्थलतिर आई राखेका अन्य कामदारहरूमाथि ढुंगामुढा गरेपछि स्थिति झनै चर्कियो। कामदारहरूले गाउँ घेरेपछि दुबै थरि बीच भीडन्त भयो। थुप्रै घाइते भए। घाइतेहरूलाई अस्पताल पुऱ्याएर उपचार गराइयो। गोल्डन कन्स्ट्रक्शनका ४ जना भक्तबहादुर श्रेष्ठ, खड्कबहादुर पुन, शिव कार्की र ओभरसियरलाई सार्वजनिक अपराध अन्तरगत मुद्दा लगाइएको छ।

दिपायल नगरपालिका-७ का ज्ञानबहादुर गुरूङलाई रानागाउँ गाविसका भूमिराज पाण्डेले ०५१ बैशाख ६ गते खुकुरी प्रहार गरी घाइते बनाए। गाली गरेको आरोपमा पीडकले त्यसरी उनलाई घाइते बनाएको बताइन्छ।

### १.६ थुनामा मृत्यु

यो वर्ष थुनामा कसैको मृत्यु भएको पाइएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

संविधान प्रदत्त अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार हनन हुने कुनै घटना भएको देखिँदैन। तर आर्थिक विपन्नता, शैक्षिक चेतनाको अभाव जस्ता कुराहरूले गर्दा



*डोटी कारागार*

नागरिकहरूले संविधान प्रदत्त अधिकार उपभोग गर्न सकिरहेका छैनन्।

०५१ जेठ २८ गते विद्युत र खानेपानी सम्बन्धमा दिपायलमा भएको जुलुसले प्रमुख जिल्ला अधिकारीको कार्यालयमा गई माग पत्र बुझाउन लाग्दा प्रमुख जिल्ला अधिकारीले जुलुसका सहभागीहरूलाई धम्क्याउने काम गरेका थिए।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका जनतामा धार्मिक सहिष्णुता पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

पार्टीको हिसाबमा यो जिल्लामा खासगरी नेपाली कांग्रेस, नेकपा एमाले र राष्ट्रिय प्रजातन्त्र पार्टी मात्र देखा परेका छन्। तर यी तीनवटै पार्टीहरूले राजनीतिक रूपमा सचेत बनाउने राजनीतिक संस्कारको विकास गराउने काम जिल्लामा नगरेको गुनासो जनताको छ। यो वर्ष एकले अर्काको राजनीतिक आस्थामाथि बाधा पुऱ्याउने किसिमको कुनै उल्लेख्य घटना देखा परेको पाइएन। तर केही छिटफुट घटनाहरू भने भए।

मध्यावधि निर्वाचन हुनुभन्दा २ दिन अघि मुडभरा गाविसका रामबहादुर ऐरलाई ०५१ कार्तिक २७ गते लाटामाण्डौं गाविसका यमबहादुर बलायरले भीरबाट खसाली घाइते बनाई दिए। उनीहरूबीच राजनीतिक मतभिन्नताका कारण विवाद हुँदा पीडकले रीस फेर्न त्यसो गरेको बताइन्छ।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

अदालतप्रति जनताको धारणा सकारात्मक नै रहेको छ। तर चेतनाको अभाव, आर्थिक विपन्नता तथा जिल्लामा व्याप्त अन्य खालका पछौटेपनका कारण जनताले सुगम र निष्पक्ष न्याय उपभोग गर्न सकिरहेका छैनन्। यहाँ गरीबले न्याय कहाँबाट पाउनु र ? भन्ने जस्ता गुनासाहरू पनि छन्।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

दिपायल नगरपालिकामा ०५१ जेठ २८ गते विद्युत र खानेपानीको नियमित आपूर्तिको माग गर्दै निस्किएको जुलुसमा सहभागी भएको आरोपमा केही कर्मचारीहरूलाई दुर्गम ठाउँमा सरूवा गरिएको छ। त्यसरी सरूवा गरिएका कर्मचारीहरूमा चक्रप्रसाद श्रेष्ठ, इन्द्रप्रसाद श्रेष्ठ, किशोर श्रेष्ठ, कर्णप्रसाद श्रेष्ठ, कैलासप्रसाद श्रेष्ठ, महेन्द्रप्रसाद श्रेष्ठ, रीला श्रेष्ठ आदि छन्। उनीहरूलाई लिखित स्पष्टीकरण सहित डडेल्धुरा, कालीकोट, अछाम, रोल्पा, मुगु आदि ठाउँमा सरूवा गरिएको छ।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यो वर्ष यस सम्बन्धी घटना देखा परेन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

पचनाली गाविस वल्लो काडाकी अन्दाजी २८ वर्षीय महिला ०५१ बैशाख १४ गतेका दिन स्थानीय व्यक्तिहरू भीमबहादुर बोहरा, गगीराम भाट र जतिका गोरे भाटले बलात्कार गरेको बताउँछिन्। बलात्कारी मध्ये १ जना फरार रहेको र २ जनाले अभियोगलाई अस्वीकार गरेको पाइएको छ। घटनाका सम्बन्धमा गाउँलेले र प्रशासनले आफूलाई सहयोग नगरेको गुनासो पीडितको छ।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यहाँ छोरी बेच्ने (धन खाने) प्रचलन रहेको छ। महादेव गाविस-९ का रिनुवा ओझाले ०५१ बैशाख २३ गते आफ्नो छोरा मोहन ओझाको विवाह गिरीचौका गाविसका टीकाराम जोशीकी छोरी लक्ष्मी जोशीसंग गराएका थिए। त्यसमा उनले केटीका लागि २० हजार नगद तिरेका थिए।

### ४.३ गर्भ पतन

गर्भपतनको घटना पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

पेशागत स्वतन्त्रता, ट्रेड युनियन र श्रम सम्बन्धी अधिकारलाई हनन पुऱ्याउने कुनै घटना सार्वजनिक जानकारीमा आएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

यस सम्बन्धमा पनि कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लाका घटनाका सम्बन्धमा कुनै प्रतिक्रिया वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

अछाम जिल्ला दुनी गाविस-८ का हरि साउदको दिपायल नगरपालिका-१३ मा ०५० चैत ५ गते डोजरले किचेपछि अस्पतालमा उपचार गराउँदा गराउँदै मृत्युभयो।

वगलेख गाविसका खड्कसिंह ठगुन्नाको ०५१ भदौ १० गते आफैंले काटेको रूखले किची मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

दिपायल नगरपालिका-९ का टीका भुल, काले भुल र शंकर भुलको ०५० माघ ११ गते काम गरिरहेको ठाउँमा अचानक पहिरो आई किचेपछि मृत्यु भयो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

दुर्गामाण्डौ गाविस-६ की १९ वर्षीय महामती विष्टको जंगली भालुको आक्रमणबाट ०५१ मंसीर १८ गते मृत्यु भयो।

### ९.४ आत्महत्या

आत्महत्याका घटना देखा परेनन्।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएन।

■



# ५. सुदूरपश्चिमाञ्चल

# सेती

# ५.४ बाजुरा

जनसंख्या : ९२०१०

साक्षरता : २४.९ प्रतिशत

महिला साक्षरता : ७.६ प्रतिशत

क्षेत्रफल : २१८८ वर्ग कि.मी.

सेती अञ्चलको बाजुरा जिल्ला अति नै विकट पहाडी क्षेत्रमा पर्दछ। यसको सीमाना उत्तरमा हुम्ला दक्षिणमा अछाम पूर्वमा कालीकोट र पश्चिममा डोटी र बझाङसंग जोडिएको छ। २७ वटा गाविसमा विभाजित यस जिल्लामा प्रा.वि. १ सय ६८, नि.मा.वि. २०, मा.वि. १२ र १ उच्च मा.वि. रहेका छन्। अन्धविश्वासको बोलबाला रहेको यस जिल्लामा पुराना ठालुहरूको हैकम बाँकी नै छ। मानवअधिकारका बारेमा अधिकांश जनता अनभिज्ञ नै छन्।

## १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

०५० फागुन १८ गते राती ब्रम्हतोला गाविस-१ का पदमबहादुर थापाले सोही गाविस-९ का सन्यासी लोहारकी १३ वर्षीय छोरीलाई हातपात गर्न खोज्दा ती बालिका भागेर आफ्नो घरमा गइन्। गाउँका अरू कामीहरू पनि उक्त घरमा जम्मा भए। पदम थापाको पक्ष लिएर कर्ण थापा र कालु थापा पनि सन्यासीको घरमा झगडा गर्न थाले। त्यसपछि तत्कालै उठेको रिसलाई थाम्न नसकी सौरे लोहार, गोर्खे लोहार, गम्भिरे लोहार, नौले लोहार र सन्यासी लोहारले लाठी र मुड्कीले हिर्काइ कर्णबहादुर थापालाई सख्त घाइते बनाए। अन्य दुई जना सामान्य घाइते भए। बेहोस अवस्थामा आफ्नो घरमा लगिएका कर्णबहादुर थापाको सोही चोटका कारण भोलीपल्ट मृत्यु भयो। ५ जना अभियुक्तलाई पक्राउ गरी कारवाही चलाइएको छ।

०५० भदौ ३ गते राती बाजुरा घर भई मार्तडीमा पसल गरी बस्ने खड्कबहादुर बुढाथपालाई बाजुरा दहकोट गाविस-७ का रतनबहादुर बोहरा र रामबहादुर बोहराले बाउली खोला नजिकै चक्कुले हानी हत्या गरेका थिए। मृतक बुढाथापाकी पत्नी हंशकला र रतनबहादुर बीच अनुचित सम्बन्ध रहँदै आएको थियो। हत्या गरेकै समयमा उपस्थित मृतककी पत्नी हंशकला रून कराउन थालेपछि उनीलाई रत्नले विवाह गर्छु भनी फकाएको र कसैलाई नभन्न डर त्रास पनि देखाएको थियो। यो घटना धेरै समयसम्म गोप्य नै रह्यो। लाशलाई खोलामा बगाएर घर फर्केको धेरै दिन बितिसक्दा पनि आफूलाई विवाह नगरेपछि ०५० पुस १६ गते मात्र हंशकलाले प्रहरीलाई खबर गरेकी थिइन्। अभियुक्तहरूलाई पक्राउ गरी थुनामा राखियो भने अदालतको आदेश अनुसार हत्यामा संलग्न हुने हंशकला बुढापालाई १ हजार रूपैयाँ धरौटी लिई तारेखमा छोडियो भने अन्य दुई जनालाई पुर्पक्षका लागि थुनामा राखिएको छ।

### १.२ जेल र बन्दीहरू

बाजुरा जिल्लामा "घ" श्रेणीको जेल छ। २५ जना बन्दी राख्न सकिने क्षमता भएको उक्त जेलमा अहिले ६ जना थुनुवा र १० जना बन्दी गरी जम्मा १६ जना रहेका छन्। जसमध्ये १ जना महिला बन्दी पनि छिन्।

बन्दीहरूलाई जेलमा पस्नासाथ कुनै कपडा दिइँदैन। ओढ्ने, ओछ्याउने प्रत्येक २ वर्षमा एक पटक र लगाउने लुगा ६-६ महिनामा १-१ जोर दिने गरिन्छ। यसले गर्दा कपडा वितरण गरिसकेपछि बीचको समयमा जेलमा जानेहरूले कठिनाई भोग्नु परेको देखिन्छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | - |
| [illegible] | - | - | - |
| [illegible] | - | २ | १ |

## १.३ गिरफ्तारी र यातना

गिरफ्तारी र यातनाका कुनै पनि घटना प्रकाशमा आएनन्।

## १.४ वेपत्ता पारिएको

जिल्ला शिक्षा कार्यालय बाजुराका स्वरिदार पदम ओली ०५१ भदौ १ गते सदरमुकाम मार्तडीबाट काठमाडौं जान भनी हिंडेका थिए। हालसम्म उनी फर्केका छैनन्। ओली भदौ ३ गते काठमाडौंको सुनधारास्थित बी.एन. लजमा आई बसेका थिए। कागजपत्र लजमै छोडी ४ गते बाहिर निस्किएका थिए। लज व्यवस्थापकका अनुसार निज ओली विक्षिप्त मनस्थिति भएका जस्ता देखिन्थे। लागु औषधीको ट्यावलेट तथा रक्सी सेवन गर्ने र जथाभावी हिंड्डुल गर्नुका साथै कुनै दुर्घटनामा परी हातका औंला पनि सुनिएका जस्ता देखिन्थे।

## १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

कुलदेमाण्डू गाविस-२ बस्ने पूर्णबहादुर खातीलाई ०५१ मंसीर २ गते राती ८ बजे नेकपा (एमाले) समर्थक व्यक्तिहरूले सो पार्टीको विरोधमा नारा लगाएको आरोपमा नाख मुखबाट रगत समेत निस्कने गरी कुटपिट गरेका थिए।

## १.६ थुनामा मृत्यु

यस जिल्लामा थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

## २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

बाहबिस गाविस-८ का वीरबहादुर शाहलाई ०५१ कात्तिक २६ गते नेकपा (एमाले) ले आयोजना गरेको जुलुश तथा आमसभामा भाग लिएको आरोप लगाई मिनबहादुर रावल, शिवबहादुर रावल र तिलक पुरीको नेतृत्वमा केही व्यक्तिहरू समेतले चारपाटा मुडी गाउँ घुमाउने जस्तो अमानवीय कार्य गरे।

बाहबिस गाविस-८ बस्ने मन्तोमे विष्टलाई ०५१ कात्तिक २६ गते ९ बजे सोही गाविसका टेकबहादुर के.सी. र मिनबहादुर रावलको नेतृत्वमा आएको हुलले कुटपिट गरी दुकानमा राखिएको सामान समेत तोडफोड गरेका थिए। पीडित विष्टमाथि नेकपा (एमाले) को जुलुश र आमसभामा सहभागी भएको रीसइबीमा त्यसो गरिएको थियो।

## २.२ धार्मिक स्वतन्त्रता

धार्मिक स्वतन्त्रताको अधिकारबाट कोही पनि वञ्चित भएको पाइएन।

## २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

आमनिर्वाचन ०५१ को सन्दर्भमा केही घटना भएको पाइयो। कात्तिक २९ गते तोली गाविसको निर्वाचन बुथमा नेपाली कांग्रेसको पक्षले एकलौटी मतदान गर्न खोज्दा विवाद उत्पन्न भई नेकपा (एमाले) का डम्बरबहादुर शाही, जुद्धबहादुर साउद र ऋणाबहादुर बुढालाई नेका कार्यकर्ता मानबहादुर भण्डारीको नेतृत्वमा आएको हुलले कुटपिट गऱ्यो र ती व्यक्तिहरूले निर्वाचनका लागि खटिएका निर्वाचन अधिकृत रामप्रसाद तिमिल्सिना र अन्य कर्मचारीमाथि पनि हातपात गरे पछि निर्वाचन स्थगित गरिएको थियो। यसरी नै कैलाशमाण्डू गाविस-२ पनधारा नि.मा.वि.मा रहेको मतदान केन्द्रमा पनि नेपाली कांग्रेस पक्षले एकलौटी मतदान गर्न खोज्दा कुटपिट समेत भएको थियो।

कैलाशमाण्डू गाविस-२ पनधारा नि.मा.वि.को मतदान केन्द्रमा सोही गा.वि.स.का उपाध्यक्ष ने.का.बाट निर्वाचित र स्थानीय शिक्षक धनबहादुर बुढाको नेतृत्वमा आएको हुलले कर्मचारीहरूमाथि हातपात गरी बुथ कब्जा गर्न खोज्दा सहायक मतदान अधिकृत घाइते भएका थिए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

चेतनाको कमीको कारण अन्याय परे कहाँ जाने भन्ने कुरा समेत आमजनतालाई थाह छैन। केही थाह भएकाहरूमा न्यायालयप्रति त्यत्ति सकारात्मक धारणाको विकास भएको पाइएन। न्याय सम्पादनमा ढिलाइ हुने गरेको गुनासो सुन्न पाइन्छ।

## २.५ सरूवा / घटुवा / पक्षपात आदि

यस वर्ष यहाँ कसैलाई पनि अन्यायपूर्वक सरूवा, घटुवा वा पक्षपात गरेको पाइएन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

मार्तडी गाविस-२ जिल्ली गाउँमा ०५० सालमा नापी भएको जग्गा कित्ता दर्ता गर्न जाँदा कुस्मराज पण्डित, अम्मराज जैसी, विशुराज पण्डित, देवी खत्री र जंगबहादुर खत्री समेत २१ जनाको जग्गा वन कार्यालयले रोक्का गरिदिएको छ। यसले गर्दा ती सुकुम्वासीहरू विचल्लीमा परेको पाइयो।

छतरा गाविस वडा नं. २, ३, ४ र ६ बस्ने करीव ६० परिवारको जग्गा ०४८ सालमा नापी गर्दा स्थानीय "ठालु" अर्जुनबहादुर बुढा, दानबहादुर बुढा र मानसिं विश्वकर्माले रोक लगाए। जसले गर्दा ती परिवारहरू अहिले पनि सुकुम्बासीको रूपमा बस्न वाध्य भएका छन्।

यसरी नै सोही गाविसमा ०५० सालमा नापी हुँदा दौलतबहादुर शाह, मिनबहादुर शाह, तमिन्द्र शाह, कुलबहादुर शाह र सुरजबहादुर शाह लगायत ८ परिवारले भोग चलन गर्दै आएको करीब २ सय रोपनी जग्गा नापी गरिएन। ती सुकुम्बासीहरू नेकपा एमाले समर्थक भएको कारण सत्तापक्षीय व्यक्तिहरूले नापी गर्ने काममा रोक लगाएको कुरा नापी शाखाका कर्मचारीहरू बताउँछन्।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला मएकै कारणले दिइने यातना

महिला किनबेच वा बलात्कार गरेको कुनै उल्लेखनीय घटना मएको पाइएन। एड्सले यस जिल्लालाई छोएको देखिएन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

जारी तिरी बिहे गर्ने चलन यस जिल्लामा व्यापक रूपमा चलेको पाइन्छ। १० हजार देखि ६०-७० हजारसम्म जारी तिर्ने गरिन्छ।

बहुविवाह पनि प्रशस्तै हुने गर्छन्। देह व्यापार र देउकी समस्या यस जिल्लामा देखिँदैन।

### ४.३ गर्भ पतन

गर्भपतन गरेको वा गराएको कुनै घटना पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बाल अधिकारबाट धेरै बालबालिकाहरू वञ्चित रहेको पाइन्छ। १२-१४ वर्षको उमेरमा नै बालिकाहरूको विवाह गरिने प्रचलनले यहाँ जरो गाडेको छ।

## ६. आर्थिक अधिकार (पेसागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

गाउँघरमा कसैलाई काम गराउँदा न्यूनतम पारिश्रमिक दिने गरिन्छ। कल कारखाना वा उद्योगधन्दा केही नमएकोले यस जिल्लामा संगठित मजदुर युनियनहरू पनि छैनन्।

### ६.२ विश्रामको अधिकार

विश्राम गर्न पाउने वा नपाउने कुरा काममा लगाउने साहुहरूको विचारमा भर पर्दछ।

### ६.३ अन्य आर्थिक अधिकार

अरू जिल्लामा जस्तै यस जिल्लामा पनि बेरोजगारीको समस्या टड्कारो छ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

दास, कमैया वा बाँधाको रूपमा राखी काम गराउने चलन यस जिल्लामा उल्लेखनीय छैन। तर खेतीपातीको समयमा हलिया मने राख्ने गरिन्छ।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

छुवाछूतको चलन भने यस जिल्लामा विद्यमान छ।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

कुनै पनि घटनाका सम्बन्धमा कुनै क्षेत्रले पनि प्रेस वक्तव्य वा टिप्पणी प्रकाशित गरेको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

कुनै किसिमको दुर्घटना भएको पाइएन।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

यस वर्ष बाढी, पहिरो वा आगलागी जस्ता विपत्तिका घटनाहरू यो जिल्लामा देखिएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

०५१ मंसीर २३ गते बाजुरा तोली गाविस-४ का काले लुहारलाई भैंसीलाई घाँस हाल्दै गरेको समयमा जंगली जनावर बँदेलले भम्टेर सुड (दाँत) ले हिर्काउँदा पेट चिरिएर मृत्यु भयो।

### ९.४ आत्महत्या

डोगढी गाविस-४ बस्ने ४५ वर्षीय श्रीमती औला रावतको लाश ०५१ बैशाख २८ गते स्थानीय जंगलको एउटा रूखमा दाम्लोमा झुण्डिएको अवस्थामा फेला पऱ्यो। घुँडाले भूईं छोएकोले आफै झुण्डिइ मरेको जस्तो देखिँदैनथ्यो।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

यस जिल्लामा कुनै अपराधिक घटना भएको पाइएन।

■



# ५. सुदूरपश्चिमाञ्चल

## सेती

## ५.५ बझाङ्ग

जनसंख्या : १३९०९२
साक्षरता : २७.३ प्रतिशत
महिला साक्षरता : ६.९ प्रतिशत
क्षेत्रफल : ३४२२ वर्ग कि.मी.

सुदूरपश्चिमाञ्चल विकास क्षेत्र अन्तरगत पर्ने नौ जिल्लामध्ये बझाङ्ग सेती अञ्चलको एक उत्तरी सीमावर्ती जिल्ला हो। यसको पूर्वमा वाजुरा, पश्चिममा वैतडी र दार्चुला, दक्षिणमा डोटी तथा उत्तरमा कर्णाली अञ्चलको हुम्ला जिल्ला र चीनको स्वशासित क्षेत्र तिब्बत पर्दछ। ३ हजार ४ सय ४९ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो जिल्लाको जनसंख्या १ लाख ३९ हजार १ सय ७८ रहेको छ। बझाङ्ग जिल्ला सुदूर पश्चिमाञ्चलको आर्थिक दृष्टिकोणले पिछडिएको एक जिल्ला हो।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

कोट गाविस-१ का ११ वर्षीय पदमे ओस्वेडाको ०५० फागुन २७ गते ओस्वडवोट भन्ने जंगलमा हत्या भयो। हत्यामा सोही ठाउँ बस्ने सुक्कु ओस्वेडा संलग्न भएको बताइन्छ। सोही दिन जंगलमा दाउरा लिन पदमे ओस्वेडा, झुसे ओस्वेडा, रघुवीर ओस्वेडा, जिते भुलसँगै गएका थिए। फर्कँदा सुक्कु ओस्वेडाले तिमीहरू जाओ पदमे र म पछि आउँछौं भनेर एक्लै पारी हँसिया प्रहार गरी निर्ममतापूर्वक हत्या गरेका थिए। राती ७/८ बजे गाउँमा आइ पदमे भीरबाट लडेर मरेका छन् भनी गाउँलेहरू समेत भई लास ल्याई मृतकका घरका मानिसहरूलाई थाहै नदिई दाह संस्कार गरेका थिए। पछि मृतकका बाबुले मलामी समेतका १५ जना उपर कानूनी कारवाहीका निम्ति जाहेरी गरेपछि हाल गोरे ओस्वेडा तारेखमा रहेका छन् भने झुसे ओस्वेडा अहिले पनि कैद भोगी रहेका छन्।

कोइरेलकोट गाविस-६ का राधाकृष्ण उपाध्यायकी पत्नी वर्ष १९ की किडी उपाध्यायले ०५१ साउन २९ गते अवैध सम्बन्धबाट एक बालक जन्माएकीमा भोलिपल्ट ३० गते सो बालकको मृत्यु भएको थियो। आफ्नो पति २ वर्ष अगाडि दिल्लीतर्फ गएकोमा भतिजा नाता पर्ने धर्मराज उपाध्यायसंगको शारीरिक सम्पर्कबाट उक्त बच्चा जन्मिएको थियो। बच्चा जन्मनुअधिको १० महिनासम्म उनी घरबाट बाहिर निस्केकी थिइनन्। जेठाजुसंग स्वास्थ्य चौकी जाँदा डान्ने भन्ने डिलमा सो बच्चा जन्मिएको थियो तर उनीले बच्चालाई घाँसको पातले छोपछाप गरी घर फर्केकोमा पछि बच्चा रोएको आवाज आइ त्यहाँ गाउँलेहरू गएका थिए। पछि गाउँलेहरूले यो बच्चा कस्को हो भन् भनी उनलाई हप्काएपछि धर्मराजको भनी उनले बयान गरेकी थिइन्। सो बच्चाको मृत्युपछि निज किडी उपाध्यायलाई प्रहरीले हिरासतमा लिएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | - | - | - |
| बलात्कृत | - | १ | - |
| आत्महत्या | - | २ | १ |

स्याडी गाविस-६ का ४४ वर्षीय महाविर वोहोराको ०५१ मंसीर १९ गते राती रहस्यपूर्ण मृत्यु भयो। यस घटनाका सम्बन्धमा मिनुवा वोहोरा, मन्नु वोहोरा, धनबहादुर वोहोरा, उदारो वोहोरा समेतका व्यक्तिहरूलाई प्रहरी हिरासतमा राखी अनुसन्धान भइरहेको छ। मृतकका दाजुको भनाइ अनुसार मृतक र ती व्यक्तिहरूका बीच केही वर्षदेखि जग्गा सम्बन्धी विवाद चल्दै आएको थियो।

कोइरेलकोट गाविस-३ का ४६ वर्षीय धनन्जय उपाध्यायको ०५१ पुस ३ गते जिल्ला अस्पतालमा मृत्यु भयो। यस अघि ०५१ मंसीर २८ गते निज मृतक सोही गाविस-८ मा भएको एक विवाहमा मदिरापान सेवन गरी उपस्थित भएका थिए। सो विवाहमा खाना खाने समयमा जातभात सम्बन्धी विवाद उठेपछि दुलाहा र दुलही पक्षका बीच झडप भएको थियो। भानु प्रकाश, राधा उपाध्याय र मृतक बीच सो समयमा कुटपिट भएको थियो। सो कुटपिटपछि निजलाई उपचारार्थ जिल्ला अस्पताल भर्ना गरिएको थियो।

### १.२ जेल र बन्दीहरू

यस जिल्लामा २५ जना बन्दी क्षमता भएको "घ" श्रेणीको जेल छ। यो वर्ष यस जेलमा ७ जना बन्दीलाई राखिएको पाइयो।

जेलमा कुनैपनि राजनैतिक बन्दीहरू छैनन्। जेलमा १ वर्ष पूरा गरेकोलाई लाउने लुगा र २ वर्ष पूरा गरेकोलाई ओढ्ने ओछ्याउने दिने गरिएको पाइएको छ। दैनिक ७ सय ग्राम चामल तथा ६ रूपियाँ दिइन्छ। यहाँ औषधी उपचार हुन नसकेकोलाई डाक्टरको पुर्जा बमोजिम अन्यत्र सरूवा गरिन्छ। जेलमा कैदीहरूलाई रेडियो, टेलिभिजनको सुविधा बजेट नभएको कारणले नदिइएको कुरा जेलर बताउँछन्।

### १.३ गिरफ्तारी र यातना

कालु खेती गाविस-८ का जयराज जोशीलाई ०५१ असोज २३ गते प्रहरीले पक्राउ गरेको थियो। उनका विरूद्ध सोही ठाउँका उत्तमराम हमालले व्यक्तिगत रीसइबीका कारण काल्पनिक घटनाका आधारमा जिल्ला प्रशासन कार्यालयमा उजुरी दिएका थिए।

### १.४ वेपत्ता पारिएको

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की / कुटपिट

कसैले कसैलाई ज्यानमार्ने धम्की दिएको प्रकाशमा आएन।

### १.६ थुनामा मृत्यु

यो वर्ष यस जिल्लामा थुनामा मृत्युको घटना भएन।

### २. मौलिक अधिकार

मौलिक अधिकार उल्लंघन सम्बन्धी कुनै घटना प्रकाशमा आएनन्।

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धी कुनै उल्लेख्य घटना भएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यस सम्बन्धी उल्लेख्य घटना भएको पाइएन।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यो वर्ष ०५१ कार्तिक २९ गते सम्पन्न निर्वाचनमा यस जिल्लाका केही मतदान केन्द्रमा १०/११ वर्षका बालबालिकाले पनि मतदान गरेका थिए। यस बाहेक अन्य उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

भौगोलिक विकटता र नागरिक मै रहेको चेतनाको न्यूनताले गर्दा न्याय सुगम बनेको पाईदैन। अनावश्यक ढिलाई हुने गरेको गुनासो पनि रहेको छ।

### २.५ सरूवा / बढुवा / पक्षपात आदि

उल्लेख्य घटना केही भएन।

### ३. भूमिहीन तथा सुकुम्बासी समस्या

पाटादेवल गाविस-५ का ३७ वर्षीय प्रेमबहादुर खड्कालाई सोही ठाउँ बस्ने डवल खड्काले मेरो जग्गाको विलबन्दी, रसिद, पाटा देवलको दमाईलाई दियो भनी कुटपिट गरेका थिए।

धेरै पहिले दमाइ-कामीका नाममा जग्गा दर्ता नहुने चलन भएकोले डवल खड्काका जिजुबाजेका पालादेखि ती दमाइहरू त्यहाँ बसोबास गरी आएका थिए। बस्दै आउँदा दमाईहरू अहिले २५-३० परिवार पुगेपछि आफू बसेको जग्गा आफ्ना नाममा दर्ता गर्न खोजेका थिए। तर डवलबहादुर खड्काले सो जग्गा मेरो हो अब बस्न दिन्न भनी उनीहरूलाई विभिन्न दुःख दिन थालेको कुरा पाटा देवलका समाजसेवीहरू बताउँछन्। बसाइको आधारमा दमाईहरूको हकलाई सुरक्षित गर्न प्रेमबहादुर खड्काले समाजसेवीहरूसंग सल्लाह गरी दमाईहरूले भोग चलन गरे जति जग्गाको मालपोत बुझेको रसिद दमाईहरूलाई दिएको कारण उनलाई कुटिएको हो।

यस जिल्लामा भूमिहीन तथा सुकुम्बासी समस्या भए पनि उनीहरूबाट कुनै सार्वजनिक जग्गा हडप्ने जस्ता कार्यहरू भएका छैनन्। परापूर्व कालदेखि भूमिपतिहरू जग्गामा घरवस्ती गरी शर्त बमोजिम जग्गा कमाई आएका छन्। हाल नापीमा केही भूमिपतिहरू विनाशर्त सुकुम्बासीहरूलाई जग्गा छोड्न राजी भएका छन् भने केही उल्टै सुकुम्बासीहरूलाई तर्साउन तल्लीन छन्।

### ४. महिला अधिकार

महिलाहरूको लगभग पूरै हिस्सा अशिक्षित भएकोले यस जिल्लामा कुनै महिला संघ संगठन निर्माण हुन सकेका छैनन्। महिला अधिकार सम्बन्धी यस जिल्लामा त्यस्तो ठूलो उत्साह देखिँदैन।

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

खीरातडी गाविस-३ का हरे कोरकी पत्नी वर्ष २१ की रत्नादेवी कोरलाई वीरजित कोर समेतका व्यक्तिहरूको मिलेमतोमा वैतडी पाटनबाट भगाएर ०५० फागुन २३ गते कञ्चनपुर गुलरिया बस्ने वर्ष ३० को जयबहादुर खत्रीले भगाएर गुलरीया ल्याई राखेको बताइन्छ। खत्रीका अनुसार आफूले वीरजीतलाई भाइको विवाह गर्न केटी खोजीदिन भनेकोमा पछि वीरजितले रत्नादेवीलाई लिएर आई अविवाहित हुन् भनी भनेकोले भाइका लागि रत्नादेवीलाई लिई गुलरिया गएको भन्ने भनाइ जयबहादुरको छ। हाल हरे कोरले पत्नीको ज्यान वेपत्ता पारिएको भन्ने सम्बन्धमा प्रहरीमा जाहेरी गरी कारवाही चलिरहेको छ।

दैलिचौर गाविस-७ बस्ने गालु वोराकी छोरी वर्ष १५ की डल्लीकुमारी वोरालाई संग्राम वोराले ०५१ जेठ १ गते जवरजस्ती घरबाट तानेर बाल विवाह गर्ने मनसाय प्रकट गरेका थिए। ०५१ जेठ ४ गते डल्ली वोराले ममाथि संग्रम वोराले गैरकानूनी तवरले शारीरिक यातना दिएको र बल प्रयोग गरी विवाह गर्ने मनसाय राखी अन्याय गरेको भनी जिल्ला प्रहरी कार्यालयमा जाहेरी गरेकी थिइन्। शारीरिक परीक्षणपछि डाक्टरहरूले पनि उनलाई वर्ष १५ की भनेर प्रमाणित गरेका थिए। तर उनका काकाले ०५० मंसीर १३ गते

परम्परा बमोजिम विवाह गरिदिएको कुरा प्रहरीमा बताएका छन् र प्रहरीले कसैलाई कारवाही गरेको छैन। हाल उनको हालत लावारिस अवस्थामा छ। उनी मावल बसी रहेकी छन्।

सैनपसेला गाविस-४ का गगने कामीले आफ्नी पत्नी विन्दा कामीलाई ०५१ जेठ २९ गते दिउँसो मरणासन्न हुने गरी कुटपिट गरेको र उनले लगाएको गहना खोसी घरबाट निकाली दिएका छन्। विन्दा कामीले अहिले पतिबाट अंश पाउँ भनी जिल्ला अदालतमा उजुरी दिएकी छिन्।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी उल्लेख्य घटना प्रकाशमा आएन।

### ४.३ गर्भ पतन

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### ५ बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बालबालिकाहरूलाई पढ्न पठाएर समय खेर फाल्नु हुन्न र उनीहरूलाई सानैदेखि काममा लगाउनु पर्छ भन्ने परम्परावादी धारणा यहाँ अहिले पनि छ।

### ६ आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकारको उल्लंघन सम्बन्धी घटना यो वर्ष प्रकाशमा आएन।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

घरमा काम गराउन मानिस राखिए पनि दास कमैया, बाँधाको रूपमा राख्ने चलन यस जिल्लामा अहिले पाईंदैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

उल्लेख्य घटना प्रकाशमा आएन।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

उल्लेख गर्न योग्य टिप्पणीहरू उपलब्ध भएनन्।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

दौलिचोर गाविस-७ पटेउरी का गोपाल वोहोराकी पत्नी रामप्यारू वोरा मानसिक असन्तुलन भइ साढे १ वर्ष जतिको बच्चा लिई हिंडडुल गर्दछिन्। त्यसरी घुम्ने क्रममा त्यो बच्चा अवैध यौन संसर्गबाट जन्मिएको भन्ने भनाइ गाउँलेहरूको छ।

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

कोटदेवल गाविस-७ बस्ने मानबहादुर रोकायाको छोरा वर्ष ४ को लोकबहादुर रोकायाको सेफ्टी ट्यांकीको खाल्डोमा परी ०५१ साउन ६ गते निधन भयो। सो सेफ्टी ट्यांकी इलाका वन कार्यालयको नवनिर्मित भवनको थियो। त्यस समयमा उनका बाबुआमा खेतमा धान रोप्न गएका थिए।

माझीगाउँ गाविस-९ का कविराज रोकायाको छोरा वर्ष ११ को भक्तबहादुर रोकाया र सोही ठाउँ बस्ने दिलबहादुर जेठाराको छोरा वर्ष ९ को ध्रुवबहादुर जेठाराको ०५१ साउन १९ गते खोला तर्न लाग्दा बगेर मृत्यु भएको छ। भक्तबहादुर रोकायाकी आमा सो खोलापारी खेतमा काम गर्न गएकोले दुबैजना त्यहाँ जान लाग्दा खोलामा डुबी मरेका थिए।

भालुमेला गाविस-८ अफलावगड बस्ने लिलाधर रेग्मीको छोरा वर्ष २२ को केशवराज रेग्मीको ०५१ साउन २२ गते सेती नदीमा डुबेर मृत्यु भएको छ। पानी खान गएको भैंसीलाई खोलाले बगाउने हो कि भनी खोलामा पसेका रेग्मीलाई नै खोलाले बगाएको थियो। अहिलेसम्म उनको लाश फेला परेको छैन।

देउलेक गाविस-९ दल्लीकोट का ३० वर्षीय घौले ओखेडाको ०५१ साउन ३१ गते रिखाडी खोलाले बगाएर मृत्यु भएको छ। खोलापार गरी वस्तुचराउन गएको र पछि फर्कंदा खोलाले बगाएको थियो। मृतकका एक पत्नी र ३ छोरीहरू छन्।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

०५१ साउन १६ गते राती अविरल वर्षाको कारण यहाँको सेती नदीमा वाढी आई ९ वटा गाविसमा खेतीवाली घर पसल, गोरूका साथै झोलुङ्गे पुलको समेत क्षति भएको छ। सदरमुकाम नजिक रहेको वाउली गाउँको झोलुङ्गे पुललाई वाढीले क्षति तुल्याएको छ। त्यस्तै लुचारा गाविस, गोलाइ बस्ने घन्नाल सार्कीको सेती नदीभन्दा १ सय मिटर टाढा रहेको घर बगाउनाले घरमा भएको जायजेथा, २ वटा गाई, २ वटा वाच्छा समेत बाढीले बगाइदिएको छ। त्यस्तै लेकगाउँ गाविसका कंही घर र खेत बाढीले सखाप पारेको छ। कुल करीब ३ सयदेखि ४ सय रोपनीसम्म जग्गा सो वाढीबाट क्षतिग्रस्त हुन पुगेको हो।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

यस सम्बन्धी उल्लेख्य कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

हेमन्त बाडा गाविस-१ का २४ वर्षीय हिरालाल खड्काले ०५१ जेठ २४ गते धौले गाउँको गोरू गोठ नजिक टुनिको रूखमा झुण्डी आत्महत्या गरे। जागीर खाने उद्देश्यले कठिनसाथ एस.एल.सी. परीक्षा पास गरेपछि सो उद्देश्य पूरा नभएकोले उनले आत्महत्या गर्न पुगेको बताइन्छ। शव पोष्टमार्टम गर्न अस्पताल लाँदा डाक्टर नभएकोले पोष्टमार्टम हुन सकेन।

### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

पौवागढी गाविस-८ का गजेन्द्रबहादुर सिंहको घरबाट ४ सय ३५ ग्राम चाँदीको महाकालीको मुर्ती ०५० फागुन २८ गते चोरी भएको छ। चोरीमा रघु खाती, रिचा खाती, मानबहादुर खाती, मानवीर खाती, गजेन्द्र खाती लगायत प्रेम लामा संलग्न थिए। रघुवीर खाती र मानबहादुर खाती हाल तारेखमा छुटेका छन्। ■



# ५. सुदूरपश्चिमाञ्चल

# महाकाली

# ५.६ कञ्चनपुर

जनसंख्या : २५७९०६

साक्षरता : ४०.५ प्रतिशत

महिला साक्षरता : २२.८ प्रतिशत

क्षेत्रफल : १६१० वर्ग कि.मी.

भारतसंग सीमाना जोडिएको कञ्चनपुर जिल्ला नेपालको पश्चिमी सीमानाको एक जिल्ला हो। यो महाकाली अञ्चलको दक्षिणमा पर्दछ। यसको पूर्वमा कैलाली जिल्ला पर्छ भने उत्तरमा डडेलधुरा जिल्ला पर्छ। दक्षिणमा भारतको उत्तरप्रदेश र पश्चिममा भारतको नैनीताल पर्दछ। यहाँ १३२ वटा प्राथमिक विद्यालय, ३२ वटा निम्नमाध्यमिक विद्यालय, २३ वटा माध्यमिक विद्यालय, १ उच्च माध्यमिक विद्यालय र ३ वटा क्याम्पस छन्। स्वास्थ्य क्षेत्र तर्फ ५० शैय्याको १ अस्पताल र ८ वटा स्वास्थ्य चौकी छन्। यो जिल्ला पनि मानवअधिकार हननका दृष्टिले चर्चामा आउने गरेको छ।

### १ सम्मानित रूपले बाँच्ने अधिकार

#### १.१ हत्या र गोली

०५० माघ १८ गते वेलडाँगी गाविस-९ का मधीर सिंह रानाक्षेत्रीले मादक पदार्थ सेवन गरी आफ्नी पत्नी सीता रानाक्षेत्री तथा छोरा भीम राना र छोरी राजकुमारी रानालाई वञ्चरोले प्रहार गरी घाइते बनाए। घाइतेहरूको तत्काल मृत्यु समेत भयो।

नेपाल विद्युत प्राधिकरणमा कार्यरत जुनियर मिस्त्री पल्टु अधिकारीको लाश ०५० फागुन ७ गते फेला पर्‍यो। सो लाश महेन्द्रनगर भारत गड्डा चौकी तर्फको मूल नहरमा फेला परेको थियो। पल्टु अधिकारीलाई विद्युत मर्मत कार्य गर्ने सिलसिलामा एउटै समूहमा काम गर्ने मोहम्मद हानिफले षडयन्त्रपूर्वक हत्या गरेका थिए। हाल उनी महेन्द्रनगर कारागारमा सजाय भोगी रहेका छन्।

झलारी गाविस-१ हीरापुर जाने बाटोको जंगलमा ०५० फागुन १३ गते अन्दाजी ३०/३५ वर्षको युवकको लाश फेला पर्‍यो। सो लाश बोराले बेरिएको अवस्थामा खाडलमा हालिएको थियो। लाशको सनाखत हुन सकेको छैन।

झलारी गाविस-७ का कल्लु राणालाई सोही ठाउँ बस्ने कागु राणा, कनैया राणा र विल्ला चौधरीले ०५० चैत १८ गते घर जान लाग्दा बाटोमा घाँटी अँठ्याई हत्या गरे। मृतावती खुना रानाले मृतकबाट २ हजार कर्जा लिएको र सो कर्जाको ब्याज बापत मृतावतीले घर पोतिदिनु पर्ने, रक्सी दिनु पर्ने शर्त थियो। तर केही दिन अगाडि मृतकले मेरो ऋण तिर्ने भए तिर नत्र मेरी पत्नी बन्नु पर्छ भनेपछि मृतावतीले विल्ला चौधरी, फागु राणा, कनैया राणालाई जनही १ सय रूपैयाँ दिई हत्या गर्न लगाएको बताइन्छ।

चादती गाविस निवासी मोहन वडवाल र निजकी भतिजी सुर्जा वडवाललाई ०५१ बैशाख २३ गते प्रहरीले गोली हानी सख्त घाइत बनायो। मोहन वडवाललाई प्रहरी चन्द्रसिंह धामी र सुर्जा वडवाललाई देवीदत्त भट्टले गोली हानेका थिए। मोहन वडवालको कञ्चनपुर जिल्ला अस्पतालमा र सुर्जा वडवालको वीर अस्पतालमा उपचार गरिएको थियो। गोपाल सुनुवार नामक व्यक्तिले भारततर्फ केही माल लान आँटेको थाहा पाई मोहन वडवाल प्रहरी चौकी पुगी घटना बारे जानकारी गराउँदा प्रहरीले बेवास्ता गर्‍यो। प्रहरीको त्यो व्यवहारबाट पीडितहरू झोक्किएपछि प्रहरीले एक्कासी गोली चलाएको थियो।

०५१ जेठ ८ गते सोतीया नालामा विशालपुर गाविस-६ बस्ने वर्ष १९ की श्रीमती शान्ती चौधरीको लाश फेला पर्‍यो। तर लाशसँगै उनको १० महिनाको छोरा मनोजकुमार चौधरी भने जीवित अवस्थामा थिए। लाशसँगै १० महिनाको छोरा जीवित अवस्था रहनुमा षडयन्त्र भएको प्रमाणित भएको छ तर हत्यारा पत्ता लाग्न सकेको छैन।

झलारी गाविस-१ हीरापुरका लाहनु चौधरीको लाश ०५१

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | २ | २ | - |
| बलात्कृत | - | १ | ४ |
| कमैया बलात्कृत | - | - | १ |
| आत्महत्या | - | - | ३६ |

भदौ १ गते खेतमा भेट्टियो। सरजमिन मुचुल्कामा भवितव्य बताइएता पनि केही स्थानीय वासिन्दाहरू हत्याको शंका गर्दछन्।

महेन्द्रनगर नगरपालिका-८ को नहरको किनारामा ०५१ भदौ १५ गते एक ८ महिनाको बच्चाको लाश फेला पर्‍यो। यस सम्बन्धी अन्य तथ्यहरू प्रकाशमा आउन सकेनन्।

चादनी गाविस-३ की ४० वर्षीय देवी सावतलाई निजकै लोग्ने केशवसिंह सावतले सामान्य झगडाको निहुँमा मरणासन्न हुने गरी पिटे। त्यसपछि उनलाई झुण्ड्याई मारेको थाहा हुन आएको छ। झुण्ड्याउन लाग्दा छोरा वीरसिंह सावतले देखेपछि दौडेर गई लगाएको पासो खुस्काई महाकाली अञ्चल अस्पतालमा भर्ना गरिएकोमा पनि उनको ज्यान बचन सकेन।

## १.२ जेल र बन्दीहरू

"ख" श्रेणीको कञ्चनपुर जिल्ला कारागारको बन्दी क्षमता ७५ रहेको छ। सो कारागारमा १ सय ५४ जना थुनुवा र ५४ जना बन्दीलाई राखिएको छ। कारागारमा राजनैतिक बन्दीहरू छैनन्। यस जेलमा वर्षमा १ पटक लुगाहरू र २ वर्षमा ओढ्ने कम्बल पाखी दिइन्छ। बन्दीहरूको स्वास्थ्य परीक्षणको लागि हप्तामा एकपटक अ.हे.ब.द्वारा स्वास्थ्य परीक्षण गराइन्छ र अन्य उपचारका लागि महाकाली अञ्चल अस्पतालमा लाने गरिन्छ। यहाँ पंखा चलाउने र रेडियो बजाउने सुविधा उपलब्ध छ। यसकासाथै प्रौढ शिक्षा सञ्चालनको समेत व्यवस्था छ। झुठामुद्दा लगाएको आरोपमा यहाँ ०५१ जेठमा ४ जना बन्दीहरू ९ दिनसम्म अनसन बसेका थिए।

## १.३ गिरफ्तारी र यातना

०५० माघ १० गते कञ्चनपुरको खुल्लामञ्चमा प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले भाषण गरिरहेको बेला कालो झण्डा प्रदर्शन गरी ढुङ्गामुढा गरेको आरोपमा उद्योग वाणिज्य संघको रात्रिभोजबाट फर्किरहेको बेला एमालेका उर्वादत्त पन्तलाई गिरफ्तार गरियो। त्यस्तै भोलिपल्ट माघ ११ गते महेन्द्रनगर नगरपालिका वडा-१८ का एमालेको तर्फबाट विजयी प्रतिनिधि इश्वरी खरेल, तथा सो पार्टीका जिल्ला सदस्य गणेशसिंह धामीलाई प्रहरीले गिरफ्तार गर्‍यो। त्यस्तै सोही दिन प्राध्यापक मनोरथ जोशीलाई सिद्धनाथ बहुमुखी क्याम्पसमा अध्यापन गरिरहेको बेला प्रहरीले गिरफ्तार गरेको थियो। सो गिरफ्तारीको विरोध गर्दै जिल्ला प्रहरी कार्यालय सामु पुगेको जुलुशमा लाठी चार्ज गरियो। जुलुशबाट साप्ताहिक वार्ताका गजेन्द्र शाही, राजेन्द्र विष्ट, कर्ण धामी लगायतका पत्रकारहरूलाई पनि गिरफ्तार गरिएको थियो भने लाठी चार्जबाट पत्रकार मित्रलाल बालक सख्त घाइते भएका थिए। माघ २१ गते सोही आरोपमा एमाले जिल्ला सदस्यद्वय राजेन्द्र रावल र विक्रम शाहीलाई प्रशासन समक्ष उपस्थित हुन पत्र लेखी उपस्थित गराइएको थियो। गिरफ्तार गरिएका व्यक्तिहरूलाई सार्वजनिक मुद्दा लगाई धरौटीमा रिहा गरिएको थियो।

०५० चैत १८ गते चादनी गाविसका घमें सुनार र सुर्ज सुनारलाई जंगलमा मह काट्न लाग्दा जंगल फाँड्न लागेको भनी गिरफ्तार गरियो। उनीहरूलाई ०५१ बैशाख ३ गतेसम्म विनापूर्जी थुनिएको थियो।

०५१ साउन ९ गते नेपालबन्द कार्यक्रममा नेकपा (एमाले) का केन्द्रीय सदस्य प्रेमसिंह धामी, जिल्ला कमिटी सदस्य राजेन्द्र रावल, उर्वादत्त पन्त, सूर्यबहादुर कुँवर, हरि जोशी, गणेश सिंह धामी, रामकुमार ज्ञवाली लगायत १९ जनालाई गिरफ्तार गरियो।

नीरबहादुर कटुवाल तथा विष्णुमाया कटुवालका १४ वर्षीय छोरा योगेन्द्रबहादुर कटुवालले महेन्द्रनगर-२ का गोपाल कोइरालालाई करीब ७ सय पर्ने पंखा १ सय पचासमा बेचेपछि नीरबहादुर कटुवाल बोहोराकहाँ पंखा फिर्ता गर्न गएका थिए। फिर्ता गर्ने नगर्ने विवाद जिप्रका पुगेपछि ०५१ साउन ११ गते ढकाल थरका एक इन्सपेक्टर सहित एक जत्था प्रहरीहरू आई विष्णुमाया कटुवाललाई कपाल र पाखुरामा समाई जिप्रका पुर्‍याइएको थियो।

०५१ साउन १६ मा मझगाउँ महेन्द्रनगरस्थित एअरपोर्टमा तारको बार लगाउन खाडल खन्दा भेटिएका मुद्दा सम्बन्धी मुख्य अपराधी शंकर प्रधान र भरत प्रधानलाई कारवाही नगरी प्रकाश र धिरेन्द्रबहादुर सिंहलाई प्रहरीले हिरासतमा राख्यो। त्यस्तै सो मुद्दाको सम्बन्धमा प्रहरीलाई जानकारी दिनेलाई समेत सोधपुछको बहानामा हिरासतमा राखिएको थियो।

देखनभुली गाविसका अध्यक्ष तनुकलाल चौधरीलाई ०५१ साउन १० गते वन अतिक्रमण गरेको आरोपमा गिरफ्तार गरी साउन २१ गतेसम्म विनापूर्जी हिरासतमा राखिएको थियो।

दहवगड गाविस-७ वस्ने वर्ष १९ को झकरी धामीले मनवीर धामीमाथि झुठा सार्वजनिक मुद्दा दायर गरेपछि उनलाई प्रहरीले गिरफ्तार गरी हिरासतमा लिएको छ। ०५१ भदौ १३ गते पीडितले झकरी धामीको पतिका नाममा लुटपिट मुद्दा दिएका कारण सो उजुरी गरी थुनाएको बताइन्छ।

०५१ भदौ १७ गते जिल्ला वन अधिकृत ध्रुवप्रसाद आचार्यको नेतृत्वमा गएको एक टोलीले देखनभुली गाविस-७ का निर्वाचित अध्यक्ष घुमाना रानालाई घर छेउमा भएका पुराना काठलाई नयाँ काठ काटेको भनी गिरफ्तार गरियो। ०५१ असोज ७ गते अदालतले उनलाई १८ हजार तीनसय ४१ धरौटी लिई रिहा गरेको छ।

०५१ भदौ २४ गते राती करीब १० बजे पुष्प चलचित्र मन्दीर श्रीपुर वेलौंटीमा जय सन्तोषीमाँ नामक चलचित्र हेर्दा हेर्दै वर्ष २६ का गोविन्द विष्टको मृत्यु भयो। मृत्युको कारण बदाम र सुर्ती सेवनले "रियाक्सन" भई मृत्यु भएको बताइन्छ। तर प्रशासनले सोही फिल्महलमा कार्यरत निर्दोष मजदुरहरू अशोक धिताल, ज्ञानेन्द्र गौतम, ताराप्रसाद धितालालाई गिरफ्तार गरेको थियो।

चादनी गाविस-७ का मीनु गिरीलाई जिल्ला वन सुरक्षा कार्यालयले जंगलबाट काठ काटेको आरोपमा बन्दी बनाएको छ। विना प्रमाण गिरफ्तार गरिएको सम्बन्धमा बुझ्दा तत्काल छाडिने कुरा बताइयो।

### १.४ वेपत्ता पारिएको

कसैलाई पनि वेपत्ता पारिएको घटना जानकारीमा आएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की

०५१ बैशाख १४ गते नेपाल राष्ट्रिय शिक्षक संगठनका सदस्य तथा कृष्णपुर माध्यमिक विद्यालय गुलरियाका शिक्षक जगदीश भट्टलाई सोही गाविसका प्रेमराज पाठकले विद्यालयमा पढाउँदा आफ्नो छोरालाई हप्कायो भन्ने आरोपमा हातपात र गाली बेइज्जती गरे।

०५१ बैशाख १६ गते भारतीयहरूबाट नेपाली प्रहरीहरूलाई रामपुर-विशालपुरमा आक्रमण भएको थियो। सो दिन वयलगाडामा सामान राखी एक भारतीय टोली नेपालबाट भारत तर्फ गइरहेको थियो। गाडाको नेतृत्व वलवीर सिंह भनिने सरदारले गरिरहेका थिए। भुडाचौकी चौकीका प्रहरी जवान मानसिंह रावलले भन्सार महशूल बुझाउने बारे कुरा गर्दा पञ्जाबी जत्थाले प्रहरी जवानलाई निर्घात पिटेका थिए।

महेन्द्रनगरस्थित ट्राफिक चौराहमा ०५१ बैशाख १८ गते राती ८ बजे रिक्सा चालक विष्णुप्रसाद न्यौपानेमाथि ट्राफिक नियम उल्लंघन भएको बहानामा प्रहरीहरूले लात्ताले कुटपिट गरे।

श्रीपुर गाविस-२ भकुण्डा बस्ने रामबहादुर थापाले बञ्चरोको बींडले आफ्नै बुहारी भगवती थापालाई हिर्काइ मरणासन्न अवस्थामा पुऱ्याए। उनलाई कतै उजुर गर्न गए अरू पिट्ने धम्की दिएको बुझिएको छ। त्यस्तै ०५१ जेठ २७ गतेको वार्ता साप्ताहिकमा जनज्योति माध्यमिक विद्यालयका प्रधानाध्यापक लालबहादुर रावलले जंगलबाट काठ ल्याई भारत तर्फ निकासी गरेको समाचार प्रकाशित गरेवापत खेम सुवेदीलाई समाचार पठाएको आरोपमा लालबहादुर रावल, राधेश्याम गुप्ता, दिपेन्द्र राय लगायतका व्यक्तिहरूले मार्ने धम्की दिएका थिए।

परासन गाविस-३ पृथ्वी बस्ती का वर्ष २२ को लक्ष्मण थापालाई सोही ठाउँ का अर्जुन श्रेष्ठले बाटोमा हिँडिरहेका बेला हातपात गरे। लक्ष्मण थापाको उखु खेतीमा अर्जुन श्रेष्ठको गाई भैंसी पसी नष्ट गरी दिएकोमा थापाले श्रेष्ठलाई सम्झाएका थिए। यसै निहुँमा सो हातपात गरिएको बताइन्छ।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २ मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ कार्तिक २४ गते राती करीब १० बजे महेन्द्रनगर नगरपालिका बस्ने नेकपा एमाले कार्यकर्ता गजेन्द्र शाही, राजेन्द्र रावल, कुसुम खनाललाई नेपाली कांग्रेस समर्थक कार्यकर्ताहरूले सूर्यको पोष्टर बोकेर हिंडेको आरोपमा कुटपिट गरे।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धी उल्लेख्य घटना देखा परेन।

### २.५ सरुवा / बढुवा / पक्षपात आदि

नेपाल शिक्षक संघको दोश्रो अधिवेशनलाई महेन्द्रनगर नगरविकास समितिले ६ हजार रूपियाँ उपलब्ध गरायो। तर यही आर्थिक सहयोग प्राप्त गर्ने अधिकारबाट नेपाल राष्ट्रिय शिक्षक संगठन वञ्चित भएको गुनासो त्यस संगठनका शिक्षकहरूले गरेका छन्।

०५० चैत २९ गते देखि ०५१ असार ३१ गते सम्ममा कञ्चनपुर जिल्लामा ९६ जना शिक्षकहरूलाई अपायक ठाउँमा सरुवा गरियो। यस्तो सरुवाबाट मुख्य रूपमा पीडित हुनेमा शिक्षकहरू राजेन्द रावल, नरेन्द्र थापा, भगवान दास, विजयकुमार विष्ट छन्। त्यस्तै गुलरियामा प्रधानाध्यापक मनोरथ जोशीको घटुवा समेत गरिएको छ।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

रौतेली विचवा गाविसमा राना थारूहरूको ठूलो संख्या सुकुम्बासीको रूपमा रहेको छ। ०३४ सालदेखि नै शुरू भएको यो समस्या समाधान गर्न लालपूर्जा वितरण गरिए पनि किनबेचमा हालसम्म प्रतिबन्ध जस्तै छ। यसै गाविसको तरैया भन्ने क्षेत्रबाट ०३५ देखि ०३९ सालसम्म किसानहरूलाई सुन्दरपुरमा सट्टा जग्गा उपलब्ध गराइएता पनि कतै जग्गा नभई फडानी गरी वर्षौं पहिले बसेका तर लालपूर्जा नभएका सुकुम्बासीहरूलाई कुनै व्यवस्था गरेको पाइएन। जिल्लाभरीमा यस्तो संख्या करिब २० हजार छ।

कञ्चनपुर जिल्लाभरिमा कूल ३० हजार सुकुम्बासीहरू छन्।

४. महिला अधिकार

४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/(महिला भएकै कारणले दिइने यातना जस्तै पतिबाट प्रताडना) यातना/आदि

झलारी गाविस-४ फुलैली की १४ वर्षीय बालिकालाई ०५० माघ ९ गते सोही गाविस बस्ने वर्ष ३० को छेइलाल चौधरीले बलात्कार गरे। बलात्कारीलाई झलारी चौकीमा सुम्पदा पनि कारवाही गरिएन।

श्रीपुर गाविस-५ मोतिपुर बस्ने हरिप्रसाद जैसीकी १७ वर्षीय छोरी दुर्गा जैसीलाई श्रीपुर रिछाटाउनमा फोटो स्टुडियो सञ्चालन गरी बस्ने तेजबहादुर विष्टले ०५० असार १४ गते भारत मजरा पुऱ्याई १४ हजारमा बिक्री गरेका थिए। छोरीको खोजी गर्दै हिंडेका बाबुले ०५० चैत २४ गते फेलापारी ल्याएर कञ्चनपुर जिल्ला प्रहरी कार्यालयमा उजुरी गरेका थिए। सो

उजुरी बमोजिम प्रहरीले तेजबहादुर विष्टलाई गिरफ्तार पनि गऱ्यो। कञ्चनपुर जिल्ला अदालतले विष्टलाई २० हजार धरौटी लिई रिहा गरेको छ।

श्रीपुर गाविस रिछाका नारायणदत्त भट्टको घरमा कमैयाको रूपमा बसेकी एक महिलालाई नारायणदत्तका छोरा मोहन भट्टले घरमा कोही पनि नभएको मौका पारी ०५० चैत २५ गते बलात्कार गरे। मोहन भट्टले यो कुरा अरू कसैलाई भनेमा मार्ने धम्की पनि दिएका थिए। यस सम्बन्धमा सम्बन्धित निकायमा उजुरी गर्दा पनि कुनै कारवाही गरिएको छैन।

त्रिभुवनवस्ती गाविस-१ की २६ वर्षीय महिलालाई शुक्रबहादुर तामाङ्गले बलात्कार गर्न प्रयत्न गर्दा होहल्ला भएपछि ती महिला अस्मिता रक्षा गर्न सफल भएकी छिन्। भोलिपल्ट सामाजिक रूपमा मानिसहरू जम्मा भइ केरकार गर्दा "रक्सी खाएर होशमा थिइन मेरो भुल भयो" भन्दै खुट्टा समातेर माफी मागेपछि पीडकलाई माफी दिइएको थियो।

रामपुर-विशालपुरस्थित भुडा चौकीका प्रहरी जवान देवसिंह भण्डारीले शिवनगर बस्ने वर्ष १७ की एक महिलालाई बलात्कार गर्ने प्रयत्न गरेका थिए। पीडकलाई कारवाही गर्नुपर्ने माग गरे पनि कुनै कारवाही गरिएको छैन।

दैजी गाविस-६ बस्ने चाउरे दमाइले १० वर्षीय एक बालिकालाई बलात्कार गरे। बलात्कारपछि बालिकाको गुप्ताङ्गबाट रगत बगेको र सुनिएको थियो। सो कुरा कसैलाई भनेमा मारिदिने धम्की पनि चाउरे दमाइले दिएका थिए।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

यस सम्बन्धी कुनै घटना प्रकाशमा आएन।

### ४.३ गर्भ पतन

गर्भ पतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

यस वर्ष बालअधिकार उल्लंघन सम्बन्धी कुनै पनि घटना देखा परेन।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

### ६.१ पारिश्रमिक/सुरक्षा र संगठित हुने अधिकार

पारिश्रमिक, सुरक्षा र संगठित हुने अधिकारको हननका उल्लेख्य घटनाहरू भेटिएनन्।

### ६.२ विश्रामको अधिकार

यस सम्बन्धमा पनि कुनै घटना देखिएन।

### ६.३ अन्य आर्थिक अधिकार

प्रहरी कार्यालय त्रिभुवन वस्ती र छोटी भन्सार कार्यालय परासनले ०५० माघ १० गते परासन गाविसमा उद्योग स्थापना गर्ने कृषकहरूको हित विपरीत स्थानीय रूपमा उत्पादित उखुको भन्सार महशूल र ट्रक ट्रयाक्टरको निकासी पैठारी व्यवस्था नै नगराई भारत लान दिएकोले नेपाली उद्यमीमाथि मर्का पार्ने काम भएको छ।

०५१ बैशाख १३ गते शंकरपुर कञ्ज प्रहरी चौकीका प्रहरीहरूले वाइसी विधवा गाविस भीमवस्तीका पूर्ण बहादुर सुनुवारको ११ वटा कुखुरा लुटे।

०५१ साउन २१ गते ग्रामीण आवास कम्पनीले अनाधिकृत रूपमा त्रिभुवन वस्ती पुनर्वास क्षेत्रको पर्ती जग्गा बेचिने सूचना टाँस गरेको र हालसम्म त्यस कम्पनीमाथि कतैबाट नियन्त्रण नभएकोले त्यहाँका जनता अन्यौलग्रस्त छन्।

देशमा स्थापित कपडा उद्योगलाई टेवा पुऱ्याउने उद्देश्यले कपास विकास समितिले कृषकलाई कपासवाली लगाउन प्रेरणादिने तथा कृषकमाजागरण ल्याई यसको विस्तार गर्ने लक्ष्य राखेको थियो। तर हाल कपास विकास कम्पनीको ढिलासुस्ती तथा कीटनाशक औषधि, मलखाद समयमा उपलब्ध नगराउने जस्ता कार्यबाट यो क्षेत्र ज्यादै प्रभावित भइ प्रतिदिन जनसहभागिता घट्दो छ।

नेपाल यातायात स्वतन्त्र मजदूर युनियन अञ्चल कमिटीले मजदुरहरूबाट दण्ड जरिवाना गरिएको तर मजदूरहरूको सुविधा सम्बन्धमा कुनै वास्ता नगरिएकोमा दुःख व्यक्त गरेको छ। त्यस्तै विभिन्न सरकारी निकायबाट उपलब्ध गराइने सुविधा राजनैतिक विचार बोकेको आधारमा भेदभावपूर्ण ढंगले वितरण गरिएकोमा दुःख प्रकट गरिएको छ।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

श्रीपुर गाविस रिछाका नारायण दत्त भट्टको घरमा कमैया बसी काम गरी रहेका आशाराम चौधरीलाई आजसम्म पारिश्रमिक दिइएको छैन। करीब ३ वर्षदेखि काम गर्दै आएका आसाराम र उनकी पत्नीलाई मासिक १ हजार दिने भनिएको थियो। तर अहिले उनीहरूलाई १० हजारमा किनेर ल्याएको र त्यसको ब्याज वापत काम गराएको कुरा भट्ट बताउँछन्।

हलिया, कमैयालाई सौंकी (ऋण) तिरेर किन्ने प्रचलन यस जिल्लामा छ। प्रत्येक वर्षको माघ १ गते हातमा लट्ठी र काँधमा थोत्रा कम्मल भिरेर सौंकी भू-दास, कमैयाहरू सडकमा निस्कन्छन्। त्यसरी निस्कने कमैयालाई खरीद गरी बाँधा बनाउन इच्छुकहरूले सो भीडमा गई मोलतोल गर्दछन्। महेन्द्रनगर नगरपालिका बस्ने वर्ष ३० का कल्याण चौधरी आफ्नी पत्नी सहित २ छोरा तथा १ छोरी समेत भई वार्षिक १३ हजारमा बाँधा बसेका थिए। तर कल्याण चौधरीको मृत्युमा उनकी पत्नीलाई किरिया खर्च समेत दिइएको थिएन। उनकी पत्नी र छोरा छोरीलाई निखन्ने सम्बन्धमा कसैले पनि ध्यान दिएको पाइँदैन।

रामपुर विलासीपुर गाविस-७ का वर्ष ६० का

लालबहादुर चौधरीलाई गोरू बाँध्ने किल्लामा हात खुट्टा बाँधी १ दिन १ रातसम्म लालबहादुर रावतले राखेका थिए। गोरूले बाली खाएको कारण पीडकले गोरू बाँधी दिएपछि लालबहादुर गइ गोरू लिई आएका थिए। तर यो थाहा पाई लालबहादुर रावतले घाँस काट्दै गरेका चौधरीलाई लछारपछार पार्दै ल्याई गाई गोठमा बाँधेर राखेका थिए। घटनाका सम्बन्धमा प्रहरीमा उजुर गर्दा पनि कुनै कारवाही भएको छैन।

### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

प्रमुख जिल्ला अधिकारी हीरामणी भण्डारीका अनुसार हत्या र आत्महत्याका घटनाको जानकारी प्राप्त भएका छन् र यस सम्बन्धमा प्रहरीले कारवाही चलाइरहेको छ। यस वर्ष मानवअधिकारको स्थिति सामान्य रहेको कुरा पनि उहाँ बताउनु हुन्छ। तर एमाले जिल्ला कमिटी सचिव लालबहादुर वि.क. भन्नु हुन्छ - मान्छेहरूलाई किनबेच गर्ने प्रथाहरूका रूपमा माघे संक्रान्तिको दिन यस पटक पनि किनबेच गर्ने परम्परा कायमै रह्यो। प्रहरीले गिरफ्तार गरेपछि व्यक्तित्व हेरी मानसिक र शारीरिक दुबै यातना दिने गरेको कुरा उहाँ बताउनु हुन्छ।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

वाइसे बीचुवा गाविस-८ का वीरबहादुर रोकायाको सालको रूखबाट लडेर घटना स्थलमै मृत्यु भयो।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

चादनी गाविस-४ ललुवातका राममक्त नेपालीको घर गोठमा ०५० पुस २४ गते आगलागी हुँदा निजको १६ वर्षीय छोरी कुमारी लक्ष्मी र ६५ वर्षीय सासु सिद्धा देवीको मृत्यु भएको थियो।

श्रीपुर बेलौटी रिछाका ठगुराम डगौराको घरमा ०५१ बैशाख २० गते राती भएको आगलागीमा सम्पूर्ण सामानका साथै लत्ताकपडा समेत नष्ट भए। सो आगलागीबाट १४ वर्षीय रिनु डगौराको समेत मृत्यु भयो।

झलारी गाविस-४ का लोकेन्द्रबहादुर चन्दको मिलको फितामा बेरिएर ०५१ कार्तिक ४ गते मृत्यु भएको छ। बेरिएको थाहा पाइ मिलबन्द गर्दा पनि उनलाई बचाउन नसकिएको थाहा भएको छ।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

०५१ जेठ २ गते राती नेपाल पत्रकार संघ कञ्चनपुरका उपाध्यक्ष तथा महाकाली साप्ताहिकसंग सम्बद्ध पत्रकार सुरेश थापालाई आफ्नै घरमा विषालु सर्पले टोकेपछि उपचारार्थ महाकाली अञ्चल अस्पताल लगिएको थियो। तर उनको मृत्यु भयो।

### ९.४ आत्महत्या

महेन्द्रनगर नगरपालिका-१८ बागमतीका वर्ष २२ का पूर्णबहादुर घर्ती क्षेत्रीले विष सेवन गरी ०५० पुस १९ गते आत्महत्या गरे। विष सेवनपछि उपचारार्थ अस्पताल लाँदालाँदै बाटोमा उनको मृत्यु भएको थियो। त्यस्तै ०५० पुस २८ गते लक्ष्मीपुर गाविस-३ का वर्ष ५० को लवरा राना थारूले झुण्डिई आत्महत्या गरे। आत्महत्याको कारण वृद्धावस्था हो भन्ने छिमेकीहरूको भनाइ छ।

त्रिभुवन बस्ती गाविस-४ जनकबस्तीकी १८ वर्षीय लक्ष्मीकुमारी भुजेलको ०५० माघ १० गते कपासमा छर्ने औषधी खाएको कारण मृत्यु भयो। उनले आत्महत्या गर्नुपर्ने कारण भने सार्वजनिक भएको छैन।

महेन्द्रनगर नगरपालिका-२ की २७ वर्षीय पार्वतीदेवी भट्टले ०५० माघ २३ गते घरमा कोही नभएको मौका पारी झुण्डिएर आत्महत्या गरिन्। त्यसरी नै चादनी गाविस-६ का मानबहादुर मगरले झुण्डिइ आत्महत्या गरेकोमा कारण अफै थाहा हुन सकेको छैन।

सुडा गाविस-३ की ४५ वर्षीय मज्जी राना थारूले ०५० फागुन ७ गते झुण्डिई आत्महत्या गरिन्। त्यस्तै आत्महत्या गर्नेमा परासन गाविस-३ की २७ वर्षीय श्रीमती धनमाया क्षेत्री छन्।

महेन्द्रनगर नगरपालिका-२ कञ्चनपुरकी १८ वर्षीय धनमति कुँवरले झुण्डिई आत्महत्या गरेकी छिन्। उनले ०५१ फागुन २७ गते जंगलमा धान काट्न गएको अवस्थामा झुण्डिई आत्महत्या गरेकी थिइन्। त्यस्तै पिपलाडी गाविस-२ का ६० वर्षीय जंगप्रसाद चौधरीले ०५० फागुन १३ गते झुण्डिएर आत्महत्या गरे।

झलारी गाविस-५ का २५ वर्षीय जगतबहादुर ऐरले ०५० फागुन १९ गते विष सेवन गरी आत्महत्या गरे। त्यस्तै परासन गाविस-८ बीचकाँटाका ४६ वर्षीय धर्म सिंह टमाटाले ०५० फागुन २४ गते कपासमा छर्ने विष सेवन गरी आत्महत्या गरे।

कृष्णपुर गाविस-९ की २० वर्षीय श्रीमती प्रेमादेवी चौधरीले झुण्डिई आत्महत्या गरिन्। त्यस्तै महेन्द्रनगर नगरपालिका-१० का ३० वर्षीय अम्बादत्त जोशीले ०५१ जेठ १२ गते झुण्डिएर आत्महत्या गरे। दुबैको आत्महत्याको कारण भने प्रकाशमा आउन सकेन। लक्ष्मीपुर गाविस-१ का २२ वर्षीय जीतबहादुर भाटले पनि विष सेवन गरी आत्महत्या गरे।

बेलडाँगी गाविस-४ का २० वर्षीय धर्मराज उपाध्यायले झुण्डिएर आत्महत्या गरे। त्यस्तै महेन्द्रनगर नगरपालिका-१९ निवासी वर्ष ३६ का पदम सिंह राना थारू ०५१ जेठ १७ गते विष सेवन गरी मरेका छन्।

महेन्द्रनगर नगरपालिका-१८ की प्रतिमा जोशीले ०५१

भदौ १८ गते कोठाको सिलिङ्गमा साडीको पासो लगाई आत्महत्या गरिन्। उनले आत्महत्या गर्नु पर्ने कारणमा प्रेम प्रसंग हुनसक्ने बताइन्छ।

त्रिभुवनवस्ती गाविस-२ का ५५ वर्षीय लिलाकान्त शर्माले कपासमा हाल्ने विष खाई आत्महत्या गरे। केही दिन अगाडि पत्नीसंग भएको सामान्य भनाभन बाहेक अरू कुनै घटना भएको थिएन। उनले ०५१ कार्तिक १४ गते साँझ रक्सी खाई घरमा आएर विष पान गरी आत्महत्या गरेका थिए।

पीपलाडी गाविस-२ की विहादेवी रानाले झुण्डी आत्महत्या गरिन्। उनले आफू झुण्डी आत्महत्या गर्नुभन्दा पहिला नाबालक छोरा धर्मेसिंह रानालाई झुण्ड्याई मारेकी थिइन्।

देखनभूली गाविस-१ की ३५ वर्षीय रूमदेवी चौधरीले पासो लगाई झुण्डिएर आत्महत्या गरिन्। घरको तनावपूर्ण वातावरणको कारण उनले आत्महत्या गरेको बताइन्छ।

त्रिभुवनवस्ती-३ का ६० वर्षीय वासुदेव अधिकारीले वोरिङ्ग राखेको कटेरोमा झुण्डिई आत्महत्या गरे।

श्रीपुर गाविस का २७ वर्षीय कृष्णराज पण्डितले झुण्डिई आत्महत्या गरे। त्यस्तै देजी गाविस-६ की २४ वर्षीय श्रीमती तारा सिंहले झुण्डिई आत्महत्या गरिन्। उनले ससुरा र लोग्नेको प्रताडनाबाट पीडित भई आत्महत्या गरेको बताइन्छ।

त्रिभुवन वस्ती-२ का अस्थायी बासिन्दा तथा राजु सिनेमा हल सञ्चालन गर्ने ३६ वर्षीय प्रवीण नकर्मीले बढी मात्रामा "स्लिपिङ ट्यावलेट" सेवन गरी आत्महत्या गरे। त्यस्तै परासन गाविस-६ की पदम भट्टले कपासवालीमा प्रयोग गर्ने कीटनाशक औषधी सेवन गरी आत्महत्या गरिन्। त्यसरी नै पिपलाडी गाविस-१ का २५ वर्षीय भरतबहादुर विष्टले आत्महत्या गरे।

महेन्द्रनगर नगरपालिका-७ का हर्कबहादुर वमका १२ वर्षीय छोरा कृष्णबहादुर वमले आफ्नो घरको गोठमा पासो लगाई आत्महत्या गरे। उनी जनसेवा माध्यमिक विद्यालयमा कक्षा ६ मा पढ्थे।

श्रीपुर गाविस-६ का खुशीराम चौधरीले झुण्डिई आत्महत्या गरे। त्यस्तै मेनबजार हिम शिखर लजका सञ्चालक ओमबहादुर मल्लको शंकास्पद मृत्यु भएको छ। सर्ट रूखमा टाँगिएको चप्पल टाढा रहेको र त्यसभन्दा केही पर लाश रहनुलाई शंकास्पद मानिएको छ। तर आवश्यक कुनै अनुसन्धान कार्य नभएको भन्ने भनाइ छ।

महेन्दनगर नगरपालिकाकी १४ वर्षीय शान्ति सार्कीले घाँटीमा पासो लगाई आत्महत्या गरिन्। आत्महत्याको कारण बाबु आमाले हप्काएको भन्ने छ। त्यस्तै चादनी गाविस-९ का २८ वर्षीय देवीसरा चुनाराले झुण्डिई आत्महत्या गरे।

परासन गाविस-३ की जमुनादेवी दमिनीले कपासमा हाल्ने कीटनाशक औषधी सेवन गरी आत्महत्या गरिन्। आत्महत्या गर्नुपर्ने कारण सार्वजनिक हुन सकेन।

महेन्दनगर नगरपालिका-१३ पिपरैयाका दानसिंह तिरूवाले नदीमा हामफाली आत्महत्या गरे। मृतकका छोराले बाबुले तलब माग्दा नदिएपछि विवाद उठेको र झगडा समेत भएको थियो। गाउँलेहरू समेतलाई भेला गरी सम्झौता गराउँदा छोराले उल्टै गाउँलेलाई हप्काएकोले त्यही झोकमा नदीमा गई हामफाली आत्महत्या गरेका थिए।

परासन गाविस-७ का भक्तबहादुर क्षेत्रीले कपासमा प्रयोग गरिने कीटनाशक औषधी सेवन गरी आत्महत्या गरे।

वाइसे बिचुवा गाविस-६ का विवा सुनारले कपासमा हाल्ने कीटनाशक औषधी सेवन गरी आत्महत्या गरे।

महेन्दनगर नगरपालिका-१९ की मणिदेवी लुहारले पातलो सुत्लीको डोरीमा झुण्डिई आत्महत्या गरिन्। खुट्टा भूईंमा टेकिएको कारण आत्महत्या नभएर हत्या नै हुन सक्ने आशंका गरिए पनि प्रहरीले त्यसलाई आत्महत्या नै मानेको छ।

महेन्दनगर नगरपालिका-१२ का अमृत सुनारले मुसा मार्ने विष सेवन गरी आत्महत्या गरे। आत्महत्याको कारण प्रकाशमा आउन सकेको छैन।

## ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

०५० माघ १० गते यू.जी.आइ ५८२१ नम्बरको गाडीमा सादा पोशाक लगाएका केही भारतीय प्रहरीहरू आई नेपाली यात्रुहरूलाई अनावश्यक सोधखोज गर्ने दुःख दिने जस्ता कार्यहरू गरेका थिए।

०५० माघ १७ गते नेपाल भारतको सीमामा भएको जंगलमा डाकाहरूले डकैती गरी कृष्णबहादुर वोहोरा लगायत ५ जनाबाट करिब ५ हजार बराबरको सम्पत्ति डकैती गरे। मुख्य अभियुक्त सुनिलकुमार भटनागर हाल कारागारमा सजाय भोगी रहेका छन्।

त्रिभुवन वस्ती गाविसमा भारतको नगर थानाका सशस्त्र भारतीय प्रहरीहरू यू.पी. ३१/७४०० नम्बरको गाडी सहित ०५१ जेठ ८ गते प्रवेश गरेका थिए। सो जत्था भारत तर्फ नफर्कुन्जेल जनजीवन त्रसित रहेको थियो।

०५१ जेठ २५ गते क्यामरा, कम्प्युटर पार्ट्स, इलेक्ट्रोनिक्स विभिन्न सामानहरू लिएर आएको भारतीय ट्रक ( सी.एच.डब्लु ७८६८) लाई कञ्चनपुरका प्रमुख जिल्ला अधिकारी हिरामणी भण्डारीको टोलीले समाती कारवाहीको लागि भन्सार कार्यालयमा बुझाएको थियो।

भारतीय एस.पी.को गाडी यू.पी. २६/६२६२ ०५१ जेठ २८ गते कञ्चनपुर सीमा गड्डा चौकीबाट नेपाल प्रवेश गरेको थियो। गाडीमा हवलदार तथा केही प्रहरीजवानहरू थिए। नेकपा एमालेका कार्यकर्ताहरूले घेराउ गरी प्रशासनलाई जानकारी गराएपछि उनीहरू घुम्न आएको बहाना बनाई क्षमा याचना गरी फर्केका थिए।

चादनी गाविस-७ की महिलाहरू नन्दकला वम र गौरादेवी कुँवरमाथि सोही गाविस बस्ने रामबहादुर चन्द र कल्याण चन्दले केही भारतीयहरूको सहयोग लिई साँघातिक हमला गरी धनमाल लुटेका थिए। तिनीहरूलाई प्रहरीले गिरफ्तार गरे पनि तुरून्तै छाडेको थियो।

■



# ५. सुदूरपश्चिमाञ्चल

## महाकाली

## ५.७ डडेलधुरा

जनसंख्या : १०४६४७

साक्षरता : ३६.१ प्रतिशत

महिला साक्षरता : १२.८ प्रतिशत

क्षेत्रफल : १५३८ वर्ग कि.मी.

सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको एक जिल्लाको नाम हो डडेलधुरा। यातायात, सञ्चार, बाटो, हावापानी र भौगोलिक दृष्टिकोणले यो जिल्ला अन्य पहाडी जिल्लाभन्दा अगाडि रहेको मानिन्छ। राजनैतिक चेतना, शैक्षिक विकास र मानवअधिकारको सचेतनता आदि विषयमा पनि चेतनाको लहर निक्कै बढेको पाइन्छ। मानवअधिकारवादी गैर-सरकारी संस्थाहरूको माध्यमबाट यहाँको साक्षरतामा पनि क्रमशः वृद्धि हुँदै गएको छ। १ हजार ५ सय ३८ वर्ग किलोमिटर क्षेत्रफलमा फैलिएको यो जिल्लाका ८८.७० प्रतिशत जनता कृषिमा निर्भर रहेका छन्।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

#### १.१ हत्या र गोली

भागेश्वर गाविस-६ की २४ वर्षीय लक्ष्मी लोहारलाई आफ्ना नातेदारहरूले नै हत्या गरी फालेको कुरा थाहा भएको छ। ०५० माघ १३ गते भाइहरू र मामाहरूले उनकै घरमा हत्या गरेका थिए। मामाहरूमा क्रमशः गंगाराम लोहार, भरतराम लोहार, गोविन्द लोहार र सरडो लोहार थिए। हत्यामा संलग्न भरतराम लोहारले भोलिपल्ट प्रहरी चौकीमा जानकारी गराएका थिए। हत्या गर्नुपर्ने कारण सम्बन्धमा २ जनाका पत्नीसंग मृतकको अनुचित सम्बन्ध रहेको भन्ने भनाइ छ।

सहश्रलिङ्ग गाविस-६ लिटिरी गाउँका वर्ष ३५ का विजयसिंह खड्काको ०५० फागुन १५ गते साँझ ७.३० बजे हत्या भएको छ। हत्याको जाहेरी नातेदार मानबहादुर खड्काले प्रहरीमा दिएपछि प्रहरीले खड्गबहादुर भण्डारी "क", खड्गबहादुर भण्डारी "ख", हरिलाल भण्डारी, दिलबहादुर साउद, विष्णु सुनारले साविती बयान दिएका थिए भने तेजबहादुर भण्डारीले भने इन्कारी बयान दिएका थिए। हत्याको कारण सम्बन्धमा बुझ्दा मृतकले खड्गबहादुर भण्डारी "क" की पत्नीलाई अन्यत्र भगाएर विवाह गरिदिएको कारण नै हो भन्ने बुझिएको छ। जिल्ला अदालतले तेजबहादुर भण्डारीलाई ५ हजार धरौटी लिई तारेखमा छोडेको र बाँकीलाई थुनामा राख्ने आदेश दिएको छ।

आलीताल गाविस-३ सैन भापरका नवलसिंह वोहराले आफ्नै भाइ सुरतबहादुर वोहराको ०५१ मंसीर ७ गते हत्या गरे। सो अभियोगमा नवलसिंह वोहरा र उनकी पत्नीलाई गिरफ्तार गरी आवश्यक प्रमाण सहित जिल्ला अदालतमा पेश गरिएकोमा अदालतले थुनामा राख्ने आदेश दिएको छ। हत्याको कारण नवलसिंहकी पत्नी चासुरीदेवी र सुरत वोहराको बीचमा यौन संसर्ग चलिरहेको बेला नवलसिंहले देखी घाँटी समाई हत्या गरेका थिए।

#### १.२ जेल र बन्दीहरू

डडेलधुरा जिल्ला कारागार "च" श्रेणीमा पर्दछ। १७ जना पुरुष र ८ जना महिला गरी कुल २५ जनाको क्षमता भएको यो जेलमा कुनै राजनैतिक बन्दीहरू छैनन्। अन्यत्र झैं यहाँ पनि प्रतिदिन ७ सय ग्राम चामल र ६ रूपियाँ दिइन्छ। २ वर्षमा १ जोर ओछ्याउने, ओढ्ने तथा १ वर्षमा दुई पटक लाउने लुगा दिइन्छ। बन्दी सामान्य विरामी भएको अवस्थामा बाहिरबाट औषधी ल्याई खुवाइन्छ तर सिकिस्त विरामी भएको अवस्थामा भने जिल्ला अस्पतालमा लगिने गरिन्छ। यो वर्ष १५ जना थुनुवा र ४ जना बन्दीलाई यस जेलमा राखिएको छ।

#### १.३ गिरफ्तारी र यातना

राष्ट्रिय वाणिज्य बैंक डडेलधुरामा कार्यरत शंकरदत्त भट्टलाई ०५१ भदौ ८ गते राती रक्सी सेवन गरी होहल्ला गरेको

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | १ | १ |
| बलात्कृत | - | - | - |
| आत्महत्या | - | - | ८ |

आरोपमा गिरफ्तार गरियो। सो रात निजलाई कठोर यातना दिइएको थियो। भोलिपल्ट भट्टलाई कागज गराई छाडिएको थियो। अदालतबाट घाउ जाँच समेत भएपछि उनी मुद्दा दायर गर्न गएका थिए तर विभिन्न दबावका कारण उनले दर्ता गराउन सकेनन्।

गणेशपुर गाविस-९ का मोहनबहादुर मल्ल सोही गाविस-७ का मानबहादुर वोहरा र टेकबहादुर मल्ललाई जिल्ला प्रहरी कार्यालयले पक्राउ गर्‍यो। मोहनबहादुर मल्लका अनुसार उनीहरू एकजना घनकुमार राई नाम गरेका ठेकेदारसंग डाइनामेट (चट्टान फुटाउने बम) लिई रडुवा नदीमा माछा मार्न गएका थिए। डाइनामेटमा आगो लगाई पानीमा फाल्न लाग्दा हातमै सो डाइनामेट विष्फोट भई मल्ल बेहोस भएका थिए। सो घटनापश्चात मोहनबहादुरलाई उपचार गर्न लाँदा बाटोमा पर्ने स्याउले प्रहरी चौकीले गिरफ्तार गरी जिप्रकामा बुझाएको थियो। उनलाई गिरफ्तार गरी कठोर यातना दिइएको बुझिएको छ। पछि जिल्ला प्रशासन कार्यालयले ०५१ भदौ २७ गते १० हजार पाँचसय धरौटी लिई मोहनबहादुरलाई छाडेको थियो भने अन्यलाई १ हजार ७ सय ५० धरौटी लिई छाडिएको थियो।

### १.४ वेपत्ता पारिएको

शीर्ष गाविस-१ सिसमजालाका दलविरे कामी हालसम्म वेपत्ता पारिएका छन्। उनकी पत्नी रङ्गादेवी कामीका अनुसार आफ्नो पति वेपत्ता भएको एकहप्ता जतिपछि इलाकाप्रहरी कार्यालय जोगवुडामा आफ्नो पतिको खोजी गरी पाउँ भनी निवेदन दिएकी थिइन्। उनले निवेदनमा शिवी खाती र भुन्टे कामीमाथि शंका लागेको कुरा उल्लेख गरेकी छिन्। ०५१ मंसीर १५ गते विहान आफ्नै छिमेकी प्रताप लुहारको छोराको उपचार गर्न जोगवडा गएका निज दलविरे कामी त्यहाँबाट फर्कंदा तुलामाडिमा शिव खाती लगायत ३/४ जनासँगै बसेर मदिरा सेवन गरिरहेका थिए। तर ३/४ दिनपछि पनि घर नफर्केकोले तुलामाडिमा गई सोध्दा त्यहाँबाट खाना खाएर फर्केको बताइयो तर हालसम्म केही पत्ता लाग्न सकेको छैन।

### १.५ धम्की / ज्यान मार्ने धम्की

सहश्रलिङ्ग गाविस-६ की श्रीमती धनादेवी खड्कालाई खलंगा गाविस-९ की नन्दादेवी विष्टलाई घाइते हुने गरी पिटेको आरोपमा पक्राउ गरिएको छ। नन्दादेवी विष्ट आफ्नो माइतीघर तर्फ जान लागेको अवस्थामा धनादेवी विष्टले हत्याराकी बहिनी भनेपछि वादविवाद चर्कन पुगेको थियो। यस विवादमा ज्यान मार्ने धम्की दिंदै धनादेवी खड्का हिंडेको कुरा स्थानीय वासिन्दाहरू बताउँछन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँ धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

०५१ असोज २२ गते दिउँसो करीब १ बजे आलिताल गाविस अन्तरगतको गाउँमा डोटी धराल गाविस-५ जोइसिना निवासी यज्ञराज भट्ट र आलीताल कै तुलाराम वोहरालाई फरक राजनैतिक सिद्धान्त र विचारप्रति प्रतिवद्ध भएको कारण कुटपिट गरियो। पिट्ने व्यक्तिहरू कांग्रेसका गणेश पन्त तथा अन्य कार्यकर्ताहरू थिए। पिटाई खानेहरू जनवादी मोर्चासंग सम्बद्ध रहेको जानकारी प्राप्त भएको छ।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना भएन।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

यो वर्ष सरूवा, घटुवा, पक्षपात आदि जस्ता घटनाहरू प्रकाशमा आएनन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

सुकुम्बासी समस्या फाटफुट रूपमा देखा परे पनि यो वर्ष कुनै घटना भएको पाइएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

यस सम्बन्धमा उल्लेख्य घटना देखा परेन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

खलंगा गाविस-६ का लक्ष्मणसिंह बुढाऐर र भगवतीकुमारी थापालाई प्रहरीले बहुविवाहको आरोपमा गिरफ्तार गर्‍यो। केही महिना अगाडिदेखि लक्ष्मणसिंह बुढाऐर भगवती थापाका घरमा आफ्नी माइली पत्नीकासाथ डेरा गरिबसेको अवस्थमा उनी र भगवती बीच आपसी प्रेम बस्न गई उनीहरू ०५१ जेठ २७ गते घर छोडी भागेका थिए। त्यसपछि नरेश थापाको जाहेरी बमोजिम प्रहरीले लक्ष्मण तथा भगवतीलाई गिरफ्तार गरेको थियो।

### ४.३ गर्भ पतन

डडेलधुरा जिल्ला अदालतले सीतादेवी मडै, जे.टि.ए. कृष्णदेव जोशी, अ.हे.व. वीरदेव झालाई १३ हजार ५ सयका दरले धरौटी लिई तारेखमा छोड्ने आदेश गरेको छ। सीतादेवी र कृष्णदेव बीचको आपसी शारीरिक सम्बन्धको कारण गर्भ रहन

गएकोमा अ.हे.व. वीरदेव झाको मद्दतबाट गर्भपतन गराउन सक्रिय रहेको आरोपमा अदालतले सो आदेश गरेको हो। जे.टि.ए. र अ.हे.ब. आफ्नै क्षेत्रमा पुनः क्रियाशील छन् भने सीतादेवीलाई उनकै बुबा आमाले धरौटी राखी दिई आफ्नै घर लगेका छन्।

### ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बालबालिका उपरको अत्याचारको सम्बन्धमा यस वर्ष कुनै घटना प्रकाशमा आएको देखिएन।

### ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकारको उल्लंघनका घटनाहरू यो वर्ष प्रकाशमा आएनन्।

### ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

#### ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

दासत्व, कमैया, वाँधा, हलिया जस्ता प्रथाहरू पाइएता पनि यस सम्बन्धी कुनै घटना बाहिर आएन।

#### ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

यस सम्बन्धी उल्लेख्य घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लामा घटेका घटनाका सम्बन्धमा कुनै उल्लेख्य टिप्पणीहरू प्राप्त हुन सकेनन्।

### ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

#### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

०५१ असार २१ गते धनगढीबाट डोटी तर्फ गइरहेको से.अ.ख ८१ नम्बरको वस डडेलधुरा स्थित सहश्रलिङ्ग गाविस अन्तरगत बुढाली भन्ने गाउँ नजिक दुर्घटनाग्रस्त हुँदा दुईजनाको घटनास्थलमै मृत्यु भयो भने २७ जना घाइते भए।

०५१ साउन ३० गतेका दिन धनगढीबाट डडेलधुरा तर्फ आइरहेको से.अ.ख २७ नम्बरको वस डडेलधुरास्थित मेलखर्क भन्ने जंगलको नजिक सडकमा पल्टँदा बसका खलासी लगायत तीनजना घाइते भए।

मणिलेक गाविस-४ वङ्गारा गाउँमा पोखरी फुट्न गई ०५१ भदौ १ गते घटनास्थलमा ३ जनाको मृत्यु भएको थियो भने ३ जना घाइते भएका थिए। पोखरीमा नुहाई रहेको अवस्थामा बाँध फुट्न गई पानीले ढुङ्गामा पछारेपछि ती व्यक्तिहरूको मृत्यु भएको हो।

घटाल गाविस-३ कुसमाली भन्ने गाउँ नजिकैको घटाल खोलाले सोही गाउँ बस्ने नथुराम सार्कीकी १ वर्षीय छोरीलाई बगाएको छ। लाश केही तल खोलाको छेउमा फेला परेको थियो।

सहश्रलिङ्ग गाविस अन्तरगत स्याउले बजारमा से.अ.ख १३० नम्बरको ट्रकले किची भूमिराज गाविस ढाट गाउँ की १५ वर्षीय ताराकुमारी ढाटको मृत्यु भएको छ। डडेलधुराबाट महेन्द्रनगर तर्फ गइरहेको म.अ.ख १०८ को वसलाई साइडदिन पछाडी सार्दा सो दुर्घटना भएको हो। चालक रामसिंह विष्टको लापर्वाहीको कारण सो घटना घट्न गएको बताइन्छ। हाल चालक पुर्पक्षको निम्ति थुनामा रहेका छन्।

#### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू भएनन्।

#### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कोही घाइते भएको र कसैको मृत्यु भएको पाइएन।

#### ९.४ आत्महत्या

वगरकोट गाविस-७ खाल्टका बहादुर पनेरूले आफ्नो जिउमा आगो लगाई ०५० फागुन २५ गते आत्महत्या गरे।

जोगवुडा गाविस-२ की ३५ वर्षीय वसुदेवी थापाले ०५१ बैशाख २३ गते राती आफ्नो घर नजिक जंगलमा झुण्डिएर आत्महत्या गरिन्।

नवदुर्गा गाविस-२ भटगाउँकी २७ वर्षीय युवती इशवरीदेवी भट्टले घर नजिकैको जंगलमा ०५१ असोज ५ गते सालको जंगलमा झुण्डिएर आत्महत्या गरिन्। मृतकका पतिका अनुसार बारम्बार विरामी हुने भएकोले दिक्क मानी उनले आत्महत्या गरेकी हुन्।

मणिलेक गाविस-७ का ४६ वर्षीय मानबहादुर साउदले आफ्नै घरको धुरीमा झुण्डिएर आत्महत्या गरे।

भूमिराज गाविस-६ की १५ वर्षीय जमुनाकुमारी ढाटले घर नजिकैको टाकुरागाडा भन्ने खेतको रूखमा पासो लगाई आत्महत्या गरेकी छिन्। घटना सम्बन्धमा कुनै तथ्य बाहिर नआएको कुरा उनका दाजु बताउँछन्।

देवल दिव्यपुर गाविस-३ की २० वर्षीय लक्ष्मीदेवी पन्तले पासो लगाई आत्महत्या गरिन्। भर्खरै विवाह भएकी एक छोरा समेतकी आमा निज पन्तले किन आत्महत्या गरिन् थाहा हुन सकेन।

जोगवुडा गाविस-८ की पशुपति जोशीले घर नजिकै रहेको आरूको रूखमा झुण्डीई आत्महत्या गरिन्। पति अन्यत्र नोकरी गर्ने भएकोले माइती घरमै बस्दै आएकी पशुपति जोशी भर्खर मात्र माइतबाट घर आएकी थिइन्। दिनभरी खेतमा काम गरी घर फर्कंदा सौतिने सासुसंग मन मुटाव बढ्न गई उनले आत्महत्या गरेको बताइन्छ।

गाङखेत गाविस-१ लडुवाकी १७ वर्षीय विवाहित महिला चन्द्रादेवी मल्ले ०५१ पुस १२ गते आत्महत्या गरिन्। विवाह भएको करीब १ वर्ष भएको र घरमा आएको १ महिनाभित्रै आत्महत्या गर्नुलाई रहस्यपूर्ण मानिए पनि कारण अझै पत्तालाग्न सकेको छैन।

#### ९.५ अपराधिक घटना - आतंक/ब्ल्याकमेल/डकैती

यस सम्बन्धमा कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन। ■



# ५. सुदूरपश्चिमाञ्चल
# महाकाली
# ५.८ बैतडी

जनसंख्या : २००७१६
साक्षरता : ३५.३ प्रतिशत
महिला साक्षरता : १३.४ प्रतिशत
क्षेत्रफल : १५१९ वर्ग कि.मी.

सुदूर पश्चिमाञ्चलको महाकाली अञ्चलमा पर्ने बैतडी पनि विकट जिल्लाकै रूपमा चिनिन्छ। यहाँ पनि अशिक्षा, गरीबी र बेरोजगारी व्याप्त छ। अधिकांश नागरिकको पेशा कृषि नै भए पनि सिंचाईको अभावले बालीनालीको उत्पादन सन्तोषजनक हुँदैन। रूढीवाद र अन्धविश्वासले गर्दा सामाजिक चेतना पनि राम्रोसंग फैलिन सकेको छैन। मानवअधिकार सम्बन्धी चेतना ज्यादै न्यून रहेका कारण यहाँ विभिन्न ढंगबाट मानवअधिकारको हनन हुने गरेको पाइन्छ।

## १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

०५० माघ २२ गते एस.एल.सी. परीक्षाको गणित विषयमा परीक्षार्थीहरूले अनियमित काम गरेको र शिक्षक रघुवीर चन्द र जनकबहादुरले त्यसमा सहयोग पुऱ्याएको भन्ने विवादमा ठूलो झगडा भयो। शिक्षकद्वयलाई गिरफ्तार गरेपछि झगडा झन चर्कियो। प्रहरीले झगडालाई साम्य पार्न भनी दर्जनौं राउण्ड गोली चलायो। जसमा विद्यार्थीहरू गंगा चन्द, प्रेमबहादुर चन्द र लक्ष्मणसिंह विष्ट घाइते भए।

कोटपेटरा-४ की ५५ वर्षीय मैना राना र उनकी १० वर्षीय नातिनीलाई ०५० माघ ३० गते दार्चुलाबाट घर आउँदा पीडितहरूकै घरमा वास बसेका सोही ठाउँमा शेरसिंह खत्रीले बसिलाले हानी हत्या गरे। प्रहरी रिपोर्ट अनुसार अभियुक्तले रक्सी खाई मैनालाई बलात्कार गर्न खोज्दा मैनाले नमानेपछि हत्या गरेको जनाइएको छ। त्यसैगरी मृतकको १० वर्षीय नातिनीले थाहा पाएर हल्ला गरिदेला भनेर अभियुक्तले उनको पनि हत्या गरेको थियो। घटना सुनेर मृतकका छोरा कृष्ण राना महेन्द्रनगरबाट घर आइपुगे। शोकका कारण उनको दिमाग नै असन्तुलित बन्न पुग्यो। मानसिक असन्तुलनकै कारण खोलामा हामफाल्दा उनको पनि मृत्यु भयो। अभियुक्त शेरसिंहलाई थुनामा राखी कारवाही चलाइएको छ।

| | घटना संख्या | | |
|---|---|---|---|
| घटनाको प्रकृति | १९९२ | १९९३ | १९९४ |
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | ३ | ३ | - |
| बलात्कृत | - | ३ | - |
| आत्महत्या | - | ७ | ४ |

वेथला-६ का सुन्नरे कोलीको लाश चौलानी नदीमा फेला पऱ्यो। ०५० फागुन १७ गते मृतक र स्थानीय व्यक्ति हरि लोहार गोकुलको मेलाबाट संगै फर्केका थिए। उनीहरू दुबैजना रक्सी खाई कुटपिट गर्दा हरि लोहारले हत्या गरी सुन्नरेको लाश नदीमा फालिदिएको बताइन्छ। तर हरि लोहार आफूबाट त्यस्तो काम नभएको बताउँछन्। मृतक र उनी बीच जग्गा सम्बन्धी पुरानो विवाद रहेको कारण त्यस्तो घटना हुन गएको केहीको भनाइ छ। हरि लोहार हाल थुनामा छन्।

गुरूखोला गाविस-४ की १६ वर्षीय भानु लोहारलाई निजकै पति नरवीरराम लोहारले ०५० चैत १४ गतेका दिन कुटपिट गरी हत्या गरे। मृतक भानु लोहार माइतबाट ढिला आएको भन्ने कुरामा झगडा हुँदा नरवीररामले हत्या गरी लाशलाई रूखमा झुण्ड्याई दिए। आत्महत्याको घटना बताई पीडकले लाशको दाहसंस्कार पनि गरे। तर पछि हत्याको पुष्टी भयो र नरवीररामलाई गिरफ्तार गरियो। मलामीहरूमाथि पनि कारवाही गरियो। पीडक नरवीररामको भनाइ भने आफूलाई झूठो मुद्दा लगाई थुनाएको भन्ने छ।

गोकुलेश्वर-३ का ४० वर्षीय जयबहादुर भाललाई उनकै भतिजा रणबहादुर भालले धामी कामेको अवस्थामा सम्वेदनशील अंगमा प्रहार गरी ०५१ असार १९ गते हत्या गरे। उनीहरू बीच यस अघि कुनै रीसइबी थिएन। रणबहादुरलाई थुनामा राखी कारबाही चलाइएको छ।

आमचोरा गाविस-५ का ६० वर्षीय वैरागी चन्दको

०५१ असार २४ गते सोही गाउँका शुक्र चन्द र तारा चन्दको कुटपिटबाट मृत्यु भयो। वैरागी चन्दलाई अभियुक्तद्वयले रक्सी खाई गाली गलौज गरेपछि झगडा शुरू भएको थियो। वैरागीको टाउकामा गम्भीर चोट लागेपछि उनको मृत्यु भयो। मुख्य अभियुक्त शुक्रचन्द अहिले थुनामा छन्। आफूलाई प्रहरीले यातना दिई जबर्जस्ती अभियुक्त बनाएको गुनासो शुक्रचन्दको छ।

उदयदेव गाविस भैंसखर्कको २२ वर्षीय मानुदेवी चन्दलाई ०५१ असोज ३१ गते उनकै पति झापु चन्दले रीसको झोंकमा कुटपिट गरे। भोलिपल्ट उनी माइत गइन्। क्षयरोगबाट पीडित मानुदेवी बीचमा घर फर्किन लाग्दा पनि सकिनन्। ०५१ कार्तिक ८ गते उनको मृत्यु भयो। पोष्टमार्टम गराउँदा घाउ चोटबाट मृत्यु भएको थाहा भयो। अभियुक्तलाई थुनामा राखी कारवाही चलाइएको छ।

### १.२ जेल र बन्दीहरू

२५ जनासम्म बन्दीहरू राख्न सकिने यहाँको जेलमा यो वर्ष थुनुवामा पुरुष १५ र महिला १ गरी १६ जना थुनामा रहे भने बन्दी तर्फ २२ जना पुरूषहरू थुनामा रहे। त्यसमध्ये २ जना थुनुवा र ३ जना बन्दी जेलमुक्त भएका छन्। सामान्य बिरामी बन्दीहरूको मात्र उपचार गर्ने गरिएको र गम्भीर खालका बिरामीहरूको उपचार नहुने गरेको गुनासो बन्दीहरूको छ। पक्षघातबाट पीडित कृष्णाराम महराको उपचार गरिएको छैन। सरसफाइको व्यवस्था जेल प्रशासनले गरेको छैन। बन्दीहरू आफैं नै मासिक ३ रूपियाँ जम्मा गरी सरसफाई गर्ने गर्छन्। सीपमूलक व्यवसायको माग यहाँका बन्दीहरूले गरिरहेका छन्। त्यस्तै प्रौढ शिक्षा पुनः लागू गर्नु पर्ने माग पनि उनीहरूको छ। गत मध्यावधि चुनावमा यहाँका बन्दीहरूले भोट हाल्न पाउनु पर्ने माग गरेका थिए। तर पाएनन्।

### १.३ गिरफ्तारी र यातना

यो वर्ष यस सम्बन्धी कुनै घटना भएको पाइएन।

### १.४ बेपत्ता पारिएको

कसैलाई बेपत्ता पारिएको घटना पनि सार्वजनिक जानकारीमा आएको देखिएन।

### १.५ धम्की / ज्यान मार्ने धम्की

एकले अर्कालाई धम्की दिने र कुटपिट गर्ने जस्ता घटनाहरू दिनहुँ भइरहन्छन्। तर यो वर्ष उल्लेख्य घटना भने देखा परेन।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको पनि मृत्यु भएन।



*बैतडी कारागार*

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकार

संविधान प्रदत्त अभिव्यक्ति, भेला हुने र संगठित हुने अधिकारमा प्रत्यक्षतः हनन पुऱ्याउने उद्देश्यले कुनै घटना भएको देखिएन।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका जनतामा धार्मिक सहिष्णुता रहेको पाइन्छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

मध्यावधि निर्वाचनको सन्दर्भमा नेकपा (एमाले) का जिल्ला कमिटी सदस्य धनीराम दमाईलाई ०५१ कार्तिक २३ गते स्वतन्त्र उम्मेद्वार सुरेन्द्रबहादुर चन्दका समर्थकहरूले उनीहरूको पक्षको विरोध नगर्न धम्की दिए। त्यसैगरी उनीहरूले महारूद्र गाविस-४ का सार्कीहरूलाई पनि धम्की दिएका थिए।

०५१ कार्तिक २५ गते रोडी देवल गाविस अन्तरगत भगवती मन्दीरमा जात्रा चलिरहेको बेला नारा लगाउँदा नेपाली कांग्रेस र नेकपा (एमाले) का कार्यकर्ता बीच झगडा भयो। त्यही दिन राती पनि दुई थरी बीच झगडा हुँदा दुबै तर्फका केही व्यक्तिहरू सामान्य घाइते भए।

०५१ कार्तिक २९ गते आम निर्वाचनका दिन महारूद्र गाविसमा रहेको जगदम्बा प्रा.वि. हतरङ्काको मतदान उपकेन्द्रमा महारूद्र-७ का लादुराम दमाईकी पत्नी गोपी दमाई भोट खसाल्न गइन्। उनी महीनावारीको अवस्थामा थिइन्। देउताको स्थानमा मतदान केन्द्र रहेको हुँदा नछुने भएकी आइमाईलाई भोट खसाल्न दिनु हुँदैन भनेर राष्ट्रिय प्रजातन्त्र पार्टीका प्रतिनिधि लक्ष्मणदत्त भट्ट र नेपाली कांग्रेसका प्रतिनिधि दशरथ भट्टले विरोध गरे। त्यो कुराको विरोध गर्दै गोपी दमाईले भोट हाल्न पाउनु पर्ने माग एमालेका प्रतिनिधि देवदत्त भट्टले गरे। त्यसपछि विवादले चर्को रूप लिई हातपात समेत

भयो। गापी दगाईले मताधिकार प्रयोग गर्न पाउने गरी विवाद समाप्त गर्ने काम पछि गरिएको थियो।

गैलेश्वर गाविस संचेरी माण्डौमा निर्वाचनको दिन राष्ट्रिय प्रजातन्त्र पार्टीका कार्यकर्ताहरूले एमाले कार्यकर्ताहरूमाथि आक्रमण गरे। त्यसैगरी कुवाकोट गाविसमा पनि उनीहरूले एमाले कार्यकर्ताहरूलाई कुटपिट गरेका थिए।

## २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

गरीवी र अज्ञानताका कारण यहाँका बहुसंख्यक जनता न्यायका लागि आफैं अग्रसर हुन सकिरहेका छैनन्। अदालतप्रति भने जनताको सकारात्मक धारणा रहेको पाइयो। यद्यपि केहीको गुनासो भने नभएको होइन।

मेलौली-६ जर्कुका गणेश सिंह नेगीले ०५० माघ १९ गते रातो रक्सी सेवन गरी आगो लगाएर मार्न खोजेको भनी स्थानीय गरूदेवी विष्टले उजुरी गरिन्। उनको उजुरी अनुसार गणेश सिंहलाई गिरफ्तार गरी मुद्दा चलाइयो। अदालतले ४० हजार धरौटी लिई उनलाई तारीखमा छाडेको छ।

उनलाई गत वर्ष झूठो मुद्दा लगाई कुटपिट समेत गरिएको थियो। त्यस्तै यो वर्षको आरोप पनि झूठो भएको पीडितको भनाइ छ।

त्यसैगरी श्रीकेदार गाविस-५ का चक्रबहादुर विष्ट नागार्जुन-७ की ४३ वर्षीय एउटी महिलालाई ०५१ असार ३१ गते बलात्कार गर्ने प्रयास गरेको आरोपमा कारवाहीमा रहेका छन्। निज विष्ट आफूलाई अत्यन्तै झूठो आरोप लगाई जबर्जस्ती फसाइएको र आफूले पाउनु पर्ने न्याय नपाएको बताउँछन्।

## २.५ सरूवा / घदुवा / पक्षपात आदि

यस सम्बन्धी कुनै घटना देखा परेन।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धमा पनि कुनै घटना देखा परेन।

## ४. महिला अधिकार

## ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना)

गीरेडाँडाको बलराका गोरखबहादुर चन्द भिरङ्गी रोगबाट पीडित रहेका कारण नकी पत्नी १७ वर्षीय धना चन्दले पतिसंग नबस्ने मनसाय व्यक्त गरिन्। ०५१ असोज २५ गते उनको माइती पक्षबाट भारतीय रूपियाँ २३ हजार गोरखबहादुर चन्दलाई दिएर छोडपत्र गरियो। त्यसपछि उनी ग्वाल्लेकका शुक्र चन्दको घरमा बस्न थालिन्। त्यस बीचमा उनले थुप्रै दुःख व्यहोर्नु पऱ्यो। पहिलेको पतिका पक्षबाट धनालाई झिकाई पाऊँ भनी प्रहरीमा उजुरी हालियो। उनलाई प्रहरीले लगी ३ दिनसम्म चौकीमा राख्यो। उता शुक्र चन्दले २३ हजार तिरेर त्यति महँगी महिला नराख्ने कुरा गरेपछि धनाको जीवन विचल्लीमा पऱ्यो। हाल १५ हजार भारतीय रूपियाँमा उनलाई कसैले स्वीकारेको बताइन्छ।

## ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

खलङ्गाको बवेतका उद्धवबहादुर वडकी पत्नी विशना देवीलाई ०५० चैत २८ गते स्थानीय व्यक्ति भगने लोहारले भगाई लगे। यसबाट उद्धवबहादुर पीडित बनेका छन्।

शिवनाथ गाविस-१ का धनसिंह सुतारले घरमा जेठी पत्नी भागु सुतार हुँदाहुँदै ०५१ भदौ २२ गते पार्वती भन्ने विधवासंग दोश्रो बिहे गरे। हाल पीडक धरौटीमा छुटेका छन्।

## ४.३ गर्भ पतन

यस सम्बन्धमा कुनै घटना भएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बैतडीको भातेखोला गाविसमा रहेको कुलमस्ट जन माध्यमिक विद्यालयका प्र.अ. शेरबहादुर कठायतले ०५१ भदौ १५ गते कक्षा १० का छात्र देवीभक्त जोशीलाई कुटेर बेहोश बनाए। ३ दिनसम्म होश नखुलेपछि उनलाई उपचारार्थ नेपालगञ्ज हुँदै लखनऊ पुऱ्याउनु परेको थियो। भदौ १५ गते स्कूलका शिक्षकहरूको बैठक थियो। त्यस दिन पियन नआएकोले केही विद्यार्थीहरूलाई चिया पकाउन भनियो। चिया पकाउने क्रममा देवीभक्तले अलिकति चिनी र दुध खाएको कुरा प्र.अ.लाई अर्को विद्यार्थीले लगाएपछि उनलाई त्यसरी पिटिएको थियो।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

यस सम्बन्धमा कुनै घटना भएको कुरा सार्वजनिक जानकारीमा आएको पाइएन।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

## ७.१ दासत्व/कमैया/बाँधा/हलिया आदि

यस सम्बन्धी घटना भएन।

## ७.२ अन्य अमानवीय व्यवहारहरू/छुवाछूत समेत

बैतडी जिल्ला अस्पतालका डाक्टर राजकिशोर जयसवाललाई ०५१ बैशाख २० गते जगन्नाथ बहुमुखी क्याम्पसका विद्यार्थीले जुत्ताको माला लगाएर र कालो मोसो दलेर बजार घुमाए। उक्त क्याम्पसका प्रमुख सागर चन्द रक्तचापका कारणले ०५१ बैशाख १८ गते अचानक ढले। त्यसपछि तुरुन्तै निज डाक्टरलाई बोलाइयो। तर बारम्बार बोलाउँदा पनि डाक्टर नआएपछि सागर चन्दको मृत्यु भयो। तत्काल डाक्टरको सेवा उपलब्ध नभएर क्रुद्ध भएका विद्यार्थीले डाक्टर जयसवाललाई त्यसरी बजार घुमाएका थिए।

तल्ला जातकालाई हेपेर डोली बोक्न लगाउने चलन यहाँ छ। विवाहको समयमा माथिल्ला जातका दुलहा दुलही डोलीमा बस्ने र तल्ला जातकाले उनीहरूलाई बोक्ने परम्परा धेरै अगाडि देखि चल्दै आएको हो। कटौज पानीका कुत्ते लोहार र दानी लोहारले त्यसरी डोली बोक्न इन्कार गरेपछि ०५१ भदौ महिनामा माथिल्ला जातकाले उनीहरूलाई गाउँमै टिक्न दिएनन्। त्यसपछि उनीहरू गाउँ नै छाडेर कञ्चनपुरतिर लागे। नागार्जुनका कोइलीहरू पनि यस्तै घटनाबाट पीडित बनेका छन्।

तिताबैको ठाकुर मन्दिरमा ०५१ असोज २६ गते अष्टमीको मेला लागेको दिन शेरबहादुर चन्दको पसलमा बसिरहेका दिलिप आउजीलाई छुवाछूतको विवाद उठाई कुटपिट गरियो।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

यस सम्बन्धमा कुनै वक्तव्य वा टिप्पणी प्रकाशित/प्रसारित भएको पाइएन।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसँग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

भूमेश्वर गाविस-१ की १९ वर्षीय मानमती ऐरीको पिठो पिँध्ने मिलको फित्तामा धोती बेरिन गई ०५१ असार २३ गते मृत्यु भयो।

पाटन गाविस-५ की ४० वर्षीय भुप्री कठायतको ०५१ साउन १७ गते सुरैया नदी तर्न लाग्दा बगेर निधन भयो।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता विपत्तिका घटनाहरू भएको पाइएन।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको देखिएन।

### ९.४ आत्महत्या

सिलंगा गाविस-२ की २५ वर्षीय शान्ति ऐरले ०५१ जेठ १९ गते रूखमा पासो लगाई झुण्डिएर आत्महत्या गरिन्। मृतकको खल्तीमा बाँच्ने इच्छा नभएकोले आत्महत्या गरेकी हुँ भनी आफैंले लेखेको चिठी थियो।

भूमेश्वर गाविस-४ की हजारी महराले ०५१ असार २२ गते पासो लगाई आत्महत्या गरिन्।

रोडी देवल गाविसकी झुंकुरी देवी भण्डारीले रूखमा पासो लगाई झुण्डिएर आत्महत्या गरिन्। मृतक मानसिक असन्तुलनको रोगबाट ग्रस्त थिइन्।

दशरथ चन्द गाविस-५ की ४५ वर्षीय राधा भट्टले आफ्नै घरको धुरीमा पासो लगाई झुण्डिएर आत्महत्या गरिन्। केही महिना अघि हुर्किसकेको छोराको मृत्यु भएको र सोहीबाट उनी चिन्तित भई उनले आत्महत्या गरेको बताइन्छ।

### ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

श्रीकोट गाविसका चिन्तामणि वरालको घरमा बास बसेका दार्चुलाका करन सुनार र उनकी पत्नीलाई रामसिंह भण्डारीले ०५१ साउन २५ गते नक्कली इन्स्पेक्टर बनी धम्क्याएका थिए। सो रात पीडित सुनार भागी लुकेको र पत्नीले ५ सय दिएपछि पीडक हिंडेका थिए। पीडितपक्षले कानूनी कारवाहीको लागि भोलिपल्ट प्रहरीमा लेखापढी गरेपछि साउन २७ गते पक्राउ गरी कारबाही गरिएको थियो।

वाराकोट गाविस-७ की सीतादेवी बुडाल ०५१ मंसीर ६ गते झुलाघाट बजारबाट सामान खरीद गरी घर फर्की रहेको बेला नाङ्गो खुकुरी हातमा लिई एक्कासी रामसिंह साउदले आक्रमण गरी गहना लुटी भागे। निज पीडकको खुकुरी प्रहारबाट पीडित घाइते भएकी थिइन्। अभियुक्तलाई महाकाली पारी भारतीय प्रहरीले पक्राउ गरी नेपाल प्रहरीलाई बुझाएको थियो।

■



# ५. सुदूरपश्चिमाञ्चल

# महाकाली

## ५.१ दार्चुला

जनसंख्या : १०१६८३
साक्षरता : ४०.९ प्रतिशत
महिला साक्षरता : १७.६ प्रतिशत
क्षेत्रफल : २३२२ वर्ग कि.मी.

दार्चुला सुदूरपश्चिमाञ्चल विकास क्षेत्रको एक दुर्गम जिल्ला हो। उत्तरमा चीनको तिब्बत तथा पश्चिममा भारतको भू-भाग छुने यो जिल्ला भौगोलिक दृष्टिकोणबाट अति विकट मानिन्छ। यस जिल्लामा आवतजावत गर्न प्रायः भारतको बाटो प्रयोग गरिन्छ। "गौरापर्व" यस जिल्लामा मनाइने मुख्य साँस्कृतिक चाड हो। यस अतिरिक्त मेला, जात्रा तथा दशैं तिहार पनि यहाँ भव्य रूपमा मनाइन्छ। गोकुलेश्वर मेला यहाँको मुख्य मेला हो जुन शिवरात्रीमा लाग्छ। ४१ वटा गाविसमा विभाजित यो जिल्लाको कुल क्षेत्रफल २ हजार ३ सय २२ वर्ग किलोमिटर छ।

### १. सम्मानित रूपले बाँच्ने अधिकार

### १.१ हत्या र गोली

शंकरपुर गाविस-१ का ४० वर्षीय वीरसिंह खत्रीले आफ्नै पत्नी वर्ष ३६ की धौलादेवी खत्रीलाई ०५० पुस १९ गते कुटपिट गरे। आफूलाई र आफ्ना पितालाई गाली गरेको सहन नसकी मसला पिस्ने लोहोराले हिर्काउँदा धौलादेवीको मृत्यु भयो।

दत्तु गाविस-९ का रूद्रसिंह धामी मृत अवस्थामा महाकाली नदीको किनारमा फेला परे। मृतक र सोही ठाउँ बस्ने रूद्रसिंह धामी ०५० पुस २६ गते मजदुरी गर्न भारतको वालुवाकोट तर्फ गएका थिए। तर ०५० माघ १९ गते रूद्रसिंह धामी मृत अवस्थामा फेला परे। मृतकलाई रूद्रसिंह धामीले सकार भन्ने भीरबाट खसाली मारेको कुरा प्रहरी अनुसन्धानबाट खुल्न आएको छ। मृतक र पीडक बीच १ हजार २ सय रूपैयाँ लेनदेनको विषयमा मनमुटाव बढेको थियो। जिल्ला अदालतले रूद्रसिंह धामीलाई २ वर्ष कैद र ५ सय रूपैयाँ जरीवाना गरेको छ।

दत्तु गाविस-७ का गणेशसिंह भाटले ०५० पुस २६ गतेका दिन वर्ष २४ की आफ्नी पत्नी जानकी भाटलाई हत्या गरी मारेका थिए। मादक पदार्थ सेवन गरी घर फर्किएको पीडकले पत्नीलाई पानी ल्याउन भन्दा नल्याएकोमा रिसले पिट्दा मृत्यु भएको थियो। जिल्ला अदालतले गणेशसिंह भाटलाई १० वर्षको कैद सजाय हुने फैसला गरेको छ।

उकु गाविसका जनकबहादुर पालको लाश झोलुङ्गे बगरमा ०५० पुस २८ गते फेला परेको थियो। सो को अघिल्लो दिन मृतक जनकबहादुर पाल र वैतडी-दशरथचन्द गाविस बस्ने सुरेसबहादुर पालसँगै बसी मादक पदार्थ सेवन गरेका थिए। तर जनकबहादुर पाल भीरबाट लडेको बयान अदालतमा सुरेशबहादुर पालले दिए पनि जिल्ला अदालतले निजलाई अठारहजार पाँचसय धरौटी लिइ छोडेको छ।

सिप्ती गाविस-३ का २० वर्षीय रघुवीर ठगुन्नाले ०५१ साउन ५ गते राती आफ्नै पत्नी वर्ष २१ की गङ्गुलीदेवी ठगुन्नाको हत्या गरे। यस क्रममा प्रहरीले आवश्यक अनुसन्धानको सिलसिलामा वलवीर ठगुन्ना लगायत ६ जनालाई हिरासतमा लिएको थियो जसमा एकजना ७ वर्षे बालिका पनि थिइन्। रघुवीर ठगुन्नाले आफ्नी पत्नी अन्य पुरूषसंग लागेकीले आफूले उसको हत्या गरेको बयान प्रहरीमा दिएका छन्। जिल्ला अदालतले रघुवीर ठगुन्ना तथा मुख्य सहयोगी डम्बर ठगुन्नालाई थुनामा राख्ने आदेश दिएको छ।

दत्तु गाविस-६ का मोहनसिंह धामीलाई आफ्नी पत्नीलाई "खाना नबनाएको" भनी हत्या गरेको आरोपमा ०५१ असोज ७ गते गिरफ्तार गरियो। जिल्ला प्रहरी कार्यालयका अनुसार निजमाथि आवश्यक अनुसन्धान भइरहेको छ।

| घटनाको प्रकृति | घटना संख्या १९९२ | १९९३ | १९९४ |
|---|---|---|---|
| प्रहरीको गोलीले मृत्यु | - | - | - |
| हिरासतमा यातना | १ | - | २ |
| बलात्कृत | ३ | १ | - |
| आत्महत्या | - | - | ८ |

शंकरपुर गाविस-४ का ३२ वर्षीय उदयराम लुहारको ०५१ मंसीर २४ गते उक्त गाविसका गोपाल सिंह कुँवर, नैनराम पार्की, भवानीराम पार्की, तिलकराम पार्की लगायतका व्यक्तिहरूले हत्या गरे। उनीहरूले ०५१ मंसीर २४ गते जौलजिवीबाट माथि गइरहेका बेला उदयरामलाई हत्या गरी रूखमा झुण्ड्याएको बताइन्छ। जिल्ला अदालतले हत्यामा संलग्न व्यक्तिहरूलाई थुनामा राख्ने आदेश दिएको छ।

## १.२ जेल र बन्दीहरू

कारागार शाखा दार्चुला "घ" श्रेणीको हो। यस कारागारमा २७ जना थुनुवा र १७ जना कैदी छन् र उनीहरूलाई "ख" श्रेणीको सिधा दिइएको छ। यस कारागारमा महिला बन्दीहरू छैनन्। ७ सय ग्राम चामल र ६ रूपियाँ प्रतिदिन बन्दीहरूले पाउने गर्दछन्। बन्दीहरूलाई जिल्ला अस्पतालबाट औषधि उपचार गराइन्छ। बन्दीलाई आफन्तहरूसँग भेटघाट गर्न हप्ताको १ वा २ पटक दिइन्छ। यसवर्ष जेलभित्र कुनै घटना भएन।

## १.३ गिरफ्तारी र यातना

नेपाल कम्युनिष्ट पार्टी एमालेको नेपाल बन्द कार्यक्रमको क्रममा ०५१ साउन ५ गतेका दिन दार्चुला घाट बजारबाट प्रहरीले एमाले जिल्ला सचिव गणेश ठगुन्ना, सदस्य वीर बहादुर ठगुन्ना, दिलबहादुर ठगुन्ना, कार्यकर्ता रामकृष्ण पन्त र धर्मानन्द भट्टलाई गिरफ्तार गर्‍यो। उनीहरूलाई जबरजस्त बजार बन्द गर्न लगाएको आरोप लगाइएको थियो।

सर्मोली सल्ला गाविसका उपाध्यक्ष रामदत्त भट्टलाई ०५१ भदौ २८ गते गिरफ्तार गरियो। आफू उपस्थित छँदाछँदै उपाध्यक्षको अध्यक्षतामा बैठक बसाई मानहानी गर्‍यो भनी सोही गाविसका अध्यक्ष तारादत्त जोशीले मानहानीको उजुरी जिल्ला प्रशासन कार्यालयमा दिनु भएको थियो। गाउँको योजना सम्बन्धी विवाद उठेको तथा ९ जना निर्वाचित सदस्यहरूले अध्यक्षमाथि अविश्वास जनाउँदै सो को जानकारी जिल्ला विकास समितिलाई पनि दिएका थिए।

खलंगा गाविसमा ०५१ पुस ९ गते प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले चुनावी सभालाई सम्बोधन गरेका बखत विरोध जनाएको भनी धाप गाविसमा राप्रपाको तर्फबाट निर्वाचित उपाध्यक्ष दानसिंह धामीलाई गिरफ्तार गरियो।

खरखडा गाविस-२ पुनै बस्ने वर्ष ४० की नन्दा गिरी र उनकी १५ वर्षीय छोरी कृष्णा गिरीलाई गिरफ्तार गरिएको छ। नन्दा गिरी र कृष्णा गिरी समेत मई धौले गिरीकी पत्नी पशुपती गिरीलाई कुटपिट गरी निजको गर्भ समेत तुहाई दिएका थिए। दुवै आमा छोरीलाई जिल्ला अदालतले २ हजार २ सय ५० का दरले धरौटी लिई रिहा गरेको छ।

लतिनाथ गाविस-६ का ३२ वर्षीय कल्छे विष्टलाई इलाका प्रहरी कार्यालयले पक्राउ गरी निर्ममतापूर्वक यातना दिएको थियो। सोही ठाउँ बस्ने ललविर विष्टले २० हजार रूपैयाँको लेनदेन मुद्दाको सम्बन्धमा उजुरी गरेपछि कल्छे



दार्चुला जेल

विष्टलाई गिरफ्तार गरी यातना दिइएको हो।

शनिशिखर-८ का दिले ठगुन्नालाई गोकुलेश्वर गाविस-४ बस्ने प्रहरी जवान पदमबहादुर चन्दले रक्सीको झोकमा बेसरी पिटे। पीडक प्रहरीलाई कारवाही गर्नु पर्छ भनी स्थानीय जनताले प्रहरी चौकी घेराउ गरेका थिए। पछि प्रहरी कार्यालयले क्षतिपूर्ति दिलाएपछि घटना साम्य भएको थियो।

घाटी गाविस-८ का ४० वर्षीय मानबहादुर बमलाई इलाका प्रहरी कार्यालयले घरबाट राती २.३० बजे गिरफ्तार गर्‍यो। गिरफ्तार गरी राती नै प्रहरी कार्यालयमा लगी उनलाई निर्ममतापूर्वक यातना दिइएको थियो। दाजुभाइ बीचको अंश मुद्दाको कारण उनलाई गिरफ्तार गराई यातना दिइएको थियो। उनका दाजु नेपाली कांग्रेसको तर्फबाट वडा सदस्य भएकोले राजनैतिक कारणले गिरफ्तार गराई कुटपिट गराइएको हो भन्ने पीडितको भनाइ छ।

## १.४ बेपत्ता पारिएको

बेपत्ता पारिएको घटना भएन।

## १.५ धम्की / ज्यान मार्ने धम्की

बोहरी गाविस-७ का ३५ वर्षीय गजिराम लुहारलाई सोही गाउँका रेलुवाधामी, लगायतका व्यक्तिहरूले ०५० पुस १४ गते बन्दुक देखाई मार्छु भनी धम्क्याए। इलाका प्रहरी कार्यालय, गाविस समेतले वास्ता नगरेको भनी पीडितले जिल्ला अदालतमा उजुरी दिएका छन्।

गोकुलेश्वर गाविस-४ का देवेन्द्र हमालले बोहरी गाविस-१ का केशवदत्त जोशीलाई शिवरात्री मेलामा ज्यान मार्ने धम्की दिँदै गाली गलौज गरेका थिए। धम्की दिनु पर्ने कारणमा जोशीले स्थानीय निर्वाचनमा कांग्रेसलाई नसघाएर एमालेलाई सघाएको कारणले हो भनी स्थानीय व्यक्तिहरू बताउँछन्।

### १.६ थुनामा मृत्यु

थुनामा कसैको मृत्यु भएन।

## २. मौलिक अधिकार

### २.१ अभिव्यक्ति, मेला हुने र संगठित हुने अधिकार

उकु गाविसका वसन्तबहादुर पालले ०५१ कार्तिक ९ गते अखिल नेपाल किसान संघका कार्यकर्ता जनार्दन अवस्थीको हातको झण्डा खोसी निजमाथि हातपात गरेका छन्। सो दिन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला दार्चुला पुग्ने हुँदा कालो झण्डा देखाउन बसेकाहरूमाथि त्यस्तो व्यवहार गरिएपछि भीड उत्तेजित बनेको थियो। पछि स्थिति साम्य भएको थियो। तर डी.एस.पी.ले पुनः एमाले कार्यकर्ताहरूमाथि विभिन्न आरोप लगाएर लाठी चार्ज गराएका थिए।

### २.२ धार्मिक स्वतन्त्रता

यहाँका नागरिकहरूमा धार्मिक सहिष्णुता कायम छ।

### २.३ राजनैतिक स्वतन्त्रताको अधिकार

यस सम्बन्धमा उल्लेख्य घटना भएको पाइएन।

### २.४ सुगम र निष्पक्ष न्यायिक अधिकार

न्याय पाउने कुरा सरल नभएको गुनासो जनताको छ।

### २.५ सरूवा / घटुवा / पक्षपात आदि

सरूवा, घटुवा र पक्षपात आदि जस्ता घटना भएनन्।

## ३. भूमिहीन तथा सुकुम्बासी समस्या

यस सम्बन्धमा कुनै घटना प्रकाशमा आएन।

## ४. महिला अधिकार

### ४.१ महिला किनबेच/बलात्कार/एड्स पीडित/ महिला भएकै कारणले दिइने यातना

यस सम्बन्धी कुनै घटना सार्वजनिक जानकारीमा आएको पाइएन।

### ४.२ जारी/बहुविवाह/देउकी/देह व्यापार आदि समेत

ग्वानी गाविसका ३४ वर्षीय कृष्णसिंह साउदले कञ्चनपुर जिल्ला पटैया गाउँकी २८ वर्षीय कलावतीदेवी चन्दसित घरमा अर्की पत्नी हुँदाहुँदै दोश्रो विवाह गरे। कृष्ण सिंहले घरमा पत्नी बिरामी भएको कारण अर्को विवाह गरेको बताएका छन्। एकजना गाउँलेको उजुरी बमोजिम प्रहरीले मुद्दा अगाडि बढायो। दुबैजनालाई पक्राउ गरी जिल्ला अदालत समक्ष पेश गर्दा अदालतले ०५१ साउन २० गते १ हजार जरिवाना र १ महिना कैदको फैसला गरेको छ।

### ४.३ गर्भ पतन

गर्भ पतनका घटनाहरू सार्वजनिक जानकारीमा आएको पाइएन।

## ५. बाल अधिकार (बालबालिका उपरको अत्याचार)

बालअधिकार उल्लंघनका घटनाहरू यस वर्ष जानकारीमा आएनन्।

## ६. आर्थिक अधिकार (पेशागत स्वतन्त्रता/ ट्रेड युनियन/श्रम सम्बन्धी अधिकार)

आर्थिक अधिकार, पारिश्रमिक, सुरक्षा र संगठित हुने अधिकारहरू बारे यो वर्ष कुनै घटना प्रकाशमा आएनन्।

## ७. मानवअधिकार सम्बन्धी अन्य सवालहरू

दासत्व, कमैया, हलिया बाँधा सम्बन्धी घटनाहरू यो वर्ष बाहिर देखा परेनन्।

## ८. घटनाका सम्बन्धमा प्रेस वक्तव्य/टिप्पणी आदि

जिल्लामा घटेका घटनाका सम्बन्धमा खास उल्लेख्य टिप्पणीहरू पाइएनन्।

## ९. अतिरिक्त जानकारीहरू (मानवअधिकार उल्लंघनसंग प्रत्यक्ष असम्बन्धित)

### ९.१ दुर्घटनाहरू (ट्राफिक/डुबेर आदि)

घारी गाविस-४ का १८ वर्षीय गोपालराम लुहार ब्रम्हदेव गाविसको रातोकाटा भन्ने भीरबाट लडी मरे। महाकाली नदीको किनारै किनारको बाटो गइरहेको अवस्थामा सो भीरबाट लडी उनको मृत्यु भएको हो।

### ९.२ विपत्तिहरू (बाढी/पहिरो/आगलागी आदि)

बाढी, पहिरो र आगलागी जस्ता घटनाहरू भएनन्।

### ९.३ जंगली जनावरद्वारा घाइते/मृत्यु आदि

जंगली जनावरको आक्रमणबाट कुनै घटना भएको पाइएन।

### ९.४ आत्महत्या

डाडाकोट गाविस-५ की २१ वर्षीय शारदा ओझाले ०५० पुस १२ गते जिउदे भन्ने जंगलमा पासो लगाई आत्महत्या गरिन्। उनको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

हुटी गाविस-८ की २१ वर्षीय सीतादेवी कुँवरले ०५० चैत १० गतेका दिन महाकाली नदीमा हामफाली आत्महत्या गरिन्। विहान घाँस काट्न गएकी सीता अबेरसम्म घर नफर्केपछि सोधखोज गरिएको थियो। तर ५ दिनपछि मात्र लाश फेला परेको थियो।

घारी गाविस-२ का ४५ वर्षीय ठगुवा धामीले ०५० चैत १७ गतेका दिन महाकाली नदीमा हामफाली आत्महत्या गरे। १ वर्ष अगाडिदेखि पागल भएका ठगुवा धामीको लाश बैशाख २ गते महाकाली नदीको किनारमा फेला परेको थियो।

ग्वाती गाविस-५ का ६० वर्षीय गोपालसिंह धामीले ०५० चैत २८ गते मानीकार्जुन गाविस नजिकको भीरबाट हामफाली आत्महत्या गरे। वृद्धा अवस्थाबाट दिक्क भएर उनले आत्महत्या गरेको बताइन्छ।

गोकुलेश्वर-३ स्थित आफ्नो माइतघरमा बस्ने २२ वर्षीय झुसीदेवी वटुले ०५१ बैशाख ९ गते राती आत्महत्या गरिन्। उनले घाँटीमा डोरी बाँधेर झुण्डिई आत्महत्या गरेकी थिइन्। विवाह भएको २० दिनपछि नै पतिको मृत्यु भएकोले उनले आत्महत्या गरेको कुरा जानकारहरू बताउँछन्।

खलंगा गाविस-८ वाज गाउँकी २३ वर्षीय सुरमा देवी महरले ०५१ असार ३१ गतेका दिन दार्चुला साना जलविद्युत आयोजनाको ड्याममा हामफाली आत्महत्या गरिन्। सोही दिन बेलुका सैनिकहरू आफ्नो गुल्ममा फर्कन लाग्दा लाशलाई बाहिर निकालेका थिए।

खलंगा गाविस-४ की कुमारी भगलती टिंकरीले ०५१ कार्तिक २२ गतेका दिन आफ्नै घरमा जिउमा मट्टितेल खनाई आत्महत्या गरिन्। आत्महत्याको कारण हालसम्म प्रकाशमा आउन सकेको छैन।

लटिनाथ गाविस-५ की २० वर्षीय श्रीमती राधादेवी भट्टले चौलानी नदीमा हामफाली आत्महत्या गरिन्। आत्महत्याको कारण उनको मानसिक स्थिति ठीक नभएको बताइन्छ।

## ९.५ अपराधिक घटना – आतंक/ब्ल्याकमेल/डकैती

शिखर गाविस-७ का कालुदत्त भट्टको घर पछाडिको पर्खाल फोरी सुरुङ्ग खनेर ०५१ साउन २३ गते राती ३ लाख ३९ हजार बराबरको धनमाल चोरी भयो। चोरीमा सिप्ती गाविस-७ का रघुविरे ठगुन्ना, खड्कसिंह ठगुन्ना संलग्न थिए। आवश्यक अनुसन्धानपछि जिल्ला अदालता पेश गरिएकोमा अदालतले पूर्पक्षका निम्ति थुनामा राख्ने आदेश दिएको छ।

रानीशिखर-७ का परमा ठगुन्नाको घरमा सोही गाउँ बस्ने दिलाराम ठगुन्ना र कृष्णा ठगुन्नाले घरमा आई गाली बेइज्जती गरी कुटपिट समेत गरेका छन्। यस घटनाको सम्बन्धमा उजुरी दिन गएका परमा ठगुन्नालाई इलाका प्रहरी कार्यालय गोकुलेश्वरले हप्काई आतंकित तुल्याएको थियो।

■

परिच्छेद ८

# सन् १९९४ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन

### सम्मानित रूपले बाँच्ने अधिकार

वर्ष पुस्तकमा समेटिएका घटनाहरूलाई हेर्दा हाम्रो समाज हिंसा तर्फ उन्मुख भएको अनुभूत हुन्छ। सामान्यभन्दा सामान्य कुरामा भएको भगडामा पनि मानिसको ज्यान गएको छ। पचहत्तरै जिल्लामध्ये नवलपरासी जिल्लाका तीन वटा हत्या/गोली अन्तरगतका घटना सर्वाधिक क्रूरताका प्रतीक बनेका छन्। भोजमा दोहोऱ्याई तेहऱ्याई मिठाई खाएको हुँदा कुटाई खाँदै घनश्याम चौधरीले ज्यान गुमाउनु पऱ्यो। सुनवल गौरीघाटकी कल्पना कुँवर र रहजरकी नीरमाया आलेको हत्या पनि विभत्स छ।

आफ्ना छोराछोरीलाई बदमासी गऱ्यो भन्ने रीसमा कुटेरै मार्ने आमा ओखलढुङ्गाकी डिमा छोटिल शेर्पा र अर्को व्यक्तिसंग पोइल जाने लालसामा नवजात छोरीलाई घाँटी थिचेर मार्ने उदयपुरकी भेटनीदेवी चौधरीको व्यवहारले आमाहरूको क्रूरतालाई देखाएको छ।

बाध्यताले मानिसलाई जस्तोसुकै कुकर्म गर्न पनि विवश पार्दो रहेछ भन्ने कुरा झापामा देखियो। काँकडभिट्टा, झापामा ०५१ पुस १० गते नौ वर्षीय बालिकालाई आफ्नै बाबुले पाल्न नसकेको पीडामा रूखमा झुण्ड्याएर मारे। मोरङ्गको कदमाहामा एकै परिवारका चार जनाको लाश एउटै रूखमा झुण्डिएको अवस्थामा पाइयो।

बारा जिल्लाको डूमरवानाकी पन्ध्र वर्षीय चित्रकुमारीलाई बलात्कार गर्नेले साथैमा भएका सात र पाँच वर्षका उनका भाइ र बहिनीलाई पनि बञ्चरोले हिर्काएर निर्दयतापूर्वक माऱ्यो।

पत्नीहरूको हत्या गर्ने थुप्रै पतिहरू देखा परे। पत्नीले बिंडी खान दिइन भनेर मकवानपुरका पचपन्न वर्षीय गणेश लामाले धनसाहिंलीलाई कुटेरै मारे। भक्तपुरका रामबहादुर खत्रीले रिसको झोंकमा पत्नीलाई कोदालोले हिर्काएर मारे। त्यसपछि खत्रीले मृतक पत्नीको रगत र गिदी खाए। रसुवाका अर्जुन न्यौपानेले आफ्नी पत्नी कुमारीको गुप्ताङ्गमा कोदालोको बीँड पसाएर हत्या गरे। कालिकोटका नवराज देवकोटाले माइतबाट चाँडै नफर्किएको आरोपमा आफ्नी पत्नीलाई खाल्डोको पानीमा चोपल्दै यस्तरी सिस्नु पानी लगाए कि उनी ठहरै मरिन्। दार्चुलाका गणेशसिंह भाटले पानी ल्या भन्नासाथ ल्याइन भनेर आफ्नी पत्नी जानूकी भाटलाई कुटेर मारे। कसैले खाना पकाइन भनेर त कसैले केटाकेटीले भान्सामा छरेको भातको फोहर देख्न नसकेर आफ्ना पत्नीलाई निर्घातसंग कुटेर मारे।

महिलाहरू पनि क्रूरतामा कम देखिएनन्। महोत्तरीकी रिखियादेवी यादवलाई हिटनी, जुलेखा, कुलेशा र सैरूल खातुनले पाठेघर बाहिर निस्किने गरी पिटे र हँसियाले रोपेर मारे। काठमाडौंको मेरीगोल्ड बोर्डिङ्ग स्कूलकी महिला प्रिन्सीपलले घरमा पालेको कुखुरा मरेको आरोपमा काम गर्न राखेकी नाबालिका निर्मलालाई कुटेरै मारिन्। भोजपुरका शशीकला राई, हीरादेवी राई र रहरमाया राईले रेणुका राईलाई त्यस्तै विभत्स ढंगले मारे।

सौता र बुहारीको हत्याका पनि अनेकन घटना देशैभरी भए।

राज्यको बल प्रयोग हुँदा आठ जनाको ज्यान गयो। झापामा दुई जना, दाङ्गमा तीन जना, रोल्पामा दुई जना र मकवानपुरमा एक जना। कतै पनि स्थानीय जनता र प्रत्यक्षदर्शीबाट सुरक्षा निकायले वाध्य भएर गोली चलाएको हो भन्ने कुरा स्वीकार गरेको पाइएन।

दाङ्गको बिजौरी गोली काण्डका सन्दर्भमा त प्रत्यक्ष राजनीतिक पूर्वाग्रह र प्रहरीको भेदभावका कारणले यस्तो भएको हो भन्ने कुराले देशैभरी व्यापक मान्यता पायो।

गिरफ्तारीको घटना यो वर्ष प्रशस्त बढ्यो। तर अघिल्लो वर्षको तुलनामा गिरफ्तार गरिएकालाई यातना दिने

**गिरफ्तारी र यातना - ४८४४**

| | |
|---|---|
| पूर्वाञ्चल | १८९ |
| मध्यमाञ्चल | ४११३ |
| पश्चिमाञ्चल | १३५ |
| मध्यपश्चिमाञ्चल | ३५१ |
| सुदूर पश्चिमाञ्चल | ५६ |

| | |
|---|---|
| प्रहरीको गोलीले मृत्यु | ७ |
| वन पालेको गोलीले मृत्यु | १ |
| पतिद्वारा पत्नीको हत्या | २८ |
| पत्नीद्वारा पतिको हत्या | ६ |
| अन्य प्रकारको हमलाबाट मृत्यु | २७५ |
| हिरासतमा यातना | ८५ |
| कारागार / हिरासतमा मृत्यु | १३ |
| पारिवारिक हिंसाबाट पीडित | ५६ |
| बलात्कृत | १०३ |
| बालिका बलात्कृत | ४६ |
| आत्महत्या | ७३४ |
| बेपत्ता पारिएका | १५ |

कुरामा भने कमी आएको पाइयो। यस पटक राज्यको तहबाट बेपत्ता पारिएको एउटा पनि घटना पाइएन।

### मौलिक अधिकार

देशका धेरैजसो भागमा अभिव्यक्ति र संगठनको अधिकारलाई आम नागरिकले निर्वाध प्रयोग गरेको पाइयो। विगतका वर्षहरू भैं यस वर्ष पनि प्युठान, दाङ्ग र रोल्पामा भने स्थिति फरक रह्यो। रोल्पाका प्रमुख जिल्ला अधिकारी रइस खाँ स्वयमले यस वर्ष पनि आफै कुटपिट गर्न भ्याउनु भयो। ०५१ मंसीर ३ गते मध्यावधि निर्वाचनका उम्मेद्वार राजकुमार कक्षपतीले वहाँको हातबाट कुटाई खानु पऱ्यो। जिल्ला भू-संरक्षण कार्यालय रोल्पाका लेखापाल देवराज पोखरेलले मुलुकको ख्यातीप्राप्त मासिक पत्रिका मूल्यांकन पढेको आरोपमा प्रमुख जिल्ला अधिकारीलाई वहाँको कार्यालयमै गएर स्पष्टीकरण दिनु पऱ्यो। मानवअधिकार तर्फ चासो राख्ने सबैका लागि प्रमुख जिल्ला अधिकारी रइस खाँ र वहाँको जिल्ला रोल्पा चर्चाको विषय बन्यो। प्रहरीको गोलीले भएको मृत्यु लगायत अन्य सबै मौलिक अधिकारको दृष्टिकोणले पनि रोल्पा चर्चाको अग्रपंक्तिमा रहेको पाइयो।

### धार्मिक स्वतन्त्रता

वर्ष १९९४ मा सबैभन्दा राम्रो स्थिति धार्मिक स्वतन्त्रताकै क्षेत्रमा देखा पऱ्यो। ०५१ मंसीर १९ गतेदेखि २२ गतेसम्म बाँकेको नेपालगंजमा हल्का साम्प्रदायिक झगडा भएको थियो। इलाममा ०५१ भदौ १८ गते क्रिश्चियन धर्मको प्रचार गरेको आरोपमा एघार जनालाई पक्राउ गरी अदालतमा मुद्दा चलाइयो। त्यसबाहेक अरू कतै कसैको धार्मिक स्वतन्त्रतामा खलल गरिएको पाइएन।

### राजनीतिक स्वतन्त्रता

समग्रमा राजनीतिक स्वतन्त्रताको निर्वाध प्रयोग भएको पाइयो। तर मध्यावधि निर्वाचनका सिलसिलामा भने ठाउँ ठाउँमा यस अधिकारउपर शक्ति र प्रभावको खुल्ला प्रयोग भएको देखियो।

दाङ्ग, रोल्पा, इलाम, प्युठान, कञ्चनपुर, सुनसरी, नुवाकोट, दोलखा, रौतहट, बारा आदि ठाउँहरूमा चुनावमा विविध पक्षले आ-आफ्नो प्रभाव र शक्तिको व्यापक दुरूपयोग गरेको पाइयो। निर्वाचन आयोगले कर्मचारी सरूवा आदि विषयमा बारम्बार सरकारलाई सरूवा नगर्न भनी रहनु पऱ्यो। कतै ९० प्रतिशत मतदान भएको, कतै मतदान भएका भन्दा धेरै बढी र कतै मतदाता भन्दा बढी मतदान भएको पनि पाइयो। दिउँसो ३ बजेसम्म १० प्रतिशत मात्र मतदान भएको तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला स्वयम उम्मेद्वार हुनु भएको सुनसरीको क्षेत्र नं. ५ मा ३ बजेपछि ५ बजेसम्ममा ७० प्रतिशत मतदान भएको देखाइएको छ। नुवाकोटको भाल्चे गाविसको एउटा केन्द्रमा २ हजार २ सय ८ मत खसेकोमा राप्रपाले पाँच र एमालेले नौ मत मात्र पाएको देखाइएको छ। दाङ्गमा चुनावको बेलामा भएका हिंसात्मक घटनामा तीन जनाको ज्यान गयो। त्यस्तै इलाममा चुनावकै सिलसिलामा दुई जना मारिए। देशका छयासी मतदान केन्द्रमा पुनः मतदान सम्पन्न भयो।

### सुगम तथा निष्पक्ष न्यायिक अधिकार

नेपालका न्यायालयहरूमा भौतिक साधन र दक्ष जनशक्तिमा ठूलो कमी रहेको देखिन्छ। त्यही कारण न्याय प्रक्रियामा ढिलाई हुने रोग यस पटक पनि देखियो। दुर्गम स्थानमा न्यायाधीशहरूको अनुपस्थिति र प्रहरीसंगको अपराध अनुसन्धान र छानवीनका प्रविधि र साधनको अभावले गर्दा पनि सर्वसाधारणले समयमा न्याय पाएनन्। यस वर्ष पनि रोजगार र तत्सम्बन्धी सबै मामिलामा सर्वाधिक पीडित विद्यालय शिक्षकहरू नै भए।

### महिला अधिकार

महिला उत्पीडन दिनपर दिन बढ्दै गएको पाइएको छ। बलात्कारमा पर्नेहरूमा बालिकाहरूको संख्या ठूलो छ। पश्चिमका थुप्रै जिल्लाहरूमा अझै पनि महिलाहरू प्रत्यक्षत किनबेचका वस्तु सरह नै छन्। जबरजस्ती भगाएर बिहे गर्ने, जारी तिराउने, अनेकन ढंगले अपहेलना गर्ने, छुवाछूत र भेदभाव गर्ने प्रवृत्ति र प्रक्रिया यथावत रहेको पाइएको छ। यो

**आत्महत्या - ७३४**

| | |
|---|---|
| पूर्वाञ्चल | १९० |
| मध्यमाञ्चल | ३५३ |
| पश्चिमाञ्चल | ७७ |
| मध्यपश्चिमाञ्चल | ६१ |
| सुदूर पश्चिमाञ्चल | ६३ |

वर्ष कुनै महिलालाई देवकीका रूपमा मन्दीरमा चढाइएको भने पाइएन। पतिकै सामुन्ने, पतिलाई बाँधेर पिटेर मोरङ्ग, सिराहा र राजधानी काठमाडौंमै महिलाहरूलाई बलात्कार गरेको समेत पाइयो। मोरङ्गमा आफ्नै बाजे र पाल्पामा दाजुबाट पनि बालिकाहरू बलात्कृत भए, मारिए पनि। बलात्कार गर्नेमा ससुरा लगायत अरू नातेदारहरू पनि छन्। प्रहरी सहायक निरीक्षकले काठमाडौंमा एउटी महिलालाई हिरासतभित्र लगेर बलात्कार गरे।

छोरी मात्र पाई भनेर सुर्खेतका एकदेव गिरीले ०५१ साउन ९ गते आफ्नी पत्नीको कपाल हँसियाले चारपाटा मुडी दिए। प्युठानका कमलप्रसादले सरितासंग बिहे भएको चार महिनामै यस कारण सौता हाले कि उनी आफू कांग्रेस समर्थक भएता पनि उनकी पत्नी जनमोर्चाको समर्थक थिइन्। सल्यानका हर्के कामीले चौध वर्षीय पत्नीलाई खम्बामा बाँधेर निर्घातसंग कुटे। कारण थियो, ती बालिकाले उसलाई शारिरिक सन्तुष्टी दिन सकिनन्।

काठमाडौंमा तेह्र वर्षीय बालिकालाई बेहोश हुने इन्जेक्सन दिएर तीन जनाले बलात्कार गरे। महिला बिक्रीको रफ्तार पनि यथावत र यथास्थानमा देखिएको छ। बलात्कार गरी सकेर वा गर्न नपाएको झोंकमा थुप्रै महिलाहरूको हत्या गरियो।

गर्भपतन ठूलो सामाजिक समस्या बनेको छ। अदालतले नाता प्रमाणित गरे पनि सामाजिक मान्यता नपाउने र गर्भ रहेपछि पुरूष तर्किने कारणले थुप्रै महिलाहरूले अपहेलना झेल्नु परेको छ। कतिपयले यिनै कारणले आत्महत्या गरेका छन्।

## दासत्व विरूद्धको अधिकार

दासत्व, कमैया आदि प्रथाका कारण मानिसहरू पीडित भएर जीवन बिताउन वाध्य छन्। प्रशासनिक र न्यायिक क्षेत्रले पनि ठोस रूपमा केही गर्न सकेको छैन। कैलालीका पटवारीलाल मालिकको अत्याचारबाट ग्रस्त भएर भागे। तर उनकी पत्नी र बहिनी उनको मालिककहाँ बन्धकी बस्न बाध्य भए। उनले लिएको ऋणको कि त दोब्बर तिर्नु पर्ने, नसके बिहान ४ बजेदेखि ११ बजेसम्म सँधै काम गर्नु पर्ने र त्यो पनि नसके प्रतिदिन दुई सयका दरले हर्जाना तिर्नु पर्ने शर्तबन्दी गरियो। त्यही शर्तबन्दीका आधारमा पत्नी र बहिनीलाई बन्धकी राखेर उनी एक महिनाको भाखा लिएर पैसा खोज्न हिंडे। उनी सबै रकम लगानी गर्ने नयाँ मालिकको खोजीमा हिंडे।

**मारिएका जम्मा - ३०६**

| | |
|---|---|
| पूर्वाञ्चल | ८९ |
| मध्यमाञ्चल | ९९ |
| पश्चिमाञ्चल | ३५ |
| मध्यपश्चिमाञ्चल | ४८ |
| सुदूर पश्चिमाञ्चल | ३५ |

**विभिन्न मुद्दा लागी जेलमा रहेका राजनीतिक व्यक्तिहरू - २१**

| | |
|---|---|
| मोरङ्ग | १ |
| भोजपुर | ८ |
| संखुवासभा | १ |
| काठमाडौं | ८ |
| पाल्पा | १ |
| कपिलवस्तु | १ |
| गुल्मी | १ |

कञ्चनपुरमा मालिकका छोराबाट बलात्कृत कमैया महिलाले उजुरी गर्दा पनि उनले न्याय पाउन सकिनन्।

पत्रकार, श्रमिक, कर्मचारी समेत सबै पेशाका मानिसहरू यस पटक पनि अन्यायपूर्ण खारेजीमा परे। मई दिवस मनाएको आरोपमा मजदुरहरूले पेशाबाट हात धुनु परेको घटना समेत भएको पाइयो।

## बाल अधिकार

बालबालिकाले आफ्ना शिक्षकहरू र समाजका मान्यजनबाट शारिरिक मानसिक प्रताडना पाउनु पर्‍यो। बैतडीका प्रधान अध्यापक शेरबहादुरले आफ्ना एकजना विद्यार्थीलाई तीन दिनसम्म होश नखुल्ने गरी पिटे। बालश्रमको दीर्घकालीन समस्या सुल्झाउने दिशामा यस पटक पनि उल्लेखनीय कदम चालेको पाइएन।

## आत्महत्या

यस पटक आत्महत्याका घटनामा अप्रत्याशित वृद्धि भएको देखियो। यसले पनि सावित गर्दछ कि सामाजिक असुरक्षाको भावनामा व्यापक वृद्धि भएको छ। दस वर्षीय बालिका, बाह्र वर्षीय बालक, सत्तरी वर्षीय वृद्धा र बयासी वर्षका वृद्ध समेतले आत्महत्या गरेका पाइयो।

प्रेममा असफल भएर र विवाह गर्ने चाहना भएर पनि आर्थिक दुरावस्थाले गर्दा नसकी पारिवारिक पीडाले संत्रस्त भएर जोडीहरूले नै पनि आत्महत्या गरेका छन्। बच्चा जन्मिएर पनि आफ्नो दुध नआएको पीडाले गर्दा प्युठानकी थुममाया रेग्मीले आत्महत्या गरिन्। कमाई गर्न नसकेको पीडामा र प्रहरीले समात्न आउँछ भन्ने त्रासमा समेत मानिसहरूले आत्महत्या गरे। आत्महत्याको घटना ग्रामिण र विकट क्षेत्रमा अत्यधिक देखिएको छ।

| धम्की / कुटपिट - ३०४ | |
|---|---|
| पूर्वाञ्चल | ६५ |
| मध्यमाञ्चल | १५२ |
| पश्चिमाञ्चल | ३० |
| मध्यपश्चिमाञ्चल | ४७ |
| सुदूर पश्चिमाञ्चल | १० |

### राजनीतिक बन्दीहरू

नेपालका जेलहरूमा राजनीतिक बन्दीहरू छैनन् भन्ने जिकीर मध्यावधि निर्वाचन पछि बनेको सरकारका उपप्रधानमन्त्रीले पनि गर्नु भयो। तर लिखित रूपमा जेसुकै भए पनि नेपालका जेलमा दुई दर्जन व्यक्तिहरू राजनीति गरेकै कारण विभिन्न मुद्दामा फसाइएर बन्दी जीवन बिताउन बाध्य छन्। यो कुरो समष्टीगत रूपमा वर्तमान सरकारले पनि अस्वीकार गर्न सकेको छैन। सरकार त्यस्ता बन्दीहरूका विषयमा छानवीन भइरहेको बताउँदैछ। तर छानवीनको नाममा ढिलासुस्ती भइरहेको दाबी देशका मानवअधिकार संस्थाहरूको रहेको छ।

०४८ मंसीर ९ गतेदेखि विराटनगर जेलमा बन्दी जीवन बिताइरहेका हिमलाल उप्रेतीका बारेमा नेकपा (एमाले) मोरङको दाबी छ।- "उनलाई एमालेको कार्यकर्ता भएका कारण ज्यान मुद्दामा फसाइएको छ।" त्यस्तै हाल पाल्पा जेलमा रहेका रामबहादुर तिवारी पनि आफूलाई तत्कालीन नेकपा (माले) संग सम्बन्धित रहेको कारण दुःख दिने नियतले थुनिएको बताउँछन्। संखुवासभाका शान्ति ढुङ्गानासँगै एउटै घटनामा मुछिएका व्यक्ति प्रतिनिधिसभा सदस्य भई सके। तर उनी जेलमै छन्।

### जेलको अवस्था

प्रजातान्त्रिक शासन व्यवस्थामा जेललाई सुधार गृह मानिन्छ। तर नेपालमा भने प्रजातान्त्रिक व्यवस्थाको स्थापना पश्चात पनि त्यस दिशामा काम भएको देखिएन।

वर्ष १९९४ मा पनि जेलको भौतिक सुधारका लागि कुनै प्रयत्न गरिएन। जेलको वातावरण अपराधीहरूमा मनोगत सुधार ल्याउने किसिमको बनाउन कुनै कदम चालिएन। जेलहरूमा उपचार खर्च, सरसफाई र अन्य मानवीय आवश्यकताहरूका लागि यथोचित वजेट निकासा गर्ने काम यस पटक पनि भएन।

राणाकालीन जेलहरू कतिपय ठाउँमा कुनै बेला पनि भत्किन सक्ने अवस्थामा छन्। तर त्यस दिशामा सुधार भएनको छैन। बरू कतिपय जेलका पर्खाल आदि भत्किएको समाचारहरू यस पटक पनि आयो। कैयन् जेलमा महिला बन्दीहरूलाई राख्ने छुट्टै ठाउँको व्यवस्था पनि छैन। शौचालय र पानीको अति दयनीय अवस्था छ। जेलभित्रै मृत्यु भएको केही घटनाहरू पाइए। तर यातनाका कारणले मरेको भन्न सकिने दुई वटा घटना मात्र पाइयो। एउटा दाङमा परदेशु चौधरीको र अर्को तनहुँका निलबहादुर कमरको। बन्दीहरूले आत्महत्या गरेको घटना पनि प्रकाशमा आएको छ। झ्यालखानाभित्र अनेकन रोगले ग्रसित भएकाहरूले उपयुक्त औषधी उपचार नपाएकोले उनीहरूको मृत्यु भएको कुरालाई नकार्न सकिन्न। जेलहरूको स्थिति यथावत दुर्दान्त छ।

### भारतीय प्रहरीको अनधिकृत प्रवेश

अनधिकृत रूपमा सशस्त्र भारतीय प्रहरीहरू नेपाल प्रवेश गरी नेपाली जनमानसलाई आतंकित बनाउने घटनाहरू पनि यो वर्ष भए। ०५० चैत १४ गते राजधानी काठमाडौंकै बानेश्वरमा भारतीय प्रहरीको सशस्त्र डफ्फाले हमला गरेको थियो। यस प्रकारका अतिक्रमणका घटना नेपालगञ्ज, बुटवल, बीरगञ्ज, नवलपरासी र धनगढी जस्ता सीमा क्षेत्रमा पटक पटक भई नै रहे।

### नयाँ आशा

०५१ मंसीर १३ गते सत्तारूढ भएको नयाँ सरकारले केही आशा लाग्दा नयाँ कदमहरूको घोषणा गरेको छ। नवनियुक्त प्रधानमन्त्रीले आफ्नो पहिलो संबोधनमै मानवअधिकारप्रतिको आफ्नो वचनवद्धता दोहऱ्याउनु भएको छ।

मानवअधिकार आयोग, सुकुम्बासी आयोग, भूमि सुधार आयोग र क्षतिपूर्ति विधेयक प्रस्तुत गर्ने सरकारको कदमले केही नयाँ आशा पलाएका छन्। जनताका आर्थिक अधिकारका क्षेत्रमा पनि उपलब्धि भयो भने मात्र मानवअधिकारको सर्वाङ्गिण रक्षामा बल पुग्ने कुरा निर्विवाद छ। तर अहिलेसम्म सरकार मूलरूपमा आफ्नो योजनामै सीमित रहेको छ। देशका जेलहरूमा कुनै राजनीतिक बन्दीहरू भए छाडिने योजना रहेको कुरा गृहमन्त्रीले बताउनु भएको छ। सरकारले मानवअधिकार आयोगको निर्माण गर्ने दिशामा कामको थालनी गरेको छ। तर सबै घोषणाको कार्यान्वयन पक्ष भने अझै पर्खेर हेर्न बाँकी छ। ■

# परिच्छेद ९

# निष्कर्ष र सुझाव

मानवअधिकारका क्षेत्रमा यो वर्ष पनि विभिन्न घटना र समस्याहरू देखा परे। नेपालको सन्दर्भमा मानवअधिकारका क्षेत्रमा देखिएका तिनै कुराहरूका आधारमा हामीले महशूस गरेका केही विषयहरूलाई निष्कर्ष र सुझावको रूपमा यहाँ प्रस्तुत गरिएको छ।

## निष्कर्ष

- गत वर्षको तुलनामा यो वर्ष राज्य हिंसाका घटनाहरूमा कमी आएको देखियो। तर पनि प्रजातान्त्रिक मूल्य र मान्यताका आधारमा मानवअधिकारको सम्मान गर्ने काम सरकारबाट हुन सकेन। राज्य हिंसामा कमी भएको देखिए पनि समग्रमा मानवअधिकार उल्लंघनका घटनाहरू भने बढी नै देखा परे। खासगरी अपराधिक मनोवृत्तिलाई निरूत्साहित गर्ने काम नभएकाले पनि मानवअधिकार उल्लंघनका घटनाहरूमा वृद्धि भएको देखिन्छ। यसतर्फ सरकार वास्ताहीन रहन पुगेको महशूस गरियो। प्रहरीको गोलीबाट यो वर्ष ७ जनाको मृत्यु भयो।

- सरकारले गोष्ठी र सभाहरूमा आफूलाई मानवअधिकारको कट्टर हिमायती बताउने गरे पनि व्यवहारमा आफूलाई त्यस्तो सावित गर्न सकेन। शान्ति सुरक्षासंग सम्बन्धित प्रशासनिक निकायहरूलाई जनताको व्यापक हितको पक्षमा क्रियाशील गराउनु भन्दा त्यस्ता निकायहरू जनतामा त्रास फैलाउने ढंगले देखा परे। जसका कारण ती निकायहरूप्रति जनताको सोचाई नकारात्मक रहन पुगेको छ। जनताको हक अधिकारलाई सुरक्षित गर्ने कार्यमा शान्ति सुरक्षासंग सम्बन्धित निकायहरूले गम्भीरतापूर्वक सोच्नु जरूरी रहेको देखियो।

- सशस्त्र भारतीय प्रहरीको अनधिकृत नेपाल प्रवेशका घटनाहरू यो वर्ष निकै नै चर्चामा रहे। ०५० चैत १४ गते राजधानीको बानेश्वरबाट शुरू भएको यो श्रृंखला केही समयसम्म निरन्तर जारी रह्यो। यो वर्ष भारतीय प्रहरीको अनधिकृत नेपाल प्रवेशका ७ वटा उल्लेख्य घटना देखा परे। यस किसिमको घटनाबाट नेपालको सार्वभौमिकता र स्वतन्त्रतापूर्वक सम्मानित रूपले बाँच्न पाउने नेपाली जनताको अधिकार एवं स्वाभिमानमै आघात पुग्यो। भारतीय प्रहरीहरूको उक्त गतिविधिप्रति सरकार सम्वेदनशील रहन सकेन। सकेसम्म त्यस्ता घटनाहरूप्रति आँखा चिम्लिने र घटना सार्वजनिक भइहाल्यो भने पनि त्यसप्रति बेवास्ता गर्ने प्रवृत्ति सरकारले देखायो।

- राज्य वा सरकार प्रमुखले आफ्नो संवैधानिक अधिकारको प्रयोग गर्दा आम जनताको चाहना, भावना र हित अनुकूल गर्नु पर्ने हुन्छ। प्रजातान्त्रिक मूल्य र आदर्शको पालना त्यति बेला मात्र हुन सक्छ जति बेला राज्यको एउटा अधिकार सम्पन्न नागरिकले आफ्नो स्वार्थभन्दा पनि व्यापक जनताको हितका लागि आफूलाई प्राप्त संवैधानिक अधिकारको प्रयोग गर्दछ। तर प्रतिनिधि सभाको तत्कालीन संरचना अनुसार विघटन हुनै नपर्ने स्थितिमा ०५१ असार २६ गते नेपालमा प्रतिनिधि सभा विघटन भयो। सत्तारूढ, प्रमुख प्रतिपक्षी लगायत सबै जसो राजनैतिक दलहरू र बहुसंख्यक नेपाली जनताले नचाहँदा नचाहँदै पनि तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिशमा प्रतिनिधि सभा विघटन भई मध्यावधि निर्वाचन हुन पुग्यो। मध्यावधि निर्वाचनमा जनताले आफ्नो मताधिकारको प्रयोग त गरे। तर आफ्नो हित र चाहना विपरीत भएको यो चुनावमा जनताले उत्साहपूर्वक भाग लिएको देखिएन।

- ०५१ कार्तिक २९ गते सम्पन्न मध्यावधि निर्वाचनमा राष्ट्रिय सम्पत्तिको व्यय मात्र भएन। चुनावका सिलसिलामा हिंसात्मक घटनाहरू पनि भए। केही नागरिकको ज्यान गयो। सत्तापक्ष चुनावमा हिंसात्मक ढंगले उत्रेको पाइयो।

- मध्यावधि निर्वाचनमा बुथ कब्जा गर्ने घटनाहरू पनि भए। आ-आफ्नो प्रभावका खास खास क्षेत्रमा बुथ कब्जा गर्ने प्रयत्न सबै राजनैतिक दलहरूले गरे। तर सत्तापक्षबाट बढी मात्रामा बुथ कब्जा गरी एकलौटी मतदान गराउने काम भयो। त्यसरी बुथ कब्जा गर्दा सत्तापक्षीय उम्मेद्वारहरूले राज्य शक्तिको प्रयोग समेत गरेको भेटियो। निर्वाचनमा भारतीय सांसद र भारतीय नागरिकहरू समेत आएर निष्पक्ष निर्वाचन माथि हस्तक्षेप गरेको पाइयो।

- यो वर्ष पनि राजनीतिक दलहरूमा स्वच्छ खालको संस्कार र संस्कृतिको विकास भएको पाइएन। प्रजातान्त्रिक पार्टीहरूले समेत आफूलाई यदाकदा गैरप्रजातान्त्रिक ढंगले प्रस्तुत गरेको देखियो। त्यसरी नै केही राजनैतिक दलहरूले मानवअधिकारको प्रश्नलाई महत्वकासाथ लिएको भेटिएन।

- सरकारले नागरिकहरूलाई उनीहरूको मौलिकहकबाट वञ्चित गराउने प्रयत्न समेत गऱ्यो। ०५० माघ २५ गतेको उपनिर्वाचनका सन्दर्भमा मतदानका लागि योग्य सबै नागरिकको नामावली समावेश गरिएन। यस सम्वन्धमा सर्वोच्च अदालतमा मुद्दा परी अदालतले मतदानका लागि योग्य सबै नागरिकको नामावली समावेश गर्ने आदेश दिएपछि मात्र उनीहरूले मतदानमा भाग लिन पाए। त्यस्तै ०५१ कार्तिक २९ गतेको मध्यावधि निर्वाचनमा पनि धेरै नागरिकहरू मतदानको अधिकारबाट वञ्चित रहे। सम्बन्धित निकायको लापर्वाहीका कारण कतिपय नागरिकको नाम दोहोरो रूपमा समावेश गरिएको थियो भने ०४८ सालको निर्वाचनमा मतदान गरिसकेका कतिपय नागरिक आफ्नो नाम नभेटेर मतदानबाट वञ्चित रहे।

- गत वर्ष बेपत्ता पारिएका खोटाङ्गका रविन के.सी., अछामका विष्णु तिमिल्सिना, काठमाडौंमा प्रहरीले पक्राउ गरी बेपत्ता पारिएका प्रभाकर सुवेदीका सम्बन्धमा सम्बद्ध निकाय यो वर्ष पनि मौन रह्यो। ०३१ सालमा प्रहरीले गिरफ्तार गरी बेपत्ता पारिएका शिक्षक पुण्यप्रसाद शर्मा अहिलेसम्म पनि बेपत्ता नै छन्। त्यस्तै ०३८ सालदेखि बेपत्ता पारिएका ओखलढुङ्गाका वामपन्थी कार्यकर्ता गणेशनिधि गौतमको चर्चा पनि अहिले सार्वजनिक भएको छ। यो वर्ष बेपत्ता हुनेहरूमा गोरखा घर भई पोखरामा कार्यरत असई कृष्णबहादुर श्रेष्ठ, दाङ घर भई पोखराको वन विज्ञान अध्ययन संस्थानमा अध्ययनरत सुशीलकुमार पोखरेल, रूपन्देहीका भरत चौधरी, कपिलवस्तुकी श्रीमती लक्ष्मी थरूनी, गुल्मीकी फत्ताकुमारी पन्थी, दाङकी १४ वर्षीय बालिका बेलमती वि.क., दाङकै १६ वर्षीय युवती जयन्ती वि.क. र लक्ष्मी वि.क., जिल्ला शिक्षा कार्यालय बाजुराका खरिदार पदम ओली, डडेलधुराका दलबिरे कामी, महोत्तरीका पुपलालदास तत्मा, सिन्धुपाल्चोकका ज्ञानबहादुर दुलाल, काठमाडौं बस्ने लेखबहादुर गुरूङ्ग, धादिङ घर भई कालिबहादुर गण राजदरवारमा कार्यरत सिपाही धनबहादुर गुरूङ्ग र ताप्लेजुङ्गका तुके लिम्बु पनि थपिएका छन्। तर यिनीहरू प्रहरीको गिरफ्तारीबाट बेपत्ता पारिएका भने होइनन्। यद्यपि यसरी बेपत्ता भएकाहरूलाई खोज्न खासै सक्रियता देखाएको पाइएन।

- नेपाल अधिराज्यको संविधान ०४७ को भावनासित मेल नखाने कतिपय ऐन कानूनहरूको खारेजी वा संशोधन यो वर्ष पनि हुन सकेन। यस सम्बन्धमा सरकार पक्षबाट नै विधेयक ल्याइनु पर्थ्यो। तर ल्याइएन।

- मानवअधिकार सम्बन्धमा संयुक्त राष्ट्र संघद्वारा पारित १४ वटा अभिसन्धिहरूमा हस्ताक्षर गरी सक्दा पनि मानवअधिकारको धारणासंग मेल नखाने केही कानूनहरू खारेज गरिएका छैनन्। त्यस्तै श्री ५ को सरकारद्वारा संयुक्त राष्ट्र संघमा बुझाउनु पर्ने प्रतिवेदन पनि बुझाइएको वा बुझाउन बाँकी भन्ने सम्बन्धमा कुनै जानकारी दिने काम भएन।

- जेल सुधारका कुराहरू गरिए पनि यो वर्ष त्यस सम्बन्धमा कुनै काम भएन। नेपालका अधिकांश जेल भवनहरू जीर्ण अवस्थामा छन्। त्यसमाथि कतिपय जेलमा क्षमताभन्दा बढी बन्दीहरू राखिएका छन्। बन्दीहरूले पाउनु पर्ने सबै सुविधाहरू पाएका छैनन्। केही जेलहरूमा बन्दीहरूलाई यातना दिने काम यो वर्ष पनि भयो। यातनाका कारण दाङमा ०५१ मंसीर ५ गते परदेशु चौधरीको मृत्यु भयो। विभिन्न रोगका कारण १२ जना बन्दीको थुनामा मृत्यु भयो। तनहुँका ६० वर्षीय नीलबहादुर कमरले थुनामा रहेको अवस्थामा भीरबाट लडेर आत्महत्या गरेको कुरा प्रहरीले बताएको छ। तर थुनामा रहेको मान्छेले भीरबाट लडेर कसरी आत्महत्या गऱ्यो ? घटना शंकास्पद छ। नेपालका विभिन्न जेलहरूमा विभिन्न आरोपमा राजनीतिक बन्दीहरू रहेको र तिनलाई तुरून्त रिहा गरिनु पर्छ भनेर मानवअधिकार संस्थाहरूले आवाज उठाउँदै आएका छन्। तर सरकारले यो वर्ष पनि जेलहरूमा राजनीतिक बन्दीहरू नरहेको बतायो।

- नेपालमा पारिवारिक हिंसाका घटनाहरूमा पनि वृद्धि हुँदै गएको पाइयो। यो वर्ष पतिद्वारा पत्नीको हत्या गरेका घटना २८ वटा देखा पऱ्यो भने पत्नीद्वारा पतिको हत्या गरिएका घटना ६ वटा देखिए। समग्रमा पारिवारिक हिंसाका ५६ वटा घटना भएको तथ्य प्रकाशमा आएको पाइयो। यस किसिमका घटनालाई रोक्ने प्रयास कतैबाट भएको देखिएन।

- बाल अधिकारको क्षेत्रमा खासै प्रगति हुन सकेन। पढ्न लेख्न र पोषणयुक्त खाना खान पाउने अधिकारबाट बहुसंख्यक बालबालिकाहरू पीडित रहे। नेपालमा बालिका बलात्कारका घटनाहरू चर्को रूपमा बढ्न थालेका छन्। यो वर्ष ४६ जना बालिकाहरू बलात्कारमा परे।

- महिला अधिकार, जातीय छुवाछूत, ट्रेड यूनियन र शरणार्थी समस्याहरू पूर्ववत नै रहे। यी कुराहरू तर्फ यो वर्ष कुनै उल्लेखनीय काम भएन।

- तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०५१ असोज ३ गते राष्ट्रिय प्रहरी प्रशिक्षण प्रतिष्ठानद्वारा आयोजित "बदलिंदो समाजमा प्रहरीको भूमिका" विषयक गोष्ठीमा बोल्दै भन्नु भएको थियो - "मानवअधिकारको सीमा कहाँदेखि कहाँसम्म हो, त्यो स्पष्ट हुनु आवश्यक छ। व्यक्तिको विवेकले नै मानवअधिकारको शुरू र अन्त्य छुट्याउँछ भन्ने मेरो सोचाई छ।" यसरी अन्तर्राष्ट्रिय घोषणा पत्रले निर्देशित गरेको आधारमा परिभाषित नगरेर वहाँले मानवअधिकारको व्याख्या गर्ने जिम्मा प्रहरीलाई नै छोडी दिनु भयो।

# सुझाव

- हामीले वर्ष पुस्तक १९९२ र १९९३ मा पनि केही सुझावहरू प्रस्तुत गरेका थियौं। हाम्रा सुझावहरूलाई सम्बद्ध निकायहरूले के कति रूपमा ग्रहण गरे र गरेनन् भन्ने कुरा एकातिर छँदैछ। तर पनि राज्य हिंसाका घटनाहरूमा थोरै मात्र भए पनि सुधार हुनुलाई सकारात्मक नै मान्नु पर्छ। अन्य खालका घटनाहरूमा वृद्धि हुनु चाहिं निश्चय नै अर्को दुःखदायी कुरा हो।

  विगत दुई वर्षमा जस्तै यस वर्ष पनि हामीले केही सुझावहरू प्रस्तुत गरेका छौं। यी सुझावहरूमा सम्बद्ध निकायहरूको ध्यान पुगेमा मानवअधिकारको स्थितिमा केही सुधार हुने अपेक्षा राख्न सकिन्छ।

### सरकार समक्ष

- देशका केही भागहरूमा गोली काण्डहरू भए। ती गोलीकाण्डमा केही नागरिकहरूले ज्यान समेत गुमाउनु परेको छ। यो वर्ष देशका जति ठाउँहरूमा गोलीकाण्डहरू भए, तत्कालको स्थितिमा ती घटनाहरूमा गोली चलाउनु पर्ने आवस्था सिर्जना नभइकनै गोली चलाएको देखिन्छ। तसर्थ त्यस्ता घटनाहरूमा गोली काण्डको न्यायिक जाँच गरी दोषी पक्षमाथि कारवाही गर्नु अनिवार्य हुन्छ।
- मानवअधिकार सम्बन्धी चेतनालाई जबसम्म जागृत गराईंदैन, तबसम्म मानवअधिकार उल्लंघनका घटनाहरूलाई रोक्न सकिंदैन। तसर्थ मानवअधिकार शिक्षा सम्बन्धी कार्यक्रम सर्वसाधारण नागरिक, प्रहरी र प्रशासक सबैका लागि तत्कालको आवश्यकता हो। शिक्षालाई हर क्षेत्रमा निरन्तर संचालन गरिनु पर्छ।
- हाल सरकारको सक्रियतामा रेडियो नेपालबाट मानवअधिकार शिक्षा कार्यक्रम संचालन भइरहेको छ। जसको संयोजन नेपालका विभिन्न मानवअधिकार संस्थाहरूले गरिरहेका छन्। मानवअधिकार सम्बन्धी चेतना जगाउनका लागि यो एउटा महत्वपूर्ण कार्य हो। तर यसलाई निरन्तर संचालन गर्नमा सरकार स्वयंले सक्रियता देखाउनु पर्ने हुन्छ।
- मानवअधिकार सम्बन्धी चेतना जागृत गर्नलाई रेडियो कार्यक्रम मात्र पर्याप्त हुँदैन। मानवअधिकार सम्बन्धी पाठ्यपुस्तकको निर्माण गरी विद्यालय स्तरदेखि नै शिक्षा दिने कार्य तर्फ पनि सोच्नु पर्छ।
- बँधुवा मजदुर र कमैयाहरूको मुक्तिका लागि सरकारले अगाडि सारेको कार्यक्रम मानवअधिकारको सम्मानका दृष्टिले प्रशंसायोग्य छ। यस सम्बन्धमा अझ व्यापक दृष्टिकोणका साथ उनीहरूको भविष्यको ग्यारेण्टी गर्ने काम समेत हुनु जरूरी छ।
- श्री ५ को सरकारले मानवअधिकार आयोग गठन गर्ने कुरामा हाल जुन सक्रियता देखाइरहेको छ, त्यो सबैका लागि प्रशंसनीय छ। आयोगको गठन पश्चात मानवअधिकारको सम्मान गर्ने प्रवृत्तिको विकास गर्न निश्चय नै सहयोग पुग्ने देखिन्छ। उक्त आयोगको निर्माण विभिन्न मानवअधिकार संस्थाहरूको भूमिकालाई समेत महत्व दिएर भएको खण्डमा अझै प्रभावकारी हुने देखिन्छ।
- न्यायालय र प्रहरी प्रशासनलाई भौतिक एवं वैज्ञानिक उपकरणहरू र त्यस सम्बन्धी जनशक्ति उपलब्ध गराउनु पर्छ। जसले गर्दा कुनै पनि घटनामा, कुनै पनि कुराको परीक्षण तत्काल सम्बन्धित निकायले नै गर्न सकोस्। त्यसको अभावमा घटनाको वास्तविक पक्ष खुल्न नसक्ने भएको हुँदा यस तर्फ गम्भीर रूपले सोचिनु जरूरी छ।
- नेपालका जीर्ण जेलहरूको मर्मत-संभार तर्फ यथाशीघ्र कारबाही चलाउनु पर्ने आवश्यकता छ। विभिन्न जेलमा विभिन्न मुद्दा लागी बन्दी अवस्थामा रहेका आस्थाका बन्दीहरूलाई तत्काल रिहा नगर्ने हो भने, त्यस्ता बन्दीहरूलाई जेलमा राखेर मानवअधिकारको कुरा गर्नु लज्जाजनक कुरा हुन्छ।

### संसद समक्ष

- मुलुकी ऐन (एघारौं संशोधन) - ०५१ र श्रमजीवी पत्रकार सम्बन्धी विधेयक-०५१ यो वर्षका उपलब्धि हुन्। मुलुकी ऐन (एघारौं संशोधन)-०५१ मा मृत्यु दण्ड हटाउने तथा महिलामाथि गरिने अत्याचार र उनीहरूको स्वास्थ्यमा पर्ने असर बारे कानूनी व्यवस्था रहेको छ। त्यस्तै श्रमजीवी पत्रकारहरूको हकहितको संरक्षण गर्न श्रमजीवी पत्रकार सम्बन्धी विधेयक-०५१ मा व्यवस्था गरिएको छ। त्यसैगरी संसदको आठौं अधिवेशनमा यातना सम्बन्धी क्षतिपूर्ति विधेयक-०५१ प्रस्तुत हुनु अर्को राम्रो पक्ष हो।

मानवअधिकारको धारणासंग मेल नखाने ऐन-कानूनहरूको खारेजी वा संशोधनका लागि यथाशीघ्र सोच-विचार गर्नु जरूरी भइसकेको छ।

- कुनै पनि विधेयक पारित गर्दा सांसदहरू बीच विभिन्न कोणबाट गम्भीर छलफल हुनु पर्छ। जसले गर्दा संसदबाट पारित विधेयकलाई अदालतले निस्क्रिय गराउने स्थिति रहँदैन।

### राजनीतिक दलहरू समक्ष

- कतिपय राजनीतिक दलहरूले मानवअधिकारलाई भाषण गर्ने एउटा विषयको रूपमा मात्र प्रस्तुत गर्ने गरेका छन्। यो कुराको पुष्टी ती दलहरूको व्यवहारिक क्रियाकलापबाट हुन्छ। राज्यपक्षबाट मात्र हैन राजनीतिक दलहरूको पक्षबाट मानवअधिकार उल्लंघन गरिएका घटनाहरू पनि प्रशस्तै देखा पर्ने गरेका छन्। मानवअधिकारको कुरा गर्ने दलहरूले आफ्नै पार्टीका कार्यकर्ताहरूलाई पनि यस सम्बन्धमा जागृत पार्ने काम गर्नु पर्ने देखिन्छ। सबै दलहरू दलगत भावनाबाट माथि उठेर मानवअधिकारको सम्मानमा लाग्नेले भने पनि नेपालको मानवअधिकार स्थितिमा ठूलो सुधार हुने देखिन्छ।

### आमसञ्चार समक्ष

- निजी क्षेत्रका सञ्चार माध्यमहरूले मानवअधिकारको क्षेत्रमा खेलेको भूमिकालाई प्रशंसा नगरी रहन सकिन्न। मानवअधिकारको उल्लंघनका घटनाहरूलाई प्रकाशमा ल्याई त्यस सम्बन्धमा न्यायिक आवाज उठाउने क्रममा निजी क्षेत्रका पत्रपत्रिकाहरूको महत्व अझै बढ्न पुगेको छ। तर त्यस त्यसले पनि पूर्वाग्रही प्रवृत्तिलाई हटाउनु पर्ने आवश्यकता भने छँदैछ।

### गैरसरकारी संस्थाहरू समक्ष

- नेपालका विभिन्न भाग र क्षेत्रमा पुगेर जनस्तरमा काम गर्ने गैर सरकारी संस्थाहरूले पनि मानवअधिकारप्रति चासो राखी त्यसमा सहयोग पुऱ्याउनु जरूरी छ। मानवअधिकार सबैको साझा अधिकार भएकाले यस सम्बन्धी शिक्षा लिने वा शिक्षा दिने काममा गैर सरकारी संस्थाहरूको महत्वपूर्ण भूमिका रहन सक्छ। यो कुरालाई जनस्तरमा काम गर्ने गैरसरकारी संस्थाहरूले महशूस गरेमा मानवअधिकारको रक्षा र सम्मानमा ठूलो प्रगति हुने देखिन्छ।

### क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरू समक्ष

- नेपालको मानवअधिकार सम्बन्धी अवस्थाका बारेमा क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले निरन्तर चासो राख्नु जरूरी छ। मानवअधिकार सम्बन्धी चेतनालाई देशव्यापी रूपमा फैलाउने काममा त्यस्ता संस्थाहरूले महत्वपूर्ण भूमिका खेल्न सक्छन्। त्यस बाहेक यहाँको मानवअधिकार स्थितिका बारेमा अन्तर्राष्ट्रिय प्रचार गर्ने काममा पनि क्षेत्रीय तथा अन्तर्राष्ट्रिय गैरसरकारी संस्थाहरूले सहयोग पुऱ्याउनु आवश्यक छ।

■

# अनुसूचि

# अनुसूचि १

## यस वर्षको उल्लेख्य

# प्रतिनिधिसभा विघटन र मध्यावधि निर्वाचन

**(१) प्रतिनिधिसभा विघटन**

तत्कालीन प्रतिनिधि सभाको अवस्थालाई हेर्दा विघटन हुनै नपर्ने परिस्थितिमा अचानक नेपालमा प्रतिनिधि सभा विघटन भयो। लामो संसदीय इतिहास भएका देशहरूमा यस किसिमको परिस्थितिमा प्रतिनिधि सभाको विघटन भएको पाईंदैन। प्रतिनिधि सभाको विघटन सत्तारूढ दल नेपाली कांग्रेसको आफ्नै आन्तरिक कलह एवं विवादको परिणाम थियो। सत्तारूढ दलले आफ्नो आन्तरिक मतभेदको व्यवस्थापन गर्न नसक्दा यस्तो जटिल परिस्थितितिर मुलुकलाई डोऱ्यायो। यसले मुलुकको राजनीतिमा केही समयका लागि ठूलो अन्यौल एवं दिशाहीनता जन्मायो।

०५१ असार २६ गते सरकारको नीति तथा कार्यक्रममाधिको संसदीय मतविभाजनमा प्रधानमन्त्री श्री गिरिजाप्रसाद कोइराला विरोधी नेपाली कांग्रेस संसदीय दलका सांसदहरू अनुपस्थित रहे। यस प्रस्तावमा पहिले ध्वनि मतका आधारमा मत संकलन गरी निर्णय सुनाउन लाग्दा विपक्षी दलका सांसदहरूले विभाजनका आधारमा मत संकलन गर्न माग गर्नु भयो। विभाजनको प्रक्रियाद्वारा मत संकलन गर्दा प्रस्तावको पक्षमा ७४ र विपक्षमा ८६ मत परी धन्यवाद प्रस्ताव बहुमतले अस्वीकृत भएको घोषणा उपसभामुख महन्त ठाकुरले गर्नु भयो। बैठकमा नेपाली कांग्रेसका असंतुष्ट समूहका ३६ जना सांसदहरूको समूह अनुपस्थित थियो।

प्रस्ताव अस्वीकृत भएपछि नेकपा एमालेका सांसद भरतमोहन अधिकारी, संयुक्त जनमोर्चा नेपालका सांसद अमिक शेरचन, नेपाल मजदुर किसान पार्टीका नारायणमान बिजुक्छेले सदनमा सरकारको नीति र कार्यक्रम अस्वीकृत भएकाले प्रधानमन्त्रीले तत्काल राजीनामा दिएर अर्को सरकार गठन गर्ने वातावरण सृजना गर्ने माग गर्नुभयो। तर राष्ट्रिय प्रजातन्त्र पार्टीका पशुपति समशेर राणाले सदन भंग गरेर मध्यावधि निर्वाचन गर्नु पर्ने माग राख्नु भयो। नेपाली कांग्रेसका अर्जुन नरसिंह के.सी.ले नेपाली कांग्रेसले छलफल गरेर समस्या समाधान गर्ने कुरा बताउनुभयो। त्यसपछि उपसभामुख महन्त ठाकुरले प्रतिनिधि सभाको बैठक स्थगित गर्नुभयो। बैठक असार २८ गते दुई बजे बस्ने कुराको घोषणा उपसभामुखले गर्नु भयो। तर परिणामस्वरूप सरकारी नीति तथा कार्यक्रममाधिको संसदीय मतदानमा ८६ का विरुद्ध ७४ मत भई बहुमतको सरकार अल्पमतमा परेपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले असार २६ गते राजा समक्ष राजीनामा चढाउनुका साथै संसदको तल्लो सदन प्रतिनिधि सभा विघटनको सिफारिश पनि गर्नु भयो। प्रधानमन्त्री कोइरालाले राजा समक्ष आफ्नो राजीनामासंगै नेपाल अधिराज्यको संविधान २०४७ को धारा ५३ (४) बमोजिम प्रतिनिधि सभा विघटन गरी ०५१ कार्तिक २७ गतेका दिन निर्वाचनको मिति समेत तोकिबक्सन सिफरिश गर्नुभएको थियो। राजाबाट सोही दिन प्रधानमन्त्रीले आफ्नो पदबाट चढाउनु भएको राजीनामा स्वीकृत गरिबक्स्यो। यस पछि मुलुकमा अन्यौलपूर्ण राजनीतिक गतिविधिले तीब्रता लियो। सत्तारूढ दलभित्र वा बाहिर यसको तीब्र प्रतिक्रिया देखापऱ्यो। सोही दिन राजाबाट प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला, राजपरिषद स्थायी समितिका सभापति भद्रकाली मिश्र तथा प्रतिनिधि सभा एवं राष्ट्रिय सभाका प्रमुख विपक्षी दलका नेता मनमोहन अधिकारी तथा माधवकुमार नेपाललाई नारायणहिटी राजदरबारमा दर्शन भेट बक्सी प्रतिनिधि सभा विघटन सम्बन्धमा राय लिइबक्स्यो। मुलुकमा एउटा चर्को संवैधानिक विवाद देखा पऱ्यो। के संविधानको धारा ५३(४) बमोजिम चढाइएको सिफारिश अनुसार श्री ५ उक्त सिफारिश बमोजिम प्रतिनिधि सभा विघटन गर्न बाध्य होइबक्सन्छ ? यस सम्बन्धमा तमाम राजनीतिज्ञ, संविधानविद् एवं बुद्धिजीवीहरूका फरक-फरक रायहरू देखा परे।

सोही दिन प्रतिनिधि सभामा धन्यवादको प्रस्ताव अस्वीकृत भएपछि लगत्तै प्रधानमन्त्री निवास बालुवाटारमा बसेको नेपाली कांग्रेसका ७४ जना सांसदहरूको एक भेलाले कोइरालालाई नेपाली कांग्रेस संसदीय दलको नेताको रूपमा विश्वास प्रकट गऱ्यो। उक्त भेलामा केही राष्ट्रिय सभाका सदस्यहरूका अतिरिक्त नेपाली कांग्रेसका सभापति श्री कृष्णप्रसाद भट्टराईको पनि उपस्थिति थियो। तर दलका ३६ प्रतिनिधि सभा सदस्यहरूको भने यस भेलामा उपस्थिति थिएन। सत्तारूढ दल नेपाली कांग्रेसभित्र प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विरोधी यो समूह काठमाडौं क्षेत्र नं. १ को उपनिर्वाचनदेखि खुलेर देखा परेको थियो। काठमाडौं

क्षेत्र-१ को उपनिर्वाचनमा नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईको पराजय भएको थियो। यो पराजयमा पार्टीका केन्द्रीय समितिका बहुसंख्यक एवं प्रतिनिधि सभाका ३६ जना सांसदहरूको के धारणा रह्यो भने उक्त निर्वाचनमा प्रधानमन्त्री कोइरालाले आफ्नै दलका सभापतिका विरूद्ध अन्तरघात गरेर उहाँलाई पराजित तुल्याउनु भएको थियो। यही अन्तरघातको कुराबाट सत्तारूढ दलभित्र व्यापक अन्तरकलह, कटुता एवं विभाजन देखा पऱ्यो। यसले सडक संघर्षको पनि रूप लियो। आफ्नै दलका कार्यकर्ता बीच सडकमा हिंसक संघर्ष शुरू भयो। पार्टीका सर्वोच्च नेता गणेशमान सिंह लगायत अधिकांश केन्द्रीय समितिका सदस्यहरूले प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रधानमन्त्री पदबाट राजीनामा दिनुपर्छ भन्ने अडान लिए। तर कोइरालाले राजीनामा दिन मान्नु भएन। पार्टीभित्र प्रधानमन्त्री समर्थक र विरोधीहरूको बीचमा कटु आरोप-प्रत्यारोपहरू भए। पार्टीको संसदीय दलमा ३६ जना प्रतिनिधि सभाका सदस्यहरू प्रधानमन्त्री कोइरालाका कटुविरोधी भइसकेका थिए। उनीहरूको धारणा थियो प्रधानमन्त्री कोइरालाले सभापति भट्टराईको विरूद्ध अन्तरघात गरी उहाँलाई पराजित तुल्याएकोले कोइराला लगायत अन्तर्घातमा संलग्न सबैमाथि पार्टीले तत्काल कार्यवाही गर्नुपर्छ। यस सम्बन्धमा आठ पल्टसम्म बैठक बस्यो। तर पार्टीको केन्द्रीय समितिले कुनै ठोस निर्णय लिन सकेन र पार्टीको केन्द्रीय समितिले ठोस कदम चाल्न सभापति कृष्णप्रसाद भट्टराईलाई जिम्मा दियो। भट्टराईले पार्टीका सबै जसो महत्वपूर्ण व्यक्तिहरूसंग लामो विचार-विमर्श गर्नुभयो। तर अन्ततः वहाँले संसदको सातौं अधिवेशन शुरू हुनु ताका यस अन्तर्घात प्रकरणको अन्त्य गर्दै सबैका गल्ती कमजोरीलाई "स्मृतिमा राखेर" क्षमादान दिएको घोषणा गर्नुभयो। तर नेपाली कांग्रेसका सर्वोच्च नेता गणेशमान सिंह यस किसिमको कुनै क्षमादानको पक्षमा हुनुहुन्नथ्यो। वहाँ प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाका विरूद्ध अभियान नै छेड्न थाल्नु भयो। देशव्यापी रूपमा कोइरालाको विरोधमा कार्यकर्ताहरूसंग भेटघाट गर्दै हिंड्नु भयो। यही पृष्ठभूमिमा संसदको सातौं अधिवेशन शुरू भयो। सत्तारूढ दलका ३६ जना सांसदहरू सभापति भट्टराईको अनुरोधलाई पनि अस्वीकार गर्दै खुला विद्रोहमा उत्रिए र सदनमा धन्यवाद प्रस्तावमा मतदानका बखत अनुपस्थित रहे।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले आफ्नो पदबाट राजिनामा दिनुभएपछि नेकपा एमालेले नेपाल अधिराज्यको संविधान २०४७ को धारा ४२(२) अनुसार आफ्नो दलले सरकार गठन गर्न पाउनुपर्ने मागलाई अगाडि सार्‍यो भने नेपाली कांग्रेसका सभापति कृष्णप्रसाद भट्टराईले अझै पनि संसदमा नेपाली कांग्रेसकै बहुमत रहेकोले नेपाली कांग्रेसले नै सरकार गठन गर्न पाउनु पर्ने र नेपाली कांग्रेस त्यसो गर्न असमर्थ भएमा मात्र नेकपा एमालेको पालो आउने छ भनी एक वक्तव्य जारी गर्नु भयो। तर प्रधानमन्त्रीले सोही असार २६ गते साँझ दिनुभएको एक वक्तव्यमा - २०४८ सालको आम निर्वाचनमा जनताले दलगत रूपमा आफ्नो मत जाहेर गर्दै सबै पार्टीका सांसदहरूलाई संसदीय अभ्यास र व्यवहारका लागि निर्देशित गरेको तथा असार २६गतेको प्रतिनिधि सभाको बैठकमा जनताको यो अभिमतका विरूद्ध संसदमा नेपाली कांग्रेस पार्टी कै केही सांसदहरूको अस्वभाविक र गैरसंसदीय व्यवहारले श्री ५ को सरकारको नीति तथा कार्यक्रमलाई नै विफल पारेको हुँदा आफूले प्रधानमन्त्री पदबाट राजिनामा दिएको बताउनु भयो। प्रतिनिधि सभा विघटनको औचित्यबारे उहाँले वक्तव्यमा - नेपाली कांग्रेसको बहुमतको सरकार गैरसंसदीय र अवाञ्छित राजनीतिक समीकरणद्वारा विफल पारिने अवस्था सृजना भएपछि अर्को स्थिर सरकार गठन हुने सम्भावना आफूले नदेखेकोले मुलुकमा व्याप्त राजनीतिक अन्यौल, दिशाहीनता र गैरसंसदीय व्यवहारलाई प्रोत्साहित गर्नुभन्दा जनताका माझमा गई नयाँ जनादेश लिनुबाहेक अर्को विकल्प आफूले नदेखेको बताउनु भयो।

प्रधानमन्त्रीले प्रतिनिधि सभा भंग गरी निर्वाचन गराउन गर्नुभएको सिफारिश बमोजिम श्री ५ बाट असार २७ गते प्रतिनिधि सभा विघटन गरिबक्सियो र प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधि सभाका लागि हुने निर्वाचन स्वच्छ र निष्पक्ष रूपमा सफलतापूर्वक सम्पन्न गराउने आशा राखिबक्स्यो। यस अघि असार २७ गते दिउँसो संसद सचिवालयमा देशमा उत्पन्न राजनीतिक परिस्थितिका सम्बन्धमा विचार विमर्श गर्न राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीको अध्यक्षतामा सर्वदलीय बैठक बस्यो।

असार २८ गते राष्ट्रिय सभाको बैठक बस्यो। बैठकमा सर्वप्रथम राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्कीले श्री ५ महाराजाधिराजबाट प्रधानमन्त्रीको राजीनामा स्वीकृत गरिबक्सेको एवं प्रधानमन्त्रीको सिफारिशमा २०५१ कार्तिक २७ गते आमनिर्वाचन सम्पन्न हुने गरी प्रतिनिधि सभा विघटन गरिबक्सेको सम्बन्धी राजदरबारबाट प्राप्त सन्देश पढेर सुनाउनु भयो। सोही बैठकमा राष्ट्रिय सभामा प्रमुख विपक्षी दलका नेता माधवकुमार नेपालले प्रतिनिधि सभाको विघटनको विरोध गर्दै प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको नेतृत्वमा निर्वाचन निष्पक्ष हुन नसक्ने भएकाले आफ्नो दल सर्वदलीय सरकारको गठनको मागमा रहेको विचार व्यक्त गर्नु भयो।

प्रतिनिधि सभाको विघटन पछि मुलुकको राजनीतिले नयाँ मोड लियो। सत्तारूढ दल नेपाली कांग्रेसभित्र पनि यस सम्बन्धमा विभाजित मत देखा पऱ्यो। प्रधानमन्त्री कोइराला समर्थक पक्षबाट यसको समर्थन भयो भने पार्टीका सर्वोच्च नेता गणेशमान सिंहले यो कार्यलाई "संविधानमाथिको बलात्कार" हो भन्नुभयो। संसदका राजनीतिक दलहरूमध्ये राष्ट्रिय प्रजातन्त्र पार्टीले मात्र मध्यावधि निर्वाचनको समर्थन गरेको थियो। संसदका अन्य विपक्षी दलहरू नेकपा एमाले, संयुक्त जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टीले भने प्रतिनिधि सभा विघटनको घोर विरोध गरे। प्रमुख प्रतिपक्षी

दल नेकपा एमालेले यस कार्यको विरोध गर्दै सर्वदलीय सरकार गठन नभए ठूलो आन्दोलन गर्ने भनी असार २८ गतेदेखि पाँच दिने अल्टिमेटम समेत दियो।

प्रतिनिधि सभाको विघटनपछि मुलुकको राजनीतिक समीकरणमा ठूलो फेरबदल आयो। त्यसबेला मुलुकको संवैधानिक प्रक्रिया नै खल्बलिएको महशूस सबैबाट भयो। प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला विरूद्ध तीव्र आक्रोश र रोष देखापर्‍यो। कोइरालाको विरोधमा सत्तारूढ नेपाली कांग्रेसका महामन्त्री लगायत अरू सातवटा पार्टीका बीच अभूतपूर्व सहमति देखा पर्‍यो। साउन ८ गते सत्तारूढ दल नेपाली कांग्रेस र प्रमुख प्रतिपक्षी नेपाल कम्युनिष्ट पार्टी एमाले लगायत विभिन्न सातवटा पार्टीले एक संयुक्त वक्तव्य प्रकाशित गरी कामचलाउ प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालालाई तुरून्तै हटाउने माग गरे। असंवैधानिक ढंगले विघटन गरिएको प्रतिनिधि सभाको पुनः स्थापना औचित्यपूर्ण छ भन्ने कुरामा हामी सहमत छौं भन्दै उक्त वक्तव्यमा राजीनामा स्वीकृत भइसकेको र संसदीय समितिले पदको दुरूपयोग गरेको आरोप लगाएको व्यक्तिको नेतृत्वमा रहेको सरकारलाई निर्वाचन गराउने अधिकारै नभएको विचार व्यक्त गरिएको थियो। सत्तारूढ दल तथा प्रमुख प्रतिपक्षी दल दुबैले संविधान अनुसार सरकार बनाउने दाबी गरिरहेको कुरालाई समेत बेवास्ता गरी संविधानको धारा ५३(४) आकर्षित हुन नसक्ने अवस्थामा असंवैधानिक किसिमले प्रतिनिधि सभा विघटन गरी मध्यावधि चुनावको घोषणा गर्ने काम भएको व्यहोरा वक्तव्यमा उल्लेख गरिएको थियो। वक्तव्यमा "जनताले लडेर ल्याएको बहुदलिय व्यवस्थाको रक्षा गर्न र प्रजातन्त्रमाथिको खतराका विरूद्धमा लड्न हामीले फेरि एकै ठाउँमा उभिनुपर्ने आवश्यकता र दायित्वलाई अनुभव गरेका छौं" भन्ने पनि उल्लेख गरिएको थियो। संयुक्त वक्तव्य दिने नेताहरूमा नेपाली कांग्रेसका महामन्त्री महेन्द्रनारायण निधि, नेकपा एमालेका महासचिव माधवकुमार नेपाल, नेकपा (एकता केन्द्र) का नेता निर्मल लामा, संयुक्त जनमोर्चा नेपालका महासचिव लिलामणि पोखरेल, नेकपा (संयुक्त) का सचिवालय सदस्य महेशमणि दीक्षित, नेकपा मसालका केन्द्रीय प्रवक्ता दीनानाथ शर्मा र नेपाल कम्युनिष्ट लिगका महासचिव शम्भुराम श्रेष्ठ हुनुहुन्थ्यो।

त्यसैगरी राष्ट्रिय सभाका अध्यक्ष बेनीबहादुर कार्की र विपक्षी नेता मनमोहन अधिकारीको नेतृत्वमा विघटित प्रतिनिधि सभामा रहेका ३४ नेपाली कांग्रेसका तथा विपक्षी दलका ७२ गरी जम्मा १०५ पूर्व सांसदहरूको एक जुलुसले राजा समक्ष विघटित प्रतिनिधि सभाको पुनः स्थापनाका लागि संवैधानिक प्रक्रिया आरम्भ गर्न साउन १२ गते विन्तिपत्र चढायो। विन्तिपत्रमा प्रधानमन्त्रीको राजीनामा स्वीकृत भएको २४ घण्टाभित्र प्रतिनिधि सभा विघटन गरिनाले संसदले अर्को मन्त्रिपरिषद गठन गर्नका लागि खेल्न सक्ने भूमिकाबाट वञ्चित भई अहिलेको राजनीतिक संकट आएको उल्लेख गरिएको थियो।

प्रतिनिधि सभाको विघटन संवैधानिक छ वा छैन भन्ने विषयमा राष्ट्रको सम्पूर्ण बहुमत विभाजित थियो। यसै परिप्रेक्ष्यमा विघटित प्रतिनिधि सभाका सदस्य हरि नेपाल र गणेश पण्डित एवं दुई राजनीतिक कार्यकर्ता दुर्गा सुवेदी र लोककृष्ण भट्टराईले साउन ११ गते प्रतिनिधि सभाको विघटनका विरूद्ध सर्वोच्च अदालतमा मुद्दा हालेर चुनौती दिएका थिए। जसले गर्दा सबैको ध्यान सर्वोच्च अदालतले यस सम्बन्धमा गर्ने फैसलातिर मोडियो। यस रिट निवेदनको पहिलो सुनुवाई साउन १७ गते भएको थियो। प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय रहनुभएको सिङ्गल बेञ्चबाट भएको सुनुवाईमा रिट निवेदक पक्षका वकीलहरूका तर्क अनुसार प्रधानन्यायाधिशले विपक्षीका नाममा कारण देखाउ आदेश जारी गर्नुभएको थियो। साथै प्रधानन्यायाधीशले सर्वोच्च अदालत वार एशोसिएसनलाई अदालतका सहयोगी (एमिकस क्यूरी) का रूपमा पाँचजना वरिष्ठ अधिवक्ता वा अधिवक्ताहरूलाई पठाउन भन्नुभएको थियो।

धेरै दिनको लामो सुनुवाईपछि प्रतिनिधि सभा विघटन गर्न प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले गर्नुभएको सिफारिश असंवैधानिक भएकोले सो सिफारिश बदर गरिपाउँ भनी सर्वोच्च अदालतमा दायर गरिएको निवेदनलाई सर्वोच्च अदालतको ११ सदस्यीय पूर्ण इजलासले बहुमतद्वारा खारेज गर्‍यो। उक्त रिट निवेदनको फैसलामा रिट निवेदन खारेज हुनु पर्छ भन्ने पक्षमा प्रधानन्यायाधीश विश्वनाथ उपाध्याय लगायत न्यायाधीशहरू सुरेन्द्रप्रसाद सिंह, हरगोविन्द सिंह प्रधान, रूद्रबहादुर सिंह, मोहनप्रसाद शर्मा, कृष्णजंग रायमाझी र गोविन्दबहादुर श्रेष्ठ हुनुहुन्थ्यो भने रिट जारी हुनु पर्ने राय दिनुहुने न्यायाधीशहरूमा ओमभक्त श्रेष्ठ, केशवप्रसाद उपाध्याय, लक्ष्मणप्रसाद अर्याल र केदारनाथ उपाध्याय हुनुहुन्थ्यो। रिट निवेदन खारेज हुने तथा जारी हुने पक्षमा राय दिने न्यायाधीशहरूको सबैको एउटै तर्क थिएन। जसमध्ये रिट खारेज हुने तर्फ प्रधानन्यायाधीश विश्वनाथ उपाध्यायको एउटा तर्क, न्यायाधीशहरू सुरेन्द्रप्रसाद सिंह, हरगोविन्दसिंह प्रधान र रूद्रबहादुर सिंहको एउटा राय तथा न्यायाधीशहरू मोहनप्रसाद शर्मा, कृष्णजंग रायमाझी तथा गोविन्दबहादुर श्रेष्ठको अर्के व्याख्या रहेको छ। त्यसैगरी रिट निवेदन जारी हुनु पर्छ भन्ने पक्षमा तर्क दिनुहुने न्यायाधीशहरूमा लक्ष्मणप्रसाद अर्याल र केशवप्रसाद उपाध्यायको एउटै व्याख्या रहेकोछ भने न्यायाधीशहरू ओमभक्त श्रेष्ठ र केदारनाथ उपाध्यायको बेग्लाबेग्लै विचार रहेको छ।

यस सम्बन्धमा प्रधानन्यायाधीशले फैसलामा आफ्नो राय प्रकट गर्नु भएको छ – यथार्थमा राजीनामा र विघटनको सिफारिश एक साथ हुन सक्दैन भन्ने कुरो कानूनी वैधता र संवैधानिकतासंग सम्बन्धित कुरो नभई स्वच्छ राजनीतिक व्यवहारमा आधारित परम्परा हो। राजीनामा गरेर आफ्नो पद त्याग गर्ने प्रधानमन्त्रीले अर्को मन्त्रिपरिषद गठन गर्ने बाटो छेक्न विघटनको सिफारिश गर्नु हुँदैन वा पाउँदैन र त्यस्तो सिफारिश नै असंवैधानिक हुन्छ भन्नु दुई

अलग-अलग कुरा हुन्। संविधान बमोजिम अर्को प्रधानमन्त्रीको नियुक्ति वा मन्त्रिपरिषदको गठन हुन नसक्ने स्थितिमा प्रतिनिधि सभाको विघटन गर्नु बाहेक अन्य विकल्प रहँदैन। तसर्थ प्रधानमन्त्रीको राजीनामापछि धारा ३६(१) वा धारा ४२(१) अनुसार भएसम्म चाँडो अर्को प्रधानमन्त्रीको नियुक्ति र मन्त्रिपरिषद गठन गर्नु संविधान अनुसार अनिवार्य हुन्छ। सो बमोजिम मन्त्रिपरिषदको गठन हुन सक्ने अवस्था हुँदा-हुँदै पनि नगरी राजीनामा दिने प्रधानमन्त्रीको सिफारिश अनुसार प्रतिनिधि सभाको विघटन गरिएमा वा धारा ३६(७) अन्तरगतको मन्त्रिपरिषदलाई यथावत कायम राखिएमा त्यो कार्य असंवैधानिक हुन्छ। अर्को मन्त्रिपरिषद गठन गर्ने अभिभारा श्री ५ उपर रहेकाले संसदीय दलहरूको संख्यात्मक स्थितिको आधारमा श्री ५ बाटै त्यस सम्बन्धी प्रक्रिया आरम्भ हुन्छ। सो प्रयोजनका लागि संविधानले दलीय आधारमा सदस्यहरूको समर्थन स्वतः प्राप्त हुने कुरा अनुमान गरी त्यस सम्बन्धमा केवल संसदीय दल र दलको नेतालाई मान्यता दिएको देखिन आउँछ। प्रधानमन्त्रीको राजीनामा पश्चात उपर्युक्त अवस्थामा अर्को मन्त्रिपरिषद गठन हुन सक्ने वा नसक्ने कुराको निरूपण गर्ने र त्यस सम्बन्धमा उपयुक्त प्रक्रिया अवलम्बन गर्ने अभिभारा श्री ५ मा रहेकाले मौसुफबाट कुनै खास प्रक्रिया नै अवलम्बन गरिबक्सनु पर्छ भनेर अदालतले भन्न मिल्दैन। तर त्यस सिलसिलामा श्री ५ बाट को-कोसंग परामर्श गरिबक्स्यो, मौसूफ समक्ष कसले के कस्तो परामर्श चढाए र कुन आधारमा मौसूफबाट अर्को मन्त्रिपरिषद गठन हुन नसक्ने निष्कर्षमा पुगी प्रधानमन्त्रीको सिफारिश अनुसार नै प्रतिनिधि सभा विघटन गरिबक्स्यो भन्ने विषयमा अदालतले छानवीन गर्ने विषय होइन। अतः रिट निवेदन खारेज हुने ठहर्छ।

यस रिट निवेदनमा ४ जना न्यायाधीशहरूले रीट जारी हुनुपर्छ भन्ने राय व्यक्त गर्नुभएको थियो। रिट जारी हुनुपर्छ भन्ने न्यायाधीशद्वय माननीय केशवप्रसाद उपाध्याय एवं लक्ष्मणप्रसाद अर्यालको तर्क थियो - राजीनामा र विघटनको सामान्य अवधारणा र स्वरूपबाट यी दुई साथ-साथै जान नसक्ने एक अर्कोलाई परस्पर बाहिऱ्याउने (Mutually Exclusive) भएकोले ... संविधानका प्रत्येक व्यवस्था, प्रस्तावना र निर्देशक सिद्धान्त बाहेक मान्न करै लाग्ने हुन्छन्। त्यसैले संविधानमा अर्को मन्त्रिपरिषद गठन गर्नुपर्ने बाध्यात्मक व्यवस्था भएपछि सो व्यवस्थालाई कुनै कारणले पनि निस्तेज गर्न मिल्दैन। तसर्थ विघटनको सिफारिश राजीनामा स्वीकृत भइसकेपछि स्वतः निष्कृय हुन जान्छ। किनकि संविधानको धारा प्रयोग हुने अवस्था विद्यमान भएपछि त्यसलाई अन्यथा गर्न असंवैधानिक हुन जान्छ। हाम्रो संवैधानिक व्यवस्था अनुसार प्रधानमन्त्री पदबाट राजीनामा गरेपछि धारा ५३(४) अनुसारको प्रधानमन्त्री नरहने - काम चलाउ मन्त्रिपरिषद हुने हुँदा राजीनामा गरेपछि विघटनको सिफारिश संविधान अनुकूल नहुने मै बदरभागी छ र सोबाट भएका कार्यहरू संवैधानिक मान्यता शून्य ठहर्छ।"

सर्वोच्च अदालतको फैसलाले प्रतिनिधि सभाको विघटनलाई संवैधानिक ठहऱ्याएपछि यस सम्बन्धमा चलिरहेको संवैधानिक विवाद एउटा तार्किक निष्कर्षमा पुग्यो। यद्यपि यस फैसला उपर पनि विभिन्न पार्टीका टिप्पणीहरू सुन्नमा आए। तर सर्वोच्च अदालतमा बहुमतका न्यायाधीशहरूको व्याख्या नै अन्तिम तथा सदर व्याख्या हुने हाम्रो संवैधानिक व्यवस्था अनुसार मुलुक मध्यावधि निर्वाचनको बाटोमा मोडियो।

## मध्यावधि निर्वाचन

प्रतिनिधि सभा विघटनका सम्बन्धमा रहेको विवादलाई सर्वोच्च अदालतले संवैधानिक ठहऱ्याएपछि मुलुक मध्यावधि निर्वाचन तर्फ उन्मुख भयो। सर्वोच्च अदालतको फैसला आउनुअघि मुलुकमा राजनीतिक अन्यौल व्याप्त थियो। राजनीतिक दलहरूमा सर्वोच्च अदालतले कता-कता प्रतिनिधि सभा बहाल गरिदिन्छ भन्ने आशा थियो। वास्तवमा त्यस बखत मुलुकको मौजुदा स्थिति मध्यावधि निर्वाचनको अनुकूल थिएन र मुलुकमा कार्यरत राजनीतिक दल एवं शक्तिहरू मध्यावधि चुनावका लागि तैयार थिएनन्। मध्यावधि निर्वाचन अत्यन्त अप्रत्याशित थियो। मतदाताहरू पनि चुनावको मनस्थितिमा थिएनन्। किनभने एक त यो चुनाव समयभन्दा अगावै हुँदै थियो भने अर्कोतिर हिन्दू धर्मावलम्बी अधिकांश नेपालीहरूको ठूलो चाड यही समयमा पर्दथ्यो। तर यस्तो प्रतिकूल परिस्थितिमा पनि नेपालीहरूले चुनावी अभ्यास गरेर राजनीतिक क्षमता, धैर्य एवं बुद्धिमत्ताको परिचय दिए। चुनावको घोषणा अप्रत्याशित भएता पनि यति छोटो समयमा यसका सबै तैयारीहरू पूरा गरी जसरी यो निर्वाचन सम्पन्न हुन सक्यो यो आफैमा एउटा ठूलो उपलब्धी हो। यद्यपि यस निर्वाचनमा स्वच्छता एवं निष्पक्षताको दृष्टिले धेरै किसिमका कमी कमजोरीहरू देखिए। तैपनि समग्रमा यसले नेपालको प्रजातान्त्रिक प्रक्रियालाई मजबूत एवं परिपक्व तुल्याएको छ। नयाँ संवैधानिक संरचना अन्तरगत नेपाली जनताले दोस्रो पटक आफ्नो सार्वभौमसत्ताको अभ्यास गरे। यहाँ मध्यावधि निर्वाचन ०५१ का विभिन्न पक्ष बारे संक्षेपमा चर्चा गर्नु प्रासंगिक होला।

(१) उन्नाइस जिल्लाका निर्वाचन क्षेत्र हेरफेर - निर्वाचन क्षेत्र निर्धारण आयोगले जनसंख्याको आधारमा विभिन्न १९ जिल्लाका निर्वाचन क्षेत्रहरू हेरफेर गरेको थियो। जस अनुसार काठमाडौं र मोरङमा सबैभन्दा बढी सात-सात वटा निर्वाचन क्षेत्र कायम गरिएका थिए भने म्याग्दी, दार्चुला र तेह्रथुममा दुई-दुई वटा क्षेत्र भएकोमा घटाइ एक-एक वटा निर्वाचन क्षेत्र कायम गरिएको थियो। निर्वाचन क्षेत्र हेरफेर गरिएपछि अब एक निर्वाचन क्षेत्र मात्र कायम भएका जिल्लाहरूको संख्या १४ पुगेको छ। यसै गरी दुई निर्वाचन क्षेत्र कायम भएका २४, तीन निर्वाचन क्षेत्र भएका १९, चार निर्वाचन क्षेत्र भएका ९, पाँच निर्वाचन क्षेत्र भएका ६, ६ निर्वाचन क्षेत्र भएका १ र ७ निर्वाचन क्षेत्र भएका

जिल्लाहरूको संख्या २ भएको छ।

जनसंख्याका आधारमा हेर्दा एक निर्वाचन क्षेत्र भएका १४ जिल्लामध्ये आठ जिल्लामा औसत भन्दा कम जनसंख्या रहेको छ।

**निर्वाचन क्षेत्र हेरफेर गरिएका जिल्लाहरू**

| क्रस | जिल्ला | निर्वाचन क्षेत्र पहिलेको | निर्वाचन क्षेत्र अहिलेको | प्रति निर्वाचन क्षेत्रको औसत जनसंख्या |
|---|---|---|---|---|
| १) | म्याग्दी | २ | १ | ६५४६१ |
| २) | दार्चुला | २ | १ | ६५४६१ |
| ३) | तेह्रथुम | २ | १ | ६५४६१ |
| ४) | अछाम | ३ | २ | ८४७९८ |
| ५) | भोजपुर | ३ | २ | ८४७९८ |
| ६) | खोटाङ | ३ | २ | ८४७९८ |
| ७) | बैतडी | ३ | २ | ८४७९८ |
| ८) | स्याङ्जा | ४ | ३ | ८८३३८ |
| ९) | काभ्रे | ४ | ३ | ८८३३८ |
| १०) | महोत्तरी | ५ | ४ | ९९३६६ |
| ११) | सुर्खेत | २ | ३ | ८८३३८ |
| १२) | कञ्चनपुर | २ | ३ | ८८३३८ |
| १३) | इलाम | २ | ३ | ८८३३८ |
| १४) | दाङ | ३ | ४ | ९९३६६ |
| १५) | चितवन | ३ | ४ | ९९३६६ |
| १६) | कैलाली | ३ | ४ | ९९३६६ |
| १७) | सुनसरी | ४ | ५ | ९८२८३ |
| १८) | मोरङ | ६ | ७ | ९६५५० |
| १९) | काठमाडौं | ५ | ७ | ९६५५० |

(२) मतदाता सूचि - निर्वाचनको लागि मतदाता नामावली तयार गर्ने दायित्व संविधानले निर्वाचन आयोगलाई सुम्पेको छ। नेपाल अधिराज्यका अठार वर्षको उमेर पुगेका प्रत्येक नागरिकलाई मत दिने अधिकार दिएको छ। यस मध्यावधि निर्वाचनमा मतदाता सूचि अध्यावधिक थिएन। ०४९ साल चैत मसान्तसम्म नै १८ वर्ष उमेर पुगेका नागरिकहरूको नामावलीलाई नै ०५१ साल कार्तिकमा सम्पन्न हुने निर्वाचनको लागि प्रयोग गरिएको थियो। मतदाता सूचि अध्यावधिक नभएको कारण मध्यावधि निर्वाचनको घोषणा अप्रत्याशित रूपले भएको हो भन्ने निर्वाचन आयोगको भनाई रहेको थियो। निर्वाचनको स्वच्छता एवं शुद्धताको एउटा आवश्यक मापदण्ड मतदाता सूचिको शुद्धता पनि हो। तर मध्यावधि निर्वाचनमा मतदाता सूचिमा नाम छुट्याइएको, नाम दोहोरिएको इत्यादि व्यापक गुनासाहरू सुनिए। यस समस्याको निराकरणका लागि मतदाता परिचय पत्रको पनि निक्कै चर्चा सुनियो तर यस दिशा तर्फ कुनै राजनीतिक इच्छाशक्तिको प्रदर्शन एवं पहलकदमी हुन सकेन। वास्तवमा त्रुटीरहित मतदाता सूचिको अभावमा स्वच्छ एवं निष्पक्ष चुनावको प्रत्याभूति गर्न सकिँदैन।

यस निर्वाचनमा कूल मतदाता संख्या १ करोड २२ लाख ९६ हजार २ सय १९ थियो जसमा पुरूष मतदाताहरूको संख्या ६१ लाख ९० हजार ३९ र महिला मतदाताहरूको संख्या ६१ लाख ७ हजार १ सय ८० छ।

(३) राजनीतिक दलहरूको दर्ता र चुनाव चिन्ह प्रदान - मध्यावधि निर्वाचनको प्रयोजनको लागि निर्वाचन आयोगमा ७१ वटा राजनीतिक दलहरूले निवेदन दर्ता गराएकोमा निर्वाचन आयोगले पाँचवटा राजनीतिक दलहरू नेपाली कांग्रेस, नेपाल कम्युनिष्ट पार्टी (एमाले), राष्ट्रिय प्रजातन्त्र पार्टी, संयुक्त जनमोर्चा नेपाल र नेपाल सद्भावना पार्टीलाई नेपाल अधिराज्यको संविधान बमोजिम निर्वाचन प्रयोजनको मान्यता प्राप्त भएको पार्टीका रूपमा र अन्य ६५ वटा पार्टीहरूलाई निर्वाचन लड्न पाउने दलका रूपमा निर्वाचन आयोगमा दर्ता गर्‍यो। तसर्थ निर्वाचनको परिप्रेक्ष्यमा दुई किसिमका राजनीतिक दलहरू अस्तित्वमा थिए - मान्यता पाएका र नपाएका। ६ वटा राजनीतिक दलहरू जसले निर्वाचन प्रयोजनका लागि आयोगमा दरखास्त दिएका थिए, ती दलहरूलाई आयोगले दर्ता गर्न अस्वीकार गर्‍यो। यी दलहरू निम्न बमोजिम थिए - मंगोल नेशनल अर्गनाइजेसन, नेपाल नेपाली जगाउ पार्टी, गोरखा मुक्ति मोर्चा संघ, राष्ट्रवादी प्रजातान्त्रिक परिषद, राष्ट्रिय प्रजातान्त्रिक मोर्चा र स्वनिगल नेपाल पार्टी। यसरी निर्वाचन आयोगमा दर्ता भएका राजनीतिक दलहरूमा नेपाली कांग्रेसको नाम सहित पछाडि केही विशेषण थपेका गरी आठवटा र कम्युनिष्ट पार्टीहरू सातवटा रहेका थिए। निर्वाचन आयोगले आयोगमा दर्ता भएका ६५ वटा पार्टीहरूलाई चुनाव चिन्ह प्रदान गर्‍यो। सो क्रममा निर्वाचन आयोगले मान्यता प्राप्त पाँच पार्टीहरूलाई उनीहरूको संरक्षित चुनाव चिन्ह र अन्य दलहरूलाई स्वतन्त्र उम्मेद्वार र पार्टीका लागि छुट्याइएको निर्वाचन चिन्ह समूहबाट निर्वाचन चिन्ह प्रदान गर्‍यो। मान्यता प्राप्त दल र मान्यता नपाएका दलहरूको भिन्नता खास गरेर निर्वाचन चिन्हको सम्बन्धमा स्पष्ट तवरले देखा परेको छ। मान्यता प्राप्त राजनीतिक दलको लागि प्रदान गरिएको निर्वाचन चिन्ह सोही दलका उम्मेद्वारले मात्र प्रयोग गर्न पाउने व्यवस्था छ र कुनै निर्वाचन क्षेत्रमा सो दलले आफ्नो उम्मेद्वार नउठाएमा सो चिन्ह अरू कसैलाई पनि प्राप्त हुन सक्दैन। तर मान्यता नपाएको रूपमा आयोगमा दर्ता भएका दलहरूको हकमा भने त्यस्ता दललाई प्रदान गरिएका चिन्ह सो दलले कुनै निर्वाचन क्षेत्रमा उम्मेद्वार नउठाएमा सो चिन्ह अन्य स्वतन्त्र उम्मेद्वारलाई प्रदान हुन सक्ने व्यवस्था छ। वास्तवमा यसरी दुई प्रकारका राजनैतिक दलहरू हुन सक्ने कुरा न त संविधानले नै परिकल्पना गरेको थियो न त प्रतिनिधि सभाका सदस्यहरूको निर्वाचन गर्ने प्रयोजनको लागि बनेका कानूनले नै गरेको थियो। नयाँ स्थापना भएका राजनैतिक दलको सम्बन्धमा सर्वोच्च अदालतले कायम गरेको कानूनी

सिद्धान्तको आधारमा आयोगले सो व्यवस्था गरेको थियो। संविधान बमोजिम मान्यता प्राप्त दलहरूको चुनाव चिन्ह निम्न बमोजिम थियो।

| राजनीतिक दलहरू | चुनाव चिन्ह |
| --- | --- |
| नेपाली कांग्रेस | रूख |
| नेकपा एमाले | सूर्य |
| नेपाल सद्भावना पार्टी | पाँच औंला भएको हात |
| संयुक्त जनमोर्चा नेपाल | हँसिया हथौडा मुनि तारा |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | हलो |

निर्वाचन आयोगमा ६५ वटा राजनैतिक दलहरूले निर्वाचन प्रयोजनका लागि दर्ता गराए पनि जम्मा २४ वटा राजनीतिक दलहरूले मात्र चुनावमा उम्मेद्वारी दिएका थिए। यस निर्वाचनमा २४ वटा राजनीतिक दलका १ हजार ५७ जना उम्मेद्वारहरू मैदानमा थिए भने ३ सय ८५ जना स्वतन्त्र उम्मेद्वार थिए। अर्थात कूल उम्मेद्वारको संख्या १ हजार ४ सय ४२ थियो।

(४) निर्वाचन आयोगद्वारा गरिएको तैयारी - निर्वाचन आयोगले निर्वाचनको मिति घोषणा भइसकेपछि श्री ५ को सरकारका कर्मचारीहरूलाई सरूवा गर्नाले निर्वाचनको काममा वाधा पर्नुका साथै यसबाट निर्वाचनको निष्पक्षतामा पनि प्रभाव पर्न सक्ने सम्भावना रहने हुनाले निर्वाचन सम्पन्न भई नतिजा प्रकाशित नभएसम्मका लागि कर्मचारीहरूलाई सरूवा नगर्न श्री ५ को सरकारलाई लेखी पठाएको थियो। तर त्यसपछि पनि केही कर्मचारीलाई सरूवा गरियो र त्यसको व्यापक विरोध पनि भयो।

मतदाताहरूले आफ्नो मताधिकारको प्रयोग गर्न सजिलै सकुन् भन्ने उद्देश्यले ७ हजार ४ सय १२ वटा मतदान केन्द्र एवं ८ हजार १ सय ९१ वटा उपमतदान केन्द्रको व्यवस्था निर्वाचन आयोगद्वारा गरिएको थियो। मतदान केन्द्रको व्यवस्था भौगोलिक अवस्थित, जनघनत्व, यातायातको सुविधा र सुरक्षाको दृष्टिकोणलाई ध्यानमा राखेर गरिएको थियो।

जिल्ला न्यायाधीशहरूलाई निर्वाचन अधिकृत तोकिएको थियो। तर जिल्ला न्यायाधीशहरू अपुग भएर १ सय ७ जना चाहिं जिल्ला न्यायाधीश र बाँकी ९८ जना चाहिं न्याय सेवाका उच्च पदाधिकारीहरूलाई यस कार्यमा संलग्न गराइएको थियो। एकभन्दा बढी निर्वाचन क्षेत्र भएको जिल्लामा जिल्ला न्यायाधीशलाई मुख्य निर्वाचन अधिकृतको कार्यभार सुम्पिएको थियो।

यो निर्वाचन सम्पन्न गराउनका लागि ७४ हजार ४ सय ७३ कर्मचारीहरू प्रयोग गरिएका थिए। हरेक मतदान केन्द्रमा मतदान अधिकृत, सहायक मतदान अधिकृतका अतिरिक्त ५ जना अन्य कर्मचारीहरू खटाइएका थिए।

निर्वाचन अधिकृतहरूलाई चुनाव प्रक्रियाका बारेमा अभिमुख तुल्याउने उद्देश्यले २ सय ५ वटै निर्वाचन क्षेत्रका अधिकृतहरूका लागि कार्यशाला गोष्ठीको आयोजना गरिएको थियो। यो कार्यशाला गोष्ठी अधिराज्यका चार ठाउँमा आयोजना गरिएको थियो। जस्तै - झापा, ललितपुर, पोखरा र नेपालगंज। त्यसैगरी निर्वाचन अधिकृतहरूले आफ्ना जिल्ला र क्षेत्रहरूमा मतदान केन्द्रमा खटाइएका अन्य कर्मचारीहरूका लागि निर्वाचन प्रक्रियाका सम्बन्धमा दुई दिने तालिमको आयोजना गरेका थिए।

निर्वाचन आयोगले श्री ५ को सरकारका सम्बन्धित अंग तथा विभागहरूसंग सामञ्जस्य स्थापित गरी मतदान केन्द्रमा शान्ति सुव्यवस्थालाई सुनिश्चित गर्ने कोशिस गऱ्यो। करीब ७७ हजार जना मानिसहरू सुरक्षासंग सम्बन्धित विषयमा यस निर्वाचनमा खटाइएका थिए।

(५) निर्वाचन आचार संहिता - निर्वाचनलाई निष्पक्ष, धाँधलीरहीत र स्वतन्त्र वातावरणमा सम्पन्न गर्न निर्वाचन आयोगले तैयार पारेको आचार संहितालाई सबै राजनीतिक दलहरूले स्वीकार गरेका थिए। यस आचार संहितामा चुनाव प्रक्रियाका दौरानमा राजनीतिक दल एवं स्वतन्त्र उम्मेद्वारहरूले पालन गर्नुपर्ने आचरण एवं श्री ५ को सरकारले पालन गर्नुपर्ने आचरण सम्बन्धमा विस्तृत व्याख्या गरिएको थियो। जसअनुसार राजनैतिकहरू एवं स्वतन्त्र उम्मेद्वारहरूले निर्वाचन अभियान संचालन गर्दा नेपालको राष्ट्रियता, स्वतन्त्रता, अखण्डता र सार्वभौमसत्तामाथि आघात पर्ने गरी गर्न नहुने, जात, जाति, समुदाय, धर्म वा सम्प्रदायको बीच आपसमा घृणा, द्वेष, अवहेलना र वैमनष्य उत्पन्न हुने गरी प्रचार प्रसार वा भाषण गर्न नहुने, कुनै दलका वा स्वतन्त्र उम्मेद्वारको वा निजको परिवारका कुनै सदस्यको चरित्र हत्या हुने गरी प्रचार प्रसार गर्न गराउन नहुने, मतदातालाई डर, धाक, धम्की वा त्रास वा प्रलोभनबाट निजको इच्छा विपरीत मतदान गर्नु वा गराउनु नहुने, निर्वाचनको क्रममा निर्वाचन सम्बन्धी ऐन, नियम तथा निर्देशिकाका साथै निर्वाचन (अपराध र सजाय ऐन) ०४७ मा भएका व्यवस्थाहरूलाई पूर्ण रूपेण पालना गर्नु गराउनु पर्ने, निर्वाचन सम्बन्धी प्रचारका लागि धार्मिक, पुरातात्विक वा ऐतिहासिक भवन, स्मारक स्थल वा यस्तै अन्य स्थलहरूमा कुनै पोष्टर, पम्पलेट वा पर्चा टाँस्न वा लेख्न वा लेख्न लगाउन नहुने, कसैको निजी घर, पसल इत्यादिमा घरधनीको स्वीकृति नलिई कुनै पोष्टर पम्पलेट लेख्न वा लेखाउन नहुने, कुनै एउटा दल वा उम्मेद्वारले टाँसेको पोष्टर वा पर्चा वा चुनाव चिन्हलाई अर्को दल वा उम्मेद्वारको तर्फबाट उप्काउन, च्यात्न वा त्यसमाथि आफ्नो पोष्टर टाँस्न वा लेख्न लेखाउन नहुने एवं कुनै पनि राजनैतिक दल वा व्यक्तिले बल प्रयोग गरी वा डर त्रास देखाई वा धम्की दिई वा प्रलोभन दिई मतदान केन्द्र वा मतदान उपकेन्द्रलाई आफ्नो कब्जामा लिनु वा मतपत्र वा मतपेटिका वा मतदान सामाग्री जबर्जस्ती हत्याउनु वा खोस्नुनास्नु वा विगार्नु हुँदैन भन्ने कुरा उल्लेखित थिए।

त्यसैगरी श्री ५ को सरकारले पालन गर्नुपर्ने आचरणहरूमा - श्री ५ को सरकार अन्तरगत रहेका

आमसंचार (श्रव्य, दृश्य तथा मुद्रण) का माध्यमहरूले आ-आफ्नो कार्यक्रमहरू संचालन गर्दा कुनै पनि दल वा उम्मेद्वारप्रति कुनै किसिमको आग्रह नराखी पूर्णतया निष्पक्ष एवं संयमित रूपमा संचालित गर्नुपर्ने, श्री ५ को सरकार अन्तरगतका संचार माध्यमहरूले निर्वाचनमा उम्मेद्वार खडा गर्ने दलहरूलाई मतदाता समक्ष आफ्नो दलको नीति, कार्यक्रम र विचार राख्ने अवसर उपलब्ध गराउनु पर्ने, कुनै पनि योजनाको शिलान्यास गर्ने वा उद्घाटन गर्ने, नयाँ योजना वा कार्यक्रम स्वीकृत गर्ने, शुरू गर्ने, सर्वेक्षण गर्ने, अध्ययन गर्ने वा अनुदान दिने जस्ता कार्यहरू गर्नु तथा गराउन नहुने, श्री ५ को सरकारको सेवामा कार्यरत कर्मचारीहरू, प्रहरीहरू वा अन्य राष्ट्रसेवकहरू र संस्थान वा समितिको सेवामा कार्यरत कर्मचारीहरूलाई श्री ५ को सरकारले आफ्नो पक्षको प्रचार प्रसारको काममा प्रयोग गर्न एवं गराउन नहुने, सरकारी काम र दलगत प्रचारको काम अलग-अलग क्षेत्र भएको हुनाले सरकारी कामको सिलसिलामा प्रयोग हुने सरकारी साधन, स्रोत र सहुलियतलाई दलगत वा उम्मेद्वारको काममा प्रयोग गर्न गराउन नहुने एवं निर्वाचनको काममा बाहेक कुनै पनि रिक्त पदमा नियुक्ति वा सरूवा गर्न वा काज खटाउन नहुने साथै नयाँ पदको सिर्जना गर्न वा तलब भत्ता वृद्धि गर्न वा ग्रेड पुरस्कार वा यस्तै अन्य सुविधा र सहुलियत प्रदान गर्न नहुने आदि कुराहरू उल्लेख गरिएका थिए।

तर आचार संहिताको निर्माण गर्न जति सजिलो हुन्छ त्यति नै यसलाई पालना गर्न कठिन हुन्छ भन्ने तथ्य यस निर्वाचनले देखायो। निर्वाचनमा संलग्न राजनीतिक दल एवं उम्मेद्वारहरूले यस दिशामा आवश्यक इमान्दारिता एवं इच्छाशक्ति प्रदर्शन गरेको देखिएन। सरकारले पनि यस दिशामा पूर्ण इमान्दारिता देखाएको पाइएन। यस सम्बन्धमा निर्वाचन आयोगले गोरखापत्र संस्थानका महाप्रबन्धकलाई पत्र लेखेर आयोगद्वारा प्रकाशित आचारसंहिताप्रति ध्यानाकर्षण गराउनु परेको थियो। त्यसैगरी निर्वाचन आयोगले स्वास्थ्य मन्त्रालयलाई एकपत्र लेखी स्वास्थ्य सेवा विभागले साविक स्थानबाट अन्यत्र सरूवा गरिएका ९ जना कर्मचारीलाई आमनिर्वाचन ०५१ सम्पन्न नभएसम्म सरूवा रद्ध गरी यथास्थितिमा राख्न अनुरोध गरेको थियो।

नेकपा एमाले, राष्ट्रिय प्रजातन्त्र पार्टी र नेपाल सद्भावना पार्टीले निर्वाचन आयोगसंग निर्वाचन आचार संहिताको विपक्षमा भइरहेका कामकाजलाई अविलम्ब रोकी आचारसंहितालाई प्रभावकारी रूपमा लागु गर्न र गराउन माग गरेका थिए।

(६) कैदीहरू मतदानबाट वञ्चित - अधिराज्यभरका कारागारहरूमा रहेका कैदीहरूले आफ्नो मत दिन पाएनन्। किनभने निर्वाचन आयोगले कैदीहरूका निम्ति कारागारमा मत दिन पाउने कुनै विशेष व्यवस्था गरेको थिएन। यस सम्बन्धमा जनहित संरक्षण मञ्चले कैदीहरूका तर्फबाट रिट निवेदन दियो। निवेदनमाथि सर्वोच्च अदालतले अखबारहरूमा प्रकाशित समाचारहरूको आधारमा उक्त रिट निवेदन दिइएकोले यसलाई स्वीकार्न नसकिने एवं निर्वाचनको मिति ज्यादै नजिक हुँदा लिखित उत्तर दिन पर्याप्त समय नभएकोले उक्त रिट निवेदनलाई खारेज गरिदियो। जसको परिणाम स्वरूप निर्वाचन आयोगको अडानमा कुनै परिवर्तन आएन।

निर्वाचन आयोगले कैदीहरूलाई मतदानको अधिकारबाट वञ्चित गरेको विरोधमा बर्दियाका कैदीहरूले भोक हडताल पनि गरेका थिए।

(७) निर्वाचनको मिति सारियो - शुरूमा निर्वाचनको मिति कार्तिक २७ गते तोकिएकोमा त्यसदिन हिन्दूहरूको धार्मिक दृष्टिले अत्यन्त महत्वपूर्ण चाड ठूलो एकादशी परेकोले मतदानको दिन कार्तिक २९ गते सारियो। यस सम्बन्धमा मन्त्रिपरिषदले श्री ५ मा सिफारिश चढाएको थियो। र श्री ५ महाराजाधिराज सरकारबाट यस सम्बन्धमा सर्वोच्च अदालतको राय लिइबक्सेर निर्वाचनको तिथि सारिबक्सिएको थियो।

(८) चुनावमा हिंसाका घटनाहरू - निर्वाचनलाई सामान्यतया शान्तिपूर्ण भनिएता पनि अधिराज्यका विभिन्न भागहरूमा हिंसाका तमाम घटनाहरू भएका थिए जसले निर्वाचनको स्वच्छता एवं निष्पक्षतामाथि नै प्रश्न चिन्ह लगाए। चुनावका दौरान सबैभन्दा हिंसक घटना दाङमा घटित भयो। कार्तिक १७ गते दाङको बिजौरी भन्ने ठाउँमा नेपाली कांग्रेस र नेकपा एमालेका कार्यकर्ताहरू बीच भीषण हिंसक संघर्ष भयो जसमा एमालेका कार्यकर्ता नारायण चौधरीको तत्काल ज्यान गयो। दुई दर्जन भन्दा बढी एमालेका कार्यकर्ताहरू यस घटनामा गम्भीर रूपमा घाइते भएका थिए। घाइतेहरूमा एमालेका भूतपूर्व सांसद शिवराज गौतम पनि थिए। यस घटनामा घाइतेहरूलाई नेपालगंजमा उपचारार्थ लगिएको थियो भने गोली लागेका सातजनालाई काठमाडौं ल्याइएको थियो। जसमा काठमाडौं वीर अस्पतालमा उपचार गर्दा गर्दै पुष्पकुमार घिमिरे र कमलप्रसाद चौधरी (दुबैजना एमाले कार्यकर्ता) को मृत्यु भयो। यसको अलावा दुईजना अरू मानिसहरूको दुई बेग्ला बेग्लै घटनामा मृत्यु भएको थियो। यसैगरी इलाम जिल्लाको पञ्चकन्या गाउँ विकास समितिका अध्यक्ष अशोक श्रेष्ठको पनि गोली हानी हत्या गरिएको थियो। सप्तरीका जसबहादुर रानाको पनि गोली हानी हत्या गरिएको थियो।

सिन्धुली जिल्ला क्षेत्र-१ दुधौली गाउँमा नेपाली कांग्रेस एवं एमालेका कार्यकर्ताहरू बीच हिंसक भीडन्त हुँदा २५ जना घाइते भएका थिए। कार्तिक १७ गतेको गोरखापत्र अनुसार सो घटनामा घाइते हुने ११ जनालाई जनकपुर अस्पतालमा भर्ना गराइएको थियो। त्यसैगरी धनुषा जिल्लामा नेपाली कांग्रेस र राप्रपाका कार्यकर्ता बीच भएको एक भीडन्तमा चारजना घाइते भएका थिए।

गोरखापत्रको २४ कार्तिकको समाचार अनुसार प्रधानमन्त्री गिरिजाप्रसाद कोइराला झापाको क्षेत्र-५ को केरखा बजारमा आयोजित आमसभालाई सम्बोधन गरी फर्किन लाग्दा

वहाँमाथि केही व्यक्तिले आक्रमण गर्न खोज्दा ६ जना प्रहरीहरू घाइते भएका थिए। उक्त घटनामा चारवटा सरकारी गाडी क्षतिग्रस्त भएका थिए भने अनुसन्धानका लागि प्रहरीले दुईजनालाई हिरासतमा लिएको थियो। यस्तै ओखलढुङ्गाको रौंगादीप गाविसमा जंगलमा बसेका केही व्यक्तिहरूले ढुङ्गामुढा हान्दा दुबैथरिको भीडन्तमा ५० जना जति घाइते भएका थिए।

आम निर्वाचनको दिन कार्तिक २९ गते रौतहट तथा इलाममा राजनैतिक पार्टीका कार्यकर्ताहरू बीच भएको झै-झगडा एवं भीडन्तमा ३ जनाको मृत्यु भएको थियो।

(८) चुनाव प्रचार अभियान - यस मध्यावधि निर्वाचनमा मुलुकका प्रमुख राजनीतिक दलहरूले अत्यन्त संगठित प्रचार अभियान चलाएका थिए। शुरूमा अपेक्षा गरिएभन्दा व्यापक रूपमा प्रचार अभियानमा राजनीतिक दलहरूले आफ्ना कार्यकर्ताहरूको परिचालन गरेका थिए। जनतामा निर्वाचनको शुरूको दौरमा निरूत्साह देखिए पनि पछिल्ला दिनहरूमा ग्रामीण जनतामा पनि निर्वाचनका सम्बन्धमा व्यापक उत्सुकता देखा पऱ्यो। नेपाली जनतामा आफ्नो मताधिकारको महत्वप्रति अभूतपूर्व सचेतनता देखा पर्दै गयो। राजनीतिक दलहरूले देशका सबैजसो भागमा ऱ्याली एवं आमसभाको क्रमलाई तेज तुल्याउँदै लगे। र हरतरले मतदाताहरूलाई आफूतिर आकर्षित गर्ने कोशिस गरे। सबै जसो प्रमुख दलहरूले चुनावको एउटा एउटा मुख्य नारा बनाएका थिए। नेपाली कांग्रेसले "राष्ट्रियता, प्रजातन्त्र, स्थायित्व एवं विकासको" नारा अघि सारेको थियो भने नेकपा एमालेले "आगामी सरकार एमालेको - देशभक्त र प्रजातन्त्रवादीको" भन्ने मुख्य नारा बनाएको थियो। राजनीतिक पार्टीहरूका बीच कटु आरोप-प्रत्यारोप भइरहेको थियो। मुख्य भीडन्त नेपाली कांग्रेस र एमालेका बीच देखिन्थ्यो भने नेपाली कांग्रेसका आधिकारिक उम्मेद्वारका विरूद्ध धेरै ठाउँमा पार्टीकै विद्रोही उम्मेदवार पनि उठेका थिए। गणेशमान सिंहले त झन् "गिरिजामार्का कांग्रेसलाई हराउँ" भन्ने नारालाई आफ्नो मूलमन्त्र बनाउनु भएको थियो। जसले गर्दा नेपाली कांग्रेसको चुनावी स्थिति विचित्रको बन्न पुगेको थियो। नेकपा एमालेले नेपाली कांग्रेसलाई टनकपुर इत्यादि मामिला अघि सारेर भ्रष्टाचार एवं कांग्रेसीकरण गरेको भन्ने आरोप लगाएको थियो भने नेपाली कांग्रेसले नेकपा एमालेलाई ढुङ्गामुढाको राजनीति गर्ने भनेर प्रहार गरेको थियो। राप्रपालाई दुबै दलले हिजोको प्रतिक्रियावादी एवं पुनरूत्थानवादीको संज्ञा दिएका थिए।

वास्तवमा निर्वाचनमा राजनीतिक दलहरूको एक आपसलाई गर्ने आरोप - प्रत्यारोपले धेरै ठाउँमा राजनीतिक शिष्टता एवं संस्कारको सीमा नाघेको थियो भने चुनावी आचारसंहिताको पनि उल्लंघन गरिरहेको थियो। धेरै ठाउँमा राजनीतिक दलहरूबीचको भीडन्तले हिंसक रूप पनि लियो।

चुनावमा जातीयता, क्षेत्रीयता इत्यादिको नाराद्वारा पनि मतदाताहरूको भावनात्मक शोषण गर्ने कोशिस गरियो। प्रायः सबैजसो राजनीतिक दल एवं स्वतन्त्र उम्मेद्वारहरूले चुनावमा व्यापक तडकभडक एवं पैसाको अन्धाधुन्ध खर्च गरे। चुनावको लागि निर्वाचन आयोगले निर्धारित गरेको एकलाखको सीमालाई कसैले पनि पालना गरेको देखिएन। र यस सम्बन्धमा निर्वाचन आयोग पनि मौन दर्शक भएर बस्यो र खर्चको सीमालाई लागु गर्ने दिशामा कुनै तत्परता एवं सक्रियता देखाएन। चुनावमा धनशक्तिको व्यापक स्तरमा प्रयोग गरियो। चुनावी खर्चको एकलाखको सीमा आफैंमा उपहास बनेर गयो। यो हाम्रो प्रजातान्त्रिक राज्य व्यवस्थाका लागि सबैभन्दा दुःखद एवं चुनौतीपूर्ण कुरा हो।

शहरका हरेक भित्ताहरू चुनावी नाराले रंगाइए। घर धनीसंग पूर्वस्वीकृति लिनु पर्ने चुनावी आचार संहिताको सामान्य अपवाद बाहेक कहीं कतै पालन गरेको देखिएन। त्यसैगरी मन्दिर र देवालयहरूमा पनि चुनावी नारा लेख्नमा एउटा राजनैतिक दलले अर्को राजनैतिक दलसंग प्रतिस्पर्धा गरे।

(९) मतदान एवं पुनः मतदान - पूर्वनिर्धारित कार्यक्रम अनुसार कार्तिक २९ गते अधिराज्यका सबै ठाउँमा एकैदिन मतदान कार्य सम्पन्न भयो। मतदानलाई सामान्यतया शान्तिपूर्ण भनिएता पनि अधिराज्यका केही ठाउँमा भएका धाँधलीका प्रयास र हिंसाले गर्दा त्यस्ता ठाउँमा मतदान कार्य स्थगित गर्नु पऱ्यो। निर्वाचन आयोगका अनुसार २५ जिल्लामा ४१ क्षेत्रका ८६ वटा मतदान केन्द्रमा निर्वाचन आयोगले पुनः मतदान गर्ने निर्णय लिनु पऱ्यो। यी स्थानहरूमा विभिन्न कारणले अशान्ति हुलदंगा, एवं मतदान केन्द्र नै अनधिकृत रूपमा कब्जा हुन गई मतदान कार्यलाई रद्द गरी पुनः मतदान गर्ने निर्णय निर्वाचन आयोगले लिएको थियो। निर्वाचन आयोगका अनुसार अधिराज्यभरिका १३ वटा मतदान केन्द्रहरू अनधिकृत रूपमा कब्जा गरिएका थिए। त्यसैगरी कैयौं मतदान केन्द्रहरूमा मतपेटिका आदि तोडफोड गरिएको थियो। यद्यपि आमनिर्वाचनलाई शान्तिपूर्ण रूपमा सम्पन्न तुल्याउने क्रममा शान्ति-सुरक्षाको स्थितिलाई दरिलो बनाउन अधिराज्यका २०५ वटै निर्वाचन क्षेत्रमा शाही नेपाली सेनाका टुकडीहरू तैनाथ गरिएका थिए। तर यसको बावजुद पनि केही ठाउँहरूमा यस किसिमका घटनाहरू घटित भए।

यस आमनिर्वाचनमा ७६ लाख २५ हजार ३ सय ४८ जना नेपाली मतदाताहरूले आफ्नो मताधिकारको प्रयोग गरे। प्रतिशतमा हेर्दाखेरी ६१.८६ प्रतिशत मतदाताले मतदानमा भाग लिए। विकास क्षेत्रका दृष्टिले सबैभन्दा बढी पूर्वाञ्चल क्षेत्रका मतदाताहरूले आफ्नो मताधिकारको प्रयोग गरे। पूर्वाञ्चलमा ६४.७४ प्रतिशत मतदाताले मतदानमा भाग लिए। त्यसैगरी मध्यमाञ्चलका ६३.९७, पश्चिमाञ्चल ६०.५३, मध्यपश्चिमाञ्चल ५९.५३ र सबैभन्दा कम सुदूर पश्चिमाञ्चलको मतदान ५२.७४ प्रतिशत मात्र रह्यो।

यस आमनिर्वाचनलाई पर्यवेक्षण गर्न १ सय जनाभन्दा बढी विदेशी पर्यवेक्षकहरू आएर लगभग ४० जिल्लाहरूको निर्वाचन पर्यवेक्षण गरेका थिए। त्यसैगरी देशका केही मानवअधिकारवादी संस्थाहरू मिलेर राष्ट्रिय

निर्वाचन पर्यवेक्षण समिति (NEOC) गठन गरेका थिए। विदेशी पर्यवेक्षक एवं NEOC ले निर्वाचन सामान्यतया शान्तिपूर्ण एवं स्वच्छ वातावरणमा सम्पन्न भएको आफ्नो प्रारम्भिक निष्कर्ष निकाल्दै चुनावी अनियमितता, धाँधलीका गम्भीर प्रवृत्तितिर पनि ध्यान आकर्षित गरेको थियो। वास्तवमा निर्वाचन बाहिरबाट सरसर्ती हेर्दा शान्तिपूर्ण र स्वच्छ वातावरणमा सम्पन्न भएको देखिएता पनि यस निर्वाचनमा देखिएका घटना एवं प्रवृत्तिहरूले चुनावी सुधारको गम्भीर आवश्यकतातिर संकेत गरेको छ।

(१०) चुनाव परिणाम - यो निर्वाचनको परिणाम अप्रत्याशित रह्यो। मध्यावधि निर्वाचनको घोषणा गरेर "नयाँ जनादेश" माग्नु हुने प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको राजनैतिक दल नेपाली कांग्रेसलाई मतदाताहरूले विपक्षमा बस्ने जनादेश दिए। यस आमनिर्वाचनमा कुनै पनि राजनीतिक दलले स्पष्ट बहुमत प्राप्त गर्न सकेन र अघिल्लो संसदमा प्रमुख प्रतिपक्षी दल रहेको नेकपा एमालेले सबैभन्दा ठूलो राजनीतिक दलको आकार ग्रहण गऱ्यो। यस निर्वाचनको परिणामलाई राष्ट्रिय एवं अन्तर्राष्ट्रिय जगतले अत्यन्त उत्सुकता साथ हेऱ्यो। निर्वाचनको परिणामका सम्बन्धमा चारैतिरबाट मिश्रित प्रतिक्रियाहरू देखापरे।

यस निर्वाचनमा २४ वटा राजनीतिक दलका १ हजार ५७ र स्वतन्त्र ३ सय ८५ गरी जम्मा १ हजार ४ सय ४२ उम्मेद्वारहरू चुनावी प्रतिस्पर्धामा थिए। यी २४ वटा राजनीतिक पार्टीमध्ये ५ वटा राजनीतिक दलहरू नेकपा एमाले, नेपाली कांग्रेस, राष्ट्रिय प्रजातन्त्र पार्टी, नेपाल मजदूर किसान पार्टी र नेपाल सद्भावना पार्टी बाहेक अन्य १९ वटा राजनीतिक दलका कुनै उम्मेद्वार पनि विजयी हुन सकेनन्। अघिल्लो आमनिर्वाचनमा ९ स्थान जिती राष्ट्रिय पार्टीको मान्यता प्राप्त गर्न सफल रहेको संयुक्त जनमोर्चा नेपालभित्र भएको द्वन्दको कारण पार्टी विभाजित भएपछि उक्त पार्टीले ४९ स्थानमा उम्मेद्वारी दिए पनि कुनै स्थानमा पनि विजय प्राप्त गर्न सकेन। यस निर्वाचनमा मुख्य प्रतिस्पर्धा नेपाली कांग्रेस र नेकपा एमालेका बीच देखा पऱ्यो भने तेस्रो शक्तिको रूपमा राप्रपाको उदय भएको देखिन्छ।

आम निर्वाचनमा विभिन्न पार्टीहरूको स्थिति निम्न बमोजिम रह्यो।

| | |
|---|---|
| नेपाल कम्युनिष्ट पार्टी (एमाले) | - ८८ स्थान |
| नेपाली कांग्रेस | - ८३ ,, |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | - २० स्थान |
| नेपाल मजदूर किसान पार्टी | - ४ ,, |
| नेपाल सद्भावना पार्टी | - ३ ,, |
| स्वतन्त्र | - ७ ,, |

निर्वाचनमा प्रमुख दलहरूले प्राप्त गरेको कूल मतसंख्या एवं त्यसको प्रतिशत निम्न बमोजिम रहेको छ।

| राजनैतिक दल | प्राप्त मत | प्रतिशत |
|---|---|---|
| नेपाली कांग्रेस | २५,४५,२८७ | ३३.३८ |
| नेकपा एमाले | २३,५२,६०१ | ३०.८५ |
| राष्ट्रिय प्रजातन्त्र पार्टी | १३,४७,१४८ | १७.९३ |
| नेपाल मजदूर किसान पार्टी | ७५,०७२ | ०.९८ |
| नेपाल सद्भावना पार्टी | २,६५,८४७ | ३.४९ |
| संयुक्त जनमोर्चा नेपाल | १,००,२८५ | १.३२ |
| स्वतन्त्र उम्मेद्वार | ४,४१,३२४ | ६.१८ |

यस आमनिर्वाचनको परिणामले ०४८ सालको चुनावी स्थितिमा ठूलो उलटफेर ल्यायो। नेकपा एमालेको गढ मानिएका केही ठाउँमा नेपाली कांग्रेस विजयी भयो भने ०४८ सालको निर्वाचनमा नेपाली कांग्रेसले शानदार सफलता प्राप्त गरेका ठाउँहरूमा यसपटक नेकपा एमालेका उम्मेद्वारहरू विजयी भए। जस्तै नेपाली कांग्रेसको गढ मानिएको सुदूर पश्चिमाञ्चलमा यसपटक एमालेले राम्रो सफलता हासिल गऱ्यो। त्यसैगरी गत निर्वाचनमा मेची अञ्चल एमालेको कब्जामा थियो। तर त्यहाँ अहिले नेपाली कांग्रेसले पनि केही सीट हात पारेको छ।

यस निर्वाचनमा निकटतम प्रतिद्वन्दीको रूपमा नेपाली कांग्रेस ९४, नेकपा एमाले ५५, र राष्ट्रिय प्रजातन्त्र पार्टी ३५ स्थानमा रहे भने नेपाल सद्भावना पार्टीका ५, संयुक्त जनमोर्चा नेपाल ३, नेपाल मजदूर किसान पार्टी, नेपाल जनवादी मोर्चा र नेपाली कांग्रेस (विश्वेश्वर) एक एक ठाउँमा र १० जना स्वतन्त्र उम्मेद्वार रहे।

यस आम निर्वाचनमा अघिल्लो प्रतिनिधि सभामा निर्वाचित २०५ सांसद मध्ये ११२ जना नयाँ र ९३ जना पुराना सांसदहरू पुनः निर्वाचित भएका छन्। नयाँ अनुहारमा नेकपा ( एमाले) का ५१, नेपाली कांग्रेसका ३४, राष्ट्रिय प्रजातन्त्र पार्टीका १७, नेपाल मजदूर किसान पार्टीका ३, नेपाल सद्भावना पार्टीका १ र स्वतन्त्र ६ जना रहेका छन्। त्यसैगरी पुराना सांसदहरूमा नेपाली कांग्रेसका ४९, नेकपा एमालेका ३७, राष्ट्रिय प्रजातन्त्र पार्टीका ४, नेपाल सद्भावना पार्टीका २, नेपाल मजदूर किसान पार्टीका १ र स्वतन्त्र १ जना रहेका छन्। स्वतन्त्र उम्मेद्वारको रूपमा मनाङबाट विजयी पाल्देन गुरूङ यस अघिको प्रतिनिधि सभामा नेपाली कांग्रेसको तर्फबाट सांसद रहनुभएको थियो। प्रतिनिधि सभामा निर्वाचित सात महिला सांसदहरूमध्ये ५ जना महिला पूर्व सांसद हुनुहुन्छ।

यस आम निर्वाचनमा जम्मा सातजना महिला उम्मेद्वार विजयी बन्न सफल भए। संवैधानिक व्यवस्थानुसार निर्वाचनमा ५ प्रतिशत महिला उम्मेद्वार खडा गराउने वाध्यात्मक व्यवस्था अनुसार नेपाली कांग्रेस र एमालेले ११/११ जना महिला उम्मेद्वार उठाएकोमा नेपाली कांग्रेसबाट ४ र नेकपा एमालेबाट तीन गरी सात जनाले सफलता प्राप्त गरे। नेपाली कांग्रेसका ४ जना उम्मेद्वार र नेकपा एमालेका ३ जना उम्मेद्वार निकटतम प्रतिद्वन्दी भए। राजनैतिक

पार्टीका अलावा ११ जना महिलाहरू स्वतन्त्र उम्मेद्वारका रूपमा थिए तर तिनीहरूले कुनै ठोस सफलता प्राप्त गर्न सफल देखिएनन्। यस निर्वाचनमा विभिन्न पार्टीका र स्वतन्त्र गरी कूल महिला उम्मेद्वारको संख्या ८६ थियो। निर्वाचित महिला सांसदहरू निम्न बमोजिम छन्।

| | | | |
|---|---|---|---|
| १) | शैलजा आचार्य | नेपाली कांग्रेस | मोरङ ७ नं. क्षेत्र |
| २) | श्रीमती लिला कोइराला | नेपाली कांग्रेस | धनुषा २ नं. क्षेत्र |
| ३) | श्रीमती मीना पाण्डे | नेपाली कांग्रेस | सर्लाही २ नं. क्षेत्र |
| ४) | सुश्री कमला पन्त | नेपाली कांग्रेस | गोरखा २ नं. क्षेत्र |
| ५) | श्रीमती साहना प्रधान | नेकपा एमाले | काठमाडौं ६ नं. क्षेत्र |
| ६) | श्रीमती विद्या भण्डारी | नेकपा एमाले | काठमाडौं २ नं. क्षेत्र |
| ७) | श्रीमती लीला श्रेष्ठ | नेकपा एमाले | सुनसरी १ नं. क्षेत्र |

स्वतन्त्र उम्मेद्वारका रूपमा उठेका ११ महिलाले कूल ९९३५ मत प्राप्त गरेका थिए। स्वतन्त्र महिला उम्मेद्वारमध्ये मकवानपुर क्षेत्र नं. १ की ओमुटेम्पा लामाले सबैभन्दा बढी ५,५११ मत प्राप्त गर्नुभएको थियो। यसपालिको संसदमा महिलाहरूको प्रतिनिधित्व भने ज्यादै कम रहयो।

यस आमनिर्वाचनमा नयाँ खुलेका दलहरूको स्थिति अत्यन्त कमजोर रह्यो। लगभग ६० जति नयाँ दल खुलेकोमा १८ वटा राजनीतिक दलहरूले मात्र चुनावमा भाग लिए तर एउटा पनि दलले कुनै स्थान प्राप्त गर्न सकेनन्।

यस आम निर्वाचनमा सबैभन्दा बढी मत प्राप्त गर्ने उम्मेद्वार मनमोहन अधिकारी हुनुहुन्थ्यो। उहाँले काठमाडौंको क्षेत्र-१ बाट २५,६७२ मत प्राप्त गर्नुभएको थियो। यसैगरी तनहुँ जिल्ला निर्वाचन क्षेत्र-२ बाट निर्वाचित नेपाली कांग्रेसका रामचन्द्र पौडेल सबैभन्दा बढी मतको अन्तरले आम निर्वाचनमा विजय प्राप्त गर्ने सांसद बन्नु भएको छ। उहाँले खसेको कूल सदर मत मध्ये २२,६२९ मत प्राप्त गर्नु भएको थियो भने उहाँको सबैभन्दा निकटतम प्रतिद्वन्दी नेकपा एमालेका उम्मेद्वारले ६,४९३ मत प्राप्त गर्नु भएको थियो।

यस निर्वाचन परिणामलाई भौगोलिक क्षेत्र अनुसार नियालेर हेर्दा पहाडी क्षेत्रमा एमालेको सीट संख्या बढी छ भने हिमाली र तराई क्षेत्रमा नेपाली कांग्रेसले नेकपा एमालेलाई उछिनेको छ। हिमाली भेगमा नेपाली कांग्रेसको ९ स्थान, एमालेको ७ स्थान रहेको छ भने राप्रपाले ३ स्थान प्राप्त गरेको छ। त्यसैगरी पहाडी क्षेत्रमा एमालेले ४७ स्थान प्राप्त गरेको छ भने नेपाली कांग्रेस जम्मा ३४ सीट मै सीमित रहनुपरेको छ र राप्रपाले ८ सीट प्राप्त गरेको छ। तर तराई क्षेत्रमा भने स्थिति भिन्न रह्यो। तराई क्षेत्रमा नेपाली कांग्रेसले ४० सीट, नेकपा एमालेले ३४ र राप्रपाले ९ सीट प्राप्त गरेका छन्।

यो आमनिर्वाचन प्रजातन्त्रको एउटा भिन्नै र कठिन अभ्यास थियो। मध्यावधि निर्वाचनको घोषणा हुँदा यो संवैधानिक एवं प्रजातान्त्रिक प्रक्रिया नै दुर्घटनाग्रस्त हुन सक्दछ भन्ने त्रास पनि थियो तर नेपाली जनताले यस निर्वाचनमा असाधारण धैर्य, अनुशासन एवं प्रजातान्त्रिक चरित्रको परिचय दिए र असाधारण परिस्थितिमा यो निर्वाचन सफलताका साथ जसरी सम्पन्न हुनसक्यो यो आफैमा ठूलो उपलब्धी हो।

राजनीतिक पृष्ठभूमि र विश्वसनियताका आधारमा मतदाताहरूले यस निर्वाचनमा मतदान गरे। थुप्रै राजनीतिक दलहरूले न्यूनतम मत मात्र प्राप्त गरे। नेपाली जनताको राजनीतिक परिपक्वता यस निर्वाचनमा स्पष्ट देखियो। यस निर्वाचनमा जनताले जातीयता एवं साम्प्रदायिकताको नारा दिने पार्टीलाई कुनै महत्व दिएनन् र जनता राष्ट्रिय कार्यक्रम लिएका राष्ट्रिय पार्टीहरूतिर नै आकर्षित देखिए। यसबाट पनि नेपाली मतदाताहरूको राजनीतिक बुद्धिमत्ता प्रदर्शित हुन्छ। निर्वाचनमा मतदाताहरूको व्यापक ध्रुवीकरण देखियो। यसबाट द्विदलीय प्रणालीको उदय हुन लागेको संकेत मिल्दछ जुन राजनीतिक स्थायित्वतिरको राम्रो संकेत हो। कुनै पनि दलले यस निर्वाचनमा आवश्यक बहुमत प्राप्त गर्न सकेनन्। शायद मतदाताले मुलुकमा विद्यमान राजनीतिक शक्तिहरूले आधारभूत राजनीतिक प्रश्नमा समन्वय र सहमति खोज्नु भन्ने संदेश दिएका हुन्।

यस निर्वाचनमा केही नकारात्मक प्रवृत्ति पनि देखा परे। एकातिर चुनावमा धनशक्तिको व्यापक प्रयोग भएको देखियो भने अर्कोतिर राजनैतिक दलहरूमा व्यापक असहिष्णुता बढेको पाइयो, जसले धेरै ठाउँमा हिंसक भीडन्त एवं मारपीटको रूप लियो। प्रजातन्त्रमा मतभेदहरू शिष्ट, मर्यादित एवं वैचारिक हुनुपर्छ। यसले कुनै पनि हालतमा हिंसाको रूप लिनु हुँदैन। यसका लागि राजनीतिक संस्कृतिको विकास हुनु आवश्यक छ। त्यसैगरी धनशक्तिको प्रयोगलाई नियन्त्रित गर्न चुनाव सम्बन्धी खर्चको सीमाको प्रावधानलाई कडाईकासाथ लागू गरिनु पर्दछ। यसका लागि निर्वाचन आयोगले सक्रिय भूमिका खेल्न सक्नुपर्दछ। निर्वाचन आयोगलाई अझै शक्तिशाली तुल्याउनु पर्ने आवश्यकता छ।

चुनावमा सबैभन्दा गडबडी मतदाता सूचिका सम्बन्धमा रह्यो र यो गडबडीलाई नहटाउने हो भने स्वच्छ निर्वाचनको प्रत्याभूति गर्न सकिँदैन। तसर्थ यसको एकमात्र समाधानको उपाय मतदाता परिचय पत्र हो जसको लागि आगामी निर्वाचनमा व्यापक राजनीतिक इच्छाशक्ति देखाइनुपर्दछ।

निर्वाचन आयोग र मानवअधिकारवादी संस्थाहरूको संयुक्त पहलमा निष्पक्ष एवम् स्वतन्त्र निर्वाचन पर्यवेक्षण समितिहरूको गठन गर्नु पर्छ। तिनको प्रतिवेदनका आधारमा धाँधली भएका निर्वाचनलाई तत्कालै रद्द गर्नु पर्छ। अप्रत्याशित रूपमा बढी वा कम प्रतिशत मतदान भएका ठाउँमा समेत निर्वाचन आयोग यस पटक मौन रह्यो।

■

# अनुसूचि २

## यस वर्षको प्रमुख घटना

# नेपालमा भारतीय अतिक्रमण

### पृष्ठभूमि

भौगोलिक रूपमा भारतद्वारा तीनतिरबाट घेरिएको नेपाल एउटा भूपरिवेष्ठित राष्ट्र हो। विश्वको सबैभन्दा अग्लो भूधरातल सगरमाथा र युगौं देखिको स्वतन्त्र अस्तित्वको अर्को सगरमाथा बोकेको यो राष्ट्र ५४,३६२ वर्गमिल भित्र अवस्थित छ। दुई छिमेकी राष्ट्र भारत र चीनभन्दा नेपाल क्रमशः २२ र ७५ गुना सानो छ। उत्तरमा अवस्थित छिमेकी मुलुक चीनसंग यो देशलाई हिमश्रृखलाको प्राकृतिक पर्खालले छुट्याएको छ। "दुई ढुगा बीचको तरूल" जस्तो नेपालले छिमेकी राष्ट्रहरूसँगको सम्बन्धलाई सन्तुलित बनाई राख्न तटस्थ नीति अवलम्वन गर्नु आवश्यक थियो र इतिहासदेखि नै यस बारेमा प्रशस्त प्रयत्न भएको पनि छ।

भारतसंगको नेपालको सम्बन्ध भूगोलले पनि निर्धारण गरेको छ भन्नु अत्युक्ति हुन्न। अनादिकालदेखि अनगिन्ती आरोह अवरोहका बीच यो सम्बन्ध विकसित हुँदै आएको छ। इतिहासका अनेक मोडमा भारतले नेपालसंगको सम्बन्धलाई तीतो र कटुतापूर्ण नबनाएको पनि होइन। "फुच्चे राष्ट्र" प्रति समान हैसियत दिनु जरूरी छैन भन्ने दृष्टिकोणमा आधारित भएर नेपालप्रति उसले अनेकौं पटक दूर्व्यवहार समेत गरेको छ। नेपालको राजनीतिक उथलपुथल तथा परिवर्तन प्रति भारतले इतिहास देखि नै अत्यधिक चासो राख्दै आएको पाइन्छ। यहाँ हुने त्यस्ता परिवर्तनहरूलाई आफ्नो स्वार्थ अनुकूल बनाउन गरेको प्रत्यक्ष अप्रत्यक्ष हस्तक्षेपका तथ्यहरू पनि प्रसस्तै छन्।

अहिले पनि नेपालको प्रमुख व्यापार भारतसँगै हुने गरेको छ। भूपरिवेष्ठित मुलुक नेपालले चाहेर पनि भारतको इच्छा विपरित अरू मुलुकसँग व्यापार विनिमय गर्न सकिरहेको छैन। नेपाली उद्योग र कलकारखानाको निम्ति आवश्यक कच्चा पदार्थको ठूलो मात्रा अतितदेखि वर्तमानसम्म भारतबाटै आपूर्ति गरिन्छ। भारतलाई छोडेर अर्को मुलुकबाट आपूर्ति गर्न अहिलेसम्म पनि निर्वाध पारवहन सुविधाबाट नेपाल करिव करिव वञ्चित छ। नेपालले भोग्नुपरेको भौगोलिक र आर्थिक बाध्यताबाट लाभ उठाउन भारत कहिल्यै पछि परेको छैन। ठूलो प्रजातन्त्रिक भनिने भारतले नेपालप्रति एउटा सार्वभौम राष्ट्रका रूपमा व्यवहारिक तवरबाट जुन सम्मान दिनु आवश्यक थियो त्यो दिन कहिल्यै चाहेन। इतिहास खोतल्दा यसका थुप्रै उदाहरणहरू भेटिन्छन्।

### इतिहासको सर्भेक्षण

इश्वी सम्वत आठौं शताब्दीको अन्त्यतिर काश्मिर एशियाकै एउटा शक्तिशाली राष्ट्रका रूपमा उदय भैसकेको थियो। कल्हणद्वारा रचित "राज तरङ्गिणी" मा गरिएको वर्णन अनुसार आठौं शताब्दीको अन्त्यतिर काश्मिरका राजा जयापीड विनयादित्यले ठूलो सैन्य शक्तिका साथ नेपालमाथि आक्रमण गरेका थिए। तरङ्गिणीमा त्यस युद्धका बारेमा विशद वर्णन गरिएको पाइन्छ। इतिहासकार बालचन्द्र शर्मा नेपालको ऐतिहासिक रूपरेखामा लेख्छन् - "नेपालका तत्कालीन राजा अरमुण्डीले काश्मिरी शैन्यसंग शुरूमा भीडन्त नगरी सरासर नेपालभित्र पस्न दिए। अन्तमा जयापीडको शैन्य एक ठूलो सरोवर र नदीको बीचमा पुग्यो र यसै समय राजा अरमुण्डीको सैन्यले आक्रमण गऱ्यो। ..... जयापीड अरमुण्डीका सेनाको कैदमा परे। उनी कालीगण्डकीको किनारको एक दुर्गमा कैद गरिए।" (पेज नं. १०७) इतिहासमा अंकित नेपालमाथिको भारतीय अतिक्रमणको यो पहिलो आक्रमण यसरी असफल भएको थियो।

नेपालमा मुसलमानहरू सर्वप्रथम सन् १३२४ मा लुटेराका रूपमा प्रवेश गरेको ऐतिहासिक प्रमाण प्राप्त छ। गयासुद्दिन तुगलक बंगालबाट दिल्ली फर्कदा तिरहुतबाट फर्केका थिए। त्यतिखेर नेपालको तराई प्रदेशमा सिमरौनगढ नामक एक स्वतन्त्र राज्य थियो। गयासुद्दिन तुगलकले सिमरौनगढमाथि आक्रमण गर्न लागेको खबर पाई त्यहाँका शासक हरिसिं देव त्यहाँबाट भागी नेपालको पहाडी प्रदेशमा गए। गयासुद्दिनले सिमरौनगढमाथि आक्रमण गरी लुटपाट गरे पनि। यसको ठीक २५ वर्ष पछि नेपाल उपत्यकाले मुसलमानी आक्रमणको अर्को अंनुभव गर्नु पऱ्यो। त्यतिखेर नेपालमा जयदेव राजा थिए। नोभेम्बर १९, १३४९ मा बंगालका शासक शमसुद्दिनले उपत्यकामा क्रमशः भक्तपुर, कान्तिपुर र ललितपुरमाथि आक्रमण गरे। ७ दिनसम्म नेपाल उपत्यकामा लुटपाट र आगो लगाई मन्दिरहरू फोडी उनी फर्केको कुरा नेपालको एक पुरानो वंशावलीमा उल्लेख गरेको पाइन्छ। - ( डा. राजेश गौतम : नेपालमा मुसलमानहरूको प्रवेश, मधुपर्क-असार ०४६-पेज नं. ३७)

सन् १७६९ देखि नेपालको आधुनिक इतिहास शुरू हुन्छ। स-साना राज्य र रजौटाहरूमा विभक्त तत्कालीन नेपाललाई एकै सूत्रमा बाँधी राष्ट्रिय एकता कायम गर्ने दायित्व इतिहासले पृथ्वीनारायण शाहको नेतृत्वमा सुम्पियो। यसैवेला

छिमेकी भारतमा व्यापारिक उद्देश्यले प्रवेश गरेका वृटिसहरूले भारतको शासन सत्तामाथि विस्तारै कब्जा जमाउँदै लगेका थिए। यस अघि ई.सं. १७६३ मा वंगाल र विहारका नवाव मीरकासिमको फौजले ठूलो तयारीका साथ मकवानपुर गढीमाथि हमला गरेको थियो। गुरगिन खाँको नेतृत्वमा आएको उक्त फौजले गढीलाई दुईतिरबाट आक्रमण गरेको भएता पनि यस क्षेत्रको कुनै ज्ञान र अनुकूल परिस्थिति नहुनुका कारण उसले नराम्रोसँग हार खानुपरेको थियो। यस युद्धमा लगभग एक हजार सात सय नवावी सिपाहीहरू मारिएको कुरा इतिहासमा उल्लेख छ। घमासान युद्धमा पराजित भै फर्किएको फौजले छोडेर गएका भण्डै पाँच/सात सय बन्दूक र केही तोपहरू पनि गोर्खालीको हात परेका थिए! यो युद्ध नेपाल भारत वीचको अर्को ऐतिहासिक युद्ध थियो। पृथ्वीनारायण शाहको नेतृत्वमा शुरू भएको एकीकरण अभियानबाट तत्कालीन भारतीय राज्य रजौटाहरू त्रस्त बन्दै थिए। गोरखालीहरूको अभ्युदयको संकेत सम्भवत उनीहरूलाई मन परिरहेको थिएन। तराई क्षेत्रमा गोरखालीहरूको प्रभुत्व बढ्दै गएमा नवावहरूको उत्तरी क्षेत्र पनि असुरक्षित हुन्छ भन्ने सोचाइ उनीहरूमा थियो! यसर्थ नेपालको एकीकरण अभियानको शुरूवात प्रति समेत तत्कालीन भारतीय राज्य/रजौटाहरूको सकारात्मक दृष्टिकोण पाइँदैन।

मिरकासिमको असफल आक्रमणको ४५ वर्ष पछि अर्थात १८१४ ई.सं. मा इष्ट इण्डिया कम्पनी सरकार अन्तरगतको भारत र नेपाल वीच अर्को युद्ध भएको थियो। भारतमा व्यापारिक उद्देश्यले प्रवेश गरेका अंग्रेजहरू भारतीय सत्तामा सवार भएपछि उनीहरूको नजर नेपाल र यहाँको राजनीति र प्रकृति दुवै तर्फ बढ्दै गयो। १७९१ ई.सं. मा नेपाल चीन-तिव्वत युद्धदेखि नै अंग्रेजहरू नेपालको आन्तरिक परिस्थिति उपर गम्भीर अभिरूचि राख्दै थिए। ककर्पेट्रिकको प्रतिनिधि मण्डल काठमाडौं आउनु यसैको उदाहरण हो। ककर्पेट्रिकको पछिल्लो प्रतिनिधि मण्डल नेपाल भोट युद्धलाई कम्पनी सरकारको स्वार्थ अनुकूल पारी समाप्त गर्न मध्यस्थता गर्ने उद्देश्यले आएको थियो। यसलाई तत्कालीन नेपाली शासकहरूले कम्पनी सरकारको हस्तक्षेपका रूपमा लिए। प्रतिनिधि मण्डल काठमाडौं आइपुग्नुभन्दा केही दिन अघि नै बहादुर शाहले चीनसंग सन्धि गरी अंग्रेज हस्तक्षेपका विरूद्ध कुटनैतिक चलाकी प्रस्तुत गरेका थिए। यति हुँदाहुँदै पनि ककर्पेट्रिकले नेपाल र कम्पनी सरकार वीच व्यवसायिक सन्धिको कुरा उठाउँदै काठमाडौं स्थित नेपालका उच्च अधिकारी र स्वयम् बहादुर शाहसंग समेत भेट गरेको कुरा उल्लेख्य छ। तर नेपालीहरूमा हुर्कंदै गरेको अंग्रेज विरोधी भावनाले ककर्पेट्रिक आफ्नो दोस्रो उद्देश्यमा पनि सफल हुन सकेनन्। ककर्पेट्रिकको पछिल्लो प्रतिनिधि मण्डल निरास भएर २४ मार्च १७९३ ई. मा काठमाडौंबाट फर्किएको थियो। ककर्पेट्रिक भारत फर्किएपछि कम्पनी सरकार समक्ष कुमाउँ जिल्लाका रूद्रपुर, कासीपुर र केवलपुरका प्रगन्नाहरू अवधका नवाव वजिरबाट नेपाललाई दिलाएर भए पनि नेपालीहरूलाई अंग्रेजको पक्षमा पार्नुपर्ने सिफारिश गरेका थिए।

तत्कालीन नेपालको राजदरवार भित्र चलिरहेको अन्तरकलह र खिचातानीमा एक पक्षको पक्षपोषण गरी आफ्नो स्वार्थ सिद्ध गर्न पनि कम्पनी सरकार पछि पर्दैनथ्यो। रणबहादुर शाहको काशी यात्रामा कम्पनी सरकारले दिएको महत्व र स्वागत सत्कार यसै सन्दर्भमा उल्लेख्य रहेको छ। यता रणबहादुर शाह पनि कम्पनी सरकारको सहयोग लिएर नेपालमा आफ्नो गुमेको शक्ति पुन फिर्ता गर्न सकिन्छ भन्ने सोचाइमा पुगे र दामोदर पाण्डेले अख्तियार गरेको अंग्रेज विरोधी नीतिको परित्याग गरे। यही अवसरमा कम्पनी सरकारले नेपाल सरकार समक्ष १३ सूत्रीय सन्धिको प्रस्ताव पेश गर्‍यो। प्रस्तावमा "दुवै देशका राजदूतको विनिमय, नेपाल सरकार र अवधका नवाव वजिरको वीच हुने सिमाना सम्बन्धी झगडामा कम्पनीको मध्यस्थता मान्ने, भागेका अपराधीलाई सम्बन्धित देशको सरकारलाई बुझाउने" जस्ता बूँदा प्रमुख थिए। यो सन्धि प्रस्तावलाई १८०१ ई. मा स्वीकृत गरियो। यही सन्धि अनुसार नेपालको निम्ति पहिलो राजदूत बनेर अप्रिल १८०२ ई. मा कप्तान नक्स नेपाल आइपुगे।

भारतमा आफ्नो प्रभुत्व कायम हुनासाथ कम्पनी सरकार भोटमा व्यापार विस्तार गर्ने दाउमा थियो। तर सतलजदेखि टिष्टासम्म पुगेको तत्कालीन नेपाल राज्यको सिमानाका कारण भारतीय व्यापारी सोझै भोट पुग्न सक्ने स्थिति थिएन। "भारतबाट भोट पस्ने सम्पूर्ण मार्ग नेपालीहरूकै कब्जामा थियो।" यसकारण अंग्रेजहरू नेपालसित व्यावसायिक सन्धि गरी उक्त बाटो खोल्ने प्रयत्न गर्दै रहे तर "नेपालीहरूको अंग्रेज विरोधी नीतिका कारण' अगाडि भएका कतिपय सन्धिहरू समेत कार्यान्वयन नभैरहेको अवस्थामा सैनिक वल प्रयोग गरी आफ्नो इच्छा साकार पार्नु भन्दा अर्को विकल्प अंग्रेजहरूले देख्न छोडे। युद्धमै हामफाल्ने उनीहरूका निम्ति उपयुक्त निहुँ भने स्युराज र वुटवल बन्न पुग्यो। यी दुवै स्थान तत्कालीन अवधका नवाव वजिरमाथि अंग्रेजहरूको आधिपत्य नहुँदै नेपालीहरूको कब्जामा आएका थिए। "अमरसिंह थापा पाल्पाका हाकिम भएर गएपछि वुटवललाई पनि स्वतन्त्र रीतिले नेपाल राज्यकै भाग भैं आफ्नो शासनमा लिए। यस विषयमा पछिसम्म पनि दुवै सरकार वीच निकै लामो लेखापढी चल्दै थियो! अंग्रेजहरूले चाहेका भए यो झगडा पनि अरू भैं शान्तिपूर्ण रीतिले नै तय हुन सक्थ्यो।" (वालचन्द्र शर्माः नेपालको ऐतिहासिक रूपरेखा पेज नं. २५६) तर शान्तिपूर्ण रूपले यसलाई समाधान गर्न अंग्रेजहरूले चाहेनन्। उनीहरू यसैलाई निहुँ बनाएर अब नेपालमाथि युद्ध थोपर्न चाहन्थे। मार्च १८१४ ई. मा स्युराज र वुटवल माथिको आफ्नो आधिपत्य त्याग गर्न आदेश दिदैं अंग्रेजहरूले नेपाल सरकारलाई एक पत्र पठाए। साथै नेपाल सरकारले त्यस पत्रको चित्त बुझ्दो जवाफ २५ दिन भित्र नपठाए जवरजस्ती कब्जा गर्नु भनी गोरखपुर स्थित कम्पनी सरकारको कलेक्टरलाई दिएको आदेशको नक्कल पनि त्यसै पत्रमा समावेश गरिएको थियो।

२२ अप्रिल १८१४ ई. मा अर्थात तोकिएको म्याद सकिएकै दिन गोरखपुर स्थित अंग्रेजी फौजको एउटा डफ्फा विवादग्रस्त क्षेत्रतर्फ प्रस्थान गर्‍यो। यो आकस्मिक आक्रमणको प्रतिकार गर्न नेपालीहरू मानसिक र भौतिक रूपले तयार पनि थिएनन्। अतः अंग्रेज फौजले कुनै युद्ध नै नगरी उक्त क्षेत्रमा अधिकार जमायो र फर्कियो। अंग्रेज फौज फर्कनासाथ पाल्पाबाट आएको नेपाली फौजले २९ मई १८१४ ई. मा बुटवल र स्यूराज दुवै क्षेत्रमा पुन आफ्नो अधिकार स्थापित गर्‍यो। यो घटना त युद्धको एउटा सानो अभ्यास मात्रै थियो।

२९ मई १८१४ को घटना पछि कम्पनी सरकार नेपालमाथि निर्णायक युद्ध गर्न उच्चस्तरीय तयारीमा जुट्यो। सेना नायकहरूलाई आ-आफ्ना फौजका साथ विभिन्न स्थानमा विस्तार गरी उपयुक्त मौकामा आक्रमण गर्ने निर्देशन जारी गरियो। "१ नम्बर १८१४ का दिन लर्ड हेस्टिङ्गसले कानूनी तरिकाले नेपालस्थित युद्धको घोषण गरे।" (ऐ.पेज नं. २५९) तर यसभन्दा अघि नै २२ अक्टुवरमा जिलेप्सीको नेतृत्वमा रहेको अंग्रेज फौज नेपाल सरहद देहरादुन प्रवेश गरिसकेको थियो। युद्धको घोषणा गरिनु अगाडि नै अंग्रेज फौजले काँगडा किल्लामा आक्रमण गरी युद्धको शुरूवात गरी सकेको थियो। त्यसपछि क्रमशः कलंगा, जैथक, मलाउँ, मकवानपुर गढी, अल्मोडा र नालापानी लगायत विभिन्न किल्लाहरूमा अंग्रेज र नेपाली फौज बीच घमासान युद्ध भयो। १६ मई १८१५ सम्म चलेको यस युद्धमा दुवै पक्षका थुप्रै योद्धाहरूले प्राण उत्सर्ग गरे। युद्धको पछिल्लो चरणमा नेपाली फौजको इच्छा विपरित दरवारले आत्मसमर्पण गर्ने मनशाय व्यक्त गरेकोले सेनानायक अमर सिंह थापाद्वारा सन्धिपत्रमा हस्ताक्षर गरियो। चलिरहेको युद्ध रोकेर यो सन्धिपत्रमा हस्ताक्षर गर्नु एक प्रकारले आत्मसमर्पण गर्नु थियो। नेपालीहरूको यो आत्मसमर्पणले अंग्रेजहरूमा उमङ्ग र उत्साह थप्नु स्वाभाविकै थियो। सन्धि पनि गर्ने र आफ्नो शक्तिले नेपालको सरहद भित्र मिच्दै पनि जाने द्वैध नीति अंग्रेजले अख्तियार गरिरहेकै थियो। "यसै बीच पटनाको दानापुर स्थित फौजी छाउनीमा एक ठूलो फौज वर्षा समाप्त हुनासाथ काठमाडौं उपर आक्रमण गर्न तयार राखिएको थियो। यसको नेतृत्व गर्न अक्टरलोनी खटिसकिएका थिए। साथै कुमाउँ र बुटवलका नाकाहरूबाट अगाडि बढ्ने फौज पनि तयार भइसकेको थियो।" (ऐ. पेज नं. २७२)

अंग्रेजहरूको उपरोक्त द्वैध नीतिले नेपालमा चिन्ता छाउन थाल्यो। उता काठमाडौं आक्रमणको उद्देश्य लिएर अंग्रेज फौज गौंडा गौंडामा तैनाथ हुँदैछन् भन्ने सूचना पाएपछि भने धेरै कुरा गुमाएरै भए पनि कम्पनी सरकारसंग सन्धि गर्नु जरूरी ठानियो।

नेपाल सरकारको यही आशय बोकेर गजराज मिश्र र चन्द्रशेखर उपाध्याय वार्ताको निम्ति खटिए। पटक पटकको वार्ता पछि तयार गरिएको सन्धिपत्रमा २८ नम्बर १८१५ ई. का दिन सुगौलीमा हस्ताक्षर गरियो। उक्त सन्धिपत्रमा इष्ट इण्डिया कम्पनी सरकारका तर्फबाट २ डिसेम्वर १८१५ ई. मा लेफ्टीनेन्ट कर्नल ब्रेदशाँले हस्ताक्षर गरेका थिए। पछिल्ला दिनहरूमा यही सन्धि सुगौली सन्धिको नामले चर्चित हुँदै आयो।

नौ सुत्रीय यस सुगौली सन्धिमा "युद्धभन्दा पूर्व झगडा उठेका सम्पूर्ण भूभागउपर नेपालका राजाले आफ्नो दावा छोड्नु पर्ने, काली र राप्ती बीचको तराई, राप्ती गण्डक बीचको सम्पूर्ण तराई, गण्डक कोसी बीचको तराई र मेची र टिष्टा बीचको तराई क्षेत्र उपर नेपालका राजाले कम्पनी सरकारको अधिकार मान्नुपर्ने, कालीदेखि पश्चिमका प्रदेश र त्यहाँका निवासीहरूसित नेपालका राजाले भविष्यमा पनि कुनै सरोकार राख्न नपाउने, ब्रिटिस सरकारको अनुमति बिना नेपालका राजाले कुनै ब्रिटिस, युरोपियन वा अमेरिकनलाई आफ्नो नोकरीमा राख्न नपाउने" जस्ता प्रमुख शर्तहरू थिए। यो सन्धिले पश्चिम किल्ला काँगडा र पूर्वमा टिष्टा पारीसम्म तथा दक्षिण देहरादुन.सतलजसम्म पुगेको नेपालको सिमाना खुम्च्याएर सानो सरहदमा ल्याइपुर्‍यायो। सुगौली सन्धिभन्दा अगाडिको नेपालको नक्सा बमोजिम सन्धिमा उल्लेख भए अनुसारको भू-भागको जनसंख्या ८० लाख हुनु पर्दथ्यो। तर ३८ लाख मात्र कायम भयो। सन्धि अनुसार नयाँ सीमा स्तम्भ राख्ने टोलीमा समावेश नेपाली पक्षका प्रमुख चन्द्रशेखर उपाध्यायले तोकिएको स्थानभन्दा ६ देखि ३१ कि.मी. सम्म भित्र पारेर स्तम्भ राख्न अनुमति र सहयोग गरेका थिए। उनको यो राष्ट्रघाती कार्यको सजायँ स्वरूप उनलाई देश निकाला गरिएको र कम्पनी सरकारले भने सम्मान स्वरूप मजिस्टेड तथा विहारको साहवगञ्जमा २२ मौजाको जमिन्दारी दिएको बताइन्छ। ब्रिटिसकालीन भारतद्वारा नेपालमाथि गरिएको हस्तक्षेपको यो निर्णायक र उत्कर्ष रूप थियो। सुगौलीको सन्धिले वीर र लडाकु नेपालीहरूको मुटुमा सधैं दुखिरहने घाउ बनाएर गयो।

१० फ्रेबुवरी १८५५ ई. मा नेपाल र ब्रिटिस सरकार बीच अर्को एक नयाँ सन्धि सम्पन्न भयो। यो नयाँ सन्धि अनुसार "दुवै सरकारले मूख्यतः अर्को देशमा हत्या, हत्याको चेष्टा, बलात्कार, अङ्गभङ्ग, ठगी, लुट, डकैती विष प्रयोग, दङ्गा, अग्निकाण्ड आदि अपराध गरी भागेर आउने अपराधीलाई सम्बन्धित देशको सरकारलाई बुझाउने कुरा स्वीकार गरे।" (ऐ. पेज नं. ३३६)

ई. १९१४ मा भएको प्रथम विश्वयुद्धमा नेपालका राणा प्रधानमन्त्री चन्द्र शमशेरद्वारा अंग्रेजको सहायता निम्ति नेपाली फौज भारत पठाइएको थियो। यसरी पठाइएका फौजमा जम्मा १६ हजार ५ सय ४४ जवान थिए। विभिन्न रेजिमेन्टको नेतृत्व गर्नेहरूमा ववर शमशेर, पद्म शमसेर र तेज शमशेर थिए। यस वाहेक पनि नेपालमा सैनिक भर्तिकेन्द्र नै खोलेर अठार वर्ष देखि पचास वर्षसम्मका तत्कालीन नेपालको जनसंख्याको करीव २० प्रतिशत नागरिकलाई युद्ध निम्ति भारत लगिएको थियो।" जनशक्तिको यस प्रकारको सहायताका अतिरिक्त चन्द्र शमसेरले युद्धकालमा लगभग दश

लाख पौण्डको आर्थिक सहायता पनि अंग्रेजहरूलाई दिए।" (ऐ. पेज नं. ३५९) यहीं देखि नेपालीहरूले लिनुनदिनुका युद्धहरूमा लडाई लड्न जाने भाडाका सिपाही बन्ने स्थाइ परम्पराको जरो समेत गाडियो भन्न सकिन्छ।

ई.सं. १९२३ मा कम्पनी सरकारले वर्मालाई गवर्नरद्वारा शासित प्रदेश बनायो। त्यस वर्ष अर्थात १९२३ को २१ डिसेम्बरमा नेपाल र अंग्रेजहरूका बीच एउटा सन्धि भएको थियो। ६ वटा बुँदा रहेको यो सन्धि मार्फत पहिलो पटक नेपाललाई अंग्रेजले स्वतन्त्र सार्वभौम राष्ट्रको मान्यता दिएको पाइन्छ। आपसमा देशी र वैदशिक नीति र व्यवहारमा दुबै सरकारलाई एक अर्काको पूर्ण स्वतन्त्रता मान्ने, ई.सं. १८१५ को सुगौली सन्धि र त्यसपछिका अरू कतिपय सन्धि खारेज हुने, आफ्नो सरहदमा अर्को देशको शान्ति र सुरक्षामा वाधा उत्पन्न हुने कुनै काम सकेसम्म हुन नदिने, नेपालले ब्रिटिश भारत वा अर्को कुनै देशसित आवश्यक युद्ध सामग्री किन्न सक्ने, नेपालले विदेशबाट झिकाएका सामानहरूको भारतीय बन्दरगाहमा भन्सार नलाग्ने कुरा उक्त सन्धिमा उल्लेख गरिएको थियो। यो सन्धि सम्पन्न भएको बेला नेपालमा राणा प्रधानमन्त्री चन्द्र शम्शेर थिए।

राणा प्रधानमन्त्री चन्द्र शमशेरकै कार्यकालमा अर्थात सन् १९२० मा ब्रिटिसकालीन भारतसंग शारदा ब्यारेज सम्बन्धी एउटा सम्झौता सम्पन्न भएको थियो। उक्त सम्झौता अनुसार ब्यारेज निर्माणको निम्ति आवश्यक पर्ने चारहजार हेक्टर जमिन बाँधको आयु पचास वर्ष र मर्मतपछि बीस वर्ष समेत गरी सत्तरी वर्षका लागि भारतलाई दिइएको थियो। उल्लेखित ७० वर्षपछि उक्त जमिन पुनः नेपालले पाउने कुरा सम्झौता पत्रमा प्रष्ट किटान गरिएको थियो। तर ७० वर्ष नाघिसकेपछि अहिलेसम्म उक्त जमिन नेपालले भोग चलन गर्न पाएको छैन।

प्रथम विश्व युद्धकै जस्तो सैनिक सहयोग विक्रम सम्वत्को १९९६ देखि शुरू भएको दोश्रो विश्व युद्धमा पनि पुऱ्याइएको विदितै छ। यस महायुद्धमा नेपालले दिल खोलेर ब्रिटिसहरूलाई सैनिक सहयोग पुऱ्याओस् भनेर शुरूमै तत्कालीन राणा प्रधानमन्त्रीलाई उपाधी र सम्मान दिइएको थियो। ब्रिटिसहरूलाई के कस्तो सहयोग दिनु पर्दछ भन्ने कुराको छिनोफानो गर्न प्रधानमन्त्री जुद्ध शमशेर इ.सं. १९३९ को डिसेम्बरमा कलकत्ता गएका थिए। भारतका तत्कालीन गवर्नर जनरलसंग भेट भएको थियो। "कलकत्ताबाट फर्कनासाथ जुद्ध शमसेर महायुद्धमा अंग्रेजहरूको यथेष्ट सहायता दिने कार्यक्रममा तत्परता देखाउन थाले। सेप्टेम्बर १९४१ ई. मा काठमाण्डूमा उनको जुन भाषण भयो त्यसमा अंग्रेजी फौजमा रहेको गोरखाली फौजमा एक एक हजार जवानको १० नयाँ रेजिमेन्ट थप रेक्रुट दिएको घोषणा र साथै १० देखि १४ हजारसम्म बढी गोरखा रेक्रुटको नयाँ प्रबन्ध गरिरहेको कुराको चर्चा थियो।" (गोरखापत्र भाद्र २८ गते १९९८ वि.सं.) "दोस्रो विश्व युद्धको समाप्तीपछि २६ अक्टुबर १९४५ ई.मा क्लाड आकिन्लेकले काठमाडौंको ग्यालरी बैठकमा जुन भाषण दिएका थिए त्यसबाट विदित हुन्छ कि द्वितीय महासमरमा अंग्रेजी फौजको निमित्त एकलाखभन्दा बढी नयाँ रंगरूट भर्ना गरिएका थिए।" – (बालचन्द्र शर्मा - नेपालको राजनैतिक इतिहास - पेज नं. ३७४) दोस्रो विश्व युद्धमा नेपाली जवानहरूले सुडान, मिश्र, वर्मा, इरिट्रिया, इटली, इराक, सिरिया, इरान, सिंगापुर आदि ठाउँसम्म पुगेर लडेका थिए।

## ००७ सालको जनक्रान्ति र नेपालमा भारतीय अतिक्रमण

ई. सं. १९४७ मा अंग्रेज उपनिवेशका विरूद्ध भारतीय जनताद्वारा छेडिएको मुक्ति आन्दोलनले सफलता हासिल गरेपछि त्यसको प्रभाव नेपालमा पनि नपरिरहन सकेन। नेपाली जनताले पनि एकतन्त्रीय जहानिया राणा शासनका विरूद्धमा छिटफुट संघर्ष शुरू गर्न थाले। सानै भए पनि संगठित रूपले विद्रोहको आगो सल्किदै गयो। विद्रोहका पक्षपातीहरूको पक्ष लिएर भारतले हस्तक्षेप नगरोस् भनेर नेपालका राणाहरू सजग र सतर्क बन्दै थिए। उता नेपालमा मडारिदै गरेको विद्रोहको परिणाम बारे भारत पनि उत्तिकै चनाखो बनिरहेकै थियो।

अंग्रेज उपनिवेशबाट मुक्ति पाएको २ वर्ष पछि अर्थात १९४९ मईमा भारत सरकारले नेपालको निम्ति राजदूत पदमा श्री चन्द्रेश्वर प्रसाद नारायण सिन्हालाई नियुक्त गरेको थियो। ००७ सालको नेपालको जनक्रान्तिमा उनले महत्वपूर्ण भूमिका निभाएका थिए। "राजा त्रिभुवनलाई भारतीय दुतावासमा सरण दिनु, राणाद्वारा गद्दीमा राखिएका ज्ञानेन्द्रलाई मान्यता नदिनु, राणा शासनको विरूद्ध होमिएका नेपाली क्रान्तिकारीलाई भारतीय भूमिमा आश्रय दिनु, राजनीतिक परिवर्तनका निम्ति राणाहरूलाई दवाव दिनु र दिल्ली संझौता गराउनुजस्ता कुराले नेपाली क्रान्ति माथि अत्यधिक भारतीय चासोको प्रदर्शन गरेको थियो।" (हिरण्यलाल श्रेष्ठ, नेपाल भारत सम्बन्ध - पेज नं. १४।)

००७ सालको परिवर्तनको सेरोफेरोमै तत्कालीन भारतीय प्र.म. जवाहरलाल नेहरूले यसो भनेका थिए -- "हामीले नेपाललाई स्वतन्त्र मुलुकको रूपमा मान्यता दिएका छौं र हामी नेपालको भलाई चाहन्छौं। तर वच्चालाई पनि के थाहा छ भने भारत नभैकन नेपाल पस्न सकिन्न। त्यसकारण नेपालसंग हाम्रो जस्तो अरू मुलुकको घनिष्ट सम्वन्ध हुन सक्दैन।" (जवाहरलाल नेहरू - इण्डियाज् फरेन पोलिसी सेलेक्टेड - स्पिचेज - पेज नं. ४३६) राणा विरोधी आन्दोलनले गति पक्डिदै गए पछि ८ डिसेम्वरका दिन भारत सरकारले नेपालका राणा प्रधानमन्त्रीलाई एक स्मृति पत्र पठाएको थियो। स्मृतिपत्रमा संविधान परिवर्तन गर्ने, विधान सभाको निर्वाचन गराउने, जनप्रतिनिधि समेत रहेको अन्तरिम सरकार गठन गर्ने र राजा त्रिभूवनलाई नै राजगद्दीमा कायम गराउने जस्ता ठोस कुरा उल्लेख गरिएको थियो। यो स्मृतिपत्रमा उल्लेखित सुझावलाई राणाहरूले स्वीकार गर्न हिच्किचाएको संकेत पाएपछि तत्कालै नेहरूले भनेका थिए

-"यो हाम्रो दृढ धारणा छ कि दीर्घकालीन राजनैतिक सुधार र सन्तोषजनक समाधान निकाल्न ढिलो भएमा नेपालको सुरक्षा र आन्तरिक स्थिरतालाई ठूलो खतरा हुनेछ।" (नेपाल करेन्ट नोट्स अन इन्टरनेशनल एफियर्स, भोलम २२ नोभेम्वर २, १९५१ पेज १२७-१३१) नेपालको प्रजातान्त्रिक आन्दोलनमा तत्कालीन भारतीय नेताहरूको सकारात्मक भूमिका रहे पनि नेपाल भारत सम्बन्धका कतिपय विज्ञहरू यसलाई स्वार्थमा आधारित भएको मान्दछन्।

राणा शासन विरोधी आन्दोलनको उत्कर्षमा राणा, राजा र जवाहरलाल नेहरूका बीच दिल्लीमा एक संभौता भयो। यही संभौता अनुसार १८ फ्रेवुवरी १९५१ का दिन राजा त्रिभुवनको नेतृत्वमा दस सदस्यीय राणा-कांग्रेस संयुक्त मन्त्रीमण्डल गठन भयो। प्रजातन्त्र प्राप्तिको यो आन्दोलनमा भारतले यति विघ्न चासो राख्नुको कारण आफ्नो सुरक्षाको गढ बलियो बनाउनु नै थियो भन्ने कुरा प्र.म. जवाहरलाल नेहरूको निम्न भनाईले पनि प्रष्ट पार्दछ। "अनादिकालदेखि हिमालय हाम्रो निम्ति मजवूत सीमा रहेको छ। .... हामीले त्यस साँधलाई नाघेको हेर्न सक्दैनौ, यो भारतको निमित्त पनि मूल साँध हो। हामी नेपालको स्वतन्त्रताको निमित्त खडा छौं, नेपालको कुनै खराव हुन दिने छैनौ वा त्यस साँधलाई मिचेको वा कमजोर बनाएको हेर्न सक्दैनौ, किनभने यो हाम्रो सुरक्षाको निमित्त पनि खतरा हुनेछ।" (नेहरू - इण्डियाज फरेन पोलिसी, सेलेक्टेड स्पिचेज - पेज नं. ४३६)

नेपालको उत्तरमा अवस्थित विशाल राष्ट्र चीनमा १९४९ मा सम्पन्न समाजवादी क्रान्ति र त्यसले नेपालमा पार्न सक्ने प्रभावले पनि भारत त्रस्त बनेको थियो। भारत आफ्नै ढर्राको "प्रजातान्त्रिक व्यवस्था" नेपालमा लाद्न चाहन्थ्यो। तर यस कुरामा चिनीया क्रान्तिले पार्न सक्ने प्रभावको सम्भावनालाई पनि उसले नजिकबाट देखिरहेकै थियो। यसै सन्दर्भमा १९५० डिसेम्वर ६ का दिन भारतीय लोकसभामा जवाहरलाल नेहरूले भनेका थिए "......... सीमा पार चीन र तिब्वतमा भएको गतिविधिलाई हेर्दा नेपालमा स्थिति झन् बढी असाध्य र नीजि चासोको विषय भै सक्यो।" (ऐ. पेज नं. उही)

००७ सालको क्रान्ति संझौतामा टुंगिए पनि आन्दोलनकारीहरूको एउटा तप्का शुरू देखि नै सम्झौताको विरोधमा थियो। यो क्रान्तिमा भारतले पुऱ्याएको सहयोगको श्रेय विस्तारै गुम्न थाल्यो किनभने नेपालका हरेक राजनीतिक गतिविधिमा प्रत्यक्ष वा अप्रत्यक्ष रूपले भारत मुछिंदै गयो। यसले भारत विरोधी भावना विस्तार हुनु स्वभाविक थियो र असन्तुष्टीहरू भारतीय हस्तक्षेपका विरूद्ध मुखरित हुनु अनिवार्य पनि थियो। १९५१ जुनमा प्रधानमन्त्री नेहरूको नेपाल भ्रमणका बेला भारतीय हस्तक्षेपको विरोध गर्दै कालो झण्डा प्रदर्शन गरिनु त्यही असन्तुष्टीहरूको परिणाम हो भन्न सकिन्छ। "नेपाल स्थित तत्कालीन भारतीय राजदूत चन्द्रेश्वर प्रसादले मन्त्री मण्डलको बैठकमै समेत उपस्थित भएर आफ्नो निर्णय लाद्न खोजेको, राजदरवार र प्रशासनमा पनि हस्तक्षेप गरेको आरोपका साथ व्यापक विरोध चल्न थाल्यो। स्वयं कांग्रेसी नेताहरूले समेत वहाँको यस प्रकारको हस्तक्षेपकारी कारवाहीको विरोध गर्न थाले र वहाँलाई फिर्ता बोलाउने माग गरिएको थियो। " (गृष्म ब. देवकोटा - नेपालको राजनीतिक दर्पण पेज नं. १२४) १९५२ मा नेपालको प्रशासनिक पुनर्गठन निम्ति सल्लाहकारका रूपमा आएका दुई जना भारतीय विशेषज्ञहरू पनि विरोधकै कारण फर्किनुपरेको थियो। १९५६ को अक्टोवरमा भारतीय राष्ट्पति राजेन्द्रप्रसादले नेपालको राजकीय भ्रमण गरेका थिए। त्यही अवशरमा राजकीय भोजमा उनले बोलेको कुरा पनि यहाँ स्मरणीय छ - "नेपालको शान्ति र सुरक्षा माथि खतरा, भारतको शान्ति र सुरक्षामाथिको खतरा जत्तिकै हुनेछ।" (- भासिन ए. एस् - डकुमेन्ट्स अन नेपाल्स् रिलेसन्स वीथ इण्डिया एण्ड चाइना पेज नं. ४१)

दिल्ली सम्झौताको विरोधको सिलसिलमा विद्रोहीहरूलाई दवाउन भारतीय सेना नेपाल भित्रै पसेका थिए। सेनाको हातबाट ०१० साल आषाढ २० गते पश्चिम नेपालका भीमदत्त पन्तको हत्या समेत भएको थियो। त्यस घटनामा पन्त वाहेक अरू दुई जना मारिएका, ५० जनालाई अपाङ्ग बनाइएको र २७५ जनालाई गिरफ्तार गरिएको थियो भनिन्छ। यसअघि ००८ साल असार ३१ गतेको आकाशवाणीले पुष्टी गरे अनुसार डा. के.आइ. सिंहको विद्रोह दवाउने उद्देश्यले रूपन्देही क्षेत्रमा भारतीय सेना प्रवेश गरेको थियो।

भारतीय स्वार्थ अनुरूप नेपालमा "राजनीतिक स्थिरता" कायम गर्ने तथा "पारस्परिक हितको कुरा" गर्न ००७ साल माघ १५ गते भारतीय प्रतिनिधि मण्डल नेपाल आएको थियो। त्यसै बेला नेपाली सेनालाई आधुनिक प्रशिक्षण गर्न भारतीय मिलिटरी मिशन नेपाल आउने एक सम्झौता सम्पन्न भयो। उक्त सम्झौता वमोजिम ००८ साल फागुन २७ गते मेजर जी. परम्जायको नेतृत्वमा भारतीय मिलिटरी मिशन नेपाल आइपुग्यो। नेपालीहरूका निम्ति आफ्नो देशमा भारतीय मिलिटरी मिशनको आगमन असह्य थियो। यसको व्यापक विरोध हुन थाल्यो। दोस्रो विश्व युद्धमा नाम कमाएका गोर्खाली सैन्यलाई लडाईको कला सिकाउन विदेशी जवान आउनुपर्ने औचित्यले नेपालीहरूको अहंकारमा धक्का पुगेको थियो।" - (हिरण्यलाल श्रेष्ठ - नेपाल भारत सम्बन्ध पेज नं.७७) ०१० साल कार्तिक २९ गते भारतीय राज्य सभामा नेहरूले यो कुरा बताएका थिए -"मिलिटरी मिशनमा अफिसरहरू लगायत १९७ जना छन्। उनीहरूको तलव र भत्ता भारत सरकारको तर्फबाट र ढुवानी खर्च नेपाल सरकारले व्यहोरेको छ।" (ऐ. पेज ७६) त्यस मिलिटरी मिशन मार्फत नेपालको उत्तरी सीमाना स्थित १४ स्थानमा वायरलेस प्रतिनिधिहरू र भारतीय सैनिक जवानहरू तैनाथ गरिए।

०११ साल वैशाख १० गते कोशी सम्झौता सम्पन्न भयो। कोशी सम्झौता अन्तरगत भिमनगरस्थित नेपाली मन्दिर मात्र भारतले कब्जा गरेको नभई भिमनगर पूर्वपट्टी भन्टाबारी मौजादेखि दक्षिणमा पर्ने शिवनगर मौजा पनि कब्जा गरेको

थियो। वि.सं. १९९६ सालमा चक्रघट्टी बाघमारादेखि वीरपुरसम्मको नेपाली भू-भाग ६६ मौजा जुद्ध शम्शेरको पालामा एकैचोटी मौजा वहाली पूर्जा बाँडिएको थियो। उल्लेखित शिवनगर मौजा शिवलाल शुक्लाको नाममा मौजा वहाली पूर्जा दिइएको थियो। सो मौजाको मालपोत राजविराज मालपोत कार्यालयमा २०१० सालसम्म दाखिला गरिँदै थियो। २०११ सालदेखि उक्त सिङ्गै मौजा भारतीय भू-भाग बनाइयो। यस सम्झौता अनुसार नेपालको भूमिमा बाँध बनाई भारततर्फ नहर लैजाने र बाँध क्षेत्रको प्रशासनिक रेखदेख भने भारतीयबाट हुने व्यवस्था गरियो। त्यसैवर्ष भारतीय लोकसभाका अध्यक्ष आनन्द सयमन आयगरले भनेका थिए –"एशियामा प्रजातन्त्र सुदृढ गर्न नेपाल लगायत हिमाली राज्यहरूलाई भारतीय संघमा मिलाउनुपर्छ।" – (फ्रिप्रेश जर्नल, अप्रिल ५, १९५४)। सरदार पट्टेल र नेहरूका यही समयका विभिन्न वक्तव्यहरूमा पटक पटक हिमालयलाई भारतको उत्तरी सिमानाको रूपमा उल्लेख गरेको पाइन्छ। नेहरूले अझ अगाडि बढेर राज्य सभामै भनेका थिए –"नेपालको वैदेशिक नीति भारतसंग समन्वय गरिनुपर्छ।" (द हिन्दू २० मइ १९५४)। यिनै सब अभिव्यक्तिको परिणामस्वरूप २८ मइ १९५४ मै नेपालको भ्रमणमा आएको भारतीय संसदीय प्रतिनिधि मण्डललाई कालो झण्डा देखाई विरोध प्रदर्शन गरिएको थियो।

०१५ सालमा सम्पन्न पहिलो आम निर्वाचन पछि नेपाली कांग्रेसले वहुमत प्राप्त गरेर स्व. विपी कोइरालाको नेतृत्वमा सरकार गठन गर्‍यो। यो सरकारले पनि भारतसंगको नेपालको सम्बन्धलाई सन्तुलित बनाउन सकेन। भारतीय शासकहरू पनि नेपाली कांग्रेस र यसका नेताहरूलाई आफ्नो इशारामा चल्न विवश पार्ने परिस्थिति सिर्जना गर्नमै तल्लिन रहे। यद्यपि कतिपय मानिसले यस अवधिमा नेपाल भारत सम्बन्ध "सुमधुर" रहेको बताएका छन्। ०१७ साल आषाढतिर प्रधानमन्त्री विपी कोइरालाले भारतको औपचारिक भ्रमण गरेका थिए। त्यो बेला भारत चीन सीमा विवादले चर्को रूप लिएको थियो। त्यस विवादमा कुनै न कुनै हिसावले नेपाल तानिदै थियो। मूलत भारत यो विवादमा नेपाललाई तान्न चाहन्थ्यो। तर कोइरालाको भ्रमण अवसरमा प्रकाशित संयुक्त विज्ञप्तीमा प्रतिरक्षा सम्बन्धी कुरा उल्लेख गरिएन। सीमा विवादमा नेपालले भारतको पक्ष लिइ दियोस् भन्ने चाहनाका विपरित ०१७ वैशाख १६गते नेपाल चीन बीच शान्ति र मैत्री सम्बन्धी सम्झौता सम्पन्न भयो। उक्त सम्झौता अनुरूप एक अर्काको स्वतन्त्रता, सार्वजनिकता र क्षेत्रीय अखण्डताको मान्यता र आदर गर्ने कुरामा दुवै तर्फबाट सहमति जनाइएको थियो।

०१७ साल भाद्रमा नेपाल भारत बीच व्यापार र पारवहन सन्धिमा हस्ताक्षर गरियो। यो सन्धि पछि "नेपाल आफ्नो मुठीबाट फुस्किदै गएको अनुभव" भारतले गर्न थाल्यो। १९६२ को चीन भारत सीमा संघर्षमा नेपाल तटस्थ बस्यो। नेपाल भारत बीचको १९५० को सन्धि र त्यसपछिको पत्र व्यवहार अनुसार एक अर्को मुलुकमाथि आक्रमण भएमा मद्दत गर्ने कुरो त्यस बेला लागू भएन।" (हिरण्यलाल श्रेष्ठ - नेपाल भारत सम्बन्ध पेज नं. ८२)।

## पञ्चायती काल र भारतीय अतिक्रमण

०१७ साल पौष १ गते नेपालको पहिलो निर्वाचित संसदलाई राजा महेन्द्रबाट एक शाही घोषणाद्वारा विघटन गरियो। त्यसपछि प्रधानमन्त्री विपि कोइराला, डा. के. आइ. सिंह, डिल्लीरमण रेग्मी, मातृकाप्रसाद कोइराला, मनमोहन अधिकारी लगायत सैयौं नेता तथा कार्यकर्तालाई पक्राउ गरियो। मन्त्री मण्डलका प्राय सवै सदश्यहरू सैनिक हिरासतमा राखिए। सवै राजनीतिक पार्टीका नेता तथा कार्यकर्ताको गिरफ्तारी देशव्यापी रूपमा चल्यो। राजा महेन्द्रको यो अप्रजातान्त्रिक कदम प्रति राष्ट्रिय र अन्तर्राष्ट्रिय रूपमा तीव्र प्रतिक्रिया व्यक्त हुनु स्वभाविक थियो। राजा महेन्द्र यो कदम प्रति छिमेकी राष्ट्र भारतको समर्थन चाहन्थे। तर भारतले यो चाहना माथि शुरूमा तुषारापात नै गर्‍यो। ०१७ सालको घटनाप्रति तत्कालीन भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले राज्य सभामा पुस ६ गते भनेका थिए –"विश्वको कुनै अरू भागमा यस्तो घटना उठ्न जान्छ भने यो खेदको विषय हुनेछ। नेपाल जस्तो हाम्रो घनिष्ट सम्बन्ध रहेको छिमेकी देशमा यस्ता घटना घट्नु चिन्ताको विषय भएको छ।" (गृष्म व. देवकोटा – नेपालको राजनीतिक दर्पण भाग-३, पेज नं ६३) नेहरूले उक्त घटना प्रति असहमति मात्र जाहेर गरेनन्, विघटित सरकारले गरेको "राष्ट्र हितका प्रयत्नहरू" प्रति सम्मान व्यक्त गर्दै "केवल वहुमत प्राप्त सरकारको पदच्यूति मात्र नभइ प्रजातन्त्र र प्रजातान्त्रिक प्रकृयालाई नै उल्टाएको" – (ऐ.पेज नं. उही) विचार व्यक्त गरेका थिए।

पञ्चायती व्यवस्थाको शुरूवातमा रहेको भारतीय असहमति धेरै समय टिक्न सकेन। जति जति पञ्चायतले जरा गाड्दै गयो उति उति त्यो असहमति झिनो बन्दै गएको पाइन्छ। राज्यस्तरको सम्बन्ध सुदृढ हुँदै गए पनि नेपाली कांग्रेसको सम्बन्ध र समर्थन पनि कायम रहेको थियो भन्न हिच्किचाउनु पर्दैन। सैनिक वलमा लादिएको व्यवस्थाको विरोधमा विभिन्न रूपका गतिविधिहरू पनि हुदै रहे। ती गतिविधिमा भारतको संलग्नता वारे पनि यस अवधिमा प्रसस्तै विवादास्पद सवालहरू नउठेका होइनन्। एकानिर पञ्चायत विरोधी गतिविधिमा संलग्न रहने विद्रोहीहरूलाई भारतले आफ्नो भूमि निर्वाध उपयोग गर्ने छुट पनि दियो। अर्कोतर्फ नेपालसंगको सम्बन्ध समझदारी र मैत्रि कायम गरने कुरामा पनि उच्च सजगता व्यक्त गर्दै रह्यो।

उपरोक्त उतार चढावकै बीच ०२० साल जेठ महिनामा सुस्तामा भारतीय हस्तक्षेपको एउटा उल्लेखनीय घटना घट्यो। भारतीय प्रहरी र लुटेराहरूको संयुक्त दलले सुस्तामा हमला गर्‍यो। उक्त हमलामा पिताम्बर जंग राणा र चारजना होमगार्डहरू वेपत्ता पारिए। सुस्ता लुम्बिनी अञ्चल अन्तरगत नवलपरासी जिल्लामा पर्दछ। नेपाल भारत सिमावर्ती

क्षेत्रमा अवस्थित सुस्ता क्षेत्रमा अगाडि देखिनै भारतीय नागरिकहरूद्वारा लुटपाट हत्या र आक्रमण हुँदै आएको थियो। ०२० साल माघ ९ गते अचानक भारतीय लुटेराहरूको एक जत्था सुस्तामा प्रवेश गर्‍यो र सांघातिक आक्रमण गरी चन्द्र विक्रम शाह र जयबहादुर नायक दुई जना नागरिकको नृशंस हत्या गरियो भने रविजङ्गलाई अपहरण गरी गोरखपुर जेलमा थुनिएको थियो। यसै क्रममा ०२५ सालमा भारतीय अधिकारीहरूद्वारा अनधिकृत प्रवेश गरी भूपू सैनिक संगठनका सदस्य समेत रहेका चार जना नेपाली नागरिकहरूलाई अपहरण गरियो। अपहरित नागरिकलाई भारतको वेतिया झ्यालखानामा थुन्ने काम भयो। (दैनिक निर्णय, भैरहवा, २९ कार्तिक ०२५) त्यस पछि "०२६साल जेठ ३० गतेका दिन पनि नेपाली जनता र भारतीय पुलिसका जवानहरू वीच संघर्ष भएको थियो। त्यहाँ हालसालै पनि एक जना नेपाली मारिएको छ। सुस्तामा गत पौष ०२७ तिर करिव दुई हजार भारतीय फौज पसेर क्याम्प जमाएर बसेको समाचार प्रकाशित भएको छ।" - (चर्चा साप्ताहिक पुस २९, ०२७)

"सुस्ता विवाद चर्के पछि एक पटक वार्ता गर्न समय र मिति तोकेको थियो, नेपाली अधिकारहिरू सुस्तातिर गएर १५ दिन सम्म पर्खे तर भारतीय अधिकारीहरू आउँदै आएनन्। दोश्रो पटक जव वार्ता हुन थाल्यो तव मध्यावधि चुनावको निहु पारी वार्तालाई विफल पारियो। तेस्रो पटक वैशाख १५, ०२६ मा पुनः वार्ता भयो, तर निर्णय पुस्तिकामा हस्ताक्षर नै नगरी भारतीय पक्षले त्यसै कुनै टुंगो नै नलगाई वार्तालाई ठप गरे।" (हिरण्यलाल श्रेष्ठ, नेपाल भारत सम्बन्ध, पेज ५७) खुल्ला सीमानाका कारण उत्पन्न भएको सुस्ता माथिको भारतीय अतिक्रमण तथा हस्तक्षेपका विरुद्ध त्यति खेर वाम राजनीतिक शक्ति र वामपन्थी विद्यार्थी समुदायले देशव्यापी विरोध प्रदर्शनहरूको आयोजना गरेका थिए। उक्त प्रदर्शनका सन्दर्भमा देशका विभिन्न भागमा थुप्रै नागरिक तथा विद्यार्थीहरूलाई गिरफ्तार गरिएको थियो।

यस अघि भारतीय लोकसभामा पनि सुस्ता सम्बन्धी प्रश्न उठेको थियो। भारतीय प्रधानमन्त्री जवाहरलाल नेहरूले ०१९ आषाढ ५ गते उक्त प्रश्नको जवाफमा भनेका थिए -"पुस्तौं पुस्तादेखि विवाद चलिराखेको तथ्यले यो समस्या केही पेचिलो छ भन्ने देखाउँछ। यसको निम्ति सर्भेक्षण र अरू काम हुनुपर्छ र मलाई लाग्छ उचित सर्भेक्षणको लागि केही काम भएको छ।" राज्य सभालाई जुन २६मा दिएको एक सूचनामा निम्न कुरा उल्लेख गरिएको थियो - "१८८४ - ८५ देखि दुई देश बीच गोरखपुर (उ.प्र.), चम्पारन (विहार) र नेपाल तीनै ठाउँ जोडिने गण्डकदेखि त्रिवेणी सम्मको करीव १५ माइल लामो ठाउँमा विवाद कायम छ। सीमा निर्धारित गरेको उक्त ठाउँमा नदीको धारमा परिवर्तन आउनाले यसो भएको हो। १९२९ मा संयुक्त सीमा कमिसन गठन गरिएको थियो। नेपाल र विहार सरकारका प्रतिनिधिहरू वीच १९३७, १९४७, १९५२, १९५३ मा विवाद टुंग्याउन वैठक बसेको थियो।" (भासिन ए. एस्., डकुमेन्ट्स अन नेपाल रिलेसन्स पेज नं.८२-८३)

सुस्ता क्षेत्रमा भएको पछिल्लो अतिक्रमणको घटना पछि तुरुन्तै नेपाल स्थित भारतीय दूतावासबसाट पटक पटक विज्ञप्ति प्रकाशित भएका थिए। ती विज्ञप्ती आफैमा विरोधाभाषपूर्ण र अस्पष्ट रहेका थिए। उक्त विज्ञप्तीहरू बारे हिरण्यलाल श्रेष्ठले लेखेका छन् - "..... तेस्रो विज्ञप्तीमा केही कटु शब्दहरूको प्रयोग हुनुका साथै नेपालीहरू पक्रिएका घटनालाई स्वीकार गर्दै पक्रिएको क्षेत्र भारतको क्षेत्र हो भनेको पाइन्छ। चौथो विज्ञप्तीमा भारतको कानूनी हवालामा पक्रिएकाहरू बारे नेपालका अधिकारीहरूले जमानत तिरिदिन अनुरोध गरी वेतिया जेलबाट भारतीय अधिकारीहरूले लेखापढी चलाइरहेको कुरा पाइन्छ। यस पछिको अर्को विज्ञप्तीमा ४ भारतीयहरूका साथ ती नेपालीहरू पक्रिएका हुनाले र अदालतमा मुद्दा समेत चलाइ सकिएकोले उक्त इलाका भारतकै हो भनी दावी गरेको पाइन्छ। " (नेपाल भारत सम्बन्ध, पेज नं. ५८)

सुस्ता क्षेत्र अन्तर्गत गण्डकीको वहाव रहुवा घोला भन्ने भंगालो नै नेपाल भारतवीचको अन्तर्राष्ट्रिय सीमा रेखा मानिन्छ। तर कालान्तरमा गण्डकीको वहाव सर्दै गएर उक्त रहुवा घोला वगर भूमिमा रूपान्तर भएपछि भारतीय पक्षले त्यस वगर भूमिलाई आफ्नो क्षेत्र दावी गर्न थाल्यो। पछि भएको गण्डक सम्झौता अनुसार निर्मित गण्डक बाँधको प्रशासकीय केन्द्र र गण्डक बाँध जस्को आधा भाग नेपाल भूमिमा पर्दछ - पछि रहुवा घोलालाई नै सीमा रेखा मान्ने हो भने उक्त पुरै बाँध नेपाल भूमिभित्र मात्र पर्न जान्छ। त्यसो नहोस् भन्ने स्वार्थका कारण सुस्ता क्षेत्रमा रहेको सीमा सम्बन्धी विवादलाई भारतीय पक्षले समयमै सुल्झाउन तयार नभएको तथ्य प्रष्ट हुन्छ। तसर्थ पनि सीमा सम्बन्धी तोकिएको वार्ता हुन नदिन, त्यसलाई आफ्नो अनुकूल बनाउने वातावरण सिर्जना नभएसम्म वार्ता अगाडि बढ्ने नदिन भारतले प्रयत्न गरेको हो भन्न हिच्किचाउनु पर्दैन।

त्यही समयमा सुस्ता सम्बन्धी भारतीय दृष्टिकोणको आभाष दिदै भारतबाट प्रकाशित "नवभारत टाइम्स"ले लेखेको थियो - "भारतको तर्फबाट नेपालको यो प्रस्ताव अस्वीकार गरिएको छ कि, नेपाल र विहारको सीमामा सुस्ताको केही एकड क्षेत्रमाथि सीमा निर्धारण १८१७ को त्यस नक्साको आधारमा गरियोस् जो एक अंग्रेज अफिसरले बनाएको थियो। भारतको तर्फबाट स्पष्ट गरेको छ कि त्यस नक्साको कुनै महत्व छैन, किनभने त्यसलाई दुई देशको सरकारले नत स्वीकार गरेको छ न त्यो कुनै सर्भेक्षणको आधार बनेको थियो। भारतले आफ्नो तर्फबाट स्पष्ट गरेको छ कि १९०२ को सीमा संझौता र त्यसको मानचित्र माथि दुवै सरकारहरूको हस्ताक्षर छ, त्यसैकारण त्यो नै वैधानिक सम्झौता हो र त्यसको आधारमा नयाँ सीमा स्तम्भ लगाउन सकिन्छ।" - (सेप्टेम्बर ३, १९६९)। नवभारत टाइम्सले त्यही अंकमा "भारतले प्रस्ताव राखेको छ कि सीमामा सुस्ताको छेउको नरशाही टापु भारत सरकार नेपाललाई ९९ वर्षसम्म

पट्टामा दिन सक्छ तर त्यसमाथि भारतको प्रभुसत्ता रहने छ। यसको वदलामा नेपालले भारतलाई सुस्ता पट्टामा देओस्।" भनी लेखेको थियो।

सुस्ताको घटना पछि नेपालको सुदूर पूर्वी जिल्ला झापाको महेशपुरमा पनि अतिक्रमणका कारण गम्भीर घटना घटेको थियो। ०२६ साल मंसीरमा "भद्रपुर देखि ३ माइल दक्षिणमा अवस्थित महेशपुर गाउँको वडा नं. २ बस्ने कृष्णबहादुर खत्रीको जमिनमा लगाइएको धानवाली लुट्नुका साथै भारतीय पुलिसले मोहन राजवंशी र जवर राजवंशीलाई धान काटिरहेको वख्त पक्रेर लगेको थियो। महेशपुरको उक्त स्थान भारतको विहार प्रान्तसंग जोडिएको छ।" - (मातृभूमि साप्ताहिक, पुस १, ०२६)। लुटपाट र गिरफ्तारीको घटना घटेको महेशपुर नेपालको भूमि हो तर भारत पक्षले यसमा आफ्नो अधिकार रहेको दावीलाई अगाडि सारेको थियो। "वास्तवमा त्यो भूमि मेची नदीको पुरानो भंगालो अर्थात नेपालको सीमा क्षेत्रबाट आधा माइल भित्र पर्दछ। त्यस्तै केचना भन्ने ठाउँदेखि तारावारीसम्म अनेकौं विगाहा जमिन भारतीयहरू आफ्नो भनी उपभोग गर्दैछन्। यहाँ नक्कलवन्दा देखि केचना सम्ममा करीव दुई हजार विगाह जमिनमाथि विवाद रहेको छ।" - (हिरण्यलाल श्रेष्ठ - नेपाल भारत सम्बन्ध पेज नं. ६०)। सुस्ता र महेशपुरको यो घटना पछि झापाबाट प्रकाशित हुने पञ्चामृत मासिकले भाद्र ०२६मा सुस्ता अंक नै प्रकाशित गरेको थियो। सुस्ता अंकको सम्पादकीयमा यस्तो लेखिएको थियो -"नेपालको दक्षिण सीमामा हजारौं विघा जमिन भारत सरकारले लुटेको छ। झापा जिल्लाको वाहुनडाँगी, पाठामारी, नक्कलवन्दा आदि क्षेत्रहरूमा पर्ने प्रशस्त जमिन भारतले हडप गरेकोमा जिल्ला पञ्चायत झापाले समेत वैज्ञानिक सीमा रेखांकनको माँग ०२३ सालमै श्री ५ को सरकार समक्ष प्रस्तुत गरेको हो। तर अहिले सम्म श्री ५ को सरकारले पनि कुनै कदम नउठाउनु ज्यादै दुःख लाग्दो कुरा हो।" - (अंक ९, ०२६भाद्र)

यस अतिरिक्त नेपाल भारतवीच रहेको खुला सीमानाको दुरूपयोग गरेर भारत पक्षले सीमा क्षेत्रका थुप्रै स्थानहरूमा अतिक्रमणको हात फैलाएको छ। जसलाई दुवै पक्षका कतिपय जानकारहरू "सीमा विवाद" मै मात्र सिमित राख्न चाहन्छन्। यसलाई "सीमा विवाद" मात्र ठान्नु नेपाली अस्मितालाई ठाडो चुनौती दिनु हो। नेपाली स्वाभिमानले कहिलै पनि राष्ट्र र राष्ट्रिय अक्षुणतालाई विर्सन सक्दैन र स्वभूमिमाथिको अतिक्रमणलाई सहँदैन।

पञ्चायती कालमा भएका भारतीय अतिक्रमणका उपरोक्त जघन्य दुई घटना वाहेक सीमा क्षेत्रमा निरन्तर हुँदै गरेका केही घटनाहरूलाई संक्षेपमा तल प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

कोशी अञ्चल अन्तरगत सुन्सरी जिल्लाको भीमनगरमा रहेको एउटा मन्दिर पहिले नेपालभित्र थियो। अहिले त्यही मन्दिर भारतीय भूमिमा रहेको मानिन्छ। सगरमाथा अञ्चल अन्तरगत सप्तरी जिल्लाको सिमावर्ती क्षेत्रमा रहेको हरिहरपुर रातारात भारतको विहार राज्य अन्तरगतको वीरपुरमा गाभिएको कुरा त्यहाँका वासिन्दाहरू बताउँछन्। महाकाली अञ्चल अन्तरगत कैलाली जिल्लाको वसन्तमा १४ कोस जंगलमा गढ बनाएर त्यस वरिपरिको जंगल मास्ने र डकैती गर्ने काम ०२७ सालतिर तीव्र थियो। वर्दिया जिल्ला अन्तरगत मथुरा दाना गाउँ र त्यस वरपरको केही भाग भारतीय कब्जामा गएको थियो। नेपाल भारतको सीमा भइ वग्ने महाकाली नदीमा निर्मित सारदा नहरको सम्झौता वमोजिम नहरबाट नेपाललाई पानी दिने र वाँधमा रहेका गेट मध्ये आधा गेटहरूको आयस्ता पनि नेपालले उठाउँदै गरेको थियो। तर ०२६साल देखि सम्झौताको उल्लंघन गरी भारतले एकलौटी आधिपत्य जमाएको छ। यस सन्दर्भमा शिवहर सिंह "पागल" को भनाइ स्मरणीय छ -"भारतसंग नेपालको सीमा धेरै विवादग्रस्त छ। महाकाली अथवा सारदामाथि भएको वनवासा र महेन्द्रनगरको वीच पुलमाथि अंग्रेजको पालादेखि लिएर सन् १९४८ सम्म नेपाल र भारतको साझेदारी थियो र नेपालको झण्डा वरावरमा फहराइन्थ्यो र त्यस पुलमुनि रहेको २२ गेट मध्ये ११/११ को आम्दानी दुवै देशलाई वरावर बाँडिन्थ्यो जसमाथि भारतले आज एकलौटी अधिकार गरेको छ।" (पाक-भारत-नेपाल सम्बन्ध -१-मातृभूमि साप्ताहिक, कार्तिक २६, २०२६)

अनगिन्ती ठाउँमा सीमा स्तम्भहरू सारेर नेपाली भूमि मिच्ने कार्य पनि भारतीय पक्षबाट यस अवधिमा भएको छ। त्यसको एउटा उदाहरण यहाँ प्रस्तुत गरौं। "सुदूर पश्चिम महाकाली नदी जसले दुई देशलाई छुट्याउँछ, स्थानीय भारतीय अधिकारीहरूले सीमा स्तम्भलाई उत्तरतिर सारेका छन्। एक जमानामा सीमा सारदा नहरको वीचमा थियो। सीमा चिन्ह एक माइल पर सारिएको छ। - (दि मदरलैण्ड, फ्रेब्रुवरी ६, १९७६) यस वाहेक महाकाली नदीले निर्माण गरेको चाँदनी टापुमा निकै पहिले देखि भारतीय सेनाको छाउनी बसेको छ, जो पूर्णत नेपालको भूमि हो। त्यसै गरी वर्दिया जिल्लाको गुलरियादेखि सोझै दक्षिणमा पर्ने मुर्तिया रेलवे स्टेशनबाट आधा कि.मी. मात्र उत्तरपट्टी मुर्तिया खोला सीमाना रहेकोमा ०१६ सालमा सीमा विवाद उत्पन्न भयो। उक्त विवाद सुल्झाउन नापी अधिकृत समेत समावेश भएको दुवै तर्फका गरी ६ जनाको एक टोली त्यहाँ थियो। त्यो टोलीले ६ कि.मी. उत्तरमा पर्ने बाँस खोल्सीलाई सीमा कायम गरेपछि सैयौं हेक्टर नेपालको जङ्गल क्षेत्र भारतीय भू-भाग बन्न गयो। नेपाल पक्षबाट टोलीमा समावेश व्यक्तिहरू भारतीय प्रलोभनमा परी उनीहरूको अकर्मण्यताका कारण उक्त भू-भागमा भारतले उपभोग गर्न पाएको कुरा त्यस क्षेत्रका आम नागरिकहरू बीच अद्यापि चर्चा छ।

०२१ साल बैशाखमा पञ्जाव राज्यका मुख्य मन्त्री प्रतापसिंह कर्एरोको हत्या भएको थियो। त्यस हत्यामा संलग्न रहेको भनिएको सुच्चासिंह नामको भारतीय नागरिक महेन्द्रनगर प्रवेश गरेको थियो। सुच्चा सिंहलाई गिरफ्तार गर्न भनी भारतीय प्रहरी टोली विना इजाजत महेन्द्र नगर आएको

थियो। उनीहरूलाई नेपाली प्रहरीले पक्राउ गरी अड्डासार गर्दै काठमाडौं ल्याइएको थियो। यो घटनाका सन्दर्भमा तत्कालीन भारत सरकारले सार्वजनिक रूपमा माफी मागेपछि मात्र उनीहरूलाई रिहाई गरियो भने सुच्चा सिंहलाई न्यायाधीश जनकमानको इजलाश खडा गरी अन्तर्राष्ट्रिय कानून अनुसार सुपुर्द गरिएको थियो।

नेपालमाथि भैरहेका उपरोक्त अतिक्रमणका घटनाहरूमा पञ्चायती शासकहरूको प्रष्ट विरोध मुखरित भएको पाइदैन। जनदवाव सिर्जना भएका कतिपय घटनाका सन्दर्भमा वार्ताको पहलसम्म गर्ने र त्यही वार्ता पनि असफलतामा टुंगिए पछि हात बाँधेर बस्ने प्रवृत्ति नै हावी रहेको देखिन्छ। भारतीय शासकहरूका सामु आफूलाई निरिह सावित गरी उनीहरूबाट साथ समर्थन पाएमात्र आफू सत्तामा टिकिरहन सकिन्छ भन्ने सोच करिब पञ्चायतको अवसानसम्म नै रहेको थियो। प्रतिवन्धित अवस्थामा रहेका पञ्चायत विरोधी राजनीतिक शक्तिहरू मध्ये भारतीय अतिक्रमण र हस्तक्षेपको विरूद्ध आवाज बुलन्द गर्न नेपालको वामशक्ति अग्रणी रहेको कुरा निर्विवाद छ। तर पञ्चायती कालभरी नै प्रतिवन्धित रहेको नेपाली कांग्रेसले आधिकारिक रूपमा विरोध गरेको पाइएन। गणेशमान सिंहले लामो समयपछि जेल मुक्त भएपश्चात चिनिया खतराबाट जोगाउन नेपालमा अमेरिकी क्षेप्यास्त्र र भारतीय सैन्य राख्नुपर्दछ वीरगञ्जको एक सभामा बोल्नु भएको समाचार समीक्षा साप्ताहिकले डिसेम्वर १९६८ मा प्रकाशित गरेको थियो।

नेपालले कुनै पनि सैनिक हातहतियार खरिद गर्दा भारतको अनुमति लिनुपर्ने कुरा उल्लेख भएको १९६५ को हातहतियार सम्बन्धी सम्झौतामा केही वर्ष पछि नै नेपाल पक्षले संशोधन गर्न चाहेको थियो। यो सन्धि अहिले सम्म नै सार्वजनिक भएको छैन। नेपालको यो आशय बुझेपछि भारतले उक्त सम्झौता नै खारेज गर्ने सल्लाह दियो। ०२६ आषाढ १० गते तत्कालीन पञ्चायती प्रधानमन्त्री कीर्तिनिधि विष्टले द राइजिङ्ग नेपाललाई दिएको एक विशेष अन्तवार्ता मार्फत उक्त सम्झौता खारेज गरिएको घोषणा गरे। विष्टले - "१९५० को शान्ति र मैत्री सन्धिबारे सोधिएको एक प्रश्नको उत्तरमा भारतले भारत चीन संघर्ष, भारत पाक युद्धका बेला सोभियत संघ तथा अमेरिकासंग हातहतियार लिने बेला नेपाललाई सूचित नगरेकोले अब नेपालले पनि सैनिक सूचना आदान प्रदान गरिरहने आवश्यक छैन" भनेका थिए। सोही अन्तरवार्तामा विष्टले चीन सीमानामा रहेको भारतीय रेडियो अपरेटरहरू हाल नेपाली जवानहरू नै उक्त कार्य सञ्चालन गर्न सक्षम र पर्याप्त उपलब्ध भैसकेको ले वहाँहरूलाई फर्काउने र काठमाडौं स्थित भारतीय मिलिटरी लाइजन टोलीको काम पनि सकिएकोले फिर्ता बोलाउने जोडदार माग गरेका थिए। (दि राइजिङ नेपाल - २४ जुन १९६९)। विष्टको उक्त अभिव्यक्तिपछि नेपाल र भारतमा निकै ठूलो सनसनी मच्चिएको बताइन्छ। लगत्तै भारतबाट प्रकाशित एक साप्ताहिकले यस्तो लेखेको थियो - "सोभियत संघले चेकोस्लोभाकिया माथि हमला गरी कब्जा गरे जस्तै नेपालमा पनि सैनिक हस्तक्षेप गर्नु पर्दछ।" - (ब्लिटज, ५ र १२ जुलाई १९६९)।

४ भाद्र ०२७ का दिन भारतीय मिलिटरी मिशन अर्थात भारतीय सैनिक नियोगले नेपालबाट फिटिगुन्टा कस्यो। उक्त मिशनको नाममा भारतीय सैनिक झण्डै १८ वर्ष काठमाडौं बसेको थियो। "भारतीय सेनाले बनाएको त्रिभूवन राजपथ भएर भारतीय सैनिक अफिसर र जवानहरू स्वदेश फर्के।" - (दि स्टेसम्यान, २० अगष्ट १९७०) फिर्ता हुने त्यस अवसरमा उक्त नियोगका नेता मेजर जनरल डी.सी. मित्र थिए।

भारतीय सेनाको वहिर्गमन पछि अब "भारतीय सैनिकहरू नेपाली भूमिमा नरहने भएपनि नेपाल, भारत र वेलायतसँगको १९४७ को सम्झौता अनुसार नेपाली नागरिकहरू भारतीय र ब्रिटिस फौजमा भर्ना हुन सक्ने प्रवन्ध" भने कायमै रह्यो। विदेशी फौजमा नेपालीहरूको सहभागिताले तत्कालीन नेपालको असंलग्न परराष्ट्र नीतिमा आँच पुऱ्याउने कार्य नभएको पनि होइन। "खास गरी भारत चीन संघर्ष र भारत पाक युद्धमा गोर्खालीहरूको प्रयोगले नेपाललाई निकै अप्ठ्यारो स्थितिमा पुऱ्याएको" तथ्य स्पष्टै छ।

नेपाल भारत वीच सन् १९६० मा भएको व्यापार तथा पारवहन सन्धिको अवधि सन् १९७० को अक्टोवरमा समाप्त भयो। सन्धिलाई नविकरण गर्न वा नयाँ सन्धिमा हस्ताक्षर गर्न १९७० को वर्षभरि पटक पटक वार्ता गरियो। शुरूमै भएको वार्ताको असफलतापछि भारत सरकारले नेपाल आउने वस्तुहरूमा रोक लगायो, किनकि यसो गरेर उसले नेपाललाई आफ्नो अनुकूलको प्रावधान राखी नेपाललाई त्यसमा हस्ताक्षर गराउन दवाव दिनु थियो। यस सम्बन्धमा नेपाली साप्ताहिक नयाँ सन्देशले लेखेको थियो -"नयाँ व्यापार तथा पारवहन सम्झौताहरू गर्न आलटाल गर्दै भारत सरकारले नेपालसंग दवाव प्रधान कुटनीति खेल्न खोजेको छ। नेपालको सार्वभौमिकतामा आँच आउने गरी भारतीय मिलिटरी मिशनको स्थापना गर्न स्वीकार नगरिएसम्म व्यापार तथा पारवहन सम्झौता हुन नसक्ने कुरा नयाँ दिल्लीले अनौपचारिक रूपमा स्पष्ट गरेको छ।" (- कार्तिक ७, २०२७)

**व्यापार तथा पारवहनको प्रसंग**

व्यापार तथा पारवहन सन्धिमा उत्पन्न गतिरोधका बारे भारतीय एक जना लेखकले त्यो बेलैमा यस्तो कुरा लेखेका थिए -"भारतको नेपालप्रतिको नीति शुरू देखि मुख्यतया नेपालको रक्षा भारतको प्रतिरक्षाको अंग हो र नेपालको रक्षा भारतीय जिम्मेदारीमा छ भन्ने गलत धारणाले गर्दा पीडित छ। .......... यसले गोरा मानिसको गहुँगोपनको गन्ध दिन्छ, किनकि यो सावित भएको छ, ठूलो दाजुको दृष्टिकोणले आफूले सेवा गर्न खोजेको जनतामा

कृतघ्नताकासाथ प्रतिरोध आउने गर्छ। आश्चर्य लाग्ने कुरा त यो हो कि जुन हामीले पश्चिमसंग मन पराएनौ तर हामीले आफ्ना साना छिमेकीहरू संगको सम्बन्धमा त्यही कुरा गर्‍यौं।" - (नरेन्द्र गोयल-पोलिटकल हिस्ट्रि अफ हिमालयन स्टेट्स, पेज नं. २३)

यहाँ स्मरणीय अर्को कुरा के छ भने, नेपाल भारतवीच १९६५ मा पारवहन तथा व्यापार सम्बन्धी एक सन्धि भएको थियो। तर नेपालको सरकारले नेपाली जनता वीच उक्त सन्धिबारे केही कुरा पनि जानकारी दिएन। गुप्त रहेको भनिएको उक्त सन्धिमा के के प्रावधान छन्, सार्वजनिक गरियोस् भनी माग समेत गरिएको थियो। तर श्री ५ को सरकारले वास्तविक कुरा कहिल्यै पनि सार्वजनिक गरेन। वरू कतिपय बेलामा १९६५ मा कुनै सन्धि नै नभएको जस्ता झुठा अभिव्यक्ति दिने गरेको थियो।

यस प्रकारको गतिरोध उत्पन्न भएपछि श्री ५ को सरकारले "आगामी एक वर्षको निम्ति १९६० को व्यापार तथा पारवहन सन्धिलाई कायम राख्न उपयुक्त छ" भनी भारतीय सरकार समक्ष प्रस्ताव राखेको कुरा पुस २०, २०२७ को गोरखापत्रले जनाएको थियो। त्यसको जवाफमा भारतका तत्कालीन विदेश मन्त्रीले "दिल्ली स्थित नेपाली राजदूतलाई विगत सन्धिको अवधि लम्ब्याउने कुरो भारतलाई मञ्जुरी नभएको" - (गोरखापत्र उही) वताए। यसरी नयाँ सन्धि हुन नसक्नुका पछाडि रहेको एउटा निर्णायक कारण भनेको वार्तामा मरिक नेपाली प्रतिनिधिले राखेको "राधिकापुर" बाटो सम्बन्धी सुविधाको माग पनि हो। नेपाली पक्ष राधिकापुरको बाटो मार्फत भारत बाहेक पाकिस्तान हुँदै अन्य मुलुकसंग व्यापार व्यवसाय गर्न चाहन्थ्यो। तर पाकिस्तानसँग बढिरहेको भारतीय तनावका कारण एकातिर भारतपक्ष यसलाई खतरा सम्झन्थ्यो भने अर्कोतिर भारत बाहेक नेपालले अरू मुलुकसँग व्यापार नगरोस् भन्ने निहित मनशायलाई उसले कदापि भुल्दैनथ्यो। राधिकापुरको सवाल भनेको भारतीय स्थलमार्ग भएर नेपालले अरू देशसंग व्यापार गर्ने पारवहन स्वतन्त्रता पाउने कि नपाउने भन्ने हो। सन् १९६५ को भूपरिवेष्ठित राज्यहरुको पारवहन व्यापार सम्बन्धी अन्तर्राष्ट्रिय कन्भेन्सनबाट पारित सिद्धान्त अनुरूप पनि नेपालले राधिकापुरको स्थलमार्गबाट अरू देशसंग अकुण्ठित व्यापार गर्न पाउनु पर्ने हो। तर "सन् १९७१ मा भारतसंग सम्पन्न व्यापार तथा पारवहन सम्बन्धी छुट्टाछुट्टै सन्धिका वावजुद पनि व्यवहारमा नेपालले पर्याप्त रेल्वे वागन, वन्दरगाहमा अन्य सुविधा प्राप्त गर्न सकिरहेको छैन।" (हिरण्यलाल श्रेष्ठ - आजको परिप्रेक्ष्यमा नेपाल भारत सम्बन्ध - अ.भा.नें.वि.संघद्वारा राँचीमा आयोजित विचार गोष्ठीमा प्रस्तुत अग्रलेख पेज नं. ८) पारवहन सम्बन्धी सुविधाको यस भागले नेपाल भारत सम्बन्ध धेरै दिनसम्म प्रभावित पारेको थियो।

यिनै वाद विवाद र तनावपूर्ण स्थितिका वावजुद आखिर १९७१ मा आएर व्यापार तथा पारवहन सम्बन्धी दुई छुट्टछुट्टै सन्धि सम्पन्न भयो। यो सन्धिका बारेमा एक जना भारतीय लेखक आफ्नो पुस्तकमा लेखेका छन् -"भारतीय नीतिका कारण नै १९७० मा भारत नेपाल सीमा क्षेत्रमा आंशिक वन्देजको पनि अनुभव गरियो, जसले नेपाली व्यापार तथा आर्थिक जोवन लगभग ठप्प भयो। यो बेलासम्म क्षेत्रीय राजनीतिमा भारतको स्थिति १९६० को तुलनामा बढ्दै सुदृढ भैसकेको थियो। यही परिस्थितिमा अन्ततोगत्वा नेपालले भारतको दृढता सामु झुक्नै पर्‍यो। फलस्वरूप १९७१ मा भारतीय शर्त अनुसार पाँच वर्षीय व्यापार वाणिज्य सन्धिमा हस्ताक्षर गर्‍यो।" (शैलेन्द्र कुमार चतुर्वेदी, भारत नेपाल सम्वन्ध - पेज नं. २१६-२१७)

१९७१ को व्यापार पारवहन सन्धि पछिका झण्डै दुई दशक वीच गंगा र वागमतीमा धेरै पानी बग्यो। भारतीय सत्तामा धेरै अनुहारहरू आए र गए। भारतीय उत्पादित मालको महत्वपूर्ण बजार नेपाल भएकोले पनि पञ्चायती नेतृत्वसँग खिचातानी गरी व्यापार विगार्न पछिका भारतीय सत्ताधारीहरूको चाहना रहेन।

## "विशेष सम्बन्ध" ले उब्जाएको शंका

सन् १९६९ मा भारतमा तत्कालीन विदेश मन्त्री दिनेश सिंहले नेपालको औपचारिक भ्रमण गरेका थिए। व्यापार पारवहन सन्धिका निम्ति वार्ताका सिलसिलामा नेपाल आइपुगेका भारतीय विदेश मन्त्रीले सायद प्रथम पटक नेपालसंगको सम्वन्धलाई "विशेष सम्बन्ध" भनेर उल्लेख गरेका थिए। ०३६ साल जेठ २८ गतेको द राइजिङ्ग नेपालका अनुसार विदेश मन्त्री दिनेश सिंहले त्यस बेला भनेका थिए -"नेपालसँग भारतको विशेष सम्वन्ध छ र यो सम्वन्धलाई कायम गर्न चाहन्छ।" त्यसो त ०२१ साल मार्ग २ गते दिल्लीमा भएको एउटा प्रेस सम्मेलनमा जवाहरलाल नेहरूले पनि "नेपालमा हाम्रो विशेष स्थान छ" भनेका थिए। विदेश मन्त्री दिनेश सिंहको उपरोक्त अभिव्यक्तिले नेपालमा तीव्र प्रतिक्रया उत्पन्न गर्‍यो। तत्कालीन प्रधानमन्त्री कीर्तिनिधि विष्टले एक अन्तरवार्तामा बताएका थिए -".... भौगोलिक, सामाजिक र आर्थिक कुराको वास्तविकता वाहेक नेपालको निम्ति विशेष सम्वन्धको सिद्धान्त हाम्रो सम्बन्धहरुको आधुनिक प्रगतिसँग मेल खाँदैन।"- (गोरखापत्र ०२६असार ११ गते)

सिक्किम र भूटानप्रति भारतको अवधारणालाई नजिकबाट देखेका नेपालीहरू यो विशेष सम्बन्धको प्रसंगले सशंकित हुनु स्वभाविक थियो। भूटान र सिक्किमसँग भारतको विशेष सम्बन्ध रहेको थियो। दुवै देश आर्थिक राजनीतिक सबै रूपले "भारतको संरक्षित र अर्ध स्वतन्त्र राज्य बनेका" थिए - (हिन्दूस्थान एयर बुक १९६४, पार्ट सेकेण्ड, पेज ६९)। ती देशहरुको तत्कालीन स्थिति भारतसंगको विशेष सम्बन्धका परिणाम थिए। यस्तो स्थितिमा भारतीय पक्षले नेपालसंग पनि "विशेष सम्बन्ध" रहेको प्रसंग उठाउनु नेपालप्रतिको भारतीय दृष्टिकोण र नियत बिल्कुलै

राष्ट्रिय हित विपरित थियो भन्न कर लाग्छ। अत नेपालीहरू यस सम्वेदनशील सवाललाई लिएर आन्दोलित मानसिकतामा पुगे। यसै सन्दर्भमा हिरण्यलाल श्रेष्ठले लेखेका छन् -"भारतसंगको उपग्रह जस्तो सम्बन्धबाट विल्कुलै स्वतन्त्र स्तरमा आइसकेको नेपाललाई भारतीय विदेश मन्त्री दिनेश सिंहले १९६९ मा आएर "हाम्रो नेपालसंग विशेष सम्बन्ध छ जससँग हाम्रो इतिहास एवं परम्पराद्वारा बाँधिएका छौं" भन्नु अनुचित ढंगले नेपाली अहंमाथि जिस्किन खोज्नुजस्तै भयो। नेपालव्यापी सरकारी र गैरसरकारी क्षेत्रबाट उहाँको विशेष सम्बन्धको सिद्धान्तको ठूलो विरोध भयो।" - (नेपाल भारत सम्बन्ध पेज नं. ९९)

यिनै सव कारणले सन् १९६० देखि १९७० सम्मको दशक नेपाल र भारतवीच तनाव र टकरावको दशक रह्यो। तनावको मूल कारण भने व्यापार तथा पारवहन सम्बन्धी सवाल नै हो। १९७१ मा सम्पन्न सन्धिपछि तनाव केही मत्थर भयो। तत्कालीन भारतीय प्रधानमन्त्री मोरारजी देशाई ०३४ साल मंसीर २४ गते नेपाल आएका थिए। प्रधानमन्त्री भएपछि उनको यो भ्रमण छिमेकी राष्ट्हरूमा भएको पहिलो भ्रमण थियो। यस पछि विदेश मन्त्री बनेका वाजपेयीले आफ्नो १८ महिने कार्यकालमा ३ पटकसम्म नेपालको औपचारिक भ्रमण गरेका थिए। त्यस्तै १९८० को मार्चमा राजा श्री ५ वीरेन्द्रबाट भारतको औपचारिक भ्रमण गरिवक्सिएको थियो। "भारतप्रति नेपालको कुनै किसिमको इर्ष्या वा आशंका नरहेको र शुभेच्छाको अभाव पनि नभएको कुरामा भारतीय नेताहरूलाई विश्वास दिलाउनु यो भ्रमणको लक्ष थियो" भनिन्छ।

०३६ साल नेपालको राष्ट्रिय उथलपुथथलको वर्ष थियो। माथि उल्लेखित १९७१ को पारवहन सन्धिको अवधि यसै वर्ष समाप्त भयो। भारतले कुनै आनाकानी विना नै त्यो सन्धिलाई यही वर्ष पुनः नविकरण गऱ्यो र १९७८ सम्मका लागि कायम राख्यो। राष्ट्रिय राजनीतिमा केही फेरवदलका संकेतहरू देखिए पनि भारतले यो सन्धिमा कुनै फेरवदल गर्नु पर्ने आवश्यकता ठानेन। किनकि उक्त सन्धि नेपालको भन्दा बढी भारतीय हितमा केन्द्रित थियो। सन्धिको म्याद १९८५ मा सकिए पनि अरू ४ वर्ष थपेर १९८९ सम्म पुऱ्याइयो। उता व्यापार सन्धिको स्थिति पनि उस्तै थियो। दुवै सन्धिहरूमा अवधि थपथाप गरी एकै पटक अर्थात ०४५ साल चैत १० गते अवधि समाप्त भएको घोषित गरियो। ती दुवै सन्धि र अनधिकृत व्यापार नियन्त्रण सम्बन्धी सम्झौता समेतको म्याद थप गर्ने वा पुनः सन्धि गर्ने सवालमा नेपालले के कस्तो पहल गर्नु पर्थ्यो या पर्दैनथ्यो यो अलग्गै कुरा भयो। तर भारतले ०४६सालको वैशाखदेखि नै नेपाल भारतवीच रहेका व्यापार तथा पारवहनका सबै नाकाहरू एकतर्फी ढंगले वन्द गरिदियो। यो घटनाले नेपाली जनजीवनमा तुरुन्तै प्रभाव पार्न थाल्यो। पेट्रोलियम पदार्थ, नून, चिनी र अन्य दैनिक जीवन यापनका सामग्रीहरूको अभावले नेपालमा एक प्रकारको हाहाकार मच्चियो। निर्माण विकासका कामहरू ठप्पै भए। दैनिक जनजीवन अस्तव्यस्त भयो। नेपाल र भारतका आ-आफ्ना अडानहरू वारे दुवै तर्फका पत्र-पत्रिकाले प्रशस्त लेखेका थिए। यही गतिरोधका वीच ०४६ साल भाद्र ९ गते तत्कालीन विदेश मन्त्री पीभी नरसिंह रावको नेपाल भ्रमण सम्पन्न भयो। यस भ्रमणले पनि गतिरोधलाई समाप्त पार्ने दिशामा कुनै ठोस योगदान पुऱ्याउन सकेन।

पूर्वी नेपालको इलाम जिल्ला अन्तरगत सीमाक्षेत्र माने भञ्ज्याङमा ०४४ मंसीर २८ गते भारतीय सी.आर.पी.का जवानहरू प्रवेश गरी लुटपाट मच्चाएका थिए। उक्त घटनामा नेपालीहरूका घर भत्काउने, तोडफोड गर्ने र आगो लगाउने जस्ता अमानवीय काम गरेका थिए। माने भञ्ज्याङमा भएको यो भारतीय हस्तक्षेप बारे वास्तविकता बुझ्न मानेभञ्ज्याङ जान लागेका तत्कालीन जनपक्षीय रापंस पद्मरत्न तुलाधर, जागृत भेटवाल, नोवल केमी राई, सोमनाथ प्यासी लगायत प्रजातान्त्रिक राष्ट्रिय एकता मञ्चका केन्द्रीय सदस्य सुवोध प्याकुरेललाई मोरङको कानेपोखरीबाट गिरफ्तार गरिएको थियो।

निरंकुश पञ्चायती व्यवस्थाको विरूद्धमा संगठित प्रजातान्त्रिक तथा वामपन्थी शक्ति यही अवधिमा निर्णायक आन्दोलनमा जुट्यो। एक वर्ष देखि नेपाल भारत सम्बन्धमा आएको गतिरोधका कारण उत्पन्न संकटपूर्ण जनजीवन आन्दोलित मनस्थितिमा पुग्नु अस्वभाविक थिएन। ०४६ साल फागुन ७ गतेबाट शुरू भएको प्रजातान्त्रिक आन्दोलनले ५१ दिन पुग्दा नपुग्दै पञ्चायतलाई धरासायी पाऱ्यो। आन्दोलनको सफलता पछि कृष्णप्रसाद भट्टराईको नेतृत्वमा अन्तरिम सरकार गठन भयो। सरकार प्रमुख भट्टराईले सर्वप्रथम भारतको भ्रमण गरेका थिए। यो भ्रमणले एक वर्ष अघिदेखि चलिरहेको गतिरोधलाई सामान्यीकरण गऱ्यो।

प्रजातन्त्र पुनर्स्थापन पश्चात भएको संसदीय निर्वाचनमा बहुमत प्राप्त ने.का.को सरकारले भारतसंगको सम्बन्धलाई प्राथमिक महत्व दियो। सरकार गठन भएको केही समयपछि प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले ०४८ मंसीर १९ गतेदेखि २४ गतेसम्म भारतको भ्रमण गरेका थिए। सोही भ्रमणको अवसरमा भारत नेपाल आयोगको दोस्रो बैठकमा नेपाल भारत बीच टनकपुर परियोजना सम्बन्धी एउटा सहमति अभिलेख पारित भएको थियो। अभिलेखमा नेपालको तर्फबाट तत्कालीन जलश्रोत मन्त्री महेश्वरप्रसाद सिंहले हस्ताक्षर गरेका थिए।

नेपाल अधिराज्यको संविधान ०४७ को धारा १२६ को देहाय २ अनुसार व्यापक गम्भीर दीर्घकालीन असर पार्ने खालका सबै सन्धि सम्झौता संसदबाट दुई तिहाइ बहुमतले स्वीकृत गर्नु पर्ने संवैधानिक व्यवस्था छ। संसदबाट स्वीकृत भएपछि मात्र कार्यान्वियन प्रकृया शुरू गर्नु पर्ने प्रावधान हुँदा हुँदै सरकारले यसको समेत बेवास्ता गरी प्रक्रियालाई अगाडि बढायो। "टनकपुर परियोजना र जलश्रोतको उपयोग सम्बन्धी दुई देशबीच सहमति भएको घोषणा जानकारीमा आउनासाथ यो सहमति मात्र होइन, संझौता हो भन्ने राय व्यक्त गर्दै

यसलाई सार्वजनिक रूपमा बाहिर ल्याउने माग विभिन्न पार्टीहरूले गरे। ... तर सरकारले यसलाई सार्वजनिक किन गर्न चाहेन भने यसबाट नेपाली कांग्रेसको सरकारको राष्ट्रघाती चरित्र प्रष्ट हुन्थ्यो।" (- टनकपुरः राष्ट्रिय हित कि राष्ट्रघात - सम्पादक निनु चापागाईं - पेज नं. १)

टनकपुर सम्झौता पश्चात लगत्तै सम्झौताको विवरण सार्वजनिक गरियोस् भनी संसदमा बुलन्द आवाज उठ्यो। तर सरकारले यो सामान्य समझदारी मात्रै हो भनेर सदनलाई समेत गुमराहमा राख्ने प्रयत्न गऱ्यो। वास्तवमै टनकपुर सम्झौतामा भारतीय आकांक्षा र स्वार्थलाई नेपालको तत्कालीन कांग्रेस सरकारले अनुमोदन गरेको थियो। र इतिहासदेखि भारतीय नियतलाई नजिकबाट बुझ्दै आएका नेपाली जनताको प्रचण्ड विरोधको सामना तत्काल गर्नु नपरोस् भनेर हौला सम्झौता बारेको वास्तविकतालाई लुकाउनु नै जरूरी ठानियो। टनकपुर प्रकरणमा नेपालको राष्ट्रिय स्वाभिमान कुण्ठित भएको थियो। यसलाई समझदारी मात्र भनेर सदन मार्फत सम्पूर्ण राष्ट्रलाई गुमराहमा राख्न खोजे पनि अन्ततः टनकपुर सवाल सर्वोच्च अदालतमा पुग्यो।

साझा नदीको हक साझा नै हुन्छ भन्ने अन्तर्राष्ट्रिय प्रचलित मान्यता र कानूनलाई पनि यसमा वास्ता नगरी योजनाबाट उत्पादित १ सय २० मेघावाट विद्युत मध्ये केवल १ करोड युनिट र २ हजार क्युसेक पानीमा १ सय ५० क्युसेक मात्र दिने व्यवस्था तय गरिएको छ। सरकारले टनकपुर सन्धि गरेर पनि यो सन्धि होइन समझदारी हो भनेर ढाँट्दै, अपव्याख्या र प्रायोजित प्रचार गर्दै सडकमा उत्रिनेहरू उपर दमनचक्र चलाउँदै राष्ट्रघातको कामलाई सत्ताको बलमा सुल्झाउने अप्रजातान्त्रिक रवैया अपनाइरहेको बेला सर्वोच्च अदालतले संविधानको धारा १२६ (२) आकर्षित भएको ठहर गर्दै सन्धि नै ठहर गरी त्यसलाई संसदबाट अनुमोदन गराउनु पर्ने फैसला ०४९ मंसीर ३० गते गऱ्यो। यस फैसलाबाट सरकारले गरेको राष्ट्र विरोधी कामलाई अदालतले अमान्य ठहऱ्याएको थियो।

## सन् १९९४ र अतिक्रमणको श्रृंखला

प्रथम संसदीय निर्वाचन पछि वहुमत आर्जन गरेर सत्तासीन भएको नेकाको सरकारले नेपाली जनतामाथि विश्वासघात गर्दै टनकपुर सन्धिमा हस्ताक्षर गऱ्यो। तर पनि यो सन्धि होइन समझदारी मात्रै हो भनेर जनतालाई ढाँट्दै आएकोमा सर्वोच्च अदालतले सन्धि नै हो भनी किटानी गरेपछि र त्यस अघि पनि नेपाली कांग्रेसले नेपाली राष्ट्रियताको सौदावाजी गऱ्यो भन्दै टनकपुरको सवालमा देशव्यापी प्रचण्ड विरोधको लहर सिर्जना भयो। यसले टनकपुरबारे नेपाली जनताको भावनालाई अभिव्यक्त गरेको थियो। टनकपुर प्रकरण पछि क्रमश नेपालको अस्मिता माथि कुनै न कुनै प्रकारले भारतीय हस्तक्षेप तीव्र हुँदै गयो। यहाँ १९९४ भरी भारतीय अनधिकृत आक्रमणका केही घटनाहरूलाई संक्षेपमै भए पनि प्रस्तुत गर्नु सान्दर्भिक हुनेछ।

०५० माघ २१ गते पर्सा जिल्ला अन्तरगत वीरगञ्ज नपा-१ छप्कैयामा नेपाली भूमिमा प्रवेश गरी भारतीय वर्दीका प्रहरीहरूले हकिम मिया र जयमंगल राउत कुर्मीलाई गोली प्रहार गरेका थिए। गोलीद्वारा घाइते दुबैजना व्यक्तिहरू भारतमा आतंकवादीको सूचीमा परे पनि नेपालभित्र शान्ति सुरक्षाका पहरेदारका रूपमा चिनिन्थे। उनीहरूले तराईका विभिन्न सीमावर्ती क्षेत्रमा हुने डाँका गिरोहको सुराक नेपाल प्रहरीलाई दिने गरेको बताइन्छ। गोलीद्वारा घाइते दुबैजनालाई वीरगञ्जमा उपचार नहुने भएपछि हेलिकप्टरबाट काठमाडौं ल्याइएको थियो। केही बासिन्दाले हत्याराहरू प्रहरी नभएर भारतीय डाँका हुन् भनी बताएका थिए।

०५० चैत १४ गते राजधानी काठमाडौंको नयाँ वानेश्वरमा सशस्त्र भारतीय प्रहरीको एक जत्थाले आतंक सृजना गरेको थियो। करीव २० जनाको उक्त डफ्फाले विहान ६.४५ वजे दुई जना नागरिकका घरमा अनधिकृत प्रवेश गरी पिस्तोल ताक्दै हप्कीदप्की गरेका थिए। प्रत्यक्षदर्शी बताउँछन् - युपी ७० - इ.ओ ६१६ नम्बरको भ्यान र डिएल्सी ५०८६ नम्वरको कारमा आएका ती भारतीय प्रहरीका साथमा स्टेनगन, वम, भाला, हक्कीस्टिक र पेस्तोल आदि हतियार थिए। द्वारिकाप्रसाद शर्मालाई रिवल्भर देखाएर कतै हल्ला गरे ज्यान मार्ने धम्की दिँदै घरका सवै ढोका तथा सौचालय समेत खानतलासी गरिएको थियो। त्यसपछि मदनकृष्ण श्रेष्ठको घरमा प्रवेश गरी खानतलासी गरियो। सोही घरमा डेरा गरी वस्ने इद्रिस मिर्जाले आफ्नो कोठाको दराज फोरी रू. ६० हजार र सुनको औंठी समेत लगेको बताउँछन्। उनीहरू कुन उद्देश्यले किन आएका थिए, यो कुरा स्पष्ट हुन सकेन।

संसदको वैठक चलिरहेकै वेला घटेको यो घटनाको भोलिपल्टै भारतीय प्रहरी हस्तक्षेपका विरूद्ध संसदमा व्यापक हंगामा भएको थियो। सत्ता पक्षीय वा विपक्षी प्राय सवै सांसदहरूले उक्त घटनाको व्यापक विरोध गरेका थिए। प्राय सवै राजनीतिक पार्टीहरूले यसलाई भारतीय अतिक्रमणको संज्ञा दिंदै खेद व्यक्त गरेका थिए। यो घटनाको लगत्तै निस्किएका केही पत्रपत्रिकाले भारतीय प्रहरी राजधानी मै यसरी पस्न सक्नुका पछाडि भारतीय जासुसी संस्था "र" को ठूलो हात रहेको तर्फ संकेत गर्दै समाचार प्रकाशित गरेका थिए।

०५० चैत २३ गते भारतीय लोकसभाका सदश्य सुकदेव पासवान त्रिभुवन विमानस्थलमा पेस्तोल सहित पक्राउ परेका थिए। ती भारतीय सांसद कुन प्रयोजनका निम्ति हतियार सहित नेपाल पसेका थिए भन्ने बारे कतैबाट खुलस्त भएको छैन।

०५० चैत २४ गते कैलाली जिल्लाको सीमा पारी भारतीय प्रहरी चेकपोष्ट छेउको गौरीफन्टा जंगलमा भारतीय प्रहरीले एकजना नेपालीलाई झुण्ड्याएर मारेको कुरा नेपालगञ्जमा चर्चित थियो।

०५१ बैशाख १९ गते दिउँसो ११.४५ वजे गुलरियाकै खैरापुर गाविस-३ सगाहपुरका जलमेजर यादवलाई भारतीय सहकारी समिति बैंक नानपारा थाना

अन्तरगत चन्दनपुरका भारतीय कर्मचारीले घरैबाट अपहरण गरेका थिए। यूपीटी ४२७७ नम्बरको उत्तर प्रदेश सरकार लेखिएको जीपमा आएका ८/९ जनाको जत्थाले यादवलाई अपहरण गरेका थिए। घटनास्थल अथवा यादवको घर भारतीय सीमामन्दा १ कि.मी. वर नेपालभित्र पर्दछ।

०५१ जेठ २ गते राती बाँके जिल्लास्थित जयसपुर बस्ने एक नेपालीको हत्या भारतीय क्षेत्र नवावगञ्ज विरई गाउँमा गरिएको थियो। जयसपुर निवासी ती व्यक्तिलाई नेपाल भारत सीमानामा कार्यरत प्रहरी फनबहादुर गुरूङले नेपालबाट पक्राउ गरी भारतीय प्रहरीलाई बुझाएको बताइन्छ।

०५१ जेठ ७ गते घर व्यवहारका लागि सामान खरीद गर्न पर्सा जिल्लाको सीमानासँगै जोडिएको भारतीय बजार सिकटामा गएका ८ जना नेपालीलाई भारतीय प्रहरीले पक्राउ गरी बेतिया चलान गरेको थियो। यसरी पक्राउ पर्नेहरूमा पोखरीया गाविसका अच्छेलालप्रसाद यादव, विरंचीवर्वा गाविसका मोतिलाल महतो र सुरेन्द राउत, सवैठगा गाविसका धनञ्जय सिंह, मेदिहारी गाविसका नन्दकिशोर महतो र जाद्रोलाल साह, वसन्तपुर गाविसका पारसप्रसाद शाह तथा कट्टी वलुवा गाविसका टाइट पासवान थिए। गिरफ्तार नागरिक बारे सोधखोज गर्न गएका नेपाली प्रहरी अधिकृतलाई सिकटास्थित भारतीय हवल्दारले "माथिको आदेशबाट पक्राउ गरिएको" बताएका थिए।

०५१ साउन ५ गतेका दिन सादा पोशाकका ८ जना भारतीय प्रहरीहरूलाई २ ओटा जीप र १ मोटरसाइकिल समेत नवलपरासीको त्रिवेणीमा पक्राउ गरिएको थियो। यु.जी.एम. ६२६९, ७०८३ को जीप र यु.के.क्यु. ८३११ नं. भएको मोटरसाइकिलबाट अनधिकृत नेपाल पसेका ती भारतीय प्रहरीलाई त्यसै दिन छोडिएको थियो।

बम्बै बम विस्फोट काण्डको अपराधी ठानिएको याकुव अब्दूल रजाक मेननलाई काठमाडौंमा गिरफ्तार गरी कानूनी रित नपुऱ्याइ भारतलाई सुपुर्दगी गरिएको थियो। भनिन्छ मेननलाई ०५१ साउन ९ गते गिरफ्तार गरिएको थियो। नेपाल भारत बीच सुपुर्दगी सम्बन्धी सन्धि भए पनि अन्तर्राष्ट्रिय कानून अनुसार "अपराधका पर्याप्त आधारहरू भएमा अपराधीमाथि मुद्दा चलाई न्यायालयको निर्णयको आधारमा मात्र सुपुर्दगी" गरिनु पर्दछ। भारतको एक राज्यको प्रहरीले अनुमति बेगर अर्को राज्यमा गएर कुनै पनि अपराधी गिरफ्तार गर्न पाउँदैन भने एउटा स्वतन्त्र राज्य नेपालमा भारतीय प्रहरी पसी अन्तर्राष्ट्रिय कानून समेतलाई कुल्चेर बलात मेननलाई लैजानु नेपालमाथि भारतको हस्तक्षेपकै रूपमा लिनु पर्ने हुन्छ।

०५१ साउन २० गते नै नवलपरासी जिल्लाको त्रिवेणी नाकाबाट विहान नौ बजे यु.जी.एम. ६२६ र यु.जी.एम. ७०८३ को भारतीय नम्बर प्लेटका २ वटा भारतीय जीपमा हतियारधारी भारतीय प्रहरीहरू नेपाल पसेका थिए। हातहतियार सहित यसरी भारतीय प्रहरी नेपाल पसेको थाह पाउनासाथ स्थानीय जनताले घेराउ गरी तिनीहरूलाई प्रहरी चौकीमा बुझाई दिएका थिए। उनीहरूका साथमा सात थान पेस्तोल, चार नाल राइफल र एक नाल मेसिनगन तथा अर्को गाडीमा लोड गरिएको गोली गठ्ठा समेत थियो।

०५१ साउन २३ गते साँझ ७.३० बजेतिर ५ जना सशस्त्र भारतीय प्रहरीलाई अनधिकृत नेपाल प्रवेश गर्न लाग्दा नेपालगञ्ज स्थित भन्सार कार्यालयले पक्राउ गरी प्रहरी कार्यालयमा बुझाएको थियो। युपी ३२/९१६० नम्बरको सेतो एम्वेस्डर गाडी चढेर उनीहरू नेपाल प्रवेश गर्न खोज्दै थिए। भन्सार कार्यालयले गाडी जाँच गर्न खोज्दा उनीहरूले गाडीको नम्बर इन्ट्री गर्न र जाँच गर्न समेत दिएनन्। उनीहरूको यो शंकास्पद व्यवहारले नेपाली प्रहरीलाई झन बढी ससंकित बनायो र नेपाली अधिकारीहरूले ती भारतीय प्रहरीको खानतलासी लिए। तलासीको क्रममा उनीहरूको साथमा गोली भरिएको पेस्तोल समेत फेला परेको थियो। कान्तिपुर दैनिकले मंसीर २५ गतेको अंकमा उक्त समाचार प्रकाशित गर्दै ती प्रहरीहरू बम्बईबाट आएका र बरामद गरिएको परिचयपत्रमा उनीहरू प्रहरी भएको कुरा उल्लेख गरिएको छ। पक्राउ परेका व्यक्तिहरूमा उपनिरिक्षक वीएस डोंगरे, कन्सटेवलहरू रविन्द पी गन्धे, दिलिप शंकर नामदे, नाताजी वाधुकापडे, र सत्यवान भिक्सेन रहेका थिए। त्यस गिरफ्तारीको घटनापछि एक जना भारतीय अध्यागमन अधिकारीले त्यसदिन भारतीय प्रहरी हतियार सहित नेपाल पस्ने कुरा स्वयम् भारतीय सीमा क्षेत्रका प्रहरीलाई समेत थाहा नभएको बताएका थिए। साथै उनले पक्राउ परेका भारतीय प्रहरीलाई मुद्दा चलाइएमा भारतीय प्रहरीले पनि भारत आएका नेपाली प्रहरीमाथि जवाफी कारवाही गर्न सक्ने धम्की दिएका थिए।

०५१ साउन २५ गते वीरगञ्ज भन्सार चौकीबाट एउटा भारतीय एम्बेस्डर गाडीबाट नेपाल भित्र जबरजस्ती प्रवेश गर्न लागेका ५ जना भारतीय प्रहरीलाई गिरफ्तार गरिएको थियो। उनीहरूको साथबाट एउटा पेस्तोल र ६ ओटा गोली बरामद गरिएको थियो।

त्यसैगरी ०५१ साउन २८ गते काठमाडौं स्थित बानेश्वरको होलिल्याण्ड इन्टरनेशनल स्कूलमा हतियार बन्द भारतीय प्रहरीहरू प्रवेश गरी अनधिकृत छापा मारिएको थियो। विद्यालयको पठनपाठन कार्य चलिरहेकै बेला ३.३० बजे हामी भारतीय प्रहरी हौं भनी चुनौती दिँदै शुरूमा ३ जना पसेका र केही बेर पछि थप चारजना प्रवेश गरेका थिए। स्कूलका प्रिन्सीपल पि.एन. थापाका अनुसार ९३/९३ नं.को कार्ड भएको पी.आर. शिशुपाल नामक भारतीय सी.आइ.डी. इन्सपेक्टरको नेतृत्वमा उक्त टोलीले त्यहाँ प्रवेश गरेको थियो। यो अनधिकृत हस्तक्षेपपछि पाल स्वयम कालीमाटी प्रहरी कार्यालयमा गइ आत्मसमर्पण गरेको र प्रहरीले सोही दिन बेलुकी रिहा गरेको थियो। त्यसपछि उनीहरूको टोली कहाँबाट कता लाग्यो पत्तो भएन।

उपरोक्त घटनाको लगत्तै ०५१ साउन २८ गते अपरान्हतिर पुनः ५ जना भारतीय प्रहरीलाई पक्राउ गरिएको थियो। नेपालगञ्जको धम्वोजी चोक स्थित होटल ओरियन्टमा

बसेका ती प्रहरीहरूलाई वडा प्रहरी कार्यालयका प्रहरीहरूले होटलबाटै पक्राउ गरेका थिए। पक्राउ परेका व्यक्तिहरू भारतीय गुप्तचर संस्था सीवीआइसंग सम्बद्ध रहेका र तिनीहरू मध्ये एकजना नयाँ दिल्लीबाट आएका एसपी भएको कुरा जानकारी भएको थियो।

नेपालगन्जको उक्त घटना पछि ०५१ भदौ २ गते राससले जनाए अनुसार काठमाडौं स्थित नेपालको लागि भारतीय राजदुतावासले पराराष्ट्र मन्त्रालय समक्ष एक पत्र पठाइ नेपालगन्जमा भएको घटना प्रति जिम्मेवार भारतीय प्रहरीहरू माथि भारत सरकारले कडा कारवाही गर्ने विश्वास दिलाएको थियो। पत्रमा यस्ता अप्रिय घटना दोहोरिन नदिन भारत सरकार प्रतिवद्ध रहेको कुरा उल्लेख गरिएको थियो।

०५१ साउन ३१ गते काठमाडौंस्थित गोंगबु बसपार्क नजिक युपी ७७-५७५७ नम्बर प्लेट भएको गाडी लिएर आएका भारतीय नागरिकले गलत साइडमा गाडी रोकी ट्राफिक नियम तोडेपछि नेपाली ट्राफिकले उनीहरूको लाइसेन्स मागेका थिए। भारतीयहरूद्वारा "हम गिरिजाके आदमी है" भन्दै ट्राफिक प्रहरीलाई नै हात छोड्ने गरेकोले स्थानीय नागरिकहरू प्रतिकारमा ओर्लिए। केही भागे पनि बाँकी चारजनालाई घेरेर राखेकै बेला प्रहरीको ठूलो जत्था आइ व्यापक लाठी चार्ज गरी दर्जनौं नागरिकलाई घाइते बनाउनुका साथै ती भारतीय नागरिक र स्थानीय केही व्यक्तिहरूलाई पनि पक्राउ गरी प्रहरी कार्यालय लगिएको थियो। पक्राउ गरिएका भारतीय नागरिकहरूमा गुलाब गुप्ता, श्रीकृष्ण गुप्ता, ओमप्रसाद गुप्ता र श्याम गुप्ता थिए।

०५१ भदौ ३ गते दिउँसो ११ बजेतिर उत्तरप्रदेशका भारतीय प्रहरी शन्तकुमार पाण्डे र एकजना इन्सपेक्टर तौलीहवा नाकाबाट नेपाल पसेका थिए। वर्दी सहित मोटरसाइकलद्वारा प्रवेश गरेका ती प्रहरीलाई इलाका प्रहरी कार्यालयले पक्राउ गरी जिल्ला प्रशासन कार्यालयमा बुझाएका र जिल्ला प्रशासन कार्यालयले "अब आइन्दा वर्दी लगाएर बिना इजाजत नेपाल प्रवेश गर्ने छैन" भन्ने व्यहोराको कागज गराई छोडिएको थियो। उक्त घटनाको लगत्तै तौलिहवा प्रहरीले भारतस्थित खुनवा प्रहरी कार्यालयलाई वर्दी लगाएर नेपाल प्रवेश नगर्न पत्र समेत लेखेको थियो।

उपरोक्त घटनाको एक दिन अघि ०५१ भदौ २ गते जिल्ला प्रहरी कार्यालय धनुषाले भारतीय नागरिकहरू मिथिलेश यादव, रामदुलार मुखिगा, चन्द्रेश्वर पासवान श्रीमण्डल लगायत केही नेपाली नागरिक समेतलाई अवैध हातहतियार खरखजाना ऐन अन्तरगत पक्राउ गरेको थियो। जानकी नगरस्थित इन्द्रदेव ठाकुरको आल्मुनियम कारखानाको एक कोठाबाट थ्रिनटथ्रिको पाँच राउण्ड गोली र बारबोर बन्दूकको चारवटा टोटा फेला पारिएको थियो।

०५१ भदौ ५ गते साँझ ५ बजेतिर धनुषामा एमालेका कार्यकर्ता रामनारायण मण्डललाई अनधिकृत रूपले नेपाल प्रवेश गरेका १२ जना भारतीय नागरिकले सांघातिक आक्रमण गरेका थिए। त्यसपछि अनकार गाविसका पाँच वटा घरहरूमा लुटपिट गरी ती भारतीयहरूले आठ राउण्ड गोली समेत चलाएका थिए। स्थानीय बासिन्दाले घेरा हाली पक्राउ गरेर उनीहरू मध्येका मुमताज फकीर, मदनकुमार सिंह, बेरून महतो, रामलोचन महतो, रामइलार महतो समेत नौजनालाई यदुकुवा प्रहरी थानामा बुझाएका थिए। जयप्रकाश यादवको साथबाट दुइ वटा थ्रीनटथ्री गोली समेत बरामद भएको थियो।

०५१ भदौ महिनामा तराइका सीमावर्ती क्षेत्रमा भारतीय सैनिक जहाजहरूको अनधिकृत उडान भएको थियो। साँझ ७ बजेदेखि ८.३० सम्मको समय पारी प्राय हरेक दिन जसो भारतीय सैनिक जहाज घुम्ने गरेको कुरा प्रत्यक्षदर्शीले बताए। यहाँ स्मरणीय कुरा के छ भने अन्तर्राष्ट्रिय हवाई सुरक्षा नियमअनुसार एक देशले अर्को देशमा आफ्नो जहाज लैजान पूर्व स्वीकृति लिनु पर्दछ। सीमा क्षेत्रबाट नेपाली भूमिमा उडेका ती भारतीय सैनिक जहाज १० हजार देखि १४ हजार फीटको उचाईमा घुम्ने गरेको पाइयो।

०५१ भदौ १५ गते नवलपरासीको त्रिवेणी नाकाबाट भारत विहारका एक उच्च प्रहरी अधिकृतको नेतृत्वमा एक जत्था सशस्त्र भारतीय प्रहरीले नेपाल प्रवेश गर्न खोजेको थियो। तर उनीहरूलाई भन्सार चौकीले शिष्टतापूर्वक रोकेपछि त्रिवेणी - वाल्मिकीनगर नाका बन्द गर्ने आदेश दिएर उनीहरू फर्किए। त्यसपछि करीब एक हप्तासम्म भारतीय नाकाबन्दी कायम रहेको र स्थानीय जनजीवन अस्तव्यस्त र तनावपूर्ण रहेको थियो। यो घटनाको एकदिनअघि अर्थात ०५१ भदौ १४ गते राती ११.३० बजे रूपन्देही जिल्लाको मर्चवार-पिपरहवा गाविस-८ नगहमा दशजना जति भारतीय नागरिकहरूले आक्रमण गरी टिकोरी यादव र उनका पिता सिताराम यादवलाई उनीहरूको आफ्नै घरमा गोली हानी हत्या गरेका थिए।

०५१ असोज महिनामा अर्घाखाँची पालि गाविस घर भई भारतमा रोजगार गरिरहेका कृष्ण खनाललाई कृष्णनगर नाकाबाट नेपाल पस्नु अगाडि नै भारतीय प्रहरीले लुटेका थिए। उनको साथमा रहेको रू. ३२ हजार नगद र सरसामान लुटिएपछि फिर्ता पाउँ भनी आग्रह गर्दा प्रहरीले उल्टै बुटले कुल्चँदै निर्दयतापूर्वक कुटपिट गरी शरीरका जम्मै कपडा खोली नाङ्गै अवस्थामा छोडी दिए। खनालमाथि अमानवीय व्यवहार गर्ने ती भारतीय प्रहरीले यतिसम्म भनेका थिए - "ऐ बहादुर जा। नेपालगञ्जमे हमारे साथी हिरासतमे है, पहले वे लोगको हिरासतसे मुक्रकर बादमे तेरे रूपैया और सामान लेने आ।" स्मरणीय छ नेपालगञ्जमा हतियार सहित अनधिकृत प्रवेश गर्ने भारतीय प्रहरीलाई केही दिन हिरासतमा लिइएको थियो।

०५१ पुस १६ गते विराटनगर नगरपालिका-७ निवासी सौकत अहमदलाई एकजना भारतीय नागरिकले गोली हानी हत्या गरेको थियो। सौकत आफ्नो पसलबाट साँझ घर फर्कदै थिए।

नेपाल भारत बीच रहेको खुल्ला सीमानाको दुरूपयोग गरी अधिकांश सीमा क्षेत्रमा डकैती र लुटपाट जस्ता

कार्यमा संलग्न भारतीय नागरिकहरूले त्यस क्षेत्रका नेपाली नागरिकहरूलाई हैरानी र दुःख दिएका घटना यो वर्ष पनि प्रशस्तै भए।

०५० चैत १४ गते साँझ ७.३० बजे वीरगञ्ज शिख समुदायका अध्यक्ष आशा सिंहलाई वीरगञ्जस्थित जेलरोडमा जम्बु काश्मीर निवासी अजित सिंहले पेस्तोलको गोली प्रहार गरी हत्या गरेको थियो। तत्काल गिरफ्तार गरिएको अजितबाट ३ वटा गोली समेतको ७.५ एम एम को प्राउण्डिङ पेस्तोल बरामद गरिएको थियो।

०५१ बैशाख ५ गते बिहान पौने ९ बजे पर्सा जिल्लाको सीमावर्ती गाउँ भिस्वामा प्रहरी चौकीभन्दा करीब ५० मिटर पर रहेको एउटा चिया पसलमा भारत तर्फबाट आएको एक समूहले आठ ओटा भन्दा बढी हाते बम प्रहार गरेको थियो। उक्त बम प्रहारबाट २ जना गाउँलेहरू सामान्य घाइते भएका थिए। घाइते मध्येका अशोक शाह आफूलाई करीब २ महिना अगाडि पनि भारत तर्फबाट आएका व्यक्तिहरूले गोली प्रहार गरेको बताउँछन्।

०५१ बैशाख ५ गते नेपालगञ्जसंग जोडिएको भारतीय बजार बहराइचमा दिउँसै एकजना नेपाली युवकलाई लुटियो र गोली हानी हत्या गरियो। ती युवक दाङबाट बस किन्न भा.रू. ३० लाख लिएर लखनउ जान बहराइचको बस स्टपमा बस कुर्दै थिए।

०५१ बैशाख १५ गते गुलरियाको ६ कि.मी. दक्षिण तर्फ मुर्तिहा कतर्नियाघाटस्थित वन क्षेत्रको बाटोमा भारतीय लुटेराहरूले नेपाली साइकल यात्रीहरूलाई बाँधेर लुटेका थिए। उक्त लुटपाटका बीच साइकल लिई भाग्न खोज्दा गुलरिया गाविस-२ का वेतन यादवलाई कट्टुवा बन्दुकबाट गोली प्रहार गरियो। उनी घाइते भए र बर्दिया अस्पतालमा उनको शरीरबाट छर्रा निकालिएको थियो।

०५१ जेठ २९ गते बर्दिया जिल्ला अन्तरगत सानोश्री गाविस-७ की देउरूपा दमिनीलाई भारतीय नागरिकहरूले अपहरण गरी आमाबर्दिया भन्ने भारतीय जंगलमा लगी बलात्कार गरेपछि हत्या गरेर उनको लाश फालिएको थियो। त्यस्तै नवलपरासी जिल्लाको कावासोती निवासी प्रकाश केसीकी पत्नी सुशीला केसीलाई भारतको कप्तानगञ्ज थानाका पुलिस मुन्सीले अपहरण गरी बलात्कार गरेको बताइन्छ। केसी दम्पत्ति रोजगारको निम्ति कप्तानगञ्ज गएका थिए।

०५१ असार ५ गते पर्सा जिल्लाको सीमावर्ती गाउँबाट भारतीय सीमावर्ती गाउँ नरकटियागञ्जमा जन्ती गएका मिर्जापुर गाविसका इन्द्रभूषण उपाध्याय लगायत १० जनालाई १६ जना भारतीय डाँकाहरूको जत्थाले अपहरण गरेका थिए। अपहरण पछि जनही रू. ७५ हजार नदिए मारी दिने धम्की अपहरीतहरूका घर परिवारलाई दिएको र इन्द्रभूषणका पिताले रू. ७५ हजारको माग पूरा गरेपछि उनी अपहरण बाट मुक्त भई घर फर्केको, एकजना अर्को पनि मुक्त भएको र बाङ्की आठ जनालाई भदौ १२ गते हत्या गरिएको थियो। अपहरीत नेपालीहरूलाई भारत स्थित करहिया बसौली जंगलमा राखिएको थियो। मुश्किलले ज्यान जोगाई फर्किन सफल इन्द्रभ्रषणले बताएका थिए की त्यो "सेल" मा भारतीय प्रहरीहरू बारम्बार आइरहन्थे र प्रत्येक बेलुका रक्सी मासुको भोज चल्थ्यो।

०५१ असार १० गते पर्सा जिल्लास्थित सम्झौता गाविसका विनोद साह कलवार, किसोरी राउत, मनेजर साह कानू र हरपुर गाविसका जंगबहादुर राउतलाई भारतको सीमावर्ती बजार सिकटामा किनमेल गर्न गएको बेला त्यहाँका थाना प्रमुखले अनाहकमै पक्राउ गरी बेतिया चलान गरेका थिए।

म्याग्दीबाट वाग्लुङमा प्रविणता प्रमाण पत्र तहको परीक्षा दिन गएका विद्यार्थी चन्द्रबहादुर थापा र धनबहादुर केसी परीक्षा सकेर डुल्ने क्रममा सुनौली पुगेका थिए। ०५१ साउन ९ गते सुनौलीको नाकाबाट उनीहरूलाई केही भारतीयहरूले जबरजस्ती "दिल्ली चलो" भन्दै डी.पी.बी. ३६०० नं. बसमा चढाए। उनीहरूले अपशब्दले गाली गलौज गर्दै दुबैजनाको साथमा भएको नगद रू. १००० समेत लुटी बेलहियामा ओरालेका थिए।

०५१ भदौ ३ गते भैरहवाको सुनौली बजारमा दिन दहाडै बलराम शर्माको साथमा रहेको रू. ६० हजार भा.रू. भारतीयहरूले लुटी लगेका थिए। शर्मा भारतस्थित केरलाको रायनेष्ट धागो कारखानामा सुरक्षा गार्डको पदमा कार्यरत थिए। उनी ३ वर्षको संचित तलब लिएर आफ्नो घर कास्की लामाचौर फर्कदै थिए। भारू सटहीको क्रममा उनी भारतीय लुटेराबाट लुटिएका थिए।

०५१ मंसीर २० गते विराटनगरबाट भारतको विहार राज्य अन्तरगत सीतामढी तर्फ गइरहेका ३ जना नेपालीमध्ये दुईजनालाई सीतामढीदेखि ४ कि.मी. उत्तर खुल्ला सडकमा हतियारधारी भारतीयहरूले गोली हानी हत्या गरेका थिए। मृतकहरू पाल्पा निवासी कविराज बाराटी र झाजीप्रसाद रहेको बताइन्छ। उनीहरूको लाशलाई हत्यापछि ३०/३५ कि.मी. पूर्व लगेर फ्याँकिएको थियो। डब्लु बी ७४८७३९ को मारुती भ्यान भाडामा लिएर जाँदै गरेका ती व्यक्तिहरूलाई हत्या गरेपछि भ्यानका ड्राइभर गणेशप्रसाद लम्सालललाई भने डोरीले रूखमा बाँधेर कोर्राले हिर्काउँदै गर्दा गाउँलेहरूले देखी बचाएका थिए।

यसै वर्ष मंसीर महिनामा नेपालगञ्जदेखि करीब २०/२५ किलोमीटर दक्षिणपूर्व भारतीय सीमा क्षेत्रमा अवस्थित जमनान गाउँमा एकजना नेपालीलाई पेटमा भाला हानी मारिएको थियो। मृतक व्यक्ति आफ्नी छोरीको विवाहको लागि निमन्त्रणा बाँड्न गएका हजूर खटिक भएको बताइन्छ।

१९९४ का उपरोक्त सबै घटनाहरूलाई काठमाडौंबाट प्रकाशित हुने कान्तिपुर, गोर्खा एक्सप्रेश, छलफल, जनस्वतन्त्रता, जनमञ्च, दृष्टि, देशान्तर, नेपाल टाइम्स, नेपाली पत्र, पुनरजागरण, विमर्श, प्रकाश, महानगर, राष्ट्रपुकार, समकालिन, सुरूचि लगायतका साप्ताहिक तथा

**दैनिक पत्रिकाहरूले** महत्वका साथ प्रकाशित गरेका थिए। **नेपालमा यो वर्ष** भएका भारतीय हस्तक्षेपका घटनाहरूप्रति नेपाली पत्रकार जगत बढ्दै सम्वेदनशील भएको पाइयो।

यसरी एकपछि अर्को भारतीय हस्तक्षेपका घटनाले राष्ट्र राष्ट्रियता तथा राष्ट्रिय स्वाभिमान प्रति सजग नेपालीहरूलाई अझ सम्वेदनशील बनाइदियो। नेपाल प्रतिको भारतीय नियत राम्रो नभएको तर्फ यसै वर्ष मात्र घटेका यी हेपाहापूर्ण घटनाले पुष्टी गरेको छ। जनताको तहबाट यी भारतीय गलत रवैयाप्रति विरोध जनाइए पनि नेपालको सरकारले उचित ध्यान दिने चासो राख्ने र समस्यालाई उपयुक्त प्रकृया र प्रविधिद्वारा हल गर्ने कुनै प्रयत्न गरिएन भन्दा फरक पर्दैन।

नेपाली कांग्रेसप्रति इतिहासदेखि भारतमुखी तथा भारत परस्तको आरोप लाग्दै आएको थियो। विगत ३ वर्षको अवधि नेपाली शासनको बागडोर नेपाली कांग्रेसकै हातमा थियो। अरूबेला भन्दा यही वर्ष भारतीय अतिक्रमणका यति धेरै घटना घट्नु आफैंमा अर्को दुखद प्रसंग त हुँदै हो। भारतीय अतिक्रमणउपर मौनता साँध्नु नेपाली भावनाको अपमान पनि हो। यो मौनताका वावजुद प्रमुख प्रतिपक्षी दल नेकपा एमालेले भने भारतीय अतिक्रमणका घटनाउपर विरोध जनाउँदै ०५१ साउन २९ गते एक वक्तव्य प्रकाशित गरेको थियो। वक्तव्यमा भारतीय प्रहरीद्वारा मुलुकका विभिन्न ठाउँमा भएका हस्तक्षेप सम्बन्धी घटना बारे सर्वदलीय छानविन आयोग गठन गरी यथार्थ विवरण जनसमक्ष राख्न पनि माग गरेको थियो। चैत १४ गतेको वानेश्वरको घटनाको सन्दर्भलाई लिएर चलिरहेको सदनमा समेत हंगामा भएको थियो। चैत १५ गते देखि २१ गते सम्म प्रत्येक दिन जसो सदनमा गम्भीर वहस भएको थियो। चैत १८ गते सदनसमक्ष उक्त घटनाका सम्बन्धमा तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले सार्वजनिक महत्वको वक्तव्य दिनु भएको थियो। भारतीय प्रहरीको मिचाहा प्रवृत्तिको विरोधमा अधिकांश सत्तापक्षीय सांसदहरूले पनि आफ्ना अभिव्यक्ति प्रस्तुत गरेका थिए। यस अघि चैत १५ गते नै प्रतिनिधि सभाको वैठकमा उक्त घटनालाई लिएर केही वेरसम्म हंगामा भएको थियो।

"भारतीय प्रहरीद्वारा वानेश्वरमा गरेको खानतलासी र अन्य आतंकपूर्ण कारवाही नेपालको सम्प्रभुता र राष्ट्रिय स्वतन्त्रतामाथि गम्भीर हस्तक्षेप" हो भन्दै मुलुकका विभिन्न राजनीतिक पार्टीहरूले भर्त्सना गरेका थिए। प्रमुख प्रतिपक्षी दल एमालेले उक्त घटनालाई देशको सार्वभौमिकतामाथिको खुल्ला अतिक्रमणका रूपमा अत्यन्तै गम्भीरतका साथ लिएको बताएको थियो। राप्रपाले एक विज्ञप्ती प्रशारित गर्दै भनेको थियो - सो घटनाले प्रत्येक स्वाभिमानी नेपालीको हृदयमा गहिरो चोट पुऱ्याएको छ। यस्तै राष्ट्रिय जनमुक्ति पार्टी, राष्ट्रिय जनता परिषद, संयुक्त जनमोर्चा आदि पार्टीहरूले पनि छुट्टा छुट्टै वक्तव्य प्रकाशित गर्दै भारतीय प्रहरीको कारवाहीको निन्दा गरेका थिए।

क्रमिक रूपले हुँदै आएको नेपाल माथिको भारतीय अतिक्रमणका घटनाले नेपालका मानवअधिकारवादी संघ संस्थाहरूमा पनि रोष उत्पन्न गरेको थियो। यसै सन्दर्भमा ६ ओटा मानवअधिकार संस्थाहरूले संयुक्त रूपमा प्रधान मन्त्रीलाई एक स्मृतिपत्र दिने काम गरेका थिए। उक्त स्मृति पत्रमा भनिएको थियो - "एउटा स्वतन्त्र राष्ट्रमाथि अर्को राष्ट्रका सशस्त्र प्रहरीहरूको हस्तक्षेप हुनु भनेको त्यस राष्ट्रका सम्पूर्ण नागरिकहरूको स्वतन्त्रतामाथिकै हस्तक्षेप हो। सशस्त्र भारतीय प्रहरीको नेपाल प्रवेशबाट नेपाली जनताको सार्वभौम अधिकारको हनन भएको छ।" स्मृति पत्र प्रस्तुत गर्ने संस्थाहरूमा इन्सेक, इन्हुरेड, वाच, सीवीन, मासम र सिभिक्ट थिए।

०५१ भदौ २१ गते ६ ओटा मानवअधिकारसंग सम्बद्ध संस्थाहरूको संयुक्त आयोजनामा भारतीय हस्तक्षेपको विरोध गर्दै एक विरोध जुलुसको आयोजना गरिएको थियो। विरोध पत्र लिई भारतीय दूतावासमा पुगेको उक्त जुलुसमाथि प्रहरीले हस्तक्षेप गरी डा. मथुरा श्रेष्ठ, कृष्णप्रसाद सिवाकोटी, वद्रिप्रसाद खतिवडा, सुशील प्याकुरेल, डा. राजेश गौतम, गोपालकृष्ण सिवाकोटी, देवेन्द आले, चेतेन्द्रजंग ज्ञ लगायतका एकदर्जन मानवअधिकार कार्यकर्ताहरूलाई गिरफ्तार गरिएको थियो। नेपालमाथि लगातार भैरहेको भारतीय प्रहरी हस्तक्षेपको विरोधमा मानवअधिकार संस्थाहरूले हस्ताक्षर अभियान पनि सञ्चालन गरेका थिए।

**निष्कर्ष**

इतिहासदेखि वर्तमानसम्मका सबै घटनाक्रमहरूलाई हेर्दा के थाहा हुन्छ भने भारतले नेपालप्रति जहिलेसुकै पनि हेपाहा र हस्तक्षेपकारी व्यवहार गर्दै आएको छ। असमान र एकतर्फी स्वार्थ पूरा गर्ने किसिमले सन्धि सम्झौता थोपरेर नेपाललाई पराधिन र भारत आश्रित मुलुक बनाउने दुराशय राखेको छ। भारतको यो कुत्सित आशयको विरोधमा नेपाली जनमत इतिहासदेखि नै संघर्ष गर्दै आएको हो, जुन लडाई वर्तमानमा पनि जारी छ। तिनतिर सीमा जोडिएको र नेपालभन्दा २२ गुना ठूलो राष्ट्र भारतले आफ्नो छिमेकी राष्ट्र नेपालप्रति उचित सम्मान दिनै पर्दछ। साथै विगतमा भएका एक पक्षीय सन्धि सम्झौताहरूलाई बदलिएको परिस्थिति अनुरूप संशोधन र समयानुकूल परिमार्जन गर्नै पर्दछ। नेपालको सरकारले पनि भारतमुखी प्रवृत्ति र पराश्रित मनस्थिति त्यागेर एउटा स्वतन्त्र र सार्वभौमसत्ता सम्पन्न राष्ट्रको हैसियत कायम गर्न तत्पर रहनै पर्दछ। यसको निम्ति विगतका सरकारहरूको घुँडा टेकुवा नीतिको अनुशरण गरेर हुँदैन। हिजोका सरकारद्वारा गरिएका कुनै त्यस्ता गुप्त सन्धि सम्झौता छन् भने तिनीहरूलाई सार्वजनिक गर्दै १९५० लगायतका कतिपय त्यस्ता असमान सन्धिहरूलाई राष्ट्रिय हित र राष्ट्रिय स्वार्थ परिलक्षित हुने गरी संशोधन र परिमार्जन गर्नमा पहल गर्नु जरूरी छ। यसो गरेमा मात्रै नेपाल भारत बीचको सम्बन्ध साँचो अर्थमा मैत्रीपूर्ण बन्ने छ।

■

# अनुसूचि ३

# सन् १९९४ मा मानवअधिकार स्थिति बारे राजनीतिक पार्टीका धारणा

## नेपाल कम्युनिष्ट पार्टी (एमाले)

निकै लामो समयदेखि नेपाली जनताले न्यायपूर्ण आन्दोलन चलाउँदै आए। निरंकुश पंचायती शासन कालमा जनता आफ्ना सामान्य मौलिक अधिकारहरूको उपभोग गर्नमा समेत वञ्चित रहेका कारण जनअधिकारको संरक्षण र सम्वर्द्धनका लागि नेपाली जनताले चलाउँदै आएको आन्दोलन ०४६ सालमा आएर बहुदलीय व्यवस्थाको स्थापना गर्न सफल रह्यो।

०४६ सालको जनआन्दोलनपछि स्थापित बहुदलीय व्यवस्थाले प्रजातन्त्र र मानवअधिकारको सम्मान गरिनु पर्ने कुरालाई स्पष्टतः दिशाबोध गराएको थियो। सोही अनुरूप संविधानको निर्माण पनि भयो। तर ०४६ सालको जनआन्दोलनको भावना र त्यस अनुरूपको संविधान बमोजिम राज्य वा सरकारबाट काम कारबाही भए वा भएनन् भन्ने सन्दर्भमा नै मुलुकको मानवअधिकार स्थितिको बारेमा प्रतिक्रिया व्यक्त गर्नु वाञ्छनीय देखिन्छ।

मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अनुबन्धहरूलाई नेपालले पनि स्वीकार गरिसकेको छ र हाम्रो संविधानमा पनि त्यो कुराको प्रतिविम्बन भएको छ। मानवअधिकारका विभिन्न पक्षहरू राजनीतिक, आर्थिक, सामाजिक र सांस्कृतिक अधिकारका रूपमा वर्गीकृत गरिएका छन्। ती सबै खालका अधिकारहरूको सुरक्षा र सम्मान गरिनु अत्यन्त जरूरी छ। त्यस सन्दर्भमा विपन्न समुदायप्रति विशेष ध्यान पुर्‍याएर मानवअधिकारको मान्यतालाई अगाडि बढाउने दृष्टिकोण अँगाल्नु पनि नेपाल जस्तो मुलुकका लागि आवश्यक ठहरिएको छ।

गएको वर्ष नेपालमा मानवअधिकारको स्थिति सन्तोषजनक रहन सकेको देखिएन। संविधान प्रदत्त अधिकारहरूको उपभोग गर्दा मुलुक र आम नागरिकको हितलाई ख्याल गर्ने काम नभएको महशूस गत वर्ष गरियो भने केही आपत्तिजनक कानूनहरू गएको वर्ष पनि खारेज गरिएनन्। मानवअधिकार उल्लंघनका असंख्य घटनाहरू देशका विभिन्न भागहरूमा देखा परे।

**१. संविधान र कानूनसंग सम्बन्धित सवालहरू**

(क) राज्य वा सरकार प्रमुखले आफ्नो संवैधानिक अधिकारको प्रयोग गर्दा मुलुक र आम नागरिकको सर्वोपरि हितलाई ध्यानमा राखेर गर्नु पर्ने हुन्छ। जन भावना र मुलुकको हित विपरीत हुने कुनै पनि कार्य संविधान सम्मत हुन सक्दैनन्। तसर्थ एउटा जिम्मेवार पक्षले आफ्नो अधिकारको प्रयोग गर्दा स्वविवेकको पनि प्रयोग गर्नु पर्ने देखिन्छ। तर त्यस तर्फ कुनै सोचविचार नै नगरी एक्कासी ०५१ असार २६ गते तत्कालीन प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाले प्रतिनिधि सभा विघटन गरी मध्यावधि निर्वाचन गर्ने सिफारिश गर्नु भयो। श्री ५ बाट त्यसको घोषणा गरिबक्स्यो। यसबाट अनावश्यक रूपमै राष्ट्रको आर्थिक अवस्थामा मात्र असर परेन, मानवअधिकार उल्लंघनका थुप्रै घटनाहरू पनि भए।

(ख) नेपाल बहुभाषी, बहुजाति र बहुधार्मिक नागरिकहरू भएको मुलुक हो। तर ती सबैको सम्मान गर्ने दृष्टिले संवैधानिक व्यवस्था गर्ने काम गएको वर्ष पनि भएन।

(ग) नेपाल अधिराज्यको संविधान-०४७ को निर्माण भएको १ वर्ष पछि यस संविधानको भावनासंग मेल नखाने खालका कानूनहरू स्वतः खारिज गरिने भन्ने संवैधानिक प्रावधान छ। तर त्यस्ता कतिपय कानूनहरू खारेज गरिएका छैनन्। हाम्रो पार्टीले त्यस्ता कानूनहरू खारेज गर्न र फेरबदल गर्न निरन्तर आवाज उठाउँदै आएको छ। नेपाली कांग्रेसको शासन कालमा त्यस्ता कानून खारेज गर्ने कुनै विधेयक ल्याउने काम सरकारी पक्षबाट भएन। हाम्रो तर्फबाट ल्याइएका विधेयकहरू सरकारी पक्षबाट विना छलफल तुहाउने काम भएको थियो। यतिबेला हाम्रो पार्टी सरकारमा भर्खरै पुगेको छ। आगामी अधिवेशनमा त्यस्ता कानूनहरू खारेज गर्न हाम्रो पार्टी प्रयत्नशील रहेको छ।

(घ) बहुदलीय व्यवस्थाको स्थापना पश्चात नेपालले १४ वटाभन्दा बढी मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिहरूमा हस्ताक्षर गरिसकेको छ। त्यस्ता अभिसन्धिहरूमा आफ्नो सहमति जनाई सकेर पनि विगतको नेपाली कांग्रेसको सरकारले तदनुरूप नेपालमा मानवअधिकारको संरक्षण गर्ने तत्परता देखाएन। मानवअधिकार सम्बन्धी अन्तर्राष्ट्रिय अभिसन्धिमा हस्ताक्षर

गरिसकेपछि त्यही अनुरूपका कानूनहरू पनि बनाइनु पर्थ्यो। हाम्रो पार्टीले त्यस सम्बन्धमा वारम्बार आवाज उठाउँदा पनि तत्कालीन सरकारले कुनै चासो देखाएन।

हाम्रो पार्टी मानवअधिकारको रक्षा र सुदृढीकरणमा सदा प्रतिवद्ध रहँदै आएको छ। हिजो प्रतिपक्षमा रहँदा पनि हाम्रो पार्टीले अन्तर्राष्ट्रिय अभिसन्धिहरूका आधारमा कानूनहरूको निर्माण गर्नु पर्ने र मानवअधिकार आयोगको गठन हुनु पर्ने कुरा उठाउँदै आएको थियो। अहिले पनि हाम्रो पार्टी यस सवालमा प्रतिवद्ध छ। नेकपा (एमाले) को सरकार बनेदेखि नै हामीले तत्कालै मानवअधिकार आयोग गठन गर्ने तर्फ अग्रसर हुन सरकारलाई प्रेरित गरेको र हाल सरकार मानवअधिकार आयोग गठन गर्ने प्रक्रियामा अगाडि बढिसकेको कुरा सर्वविदितै छ।

## २. मानवअधिकार उल्लंघनका केही प्रमुख घटनाहरू

(क) मध्यावधि निर्वाचनका सिलसिलामा दाङको विजौरीमा नेपाली कांग्रेसका तत्कालीन मन्त्री खुमबहादुर खड्काको संरक्षणमा रहेका सत्तापक्षीय व्यक्तिहरूले ०५१ कार्तिक १७ गते हाम्रो पार्टीका कार्यकर्तामाथि गोली प्रहार गरे। उनीहरूले चलाएको गोलीबाट हाम्रो पार्टीका कार्यकर्ताहरू नारायण चौधरी, पुष्प घिमिरे र कृष्णबहादुर चौधरीको मृत्यु भयो। त्यस बाहेक हाम्रो पार्टीका पूर्व सांसद शिवराज गौतम, जिल्ला सचिव श्रीमणि आचार्य, भुवन देवकोटा, मदन के.सी., देवराज एम.सी., केशवराज रोक्का, जोगबहादुर वि.क., तिलकराम चौधरी, गोपाल सिलवाल लगायत थुप्रै कार्यकर्ताहरू सख्त घाइते भए। प्रजातन्त्र र मानवअधिकारको दुहाई दिने नेपाली कांग्रेसले चुनावको समयमा स्वच्छ प्रतिस्पर्धादेखि डराएर हिंसा मच्चाएको थियो।

(ख) धनुषाका वामपन्थी नेता रामवृक्ष यादवको ०५१ भदौ २ गते नेपाली कांग्रेसका व्यक्तिहरूले गोली, कोदालो आदिको प्रहारद्वारा हत्या गरे। वामपन्थी विचारको प्रभावलाई हिंसाद्वारा नै समाप्त गर्ने उद्देश्यले उनको सुनियोजित ढंगले हत्या गरिएको थियो।

त्यस्तै ०५१ जेठ २४ गते धनुषाकै सिरसिया गाविसको तारापट्टीमा घरायसी झगडाका कारण भएको एउटा हत्यालाई सत्तापक्षका व्यक्तिहरूले एमालेका कार्यकर्ताले मारेको भनी राजनीतिकरण गरे। त्यसपछि नेपाली कांग्रेस पार्टीका कार्यकर्ताहरूले एमाले समर्थक जनताका घरहरूमा आक्रमण गर्ने र लुटपाट मच्चाउने काम गरे। उनीहरूको आक्रमणबाट एमालेका थुप्रै कार्यकर्ताहरू घाइते भए। घाइते हुनेहरूमा बुढाबुढी र केटाकेटी समेत थिए। थुप्रैलाई झूठो मुद्दामा फसाइयो। कांग्रेसले मच्चाएको आतंक सहन नसकी घर छोडेर भाग्न सामान्य नागरिक समेत वाध्य भए।

(ग) यस किसिमका हत्या-आतंकका घटनाहरू रोल्पा, रूकुम लगायत देशका अन्य भागहरूमा पनि भए।

(घ) प्रतिनिधि सभाको विघटनपछि हाम्रो पार्टी लगायतका वामपन्थी दलहरूले चलाएको शान्तिपूर्ण आन्दोलनका क्रममा हजारौंलाई गिरफ्तार गरी झूठो मुद्दा समेत लगाइयो। ०५१ साउन ५ गतेको नेपाल बन्दका दिन सयौं राउण्ड अश्रुग्यास प्रयोग गरियो। त्यस दिन साँझ वीर अस्पताल नजिक प्रहरीले चलाएको गोलीबाट ५ जना घाइते भएका थिए।

(ङ) ०५१ भदौ ३ गते सिंहदरवार घेराउ कार्यक्रममा हाम्रो पार्टीका अध्यक्ष मनमोहन अधिकारी, महासचिव माधवकुमार नेपाल, नेताहरू वामदेव गौतम, भरतमोहन अधिकारी, अमृतकुमार बोहरा, राधाकृष्ण मैनाली, सहाना प्रधान, के.पी. ओली, सी.पी. मैनाली, त्रिलोचन ढकाल, झलनाथ खनाल, ईश्वर पोखरेल, राजेन्द्र श्रेष्ठ, अष्टलक्ष्मी शाक्य, सिद्धिलाल सिंह लगायत हजारौं कार्यकर्ताहरूलाई गिरफ्तार गरियो। सो दिन गिरफ्तार गरिएका अन्य नेताहरूमा संयुक्त जनमोर्चाका अध्यक्ष निरञ्जनगोविन्द वैद्य, लीलामणि पोखरेल, नेकपा (संयुक्त) का महासचिव विष्णुबहादुर मानन्धर, नेपाल कम्युनिष्ट लिगका महासचिव शम्भुराम श्रेष्ठ, नेकपा (एकता केन्द्र) का निर्मल लामा, नेकपा (मसाल) का नेता चित्रबहादुर के.सी. आदि पनि हुनुहुन्थ्यो। शान्तिपूर्ण आन्दोलनमा देशका सम्मानित नेताहरूलाई समेत अपमानजनक ढंगले गिरफ्तार गरी तत्कालीन गिरिजा सरकारले मौलिक अधिकारको ठाडो उल्लंघन गरेको थियो।

(च) गत वर्षको चैत १४ गते नेपालको राजधानीको वानेश्वर क्षेत्रमा सशस्त्र भारतीय प्रहरीद्वारा नेपाली नागरिकहरूको घरमा पसी आतंक मच्चाइयो। यो घटना नेपाली सार्वभौमिकता माथिकै अतिक्रमण थियो। हाम्रो पार्टीले यो घटना हुनासाथ आवश्यक कारवाही अगाडि बढाउन जोडदार ढंगले आवाज उठायो। तर गिरिजा सरकार हाम्रो आवाजलाई मात्र होइन, नेपालको राष्ट्रिय सार्वभौमिकतालाई नै बेवास्ता गर्न पुग्यो। जसका कारण भारतीय प्रहरी अतिक्रमणका घटनाहरू श्रृंखलाबद्ध रूपमा लगातार भई नै रहे। हामीले हरेक घटनाका विरूद्ध आवाज उठाउँदा पनि सरकारले ती हरेक घटनाप्रति आँखा चिम्लिने काम गर्‍यो। भारतीय प्रहरीहरूको नेपालमाथिको अनधिकृत अतिक्रमणको यो श्रृंखलाले हाम्रो राष्ट्को स्वतन्त्र अस्तित्व र नेपाली जनताको सम्मानित रूपले बाँच्न पाउने अधिकारमाथि खुल्लमखुल्ला हस्तक्षेप गरेको स्पष्ट हुन्छ।

(छ) ०५१ कार्तिक २९ गते सम्पन्न निर्वाचनमा गिरिजा सरकारले देशका विभिन्न ठाउँमा आतंक मच्चाउने, बुथ कब्जा गर्ने जस्ता कामहरू गर्‍यो। सत्तापक्षबाट मतदाता नामावली तयार गर्ने क्रममा नै धाँधली गरिएको थियो। धेरै जसो ठाउँमा स्पष्ट रूपले चिनिएका विपक्षी मतदाताहरूको नाम छुटाउने काम भएको थियो भने सत्तापक्षीय मतदाताहरूको नाम मतदाता नामावलीमा दोहोरो रूपमा अंकित गरेको पनि पाइयो। त्यसरी आफ्नो नाम मतदातामा नभएकाहरूले छुट नामावली समावेश गर्न प्रस्तावक, समर्थक सहित मतदाता स्वयं उपस्थिति हुनु पर्ने अनावश्यक व्यवस्था गरिएको थियो। छुट मतदाताहरू विपक्षी दलहरूको बढी भएकाले सकेसम्म ती

भएकाले सकेसम्म ती नामहरू समावेश नहोउन् भन्ने उद्देश्यले सरकारले त्यसो गरेको थियो।

निर्वाचनका दिन सत्ता पक्षले हरेक ठाउँमा मतदातालाई जबर्जस्ती आफ्नो पक्षमा ल्याउने प्रयत्न गर्‍यो। सचेत मतदाताहरूले सत्तापक्षको त्यो प्रयत्नलाई केही ठाउँहरूमा विफल बनाइदिए। तर कतिपय ग्रामीण र तराई क्षेत्रका जिल्लाहरूमा आफ्ना उम्मेद्वारहरूलाई जिताउन सरकारले आफ्नो शक्ति खुल्लमखुल्ला प्रयोग गर्‍यो। त्यस्ता जिल्लाहरूमा दोलखा, नुवाकोट, सप्तरी, धनुषा, महोत्तरी, ताप्लेजुङ्ग, पाँचथर, सुनसरी, दाङ, रोल्पा, रूकुम, सर्लाही, कपिलवस्तु, नवलपरासी, सिन्धुली, पर्सा, रौतहट, तनहुँ, लमजुङ्ग आदि रहेका छन्। यी जिल्लाका कतिपय मतदान केन्द्रहरूमा सत्तापक्षले अन्य दलका प्रतिनिधिहरू समेत राख्न नदिई बुथ कब्जा गरेको थियो। एउटा उदाहरणको रूपमा नुवाकोटको निर्वाचन क्षेत्र-१ को भाल्चे गाविसको मतदान केन्द्रलाई लिन सकिन्छ। सो मतदान केन्द्रमा जम्मा २ हजार २ सय ५२ मतदाता थिए। जसमध्ये २ हजार २ सय ८ मत खसाइयो। त्यसमा नेपाली कांग्रेसले २ हजार १ सय ९४ मत प्राप्त गरेको पाइन्छ भने एमालेले ९ र राप्रपाले ५ मत मात्र प्राप्त गरेको देखिन्छ। यसबाट नेपाली कांग्रेसले कति नाङ्गो रूपमा बुथ कब्जा गरेको थियो भन्ने कुरा स्पष्ट हुन्छ।

(ज) यस बाहेक पनि गत वर्षको गिरिजा शासन कालमा अन्य अनगिन्ती घटनाहरू भएका छन्, ती सबै घटनाहरू यहाँ उल्लेख गर्नु सम्भव छैन। माथि उल्लेखित घटनाहरूबाट नै गत वर्षको मानवअधिकार स्थिति खराब रहेको स्पष्ट हुन्छ।

(झ) ०५१ मंसीर १३ गते हाम्रो पार्टीको सरकार बने यता मानवअधिकार उल्लंघनका घटनाहरूमा निश्चित रूपले कमी आएको छ। हाम्रो पार्टी मुखले मात्र मानवअधिकारको कुरा नगरेर व्यवहारमा पनि मानवअधिकारको प्रत्याभूति दिन प्रयत्नशील रहेको छ। नेकपा एमालेको सरकार बनेपछि राज्य वा सरकारी हिंसाको घटना एउटै मात्र पनि छैन भने प्रहरीले गोली चलाएको घटनासम्म पनि भएको छैन। त्यसरी नै गिरफ्तारीको उल्लेख्य कुनै घटना यस बीचमा नहुनु र जेलमा बन्दीहरूको संख्या समेत क्रमशः घट्दै जानुले मानवअधिकारको स्थिति सन्तोषजनक बन्दै जान लागेको महशूस सर्वत्र गरिँदैछ। यो स्थिति भनेको बहुदलीय व्यवस्थाको स्थापना पछिको सबैभन्दा राम्रो स्थिति हो भन्ने कुरामा दुईमत छैन। निकट भविष्यमै मानवअधिकार आयोगको गठन भएपछि यो स्थितिमा अझै सुधार आउने छ भन्ने विश्वास हामी दिलाउन चाहन्छौं।

*केशवलाल श्रेष्ठ*
*कार्यालय सचिव*
*नेकपा (एमाले)*
*केन्द्रीय कार्यालय*

## नेपाल कम्युनिष्ट पार्टी (मसाल)

संयुक्त राष्ट्र संघले मानवअधिकार बारे विस्तृतरूपले व्याख्या गरेको छ। तर मुख्य प्रश्न तिनीहरूलाई कसरी लागू गर्ने भन्ने हो। संयुक्त राष्ट्र संघका घोषणा पत्र, सन्धि तथा विभिन्न सरकारहरूका संविधानहरूमा स्वीकृत मानवअधिकारको सूची धेरै लामो छ। तर त्यो भन्दा कैयौं गुना लामो सूची ती अधिकारहरूको उपेक्षा र उल्लंघन गरेको छ। यो विरोधाभासको समाधानको उपाय के हो ?

विभिन्न अन्तर्राष्ट्रिय र राष्ट्रिय मानवअधिकारवादी संस्थाहरूद्वारा प्रकाशित प्रतिवेदनहरूमा मानवअधिकारको उल्लंघन सम्बन्धी थुप्रै तथ्यहरूको चर्चा हुन्छ। त्यसप्रकारका घटनाहरूका विरूद्ध आवाज पनि उठाउने गरिन्छ। तर त्यस प्रकारका प्रतिवेदनहरू केही राजनैतिक वा नागरिक अधिकारहरूका हनन, राजनैतिक प्रकारका घटना, हत्या वा जघन्य रूपमा भएका यातनाका कारवाही आदिसम्म मात्र सीमित हुन्छन्। तर वास्तविक जीवनमा मानवअधिकारको उल्लंघन त्यो भन्दा लाखौं गुना बढी हुन्छ, जति त्यस प्रकारका प्रतिवेदनहरूले प्रकाशमा ल्याउँछन्। मजदुरहरूमाथि पूँजीपतिहरूले, किसानहरूमाथि सामन्त, ठूला साहू-सेठ वा प्रशासनले, दलित जातिमाथि उच्च जातिहरूले, महिलाहरूमाथि पुरूष र परिवारहरूले, त्यस्तै अन्य विभिन्न सामाजिक स्तरमाथि अन्य विभिन्न प्रकारले समाजमा व्यापकरूपमा शताब्दीयौंदेखि आइरहेका शोषण, उत्पीडन, अन्याय, अत्याचार, गाली, बेइज्जती, कुटपिट, मानसिक प्रताडना, शारीरिक यातना, सामाजिक, आर्थिक वा सांस्कृतिक अधिकारको हनन वा सामाजिक, आर्थिक तथा सांस्कृतिक क्षेत्रमा विद्यमान विभिन्न प्रकारका असमानता, भेदभाव, छुवाछूत, दासत्व वा अर्द्ध दासत्व र अरू असंख्य प्रकारले रातदिन विश्वव्यापी समाजमा व्यापकरूपले भइरहने सयकडौं-हजारौं होइन, लाखौं-करोडौं तथ्यहरूको कतै कुनै उल्लेख, चर्चा वा विरोध हुँदैन। वास्तवमा आजको आवश्यकता समाजमा भइरहेका यी सम्पूर्ण मानवअधिकारको अपहरणलाई रोक्ने हो। तर प्रश्न यो छ, त्यो कार्य कसरी संभव छ ? के त्यो कार्य वर्तमान आर्थिक, सामाजिक वा राजनैतिक संरचनाभित्र सम्भव छ वा त्यसमा आमूल परिवर्तनको आवश्यकता छ ? यदि त्यसप्रकारको परिवर्तन आवश्यक छ भने त्यो कार्य कसरी सम्पन्न हुन सक्दछ ?

यस सन्दर्भमा एउटा अर्को पक्षमाथि पनि हाम्रो ध्यान जानु पर्ने आवश्यकता छ। वास्तविक अर्थमा मानवअधिकारको रक्षाका लागि यो आवश्यक छ कि कुनै व्यक्ति, समूह, वर्ग, सामाजिक व्यवस्था वा सरकारद्वारा अरूको अधिकारमाथि हुने आघातलाई रोक्नका लागि प्रभावशाली कदम उठाउनु पर्दछ। ती प्रभावशाली कदम के हुन् र के हुन सक्दछन् ?

समाजवाद र पूँजीवादका बीचमा विश्वव्यापी रूपमा चलिरहेको संघर्षको प्रकृतिको चर्चाविना

मानवअधिकारको चर्चा अधूरो रहनेछ। मानवअधिकारको हनन मूल रूपमा हामीले समाजमा हजारौं वर्षदेखि विद्यमान शोषणप्रधान व्यवस्थामा नै खोज्नु पर्दछ। जुन व्यवस्था, सामन्तवाद, पूँजीवाद वा साम्राज्यवादको आधारशीला नै अरूको शोषण र उत्पीडन हो। त्यसकारण ती व्यवस्थाहरूका ढाँचाभित्र वास्तविक अर्थमा मानवअधिकारको रक्षा सम्भव हुन्न। आज मानवअधिकार सम्बन्धी विभिन्न घोषणा र तिनीहरूको कार्यान्वियनको पक्षमा भएको भारी अन्तरबाट त्यो कुरा प्रष्ट हुन्छ। समाजमा विश्वब्यापी रूपमा जुन व्यापक पैमानामा मानवअधिकारको हनन भइरहेको छ, त्यसलाई समाप्त गर्नका लागि त्यस प्रकारका सामाजिक, आर्थिक वा राजनैतिक व्यवस्थाहरू ध्वस्त हुनु पर्दछ र पुनः मानवअधिकारको अपहरण वा हनन गर्ने दिशातिर उठाइने प्रत्येक कदम, त्यसप्रकारका आर्थिक, सामाजिक व्यवस्था वा राजनैतिक प्रणालीहरूको स्थापना वा पुनर्स्थापनाकालागि गरिने प्रत्येक प्रयत्नलाई मानवअधिकारको व्यापकहितमा दबाउनु पर्दछ। खालि मानवअधिकारको हननमाथि टिकेका व्यवस्थाहरूलाई शक्ति वा सशस्त्र संघर्षद्वारा ध्वस्त पारेर तिनीहरूका ठाउँमा समाजवादी व्यवस्थाको निर्माण गरेर तथा मानवअधिकारको हननका लागि उठाउने प्रत्येक कदम वा त्यस प्रकारको व्यवस्थाको पुनर्स्थापनाका दिशामा गरिने प्रत्येक प्रयत्नलाई सर्वहारा वर्गको अधिनायकत्व अन्तरर्गत दबाएर नै वास्तविक अर्थमा मानवअधिकारको रक्षा हुन सक्छ। तर आज पूँजीवादी जगतमा व्याप्त भ्रान्त, दूषित वा विकृत सोचाइहरूका कारणले मानवअधिकारको हननको मूल सामाजिक, आर्थिक कारण, मानवअधिकारको अपहरणमाथि टिकेका व्यवस्था, तिनीहरूलाई ध्वस्त गर्नु पर्ने आवश्यकता वा मानवअधिकारका लागि उठाइने प्रत्येक कदमका गरिने प्रत्येक प्रयत्नलाई दबाउनु पर्ने ऐतिहासिक आवश्यकताको औचित्यतालाई ठीक विकसित बुझ्ने गरिन्न। वा त्यो वास्तविकतामाथि मानिसहरूको ध्यान हटाएर मानवअधिकारको हल्ला गर्ने गरिन्छ।

गत १९९४ (अर्थात ०५० पुसदेखि ०५१ पुससम्मको अवधि) को ठूलो भागमा नेपालमा नेपाली कांग्रेसको नै सरकार चल्यो र त्यो अवधिमध्ये खालि करीब २ महिनादेखि मात्र एमालेको सरकार छ। त्यसकारण त्यो अवधिमा नेपालमा मानवअधिकारको स्थिति भन्नाले मुख्यतः गिरिजा शासनकालमा मानवअधिकारको चर्चा नै आउँछ।

त्यो अवधिमा मानवअधिकार बारे भएका कतिपय अन्तर्राष्ट्रिय कार्यक्रमहरूमा प्रधानमन्त्री गिरिजाले मानवअधिकार बारे ठूला ठूला कुरा मात्र गरेनन्, नेपालमा पनि मानवअधिकारको स्थिति अत्यन्त राम्रो भएको दाबी गरे। तर त्यसको विपरीत नेपालमा व्यापक रूपमा मानवअधिकारको हनन भइरह्यो। त्यसबाट अन्तर्राष्ट्रिय स्तरमा स्वीकृत मानवअधिकार सम्बन्धी घोषणा पत्रहरू र स्वयं सम्बन्धित देशका सरकारहरूद्वारा तिनीहरूलाई कार्यान्वित गर्न गरिएका प्रतिज्ञाहरू तथा व्यवहारमा कति ठूलो खाडल छ ? त्यो कुरामा कुनै शंका रहन्न।

आज पनि देशमा संयुक्त राष्ट्र संघद्वारा स्वीकृत तथा श्री ५ को सरकारद्वारा अनुमोदन गरिएका मानवअधिकार सम्बन्धी कैयौं अन्तर्राष्ट्रिय सिद्धान्त र घोषणाहरूका विरूद्ध दलित जाति, महिला, जनजाति र अल्पसंख्यक जातिहरूका विरूद्ध वा विभिन्न जनसमूहहरूका आर्थिक, सामाजिक तथा सांस्कृतिक अधिकार सम्बन्धी असमान र भेदभावपूर्ण कानून देशमा व्यापक रूपमा छन् र गतसाल तिनीहरू निवारणका लागि कुनै प्रभावशाली कदम उठाइएन। त्यस सिलसिलामा महिलाहरूका विरूद्धको भेदभाव विशेष रूपले उल्लेखनीय छ।

लिंगका आधारमा संयुक्त राष्ट्र संघको घोषणा पत्रमा स्वीकृत कुनै अधिकारबाट कसैलाई वञ्चित गर्न नपाउने सिद्धान्तको व्यापक रूपले उल्लंघन भएको छ। स्वयं श्री ५ को सरकारले स्वीकार गरेको महिलाहरूका विरूद्धका सबै प्रकारका भेदभाव अन्त्य गर्ने संयुक्त राष्ट्र संघद्वारा स्वीकृत सन्धि अनुसार महिलाहरूलाई पूर्ण समानता प्रदान गर्ने, विद्यमान कानूनहरू, नियमहरू, प्रचलनहरू, रीतिरिवाजका प्रचलनहरूमा हेरफेर वा अन्त्य गर्नु, वैधानिक तथा अन्य उपयुक्त कदमहरू चाल्ने, विवाह र सम्बन्ध विच्छेदमा महिला र पुरूषलाई समान अधिकार प्रदान गर्ने, सम्पत्तिको स्वामित्व, सम्पत्तिको प्राप्ति, व्यवस्थापन, संचालन, उपभोग र सम्पत्तिको त्यागका सम्बन्धमा पति-पत्नी दुबैको समान अधिकार निश्चित गर्ने जस्ता प्रश्नहरूमा आफ्नो प्रतिज्ञा पूरा गर्न सरकारले कुनै खास ध्यान दिएको छैन।

सर्वप्रथमतः पंचायती कालमा चलेका कतिपय राजनैतिक संघर्षहरूसित सम्बन्धित नेकपा (मसाल) का कार्यकर्ता वा समर्थकहरूका विरूद्ध कतिपय मुद्दाहरू फिर्ता गराउने वा खारेज गराउने तर्फ सरकारले कुनै ध्यान दिएन। त्यस सिलसिलामा अर्घाखाँची अश्रुकोटको मुद्दा तथा दिल्लीका अदालतहरूमा चलिरहेका ऐतिहासिक १२ मईका मुद्दाहरू उल्लेखनीय छन्। अर्कातिर पंचायती कालका मानवअधिकारहरूका लागि जिम्मेवार राजनैतिक अपराधीहरूका विरूद्ध कारवाहीका लागि पनि कुनै कदम उठाइएन। गत वर्ष नेकपा (मसाल) प्रतिको प्रतिशोधका कारणले लगाइएका झुट्ठा र आधारहीन फौजदारी वा ज्यान सम्बन्धी अभियोग लगाएर चलाइएका बाग्लुङ ज्यामिरेघाट, प्युठानको पूजा, तोरवाङ समेतका मुद्दाहरूद्वारा अझै पनि मसालका थुप्रै कार्यकर्ता वा समर्थकहरू जेलमा छन् वा फरार छन्।

गत साल राजनैतिक पूर्वाग्रह वा प्रतिशोधका भावनाका कारणले थुप्रै शिक्षक, कर्मचारीहरूलाई दुर्गम र अपायक पर्ने स्थानमा सरूवा गरियो, बर्खास्त गरियो, विभिन्न नोकरीहरू वा अन्य सुविधाहरूबाट वञ्चित गरियो। त्यस सिलसिलामा सबै भन्दा बढी मसालका समर्थकहरूलाई प्रभावित गरियो। त्यो जाति, धर्म, लिंग, भाषा, धर्म र राजनैतिक विचार आदिका कारणले भेदभाव गर्न नपाउने संयुक्त राष्ट्र संघको घोषणाको उल्लंघन हो। तैपनि गतसाल

पनि त्यो कार्य व्यापक रूपमा भयो। राजनैतिक पूर्वाग्रह वा प्रतिशोधका कारणले महिला शिक्षक-कर्मचारीहरूलाई आफ्नो घर-पाइ वा पतिबाट टाढा सरुवा गर्ने नीति पनि व्यापक रूपले अपनाइयो।

देशका कैयौं भागहरूमा कांग्रेसीहरूद्वारा आतंक मच्चाउने कामहरू भए। गुल्मीको एउटा गाउँमा मसाल समर्थकहरूले सांस्कृतिक कार्यक्रम बारे सल्लाह गर्न बैठक बसिरहेको बेलामा एउटा कांग्रेसी खुकुरी फन्काउँदै आयो र गाउँलेहरूले त्यसलाई समातेर नियन्त्रण गरेपछि उल्टै खिमकुमारी समेतका नाममा ज्यान मार्ने उद्योग गरेको मुद्दा थियो। नवलपुरमा कुनै रहस्यमय व्यक्तिले कैयौं गाउँलेहरूका टौवाहरूमा आगो लगाउने काम गऱ्यो र त्यस सिलसिलामा सुनियोजित प्रकारले कैयौं पत्र-पत्रिका र पुलिसले मसाललाई मुछ्ने काम गरे। त्यो आगो लगाउने रहस्यमय व्यक्ति को थियो ? त्यो कुराको छानवीन गरिएन र मुद्दा दबाइयो। त्यसरी एकातिर विरोधी पक्ष, मुख्यतः मसाललाई झूठ्ठा षडयन्त्रहरू रचेर फसाउन लगातार प्रयत्न भइरह्यो भने कैयौं प्रकारका अपराधमा संलग्न कांग्रेसी कार्यकर्ताहरूका विरूद्ध प्रशासनले मुद्दा चलाउन पनि अस्वीकार गर्ने गऱ्यो। प्युठान बरौलामा एउटा कांग्रेसी शिक्षकले आफ्नी जेठी पत्नीको हत्याको शंकामा माइतीहरूले मुद्दा हाल्न खोज्दा पुलिसहरू उजुरी लिन वा कारवाही चलाउनसम्म तयार भएनन् र त्यो मुद्दालाई दबाइयो। यस्ता घटनाहरू देशका कैयौं भागहरूमा भएका छन्।

देशका विभिन्न अंगहरूमा पुलिस आतंक लगातार चल्ने गरेका छन्। झापा-दमकमा पुलिसहरूले मध्यरातमा एउटी महिलाको गुप्ताङ्गमा तातो पानी खनाइदिएको, जनताले विरोध गर्दा गोली चलाएको र देशका कैयौं भागहरूमा भएका गोली-काण्डहरू यस सिलसिलामा उल्लेखनीय छन्। पुलिसद्वारा त्यसप्रकारका समाजविरोधी कारवाहीहरू भन्दा गम्भीरस्थितिको कुरा यो हो कि सरकारद्वारा कुनै खास स्थानमा धेरै नै दबाव परेर वाध्य भएमा देखावटी रूपमा केही कारवाही गर्ने बाहेक पुलिसद्वारा व्यापक रूपमा गरिने मानवअधिकारहरूको हननका विरूद्ध कुनै खास कारवाही गरिन्न त्यसलाई संरक्षण दिने गरिन्छ र त्यस प्रकारको पुलिस आतंकको विरूद्ध कारवाहीको माग गर्ने, आवाज उठाउने वा आन्दोलन गर्ने जनतालाई दमन गरिन्छ।

गत साल भारतद्वारा नेपालमा प्रत्यक्ष हस्तक्षेपका कैयौं घटनाहरू भए जसमा काठमाडौं बानेश्वरमा सशस्त्र पुलिस कारवाही र नेपालगंजमा हतियार सहित अवैध प्रवेश तथा देशका अन्य भागहरूमा सशस्त्र भारतीय पुलिसको प्रवेशका घटनाहरू आउँछन्। अन्तर्राष्ट्रिय कानून र दुबै देशहरूका बीचमा सम्पन्न सम्झौताहरू अनुसार पनि भारतस्थित नेपालका अधिकारहरू सुरक्षित छैनन् र श्री ५ को सरकारले ती अधिकारहरूको सुरक्षाका लागि आफ्नो जिम्मेवारी पूरा गरेको छैन।

गत वर्ष राजनैतिक र नागरिक अधिकारहरूको दमनका पनि कैयौं घटनाहरू भए। का. चित्रबहादुर के.सी., का. परि थापाहरू समेतका विरूद्ध राजनैतिक मुद्दाहरू लगाइए। प्युठानमा एउटा कांग्रेसी शिक्षकले स्कूलमा गरेको भ्रष्टाचारको विरोध गर्दा त्यहाँ जिविस सभापति का. कर्णध्वज लगायत मसालका थुप्रै समर्थकहरूलाई लामो समयमसम्म सार्वजनिक मुद्दा लगाएर थुनामा राखियो। जिविस वा गाविसहरूलाई सहायता दिने प्रश्नमा पनि राजनैतिक आधारमा पक्षपात गर्ने गरिन्छ।

चुनावको सिलसिलामा मानवअधिकारको व्यापक रूपमा हनन हुने गरेको छ। सर्वप्रथम संसदमा बहुमत गुमाइसकेपछि विरोधी पक्षलाई सरकार बनाउन दिनु सामान्य प्रजातान्त्रिक सिद्धान्त हो। तर त्यसको विपरीत संसदको नै विघटन गर्ने कदम चालियो। त्यसप्रकारको अप्रजातान्त्रिक कारवाहीका विरूद्ध आन्दोलनमा उत्रेका पार्टी, राजनैतिक कार्यकर्ताहरूका विरूद्ध व्यापक हनन गरियो र गिरफ्तारी गरियो। चुनावका बेलामा सर्वप्रथम कांग्रेसी चुनावी रणनीति अन्तरगत ठूलो संख्यामा मतदाताहरूको नाम दर्ता गरिएन। स्थानीय चुनावमा मतदाता सूचीमा नाम सामेल भएका मतदाताहरूको करीब पूरै जसो नामावली मतदाता सूचीबाट हटाइयो। यो वयष्क मताधिकारको सर्वमान्य सिद्धान्तमाथि खुला आक्रमण हो। चुनावको बेलामा अरू पनि कैयौं प्रकारका अवैध, भ्रष्ट र हिंसात्मक तरिकाहरू अपनाएर वा सरकार, साधन र प्रशासन यन्त्रको नाजायज तरिकाले उपयोग गरेर स्वतन्त्र मतदानलाई प्रभावित गर्ने प्रयत्न गरियो। दाङमा कांग्रेसी उम्मेद्‌वारहरूले कानूनलाई आफ्नो हातमा लिएर हत्या सम्ममा उत्रे। प्युठानको एउटा गाउँमा कांग्रेसीहरूले मसाल समर्थकहरूलाई खुकुरी हानेर गम्भीररूपले घाइते बनाए। देशका सत्तारूढ, आफूलाई मानवअधिकार र प्रजातन्त्रका अग्रणी मान्ने पार्टीहरूद्वारा चुनावका बेला अपनाइएको त्यसप्रकारको कार्य प्रणालीले देशमा मानवअधिकारको अत्यन्त गम्भीर र चिन्ताजनक अवस्थालाई नै बताउँछ।

माथिका सामान्य र प्रमुख घटनाहरू बाहेक समाजमा व्यापकरूपले अरू कैयौं प्रकारले मानवअधिकारको उल्लंघन हुने गर्दछ, जसको कुनै सीमा छैन। हामी समाजको जति व्यापक र तल्लो तहमा जान्छौं, त्यति नै बढी संविधान वा कानूनमा स्वीकृत मानवअधिकारका सिद्धान्तहरू त्यति नै अर्थहीन र कागजी बन्न जान्छन्। यी सम्पूर्ण कुराले हाम्रो देशमा मानवअधिकारको स्थिति अत्यन्त गम्भीर र चिन्ताजनक भएको कुरामा कुनै शंका रहन्न। त्यो समस्याको समाधान एउटा गम्भीर प्रश्न हो। त्यो दिशामा विभिन्न मानवअधिकार समितिहरूले देशमा विभिन्न स्तरमा मानवअधिकारका विरूद्ध भइरहेका कारवाहीहरूका विरूद्ध जे जति आवाज उठाइरहेका छन्, त्यसले पनि मानवअधिकार सम्बन्धी चेतना उठाउन, जनमत तयार पार्न र त्यसरी सीमित रूपमा भए पनि विभिन्न प्रकारका अन्याय अत्याचारलाई कम गर्न केही न केही अवश्य पनि मद्दत पुगेको कुरालाई अस्वीकार गर्न सकिन्न। तर मानवअधिकारको समस्याको

वास्तविक समाधानको उपाय हामीले यस प्रकारका गतिविधि, वर्तमान संविधान र कानून वा विद्यमान आर्थिक-सामाजिक संरचना र राजनैतिक व्यवस्थाका सीमा बाहिर खोज्नु पर्दछ। त्यो उपाय हो क्रान्ति, यस्तो क्रान्ति जसले वर्तमान सामाजिक संरचना, नोकरशाही यन्त्र र राजनैतिक व्यवस्थालाई सम्पूर्णरूपले ध्वस्त गर्दछ र त्यसका ठाउँमा सामाजिक न्याय, स्वतन्त्रता, समानता र वास्तविक मानवअधिकारप्रति प्रतिवद्ध नयाँ समाज व्यवस्थाको रचना गर्दछ।

*मोहन विक्रम सिंह*
*महासचिव*

## नेपाल मजदूर किसान पार्टी

सन् १९९४ को नेपालको राजनीतिमा साढे दश महिना नेपाली कांग्रेसको सरकार र साढे एक महिना नेकपा एमालेको अल्पमतको सरकार भयो।

नेपाली कांग्रेसको गिरिजा कार्यकालमा फेब्रुरीमा सम्पन्न काठमाडौं र झापा क्षेत्र नं. १ को उपनिर्वाचनमा ठूलो मात्रामा प्रोक्सी मत खसालिएको र काठमाडौंमा त सार्क मुलुकका सबै नागरिकहरूले मतदान गर्ने मौका पाएको समाचारहरू प्रकाशित भएको थियो। स्थानीय मतदाताहरूले आ-आफ्नो मत समेत स्वतन्त्र र शान्तिपूर्वक दिन पाएनन्। सत्तामा अधिपत्य जमाउने नेपाली कांग्रेसले सरकारी संचारयन्त्रलाई एकतर्फी आफ्नो पक्षमा लगायो भने सरकारी ढुकुटीको पनि प्रचूर मात्रामा दुरूपयोग गरेको चर्चा चल्यो।

त्यसै वर्ष संविधानको बहुदलीय प्रजातन्त्रको मर्म विपरीत सर्वोच्च अदालतबाट निर्वाचनमा ३ प्रतिशत मत प्राप्त गर्न नसक्ने पार्टीले आफ्नो निर्वाचन चिन्ह नपाउने निर्णय भयो।

निर्वाचनमा ३ प्रतिशत मत प्राप्त नगर्ने पार्टीलाई "राष्ट्रिय" पार्टीको रूपमा मान्यता नदिने प्रावधानलाई नेमकिपाले संविधान निर्माणकै समयदेखि नै अवैज्ञानिक र अव्यवहारिक भनी विरोध गर्दै आएको हो। गत आम निर्वाचनमा नेमकिपाले १.२५ प्रतिशत मत प्राप्त गरेको थियो र संसदमा २ स्थान प्राप्त गरेको थियो। तर मध्यावधि निर्वाचनमा नेमकिपाले ०.९६ प्रतिशत मत मात्रै प्राप्त गऱ्यो भने संसदमा ४ स्थान प्राप्त गऱ्यो। यसरी ३ प्रतिशतको प्रावधान हाम्रो देशमा अवैज्ञानिक र अव्यवहारिक छ भन्ने कुरा प्रमाणित हुन आएको छ। साथै ३० वर्षपछि भर्खर प्रजातन्त्र पुनर्स्थापना भएको झण्डै ३०-३५ प्रतिशत जनसंख्या मात्रै साक्षर भएको, संचार र यातायातमा अझ धेरैपछि परेको, निर्वाचनमा पैसा, पद र पशुबलको बोलवाला भई नै रहने हुनाले २-४ निर्वाचनसम्म ३ प्रतिशतको प्रावधान लागू गर्नु हुन्न भन्ने नेमकिपाको ठम्याइ हो। ३ प्रतिशतको प्रावधानले विज्ञान र प्रविधिको बढ्दो विकासले इंगित गरेको स्थिति अनुसार छिट्टै वातावरणीय प्रदूषणसंग लड्ने राजनैतिक पार्टीहरूको स्थापना, प्रचार र लोकप्रियतामा विस्तार हुन नसकी व्यापक मानव जातिलाई नै नकारात्मक असर पर्ने र जनताका राजनैतिक र मानवअधिकारहरू समेत वञ्चित हुने बारे नेमकिपाले आफ्नो राय प्रकट गर्दै आएको हो।

प्रधानमन्त्री गिरिजाप्रसाद कोइरालाको सिफारिसमा प्रतिनिधिसभा विघटन गरी निर्वाचनको तिथि तोकी सकेर पनि निर्वाचन आयोगले विभिन्न राजनैतिक दलहरूको बैठकमा नेमकिपालाई पहिले जस्तै नबोलाई राष्ट्रिय महत्वका विषयहरूमा एउटा राजनैतिक दलको धारणा राख्ने अधिकारबाट वञ्चित गऱ्यो। यसरी निर्वाचन आयोगको निर्दलीय चरित्रको विरोधमा हाम्रो पार्टीले भाद्र ३ गते विरोध पत्र दिने र विरोध प्रदर्शन गर्ने काम गर्न वाध्य भयो।

यस वर्षमा पनि नेपाली जनताले पानी विनाको धारा र अत्यधिक लोड शेडिङ सहितको विजुलीको पटक पटक महशूल खप्नु पऱ्यो। विजुली र पानीको अनियमित आपूर्ति तथा अन्य खाद्य सामग्रीमा मिसावट र कृत्रिम अभाव एवं कालो बजारी, म्याद नाघेको औषधी र खाद्य विक्रीमा नियन्त्रण गर्न र त्यस्ता कार्यमाथि समयमै आवश्यक कारवाही गर्न गराउन नेमकिपाले संसदको छैठौं अधिवेशनमा नै उपभोक्ता संरक्षण विधेयक पेश गरेको थियो। तर त्यसप्रति सरकार गम्भीर नभएबाट उपभोक्ता वा जनता पीडित हुन वाध्य छन्।

कृषि मजदुरहरूको निम्ति न्यूनतम ज्याला निर्धारण बारे छैठौं अधिवेशनमै उत्पन्न संकल्प प्रस्ताव असफल बनाइयो र नेपालका प्रतिष्ठानहरूमा मजदुरहरूको लागि मानवोचित तलब र ज्याला बन्दोवस्त हुन सकेन। साथै मजदुरहरूको स्थायित्व व्यवस्थापनको इच्छामा निर्भर हुने बन्दोवस्तमा सुधार ल्याइएन।

आम जनताको सहयोग र राज्यको ढुकुटीबाट खडा गरिएको राजनीति पीडित सहायता कोष नेपाली कांग्रेस (सत्तापक्ष) र एमाले (प्रमुख प्रतिपक्ष) को मिलोमतोमा रकम बाँडीचुँडी लिए र राजनीति पीडित व्यक्तिहरू ठम्याउने कार्यमा देशका अन्य कुनै राजनैतिक पार्टीहरूसंग सरोकार राखिएन। त्यसले गर्दा सहयोग नगरी नहुने साना राजनीति पीडित व्यक्तिहरू आज पनि पाखा लागेर बस्न वाध्य छन्।

नेपाली कांग्रेसको भारतमुखी प्रवृत्तिको कारण मार्चको अन्त्यतिर नयाँ वानेश्वरमा नेपाली नागरिकहरूको घरमा भारतीय प्रहरीको खुल्लम खुल्ला हस्तक्षेप भयो।

टनकपुर परियोजना र अरूणबारे जनता सुसूचित हुने अधिकारबाट वञ्चित राखियो। शाही नेपाल वायु सेवा निगमको एजेन्ट नियुक्तिमा धमिजा काण्ड सृजना गरियो र नेपाली कांग्रेसको गिरिजा सरकारबाट राष्ट्र र नेपाली जनताप्रति ठूलो विश्वासघात भयो।

भूटानी शरणार्थी समस्या ज्यूँका त्यूँ रह्यो। समस्या समाधानमा सरकारले कुनै प्रगति गर्न सकेन। शरणार्थी समस्याले नेपाली जनतालाई थप भारी बोकायो। त्यसले एकातिर नेपाली समाजमा समेत अनेक नैतिक दुष्परिणामहरू देखिने सम्भावना बढ्यो भने भूटानी जनताको प्रजातान्त्रिक आन्दोलन र मानवअधिकारप्रति उचित सम्मान दिन लगाउन

सरकार असफल रह्यो।

वर्षको अन्ततिर प्रतिनिधिसभामा विघटनपछिको देशको राजनैतिक परिदृष्यमा नेपाली कांग्रेस र नेकपा एमालेका सांसदहरूले प्रतिनिधिसभा पुनर्स्थापनाको माग गरी राजा कहाँ विन्तीपत्र चढाउने काम भयो। यसले संसदीय व्यवस्थाको परम्परा र संविधानको बहुदलीय प्रजातान्त्रिक अवधारणालाई संकुचन गर्ने काम गरे।

त्यस्तै नोभेम्बरमा सम्पन्न मध्यावधि निर्वाचनपछि गठित नेकपा एमालेको सरकारले पनि विगतका विभिन्न घटनासंग सम्बन्धित आयोगको प्रतिवेदन सार्वजनिक गर्ने नाउँमा मल्लिक आयोगको प्रतिवेदनमा अपराधीको रूपमा उल्लेख भएका व्यक्तिहरूलाई माथिल्ला पदहरूमा नियुक्ती गर्ने, पुनःस्थापन गर्ने र पदोन्नती समेत गरी ने.का.को सरकारलाई उछिन्ने घृणित काम गरेको छ।

ने.का.को सरकारलाई "हत्यारा" को संज्ञा दिंदै अनिल आयोगलाई हांक दिने एमालेको सरकारले दासढुङ्गा घटना बारे गिरिजा सरकारको स्थितिलाई स्वीकार गरेर आफ्ना पुराना सबै भनाइहरूप्रति विश्वासघात गरेको छ।

यातना सम्बन्धी क्षतिपूर्ति विधेयकमा पनि अनेक कमी-कमजोरी रहेको बारे नेमकिपाका सांसदहरूले आपत्ति र विरोध गर्दै संशोधन समेत पेश गरेका छन्।

दैनिक समस्या र अन्य राजनैतिक विषयलाई लिएर निस्केको शान्तिपूर्ण प्रदर्शनहरूमा सरकारले लाठी र बन्दूकको भरमा जनतालाई दबाउने काम जारी नै राख्यो।

सारमा यस वर्ष पनि नेपाली कांग्रेस र एमालेको समर्पण र सम्झौताको नीतिको कारण जनताको मानवअधिकारको स्थिति सीमित पार्ने काम गरेको छ। धन्यवाद।

***प्रेम सुवाल***
***सचिव***

## संयुक्त जनमोर्चा, नेपाल

अहिलेसम्म मानवअधिकारको व्याख्या आधारभूत रूपमा यातनाको विरूद्ध र मानिसका वैयक्तिक स्वतन्त्रताको रूपमा परिभाषित हुँदै आएको छ। यद्यपि मानवअधिकारलाई युगको सापेक्षिक अर्थमा पनि बुझ्ने गरिन्छ। यो दृष्टिकोण मानवअधिकार बारेको एकाङ्गी रूप हो भन्ने नै लाग्दछ। किनकि यति बेलाको समाज र त्यसको सत्तागत रूप सार्वभौम रूपले वर्गीय छ। समाजमा वर्गहरूको स्रोत पूँजी हो। दार्शनिक रूपमा पृथ्वी जो पूँजीको रूपमा रूपान्तरित भइरहन्छ त्यो साझा हुन्छ। साझा पूँजी वैयक्तिक स्वार्थमा प्रयोग हुँदा वर्ग द्वन्द र वर्ग युद्ध हुन्छ। पूँजीमा साझा भोग कायम वा वैयक्तिक स्वामित्वको अस्तित्वविहीन समाज निर्माण नभएसम्म द्वन्द र संघर्ष भइरहन्छ। समाजको सर्वोकृष्ट रूप साम्यवादी समाज हो जसमा पूँजीमा वैयक्ति स्वामित्वको अन्त्य हुन्छ त्यतिबेला मात्रै पूर्ण मानवअधिकार कायम रहन्छ। अन्यथा जस्तोसुकै आदर्शवादी समाज र राज्य व्यवस्था स्थापना भए वा परिकल्पना गरिए पनि मानवअधिकारको पूर्ण बहाली भन्ने कुरा सम्भव छैन।

आजको परिप्रेक्षमा मानवअधिकारका ब्रह्मी जसो हिमायती पूँजीवादी साम्राज्यवादी शासक गुट र त्यसका चिन्तकहरू बनेका देखिन्छन्। जबसम्म मान्छेले मान्छेमाथि गर्ने कुनै पनि प्रकारको शोषण विरूद्धको संघर्ष गर्ने हक सुरक्षित हुन्न तबसम्म मानवअधिकारलाई एकाङ्गी ठान्नु पर्छ। शोषण विरूद्धको हक स्थापित गर्दा हुने द्वन्द संघर्ष र हिंसालाई मानवअधिकारको परिभाषित धारणाले समेट्न सकेको छैन भन्ने मेरो ठम्याई छ।

साम्यवादी व्यवस्था र साम्यवादी समाजका विरूद्ध लक्षित पूँजीवादी स्वतन्त्रतामूलक मानवअधिकारको परिभाषालाई वास्तविक यथार्थमा बदल्नु पर्छ। तर यतिबेला हरेक प्रकारका राज्य सत्ताबाट हुन सक्ने सम्भावित ज्यादतीलाई रोक्न मानवअधिकारको अवधारणा उपयोगी हुन सक्दछ। नेपालमा मानवअधिकारको स्थितिको सर्भेक्षण गर्नु अगाडि मानिस जन्मिएपछि बाँच्न पाउने, पेटका लागि खान पाउने, रोगी हुँदा औषधिमूलो पाउने, ज्ञानका लागि शिक्षा आर्जन गर्न पाउने, बस्नको लागि छाप्रो पाउने, जीवनयापनका लागि रोजगार पाउने, वैज्ञानिक युगमा उन्नतिका लागि अवसर पाउने हक मानवअधिकारका पूर्वाधार हुन्। जुन कुरा आफ्नै मुलुकको संविधानमा पनि मौलिक हकको रूपमा लिखित दस्तावेजका रूपमा रहेका छन्। प्रश्न लेखावटी र देखावटी रूपमा के छ भन्ने हैन व्यवहार र सत्यतामा के छ भन्ने कुरा प्रमुख हुन्छ। नेपालमा विगतका शासकदेखि अहिलेसम्म पनि मानवअधिकारप्रति प्रतिवद्धता जाहेर गर्ने अन्तर्राष्ट्रिय घोषणा पत्र तथा अनुवन्धहरूमा हस्ताक्षर गर्ने जस्ता काम धेरै पटक भइसकेका छन्। राष्ट्रिय रूपमा केही कानून, आचार संहिता पनि बनेका छन्। कानून र कानूनी राज्यको पनि व्यवस्था भएको छ। त्यसले मात्र मानवअधिकारप्रतिको प्रतिवद्धता के हो भन्ने कुरा मानवअधिकारको स्तर विशेषतः सरकारले मुलुकका जनतामाथि गर्ने व्यवहार र देखाउने रवैयामा मापिन सक्छ। पञ्चायती शासन कालमा संविधान र कानूनद्वारा व्यवस्थित मौलिक अधिकार र राजनैतिक स्वतन्त्रताको जन्मसिद्ध अधिकारको उपभोग पनि नियन्त्रित र वन्देजयुक्त थियो। त्यसैले जनताको जनअधिकार विहीन निरंकुश पञ्चायती शासनका विरूद्ध अनिवार्य जनअसन्तोष अभिव्यक्त हुँदा राज्य स्तरबाटै हत्या र दमनका असंख्य वारदातहरू भए। तर पनि केही मानवअधिकारको हिमायती मुलुक र त्यसको सरकारहरूद्वारा त्यस्तो सत्ताको पनि संरक्षण जारी रह्यो। तर पनि जनप्रतिरोधले त्यस्तो शासन व्यवस्था अडिन सकेन, ढल्यो। बहुदलीय शासन व्यवस्थाको स्थापनाका साथै प्रजातान्त्रिक समाजवादको आदर्श बोकेको नेपाली कांग्रेसको सरकार स्थापना भयो। मानवअधिकार र राष्ट्रिय विकासको प्रमुख नाराका साथ सत्तामा पुगेको तत्कालीन नेपाली कांग्रेसको सरकारको अवधिमा "मानवअधिकारको चरम उल्लंघन भयो।

कांग्रेसको शासनकालभरि सत्ता र सत्ता सम्बन्धित व्यक्तिबाट करीव ८६ वटा हत्या भएका छन्। कष्टडीभित्र प्रतिशोधात्मक रूपले नृशंस यातनाहरू दिइएका छन्। सामाजिक प्रकारका अपराधहरूको नियन्त्रण निराकरणका निम्ति अपनाइने मनोवैज्ञानिक तथा आधुनिक प्रविधिको कुनै खासै प्रगति हुन सकेन। सत्तामा रहेका व्यक्तिहरू (मन्त्रीहरू) खुलेआम सत्ताको दुरूपयोग गरेर राजनैतिक हत्यामा संलग्न भए। मानवीय दृष्टिकोणले अपनाइनु पर्ने जेल सुधार कार्यक्रम सम्म लागू हुन सकेन। बहुदलीय प्रजातान्त्रिक आदर्शभित्र स्थापित मान्यताहरूका लागि वर्तमान संविधानमै व्यवस्थित मानवअधिकारको ग्यारण्टीका विषयलाई कानूनतः सुरक्षित गर्ने कामसम्म भएन। मानवअधिकार सम्बन्धी क्षतिपूर्ति तथा यातना विरोधी कानून पनि बन्न सकेन। बरू संवैधानिक दुरूप्रयोग गरेर राष्ट्र र जनताका समस्त पहलुहरूलाई असर पर्ने गरी राजनैतिक निर्णयले गैर प्रजातान्त्रिक निरंकुश प्रवृत्तिको भने चर्को बोलवाला भयो। सन् १९९४ विशेषतः यिनै घटनामा केन्द्रीत रहेको छ। यसै वर्ष प्रहरीबाट गोली ठोकेर रोल्पामा दुईजनाको राजनैतिक हत्या भएको छ। संसदको मानवअधिकार समितिले गरेको सन् १९९३ को सर्भेक्षण अनुसार पनि व्यवस्थागत परिवर्तन र केही राजनैतिक स्वतन्त्रता रहे पनि प्रशासनिक संयन्त्रमा सामन्तवादी शैली, जिल्लाहरूमा जिल्ला प्रशासकहरू नव सामन्त, प्रहरी जनताको सामु आम सुरक्षाको कवचभन्दा आतंकको भीमकाय प्रतिमूर्ति, प्रहरी कष्टडीमा अनुसन्धानको प्रमुख शैली - यातना, न्याय प्रणार्लीमा ढिलाई, सबैतिर व्याप्त भ्रष्टाचार आदि जस्ता कुराहरूले मानवअधिकारको स्तरलाई न्यून बनाएको छ। राज्य यन्त्रभित्र प्रवृत्तिगत बदलाव नआएसम्म घटना विशेषको गिन्तिले मानवअधिकारको स्तरको पहिचान गर्न गाह्रो पर्छ। मानवअधिकारवादी संस्थाहरूले समाजको सूक्ष्म अध्ययन, वैज्ञानिक र न्यायसंगत विश्लेषण गर्नु पर्छ।

१९९४ को उत्तरार्धको प्रथम खण्डसम्म नेपाली कांग्रेसको सरकार नै कायम थियो। सो अवधि मानवअधिकारका दृष्टिले स्वस्थ अवधि मान्न सकिन्न। उत्तरार्धको अन्तिममा शासन प्रणालीको उपरी संरचनामा परिवर्तन आएको छ - सरकार परिवर्तन भएको छ। राज्य सत्तामा परिवर्तन भएको छैन। पञ्चायत शासन कालको भूमिगत राजनैतिक शक्ति, विगतको संसदको प्रमुख प्रतिपक्ष नेकपा (एमाले) सरकारमा आएको छ। समग्रमा मानवअधिकारका दृष्टिले मूल्यांकन गर्ने बेला भइसकेको छैन तैपनि प्रतिपक्षमा रहँदा र सरकारमा जाँदाको अवस्थामा उसका केही मान्यतामा परिवर्तन आएको छ। पूँजीवादी आदर्शको मानवअधिकारको हिमायती वर्तमान सरकारले मानवअधिकारसंग सम्बन्धित केही कानूनको व्यवस्था ( यातनाविरूद्धको ऐन) जस्ता कुराहरू अगाडि ल्याउनु केही सकारात्मक रहेता पनि विगतका अपराधमा संलग्न, सत्तामा रहेर मानवअधिकारको ठाडै उल्लंघन गर्ने आततायीहरूमाथि भने उचित दण्डको व्यवस्था गर्न नसक्नु र बरू उल्टै सत्ता मोहका निम्ति अनुचित र अपवित्र गठवन्धन र सम्झौता गर्नु भने गम्भीर चिन्ताको विषय हो। यति बेला सरकार परिवर्तनका कारण राजनैतिक गतिविधिहरू तातोभन्दा शीत प्रतिवादको स्थितिमा मात्र छन्। जनताको अपेक्षा र आश्वासनहरूमा कुठाराघात हुनेबित्तिकै प्रतिवादको रूपमा फरक पर्न जान्छ। त्यतिबेला सरकारको रवैया के हुने हो त्यो हेर्न बाँकी छ। सरकारको कार्य प्रणाली र जनउत्तरदायित्वमा भने गुणात्मक भिन्नता देखिएको छैन।

सरकारले मुलुकका कारागारमा राजनैतिक बन्दी र आस्थाका बन्दी तथा प्रतिशोधात्मक स्थितिमा कुनै पनि बन्दी नराखिएको र मानवअधिकारको पूर्ण वहाली रहेको घोषणा गरेको छ। यो कति सत्य हो भन्ने कुरा उदाहरणहरूबाट प्रष्ट हुन्छ। रोल्पा जिल्लामा झण्डै ३०० भन्दा बढी मुद्दाहरू प्रतिशोधात्मक रूपमा लगाइएका छन् र केही आस्थाका बन्दीहरू छन्। त्यस्तै प्युठान, बाग्लुङ्ग, रूकुम, रामेछाप, सिराहा आदि ठाउँहरूमा आस्थाका बन्दीहरू, प्रतिशोधात्मक मुद्दाहरू अहिले पनि कायम छन् र राजनैतिक कार्यकर्ताहरू जेल यातना भोगिरहेका छन्। त्यसैले वर्तमान सरकारको भनाई र गराईमा देखा पर्ने भिन्नताले भविष्यमा मानवअधिकारको स्थिति के हुने हो अडकल काट्न सकिने हुन्छ। आजभोलिको संकेत दिन्छ।

***लीलामणि पोखरेल***
***महासचिव***
***संजमो, नेपाल***

## संयुक्त जनमोर्चा, नेपाल

गत वर्षहरूमा जस्तै यस वर्षमा पनि नेपालमा विद्यमान मानवअधिकारको स्थिति चित्रण गर्ने मानवअधिकार वर्ष पुस्तक १९९४ प्रकाशन गर्न लाग्नु भएको कार्य आफैमा सह्राहनीय छ, हामी यसको सफलताको कामना गर्दछौं।

वास्तवमा राज्यसत्तामा एउटा विशेष वर्गको वर्चस्व रहेसम्म पूर्ण मानवअधिकारको स्थिति हुन सक्दैन। हाम्रो देशको सन्दर्भमा पनि लामो समयको निरंकुश शासन व्यवस्था र त्यसको अन्तपछि विद्यमान राजतन्त्रात्मक संसदीय बहुदलीय व्यवस्थाको स्थापना पछि पनि राज्यसत्ताको वर्गीय स्वरूपमा कुनै अन्तर आएन। एउटा विशेष वर्गलाई राज्यसत्ताको वर्गीय स्वरूपमा कुनै अन्तर आएन। एउटा विशेष वर्गलाई जन्मसिद्ध मानिएका अधिकार सर्वसाधारण नागरिकलाई कहिल्यै प्राप्त गर्न नसकिने विषयवस्तु बन्ने वर्तमान परिस्थिति हाम्रा सामू प्रष्ट छ। तसर्थ पूर्ण मानवअधिकारको लागि वर्तमान राजनैतिक-आर्थिक संरचनामा पूरै परिवर्तन हुनु जरूरी छ।

वर्तमान राजनैतिक संरचनामा व्यवस्था गरिएका सीमित मानवअधिकारको व्यवहारिक कार्यान्वियन नगरिनु र त्यसको राज्य स्तरबाटै हनन गरिनु अहिले नेपालको

मानवअधिकारको स्थिति हो। विगतका वर्षमा जस्तै यस वर्षको पूर्वार्द्धमा ने.का.को सरकारले सिंगो राज्यतन्त्रलाई आफ्नो स्वार्थको लागि प्रयोग गऱ्यो। सीमित रूपमै भए पनि संविधानले व्यवस्था गरेका अधिकारसित बाभिएका पञ्चायतकालीन कानून खारेजी गरी नयाँ कानून बनाउने तथा विभिन्न अन्तर्राष्ट्रिय सन्धि र सम्झौता पत्रमा हस्ताक्षर गरे अनुसार कानून निर्माण गर्ने कार्य पनि भएन।

त्यसै गरी जनताले सभा संगठन र विरोध गर्न पाउने अधिकारलाई पनि दमन र कुण्ठित गर्ने कार्य भयो। विपक्षी राजनैतिक पार्टी खास गरी संजमो नेपालको विभिन्न विरोध कार्यक्रममाथि दमन, धरपकड, यातना र झूट्ठा मुद्दामा फसाउने काम मात्रै भएन यसका नेता र कार्यकर्ताको हत्या समेत गरियो। संजमो केन्द्रीय सदस्य क. रामवृक्ष यादवको धनुषाको बरमझियामा गरिएको निर्मम हत्या र रोल्पामा लोकबहादुर घर्ति र मनबहादुर पुनको प्रहरीको गोलीबाट गरिएको हत्या, रूकुममा पूर्वपञ्च एवं नव कांग्रेसी गणेश शाहको रहस्यमय मृत्युमा संजमोका स्थानीय नेता लोकेन्द्र विष्ट, तिलक बस्नेत, प्रकाश घर्ति मगर समेतका कैयौं कार्यकर्तालाई झूट्ठो ज्यान मुद्दामा फसाई निर्मम यातना दिएर हतकडी लगाई रूकुम कारागारमा बन्दी बनाइएको छ। रोल्पामा हजारौंको संख्यामा झूठो मुद्दामा फसाइएको छ। गाविस उपाध्यक्ष जुनुमाया रोकाय, दलबहादुर खत्री, सुन्दर वलीलाई झूट्ठा ज्यान मुद्दामा जेलमा बन्दी बनाइएको छ। गत वर्ष राजधानीको बानेश्वरमा भारतीय सशस्त्र प्रहरीको प्रवेश र खानतलासी विरूद्ध हाम्रो पार्टीले आयोजना गरेको विरोध कार्यक्रममा व्यापक दमन, धरपकड र कैयौंलाई सार्वजनिक अपराध जस्ता मुद्दा लगाउने कार्य भयो। गत साउन र खासगरी भदौ १ गते आयोजित शान्तिपूर्ण नेपाल बन्दको कार्यक्रममा केन्द्रीय नेता लगायत २ हजार कार्यकर्तालाई गिरफ्तार गरी कतिपयलाई सार्वजनिक अपराध जस्ता झूट्ठा मुद्दा लगाइयो। निर्वाचनमा भाग लिनु र नलिनु व्यक्ति र पार्टीको बराबर हकको कुरा हो। तर गत मध्यावधि निर्वाचनमा संजमोले गरेको बहिष्कार कार्यक्रमका विरूद्ध सरकारी श्रोत, साधन र शक्तिको प्रयोग गरियो। निर्वाचन वहिष्कार गरेकै कारण रूकुम, रोल्पा, काभ्रे, गोरखा, सिन्धुली, कपिलवस्तु लगायतका जिल्लामा सयौं कार्यकर्तालाई गिरफ्तार गर्ने, झूट्ठा मुद्दामा फसाउने मात्र हैन सैनिकलाई समेत दमन कार्यमा उपयोग गरियो। मध्यावधि निर्वाचनमा पनि हत्याको राजनीतिलाई अख्तियार गरेको ने.का.ले दाङ्ग लगायतका कतिपय भू-भागमा कैयौं विपक्षी पार्टीका कार्यकर्ताको हत्या गर्न पुग्यो। यसले नेकाको शासनकालमा नेपालमा मानवअधिकारको हनन कुन हदसम्म भएको छ भन्ने तथ्यलाई प्रस्तुत गर्दछ।

यस वर्षको उत्तरार्ध अर्थात मध्यावधिपछि बनेको एमाले सरकारको पालामा पनि मानवअधिकारको स्थितिमा खासै सुधार भएको छैन। एमाले सरकारले पदासिन हुनुभन्दा ५ दिन अगाडि मात्र रोल्पामा संजमोका लोकबहादुर घर्ती र मनबहादुर पुनको हत्या सम्बन्धमा छानवीन गर्न निष्पक्ष आयोगको मागलाई सुरूमा आलटाल र पछि एकपक्षीय बनाउन पुग्यो। धनुषामा क. रामवृक्ष यादवको हत्याको छानवीनको माग गरिएको बेलामा त्यसको सट्टा उल्टै संजमो कार्यकर्ता तथा गाविस उपाध्यक्ष विष्णुदेव यादवलाई गिरफ्तार गर्न बरमझिया जाने प्रहरीको विरोध गर्ने महिलामाथि गोली प्रहार गर्ने कार्य भयो। हाल देशभरी संजमोका चारहजार कार्यकर्तामाथि राजनीतिक प्रतिशोधका कारणले लगाइएका झूट्ठा मुद्दा खारेज गर्ने काम भएको छैन भने उता उप-प्र.म. माधवकुमार नेपालले जेनेभामा पुगी नेपालमा एकजना पनि राजबन्दी छैनन् भन्नुले मानवअधिकारप्रति एमाले सरकारको दृष्टिकोण पनि विगत सरकारहरूको भन्दा फरक नभएको कुरा पुष्टी गरेको छ। सरकारी संचारका माध्यमलाई एकलौटी बनाई गलत सूचना प्रवाह गरी विपक्षी खासगरी संसदीय चुनाव वहिष्कार गर्ने पार्टी विरूद्ध तेज पार्ने कामको थालनी गरेको छ। सत्ताका आडमा पुलिस र प्रशासन मार्फत संजमो कार्यकर्तालाई झूट्ठा मुद्दामा फसाउने कार्यको थालनी गोरखाबाट गरिएको छ।

यसरी देशमा प्रजातन्त्र र मानवअधिकारको नारा भट्याउने हरेक सरकारले राज्यस्तरबाटै मानवअधिकार हनन गर्ने कार्य भइरहेको अवस्थामा इन्सेकले विभिन्न बाधा र कठीनाईका बावजुद देशका सबै क्षेत्रमा भएको मानवअधिकारको स्थितिलाई जनसमक्ष ल्याउने काम गरेको छ, त्यसको लागि धन्यवादज्ञापन गर्दछौं।

धन्यवाद।

*पम्फा भूसाल*
*अध्यक्ष, केन्द्रीय समिति*
*संजमो, नेपाल*

*(पम्फा भूसाल अध्यक्ष रहनु भएको संयुक्त जनमोर्चा नेपाल (माओवादी) संग सम्बन्धित रहेको छ भने लीलामणि पोखरेल महासचिव रहनु भएको संयुक्त जनमोर्चा नेपाल (एकता केन्द्र) संग सम्बन्धित रहेको छ।)*

# अनुसूचि ४

# क्रिया-प्रतिक्रिया




_ ०४९ साल पुस १ गतेदेखि ०५० साल पुस १६ गतेसम्मको अवधिमा देशभित्र घटेका घटनाहरू सम्बन्धी विवरणहरूको संकलन गरेर मानवअधिकार सम्बन्धी वस्तुस्थिति दर्शाउने प्रयास गरिएको यो पुस्तक यस कार्यमा संलग्न हुनु भएका व्यक्तिहरूको दृढ निश्चय, अदम्य उत्साह र कठिन परिश्रमको द्योतक हो भन्ने कुरामा कुनै शंका छैन। हाम्रो देशमा मानवअधिकारको सही स्थिति बारे जानकारी प्राप्त गर्न यस्ता पुस्तकहरू धेरै उपयोगी सिद्ध हुन सक्तछन्।

_ कानूनी शिक्षाको प्रसार, कानूनी सहायताको समुचित व्यवस्था र मानवअधिकारको अतिक्रमण सम्बन्धी उजुरीको छानवीन र अनुसन्धान गर्ने अधिकार सम्पन्न स्वतन्त्र मानवअधिकार आयोगको गठन जस्ता केही उपायहरूको अवलम्वन गरेर देशका असहाय र गरीव जनताको अधिकारहरूको संरक्षण गर्ने दिशामा केही हदसम्म सहयोग पुऱ्याउन सकिन्छ भन्ने मलाई लाग्दछ।

_ निरंकुश र भ्रष्ट हुन खोज्नु सत्ताको स्वभाव नै हो। यो प्रवृत्तिमाथि नियन्त्रण गर्न संविधानले विभिन्न उपायहरूको व्यवस्था गरेको छ। तर मानवअधिकारको सबैभन्दा ठूलो प्रत्याभूति जन चेतना नै हो। तसर्थ मानव अधिकारको सम्बन्धी संकलित विवरणहरूको प्रकाशनद्वारा जन साधारणमा चेतना जगाउन मानवअधिकार वर्ष पुस्तक १९९३ उपयोगी हुन सकोस् भन्ने शुभकामना व्यक्त गर्दछु।

*– प्रधान न्यायाधीश विश्वनाथप्रसाद उपाध्याय*
*(०५१ वैशाख २५, वर्ष पुस्तक १९९३ विमोचन मन्तव्य)*

आकर्षक छपाई र ५१२ पृष्ठ रहेको "मानवअधिकार वर्ष पुस्तक १९९३" मा सन् १९९३ वर्ष भरी नेपाल अधिराज्यमा मानवअधिकारको हनन, अतिक्रमण, हत्या, आतंक सम्बन्धी तथ्यपूर्ण अभिलेखका साथै नेपालको विविध क्षेत्रहरूमा मानवअधिकारको वर्तमान स्थिति बारे खोजपूर्ण जानकारी दिइएको छ। नेपालमा मानवअधिकारको स्थितिबारे अभिरूचि राख्ने प्रत्येक व्यक्तिले यो पुस्तकको अध्ययन गर्न अत्यावश्यक छ।

*– पुनर्जागरण, २९ बैशाख ०५१*

मानवअधिकार वर्ष पुस्तक गत वर्षदेखि प्रकाशन हुन थालेको हो र यो दोश्रो पटक प्रकाशित भएको बताइएको छ।

गत पुस १६ गतेसम्म एक वर्षको अवधिमा नेपालमा एक हजार तेत्तीस वटा मानवअधिकारको हनन भएका गम्भीर घटना घटेको कुरा सो पुस्तकमा उल्लेख गरिएको छ।

*– नेपाल टाइम्स, २६ बैशाख ०५१*

वर्ष पुस्तक १९९३ का राम्रा पक्षहरू यसप्रकार छन्: (क) जातीय छुवाछूत (ख) कमैया प्रथा (दासत्व) (ग) वेपत्ता पारिएका घटनाहरू (घ) देशभरीका जेलको अवस्थाबारे चित्रण (ङ) संचार माध्यम र मानवअधिकार __ ४ वटा पत्र पत्रिकामा उल्लेख समाचारका अंशहरूलाई जस्ताको तस्तै प्रस्तुत गरेर संचार कर्मीहरूलाई बढी उत्साहित तुल्याएको छ।

राजनैतिक विकास र राजनैतिक इतिहासको पक्षलाई मानवअधिकार वर्ष पुस्तकमा राखेर मानवअधिकारलाई राजनीति तर्फ बढी केन्द्रीत गरिएको महशूस भयो। विपक्षी दलहरू र मानवअधिकारका बारेमा कहीं कतै उल्लेख नभएको देख्दा पुस्तक तयार गर्नेहरू पूर्वाग्रही भएको देखिन्छ। यसका अतिरिक्त प्रतिपक्षको राजनीतिलाई पुष्टि गर्न साना साना कुराहरू पनि पुस्तकमा उल्लेख गरिएको छ। दक्षिण एशियामा नेपाल मानवअधिकारको क्षेत्रमा अघि छ भन्ने कुरामा ध्यान दिइएको देखिएन। अर्को खड्कने कुरा के छ भने एमालेद्वारा संचालित आन्दोलबाट प्राप्त प्रजातन्त्र नै गुम्छ कि ? भन्ने सर्वत्र आशंका भइरहेको बेला नेपाल पत्रकार संघले दुवै पक्षलाई एक ठाउँमा राखी वार्ता गराएको, जुन वार्ताको परिणाम भदौ १ गते संझौता भएर आन्दोलन स्थगित भएको यत्रो महत्वपूर्ण घटनाको उल्लेख नहुनुमा यसका सम्पादकहरूको पूर्वाग्रह देखिन्छ। पुस्तकमा चक्काजाममा प्रहरीको कुटाईबाट घाइते भएका तस्वीर छापिएको पाइयो तर हडताली वा चक्काजाम आव्हानकर्ताबाट गरिएका तोडफोडका घटनाका तस्वीर कतै छापिएनन्।

"नेपालमा ट्रेड यूनियन आन्दोलन र मानवअधिकार" विषयमा लेखिएको लेखोट पनि झण्डै झण्डै एकतर्फी देखियो। यसका अतिरिक्त वर्ष पुस्तकमा आत्महत्या, डकैती,

बस वा ट्रक दुर्घटना, व्यक्तिगत रिसइबी र हत्याका घटना, आर्थिक योजना लक्ष र उपलब्धि जस्ता प्रत्यक्ष मानवअधिकार भन्दा बाहिरका विषयहरूलाई समावेश गरेर पुस्तकलाई अनावश्यक मोटो बनाउने प्रयास भएको छ।

समग्रमा मानवअधिकार वर्ष पुस्तकको यो दोस्रो संस्करण (सन् १९९३) ले समाजका बौद्धिकवर्ग, सांसद, पत्रकार, सरकार प्रतिपक्ष सबैलाई झकझक्याउन सफल भएको छ।

*- कृष्ण कँडेल, राष्ट्रपुकार, ११ जेठ ०५१*

मुलुकमा मानवअधिकारको स्थिति कस्तो रह्यो ? वर्ष १९९३ भरी घटेका १०३२ वटा घटनाहरू, नेपालमा मानवअधिकार आन्दोलनको इतिहास (२०१७ सम्म), १९९३ मा भएको राजनैतिक तथा संवैधानिक विकास, र मानवअधिकारसंग सम्बद्ध सबै पक्षहरूको विस्तृत मूल्यांकन गरिएको प्रस्तुत पुस्तक सबैका लागि, संधैका लागि संग्रहणीय छ।

*- स्वतन्त्रता साप्ताहिक, १२ जेठ ०५१*

आठ परिच्छेद राखेर नेपालको ७५ जिल्लाको अध्ययन गरी मानवअधिकार वर्ष पुस्तक १९९३ अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले प्रकाशमा ल्याएको छ।

देशमा प्रजातन्त्र स्थापना भएपछि घटेका मानवअधिकार विरोधी घटनाहरू जेलका भग्नावशेषका रूपमा रहेका भवनहरूको फोटो, प्रहरी ज्यादतीबाट हत्या भएका व्यक्तिहरूको फोटो समेत समेट्न पुगेको उक्त पुस्तकको शुरूको परिच्छेदमा नेपालको मानवअधिकार आन्दोलनको सविस्तार वर्णन र १७ सालको घटना समावेश छ। १९९३ को राजनीतिक विकास, संवैधानिक विकास, मानवअधिकार सवालमा नेपालको स्थिति र कानून, संसद र मानवअधिकार श्री ५ को सरकार र मानवअधिकार, आम सञ्चार र मानवअधिकार, नेपालको आर्थिक योजना लक्ष र उपलब्धी जस्ना सवालमा स्पष्ट पारिएको छ।

*- पृष्ठभूमि साप्ताहिक, २६ जेठ ०५१*

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले मानवअधिकार वर्ष पुस्तक १९९३ प्रकाशमा ल्याएको छ। नेपाल अधिराज्यको ७५ वटै जिल्लामा केन्द्रले स्वयंसेवकहरू पठाएर १९९३ सालमा घटेका मानवअधिकार उल्लंघनका घटनाहरू पुस्तकमा समाविष्ट छन्। कतिपय जिल्लाहरूमा जीर्ण कारावासको भवनको फोटोहरू प्रकाशित गरिएकाले जेलभित्रको मानवअधिकारको दुर्दशालाई स्पष्टसंग बुझ्ने मौका दिएको छ। यसका अतिरिक्त हरेक जिल्लाको क्षेत्रफल, जनसंख्या, साक्षरता पुरूष महिला प्रतिशतमा दिएकाले जिल्लागत स्थिति बुझ्न अझ मौका मिलेको छ।

*- जनादेश साप्ताहिक, २४ जेठ ०५१*

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा प्रकाशित मानवअधिकार वर्ष पुस्तक १९९३ अनुसार नेपालमा कूल ३१७ दिनमा गरी जम्मा १ हजार ३२ मानवअधिकार उल्लंघनका घटनाहरू घटे। १ सय १७ जना व्यक्तिहरू संलग्न रही स्थलगत अध्ययनपछि भर्खरै प्रकाशित वर्ष पुस्तक १९९३ को अनुसार गत वर्षको तुलनामा यस वर्ष मानवअधिकार उल्लंघन सम्बन्धी घटना निकै बढेको देखिन्छ। पुस्तक १९९३ का अनुसार कूल ३६६ दिनमा २०९ दिन उल्लंघन भएकोमा उल्लंघन संख्या ३६३ रहेको थियो।

*- जनप्रिय, विराटनगर - जेठ ३ ०५१*

सम्पादक,
मानवअधिकार वर्ष पुस्तक १९९३

वर्ष पुस्तक १९९३ मा सुनसरी जिल्ला अन्तरगत पेज नं. १२१ को शीर्षकको पेज नं. १२३ को नं. २.१ अभिव्यक्ति, स्वतन्त्रता/भेला र संगठित हुने अधिकार अन्तरगत दोश्रो प्याराको ९-११ हरफमा भएको कुरा अपुग छ। त्यसमा हुनु पर्ने यस्तो थियो - ने.रा.शि. संगठनमा लागे वापत शिक्षक त्रिलोचन रेग्मी, जयकुमार राई, फत्तेराज राजभण्डारी, उमेश कार्की जम्मा चारजनालाई सोलुखुम्बुबाट सुनसरी र सुनसरीबाट भद्रनारायण चौधरी, युगनारायण दास सहित चार जनालाई सोलुखुम्बु सरूवा गरिएको थियो। त्यसै समयमा सोलुखुम्बुबाट इलाम सरूवा गरिएका शिक्षकहरू खम्वसिं राई, प्रेमबहादुर राई, चन्द्र भुजेल र भीम श्रेष्ठ हुन्।

त्यसै गरी पेज नं. १६१ को (२) मौलिक अधिकार २.१ अभिव्यक्ति स्वतन्त्रता/भेला र संगठित हुने अधिकार शीर्षकमा १६, १७ र १८ हरफमा समाचार गलत भएको छ। निम्न बमोजिम हुनु पर्ने कुरा जानकारी गराउँछौं। ने.रा.शि. संगठनमा लागेर संगठन गर्ने काम गरेवापत त्रिलोचन रेग्मी, जयकुमार राई, फत्तेराज राजभण्डारी र उमेश कार्कीलाई सुनसरी र खम्वसिं राई, प्रेमबहादुर राई, चन्द्र भुजेल र भिम श्रेष्ठलाई सोलुखुम्बुबाट इलाम सरूवा गरिएको थियो।

*- सोलुखुम्बुका शिक्षकहरू*

सन् १९९३ को वर्षमा नेपालमा १०३२ वटा मानवअधिकार उल्लंघनका घटना घटेको तथ्यांक मानवअधिकार वर्ष पुस्तक १९९३ मा उल्लेख गरिएको छ।

पचहत्तरवटै जिल्लामा सो वर्ष घटेका मानवअधिकार उल्लंघनका घटनाहरूको फेहरिस्त तयार गरिएको छ। सो वर्ष प्रहरी, सेना र वन सुरक्षा अधिकारीहरूको यातनाद्वारा ९ जनाको मृत्यु भएको उल्लेख छ। जसमध्ये एउटा घटना, मकवानपुर जिल्लामा एउटा कुखुराको भाले प्रहरीलाई नदिएको रीसमा ४२ वर्षीय काजिमान विश्वकर्मालाई प्रहरी हिरासतमा लिई निर्घात कुटपिट गरिंदा मृत्यु भएको थियो।

यस्तै प्रहरीको जथाभावी गोली प्रहारबाट २५ जनाको हत्या भएको ठहर गरिएको छ। तीमध्ये अधिकांश एमाले

सहितका सात वाम पार्टीहरूद्वारा सञ्चालित आन्दोलनको क्रममा मारिएका जनाइएको छ।

सन् १९९३ मा नेपालमा तीनवटा बेपत्ता पारिएका घटनाहरू भएको कुरा वर्ष पुस्तकमा जनाइएको छ। बीस वर्षीय प्रभाकर सुवेदीलाई गत असार ११ गते वाम संघर्षको दौरानमै बेपत्ता पारिएको घटना अझै अदालतमा विचाराधीन रहेको छ भने चेलीबेटी बेचेको अभियोगमा गिरफ्तार ४० वर्षीय विष्णुनाथ तिमिल्सिना र चोरी गरेको अभियोगमा अन्य आठ जनासँगै पक्राउ गरिएका १४ वर्षीय रविन के.सी. आजसम्म बेपत्ता छन्।

दासढुङ्गा दुर्घटनालाई यस वर्षको प्रमुख घटना मान्दै त्यसलाई सम्भावित राजनीतिक हत्या मानिएको छ।

*– मातृभूमि, २७ वैशाख २०५०*

इन्सेकले छापेको मानवअधिकार वर्ष पुस्तक १९९३ मा गम्भीर असावधानी भएका कुरा बौद्धिकहरू चर्चा गर्दछन्। सरसर्ती हेर्दा वर्तमान प्रधानमन्त्री र मन्त्रिपरिषद् विरूद्ध नकारात्मक पक्ष खोतल्ने पर्याप्त प्रयास भएको तर मानवअधिकारका पक्षमा भएका कामहरूबारे उल्लेखसम्म नगरिएको विचार बौद्धिकहरू प्रकट गर्छन्।

वर्षका पीडित पत्रकारबारे उल्लेख गर्दा गोरखापत्रका एकजना पत्रकारलाई एउटा विभागबाट अर्को विभागमा सरूवा गरेर दुःख दिएको भन्ने उल्लेख गरिएको छ। तर त्यसै वर्ष अन्यायपूर्वक अनियमित रूपबाट सेवामुक्त गरिएका गोरखापत्र र दि राइजिङ्ग नेपालका सम्पादकहरूका र अन्य थुप्रै कर्मचारीहरूबारे कुनै उल्लेख गरिएको छैन।

*– समीक्षा, १३ जेठ ०५१*

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले वि.सं. २०४९ पुस १७ गतेदेखि २०५० पुस १६ गतेसम्म नेपाल अधिराज्यमा मानवअधिकारको स्थिति र यसको उल्लंघनका घटनाहरूलाई उनेर "मानवअधिकार वर्ष पुस्तक १९९३" नामक एउटा ठूलो पुस्तक हालै मात्र प्रकाशनमा ल्याएको छ। गत वर्ष पनि मानवअधिकार वर्ष पुस्तक १९९२ प्रकाशित गर्न सफल भएको यस संस्थाले सन् १९९३ को एक वर्षभित्र नेपालमा भएका मानवअधिकारसम्बन्धी घटनाहरूलाई प्रकाशमा ल्याउने आफ्नो जिम्मेवारी समयमै पूरा गरेको मान्नु पर्छ।

जम्मा ११ परिच्छेद र त्यति नै अनुसूची समावेश गरी नेपाल अधिराज्यका ७५ वटै जिल्लामा भएका मानवअधिकार उल्लंघन सम्बन्धी घटनाहरूलाई उनेको प्रस्तुत पुस्तकमा छोटकरीमा नै भए पनि नेपालमा मानवअधिकारको ऐतिहासिक पृष्ठभूमि र यस क्षेत्रमा हुँदै आएका संघर्ष र प्रयासका तथ्यहरू उनेर समग्रमा मानवअधिकारसंग प्रत्यक्ष सम्बन्ध राख्ने विषयहरू समावेश भएको छ। जस्तै प्रत्येक मानवको आत्मनिर्णय गर्ने स्वअधिकार, राजनीतिक, आर्थिक र सामाजिक अधिकार, भेदभाव विरूद्धको अधिकार, दासत्व विरूद्धको अधिकार, बालअधिकार र महिला अधिकार आदिका विषयमा, नेपालको वर्तमान संविधान र ऐन कानूनले निर्दिष्ट गरेका नीति तथा नियमहरू र यस नीति नियम अनुसार राष्ट्रले उसको समाजको विकासमा के-कस्तो सार्थक भूमिका खेल्न सक्यो ? यसबाट पृथक रहेर नेपाल अधिराज्यमा के, कति र कुन हदसम्ममा ओर्लिएर मानवअधिकारको उल्लंघन गर्ने कार्यमा आफूलाई लिप्त गराउने काम गऱ्यो ? त्यसको लेखाजोखा पनि आफ्नै किसिमले प्रस्तुत पुस्तकमा वर्णन गर्ने काम भएको छ।

त्यसैले हाम्रो जस्तो मुलुकमा मानिसद्वारा मानिसकै शोषण गर्ने र राष्ट्रिय कानूनले प्रत्याभूत गरेको मानवअधिकारको उल्लंघन गरी सामाजिक विकासमा नै अवरोध तेर्स्याउने कार्यको रोकथाम गर्नु राष्ट्रको दायित्व हो भन्ने विषयमा प्रस्तुत पुस्तकमा वर्णित कुराहरूले प्रशस्त प्रकाश पार्न सकेको अनुभव हुन्छ। त्यसैले पनि मानवअधिकारका सम्बन्धमा यस अधिकारभित्र पर्ने विषयहरूमा सम्बन्धित क्षेत्रबाट के-कस्ता कार्यहरू भइरहेका छन्, त्यसबारे प्रशस्त जानकारी दिने प्रयास प्रस्तुत पुस्तकले गरेको छ।

यस पुस्तकमा कतिपय त्रुटिहरू पनि छन्। जस्तै वि.सं. १९५८ वैशाख २४ गतेदेखि साप्ताहिक रूपमा प्रकाशन शुरू भएको गोरखापत्रलाई विना आधार "१९५८ जेठ ३ गते साप्ताहिक खबर कागजका रूपमा गोरखापत्र प्रकाशित भयो" भनी किटान गर्नु (पृष्ठ ६), त्यस्तै परिच्छेद ६ मा समावेश गरिएको "आम सञ्चार र मानवअधिकार-१९९३" शीर्षक (पृष्ठ ४३) अन्तरगत मानवअधिकार हनन सम्बन्धी विभिन्न पत्रपत्रिकाका समाचारलाई यस पुस्तकमा उनिए तापनि समाचारपत्रहरूले इंगित गरेका प्रसङ्ग र घटनाहरू कतिसम्म सत्य र तथ्य छन् ती सबैका विषयमा अन्वेषण गरी पीडित व्यक्तिका सम्बन्धमा यथार्थ जानकारी पस्कने जिम्मेवारी पूरा गर्न सकेको पाईदैन।

*– गोरखापत्र, १४ जेठ ०५१*

वर्ष पुस्तक १९९३ (९२ समेत) नेपालमा मानवअधिकारको विषयलाई लिएर प्रकाशन गरिएको आफ्नै खालको पहिलो पुस्तक हो। पुस्तक प्रकाशन कार्यले इन्सेक मानवअधिकार अभियानमा गंभीरतापूर्वक लागेको छ भन्ने कुरा सँगै इन्सकेको मानवअधिकार प्रतिको प्रतिवद्धताको बारेमा कथनी र करनी बीचको सामञ्जस्यतालाई झल्काएको छ।

पुस्तकले मानवअधिकारसंग सरोकार राख्ने विषयहरूको आवश्यकतानुसार सैद्धान्तिक विवेचना संगसंगै ऐतिहासिक एवं विश्लेषणात्मक लेखाजोखालाई समाविष्ट गर्ने कार्य गरेको छ।

पुस्तकले सरकारद्वारा उल्लंघन भएका मानवअधिकारका घटनाहरूलाई जसरी प्रभावकारिताका साथ उठाएको छ, त्यसबाट पाठकहरू माफ वर्तमान सरकारद्वारा मानवअधिकारको क्षेत्रमा भएका उल्लंघनका घटनाहरूलाई

समेत सोही रूपमा उठाइएला वा नउठाइएला भन्ने प्रश्न ठडिनु स्वाभाविक हुन्छ। इन्सेकले आगामी वर्ष पुस्तकहरू प्रकाशनमा आफ्नो वर्तमान स्तरलाई कायम राख्नु पर्दछ।

कतिपय कमजोरीका बावजूद पनि मूलतः पुस्तकको प्रकाशन कार्य नै एउटा प्रभावकारी कदम भएकोले यसले लिएको जुन उद्देश्य छ त्यसलाई यथार्थ स्वरूप दिनमा यो धेरै हदसम्म सफल छ।

*- कृष्ण वेलवासे*
*१० माघ ०५१ मा नेपालगञ्जमा आयोजित वर्ष पुस्तक मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

नेपालका अधिकांश सबै जेलहरूको स्थिति दयनीय भएको कुरा यस पुस्तकबाट जानकारी प्राप्त गर्न सकिन्छ। स-साना कोठामा धेरै बन्दीहरूलाई कोचिएकोले तिनले पाउनु पर्ने न्यूनतम मानवअधिकार खाना, स्वास्थ्य, वातावरण आदिबाट वञ्चित भएका छन्। कतिपय जेलहरूको स्थितिको बारेमा मानवअधिकार सम्बन्धी कार्यकर्ताले जानकारी लिन नपाउनु पनि दुर्भाग्यिपूर्ण स्थिति हो।

*- प्रा. पदमकान्त जोशी*
*०५१ माघ १८ गते धनगढीमा आयोजित वर्ष पुस्तक मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

पचहत्तर जिल्लामा भएका विभिन्न अपराध र मानवअधिकारका घटनालाई तथ्यांक सहित घटनाको प्रकृति र घटना संख्या सहित उल्लेख गर्न सक्नु ज्यादै कठीन परिश्रम हो। जसले गर्दा सम्पूर्ण अपराध र अपराधीहरू इतिहास बन्न सक्दछन् र साथै जानकारी राख्न खोज्ने जिज्ञासुले कुनै बेला पनि विभिन्न जिल्लाका घटनाको अध्ययन गर्न सक्दछन्।

यसमा उल्लेखित सम्पूर्ण मानवअधिकार र अधिकार हननको घटनाहरू सत्य र तथ्यमा आधारित छन् जसले गर्दा अनौपचारिक सेवा केन्द्रको यो प्रयास निष्पक्ष, न्यायसंगत र पारदर्शी भएको महशूस हुन्छ।

कतिपय सरकारी स्तरबाट भएका मानवअधिकार सम्बन्धी उल्लेखनीय कार्यहरू र सरकारले मानवअधिकार विरूद्ध गरेका क्रियाकलाप समेतलाई समानुपातमा राखेर उल्लेख गर्न नसकिएको हुँदा यो पुस्तक अध्ययन गर्दा एक तर्फी हो कि जस्तो आभास हुन्छ।

*- श्रीमती विना कोइराला*
*मोरंगमा आयोजित वर्ष पुस्तक मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

प्रस्तुत पुस्तकमा १७ पुस २०४९ देखि पुस २०५० सम्म तदनुसार सन् १९९३ वर्ष भित्र नेपालमा मानवअधिकार सम्बन्धी अवस्थाहरू, क्रियाकलापहरू, उल्लंघनहरू, मानवअधिकार र कायम राख्ने रखाउने तथा वहाली गराउने प्रयासहरू, यस सम्बन्धी कटिबद्ध संस्थाहरू र सरकारी नीतिहरू समेत समष्टि रूपमा चित्रण, वर्णन तथा लेखाजोखा समेत गरिएको छ। नेपाली वाङ्मयमा मानवअधिकारको एक वर्ष भित्रको अवस्थामा लेखिएको यतिको व्यापक किताब सम्भवत यो पहिलो हो, नेपालभित्र मानवअधिकारको विषयमा भएका गतिविधिहरूको यतिको सही चर्चा अहिलेसम्म भएकै थिएन। वास्तवमा भन्ने हो भने यो पुस्तक नेपालको गौरव हो।

*विश्वराज पाण्डे, जिल्ला सदस्य, मासम*
*मोरंगमा आयोजित वर्ष पुस्तक मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

नेपालमा प्रजातन्त्रको पुनर्वहालीपछि खुलेका सयकडौं गैरसरकारी संस्थाहरूमध्ये धेरै जसोका काम अहिलेसम्म पनि रहस्यकै गर्भमा लुकिराखेका छन् तर कतिपय गैरसरकारी संस्थाहरू भने ठोस कार्यका उपलब्धिबाट चर्चामा आउने गरेका छन्। यस्तो संस्थामा अनौपचारिक क्षेत्र सेवा केन्द इन्सेकले "मानवअधिकार वर्ष पुस्तक १९९३" प्रकाशित गरेर प्रजातन्त्रको खोल ओढेका नेपालीहरू कसरी कुन रूपमा मानवअधिकार उल्लंघनका शिकार भएका रहेछन् भन्ने कुरालाई अनेकौं उदाहरण र तथ्य एवं तथ्यांकद्वारा स्पष्ट पार्ने प्रशंसनीय जमर्को गरेको छ। यस किसिमको पुस्तकको प्रकाशनको वार्षिक श्रृङ्खला इन्सेकले गत वर्ष नै प्रारम्भ गरिसकेको हो तर पनि गत वर्षको तुलनामा १६० पृष्ठ बढी भएको पुस्तक यस वर्ष प्रकाशित भएबाट यसपटक धेरै बढी घटनाहरूको टिपोट र रिपोर्ट समावेश हुन सकेका छन्।

कतिपय प्रसंगमा महत्व नपाउनु पर्नेले बढी महत्व पाएको, पाइनु पर्नेले नपाएका जस्ता कुरा परेकोमा नखङ्किने कुरा पनि छैन। त्यसो हुनुलाई मानवीय कमजोरीकै शाश्वत पक्षका रूपमा औंल्याउन सकिन्छ। तर पनि अहिलेसम्म कसैले पनि गर्न नसकेको वा गर्न नचाहेको क्षेत्रमा साहसका साथ पाइला राखेर यति ठूलो ग्रन्थ तयार पार्नुका साथै नेपाल र नेपालबाहिर वास्तविक वस्तु तथ्य पुऱ्याउने जुन प्रयास गरिएको छ, यसलाई प्रशंसनीय उदाहरणका रूपमा राख्न सकिन्छ।

इन्सेकद्वारा प्रकाशित पुस्तकको उच्च मूल्यांकन गर्दा गर्दै पनि मानवअधिकारको रक्षा र सम्वर्द्धनको लागि प्रयत्नशील हुने नाउँमा यो ग्रन्थका आलोचकहरूले खास वामपंथी राजनीतिक विचारधाराको पक्ष लिएको जस्तो त्रुटी पनि यहाँ उल्लेख नगरिरहन सकिदैन।

*- गौतम*
*विश्वमित्र पाक्षिक, ०५१ साउन*

पुस्तक सरल भाषामा, सकभर सानो, सर्वसुलभ र केही सस्तो हुन सके सर्वसाधारण जनताका छोरा छोरीले पनि अध्ययन गर्न सक्थे कि ?

*- गोपीलाल देवकोटा*
*अनेरास्ववियू (क्रान्तिकारी)*
*केन्द्रीय समिति, उपाध्यक्ष*

जिल्लागत रूपमा मानवअधिकारका विविध पक्षहरूमा विस्तृत स्थलगत निरीक्षणको आधारमा जानकारीहरू संकलन गरिएकोले पुस्तकमा समावेश गरिएका जानकारीहरू वास्तविक छन् र यसले गर्दा पुस्तकको विश्वसनियता बढ्न गएको छ। नेपालको मानवअधिकार आन्दोलनमा संलग्न शिर्षस्थ व्यक्तिहरूको सहभागिता समेत भएकोले पनि पुस्तक स्तरीय हुन गएको छ। यस अर्थमा मानवअधिकार वर्ष पुस्तक १९९३ लाई नेपालको मानवअधिकार सम्बन्धी जानकारी दिने पहिलो प्रमाणिक प्रकाशन मान्न सकिन्छ।

पुस्तकको मूल्यमा सकेसम्म कम गरी नेपालको प्रत्येक गाविसमा पुऱ्याउन सकेको खण्डमा पुस्तकको सार्थकता अझ बढ्ने थियो।

पुस्तकलाई दुईवटा भिन्दा भिन्दै संस्करणको रूपमा प्रकाशन गर्न सके अझ राम्रो हुने, संग्रहको लागि र पुस्तकालयहरूको लागि ठूलो सजिल्द संस्करण र अर्को सर्वसाधारण व्यक्तिहरूको लागि पकेट बुकको रूपमा सस्तो र संक्षिप्त संस्करण।

*– हेमराज पन्त*
*०५१ माघ १८ गते धनगढीमा आयोजित*
*मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

अदालतमा रहेका घटनाहरूका बारेमा बेग्लै धारणा हुनु पर्ने र कारागारका सम्बन्धमा बन्दीहरूले के के सुविधा पाउने अधिकार हो, त्यसमा के के पाएका छन् र पाएका छैनन् भन्ने कुरा स्पष्ट रूपले उल्लेख गर्नु पर्छ।

बाल अधिकार सम्बन्धमा हली गोठाला भएर बस्ने बालबालिकाले उचित ज्याला पाएका छन् कि छैनन् भन्ने कुरा उल्लेख हुनु पर्थ्यो।

*– हरिकृष्ण कार्की*
*०५१ माघ २८ गते काठमाडौंमा आयोजित*
*मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

मानवअधिकार वर्ष पुस्तक चुनौती दिनै नसक्ने पुस्तक बनेको छ।

यसमा प्रयुक्त भाषा सिद्धहस्त, प्रवीण र परिमार्जित भइकन सुन्दर छ। बौद्धिक भएर पनि रोचक र खोजपूर्ण छ। वर्ष पुस्तकमा उल्लेखित घटनाहरू, निष्पक्ष रूपमा प्रस्तुत गरिएका छन्, पक्षपातको गुन्जाइस छैन।

७५ जिल्लाका घटना र अन्य परिच्छेदको दुइवटा छुट्टाछुट्टै पुस्तक प्रकाशित गरे राम्रो होला।

अन्तर्राष्ट्रिय मानवअधिकार संस्थाहरूको परिचय होस्। नेपालका प्रजातान्त्रिक सेनानीहरूको बारेमा पुस्तकमा परिचय र उनीहरूको योगदान बारे उल्लेख हुनु पर्छ।

नेपालमा प्रजातन्त्र र मानवअधिकारका लागि लड्ने सेनानी र शहीदहरूको सम्मानमा पनि केही गर्नु पऱ्यो।

*– आनन्द आचार्य*
*०५१ माघ २८ गते काठमाडौंमा आयोजित*
*मूल्यांकन गोष्ठीमा प्रस्तुत टिप्पणीबाट*

वर्ष पुस्तकले पूर्वेली जगतको बौद्धिक जागरणलाई प्रकाश पार्दछ।

वर्ष पुस्तकभन्दा पनि युगग्रन्थको ओज बोक्न खोजेको छ यसले। वर्ष पुस्तकको सीमा नाघेर हाल सम्मको मानवअधिकारको स्थितिलाई समेट्न सकेको छ।

*– नारायणप्रसाद आचार्य*
*विराटनगरमा ०५१ माघ २१ गते आयोजित*
*मूल्यांकन गोष्ठीमा प्रस्तुत टिप्पणी*

परापूर्व कालदेखि नै प्रचलनमा रहेको शोषण, दमन, अन्याय, अत्याचारका साथै दास प्रथा र असमानता अद्यापि कायमै रहेको छ। जसलाई आम जनसमुदाय सामु छर्लङ्ग पार्न यो पुस्तक सफल भएको छ। सरकारले जति सजिलोसंग मानवअधिकारको कुरा गर्दछ। त्यसलाई कार्यान्वयन गर्न जटील भइरहेको छ। यी सबै कुरा समेट्ने प्रयास वर्ष पुस्तकले गरेको छ।

*– जिल्ला न्यायाधीश सुरेन्द्रवीर सिंह*
*नेपालगञ्जमा आयोजित मानवअधिकार वर्ष पुस्तक*
*मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

विश्वमा पुरानो भइसकेको न्याय प्रणाली हाम्रो देशमा नयाँ नै छ। मानिसले न्याय पाएका छन् कि छैनन् सोच्नु पर्ने भएको छ। तीन दशकअघि देखि नै सरकारले पनि मानवअधिकारप्रति आफ्नो प्रतिवद्धता जाहेर गरेको भएता पनि कार्यान्वयन पक्ष सवल हुन सकेको छैन। २०४६ को जनआन्दोलन पश्चात मानवअधिकारको पक्षमा काम गर्ने संस्थाहरू मध्ये इन्सेक अग्रपंक्तिमा छ, जसको ज्वलन्त उदाहरण यो वर्ष पुस्तकको प्रकाशनको शुरूवात पनि हो। जसले अधिराज्य भरीका मावनअधिकार हननका घटनाहरू संकलन गरी जनसमुदायलाई देशको बारेमा सु-सूचित गर्ने कामको थालनी गरेको छ, जुन ज्यादै सहाहनीय छ।

*– कर्णबहादुर थापा, प्राध्यापक*
*नेपालगञ्जमा आयोजित मानवअधिकार वर्ष पुस्तक*
*मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

मानवअधिकार सम्बन्धी सबै क्षेत्रलाई प्रस्तुत वर्ष पुस्तकले अंगालेको र यसले सबै व्यहोराहरू उल्लिखित गरेको भन्न सकिने होइन। यस सम्बन्धमा जति काम गर्दा पनि अधुरो नै रहने हो तर यस वर्ष पुस्तकमा समाविष्ट गर्नु पर्ने केही कुराहरू समावेश भएको पाइएन। यस सम्बन्धमा हेर्दा प्रस्तुत पुस्तक मानवअधिकार सम्बन्धमा अरू निकायहरूबाट भएका कामकाजको विस्तृत लेखाजोखा प्रस्तुत गरिए पनि यस अनौपचारिक क्षेत्र सेवा केन्द्र स्वयंले मानवअधिकार सम्बन्धमा गरेको कार्यहरूको विवरणहरू समुचित प्रस्तुत हुन नसक्नु आश्चर्यजनक हो।

प्रस्तुत पुस्तकमा न्यायपालिका र मानवअधिकार, संसद र मानवअधिकार श्री ५ को सरकार मानवअधिकार एवं

आमसंचार र मानवअधिकार जस्ता विषय वस्तु तर्फ ध्यानाकर्षण गराउनु प्रशंसनीय छ तर लोक सेवा आयोग र मानवअधिकारको विषय वस्तु तर्फ यस संस्थाको ध्यान नजानुबाट पुस्तक अधुरो रहेको भन्न करै लाग्छ।

नागरिकता मानवअधिकारसंग प्रत्यक्ष सरोकार राख्ने विषय हो। हाम्रो देशमा भूटानी आप्रवासीहरूको समस्या यथावत छ जसलाई नेपालमा शरणार्थी सम्बन्धमा शीर्षक अन्तरगत समावेश गरी शरणार्थीहरूको कारण उब्जेका समस्याहरूप्रति समेत केही अंशमा सचेत गराइएको छ तर हाम्रो देशबासीहरू मध्ये कतिपयले पाउन नसकेका नागरिकता तर्फ प्रस्तुत पुस्तकले विवेचना नगर्नुबाट मानवअधिकारसंग सम्बन्धित एउटा अनिवार्य विषय वस्तुतिर ध्यान नगएको स्पष्ट देखिन्छ।

*- गिरीशचन्द्र लाल*
*०५१ माघ १६ गते नेपालगञ्जमा आयोजित वर्ष पुस्तक मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

यो पुस्तक धेरै हिसाबले संग्रहणीय छ। नेपालमा र यसको जिल्ला जिल्लामा मानवअधिकारको विविध पक्षमा वास्तविक हालत के छ त्यो बुझ्न यो पुस्तकले राम्रो मद्दत पुऱ्याएको छ। यो विषयमा यति धेरै तथ्यहरू मिहेनतसाथ एकै ठाउँमा संकलित भएको यो नै नेपालको पहिलो संग्रह हो।

यो पुस्तकले नेपालको मानवअधिकारको वर्तमानलाई मात्र होइन, विगतलाई पनि खोतल्ने थोरै भए पनि प्रशंसनीय जमर्को गरेको छ। धेरैले थाहै नपाएका तथ्यहरू यस मार्फत उदांगिएका छन्। सत्र सालअघिको नेपालको राजनीतिक आन्दोलनको विकासको लेखाजोखा, महिला, ट्रेडयुनियन तथा शिक्षक आन्दोलनको ऐतिहासिक विकास क्रम र जातीय छुवाछूत बारेको यसको प्रस्तुती त्यसको टड्कारो उदाहरण हो।

खालि मानवअधिकार बारे होइन, नेपालको यथार्थका अन्य पक्षहरू पनि यसमा संग्रहित छन्। तथ्यांकमा नेपाल त्यसको एउटा प्रत्यक्ष सबूद हो। यस हिसाबले यो पुस्तक नेपाल बारे थाहा पाउन चाहने जो सुकैले पनि पनु पर्ने सन्दर्भ ग्रन्थ भएको छ।

गोली र हत्या सम्बन्धी बूँदामा राज्यको तर्फबाट चलाइएको गोली र हत्या बारे स्पष्ट उल्लेख छ। तर अन्य राजनीतिक शक्तिहरूबाट भएको गोली र हत्याकाण्डमा कुन राजनीतिक शक्तिले कुन शक्तिमाथि गरेको भन्ने कुराको स्पष्ट उल्लेख पाइन्न। त्यसले हामीलाई पत्रिकामा घटना क्रमको मूर्त रूपमा रिपोर्ट उद्धरण गर्न व्यावहारिक अप्ठेरो परेको छ। यो समस्यालाई इनसेकले भविष्यमा हल गर्ने छ भन्ने आशा छ।

*- श्याम श्रेष्ठ, प्रधान सम्पादक, मूल्यांकन मासिक*
*०५१ माघ २८ गते काठमाडौंमा आयोजित मूल्यांकन गोष्ठीमा प्रस्तुत समीक्षाबाट*

अनौपचारिक क्षेत्र सेवा केन्द्रले प्रकाशित गरेको सन् १९९३ को वर्ष पुस्तकमा स्पष्ट र सरल नेपाली भाषामा घटनाहरूको विस्तृत विवरण सहित ७५ जिल्लामा नै मानवअधिकार हनन भएका घटनाहरू राखिएको छ।

यस अभिलेखले ज्वलन्त दृष्टान्त दिई निष्पक्ष संयन्त्र केन्द्रीयस्तरमा नै अभाव भएको देखाउँछ। राम्रो खोजपूर्ण प्रतिवेदन, विस्तृत व्याख्या तथा राजनैतिक आग्रह नराखी प्रकाश पारिएका नेपालमा मानवअधिकार हननका दृष्टान्तहरू यस पुस्तकमा संग्रहित छन्।

*- विनोद भट्टराई*
*स्पटलाइट, ०५१ जेठ १३*

नेपालमा प्रजातन्त्र पुनर्स्थापन भएको चार वर्ष वितिसकेको छ। गिरिजाप्रसाद कोइरालाले नेतृत्व गरेको नेपाली कांग्रेसको सरकारले कार्यभार सम्हालेको पनि तीन वर्ष पुगिसकेको छ। यस अवधिमा राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संस्थाहरूले मानवअधिकार हनन प्रशस्त मात्रामा भइरहेको उल्लेख गरेका छन्। यसले थुप्रै गम्भीर मामिलाहरूलाई उठाएको छ तर सरकार भने मानवअधिकार हनन नभएको दाबी गरिरहेको छ।

यस किताबमा मानवअधिकार हननका उपयुक्त स-साना घटनाहरूलाई समेत समेटिएको पाइन्छ र यस प्रकाशनमा कुनै प्रकारको अतिशयोक्तिपूर्ण किसिमले घटनाहरू समावेश गरेको पाइन्न।

नेपालमा यातना दिने काममा निरन्तर रूपमा जंगली शैलीलाई प्रहरीहरूले अख्तियार गरेका छन्। यस कुराको पुष्टी प्रहरीहरूले २२ तरिकाबाट यातना दिने सूची यस किताबले दिएर देशभर सन् १९९३ मा यातना दिइएकोबाट स्पष्ट हुन्छ। यसमध्ये सबैभन्दा बढी चलन चल्तीमा यातना दिइने तरिका पिट्नु नै रहेको देखिन्छ।

*- विजय अर्याल*
*रिभ्यू, ०५१ बैशाख २९*

मानवअधिकार वर्ष पुस्तक १९९३ मा समावेश "नेपालमा जातीय छुवाछूत" शीर्षक अनुसूचीमा उल्लेख भएको "२०४४ सालमा मेगबहादुर विश्वकर्माको अध्यक्षतामा जातीय विभेद उन्मूलन मञ्च काठमाडौं खुल्यो। यस संगठनले केही क्रान्तिकारी कार्यक्रमहरू अगाडि सार्ने नाममा मोटो रकम चन्दा संकलन गरिसकेपछि संगठन नै वेपत्ता भयो" भन्ने वाक्यहरू लेखिएको रहेछ। त्यसमा के कुरा भन्न मन लागिरहेको छ भने हाल संगठन अस्तित्वमा नरहेको कुरा यथार्थ हो यसमा कसैको दुई मत छैन। तर मेगबहादुरले मोटो रकम चन्दा संकलन गऱ्यो भन्ने जुन गम्भीर आरोप हो त्यो साह्रै नै निन्दनीय छ।

*- मेगबहादुर विश्वकर्मा*
*तत्कालीन संयोजक, जातीय विभेद उन्मूलन मञ्च*

# अनुसूचि ५

# कार्यविधि र तयारीका क्रममा देखिएका समस्याहरु

## कार्य सम्पादन विधि

- १९९२ र १९९३ को वर्ष पुस्तक प्रकाशनका क्रममा हामीले मानवअधिकार उल्लंघनका घटनाहरूको सूचना संकलन गर्न वर्षको अन्त्यतिर स्वयमसेवकहरूको छनौट गरी राजधानीबाट जिल्ला जिल्लाको दायित्व दिएर पठाएका थियौं। वहाँहरूले ल्याउनु भएका सूचनाहरूको अध्ययन विश्लेषणपछि व्यवहारिक अनुभव समेतलाई ध्यानमा राखी त्यसरी राजधानीबाट वर्षको अन्त्यमा स्वयमसेवक पठाउनुभन्दा जिल्ला जिल्लामै स्थायी किसिमका सूचना प्रेषकको व्यवस्था गर्नु उपयोगी हुने भएकोले यथा समयमा सूचना संकलनको दायित्व निर्वाह गर्न सक्ने व्यक्तिहरूको छनौट गर्न पाँचै विकास क्षेत्रका क्षेत्रीय कार्यालयहरूलाई निर्देशित गर्‍यौं।
- सूचना संकलन गर्न गत साल प्रयोग गरिएको घटना विवरण फर्मलाई परिमार्जित गरियो। सूचना संकलनको कार्य कसरी गर्ने, संकलित सूचनालाई कसरी फर्ममा समावेश गर्ने र कसरी विवरण तयार गर्ने भन्ने बारेमा केन्द्रीत भएर एउटा निर्देशिका तयार गरियो।
- पाँचै विकास क्षेत्रमा असारको अन्तिम हप्तादेखि साउनको तेस्रो हप्तासम्म छनौट गरिएका सूचना प्रेषकहरूलाई आ-आफ्नो क्षेत्रमा उपस्थित गराएर २ दिने सूचना प्रेषक तालिम दिइयो। उक्त तालिममा सूचना संकलनपछि भर्नु पर्ने फर्म र तयार गर्नु पर्ने विवरणका साथै घटनालाई हेर्ने मानवअधिकारवादी दृष्टिकोणका बारेमा जानकारी गराइएको थियो। प्रायः सबै क्षेत्रमा सहभागी सूचना प्रेषकहरूलाई कुनै घटनामा पीडित व्यक्तिसँगै भेट गराएर उनीसंग सूचना लिई फर्ममा समावेश गर्ने प्रयोगमूलक तरिका पनि बताइएको थियो।
- सूचना प्रेषक तालिमपछि आवश्यक फर्महरू, सन्दर्भ सामाग्रीहरू, परिचय पत्र र नियुक्ति पत्र दिई तुरून्त कार्यको थालनी गर्न निर्देशित गरिएको थियो।
- राजधानीबाट प्रकाशित हुने प्रमुख पत्रपत्रिकामा प्रकाशित भएका मानवअधिकार उल्लंघनसंग सम्बन्धित घटना समाचारलाई संकलित गरी जिल्ला जिल्लाको फाइलमा राख्ने र उक्त घटना बारे यथार्थ सूचना आओस् भन्ने उद्देश्यले सम्बन्धित जिल्लाका सूचना प्रेषकलाई पठाउने कार्य केन्द्रबाट निरन्तर भइरह्यो। सूचना प्रेषकबाट प्राप्त भएका सूचनाहरूमा कुनै अस्पष्टता रहेको महशूस हुनासाथ पत्राचारद्वारा पुर्नपुष्टी वा परिमार्जित गराउने कार्य पनि लगातार भइरह्यो। यसरी प्राप्त भएका पूर्ण सूचना र तत्सम्बन्धी प्रमाण, फोटो आदिलाई जिल्ला जिल्लाको फाइलमा शोध शीर्षक अनुरूप क्रम मिलाएर राख्ने कार्य भयो।
- वर्ष पुस्तकको आकार सकेसम्म ठूलो नहोस् भन्ने कुरालाई ध्यान दिंदै गत वर्षको तुलनामा यस वर्ष अनुसूचि र परिच्छेदमा समावेश गरिने विषयलाई कम गरेका छौं। विषय यसरी तय गर्‍यौं - मानवअधिकार आन्दोलनको इतिहास २०१७-२०४८, न्यायपालिका र मानवअधिकार, श्री ५ को सरकार र मानवअधिकार, संसद र मानवअधिकार, आमसञ्चार र मानवअधिकार, वर्ष पुस्तक भित्रका महत्वपूर्ण घटनाहरू, मानवअधिकार उल्लंघनका तथ्यहरू, १९९४ र मानवअधिकार स्थितिको समग्र मूल्यांकन आदि परिच्छेद। त्यसै गरी अनुसूचि अन्तरगत यस वर्षको उल्लेख्य संसद विघटन र मध्यावधि निर्वाचन र यस वर्षको प्रमुख घटनामा नेपालमा भारतीय अतिक्रमण समावेश गर्ने तय गर्‍यौं। साथ साथै उपरोक्त परिच्छेद तथा अनुसूचि तयार गर्ने जिम्मेवारी तत्सम्बन्धी ज्ञाताहरूलाई दियौं।
- धनुषाको तारापट्टि घटना, धनुषाकै बरमझियामा भएको रामवृक्ष यादवको हत्या तथा दाङमा निर्वाचन पूर्व भएको गोली काण्ड जस्ता गम्भीर मानवअधिकार उल्लंघनका घटनाहरूमा तत्काल घटनास्थलमा पुगी प्रतिवेदन तयार गर्ने कार्य सम्पन्न गरियो। सिन्धुली, धुलीखेल, सल्यान,

रूकुम, नुवाकोट लगायत केही जेलहरूको निरीक्षण गर्ने काम पनि केन्द्रबाट गरिएको थियो।

- सम्भव भएसम्म जिल्लाका सूचनाहरू क्षेत्रीय कार्यालयमा बुझाउने र त्यहाँबाट परीक्षण गरेर मात्र केन्द्रमा पठाउने व्यवस्था गरिएको थियो।
- जिल्लामा सूचना संकलन गर्न सूचना प्रेषकलाई सरल होस् भन्ने उद्देश्यले प्रहरी प्रशासन र न्यायिक निकाय तथा कारागारका माथिल्ला निकायहरूबाट जिल्ला जिल्लामा परिपत्र गराइएको थियो। ती पत्रहरूको २/२ प्रति हामीले सूचना प्रेषकलाई उपलब्ध गराएका थियौं।
- यसरी जिल्लाबाट निरन्तर आइरहने सूचनाहरूलाई व्यवस्थित गर्दै पूरक प्रकाशनको रूपमा हरेक ३ महिनामा घटनाहरूको संक्षिप्त विवरण सहित स्थिति सूचकको प्रकाशन र वितरणको काम पनि भयो।
- वर्ष पुस्तक १९९४ को तयारीकै क्रममा हामीले ०५१ को माघ महिनामा ५ ओटै विकास क्षेत्रमा वर्ष पुस्तक मूल्यांकन गोष्ठी सम्पन्न गर्‍यौं। उक्त गोष्ठीमा १९९३ को वर्ष पुस्तकमा के कस्ता कमी रहेका छन् र आगामी वर्ष पुस्तकमा समावेश गरिनु पर्ने कुराहरू के के हुन सक्छन् सुझावहरू समेतको माग गरिएको थियो। विराटनगर, काठमाडौं, पोखरा, नेपालगञ्ज र धनगढीमा आयोजित मूल्यांकन गोष्ठीमा तत्तत् क्षेत्रका बुद्धिजीवी, प्राध्यापक, पत्रकार, न्यायिक निकायसंग सम्बद्ध व्यक्तिहरू, राजनीतिक पार्टीका प्रतिनिधिहरूबाट समीक्षा र महत्वपूर्ण टिप्पणीहरू प्रस्तुत भएका थिए।

  त्यसै गरी कर्णाली अञ्चलका दूर्गम जिल्ला हुम्ला, जुम्ला, मुगु, डोल्पा, बाजुरा र कालिकोट तथा सल्यान र नुवाकोट जिल्लामा पनि वर्ष पुस्तक १९९३ का बारेमा समीक्षा गोष्ठी सञ्चालन गरेका थियौं।
- वर्षको अन्तमा सम्पूर्ण जिल्लाबाट पूर्ण सूचना केन्द्रमा प्राप्त भइसकेपछि जिल्ला प्रतिवेदन लेखन र सम्पादनको निम्ति एउटा टोली संगठित गरियो र लेखन तथा सम्पादनको कार्य सम्पन्न गरियो।

**समस्याहरू**

- गत वर्ष जस्तै यस वर्ष पनि हामीले शुरूदेखि नै गृह मन्त्रालय, कारागार व्यवस्था विभाग र सर्वोच्च अदालतमा पत्राचार गरी वर्ष पुस्तकको प्रयोजन निम्ति जिल्लामा खटिएका हाम्रा सूचना प्रेषकहरूलाई न्यायिक तथा अर्धन्यायिक निकायबाट सूचना संकलनमा सहयोग पुर्‍याउन आवश्यक परिपत्र गरी दिन आग्रह गरेका थियौं। तर सर्वोच्च अदालत बाहेक अरू क्षेत्रले समयमै त्यस्तो परिपत्र नगरी दिएका कारण हाम्रो काममा ढिलाई हुने स्थिति सृजना भयो। ०५१ मंसीरमा आएर मात्र उल्लेखित परिपत्रहरू प्राप्त भए।
- कारागार व्यवस्था विभाग र गृह मन्त्रालयको परिपत्रका बावजूद पनि दोलखा, लम्जुङ, रामेछाप, लगायतका केही कारागार भित्र प्रवेश गर्न निषेध गरियो र यथेष्ट सूचना संकलन गर्ने काममा बाधा पुग्न गयो।
- यस वर्ष मानवअधिकारको स्थिति के कस्तो रहृयो भन्ने बारे मुलुकका प्रमुख राजनीतिक पार्टीहरूसंग पार्टीको धारणा माग गरिएकोमा प्राय सबै राजनीतिक पार्टीबाट समयमै धारणा नदिएको मात्र हैन हामीलाई भोलि-भोलि भनेर झुलाउने काम समेत भयो। यही चैतको दोश्रो हप्तासम्म प्रतीक्षा गर्दा पनि सबै पार्टीका धारणाहरू उपलब्ध हुन सकेनन्। जब कि हामीले सम्पूर्ण पार्टीहरूलाई आफ्नो धारणा लिखित रूपमा दिन ०५१ पुस २५ गते नै पत्र लेखी सम्बन्धित पार्टीका जिम्मेवार नेतालाई बुझाएका थियौं। वर्ष पुस्तक सन् १९९२ देखि प्रकाशित हुन थालेको हो। त्यसबेला देखि अहिलेसम्ममा मानवअधिकार सम्बन्धी धारणा नदिने पार्टीमा राष्ट्रिय प्रजातन्त्र पार्टी रहेको छ।
- पर्सा, कालीकोट, रोल्पा र बाजुरा जिल्लाबाट यथा समयमा र पूर्ण रूपमा सूचना प्राप्त नभएको हुँदा अर्को व्यवस्था गरी छोटो अवधिमा सूचना प्राप्त गर्न अरू नै व्यक्तिहरूलाई जिम्मा लगाउनु पर्‍यो। काठमाडौंकै पनि पूर्ण प्रतिवेदन ढिलो प्राप्त भयो। जिल्लाबाट सूचना प्राप्त गर्ने, त्यसको राम्रो छानबीन गर्ने र सूचना प्रेषकको कार्य अवलोकन र समन्वयमा क्षेत्रीय कार्यालयबाट हुनु पर्ने पहल पर्याप्त हुन सकेन। ■

अनुसूचि ६

# चिठ्ठी पत्र र कागजातहरु

# सर्वोच्च अदालत

(---- [illegible] शाखा)

[illegible]

रामशाहपथ, काठमाडौं ।

पत्र संख्या:- ०५१।५२ च.नं ८-५

चलानी पत्र संख्या र मिति ........

मिति ०५१।५।२५

विषय:- सहयोग गरि दिने ।

श्री सबै पुनरावेदन अदालतहरू,

एवं

श्री सबै जिल्ला अदालतहरू ।

उक्त विषयमा अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) द्वारा मानव अधिकार सम्बन्धी पुस्तक १९९४ प्रकाशित गर्ने कार्यक्रम रहेको र सोको लागि मानव अधिकार सम्बद्ध मुद्दाको विवरण तथा तथ्यांकहरू समावेश गर्न सम्बन्धित जिल्ला र पुनरावेदन अदालतहरूको सहयोगको लागि लेखि आएकोले सो संस्थाबाट खटिई आएका [illegible] सहयोग गरि दिनु हुन आदेशानुसार अनुरोध गरेको छु ।

( गोपाल बहादुर खड्का )

शाखा अधिकृत

सर्वोच्च अदालत

श्री ५ को सरकार

# गृह मन्त्रालय

(सीमा प्रशासन शाखा)

सिंहदरबार

काठमाडौं, नेपाल।

पत्र संख्याः– सी.प्र.मा. ०५१/५२. च.नं. १०५

प्राप्त पत्र संख्या र मितिः–

मिति २०५१.८.१८

**विषयः**–मानव अधिकार वर्ष पुस्तक १९९४ तयारीका लागि आवश्यक सहयोग गरि दिने वारे।

श्री जिल्ला प्रशासन कार्यालय
सबै।

विगतका दुई वर्षमा (१९९२ र १९९३) प्रकाशन गरिए झैं यस वर्ष पनि अनौपचारिक क्षेत्र सेवाकेन्द्र (इन्सेक) ले "मानव अधिकार वर्ष पुस्तक १९९४" प्रकाशन गर्ने भएको हुँदा सो पुस्तक प्रकाशनार्थ तयारी कार्यको लागि त्यस जिल्लामा आउने सम्वन्धित व्यक्तिलाई आवश्यक सहयोग उपलब्ध गर्न गराई दिनु हुन आदेशानुसार अनुरोध छ।

०५१/८/१८
शाखा अधिकृत

बोधार्थ

श्री अनौपचारिक क्षेत्र सेवाकेन्द्र
स्युचाटार, काठमाण्डौं।

श्री ५ को सरकार
गृह मन्त्रालय
कारागार व्यवस्थापन विभाग

फोन नं. २-३१०२१
पत्रसंख्या:- प्रा।१।४।०५१।५२
मीनभवन, बानेश्वर
चलानी नं.:- १७२५
काठमाडौं ।

मितिः- ..............

विषयः- मानव अधिकार बर्ष पुस्तक १९९४ तयारीका लागि आवश्यक सहयोग गरी दिने बारे ।

श्री कारागार शाखा,
............ ।

अनौपचारिक क्षेत्र सेवा केन्द्रले प्रकाशित गर्ने मानव अधिकार बर्ष पुस्तक १९९४ का तयारीको सिलसिलामा त्यस कारागारमा आउने सो केन्द्रका स्वयम सेवक एवम् कार्यकर्ताहरुलाई आवश्यक सहयोग उपलब्ध गराइ दिनु हुन आदेशानुसार अनुरोध गरिन्छ ।

शाखा अधिकृत

बोधार्थः-

श्री गृह मन्त्रालय,
सीमा प्रशासन शाखा :- प.सं.सी.प्र.मा.०५१।५२, च.नं. १०६, मिति ०५१।८।१८ गतेको पत्रको सन्दर्भमा ।

श्री अनौपचारिक क्षेत्र सेवा केन्द्र,
स्यूचाटार, काठमाडौं ।

# मानवअधिकार वर्ष पुस्तक
# HUMAN RIGHTS YEAR BOOK

मितिः ०५१।९।२५

श्रीमान् ...............................................

...............................................

विषयः यो वर्षको मानवअधिकार स्थिति बारे आधिकारिक धारणा उपलब्ध गराइ दिनु हुन।

यस संस्थाद्वारा मानवअधिकार वर्ष पुस्तक १९९२ र १९९३ प्रकाशित गरी सकेको कुरा यहाँलाई विदितै छ ।

यसै सिलसिलामा मानवअधिकार वर्ष पुस्तक १९९४ प्रकाशनको अन्तिम तयारीमा हामी जुटिरहेका छौं । सन् १९९४ मा यो देशमा मानवअधिकारको स्थिति समग्रमा कस्तो रह्यो, मानवअधिकार उल्लंघनका घटनाहरू के कस्ता रहे भन्ने सवालमा केन्द्रित भएर समग्र अभिलेख प्रकाशन गर्ने हाम्रो उद्देश्य रहेको छ ।

अतः विगत वर्ष जस्तै यो वर्ष १९९४ (अर्थात ०५० पौष १७ गते देखि ०५१ पौष १६ गते सम्म) भित्र यो मुलुकको मानवअधिकार स्थितिका बारेमा यहाँको पार्टी कसरी मुल्याङ्कन गर्दछ ? वर्ष पुस्तकमा समावेश गर्ने गरी यहाँको पार्टीको आधिकारिक धारणा लिखित रूपमा आगामी माघ १५ गते भित्रैमा उपलब्ध गराइ वर्ष पुस्तक प्रकाशनमा थप सहयोग पुऱ्याइ दिन हुन हार्दिक अनुरोध गर्दछौं ।

सहयोगका निम्ति धन्यवाद ।

(सुशील प्याकुरेल)
अध्यक्ष

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पो.ब.नं. २७२६ काठमाडौं फोन : २७०७७० वर्ष पुस्तकः २७१५८७

INSEC

# मानवअधिकार वर्ष पुस्तक
# HUMAN RIGHTS YEAR BOOK

मितिः २०५१।६।११

श्रीमान गृह सचिवज्यू
गृह मन्त्रालय
सिंह दरवार

विषय : सहयोगका निम्ति परिपत्र जारी गराई पाउँ भन्ने बारे।

श्रीमान,

सर्व प्रथम त यस अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) ले विगत दुई वर्ष (१९९२ र १९९३) को मानवअधिकार वर्ष पुस्तकको प्रकाशनका क्रममा यहाँको निकायका तर्फबाट भएको सहयोगको निम्ति धन्यवाद ज्ञापन गर्दछु।

यस वर्ष पनि वर्ष पुस्तक समिति १९९४ को वर्ष पुस्तक निर्माण कार्यमा जुटिसकेको छ। तसर्थ गृह मन्त्रालयका निकायहरू, जिल्ला प्रशासन तथा प्रहरीलाई वर्ष पुस्तक स्वयंसेवक वा कार्यकर्ताहरूलाई सहयोग गरि दिने निर्देशन जारी गरिदिन हुन अनुरोध गरिन्छ। वर्ष पुस्तक तयारीका लागि बिभिन्न क्षेत्रबाट जस्तै जेलहरूबाट पनि तथ्यहरू संकलन गर्नु पर्ने भएकोले ती निकायहरूमा समेत आवश्यक सहयोगका लागि परिपत्र गरि दिनु हुन अनुरोध छ।

सहयोगको निम्ति धन्यवाद।

------
संयोजक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पो.ब.नं. २७२६ काठमाडौं फोन : २७०७७० वर्ष पुस्तक: २७१५८७

# मानवअधिकार वर्ष पुस्तक
# HUMAN RIGHTS YEAR BOOK

मितिः २०५१।५।७

श्रीमान रजिष्टारज्यू
रजिष्टारको कार्यालय
सर्वोच्च अदालत

महोदय,

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) बाट विगत २ वर्षदेखि मानवअधिकार वर्ष पुस्तक प्रकाशन गर्दै आएको कुरा यहाँलाई अवगत नै छ। यसै क्रममा १९९४ को वर्ष पुस्तकमा यस वर्षका मानवअधिकार सम्बद्ध मुद्दा मामिलाहरू लगायतका आवश्यक तथ्यांकहरू समावेश गर्नु परेको हुँदा सम्बन्धित जिल्ला र पुनरावेदन अदालतहरूलाई सहयोगका निम्ति पत्राचार गरी दिनु हुन हार्दिक अनुरोध गर्दछौं।

-----------
(सुशील प्याकुरेल)
संयोजक

अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक) पो.ब.नं. २७२६ काठमाडौं फोन : २७०७७० वर्ष पुस्तक: २७१५८७

अनुसूचि ७

# वर्ष पुस्तक तयारीका क्रममा संलग्न व्यक्तिहरू

**परिच्छेद तथा अनुसूचि लेखन**

१. डा. राजेश गौतम
२. सुवोधराज प्याकुरेल
३. नरनाथ लुईटेल
४. शार्दूल भट्टराई
५. कुन्दन अर्याल
६. सुरेश आचार्य
७. काशिराज दाहाल
८. गोपाल सिवाकोटी
९. दिनेश त्रिपाठी
१०. शिव ढकाल

**जिल्ला प्रतिवेदन सम्पादन**

१. सुरेश आचार्य
२. देविका तिमिल्सिना
३. मुकुन्द कट्टेल
४. कृष्ण गौतम
५. शिव गाउँले

**जिल्ला जिल्लामा संलग्न सूचना प्रेषकहरू**

**१. पूर्वाञ्चल**

| | | |
|---|---|---|
| १.१ | झापा | - चित्र बहादुर श्रेष्ठ |
| १.२ | इलाम | - रामचन्द्र पराजुली |
| १.३ | पाँचथर | - प्रेम ओझा |
| १.४ | ताप्लेजुङ | - डिल्ली खरेल |
| १.५ | मोरङ | - यज्ञ शर्मा |
| १.६ | सुनसरी | - राम प्रसाद आचार्य |
| १.७ | धनकुटा | - केशवराज दाहाल |
| १.८ | तेह्रथुम | - टिका पराजुली |
| १.९ | भोजपुर | - रूद्र नेपाल |
| १.१० | संखुवासभा | - नेत्रप्रसाद गौतम |
| १.११ | सप्तरी | - उपेन्द्रनारायण शाह |
| १.१२ | सिरहा | - जया घिमिरे |
| १.१३ | उदयपुर | - राममणि पोखरेल |
| १.१४ | खोटाङ | - दिनेशराज थापा |
| १.१५ | ओखलढुंगा | - पेशलकुमार खतिवडा |
| १.१६ | सोलुखुम्बु | - एकराज बाँस्तोला |

**२. मध्यमाञ्चल**

| | | |
|---|---|---|
| २.१ | धनुषा | - नरेन्द्रप्रसाद शाह |
| २.२ | महोत्तरी | - रामनाथ मण्डल |
| २.३ | सर्लाही | - नारायणी ढुंगाना |
| २.४ | सिन्धुली | - वासुदेव देवकोटा |
| २.५ | रामेछाप | - दिपक दाहाल |
| २.६ | दोलखा | - होमप्रसाद पाठक |
| २.७ | रौतहट | - जयचन्द पटेल |
| २.८ | बारा | - कृष्ण लामा |
| २.९ | पर्सा | - कृष्ण लामा |
| २.१० | चितवन | - हरि सापकोटा |
| २.११ | मकवानपुर | - प्रताप विष्ट |
| २.१२ | ललितपुर | - युवराज काफ्ले |
| २.१३ | काभ्रेपलान्चोक | - केदार कोइराला |
| २.१४ | भक्तपुर | - अकुर न्यौपाने |
| २.१५ | काठमाण्डौ | - लेखनाथ भण्डारी |
| २.१६ | धादिङ | - नेत्र पौड्याल |
| २.१७ | सिन्धुपाल्चोक | - बलराम वि.क. |
| २.१८ | नुवाकोट | - मुकुन्द नेपाल |
| २.१९ | रसुवा | - अशोक कुमार घिमिरे |

**३. पश्चिमाञ्चल**

| | | |
|---|---|---|
| ३.१ | तनहुँ | - शान्तिदेवी खनाल |
| ३.२ | गोरखा | - कुमारसिंह बस्नेत |
| ३.३ | लमजुङ | - बालकृष्ण वराल |
| ३.४ | स्यांग्जा | - भिमबहादुर सोमै |
| ३.५ | कास्की | - कृष्ण शर्मा |
| ३.६ | मनाङ | - तिलकबहादुर अधिकारी |
| ३.७ | नवलपरासी | - सरस्वती ज्ञवाली |
| ३.८ | रूपन्देही | - मोतिलाल खनाल |
| ३.९ | पाल्पा | - कर्णबहादुर बानियाँ |
| ३.१० | कपिलवस्तु | - लक्ष्मी तिवारी |

३.११ अर्घाखाँची - रामजीप्रसाद घिमिरे
३.१२ गुल्मी - दिलशोभा पुन
३.१३ वाग्लुङ - गोविन्द गौतम
३.१४ पर्वत - लालशर्मा सुवेदी
३.१५ म्याग्दी - भूपेन्द्र थापा
३.१६ मुस्ताङ - गोविन्द गौतम

**४. मध्य पश्चिमाञ्चल**

४.१ दाङ - भरतमणी ढकाल
४.२ प्युठान - करूणा श्रेष्ठ
४.३ रोल्पा - कृष्ण गौतम
४.४ सल्यान - चरणकमल आचार्य
४.५ रूकुम - दामोदर गौतम
४.६ बाँके - पूर्णचन्द्र उपाध्याय
४.७ बर्दिया - लोकनारायण पोखरेल
४.८ सुर्खेत - दिपक गौतम
४.९ जाजरकोट - राजकुमार शाक्य
४.१० दैलेख - बालकृष्ण के.सी.
४.११ डोल्पा - भोजराज भूसाल
४.१२ जुम्ला - मनरूप नेप्च्युन
४.१३ कालिकोट - गोविन्द आचार्य
४.१४ मुगु - गोपालबहादुर वम
४.१५ हुम्ला - देवीशरण फडेरा

**५. सुदूर पश्चिमाञ्चल**

५.१ कैलाली - जनक भण्डारी
५.२ अछाम - भरतसिंह रावल
५.३ डोटी - हर्कबहादुर सिंह
५.४ बाजुरा - जनक भण्डारी
५.५ बझाङ - मोहनराज जोशी
५.६ कञ्चनपुर - मित्रलाल वालक
५.७ डडेलधुरा - गणेश बहादुर कठायत
५.८ बैतडी - पुरनसिं दयाल
५.९ दार्चुला - गंगादत्त जोशी

**क्षेत्रीय कार्यालयमा संलग्न**

**पूर्वाञ्चल**

१. कुलराज घिमिरे
२. देवी बाँस्कोटा
३. टंक निरौला

**मध्यमाञ्चल**

१. रमेश बानियाँ

**पश्चिमाञ्चल**

१. मदन ढुङ्गेल
२. पिंगल गौतम
३. लक्ष्मी कार्की

**मध्य पश्चिमाञ्चल**

१. राजनारायण नेपाली
२. सूर्य प्रकाश भट्टराई

**सुदूर पश्चिमाञ्चल**

१. दशरथ बुढाथोकी
२. नागेन्द्र चौधरी
३. विक्रम चौधरी

**फोटो श्रोत**

१. वर्ष पुस्तकको आफ्नै संकलन
२. जोशी एल्भीज
३. सन्तोष पोखरेल

**रेखाचित्र**

१. जीवन राजोपाध्याय

**दिपक काफ्ले - विशेष सहयोगी**

**इन्सेक केन्द्रमा संलग्न**

१. केदार न्यौपाने
२. समीर नेपाल
३. प्रेम पराजुली
४. सन्तोष प्याकुरेल
५. प्रेक्षा ओझा
६. नारायण दाहाल
७. कमला पराजुली
८. श्याम महर्जन
९. विजय पाण्डे
१०. सिताराम लम्साल

# उत्कृष्ट सूचना प्रेषकहरु

यस वर्ष अधिराज्यका सबै विकास क्षेत्रका सूचना प्रेषकहरूमध्येबाट एकजनालाई राष्ट्रिय स्तरको "सर्वोत्कृष्ट सूचना प्रेषक" पुरस्कार र अन्य चार जनालाई क्षेत्रीय स्तरको "उत्कृष्ट सूचना प्रेषक" पुरस्कारले पुरस्कृत गर्ने निर्णय भए अनुरूप निम्नानुसारका सूचना प्रेषकहरू छानिनु भएको छ। वर्ष पुस्तक समितिको तर्फबाट उहाँहरूलाई हार्दिक बधाई।



सर्वोत्कृष्ट : मुकुन्द नेपाल - कार्यक्षेत्र : नुवाकोट जिल्ला
मध्यमाञ्चल



उत्कृष्ट : डिल्ली खरेल - कार्यक्षेत्रः ताप्लेजुङ जिल्ला
पूर्वाञ्चल



उत्कृष्ट : कर्ण बानियाँ - कार्यक्षेत्रः पाल्पा जिल्ला
पश्चिमाञ्चल



उत्कृष्ट : लोकनारायण पोखरेल - कार्यक्षेत्र : वर्दिया जिल्ला
मध्यपश्चिमाञ्चल



उत्कृष्ट : जनक भण्डारी - कार्यक्षेत्र : कैलाली जिल्ला
सुदूर पश्चिमाञ्चल



महिलाहरूमा उत्कृष्ट : नारायणी ढुंगाना - कार्यक्षेत्र : सर्लाही जिल्ला
मध्यमाञ्चल

## अनुसूचि ८

# मानवअधिकार उल्लंघन पात्रो १९९४




यो संकेत भित्रको अंकले मानवअधिकार उल्लंघनका प्रमुख घटना संख्या जनाउँछ, पीडितको संख्या जनाउँदैन।

| | कुल दिन | उल्लंघन दिन | उल्लंघन संख्या |
|---|---|---|---|
| १९९२ | ३६६ | २०९ | ३६३ |
| १९९३ | ३६५ | ३१७ | १०३३ |
| १९९४ | ३६५ | ३४७ | १३२१ |

## घटना संख्या महिनामा







## गिरफ्तारी र यातना




## गोली र सांघातिक हमलाबाट मृत्यु



अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)
कलंकी, स्युचाटार
पत्र मञ्जुषा : २७२६, काठमाडौं
फोन : २७०७७०, २७८७७०